# लामिछाने थापाको वंशावली

९.२
३२१ ला

धर्मराज थापा

-૬૦-

મહુવા સા

ઉપહાર

ડૉ. ર. ના. મહેતાને [illegible] ઉપકારસ્મરણરૂપે

ભાયાણી

208012125

प्रकाशक :

**मदनराज थापा, कुञ्जराज थापा**

बाटुलेचौर, कास्की, पोखरा,
गण्डकी अञ्चल ।

डिल्ली रमण रेग्मी कल्याणी रेग्मी स्मारक पुस्तकालय
Dilli Raman Regmi Kalyani Regmi Memorial Lib.
Kathmandu, Nepal
काठमाण्डौं, नेपाल
G. N-O
778

विक्रम सम्वत् २०३९,

पहिलो पटक ११००

सर्वाधिकार संकलक तथा संपादकमा सुरक्षित

सहयोग रु० २०/-

मुद्रक :
शिवशंकर प्रसाद
**दीपक प्रेस,**
एस० १७/२७२ नदेसर, वाराणसी क्यान्ट ।

राष्ट्रनायक श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव

# समर्पण

जसले आफ्नो मातृभूमिको सार्वभौमिक सत्ता जोगाउन र सन्तान
दरसन्तानको राष्ट्रप्रतिको माया ममतालाई अखण्डरूपमा
हरिलो-भरिलो राख्न आफूलाई राष्ट्रियताको बलीवेदीमा
चढाए, जसको नाम नेपालको इतिहासका
पानामा स्वर्णाक्षरमा अङ्कित छन्
हाम्रो राष्ट्रका तिनै महान् वीर
पुर्खाहरूको पुण्यस्मृतिमा

# मन्तव्य

जनकवि केशरी धर्मराजथापाले आफ्नै भाषामा लेखेको ‘लामीछाने थापाको वंशावली’ लेखकबाटै सुन्नपाउँदा इतिहास पुरातत्व पट्टि पनि रूचि राखेको सुइँको पाइयो। यसै गरी सवै वंशजहरूले आफ्ना वंशको नालीवेली पैल्याउँदै गएमा राष्ट्रको सर्वाङ्गिण इतिहास प्रकाशमा आउने छ र राष्ट्रिय चेतना जाग्ने छ। मानव समाज उकालो लाग्ने छ। लोकसाहित्य र साहित्य यसैगरी मौलिक इतिहासतिर लम्क्यो भने एकदिन हाम्रो साहित्य रघुवंश झैं व्यापक प्रतिष्ठा प्राप्त गर्ने छ। सबै ऐतिहासिक पुर्खाका सपूतहरू आफ्नै पुरातत्वमा आधारित इतिहासका प्रकाशमा आफ्नु मुख हेरून् र पूर्वजहरूको पवित्र पाइलो पैल्याउन्। मेरो अनुरोध यत्ति छ। उपनासलाई इतिहास भन्नु छोडेर इतिह आस भन्ने इतिहास भन्ने वाटो ताकौं। यत्ति हो।

**—योगी नरहरिनाथ**

**मृगस्थली :**
२०३७।७।१९।३

# दुइ शब्द

जनकवि-केसरी श्री धर्मराज थापाले लेख्नुभएको 'लामिछाने थापाको वंशावली' आद्योपान्त हेरें। थापाज्यूले कठिन परिश्रम गरी अनेकानेक जँघार तरेर, अग्ला अग्ला कैयन् पहाडका चुलीहरू नाघेर पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका दुर्गम कन्दराहरूमा छरिएर बसेका आपना पुर्खाहरूका वंशधरहरूका फाँट-नाम पत्ता लगाई वंशावली प्रकाशमा ल्याउनुभएको छ, जसको समस्त थापावंशले ठूलो उपकार मान्नुपर्छ। कति पुर्खाहरूका वंशधरहरू पत्ता लाग्न नसकेकाले कविज्यूले तिनीहरूका नामसँगै 'अज्ञात' वा 'नि:सन्तान' को संकेत दिनुभएको छ र त्यस विषयया ज्ञान भएका बन्धुले सूचना दिने कृपा गर्नुभएमा अर्को संस्करणमा उहाँको नामसमेत राखी प्रकाश गर्ने आफ्नो इच्छा व्यक्त गर्नुभएको छ। अत: आफ्नो वंश र कुलको अभिमान राख्ने प्रत्येक थापा र सम्बन्धित समस्त महानुभावले यस सम्वन्धमा थाह भएका कुरा जन-कवि-केसरी ज्यूलाई ज्ञान गराई आफ्ना अज्ञात पुर्खा र वंशधरहरूलाई विस्मृतिको गर्भमा हराउन नदिनु परम पावन कर्तव्य हुन आएको छ। यस पवित्र र नि:स्वार्थ कार्यमा थापावंश र सम्वन्धित कुलका प्रत्येक विवेकी महानुभावले कविज्यूको होस्टेमा हैंसे गर्नुहुनेछ भन्ने सारा नेपालले आशा राख्तछ।

२४ फाल्गुन, २०३९

**—सागरमणि आचार्य दीक्षित**

# मेरो भन्नु

आज यो वंशावली तिनै पूर्वजका सपूतहरूको कर-कमलमा प्रस्तुत गरिरहेछु, जसले हिन्दू-मुस्लिमको लडन्त-भिडन्तले गर्दा नेपाल उत्तरापन्थतिर प्रवेश गरेका थिए। आज तिनै पुर्खाहरूको सन्तानले जुन डाँडा-काँडा ढाके, तिनै सन्तान कहाँ र कताको भन्ने अज्ञानवश आफ्नो मूल पुर्खाप्रति कुइराको काग हुन पुगेका देखिन्छन्। यस अज्ञानतालाई पन्छाई यथासंभव केही जानकारी दिने उत्साहलाई बोकी म यस क्षेत्रतर्फ लागेको हुँ। यसले आफ्ना पुर्खाप्रतिको गौरव-गरिमा बोध गराई ऐतिहासिक महत्वको साथै कुलीन-स्वाभिमानसमेत वढाउनेछ भन्ने आशा छ।

हाम्रा पुरखाहरूको चम्किलो उज्यालो इतिहास सर्वदा स्वर्णाक्षरमा अङ्कित छ। तिनै पुरखाको संसार प्रसिद्ध राष्ट्रिय आलोकमा रञ्जित सात कुल उँधो र सात कुल उँभोको अविच्छिन्न रहेको गौरवमय प्रकाश जो विस्तारै अन्धकारमा विलीन हुँदै जान लागेको छ त्यसलाई सकभर धोइ-पखाली गरी सत्यताको धरातलमा निर्मलताको चहक भर्दै मैले यहाँ एउटा पुष्पोपहारको रूप दिन खोजेको छु। निश्चय नै हिन्दू दर्शनअनुसार आमाको कोखवाट मानिस जन्मदा देवऋण, पितृऋण, ऋषिऋण लिएर जन्मेको हुन्छ, यिनै ऋण जो कसैले पनि तिर्नु अत्यावश्यक मानिन्छ। यसमध्ये पितृऋणवाट मुक्त हुने अभिप्रायले म यस क्षेत्रतर्फ लम्किएको हुँ। ती पितृहरू जुन थलोमा बिसर्जित भए त्यही थलोमा पुगी जो दानदक्षिणा र पिण्डतर्पण आदि गर्दछौं यो रचना त्यही श्रद्धाको अनुकरणस्वरूप हो। आफ्नो अतीत र वर्तमानलाई तुलना गरी हेर्दा मलाई—"जाति धर्म रहैन क्षेत्रिहरूमा जो छन् यी नीचाहरू, शूद्रादी त तपस्वी होइरहनन् ब्राह्मण सरीका वरू" भन्ने रामायणको नजीकै पुगेको अनुभव हुन्छ। यो शायद यही कलियुगको नै प्रभाव पो हो कि ?

देवता, गाई, ब्राह्मणलाई मार्ने, निन्दा गर्ने जति हाम्रा धर्मविरोधी वदमाश अरिष्ठ नै हुन्। हाम्रा पुरखाहरूसमेत यस्ता राष्ट्रधर्मघाती समुदायको जरै मास्ने कार्यमा अग्रसर हुँदै र यस हिन्दू राष्ट्रलाई फल्दो-फुल्दो पार्ने राष्ट्रभावनामा लागेका छन्। यस कार्य निम्ति आफ्नो ज्यूधनको समेत पर्वाह नगरी उत्सर्ग गर्ने हाम्रा जिजू पुरखाहरू नै थिए। राष्ट्रिय संरक्षण र उत्थानका निम्ति यिनीहरू जड-किल्ला थिएनन्, वस्तुतः मातृभूमिका चेतनशील पहरेदार रक्षक थिए।

बेवास्ता गरेको रोग जस्तै यो सुन्दर, शान्त, विशाल राष्ट्र नेपालभित्र चक्रवर्ती हुने मनसायले प्रविष्ठ साम्राज्यवादी अंग्रेजहरूको विरुद्ध लड्ने बूढा अमरसिंह थापा, अन्धकारको कुहिरो जहाँको तहीं बिलाओस् भनी अंग्रेजसँग बदला लिन खोज्ने भीमसेन थापा आदि वीरहरूको उज्ज्वल कीर्ति बलिरहेको अखण्ड दीप झैं हाम्रो इतिहासमा व्याप्त छ। यस्ता राष्ट्रिय क्षेत्र निर्माण गर्ने सिपालु राष्ट्रका विभूति आफ्ना जिजू पुरखाहरूको अगम पौरखलाई आदर गर्दै त्यो शक्ति र आत्मबल लिई अघि बढौं भन्दै यो वंशावलीको अन्वेषण कार्यमा म लागेको हुँ। यसमा कति के भयो त्यो यहीँ छ। जो भयो-भयो, तर पनि—

मानिस जन्म र जाति, धन र इज्जतले श्रेष्ठ र महत्त्वपूर्ण हुने होइन, काम र उदारताले नै उसको पहिचान हुन्छ—"छेत्रीको छोरो यो पाउ छुन्छ घिनले छुँदैन, मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन' भन्ने सूक्तिलाई लिएर पनि यो उठाएको हो। आफ्ना महान् कार्यले राष्ट्रमा ख्याति पाएका राष्ट्रलाई उँभो लगाएको उदार र आदरणीय पुरखाहरूको इतिहास सबैले पहिचानुन् र जाति र कुलको अज्ञानतावश कुलीनता विलीन नहोस् भन्ने पनि अप्रत्यक्ष लक्ष्य यहाँ लिइएको छ। जाति र धर्मको अज्ञानतामा भएको प्रेम परिणाममा पुग्दा गौण रहन जान्छ। यसैले प्रेममा प्रमुखता र दीर्घनिष्ठा पाउनानिम्ति हाम्रो सँस्कारित पद्धतिमा जाति र धर्मप्रति पनि ख्याल राखिएको हो। यसरी जाति धर्म र कुल सम्मानित प्रेम राष्ट्रियताको बलिवेदीमा खन्याएपछि मात्र सार्वभौमिकता अखण्ड रहन जान्छ, राष्ट्रोन्नति हुन्छ भन्ने लक्ष्य लिएका हाम्रा पुरखाहरू कहिल्यै पनि राष्ट्रप्रेमबाट विमुख भएनन्। शत्रुहरूले आफ्नो मौलिकता र स्वातन्त्र्य हड्पन आँटेको वेला आफ्ना परिवारलाई समेत शत्रु विरुद्ध कम्मर कस्न प्रेरित गर्ने हाम्रा पुरखाहरू यो भूमिको एक मुठी माटो र एक थोपा पानी रहेसम्म चिरजीवित रहिरहनेछन्। यिनै प्रेरणाको गौरव र सन्ततिको सानो रेखा मात्र यहाँ कोर्ने प्रयास भएको छ।

हुम्लाको बाह्र भाइ थापाको थलोलाई 'बाह्र थपाले ल्यू' भन्ने चलन पनि छ। अझ भनौं, पृथ्वीनारायणको धुइरो छुट्नुभन्दा अगि भक्तपुरे राजा रणजित मल्लको दरबारमा परशुराम थापा काजी थिए। सैनिक संगठन र राष्ट्र-रक्षामा यिनको ठूलो हात थियो। यिनका भाइ काशीराम थापालाई लड्दा-लड्दै नुवाकोटबाट दरबार झिकाई विश्वासघात गरी मारियो। गोरखाबाट राजदूत गरी पठाइएका तुलाराम पाँडे लगायत दुइ जनालाई राजा जयप्रकाश मल्लले मारे। यसरी ऐतिहासिक पत्र पल्टाएर हेर्दा जतिखेर पनि यी थापाहरू नूनको सोझो गर्ने कार्यमा कहिल्यै पछि परेका देखिदैनन्। नेपालको एकीकरण प्रसंगमा श्री ५ बडामहाराजाधिराज पृथ्वीले आफ्ना मामा उद्योत सेनबाट अर्ती लिंदा पनि उनले खस जाति नै

उपयुक्त हुन् ( खसको सवार भन्याको ताजी तुर्की घोडा हो, खसको सवार गन्या चांडो होला ) भन्ने कुरा बताएका छन् । यिनै राष्ट्रिय एकीकरणमा ज्यू ज्यान अर्पने खस जाति नै हुन् थापाहरू ।

यसरी खसद्वारा प्रतिपादित यस राष्ट्रको इतिहासप्रति ममता र माया राख्ने हरएक राष्ट्रप्रेमीका निम्ति खस जातिको इतिहासप्रति दिलचस्पी दिनु अत्यावश्यक छ । यही वास्तविकताको धरातलमा प्रतिपादित हो यो वंशावली । यहाँ हिजो हामी को थियौं आज के भयौं र भोलि के हुने हौं भन्ने कुरा पनि विगतकालको ज्यूँदो इतिहासमा नै निर्भर छ—त्यसलाई हृदयंगम गर्ने सामल यो पुर्ख्यौली नालीबेलीले दिन सक्ला भन्ने आशा मैले लिएको छु । पुर्खाको महत्ता र गरिमाले सिंचित बाटो आज हराउँदैछ—त्यो विलुप्त हुँदै जान लागेको बाटो र माटोलाई उनीहरू झैं नै हामीले विर्सनु हुन्न । उदासिन र हतासमा रंगमगिइ सुतेकालाई पनि प्रेरणाको शंखनादले जुरूक्क उठाउन उनीहरूले भुलेनन् । यो तिनै अतीतमा आधारित प्रेरणाको उपलब्धि हो भन्नु अस्वाभाविक हुनेछैन ।

वि० सं० २०१० मा किराँत प्रदेश धनकुटामा पुगेको समय—त्यहाँका मुगाली ( मुगु ? ) थापाहरूले मलाई दिल खोली स्वागत गरे । त्यतिखेरकै कुरा थियो मुगाली वयोवृद्ध खङ्गबहादुर थापाले भन्नुभयो—"कविजी ! हामी लामिछाने थापा रहेछौं, हाम्रा पुरखा पनि पाल्पा पोखरातिरबाट नै आएका रहेछन् । हाम्रो यस वंशावलीको राम्रो खोज हुनु आवश्यक छ, कविज्यूले यसप्रति पनि ध्यान दिनुभए राम्रो हुने थियो" उहाँको कुरालाई दिलका एक कुनामा राखी छोडेको थिएँ, यस्तै क्रममा वि० सं० २०१० सालमा म विराटनगर गएको समय सुब्बा मानबहादुर थापाले पनि उही थापा वंशावलीको प्रसंगलाई लिई समय समयमा जगाउँदै हुनुहुन्थ्यो । तर म आफ्नै लोकसाहित्य संगीतको दीर्घकालीन यज्ञमा संलग्न भएको भयै थिएँ । अतः तत्काल यस क्षेत्रप्रति उन्मुख बन्ने शुभ मुहूर्त आइसकेको थिएन—समय र फुर्सदले गर्दा । त्यतिखेरै पनि वर्तमान सम्माननीय प्रधानमन्त्री सूर्यबहादुर थापाज्यूद्वारा म घचघच्याइएको थिएँ । हाल म यिनै आफ्ना वंशका भाइबन्धुहरूको प्रेरणाको सम्वललाई हृदयमा ढाडसको रूपमा लिई यसप्रति संलग्न रहें । नेपालका कुनाकाप्चादेखि लिई पाएसम्मका खास गरी लामिछाने थापाहरूको वंशवृक्षलाई यहाँ प्रमुखता दिई उल्लेख गरिएको छ । यिनै पुर्खाहरूको खोजी गर्ने कार्यमा बराबर घचघच्याउँदै प्रोत्साहन दिने श्रेय सम्माननीय प्र० मं० ज्यूलाई प्रदान गर्न पाउँदा थापा वंशको र सगोत्री बन्धुको नाताले म आफूलाई गौरवान्वित संझन्छु । उदार हृदय आफ्नो कुल र वंशप्रति देखाउनुभएको उहाँको यस अविस्मरणीय आस्थालाई म कहिल्यै बिर्सन सक्तिनँ । राजालाई शिरमा र जनतालाई

काखमा राखी राष्ट्रसेवामा मन, वचन, कर्मले तल्लीन हुनुहुने उहाँको संकल्पित पूर्ण सेवा राष्ट्रले सर्वदा प्राप्त गर्दै जाओस् र आफ्नो पुर्खाको इज्जतलाई अझै सुकिलो गराउन सकोस् भन्ने पनि ईश्वरसँग प्रार्थना गर्दछु ।

यो वंशावली तयार पार्ने काममा मैले अतिशय खतराजनक कष्टको सामना गर्नुपऱ्यो । सम्पन्न कोठाभित्र बसेर वैज्ञानिक साधनले छरिएका उपलब्धिपूर्ण सौखिन सरलताको वातावरणमा कविता कथ्नु र गीतमा संगीत भर्नु जस्तो सजिलो पन मैले यस कार्यमा पाइनँ । योपऱ्यो खोजपूर्ण इतिहासको विषय: वंशावली खोज्ने रूखो काम ।

दुर्गम पाहडका उकाली-ओह्राली, भञ्ज्याङको सिर्सिरे बतासका घामछायाँहरूले सुकेको हृदयदेखि स्वास्थ्यकर बीजन उमारेर पालुवा हल्काउँदै फूलै फूलको शाखान्तरमा लुकेर कोइलीले कुहुकाउँदै वसन्त उद्घाटन गरे जत्तिकै आफुलाई स्वर्गीय आनन्दको बहारमा भुलाइदिए । यस यात्रामा लुप्तप्राय: वंशजहरूका झुत्रा-मुत्रा नाम-गाम थर-घरका पतकरसरहका पानाहरू खोस्रँदै र पल्टाउँदै गर्दा पसीनाका धारामा निथ्रुक्क हुँदै मजाले नुहाइयो ! काँढाका झ्याङ फाँडेर अगाडि बढ्दा मुटुको तातो रगत बनका भैंमाले र डाले जूकाहरूलाई पेट भरूञ्जेल (आफुले थाहै नपाई) चुसाइयो । उत्तरे हिमालको लोभलाग्दो उही सिर्सिरे बतासलाई कास्कीकोट, सराङकोट, फल्याङकोट धनकुटे रमितेको शीतल घुमौरे चौतारीमा बसेर पुर्खाले छाडेका मर्त्यलोकका जिउँदा गीत नीलो नीलो आकाशलाई नै छेड्ने गरेर सुसेल्न लगाइयो, उनै स्वर्गलोकका पुर्खाले सुनुन् भनेर ।

यसरी जंगलमा धमिराको माटोको ढिस्काले पुरिइसकेको कुनै शिकारी महारानीको हराएको कण्ठको मोतीहार बाखे-गोठालोले दिव्यबाह्र वर्ष पछि मात्र फेला पारे जस्तो यो वंशावली पुर्खाका सन्तान-दरसन्तानको माला गुँथी आफ्नै भावी सन्तानका गलामा पहिराउन मैले नेपालदेखि तीनचोटि काशी ( वाराणसी ) हरिद्वारको तीर्थाटन गर्नुपऱ्यो । काशी पुगेर जौ तिल खाएपछि मात्र अनेकौं बासीतासी अभक्ष्य भोजनले बिटुलिदै गरेको अपवित्र ( जूठो ) देह शुद्ध हुन्छ भन्ने शास्त्रको वचनअनुसार शास्त्रको शरणमा नपरेसम्म कुनै पनि मनुष्यको हृदयका मजेरीको मिर्मिरे फाटेर उज्यालो खेल्न सक्तैन भने झैं वाराणसी पुगेर म दीपक प्रेसको ढोकाभित्र छिर्न पुग्दछु । प्रेसका प्राण श्री शिवशंकरप्रसादजीसँग र संयोगवश मेरा पुराना सुपरिचित पं० सागरमणि आचार्य दीक्षितज्यूसँग पनि भेट मुलाकात हुन्छ साथै दार्जीलिङ्गका नेपाली साहित्यका एक नयाँ चम्किला तारा श्री गुमानसिंह चामलिङ्गज्यू र उहाँकी श्रीमतीसँगको जम्काभेटमा चामलिंगजीले तत्कालै प्रकाशित हुनैलागेको 'मनन' पत्रिकाको लागि मेरो अन्तर्वार्ता लिनु-

हुन्छ । सोधिएका प्रश्न जतिको सवालको हाजिरी जवाफ दिंदै गएँ । विषय थियो नेपाली साहित्यमा चम्किरहेको वर्तमान कालको तँछाड-मछाडको उर्लंदो गतिविधि बारे र नेपाली प्रवासी जनताको आजसम्म ठेलिएर बसेका म प्रतिको माया ममताका धारणाहरू दार्जीलिङ भाक्सु, देहरादून, आसाम, कालिम्पोङ, बकलोह आदि जगामा वस्ने प्रवासी नेपाली बन्धु-ब्रान्धवहरूसंगको धेरै दिनदेखि छुट्टिएको भेटघाट मननको अन्तर्रवार्ता पत्रिकाले फेरि सुकेको मूढो मुजुराए झैं मुजुराइदियो !

अनि दीपक प्रेसका शंकरजीले यो वंशावली कम्पोज गर्न आफ्ना कामदार हरूलाई दिए। प्रेसभित्रै कक्षा ९, १० भाग—२ "महेन्द्र मालाको" सहयोगी व्याकरण तथा साहित्यको नेपाली पुस्तक प्रकाशनको लागि विराटनगरदेखि काशी पाल्नुभएका श्री भरतमणि सुवेदीज्यूसित भेटघाट भयो: मेरा थकान र सुस्केराहरू घामले लतारिएका छायाँझैं टाढा हुँदै भाग्न थाले ।

यस्तै "नागरिक शास्त्रको आधूनिक सिद्धान्त" छपाउन श्री सुवेदीसँगै पाल्नुभएको "हुने विरुवाको चिल्लो पात" विराटनगरमा घर हुने एक जना तरुण छात्र संजय काँफलेसँग भेट हुन्छ । उहाँबाट पाएको सहयोगले मेरो गह्रौं भार केही हलुङ्गिएको अनुभव गर्दछु ।

अनि पृथ्वीनारायण क्याम्पस पोखराका स० प्रा० श्री सुरवीर पौड्याल 'अर्थशास्त्र'को पाठयपुस्तक बोकेर सो छपाउन भनी धाएको धायैं हुनुहुँदो रहेछ । यस्तै यस्तै प्रकाशनको सिलसिलामा राजविराजदेखि 'शाह राजघराना वंशको भट्टारक ऋषिराज राणाजीदेखि ६४ औं वंशका श्री ५ युवराजाधिराज दीपेन्द्रवीर विक्रम शाहदेव, श्री ५ अधिराजकुमार नीराजन शाहसम्म उल्लेख भएको नयाँ नेपालको राजनैतिक इतिहासको ठेली बोकी आउनुहुने स० प्रा० श्री पीताम्बर यादवज्यूसमेत् दुइ शास्त्राचार्यहरू संग पनि भेट हुन्छ । अनि दीपक प्रेसको एउटै कोठामा नेपालका हामी पाँचैजना लाई विश्राम मिल्छ । "एकै कर्तव्य हाम्रो विपुल चहकिलो पार्नु नेपाललाई" भन्ने उद्‌देश्य हृदयमा धारणा गर्छौं । वरुणा र असीका बीचको अत्यधिक आधुनिक जटिलताले जकडिइरहेको वाराणसी शहरको झिलिमिली हेर्न साँझ सबेर घुम्न जान्छौं । कहिले डुंगा, कहिले रिक्सा, कहिले पैदलै एवं रीतको हाम्रो घुमाइको फन्काइ, भागीरथी र वरुणा असीले काशी श्री विश्वनाथ बाबाको चरण-पङ्कज धुंदै मन्दिर परिक्रमा गरे जत्तिकै भयो भन्नुमा अर्घेलो नठहर्ला । काठमाडौंमा रहँदा वस्ता थापा वस्न्यात र कार्कीका पुस्तावलीहरूलाई सँगालेर पठाइदिनुहुने कर्णेल श्री भक्तबहादुर बस्न्यात र धराननिवासी श्री राजेन्द्र थापाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस कार्यमा प्रत्यक्ष वा परोक्षरूपमा मलाई जस जसले सक्रिय सहयोग प्रदान गर्नुभयो उहाँहरूको सहृदयताप्रति पनि मेरो हृदयमा अविस्मरणीय आलोक जगमगाइरहनेछ। पुस्तकको कलेवरलाई सुन्दर पार्न सहयोग गर्नुहुने श्री हंसपुरे सुवेदी, श्री शिवशंकरप्रसादज्यू, ग्रन्थ शुद्धिकरणका साथै 'मन्तव्य' र 'दुइ शब्द' लेखिदिनुहुने नेपालका इतिहासविद् श्रद्धेय योगी नरहरिनाथज्यू, तथा मेरा श्रद्धेय विद्वान पं० सागरमणि आचार्य दीक्षितज्यूप्रति म दिलै देखि कृतज्ञता ज्ञापन गर्दछु।

पितृऋणबाट उऋण हुन प्रकाशकको रूपमा अग्रसर रहनुभएका थापा बन्धुद्वयलाई पनि यस प्रसङ्गमा धन्यवाद दिनु आफ्नो कर्तव्य सम्झछु। केही ब्लकहरू तयार पारिदिनुहुने श्री ५ को सरकार सूचना विभागका तथा कथाकार प्रमुख महानिर्देशक श्री परशु प्रधानज्यू धन्यवादको पात्र हुनुहुन्छ।

कतिपय पुर्खाहरूका सन्तानका नाम थाह नभएकोले अज्ञात भनी छाडिदिएको छु। कुनै स्रोतबाट उनीहरूका सन्तानको नाम थाह पाएमा प्रस्तुत पुस्तकको दोस्रो संस्करणमा तिनीहरूको नामसमेत थपी अज्ञानताको समुद्रमा तिनीहरू बिलाउन नपाउन् भन्ने आकांक्षा छ। अतः मेरा बन्धुहरूमा ज्ञान भएका सज्जनले मलाई पनि ज्ञान गराइदिनुहुने कृपा गर्नुभएमा उहाँको नामसमेत राखी प्रकाश गर्ने अभिलाषा पूरा गर्न सक्ने थिएँ भनी सानुरोध निवेदन गर्दछु।

पाठकहरूवाट ( ईश्वर मात्र पूर्ण छ )। भूल वा त्रुटि हुनु मनुष्य स्वभाव हो भन्ने कुरालाई ध्यानमा राखी उचित सुझाव कृपा गर्नुहुनेछ भन्ने आशा राखेको छु।

विनीत :
**—धर्मराज थापा**

# प्रकाशकीय

लामो समयदेखि आफ्ना पुर्खाहरूको इतिहास र गौरवलाई खोज-मेल गर्दै संकलन गर्नु भएको यो ''लामिछाने थापाको वंशावली'' हाल जन समक्ष उपस्थित गर्ने हिम्मत गरिरहे छौं। यसलाई अझै खोज-मेल र पूर्णता दिनु अत्यावश्यक हो, तर स्थिति समय र चाँजो पाँजो आदिको प्रसंगले गर्दा हाल यो यस्तै रूपमा प्रकाशित भैरहेछ। यो एउटा आफ्नो वंश प्रति दर्शाइएको श्रद्धा-सुमन हो, त्यसमा सौन्दर्य र सुगन्ध कमी नै भए पनि आफ्ना पुस्ताको नाली वेली बन्धु बाधवहरूले अवश्य नै हेलाँ गर्ने छैनन् भन्ने आशा हामीले लिएका छौं। यही आशा र भरोसाको भरमा नै यो प्रकाशित छ। किनभने परिस्थितिवश घर छोडेर परदेश बसेको छ ता पनि त्यस्तो भाइले आफ्नो कूल कदापि बिर्सदैन। धन इज्जत कमाई उतै घर जम गर्न पुगेको भए पनि सन्तानहरू पैलाएको भए पनि उसले आफ्नो रीति स्थिति र ईस्ट देवतालाई समेत स्थापना गरेकै हुन्छ—वनकालीलाई पुजेकै हुन्छ-यिनैलाई कसैले वृन्दा मष्टा, कसैले विन्दवासिनी काली पनि भनेका छन्।

यसरी जे जस्तो र जुनसुकै प्रसंगवाट भए पनि आफ्नो कूल परंपरा र चाल चलनलाई मान्दै आएको कुरा यहाँ भुल्न सकिदैन। यही परंपरागत श्रद्धाको एउटा प्रतिफल न हो यो रचना। यसलाई संकलन गरी यस रूपमा प्रस्तुत गर्नु भएका जनकवि केशरीज्यूलाई हामी हृदयत श्रद्धापूर्ण बधाई टक्याउंछौं। साथै आफ्नो पुरखाको स्मरण गर्दै उनीहरूको नामबाट सानो तिनो नै भए पनि श्रद्धाको रूपमा यो प्रकाशन गर्न पाएकोमा पनि आभार व्यक्त गर्दछौं। यसमा देखापरेका त्रूटि र अभावहरू अर्को संस्करणमा पूर्ण गर्ने प्रतिज्ञा साथ सुझावको आशा राख्तै आफ्नो छोटो भनाई यही टुंग्याउँ छौं। अस्तु :

□

# विषय सूची

क्रमसंख्या विषय पृष्ठसंख्या

(क) मन्तव्य—योगी नरहरीनाथ

(ख) दुइ शब्द—'सागरमणि' आचार्य दीक्षित

(ग) मेरो भन्नु, जनकवि केसरी धर्मराज थापा

(घ) प्रकाशकीय :

(ङ) गर्ग ऋषिको मूल थलो : ( पूजा विधि ) ··· १

१. विषय-प्रवेश :—

(क) लामिछाने थापा काहाँ र कसरी ··· ६

(ख) ऐतिहासिक परिप्रेक्षमा कास्कीकोट :— ··· १५

कास्कीकोट शाह वंशको प्रवेश, कास्कीकोटका राजा बाटुलेचौर वडाकोट्को मौलो, ··· १७–२४

(ग) लामिछाने थापा जुम्ला मालकोटदेखि सराङ्कोट सम्म ··· २५

(घ) सराङ्कोट सिम्तालको हाँगो, लामाचौर चनौटेको हाँगो, ग्यार्जाति ( गर्गजाति ) सिरानघरका लामिछाने थर थापा, रूपाकोट-भिर्चोकका थापा, फल्याङ्कोट् घँगुवाका थापा, ··· ३३

२. धनकुटा मुंगाली थापाका शाखा सन्तान :— ··· ३७

(क) सम्माननीय प्र० मं० श्री सूर्यवहादुर थापाको संक्षिप्त जीवनी ४५

३. अर्मलाका बस्नेतहरू : ··· ४७

४. धनकुटा भीर गाउँका बस्नेत

(क) लामाचौरका बस्नेत (ख) सिरूपाली वस्नेत (ग) ठमेलका खप्तडी बस्नेत ५१

५. धनकुटा सल्ले फँलाटेका लामा कार्की ··· ५५

६. फल्याङ्कोटका गोदार थापा ··· ५७

७. काम्रे बिहावरका गोदार थापा

८. सुवेदी खत्री क्षेत्रीको वंशावली ... ६१

९. सम्माननीय प्रधान न्यायाधीश नयनबहादुर खत्री क्षेत्रीको जीवनी ... ६५

१०. बाटुलेचौर-उपाध्याय, अधिकारीको वंशावली

११. बाटुलेचौरका खवास, रेग्मी, गुनमन्त नेवार

१२. बाटुलेचौर-बडहरवोटका तिसिना,

१३. लामाचौर पौडयाल खत्री, जिमिरेका खत्री, भँडारीहरू ... ७१–७७

१४. बाटुलेचौरका बगाले थापा—पौडेल

१५. थामे अधिकारीको पुख्र्यौली ... ७८

१६. उपसंहार ... ८३

१७. थापाका वंशावली—प्रधानमन्त्री भीमसेन थापा ... ८९

१८. परिशिष्ट : ... ९८

□

# ×गर्गऋषिको मूलथलो ( पूजाविधि )

(१) गर्गकूट ( कोट ) बाट गर्ज्याङकोट असीदरा जुम्ला जिल्ला कर्णाली अंचल ।

(२) गर्गऋषिको आश्रम गंडकी अंचल स्याङ्जा जिल्ला भिर्कोट राज्य गडगडीघाट कालीगंगाको पूर्वतट ब्रह्मवादिनी गार्गीको जन्मभूमि ।

(३) गर्गसंहिता : यदुवंशीका कुलगुरु ( कृष्ण गर्ग संवाद ) हुन् । यिनका संतति थर विद्या वंशज लामिछानेहरू लामा छाना हाल्दै दुल्लुदेखि लामिछाने कहलाएका आफ्ना समाजमा सर्वगुणसम्पन्न व्यक्तिलाई छानी, थाप्लोमा स्थापना गरेका राजा रजौटाहरूको नाम थापा थपौला, थपौलिया, थपलिया इत्यादिले फैलिए ।

(४) गोत्र :—गाईको त्राण ( गोरखधन्दा ) गर्नेलाई गोत्र मानिन्छ र गाई भन्नाले वेदभूमि धेनु गौ र गाईको रक्षा गर्ने मूल पुरुषको नाममा गोत्र चलेको हो । ८८ हजार ऋषि थिए ।

(५) सृष्टि—कर्ममा गोत्र हिमालयलाई भनिएको छ । गोपाल जातिलाई पनि गोत्रमा सम्मिलित गरिएको छ । सबै धर्मको मूल वेदको रक्षा गर्नेलाई गोत्र भनिन्छ ।

(६) प्रवर=( प्र=अति ) ( वर=श्रेष्ठ ) भनिएका मूलपुर्खाका संततिलाई प्रसिद्ध पुर्खालाई प्रवर ( मालिक ) भन्ने पदवी छ त्रिवर, पञ्चप्रवर इत्यादि ।

(७) वेद=विद्या बोध ज्ञानलाई वेद भन्ने चलन छ र वेद ४ भागमा फैलिएको छ— (१) ऋग्वेद (२) यजुर्वेद (३) सामवेद (४) अथर्ववेद । चार उपवेद पनि छन्—(१) धनुर्वेद (२) आयुर्वेद (३) गान्धर्ववेद (४) शिल्पवेद ( विश्वधर्म शिल्पशास्त्र ) ।

(८) शाखा :—लामिछानेहरूको शुक्ल यजुर्वेद हो । यो शुक्लागण्डकी पूर्व तट पुरनचौर कास्की सराङ्कोट ग्यार्जाति ( गर्गजाती ) वैशम्पायन आश्रम याज्ञवल्क्य उपाख्यान प्रख्यात शुक्ल यजुर्वेदका माध्यन्दिनी शाखा वाजसनेय संहिता :

(९) कुलदेवता—शिव गजेश्वर ! भूमे ! कालिका, सिद्ध वराह, १२ मष्टा

---

× गर्ग ठूला ज्योतिषी थिए ।

भँडारभित्र पूजा गर्ने ( दूधे मष्टो खापर मष्टो, सिंह मष्टो, दारे मष्टो, वाविरा मष्टो, बुढुमष्टो, कालाशिला मष्टो इत्यादि ।

(१०) इष्टदेवता—नवमालिका, गणेशकुमार, त्रिपुरसुन्दरी, कनकसुन्दरी, उग्रतारा, बटुकभैरव !

(११) ग्रामदेवता :—गैंडू, सेताभँयर, श्वेत भैरव, वाहन सेतो घोडा ( जुन जुन ग्राममा ग्रामवासीले पूज्ने गरेका स्थानीय देवताहरू छन् ती सवैलाई ग्रामदेवता भनिन्छ । जस्तै :—लामिछाने थापाका स्थानीय देवता सेता भँयर हुन् ) । ( सेतै पगरी र सेतै भोटो संयुक्त जामा पैहेर सेतै घोडा चढ्ने )

(१२) पूजातिथि :—ज्येष्ठ गैंडू पूर्णिमा : मंसिरे धान्यपूर्णिमा ( उँभौली उँधौली ) उँभौलीमा गाईको गोठभित्र गैंडूको स्थापना गर्नु । चारवटा पाती गाडेर ढुंगामाथि गोवरको खोची बनाई दूध भरिदिने चामलका पीठाको रोटी र खीर घरको बालकलाई कुकुर बनाई हातले नटिपी मुखैले टिपेर खानदिने उभौंलीमा छोडिएको कुखुराको भाले उँधौलीमा ६ महीना पछि भोग दिने । स्थानीय भयँरलाई १ वर्षको १ चोटि रतमुन्टे भेंडाको थुमा बलि दिने ।

(१३) प्रवेशाधिकारी—केवल गर्ग गोत्रीमा झर्रा क्षेत्री अथवा ब्राह्मण मात्र हुन्छ ।

(१४) कुलधर्म—शुक्ल यजुर्वेदद्वारा प्रतिपादित वैदिक सनातन हिन्दूधर्म ।

(१५) नवदुर्गामा भवानीलाई आफ्ना घरको भँडारभित्र स्थापना गर्नु । हलो जोत्ने फालीमाथि नौ नौ मुठी चामल केराको पातमाथि राखेर नवदुर्गाको घटस्थापना गरी पूजा गर्ने । दियो कलश ब्राह्मणको स्थापना गरी दुर्गाकवच सप्तशती पाठ गर्ने । जौ, तिल, मकैको नयाँ माटाको घडामा रातो माटोले लिपी जल-पूर्ण गरी जमरा उमार्ने । सामो मल्लिणो, जरैसित उखेलिएको थुंगे मंगले फूल र धानको वाला, हरियो केरा, उखु दुर्गाको कोठामा राख्ने । स्वास्नीमानिसलाई दुर्गाकोठामा पस्न निषेध गर्ने । कृषि कर्ममा प्रयोग गरिने हँसिया बाउसा, कुटा, कोदाला, खड्ग, खुकुरी तरवारका वींडहरू फुकाली हतियारलाई पूजा गर्नें ।

(१६) घरको मुख्य मैनखाँबोमा पुर्खाका हातहतियार तरवारहरू बाँधिराख्ने । चाडपर्वमा मैनखाँबा र घरको द्वारमाथि टीको लगाइदिने । दही मथ्ने र गैंडूलाई धूप दिने ।

(१७) गर्ग गोत्रका पञ्चप्रवर सगोत्री यिनै हुन्—(१) गर्ग (२) गार्ग्य (३) गौतम (४) विश्वामित्र (५) पराशर ।

(१८) थर—थरको सम्वन्ध थलीसंग हुन्छ । पदको सम्बन्ध पर उपकारी गुणहरूसँगै हुन्छ । पदमा इतिहासपछि लागेको हुन्छ भने थरसित भूगोल । थापा, राजा, रजौटा आदि पद हुन्छ ।

(१९) थर, पद, गोत्र, प्रवर, वेद, शाखा, कुलदेवता, इष्ट देवता, ग्रामदेवता, पूजाविधि, प्रवेशाधिकारी कुनै पनि जातिका मान्यताहरू हुन् । यिनलाई कहिल्यै लोप हुन दिनु हुँदैन ।

(२०) पुस्ता नाघेकालाई दशाह भैयाद भनिन्छ । त्यस्ता भाई बन्धुहरू परिस्थितिवश मूल थलो छोडेर कुन कहाँ छरिएर कुन दिशा पुगे भन्ने कुरा (मष्टा) कुलदेवताको धामीले कामेर फलाक्ता पत्तो लाग्छ ।

(२१) तीन पिंढीसम्मका जूठो सुतक वारिएकाचाँहि देखि बाहेक एकै ताउलोभित्रका छैटौं पिंढी नाघेका अथवा जतिसुकै पिंढीका होउन् तिनीहरू सगोत्री भैयाद ठहरिन्छन् । छोरी बेटी लिनु दिनु पूरा निषेध छ ।

(२२) कुलपूजा गर्नुको मुख्य अर्थ के हो भने हामी एकै ताउलाका हौं र हामी कहिल्यै नफुटौं, सधैं एक हुँदै जुटौं, नमासिऔं नभत्कौं र नबिग्रौं, कुलाङ्गार न बनौं भन्नु हो ।

(२३) कुलपूजा हुँदाका दिन १ बोको, घिउ, दूध, अच्छेता, चन्दन फूलपाती, धूप दीप, सिन्दूर, सुपारी, भेटी, चामलको पीठो भैयादहरूले लैजानु अनिवार्य छ ।

(२४) सक्नेले तामाका सोली, ठड्यौरा दियाहरू आदि बोको चढाएपछि चामलको पीठो घिउ र दूधमा मुछी एउटा ताउलोमा 'पूवा' बनाउने र जति बोका काटिन्छन् तिनको भित्र्याँस र कुलदेवता मष्टा कालीलाई दिएको संयुक्त भेडो ( रतमुन्टे भेंडाका थुमाको ) पुरै मासु छुट्टै ताउलोमा पकाई एकै ठाउँमा मिसाएर एउटै भुटुवा बनाइन्छ, त्यो नैवेद्य उपस्थित हुने दाजू-भाई र उनीहरूका परिवारलाई समेत पठाईन्छ । यसो गर्नाको मुख्य उद्देश्य हो हामी एकै कुलभित्रका ताउलाका हौं भन्ने ।

(२५) विवाह गर्दा, नयाँ घर बनाउँदा, छोरा जन्माउँदा, परदेशदेखि घर फर्किदा, मान पदवी वृद्धि हुँदा कुलदेवताको छुट्टै भाग दिनुपर्छ । "मूलको पानी कूलको छोरा" भन्ने उखान चरितार्थ पार्नु छ ।

(२६) आफ्नो घरवारी कुरिया (कुण्डली) भित्रको जग्गा बाहिरको कुनै जातिले कुनैसंग हक मेटाई राजीनामा लिएको रहेछ भने पनि उसले त्यस कुरियाका स्थानीय देवताको पूजा हुँदा पूजा भाग पठाउनुपर्छ ।

(२७) कुलदेवताका पूजाको दिन धामीहरू मष्टा (काली) आङमा चढ़ाई फलाक्छन्। त्यसदिन आफ्ना पुर्खा कहाँदेखि कहाँ आई बसेका हुन् ती सबै जरैदेखि ( पूर्व पिंढीको ) नाली बेली भट्टचाइन्छ। यो जातीय वंशवृद्धिको इतिहास कुनैको लिखतरूपमा प्रकाशित भैसकेको र कुनै जातिको "बूढा मरे भाषा सरे" भन्ने उखानका झैं मुखै मुखमा झुण्डिदै देश कालभित्र बाँचिरहेकै हुन्छ। कुनै संकलन गरेका लिखत अग्निकाण्ड र भूकंपमा परी बेपत्ता भएर गएका छन्। ती मष्टा खेल्ने धामीका फलाकाहरूलाई हामीले संकलन गरेर प्रकाशमा ल्याउन सके जातीय मूल वंशपरंपराको इतिहास जिउँदो जाग्दो भैं नै रहनेछ। धामीका ती फलाकाहरू धामीसँगसँगै यसै हावामा काँपेर नविलाउन्, नहराउन्, राष्ट्रियता दुई ढुंगाको तरूलको बेलो बनेर पृथ्वीभरि झाङ्गियोस् आकाशभरि फैलियोस् भन्ने उद्देश्य मात्र हाम्रो हो। पश्चिमबाट पूर्व लागेर पुनः फर्केर आफ्नो कुलदेवताको मूल थलोमा आएका सराङ्कोटे निवासी पूर्वेली लामिछाने थापा तल्ला थरका कुलदेवताका पूजा भाँडाका सामग्रीहरू :—

| | |
|---|---|
| (१) पूजाका सामान | अष्ठोत्तर ( १०८ ) दिया |
| (२) पञ्चमुखी तामाको कलश | थान १ |
| (३) झारी | ,, १ |
| (४) घंट | ,, ९ |
| (५) रुद्राक्ष र रिठाका माला | ,, २ |
| (६) शङ्ख | ,, १ |

(७) धामीले मष्टा (काली) चढाउँदा पैह्रने कपडाहरू :—

कास्की खोरीयापानीबाट मष्टा चढाई काम्दै धामी आउँथ्यो उ मरेपछि अहिले कुल चढेको छैन। मष्टा नरबहादुर थापाका आङमा चढेकी थिइन्। उनी मरेपछि अहिलेसम्म आङ्मा उनी खेलेकी छैनन्।

न्वाँगीखाँदा कार्तिकका फूल तार्ने हरिबोधिनी एकादशीका भोलिपल्ट धानका वाला रूहेर धानको गेडा छोडाई चामल बनाएर खाइन्थ्यो। न्वाँगी मष्टालाई चढाई बाजा बजाई खानुपर्ने चलन छँदैछ।

[1]सराङकोट धारापानीका दिलबहादुर थापाका घरमा जुम्ला मालकोट

---

[1] सराङकोटका थापाहरूले भान्जी विन्दुवासिनी र मामा सेता वराह हुन् भनी पूजा गर्ने चलन छँदैछ। यसै परम्परालाई पूर्व कोशी-अंचल धनकुटा मुगामा बस्ने थापाहरूले निर्वाह गरेकै छन्।

र ताकुमबाट ल्याएको कुलदेवताका पूजा भाँडा थन्किएको] मूलघर छ। सो पूजा भाँडा यस प्रकार छन् ।

| | |
|---|---|
| (१) छ सीङ्ग भएको दाहिने शंख | थान १ |
| (२) तामाको पञ्च कलश | ,, १ |
| (३) घण्टी | ,, १ |
| (४) चमर | ,, १ |
| (५) परेवाको चाँदीको मूर्ति | ,, १ |
| (६) तरवारहरू | ,, ३ |
| (७) तामाको सानो बाकस | ,, १ |

# विषय प्रवेश

## लामिछाने थापा कहाँ र कसरी ?

खसहरू विजय यात्रामा कहिले हार खाएनन् । लड्नाका शूरा, क्षेत्र नियन्त्रण, चढाइ गर्नामा धुरा, कामकुरामा पूरा थिए । जमामर्दीपनका बाँका वीर, शत्रुदेखि नहच्किने, मित्रको लागि ज्यान दिने हुनाले यिनको ख्याति राम्रो थियो । हिमाली प्रदेशका उच्च टाकुरा ( कोट ) मा किल्ला बनाई जनताले राज्य निम्ति चुनेपछि यिनीहरू रजाइँ गर्दथे । बाह्रौं शताब्दीदेखि नै जुम्ला प्रदेशमा खस राजाहरूको अस्तित्व थियो । खसहरूले आफ्नो देशलाई सवल सुवर्णमय प्रदेश भन्न पुगे । निश्चय नै मानसरोवर नजीकै सुनखानी छ । यहाँ धनकुवेरका सेवक गुह्यक वस्दछन् भन्ने कुरा प्रो० टुचीले पनि भनेकाछन् ।

लामिछाने थापाहरूको सर्वप्रथम प्रवेश कर्णाली प्रदेश जुम्लामा भएको थियो । खोलीकोट अचार्ज बाडाको बीचबाट दुईटा जुम्ल्याहा डाँडा उठेकाछन् । यिनै जुम्ल्याहा रुपका दुईटा डाँडाहरूको नामबाट नै यो जुम्ला भनी प्रख्यात भएको बुझिन्छ । लालु ठाँटीकोट पंचायतभित्र तल मालकोट छ । यसको घेराभित्र ठाँटीकोट, सोता गाउँ कोट बडापंचायत आदि पर्दछन् । थोरला नाउँको ठूलो पाटनबाट लालु खोला बगी कर्णालीमा मिसिएको छ । ठाँटीकोटबाट आधाकोस जति ओह्रालो झरेपछि लामिछाने थापाका पुर्खाहरूको मालकोट ( मालुङकोट ? ) देख्न सकिन्छ । यसलाई रासकोटे राजाको इलाका पनि भनिन्छ । सान्नी, मेहेल, भुंडी, दाँगाखेत, सेरीज्यूला, लोखडा, सोत गाउँ, खाती, रूप्सा, लालु-ठाँटीकोट, लालु र मालकोट आदि नाउँका गाउँहरू छन् । यी गाउँमा घन्किने गीतले थलो छोडी गएकालाई सम्झदै यसरी भनिएको सुनिन्छ ।

वारि गामै पारि गामै बीचै पऱ्यो खोला ।
म दुःखी रोएको रोयै भेट हुन्छ कि तोला ?

यहाँ दुई प्रकारका थापा र नाथ, ठकुरी, विष्ठ छेत्री, अधिकारी-वाहुन आदि छन् । श्री खेम थापा छेत्री इतिहासविद् योगी नरहरिनाथका पिता हुन् । लालु पाठशाला योगी श्री छिप्रानाथ गुरुले नरहरिनाथलाई शिक्षा दीक्षा दिई नाथ संप्रदायमा प्रवेश गराए पछि उनका पिता श्री खेम थापालाई पनि दीक्षा दिएर योगी बनाए । मालकोट ( जुम्ला ) बाट राक्म दुल्लुको इलाका नदीपारी अछाममा

छ, सेती जिल्लासँग जोडिएको चिल्थडा भाँजाकोट पनि हो। अछाममा पनि यिनै लामिछानेहरूले मालकोट खडा गरेको पाइन्छ। सिंजा लामथडाका सेरामा वस्ने पनि थापा नै थिए। चल्लपछि मल्ल जोडिएका अशोक चल्लका छोरा राजा जितारिमल्ल हुन्। भनौं पृथ्वीमल्लको कीर्तिस्तम्भमा उल्लिखित सो दुल्लुको हुलाकी मूलवाटामा छ। यहाँ थापाका पुर्खाका नामावली पनि छन्। खस राज्यमा प्रमुख भै राजकाजमा समेत प्रवेश पाएका यी थापाहरू यस भेकवाट विस्तार-विस्तार पूर्वी नेपालतर्फ बढ्न थाले। यसमा लामा छाना हाल्दै वास वस्तै हिंड्ने थापाहरू आफ्ना कार्य प्रकृतिअनुसार लामिछाने पदले पुकारिने भए र मालुवा चराका बगाल झैं हिंड्ने थापाहरूचाहिं बगाले भए। सूक्पो ( सूपो ) अथवा माङ्लोको सहयोगद्वारा हीरा साइलाइ महाकाली तार्ने थापाका सन्तान चाँहि सुर्येल भए। सिंजा-प्रदेश वाइसेको रूपमा विभक्त भएपछि यहाँ सिंजामा राज्य गर्ने खसहरू पछि सिजापतीको रूपमा प्रसिद्ध भए।

यसरी लामिछानेहरू नेपालका विभिन्न भागमा फैलिए। कर्णालीको कर्णाल फुकेर दुल्लु दैलेख, जाजरकोट, प्यूठान, सल्यान, ताकुमकोट धारापानीमा आई आफ्नो डाँणी-दरवार, पञ्चकलश दाहिने शंख ( एकसीङे ) तामाका पाला, बत्तीका ठडचौरा आदि बिसाए। थापाहरूको हिमाली भेकका राजा रजौटा आदिसँग पनि राम्रो सम्पर्क भएको हुनाले र मानवताको प्रतिमूर्ति मष्टोसँग विश्वास भएकोले यिनीहरू काम र कर्तव्यवाट पछि नहट्ने शूरा थिए। यिनको आङमा मष्टाकाली चढ्ने धामी फलाक्तथ्यो—

हुम्लो माडचौं, जुम्लो माडचौं, वाञ्जो न माडचौं,
गरीबको जैन हऱ्यौं ठूला-ठूला डाडचौं

यसरी मष्टा र खापरका नियममा पालित भएका जुम्ला, हुम्ला, डोटी, वैतडी अछाम जिल्लाका गाउँ-गाउँमा धामीहरू थिए र छन्। 'खापर' को मतलब हो–खापरको नियममा पालित धामीका सन्तानहरू खप्तडी बस्नेत हुन्—जो सेतीको खप्तड लेकमाथि अद्यापि घडेरीहरू छन्। खापर देवताको थान पनि त्यहीं देख्न सकिन्छ। अछाम जिल्लाका मष्टाका धामी, कुचीको विस्ट वडुवा, तोलीको मानकोटे रावल, चालसको साउत, वाजुराको वुढथापा, पुल्ले तोलोको रावल लएँटीको अतुवा, कालासेलाका गगनसिंह पूर्व भैंसोले। यी कालीभक्त थापाहरू वलिको तातो रगत पिउँदै कुललाई हातमा, सत्यलाई हृदयमा र बराहलाई शिरमा राखी कुलको भविष्य वक्तथे, विजय अभियान वढाउँथे। जगन्नाथ, भैरव र भयेंर काली महाकाली आदि पनि यिनका स्थानीय देवता हुन्।

आफ्नो धर्म र संस्कृति सभ्यता र साहित्य आदि पनि यिनीहरूले जुलाबाट नै लिई आएका थिए। दशैंमा भवानीको पूजाआजा तिहारमा द्यौसी भैलो कर्कट सक्रान्ति ( साउन ) मा लूतो फाल्ने काम आदि पनि यिनीहरूमा बलिराजको समयदेखि नै प्रचलित भएको थियो। त्यसैलाई नै पूर्वी भेकतर्फ यिनीहरूले प्रचलित गर्दै आए। यसरी सुदूर पश्चिमको यो लोक संस्कृति परम्परा विस्तारै पूर्वतर्फ सर्दै आयो। ताकुम् धारापानीमा पनि भैलो र द्यौसी कर्कट सक्रान्तिपूजा आदि भयो। मष्टो जगाइयो। यसरी लोकजीवनको पुस्तैनी परंपरा अविच्छिन्नरूपले अगाडि बढ्दै गयो।

डोटी राज्यको थलरा र बझाङमा शक्तिसिंह र जगतीसिंह दुइ ठकुरी राजाले प्रवेश गर्नुअघि नै बाजुरा र बझाङ यिनै थापाहरूको अधीन थियो भन्ने कुरा बाजुराको लोक कथाले प्रस्टचाएको पाइन्छ। उहिलेको कुरा—बाज्रु ( बाजुरा ) को नुवाघर गाउँमा बुढथापाको पुर्खाले बाजुराको राज्य गरेको थियो। उनीहरूले स्थानीय बाहुनहरूलाई शासनमा कडा दण्ड सजायँ गर्न थालेकाले उनीहरूका भाइ बन्धु जति सबै मिलेर यी थापाहरूलाई बाजुराको हालीमुहालीदेखि निकाल्नुपर्छ भनी 'सिंह' ठकुरी राजालाई ल्याई स्थापित गर्न बझाङतिर लागेछन्।

येता अघि बझाङको चौडोको लेकमाथि उनै थापाहरूको जिउलेक मष्टा त्यहीं उत्पन्न भै थापाहरूले स्थापना गरेका थिए। थापाहरूलाई बाज्रुबाट निकाल्ने कुरो सो मष्टाले सुइँको पाइहालेछ। हाम्रो षडयन्त्र मष्टाले विफल पार्छ कि भनी भुक्तोली-चौरमा जँचालहरूले एकातिर नर्कको थुप्रो र अर्कोतिर सुकेका दाउराको खलियो ठडचाई आगो सल्काई कौल बनाए। उनीहरूले भनेछन्—

"लौ, तिमी साँच्चिकै देउता हौ भने आगोको कौलभित्र पस, झूटा हौ भने पस्न सक्तैनौ नत्र यो नर्कको थुप्रो तिमीले खानुपर्नेछ।"

मष्टाको धामी सत्यको प्रतीक कुलदीपक थियो, शूरो थियो। उसले सबैको देखादेखी अग्निकुण्डमा हामफाली प्रवेश गरेछ। अनि भित्र-भित्रै बुढगंगाको किनार एक कोस टाढा पर्दछ। यस्तैमा एउटा राजाको दूतलाई गंगापारी जान लागेको मष्टोले देखेर राता ढुंगादेखि बोलाउँदै भनेछ—"तिमी कहाँ जान्छौ ?"

"म भोकै छु सेलीफाल गाउँमा जान्छु !"

"उसो भए त्यहाँ जानुपर्दैन, नुवाघर थापाकहाँ गएर मेरो सबै हाल खबर बताइदेऊ, भोकै रहेछौ लौ खाऊ" भनी गंगा-किनारको बालुवा पोल्टाभरि खन्याइ दिएछ। "तर यो नहेरी बीच बाटोमा खाएस्" त्यो दूत चूपचाप हिंड्यो। पर पुगेपछि पोल्टामा हेर्दा त सबै बालुवा चामल भएको देखेर खुशी हुँदै चामल बुक्याउँदै थापाहरूकहाँ पुगी सम्चार सुनाइदियो। थापाहरूले थाहा पाए। डोली

डाँडी दर्वार कलश वोकी पंचेबाजा बजाउँदै आफ्ना कुलदेवता मष्टोलाई लिन कागे बजारमा झरे । मष्टोलाई डोलामा बोकेर थापाहरूले नुवाघरे माझगरा (चाक भँडारमा ल्याई स्थापना गरे । पछि ती थापाहरूले त्यो कुलदेवतालाई जिउलेक माण्डुमा नै लगेर स्थापना गरे । जिउलेक मांडु र चाक भँडार वझाङ-बाजुरामा छँदैछन् ।

उता त्यो आगोको कौलमा पस्ने मष्टाको धामी मऱ्यो भनी उसको काज-क्रिया पनि गरे । यता अझै पनि बाजुराका ती थापाहरूले मष्टाका स्थानमा माघ पूर्णिमा र श्रावण पूर्णिमामा चोखीनिती भै पूजा गर्छन् । त्यस वेला आजको धामीले पनि काम्दै बोल्छ—“हेर हेर मनुवा ! हामी चार भाइ दैत्यका साथ लडेर यो ठाउँमा बसेका हौं । अघि वझाङ्को वान्नी ढँडार भन्ने जग्गामा हाम्रो रजस्थल थियो, त्यहाँबाट वझाङ्गे चौरमा आई वस्यौं । एउटा भाइ गल्लेकमा वस्यो अर्को वलैमांडुमा छ । मचाहिं जिउलेकमा वसेको छु । अर्को भाइ सुकेको रूखलाई हरियो बनाउँदै सुक्का डाँडा कुर्छ । हामी दुःखी थियौं, जँचालहरूले अग्निकुण्डमा पस भने-म पसें र भुग्तोलीचौरवाट कागेवगरमा निस्क्याको हुँ ।”

पुसको पूर्णिमादेखि वगाले औंसीसम्म भैलो खेल्ने कार्यमा यी थापाहरूको ढाल तरवारको भूवो खेल १५ दिनसम्म बाजुरामा चल्दछ । मुढा पोलेका खरानी मुख र नांगो आङमा घसी आठ-दश जनालाई टाउकामा छालाको टोपी लगाइ-दिई टिमुरका काँढाको लट्ठी टेकाउन लगाई बाजा वजाउँदै र राँका बाल्दै गएका लस्कर ‘हरिनु’ वनाउने ठाउँमा पुग्दछन् । अनि चौपारीमा फर्कन्छन् । रातभर देउडा लोकनाच चल्दछ ।

न काटूँ भैंसोली भोकै काटीहालूँ साज न्याउलै !
म साइका समऱ्याइले आयाँ लड्क डाँडा वाज न्याउलै !

× × ×

अछामैकी नामसरा छ छान्नाकी वीदरा न्याउलै !
ढल्की जा सुत्याकी खाट ब्यूंझी जा नीदरा न्याउलै !

यस प्रकारका लोकगीत र लोककथाहरूवाट हामीलाई थापाहरूको पुर-खर्यौली अनुमान गर्न धेरै सजिलो परेको छ । यी थापाहरू ताकुममा सर्दै आए पनि यिनीहरूको विशेष सम्पर्क जुम्ला भेक चन्दननायतर्फ नै थियो । गोरखाले विक्रम संवत् १८४९ मा मात्र जुम्मा विजय गरेको थियो । यसभन्दा अघि ता यी थापा बस्नेत, भँडारी, खडेका, कार्की, विष्ट, महत्, पाँडे, खत्री, खाती, बोगटी, आदि पुराना छेत्री र बाहुनहरू आ.आफ्ना ऋषिहरूलाई गोत्रको रूपमा मानी नेपालको

अस्थिर परिस्थितिलाई एक ढिक्का पार्दै राज्य-नेतृत्व रूपमा महत्त्वपूर्ण काम गरी विश्वसनीय पद प्राप्त गरेका थिए, जुन कुरा हामी तात्कालिक इतिहासबाट बुझ्दछौं। धौलागिरि अञ्चल म्याग्देमा धारापानी गाउँ ताकुम पर्दछ। यहाँ जगन्नाथको स्थान पनि छ। यहाँ फागुपूर्णिमाका दिन गुरुङ मगरहरूले ठेलो हान्ने र तीर हान्ने काम परंपरादेखि चलाइराखेका छन्। आफ्नो कुलपूजाको दिन जुंला लाछीकोटबाट आएका प्रतिष्ठान ( पिउठान ) का चन्द्रवंशी चनराजाका सन्तान मुस्ताङ्गी राजा थकाली गुरूङहरूले पनि यहाँ तीर हान्दछन्। तीरको निशानाको सफलतामा नै वीरताको ख्याति पाउँछ—उसलाई जातीय-समाजले अवीर दली फेटा गुताउने चलन अद्यापि छँदैछ। यही निशाना ताकी तीर हान्ने प्रसिद्ध थलोद्वारा नै शायद यसलाई 'ताकुम' भनी पुकारिएको हुन सक्छ। यहँ ताकुमको 'मौलो' थापाहरूले आफ्नो "विजय—मौलो" वनाई पुजेका छन्।

मुस्ताङदेखि कृष्णा गंडकी बगी मंगलामा मिसिएकी छन्। यहाँ नै एउटा 'जयन्ती'-खोला' पनि प्रवाहित छ। यहाँको दोभानलाई विनी ( वेनी ) भनिन्छ। मंगलाको शिर धौलागिरि हिमाल हो। यसको फेदीमा 'वेस काम्प' बग्र, च्याचुङ्, खिवाङ्, मुरी, दर, मुग, फलियागाउँ, मच्छिम, सिवाङ्, ताकम धारापानी आदि सासाना गाउँहरूलाई मंगलाले दाहिने पारी बगेकी छन्। थापाका "वंशावलीमा" ताकुमका राजा थापा थिया, खप्तडका राजा वस्न्यात थिया, आदि भनी उल्लेख गरेको पाइन्छ। यी थापाहरू गौंथलीका झैं गुंड लाउँदै, फुल पार्दै र वच्चा हुर्काउँदै पहाडी कोट कोटमा र लेक वेंसीमा किल्लाकोट खलङ्गाहरूमा विजय कालीको मौलो स्थापित गरी रस्ती रसाउँदै वस्ती बसाउँदै हिंडेका थिए। यिनको स्थिति एका ठाउँ केही वर्ष रजगज गरी अर्को ठाउँमा विजय हासिल गर्ने बुझिन्छ। यी थापाहरूसँग सहयोगीको रूपमा ब्राह्मणहरूको पनि महत्त्वपूर्ण भूमिका भएको बुझिन्छ। ब्राह्मणहरूको बौद्धिक र शास्त्रीय सहयोग थियो। यहाँ सुवेदी, पौडेल, खनाल, पोखरेल, तिमिल्सिना, अधिकारी, पराजुली, भट्ठ, भट्टराई, गोतामे, काफले आदि थरका ब्राह्मणहरू थिए। अनि कुलदेवता मष्टा ( काली ) को फूलपाती डोला बोक्ने सहयोगी घराती ( घर्ती ) छेत्रीहरू थिए। साथै खड्ग कुर्नेचाहिं खँडका थापा क्षेत्री थिए। हाल पनि मानबहादुर लामिछाने खँडका थापाका सन्ततिहरू बझाङ देवल रीठापाटामा मष्टाका अधिकारीको रूपमा छँदैछन्।

कालीगंडकीको पच्छिमी भेक (धौलागिरि अञ्चलअन्तर्गत म्याग्देमा) पश्चिम भेकमा राखु पुला गाउँछन्। पूर्वी भेकमा चाहिं मल्लाज भनिन्छ। यही ठाउँमा पुगी यी थापाहरूले आफ्नो कुलदेवतालाई बिसाए। यस ठाउँलाई पनि आफ्नो आधिपत्यमा लिई चर्चन थाले। भँडारी, खत्री, घर्ती, कार्की, आदि सबै छेत्रीहरूले

मिली स्थापित गरेका 'मस्टा'लाई पुज्दथे। एक दिन पुला ढोलढाङ्का मल्लहरूले आफ्ना कलङ्की कुलदेवतालाई बोकेर आई पुराना गाउँका लामिछाने थापा छेत्रीहरूलाई तहस-नहस पारी लघार्ने काम गरेछन्। थापाहरू यताउति लागेपछि मल्लहरूले त्यो भेक कब्जा गरे। यसरी थापाहरू आफ्ना कुलदेवता लिई रामजा तिलाहार मोदी-कालीको पुछार रती खोलाको किनार सल्यान, फेप्पा ( माछाको प्यारूङ्गो ) फेवातालको शिरान नौ डाँडातिर आए। अनि बिस्तारै कश्यप ऋषिको डांडा कास्कीकोटमा कुलदेवता बिसाए।

उता मल्लाज पुराना गाउँमा ठूलो दैवी-उल्कापात मच्चिएछ, जसबाट मल्लहरूको ठूलो क्षति भएछ। उल्कापातबाट भयभीत मल्लहरू लामिछानेका कुलदेवताको अपमानबाट उल्कापात भएको हो भन्ने पुराना बूढा पाकाको भनाइ सुनी उनीहरू लामिछानेको शरणमा आएछन्। सत्तु र सियार नाउँका लामिछाने बन्धुहरूलाई भेटी निवेदन गरेछन्—"तपाइंहरू मल्लाजमै फर्की आफ्ना कुलदेवतालाई स्थापना गरिदिनुहोस्।"

उनीहरूको अनुरोधअनुसार उहीं मल्लाज लगी कुलदेवता मष्टा स्थापित गरे जसबाट उल्कापात शान्त भयो। यो मल्लहरूले जफत गरिएको थलो हाल पनि "जफ्ती' नाउँले प्रसिद्ध छ। हाल त्यहाँ लामिछाने घरका प्रसस्त घरहरू छँदै छन्, त्यस्तै रती खोला रामजा लीलाहारमा पनि लामिछाने घर्ती क्षेत्रीहरू छन्।

केही लामिछाने छेत्रीहरूचाहिं यहीं कास्कीकोट मुनि तोरीपानीमा आई बसे। केही समय पछि एक भाइ पृथुसिहको आकस्मिक मरण भयो। यसरी अफाप भएकोले त्यो स्वाँरोलाई छोडी गौचरन बनाई सराङ्कोटमुनि खोल्सोमा एक-एक खायल बनाई तीन भाइ बसे। आफ्ना कुलदेवता श्वेत-वराह-मष्टाको पनि तहीं स्थापना गरी धारापानी नामकरण गरे। कुलदेवता मष्टाको भान्जीको रूपमा बिन्दुवासिनीलाई मानियो। आफ्ना कुलायनका सामग्री तहीं घरभित्र राखिए। यसरी सराङ्कोट कास्कीमा बसेका तीन भाइ थिए—सत्त्यसिह फत्त्यसिह, जबरसिह। यिनै तीन भाइले नै यस भेकको राजकाजी अधिकार सह्याले। यी तीन भाइले तात्कालिक कास्कीका राजा कुलमण्डन खानसँग भेटी सम्पर्क गर्दा उनीहरूलाई काहुँले ठानाको कजाइँ र मालेडाँडो भन्ने ठाउँ उपभोगनिम्ति दिएछन्। पछि वडा महाराज पृथ्वीनारायण शाहले गोरखाबाट विजयाभियानमा लाग्दा यिनका सन्तानहरूले पूर्वी किरॉत भेक जिती खुशी तुल्याए। यी गोदार थापाका सन्तानमध्ये जेठो हाँगो सिंधुली, माहिलो विहावर, कान्छो हांगो कास्की फल्याङ्कोट ( वाह्रपिर्के) मा छन्।

माथिका तीन भाइ लामिछाने मिलेर भूमे कालीको पूजा चलाए। यसरी राजकाजी कार्यमा तत्कालीन रजौटाहरूसँग पनि मुठभेट भयो।

यहाँ बिस्तार बिस्तार संस्कृति सभ्यता र शिक्षा धर्म र परंपराको जगेर्ना आदि गर्ने काम यिनै लामिछाने थापाहरूबाट भयो । शुक्लाको पवित्र निनाद, माछापुछ्रेको अलौकिक प्रकृति र कास्कीको शुभ्र शान्त वातावरणमा दिव्य शान्तिमय वाणीहरू यहाँ मुखरित हुन पुगे जसको संरक्षण र संकलन छैन त्यो अर्कै कुरा हो । तर पनि शिक्षा र सभ्यताको आलोक यस शुक्ला तटका लामिछाने थापाहरूको प्रयासबाट प्रस्फुटित भएको थियो भन्नु अस्वाभाविक छैन । यहाँ यी लामिछाने बन्धुहरूको संगै माथि उल्लिखित काहुले ठानाका गोदार थापाका ३ भाइ–बौधमान, कुलमान, पृथ्वीमान पनि थिए र गुरु पुरोहितको रूपमा विभिन्न थरका ब्राह्मणहरू पनि थिए ।

यी लामिछाने थापा तीन भाइमध्ये यिनीहरूका सन्तानहरू एक भाइ सराङ्कोट-छापथोकतर्फ लागे, अर्को ग्यार्जाती, अर्को राजाका साथ वाटुलेचौर कुलमण्डन शाहको मौलो हिउँदे राजदरवार वडाकोटमा बस्यो । अर्को एक भाइ भलाम पुग्यो । अर्को चनौटे र ह्याङ्जा पुग्यो । त्यस्तै अर्को भाइ गोर्खाली राजा पृथ्वीनारायणका साथ विशाल नेपाल राज्य निर्माण अभियानमा लाग्यो । जसले पूर्वी नेपालको किराँत प्रदेश विजय गर्दै टिस्टामा पुग्यो । राजावाटै अरुण खोला वारी धनकुटा जिल्ला मुगा खोलाको डाँडा सोरानी जागिरेको रूपमा वक्स पाई जागीर डाँडामा वस्न पुग्यो । त्यो वीरको नाउँ थियो सरदार रामकृष्ण थापा ।

यिनले आफ्नो कुलदेवता अरुणवारी जागीर डाँडाँमा स्थापित गरे । यता पच्छिमतर्फ बसेकाले भूमेकालीलाई पुज्यो । पूर्व लागेकाले चाहि वृन्दमण्टो ( वनकाली ) लाई पूजा गर्न थाल्यो । यहाँ भाञ्जी विन्दुवासिनी र वृन्दमष्टा वनकाली ( सेतो वराह ) पुज्ने दुइ प्रकार छन् । तर मूल जराचाहिँ एउटै हो । मुगाको डाँडालाई जागीर गाउँ भनिन्छ । यसै गाउँको वरगाछी दक्षिणको डाँडामा ज्येष्ठी कार्तिक शुक्ल पूर्णिमाका दिन गैंडु ( गंगा भवानी ) को पूजा हुन्छ । धामीका मुखदेखि आफ्नो पुर्ख्यौली मूलथलो मालकोट, सराङ्कोट, ताकुम धारापानी आदि थलो पुर्खाले खायल अंश छोडी घरवाट निस्केको पुर्ख्यौली कुराको समेत फलाको हालिन्छ । यो कुलाचार सांस्कृतिक परंपराको मौलो कुलवीर सरदार रामकृष्ण थापाले पूर्वी किराँत प्रदेशमा गाडेका हुन् ।

मुगा गाउँभित्र लामिछाने थापाका करीब २०० जति घर छन् । अनि जागीर गाउँमा चाहिँ ५०×६० मात्र पदमबहादुर थापाका घर वृन्दमष्टा ( बन मसानकाली ) लाई जगाइराखेका हुन् । हाल तिनलाई अमरबहादुर थापाका घर सारे । कुलपूजा हुँदा भैयादका घर-घरैका दोका पर्सिने काम अघिल्लो दिनमा नै भै सक्तछ । भोलिपल्ट काम्दै वृन्द-मस्टो चढेको धामीले आलो रगत पिउँछ । श्वेत

वराहका धामी पहिले डम्बरबहादुर थापा थिए, उनीपछि धरान नयाँबजार बस्ने लैनबहादुर थापाले भान्जी विन्दुवासिनीको पूजा गर्ने कार्यसमेत समालेका छन् । खँडका र खत्री मुगामा पाइँदैनन् । केवल एक घर कालिकोटे खँडकाको देखिन्छ । लामा कार्कीका भने यहाँ ५×७ घरहरू छन् । त्यस्तै पूर्व २ नं० मेङ्कु, मेलुङ, हिले, डाँडाँखर्क, माघिको दुम, तल्लो दुममा लामिछाने थापाका करीब २०० घर बस्ती छन् । चितौनको छेउ जोगीमारामा एउटा सानो गाउँ नै छ ।

यहाँनेर यो स्मरणीय छ कि श्री ५ राजेन्द्रलक्ष्मीको नायवीमा श्री ५ वहादुर शाहले वि० सं० १८४१–४२ मा कास्की लमजुङ, तनहुँ, भिर्कोट, सतौं, गह्रौं आदि विजय गरे । कास्कीका तत्कालीन राजा सिद्धिनारायण शाह पराजित भै गोरखाली सैन्यको शरणमा परे । यसपछि अमाली, द्वारे, थरी, मुखिया आदि पदद्वारा राम शाहका पालादेखिको जो स्थिति बन्देज वाइसे-चौविसे कोट, गौंडा, थुम, दरा, प्रगन्ना, गर्खा र जिल्लाहरूमा गरिएको थियो, त्यो कास्की जिल्लामा अमाली, मुखियाको बन्दोबस्तमा राखी थापा, भँडारी, खत्री, वस्नेतहरूमा सुम्पिएको थियो ।

यी क्षेत्रीय जातिको वंश परंपरा विहावारी गर्दा कल्स्यौली मढचौली लाने, झल्लरी छाता ओढाउने, पन्चे बाजा ठोक्ने, बन्दूक पड्काउने, खाँडो जगाउने आदि परंपरा संस्कृतिको रूपमा रहेका छन् । "जसको जोई लानु उसको खाँडो भाँच्नु" भने जस्तै उखानले आफ्नो जोईलाई कसैले पनि हरण गर्न नसकोस् भन्नाखातिर उखुको लाँक्रामा दहीका ठेकीको घार वोकी दुलाहालाई झल्लरी-मल्लरी पगरी गुताई लावा लस्कर र मंगल कलशसाथ बरियाँत लाने परंपरा हाम्रो आफ्नै हो । यो वैवाहिक विधि-विधान हाम्रा गोत्रीय ऋषि गर्गद्वारा संस्कारित पद्धति हो । यहाँ जन्ती र घरबेटी ( माइती देशका ) मा परस्पर भनाभन गर्ने ठोक्कान ( जुहारी ) खेल्ने गीतको परंपरा पनि हाम्रो लोकसंस्कृतिको एक अंग हो । जस्तै :—

दुलहीपट्टि :— दाउरा चिर्ने बन्चरो त तरूल खन्ने खन्ती
कति ल्यायौ हात्ती घोडा कति ल्यायौ जन्ती

दुलाहापट्टि :— दाउरा चिर्ने बन्चरो त तरूल खन्ने खन्ती
सय साठी हात्ती घोडा बारसय जन्ती

दुलहीपट्टि :— के के खान्छन् हात्ती घोडा के के खान्छन् ऊँट
के के खान्छन् सारी सुगा के के खान्छन् रजपुत

दुलाहापट्टि :— दाना फाना खान्छन् हात्ती घोडा घाँसै खान्छन् ऊँट
चारो खान्छन् सारी सुगा भोर्जन खान्छन् रजपुत

यसरी आफ्नो संस्कृति र परंपराको अक्षुण्णतालाई जगेर्ना गरी राख्ने यी गर्ग गोत्रीय लामिछाने थापाको वंशावली यथासंभव अन्वेषण गरी क्रमबद्धता दिई जनसमक्ष प्रस्तुत गर्ने प्रयास यहाँ हामीले गरिरहेछौं। बितेका जीवनको यात्रामा कहाँ कस्ता प्रयासहरू भए—भावी पिंढीले त्यसबाट लाभ र हानिको मूल्याङ्कन गरी आफ्ना सत्प्रयासहरू गर्दै रहुन् र जीवनलाई सत्यं शिवं सुन्दरम्‌को आलोकमा उन्मुख गराउन् भन्ने आकांक्षामा नै यो प्रयास संकलित छ। यहाँ के कति भूल र अभाव छन् त्यसको लेखा जोखा भावी पिंढीप्रति छोडी यो प्रयासलाई आफ्नै सन्तान समक्ष प्रस्तुत गरिएको छ। अस्तु।

# ऐतिहासिक परिप्रेक्ष्यमा कास्कीकोट

## १. कास्कीकोट शाहवंशको प्रवेश

नेपालको मध्यकालको इतिहासमा विशेष गरेर पाल्पा, पर्वत, कास्की, तनहुँ, लमजुङ् राज्य आफुलाई शक्तिशाली राज्य भनी घोषित गर्दथे । यी चौबिसे राज्यको समयभन्दा अघि यहाँ कर्णाली प्रदेशका खस राजाहरूद्वारा शासित थियो । जुम्लामा प्रसिद्ध 'पाटन' शब्द यहाँ पनि प्रसिद्ध हुन आएको पाइन्छ । भिर्कोट, सतौं, गह्रौं र पल्लो नुवाकोटलाई आफ्नो अधीनस्थ गराउँदै कास्कीकोटमा समेत शासन चलाउने पुराना खान परिवारका सन्तान नै पछि शाहमा परिणत भएका हुन् र यो 'शाह' पद कुलदीपक भएबाट नै प्राप्त भएको हो भन्ने कुरा लोक प्रसिद्ध छ । ललितध्वजका पनाति ताम्रध्वजका नाति राजा तारकबहादुरका छोरा प्रो० हृषीकेश शाह आदि पनि प० ४ नं० भिर्कोटका पुराना राज-खलक हुन्, जसको राजदर्बार भिर्कोटमा अझै प्राप्त छ । यहाँ पुरानो कालिकाको मन्दिर छ । कास्कीकोटको रजाइँ पाइसकेपछि नै राजा श्री कुलमण्डन शाहले 'महाराज' पदवी पाएको कुरा अझै किम्वदन्ती छ । यहाँको दरबारमा नै राजा कुलमण्डन शाहका ७ भाइ छोरा जन्मे । यिनका माहिला छोरा (अधिराजकुमार) लाई लमजुङ्मा राजा स्थापना गर्न थापा, खजे दुरा र कुसुमाकर घिमिरेले राजा कुलमण्डनसँग मागी लमजुङदरबारमा भित्र्याएका थिए । किन्तु यिनलाई छल गरी लमजुङ्का घले राजाले वेन्जो नामक धनुकाणले हानी परमधाम गराए । पुनः विक्रम सं० १४५५ मा उनै कुलमण्डन शाहका कान्छा छोरा यशोब्रह्म शाहलाई लमजुङ् ल्याए । ठूलो स्वाँराको ठूलढुंगे पाखामा सिंदूरजात्रा गरी राज्याभिषेक मनाइयो । लमजुङ्का सुप्रसिद्ध राजाको रूपमा मानिएका यिनी शाह राजाको परंपरामा पनि राम्रो रूपले परिचित पाइन्छन् । नेपालका प्रसिद्ध गोरखाका शाहवंशको शिलान्यास गर्ने प्रतिभा द्रव्य शाह पनि यिनका नै कान्छा पुत्र हुन् ।

कुलमण्डन शाहको मूलवंश राजपुताना मेवाडको उदयपुर—महाराणा वंश बाट नै फैलिएको बुझिन्छ—जो भूपाल रावका खाञ्चा खान मिचाखानका छोरामध्ये जेठा भक्ति खानका छोरा श्रीवत्स खानले सतौंकोट विजय गरी भिर्कोट लिएका थिए । कुलमण्डन खान राजा कान्छा सर्भे खानका पाँचौं पुस्ताका अति पराक्रमी साहसी राजा हुन् । कालीनजीकैका अनार्य राजालाई पराजित गरेर कास्की राज्यलाई आफ्नो आधिपत्यमा ल्याएका थिए । यी खान राजाले पाँचौं पुस्तासम्म सतौं

र पल्लो नुवाकोटको शासन गरेका थिए। महाराजा कुलमण्डन शाहले तत्कालीन स्थितिअनुसार कास्कीको राज सञ्चालनार्थ वर्षे र हिउँदे दुइ दरबार (ग्रीष्मकालीन) र बाटुलेचौर-बडाकोट-दरबार ( शरद्कालीन ) थिए। यी दुवै कोट प्रकृतिपूर्ण मनोरम छन्।

महाराज कुलमण्डन शाहको विजय झण्डा काँधमा राखी घले-गुरुङ्गे राजालाई पराजित गर्न विविध षडयन्त्र रच्तै, थापा, कार्की, भँडारी, खड्का, कुँवर, बिष्ट, बोगटी, पाँडे, खत्री, बानियाँ, खाती, बस्नेत र महत तथा कामी, दमाई, सार्की, गाइने आदि समेतका चार जात छत्तीस वर्णकै संगठनबाट कास्की राज्य मजबूत पारिएको थियो। यिनले कास्की राज्यलाई सबल र सुसंगठित गर्ने क्रममा लाहाचोकमा गई लाहाछाप मारे र घाचोकमा घा ( मित्रता ) कायम गरेको कुरा अवगत गर्न सकिन्छ। यसरी अर्मला घलेचौर, झुप्राङकोट, खाँदरजुङ, रञ्जित, सिकलेक, खिलाङ, घान्द्रुक आदि घले गुरुङ समुदायका अधीनस्थ गाउँहरू कास्की जिल्ला सराङकोटमध्येकै नौ नौ मुखिया जिम्बावालका झुत्तामा बाँधिन पुगे।

महाराज कुलमण्डन शाहका कुल सिंगार्ने लमजुङ राज्यका प्रसिद्ध राजाहरू यस प्रकार देखिन्छन् :—

१—चूडामणि शाह
२—अचिन्द्र शाह
३—नरेन्द्र शाह
४—नारायण शाह
५—केसरी शाह
६—बादल शाह
७—रक्षेश्वर शाह
८—बम शाह
९—रिपुमर्दन शाह
१०—वीरमर्दन शाह

**कास्कीकोटका राजा—**

१—सिद्धिनारायण शाह
१—दलमर्दन शाह इत्यादि

उत्तरमा माछापुछ्रे सूर्य चन्द्राङ्कित नेपालका झण्डाको आकार परेको शीतल हावामा फरफराएको आकार भनूँ या हीरा मणि माणिकको झलझलाकार मुकुट भनौं यो सुनौला बादलको घुम्टोमा फेवा रूपा र वेगनास आदि तालतलैयाको दर्पण हेरी मुस्कुराए झैं देखिन्छ। हिवैं हिउँका माना र पाथी थुपारी धानको राश चुलाइरहेको दूधको गंगा झरझरी बगिरहेकी अन्नपूर्णाको रूपश्री पूर्णिमाको चन्द्रमा र नौलाखे तारासँगै झुल्की राती-राती चम्किने ज्योतिर्मय झैं हुँदै धप्प धप्प बल्दछ! यिनै दुइ हिमालयका अन्तरको कापाबाट आरोहण र अवरोहणका दुवै सुसेली हाल्दै अनवरत रूपमा विभिन्न आलाप संलापमा सुसाउँदै बगिरहेको प्रतिभाको सहज छाँगो करुणा र चैतन्यको धारामा सुख दुःख बोकी अपार संसार क्षणिक हो भन्दै जीवन

मृत्युको सन्देश दिएर एकनासले बगिरहने सेती गंगाको कलकले र छलछले गति प्रवाह् उस्तै आकर्षक देखिन्छ ।

आफ्नै पूर्ण यौवनको सौन्दर्यमा मस्त तरुनी झैं हरएक-हरएक बिहान यहाँ धौलागिरि मुस्कुराइ रहेको देखिन्छ । मुस्ताङदेखि काली गंगा बगेकी छन् । दामोदर कुण्डको काखमा मुक्तिक्षेत्रको ज्योति झुल्के घाम जस्तै धपक्क बल्दछ । किरण हिवै हिउँका गरामा लडीबुडी खेल्दछन् । शालिग्राम गुड्दछन् । मुक्तिक्षेत्र मन्दिरको गजुर दामोदर हिमालय हो भन्नु अत्युक्ति छैन । मोदीविनी तिर्थ र लामटाङ सम्म फैलिदै गएका लमजुङ हिमालयका दृश्य अनगिन्ती तिर्खा बोकी यिनै आँखामा मोहिनी लाइरहे झैं स्वयंमा मुग्ध छन् । बर पीपल समीका चौतारी लांकुरीका भञ्ज्याङ, ठाँटी-पाटी र धर्मशाला आदिको साथै गोठ, कटेरा, छाप्रा वन-वनेली र भिर-कान्ला छहरा-पहरा खोला-खोल्सीका राती गुरांस आदिलाई कास्की कोट्ले एकै झमट्को हेराईमा समेट्न पुगेको होकि झैं लाग्दछ । कास्कीकोट र सराङकोट यिनीहरू सप्ताहको चौकोमा बसेका बाँचकी र उपवाँचकी जस्ता लाग्दछन् । काखैमा विन्दुवासिनी र वाराही लिएको पोखरा शहर काखमा बाल वालिका लिएकी सम्पन्न परिवारकी कुनै ऐश्वर्यवती भद्रा महिला जस्तै देखिन थाल्दछ । यसरी कास्कीकोटको दरबार र राज्य थालनी निर्माण भएको स्पष्ट छ ।

## २. बाटुलेचौर बडाकोटको मौलो

हालको पोखरा नगर पंचायत वडा नं० १६ को बाटुलेचौर गाउँमा महाराज कुलमण्डनबाट निर्मित हिउँदै दरबार छ । यो ५०० वर्ष भन्दा पुरानु कास्कीकोट दरबार सङसङैको बुझिन्छ । बाटुलेचौर, लामाचौर, घारीथर, बानियाँथर, पुजाहारीथर, बडरबोट ( बडाकोट ) चनौटे, लामाचौर, भँडारीथर, खत्रीथर, गोतामेथर, दमाईथर, सार्कीथर, कामीकोखोर, गाईनेथर, माथिल्लो दीप, तल्लो दीप, कप्तानको खोर, थापाको डाँडाँ, ढाँडाको पाखा, थर्पुको बारी, सुयँल थापाको बारी, खवासेथर, अमालीबिसौना, पाडाहुल्ने खोर, कालीखोला, भलाम खोला, कुर-वनपाले, चमेरे ओढार धार्मी, जुंलैटी, हरपाख, छहरेपानी, अर्मला, सेतीगंगा भुलेत्रोघारीका तरा राजपंधेरो, गाईने पंधेरो, अँधेरीभुवान, रैकरे पाटन, वावाजीको वन आदि कालामुढा रनजित, खरीकुना, ओखले, राउलडाँडो आदि प्राकृतिक सौन्दर्य थलीको रूपमा यहाँ युगौयुग देखिका अझै छन् । राखु, पुलादेखि बाइसघरे वानियाँ ताकुमधारापानी कास्की सराङकोट हुँदै मैदान (पाटन)मा झरेका, सुयँल थापा, गोदार थापा, लामिछाने थापा पौडेल बगाले थापा, पराजुली थापा, वस्नेत, भडाँरी, कार्की, खँडका, पाँडे, बोगटी, खत्री, खाती छेत्री आदिहरू र अधिकारी, पौडेल तिंसिना र देवकोटा, भटराई ब्राह्मणहरू खवासे, गुरूङ, मगर, नेवारहरूको बाहुल्य छ ।

बाटुलेचौर लामाचौर पाटनमा उहिले राजाका घोडा हिनहिनाउँदैं पैयाँ ठोक्तथे । दरबार वरिपरि पञ्चपल्लव, वर, पीपल, समी, राजवृक्ष, वेल, आँप आदिले भरिएको छ । अन्नपूर्णा, माछापुछ्रे दरबारको झ्यालैमा मुस्कुराउँ छन् । दरवार बाहिर पञ्चकोण पत्थरवाट यौटा मौलो उभ्याइएको छ । मान्द्रे ढुंगा छन् । पुरनखोला देखि झुप्राङ् लेकबाट मूलफुटी पुरुन्खोलाको पाताल-पहरो काटी झिझिर्काको बनबनै चनौटेको घाँचैघाँच उकाली अमाली बिसौनाबाट तल लर्काइ ल्याएको राजकुलो अझै छ । यहाँ चाँपको अजङ्को रुखको फेद पनि छ ( हिजो आज चाँप र अजङ समीको वृक्षको निशाना पनि छैन । रुद्राक्ष वेल आदि पनि छैनन् ? ) तेस जमानामा पानी ल्याए पछि राजालाई वसी नुहाउने ठूलो ढुँगाको आवश्यक पऱ्यो र यस काममा घृत कौशिक गोत्रका जुँलामा बसी कास्की बसाईं सरेका भद्र ( भट्ट ) ब्राह्मणका सन्तान साम्मीको वर गाउँमा रहँदा बरे आलयबाट जयतुले वराल थर भनेर प्रसिद्ध हुन आएका एक भाइ हाँसु वराललाई राजाबाट बोलाइएछ । हाँसुले पनि राति जुरुक्कै उठेर ढुँगो राजप्रसादमा ल्याइ छाडिदिएछन् । एकजनाले त के ४ जनाले पनि उचाल्न कठिन पर्ने ढुंगो हाँसु एउटैंले कसरी ल्यायो ! भन्ने कुरा उठ्यो, राजा आश्चर्य भए । हाँसुलाई कदरस्वरूप सिमलचौर बस्नलाई र पुम्दीको खोरिया आर्वाको खेत, गोठ राख्न तप्राङ विर्ता राजाबाट प्राप्त भएछ । यस विषयमा वराल वंशमा पं० शिवराज वरालज्यू आफ्ना श्लोक भाषामा यसरी भाव पोख्नु हुन्छ :—

कास्कीका नृपको छ मास सुखले वस्ने भनी ह्यूँदमा,
राम्रो 'राजमहल' तुरुन्त बनियो त्यो बाटुलेचौरमा ।।३२।।

ढुंगामाथि बसेर स्नान गरने उन्को थियो आदत,
तेस्तो पथ्थर भेटियो गजबको त्यो कालिखोला तट ।
ढाई हात फ्राक चक्रसरिको मोटो छ बित्ता भर,
बोक्ने मानिसको तलास गरियो निस्केन कोइ तर ।।३३।।

धेरै काल बिति सक्यो र नृपमा आएन सन्तोष ता,
संझन्थे दरवार नै बिफल झैं मानेर दिग्दारता ।
सक्छन् हाँसु वरालले भनि कुरा सुन्दा भएछन् अनि.
मर्जी दुइ सिपाहीमा हुन गयो ल्याओ तुरुन्तै भनी ।।३४।।

बस्थे गोठ गरी सिमल्चहुरमा हाँसू तेसै कालमा,
भारी घाँस ठुलो पछारि नजिकै देखे सिपाही तहाँ ।
जल्दी भित्र पसे सुते हैं हैं गरी आयो जरो लौ भनी,
जानै पर्छ भने सिपाहीहरूले भाका दिए छन् अनि ।।३५।।

भाका तीन दिनको सिपाहिहरूले राखेर फिर्नें उठे,
आगो ताप्छुँ मूढो घचेटी दिनुहोस् भन्दा भए हाँसुले ।
हल्लीएन मूढो सिपाहि दुइको व्यर्थै भयो तागत,
आफै हाँसु उठे चुचो अनि धसे खुर्पा गतिलो रछ ॥३६॥

एकै हात लगाउँदा पनि मुढो आयो सजीलै जब,
फर्के दङ्ग हुँदै सिपाहि नृपमा सारा बताए तब ।
भाका भित्र न आउँदा नृपतिले फेरि पठाए लिन,
आए हाँसु र मर्जि भो नृपतिको ढुंगो पुऱ्याई दिन ॥३७॥

भन्छन् हाँसू म छु विरामी महाराज सेवा म गर्ने थिएँ,
सक्छु सक्तिन राख्नु पर्दछ कहाँ गर्छू सकेछु भने ।
राख्ने ठाउँ शिला-समेत नृपले राम्रो बताई दिए,
केहीदिन् पछि आउने छु म भनी हाँसू विदा भै गए ॥३८॥

आए त्यै दिन राति हाँसु अरूले पत्ता नपाईकन,
ल्याए राखी दिए तुरन्त निशि मै चुप्चाप फिर्केछन ।
देखे भोलि विहानता नृपतिले फेरि पठाए लिन,
तेसैको खुशियालीमा नृपतिले विर्ता दिएछन् सुन ॥३९॥

वस्ने बास भयो सिमलचहुरमा पुम्दी भयो खोरिया,
आर्वा खेत र गोठ खाँतिर भनी तप्राङ विर्ता दिया ॥
त्यो बाटुले-चहुरमा रछ पाठशाला,
बाटो छ पूर्वतिर दाहिनु जानु पर्ला ॥ ४० ॥

भेटिन्छ सानु तिनु मन्दिर कालिकाको,
सामू छ सानु घर छानु जहाँ शिलाको
तेस्कै बलेंसि बिच गोल शिला गहीरो,
हेर्नोस हाँसु जिजुको बलको चिन्हुहो ॥ ४१ ॥

राजा र रानीहरूले त नुहाउने जून्
ढुंगो कता छ भनी सोध बताउने छन् ॥

× × ×

हांसू बीर बराल नून लिनता जान्थे टुकुचे महाँ,
कुम्लो बाइसपाथी नून उनको भारी बनिन्थ्यो वहाँ ॥ ४२ ॥

खाजा सामल विस्तरा छ उसमा ओढा थियो पत्थर
त्यत्रो भारि र आफु ओतिनु पऱ्यो अन्दाज आफैं गर ॥

आज चौविसे कालका ती सबै बोट विरुवा र ढुंगेधारा मौलो पोखरीका ठाउँमा विन्दुवासिनी माध्यमिक स्कूल र पञ्चायत घरहरू उभिएका छन् । प्राय: दर्वार वरिपरिका राजमहलका चिह्नहरू राजा कुल मण्डनशाह नाम खोदिएको पञ्च-कोण भएको ढुंगाको माझमा गाडिएको मौलो भग्नावशेषका रूपमा देखिन्छन् । राजाका वाइपंखी घोडा बाँध्ने तवेला तीनलाई दगुराउने लामाचौरको पाटनमा स्वर्गीय श्री ५ ईन्द्रराज्य लक्ष्मी प्राइमरी स्कूलको स्थापना भैरहेको छ । १२ घरे सार्की, ८ घरे दमाई १ घरे कामी ३२ घरे गाईने ७ कुरिया घारीथरे थापा, १ कुरिया डोटी बोगटानबाट बसाइँ आएका मुकुन्द सिंह बोगटीको र १ कुरिया बलबहादुर गुरूङको घाँटी पाटनमा घर धुरी छ । तेस्तै २२ घरे तिमील्सिना ब्राह्मणहरू आज फुल्दो अवस्थामा छन् । १ घर सुँयल थापा, चनौटे मनि बरूवालका घर माथिको सेरो राजाको थियो । लामाचौर फाँटको पोखरी गहरो छँदैछ ।

अर्मले वस्नेत् सु० भीमबहादुर बस्नेतकी धर्मपत्नीले वक्स पाएकी काठमाडौं नक्सालका क० प० खण्डमानसिंह बस्नेतको थर्पुको कुण्डलीबारी राजाका पालो पहरा गर्न पल्टन वस्तथ्यो, सिपाहीलाई कवाज खेलाउने जेठो, माहिलो, कान्छो पाटन हाल वडहर बोटे तिसीना ब्राह्मणहरूले चर्चेका छन् । यिनीहरू आफूलाई गुरू खलक हौं भन्दैछन् ।

बाटुलेचौरमा ठाँटी बनाउने जवरे थापा थिए । हाल ठाँटी भत्केर बिलाएको छ । दरवार संगैको राजाका मौलाको बारी लामिछाने नैनसिंह थापाको थियो । हाल वडा अध्यक्ष श्री यज्ञवहादुर बस्नेत वडा सदस्य रा० भीमवहादुर बस्नेतले चर्चेको मौला छेउको बारी अघि मुडुलाकार्की नैनसिहको थियो । उनी जुम्लेटीका गंभीर सिंह कार्कीका भाइ थिए । उनले छोरीलाई बक्सपत्र दिए पछि कास्की अतरे कुँवरका नाती मोहन सिंह कुंवरले पाएका थिए । मोहनसिंह कुँवरबाट बिचारी चन्द्रबहादुर वस्नेतले लिए पछि उनको छोराहरूले चर्चिदै आएका छन् ।

कामीका खोरमा फलामको हतियारहरू भाँडा बर्तन वनाउने कामीहरू बस्त थे । यिनीहरूले गाउँका थरी मुखियाहरूसँग कर्जा लिएर तेसैको खेलोबाट हँसिया, कुटा, कोदालो, वाउसा, कञ्चरा फाली, करूवाहरू वनाई विश्वकर्मा धर्म जगाई जीविकोपार्जन गर्दथे : घले राजासँग युद्ध गर्दा हतियार खड्ग खुंडा खुकुरीमा साँध लगाउने काम अँधेरी भुवान भित्रै हुन्थ्यो । यस्ता भुवान १० × १५ बटा त्यहाँ छँदै छन् । एउटा गुफामा चमेराहरू लुक्तथे : त्यहाँ बि० स० २०१५ को हिउँद महिना-

मा स्वर्गीय श्री ५ महेन्द्रको सवारी चमेरे ओढार (गुप्तगुफा) मा हुँदा, त्यस दिन देखि त्यस गुफा 'महेन्द्रगुफा' भन्ने नामले प्रख्यात भयो । हेर्नोस् चौबिसे कालका कामीहरूका ती अँधेरी-भुवान भित्रका चुला चम्का र आरनहरू। वि० सं० १९४० मा त्यहाँ हैजाको महामारी चम्कियो : कामीहरू सबै हैजाले मरे। एक घर बाँकी थियो त्यसले बडा दशैंका दुर्गामा राजाको मौलोमा पुर्खाको परम्परा अनुसार साँध लगाउने काम गरेकै छ। ३२ घर गाइनेले मालश्री गाउँछन् : नौ घरे दमाईहरूले कर्णाल, नर्सिह सहितको पञ्चे बाजा बजाएकै छन् । कास्कीका राजाको कटुवालले जुम्ला देखिको त्यो कर्णाल बाजो फुकेर उर्दी फिजाउने काम अझैं पनि गरिरहे छ। एक चोटि बाटुलेचौरका केसरे मुखियाले गाइनेथरलाई अन्तै सारेर वस्ती बसाइ दिने काम गर्न थाले । तेस वेलामा वत्तीवीरे भन्ने गाइनेका खलकले मुखियाको बिरोध गर्दै निम्न कर्खा गाएका थिए—

वत्तीस घर गाइनेका एक आगन थिया,
केसरे थापा मुखियाले उखेली दिया

राजाले गाइने हरूको मुद्दा हेर्नें दुर्गे गाइनेका बाबुलाई मिझार पदवी दिएका थिए। उसै दुर्गे मिझारका २ छोरा झलकमान र लालबहादुर भन्ने गंधर्वहरू रेडियो नेपालमा हाल सारंगीवादक र लोकगीतका कलाकार बनेर सेवा गरी रहेका छन् ।

यस वाटुलेचौर थुममा थापा बस्नेत र नेवार साहूका घरहरूमा कमारा कमारी पालिएका थिए। श्री५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहवाट कमारा कमारी अमलेख भए पछि पनि उनीहरूले वसेका आफ्ना मालिकको घर छोड्न सकेनन् । अजम्वर साहूका घरमा पालिएकी कमारी 'मधु' र वद्रीकेसर गुरूङका घरको 'मने' कमारोको परस्परमा प्रेम भै आपसमा विग्री मधु कमारीका साहूलाइ नै कमारो मने सुक्री विक्री गरेको बि० सं० १९७५ को परंपट्टको कागज परिशिष्टमा दिएको छ ।

वाटुलेचौरको वडाकोटमा, दशैं-दशैंको राष्ट्रिय पर्वमा लिप पोत पूजा आजागरी आफ्नो राष्ट्रिय संस्कृति कायम राख्ने 'मुरलद्वारे' थिए। ८ हजार धुरी कास्की ७ हज्जार धुरी तनौं १६ हज्जार धुरी लमजुङ् ७ सय धुरी वाटुलेचौर ७ सय धुरी हेमजा जनसंख्या थियो। यी कास्कीका सबैं घर धुरीहरूलाई संगठित गरी कस्केली राजाले शासन गरेका थिए।

विस्तार विस्तार भएको नेपाल राष्ट्रको एकीकरण अभियान सिलसिलामा नेपाली फौजले वि० सं० १८४२ मा कास्कीमा पनि आक्रमण गऱ्यो। कास्कीका तत्कालीन राजा सिद्धिनारायण शाह पराजित भै भागे। कास्की राज विशाल

नेपालमा विलीन हुन पुग्यो। कास्की बाट्टुलेचौर लामाचौरको अमाली विसौनाको थुंकामा नौमुखिया र अमालीको स्थिति बन्देज भयो। त्यही स्थिति बन्देजलाई वि० सं० १९०३ पश्चात् श्री ३ जंगबहादुर राणाको स्थिति कालमा कंपू पल्टनले कुलापानी राजघाट, बाटो घाटो साँगु झोलुंगो आदि सामान्न्य निर्माणको काम गर्दै आएको थियो। यस सम्बन्धी केही उपयोगी सामग्री हामीले परिशिष्टमा दिएका छौं।

आज बाट्टुलेचौर बडाकोटको जिर्णोद्धार र पुरातात्विक संकलन अध्ययन हुन सकेको छैन। शाहकालीन ( बाइसे चौबिसे राज्यकाल ताकाको उपयोगी सामग्री यसै विश्रृङ्खलित भएका छन्। पञ्चपल्लव र कालिकाको नित्य पूजा हराउँदै छन्। मूर्तिको दर्शन हुन छोडयो। वि० सं० १८८० सालतिर सुवेदार्नी भक्तकुमारी थपेनीवाट गुठी राखिएको स्वामी श्री नित्यानन्द मार्फत खोलिएको भाषापाठशाला आज छैन। खाँगी श्री ५ स्व: इन्द्रराज्यलक्ष्मी कन्या स्कूलमा गाभिएको बुझिन्छ। एकातिर भौतिक उन्नतिले गर्दा आध्यात्मिक भावना सेवा र त्याग विस्तार विस्तार सेलाउँदै छ भने अर्कातिर खाओ पिओ मोज उडाओ (पूजा आजा र धर्म कर्म केही छैन) भन्ने नास्तिक प्रवृत्तिको बाढी बढ्दै छ। आफ्नो अतीत र वर्तमानलाई हेरी जीवन उन्मुख वन्ने हिन्दू दर्शनको परंपरामा यो बिचारलाई राम्रो मान्नु औचित्य छैन। यसै परि प्रेक्षमा त्यो पुरानो राष्ट्रियतालाई घिट्घिटो रूपमा जोगाउँदै आएको कास्कीकोट मौलो तपस्वी झैं समाधिस्थ छ।

—:०:—

# शाहवंशको क्रम

रामशाहका पंडित चित्र बिलासले कश्चित् भनि संकेत गरिएका महाराज ऋषिराज पछि निम्नलिखित राजा-महाराजाको क्रम निर्धारित छ—

१. जिल्लराज २. अजित ३. अटलराज ४. तुथराज
५. विभीकीराज ६. हरिराज ७. ब्राह्मणिक ८. मन्मथ
९. जैतखान १०. सूर्यखान ११. मिचाखान १२. विचित्रखान
१३. यशोब्रह्म १४. द्रव्यशाह ( वि० सं० १६१६–१६२७ सम्म गोरखा राज्य स्थापना गरी शाह वंशीय राज्य क्रमको शिलान्यास गरे )
१५. पूर्ण शाह १६. छत्र शाह १७. राम शाह १८. डम्वर शाह
१९. कृष्ण शाह १०. रुद्र शाह २१. पृथ्वीपति शाह २२. वीरभद्र शाह
२३. नरभूपाल शाह

२४. श्री ५ वडा महाराजाधिराज पृथ्वीनारायण[1] शाह

जन्म : वि० सं० १७७९, गद्दी आरोहण बि० सं० १८००
स्वर्गारोहण : बि० सं० १८३१

२५ श्री ५ महाराजाधिराज प्रतापसिंह शाह

जन्म : बि० सं० १८०८, गद्दी आरोहण बि० सं० १८३१
स्वर्गारोहण : बि० सं० १८३४

२६. श्री ५ महाराजाधिराज रणबहादुर शाह

जन्म : बि० सं० १८३२, गद्दी आरोहण : वि० सं० १८३४
पद त्याग बि० सं० १८५५, स्वर्गारोहण बि० सं० १८६३

२७. श्री ५ महाराजाधिराज गीर्वाण युद्ध विक्रम शाह

जन्म : बि० सं० १८५४, गद्दी आरोहण : वि० सं० १८६३
स्वर्गारोहण : वि० सं० १८७३

२८. श्री ५ यहाराजाधिराज राजेन्द्र विक्रम शाह

जन्म : बि० सं० १८७०, गद्दी आरोहण बि० सं० १८७३
पद त्याग वि० सं० १९०४, स्वर्गारोहण बि० सं० १९३८

---

[1] —विशाल नेपालको निर्माण गरी उपत्यकालाई समेत एकीकरण गरे—वडामहाराज

२९, श्री ५ महाराजाधिराज मुरेन्द्र बिक्रम शाह
जन्म : बि० सं० १८८६, गद्दी आरोहण वि० सं० १९०४
स्वर्गारोहण : बि० सं० १९३८

३०. श्री ५ महाराजाधिराज त्रैलोक्य विक्रम शाह
जन्म : बि० सं० १९०४, स्वर्गारोहण : बि० सं० १९३४

३१. श्री ५ महाराजाधिराज पृथ्वीवीर बिक्रम शाह
जन्म : वि० सं० १९३२, गद्दी आरोहण बि० सं० १९३८
स्वर्गारोहण बि० सं० १९६८

३२. श्री ५ महाराजाधिराज त्रिभुवन[2] वीर विक्रम शाहदेव
जन्म : बि० सं० १९६३, गद्दी आरोहण बि० सं० १९६८
स्वर्गारोहण : बि० सं० २०११

३३. श्री ५ महाराजाधिराज महेन्द्र वीर बिक्रम[3] शाहदेव
जन्म : वि० सं० १९७७. गद्दी आरोहण वि० सं० २०११
स्वर्गारोहण बि० सं० २०२८ माघ १५

३४. श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव
जन्म : वि० सं० २००२ पौष १४, गद्दी आरोहण २०२८ माघ १७ गते

—:o:—

---

२—राणाशासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना गरे—राष्ट्रपिता

३—दलीय व्यवस्थाको अन्त्य गरी पंचायत व्यवस्थाको सूत्रपात गरे—श्री ५ महेन्द्र

# लामिछाने थापा कर्णाली अञ्चल (जुम्ला) देखि मालकोटबाट

## कास्की सराङकोट प्रवेश

१—सत्त्यसिंह थापा (अज्ञात)
२—फत्त्यसिंह थापा
३—खम्बसिंह थापा[1]
४—पृथुसिंह थापा (मृत्यु)
१—फत्त्यसिंह थापाका छोरा २
रणसिंह थापा १

**( धनकुटा मुगा प्रवेश )**

स. रामकृष्ण थापा १
रणसिंह थापाका छोरा १
सुरवीर थापा १
सुरवीर थापाका छोरा ४
उजिरसिंह थापा १
दलसिंह थापा १
नहकुल थापा १
देवसिंह थापा १ ( चनौटे )
१—उजिरसिंह थापाका छोरा १
**बागसिंह थापा १**
**ऐं.का छोरा १**
रणधीर थापा १
ऐं.का छोरा १  दुर्गासिंह थापा १
दुर्गासिंह थापाका छोरा २
नरबहादुर थापा १
गरुडध्वज थापा १
नरबहादुरका छोरा १
शम्शेरबहादुर थापा १
ऐं.का छोरा २ मीनबहादुर थापा १
वीरबहादुर थापा १
गरुडध्वजका छोरा १
भैरवबहादुर थापा १
ऐं.का छोरा २
चन्द्रबहादुर थापा १
*दिलबहादुर थापा १
दलसिंह थापा
ऐं.का छोरा ४
मैनसिंह थापा १
महाबीर थापा १
कर्ण थापा १ ( भिरचोक चनौटे )
बाजवर्ण( फ्ल्याङ्कोढ )
मैनसिंह थापाका छोरा ६
जहरसिंह थापा १
ले. नैनसिंह थापा १
पहलसिंह थापा १
लक्ष्मणसिंह थापा १
धनराजसिंह थापा १
हर्कबहादुर थापा १

---

[1] सन्तान अज्ञात    * कुलदेवता राखिएको मूलघर

**जहरसिंह थापा १**
ऐं.का छोरा ९
बुद्धिवल थापा १
दलखम्ब थापा १
चन्द्रवीर थापा १
अैमानसिंह थापा १
नवलसिंह थापा १
कमानसिंह थापा १
ज्वालासिंह थापा १
अकवर थापा १
जंगबीर थापा १
बुद्धिवल थापाका छोरा १
सैरबहादुर थापा १
ऐं.का छोरा ७
सुब्बा मानबहादुर थापा १
नेत्रबहादुर थापा १
कर्णबहादुर थापा १
कृष्णबहादुर थापा १
नरबहादुर थापा १
दिलबहादुर थापा १
भूमबहादुर थापा १
सुब्बा मानबहादुर थापा
ऐं.का छोरा ३
नारानबहादुर थापा १
चन्द्रबहादुर थापा १
सूर्यबहादुर थापा १
नारानबहादुरका छोरा २
प्रकाश थापा १
श्याम थापा १
नेत्रबहादुर थापाका छोरा ५
लोकबहादुर थापा १
दलबहादुर थापा १
खिमबहादुर थापा १
रामचन्द्र थापा १
प्रकाश थापा १
कर्णबहादुर थापाका छोरा २
चीनबहादुर थापा १
राजेन्द्र थापा १
कृष्णबहादुरका छोरा २
मोहन थापा १
महेन्द्र थापा १
नरवहादुर थापाका छोरा १
राजकुमार थापा १
दिलबहादुर थापाका छोरा १
राजेश थापा १
भूमवहादुर थापाका छोरा २
ध्रुवबहादुर थापा १
दलखम्ब थापा १
ऐं.का छोरा १
नवलसिंह थापा १
ऐं.का छोरा ४
बलबहादुर थापा ( ढुंगेसांघू )
जयबहादुर थापा १
दिलबहादुर थापा १
शम्शेर बहादुर १
जयबहादुर थापा
ऐं.का छोरा १
चीनबहादुर थापा १
ऐं.का छोरा २
मीनबहादुर थापा १
भरतबहादुर थापा १

मीनबहादुर थापाका छोरा
अन्जु थापा १
भरतबहादुर थापा १
ऐं.का छोरा
अर्जुन थापा १
दिलवहादुर थापा १
ऐं.का छोरा ४
मोती थापा १
गणेश थापा १
कृष्ण थापा १
राम थापा १
संसेरबहादुर थापा
ए.का छोरा ३
पदम थापा १
नेत्र थापा १
कुल थापा १
चन्द्रवीर × अैमानसिंह ×
कमानसिंह × ज्वालासिंह ×
अकबर थापा × जंगवीर ×
ले. नैनसिंह थापा ( बाटुलेचौर )
ऐं.का छोरा ३
नरजित थापा १
सुवेदार वागदल थापा १
बलु थापा १×
नरजित थापाका छोरा १
वीरध्वज थापा ×
सुवेदार वागदल थापा
ऐं.का छोरा ४
दलवहादुर थापा १
जहरे थापा १

हर्कबहादुर थापा १
डडीकान्छो थापा १
दलबहादुर थापाका छोरा १
डम्वरबहादुर थापा १
डम्बरवहादुर थापाका छोरा १
बाबुराम थापा १
बावुराम थापाका छोरा २
लक्ष्मण थापा १
कमल थापा १
जहरे थापा ×
हर्कबहादुर थापाका छोरा २
धर्मराज थापा (जनकवि केशरी १)
ख. लिप्तमान थापा १
धर्मराज थापाका छोरा ३
अ० मदनराज थापा १
प्रा० कुन्जराज थापा १
डा० बुलन्दराज थापा १
मदन थापाका छोरा १
समीर थापा १
कुन्जराज थापाका छोरा २
दीपक थापा १
किरण थापा १
लिप्तमान थापाका छोरा २
शिवराज थापा १
प्रेमराज थापा १
पहलसिंह थापा
ऐं.का छोरा सर्वजित थापा १
ऐं.का छोरा २
मनबहादुर थापा ( आसाम ) १
खड्गबहादुर थापा १
मनबहादुरका छोरा १

दानबहादुर थापा ( आसाम ) १
खड्गबहादुर थापाका छोरा २
चोकबहादुर थापा १
बलबहादुर थापा १
चोकबहादुर थापाका छोरा २
राजेन्द्र थापा १ कालु थापा १
लक्ष्मण सिंह थापा
ऐ.का छोरा ३
जुठे थापा १ ⎫
इन्द्रेबहादुर थापा १ ⎬ निसंतान
मोती बहादुर थापा १ ⎭
धनराज थापाका (पनाती कास्कीमा छन्)
ऐं.का छोरा १
हर्कबहादुर थापा १
ऐं.का छोरा २
मानबहादुर थापा १
भैरबहादुर थापा १
मानबहादुर थापाका छोरा २
नरबहादुर थापा १
कर्णबहादुर थापा १
**महावीर थापा**
ऐं.का छोरा १
डम्बरसिंह थापा १
ऐं.का छोरा ६
नरबहादुर थापा १
गड्डुलध्वज थापा १
रनध्वज थापा १
मानध्वज थापा १
नाम अज्ञात भलाम वसाइँ १
बांडिङ थापा १

नरबहादुर थापा
ऐं.का छोरा १
हर्कबहादुर थापा १
ऐं.को छोरा १
बखतबहादुर थापा १
ऐं.को छोरा
वलराम थापा १
गड्डुलध्वज थापा
ऐं को छोरा २
कहरसिह थापा १
जमानसिह थापा ×
कहरसिह थापा
ऐं.को छोरा ६
दानबहादुर थापा १ ×
सडकबहादुर थापा १
इन्द्रवहादुर थापा १
ईमानसिह थापा १
बुद्धबहादुर थापा १
इन्द्रबहादुर थापा १
सडकबहादुर थापा
ऐंकोछोरा १
वलबहादुर थापा १
इन्द्रबहादुरका छोरा
झलके १ वेलवहादुर १
वुद्धबहादुर थापाका छोरा
केशव थापा १
इन्द्रबहादुर थापाका छोरा २
प्रकाश १ सुन्दर १
कर्ण थापा : (रुपाताल भिर्चोक चनौटे
ऐंका छोरा २
जबर थापा १
गन्जु थापा १

जबर थापाका छोरा ३
चतुरे थापा १ रुद्रवीर १ तुलवीर–१
चतुरे अज्ञात :
रुद्रवीरका छोरा ३
केसरसिंह १ अज्ञात उजिरसिंह १
खम्बसिंह १
उजिरसिंहका छोरा ६
च्याँसे+कालु+धर्मबहादुर थापा १
सेरबहादुर थापा १ लोक ब०
संसेर ब०+
धर्मबहादुर थापाका छोरा १ शिवहरि १
सेरवहादुर थापाका छोरा ३
मनवहादुर १ संतबहादुर १ प्रेम थापा १
तुलवीर थापा :
ऐंका छोरा २
खड्गबहादुर थापा १+मानध्वज थापा १
मानध्वज थापाका छोरा २
दिलवहादुर १ भक्तबहादुर १
दिलवहादुर थापाका छोरा १
स्वर्गवहादुर थापा १
ऐंका छोरा २
सुकबहादुर थापा, रुमबहादुर थापा
भक्तबहादुर थापाका छोरा ५
रुद्रवहादुर १ घमण्डबहादुर १ समरे १
रुमवहादुर १ चन्द्रबहादुर १
खम्बसिंह थापा
ऐंका छोरा ६
बुद्धिबहादुर १ गगनसिंह १ भद्रवीर १
अज्ञात १ इन्द्रवहादुर १ कुसबहादुर १

बुद्धिबहादुरका छोरा २
रामजी थापा १ हरि थापा १
गगनसिंहका छोरा ४
दानबहादुर १ सुकबहादुर १ नेत्र व० मन व० १
भद्रवीरका छोरा ३
भीमबहादुर १ गद्थे १ विष्णे १
इन्द्रबहादुरका छोरा २
कृष्णे १ सन्ते १
कुलवहादुरका छोरा ३
समर व० १ विष्णे १ दीपक १

(भिर्चोक चिसापानीमा कंधनी डाँडाँवाट आएका हौं भन्ने कर्णवीर लामिछाने थापाको वंश वगाल यस्तो छ )

कर्णवीर १ अंगद थापा १
कर्णवीर थापाको छोरा ३
भीमराज १ जमले १ महावीरे १
भीमराजका छोरा २
नरसिंह १ तेजवहादुर १
नरसिंहका छोरा २
ह० मनवहादुर ह० अम्बरवहादुर १
मनका छोरा २
कृष्णबहादुर १ भरतबहादुर १
तेजबहादुर थापाका छोरा २
दिलवहादुर १ तीलबहादुर १
अंबरबहादुरका छोरा २
बुद्धिबहादुर १ वलराम थापा १
जमले थापाका छोरा २
पुड्के थापा १ ह० सकुल थापा १
पुड्के थापाका छोरा टेकवहादुर र
निजको छोरा दीपेन्द्र थापा

ह० सकुल थापाको छोरा ३
क० प० डंबरबहादुर थापा १
बेलबहादुर १ दलबहादुर १
डम्बर बहादुरको छोरा १
भीमबहादुर थापा १
वेल ब० को छोरा कृष्णबहादुर थापा
दलबहादुरको छोरा भंगारे थापा

**अंगद थापा**

अंगदका छोरा ३
प्रतापसिंह थापा १ जितबहादुर १
साना थापा १
प्रतापसिंहका छोरा खर्म्वसिंह थापा १
खर्म्वसिंहका छोरा २
हर्फबहादुर थापा १+श्यामबहादुर १
श्यामबहादुर थापाका छोरा बुद्धि था० १
जित ब० थापाका छोरा ३
भक्त ब० वाबुराम, तिर्थबहादुर+
भक्तबहादुर थापाका छोरा ३
अर्जुन १ रामचन्द्र १ कान्छो थापा १
बाबुराम थापाको छोरा भाइ थापा

( वि० सं० १९१४ सालमा जन्मनु भएका आफुलाई कास्की पोखरा जुम्लेटीवाट वसैं आएको भन्ने मिर्चोकका अैमान थापाको वंश क्रम : )

अैमान थापाका छोरा केसरसिंह थापा १
ऐंका छोरा ३
हर्क व० थापा+गडुलध्वज थापा+
अंबर बहादुर थापा १
अम्बरबहादुर थापाका छोरा ५
ह० पदंमबहादुर थापा १
ज० म० रणबहादुर थापा १
वीरबहादुर थापा १ सोमबहादुर था० १
पदम० का छोरा टुकबहादुर थापा १
रणबहादुरका रामजी थापा १
वीरबहादुरका छोरा सूर्यबहादुर १
सोमबहादुरका छोरा २
विक्रमराज थापा १ राजकुमार थापा १
**सन्तबहादुर थापाको छोरा बौटबहादुर**

**गन्जु थापा**

गन्जुका छोरा १०
नाहारसिंह थापा १ जुहार्लसिंह १
महावीर थापा १ जुद्धवीर थापा १
कालु थापा १ सेतु थापा १
सेतु थापा १ बहादुर थापा १
रणवीर थापा १ तीलविक्रम थापा १
नाहारसिंह थापाका छोरा ४
टेकबहादुर १ नरबहादुर १ कालु १
लालवहादुर १
टेकबहादुरका छोरा ५
दिलबहादुर १ देवराज १ पूर्ण ब० १
रुद्रबहादुर १ सु० मानबहादुर १
दिलबहादुरका छोरा १
मीनवहादुर १ यिनका छोरा २
नीलबहादुर १ रमेश थापा १
देवराज थापाका छोरा १
पदमवहादुर थापा १
पदमका छोरा ३
अमृत थापा १ आनन्द १ घनश्याम १
पूर्णबहादुरका छोरा ४
इन्द्रबहादुर १ आनन्द १ छत्रबहादुर १
एकबहादुर १

रुद्रबहादुरका छोरा हस्तबहादुर १
सु० मानबहादुर थापाका छोरा ६
रामबहादुर थापा १ हरिबहादुर था. १
नारानबहादुर १ कृष्ण १ अर्जुन १
राजेन्द्र १
नरबहादुर थापाका छोरा १
बडा अध्यक्ष बमबहादुर थापा १
बमबहादुर थापाका छोरा ६
ह० मे० रामबहादुर जम: कृष्ण ब० १
ध्रुव थापा १
सुब्बा ब. १ गोविन्द ब. १ मोहन ब. १
ह० मे० राम ब. का छोरा दीपक थापा
ज. म. कृष्णका छोरा काले थापा
लुरे थापा १ कालु थापा +
लालबहादुर थापाका छोरा २
सेरबहादुर थापा १ सु. रुमबहादुर था.१
सेरबहादुर थापाका छोरा २
जम: सन्तबहादुर थापा १
मानबहादुर थापा २
जम: सन्तबहादुर थापाका छोरा प्रकाश:
मानबहादुर थापाका छोरा १
धीरबहादुर थापा १ राजु थापा १
सु० रुमबहादुर थापाका छोरा १
समरबहादुर थापा
समरबहादुरका छोरा ३
कमल थापा १ लछिमन थापा १ कृष्ण १

**जुहालसिंह थापा**

जुहालसिंह थापाका छोरा १
टेकबहादुर थापा :
टेकबहादुर थापाका छोरा ६
च्यांग्रे १ गणपति +
काजीमान + काले ×
इन्द्रबहादुर १ डिलबहादुर थापा १ ×
च्यांग्रे थापाका छोरा २
संसेरबहादुर + यमबहादुर १
यमबहादुर थापाका छोरा २
दमनबहादुर १ हरि १
इन्द्रबहादुरका छोरा २
बलदीप थापा १ आनन्द थापा १

**महावीर थापा**

महावीर थापाका छोरा ५
मानबहादुर थापा १ तेजबहादुर थापा १
● हर्कबहादुर थापा १ रुद्रबहादुर थापा १
गंगाबहादुर थापा १
मानबहादुर थापाका छोरा
कृष्णबहादुर १
कृष्णबहादुरका छोरा ३
संवरबहादुर १ ईश्वरबहादुर १
अर्जुन १
सँवरबहादुर का छोरा ३
रामबहादुर १ सकलबहादुर १
आनन्द १
*तेजबहादुरका छोरा रामबहादुर १
घमण्डबहादुर १ स्वस्तिबहादुर १

**जुद्धवीर थापा ( कन्धनीडाँडा )**

जुद्धवीर थापाका छोरा ४
वि० वीरबहादुर थापा १ जयबहादुर १
ध्वजबहादुर थापा १
लालबहादुर थापा १

---

● चित्तौन वसैं ।   * भीमब. शिवब. चन्द्रबहादुर।

वि० वीरबहादुर थापाका छोरा ६

तेजबहादुर थापा १ ॐबहादुर थापा १

भीमबहादुर १ भक्तबहादुर थापा १

रामबहादुर थापा १ चन्द्रबहादुर थापा १

जयबहादुर थापाका छोरा २

कोमलबहादुर १ सूर्यबहादुर १

कोमलबहादुर थापाको छोरा ४

ध्वजबहादुर थापाका छोरा ३

पूर्णवहादुर थापा १ दिलवहादुर थापा १

पूर्णबहादुरका छोरा २

भूमवहादुर थापा १ तेजबहादुर थापा १

**कालु थापा**

**सेतु थापा**

सेतु थापाका छोरा

पूर्णबहादुर थापा १

पूर्णबहादुर थापाका छोरा २

बुद्धिबहादुर थापा १ बेलबहादुर थापा १

**बहादुर थापा**

बहादुर थापाका छोरा २

रुद्रवहादुर थापा १ लालबहादुर थापा १

रुद्रवहादुर थापाका छोरा ६

संसेरवहादुर थापा १

अंवरवहादुर थापा १

ढकवहादुर थापा, जिल्ला स०

कर्णबहादुर थापा १ जमबखतबहादुर १

ई० रामजी थापा १

संसेरबहादुर थापाका छोरा ३

रामबहादुर थापा १ लोकबहादुर १

कान्छो १

रामवहादुर थापाको छोरा इन्द्रबहादुर १

अम्बरबहादुर थापाका छोरा २

समर थापा १ बालकृष्ण थापा १

ढकबहादुर थापाका छोरा २

कमल १ ध्रुव १

जंम बखतबहादुर थापाका छोरा

दीपक थापा १

लालबहादुर थापाका छोरा–वेलबहादुर

धनेथापा, वीलबहादुर १

**रणवीर थापा**

**तीलविक्रम थापा**

तीलविक्रम थापाका छोरा ३

जितबहादुर थापा १

लालबहादुर थापा, १

पूर्णबहादुर थापा १

कालु थापाका छोरा ४

महावीर थापा १ जितवहादुर थापा १

जंगध्वज १ सक्तबहादुर थापा १

महावीरका छोरा २

केदारवहादुर थापा १

दानबहादुर थापा १

जितवहादुरका छोरा

श्यामबहादुर थापा १

**रणवीरका छोरा २**

हितबहादुर १ लोकबहादुर १

—: ० :—

---

✕ नि:सन्तान।

# फल्याङकोट--घघुँवाको हाँगो

[ कास्की फल्याङकोट थुँकी पंचायत वार्ड नं० ४ कुंडुलेखोलाको किनार, रानीवनको पुछार लामडाँडाँको बाह्रपिर्केमा गोदार डाँडाको बीच खोल्सोमा चिसा-पानी चनौटेका कर्ण थापाका भाई वाजवर्ण थापाले रस्ती रसाए, बस्ती बसाए। अगाडि थप्रेक कोटको डाँडा मुस्कुराउँछ। मादी गंगा सुसाउँछिन्। तीनतारा तितरी गर्दै तीनकालको सन्देश तित्रोले सुनाउँछ। यहाँका ढुंगाना बाहुन र छेत्री घघुंवाका लामिछाने र गोदार थापाहरूका काँधमा काँध मिलाई कालफाल गर्ने देखिए। खरले छाएका लामिछाने थापाहरूका १२ घर धुरीका परिवारले भीर पहरो फोर्छन्। ढुंगामाथि फापर छरेर परिवारको भरण पोषण गर्छन्। जसरी-तसरी जिन्दगीलाई दुःख जिलो गर्छन्। लामिछाने थापाहरू लमजुङ वांग्रेका पाखा पखेरा र भीर-पुस्तुनका दुर्गम थलोमा अनवरत मातृभूमि, पितृभूमिप्रति वलिदान भैरहेका छन् ]

**वाजवर्ण थापा**

वाजवर्ण थापाका छोरा ३

अंगद थापा १ जंगबीर थापा १

भासु थापा १

अंगद थापाका छोरा ५

बंबसिंह थापा १ × पहलसिंह थापा १

बखतवहादुर थापा १ × रनध्वज थापा १

पहलसिंह थापाका छोरा १

जमानसिंह थापा १

जमानसिंहका छोरा

खड्गवहादुर थापा १

खड्गवहादुर थापा का छोरा २

बयानबहादुर थापा १

सूर्यबहादुर थापा १

रनध्वज थापाको छोरा २

नवलसिंह थापा १ हर्कबहादुर थापा १

नवलसिंह थापाका छोरा ४

संसेरबहादुर थापा १ जगतबहादुर थापा

दीर्घबहादुर थापा, होमबहादुर थापा १

संसेरबहादुर थापाका छोरा २

कृष्णबहादुर, मीनबहादुर थापा

जगतबहादुरका छोरा–चन्द्रबहादुर थापा

दीर्घबहादुर थापाका छोरा–दीपेन्द्रबहादुर

होमवहादुरको छोरा–रोमबहादुर थापा

**जंगबीर थापा**

जंगवीर थापाका छोरा–कालु थापा १

कालु थापाका छोरा–२

गंभीरसिंह–१ वलवहादुर थापा १

गंभीरसिंह थापाका छोरा २

घमबहादुर थापा १ ×

सुकबहादुर थापा १

सुकबहादुर थापाका छोरा–
बलबहादुर थापा १

### भासुर थापा

भासुर थापाका छोरा–तीलविक्रम थापा१

तीलविक्रम थापाका छोरा ४
डंबरसिंह थापा १ बीरबहादुर थापा १
थीरबहादुर × भंगाले ×

डम्बरसिंह थापाका छोरा–
हर्कबहादुर थापा १

हर्कबहादुर थापाका छोरा–
रामबहादुर थापा १

वीरबहादुर थापाका छोरा ५
सन्तवहादुर थापा १ सेरवहादुर थापा १
रुमबहादुर थापा १ छनकवहादुर थापा
श्री वहादुर थापा १

### कास्की सराङकोट सिम्तालको हांगो
### नहकुल थापा

नहकुल थापाका छोरा भीमसेन थापा १
भीमसेन थापाका छोरा अर्जुन थापा १

अर्जुन थापाका छोरा ३
सहदेवसिंह थापा १ नैर्नसिंह थापा १
ऐंमर्नसिंह थापा १

सहदेवसिंह थापाका छोरा २
चंर्फासिंह थापा १ टेकबहादुर थापा १

चंर्फासिंह थापाका छोरा ५
गगर्नसिंह थापा ×
जि० मु० दिलबहादुर थापा
गरुड़ध्वज थापा १ पहलसिंह थापा १
नरवहादुर थापा १

जि० मु० दिलबहादुर थापाका छोरा ४
लोकबहादुर थापा १ बेलबहादुर थापा १
रामबहादुर थापा १ चित्रबहादुर थापा १

गरुडध्वज थापाका छोरा
देवीबहादुर थापा १

पहलसिंह थापाका छोरा २
हर्कबहादुर थापा १ समरबहादुर थापा १

नरबहादुर थापाका छोरा
बमबहादुर थापा १

टेकबहादुर थापाका छोरा ४
दानबहादुर थापा १†
मेजर : इन्द्र वहादुर थापा १●
दिलबहादुर थापा १† कान्छा थापा १●

दानबहादुर थापाका छोरा ४
पूर्णबहादुर थापा १ रामबहादुर थापा·
वैदाम १ सेर वहादुर १

इन्द्रबहादुर थापाका छोरा ५
आत्म ब० था० १ कृष्ण ब० थापा १
दिलबहादुर थापा १
अर्जुनबहादुर थापा १

### नैर्नसिंह थापा

नैर्नसिंह थापाका छोरा २
जंगवीर थापा १ सानाकान्छा थापा १

जंगबीर थापाका छोरा ५
बलबहादुर थापा +पूर्णवहादुर थापा १
लालबहादुर थापा १
टेकवहादुर थापा १ कृष्ण व० थापा १

पूर्णबहादुर थापाका छोरा १
गोपाल बहादुर थापा १

---

† भंगरा ● ग्यार्जाती फेदी † चितौन ● बैंदाम

लालबहादुर थापाका छोरा २
काजीमान थापा १ डम्बर वहादुरथापा १
टेकबहादुर थापाका छोरा २
कर्णबहादुर थापा १ मानबहादुर था० १
कृष्णबहादुरका छोरा टेकवहादुर था० १
टेकवहादुर थापाका छोरा खड्ग वहादुर

**अैमनसिंह थापा**

अैमनसिंह थापाका छोरा–४
धनराजसिंह थापा १ जंगबीर थापा १
खड्गवहादुर १ यमबहादुर थापा +
धनराज थापाका छोरा हर्कबहादुर थापा
जंगबीर थापाका छोरा
टेकवहादुर थापा १
टेकबहादुर थापाका छोरा २
गंगवहादुर थापा १ कृष्णवहादुर थापा
गंगवहादुर थापाका छोरा (नामअज्ञात)
कृष्णवहादुर थापाका छोरा ४
होमबहादुर थापा १ झपट वहादुर थापा १
बीरवहादुर थापा १
हर्कवहादुर थापा १

**लामाचौर चनौटेको हाँगो**

**देवसिंह थापा**

देवसिंह थापाका छोरा २
सुरवीर थापा १ धनबीर थापा १
सुरवीर थापाका छोरा ३
पद्मसिंह थापा १ दिल्ली व० था० १
जमानसिंह थापा १
पद्मसिंह थापाका छोरा २
ठुलाकान्छा थापा १ साना कान्छा थापा १
ठूला कान्छाका छोरा शिव थापा १
सानाकान्छाका छोरा २
जेठा कुलबहादुर थापा १ माहिला १
कान्छा १ जिमिरे बस्ने

**धनबीर थापा**

धनवीर थापाका छोरा ४
जसराज थापा १ खड्गवहादुर थापा १
केहेरसिंह १ वलबहादुर थापा १
केहेरसिंह थापाका छोरा १
ह० जंगवीरथा० १ खड्गबहादुर था० १
ह० जंगवीरका छोरा ३
कर्णबहादुर थापा १ रणसिंह थापा १
खम्भसिंह थापा १
रणसिंह थापाका छोरा २
डि० सेरबहादुर थापा १
बि० इन्द्र ब० थापा १
डिट्ठा सेरबहादुर थापाका छोरा ३
ख० टेक बहादुर थापा १
तीलकबहादुर थापा १ विश्वप्रकाश १
टेकबहादुर थापाका छोरा ध्रुवथापा
बि० ईन्द्रबहादुर थापाका छोरा २
चेतवहादुर थापा १ नारन व० था० १
चेतबहादुर थापाका छोरा २
नरेन्द्रसिंह थापा, डम्बर ब० थापा

**खम्बसिंह थापा**

खम्बसिंह थापाका छोरा ५
ॐ ब० थापा टिका ब० थापा १
नरब० थापा १
अणकबहादुर थापा १
लोकेन्द्रबहादुर थापा १
ॐ बहादुरका छोरा अैमन १
रबि थापा १
टिकबहादुर थापाका छोरा किशोर १

# ग्यार्जाति लामिछाने थरको हांगो

**जहरसिंह थापा**

जहरसिंह थापाका छोरा–६
चन्द्रबीर थापा १ अैँमानसिंह थापा १
कमानसिंह थापा १ ज्वालासिंह थापा १
अकबर थापा १ जंगबीर थापा १
चन्द्रबीर थापाका छोरा १
सर्वजित थापा १
सर्वजितका छोरा हर्कबहादुर थापा १
हर्कबहादुर थापाका छोरा ३
कृष्णबहादुर थापा १ रणवहादुर था० १
रुद्रबहादुर थापा १
अैँमानसिंह थापा छोरा २
लोकबहादुर थापा १ सूर्यबहादुर थापा १
सूर्यबहादुर थापाका छोरा
यमबहादुर थापा
कमानसिंह थापा ×
ज्वालासिंह थापाका छोरा ठुलो
हर्कबहादुर थापा
ठुलो हर्कबहादुर थापाको छोरा ४
भीमबहादुर थापा, संसेरवहादुर थापा १
धनबहादुर थापा १ हिरा व० थापा १
संसेर वहादुरका छोरा
रत्न वहादुर, गोवर्धन १
अकबर थापाका छोरा ४
काले थापा १ मानवहादुर थापा १
द्रानबहादुर थापा १ रामबहादुर था० १
कालेको छोरा रामचन्द्र थापा
जंगबीर थापाका छोरा लतरसिंह १+
डंवरध्वज १ डम्बरध्वजका छोरा १
टेकबहादुर थापा १ टेकबहादुरका छोरा
खड्गबहादुर

**ग्यार्जाति-टापु थरमा बस्ने**

नाहारसिंह थापाका छोरा २
केसर थापा १ सन्तबीर थापा १
केसर थापाका छोरा ४
कर्णवहादुर १ चन्द्रवहादुर थापा १
बाटुल थापा १ अज्ञात १
कर्णवहादुर थापाका छोरा २
कृष्णवहादुर थापा १
धनबहादुर थापा १
कृष्णवहादुर थापाका ४ भाइ मध्ये
परशुराम थापा
धनबहादुर थापाका छोरा
रामबहादुर थापा १ काजी १
सन्तवीर थापाका छोरा ३
सेरबहादुर थापा १ फत्त्यसिंह थापा १
रणबहादुर थापा ×
सेरबहादुर थापाका छोरा
हर्क वहादुर थापा
आफुलाई पुर्वेली भन्ने थापाहरू

---

दलखम्भ थापाका छोरा रुद्रबहादुर
रुद्रबहादुर थापाका छोरा
हरिबहादुर थापा

## 'कास्की सराङ्कोट बाट मुगामा प्रवेश

## धनकुटा-मुगाली थापाका सन्तान

**स० रामकृष्ण थापाका छोरा ४**
कालु थापा १ नाम अज्ञात १
वालाराम थापा १ ( निसन्तान )
बलभद्र थापा १
कालु थापाका छोरा २
अमरसिंह थापा १ बिजय थापा १
अमरसिंह थापाका छोरा ३
चंपै थापा १ हातीराज थापा १
नयराज थापा १
चंपै थापाका छोरा २
इन्द्रवीर थापा १ भक्तु थापा† १
इन्द्रवीर थापाका छोरा ४
अकबीर थापा १ गंभीर थापा १ +
रामभद्र थापा १ वामा थापा १
अकवीर थापाका छोरा १ हर्कवीर
हर्कवीर थापाका छोरा १ काजीमान
वाँका थापाका छोरा १ पद्मेथापा ×
हातिराज थापाका छोरा २
सुबेदार अमृत थापा १ जितमान १×
सुबेदार अमृत थापाका छोरा २
जमादार जंगवीर थापा १
सुबेदार कटक बहादुर थापा १
जमदार गंभीर थापाका छोरा ३
सुबेदार मानध्वज थापा १ रिपुमर्दन
थापा १ ह० हस्तवीर थापा १
सुबेदार मानध्वज थापाका छोरा ३
ह० डम्बरबहादुर थापा १ चक्र बहादुर
थापा १ भक्तवहादुर थापा १
रिपुमर्दन थापाका छोरा २
अंबरबहादुर थापा १
ह० दलबहादुर थापा १
ह० हस्तबीर थापाका छोरा ३
तेजबहादुर थापा १ सेरबहादुर थापा १
लोकबहादुर थापा १

**नयराज थापा**

नयराज थापाका छोरा २
सुबेदार अमृत थापा १ जितमान थापा +
अमृत थापाका छोरा २
सुबेदार कटकबहादुर थापा १ जमादार
जंगबीर थापा १
सुबेदार कटकबहादुर थापाका छोरा ३
सुबे० सेतु थापा १ ( इलाम बसैं )
ह० वीरध्वज थापा ● जसमान था० १
जसमान थापाको छोरा २
सु० रनध्वज थापा १ भीमब० थापा १
सु० रनध्वज थापाको छोरा २
तेजबहादुर थापा १ डी० बमब० थापा १
डी० बमबहादुर थापाका छोरा ४
सुवर्ण थापा १ रुद्र थापा १ (अज्ञात) २
भीमबहादुर थापाको छोरा १
जगत बहादुर थापा १
जगत बहादुर थापाका छोरा १
टेकबहादुर थापा १
टेकबहादुर थापाका छोरा १
कोषबहादुर थापा १

---

† छोरा सिंहवीर निःसन्तान ।

● इलाम बसैं

## विजय थापा

विजय थापाका छोरा ३

सि० नैनसिंह थापा १ सिंहराज था० १
स्वरुप थापा १

सि० नैनसिंह थापाका छोरा २
ह० कालु थापा १ परतें थापा १

ह० कालु थापाका छोरा ३
अवलसिंह थापा १ +करबीर थापा १
सि० मानध्वजसिंह थापा १

करवीर थापाका छोरा ३
पृथ्वीध्वज थापा १ सि० कृष्णबहादुर (आसाम) १ ललितबम थापा १ ×

सि० मानध्वज थापाका छोरा १
अडीमर्दन थापा १

परते थापाका छोरा १
जीतमान थापा १

जीतमान थापाको छोरा १
रणध्वज थापा १

(२) सिंहराज थापा ×

(३) स्वरूप थापा

(३) स्वरूप थापाका छोरा ५
(१) सि० कीर्तिमान थापा १ सि० खड्गसिंह थापा १ कालू थापा × सि० दत्तु थापा १ विर्ने थापा १

सि० कीर्तिमान थापाका छोरा ३
खम्बसिंह थापा १ हेमदल थापा १ लट्ठे थापा[1] १

खम्बसिंह थापाका छोरा ३
मानवीर थापा + वृधिमान १
देवीबहादुर थापा १

वृद्धिमान थापाका छोरा ३
बलभद्र थापा १ रितुवर्ण १
खड्गबहादुर थापा १

देवीबहादुर थापाका छोरा ६
कटकबहादुर थापा + अडिदल थापा +
मोतीप्रसाद थापा + सिद्धिमान थापा[2]
धोजवीर थापा १ ( आसाम बसैं )
शिवलाल १ ( आसाम बसैं )

सि० खड्गसिंह थापाका छोरा १
बुद्धिमान थापा १

बुद्धिमान थापाका छोरा ३
अडिमर्दन थापा १ ( आसाम बसैं )
बहादुर थापा १ बलभद्र थापा :

हेमदल थापाका छोरा ४
सिंहवीर थापा + सु० महावीर थापा १ ( इलाम बसैं ) सिंहदल थापा १
सिपाही अमृतसिंह थापा १

सि० अमृत थापाका छोरा ४
सुरवीर थापा + भीमबहादुर थापा १
मदनबहादुर थापा १ धनबहादुर थापा १

भीमबहादुर थापाका छोरा ३
फत्तेबहादुर थापा १ हरिबहादुर थापा १
मानबहादुर थापा १

मदनबहादुर थापाका छोरा
पदमबहादुर थापा १

धनबहादुर थापाका छोरा
पदमबहादुर थापा १

कालू थापा : निःसन्तान

---

[1] लसुने बसाइँ।

[2] आसाम बसाइँ।

सि० दत्तु थापाका छोरा ३
अँमान थापा १ मेहेरमान थापा १
नाम अज्ञात मेहेरमान थापाका छोरा १
छत्रबहादुर थापा १
छत्रवहादुर थापाका छोरा ३
धनवहादुर थापा १ चक्रबहादुर थापा १
लालवहादुर थापा १
अँमान थापाका छोरा ४
रहरमान थापा १ (हात्तीखर्क बसैं)
चहकमान १ ( आसाम बसैं )
हर्कवहादुर थापा १ बलभद्र थापा १
हर्कबहादुर थापाका छोरा काले थापा

**बालाराम थापा**

वालाराम थापाका छोरा १
वलभद्र थापा १
वलभद्र थापाका छोरा सुरवीर थापा १
सुरवीर थापाका छोरा २
ह० कालू थापा १ भक्तु थापा १
ह० कालू थापाका छोरा २
रनकेसर थापा १ ह० अडीमर्दन थापा १

**रनकेसर थापाका छोरा ९**

भरध्वज थापा १ ( आसाम बसैं )
नरसिंह थापा १ ( आसाम बसैं )
वलबहादुर थापा १ ( नि:सन्तान )
जयबहादुर थापा १ ( आसाम बसैं )
सनर्कसिह थापा १ वंबहादुर थापा ×
चक्रवहादुर थापा १ ( आसाम बसैं )
पहलमान थापा ( नि:सन्तान )
रत्नबहादुर थापा ×

सनर्कसिह थापाका छोरा २
टिकाराम थापा १ मोहन थापा १
टिकाराम थापाका छोरा पुड्के थापा १
ह० अडीमर्दन थापाका १
नरध्वज थापा १
नरध्वज थापाका छोरा ४
पदमबहादुर थापा १ दलवहादुर थापा १
मानवहादुर थापा १ ( नि:सन्तान )
चक्रबहादुर थापा १
पदमबहादुर थापाका छोरा २
रामचन्द्र थापा १ पूर्नबहादुर थापा १
दलवहादुर थापाका छोरा ३
पहलमान थापा १ जुठे थापा १
लींडे थापा १
चक्रबहादुर थापाका छोरा ३
साने थापा १ भोटे थापा १ काले थापा १
भक्तु थापाका छोरा ५
जंगवीर थापा १ ( नि:सन्तान )
भैरे थापा १ मानध्वज थापा १ (नि.सं.)
खड्गसिह थापा १ धनवीर थापा १
भैरे थापाका छोरा १ वलवहादुर थापा[1]
खड्गसिह थापाका छोरा ३
सेते थापा १ ( आसाम बसैं )
चतुरमान १ दलवहादुर थापा १
( हात्तीखर्क बसैं )
धनवीर थापाका छोरा ३
ऐवर्ण थापा १ मानवीर थापा १
जहरसिह थापा १

---

[1] श्यामलित बसैं ।

## बलभद्र थापा

बलभद्र थापा का छोरा ३

सुबेदार चामु थापा १ जसीवन्त १

सुवेदार मुकुन्द थापा १

सुबेदार चामु थापा का छोरा २

जमादार बिरू थापा १ ले. अर्जुन थापा १

जमादार विरू थापाका छोरा ५

ह० भीमसेन थापा १ नाम अज्ञात १ (नि. सन्तान) सु० बलभद्र १ ले० खड्गसिंह थापा १ सु० गंभीर थापा १

ह० भीमसेन थापाका छोरा १०

रितुवार थापा १ कुलदीप थापा १

केव १ रतने थापा १ रञ्जने थापा १

लिटे थापा १ रघुवीर थापा १

भरध्वज थापा १ ह० संसेर थापा १

बुद्धिमान थापा[1] १ (सबै निसंतान)

ह०संसेरको छोरा तिलविक्रम (इलाम बसैं)

सुबेदार बलभद्र थापाका छोरा (आसाम ३)

हस्तवीर थापा १ जितमान थापा १

जुद्धवीर थापा १

ले० खड्गसिंह थापाका छोरा ६

सु० धनवीर थापा[2] १

कोते नरध्वज थापा १

अ० सुरध्वज थापा १

मानध्वज थापा १ वलवहादुर थापा १

दलवहादुर थापा १

कोते नरध्वज थापाका छोरा २

पदमबहादुर थापा १ दीपवहादुर थापा १

पदमबहादुर थापाका छोरा २

गरुडध्वज थापा १ इन्द्रबहादुर थापा १

दीपबहादुर थापाका छोरा ३

अम्बरबहादुर थापा १ धनबहादुर थापा काले १

मानध्वज थापाका छोरा पद्मजङ (आसाम बसैं)

बलबहादुर थापाका छोरा ४

टंकबहादुर १ लोकबहादुर १

ह० कृष्णबहादुर थापा १ लैनबहादुर १

टंकबहादुर थापाका छोरा गणेश थापा

लोकबहादुरका छोरा ३

चन्द्रबहादुर १ दलबहादुर १ रिपुमर्दन १

ह० कृष्णबहादुरका छोरा ६

दानबहादुर १ खड्गबहादुर १

लछीमन १ दलबहादुर १ पदमबहादुर १

पद्मकेसर १

लैनबहादुरका-छोरा डम्बरबहादुर थापा

दलबहादुर थापाका छोरा २

धर्मध्वज थापा १ टेकबहादुर थापा १

सुबेदार गंभीर थापाका छोरा लछीमन (पातले बसैं)

## ले० अर्जुन थापा

ले० अर्जुन थापाका छोरा २

ले० कालू थापा १

ले० रन्धोज थापा १

ले० कालू थापाका छोरा

ले० भैरव थापा

---

[1] आसाम बसैं।

[2] सेरबहादुर थापा, कमलबहादुर थापा १ बाँफी

ले० भैरव थापाका छोरा ५

मु० देवीबहादुर थापा १+ सि० गणेश

सि० दीपबहादुर थापा १+

सु० अंबरबहादुर थापा १

डि० नरेन्द्रबहादुर थापा १

सि० गणेशबहादुरका छोरा २

अम्बरबहादुर थापा १

भक्तबहादुर थापा १

सु० अम्बरबहादुर थापाको छोरा २

ख०भक्तबहादुर थापा १ झपट थापा १

भक्तबहादुर थापाका छोरा २

तिलकबहादुर थापा १

खड्गबहादुर थापा १

झपटबहादुर थापाका छोरा-जनक थापा १

डि० नरेन्द्रबहादुर थापाका छोरा २

गोविन्दबहादुर थापा १

इन्द्रबहादुर थापा १

गोविन्दबहादुर थापाका छोरा ४

उमेश १ हरिबहादुर १ +१ +१

इन्द्रबहादुर थापाका छोरा ४

बद्री १ राजु थापा १ +१ +१

ले० रन्धोज थापाका छोरा ३

क० प० नरसिंह थापा १

क० प० करबीर थापा १

मे० क० जगतबहादुर थापा (निसंतान)

क० प० नरसिंह थापाका छोरा १

ले० रिपुमर्दन थापा १

ले० बुद्धिमान थापा १

बुद्धिमान थापाका छोरा ३

सु० लोकबहादुर थापा १

मु० कनक थापा १

सु० अंवरबहादुर थापा १

लोकबहादुर थापाका छोरा–

मु० पदमबहादुर थापा

मु० पदमबहादुर थापाका छोरा २

खड्गबहादुर थापा १ भोटु थापा १

मु० कनक थापाका छोरा ३

कमलबहादुर थापा १ देवीबहादुर थापा१

दलबहादुर थापा १

ले० रिपुमर्दनका छोरा हर्कबहादुर थापा

हर्कबहादुर थापाका छोरा ३

पदमबहादुर थापा १ रत्नबहादुर थापा १

भीमबहादुर थापा १

पदमबहादुर थापाका छोरा ३

बलबहादुर थापा १ टंकबहादुर थापा १

हरिबहादुर थापा १

रत्नबहादुर थापाका छोरा ३

उपेन्द्रबहादुर थापा १ अज्ञात १

भीमबहादुर थापाको छोरा २

रेवन्तबहादुर थापा १ अज्ञात १

क० प० करवीर थापा

क० प० करवीर थापाका छोरा ६

सु० अविदल थापा[१]

क० प० पहलमानसिंह थापा १

क० प० मदनमानसिंह १

क० प० नसीर्बसिंह थापा १

सु० भक्तबहादुर थापा १

खड्गबहादुर थापा १

---

[१] निसन्तान

Dilli Raman Regmi Kalyani Regmi Memorial Library Kathmandu, Nepal
काठमाण्डौ, नेपाल
07 NO 778

क० प० **पहलमानसिंह** थापाका छोरा ३
ले० नरनारायणसिंह थापा १
हेमबहादुर थापा १
कुलशेखरसिंह थापा १

ले० नरनारायणसिंह थापाका छोरा ३
राजनारायणसिंह थापा १
कृष्णनारायण थापा १
अजितनारायण थापा १

हेमबहादुर थापाका छोरा ३
लक्ष्मण थापा १ भूपेन्द्र थापा १
भूपाल थापा १

कुलशेखरसिंह थापाका छोरा ४
अच्यूत थापा १ अनुप थापा १
अनिल थापा १ अमोद थापा १

क.प. **मदनमानसिंह** थापाका छोरा ३
कप० उदीपसिंह थापा १
दुर्गामानसिंह थापा १
वसन्तमानसिंह थापा १

**कप. नसीबसिंह** थापाका छोरा ३
ले० टेकवहादुर थापा १
ध्रुवनरसिंह थापा १
तोत्रनरसिंह थापा १

ले० टेकबहादुर थापाका छोरा ९
डि० रुद्रवहादुर थापा १
भक्तवहादुर थापा १
चक्रेन्द्रबहादुर थापा १
**प्र० मं० सूर्यबहादुर थापा १**
देवेन्द्रवहादुर थापा १
मे० हरेन्द्रवहादुर थापा १
इन्जीनियर इन्द्रबहादुर थापा १
नगेन्द्र थापा १ भोगेन्द्र थापा १

डि० रुद्रवहादुर थापाका छोरा ११
भक्तवहादुर थापाका छोरा ३
चकेन्द्रबहादुर थापाका छोरा ५

**प्र० मं० सूर्यबहादुर** थापाका छोरा १
सुनिल थापा १

देवेन्द्रबहादुर थापाका छोरा ७
मे० हरेन्द्रबहादुर थापाका छोरा ३
ई० इन्द्रबहादुर थापाका छोरा १
नगेन्द्र थापाका छोरा १
भोगेन्द्र थापाका छोरा अज्ञात

**सु० भक्तबहादुर** थापाका छोरा ४
कृष्णवहादुर थापा १
लोकेन्द्रबहादुर थापा १
रणबहादुर थापा १
ले० रुद्रवहादुर थापा १

कृष्णबहादुर थापाका छोरा ४
रामजी थापा १ शिवजी थापा १
भरतजी थापा १ माधवजी थापा १

लोकेन्द्रबहादुर थापाका छोरा १
जनकजी थापा १

रणबहादुर थापाका छोरा २
डा० नारायण थापा १
श्यामजी थापा १

ले० रुद्रवहादुर थापाको छोरा ५
विष्णु १ सुरेन्द्र १ उदव १
मेशबहादुर १ विजय थापा १

**खड्गबहादुर थापाका छोरा**
राजेन्द्रबहादुर थापा १
धीरेन्द्रबहादुर थापा–१

राजेन्द्रबहादुर थापाका छोरा ४
विनोदवहादुर थापा १
जङ्गवहादुर थापा १
वीरेन्द्र थापा १ सत्येन्द्र थापा १

धीरेन्द्र थापाका छोरा २
केसरवहादुर थापा १
वोधविक्रम थापा १

**सुबेदार मुकुन्द थापाका छोरा ५**

निर्मल थापा १ ह० अम्वरसिंह थापा १
गजसिंह थापा १ कालु थापा १
कनकसिंह थापा १ ( निसन्तान )

निर्मल थापाका छोरा ३
सनमान थापा १ अस्मान थापा १
( निसन्तान ) जहरसिंह थापा १

जहरसिंह थापाका छोरा ५
भोटु र चामुका निसन्तान
सुरवीर थापा १ ह० दिगबीर थापा १
मे० क० श्रीकृष्ण १

सुरवीर थापाका छोरा पहिलो हांगो—
सुवे० भीमवहादुर थापा १
टेकवहादुर थापा १

सुवे० भीमवहादुर थापाका छोरा
भक्तबहादुर थापा १

भक्तवहादुरका छोरा २
वासुदेव थापा १ शंकर थापा १

टेकवहादुर थापाका छोरा पहिलो हाँगो
लाटे थापा १ कृष्णबहादुर थापा १
ढुंडीराज १ ( दोस्रो हाँगो )
भरतवहादुर थापा १ बलराम थापा १

सुरवीर थापाको दोस्रो हाँगो—
रणमर्दन थापा १ भैरव ब० थापा १
कुल वहादुर थापा १

रणमर्दन थापाका छोरा ४
हेडमवहादुर था. १ डम्बर बहादुर था. १
पुण्यबहादुर थापा १

भैरवबहादुर थापाका छोरा २
दुर्गाबहादुर थापा १ करबीर थापा १

दुर्गाबहादुर थापाका छोरा ७
प्रकाश था., उपेन्द्र थापा १ केशव थापा १
कुमार थापा १ राजेन्द्र थापा १
ईश्वर थापा १ अज्ञात १

कुलवहादुर थापाका छोरा ३
यज्ञवहादुर थापा १ विष्णुबहादुर थापा १
सूर्यबहादुर थापा १

ह० दिगवीर थापाका छोरा ३
खम्भे थापा १ नरवहादुर थापा १
अम्वर वहादुर १

नरवहादुर थापाका छोरा ६
मेगवहादुर थापा १ खड्गबहादुर थापा १
लोकबहादुर थापा १ केवल थापा १
गोपालवहादुर थापा १
इन्द्रवहादुर थापा १

मे० क० श्रीकृष्णवहादुर थापाका छोरा २
ह० पहलमान थापा १
ले० अर्जुन थापा १

ह० पहलमान थापाका छोरा ५
अज्ञात १ डम्बरवहादुर थापा १
रामवहादुर थापा १ शेरबहादुर थापा १
रणवहादुर थापा १

ले० अर्जुन थापाका छोरा ८
भोगेन्द्र थापा १ राजेन्द्र थापा १
नारायन थापा १ भगवान थापा १
ईश्वरी थापा १ बासु थापा १
शिव थापा १ शशी थापा १

ह० अम्बरसिंह थापा ( निसन्तान )
गर्जसिंह थापा ( इलाम बसैं )
कालु थापाका छोरा १
खड्गसिंह थापा १

खड्गसिंह थापाका छोरा ३
हर्के थापा १ नरे थापा १ (+)
जलबहादुर थापा १
हर्के थापाका छोरा–राते थापा[1]
पुडके थापा १
पुडकेका छोरा शुहे थापा १

[ वृन्दा मष्टा ( वनमसान-काली ) कुलदेवतालाई पुज्न माथिका लामिछाने थापाहरूको वंश क्रम यहीं टुङ्गिन्छ]

---

[1] आसाम बसाइं ।

# सम्माननीय प्रधानमन्त्री श्री सूर्यबहादुर थापाको संक्षिप्त जीवनी

सम्माननीय प्रधानमन्त्री श्री सूर्यवहादुर थापा

**जन्म** : मार्च १९२८ धनकुटा जिल्ला मुगा कोशी अञ्चल

**पिताको नाम** : लेफटेन्ट श्री टेकवहादुर थापा

**शिक्षा** : ईलाहावाद विश्वविद्यालय बी० ए०

**कार्य** : पञ्चायत र राजतन्त्रबारे केही लेख रचना

**सन** : १९६४ मा वाशिङ्गटनमा भएको विश्व बैंक सम्मेलनमा गभरनरको हैसियतले भाग लिनुभएको

**आमन्त्रित** : भ्रमण चीन र भारत

**मानपदवी** : त्रिशक्तिपट्ट प्रथम : गोरखा दक्षिणवाहु प्रथम:

**नेपाल श्रीपद प्रथम** : विशेष सेवा पदक र जर्मन अर्डरले विभूषित :

**विदेश-भ्रमण** : भारत, चीन, थाइल्याण्ड, जापान, ईटाली, फ्रांस,

**संयुक्त अधिराज्य** : संयुक्त राज्य अमेरिका :

**सामाजिक-जीवन** : भूमिगत विद्यार्थी आन्दोलनमा विद्यार्थी जीवनमा सर्वप्रथम भाग लिएको :

आत्मबिश्वास र जन अधिकारप्रति दृढ विश्वास राख्ने पढ्नमा विशेष रूचि :

१९५४-५६ सम्म नेपाली कांग्रेसको सदस्य :

१९५८ मा सल्लाहकार सभाको निर्वाचित सदस्य साथै सल्लाहकार सभाको अध्यक्ष

१९५९ नेपाल संसदको माथिल्लो सदनको मनोनीत सदस्य :

१९५९ मा दलगत राजनीति छोडेको

१९६० मा कृषि वन तथा उद्योग मन्त्रीमा नियुक्ति :

१९६२ का कृषि वन तथा उद्योग मन्त्रीमा नियुक्ति :

१९६२-६६ मा राष्ट्रीय पञ्चायतको मनोनीत सदस्य :

१९७२ मा अर्थमन्त्री :

१९६३ मा मन्त्रीमण्डलको उपाध्यक्ष तथा अर्थ आर्थिक योजना कानून तथा न्यायमन्त्री :

१९६४-६५ मन्त्रीमण्डलको उपाध्यक्ष : अर्थ कानून तथा सामान्य प्रशासन मंत्री

१९६४ मा मन्त्रीमण्डलको अध्यक्ष :

१९६६ मा धनकुटा जिल्लाबाट राष्ट्रीय पञ्चायतको निर्वाचित सदस्य :

१९६६-६९ मा प्रधानमन्त्री तथा राजदर्वार र अर्थ :

१९६९-७१ मा शाही सल्लाहकार सभामा नियुक्ति :

१९४९-७३ मा राष्ट्रीयपञ्चायतको सदस्यमा पुन: विर्वाचित सदस्य :

१९७२-७३ मा सुरक्षा कानून अन्तर्गत वन्दी ।
वर्तमान प्रधान मन्त्री :

———

# बाटुलेचौर थुं अर्मलाका बस्नेत् (बस्न्यातहरू)

**जुहाराम वस्न्यात**

**नरसिंह वस्न्यात**

**●बदलसिंह वस्न्यात**

**जुहाराम वस्न्यातका छोरा ५**

गजकेशर १ बीरभञ्जन १ वागवीर १
रामचन्द्र १ डम्बरसिंह १

**गजकेशरका छोरा २**

दलखम्व १ (काठमाडौं वसैं)
दुर्गाराम वस्न्यात

दुर्गारामका छोरा ४
मेहेरमान १ देवीवहादुर ( नि॰ सं॰ )
मानवहादुर × अम्वर वहादुर वस्न्यात १

मेहेरमान वस्न्यातका छोरा ४
पूर्णवहादुर १ डम्वरवहादुर १
मीनवहादुर १ तीर्थवहादुर १

पूर्णवहादुरका छोरा ४
कृष्णबहादुर १ नारान वहादुर १
रामवहादुर १ गंगाबहादुर वस्न्यात

डम्वरवहादुर वस्न्यातका छोरा २
क॰प॰ चन्द्रवहादुर १ पूर्णवहादुर १
कप : चन्द्रवहादुरका छोरा १
घनश्यामवहादुर १ बीरवहादुर १
जित वहादुर १

मानवहादुर वस्न्यातका छोरा–राजेन्द्र

तीर्थवहादुरका छोरा २
राजेन्द्र वस्न्यात १ वावुराम १
कृष्णवहादुरका छोरा धनवहादुर
नारानवहादुरका छोरा–हरिवहादुर

अम्वरवहादुर वस्न्यातका छोरा ५
रामचन्द्र १ चित्रवहादुर १ अकल व॰ १
जगतवहादुर १ रुद्रवहादुर १

रामचन्द्रका छोरा २
प्रकाश १ विकास १
चित्रवहादुरका छोरा–बंवहादुर
अकलवहादुरका छोरा उदयवहादुर

**बीरभञ्जन वस्न्यातका छोरा**

सुवेदार वंवहादुर वस्न्यात ( ४४ साल-को पर्वमा ज्यान सजायँ )
सुवेदार वखतवहादुर बस्न्यात १
नरबहादुर १ रिफले वलवहादुर १
चौमानसिंह १

सु॰ वखतवहादुरका छोरा ३
भीमबहादुर १ तुलबहादुर १
परशुराम १ ( प्रधानपंच )

भीमवहादुर वस्न्यातका छोरा २
टेकवहादुर १ रामबहादुर १

परशुरामका छोरा २
प्रेम वस्न्यात १ वसन्त वस्न्यात १

---

● धनकुटा जिल्ला भिरगाउँ वसैं : बि॰ सं॰ १९४४ को पर्वमा भागेर जांदा भारद्वाज गोत्र फापेन भनी आफुलाई धनञ्जय गोत्रका हौं भनी प्रचार गरे ।

नरबहादुरका छोरा २

जमानसिंह १ अम्बर बहादुर १

वलवहादुर वस्न्यातका छोरा ४

धनबहादुर १ नरबहादुर १

चन्द्रवहादुर १ तुलबहादुर १

तुलवहादुरका छोरा १ गोविन्दबहादुर

गोबिन्दवहादुरको छोरा १ धनवहादुर

**चौमानसिंहका छोरा ४**

सु० वेगबहादुर १ सु० देउमानसिंह १

डंबरवहादुर १ ललित बहादुर १

सुवेदार वेगवहादुरका छोरा ३

ढालवहादुर १ नीलबहादुर १

झलकबहादुर १

सुवेदार देउमानसिंहका छोरा २

केहेरसिंह १ रामजी १

डंबरवहादुरका छोरा १ खड्गबहादुर

खड्गबहादुरका छोरा १ भीमबहादुर

बागवीर वस्न्यातका छोरा ३

जितमवसिंह १ पहलसिंह १

अैमानसिंह ( निसन्तान )

जितमान वस्न्यानका छोरा २

हर्कबहादुर १ गुमानसिंह १

हर्कवहादुरका छोरा २

ज०म० छेत्रवहादुर १ कान्छो १×

ज०म० छेत्रवहादुर वस्न्यातका छोरा ३

भक्तबहादुर १ धर्मराज १ वाबुराम १

गुमानसिंहका छोरा सेरबहादुर

पहलसिंह बस्न्यातका छोरा २

खड्गबहादुर १ दिलबहादुर १

खड्गबहादुरका छोरा १ पदमबहादुर

पदमबहादुरका छोरा ५

रुद्रवहादुर १ रामचन्द्र १ स्यानु १

खिमबहादुर १ लेखबहादुर १

रामचन्द्र बस्न्यातका छोरा ३

नैनसिंह बस्न्यात १ [1]बुङ्चे +

गफ्रे बस्न्यात १

नैनसिंह बस्न्यातका छोरा ३

मु० तर्कबहादुर बस्न्यात १

धीरे वस्न्यात १ नरबहादुर +

मु० तर्कबहादुरका छोरा ३

धर्मराज बस्न्यात १ गजकेशर बस्न्यात १

धनवहादुर बस्न्यात +

धर्मराजका छोरा २

नीलवहादुर बस्न्यात १

तुलवहादुर बस्न्यात १

गजकेशरका छोरा वेगबहादुर—

वेगवहादुर बस्न्यातको छोरा १

धीरे बस्न्यातका छोरा २

दिलवहादुर बस्न्यात १

तुलबहादुर बस्न्यात +

दिलबहादुरको छोरा १ एकबहादुर

गफ्रे बस्न्यातका छोरा १ दलबहादुर

देलबहादुर बस्न्यातका छोरा ३

कुलबहादुर १ डंडे + फौदसिंह १

---

[1] हलो छोडी कोदालो, कोदालो छोडी हल खान लाग्यो बुङ्चे भ्याकुराको फल। बुङ्चेले गीठा भ्याकुर खाजा खाँदाको संज्ञना ।

कुलवहादुरको छोरा २
कृष्ण वस्न्यात १
अर्जुन वस्न्यात १

डंवरसिंह वस्न्यातका छोरा ४
सु० धोजवीर १ हर्कवहादुर+
नरवहादुर वस्न्यात
सु० भीमवहादुर वस्न्यात
नरबहादुरका छोरा १
अम्वरबहादुर वस्न्यात

अम्वरबहादुर वस्न्यातका छोरा ३
शेरवहादुर १ हिक्मतवहादुर १
धनवहादुर वस्न्यात १
शेरवहादुरको छोरा ३
हिक्मतवहादुरको छोरा ३
धनवहादुरको छोरा ३

सु० भीमबहादुर वस्न्यातका छोरा २
कर्णबहादुर वस्न्यात+
इन्द्रवहादुर भन्ने थर्पु कान्छा १
इन्द्रवहादुरका छोरा २
रामवहादुर १ गणेशवहादुर वस्न्यात १
रामवहादुरका छोरा १ पानबहादुर
नरसिंह वस्न्यातका छोरा १
विचारी गडुलध्वज वस्न्यात

वि० गडुलध्वजका छोरा ३
भक्तबहादुर वस्न्यात+१
जि० मु० वलवहादुर वस्न्यात १
ज०म० वमबहादुर वस्न्यात

जि० मु० वलवहादुरका छोरा ५
वाँके १ विचारी चन्द्रबहादुर वस्न्यात १
१ सु० नरवहादुर वस्न्यात १
देवीवहादुर वस्न्यात १
वाँके वस्न्यातका छोरा १
गणेशबहादुर वस्न्यात
गणेशवहादुरका छोरा १
गंगाबहादुर वस्न्यात

वि० चन्द्रवहादुर वस्न्यातका छोरा २
रा० भीमवहादुर वस्न्यात १
यज्ञवहादुर वस्न्यात १ (वडा अध्यक्ष)
रा० भीमबहादुर वस्न्यातका छोरा ४
लोकेन्द्र ब० १ अर्जुन ब० १
मुरारि व० १
खोमबहादुर १

यज्ञबहादुरका छोरा ५
तुलबहादुर ब०१ उदयबहादुर ब० १
कृष्ण ब० १ लछु ब० १ बीनु १
सु० नरबहादुरको छोरा १
इन्द्रबहादुर वस्न्यात
इन्द्रवहादुरको छोरा ४
कृष्ण १ राम १ बद्री १ लछु १
देवीबहादुर वस्न्यातका छोरा ६
दिलबहादुर वस्न्यात १ (उपप्रधान पंच)
कृष्णबहादुर १
कुलवहादुर १ भिउसिने १
मोतीवहादुर १ भोजबहादुर १
भोजवहादुरको छोरा १ सूर्यबहादुर

ज०म० बमबहादुर बस्न्यातका छोरा ३

डि० शेरबहादुर १ हर्कबहादुर १

राईटर नरबहादुर बस्न्यात १

डि० शेरबहादुर बस्न्यातका छोरा ४

होमबहादुर बस्न्यात १

भोजबहादुर बस्न्यात १

रामबहादुर बस्न्यात १

गोपाल बस्न्यात १

होमबहादुर बस्न्यातका छोरा १ भूपाल

हर्कबहादुरको छोरा १ हिमबहादुर

रा० नरबहादुरका छोरा ३

बाबुकाजी १ कुलबहादुर ब० १

मीनबहादुर ब० १

बाबुकाजीका छोरा १

कुलबहादुरका छोरा १ श्याम बस्न्यात

श्याम बस्न्यातका छोरा १ राजु

मीनबहादुरका छोरा १ रामबहादुर

# बस्न्यात घरानाको वंश

गढ चित्तौड शिशौदिया घरानाका राजवंशका कुलदेखि मुसलमानको अत्याचार क्रूर निर्मम हमलाबाट आफ्नो हिन्दू धर्म ती यवनका पन्जादेखि बचाउन, लुक्न यसै नेपालको पार्वत्य शिखरका लेक लेकान्तरमा प्रवेश गर्ने वीर क्षत्री बस्न्यातहरू हुन् । कुनैले खप्तड लेकको आश्रय लिए र तहीं गाँजरा बनाए । खप्तडी नलीमा बुट्टा भर्ने कलाको कामदेखि लिएर तरवार चलाउनमा सिपालु यी बस्न्यातहरू कुनै सिरू पालेर बस्तथे । कुनै दुलालहरूसँग कुम जोरी दुल्लूमा बसे । थरका खुलाल भए । कुनै सिरूपाली, कुनै खप्तडी थरमा विभाजित भै राष्ट्र नेपालको एकीकरण गर्ने काममा बडामहाराजा पृथ्वीनारायण शाहलाई काँधमा बोकी हिँड्ने अभिमानसिंह बस्न्यातको नाम इतिहासमा सुनका अक्षरले अङ्कित भैरहेको छ । कुनै भारद्वाज र कुनै कौशिक ऋषिबाट शिक्षा दीक्षा पाएका यी बस्न्यातहरू जुम्ला, डोटीदेखि पूर्व हानिंदै नेपाल अधिराज्यभरि छरिएका पाइन्छन् ।

पूर्व २ नं० भोटे सिरुवामा, सोलु काँगेलमा, भोजपुरमा, पोखरामा, कास्कीकोट र उपल्लो हेमजा बेसीमा, ठमेलमा, डिल्लीबजारमा, सिफलेमा, काठमाडौंको केलटोलमा वि० सं० १८३२ मा श्री प्रतापसिंहबाट सुना बिर्ता बक्स पाउने बस्न्यातहरूकै पुर्खा थिए ।

आज बल्कोटदेखि कास्कीकोटको तखत छँदै बाटुलेचौर लामाचौर गाउँमा झर्ने—जुहाराम बस्न्यातका भाइ बदलसिंह बस्न्यातको हाँगो धनकुटा भीरगाउँमा फैलिरहेको भेटिन्छ, जसका सन्तति कर्णेल भक्तबहादुर बस्न्यातको नाम लिन सकिन्छ । वि० सं० २०३३ मा रा० पं० स० माननीयको राष्ट्रिय जिम्मेदारीमा उठ्ता "शाहवंश एक विहंगम दृष्टिमा" भन्ने लिखित गहकिलो सुझाव उहाँबाट पेश भएको थियो ।

पूर्व किरांत प्रदेशकै 'कुराउनीको पेरुङ्गो एक साहित्यिक लेख उहाँले नेपाली साहित्यिक जगतलाई दिनुभएको पागुर अत्यन्तै मीठो छ । उहाँका जीजू बदलसिंह पोखराबाट हिंडेर धनकुटा बसाइँ गर्न पुग्दा आज त्यो वंश यसरी उन्नत हाँगाबिगा मुजुरा र चिल्ला चंकिला मिठासपूर्ण फल फूलमा फैलिंदै गैरहेको छ पढ्नुहोस् :—

**बदलसिंह बस्न्यात**

ऐंका छोरा ४

माथवरसिंह बस्न्यात १
ले० कृष्णसिंह बस्न्यात १
पृथुसिंह १ सु० दलगंभीर बस्न्यात
माथवर सिंह (अज्ञात)
ले० कृष्णसिंह बस्न्यातका छोरा १
श्रीमान बस्न्यात
सु० श्रीमान बस्न्यातका छोरा ३
ले० टंकबहादुर १ सु० उदयबहादुर १
इन्द्रबहादुर (अज्ञात)
ले० टङ्कबहादुरका छोरा ५
क० भक्तबहादुर बस्न्यात १
डि० हिकमतबहादुर ब० १

चित्रबहादुर+१ नगेन्द्रबहादुर १
त्रिभुबहादुर बस्न्यात १
क० भक्तबहादुरका छोरा ५
विश्व बस्न्यात+१ विदुर ब० १
सुभाष बस्न्यात १ हेमबहादुर बस्न्यात
विष्णुबहादुर बस्न्यात १
विदुरका छोरा २
विज्ञान ब० १ विकास ब० १
सु० उदयबहादुर बस्न्यातका छोरा ७
जगतबहादुर १ अगमबहादुर १
तेजबहादुर १ बलबहादुर १
वि० कटकबहादुर १ बखतबहादुर १
गोरखबहादुर बस्न्यात १

( डोटी खप्तड लेकदेखि कास्कीकोटमा आफ्नु तरवार सांध लगाउँ आएका भीमराज बस्न्यात खप्तडी थिए। उनकी छोरी हरिमाया ले० नैनसिंह थापाकी छोरीकी छोरी हुन्। हरिमायाले नैनसिंह थापाका नाती सु० वागदल थापाका छोरा हर्कबहादुर थापालाई भाइटीकाको दिन टीको लगाउने गर्दथिन् हरिमाया दुर्गाराम बस्न्यात खुलालको विवाहिता कान्छी पत्नी हुन्। कौशिक गोत्रका लामाचौरका गिरिराज खप्तडी बस्न्यातको वंश। )

गिरिराज बस्न्यातका छोरा १ गजराज
गजराजका छोरा १ धर्मसिह बस्न्यात १
धर्मसिहका छोरा ४
ज.म पद्मसिंह १ निशान लालबहादुर १
जगेबहादुर + सु० चीनबहादुर १
सुवे: अंबरबहादुर १
जम० पद्मसिहका छोरा २
भीमबहादुर १ मानबहादुर १
निशान लालबहादुरका छोरा २

भोजबहादुर ब० १ टेकबहादुर ब० १
सु० चिनबहादुरका छोरा ४
रूपबहादुर १ शिवबहादुर १ टंक ब०
हरिबहादुर बस्न्यात १
सुवे. अंबरबहादुर बस्न्यातका छोरा ३
श्याम १ नेत्र १ इन्द्र १
बस्न्यात माध्यन्दिनी क्षत्रिय शाखा त्रिप्रवर भारद्वाज गोत्र : मूलघर गोर्खा ?
❀ सिरपाली बस्न्यात

---

* २१११–१–१ मा बखतमान सिंह बस्न्यातद्वारा प्रतिपादित वंशावलीबाट।

**वि० जी० झपटसिहका छोरा चित्रसिह**

चित्रसिहका छोरा समीरसिह
ऐंका छोरा रामसिह तनका छोरा
नारसिह ऐं.का हम्मीरसिह
तनका छोरा जाधौसिह

जाधौसिहका छोरा २
जयराजसिह १ भीमराजसिह १
जयराज सिहका छोरा ४
जयसिह १ सेनापति शिवरामसिह १
जगतमणिसिह १ रणसिह १

**सेनापति शिवरामसिंहका छोरा ४**

काजी नाहरसिह १ प्र०से० केहरसिह १
काजी अभिमानसिह १
काजी धोकलसिह १

काजी नाहरसिहका छोरा २
वाकवीरसिह १ इन्द्रवीरसिह १

प्र० से० केहरसिहका छोरा ३
मूलकाजी वखतवारसिह १
काजी जहरसिह १
मूलकाजी कीर्तिमानसिह १

**काजी अभिमानसिंहका छोरा ३**

काजी रणवीरसिह १ केशवरसिह १
का० रणदीपसिह १

काजी केशवरसिहका छोरा २
कर्णेल गुन्जमानसिह १
कर्णेल वरफमानसिह १

कर्णेल गुन्जमानसिहका छोरा ४
छविमानसिह १ कप० दिलमानसिह १
सुव्वा कुमारमानसिह १ चेतमानसिह १

कप० दिलमानसिहका छोरा ३
सुवे : सूर्यमानसिह १ ले जगेमानसिह १
मुरलीमानसिह १

ले० जगेमानसिहका छोरा ३
सुवे० ठाकुरमानसिह १
ले० मदनमानसिह १
कप० मदनवहादुरसिह १

सुवे० ठाकुरमानसिहका छोरा २
सुवे० हनुमानसिह १ गोकोलमानसिह १

ले० मदनमानसिहका छोरा २
शरणमानसिह १ सिद्धिमानसिह १

कप० मदनवहादुरसिहका छोरा ३
धरेन्द्रमानसिह १ छलकमान १
वद्रीमान १

क० वरफमानसिहका छोरा २
कप० इन्द्रमानसिह १
मेक० देवीमानसिह १

कप० इन्द्रमानसिहका छोरा
वद्रीमानसिह

वद्रीमानसिहका छोरा १
वखतमानसिह १

**बखतमानसिहका छोरा १**

आनन्दप्रतापसिह

काजी धोकलसिहका छोरा १
काजी रणवीरसिह १

भीमराजसिहका छोरा १
रामभद्रसिह १

रामभद्रसिहका छोरा १
वदल सिह १

विसेन ठाकुर वंशका गोत्र : कौशिक :
थर : खप्तडी

वृ० क० पहलमानसिंह बस्न्यात

वृ० क० पहलमानसिंह
बस्न्यातका छोरा ५
ईमानसिंह १ ललितमानसिंह १
नाम अज्ञात १ नाम अज्ञात १ ऐं० १

ईमानसिंहका छोरा ४
क० वीरबहादुर बस्न्यात १
क० भक्तबहादुर बस्न्यात १
महेन्द्रबहादुर बस्न्यात १
ले०ज० सुरेन्द्रबहादुर बस्न्यात १

क० वीरबहादुरका छोरा
कर्णेल गंगाबहादुर बस्न्यात १

क० गंगाबहादुरका छोरा १
भूतपूर्व मंत्री यज्ञबहादुर बस्न्यात १

क० भक्तबहादुर बस्न्यातका छोरा ६
कप दिव्यबहादुर बस्न्यात १
डा० प्रकाश बस्न्यात +
महारथी सिंहबहादुर बस्न्यात १
कन्जरभेटर भीष्मबहादुर बस्न्यात १
म० नि० अर्जुनबहादुर बस्न्यात १
ना० सु० शंकरबहादुर बस्न्यात १

कप० दिव्यबहादुरका छोरा १
प्रतापसिंहबहादुर बस्न्यात १

महारथी सिंहबहादुरका छोरा १
उज्ज्जवलबहादुर बस्न्यात १

अर्जुनबहादुरका छोरा १
दिवसबहादुर बस्न्यात १

नासु० शंकरबहादुर बस्न्यातका छोरा
सुभाष बस्न्यात १ शेखर बस्न्यात १

ललितमानसिंह बस्न्यातका छोरा ३
कप० थिरमानसिंह बस्न्यात १
ले० शेरमानसिंह बस्न्यात १
कृष्णमानसिंह बस्न्यात १

कप० थिरमानसिंहका छोरा २
S. P. देवेन्द्रमानसिंह बस्न्यात १
जितेन्द्र बस्न्यात १

ले० शेरमानसिंहका छोरा ३
लीलामानसिंह बस्न्यात १
हुमान सिंहबस्न्यात १ ( स० रथी )
विन्दुमानसिंह बस्न्यात १

---

❀ खप्तडकी विन्ध्यवासिनीको १२ वर्षे पूजा भाग पठाउनुपर्ने। खप्तडको नली
रगतको छाप भएको प्रसादको रूपमा लिनुपर्ने। नयाँ मुलुकको आम्दा
गराए वापत र लखनौ भोटको लडाइँ फत्य गरेकाले घुमाउरे कल्की
'खप्तडे राजा'को उपाधि राजाबाट प्राप्त भएको थियो।

# धनकुटा सल्ले फलांटेका लामा कार्की

अज्ञात
↓
महेन्द्रसिंह कार्की
↓
बहादुरसिंह कार्की
↓
हस्त ~~धन~~वीरसिंह कार्की
↓
केशरसिंह कार्की
↓
भूपालमानसिंह कार्की

**राजसभा स्थायी समितिका अध्यक्ष**
**वृ० ज० श्री भूपालमानसिंह कार्की**

( [१]वीरभट्टका ३ भाइ छोरा थिए । भगीवन्त जयतु र भगीरथ । भगीवन्तका छोरा खानी गाउँ बस्ने हुनाले खनाल भए । यिनैका माझीकी छोरी बूढाथोकी छोरीतिरबाट पैदा भएका सुतार कार्कीहरू भए । जयतुका सन्तान बराल र भगीरथका नीपानीमा बसेका सन्तान 'नेपाल' भएको कुरा पं० शिवराज बरालज्यूबाट 'बराल वंशलता'मा दर्शाइएको छ । सुतार र मुडुला कार्की अनि लामा कार्कीहरूको मूलघर पनि संग्रामशूर कार्कीको वीरगाथाबाट खुलेकै छ । ताकुम धारापानीको साँध प० ४० नं० नुवाकोट आँधी खोलाको शिरानी डहरेको देउराली छेवेको भञ्ज्याङ कार्कीनेटाबाट लामा कार्कीका पुर्खाका सन्तति महेन्द्रसिंह कार्की पूर्व नेपाल विशाल पार्ने गोरखनाथ गुरूको मन्त्र जप्तै श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहको अभियानमा यात्रा गर्दै धनकुटामा नै बसाइँ बसे । )

---

[१] विराठनगर-इनरवा गाउँमा हाट लाग्ने गर्दछ । यसलाई यिनै भूपालमानसिंह कार्कीज्यूबाट बसालिएकोले 'भूपाल' नगर पनि भन्ने चलन छ ।

# फल्याङकोटका गोदार थापा

कास्की काँहुँले ठानादेखि पूर्व लागेपछि पुनः काठमाडौंदेखि दुइ भाइ हिंडेर लमजुङ वेसी शहर प्रवेश गरेपछि १ भाइको सन्तान खुदी खोलादेखि माथि डाँडामा वस्यो। अर्को भाइ पल्लो नुवाकोट पुग्यो। एक भाइ फल्याङकोटमा बसे पछि गोदारका सन्तान दाङ सल्यानको घर्ना चित्रकोटमा वस्यो, जुन लालसिंह थापाका नाती चित्रवीर थिए। लालसिंहका छोरा गन्जसिंह तिनका नाति रोहवरसिंह र गन्जसिंहहरूका सन्तान फैलिइरहेछन्। फल्याङकोटको दरसन्तानको हाँगो यस प्रकार छ ]

**देवराज थापा●**

**श्रीकृष्ण थापा**

**बमबहादुर थापा**

**देवराज थापाका छोरा २**

वहादुर १ भाइ थापा १

वहादुरका छोरा ७

सर्वसिंह १ वखानसिंह १ देवराज १

वनव० १ वर (वसाइँ) १ जमानसिंह १

दिलवहादुर ( चन्द्रवहादुर ) १

वनवहादुरका छोरा ३

यमवहादुर १ ह० धनवहादुर १

भक्तवहादुर १

यमवहादुरका छोरा ५

वलवहादुर १ नरवहादुर १ खिमवहादुर १

रामव० १ कृष्णव० १

ह० धनवहादुरका छोरा ध्रुवव० थापा

भाइ थापाका छोरा २

भीमवहादुर १ ह० मानवहादुर १

भीमवहादुरका छोरा ६

अज्ञात २ लालवहादुर १

भुर्तेल १ पदंवहादुर १

खिमवहादुर १ ( सबै निसंतान )

ह० मानवहादुरको छोरा कृष्णवहादुर

**श्रीकृष्ण थापाका छोरा २**

नाम अज्ञात १ धोलक थापा १

नाम अज्ञातका छोरा ३

देवराज × संतवहादुर १ नाम अज्ञात १

सन्तवहादुरका छोरा जेठो थापा

जेठो थापाका छोरा २

वयानवहादुर १ तीर्थवहादुर १ ×

अज्ञात थापाका छोरा ई० गणेश व०

---

● वडादशैं सप्तमी अष्ठमी नवमीमा वलि पूजा गरी विजयादशमीका दिन भैयाद् वसेर भोज खाने। हतियारहरूमध्ये कुनै खड्ग घरका धुरीमा घुसार्ने। कुलपूजा गर्ने।

धोकलका छोरा ६
मानध्वज १ अज्ञात २ + हस्तव० १
मेहेरमान १ जुधवीर १
मानध्वजका छोरा ५
मान ब० १ रण ब० १ खम ब० १
देवबहादुर १ खिमबहादुर १
मानबहादुरको छोरा १ शेरबहादुर
शेरवहादुर थापाका छोरा ५
चन्द्रबहादुर १ श्रीबहादुर १ नरब० १
कर्णबहादुर १ कृष्णवहादुर १
रणबहादुरका छोरा १
कृष्णबहादुर १ रेशमब० १
खमबहादुरका छोरा २
हरिब० विनोदव० १
देववहादुरको छोरा प्रेमबहादुर थापा
खिमबहादुरको छोरा २
वीरव० १ गणेशब० १
मेहेरमानका छोरा २
इन्द्रवहादुर १ दिल व० थापा १
इन्द्रवहादुरको छोरा देनबहादुर थापा
दिलवहादुरको छोरा ३
भक्तव० १ रामब० १ कृष्णब० १
जुद्धवीरका छोरा ७
कुमवहादुर + बुद्धिवहादुर १
चन्द्रवहादुर १ सु० समरवहादुर १
लालवहादुर १ मीनबहादुर १
रामचन्द्र १
बुद्धिवहादुरको छोरा श्रीवहादुर +
चन्द्रवहादुरको छोरा ध्रुववहादुर

सु० समरबहादुरको छोरा २
अर्जुन १ कुसा १
मीनबहादुरका छोरा २
गोरे १ कान्छो १
रायचन्द्रको छोरा २
रवि १ अमृत १
बमबहादुरको छोरा १
डंबरबहादुर गोदार ( थापा )
डम्बरबहादुरको छोरा ३
सुवेदार १ जितवहादुर १ मानव० १
सुवेदारको छोरा ५
ह० बुद्धिमान १ केदारबहादुर १
( चितौन बसाईं ) अज्ञात सूर्य १
ह० बुद्धिबहादुरका छोरा ३
सुकबहादुर १ ह० हर्कबहादुर १
कृष्णबहादुर १
जितवहादुरको छोरा १ चक्रबहादुर १
चक्रवहादुरका छोरा ४
मोहनबहादुर १ रामबहादुर १
शिववहादुर १ कृष्ण वहादुर १
मानबहादुरको छोरा २
इन्द्रवहादुर १ तोरणबहादुर १

[काभ्रे विहावरका गोदार थापा]

**बौधमान, सिंधुली**
**कुलमान**
**पृथिवीमान** अज्ञात
कुलमानका छोरा १
[1]स० श्यामसिंह ( विहावर )

---

१—काभ्रे जिल्लाको नाममुख र दाप्चाको बीचमा श्यामपाटी छ ।

श्यामसिंह थापाका छोरा ३

अज्ञात[२] रामसिंह थापा १ अज्ञात

रामसिंह थापाका छोरा १

अचलसिंह थापा (जंम वि०सं० १८३०)

अचलसिंह थापाका छोरा ४

अज्ञात १ अज्ञात १

काजी हेमदल[३] १ थापा १

अज्ञात ( वि० सं० १८५४ )

काजी हेमदल थापाका छोरा ४

दलमर्दन थापा १ गजराजजङ्ग थापा १

वृ० क० दलभञ्जन थापा १

क० क० केसरसिंह थापा १ (१९०१)

दलमर्दन थापा ( अज्ञात )

गजराज थापाका छोरा १

हर्कजङ्ग थापा १

हर्कजङ्ग थापाका छोरा ९

चन्द्रजङ्ग थापा १ गंभीरजङ्ग थापा १

गजराजजङ्ग थापा १ डिल्लीजङ्ग थापा १

केसरजङ्ग थापा १ नेत्रजङ्ग थापा १

शेरजङ्ग थाा १ सूर्यजङ्ग थापा १

टेकजङ्ग थापा १

क० चन्द्रजङ्गथापाका छोरा २

शोभाजङ्ग थापा १ मीनारजङ्ग थापा १

शोभाजङ्ग थापाका छोरा १

नृपेन्द्रजङ्ग थापा १

मीनारजङ्ग थापाका छोरा १

लोकेन्द्रजङ्ग थापा १

गंभीरजङ्ग थापाका छोरा २

वृ० ज० प्रकाशजङ्ग थापा १

ले० क० लेकजङ्ग थापा १

वृ० ज० प्रकाशजङ्ग थापाका छोरा ३

सुदर्शनजङ्ग थापा १ मदनजङ्ग थापा १

अशोकजङ्ग थापा १

ले० क० लेकजङ्ग थापाका छोरा २

कुलप्रतापजङ्ग थापा १ होमजङ्ग थापा १

गजराजजङ्ग अज्ञात

डिल्लीजङ्ग थापाका छोरा १३

ले० क० इन्द्रजङ्ग थापा १

क० प० गुप्तजङ्ग थापा १

ले० क० गेहेन्द्रजङ्ग थापा १

ले० क० रोहितजङ्ग थापा १

रोहिणीजङ्ग थापा १

मे० क० केशवजङ्ग थापा १

ले० क० दिलीपजङ्ग थापा १

क० प० केशवकृष्णजङ्ग थापा १

क० प० हेमजङ्ग थापा १

ले० क० पुगेन्द्रजङ्ग थापा १

---

२—बनारसको कालभैरव बजारमा वि० स० १९२२ मा 'हेमदल' कोठी निर्माण गरी काजी हेमदल उहीं स्वर्ग भए ।

३—तनौं जिल्लाको 'थर्पु' भन्ने गाउँका सुँयल ~~गोदार~~ थापाहरूमा कर्णेल कटकवहादुरका नाति, जर्नेल नूरवहादुरका छोरा अमेरिकाका राजदूत, भूतपूर्व गवर्नर तथा अर्थमन्त्री डा० भेषवहादुर थापा हुन् । अरू स्थानीय छुटेका ~~गोदार~~ थापाहरूको पुख्यौंली कतिपय कठिनाइले गर्दा छुट्न गएकोमा सो दोस्रो संस्करणमा समावेश गरिनेछ ।

डिप्टीजङ्ग थापा १ तृप्तिजङ्ग थापा १
केसरजङ्ग थापाका छोरा २
लवजङ्ग थापा १ तेजजङ्ग थापा १
नेत्रजङ्ग थापाका छोरा १
नोक्जङ्ग थापा १
सेरजङ्ग थापा १
सूर्यजङ्गका छोरा १ तेजेन्द्रजङ्ग थापा १
टेकजङ्गका छोरा ७
हरिहरजङ्ग थापा १ सुधीरजङ्ग थापा १
शमशेरजङ्ग थापा १ दिलीपजङ्ग थापा १
मोहनजङ्ग थापा १ अज्ञात, अज्ञात

**क० क० केसरसिंह थापा**
( जन्म वि० सं० १९०१ )का छोरा ६
क० क० डिल्ली शमशेर १ धर्मशमशेर १
ले० क० प्रेमशमशेर १+
ले० क० केदारशमशेर १
क० क० डम्बरशमशेर १
क० क० पद्मशमशेर १

**धर्मशमशेरका छोरा ४**
ले० क० थीरशमशेर १ डंबरशमशेर १
मे० क० गंभीरशमशेर १+
राउन्द्रशमशेर १ ( नि:सन्तान)

**ले० क० थिर शमशेरका छोरा २**
क० प० हृदयशमशेर १
ले० किरणशमशेर १
डंबरशमशेरका छोरा ३
खेचरशशेर १ रामशमशेर १
लक्ष्मणशमशेर १

**प्रेमशमशेरका छोरा ६**
क० प० भोग्यशमशेर १+
क० शिवप्रतापशमशेर थापा १
अज्ञात १ हेमशमशेर थापा १
गेहेन्द्रशमशेर थापा १
भूपेन्द्रशमशेर थापा १

**क०शिवप्रतापशमशेर थापाका छोरा**
नरप्रतापशमशेर थापा १
हेमशमशेर थापाका छोरा ३
पिताम्बरशमशेर थापा १
मुकुन्दशमशेर थापा १
सुदर्शनशमशेर थापा १

**गेहेन्द्र शमशेर थापाका छोरा ३**
माधव थापा १ इन्दु थापा १
उप स० नारायण थापा १
भूपेन्द्रशमशेर थापाका छोरा ३

**सचिव चिरनशमशेर थापा १**
कल्याणशमशेर थापा १
कुमारशमशेर थापा १

**ले.क. केदारशमशेर थापाका छोरा ५**
कुवेरशमशेर थापा १ मानशमशेर थापा १
टेकशमशेर थापा १
महेन्द्रशमशेर थापा १
महेन्द्रशमशेर थापा १
रेवतशमशेर थापा १
क० क० डम्बरशमशेर थापाका छोरा ३
वृ० ज० तिलकशमशेर थापा १
श्रीप्रसादशमशेर थापा १ ( निसन्तान )
ले० क० लोचनशमशेर थापा १
वृ० ज० तिलकशमशेर थापाका छोरा २
प्रकाश थापा १ सानुभाइ १
लोचनशमशेर ( ले० क० ) का छोरा २
गुलावशमशेर थापा १
दिलीपशमशेर थापा १

# सुवेदी खत्री क्षत्रीको वंशावली

[ भारद्वाज गोत्रका हरिशंकर उपाध्याय सुवेदीका क्षत्रिनीतर्फका छोरा पूर्णानन्द ( पुरन्धर ) खत्री क्षत्री गोर्खाका एक नेपाली सपूत थिए । श्री ५ पृथ्वी नारायण शाहकालीन बाँका वीर सैनिक छोरा जमादार धनञ्जय खत्रीले माथवरसिंह थापा र सरदार भक्ति थापाका साथ काँगडा किल्लामा घोर घमासानको लडाइँमा पराक्रम देखाए ।

धनञ्जयले काँगडावाट जितेर ल्याएका नगरकोटी कमारा कमारीलाई उनले पूर्व २ नं० चरीकोट नजीकै मागाको स्यासी गाउँमा लगेर राखे ।

यसभन्दा पूर्व यिनीहरूका पुर्खा ताकुम कास्कीकोटतिरवाट आई पू० १ नं० सापिङमा वसेका थिए । यिनका सन्तानमध्ये क० कटकवहादुर खत्रीहरू काठमाडौं कमलपोखरीमा शान इज्जतले वसेका छन् ।

अंग्रेज वैरीका साथ पौंठा जोरी हाकाहाकी लड्दै गोर्खालीको शान मान इज्जत राख्ने, नेपालको सार्वभौमिकता जोगाउन नेपाल वाइसी, चौविसी एकताको सुन्दर फूलमाला गुथ्ने कार्यमा राष्ट्ररक्षक बन्दै अगाडि वढ्ने खत्रीहरू राष्ट्रिय गौरवका वलिया स्तम्भ नै थिए ।

आज न्यायको क्षेत्रमा कूटनीतिको क्षेत्रमा मित्रताको पुल बाँध्ने कार्य र उच्च अलौकिक देशदेशावरका बयानहरू लेख्ने, नेपाललाई शान्तिक्षेत्र राख्ने आफ्ना नरेशको भावना बुझी राजा प्रजा दुवैको सम्बन्ध अभिन्न पार्ने नेपाललाई रक्षा एवं विकास गर्न सिरुपाते खुकुरी र कलम चम्काउँदै वैरीको सातो लिने हरिशंकरका सन्तान दरसन्तान यहाँ यसरी फैलिएका छन् ]

हरिशङ्कर उपाध्याय सुवेदी

ऐं. ऐं का छोरा २

पूर्णानन्द ( पुरन्दर खत्री ) १

परमानन्द खत्री १

पूर्णानन्दका छोरा

ज० म० धनञ्जय खत्री १

धनञ्जयका छोरा ५

जयसिंह १ (अज्ञात) नन्दवीर १

●दलवीर १ रणवीर १

---

● पू० वं० १ नं० स्याँसी—

कर्णेल फौर्दसिंह[1] १

क० फौर्दसिंहका छोरा ५

क० कीर्तिमान १ क० जितबहादुर १

मे० दानबहादुर १ नरबहादुर १

मे० टेकबहादुर १

क० कीर्तिमानका छोरा ५

पहलमान १ क० प० रामविक्रम १

क० वेदबहादुर १ भैरव बहादुर १

क० प० गणेशबहादुर १

**क०पहलमानका छोरा ३**

**मे० ज० पदमबहादुर** खत्री १

क० हरिविक्रम १ अवेबहादुर १

क० जितबहादुरका छोरा ५

भुवनवीर १ श्रीबहादुर १ सूर्यबहादुर १

चन्द्रबहादुर १ ताराबहादुर १

सूर्यबहादुरका छोरा २

ध्रुवबहादुर १ खुर्सबहादुर १

**मेजर दानबहादुरका छोरा ३**

कृष्णवीर १ **केसरबहादुर के० सी०**

( चीनको प्रथम नेपाली राजदूत १ )

कलमबहादुर १

मेजर टेकबहादुरका छोरा २

क० हरिवीर १ विष्णुवीर १

हरिवीरका छोरा १ फरेन्द्रबहादुर १

विष्णुवीरका छोरा १ प्रकाशबहादुर १

**परमानन्दका छोरा** जयधर्म १

जयधर्मका छोरा ३

कहर्रसिंह १ हस्तवीर १ कविराज १

कहर्रसिंहका छोरा १ जबर्रसिंह १

जबर्रसिंहका छोरा ५

भीमबहादुर १ डंबरबहादुर १

नरबहादुर १ सैनध्वज १ मानध्वज १

हस्तवीरका छोरा १ सुरवीर खत्री १

सुरवीरका छोरा २

रिसल्ला रणबहादुर १ सिंहबहादुर १

रि० रणबहादुरका छोरा ३

नरबहादुर १ डम्बरबहादुर १

गणेशबहादुर १

सिंहबहादुर खत्रीका छोरा २

जितबहादुर खत्री १

गोरखबहादुर खत्री १

---

१. वि० सं० १९११ को लडाइँमा कर्णेल फौर्दसिंह, कर्णेल बहादुरसिंह रायमाझी, लेफटेंट नैर्नसिंह थापाहरू घुंडा धसेर लडे। लडाइँ फत्त्य पारेपछि कर्णेल फौर्दसिंह जनरल धीरशमशेरको हजुरिया हुने मौका पाए। श्री ३ वीरशमशेर-को त मुख्य हजुरिया भए। श्री ३ जंगका खलकलाई पन्छाई धीरशमशेरका सन्तानलाई शासन दिलाउने मूल भूमिका फौर्दसिंहले खेलेका थिए। दरबारमा थुतुनु र मुतुनु जोगाउनुपर्छ भन्ने सिद्धान्त यिनको थियो।

गोरखालीहरूको सैनिक इतिहास ( सं० योगी नरहरिनाथमा पाइने थर घर उमरा फौजमा उल्लिखित नजीकी दुल्लभ खत्री, कप्तान रणवीरसिंह खत्री। श्री सुरवीर खत्री आदि यी खत्रीहरूको वंशसित सम्बन्धित छन् भन्ने अनुमान गरिन्छ।

**कविराज खत्रीका छोरा ३**
लालबहादुर खत्री १
साहिँला +१ दीर्घवहादुर खत्री १

लालबहादुरका छोरा ५
दिलवहादुर खत्री १
अम्वरवहादुर खत्री १
ईश्वरवहादुर खत्री १
फत्यबहादुर खत्री १
केसरबहादुर खत्री १

दिलबहादुर खत्रीका छोरा ५
**प्रधाय न्यायाधीश नयनबहादुर खत्री १**
नरेन्द्रवहादुर खत्री १
इन्द्रबहादुर खत्री १
हरिबहादुर खत्री १
वलराम खत्री १
प्र० न्यायाधीश नयनबहादुर खत्रीका छोरा

दीर्घवहादुर खत्रीका छोरा ४
गोरे खत्री १ अम्वरवहादुर खत्री १
देवीदत्त खत्री १ मीठे खत्री १

अम्वरबहादुर खत्रीका छोरा ८
डोलबहादुर खत्री १
ललितबहादुर खत्री १
दिलबहादुर खत्री १
शिववहादुर खत्री १
नवराज खत्री १
लवराज खत्री १
मदन खत्री १ कल्याण खत्री १

ईश्वरबहादुर खत्रीका छोरा ५
रामे खत्री १ वावे खत्री १
कृष्णे खत्री १ डम्वरे खत्री १
भीमसेन खत्री १

फत्यवहादुर खत्रीका छोरा ६
सर्वध्वज खत्री १ दुर्गाबहादुर खत्री १
रुद्रवहादुर खत्री १ नखबहादुर खत्री १
ललितबहादुर खत्री १ नैनवहादुर खत्री १

केसरवहादुर खत्रीका छोरा २
रामचन्द्र खत्री १ ज्ञान खत्री १

रामचन्द्र खत्रीका छोरा ३
उत्तम खत्री १ उत्सव खत्री १
विलास खत्री १

(वाटुलेचौर वडाकोटको मौलोका राजा सिद्धिनारायण शाहका द्वारे मुरल खवासका सन्ततिहरू)

द्वारे मुरल खवासका छोरा २
रजवल खवास १ गजवल खवास १

गजवल खवासको छोरा १
उजुरसिंह खवास १

उजुरसिंह खवासका छोरा ३
टेकबहादुर खवास १ चतुर खवास १
गंभीर खवास १

टेकबहादुर खवासका छोरा ३
हस्तबहादुर खवास १
हर्कवहादुर खवास १
वयानवहादुर खवास १

चतुर खवासका छोरा ३
मने खवास १ धने खवास १
ह० वलवहादुर खवास १

गंभीर खवासका छोरा १
धोजे खवास १

धोजे खवासका छोरा २
मीनवहादुर खवास १
बुद्धिवहादुर खवास १

**राखुबाट आएका**

**करवीर खवासका छोरा २**

ह० लालबहादुर खवास १
चन्द्रबहादुर खवास १
गहौंकोटबाट आएका
पुड़के खवास १ फट्टे खवास १

भक्तपुर साँखुबाट बाटुलेचौरमा
आएका रेग्मी

श्री लक्ष्मी नारायण रेग्मीका छोरा १
गोपी १
गोपीका छोरा १
जि० मु० बलभद्र रेग्मी १
बलभद्र रेग्मीका छोरा २
डिठ्ठा लीलाधर रेग्मी १
डिठ्ठा एकदत्त रेग्मी +
डिठ्ठा लीलाधर रेग्मीका छोरा ४

—: ० :—

# सम्माननीय प्रधान न्यायधीश श्री नयनबहादुर खत्री

## प्रारम्भीक जोवन र शिक्षा :—

पाटन हाईस्कूलवाट एस. एल. सि. र त्रि-वन्द्र कलेजवाट वि. ए. पास गरी भारतको लखनउ विश्वविद्याद्यालयवाट एम० ए० एल० एल० वि० को उपाधि क्रमशः सन् १९४६ र ४७ मा हाँसिल गर्नु भयो ।

## सरकारी सेवामा प्रवेश :—

आफ्नो उच्च शिक्षा समाप्त गरी सक्रेपछि वि० सं० २००४ साल श्रावणमा मुलुकी अड्डा ऐन सवाल फाँटको सुब्वा पदमा नियुक्त हुनु भयो र तत्काल गठित सुधारसमितिको कानून उप-समितिमा पनि कार्य गर्नु भएको थियो ।

२००५ सालमा पर-राष्ट्रविभाग मातहतको जैसीकोठामा केही समय परराष्ट्र मामिला सम्बन्धी तालीम प्राप्त गरी सके पछि २००५–१२–१९ मा मेजर कप्तानको दर्जा पाई ल्हासाको वकिल पदमा नियुक्त हुनु भयो । २००६ साल देखि २००८ साल सम्म उक्त पदमा काम गर्नु भई वि० सं० २००९ सालमा नेपाल फर्कनु भै केही समय पर-राष्ट्र मन्त्रालयमा नै रहनु भयो ।

सम्माननीय प्रधान न्यायधीश श्री नैनबहादुर खत्री क्षत्री

२००९ साल आषाढ़ १५ गते देखि कानून तथा संसदीय प्रबन्ध मन्त्रालयको उप-सचिव पदमा सरूवा हुनु भै २०१३ साल भाद्र ८ गते सचिव पदमा पदोन्नति भयो।

वि० सं० २०१६ साल आषाढ़मा वहाँलाई श्री ५ महाराजाधिराज महेन्द्रबाट) सर्वोच्च अदालतको स्थायी न्यायधीशको पदमा नियुक्त गरी बक्सियो। समय समयमा का० मु० प्रधान न्यायधीशको पद समेत सम्हाली आउनु भएको श्री खत्रीलाई श्री ५ महाराजाधिराजबाट २०३३ साल श्रावण २४ गते सर्वोच्च अदालतको प्रधान न्यायधीश पदमा नियुक्त गरी वक्सियो।

२०१७ साल देखि हाल सम्म निरिक्षण भ्रमण गर्नु भएका जिल्लाहरू :—

---

(१) मोरङ (२) सप्तरी (३) सिरहा (४) धनुषा (५) सर्लाही (६) सिंघुली (७) रामेछाप (८) चरिकोट (९) औखलढुङगा (१०) खोटाङ्ग (११) उदयपुर (१२) भक्तपुर (१३) बागलुङ (१४) पर्वत (१) स्याङ्जा (१६) कास्की (१७) वैतडी (१८) कैलाली (१९) कंचनपुर (१०) बाँके (२१) दाङ (२२) सल्यान (२३) धनकुटा (२४) संखुवासभा (२५) नुवाकोट (२६) सुनसरी (२७) सुर्खेत (२८) सिन्धुपाल्वोक (२९) चितवन (३०) मकवानपुर (३१) पर्सा (३२) वारा (३३) गोरखा (३४) डोटी (३५) वर्दिया (३६) झांपा (३७) काभ्रेपलान्चोक (३८) नवलपरासी (९९) पाल्पा (४०) रूपन्देहि (४१) जुम्ला

**बिदेश भ्रमण :—**

बेलायत, जापान, थाइलैण्ड, स्पेन, इन्डोनेशिया, अस्ट्रेलिया, सिंगापुर, फ्रान्स, हङकङ

**बिभुषण र पदक :—**

कर्त्तव्य परायण, इमान्दारीता र कार्यकुशलताको फलस्वरूप सम्माननीय श्री खत्री ज्यू २०१३ सालमा गो० द० वा० तेश्रावाट बिभूसित हुनु भएको थियो भने २०१६ सालमा गो० द० बा० दोश्रा २०२४–२–३० मा प्रथम श्रेणीको गोरखा दक्षिण वाहुवाट बिभूषित हुनु भयो। २०३१-९-१४ मा त्रिशक्तिपट्ट पहिला दर्जा र ०३२-९-१४ मा नेपाल श्रीपद दोश्रो विभुषण समेत प्राप्तगर्नु भयो।

२०१३ सालमा स्वर्गीय श्री ५ महेन्द्रको शुभराज्यविषेकको पदक, र ०३१–११–१२ मा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवको शुभराज्यभिषेकको पदक प्राप्त गर्नु भएको छ। साथै वहाँले लामो सेवा गरे वापस पाइने जानपद सेवा पनि प्रात्त गर्नु भएको छ।

त० हेमप्रसाद रेग्मी १ शत्रुघन रेग्मी १
दिलबहादुर हमाल १
इन्द्रबहादुर हमाल १

शत्रुघन रेग्मीका छोरा ३
वसन्त १ रामप्रसाद १ नारायण १

हेमप्रसाद रेग्मीका छोरा ३
भरत रेग्मी १ कृष्ण रेग्मी १
देवीप्रसाद रेग्मी १

दिलबहादुर हमालका छोरा २
सुनिल हमाल १ दीपक हमाल १

इन्द्रबहादुरका छोरा २
युवराज हमाल १ धिराज हमाल

[ पाटन ललितपुरदेखि लक्ष्मीनारायणको र लाखेका मुकुन्डा वौकी कास्कीका राजा सिद्धिनारायणको तखतमा बाटुलेचौरमा आई बस्ने ]

**गुनमन्त नेवार**

गुनमन्त नेवारका छोरा १
अजम्वर नेवार
अजम्वरका छोरा १ तुलसीनारान
तुलसीनारानका छोरा १
ॐ कुमार श्रेष्ठ जन्म .१९५६)

ॐ कुमार श्रेष्ठका छोरा ६
ख० चामुनारान १ देवनारान १
अजबनारान १ जीवनारान १
रुद्रनारान १ टेकनारान १

ख० चामुनारानका छोरा ५
पूर्णबहादुर १ नन्दे १ कृष्ण १
भूवन १ कान्छो १

देवनारानका छोरा २
मुक्तिनारान १ देवनारान १

अजवनारानका छोरा ३
कृष्ण १ गणेश १ कुमार १

जीवनारानका छोरा ३
कुन्नारान १ टोकनारान १ हरि १

रुद्रनारानका छोरा २
दुर्वलाल १ जगतलाल १

टेकनारानका छोरा १ अर्जुन

**[1]वाटुलेचौर वडहरवोटका तिसिना**

[ मूल पुर्खा वैकुण्ठ : थर तिसिना : मौदगल्य गोत्र : परमानन्द पट्टिको हाँगो

परमानन्दका छोरा ३
डिल्लीराम तिसिना १
ब० हरिलालाल तिसिना १
स्वामी नित्यानन्द तिसिना

---

[1] आफ्ना गुरू वैकुण्ठ तिसिनालाई बस्न भनी कास्कीकोटका राजाले बडाकोट वाटुलेचौरको दर्वार निर्माण गरेपछि भलामको कुनु भन्ने सपाउँदे फांट विर्ता दिएका थिए। साथै कालु खत्रीलाई सियाको लाल मोहर बक्स भयाको थियो। भुर्जुङ्खोलाको खरक भैंसी पालनको लागि र जुंलेडीही गाई पालनको लागि बन्दोबस्त भए पछि वैकुण्ठले बावाजीको वन बांगेपानी आँङे टारीमा घडेरी बनाएर बसेका थिए। यिनै तिसिनाको वडाकोट (वडहर वोट)मा वसैं सरेपछि ६० सालमा रैकरे ३ पाटन दर्ता भोग चलन भयो। वडहरबोटमा राणाशासनको शुरुवात् अघिदेखिनै लेलेबाट देवकोटा, अर्मलाबाट भट्टराइ,

डिल्लीरामका छोरा ४
भाश्वर तिसिना १ कालु तिसिना १
भक्तु तिसिना १ ईश्वरी तिसिना १
भाश्वर तिसिनाका २
तीलप्रसाद तिसिना १
कुलप्रसाद तिसिना १
व० हरिलाल तिसिनाका छोरा ४
पं० लीलाधर तिसिना १
पं० मुक्तिनाथ तिसिना १
पूर्णदीप तिसिना १ नन्दलाल तिसिना १
स्वामी नित्यानन्दका छोरा १
देवनारान तिसिना
देवनारान तिसिनाका छोरा ६
छविलाल तिसिना १
शिवप्रसाद तिसिना १
वलराम तिसिना १
कृष्णलाल तिसिना १
नन्दलाल तिसिना १
विद्यालाल तिसिना १

पं० लीलाधर तिसिनाका छोरा ४
उमानाथ तिसिना १ ईश्वरी तिसिना १
कोमलनाथ तिसिना १ (अज्ञात १)
पं० मुक्तिनाथ का छोरा ३
रमेश तिसिना १ प्रकाश तिसिना १
किरण तिसिना १
पूर्णदीप तिसिनाको छोरा २
भुवन तिसिना १ (अज्ञात १)

### बाटुलेचौर उपाध्याय अधिकारीको हाँगो

रमाकान्त अधिकारी
हरिशङ्कर अधिकारी दुइ दाजुभाइ----
रमाकान्त अधिकारीका छोरा १
श्रीकान्त अधिकारी
श्रीकान्त अधिकारीका छोरा १
हरिमाधव अधिकारी
हरिमाधव अधिकारीका छोरा ३
रविलाल अधिकारी १
श्रीप्रसाद अधिकारी १
नन्दराज अधिकारी १

---

पाउँदुरबाट पौंडयाल (खडानन्द पौडयाल) गल्कोटबाट वस्न्यातहरूको आवागमन भयो। शाह, थापा, तिसिना, अधिकारी र खवासहरू कास्कीकोटवाट राजा सङसङै झरेका थिए। वि० सं० १९०१ सालमा वावाजीको वनमा अमरगिरिले श्री ३ जंगवहादुरबाट हरिहर र पञ्चमूर्ति हनुमानको स्थापना गर्ने स्थिति वन्देज गुठीआदिको सनद रुक्का पाएपछि गुफा निर्माण गरी उक्त वन उनैको संरक्षकत्वमा रहेको थियो। वैकुण्ठ तिसिनाका छोरा जागेश्वर तिसिनाका ६ भाइ छोरा भए। वानारसका ४ छोरा मध्ये जेठा देवदत्त थिए। माहिलाका नाती मणिरत्न हुन् र उनका छोरा धर्मदत्त थिए र उनका २ भाइमा जेठा रामनाथ कान्छा घनश्याम भए। वानारसका भाइ गजाधरका पं० लोकनाथ सहित ३ छोरा भए।

रविलाल[२] अधिकारीका छोरा १
भविसरे खत्री
भविसरे खत्रीका छोरा १
भूजराज खत्री
भूजराज खत्रीका छोरा ४
वाबुराम खत्री १ ॐ वहादुर खत्री १
पोषणवहादुर खत्री १
कुलवहादुर खत्री १
श्रीप्रसाद अधिकारीका छोरा १
विष्णुप्रसाद अधिकारी
विष्णुप्रसाद अधिकारीका छोरा १
ओमनाथ अधिकारी
ओमनाथ अधिकारीका छोरा ६
पुष्पराज अधिकारी १
चुडामणि अधिकारी १
दयाशङ्कर अधिकारी १
चोमनाथ अधिकारी १
माधवनाथ अधिकारी १
रुद्रनाथ अधिकारी १
नन्दराज अधिकारीका छोरा १
भोजराज अधिकारी
भोजराज अधिकारीका छोरा २
पं० डुकुरेश्वर अधिकारी १
पं० चुडामणि अधिकारी १
डुकुरेश्वर अधिकारीका छोरा १
काशीनाथ अधिकारी १
नारायण अधिकारी १

दुर्गा अधिकारी १
केदार अधिकारी १
गौरेश्वर अधिकारी,
लोकेश्वर अधिकारी
लोकेश्वर अधिकारीका छोरा २
तारापति अधिकारी १
रश्मिलाल अधिकारी १
तारापति अधिकारीका छोरा ४
लाटा अधिकारी १ लाटा अधिकारी १
डण्डपाणि अधिकारी १
पं० कलाधर अधिकारी १
डण्डपाणि अधिकारीका छोरा ३
टिकाराम अधिकारी १
रामनाथ अधिकारी १
कालु अधिकारी १
**पं० कलाधर** अधिकारीका छोरा ६
पुड्के अधिकारी १
देवीलाल अधिकारी १
अग्निधर अधिकारी १
रविलाल अधिकारी १
नारान अधिकारी १
ऋषि अधिकारी १
रश्मिलाल अधिकारीका छोरा ६
पद्मलाल अधिकारी १
विश्वनाथ अधिकारी १
नन्दीकेशर अधिकारी १
महेश्वर अधिकारी १

---

[२] श्रीप्रसाद अधिकारी उपाध्यायका दाजु रविलालले जि० मु० करवीर खत्रीको कान्छी आमा अक्करे खप्तडी वस्न्यातकी दिदी विधवा ल्याईतेबाट जन्मिएका भविसरे खत्री क्षेत्री हुन् । हाल भूजराज खत्रीको कुण्डली राजा सिद्धिनारायण शाहबाट आफ्नो गोठ तवैला गुरू खलकलाई दानपत्र वक्स भएको थियो ।

रत्नाखर अधिकारी १
दीनानाथ अधिकारी १
पद्मलालका छोरा
गौरीलाल तनका छोरा १
जगन्नाथ अधिकारी १
विश्वनाथ अधिकारीका छोरा ३
यकेश्वर अधिकारी १
चाउरे अधिकारी १
चुड़ामणि अधिकारी १
नन्दीकेश्वर अधिकारीका छोरा २
मु० नन्दराज अधिकारी १
दण्डपाणी अधिकारी १+
मु० नन्दराज अधिकारीका छोरा ३
ना० सु० झनकराज १ यादवराज १
मेघराज १
महेश्वर अधिकारीका छोरा १
पूर्णाखर
दीनानाथ अधिकारीका छोरा १
पं० उमानाथ अधिकारी
पं० चुडामणिका छोरा ४
प्रेमराज १ वन्धु १ श्रीराम १
नवराज १
हरिशङ्करका छोरा २
महेश्वर अधिकारी १
खडानन्द अधिकारी १
महेश्वरका छोरा १
अच्युतानन्द अधिकारी
अच्युतानन्दका छोरा ५
शशीधर अधिकारी १
डण्डपाणी अधिकारी १
हरिप्रसाद अधिकारी १

धनपति अधिकारी १
रामनाथ अधिकारी १
शशीधर अधिकारीका छोरा १
लीलाधर अधिकारी
लीलाधरका छोरा ५
रामचन्द्र अधिकारी १
सोमनाथ अधिकारी १
फणिन्द्र अधिकारी १
दयासागर अधिकारी १
सुभाष अधिकारी १
डण्डपाणी अधिकारीका छोरा १
ऋषिराम अधिकारी
हरिप्रसादका छोरा १
रामकृष्ण अधिकारी
धनपतिका छोरा ३
भोलानाथ अधिकारी १
सालिगराम अधिकारी १
खडानन्द अधिकारी १
रामनाथका छोरा २
भेषनाथ अधिकारी १
कलाधर अधिकारी १ (चितौन)
भेषनाथको छोरा ४
विष्णु अधिकारी १
वद्री अधिकारी १
डण्डपाणी अधिकारी १
रमेश अधिकारी १
खडानन्दका छोरा १ हुमनाथ १
हुमनाथको छोरा ३
हरिकृष्ण अधिकारी १
गुरुदत्त अधिकारी १
नेत्रप्रसाद अधिकारी १

●

# लामाचौरका खत्री गोत्र : आत्रेय : थर पौड्याल

( सेती अन्चल-बाजुराकोटको दरबार भित्र एउटा लिस्नो थियो त्यहाँका राजपुजारीहरूले तल माथि गर्ने लिस्नोको नाम 'पौडी' भन्ने राखे। पछि ती पुजारीको थर पनि पौडेल हुनगएको हो भनी नेपाली सँस्कृतिका इतिहासवेत्ता योगी श्री नरहरिनाथज्यूले एक लेखमा चर्चा गर्नु भएको छ। साथै एउटा लोककथाले भनेको छ एकादेशका तीन भाइ छोरा काशीमा पढन जान घरबाट निस्केर हिंडेछन्। बाटोमा साँघु, झोलुंगो, फड्के तर्ने डुंगा समेत नभएको नदी भेट्टिएछ। पारी पुग्नै पऱ्यो, अब केगर्ने ? तिनै जना दाजुभाइले हात हात समाती तर्ने आँट गरी नदीमा हेलिए छन्। संयोगवश तिनै जनालाई नदीले बगाए छ। एकभाइ बग्दै जाँदा झयाङमा अल्झियो र पाखा उत्रेछ। त्यो चाँहि अर्ज्याल भयो। अर्कोलाई बगाउँदै लगी कुनै पोखरीमा फयाँकिदिएछ। त्यस पोखरीबाट उत्रेको भाइ पोखरेल भएछ। अर्को चाँहि पौडी खेलेर निस्केको हुनाले त्यो चाँहि पौडेल भँकन थरमा फैलिएको थियो। )

## कालु खत्री-क्षेत्री

कालु खत्रीका छोरा ४

मानसिंह खत्री १ बामल खत्री १

नारान खत्री १ ( निसंतान )

सुवेदार माधव खत्री १

मानसिंह खत्रीका छोरा कर्णसिंह खत्री

तिनका छोरा नरबहादुर खत्री

नरबहादुर खत्रीका छोरा

रिपुमर्दन खत्री

रिपुमर्दन खत्रीका छोरा ४

झपटबहादुर खत्री १

बयानबहादुर खत्री १

भीमबहादुर खत्री १

भोलाबहादुर खत्री १

बामल खत्रीका छोरा सिंगवीर खत्री १

सिंहवीर खत्रीका छोरा २

मानध्वज खत्री १ गोपी खत्री १

सु० माधव खत्रीका छोरा जंगवीर खत्री

जंगवीर खत्रीका छोरा ३

सु० मोतीबहादुर खत्री १

डिट्ठा सुरथबहादुर खत्री १

गोतीबहादुर खत्री १

पदमबहादुर खत्री १

डिल्लीबहादुर खत्री १

मानबहादुर खत्री १

ललितबहादुर खत्री १

जगतबहादुर खत्री १

मुखिया लछीमन खत्री १

**डी० सुरथबहादुर खत्रीका छोरा ३**

ले० कोमलसिंह खत्री १

डी० दिलबहादुर खत्री १
सुब्वा रणबहादुर खत्री क्षेत्री १
– ले० कोमलसिंहका छोरा राम ब० खत्री
रामबहादुर खत्रीका छोरा २
कृष्णबहादुर खत्री १ खगेन्द्रब० खत्री
डी० दिलबहादुर खत्रीका छोरा ३
सुब्वा रुद्रबहादुर खत्री १
नर्सिङबहादुर खत्री १
सुबा तोरणबहादुर खत्री १
सुबा रुद्रबहादुर खत्रीका छोरा २
महेशकुमारसिंह खत्री १
सुरेसकुमार खत्री १
सुब्बा रणवहादुर खत्रीका छोरा ४
खिच्मतवहादुर खत्री १
चिनियावहादुर खत्री १
प्रेम खत्री १ नाम अज्ञात
डिल्लीवहादुरका छोरा गगन खत्री
गगनसिंह खत्रीका छोरा ५
बलराम खत्री १ जनक खत्री १
शिव खत्री १ प्रह्लाद खत्री १
विष्णु खत्री १

मानबहादुर खत्रीका छोरा १
खड्गबहादुर खत्री १
खड्गबहादुर खत्रीका छोरा
भक्तबहादुर खत्री
ललितबहादुर खत्रीका छोरा १
जगतबहादुर खत्री १
जगतबहादुर खत्रीका छोरा १
जगतबहादुर खत्री १
जगतबहादुर खत्रीका छोरा २
ॐ बहादुर खत्री १
बि० रणबहादुर खत्री १
ॐ बहादुर खत्रीका छोरा २
ई० स्वयंबहादुर खत्री १
भोलाबहादुर खत्री १
रणबहादुर खत्रीका छोरा २
भोला खत्री १ नारान खत्री १
मु० लछीमन खत्रीका छोरा ३
जमानसिंह खत्री १ बेलबहादुर खत्री १
कृष्णबहादुर खत्री १
बेलबहादुर खत्रीका छोरा १
परशुराम खत्री १

# जिम्रिेका खत्रीहरूको मूलपुर्खा

नारायण उपाध्याय पौडेलका छोरा २
डम्वर पौडेल खत्री १
अम्वर पौडेल खत्री १

डम्वरका छोरा १ भोजराज खत्री १

भोजराज खत्रीका छोरा १
वाजवर्ण खत्री १

वाजवर्ण खत्रीका छोरा १
कालु खत्री १

अम्वर खत्रीका छोरा १
गणेश खत्री १

गणेश खत्रीका छोरा १
ऋतुवर्ण खत्री १

ऋतुवर्ण खत्रीका छोरा १
चन्द्रवीर खत्री १

चन्द्रवीर खत्रीका छोरा २
महावीर खत्री १ जसराज खत्री १

महावीर खत्रीका छोरा २
भूपाल खत्री १ वाँके खत्री १

भूपाल खत्रीका छोरा २
गंर्जसिह खत्री १ खंर्भसिह खत्री १

वाँके खत्रीका छोरा १
कमलवहादुर खत्री १

कमलबहादुर खत्रीका छोरा ३
चक्रवहादुर खत्री १ भरत खत्री १
रामबहादुर खत्री १

जसराजका छोरा ३
नरवहादुर खत्री १ हर्कवीर खत्री १
सेरजङ् खत्री १

हर्कवीरका छोरा २
बंवहादुर खत्री १ +
अक्कलध्वज खत्री १

अक्कलध्वज खत्रीका छोरा १
डंवरवहादुर खत्री १

नरवहादुरका छोरा २
नैंर्नसिह खत्री १ बंवहादुर खत्री १

नैंर्नसिहका छोरा ३
रनवहादुर खत्री १
लोकवहादुर खत्री १
जंगवहादुर खत्री १

बंवहादुरका छोरा ४
हिम्मत खत्री १ मोती खत्री १
कृष्ण खत्री १ हेम खत्री १

हिम्मत खत्रीका छोरा २
हर्कवहादुर खत्री १ कप्तान खत्री १

मोती खत्रीका छोरा १
अकलमान खत्री १

सेरजङ्का छोरा १
कृष्णवहाडुर खत्री ( दैलेखवसाइँ )

[ शुक्ला गंगाको बायाँ किनार लामाचौर भँडारी-डहर भँडारी क्षत्री हरूको हो। यी काश्यप गोत्री भँडारीहरूको मूल पूर्खाले बडामहाराजापृथ्वीका सेवा तथा राजभक्तिमा समर्पित भै बाइसे चौबीसे राज्यका घले राजा रजौटाहरू सँग घोर घमासान युद्ध गरेर नेपाल एक विशाल राष्ट्र निर्माण गर्ने काममा ठुलो पराक्रम देखाएका छन्। ती भँडारीहरूको पुर्खौली हेर्नुंहोस् :—]

गन्जसिंह भँडारी क्षत्री
जसवन्त भँडारी क्षत्री १

गन्जसिंह भँडारीका छोरा ३
माधवसिंह भँडारी १
ले० प्रसादसिंह भँडारी १
ज्वालासिंह भँडारी १

माधवसिंह भँडारीका छोरा ३
सु० कोमलसिंह भँडारी १
डि० बुद्धिमानसिंह भँडारी १
डि० कर्णमानसिंह भँडारी १

सुकोमलसिंह भँडारीका छोरा ५
हेमानसिंह भँडारी १
देउमानसिंह भँडारी १
दुर्गामानसिंह भँडारी १
पृथ्वीमानसिंह भँडारी १
खिममानसिंह भँडारी १

हेमानसिंह भँडारीका छोरा ३
भद्रमानसिंह भँडारी १
रत्नमानसिंह भँडारी १
गणेशमानसिंह भण्डारी १

देउमानसिंह भँडारीका छोरा १
कृष्णमानसिंह भँडारी १
गोपीमानसिंह भँडारी १

दुर्गामानसिंह भँडारीका छोरा १
वेदमानसिंह भँडारी १

खिममानसिंह भँडारीका छोरा १
तेजमानसिंह भँडारी १

डी० कर्णमानसिंह भँडारीका छोरा १
अम्बरमानसिंह भँडारी १

अम्बरमानसिंह भँडारीका छोरा २
उपेन्द्रमानसिंह भँडारी १
राजेन्द्रमानसिंह भँडारी १

ले० प्रसादसिंह भँडारीका छोरा ४
लिप्तमानसिंह भँडारी १
लोकेन्द्रमानसिंह भँडारी १
जगतमानसिंह भँडारी १
शिवमानसिंह भँडारी १

लिप्तमानसिंह भँडारीका छोरा ४
माधव भँडारी १ कृष्ण भँडारी १
श्याम भँडारी १ कालु भँडारी १

जगतमानसिंह भँडारीका छोरा ३
दुर्गामानसिंह भँडारी १
पृथ्वीमानसिंह भँडारी १ रा. पं. स-
तेजमानसिंह भँडारी १

पृथ्वीमानसिंह भँडारीका छोरा १
शरदमानसिंह भँडारी १ रा. पं. स-

तेजमानसिंह भँडारीका छोरा १
वेदभानसिंह भँडारी १

जसवन्तसिंह भँडारीका छोरा १
रणबमसिंह १

रणबमसिंह भँडारीका छोरा ४
नैनसिंह भँडारी १
वदलसिंह भँडारी १
गम्भीरसिंह भँडारी १
जमानसिंह भँडारी १

नैनसिंह भँडारीका छोरा ४
भैरवबहादुर भँडारी १
डि० बखतबहादुर भँडारी १
लोकवहादुर भँडारी १
गुन्जबहादुर भँडारी १

डि० बखतबहादुरका छोरा ३
कृष्णवहादुर भँडारी १
दानवहादुर भँडारी १
गणेशबहादुर भँडारी १

गुन्जबहादुर भँडारीका छोरा २
लोकेन्द्रवहादुर भँडारी १
गेहेन्द्रबहादुर भँडारी १

[1]वदलसिंह भँडारीका छोरा १
कृष्णबहादुर भँडारी १

कृष्णबहादुर भँडारीका छोरा १
उजिरे भँडारी १

गंभीरसिंहका छोरा १
वीरबहादुर भँडारी १ +

जमानसिंह भँडारीका छोरा २
डंबरवहादुर भँडारी १
नरवहादुर भँडारी १

डंबरवहादुर भँडारीका छोरा २
चेतबहादुर भँडारी
हरिबहादुर भँडारी १

नरबहादुर भँडारीका छोरा ७
रुद्रबहादुर भँडारी १
लालवहादुर भँडारी १
लेखवहादुर भँडारी १
उदयबहादुर भँडारी १
चेतवहादुर भँडारी १
रेसबहादुर भँडारी १
बाबुराम भँडारी १

( ताकुम् धारापानी मौलोका स्थापित पौडेल कालु थापाका सन्ततीहरू उसै थलोदेखि बगालै बनेर काश्यप ऋषिले झुप्रो हाली तपस्या गरेको उच्च चिन्तन, मनन, स्वाध्यायको तपोभूमि कास्कीकोटमा चढे, उनै शाह र लामिछाने, थापा र बस्नात कार्की र कुँवर खड्काहरूका साथ जिउँदाका जन्ती मर्दाका मलामी वने, तिनैको एक हाँगो यहाँ यसरी फैलिएको छ )

वाटुलेचौरका वगालै थापा गोत्र :
'आत्रेय थर पौडयालय :

**वागबीर थापा**

ऐंका छोरा ४
जि० मु० अंगद थापा १
जुठु थापा १ जवर थापा १
बाहावल थापा १

---

१. सिंहमानसिंह भँडारीको छोरा ख० दिलमानसिंह भँडारी र कान्छो भँडारी हुन् । यो हाँगोलाई दोस्रो संस्करणमा प्रकाशित गरिनेछ ।

जि० मु० अंगद थापाका छोरा

जि० मु० फत्त्यसिंह थापा १

जि० मु० फत्त्यसिंह थापाका छोरा ६

करवीर थापा १ लालबहादुर थापा १

अर्जुन थापा १ देवराज थापा १

दलवहादुर थापा १ बलबहादुर थापा १

करवीर थापाका छोरा २

धोजे थापा १ धर्मसिंह थापा १

धोजे थापाका छोरा १

ह० बलबहादुर थापा १

ह० बलबहादुर थापाका छोरा १

धनवहादुर थापा १

धनवहादुर थापाका छोरा १

कटुजे थापा १

लालवहादुर थापाका छोरा ३

हर्कबहादुर थापा १

भक्तबहादुर थापा १

देवीबहादुर थापा १

अर्जुन थापाका छोरा १

अने थापा १

अने थापाका छोरा ३

वहादुर थापा १ काले थापा १

भूपाल थापा १

वहादुर थापाका छोरा १

कर्णवहादुर थापा १ काले थापा +

भूपाल थापाका छोरा

मनवहादुर थापा १

मनवहादुर थापाका छोरा २

जसराज थापा १ रुद्रवहादुर थापा १

देवराज थापाका छोरा २

फौर्दसिंह थापा १

देवीबहादुर थापा १

दलवहादुर थापाका छोरा १

देवबहादुर थापा १

वलवहादुर थापाका छोरा २

तुलबहादुर थापा १ गोरे थापा

फौर्दसिंह थापाका छोरा १

दुर्गबहादुर थापा १

दुर्गबहादुर थापाका छोरा ४

हेमबहादुर थापा १ हर्कबहादुर थापा १

यज्ञबहादुर थापा १

तेजबहादुर थापा १

देवीवहादुर थापाको छोरा १

प्रेमबहादुर थापा १

**जुठु थापा**

ऐं.का छोरा १ माथवर्सिंह थापा १

माथवर्सिंह थापाका छोरा २

चामु थापा १ नैर्नसिंह थापा १

चामु थापाका छोरा ३

हर्कवहादुर थापा १ माहिला थापा १

टेकवहादुर थापा १

माहिला थापाका छोरा १

खिमबहादुर थापा १

नैर्नसिंह थापाको छोरा १

इन्द्रबहादुर थापा १

**जबर थापा**

ऐं.का छोरा १ नरवीर थापा १

नरवीर थापाका छोरा १

विराज थापा १

विराज थापाका छोरा ३
रणवीर थापा १ धनवीर थापा १
सन्ते थापा १

रणवीर थापाको छोरा १
धोकल थापा १

धोकल थापाको छोरा
भीमवहादुर थापा १

धनवीर थापा + सन्ते थापा +
भीमबहादुर थापाका छोरा १

**बाहावल थापा**

ऐं.का छोरा १ खङ्गसिह थापा १

खङ्गसिह थापाका छोरा २
जि० मु० गुमानसिंह थापा १
वलिराज थापा १ ( आसाम वसैं )

जि० मु० गुमानसिंह थापाका छोरा ५
कर्णबहादुर थापा १
ललितवहादुर थापा १
पूर्णवहादुर थापा १
लालवहादुर थापा १
वीरबहादुर थापा १

कर्णवहादुर थापाका छोरा ३
चित्रवहादुर थापा १ ( अज्ञात )
पदमवहादुर थापा १

ललितवहादुर थापाका छोरा १
दिलवहादुर थापा १

पूर्णवहादुर थापाका छोरा २
होमवहादुर थापा १
मोतीवहादुर थापा १

लालवहादुर थापाका छोरा २
लोकबहादुर थापा १
होमवहादुर थापा १

वीरबहादुर थापाका छोरा २
वीरबहादुर थापा १
रामवहादुर थापा १

# थामे अधिकारी[1] क्षत्रीको पुख्यौंली

चौबिसे समय भन्दा पनि, पूर्व खाञ्चाखान मिचाखानको वंशमा प० ४ नं० नुवाकोटका राजाले पटरानीका सन्तान नभै मुडुलाकार्कीकी छोरी बिहे गरे पछि तिनै कन्याबाट २ छोरा पैदा भए। (१) श्याम (२) माणिक। पछि पटरानीबाट पनि, एक राजकुमार पैदा भए। तर उनका बुवा स्वर्ग भैसकेका थिए राजकुमार पाँच वर्षका हुनाले अब पटरानी मुमाबाट पैदा भएको भाइ नावालखै भए भनी तिमी २ भाइको उमेर पुगेको हुनाले यो राज्य सत्ता "धर्मसित थामे" भन्ने सहितको अधिकार राजाबाट स्वर्गारोहण हुनु भन्दा अगाडि बक्सिएको थियो र ती २भाइले राज्य चलाए।

पल्लो नुवाकोटका राजाले कास्कीकोटमा अधिकार लिए पछि चौबिसे अन्य छिमेकी लमजुङ, तनहुँ राज्यलाई समेत आफ्नो अधीनमा लिए। तनहुँ लमजुङसित साँठो गाँठो मिलाए पछि एक भाई तनहुँ पस्यो। अर्को भाइले धादिङ फूलखर्कैमा बस्ती बसायो र यिनैका सन्तान दर सन्तान आज फैलिए र अधिराज्य भरी थामे अधिकारी क्षत्री भएर छरिएका छन्। जसमा तनहुँ अर्चलचहुरका अधिकारी क्षत्री खलकको पुख्यौंली तल दिएको छ :—

रानी पोखरी, स्थित काठमाडौं दरबार हाईस्कूलका हेडमास्टर नेपाली दन्त्य कथाका संकलन स्वर्गीय श्रीबोध बिक्रम अधिकारी र उहाँका छोरा मेजर कृष्ण बिक्रम, नेपाल राष्ट्रबैंकका गवर्नर कल्याण बिक्रम अधिकारी, अनि बखानसिंह अधिकारीको वंशजमा गजकेशर अधिकारीको छोरा जितबहादुर अधिकारी र साझा प्रकाशनका अध्यक्ष श्री क्षत्रप्रताप अधिकारी यस क्रममा विशेष उल्लेखनीय छन्।

बखानसिंह अधिकारी क्षत्री
ऐका छोरा ४
मेजर बिसमानसिंह अधिकारी १
डि० कुलमानसिंह अधिकारी १
सुबेदार उजीरसिंह अधिकारी १
तीलबीरसिंह अधिकारी १
कुलमानसिंहका छोरा १
डिल्लीमानसिंह अधिकारी १

---

[1] १—क० झलकमानसिंह अर्चलचौर, अमृतसिंह अधिकारी धादिङ, क० सन्तबहादुर अधिकारी ज्यामरूक।

ऐंकाका छोरा १ हरिबहादुर अधिकारी

ऐंका छोरा ४

रामचन्द्र अधिकारी १ मोहन अ० १

वालकृष्ण अधिकारी १ शरणसिंह अधिकारीं क्षत्री १

सु० उजीरसिंह अधिकारीका छोरा ३

ले० माधवरसिंह अधिकारी १
सुवेदार कीर्तिमानसिंह अधिकारी १
क० प० ललितवम अधिकारी क्षत्री १

माधवसिंह अधिकारीका छोरा ३

नजरमानसिंह अधिकारी १
हेमवहादुर अधिकारी १
कोते छेत्रवहादुर अधिकारी १

हेमवहादुर अधिकारीका छोरा १
डंवरवहादुर अधिकारी १

ऐंका छोरा २

अरुण १ कमल १ नवीन १

कोते छेत्रबहादुरका छोरा ६

कृष्णबहादुर १ ईमानसिंह १
जम:गोविन्द १ मे० कुलवहादुर अ० १
खड्गवहादुर अधिकारी १
सुवेदार कीर्तिमानसिंह अधिकारीका छोरा ३

ले० धीरजमानसिंह अधिकारी १
दीर्घसिंह १ क० झलकमानसिंह १

ले० धीरजमानसिंहका छोरा ३

सुब्वा विष्णुध्वज अधिकारी १

जमादार शिवध्वज अधिकारी १
सुवेदार ब्रह्मध्वज १

विष्णुध्वजका छोरा २
केशव अधिकारी १ विमल अधिकारी १

ब्रह्मध्वजका छोरा २

प्रकाश अधिकारी १ दीपक अधिकारी १

क० झलकमानसिंहका छोरा ३

वीपुंध्वज अधिकारी १ सुदीपध्वज अ० १
सुजनध्वज अधिकारी १

क० प० ललितबम अ०का छोरा २

मेजर मेहेरध्वज थामे अधिकारी १
सचिव कर्णध्वज अधिकारी क्षत्री १

मे० मेहेरध्वजका छोरा २

महानिर्देशक विन्दुध्वज अधिकारी १

जोनध्वज अधिकारी १

कर्णध्वज अधिकारीका छोरा २

ईन्जीनीयर अरुणध्वज अधिकारी १

ईन्जीनीयर सत्यध्वज अधिकारी १

—:०:—

# उपसंहार

# उपसंहार

कूल भन्नु जन्मस्थल हो। यही जन्मस्थललाई स्वर्गीय आलोकदिएर भुक्ति मुक्तिलाई उन्मुख गराउनु हरएक कूलदीपक सन्ततिको कर्तव्य हुन्छ।

आज उत्तर भोट दक्षिण भारतसंग हाते मालो गर्दै छिमेकीको रुपमा हाम्रो देश विकासोन्मुख छ। यस राष्ट्रका निवासी मेची महाकाली भित्रका कुनै अदृष्ठ-कर्ताद्वारा निर्मित हिमाल पहाड र भित्री मधेश तराई आदि प्राकृतिक भूमण्डलमा वस्ने आजका हामी नेपालीहरू आफुलाई सगौरव नेपाली भन्दछौं। तर यो नेपाल खण्ड कति ठाउँमा धाँजा फाट्यो दैवी प्रकोपबाट या दुश्मनीय हमलाबाट भनौं यसको सौन्दर्यलाई देखी राल काडी कति[1] बाइसे चौबिसे राजाहरू छारा ठाउँ ठाउँमा गढी किल्ला पार्वत्य चुलीमा निर्माणगरी सामन्ती स्वतन्त्र राज्य चलाउनु पुगेका थिए। यहाँ कहिले गोपाल, अहीर, किराँत, कहिले लिच्छवी र कहिले मल्ल राजाहरुले आफूलाई सूर्यवंशी र चन्द्रवंशीमा घोषित गरी वैदिक तथा बौद्ध आदि धर्मको अनुयायी बनी आफ्नो युगलाई सुनौला अक्षरमा अंकित गरेर परमधाम भए।

यस देशलाई जब श्री ५ पृथ्वीनारायण शाहबाट पर्वतीय गुरुङ मगर खस क्षेत्रीहरूको सुदृढ़ संगठनद्वारा पूर्व पश्चिम उत्तर दक्षिण चौरदिशालाई संगठनात्मकले विजय गरी एकीकरण गरियो, त्यस कामको प्रमुख सूत्रधारको रूपमा पनि थापा, बस्नेत, पाँडेहरू नै थिए। श्री ५ बडामहाराजा धिराजको उत्तराधिकारीको रूपमा प्रतापसिंह ( जन्म बि० सं० १८०८ गद्दी आरोहण बि० सं० १८३१ स्वर्गारोहण १८३४ ) रणबहादुर शाह ( जन्म बि० सं० १८३२ गद्दी आरोहण बि० सं० १८३४ पदत्याग बि० सं० १८५५ स्वर्गारोहण बि० सं० १८६३ )

---

१—उस समय सल्यान देखि बझाङ, सम्मका, २२ राज्य यी थिए ( जुम्ला रूकुम, सल्या, मालनेटा, फलाबाङ, गुर्माकोट, दाङ छिल्ली, जाजरकोट, जाहारी, रोल्पा, बाँफी, दुल्लु, दैलेख, अछाम, गोताम, बिमकोट, मुसीकोट, दर्ना, बझाङ, बाजुरा, थलहरा। तनहुँ देखि प्यूठान सम्मका २४ राज्य लमजुङ, कास्की, नुवाकोट, सतहुँ, गरहुँ, भीरकोट, पाल्पा, गुल्मी, अर्घा, खाँची, पर्वत, गलकोट, मुसीकोट, इस्मा प्यूठाना, खुमरी, विमरी, यिनै राज्यलाई बाइसी र चौबिसी भन्ने चलन थियो।

आदिको उदयमा पनि नायकी रूपले बहादुर शाह तथा राजेन्द्र लक्ष्मीद्वारा नेपाल एकीकरणमा महत्वपूर्ण भूमिका खेलिएको कुरा अविस्मरणीय छ। यस समयमा हिमाली भेकले चर्चेको पहाडी भागमा जति सबै नै नेपाल राष्ट्र हो भन्दै पश्चिमी क्षेत्र काँगडा गढ कुमाउ-पहाडमा गर्जिने नेपाली सपूत अमरसिंह थापा सरदार भक्तिसिंह थापा आदिनै थिए। मलाउ, तारागढ, नालापानीका ढिकढाक खोला-खोल्साहरूमा नेपाली नर-नारीलाई एकत्रित गरी फिरंगी विरुद्ध राष्ट्र-चेतना जगाउने बीर बलभद्र आदिनै थिए। किन्तु साम्राज्यवादी अंग्रेजले आफ्नो भौतिक विकासको र छल-छामको खडयन्त्र द्वारा तराईको केहीं भेक काट्न वाध्य नै गरायो-लग्यो।

क्षत्रियहरूले जुवा खेल्नु, लडाइमा हाँक दिएर बोलाएमा पछि न हट्नु भन्ने हिन्दू धर्म र संस्कृति अनुसार आफू अगि बढ्ने हिम्मत देशभक्त नेपाली वीरले कायम राख्तै आएको कुरा हो।

यस पहाडी थुम्का थुम्की र डाँडाँ कांडामा बसेका विभिन्न नेपाली जातिहरूले पुरातनकाल देखिनै जाति-जातिको साँघुरो घेरालाई नाघीं आफू कर्मक्षेत्रमा उत्रेको कुरा कहिल्यै भुल्न सकिदैन। यिनीहरूले समानताको मंत्र र विकासको राष्ट्र ध्वनि फुक्तै सदैव राष्ट्र निर्माणमा लागेका पाइन्छन्। आफ्नो कर्म अनुसार नाम र उद्देश्य दिंदै यहाँको थलोलाई पहिले देखिनै पुकारिएको पाइन्छ—तपोभूमि, पुण्यभूमि, विहार ( क्रिडा ) भूमि, कर्मभूमि आदि। यहाँ जसले जुन कल्पना र आराधना गऱ्यो त्यही प्राप्त गर्ने क्षमता छ भन्ने कुरा भुल्न सकिदैन। यहाँ ऋतु-ऋतुले दिएका फलफूल खनिज पदार्थ जल आदि प्राप्त गरी खाने र हिंड्ने मानवीय प्रकृति हो। यसैमा रमाई हाँसी खेली उफ्री हाउ भाउ गरी रमाउने, नाच्ने, गाउने, खनजोत गरी पसिना बगाउने आदि अनुकरण हाम्रा कर्मभूमिका उपलब्ध मानिन्छन्। यस बाट नै हाम्रो सार्वभौमिकताको रक्षा गर्दै स्वाभिमान एवं संस्कृतिलाई जोगाई राख्न ठूलो प्राप्ति भएको छ। यसैमा क्रियाशील बनी अलौकिक शक्ति आर्जन गर्ने रुपमा शोषण र दबाब गरी हैन राष्ट्रीय निर्माणको ज्योतिर्मय आलोक दिई विज्ञानको वास्तविकता पैल्याइ अलौकिक स्थायित्व प्रदान गरे। यहाँ कूल देवता र पूजाको महत्व दर्शाउने सिर्जनात्मक आधार पनि निर्माण गरे। बेला बेलामा विपक्षीको हमला गरिने शक्तिलाई सिथिल पर्नि साहसी राजाको स्थापना गरे। छरिएको विभिन्न सम्प्रदायलाई एक जूट पारे। यसरी पृथ्वीनारायणशाहको सपना साकार गरी शक्ति विशेषको राष्ट्रीय ज्योति जगाउने काम प्रमुख रूपले थापाहरूकै पराक्रम र लगनशीलता बाट भएको थियो। यसबाट अन्तर राष्ट्रमा प्रतिष्ठा र नेपालको सार्वभौमिकतामा आँच ल्याउने आँट सम्म पनि हुन सकेन। यो वंशा-

वलीले यही कुरालाई प्रदर्शित गरेको छ। यहाँ पाइने धार्मिक सामाजिक र राजनीतिक बिकासलाई बढाउने राजा प्रजामा एकता ल्याउने आदि कार्य पनि थापाहरूवाट भएको पाइन्छ। यसैले देशलाई कठिन अवस्था परेको वेला आफूलाई खुकुरीको धारमा राखेर पनि यिनीहरूले देशको शान मान जोगाउन अगि वढेका छन्। यिनीहरूले नै आफ्नो राष्ट्रका सारा जनतामा राष्ट्रीयता र राजभक्ति कायम गरी अगि वढेका राजाको आह्वानमा काँधमा वाँध मिलाई—राष्ट्र रक्षाको क्रान्तिमा साथ दिएका छन्। जीवनलाई वलिदान गर्दै ऐतिहासिक पानामा गौरवको वान्की चढाउने राष्ट्रीय विभूति अमरसिंह, माथवर, भीमसेन आदि औंलामा गनिने बीर स्वयंमा एकलव्य थिए भन्नु अत्युक्ति हुने छैन।

स्वामी राजा रणवहादुर शाहका वाजे श्री ५ बडामहाराजाधिराज पृथ्वी वि० सं० १८३१ मोहनतीर्थ (गोरखा-देवीघाट) मा स्वर्गारोहण हुँदा ९ जना रानी सतीगएका थिए। यसै मोहन तीर्थ निकट काली भूमि वंकोट ग्राम सुभिक्ष राजवन्ती भूमि भनी प्रशंशा गरिएको गोर्खा वोर्लाङमा जन्मिएका भीमसेन थापाका वावु अंवरसिंह थापाको जन्म १८१६ मा भएको हो। फेरि पश्चिमी नेपालको लडाईंमा नाम चलाएका अर्का बुढा अमरसिंह थापाको जन्म चाँहि १८०८ मा भएको हो। यिनलाई पृथ्वीनारायण शाहलाई वोलचालमा बूढा महाराजा भनी प्रयोग गरे झैं वूढा अमरसिंह भन्ने पनि चलन छ। वि० सं० १८४५ मा वहादुर शाहले भोटेसँग युद्ध गर्दा केरूङ कुती अमल गरी डिगर्चामा भोटेहरूलाई लघारेका थिए। राणाको एक छत्र उदय हुनु अघि नेपालको खलवलिएको शासनमा २३ वर्षका भीमसेन थापा र २३ वर्षकै रणवहादुरशाहको समान उमेरको दौंतरी थियो। यसै बीचमा रणवहादुर शाहका पछि लागीं अंवरसिंह थापाका छोरा भीमसेन थापा आफ्नो लाल वाल सहित "स्वामीको जो गति मेरो सोही······ भनै राजा वनारश (काशी) लाग्दा सँगै गएका थिए। येता वालक राजा गिर्वाणलाई लिई राजेन्द्रलक्ष्मीले पाण्डेहरूको मन्त्रीत्वमा राज्य-सन्चालन गरेकी थिइन्। यस समयको नेपालको स्थिति अशान्ति र परस्पर वैमनष्यपूर्ण थियो। पछि अमरसिह सहित् स्वामीराजा रणवहादुर शाह फर्के पछि पाण्डेहरूको शक्ति खत्तम गराई बिस्तारै भीमसेन अभ्युदय हुन्छ। त्रिरत्न सौन्दर्य गाथाका रचयिता कवि सुन्दरानन्दले—"जियान् मन्त्रीश थापा कुलमणि र निशं भीमसेनो यशस्वी" भनी "थापा कूलको रत्न" भन्ने पदवी दिएका छन्। तेस्तै स्वयं गिर्वाणबाट यिनलाई "सर्व भीममये जगत्" भन्दै प्रशंसा गरियो। हुनपनि ल० पु० पाटन जाने वागमतीको पूल, धरहरा, सुनधारा, नरदेवी, शोभाभगवतीको पूल आदिको साथै सेना संगठनको विकास र वारूदको निर्माण प्रशोधन आदि जस्ता काम यिनैबाट भएको थियो। यिनले सैनिक प्रशासनमा निक्कै

सुधार गरेका थिए । १५८ रोपनी जगामा सैनिकहरू बस्ने र तालिम ज्ञान लिने सैनिक शिविर ( छावनी ) थापाथलीमा खोली बन्दोबस्त मिलाए ।

यसप्रकार नेपाललाई सैनिक संगठन तथा विकास सुविधाको रूपद्वारा एउटा सबल र अस्तित्वपूर्ण राष्ट्रको रूपमा उभ्याउने काम भीमसेन थापाबाट भएको कुरा स्मरणीय छ । यिनका भाइ नयनसिंह थापा ( काँगडामा वीरगति पाएका ) गजरसिंह, अमरसिंह र रणवीरसिंहले पनि राष्ट्ररक्षाको सन्दर्भमा ठूलो काम गरेका थिए । यिनको खलक माथबरसिंह थापाले ज्यूँदै पक्डेको र मारेको बाघको तस्वीर अझै अजायब ( म्युजियम ) घरमा राखेको हामी देख्न सक्तछौं । श्री ५ **बडा महाराजा पृथ्वीनारायण शाह** द्वारा पनि आफ्नो दिब्यो पदेशमा राष्ट्रिय एकीकरणको लागि थापाको ठूलो योगदान भएको कुरा प्रस्ट्याउँदै खुला हृदयबाट प्रशंसा भएको कुरा यहाँ अविस्मरणीय छ ।

वि० सं० १८९५ सालतिर आई थापा खलकमा आपत्तीको पाहाड बज्रन्छ । भीमसेन थापालाई विष मुद्दा लाग्दछ र यिनको खलकमा अन्योलको कुइरो मडारिन थाल्दछ । फलस्वरूप : यिनी आफ्नो आत्मगौरव र ईज्जतप्रति ममता रा खतै स्वयं वि० सं० १८९६ साउनमा आत्महत्त्या निम्ति सेरिई दर्दनाक किसिमले ९ दिन बाँची परमधाम हुन्छन् । यिनको लास स्याल, गिद्धलाई आहार बनाई दिईन्छ । पछि भीममुक्तेश्वरको[1] निर्माण हुन पुग्द छ । यिनलाई यो षडयन्त्र रच्ने सूत्राधार मुख्तियार रणजङ् पाँडे थिए । यिनीहरूले विष मुद्दालाई लक्ष गर्दै सात पुस्तासम्म थापा खलकले जागिर पाउने छैन भन्ने उर्दी फिजाएका थिए । बँचेका यत्किन्चित् थापालाई पनि जात पतित गराई चोक-चोकमा गै भिखारी बन्दै मागी खानु भन्ने उर्दी दिए । यिनका आइमाईलाई नांगा पयरबाट नै हेल्मु-भोटसम्म पुऱ्याई त्यहाँवाट पैदलै फर्काइ बोर्लाङ बुङ्कोट पाहाडमा डुलाएका थिए । वीर माथवरसिंह भारत चंपारन जिल्लातिर थिए । आफ्ना पितासहित् थापा खलकको पतनले उनको हृदय जलेको थियो । भीमसेनको मृत्यु पश्चात् १८९९ सम्म नेपालको राजकाजमा निकै अस्तव्यस्त र भांड भैलो मच्चिई रह्यो । यो स्थितिमा वि० सं० १८९९ साल पौषमा वाउन्नलाख पाहाड मध्धेशका प्राणीमा रीति स्थिति भएन, सरकारमा पनि सुविस्ता भएन, आउनु पऱ्यो भनी अभयको धर्मपत्र-लालमोहर पठाइयो । यसरी अभयदान भए पछि उनी नेपाल आए र वि० सं० १९०१ मा धर्म बन्देजको कागज यसरी भयो—कप्तान वलवहादुर थापाले ढुंगाको सोझो गरी आएका तिमी थापाहरू माथि अन्याय जबरजस्तीसित बेहुर्मत गऱ्याका हुन् । भीमसेन थापालाई

---

[1] विष्णुमतिको कालीमाटी पूलमाथिको दाहिने किनारमा छ ।

कीर्ते जालसाँजको चुक्ली पारी बेहुर्मत गरी प्राण त्याग गराउन जाने नौं, बिरायौं भनी १९०० साल साउनवदी २ रोज १ मा रणजङ् पाँडे प्रभृतिको कायलनामा कागज भयो। थापाहरूको सर्वश्व भएको सारा सम्पत्ति थामियो। माथवरसिंह प्रधानमन्त्री भए। अझै यिनका सन्तान गोर्खा[1] वोर्लाङ डाँडाँमा यस प्रकार पाइन्छन् :—


अमर सिंह थापा
उजिर सिंह थापा
सेरजङ्ग थापा
खड्ग जंग थापा
मान प्रताप थापा
भैरव बहादुर थापा
रुद्र वहादुर थापा
पूर्व २ नं का माथवर सिंह थापाका खलकहरू :—
प्र० मं० माथवर सिंह थापा
भैहरणसिंह थापा
भैरवरसिंह थापा
स० भरैंसिह थापा
नृपसिंह थापा
प्रसादसिंह थापा
कर्णेल सनमानसिंह
जंगवीरसिंह थापा
ले हर्कवहादुर थापा
क०प० गणेशबहादुरसिंह थापा
ले० नरसिंहवहादुर
डि०ए० तुलवहादुर थापा
पद्मजङ्ग थापा
समरजङ्ग थापा
३ छोरा
राजेन्द्रवहादुर थापा
४ छोरा
सनद कुमार
पूर्ण कुमार
नरेन्द्र जङ्ग
वीरेन्द्र जङ्ग

---

[1] पद्मजङ्ग थापाका पुत्र जेठा चन्द्रजङ्ग पद्मजङ्ग थिए। यिनका छोरा विश्वबन्धु थापा भए :—

माथवरसिंह थापाको प्रधानमन्त्रीत्व प्राप्तिले यिनीहरूको आश्रयमा रहेका कुँवरहरूको पनि भाग्योदय हुन पुग्यो। वालनरसिंह कुँवरको पुख्यौंली घर प० ४ नं० भिर्कोट ज्याग्दीखोलामा थियो। यिनीहरू स्याङ्जाबाट कास्की र कास्कीका राजासँग छोरी ताराको प्रसंगले मन मुटाप भै गोरखा पुगेका थिए। नेपाल अभियानमा उपत्यका प्रवेश गरेका कंवरहरू माथवरसिंह थापाको उदयले वाल नरसिंह सहित जंगवहादुरलाई आश्रय मिल्यो, फलतः भानिज जंगवहादुरलाई सुवेदारी मान दिई थापा थलीमा गास-वास समेत दिइयो। पछि यिनै जंगबहादुर द्वारा मामा माथवरसिंहलाई वि० सं० १९०१ को रात्रिमा गोलीद्वारा मारियो र झ्यालबाट मिल्काइ दिई हात्तीबाट लास घिसारी पशुपति आर्यघाटमा दाह संस्कार भयो। यसरी मामा मारी जंगवहादुरको राजदरवारमा प्रवेश भए पछि वि० सं० १९०३ मा कोतपर्व मच्चिन्छ। यसमा देशभक्त सपूतहरू बिना कसुर परमधाम हुन पुग्दछद्। जसमा सर्दार दगमर्दन थापा कुंभे थापा, पूर्णधन थापा, रणजोर थापा, काजी नरसिंह थापा सर्दार अर्जुन थापा आदि काटिन्छन्। र वाँचेका जंगवीर थापा लगायत केही थापाहरू भाग्दछन्, धपिन्छन्। यसरी कोतपर्व भँडार खालपर्व आदि नर संहारकारक काण्डहरू रचि जंगवहादुरले आफ्ना प्रतिद्वन्दीहरूलाई पूरापूर सखाप पारे र निस्कन्टक शक्ति हत्याउँछन्। यसरी आफू एक छत्र वीर निस्केकोले राजदरिवारमा समेत सन्त्रास फैलन पुग्दछ। यही मौका छोपी आफ्नो जातित्व र वंशको गौरव राख्ने अभिप्रायमा उनले श्री ५ मार्फत् लालमोहर बनाउँछन्—जसमा जंगबहादुरका अघिका पुरखाहरू बडा पुरुषार्थ रहेछन्, आजदेखि यिनीहरूलाई खस छेत्री न भन्नु 'राणाजी' भन्नु। खस छेत्री भने निजले जात अनुसारको सजायँ पाउने छ। भनी लेखियो।

यसरी थापाहरूको अभ्युदयलाई षडयन्त्र र जालसाँजी गरी कुंवर राणाहरूद्वारा निमिट्यान्न पारिन्छ। बलैजफत् इतिहासको पानालाइनै कालो कुचक्रमा रँगमगाइन्छ। अनि निरङ्कुश राणाशाही राज्यको उदय हुन्छ।

प्राप्त बगाले थापाहरूको पुरानो वंशावली निम्नप्रकार छ प्रस्तुत वंशावली यहाँ हामीले नेपाली पूर्णाङ्क ८१ द्वारा प्राप्त गरी उल्लेख गरेका हौं।

●

# थापाका वंशावली[1]

गोत्र आत्रेय प्रवर ३ अत्री, आत्रेय, ३ अर्चनं अत्रिप्रवर इनीसंग्रह गरी श्री उदय भट्टाचार्य उमादेवी ब्राह्मणी १ तन्का पुत्र सुदय भट्टाचार्य भुमादेवी २ तन्का पुत्र रायि भट्टाचार्य देवी प्रिया रामादेवी ३ तन्कापुत्र देवदत्त भट्टाचार्य देवीप्रिया ४ तन्का छोरा वत्सराज भट्टाचार्य वसुन्धरादेवी ५ तन्का चेला भयेनन् र कन्नौज जाई विवाह् गर्न जाँदा कन्या दिएनन् पर्वत्या भयन र तव राधा माधव राजपुतकी चेली शुभकन्या विवाह् गरेर ल्याएका तनका कालु थापा जन्म्या। खसं वृद्ध भया भनीकन कार्की ब्राह्मण मीत बाबा छेउ विन्ति गरी तिनैकी चेली विवाह् गरिदिया, तन्का वत्सराज जन्म्या। एक दीन बुढिया थैं तेरा मीत बाबाका चेली यैं काला पुत्र भया भन्दा सुवेदीकी चेली मागी फेरी विवाह् गरिदिया तन्का कन्याराज जन्म्या कन्याराजका गोरा पौडचाल बचटराजका काला पौडचाल तन शुभ कन्याका कालु थापा हुन्, कनौज जाई कालु थापाको विवाह् गऱ्या राजा थाप्या र राजा बोलाया तन्का चेला जन्मदा वच्छराजका ३ चेला जन्म्या ब्राह्मण कालु थापाले वच्छराजैका सन्तानैमा गुरु प्रोहित मान्नु सुवेडी गणपति मान्नु पौडचालको थापालाई राजा मान्नु गरीदियां विर्ता ब्राह्मणलाई राज्य थापालाई भनी धर्मको बन्दोवस्त बाँधि दिया जान्या पौडचाल महा थापालाई चिन्दछन् गोष्ठ देवता काढा, गैडुं, गंगा भवानी हुन्। कार्तिक शुक्ल अष्टमी गोष्ठ पुजा हो जान पौडचालले र थापाले मात्रै ६ भाई त्रयोदशी अरू देवताको पुजा हो "सो कर्म कुरूते नित्यं देवता तिर्थ पुजक" पुरश्चरण कृतो वंश सर्व सिद्धी कुतो कूल ॥ कालिका प्रसादेन भूपतीर्भवतीकुल ॥ यथा गुणं तथा नाम कालु ब्राह्मण भूतते ॥ साके ५१११ सम्वत् १२४६ थापाका सन्तति कालु थापा देखिन् लेखिन्छ—

कालु थापा १
कालु थापाका छोरा ४
पूर्णखर थापा पुलामका राजा भया पुलमी थापा हुन् १
माहिला तारापती थापा ताकम् गयि वस्या राजा भया १
साहिला वीरु थापा १
कान्छा धर्मराज थापा १
जस्धर थापा पछी २ जना हुन्

---

[1] नेपाली पूर्वाङ्क ख

दुई जना आया जम्रीमा राज्यगऱ्या २
तन्का सन्तान जमऱ्याल बोलाया
धर्मराजको छोरा अनन्तराम थापा ३
अनन्तरामको छोरा मुसु थापा ४
मुसु थापाका चेला २ मध्ये घुरू थापा ५
घुरू थापाको चेला कर्णराज थापा ६
कर्णराज थापाको छोरा धर्मराज थापा ७
धर्मराजका चेला गिरीधर थापा ८
गिरिधर थापाका चेला गङ्गाराम थापा ९
गङ्गाराम थापाका चेला रणजीत थापा १०
रणजीत थापा दद्यास आया ३ चेला जन्म्या माहिला नरहरि थापा ११
नरहरि थापाका ७ चेला मध्ये छैटौं जसराज थापा १२
जसराज थापाका चेला बलीराज थापा १४



( नेपालका प्रथम प्रधानमन्त्री भीमसेन थापा )

तनका छोरा २ भध्ये
जेठा रामचन्द्र थापा (यिनका सन्तति १२ पुस्ताका श्रीजनरलभीमसेन थापा)
कान्छा लछिमन थापा (यिनका सन्तति १२ पुस्ताका श्रीकाजी रणध्वज थापा)
रामचन्द्र थापाका छोरा देवदत्त थापा १६
तनका चेला भैरवसिंह थापा १७
तनका चेला कर्णसिंह थापा १८

तनका चेला स्यामराज थापा १९
तनका चेला ३ मध्ये माहिला चेला वसम्भर थापा २०
तनका चेला संग्राम थापा २१
तनका चेला विक्रम थापा २२
तनका चेला विजय थापा २३
तनका चेला वीरभद्र थापा २४
तनका मुख्यानी पट्टीका जेठा चेला जीवन थापा कीर्तिपुरमा पऱ्या २५
ऐं. ऐं. माहिला छोरा वत्सराज थापा २६
वीरभद्र थापा कान्छी मुखीनी पट्टी कान्छा अमरसिंह थापा
जीवन थापाका छोरा कृष्णसिंह थापा
वंसराज थापाका छोरा केहेरसिंह थापा
कान्छा अमरसिंह थापाका चेला ५ के
जेठा भीमसेन थापा १
माहिला नैंनसिंह थापा १
साहिला बखतवारसिंह थापा १
काँहिला अमृतसिंह थापा १
कान्छा रणवीरसिंह थापा १

भीमसेन थापाको चेला भएन र माहिला नैंनसिंह थापाका जेठा चेला उजिर सिंह थापाका चेला सेरजङ थापालाई धर्मपुत्र छोरा तुल्याई राखया ( इनले सुवेदारी मान बैठकका कामली श्री ५ महाराज रणबहादुर शाह पाउ रखवारी कासी जाई मुल काजी भैं नेपाल आई दर्बारमा कल बढाउना भारदारहरू लायि सजांय गरी जनरली मान पाई १८७२ सालमा अंग्रेजसँग २ लडाइं गरी घरको बन्दोबस्त गरी ( ? ) सालदेखि एकौटि मुखत्यारी ३४ वर्ष सम्म गऱ्या दर्वार वसन्तपुरमा रह्या ।

माहिला नैंनसिंह थापाका चेला २ (यिनले काँगडासम्म वैह्री जिती काँगडैमा गोलीले मुक्त भया—यिनका छोरा कर्णेल उजीरसिंह थापा जनरल माथवरसिंह थापाका महातारी समेतलाई सरकारवाट बिर्ता लिस्त १ मोजीपुर १ पाटं वाहाफले सेरामा १० खेत वीत्तलप पाया ) ।

जेठा उजीरसिंह थापा यिनले ७२ सालमा बटौलीमा २ लडाइं गरी अंग्रेजलाई जित्या ) ।

कान्छा माथवरसिंह थापा १

साहिला बखतवारसिंह थापाका चेला २ ( यिनले श्री ५ महाराजगीर्वाण जुद्ध विक्रम साहा श्री ५ महाराज राजेन्द्र विक्रम शाहको टहल गरी दर्वार भँडार

खालमा रही पालपामा २ पल्टनको तैनाथ र सबुज पल्टनको भेट खानु भनी विर्ता गरी दिया—

जेठी मुख्येनी पट्टीको छोरा जेठा त्रीविक्रमसिंह थापा १ कान्छी मुख्येनी पट्टीका कान्छा नारायणसिंह थापा १

काहिला अमृतसिंह थापाका केटी पट्टीका चेला दलवहादुर थापा १

( यिनले काजीमान भै श्रीनाथ ५ पट्टीको तैनाथ पाई यिनले अंग्रेजसँग लड्न नालापानी गया : कंपुका चाँद तोडाको नमुना ईनैले ल्याई सबै कम्पुलाई चाँद तोडा दिया······ )

कान्छा रणवीरसिंह थापाका कान्छी मुख्येनी पट्टीका चेला······( यिनले १८७२ सालको लडाईं गऱ्या आफ्ना दाजु वखतवारसिंह थापा जागिमा दर्दिया भै नुवाकोट गयाको हुनाले दर्बारमा श्री ५ महाराज राजेन्द्र विक्रम शाह वहादुरको टहलमा रही छोटा जनरल भया, कालगतीले जोगीहरूसँग सतसँग गरी सन्यास धर्म ली कासीवास भयो······ )

जेठा सेर विक्रमसिह थापा १
माहिला युद्ध विक्रम सिह थापा १
साहिला सम्सेर विक्रमसिह थापा १
काहिला भीम विक्रमसिह थापा १

( *प्रधानमंत्री माथवरसिह थापा )

कान्छा रघु विक्रमसिह थापा १

जेठा उजिरसिह थापाका जेठी मुख्येनी पट्टीका चेला सेरजङ्ग थापा १

---

❀ थापावंशका दोस्रा प्रधानमंत्री

कान्छा मातवरसिंह थापाका जेठी मुख्खेनी पट्टीका चेला रण उज्ज्वलसिंह थापा १

रण उज्ज्वलसिंह थापाका चेला
जेठी मुख्येनी पट्टिका जेठा चेला श्री वीर विक्रमसिंह थापा १
कान्छी मुख्येनी पट्टिका जेठा चेला वीर विक्रमसिंह थापा १
ऐं कान्छी मुख्येनी पट्टिका कान्छा छोरा वीसी विक्रमसिंह थापा १
काजी नैंनसिंह थापाका जेठा छोरा कर्णेल उजीरसिंह थापाले ७२ सालमा बटौलीमा अंग्रेजसँग २ लडाई जिती ठूलो नाम चलाया

कान्छा छोरा मातवरसिंह थापाले भारादारी खेलमा देव लागनु पर्‍यो, आफुलाई सचेत ११ टागन घोडा ली १० जना साथ ली ६ दिनमा वनारस पुगी हींस्थान पञ्जाबको सयल र काँगरामा बाबु नैंनसिंह थापा लडाईमा मुक्त भयाका ठाउँमा पिंड दान दी ज्वालाजीको दर्सन गरी लाउर अम्वर सहरको सयलमा १७ सवार घोडाका र उँट खच्चर साथमा राखि सवारी गरी आफु प्रख्यात भैरहे ६ वर्ष पछी अब नेपाल जाने वेला भयो भनी नेपाल आई आफ्ना शत्रुसँग पुरपछेमा जीती आफ्ना दाजु भाई इस्टमित्र कामदार कारिन्दाहरूको सर्वस्व भयाको फिर्ता गरी श्री ५ सरकारवाट अभयको सुनापत्र मधेस पहाडमा विर्ता समेत र प्राइमिनिस्टर आण्ड कम्याण्डर ईनचिफ कलाबहादुर जनरलको खिताप भै एक कोटिको मुखत्यारि भया आफुलाई दुख दिन्या र दरवारको सलतनत् खराप गर्‍या थापाहरूलाई विषको वात लगाई मार्नामा मतलव गर्‍यहिरूलाई ज्यूज्यान सजाँ भयो ।

जनरल मातवरसिंह थापा कलावहादुरका छोरा
जेठा कप्तान रणजोरसिंह थापा १
कान्छा सद्दे विवाहिता पट्टि कम्याण्डर कर्णेल उज्ज्वलसिंह थापा १
ऐं.का छोरा श्री विक्रम थापा छेत्री १
सम्वत् १९३१ सालमा कर्णेल भये
ऐं.का कान्छा छोरा कान्छी पट्टिका वीर विक्रमसिंह थापा छेत्री १
ऐं. सालमा कप्तान भया

---

राज्यको सारा हालीमुहाली जर्नेल भीमसेन थापाले हातमा लिई बसेका थिए । राजपरिवार र गुरुज्यू बाहेकका सम्पूर्ण नेपालीले उनको आदर गर्नुपर्थ्यो ।

चौतरियाहरू र गुरुज्यू भीमसेन थापालाई तिमी भन्थे तापनि उनीहरूको टुपी पनि भीमसेन थापा कै हातमा थियो । भीमसेन थापा कहाँ नपुगी राजदरबारमा कोही जान सक्तैनथे ।

भीमसेन थापालाई थापा बन्धु जतिले चिठी लेख्ता यसरी लेख्तथे :—

स्वस्तिश्री सर्वोपमायोग्यत्यादि सकल गुण गरिष्ठ राजभारोद्धारण सामरथ श्री श्री श्री छ जनरलकम्पाण्डर ईनचिफ भीमसेन थापा साहेबका चरणतल दलसुर थापा सोभार्सिह थापाको कोटि साष्ठाङ्ग सेवा सतपूर्वक पत्र मिदं……

इति सम्वत् १८९३ साल मिती फागुन वदी १४ रोज १ मुकाम इलाम खलंगा शुभम् ।

# थापा परम्परा ऐतिहासिक कालु[1] थापा र उनको वंश

अघि जुंलामा खस राजाका वंशमा सात भाइ छोरा थिए। धौलागिरिको ताकुम्‌कोटमा भृगु गोत्रका आदि पुरुष "भृगु" को नै राज्य थियो। यिनका साथमा लागेर जुंला बाटै 'जय चन्द्र' र 'रन्के' साथै आएका थिए। रन्के मुनामा जयचन्द मच्छेममा र 'भृगु' चाँहि ताकुम् कोटमा नै वसे। जयचन्द आग्री मगर (छन्तेल) र रन्के चाँहि 'पून' मगर भए। जसका सन्तान ताकुम्‌मा छँदै छन्।

भृगु सहित भै रन्के र जयचन्द समेत ताकुमकोट् मा राम्रो राज्य सन्चालन गर्न सक्ने खस राजाको खोजीमा जुंला खसगिरि पाहाड़ तर्फ लागे। जुंला खसका तत्कालीन राजाका पनि सात भाइ छोरा लहरै सुतेका थिए। त्यस मध्येबाट शिरानी उँभो-उँभो सरेका छोरा 'डिम्ब' लाई ल्याई ताकुम्‌को राजा बनाए। यी 'डिम्ब' सानो नाबालक भएकाले शिक्षा दिक्षा दिइ बझाङ्गे राजखलककी कन्यासँग विवाह भयो। यी राजकन्या साथै 'भृगु' र डिम्ब सहित पौडी गाउँबाट भान्छेको रूपमा यौटा बाहुन समेत् लिइ ताकुम् आए र राजकाज चलाउँदै थिए यस्तैमा 'राजा' डिम्वबाट बझाङ्गे राजखलककी कन्या देखि यौटी बालिका पैदा भईन्। विधिको विडम्बना भनौं? राजकुमारी आफ्नै दर्वार भित्रको उहि भान्छे बाहुन् पौडचालसँग लसपसिन पुगिछन्, गर्भ रह्यो। तिनै आत्रेय पौडचालय ब्राह्मणको रज बिर्य देखि राजकुमारीबाट एक पुत्र जन्मियो। यिनको नाउ कालु राखे। बालक कालु जवान भए पछि ताकुमकोटमा राजा डिम्वले यिनै कालुलाई आफ्नो राज्यदिई आफू 'भुजी' अर्नाकोट तर्फ लागे। यस्तैमा उत्तर तर्फबाट आएका जाडेहरूसँग डिम्वको लडाईं चल्यो। जाडेहरूलाई पराजित गरी आफ्नो विजयको

---

[1] नेपाली पू० अं० ८९ मा कालु थापाका सन्तानको वंशावली उद्घृत गरिरहेछु, तर यो तल दिईएको भनाई मैले ताकुमबाट अनुसन्धान गरिएको यस लेखबाट अझ विशेष जानकारी हुन सकला भन्ने विश्वास लिएकोछु। यो जनसाधारण हरूको भनाई र विश्वासको आधारमा तयार गरिएको हो, त्यसैले आजको प्राप्त ऐतिहासिकतामा कति मेल खाला—नखाला, यस प्रति अझै सोध खोजु हुन वान्छनीय छ। आजको लोकसंस्कार र जन जीवनलाई हेरी नेपालका पुराना स्थानीय मौला र लोक विश्वासका चौतारा किल्ला आदिलाई सोच्ता म यसैप्रति आश्वस्त वनी यसलाई याहाँ स्थान दिई रहेछु। विशेष सोध खोज र भविश्यले अझै प्रस्यचाउँदै जाला!

उपलक्ष्यमा आफ्ना सैनिक उमरावहरूलाई बुकी भुजीमा ६० मुरीखेत र दुइ खर्क पाखो विर्ता दिए ।

पछि राजा डिम्बवाट नै नागराज कीर्तिवम र मलेवम भन्ने छोरा जन्मिए । मच्छिमको जयचन्द र मुनाको रन्केद्वारा राजकुमार कालुलाई मान्नु पर्दथ्यो । राजगद्दीमा डिम्ब्रद्वारा स्थापना गरी राखिएकोले भान्छे वाहुन पौडयालपुत्र 'थापा' भन्ने लोकप्रसिद्धि परम्परा चल्यो । कालु थापा बलवान पुरुषार्थी र जमामर्दी लौह पुरुष थिए, यिनका विवाहित र भित्रीनी समेत गरी जंमा ५३ वटी रानी थिए ।

यिनीहरूवाट धृतराष्ट्रका झैं १०० भाइ छोरा जन्मिए । यसरी सय जनाको बगालले डाँडा काँडा ढाक्यो । ताकुम्कोट तलको बाख्रीचौरको मङ्सिरे दाईमा झर्दा र बढाई गर्दा खसीको सपेटो, सागको मुठो र दहीको ठेकी लिई राजा कालु थापालाई मान्ने परम्परा चलेको थियो ।

कालु थापाको वल पहुँच र जगजगीवाट छिमेकी साना राजाहरू उठी रीस डाहले कालु थापालाई राज गद्दीवाट हटाई अर्कै राजा स्थापना गर्ने सोच विचार षडयन्त्रमा लागी बुढा रन्के र जयचन्द समेत भुजी अर्नाकोटमा डिम्ब्र राजाका छोरा मलेवम र किर्तिवम सँग उजुर गर्न पुगे । मलेवम र किर्तिवमको सल्लाहा अनुसार रन्के र जयचन्दले संगठन तयार गरी आफ्नो सरकारी तिरो कालीचौरको धुरी तिर्ना निम्ति कालु थापालाई पाख्रीचौर वोलाई उनी आएको समय हमला गरी उनलाई कब्जा गरे । पछि उनी त्याहाँवाट भागी बोरलाङ्ग चौर गई बसे । यसलाई अझैं "थापा चौर" भनिन्छ ।

यसरी राजगद्दीवाट थापालाई भगाएकोमा अपसोच मान्दै भृगुका सन्तान ( सुवेडी ) छेपलधारोमा गई भात भान्सा गर्दै थिए, धुवाँ चलिरहेको थियो । धुवाँको मुस्लो देखि ताकुम्कोटका राजाले तिनिहरूलाई वोलाई सोधें । उत्तरमा उनिहरूले हामी थापा राजाको अनुयायी हौं, उनिहरू जाहाँ जान्छन् उतै पछि लाग्दछौं भने । उनिहरूको कुरावाट प्रभावित भै यी कीर्तिवम मलेवम राजाले थापालाई दरवाङचौर मानिस पठाई बोलाए ।

थापाका मानिस दूतको रूपमा आए । उनिहरूसँग भने "हामी भाई भाई हौं हाम्रो परस्पर कुनै वैरभाव छैन । हामी राजा हुन्छौं, थापा काजीको रूपमा रही राजकाजमा सल्लाहा दिंदै रहने भई हाम्रा पिता पुर्खाको राजकाज चलाउँछौं यहीं बसौं ।"

यसरी किर्तिवमको अनुरोधलाई समर्थन गरी काजीको रूपमा थापा बस्ने भनि लालमोहर सदर भयो ।

यसरी राजा कीर्तिवम मलेवम र काजी थापा भई राम्रो रूपले राज्य संचालन हुन थाल्यो । तर पनि हृदयमा चाहिं आफ्नो राज्य खोसिएको खोप थिदैं थियो । यसैले मामावाट छलकपटमा साथ दिई राज्य खोशिएको हुँदा उनिहरूले ( थापा वंशी ) अब उप्रान्त ससुराली र मामलीकाहाँ वड़ादशैंमा टीका थाप्न नजाने भनि नियम बसाए । हाल सम्म पनि वगाले थापाहरूले दशैंमा टीका थाप्न जाँदैनन् ।

कालु थापाका सयभाइ छोरा विस्तारै यस राष्ट्रको डाँडा काँडा चारैतिर छरिए । तत्कालीन वाईसे चौविसे राजाको राजनीतिक स्थिति हेरी कसैले आफुलाई गर्ग गोत्री भन्न थाले र त्यसैवाट फैलिए । पछि पृथ्वी नारायण शाहको समय पाँडे र थापाको प्रतिस्पर्धा र कजाँई दिइएको थियो । यसै ताक-लोकगीतले अलापे को थियो "थापाकाजी, पाँडेकाजी हाम्रो वलो ल्यौन" आदि ।

थापाहरूका आदरणीय गुरू पुरोहित सुवेदी र पौडेलहरू थिए । पछि अधिकारीहरू पनि भएको बुझिन्छ । सुवेदी शुद्ध वेदी भएको हुँदा उनिहरूलाई सुनको शुरो प्रदत्त गरियो । अनि पौडेलचाहिं क्रम वेदाध्यायी हुँदा चरू दिईयो, पशुरामले दुईपटक सम्म निःक्षेत्रीय बनाउने भनी भारतवर्षमा लाग्दा मल्लका शाखा पुरूखाहरूलाई दवाई राखेका रहेछन् । यस कारण सुवेदीले यी राजाको जेठो छोरालाई मन्त्र सुनाउने भएछन् ।

कीर्तिवम मल्लले कार्कीनेटा देखि उत्तर पश्चिम मारेर पर्वत समेत राज्य गरेको बुझिन्छ । जफती भन्ने गाउँ अन्यत्र पनि ठाउँ ठाउँमा होला ऐतिहासिक गाउँचाहिं ताकुममा नै पाईन्छ । थापा र मल्लले सुवेदी तथा पौडयाललाई दिएको विर्ता पछि राणाकालमा आई सो जफत भएकोले यसको नाउँ 'जफती' रहन गएको कुरा आज सम्म पनि सुन्न सकिन्छ ।

कज्यांई पदले गरी आफ्नो ख्याती लिएका थापा राजकाजमा निकै दक्ष थिए । किर्तिवमको पद मात्र थियो, राजकाज व्यवहार र प्रशासनीक काम चाहिं पुरै थापाहरूको नै थियो । पछि आधुनिक कालमा पनि नेपालमा थापाको नैं विशेष देन भएको बुझिन्छ ।

# परिशिष्ट

१. राजा दलविक्रमशाहको ( १९३१ वि० सं० ) तमसुक
२. रसीद १९३४ ,,
३. खेत कुलो बनाउने १९०७ ,,
( प्राइम्मिनिष्टर जङ्गवहादुर राणाको रुक्का )
४. परंपट्टको कागज १९७५ साल फागुन १७ को
५. तनहुँ ३ लंबर रसोद गोदामको रसीद
६. लेनदेनको भर्पाइ १९०४ को



श्री १

श्री राजा
१

( साहू अनम्वर नेवार र असामी बाटुलेचौर बडाकोटका राजा सिद्धिनारायणका वंश दलविक्रम शाह असामी भएको सुबेदार बागदल थापाले लेखेको वि० सं० १९३१ सालको तमसुक यस प्रकार छ । )

स्वस्तिश्री १९०४ सालमा कान्छी बुहारीका रुपैंञा हामी ३ भाइले कर्जा लियाका मोहोर रुपैंञा जम्मा रु० ११०को तपसिल—

| | |
|---|---|
| रनसुर थापालाई तिऱ्याको रु० | ७ |
| अकवर गुरुङलाई तिऱ्याको | १० |
| घाचोकका बाहुनलाई तिऱ्याको रु० | ९॥ |
| मधीलाई तिऱ्याको रु० | १ |
| स्यामा भैंसी किन्याको रु० | १७॥ |
| गोरा भैंसी किन्याको रु० | १३ |
| गोरु किन्याको रु० | ४॥ |
| मङ्गलीको तिऱ्याको रु० | ७ |
| वाली तिऱ्याको रु० | ६ |

| | |
|---|---|
| हाम्रा पासामा वाँकी रह्याका र आउन्या समेत रु० | १७ |
| कान्छीलाई रूपैं भैंसी किनी दियाको रुपैंञा | १७॥ |

इति सम्वत १९०४ साल मिति श्रावण वदि २ रोज ५ शुभम्

# तनहुँ ३ लम्बर रसद गोदामको रसीद

स्वस्तिश्री तन्हौ ३ लम्वर रसद गोदाम कस्य दाखिला आम्दानी जिल्लै कास्कि थुम बाटुल्याचौर मौजे बाटुल्याचौरका जिम्मावाल मुषिया वागवीर बस्न्यात्‌का तपसिल बमोजिमका रैतीको टिकस्का रसदमध्ये खरीद भयाको मोहोर रु० ३१।।। ≡ ।।।२को ७।४का दरले चावल मुरी १२। निज मुखिया मारफत तपसिलका रैतीहरू हस्ते डिठा दलवीर राना जिम्मा गोदाम दाखिल भयो तस्को रसिद गरी दिन्युं—

## तपसिल

| | | | | |
|---|---|---|---|---|
| मु० वागवीर वस्न्यात् हस्ते निज रु० | | | १।। – ।।१।। को | १२ |
| भ्रन्दु पाध्या हस्ते निज रु० | | | २ = २ को | –।१६ |
| हनुमन्त नेवार हस्ते निज रु० | | | १ – १ को | १८ |
| गजाधर पाध्या हस्ते निज रु० | | | १।। – ।।१।। को | ।१२ |
| रामचन्द्र पाध्या | ऐ | ऐ | १ – १ को | ।८ |
| माधौ गुरुङ ऐ | ऐ | | १ ¯ १ को | ।८ |
| रणकेसर खवास | ऐ | ऐ | २ = २ को | ।१६ |
| वुध्या खवास | ऐ | ऐ | १ ¯ १ को | ।८ |
| लक्ष्मीनारां जैसी | ऐ | ऐ | २ = २ को | ।१६ |
| जगे पंथ | ऐ | ऐ | १ ¯ १ को | ।८ |
| जहर्सिं गुरुं | ऐ | ऐ | १ ¯ १ को | ।८ |
| नापल्या गुरुं | ऐ | ऐ | १ ¯ १ को | ।८ |
| मार्नसि कार्की | ऐ | ऐ | १ ¯ १ को | ।८ |
| अजम्वर नेवार | ऐ | ऐ | १ ¯ १ को | ।८ |
| हर्के थापा मगर | ऐ | ऐ | १ ¯ १ को | –।८ |
| मनविर नेवार | ऐ | ऐ | १ ¯ १ को | ।८ |
| पदर्मसिह वस्न्यात | ऐ | ऐ | १।। ¯ ।।१।। को | ।१२ |
| कालु पाध्या | ऐ | ऐ | १।। ¯ ।।१।। को | ।१२ |
| वलु थापा हस्ते निज रु० | | | १ ¯ १ को | ।८ |
| उजीर खवास | ,, | ,, | २ = २ को | ।१६ |
| चामु कार्की | ,, | ,, | १ ¯ १ को | ।८ |
| वलबहादुर बस्न्यात क्षेत्री रु० | | | १ ¯ १ को | ।८ |
| सरूप कार्की | ,, | ,, | २ = २ को | ।१६ |

सम्वत् १९३६ साल फागुन वदी १० रोज ७ शुभम्

लिषीतम् कास्की मौजा वस्न्या वर्ष ६६ का मुषिया वषतवहादुर गुरुं आगे मेरा दाजु नरवाहादुरको छोरा भतीजा वद्रीकेसर गुरुंका घरको वर्ष १९का उमरेको करीया मने कमारो तपाईं साहू अजम्वर नेवारको कमारीसँग वसी तम्रै घर आयाको र निज भतिजो घरमा नभै जागीरे हुनाले काज्मा गयाको भै निजलाई खवर पठाउँदा आयाका चिठी मोताविक मैले विक्री गरी नगद पार्न पर्ने भयाको हुनाले निज मने कमाराको पटक र वैना समेत जमा मोल मोहरू १८०। येकसये असी रुपैंन्या निज वद्रीवहादुरको जाहानलाई बुझाउना नीमीत्त तिमी साहु अजम्वर-वाट वुझी निज कमारो परमभट्ट गरी दियाँ निज कमारो उपर आज अधिको झै झगडा वा अैन् वमोर्जी-को रोग षोट दोस् क्यै नीस्क्यो भने तम्रो दाम वापस दी कमारो फीर्ता लीउँला भनी मेरा मनोमान पुसी राजीसँग परस्परको यक प्रति कागज ली निजै साहु अजम्वरको घर कास्की वाटुलेचौर पाटंमा वसी परमभट्ट लेषी निंज साहु अजम्वरलाई दिन्या साछी फड्केमा लेषीयाका सदर ईती सम्वत् १९७५ साल फागुन १७ गते रोज ६ सुभम्—

साछि

कास्की वाटुलेचौरका मु० वषतवाहादुर वस्न्यात क्षत्री १
ऐ ऐ वस्न्या वळवहादुर क्षत्री १
ऐ ऐ वस्न्या नवळसिङ् वानिया
ऐ ऐ वस्न्या मु० वळभद्र जैसी
ऐ ऐ वस्न्या कळंका मु० तर्कवहादुर

---

**जंगवहादुरको छाप**

स्वस्तिश्री मद्राजकुमारकुमारातमज श्री प्राइम् मिनिष्टर यान् कम्याण्डर ईनचीफ जनरल जङ्गबहादुर कुँवर राणाजी श्री कम्याण्डर ईनचीफ जनरल वंवहादुर कुँवर राणाजी श्री जनरल वद्रीनरसिंह कुँवर राणाजी वहादुर कस्यपत्रम् :—

**वंववहादुर**

**वद्रीनरसिंह**

आगे कास्की जिल्लामा जान्या कम्पु पल्टन कम्पनीका जांचकी औ बाटुल्याचौर भर अम्वलका खेत कमाउन्या थरी मुषिया जिम्मावाल मोही गैह्रके यथोचित उप्रान्त हाम्रा बाटुल्याचौरका षेतमा १९०६ सालका वर्सादमा उपधाहा चली ६७ षेत षोला पैराले षाई वेकम्वा भयाको छ भलाम देउराली डाँडाको कुलो पनी लगी राषे छ विना उक्को मोही गोहार्नभै त्यो कुलो लागन्या छैन, अरू षेत समेत वाँझा रहन लाग्या भनी थरि मुषीया जिम्मावाल मोही गैह्रले विस्तार विन्ती गरी पठाउँदा मालुम भयो तसर्थ तिमिहरू कम्पु

पल्टनका जाँचकीहरूले आफ्ना-आफ्ना पल्टनका षेतमा खोला पैराले कति षेत विकम्वा गरि खायाको रहेछ थरि मुखिया जिम्मावाल राषी जाँची ठहराइ लेषी पठाउनु कम्पु पल्टन कम्पनीमा आजसम्म जो श्रेस्ता चली आयाको छ सोहि स्थिति होला अरू रह्याको षेत र देउराली डाँडाका विग्र्याको कुलालाई मोही गैह्र सवै सामेल गरि त्यो कुलो बनाई पानी चलाइ आफ्ना-आफ्ना थर थरमा हिला लगाई षेत रोपन्या रोपाउन्या काम गरनु बाँझो रहन नजाओस् वाँझा रहन गया भन्या गाफिली पनि हौला वाँझाको वाली पनी तिर्नु पर्ला इति सम्वत् १९०७ साल मिति द्वितिय वैसाष वदी ३ रोज २ सुभम् ।

स्वस्तिश्री राजा दलविक्रम साहकला मेरा सेरा षेत मुरी ५ को बाली ३४ सालको बाली मोही अजमर नेवारवाट रुपञा ।।। बुझी लियाँ तस्को रसिद गरी दियाँ आगो असिनु पऱ्या मिनाहा दिउँला सम्वत् १९३४ साल मिती दिन गते १३ रोज ७ शुभम् ।

* * *

# संकलक तथा सम्पादकको संक्षिप्त परिचय

**जन्म** :–बि० सं० १९८१ श्रावण संक्रान्ति
वाट्‌लेचौर पोखरा

**शिक्षा** :–प्रशस्त नीजी अध्ययन
( नेपाली तथा हिन्दी साहित्य )

**सेवा तथा कार्य** :–बि० सं० २००२
राणा शासनकालमा निम्न वैतनिक
कर्मचारी ( बहिदार ) मा प्रवेश।
(श्री ३ सं० गुठी बन्दोवस्त अड्‌डा)
बि० सं० २००३ मा गोरखापत्र-छापाखानामा मुखिया।

राणा शासनको विरोधमा शुरूदेखि नै भार्गलिदै र जनगीतको क्रांतिद्वारा जन चेतना भर्दै आएको बीच बीचमा आरोप। यसै क्रममा बि० सं० २००२ मा 'रत्न जुनेली' र 'वनचरो' प्रकाशित। २००४ मा सरस्वती सदनमा भएको कवि संमेलनमा संमिलित र साहित्यकारहरूबाट प्रशंशित तथा प्रोत्साहित। बि० सं० २००६ मा सानो टुँडीखेलको खुलामन्चमा कविशिरोमणी लेखनाथको सभापतित्वमा भएको विराट आमसभामा 'धुरुधुरु नरोउ आमा' गीत गायनमा सफल गायकको रूपमा परिचित बि० सं० २००७ मा नेपाल प्रजातन्त्र रेडियो स्थापना-रेडियो द्वारा भएको कवि सम्मेलनमा 'भरियाले विसायो भारी' गीति कविताको सफल गायनमा प्रशंसा सहित महाकवि देवकोटाद्वारा 'कवि बुलबुलशान' को उपाधि।

बि० सं० २००८ मा भारतका प्र० मं० नेहरूको नेपाल आगमनमा टुडिखेल खरीको रूखमा भएको आमसभा शान्त गर्ने क्रममा शहीद गान "चरी वास्यो रूखको हाँगैमा" को सफल गायनवाट अशान्त जनता मन्त्रमुग्ध हुँदा राष्ट्रपिता श्री५ त्रीभूवन तथा नेहरूबाट समेत प्रशंसा। बि० सं० २००९ मा कुन्जिनी गीतिकाव्यको संगीतमय सूर प्रदान र गोरे राउतको सफल अभिनय। १९ सालमा नै न्यून वैतनिक कर्मचारीको संगठनमा सक्रिय भाग लिए वापत न्यून वैतनिक जागिरदारलाई जगाएको आरोपमा जागिरबाट अवकाश। कर्मचारी संगठनको माग पुरा र पुनः जागिर थभौती। लोक साहित्य र जनसंगीतमा समर्पित हुने दृढ निश्चय। यसै क्रममा वि० सं० ०९ मा नै तीनधारा पाकसालाको आमसभामा "म भात खान्न ए आमा"……गीत गायन सहित गो० प० को मुखिया पदवाट राजीनामा। डा० के० आई० सिहको विद्रोहमा "क्रान्तिकारी गीत र प्रति-

15732 P. Lohni
15992 N. Thapa
11154 M. Basnyal

# नेपाली व्याकरणका केही पक्ष

सम्पादक

**चूडामणि बन्धु**

५५
२ने

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
पाट
[illegible]

# नेपाली व्याकरणका केही पक्ष

पण्डितराज सोमनाथ शर्माको
शतवार्षिकीका अवसरमा आयोजित
नेपाली व्याकरण अधिगोष्ठी २०४१ मा प्रस्तुत
कार्यपत्रहरूको संकलन र प्रतिवेदन

सम्पादक
**चूडामणि बन्धु**

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

**प्रकाशक**
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं, नेपाल ।

प्रथम संस्करण : वि. सं. २०४५

४९.४९२
व 222

3724

**मुद्रक**
लुप प्रेस
ख–१/३७३ बानेश्वर
काठमाडौं, नेपाल ।

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव**

संरक्षक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

स्वर्गीय श्री ५ महेन्द्रबाट २०१४ साल आषाढ ९ गतेका दिन नेपाली साहित्य, कला र संस्कृतिको संरक्षण र संवर्द्धनको निम्ति प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिबक्सेको हो ।

२०३१ साल वैशाख १ गतेका दिन *राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको* कृपापूर्ण संरक्षकत्व प्राप्त गरी नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका क्षेत्रमा युगानुकूल विकास गर्ने सौभाग्य पाएको छ ।

नेपालको कला र संस्कृतिको गौरवमय इतिहास अत्यन्त प्राचीन, विशाल र आफ्नै किसिमको छ । आज *राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको* वात्सल्यपूर्ण नेतृत्वमा जसरी बौद्धिक, आध्यात्मिक, आर्थिक र औद्योगिक विकासको ढोका उघ्रन खोजेको छ उसरी नै सिर्जनात्मक उपासनामा लागेका हाम्रा प्रतिभाशाली लेखक, कवि, कलाकार र विद्वान्हरूले पनि आफ्नो देशका कला, साहित्य र संस्कृतिको गौरवमय इतिहासलाई संसारसमक्ष परिचय गराउन सक्ने खालका कृतिहरू सिर्जना गरी आफ्ना आफ्ना क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्नेछन् भन्ने हामीलाई लागेको छ ।

राष्ट्रको गौरव बढाउने र नेपालको सौरभ फिजाउने जस्ता महत्त्वपूर्ण कार्यमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले सबैबाट सहयोग पाउनेछ भन्ने आशा गर्दछौं ।

लैनसिह बाङ्गदेल
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

वैशाख १ गते २०३६

# प्रकाशकीय

नियम र अनुशासनद्वारा सञ्चालित यस संसारमा भाषाभित्रका नियम र अनुशासनलाई व्याकरण भन्ने चलन छ । वैयाकरणहरू त्यस भाषाका नियम र अनुशासनमध्ये केही पक्षको मात्र उद्घाटन गर्न सफल भए तापनि चिन्तक र अन्वेषकका युगयुगका प्रयासहरूले पनि भाषाका सबै पक्षहरूको उद्घाटन हुन सक्तैन । चिन्तन र अन्वेषणका क्रममा एउटै भाषिक तत्त्वलाई बेग्लाबेग्लै किसिमले हेरिन्छ पनि । यसै कारणले शब्दलाई "ब्रह्म" भनेको हुन सक्छ ।

पण्डितराज सोमनाथ शर्माको शतवार्षिकीका उपलक्ष्यमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित नेपाली व्याकरण अधिगोष्ठीमा २०४१ सालको फागुन मसान्ततिर नेपाली व्याकरणका विद्वान् र विदुषीहरूले आ-आपना कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यस अवसरमा नेपाली व्याकरणका केही पक्षबारे विभिन्न छलफल भएको थियो । प्रस्तुत ग्रन्थ त्यस गोष्ठीको कार्यविवरण र त्यस गोष्ठीमा प्रस्तुत कार्यपत्रहरूको सङ्कलन हो । एउटै विषयमा एकभन्दा बढी कार्यपत्र आउँदा विषय प्रतिपादनमा निकै पुनरुक्ति भए तापनि नेपाली व्याकरणको अध्यापन कार्यमा संलग्न विद्वान् तथा विदुषीका निजी चिन्तनका परिणाम ठानेर तिनलाई सामान्य सम्पादन साथ यहाँ प्रस्तुत गरिएको छ । नेपाली व्याकरणलाई समयानुकूल बनाउने कार्यमा विविध पक्षका यी चिन्तन मननबाट सहयोग मिल्ने आशा गरिएको छ ।

नेपाली व्याकरण अधिगोष्ठीका पत्रहरूको प्रकाशनबारे समय-समयमा सोधपूछ गर्ने शुभचिन्तकहरूले, आ-आपना कार्यपत्रहरू समयमै संशोधन गरिदिने सहभागीहरूले र प्रकाशन कार्यसँग सम्बद्ध सबैले आ-आपना क्षेत्रबाट सहयोग गरेकोले नै यस ग्रन्थको प्रकाशन यस रूपमा हुन सकेको हो । यसका निम्ति नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका तर्फबाट सम्बद्ध विद्वान् र विदुषीहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । यसका साथै अति उपयोगी गोष्ठीको आयोजना गरी कार्यपत्रको सम्पादन गर्नुहुने भाषातर्फका सदस्य डा. चूडामणि बन्धुजीप्रति सहर्ष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

माधवप्रसाद घिमिरे
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

११ जेठ २०४५

# सम्पादकीय

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका भूतपूर्व सदस्य तथा पण्डितराज सोमनाथ शर्माको शतवार्षिकीका उपलक्ष्यमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले नेपाली व्याकरणबारे एउटा गोष्ठीको आयोजना गरेको थियो । २०४१ सालको फागुन २८,३० र चैत्र १ गते जम्मा ३ दिन भएको उक्त गोष्ठीमा नेपाली व्याकरणका विभिन्न पक्षमा कार्यपत्रहरू प्रस्तुत भएका थिए । यो ग्रन्थ उक्त गोष्ठीको संक्षिप्त प्रतिवेदन र तिनै पत्रहरूको संकलन हो ।

गोष्ठीका निम्ति माग भएअनुसार एउटै विषयमा विभिन्न विद्वान् तथा विदुषीहरूबाट कार्यपत्रहरू प्रस्तुत भएका थिए । यसो हुँदा विषयवस्तुको पर्याप्त मात्रामा पुनरुक्ति भएको थियो र प्रकाशनका समयमा आवश्यक सम्पादन गर्नका निम्ति गोष्ठीका समापन समारोहमा सम्पादकले सहभागीहरूबाट स्वीकृति पाएको थियो । तदनुसार केही गोष्ठीपत्रहरूको आवश्यक सम्पादन गरिएको छ र यसरी सम्पादन गर्दा लेखकको आशयलाई यथावत् राख्ने प्रयास गरिएको छ तापनि ४० वटा लेखहरूको यो संकलन निकै ठूलो हुन जाने र सामान्य पाठकलाई कुरा दोहोरिएको देखिने हुँदा लेखहरूलाई छोट्ट्याउनु परेको कुरा निवेदन गर्दै सम्पादक सबै लेखकहरूसँग क्षमा याचना गर्दछ ।

नेपाली व्याकरणका केही पक्षमा विभिन्न विद्वान्हरूद्वारा तयार गरिएका यी गोष्ठी-पत्रहरूमा व्यक्त विचारहरू प्रस्तोताहरूका निजी हुन्, गोष्ठीका निष्कर्ष होइनन् । आजको नेपाली भाषाको शैक्षिक व्याकरणका समस्याहरू र आजका नेपाली वैयाकरणका चिन्तनप्रक्रिया देखियोस् भन्ने यस प्रकाशनको उद्देश्य रहेको छ । नेपाली व्याकरणका क्षेत्रमा भएको ऐतिहासिक घटनालाई यसले अङ्कित गर्न समर्थ भएको विश्वास गर्न सकिन्छ ।

अधिगोष्ठीमा प्रस्तुत पत्रहरूको सम्पादन कार्यमा सहयोग गर्ने श्री हर्षनाथ भट्टराई र श्री कुमारधर शर्मा तथा छपाइका अवसरमा सहयोग गर्ने श्री रुक्मनाथ पौडेललाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

चूडामणि बन्धु

२०४५ जेठ

# शीर्षक र लेखक

पृष्ठ

१. पण्डितराज सोमनाथ र नेपाली व्याकरण परम्परा – चूडामणि बन्धु १
२. नेपाली वाक्यगठन – जगन्नाथ शर्मा त्रिपाठी ११
३. वाक्यगठन – सागरनाथ उप्रेती ३१
४. वाक्य प्रक्रिया र वाच्य परिवर्तन – हरिभक्त नेउपाने ४०
५. नेपाली सरल र संयुक्त क्रिया – माधवप्रसाद पोखरेल ५२
६. नेपाली क्रियाका काल, पक्ष र भाव : केही जिज्ञासाहरू – वासुदेव त्रिपाठी ६९
७. नेपालीका काल, पक्ष र भाव – हेमाङ्गराज अधिकारी ७७
८. नेपालीमा तिर्यक् कारक – पोषराज निरौला ९६
९. नेपालीमा अकरण – चूडामणि रेग्मी १०९
१०. नेपाली अकरण–प्रक्रिया – चेतोनाथ गौतम ११६
११. नेपाली भाषामा अकरण निर्धारण : समस्या र समाधान – नरहरि आचार्य १२८
१२. नेपाली अकरणप्रक्रिया – भरतराज पन्त १४७
१३. नेपालीमा आदरार्थीको प्रयोग – केदार न्यौपाने १६१
१४. नेपाली भाषामा आदरार्थी बहुवचन – तीर्थराम झा 'जानकीशरण' १७२
१५. नेपालीमा आदरार्थी प्रयोग – शिवगोपाल रिसाल १८०
१६. नेपाली आदरार्थी शब्द – हेमराज पोखरेल १६३
१७. नेपालीमा आदरार्थी प्रयोग – रमा शर्मा २००
१८. नेपाली शब्दनिर्माणमा ए प्रत्ययको भूमिका – कृष्ण गौतम २२२
१९. नेपाली शब्द र शब्दनिर्माण – कृष्णचन्द्र मिश्र २३३
२०. नेपाली शब्द र शब्दनिर्माण – कुमारबहादुर जोशी २४१
२१. नेपाली शब्द र शब्दनिर्माण – चूडानाथ भट्टराय २४७

२२. नेपाली शब्द र शब्दनिर्माण – हरिप्रसाद शर्मा २५७
२३. नेपाली शब्द सामर्थ्य – युगेश्वरप्रसाद वर्मा २७१
२४. नेपाली शब्द भण्डार – आनन्ददेव भट्ट २८१
२५. नेपाली भाषाको शब्दभण्डार – व्रतराज आचार्य २९९
२६. नेपाली शब्दभण्डार – भिक्टर प्रधान ३१८
२७. नेपालीको शब्दभण्डार – भूपहरि पौडेल ३२९
२८. नेपाली भाषामा लिङ्ग-व्यवस्था – अच्युतरमण अधिकारी ३३९
२९. नेपालीमा लिगव्यवस्था – गणेश विषम ३४८
३०. नेपाली लिंगव्यवस्था :
केही समस्या केही समाधान – घटराज भट्टराई ३५३
३१. नेपाली भाषाको लिंग व्यवस्था – दैवज्ञराज न्यौपाने ३६२
३२. नेपालीमा लिंगविधान – नरेन्द्र चापागाईं ३७४
३३. नेपालीमा लिंगव्यवस्था – फणीन्द्रराज काफ्ले ३९६
३४. नेपाली-लेखन-प्रणाली – खेम कोइराला बन्धु ४१०
३५. नेपालीको वर्णविन्यास – गोविन्दप्रसाद घिमिरे ४२४
३६. नेपालीको वर्णविन्यास – रोहिणीप्रसाद भट्टराई ४३५
३७. भाषाको लेखन-प्रणाली – विष्णुगोपाल रिसाल ४४८
३८. नेपाली भाषाका ध्वनिगत प्रवृत्तिहरू – मुकुन्दशरण उपाध्याय ४५८
३९. अंग्रेजी शब्दको नेपाली वर्णविन्यास – मोहनराज शर्मा ४७१
४०. नेपालीका भाषिका र तिनका
ध्वनि-प्रवृत्ति – पूर्णप्रकाश नेपाल 'यात्री' ४७६
४१. सन्दर्भकृति–सूची ४७७
४२. उद्घाटन समारोह ४८३
४३. पहिलो सभाको प्रतिवेदन ४९६
४४. दोस्रो सभाको प्रतिवेदन ५०२
४५. तेस्रो सभाको प्रतिवेदन ५०९
४६. चौथो सभाको प्रतिवेदन ५१३
४७. पाँचौं सभाको प्रतिवेदन ५१९
४८. छैटौं सभाको प्रतिवेदन ५२४
४९. समापन समारोह ५२९
५०. व्याकरण अधिगोष्ठीबारे
सामयिक पत्रपत्रिकाहरूको टिप्पणी ५४४

**पण्डितराज सोमनाथ शर्मा**

[ वि. सं. १६४१–२०२६ ]

# पण्डितराज सोमनाथ र नेपाली व्याकरण परम्परा

चूडामणि बन्धु

## १. विषय–प्रवेश

नेपाली साहित्यलाई 'आदर्शराघव' जस्तो उच्चस्तरीय महाकाव्य, नेपाली भाषालाई 'मध्यचन्द्रिका' र 'लघुचन्द्रिका' जस्ता मानक व्याकरण ग्रन्थहरू, नेपाली शैक्षिक जगत्लाई आधा शताब्दीभन्दा बढीको विद्वत्तापूर्ण सक्रिय अध्यापन र नेपाली विद्वत्समाजलाई पाण्डित्यपूर्ण निर्देशन दिने नेपाल राजकीय-प्रज्ञा-प्रतिष्ठानका भूतपूर्व सदस्य पण्डितराज सोमनाथ शर्माको शतवार्षिकीका उपलक्ष्यमा आयोजित यस गोष्ठीमा सर्वप्रथम उनै पण्डितराजका व्यक्तित्वका विषयमा र तदुपरान्त नेपाली व्याकरण परम्परामा उनको योगदानलाई सन्दर्भित गर्दै वर्तमान अधिगोष्ठीको आवश्यकता र औचित्यबारे निवेदन गर्ने अनुमति चाहन्छु ।

## २. पण्डितराज सोमनाथ शर्माको व्यक्तित्व

पण्डितराज सोमनाथ सिग्देलको जन्म काठमाडौंको नैष्ठिक ब्राह्मण परिवारमा १९४१ सालको आश्विनशुक्ल चतुर्दशीका दिन भएको थियो । ममतामयी माता लक्ष्मीदेवीको लालनपालनमा उनको बाल्यकाल बित्यो । उनको प्राथमिक शिक्षा पिता पं. जगन्नाथ सिग्देलका निर्देशनमा घरैमा भयो । पछि उनले संस्कृत प्रधान पाठशालामा व्याकरणको अध्ययन गरे । संवत् १९५६ सालमा बनारस गएर उनले त्यस समयका प्रकाण्ड विद्वान् महामहोपाध्याय कैलाशचन्द्र भट्टाचार्य, महामहोपाध्याय गङ्गाधर शास्त्री तथा सुब्रह्मण्य शास्त्री जस्ता विद्वान्का सान्निध्यमा रही अध्ययन गर्न थाले । यसै समय बनारसबाट निस्कने 'सुन्दरी' मा यिनले आफ्ना कृतिहरू पनि प्रकाशित गर्न थाले ।

संवत् १९६४ सालमा बनारसबाट फर्केपछि सोमनाथ शर्माले शिक्षकको जीवन प्रारम्भ गरे । संस्कृत प्रधान पाठशालाको शिक्षकका रूपमा पढाउन थालेका सोमनाथ पछि त्यसै ठाउँमा हेडपण्डित भए । २००९ सालमा उनी संस्कृत

महाविद्यालयको प्रधानाचार्य भए र २०१४ सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सदस्य भएपछि मात्र उनले त्यो पद छोडेर आफूलाई शास्त्रचिन्तन र अध्यापन कार्यमा संलग्न राखे । उनले केही समयसम्म त्रिचन्द्र कलेज र त्रिभुवन विश्वविद्यालयको नेपाली विभागमा पनि अध्यापन गरे । स्वास्थ्यले दिंदासम्म आफ्ना सान्निध्यमा आउने शिक्षार्थी र जिज्ञासुहरूलाई शिक्षा-दान दिन सदैव प्रवृत्त रहनु यिनको नियमित प्राज्ञिक क्रियाकलाप थियो ।

पण्डित सोमनाथ शर्माका नेपाली भाषामा लेखिएका प्रकाशित कृति हुन् : मध्यचन्द्रिका (१९७६), लघुचन्द्रिका (१९९१), उपदेशशतक र चारुचर्या (१९९७), आदर्शराघव (२००५), साहित्यप्रदीप (२०१६) र सनातन धर्म सन्देश (२०१६) । संस्कृत भाषामा लेखिएका उनका कृति हुन् : सुन्दरचम्पू (१९६१) अनुवादचन्द्रिका (१–४ भाग), संस्कृत चन्द्रिका, प्रतिसंस्कृता सिद्धान्त कौमुदी र आदर्शराघव पुष्पाञ्जलि । उनले बनारसमा हुँदा 'संस्कृत सुधा' (संस्कृत मासिक) र 'सुन्दरी' (नेपाली मासिक) पत्रिकाको पनि सम्पादन गरेका छन् । सोमनाथद्वारा सम्पादित अन्य कृति हुन् : सपरिचय सुधा र कार्य विवरण (२०१७) र कौटिल्यको अर्थशास्त्र (२०२४) । 'काश्यपसंहिता'को भूमिका लेखनमा पनि उनको विशेष सहयोग रहेको छ ।

पण्डित सोमनाथ शर्माका केही रचना अझ पनि अप्रकाशित रूपमा नै छन् । तिनमा नेपाली भाषामा लेखिएका रचना हुन् : चन्द्रचरित, वशिष्ठ दर्शन, नेपाली राष्ट्रिय व्याकरण । संस्कृत भाषामा लेखिएका रचना हुन् : सूक्तिविवेकशतकम्, सूक्तिकल्पलता, चन्द्र (खण्डकाव्य), विभिन्न पुराणका सार र फुटकर निबन्धहरू ।

पण्डितराज सोमनाथ शर्माले समसामयिक संस्कृत शिक्षा र धार्मिक विधि–विधानहरूमा प्राज्ञिक नेतृत्व दिनुका साथै सक्रिय सहभागिता देखाएका छन् । स्वर्गीय श्री ५ महेन्द्र वीरविक्रम शाहदेवबाट २०१६ सालमा भएको कोटीहोममा प्रधान आचार्यका साथै यिनलाई पण्डितराजको उपाधि पनि बक्स भएको छ । यसका अतिरिक्त दार्शनिक संघ, संस्कृत प्रचारिणी समिति तथा नारी विद्यापीठको अध्यक्षका रूपमा र नेपाली भाषा प्रकाशिनी समिति तथा धार्मिक स्थल सुधार तथा व्यवस्थापन समिति जस्ता संस्थाका सदस्यका रूपमा सक्रिय योगदान गरी सामाजिक क्षेत्रमा पनि सोमनाथ शर्माको सहभागिता प्रशस्त रहेको छ ।

आफ्नो असाधारण प्रतिभा र अगाध विद्वत्ताको फलस्वरूप सोमनाथ शर्मा १९९८ मा गोरखादक्षिणबाहु चौथो, २०४१ मा दीर्घसेवा पट्ट, २००८ मा गोरखादक्षिणवाहु तेस्रा, २०१३ मा शुभराज्याभिषेक पदक र २०२० मा गोरखादक्षिणबाहुको मानपदवीले विभूषित छन् । उनको प्राज्ञिक योगदानको कदर गरी नेपाल

राजकीय प्रज्ञाप्रतिष्ठानबाट उनलाई २०२४ सालमा त्रिभुवन पुरस्कार प्रदान गरिएको छ ।

सनातन हिन्दू संस्कारमा हुर्की यसकै सम्वर्द्धनमा आफ्ना जीवनका अमूल्य क्षणहरूलाई अर्पित गर्ने पण्डित सोमनाथ शर्माले आफ्नो वंश–परम्परा थाम्न तीन विवाह गर्नु परे पनि उनले 'संसार पुत्र मुखचन्द्र विना अँध्यारो' (आदर्शराघव) को अनुभव गर्नुपर्‍यो। विक्रमसंवत् २०२९ सालको आश्विन शुक्ल सप्तमीका दिन ८८ वर्षको उमेरमा आफ्नो नश्वर शरीरलाई त्याग्दा आफ्नी कान्छी धर्मपत्नी र बालविधवा छोरीलाई छाडेर उनले परमधाम प्राप्त गरे ।

नेपालको इतिहासमा नेपाली र संस्कृत भाषाका व्याकरण ग्रन्थहरू अरूले पनि लेखेका छन्, नेपाली भाषामा महाकाव्य अरूले पनि रचेका छन्, साहित्य सिद्धान्तका पूर्वीय चिन्तनहरूलाई नेपाली भाषामा अरूले पनि अघि सारेका छन्, विविध शास्त्रहरूको अध्यापनमा अरूले पनि लामो समय बिताएका छन्, कर्मकाण्डीय ज्ञान र यज्ञयागादिको अनुष्ठानकुशलता अरूले पनि प्रदर्शित गरेका छन् तर यी सबै कार्य गरी आफ्नो प्रगाढ पाण्डित्य, बहुमुखी प्रतिभा र अविरल साधनाले गर्दा नेपाली समाजमा पण्डितराजको स्थान प्राप्त गर्ने विद्वान् सोमनाथ शर्मा नै हुन् । आज हामी उनको विद्वत्ताको एउटा महत्त्वपूर्ण पाटामा उभिई उनका योगदानहरूप्रति नतमस्तक हुँदै वर्तमान सन्दर्भहरूलाई समेत समेटेर नेपाली व्याकरणका विविध पक्षहरूमा चर्चापरिचर्चा गर्न लागेका छौं । यस क्रममा नेपाली व्याकरणपरम्पराको प्रसङ्ग आवश्यक देखिन्छ ।

## ३. पण्डितराज सोमनाथ शर्मा र नेपाली व्याकरण परम्परा

विक्रमसंवत् १९७६ सालमा प्रकाशित सोमनाथ शर्माको 'मध्यचन्द्रिका' उनको पहिलो र अत्यन्त महत्वपूर्ण कृति हो । उनका कृतिहरूमा यही नै सबभन्दा बढी संख्यामा छापिएको छ र यसै कृतिलाई बहुसंख्यक नेपालीले पढेका छन् । नेपाली व्याकरणका क्षेत्रमा सोमनाथका योगदानको चर्चा गर्दा उनीभन्दा अघिका र उनीभन्दा पछिका नेपाली व्याकरण ग्रन्थबारे चर्चा गरिनेछ ।

नेपाली व्याकरणको इतिहासमा दृष्टिपात गर्दा विदेशीहरू नै सर्वप्रथम वैयाकरणका रूपमा देखा पर्छन् । यस प्रसङ्गमा जे. ए. एटनको नेपाली भाषाको व्याकरण वि. सं. १८७७ मा देखा पर्‍यो । अहिलेको प्रसङ्गचाहिं राष्ट्रिय विद्वान्हरूको भएकाले नेपाली भाषाका व्याकरण लेख्ने पहिलो नेपाली को थिए भन्ने प्रश्नतिर जानु प्रासङ्गिक देखिन्छ । नेपाली परम्परामा वीरेन्द्रकेशरी अर्याललाई नै प्रथम वैयाकरण मानिएको छ तापनि अमृतानन्दको त्रैभाषिक व्याकरणबारे

कमलप्रकाश मल्लले सूचना दिनुभएपछि भने नेपाली व्याकरणको आफ्नो परम्परा वि. सं. १८८८ देखि प्रारम्भ भएको मानिएको छ। अहिलेको जस्तो व्याकरण नभए पनि भाषा सिक्ने उद्देश्यले त्यस समयका विद्वान् अंग्रेज राजप्रतिनिधि हजसनको प्रेरणा पाएर अमृतानन्दले त्यो कृति तयार गरेका थिए। यस त्रैभाषिक व्याकरणले नेपाली विद्वान्हरूबाटै थालिएको व्याकरण शिक्षणको परम्परा पनि देखाउँछ।

नेपाली व्याकरणको इतिहासमा वीरेन्द्रकेशरी अर्यालको योगदान विशेष रूपमा उल्लेखनीय रहेको छ। नेपाली भाषाले छापाखानाको युगमा प्रवेश गरेपछि नेपाली भाषाको वर्णविन्यासमा दुई किसिमका प्रवृत्ति देखिन थालेका थिए। एक थरी हलन्तवादी थिए जो के कुरामा विश्वास गर्थे भने लेखाइचाहिं उच्चारणको नजीक हुनुपर्छ, अर्का थरी हलन्त बहिष्कारवादी थिए जो लिखित शब्दको खुट्टा काटेर लेखाइलाई कुरूप बनाउनुहुँदैन भन्ने कुरामा विश्वास गर्थे। वीरेन्द्रकेशरी अर्ज्यालको सुन्दरी (१९६३) मा प्रकाशित 'वेसरी' मा हलन्तवादको अभिव्यक्ति छ भने बनारसबाटै प्रकाशित माधवी (१९६५) मा प्रकाशित 'कविता रीति'मा हलन्त बहिष्कारवादको प्रस्तुति छ। केही वर्षसम्म नेपाली लेखकहरूमा हलन्तको कुरालाई लिएर निकै विवाद पनि चालू रह्यो। गुरुराज हेमराज पण्डितज्यूको चन्द्रिका व्याकरण प्रकाशित भएपछि मात्र क्रमशः यो विवाद टुङ्गिने क्रममा लाग्यो।

गुरुराज हेमराज पण्डितज्यूको व्याकरणको पहिलो भागमा दिएको मितिअनुसार यो १९६९ मा प्रकाशित भयो। सामान्यतः चन्द्रिकाका चार प्रकाश मात्र उपलब्ध भए तापनि यसका पाँचौं प्रकाशका १६ पृष्ठ जति छापिएका फेला परेका छन्, जसमा उनले वाक्यका विषयमा लेखेका छन्। यसपछि नेपाली व्याकरणका क्षेत्रमा समय समयमा विचार नभएका होइनन् तर विशेष रूपले नयाँ कुरा भने आएका छैनन्। सोमनाथले वि. सं. १९७६ मा 'मध्यचन्द्रिका' तयार गर्दा पनि चन्द्रिकालाई नै आधार मानी बनाएको कुरा स्वीकार गरेका छन्। त्यस समय चार प्रकाशहरूमा प्रकाशित 'चन्द्रिका' निकै गम्भीर चिन्तन र मनन गरी तयार गरिएको थियो। निकै विस्तृत रूपमा लेखिएको 'चन्द्रिका'मा शैक्षिक व्याकरणको प्रयोजनलाई ध्यानमा राखी व्यवस्थित रूपमा नियम र उदाहरणहरू मात्र होइन नियमका तेरीज र अभ्यासहरू पनि राखिएका छन्। यो ग्रन्थ निकै विस्तृत र गहन पनि भएकाले एउटा छोटो-छरितो व्याकरणको आवश्यकता अनुभव हुन थाल्यो।

हलन्तबहिष्कारको सिद्धान्त सेलाई नसकेको हुनाले विश्वमणि दीक्षिताचार्यको गोरखा व्याकरणबोध १९७० मा प्रकाशित भयो। त्यस समयका लेखनाथ र

चक्रपाणि जस्ता साहित्यकारको समर्थन र सहयोग यस व्याकरणले प्राप्त गरेको भए तापनि यो व्याकरण न सैद्धान्तिक रूपमा स्वीकृत नै हुन सक्यो न व्यावहारिक रूपले उपयोगी नै । यसै समयका विद्वान् चक्रपाणि चालिसेको 'भाषा व्याकरण' नामक एउटा अपूर्ण पाण्डुलिपि फेला परेको छ जसमा क्रिया बारे केही कुरा मात्र देखिएका छन् ।

विद्वान् लेखक जय पृथ्वीबहादुर सिंहको प्राकृत व्याकरण नेपाली भाषाको व्याकरण हो । तर यो पनि ज्यादै छोटो भएकोले यसले पनि त्यस समयको शैक्षिक आवश्यकताको पूर्ति गर्न सकेन । यसै समयका अर्का विद्वान् पहलमान सिंह स्वारले १९७५ मा एउटा व्याकरण लेखे : 'गोरखा भाषाको लघु व्याकरण' नामले । तर यसको पनि अपूर्ण पाण्डुलिपि मात्र उपलब्ध छ । चन्द्रिका जस्तो बृहत्काय व्याकरण सबैलाई बोधगम्य नहुने देखी उनले यो लघु व्याकरण लेख्न थालेको अनुमान हुन्छ । जम्मा आठ पृष्ठ मात्र उपलब्ध भएको यस लघु व्याकरणका आधारमा वैयाकरण स्वार नेपाली शैक्षिक जगत्लाई उपयोगी व्याकरण ग्रन्थ दिन तत्पर देखा पर्छन् ।

विक्रमसंवत् १९७७ सालमा सोमनाथ शर्माले 'मध्यचन्द्रिका' लेखे । यो व्याकरण निर्माण गर्नुभन्दा अघिदेखि नै सोमनाथ शर्मा गुरुराज हेमराज शर्माका प्रमुख प्राज्ञिक सहयोगी भई कार्यरत थिए । 'चन्द्रिका' प्रकाशित भएको केही वर्षपछि छोटो, छरितो व्याकरणको आवश्यकताको अनुभव स्वयं चन्द्रिकाकारलाई पनि हुन थाल्यो जसको परिणाम स्वरूप उनले सोमनाथलाई 'मध्यचन्द्रिका' (१९७६) र 'लघुचन्द्रिका' (१९९१) लेखी प्रकाशित गर्न अनुमति दिए । गुरुराजसँग काम गर्दाको अनुभव समेत बटुलेर सोमनाथले आफ्नो व्याकरणलाई सबैतिरबाट बढी सामयिक बनाउने प्रयास गरे र त्यसमा उनी सफल पनि भए । आफ्ना परिभाषा, वर्गीकरण र व्याख्याहरूलाई त्यस समय पढाइने नेस्फिल्डको अंग्रेजी भाषाको व्याकरणसँग मिल्दो बनाएर उनले नेपाली भाषाको विवरण दिएका छन् र सार्वभौम व्याकरणका धारणाहरूलाई अघि ल्याउँदै एउटा शैक्षिक व्याकरणको प्रयोजनलाई पनि बढी सार्थक तुल्याएका छन् । संवत् १९९१ सालमा प्रकाशित भएको 'लघुचन्द्रिका' प्राथमिक कक्षाहरूका निम्ति तयार गरेको देखिन्छ । पछि नेपाली व्याकरण र रचनाका अरू पुस्तकहरू निस्केपछि 'लघुचन्द्रिका'को उपयोग कम भयो तर 'मध्यचन्द्रिका' भने अहिलेसम्म पनि उच्च कक्षाहरूमा एउटा महत्त्वपूर्ण पाठ्यग्रन्थका रूपमा रहेकै छ । बितेका ६० वर्षभन्दा बढी समयदेखि नेपाली शैक्षिक जगत्मा मध्यचन्द्रिकाको जुन स्थान रहेको छ त्यसले गर्दा नेपाली भाषाको व्याकरणको पठनपाठनमा ज्यादै सुविधा पुऱ्याएको छ ।

नेपाली व्याकरणको पठनपाठनलाई प्रभावकारी बनाई नेपाली भाषाको मानकीकरणमा यस ग्रन्थको योगदान उल्लेखनीय रहेको छ ।

सोमनाथ शर्माले लेखन थालेको तर पूरा नगरेको अर्को व्याकरण ग्रन्थ हो– 'नेपाली राष्ट्रिय व्याकरण' । यो मध्यन्द्रिका जस्तो शैक्षिक व्याकरण नभएर एक किसिमको उनको आफ्नो संस्कृत व्याकरणको पृष्ठभूमिमा लेखिएको सैद्धान्तिक व्याकरण हो । अर्का शब्दमा भन्ने हो भने यो उनको व्याकरणसम्बन्धी चिन्तन हो । तर यसका केवल ४४ हस्तलिखित पृष्ठ मात्र पाइएका छन् ।

नेपाली भाषा प्रकाशिनी समितिले नेपाली व्याकरणबारे पुनर्विचार गरी 'नेपाली कसरी शुद्ध लेख्ने ?' जस्तो पुस्तिका निकालेर नेपाली लेखनमा एकरूपता ल्याउने ठूलो चेष्टा गरेको देखिन्छ । यस पुस्तिकाको प्रकाशनपछि यसका नियमहरू 'समितिको व्याकरण'का नामले जनाइने भए । यी नियमहरू वर्णविन्याससँग विशेष रूपले सम्बन्धित थिए र पछि गएर 'वर्णविन्यास' नै 'व्याकरण'को पर्याय हुन गयो । अहिलेका केही नयाँ वैयाकरणहरूले मात्र व्याकरणहरूलाई यस सीमाबाट बाहिर ल्याउन प्रयास गरेको पाइन्छ ।

समितिको व्याकरण निर्माणमा त्यस ताक पुष्कर शमशेर र बालकृष्ण शमशेरको विशेष योगदान रहेको छ । समितिको व्याकरण ज्यादै संक्षिप्त भएकोले शैक्षिक प्रयोजनका निम्ति व्याकरण ग्रन्थको आवश्यकताको अनुभव गरी गोपाल पाँडेले केही पुस्तक तयार गरे । उनका 'रचनादर्पण'को तीन भाग १९९४ मा, 'ह्रस्वदीर्घ आदिको सवाई' १९९७ मा र 'रचनाकेशर' २००० मा प्रकाशित भए । हृदयचन्द्रसिंह प्रधानका 'चिन्ह–परिचय' २००० मा र 'शब्दशुद्धि–विज्ञान' २००४ मा प्रकाशित भए भने पुष्कर शमशेरको 'सजिलो नेपाली व्याकरण' २००१ मा देखापर्‍यो । यस्तै ज्ञानप्रसाद शर्माको 'रचना सहायक' २००३ मा आयो । त्यस समयमा बढ्दो शैक्षिक जागरणको फलस्वरूप व्याकरण र रचनाको शिक्षामा सजिलो विधिको आवश्यकता थियो र सजिलो विधिले सजिलो व्याकरणको माग पनि गरेको थियो । पारसमणि प्रधानको 'नेपाली व्याकरण' र पुष्कर शमशेरको 'सजिलो नेपाली व्याकरण' यतैतिरको प्रयास थियो ।

२००७ को परिवर्तनपछि अभिव्यक्तिको विस्तारका क्रममा भाषाका रूपमा ठूलो परिवर्तन देखापर्‍यो । यो परिवर्तन नेपाली भाषामा बाह्य तत्वहरूको आगमन थियो । एकातिर नेपाली भाषाको अभिव्यक्ति क्षमताको विस्तारका क्रममा अरूतिरबाट लिने उपक्रम थालियो भने अर्कातिर नेपाली भाषालाई बाह्यप्रभावबाट बचाई सुरक्षित राख्ने क्रम पनि चल्यो । नेपाली भाषाको संरचनालाई अन्य भाषाको प्रभावबाट मुक्त गर्न र यसलाई यसकै आफ्नै नियमहरूका आधारमा

विकसित गर्न झर्रोवादी आन्दोलन थालियो । कतिपय पुराना र धेरै समसामयिक लेखकहरूलाई पनि यसले प्रभावित नपारी छाडेन । नेपाली भाषाको हिज्जे, शब्दनिर्माण र वाक्यगठनबारे पनि यस अभियानले सक्रियता देखायो तर संपूर्ण मान्यताहरूलाई लिपिबद्ध गर्न पाउँदा नपाउँदै यो अभियान पनि सेलायो । यस्तै जनजिब्रोवाद र जिम्दो नेपालीवादले आफ्ना धारणाहरूलाई जनसमक्ष प्रस्तुत गरे । तर यी सबै वाद र सम्प्रदायहरूले नेपाली शैक्षिक जगत्लाई अन्योलमै राखे ।

परिवर्तित परिस्थितिमा शिक्षाको परिमाणात्मक र गुणात्मक वृद्धि भयो र यसले पनि एउटा व्याकरणले चाहिँ नपुग्ने देखाएकाले शैक्षिक प्रयोजनका निम्ति विभिन्न स्तरका व्याकरण ग्रन्थहरूको निर्माण र प्रकाशन भयो । यस अवधिका व्याकरण ग्रन्थहरूको नामावली तयार गर्ने हो भने एउटा लामै सूची बन्न सक्छ । तर सबै व्याकरण सोमनाथीय परम्परावाट फुत्केर पर जान सकेनन् । नेपाली व्याकरणका पाठ्यपुस्तकहरू निस्के र तिनले शैक्षिक जगत्लाई केही सहयोग अवश्य गरे तर सचेत विद्यार्थी र सिकारू लेखकलाई नेपाली व्याकरणका अनेक प्रश्नहरूको चित्तबुझ्दो जबाफ प्राप्त भएन ।

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानले २०२७ सालमा नेपाली व्याकरणका क्षेत्रमा हुनुपर्ने नियमगत एकरूपताको आवश्यकताको अनुभव गरी एउटा नेपाली भाषा व्याकरण समितिको गठन गऱ्यो । एउटा व्याकरण ग्रन्थ तयार गर्ने निर्णय गरी समितिले एउटा भाषा–व्याकरण प्रश्नावली बनाई सम्बन्धित क्षेत्रका विद्वान्हरू समक्ष पठायो । प्राप्त भएका उत्तरलाई समेत ध्यानमा राखी यस समितिले एउटा व्याकरण ग्रन्थ तयार गऱ्यो जसलाई विद्वान् श्री रोहिणीप्रसाद भट्टराईले लिपिबद्ध गर्नुभयो । यस व्याकरणको उद्देश्य विभिन्न वाद र अभियानहरूले ल्याएका भाषिक प्रयोगका विविधताहरूमा एकरूपता स्थापित गर्नु थियो । अतः यस व्याकरणको शैक्षिक प्रयोजन गौण भयो र अघिका शैक्षिक व्याकरणमा जस्तो शिक्षार्थीकेन्द्रित अभ्यासहरू राख्ने आवश्यकता पनि यसमा ठानिएन जसको फलस्वरूप कक्षाभित्रका प्रश्नको जवाफ यसबाट प्राप्त हुन सकेन ।

२०२९ सालको जेठ महीनामा नै साझा प्रकाशनले आफूलाई नेपाली भाषा प्रकाशिनी समितिको उत्तराधिकारीका रूपमा उत्तरदायी ठानी 'नेपाली कसरी शुद्ध लेख्ने ?' लाई सामयिक बनाई संशोधन गर्न एउटा गोष्ठीको आयोजना गऱ्यो । त्यस समयका प्रमुख वैयाकरण र भाषाविद्हरू यसमा सम्मिलिति भई निकै छलफल पनि गरे । तर छलफलको परिणाम प्रकाशित हुन नसकेकाले यो प्रयास पनि सफल भएको ठानिएन ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना आएपछि नेपाली भाषाको क्षेत्र बढ्नाका

साथै नयाँ पुस्ताका शिक्षकका काँधमा भाषाव्याकरणको पाठ्यक्रम तयार गर्ने, पाठ्यपुस्तक र पाठ्यसामग्री लेख्ने र व्याकरणको विस्तृत रूपमा अध्ययन गर्ने अभिभारा पनि थपियो । नयाँ र विस्तार गरिएको पाठ्यक्रममा व्याकरणको अंश निकै बढ्न गएकोले शिक्षकहरूले यस बारे विशेष चिन्तन मनन गर्नुपर्ने भयो । त्रिभुवनविश्वविद्यालयको पाठ्यक्रम विकास केन्द्रका आयोजनामा सम्पन्न भएका नेपाली भाषाको शिक्षकहरूका विभिन्न गोष्ठीहरूमा नेपाली व्याकरणबारे यता निकै चर्चा र परिचर्चा भए र शिक्षणका सन्दर्भमा नेपाली भाषाका नियमहरूलाई अझ प्रभावकारी, स्पष्ट र उपयोगी बनाउने प्रयासमा केही निर्णय पनि लिइए । यी निर्णयहरूमा उल्लेखनीय के थिए भने आगन्तुक शब्द भन्नाले नेपालीइतर भाषाबाट आएकालाई मात्र लिइनेछ र आगन्तुक शब्दहरूको हिज्जे नेपाली शब्दहरूको हिज्जेअनुसार हुनेछ । यस नियमअनुसार तत्सम भन्नाले संस्कृत मात्र मानिनेछ र तद्भव भन्नाले संस्कृतबाट बनेका नेपाली शब्दलाई मात्र लिइनेछ ।

बृहत् नेपाली शब्दकोशको वर्णविन्यासबारे विचार गर्दा पनि यसै सिद्धान्तलाई आधार मानेको देखिन्छ । यस शब्दकोशको निर्माणमा पनि शिक्षकहरूकै सक्रियता रहेकाले र शैक्षिक क्षेत्रमा आइसकेका कुराहरूलाई शब्दकोशमा समावेश गर्दा उपयोगी हुने देखेर पनि यसो गरिएको स्पष्ट हुन्छ । संक्रमणको यस स्थितिमा बानी परिसकेका विद्वान्लाई पुरानो वर्णविन्यासबाट नयाँमा आउन् गाह्रो पर्ने हुनाले कतिपय स्थलहरूमा दुवै रूप पनि कोशमा भित्र्याइएका छन् ।

नेपाली विद्वान्हरूबाट नेपाली व्याकरणका क्षेत्रमा गरिएका प्रयासहरूको संक्षिप्त विवरणबाट के कुरा स्पष्ट हुन्छ भने हाम्रा समस्या शैक्षिक व्याकरणसँग सम्बन्धित छन् । हामी नेपाली भाषालाई राम्ररी बुझी यसको मानक रूपको प्रयोग गर्न सिकाउने उपयुक्त व्याकरणको खोजीमा छौं । राष्ट्रभाषाका रूपमा नेपालीको राष्ट्रिय जीवनमा नेपाली भाषाले खेल्दै आएको भूमिका बहुमुखी छ । नेपाली भाषाको क्रमिक वृद्धि र विस्तार हुँदै जाँदा यसका लेख्य र कथ्य भेदका मानक रूपबारे विद्वान्हरूका बीचमा मतभेद पनि हुनसक्छ । शैक्षिक प्रयोजनका निम्ति अहिलेसम्म निकै व्याकरण ग्रन्थहरूको निर्माण भए तापनि पण्डितराज सोमनाथ शर्माले स्थापित गरेका मान्यताहरूमा खास परिवर्तन हुन सकेको छैन ।

केही वर्ष यतादेखि नेपाली भाषाको शिक्षणका क्रममा नेपाली र विदेशी विद्वान्हरूले तयार गरेका नेपाली व्याकरण र रचनासम्बन्धी ग्रन्थ तथा पाठ्यसामग्रीहरूको चर्चा यहाँ गरिएको छैन । यी सामग्रीहरूमा र समय समयमा भएका शोधकार्यहरूमा नेपाली भाषाको संरचनाबारे धेरै कुरा प्रकाशमा आएका

छन् र ती सबै कुरालाई शैक्षिक व्याकरणमा भित्र्याउन सकिएको छैन । नेपाली भाषा विशेषको व्याकरण आंशिक होस् वा पूर्ण जे भए पनि त्यो व्याकरण लेखिँदैमा र त्यसको संरचनात्मक विवरण प्रस्तुत हुँदैमा त्यसलाई शैक्षिक प्रयोजनका लागि पनि प्रयोग गर्नुपर्छ भन्ने आवश्यकता छैन र सबैलाई प्रयोग गर्न मिल्दैन पनि । यता केही वर्षदेखि गरिएका अनुसन्धान र अध्ययनहरूबाट सार्वभौम व्याकरणको चिन्तन प्रक्रियामा वृद्धि भएबाट पनि नेपाली भाषाको शैक्षिक व्याकरणमा विचार गर्नुपर्ने आवश्यकताको अनुभव भइरहेछ । हेमराज वा सोमनाथका परिभाषा, वर्गीकरण र प्रस्तुतीकरण आफैंमा ठीक छन् र ती समसामयिक शैक्षिक प्रयोजनका निम्ति तयार भएका हुन् । समयको यो लामो अन्तरालपछि र आजको परिवर्तित स्थितिमा त्यही कुरा जस्ताको तस्तै रहन सक्तछ भन्न सकिन्न । नेपाली भाषाको संरचनाबारे अध्ययन हुँदै जाँदा र एकातिर सार्वभौम व्याकरण र अर्कातिर भाषा शिक्षणका पद्धति र व्यवहारमा क्रमिक रूपले विकास हुँदै जाँदा नेपाली भाषाको शैक्षिक व्याकरणले पनि पुनर्विचारको अपेक्षा राखतछ । यसै क्रममा हामीले कतिपय विषयहरूमा संशोधन, परिवर्तन र परिवर्द्धनका लागि पनि विचार गर्नुपर्ने हुन्छ । उदाहरणका निम्ति सोमनाथकै 'मध्यचन्द्रिका' को व्याकरणको परिभाषा शैक्षिक व्याकरणअनुसार छ भने 'राष्ट्रिय नेपाली व्याकरण'मा दिएको परिभाषाचाहिँ सार्वभौम व्याकरणअनुसार छ । शैक्षिक व्याकरणको प्रयोजनका निम्ति सोमनाथले स्थापित गरेको 'नेछ' प्रत्यय ठीक हुन सक्छ तर महानन्द सापकोटाले भने झैं विवरणात्मक व्याकरणका दृष्टिले 'नेछ' प्रत्ययलाई मिल्दो भन्न सकिन्न । निश्चय नै भाषाको संरचनाबारे हाम्रो ज्ञान बढ्दै जाँदा शैक्षिक व्याकरणका अंशहरूलाई परिमार्जित गर्दै जान नसकिने होइन तर ससाना कुरालाई पनि गहिरिएर चिन्तन मनन नगरी हतारिएर संशोधनहरू गर्दै जाँदा शैक्षिक जगत् झन् अलमलिने संभावना हुन्छ । नेपाली भषाका कतिपय संरचनात्मक विशेषताहरूमा छलफल गरी विचारहरूको आदानप्रदानका साथै नेपाली भाषाको स्तरीकरण गर्दै यसको पठनपाठनलाई अझ प्रभावकारी बनाउनका लागि समयमै विचार–विमर्श गर्न उचित ठानी यस अधिगोष्ठीको आयोजना गरिएको हो । यस गोष्ठीमा प्रस्तुत हुने गोष्ठीपत्रहरू संख्याका दृष्टिले र विषयगत विविधताका दृष्टिले पनि विशेष महत्त्व राखतछन् । नेपाली शैक्षिक जगत् स्वर्गीय पण्डितराज सोमनाथ शर्माको योगदानबाट लाभान्वित भएको छ र आज उनकै आदर्शहरूको अनुसरण गरी नेपाली भाषाको शैक्षिक व्याकरणलाई समयानुकूल बनाउन नेपाली भाषाको विवरणात्मक व्याकरणका सीमाको वृद्धि गर्न र सार्वभौम व्याकरणका बहु-

आयामी पक्षहरूमा विचार गर्न सक्रिय छ। पण्डितराज सोमनाथको योगदान र आजको हाम्रो आवश्यकतालाई समेत मनन गरी शैक्षिक व्याकरणका समस्याहरूमा हामीले विशेष ध्यान दिनुपरेको हुनाले तदनुसारका गोष्ठीपत्रहरूको निम्ति अनुरोध गरिएको हो। तर यसको अर्थचाहिं सैद्धान्तिक व्याकरण र भाषा विशेषको व्याकरण हाम्रा सीमाबाहिरका हुन् भन्ने होइन, किनभने यी ती नै एकअर्कासँग सम्बन्धित छन् र अन्य व्याकरणहरूको सन्दर्भविना शैक्षिक व्याकरणको कुरा गर्न सकिन्न। तैपनि समय र स्थानको सीमा र हाम्रो प्राथमिकतालाई ध्यानमा राख्ता यस पटक हामीले शैक्षिक व्याकरणका समस्याहरूलाई हाम्रो विषय बनाउन चाह्यौं। आशा छ गोष्ठीलाई बढी फलदायक बनाउन विद्वान् सहभागीहरूबाट यथोचित सहयोग प्राप्त हुनेछ।

# नेपाली वाक्यगठन

जगन्नाथ शर्मा त्रिपाठी

## १. वाक्यको स्वरूप र परिभाषा

संस्कृतका विद्वान्हरूले वाक्यसम्बन्धी व्यापक विवेचना गरेका छन् । मीमांसादर्शनमा वाक्यको विस्तृत विवेचना भएको छ । उनीहरूमध्ये कसैले 'सुबन्तचयो वाक्यम्' भनेर सुबन्त पदका समूह मात्रलाई पनि वाक्य मानेका छन् र त्यस्ता वाक्यहरू संस्कृतमा प्रशस्त प्रचलित पनि छन् । जस्तै— स गृहं गतः । तेन मन्दं हसितम् । इदं मम कर्तव्यम् आदि । कसै–कसैले 'तिङन्तचयो वाक्यम्' भनेका छन् । उनीहरूका अनुसार तिङन्त पदहरू मात्रले पनि वाक्य बन्दछ । जस्तै — पचति, भवति आदि ।

यस्ता तिङन्तचयात्मक वाक्यहरू वैदिक साहित्यमा मात्र पाइन्छन् तर सुबन्तचयात्मक वाक्यचाहिँ नेपालीमा पनि प्रशस्त प्रचलित छन् । जस्तै—

तिमीले के गरेको ? उसले के खाएको ? उनीहरू कहाँ गएका ? आदि ।

तिङन्तचयात्मक सान्दर्भिक वाक्यचाहिँ नेपालीमा पनि पाइन्छन् । जस्तै– 'जान्छु भन्छ । खान्न भन्यो ।' आदि ।

लियोनार्ड ब्लुमफिल्डका विचारमा बोल्ने मान्छेका ध्वनिहरूको आरोह–अवरोह र झट्का, अनि तिनलाई स्पष्ट पार्ने चिह्नहरूले अर्थलाई नियन्त्रण गरेका हुन्छन् र तिनकै आधारमा वाक्यहरू छुट्टिन्छन् । उनका विचारमा, उद्गार गर्दा, उद्गार–चिह्नसहितको 'जोन !' शब्द एउटा सिङ्गो वाक्य हो र त्यस्तै उद्गारमा 'विचरा जोन !' भन्दा 'जोन !' अन्तर्भुक्त पद मात्र हो अनि 'विचरा जोन !' यो पदसमुदायचाहिँ वाक्य हो । त्यसै गरी 'विचरा जोन भाग्यो' यस उच्चारणमा 'विचरा जोन !' यो अन्तर्भुक्त पदावली मात्र हो र 'बिचरा जोन भाग्यो' चाहिँ एउटा वाक्य हो । तर फेरि 'जब कुकुर भुक्यो विचरा जोन भाग्यो' यस उच्चारणमा 'विचरा जोन भाग्यो' यो अन्तर्भुक्त अवस्थामा छ र 'जब कुकुर भुक्यो विचरा जोन भाग्यो' योचाहिँ वाक्य हो । माथिका 'कुकुर भुक्यो' र

‘विचरा जोन भाग्यो’ दुइटा भाषिक रूपलाई व्याकरणले संगठन गरेर एउटा वाक्य बनाएको छ ।[1]

वाक्यको परिभाषा विभिन्न विद्वान्हरूले विभिन्न किसिमले दिएका छन् । एक पूरा कुरा बुझाउने गरी योजना भएका अनेक पदको समुदायलाई वाक्य भन्नुपर्छ भन्ने कुरामा सबै जसो वैयाकरणहरू सहमत छन् । यसरी एउटा कुरा पूरा बुझाउन उद्देश्य र विधेयको आवश्यकता पर्छ । यसरी व्याकरणका दृष्टिमा ‘संपूर्ण प्राणिहरू अमर छन् ।’ यो वाक्य शुद्ध छ । तर तर्कशास्त्रले यस वाक्यलाई स्वीकार्दैन । वाक्य बन्नलाई पदहरूमा योग्यता, आकांक्षा र आसक्तिको आवश्यकता पर्छ । कुनै वेला एउटै शब्दले पनि वाक्य बन्दछ । वाक्यसम्बन्धी यस्ता अनन्त कुराहरू छन् जो यस लेखमा समेट्नु सम्भव छैन ।

## २. वाक्यको विभाजन

उद्देश्य-विधेयरूप पदहरूको समुदायले वाक्य बन्दछ भन्ने सबैको स्वीकृति हुँदाहुँदै पनि एक पद मात्रलाई पनि वाक्य मान्ने परम्परा स्वीकारिएकाले वाक्यको परिचय लिन र दिन, शिक्षाका क्षेत्रमा निकै अप्ठ्यारो अनुभव गरिन्छ ।

यस प्रसङ्गमा वाक्यलाई पहिले दुई खण्डमा विभाजन गर्नुपर्छ— (१) स्वतन्त्र वाक्य र (२) सान्दर्भिक वाक्य । पहिलोलाई पूर्ण वाक्य र दोस्रोलाई अपूर्ण वाक्य पनि भन्न सकिन्छ । व्याकरणकारहरूले दिएका लक्षणहरू स्वतन्त्र वाक्यहरूमा घटित हुन्छन् । सान्दर्भिक वाक्यहरू स्वतन्त्र हुँदैनन्, किनभने, ती वाक्यहरू पूर्वापरका वाक्यहरूसँग सन्दर्भवश बाँधिएका हुन्छन् । कुनै प्रसङ्गमा कसैले–म भोलि घर जान्छु भन्यो भने यो वाक्य पूर्ण हुन्छ । तर त्यो सुन्ने मानिस भन्दछ–किन ? यस सन्दर्भमा यो किन ? एउटा सिङ्गो वाक्य हो । तर व्याकरणले यो मान्दैन । किनभने, यहाँ एक मात्र पद रहेको छ । तर सन्दर्भले यसलाई स्वीकार्छ । किनभने, यसै किन ? ले–तिमी किन भोलि घर जान्छौ ? यो सम्पूर्ण वाक्यको अर्थ बोकेको छ । यो वाक्य सान्दर्भिक वाक्य हुनाले पहिले र पछि बोलिने पदहरूको अध्याहार यहाँ हुन सक्तछ ।

तर व्याकरण पढ्दा वा पढाउँदा स्वतन्त्र वाक्यहरूको नै व्यवहार आवश्यक पर्छ, किनभने, पूर्ण वाक्य तिनै हुन् र व्याकरणका लक्षणहरूले उल्लेख गरेका सम्पूर्ण वाक्यतत्वहरू तिनै वाक्यहरूमा उपलब्ध हुन्छन् ।

---

[1] ल्याङगुइज्, अध्याय २, खण्ड ११.१, पृष्ठ १७०–७१ ।

कतिपय व्याकरणकारहरूले रूपका दृष्टिले वाक्यलाई तीन किसिमका मानेका छन्–

(१) सरल (२) मिश्र (३) संयुक्त

तर मिश्र वाक्यको सबै वैयाकरणहरूले दिएको परिभाषाअनुसार यसमा अङ्ग वा आश्रित वाक्य एक वा अनेक जति पनि हुन सक्तछन् तर मुख्य वाक्य चाहिं एउटै मात्र हुन्छ। जस्तै–

‘ जो ईमानदार छ, जो गुणी छ, त्यसलाई सबैले मन पराउँछन् ।’

यस वाक्यमा ‘जो ईमानदार छ’ र ‘जो गुणी छ’ दुई विशेषण अङ्ग–वाक्य हुन् र त्यसलाई सबैले मन पराउँछन् यो मुख्य वाक्य हो। यो वाक्य पूर्ण र स्वतन्त्र पनि बनिसकेको छ। तर यस वाक्यको वक्ता अर्कै छ र अर्को व्यक्तिले यसको उल्लेख गरेको छ भने, उ भन्छ– ‘जो ईमानदार छ, जो गुणी छ, त्यसलाई सबैले मन पराउँछन् भनेर बुबाले भन्नुभयो।’ अन यस वाक्यलाई हामीले के भन्ने ? विचार नगरीकन भन्दा त यसलाई मिश्र वाक्य भन्न सकिन्छ, तर व्याकरणद्वारा यसलाई विवेचना गर्ने हो भने, यो मिश्र वाक्य होइन। किनभने, मिश्र वाक्यका आवश्यकताहरू पहिले नै पूरा भइसकेका छन् र मिश्र वाक्य बन्नलाई सापेक्ष वाक्यहरूको मेल हुनुपर्छ भन्ने छ र– ‘जो ईमानदार छ, जो गुणी छ, त्यसलाई सबैले मन पराउँछन्’ यो वाक्य निरपेक्ष, पूर्ण र स्वतन्त्र बनिसकेको छ। यसमा–‘बुबाले भन्नु भयो’–यो आश्रय वाक्यका रूपको पुच्छर कुण्डिन आएको छ र यसलाई मिश्र वाक्य मान्यौं भने, यसको लक्षणले देखाएको सापेक्ष वाक्यहरूको मेल भन्ने कुरा मात्र खण्डित नभएर एउटा मात्र मुख्य वाक्य रहेको हुन्छ भन्ने कुरा पनि खण्डित हुन आउँछ। तर यसलाई वाक्य नमान्न सकिंदैन। हामी अवस्थाअनुसार सम्पूर्ण महाभारतका कथाहरूको उल्लेख गरेर, त्यसमा पण्डितजीले भन्नुभयो–भनेर पुच्छर जोडेर, त्यसलाई एउटै वाक्य बनाइदिन सक्छौं। त्यसैले हुन सक्छ, महाभारत जस्ता ठूला प्रबन्ध ग्रन्थहरूलाई महावाक्य पनि भन्दछन्।

त्यस्तै, संयुक्त वाक्यको परिभाषामा भनिएको छ- दुई वा दुईभन्दा बढी स्वतन्त्र पूर्ण सरल वाक्यहरूलाई निरपेक्ष संयोजकले जोडेर बनाएको वाक्य संयुक्त वाक्य हो र यो कि त समुच्चायक, कि त वैकल्पिक, कि त विशेषक, कि त उपपत्तिबोधक, कि त कारण आदिको बोधक हुन्छ। त्यस कारण–‘गोठालो दूध पनि दुहुन्छ गोबर पनि सोहोर्छ’–यो समुच्चायक संयुक्त वाक्य हो। यसमा अर्को पुच्छर जोड्न मन लाग्यो र विशेषक निरपेक्ष योजक ‘तर’ ले म ‘केही पनि गर्दिनँ’–भन्ने अर्को स्वतन्त्र वाक्य जोडेर– ‘गोठालो दूध पनि दुहुन्छ गोबर पनि सोहोर्छ, तर म केही गर्दिनँ’- भन्ने वाक्य बनायौं भने यसलाई कुन संयुक्त वाक्य मान्ने ? समुच्चा-

यक पनि होइन, विशेषक पनि होइन । त्यस्तै– 'जो ईमानदार छ त्यसलाई सबैले मान्दछन्'–यस मिश्र वाक्यलाई समुच्चयबोधक निरपेक्ष योजक 'र' ले 'जो गुणी छ त्यसैले सुख पनि पाउँछ'–भन्ने अर्को मिश्र वाक्यसँग जोडेर–जो ईमानदार छ त्यसलाई सबैले मान्दछन् र जो ईमान्दार छ त्यसले सुख पनि पाउँछ' भन्ने वाक्य बनाउन सक्तछौं । यसलाई कुन वाक्य मान्ने ? यो संयुक्त वाक्य होइन, किनभने, स्वतन्त्र सरल वाक्यहरू मिलेर संयुक्त वाक्य बन्दछ । तर यो वाक्य दुई मिश्र वाक्य मिलेर बनेको छ । यो मिश्र वाक्य पनि होइन ।

यो सबै झमेलाबाट मुक्ति पाउनाका लागि वैयाकरणहरूले अर्को एउटा वाक्य मान्न थालेका छन्– मिलित वाक्य (Mixed Sentence) । यसरी रूपका दृष्टिले वाक्य चार किसिमका मानिएका छन् र यसै अनुरूप व्याकरणको पठन–पाठन विश्वविद्यालयका उच्च कक्षाहरूमा पनि हुने गर्दछ ।

## ३. वाक्य–परिचयमा असमञ्जसता

यसरी व्याकरणको पठन–पाठन व्यापक रूपमा प्रचलित हुँदाहुँदै हिन्दी र नेपाली व्याकरणका लेखकहरूमा यस्ता कमजोरीहरू देखा पर्न थालेका छन् जसले गर्दा–

उज्यालो हुनेबित्तिकै चरा चिरबिराए ।
हामी पुग्नेबित्तिकै ढोका खुल्यो ।
बर्खा लाग्नासाथ झ्याउँकीरि कराए ।
मंसीर लागेपछि जाडो बढ्छ ।
लच्छुले धेरै अचार खाएकोले उसलाई पेट दुख्छ ।
मानिस सामाजिक प्राणी हुनाले उ सधैं समाजमा बस्छ ।
घामले पोलेको हुनाले म दिउँसै हिंड्नै सकिनँ ।
दीपकको पढाइ पूरा भएपछि उ गाउँ फर्कियो ।
मोहनले बत्ती बल्नासाथ दाजुलाई बोलायो ।

– जस्ता वाक्यहरू कसैका निम्ति मिश्र वाक्य हुन पुगेका छन् र यिनै वाक्य कसैका लागि सरल वाक्य हुन् ।

त्यस्तै–

उ सुखी र सन्तोषी छ ।
आमा र मामा आउनुभयो ।
रमा क्याम्पस नआएकीले उमालाई खल्लो लाग्यो ।

–जस्ता वाक्यहरू पनि कसैका निम्ति संयुक्त वाक्य हुन् भनै, कसैका लागि सरल वाक्य हुन् ।

त्यस्तै–

राम र श्याम आए तापनि मोहन आएनन् ।

उ पुस्तकालय गएपछि मेचमा बस्छ र पत्रिका पढ्छ ।

हामी घाम झुल्कनेबित्तिकै हिंडेका थियौं तर बाटो लामो हुनाले अबेर भयो ।

– यी वाक्य कसैका लागि मिलित वाक्य हुन् भने कसैका लागि संयुक्त वाक्य ।

त्यस्तै–

त्यो पुस्तक खोजे तापनि पाइएन जुन आवश्यक थियो ।

– यो वाक्य कसैका लागि मिलित वाक्य हो भने, कसैका लागि यो मिश्र वाक्य हो ।

यसरी पठन–पाठनमा मात्र होइन, व्याकरण–लेखनमा पनि असमञ्जसता आउन थालेको छ र जबसम्म यसको निराकरण गरेर, व्याकरणका शुद्ध नियमद्वारा एकरूप मान्यताको स्थापना हुँदैन तबसम्म नेपाली पठन–पाठनमा प्रगति आउन सम्भव छैन ।

त्यस कारण व्याकरणका शुद्ध नियमका निष्पक्ष दृष्टिले वाक्यहरूको व्यापक विवेचना हुनु परम आवश्यक हुन आएको छ र यस्ता छोटा लेखहरूमा त्यो सम्भव नहुने हुनाले विद्वान्हरूको यसतर्फ प्रवृत्ति होओस् भन्ने उद्देश्यले वाक्यहरूको छोटो विवेचन यहाँ प्रस्तुत गरिन्छ ।

### ४. सरल वाक्य

सरल, मिश्र, संयुक्त र मिलित भनेर वाक्यको विवेचना गर्दा अर्थका दृष्टिले होइन, रूपका दृष्टिले गर्नुपर्दछ । किनभने, व्याकरणमा अर्थ नखजमज्याईकन वाक्य परिवर्तन गर्ने व्यापक विधि र नियम दिइएका हुन्छन् । अर्थका दृष्टिले हेर्ने हो भने, त्यहाँ केही फरक पाईंदैन । जस्तै–

‘उ पनि जान्छ म पनि जान्छु ।’– संयुक्त वाक्य ।

‘उ र म जान्छौं’– कसैको संयुक्त कसैको सरल वाक्य ।

‘हामी जान्छौं’– सबैको सरल वाक्य ।

– यी तीन वाक्यमा अर्थमा कुनै भिन्नता छैन र अर्थका दृष्टिले हेर्ने हो भने यी तीनैवटा वाक्य एकै छन् । तर रूपका दृष्टिले हेर्दा फरक देखिन्छन् ।

विद्वान्हरूले दिएका सरल वाक्यको परिभाषा हेरौं । सरल वाक्य एक्लो वाक्य हो । त्यस कारण यसको परिभाषा यसरी गरिएको छ—

'एकैक उद्देश्य विधेय भएको एक्लो वाक्य सरल वाक्य हो ।'

(मध्यचन्द्रिका)

त्यस्तै–

'जुन वाक्यमा एक उद्देश्य र एक आख्यात क्रिया विधेय पद रहेको हुन्छ, त्यसलाई सरल वाक्य भन्दछन् ।'

(बृहद् नेपाली व्याकरण)

अनि–

'एउटा मात्रै प्रधान क्रियापद बनेको वाक्यलाई सरल वाक्य भन्दछन् ।'

(रचनाकेशर)

तथा–

'एउटा वाक्य, जसमा (भनिएको अथवा लुप्त रहेको) एक मात्र समापिका क्रिया छ, त्यसलाई सरल वाक्य भन्दछन् ।'

(नेस्फील्ड)[२]

उपर्युक्त परिभाषाहरूबाट के कुरा थाहा भयो भने, स्वतन्त्र सरल वाक्यमा एउटा उद्देश्य र एउटा विधेय अवश्य हुनुपर्दछ । उद्देश्य र विधेयको राम्रो परिचयमा ध्यान नपुग्नाले वा त्यस्तै कुनै भ्रान्त धारणाले गर्दा सरल वाक्यहरूलाई कहीं संयुक्त र कहीं मिश्र भनी नामकरण गर्न थालिएको छ । त्यस कारण पहिले उद्देश्य र विधेयको मीमांसा गरौं ।

### ४–१. उद्देश्य

प्रथमतः उद्देश्य, नाम वा सर्वनाम नै हुन्छन्, तर वाक्यका प्रयोगमा अरू पदहरू पनि उद्देश्य बन्न सक्तछन् । जस्तै–

*पानी* पर्दछ (नाम) ।

*गुणीहरूले* उन्नति गर्छन् (विशेषण) ।

*हामी* जान्छौं (सर्वनाम) ।

*काम गर्नु* स्वास्थ्यकर छ (क्रियार्थक संज्ञा) ।

*यो कसरी गर्नु* शङ्कास्पद छ (पदावली) ।

---

2. A Sentence which has only one Finite Verb (expressed or understood) is called a simple sentence

– J. C. Nesfeild.

यी सबै उद्देश्य हुन् । उद्देश्य कहिले कर्ताका रूपमा रहन्छ र कहिलेकहीं उपस्थिति मात्रले त्यो उद्देश्य बनेको हुन्छ । तर कहिलेकहीं कर्ता पनि उद्देश्य बन्न सक्तैन । जस्तो–

'रामबाट रावण मारियो ।' यस वाक्यमा रावणलाई मार्ने कर्ता 'राम' छन् र 'रामबाट' यो यस वाक्यको कर्ता हो, तर उद्देश्य होइन ।

## ४–२. उद्देश्यका प्रकार

उद्देश्यका पूर्ण अपूर्ण आदि गौण भेदहरू पनि देखाउन सकिन्छ तापनि यसको मुख्य भेदचाहिं दुइटै छन्– (१) सरल उद्देश्य र (२) संयुक्त उद्देश्य ।

वाक्यमा एउटै मात्र समापिका क्रिया छ र उद्देश्यका ठाउँमा दुई वा दुई भन्दा बढी नाम वा सर्वनाम छन् र तिनलाई र, अनि तथा, एवं– मध्ये कुनै योजकले जोडेको छ भने, तिनीहरू मिलेर एउटा संयुक्त उद्देश्य बन्दछ । 'राम घर जान्छ' 'म भात खान्छु' वाक्यमा 'राम' र 'म' सरल वा साधारण उद्देश्य हुन् ।

त्यस्तै—

'राम र श्याम घर जान्छन् ।'

'दाल र भात मलाई मीठो लाग्छ ।'

यी दुई वाक्यमा 'राम र श्याम' तथा 'दाल र भात' संयुक्त उद्देश्य हुन् ।[३]

यहीं आएर धेरै वैयाकरणहरूको धारणा भ्रान्त बनेको देखिन्छ र त्यसै धारणाले उनीहरू यी पछिल्ला दुई वाक्यलाई संयुक्त वाक्य भन्दछन् ।

यी दुई संयुक्त वा सरल वाक्य के हुन्, एकचोटि परीक्षा गरेर हेरूँ । यिनलाई संयुक्त वाक्य मान्नेहरूका दुई युक्ति छन् । तिनमध्ये एक हो— एउटा वाक्यलाई दुई वा दुईभन्दा बढी उपवाक्यहरूमा विभाजन गर्न सकिन्छ भने, त्यो अविभक्त वाक्य संयुक्त वाक्य हो । अर्को युक्ति हो, एकभन्दा बढी उद्देश्य एउटा वाक्यमा देखिन्छन् भने र विधेय बेग्लै छैनन् भने पनि त्यहाँ एउटा विधेय लोप भएको हुन्छ र त्यो संयुक्त वाक्य हुन्छ ।

अब पहिलो युक्तिलाई जाँचेर हेरूँ । एउटा वाक्यमा दुई वा दुईभन्दा बढी नाम वा सर्वनाम उद्देश्यका ठाउँमा रहेका छन् भन्दैमा तिनलाई अर्थ नबिगारीकन, सधैंभरि उपवाक्यहरूमा बाँड्न सकिंदैन । जस्तो—

---

[३] हेर्नू– English Grammer,– J. C. Nesfield

‘उ र म ठूला मित्र छौं ।’

यस वाक्यलाई अर्थ नबिगारीकन उपवाक्यहरूमा बाँड्न मिल्दैन । त्यस्तै–

‘यौवन र अनुभव सधैं साथ रहदैंनन् ।’

‘उनी र म सँगै काम गर्छौं ।’

यो वाक्यहरूलाई उपवाक्यहरूमा बाँड्न सकिंदैन । त्यस कारण यस्ता वाक्यहरूलाई संयुक्त वाक्य भन्न मिल्दैन ।

अर्को युक्तिको परीक्षा गरौं । दुई वा दुईभन्दा बढी नाम वा सर्वनाम उद्देश्यका ठाउँमा रहेका छन् भने वेला–वेलामा त्यस वाक्यको एउटा क्रिया बाँकी रहेर अरू लोप भएका हुन्छन्– यो युक्ति सार्थक छैन । किनभने, सबै उद्देश्यका ठाउँमा रहेका नाम वा सर्वनामले एकै किसिमको क्रिया–सम्पादन गरेका छन् भने, बहुवचनान्त क्रिया प्रयुक्त हुन्छ र त्यस्तो स्थितिमा अरू क्रिया लोप भएको मान्न मिल्दैन । यो त व्याकरणको विशेषता हो । एउटा बहुवचनान्त पदले अनेक एकवचनान्त पदहरूको भार बोकेको हुन्छ । ‘राम र श्याम घर जान्छन्’– यस वाक्यमा रहेको ‘जान्छन्’ पदभित्र अनेक ‘जान्छ’ पदहरू रहेका छन् । जस्तै–

जान्छ+जान्छ+जान्छ+जान्छ+ ··· =जान्छन् ।

त्यस कारण यस वाक्यमा क्रिया एउटै छ । एउटा क्रियाको उद्देश्य पनि एउटै हुन्छ र ‘राम र श्याम’ मिलेर एउटै उद्देश्य बनेको छ । त्यस कारण स्पष्ट एउटा विधेय भएको वाक्य हुनाले यो सरल वाक्य हो । यसलाई संयुक्त वाक्यभन्दा अर्को भाषिक अव्यवस्था खडा हुन्छ । बहुवचनान्त उद्देश्य र क्रिया भएका सबै वाक्यहरूलाई संयुक्त वाक्य मान्नुपर्ने हुन्छ । किनभने, ‘हामी जान्छौं’ यस वाक्यभित्र– ‘उ जान्छ+तँ जान्छस्+म जान्छु’– वाक्यहरू रहेका छन् । र उ जान्छ+तँ जान्छस्+म जान्छु =हामी जान्छौं । अब यो ‘हामी जान्छौं’ वाक्यलाई के भन्ने ?

रामका नेतृत्वमा हरि, कृष्ण, श्याम आएका छन् भने, हामी– ‘रामहरू आए’– भन्छौं । यो वाक्य– राम आए+हरि आए+कृष्ण आए+श्याम आए=रामहरू आए । यस वाक्यलाई के वाक्य भन्ने ?

अर्को कुरा, समास–प्रक्रियालाई हामीले शब्द–निर्माण–प्रक्रियाभित्र स्वीकारेका छौं । त्यस कारण समासले अनेक पदहरू मिलाएर एउटा पदको सिर्जना गर्दछ । त्यस कारण ‘दाजु र भाउजू’ लाई समास गरेर– ‘दाजु–भाउजू’ बनाएपछि यो एउटा शब्द भयो कि दुइटा शब्द रहे ? दुइटै शब्द रहेका छन् भन्ने हो भने, समास–प्रक्रियालाई शब्द–निर्माण–प्रक्रिया मान्नु भएन । एउटै

शब्द बनेको छ भन्ने हो भने, यसलाई दुइटा उद्देश्य मात्र पाइएन। किनकि एउटा शब्द एकैचोटि दुइटा उद्देश्य बन्न सक्तैन। त्यस कारण 'दाजुभाउजू काम गर्छन्' यस वाक्यलाई– 'दाजु काम गर्छन् ।' 'भाउजू काम गर्छिन् ।' जस्ता जति उपवाक्यमा बाँड्न सकिए पनि उक्त वाक्यमा एउटै मात्र उद्देश्य र एउटै मात्र विधेय भएकाले, कुनैका लोपको पनि सम्भावना नभएकाले संयुक्त वाक्य भन्न मिलेन। त्यस कारण उद्देश्यलाई 'सरल' र 'संयुक्त' दुई रूपमा स्वीकार्नुपर्ने कुरा स्पष्ट भयो।

## ४–३. विधेय

विधान गर्न योग्यलाई विधेय भन्दछन् । विधान गर्न योग्य आख्यात (समापिका) क्रिया हुन्छ। त्यस कारण वाक्यको मुख्य विधेय क्रिया हो र त्यो पनि समापिका अर्थात् आख्यात क्रियाचाहिँ हो । कर्म आदि पदहरू विधेयका सहयोगी स्वीकारिन्छन् । नेस्फिल्डले दिएको परिभाषा यस्तो छ–

'विधेय कि त समापिका क्रिया कि त समापिका क्रियासहितका अरू पदहरू बन्न सक्तछन् ।'[४]

कहिलेकाहीं विधेयलाई पूर्णता दिन अरू शब्दहरूको सहयोग लिनुपर्ने क्रियाहरू नेपालीमा पनि देखिन्छन्। तर समापिका क्रिया नभई विधेयता सम्पन्न हुन सक्दैनन् र विधेयता सम्पन्न नभएका पदावलीहरूले पूर्ण अर्थ व्यक्त गर्न सक्तैनन् तथा एउटा पूर्ण अर्थ व्यक्त गर्ने क्षमतामा नबोकीकन पदसमूह वाक्य बन्न सक्तैन । त्यस कारण 'विद्यार्थी पाठ पढ्छ' यस वाक्यमा मुख्य विधेय 'पढ्छ' हो र यसलाई अझ पूर्ण बनाउने 'पाठ' हो तर यो 'पाठ' विधेयको सहायक पद मात्र भएकाले 'विद्यार्थी पाठ' यतिले मात्र एउटा अर्थ पूरा हुँदैन र यसले वाक्य बनाउन सक्तैन। तर 'विद्यार्थी पढ्छ' यहाँ 'पढ्छ' यो मुख्य विधेय उपस्थित रहेकाले 'विद्यार्थी पढ्छ' यो एउटा वाक्य हो। त्यस कारण लेखेर, पढेर, हाँस्तै, खेल्दै, हेरेको, देखेको– आदि मुख्य विधेय बन्न सक्तैनन् र लेख्छ, पढ्छन्, हाँस्छन्, खेल्छौं, हेर्लान्, देखेछन्, आदि समापिका क्रिया हुनाले मुख्य विधेय हुन् र यिनले वाक्य पूरा बनाउँछन्। यसरी—

'रमा क्याम्पस नआएकीले उमालाई खल्लो लाग्यो ।'

यस वाक्यमा एउटै मात्र मुख्य विधेय 'खल्लो लाग्यो' रहेकोले यो

---

[४] नेस्फिल्डको अंग्रेजी व्याकरण, पृष्ठ १०९।

सरल वाक्य हो। यसमा 'नआउनु' क्रिया लोप पनि भएको छैन र 'नआएकीले' विशेषणका रूपमा उपस्थित पनि छ। त्यस कारण—

'म भात खान्छु।'
'तिमीहरू चिट्ठी लेख्छौ।'
'उज्यालो हुनेबित्तिकै चराहरू चिरबिराए।'
'मङ्सीर लागेपछि जाडो बढ्छ।'
'मानिस सामाजिक प्राणी हुनाले उ सधैं समाजमा बस्छ।'
'उ सुखी र सन्तोषी छ।'
'आमा र मामा आउनुभयो।'
'राम र श्याम बजार जान्छन्।'
'दाजु र भाउजू काम गर्छन्।'
आदि सबै सरल वाक्य हुन्।

## ५. मिश्र वा जटिल वाक्यको परिचय र परिभाषा

यस वाक्यको नामकरणमा वैयाकरणहरूमा मतभेद रहेको देखिन्छ। अंग्रेजीमा यसलाई 'कम्प्लेक्स सेन्टेन्स्' भन्दछन्। हिन्दी व्याकरणकार कामताप्रसाद गुरु, नेपाली व्याकरणकार सोमनाथ, गोपाल पाँडे, आदि पनि यसलाई मिश्र वाक्य नै भन्दछन्। बङ्गालका ठूला वैयाकरण जगदीशचन्द्र घोष यसलाई जटिल वाक्य भन्न मन पराउँछन्। उनको तर्क के छ भने, जब एउटा पूर्ण वाक्यमा अर्को पूर्ण वाक्य मिल्न आउँछ त्यस वेला यो त्यो मिश्र वा मिश्रित वाक्य बन्न सक्तछ। अंग्रेजीमा पनि संयुक्त वाक्यमा जटिल वाक्य मिल्न आयो भने, त्यसलाई मिश्र वा मिश्रित वाक्य (Mixed Sentence) भन्दछन्। त्यस कारण, उनका विचारमा, मुख्य वाक्यका साथ अङ्ग वाक्य लागेर बनेको वाक्यलाई जटिल वाक्य भन्न नै उपयुक्त हुन्छ।

'एक मुख्य वाक्यमा अर्को अङ्ग वाक्य मिलेको वाक्य मिश्र वाक्य हो' भनी सोमनाथ लेख्तछन्। 'जुन वाक्यमा एउटा मुख्य वाक्य र अरू एक अथवा एकभन्दा बढ्ता अधीन वाक्यहरू आपसमा सम्बन्ध जोडेर रहेका हुन्छन्, त्यसलाई मिश्र वाक्य भन्दछन्'– भनी गोपाल पाँडे लेख्तछन्। 'एउटा निरपेक्ष र एक वा अनेक सापेक्ष उपवाक्य मिली बनेको वाक्यलाई मिश्र वाक्य भन्दछन्'– भन्ने बृहद् नेपाली व्याकरणको भनाइ छ। 'मिश्र वाक्यमा मुख्य उपवाक्य एउटै रहन्छ, तर आश्रित उपवाक्य एकभन्दा बढी आउन सक्तछन्'– भनी कामताप्रसाद गुरु लेख्तछन्। अमेरिकाना विश्वकोशमा– 'एउटा स्वतन्त्र उपवाक्य र एक वा एक

भन्दा बढी सापेक्ष उपवाक्यहरू मिलेर जटिल वाक्य बन्दछ'[५] भनी लेखिएको छ।

उपर्युक्त परिभाषाहरू केलाएर हेर्दा के के कुरा थाहा हुन आउँछन् त भने-

१. जटिल वाक्य बन्नलाई दुई किसिमका उपवाक्यहरू चाहिन्छन्।

२. एक किसिमका उपवाक्य स्वतन्त्र र पूर्ण हुन्छन् र अर्को किसिमका उपवाक्यहरू सापेक्ष हुन्छन्।

३. स्वतन्त्र वा पूर्ण भनिने उपवाक्य एउटा जटिल वाक्य बनाउँदा एउटै मात्र लाग्दछ तर सापेक्ष वाक्य एक वा अनेक, आवश्यकताअनुसार जति पनि लाग्न सक्तछन्।

## ५-१. उपवाक्य

उपवाक्यहरूलाई अंग्रेजीमा 'क्लज' भन्ने चलन छ। अंग्रेजीका कुनै कुनै वैयाकरणहरूले फ्रेजलाई पनि क्लज भनेका छन्, तर वरिष्ठ वैयाकरणहरू एउटा क्लजमा क्लजको आफ्नै उद्देश्य र विधेय समेत रहनुपर्ने कुरा स्वीकार्छन्। अमेरिकाना विश्वकोशको खण्ड ७ को उपवाक्य (Clause) भन्ने शीर्षक लेखमा भनिएको छ- 'व्याकरणमा एउटा सिङ्गो भाषिक एकाइ, जसको आफ्नै उद्देश्य र विधेय रहेको हुन्छ, त्यसलाई 'क्लज' भन्दछन् यस अर्थमा क्लज र सरल वाक्य एकै हो र यसको यथार्थ परिभाषा दिन पनि त्यत्तिकै कठिन छ।[६]

संरचनावादी वैयाकरणहरूले स्वराघात, बलाघात, ध्वनिग्रामको आरोह र अवरोह, विश्राम आदिका आधारमा उपवाक्य (Clause) का नमूना (Pattern) हरूको व्यापक चर्चा अंग्रेजीमा गरेका छन् र त्यस्तो रूपान्तरणवादी वैयाकरणहरूले पनि विभिन्न किसिमका स्वतन्त्र उपवाक्य नमूना (Clause Pattern)- हरूलाई देखाउने प्रयत्न गरेका छन्, जसको चर्चा यस लेखमा

---

[५] A Complex sentence of one independent clause and one or more dependent clauses'- Americana Encyclopedia, Volume 27.

[६] A term in grammer denoting a single construction containing a subject and a predicate. In this basic sense a clause in the same thing as a 'Simple Sentence' and is subject to the same difficulty of precise definition. —Americana Encyclopedia, Volume 7.

हुनु सम्भव छैन । अर्कातिर सामान्य विद्यार्थीहरूका पठन–पाठनमा परम्परागत व्याकरण र त्यसका सिद्धान्तहरू नै स्वीकृत हुनाले र त्यसको व्यापक प्रचार पश्चिमी र पूर्वीय देशहरूमा पनि रहेकाले, पहिले त्यसमा स्पष्टता र पूर्णता आउनु वाञ्छनीय हुनाले, परम्परागत व्याकरणकै दृष्टिकोणले उपवाक्यहरूको सामान्य परिचयका साथ जटिल वाक्यको परिचय दिने र जटिल वाक्यको सीमा–निर्धारण गर्ने प्रयत्न यस अंशमा गरिन्छ ।

परम्परागत व्याकरणका अनुसार उपवाक्य मुख्य दुई किसिमका छन्–

१. मुख्य उपवाक्य र २. आश्रित उपवाक्य ।

मुख्य उपवाक्यलाई धेरैले पूर्ण र स्वतन्त्र उपवाक्यका रूपमा स्वीकारेका छन् र यसलाई एकै प्रकारको मानेका छन्, तर यसका नामचाहिं अनेक छन् । जस्तै– स्वतन्त्र उपवाक्य, मुख्य उपवाक्य, प्रधान उपवाक्य, आश्रय उपवाक्य, आधार उपवाक्य आदि । अङ्ग उपवाक्यका पनि अनेक नाम छन् । जस्तै— सापेक्ष उपवाक्य, सहायक उपवाक्य, अङ्ग वाक्य, आश्रित उपवाक्य, आधृत उपवाक्य आदि । अङ्ग वाक्यका तीन भेद बताइन्छन् । (१) नाम उपवाक्य (२) विशेषण उपवाक्य र (३) अव्यय वा क्रियायोगी उपवाक्य ।

'भोलि बिदा हुन्छ भनी गुरुले भन्नुभयो ।' यो नाम उपवाक्य लागेर बनेको मिश्र वा जटिल वाक्य हो ।

'जो ईमानदार छ त्यसलाई सबैले मन पराउँछन् ।' यो विशेषण उपवाक्य लागेर बनेको मिश्र वा जटिल वाक्य हो ।

'जहाँ सम्पत्ति छ त्यहाँ इष्ट–मित्र छन् ।' यो अव्यय अङ्ग वाक्य लागेर बनेको मिश्र वा जटिल वाक्य हो ।

मिश्र वाक्यको सामान्य परिचय दिएर शीर्षकको औपचारिकता मात्र मैले पूरा गरेको हुँ र यसमा कुनै समस्या मैले भेटेको छैन । मेरो समस्या हो, उपवाक्यहरूका परम्परागत निर्वचनको परीक्षा गर्नु र जटिल वाक्यको सीमानिर्धारण गर्नु ।

### ५–२. जटिल वाक्यका उपवाक्यहरूको समस्या

यो समस्या के हो भने, धेरैजसो वैयाकरणहरूले जटिल वाक्य बन्न जोडिन आउने उपवाक्यहरूमा मुख्य उपवाक्य (Co-ordinate clause) लाई पूर्ण र स्वतन्त्र हुन्छ भनी लेखेका छन् र यसमा जोडिन आउने अङ्ग वाक्यचाहिं अन्य वाक्य सापेक्ष हुन्छ भनेका छन् । तर भाषाको अध्ययन गर्दा यो कुरा सर्वांशमा साँचो ठहर्दैन । माथिकै उदाहरण हेरूँ– 'भोलि बिदा

हुन्छ भनी गुरुले भन्नुभयो ।' यस वाक्यमा 'गुरुले भन्नुभयो' मुख्य वाक्य हो र 'भोलि बिदा हुन्छ' यो नाम अङ्ग वाक्य हो । यहाँ 'गुरुले भन्नुभयो' यो मुख्य वाक्य पूर्ण र स्वतन्त्र नभई साकांक्ष छ र गुरुले के भन्नुभयो, त्यस कर्मको आकांक्षा यस वाक्यले राखेको छ, त्यहीं कर्मका रूपमा 'भोलि बिदा हुन्छ' नाम अङ्ग वाक्य आएर यस वाक्यलाई पूर्ण पारिदिएको छ । यस्तो प्रत्यक्ष परिस्थितिमा जटिल वाक्य बन्न लाग्ने मुख्य उपवाक्य पूर्ण र स्वतन्त्र हुन्छ भन्नु उपयुक्त हुँदैन । अनि हाम्रा वैयाकरणहरू भन्दछन्– 'अङ्ग उपवाक्य (Subordinate Clause) हरू अपूर्ण अथवा सापेक्ष वा साकांक्ष हुन्छन् ।' यो कुरा पनि सत्य छैन । किनभने, नाम अङ्ग वाक्य लागेर बनेका जटिल वाक्यहरूमा अङ्ग वाक्यका रूपमा अरूका उक्तिहरूको प्रायः उल्लेख हुन्छ । ती उक्तिहरू प्रायः पूर्ण र स्वतन्त्र नै हुन्छन् । जस्तै—

'राम बजार गयो भनी श्यामले भन्यो ।' यस वाक्यमा 'श्यामले भन्यो' मुख्य वाक्य छ र 'राम बजार गयो' नाम अङ्ग वाक्य छ । बरु वैयाकरणहरूका विचारको ठीक उल्टा, मुख्य वाक्यचाहिँ साकांक्ष छ, साकांक्ष हुनाले कर्मको आकांक्षा त्यसले राखेको छ र त्यो पूर्ण र स्वतन्त्र छैन, अनि त्यसलाई पूर्ण बनाउनाका लागि, कर्मका रूपमा– 'राम बजार गयो' यो वाक्य चाहिएको छ । त्यस कारण हाम्रा वैयाकरणहरूले गरेको जटिल वाक्यको निर्वचन ठीक देखिएन ।

यस किसिमका वाक्यहरूलाई 'जटिल वाक्य' भन्नुपर्ने परिस्थिति प्रायः नाम अङ्ग वाक्य लागेर बनेका वाक्यले गर्दा आएको हो । किनभने, वाक्यका पूर्णता र अपूर्णताको सीमा छुट्ट्याउन यसै वाक्यमा कठिन छ । आफू स्वतन्त्र रहँदा पूर्ण र स्वतन्त्र स्वीकारिने अङ्ग वाक्यहरू यस किसिमका संयोजनले अपूर्ण, सापेक्ष र अस्वतन्त्र प्रतीत हुन्छन् । यही नै यस किसिमका वाक्यहरूको जटिलता हो । अरू अङ्ग वाक्यहरू लागेर बनेका मिश्र वाक्यहरूमा यो समस्या प्रायः देखिँदैन । जस्तो–

'जो ईमानदार छ त्यसलाई सबैले मन पराउँछन् ।'

'त्यसलाई सबैले मन पराउँछन् ।' यो अंश यस वाक्यको मुख्य वाक्य हो र हाम्रा वैयाकरणहरूले भनेजस्तै यो प्रायः पूर्ण र स्वतन्त्र छ, तर सान्दर्भिक रूपमा । किनभने, पूर्ण स्वतन्त्र रूपका वाक्यमा सर्वनाम होइन, नाम प्रयुक्त हुन्छ । त्यस्तै–

'जहाँ सम्पत्ति छ त्यहाँ इष्टमित्र छन् ।' यस वाक्यमा 'त्यहाँ इष्टमित्र छन्' यो मुख्य उपवाक्य हो र 'जहाँ सम्पत्ति छ' यो अव्यय उपवाक्य हो । यस

वाक्यमा 'त्यहाँ इष्टमित्र छन्' यो उपवाक्य 'जहाँ सम्पत्ति छ' यस वाक्यको अपेक्षा स्वतन्त्र छ । त्यस कारण जटिल वाक्यको, हाम्रा वैयाकरणहरूले दिएको परिभाषा त्यति उपयुक्त देखिँदैन । जगदीशचन्द्र घोषले दिएको परिभाषा केही उपयुक्त छ र त्यो यस्तो छ— 'एउटा प्रधान वाक्यका साथ त्यसको अङ्गीभूत अन्य अप्रधान वाक्य कुनै अनुगामी समुच्चयी अव्यय वा कुनै सापेक्ष सर्वनामद्वारा संयुक्त भएर जुन पूर्ण वाक्य गठित हुन्छ त्यसलाई जटिल वाक्य (Complex Sentence) भन्दछन् ।[७] यो परिभाषा बडो होशियारी र विद्वत्ताका साथ दिइएको छ । किनभने, 'एउटा प्रधान वाक्यका साथ त्यसको अङ्गीभूत अन्य अप्रधान वाक्य' भन्नेबित्तिकै हामीलाई के कुरा स्पष्ट हुन्छ भने, अप्रधान वाक्य प्रधान वाक्यको अङ्गीभूत हुन्छ भने, अङ्गविनाको प्रधान वाक्य कसरी पूर्ण र स्वतन्त्र हुन्छ ? अर्को कुरा, परिभाषाको अन्त्यमा 'जुन पूर्ण वाक्य गठित हुन्छ' लेखिएको छ, यसको अभिप्राय हो मुख्य वाक्य र अङ्ग वाक्यमध्ये कुनै पनि पूर्ण हुँदैनन् । यसरी शतप्रतिशत शुद्ध नभए पनि यो परिभाषा अरू वैयाकरणहरूले दिएको परिभाषाभन्दा निकै पूर्ण र सफल पनि छ । तर यस परिभाषाले पनि जटिल वाक्यको यथार्थ निर्वचन गर्न सकेको छैन र जटिल वाक्यको परिभाषा यसरी दिनुपर्ने देखिन्छ– 'एउटा साकांक्ष प्रधान वाक्यका साथ त्यसको अङ्गीभूत स्वतन्त्र नाम, उपवाक्य वा अपेक्षाकृत स्वतन्त्र प्रधान वाक्यका साथ साकांक्ष विशेषण वा अव्यय अङ्ग वाक्य कुनै सापेक्ष समुच्चयी अव्यय वा सापेक्ष सर्वनामद्वारा जोडिएर जुन पूर्ण वाक्य गठित हुन्छ, त्यो जटिल वाक्य हो ।'

यस परिभाषाले मिश्र वा जटिल वाक्यको वास्तविक रूपको निर्वचन गर्न सक्तछ ।

## ५–३. जटिल वाक्यको सीमा

धेरै वैयाकरणहरूले रूपका दृष्टिले वाक्यलाई तीन किसिमका मात्र मानेका छन् । त्यस कारण व्यवहारमा पाइने, सरल वाक्यबाहेक अरू सम्पूर्ण

---

[७] एकटि प्रधान वाक्येर सहित उहार अङ्गीभूत अन्य अप्रधान वाक्य कोन अनुगामी समुच्चयी अव्यय वा कोन सापेक्ष सर्वनामद्वारा संयुक्त हइले ये पूर्णवाक्यटि गठित हय, ताहा जटिल वाक्य । आधुनिक बांग्ला व्याकरण, पृष्ठ ३३ ।

वाक्यहरूलाई, सामान्य र आपातिक रूपका आधारमा कि त मिश्र वा जटिल वाक्य कि त संयुक्त वाक्य भन्दछन् । त्यसो गर्दा, वाक्य एकातिर, परिभाषा अर्कोतिर पर्न गएका देखिन्छन् । जस्तो–

'भोलि बिदा हुन्छ भनी प्रधानाध्यापकज्यूले भन्नुभयो भनी भाइले मलाई भन्यो ।' यो वाक्य आपातिक दृष्टिले मिश्र वाक्य जस्तो छ, त्यस कारण चौथो वाक्य नमान्ने वैयाकरणहरू, अगत्या यसलाई मिश्र वा जटिल वाक्य नै भन्दछन् । तर जटिल वाक्यको परिभाषा राम्ररी अध्ययन गरेर हेर्दा यसलाई जटिल वाक्य मान्न सकिँदैन । किनभने, जटिल वाक्यमा एउटा मात्र मुख्य वाक्य हुनुपर्छ भन्ने कुरामा सबै परम्परावादी वैयाकरणहरू सहमत छन् । त्यस कारण–

'भोलि बिदा हुन्छ भनी प्रधानाध्यापकज्यूले भन्नुभयो ।'

–यस वाक्यमा मिश्र वा जटिल वाक्यका सम्पूर्ण आवश्यकता पूर्ण भइसकेका छन् । यसमा 'प्रधानाध्यापकज्यूले भन्नुभयो' यो मुख्य वाक्य छ, 'भोलि बिदा हुन्छ' नाम अङ्ग वाक्य छ, 'भनी' अनुगामी समुच्चयी योजकले जोडेको पनि छ । अब यसरी पूर्ण भइसकेको वाक्यमा अर्को पुच्छर 'भाइले मलाई भन्यो' जोडिन आएको छ । यो सम्पूर्ण वाक्यलाई विश्लेषण गर्दा, यसमा दुई मुख्य वाक्य पाइन्छन् । त्यस कारण जटिल वाक्यको परिभाषाअनुसार यसलाई जटिल वाक्य भन्न मिलेन । तीन किसिमका वाक्यहरू मात्र स्वीकार्नेहरूले अगत्या यसलाई मिश्र वाक्य भनेका हुन् र व्याकरणको मर्म जान्नेहरूले चाहिँ यस्तै परिस्थितिहरूको अध्ययन गरेर चौथो वाक्य, नेपालीमा जसलाई मिलित वाक्य भन्ने गरिएको छ, स्वीकारेका छन् र भाषिक व्यवस्थाका लागि यो आवश्यक पनि छ र उपर्युक्त वाक्य जटिल वाक्यको सीमाबाट बाहिर पनि छ ।

## ६. संयुक्त वाक्यको स्वरूप र परिभाषा

छरितो र मीठो तरीकाले केही भन्ने प्रवृत्तिले संयुक्त वाक्य गठित भएको हो । बेग्लाबेग्लै कुरा, बेग्लाबेग्लै स्वतन्त्र सरल वाक्यहरूद्वारा व्यक्त गरी रहँदा समय पनि धेरै लाग्ने र मीठो पनि नसुनिने हुनाले मानिसले सौन्दर्य–प्रेम र लाघव–प्रवृत्तिले गर्दा आफ्नो भाषिक स्वरूपका संयुक्त वाक्यहरू गठन गर्ने चलन चलाएको हो । 'गोठालो दूध दुहुन्छ । गोठालो गोबर सोहोर्छ ।' –यी दुई वाक्यले व्यक्त गर्ने कुरा एउटै वाक्यमा– 'गोठालो दूध दुहुन्छ र गोबर सोहोर्छ' वा 'गोठालो दूध पनि दुहुन्छ गोबर पनि सोहोर्छ' –ले मीठो शैलीमा व्यक्त गरिदिन्छ । त्यस्तै–

'तिमी जाऊ । तिमी जाँदैनौ ? त्यसो भए म जान्छु ।'

– यी तीन वाक्यले भन्ने कुरा– 'कि तिमी जाऊ कि म जान्छु ।'– ले मीठोसँग व्यक्त गरिदिन्छ । अनि—

'सीता नरात्री छ । सीता नरात्रो भए पनि गुनिलो छ ।'– यी दुई वाक्यले व्यक्त गर्ने कुरा– 'सीता नरात्री छ तर गुनिलो छ ।'– ले व्यक्त गरिदिएको छ । यसरी मीठो र छरितोपनका लागि संयुक्त वाक्य बनाइएको हो । जोड्ने संयोजक र तिनका जोडाइका ढङ्गले समुच्चायक, वैकल्पिक, विशेषक र उपपत्तिबोधक तथा कारणबोधक आदि किसिमका संयुक्त वाक्य बन्दछन् । उपचारका निमित्त मात्र यसको पनि चर्चा मैले गरेको हुँ ।

जटिल वाक्यको जटिलता संयुक्त वाक्यमा छैन । एउटा पूर्ण स्वतन्त्र सरल वाक्यसित अर्को स्वतन्त्र सरल वाक्य निरपेक्ष संयोजकद्वारा जोडिएर बनेको वाक्यलाई संयुक्त वाक्य भन्दछन् । बङ्गालीहरू यस्ता वाक्यलाई यौगिक वाक्य भन्दछन् । संयुक्त वाक्यको परिभाषा प्रायः सबैजसो वैयाकरणहरूले उस्तै किसिमले दिएका छन् ।

## ६–१. संयुक्त वाक्यका प्रकार

संयुक्त वाक्यलाई वाक्यले प्रदान गर्ने अर्थका आधारमा–समुच्चायक, वैकल्पिक, विशेषक, कारणबोधक र उपपत्तिबोधकका हिसाबले कसैले चार, कसैले पाँच र कसैले त्यसभन्दा पनि बढी प्रकारमा वर्गीकरण गरेका छन् तर यसका मौलिक भेद चार मात्र देखाउनु उपयुक्त देखिन्छ । यो पनि सर्वसुलभ भएकाले औपचारिकता मात्र पूरा गरेर आफ्नो समस्यातर्फ बढ्ने आज्ञा म विद्वद्वर्गसँग माग्दछु ।

## ६–२. संयुक्त वाक्यको सीमा

वाक्यको वर्गीकरण नगरी वाक्य मात्र भन्दा जस्ता वाक्यलाई पनि वाक्य भन्न सजिलो भए झैं संयुक्त वाक्यलाई पनि समुच्चायक, वैकल्पिक आदि भेदमा विभक्त नगरी संयुक्त वाक्य मात्र भनेको भए यसको सीमा बढ्ने थियो । तर समुच्चायक, वैकल्पिक आदि भेद गरिसकेपछि तिनमा नमिल्दा अरू अव्ययहरूले ती वाक्यहरूमा अरू सरल वाक्य जोडिंदा तिनलाई के भन्ने ?
जस्तो–

'गोठालो दूध पनि दुहुन्छ गोबर पनि सोहोर्छ ।'

– यो समुच्चायक संयुक्त वाक्य हो । तर यसमा अर्को सरल वाक्य

समुच्चायक संयोजकले नजोडी विशेषक संयोजकले जोडेर– 'गोठालो दूध पनि दुहुन्छ गोबर पनि सोहोर्छ, तर म केही गर्दिनँ ।' – बनाएपछि यसलाई के भन्ने ? यो समुच्चायक मात्र पनि होइन र विशेषक मात्र पनि होइन ।

त्यस्तै अर्को वाक्य–

'गोठालो दूध पनि दुहुन्छ, गोबर पनि सोहोर्छ, किनकि गोठको काम गर्ने अरू मान्छे छैनन् ।' – यस वाक्यलाई के भन्ने ? यो समुच्चायक मात्र पनि होइन र कारणबोधक मात्र पनि होइन ।

त्यस्तै–

'तँ कि दाउरा खोज्न जा कि घाँस काट्न जा; किनभने भरेलाई दाउरा पनि छैन, घाँस पनि छैन ।'

– यस वाक्यमा एउटा वैकल्पिक संयुक्त वाक्य र अर्को समुच्चायक संयुक्त वाक्य छ, अनि यी दुइ संयुक्त वाक्यलाई कारणबोधक संयोजकले जोडेर अर्कै वाक्य बनाइदिएको छ र यो वैकल्पिक संयुक्त वाक्य, समुच्चायक संयुक्त वाक्य र कारणबोधक संयुक्त वाक्यमध्ये कुनै पनि होइन । त्यस कारण यस्ता वाक्यहरूका निमित्त अर्को नामको कल्पना गर्नुपर्ने परिस्थितिले केही वैयाकरणहरूले मिलित वाक्यको कल्पना गरेका हुन् । तर यसको राम्रो विवेचना वैयाकरणहरूले गरेका छैनन् ।

## ७. मिलित वाक्यको स्वरूप, परिभाषा र प्रकार

एक किसिमको संयुक्त वाक्यमा अर्को किसिमको संयोजकले अर्को सरल वाक्य वा आश्रय वाक्य जोडेर, दुई वा त्यसभन्दा बढी संयुक्त वाक्य मिलेर, दुई वा त्यसभन्दा बढी संयुक्त वाक्यलाई सरल वा आश्रय वाक्यसित जोडेर, एउटा जटिल वाक्यलाई अर्को सरल वा आश्रय वाक्यमा जोडेर, जटिल वाक्यमा जटिल वाक्य मिलेर, दुई वा दुईभन्दा बढी जटिल वाक्यलाई अर्को सरल वा आश्रय वाक्यले जोडेर, जटिल र संयुक्त वाक्य मिलेर तथा जटिल र संयुक्त वाक्यलाई अर्को सरल वा आश्रय वाक्यले जोडेर बनाएका वाक्य मिलित वाक्य हुन् ।

वाक्यको व्यापक क्षेत्र मिलित वाक्यले ओगटेको हुनाले र अनेक किसिमका वाक्यहरूको संयोजनले मिलित वाक्य तयार हुने हुनाले मिलित वाक्य धेरै प्रकारका हुन सक्तछन्, जसमध्ये मुख्य प्रकारहरू यी हुन्—

१) संयुक्तगर्भ मिलित वाक्य
२) संयुक्तान्तर्मिलित वाक्य
३) संयुक्तान्तर्गर्भ मिलित वाक्य

४) जटिलगर्भ मिलित वाक्य
५) जटिलान्तर्मिलित वाक्य
६) जटिलान्तर्गर्भमिलित वाक्य
७) जटिल संयुक्त मिलित वाक्य तथा
८) जटिल संयुक्तगर्भ मिलित वाक्य

## ७–१. संयुक्तगर्भ मिलित वाक्य

कुनै एउटा संयुक्त वाक्यमा अर्कै किसिमको संयोजकले सरल वाक्य वा आश्रय वाक्यलाई जोडेर बनाएको वाक्य संयुक्तगर्भ मिलित वाक्य हो । जस्तै–

क) बहिनी भात पनि पकाउँछे अचार पनि बनाउँछे, तर दिदीचाहिँ केही पनि गर्दिनन् ।
ख) भाइ लेख्छ पनि, पढ्छ पनि, किनकि उसलाई असफल हुने डर छ ।
ग) तँ कि भात पका, कि रोटी पका, मचाहिँ दूध दुहेर ल्याउँछु ।
घ) सरिता यसपाली प्रथम श्रेणीमा उत्तीर्ण हुन्छे, किनकि उसले कठोर परिश्रम गरेकी छ, तर मचाहिँ अनुत्तीर्ण हुन्छु ।
ङ) तिमी अहिले घर जाऊ, तर मचाहिँ कि भरे आउँछु कि भोलि आउँछु ।
च) तपाईं चूप लागेर बस्नुहोस्, किनकि तपाईं बिरामी हुनुहुन्छ; मचाहिँ भात पकाउँछु ।
छ) आज राति पानी पर्छ, भोलिचाहिँ घाम लाग्छ भनी बूढाले भने । इत्यादि

## ७–२. संयुक्तान्तर्मिलित वाक्य

दुई वा दुईभन्दा बढी संयुक्त वाक्य मिलेर बनेको वाक्य संयुक्तान्तर्मिलित वाक्य हो । जस्तै–

क) आमा भात पनि पकाउनुहुन्छ, धन्दा पनि गर्नुहुन्छ; मचाहिँ दाउरा पनि चिर्छु, घाँस पनि काट्छु ।
ख) गुरु पढ्न पनि सिकाउनुहुन्छ, लेख्न पनि सिकाउनुहुन्छ; तर मचाहिँ पढ्न पनि जान्दिनँ, लेख्न पनि जान्दिनँ ।
ग) कि तिमी आफू पढ, कि मलाई पढ्न देऊ, किनकि जाँच नजीक आएको छ र हामीले उत्तीर्ण हुनुपर्छ ।
घ) महेश यसपालि प्रथम श्रेणीमा उत्तीर्ण हुन्छ, किनभने उसले निकै परिश्रम गरेको छ तर श्यामचाहिँ असफल हुन्छ; किनभने उसले पढेको छैन । आदि ।

### ७–३. संयुक्तान्तर्गर्भ मिलित वाक्य

दुई वा दुईभन्दा बढी संयुक्त वाक्यलाई अर्को सरल वा आश्रय वाक्यले जोडेर बनेको वाक्य संयुक्तान्तर्गर्भ मिलित वाक्य हो ।

जस्तै–

क) भाइ विद्यालय जान्छ र विद्यालयकै काम गर्छ, तर मचाहिँ घरमै बस्छु र घरकै काम गर्छु भनी दिदीले भनिन् ।

ख) कि तिमी चुप लागेर बस, कि बाहिर जाऊ, मचाहिँ एक छिन आराम गर्छु र उठेर घरको काम गर्छु, तर अरू बसिरहून् ।

### ७–४. जटिलगर्भ मिलित वाक्य

एउटा जटिल वाक्यलाई अर्को सरल वा आश्रय वाक्यले जोडेर बनेको वाक्य जटिलगर्भ मिलित वाक्य हो ।

जस्तै–

क) नोकरले म काम गर्दिनँ भन्यो भनी भाइले सुनायो ।

ख) तँ जहाँ जान्छस् जा भनी उनी च्याँट्टिए ।

ग) तँलाई जे गर्न मन लाग्छ त्यही गर् तर मचाहिँ बुबाले भन्नुभएकै काम गर्छु ।

घ) भोलि बिदा हुन्छ भनी गुरुले भन्नुभएको थियो, किनकि उहाँलाई त्यस कुरामा विश्वास थियो । आदि ।

### ७–५. जटिलान्तर्मिलित वाक्य

जटिल वाक्यमा अर्को जटिल वाक्य मिलेर बनेको वाक्य जटिलान्तर्मिलित वाक्य हो ।

जस्तै–

क) तिमीलाई जहाँ जान मन लाग्छ जाऊ र जे गर्न मन लाग्छ गर ।

ख) तिमीलाई जहिले आउन मन लाग्छ तहिले आऊ, तर मचाहिँ अहिले नै जान्छु भनी श्याम हिँड्यो ।

### ७–६. जटिलान्तर्गर्भ मिलित वाक्य

दुई वा दुईभन्दा बढी जटिल वाक्यलाई अर्को सरल वा आश्रय वाक्यले जोडेर बनाएको वाक्य जटिलान्तर्गर्भ मिलित वाक्य हो ।

जस्तै–

क) जुन पुस्तक तिमी चाहन्छौ त्यो लैजाऊ र जहिले फिर्ता गर्न तिमीलाई मन लाग्छ गर भनी साथीले भने ।

ख) तिमी जति ल्याउन भन्छौ म त्यति ल्याउँछु र जहिले फिर्ता दिन्छौ तहिले लैजान्छु, तर त्यसको सदुपयोगचाहिँ हुनुपर्छ ।

## ७–७. जटिल संयुक्त मिलित वाक्य

जटिल र संयुक्त वाक्य मिलेर बनेको वाक्य जटिल संयुक्त मिलित वाक्य हो । जस्तै–

क) तिमी जसरी यो काम गर्नु भन्छौ म त्यसरी नै गर्छु, तर यसको उपयुक्त पारिश्रमिक मैले पाउनुपर्छ र जस पनि पाउनुपर्छ ।

ख) भोलि तिमी जान्छौ भने जाऊ तर आजचाहिँ तिमी पनि यहीं बस र म पनि यहीं बस्छु ।

## ७–८. जटिल संयुक्तगर्भ मिलित वाक्य

दुई वा दुईभन्दा बढी जटिल र संयुक्त वाक्यलाई अर्को सरल वा आश्रय वाक्यले जोडेर बनाएको वाक्य जटिल संयुक्तगर्भ मिलित वाक्य हो । जस्तै–

क) भोलि अनिल पनि आउँछ म पनि आउँछु भनेर दाज्यूले भन्नुभयो भनी बहिनीले सुनाएकी थिईं तर मैले वास्ता गरिनँ ।

ख) पुस्तकचाहिँ तिमीलाई जुन मन पर्छ त्यो लैजाऊ तर कलमचाहिँ म तिमीलाई पनि दिन्नँ र अरूलाई पनि दिन्नँ, अनि सिसाकलम लैजाने भए रोक्तिनँ । इत्यादि ।

## ८. उपसंहार

यो वाक्यसम्बन्धी गोष्ठी–पत्र परिचयात्मक ढङ्गले तयार गरियो, किनभने अहिले हामीलाई यस्तै लेखको आवश्यकता रहेको छ । यो सानो पत्रमा नेपाली वाक्य–गठनसम्बन्धी विस्तृत विवेचना सम्भव नहुने हुनाले र कति कुराचाहिँ पिष्टपेषण पनि हुन जाने हुनाले, विद्वान्हरूलाई कुतकुत्याउने उद्देश्य मात्र यस लेखले प्राप्त गरेको अनुभव मैले गरेको छु र वाक्यका सम्बन्धमा भन्नुपर्ने कुराहरू र गर्नुपर्ने विश्लेषण र तर्कहरू असंख्य छन् ।

◆

# वाक्य-गठन

सागरनाथ उप्रेती

## १. वाक्य

मनको भाव स्पष्ट गरी प्रकट गर्ने दुई वा दुईभन्दा बढ्ता पदहरूको समष्टिलाई वाक्य भनिन्छ। यसरी बनेको वाक्यमा व्याकरणका नियमअनुसार निम्नलिखित अङ्ग पुगेको हुनुपर्दछ—

क) योग्यता
ख) आकांक्षा
ग) आसक्ति

परस्पर मिलेका पदहरूको अर्थमा कुनै किसिमको बाधा नभए त्यसलाई योग्यता भनिन्छ। जस्तै– 'म मुखले खान्छु।' 'त्यो दाँतले चपाउँछ।' 'उ कानले सुन्छ।'

यहाँ परस्पर मिलेका पदहरूका अर्थमा कुनै किसिमको गडबडी नरहेकाले यी जम्मै पदहरूका समष्टि वाक्य भए।

तर दैवी शक्तिको वर्णन गर्दा अथवा ठट्टामा अङ्ग नपुगेको भए तापनि त्यस्ता पदहरूका समष्टिलाई व्यवहारमा वाक्य मान्ने चलन छ—
जस्तै–

क) रामायणक्न गाउन्या पुरुषको आज्ञा त इन्द्रै पनि।
मान्छन् श्री रघुनाथका प्रिय यि हुन् मान्न्या यिनै हुन् भनी॥

– भानुभक्त

ख) भोज खाने बेलामा भुँडे बाजे जस्तै अघचिलो ठाउँमा पनि मुन्टोले टेकेर आइपुग्छन्।

अर्थ स्पष्ट हुने गरी बुझनको लागि कुनै एक वा दुई पद सुनिसकेपछि अरू पद सुन्ने उत्सुकता हुन्छ। यस्तो उत्सुकतालाई आकांक्षा भनिन्छ।
जस्तै–

राम पुस्तक ··· ··· पढ्छ। पढ्दैन।

यस वाक्यमा राम र पुस्तक दुई शब्द सुनिसकेपछि श्रोतामा पढ्छ वा पढ्दैन भन्ने कुरा जान्ने उत्सुकता जागृत हुन्छ ।

योग्यता र आकांक्षा बुझाउने पदहरू नियमानुसार एउटाको पछि अर्को आउनुपर्छ । योग्यता र आकांक्षा बुझाउने एक पदको पछि अर्को पद राख्ने कामलाई आसक्ति भन्दछन् ।

## २. वाक्यमा पद–सङ्गति

वाक्यगठनको विषयमा छलफल गर्दा पदसङ्गतिका बारेमा पनि केही कुरा गर्नु सान्दर्भिक नै हुनेछ; किनभने प्रत्येक वाक्यका पदहरूमा परस्पर सम्बन्ध रहेको हुन्छ । कुन पदको कुन पदसित कस्तो सम्बन्ध छ सो बुझाउने विधिलाई व्याकरणमा पदसङ्गति वा मेल भनिन्छ ।

वाक्यगठनका निम्नलिखित कुरामा ध्यान राख्नु अत्यावश्यक ठानिन्छ—

क) सर्वनामको मेल संज्ञासित हुन्छ ।

ख) कुनै विशेषणको मेल विशेष्यसित हुन्छ ।

ग) कर्ताको मेल क्रियासँग हुन्छ ।

घ) सम्बन्धकारको मेल सम्बन्धी शब्दसित हुन्छ ।

### २–१. सर्वनाम र संज्ञाको मेल

संज्ञाका जुन लिङ्ग र वचन हुन्छन् सर्वनामका पनि उही हुन्छन्, जस्तै–

हरिले भन्यो– 'म जान्छु ।' (यहाँ संज्ञा र सर्वनाम दुवै पुलिङ्ग र एक वचनमा छन् ।)

मीराले भनी– 'म पनि जान्छु ।' (यहाँचाहिँ संज्ञा र सर्वनाम दुवै स्त्री लिङ्ग र एकवचनमा छन् ।)

केटाकेटीले भने– 'हामी पनि जान्छौं ।' (यहाँ हामी सर्वनाम बहुवचनमा छ ।)

### २–२. विशेषण र विशेष्यको मेल

विशेष्यका जुन लिङ्ग र वचन हुन्छन् विशेषणका पनि प्रायः उही हुन्छन्, जस्तै–

क) एउटा सानो ठिटो आयो ।

ख) एउटी सानी ठिटी आई

ग) साना ठिटाठिटीहरू आए ।

## २–३. कर्ता र क्रियाको मेल

क्रियाको मेल कर्तासित हुन्छ, जस्तै–

क) केटो पुस्तक पढ्छ ।
ख) केटी पुस्तक पढ्छे ।
ग) केटाकेटीहरू पुस्तक पढ्छन् ।

वाक्यमा एकभन्दा बढ्ता कर्ता भए औ यस्ता कर्ता एक वचनमा भए पनि क्रिया बहुवचनमा हुन्छ, जस्तै–

क) राम र श्याम पाठशाला जान्छन् ।
ख) राम र सीता वनमा जान्छन् ।
ग) दाज्यू, भाइ, दिदी, बहिनी मिलेर बस्छन् ।

कर्ता आदरवाचक शब्द भए यस्तो कर्ता एकवचनमा भए पनि क्रिया बहुवचनमा हुन्छ, जस्तै–

क) दाइ आए ।
ख) दिदी आइन् ।
ग) आमा आइन् ।

कर्ता समुदायवाचक शब्द भए क्रिया एकवचनमा हुन्छ, जस्तै–

क) बाँदरको हूल आयो र जम्मै मकै खायो ।
ख) भेडाको बगाल आयो र भएभरको साग खायो ।

एकभन्दा बढ्ता कर्ता भए र तिनको माझमा विभाजक भए पछिल्लो कर्ताबमोजिम क्रिया राख्नुपर्छ, जस्तै–

क) दाज्यू वा दिदी आइन् भने यो पत्र दिनू ।
ख) दिदी वा दाज्यू आए भने यो पत्र दिनू ।

## ३. वाक्यमा उद्देश्य र विधेय

वाक्यमा कसैको विषयमा केही कुरा देखाई पूरा कुरा बुझाउने हुनाले उद्देश्य र विधेय यी दुई कुरा परेको हुनुपर्छ ।

क) उद्देश्य अर्थात् जसको विषयमा केही कुरा भनिन्छ ।
ख) विधेय अर्थात् कसैको विषयमा जुन कुरा भनिन्छ ।

ग) वाक्यमा कर्तृ वाच्यका क्रियाको कर्ता वा कर्मवाच्यका क्रियाको कर्म उद्देश्य भएका सबै अवस्थामा क्रियापद विधेय भइरहन्छ । जस्तै–

| उद्देश्य | अरू पद | विधेय |
|---|---|---|
| घोडा (कर्ता) | – | दौड्यो |
| तिमी (कर्ता) | मलाई बेकारमा | किन कुट्छौ ? |
| पाठ (कर्म) | बेसरी घोकेर | तयार गरिनेछ । |
| नाटक (कर्म) | – | देखियो । |

'चरा उड्यो', 'घोडा दौड्यो' इत्यादि वाक्यमा चरा, घोडा– यी उद्देश्य मात्र वा उड्यो, दौड्यो– यी विधेय मात्र भनेमा कुरा नपुग्ने हुनाले प्रत्येक वाक्यमा उद्देश्य र विधेय– दुवैको आवश्यकता हुन्छ । यी दुवै कुरा कहीं स्पष्ट नदेखिए तापनि गुप्तरूपमा रहेका छन् भन्ने कुरा बुझ्नुपर्छ । अरू किसिमका पदहरू आवश्यकताअनुसार राखिन्छन् ।

कहीं उद्देश्य र विधेय अरू पदहरू प्रयोग नगरे पनि अर्थ स्पष्ट खुल्ने गरी रहेका हुन्छन् । त्यस्तोमा एक पदसम्मको पनि संक्षिप्त (छोटकरी) वाक्य हुन्छ । त्यसमा ती गुप्त पदको कल्पना गर्नुलाई अध्याहार गर्नु भन्दछन् । जस्तै–

'यो लड्डू को खान्छ ?' भनी प्रश्न गर्दा 'म' भन्ने जवाफ आउन सक्छ, तर प्रश्नकर्ताले चाहिँ 'खान्छु' भनेको पनि बुझ्छ । यसै गरी यसपछिका वाक्यहरूमा पनि श्रोताले भन्न खोजेका कुरा स्पष्ट नखुलेको भए तापनि प्रश्नकर्ताले उत्तरमा आएको वाक्यका बनोटबाट श्रोताले भन्न खोजेको कुरा राम्ररी बुझ्न सक्छ ।

## ४. वाक्य र वाक्यांश

कोही अनेक पद मिली नाम, विशेषण, अव्यय जस्तो केही अर्थ मात्र बुझाउने तर कुरा भने पूरा नगर्ने हुन्छन् । त्यस्ता वाक्यखण्डलाई वाक्यांश भन्दछन् । जस्तै–

नाम वाक्यांश – ठूलो विद्वान्को लेखोट (गहिरो हुन्छ) ।
विशेषण वाक्यांश – ढाकाको पटुका बाँधेकी (स्त्री देखिई) ।
– सुनको पानीले लेखेको (पुस्तक हेरें) ।
अव्यय वाक्यांश – चौकदेखि उत्तरपट्टि (इनार छ) ।
– घाम झुल्कने बेलासम्म (सुत्छ) ।

## ५. वाक्यमा पदयोजना

वाक्यमा कर्ता र कर्म जस्ता कारक नाम वा नामस्थानिक (सर्वनाम, विशेषण, वाक्यांश) स्वरूपले योजना गरिने हुन्छन्, जस्तै–

| | कर्ता | कर्म | क्रियापद |
|---|---|---|---|
| नाम – | गोपालले | छोरालाई | डाके । |
| सर्वनाम – | तिमी | मलाई | हेर । |
| विशेषण – | पढेकाले | जान्नेलाई | मान्दछन् । |

१) वाक्यमा पदको योजना गर्दा यी तीन कुराको विचार हुन्छ– पदको मेल (पदसङ्गति), पुरुष, वचन आदिमा तुल्यता ।

२) विभक्ति नियम अर्थात् विभक्ति हुने अवस्था ।

३) पदको क्रम अर्थात् अगाडि पछाडि रहनु ।

उद्देश्य र विधेयको अर्थात् कर्तृवाच्यमा कर्ताको र क्रियापदको, कर्मवाच्यमा कर्मको र क्रियापदको, लिङ्ग, वचन र पुरुष एकै हुनुपर्दछ ।

कर्तृवाच्य – मालिनी माला गाँस्तछे । हामीले सुनेनौं । तँ बस् ।

कर्मवाच्य – तँ देखिनेछस् । चोरहरू पक्रिए । हामी भेटियौं ।

तर मानबोधक, आवश्यकता–बोधक मिलित क्रियामा र भाववाच्य क्रियामा भने भाव (क्रिया) मात्र मुख्य गरी बुझिने हुनाले हरएक काल अर्थमा तृतीय पुरुष नपुंसकलिङ्ग एकवचनका रूप मात्र हुन्छन् ।

समुच्चय बुझाउने गरी मिलेका नाना उद्देश्य भएमा तिनमा जुनसुकै वचन भए पनि समान पुरुषका भए उही पुरुषको, भिन्न पुरुषका भए प्रथम र अरू द्वितीय वा तृतीय पुरुष मिलेमा द्वितीय पुरुषको अनेक वचनान्त क्रियापद हुन्छ । क्रियापदको लिङ्ग भने नाना उद्देश्यमा समान भए उही लिङ्ग हुन्छ, असमान भए प्रायः सामान्य लिङ्ग हुन्छ ।

समान पुरुष – रामे र काले गए । चाकर पनि चाकर्नी पनि भागेछन् ।

भिन्न पुरुष – त्यो र तँ जाओ । गोपाल र तिमी पनि पठाइनेछौ ।

हामी तिमी एकै हौं । म, तँ, ती गयौं ।

समानाधिकरण, प्रत्येक–बोधक विशेषण जोडिएका एक किसिमको भावले एक जस्तो वस्तु बुझाउने भए एकवचनान्त क्रियापद हुन्छ, जस्तै–

समानाधिकरण – बाबुचा ज्यापू बलियो छ।
मोतीचन्द्र दयाचन्द्र जुवाडी हो।

प्रत्येक – प्रत्येक राँगो, बोको, भेडो काटियो।

एक भाव – दालभात (खाने कुरा) पाक्यो। सहीछाप भयो।
घरखेत उडाइयो।

विधि वा निषेध रूपले विकल्प बुझाउने गरी मिलेका नाना उद्देश्य भएमा प्रायः क्रियापदको सन्निहितचाहिँ उद्देश्यको बराबर लिङ्ग, पुरुष, वचन, क्रियापदमा हुन्छन्। जस्तै–

विधि – छोरो जान्छ। के छोरी जान्छे ? म बसूँ। के तिमीहरू बस्छौ ?
निषेध– न त्यो (गयो) न उ गयो।

सर्वनाममा पनि नाममा जस्तै गरी लिङ्ग, वचन र पुरुषको प्रयोग हुन्छ।

सम्बन्धी सर्वनाम जुन नामको सट्टामा आएको छ, सो नामको बराबर लिङ्ग वचन हुन्छन्। जस्तै–

जे (काम) भयो, सो (काम) भयो। जसजस (विद्यार्थी) लाई जुनजुन (गुरु) ले जेजे (ग्रन्थ) पढाएका थिए, उनउन (गुरु) को नाउँमा त्यसत्यस (ग्रन्थ) मा जाँच दिए।

नामस्थानिक वाक्यांशको सट्टामा आएको सर्वनाममा नपुंसकलिङ्ग एकवचन हुन्छ। जस्तै–

जो तिमी सधैं खेलिरहन्छौ, त्यो (सधैं खेलिरहनु), वेस होइन। मूर्खहरू विचार गर्दैनन्, त्यसले (विचार नगर्नाले) तिनको (मूर्खहरूको) हेला हुन्छ।

विशेष्य विशेषणको लिङ्ग, वचन, विभक्तिको विचार गर्दा विशेष्यमा जुन लिङ्ग, वचन, विभक्ति छन् सोही लिङ्ग, वचन विभक्ति विशेषणमा पनि हुनुपर्छ। तर विशेषणचाहिँमा विभक्ति, वचन र प्रत्यय रहँदैन। जस्तै–

कालो कोट फाट्यो। विद्वान् मानिसले भनेका कुरामा ध्यान देऊ। राम्री केटी जाँदैछिन्।

एक विशेष्यमा नाना विशेषण भए प्रत्येक विशेषण आफ्नो विशेष्यको बराबर हुन्छ। तर नाना विशेष्यको एक विशेषण भए विशेष्य जुनसुकै वचन भए पनि समुच्चयमा प्रायः विशेषण अनेक वचनान्त हुन्छ। तर लिङ्ग भने विशेष्यमा समान भए उही, असमान भए सामान्य लिङ्ग हुन्छ। अन्य अवस्थामा सन्निहित विशेष्यको बराबर भएर विशेषण रहन्छ। जस्तै–

मैलो, गनाउने, फाटेको लुगा लगाउँदिन । छोराछोरी र चाकरहरू गोरा छन् । भनेको नमान्ने चाकर, विद्यार्थी, छोरा काम लाग्दैनन् ।

माथि उल्लेख भएका बुँदाहरूका अतिरिक्त वाक्यगठनका लागि कारक तथा विभक्तिको ठूलो स्थान रहेको हुँदा तिनीहरूबारे केही कुरा छोटकरीमा यस प्रकार दिइएको छ—

क्रियामा कारक छ किसिमका हुन्छन् । तिनमा यी विभक्ति हुन्छन्—

कर्तृवाच्यमा उद्देश्य भई प्रथमान्त विभक्ति हुन्छ, जस्तै– शम्भु पाठशाला जान्छ । त्यसै गरी वाक्यमा कर्मलाई दर्शाउन द्वितीया विभक्ति लाग्छ, जस्तै– छोरालाई किताब देऊ । कुनै माध्यमद्वारा काम भइरहेको छ भने तृतीया विभक्ति हुन्छ । उदाहरणको लागि 'किसान कोदालीले खन्छ ।' भन्ने वाक्यलाई लिन सकिन्छ । निमित्त अर्थ जनाउने वाक्यमा चतुर्थी विभक्ति हुन्छ, जस्तै– म खानको लागि धन कमाउँछु । पञ्चमी विभक्तिमा कुनै वस्तुबाट हुनु, डराउनु, बाँच्नु रिसाउनु आदि क्रिया रहेको हुन्छ, जस्तै– रामे बाघदेखि डराउँछ । एकको अर्कासँग सम्बन्ध देखाउँदा षष्ठी विभक्ति हुन्छ, जस्तै– मेरी बहिनीकी छोरी घर आई । वाक्यमा क्रियाको आधार देश, कालसँग देखाउँदा अधिकरण अर्थात् सप्तमी विभक्ति हुन्छ, जस्तै– भाइ-बहिनीहरू घरमा छन् । कसैलाई सम्बोधन गर्नुपरेमा सम्बोधन विभक्तिको प्रयोग गरिन्छ, जस्तै– ए नानी ! यहाँ हेर त । नानी हो ! होश गरी हिँड ।

## ६. भाषिक प्रयोगमा विविधता र त्रुटि

नेपालमा १४ अञ्चल र ७५ जिल्लामा नै राष्ट्रभाषाको रूपमा नेपाली बोलिने भए तापनि स्थानविशेषले भाषा–बोलाइमा विविधता देखिन्छ । यसरी नेपाली भाषामा देखा पर्ने विविधताको उदाहरण खास गरी नेपाल अधिराज्यको उत्तरी भेग र तराई क्षेत्रका जिल्लाहरूमा तथा काठमाडौं उपत्यकामा बोलिने नेपाली भाषाका वाक्यहरूको आधारमा दिन सकिन्छ । यी ठाउँका मानिसहरूले बोलेका र लेखेका भाषाको स्तरीय नेपाली भाषासँग तुलना गर्दा उपर्युक्त क्षेत्रमा बसोबास गर्नेले बोल्ने गरेको भाषाको वाक्यगठनमा त्रुटि रहेको देखिन्छन् । यसका केही उदाहरण यी हुन्—

उत्तरी भेकमा बोलिने रूप

१) मेरो बाबु आयो । – आदरार्थी प्रयोग नभएको ।
२) मेरो आमा आयो । – क्रियापद स्त्रीलिङ्गमा नभएको ।

३) म पाइछ । – उच्चारण नमिलेको ।
४) मेरो आमा बाबु हिजो आयो । – क्रियापद बहुवचनमा नभएको ।

तराई भेकमा बोलिने रूप

१) म सिनेमा देख्छु । – हेर्छुको अर्थमा प्रयोग भएको ।
२) म भोलि काठमाडौं आएँ । – हिजोको अर्थमा प्रयोग भएको ।
३) आमाले भात दियो । – क्रियापद स्त्रीलिङ्गमा प्रयोग नभएको ।

काठमाडौं उपत्यकामा बोलिने रूप

१) मैले पनि थाहा छैन । – कर्ता नमिलेको ।
२) मैले उसको हात दिएर पठायो । – कर्ताअनुसार क्रियापद नरहेको ।
३) मैले भनेन, उसले पनि भनेन । – " "
४) मैले बुझिसकेको रहेछ । – " "
५) तपाईंले हुन्दैन भन्यो भने मार्छ बा ! – " "
६) आमा पछि पर्‍यो । – कर्ताअनुरूप क्रियाको काल नमिलेको ।
७) म उठ्दा त उ पर पुग्यो होला । – कालको रूप नमिलेको ।
८) मैले पढ्दा त्रिचन्द्र कलेज एउटै छ । " "

## ७. केही सुझावहरू

१) नेपाली भाषामा बोलचाल वा लेखपढ गर्दा देखिने उपर्युक्त खालका गल्तीहरू उदाहरणको लागि मात्र दिइएका हुन् । यसबाहेक मातृभाषा नेपाली नै भएकाहरूले पनि बोलचाल वा लेखपढ गर्दा कतिपय भाषिक अशुद्धिहरू गरेका देखिएका छन् । यस्ता भाषिक अशुद्धिहरू हटाउनको लागि नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान जस्तो देशको गौरवशाली संस्थाले सर्वमान्य हुने खालको व्याकरण तयार गरी त्यसैलाई अधिराज्यभर लेखपढको आधार बनाउनको लागि सम्बन्धित निकायहरूबाट मान्यता प्रदान गराई त्यस्तो व्याकरणको आधारमा पठन–पाठन गराउनको लागि व्यापक प्रचार पनि गर्नु उपयुक्त हुन्छ ।

२) विद्यालय, विश्वविद्यालयअन्तर्गत नेपाली भाषा अध्ययन अध्यापन गरिरहेका शिक्षक तथा प्राध्यापकहरूलाई सम्मिलित गराई नेपाली भाषाको विविध पक्षलाई लिएर कार्यशाला र गोष्ठीहरू सञ्चालन गरी, के गरे नेपाल अधिराज्यभर बोलिने नेपाली भाषाको लेखपढमा एकरूपता ल्याउन सकिन्छ भन्ने कुरा राय सुझाव लिई उपयुक्त ठहरिएका जतिलाई शैक्षिक संस्थामार्फत अधिराज्यभर व्यापक प्रचार र प्रसार गराउनु उपयोगी हुने देखिन्छ ।

३) नेपाली भाषामा बोलचाल गर्दा बालबालिकादेखि नै सकेसम्म शुद्ध भाषा बोल्न लगाउने, शुद्ध वाक्यहरू नै सुन्न लगाउने, र उनीहरूले बोलेका प्रत्येक वाक्यमा देखिएका अशुद्धिहरू अभिभावकले होस् वा शिक्षकले तदनुसार सुधार गरिदिएमा पनि नेपाली भाषाको स्तर निकै राम्रो हुनेछ ।

४) विद्यालय महाविद्यालयमा पठन–पाठन गरिने नेपाली भाषाका पुस्तकहरू गहकिला रचनायुक्त र भाषिक दृष्टिकोणले पनि शुद्ध हुन सके नेपाली भाषाको स्तरमा सुधार हुँदै जानेछ।

५) नेपाल अधिराज्यव्यापी नेपाली भाषाको एक शब्दकोष तयार पारी तद् अनुसार नै शब्दहरूको प्रयोग गराउन सकेमा अधिराज्यभर बोलचाल वा लेखपढ गरिने नेपाली भाषामा प्रयोग हुने शब्दार्थ र यसबाट रचना हुने वाक्यका स्तरमा एकरूपता आउन सक्ने थियो ।

*

# वाच्य प्रक्रिया र वाच्य परिवर्तन

हरिभक्त नेउपाने

'वाच्य प्रक्रिया' भाषाको एउटा निकै महत्त्वपूर्ण पक्ष हो । संस्कृत व्याकरणका सिद्धान्तमा आधारित भई यसअनुसार वाच्यको परिचय मोटामोटी तीन प्रकारले दिन सकिन्छ । (क) कर्तृवाच्य (ख) कर्मवाच्य (ग) भाववाच्य ।

(क) कर्ता प्रधान हुने अर्थात् कर्ताअनुसार क्रियापद प्रयोग गरिने वाक्यलाई 'कर्तृवाच्य' भनिन्छ । जस्तै–

कालः फलं पचति (समयले फल पकाउँछ) ।

(ख) कर्म प्रधान हुने वा कर्मअनुसार क्रियापद प्रयोग गरिने वाक्यलाई कर्मवाच्य भनिन्छ । जस्तै–

मया ओदनं पच्यते (मबाट (द्वारा) भात पकाइन्छ) ।

(ग) केवल धातुको अर्थबाट प्रधान हुने वाक्यलाई भाववाच्य भनिन्छ । जस्तै–

पच्यते, भूयते (पकाइन्छ, भइन्छ होइन्छ) ।

संस्कृत व्याकरणमा कर्तृबोधक सकर्मक वाक्यको र भावबोधक अकर्मक वाक्य दुवैको वाच्य परिवर्तन हुन्छ । यसका साथै यहाँ कर्तृवाच्य वाक्यलाई कर्मवाच्यमा लैजाँदा वा स्वतन्त्र रूपमा कर्मवाच्य वाक्यहरू प्रयोग गरिंदा धातुमा 'य' प्रत्यय राखेर मात्र प्रयोगमा ल्याइन्छ । यसरी नै भावबोधक क्रियापद जाहेर गर्दा पनि 'य' प्रत्यय थपेर प्रयोग गरिने संस्कृत व्याकरणका आफ्नै सूत्रनियम छन् । जस्तै पचतिबाट पच्यते र भवतिबाट भूयते ।

वस्तुतः भाव नै क्रिया र भावना व्यापार हुनाले भाव नामको अर्को कुनै पदार्थ यहाँ फेला पर्दैन । कुनै पनि वाच्य (कर्ता) ले क्रियासँग आत्मसात् गरेर मात्र आफ्नो भाव व्यक्त गर्न सक्तछ । वाच्य परिवर्तन गर्दा कर्ताभन्दा कर्मलाई प्राथमिकता दिइने तथा कर्म प्रथम पुरुष, मध्यम पुरुष एवं उत्तम पुरुषको एक

वचन अथवा बहुवचन भएमा तदनुरूप क्रियापद जाहेर हुने र क्रियापदका बीचमा 'य' थपेर प्रयोग भएको भेटिन्छ।

उदाहरण–

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| श्यामः आनन्दं अनुभवति । | श्यामेन आनन्दः अनुभूयते । |
| (श्याम आनन्द अनुभव गर्दछ) | (श्यामबाट आनन्द अनुभव गरिन्छ) |
| श्यामः त्वाम् अनुभवति । | श्यामेन त्वम् अनुभूयसे । |
| (श्याम तिमीलाई अनुभव गर्छ) | (श्यामद्वारा तिमी अनुभव गरिन्छौ) |
| श्यामः माम् अनुभवति । | श्यामेन अहम् अनुभूये । |
| (श्याम मलाई अनुभव गर्छ) | (श्यामद्वारा म अनुभव गरिन्छु) |

उपर्युक्त उदाहरणबाट के स्पष्ट हुन्छ भने साधारणतः प्रथम पुरुष, मध्यम पुरुष र उत्तम पुरुष यी सबैमा कर्तृवाच्यबाट कर्मवाच्य बनाई वाक्यहरू बनाई प्रयोग गर्न सकिने नियम संस्कृत व्याकरण परम्परामा रहेकाले यसको प्रभावमा नेपाली व्याकरणमा पनि वाच्य परिवर्तनको नियम बसालिएको हो भन्ने धारणा विकसित भएको बुझिन्छ । तर नेपाली व्याकरणमा यसको छुट्टै मौलिक विशेषता रहेको कतिपय व्यवहार पक्षका उदाहरणहरूबाट यहाँ स्पष्ट पार्ने चेष्टा गरिएको छ ।

नेपाली व्याकरणमा सकर्मक धातु भएका कर्तृवाच्य वाक्यलाई कर्मवाच्य बनाउँदा र अकर्मक धातुबाट भाववाच्य बनाउँदा त्यहाँ प्रयोगमा आएका प्रायः सबै काल, वचन र पुरुषका सबै धातुमा 'इ' कार थपेर मात्र प्रयोग गरिन्छ ।

यस्तै अंग्रेजी व्याकरणअनुसारचाहिं कुनै पनि कर्तृवाच्य वाक्यलाई कर्म वाच्य बनाउनुपर्दा धातुको रूप चलाई धातुसाधित तेस्रो क्रियापदको रूप प्रयोग गरिने प्रचलन रहेको छ । तर प्रथमतः कालपक्षलाई पहिले वर्तमान भूत र भविष्यत्– यी तीन अवस्थामा विभाजित गरी यी तीनै काललाई सामान्य, अपूर्ण पूर्ण र पूर्णापूर्ण जम्मा ४ × ३ = १२ उपभेदका रूपमा देखाइएको छ । यसरी १२ उपभेदका अतिरिक्त भूतार्थबोधक संभावना भविष्यत् (फ्युचर इन् पाष्ट) का सामान्य, अपूर्ण, पूर्ण र पूर्णापूर्ण गरी जम्मा १८ उपभेद अंग्रेजी व्याकरणका कालपक्षमा प्रस्तुत गरिएका छन् । अठाह्रवटै उपभेदलाई प्रयोगमा ल्याइने अंग्रेजी व्याकरणका कर्तृवाच्य वाक्यहरूमा परम्परा बसालिएको भए पनि यी सम्पूर्ण उपभेदमा कर्तृवाच्यबाट कर्मवाच्य बनाई प्रयोगमा ल्याउन नसकिने कुरा अंग्रेजी व्याकरणबाटै स्पष्ट हुन आउँछ । यसअनुसार त्यहाँ वर्तमान र भूत कालका सामान्य, अपूर्ण पूर्ण र भविष्यत् कालका सामान्य र पूर्ण अवस्थाका

3724
डा. डिल्ली रमण रेग्मी
कल्याणी रेग्मी स्मारक
पुस्तकालय

उपभेदमा र भूतार्थबोधक संभावना (फ्युचर इन् पाष्ट) का सामान्य र पूर्ण अवस्था गरी जम्मा १० कालपक्षका उपभेदमा मात्र कर्तृवाच्यबाट कर्मवाच्य बनाउन सकिने कुरा प्रयोगबाट थाहा हुन्छ ।

संस्कृत व्याकरणमा यसरी उपभेद गरिएको छैन किनकि यसका भेद प्रक्रिया अनौठा र आफ्नै प्रकारका छन् । तर आवश्यक पर्दा 'कृत्' प्रत्ययका 'धावन्', 'हसन्' जस्ता शब्द जोडेर वाक्य बनाई प्रयोग गर्ने र त्यसबाट कालबोधक उपभेद जनाई वाक्यार्थबोध गराउन सकिने कुरा यहाँ संभवतः दोहोऱ्याउनु नपर्ला । साथै यी कालबोधक उपभेदबाट स्वाभाविक र व्यावहारिक प्रयोगमा आउने उदाहरणहरू प्रायशः पाईंदैनन् ।

नेपाली व्याकरणका विभिन्न ग्रन्थहरू केलाउँदा वाच्य परिवर्तन क्रममा कालका मुख्य भेद वर्तमानकाल, भूतकाल र भविष्यत्कालमध्ये तिनका उपभेदमा स्वाभाविक रूपमा प्रयोग गरिएका वा गर्न सकिने कतिपय उदाहरणहरू यसरी पाउन सकिन्छ ।

### (अ) सामान्य वर्तमान

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| म पाठ पढ्छु । | मबाट (द्वारा) पाठ पढिन्छ । |
| हामीहरू पाठ पढ्छौं । | हामीहरूद्वारा पाठ पढिन्छ । |
| म विद्वान् हुन्छु । | विद्वान् होइन्छ, विद्वान् भइन्छ । |
| तँ पाठ पढ्छस् । | तँद्वारा (बाट) पाठ पढिन्छ । |
| तिमीहरू पाठ पढ्छौ । | तिमीहरूद्वारा (बाट) पाठ पढिन्छ । |
| त्यो पाठ पढ्छ । | त्यसद्वारा (बाट) पाठ पढिन्छ । |
| श्याम पाठ पढ्छ । | श्यामद्वारा (बाट) पाठ पढिन्छ । |
| तिनीहरू पाठ पढ्छन् । | तिनीहरूद्वारा (बाट) पाठ पढिन्छ । |

उपर्युक्त कर्तृवाच्य वाक्यमा यदि 'पाठ पढ्छु' वा 'पाठहरू पढ्छु', 'पढ्छस्' अथवा 'पढ्छ' कुनै पनि वचन रहे पनि वाच्य परिवर्तनमा 'पाठ पढिन्छ' अनि 'पाठहरू पढिन्छन्' भन्ने कर्मवाच्य वाक्य कर्मअनुसार क्रियापदको प्रयोग भएको छ । खास गरी माथिका कर्मवाच्य प्रयोगमा ('मबाट' 'मद्वारा' आदि) कर्ता राखेर प्रयोग गर्दा उति स्वाभाविक देखिन्न केवल 'पाठ पढिन्छ', 'भात खाइन्छ', 'विद्वान् भइन्छ' जस्ता प्रयोग नै बढी व्यावहारिक देखिन्छ ।

### (आ) अपूर्ण वर्तमानकालको प्रयोग

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| म पाठ पढ्दैछु । | पाठ पढिँदैछ । |
| म पाठहरू पढ्दैछु । | पाठहरू पढिँदैछन् । |
| म भात खाँदो छु । | भात खाइँदो छ । भात खाँदै गरिएको छ । |
| म भात खाँदै गरेको छु । | यहाँ भात खाइँदो छ । |

माथिका वाक्यहरूमा कर्ता नराखीकन वाक्य प्रयोग गरिएकोमा स्वाभाविक देखिएको र को, कुन रूपमा पढ्ने वा खाने व्यापारमा संलग्न रहेको हो त्यो व्यवहार पक्षको तारतम्यबाट स्वतः बोध हुँदै जाने प्रक्रिया यहाँ देखिएको छ । प्रस्तुत कर्मवाच्य वाक्यमा खाँइदै छ, खाँइदो छ, खाँदै गरिएको छ, यी तीनवटै वाक्यहरूमा भएको वाच्य परिवर्तन पनि प्राथमिकता क्रमले व्यावहारिक रूपको देखिन्छ ।

### (इ) पूर्ण वर्तमानकालको प्रयोग

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| मैले पाठ पढेको छु । | पाठ पढिएको छ । |
| मैले पाठहरू पढेको छु । | पाठहरू पढिएका छन् । |
| मैले पाठ पढिसकेको छु । | पाठ पढिसकिएको छ । |

### (ई) सामान्य भूतकालको प्रयोग

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| मैले पाठ पढें । | पाठ पढियो । |
| मैले खाना खाएँ । | खाना खाइयो । |
| मैले पाठहरू पढें । | पाठहरू पढिए । |
| म विद्वान् भएँ । | विद्वान् भइयो । |

प्रस्तुत कर्मवाच्यका प्रयोगमा पाठ पढियो, खाना खाइयो, विद्वान् भइयो, इत्यादि प्रयोग स्वाभाविक प्रयोगमा आउँछन् तर विद्वान् होइयो प्रयोग स्वाभाविक छैन ।

### (उ) अपूर्ण भूतकालको प्रयोग

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| म पाठ पढ्दै थिएँ । | पाठ पढिँदै थियो । |
| म पाठहरू पढ्दै थिएँ । | पाठहरू पढिँदै थिए । |

### (ऊ) पूर्ण भूतकालको प्रयोग

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| मैले पाठ पढेको थिएँ । | पाठ पढिएको थियो । |
| मैले पाठहरू पढेको थिएँ । | पाठहरू पढिएका थिए । |
| मैले मान्छे चिनेको थिएँ । | मान्छे चिनिएको थियो । |
| मैले पाठ पढिसकेको थिएँ । | पाठ पढिसकिएको थियो । |

उपर्युक्त कर्मवाच्य वाक्यहरूको पनि स्वाभाविक प्रयोग हुनाले यहाँ कुनै समस्या खास देखापरेको बुझिँदैन ।

### (ए) सामान्य भविष्यत्कालको प्रयोग

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| म पाठ पढ्नेछु । | पाठ पढिनेछ । |
| म पाठहरू पढ्नेछु । | पाठहरू पढिनेछन् । |
| म विद्वान् हुनेछु । | विद्वान् भइनेछ, होइनेछ । |

यी सामान्य भविष्यत्कालका सबै प्रयोग स्वाभाविक नै भए पनि 'विद्वान् होइनेछ' जस्ता प्रयोग व्यवहारमा प्राथमिक रूपले उत्तिको उत्रन सकेका छैनन् ।

### (ऐ) अपूर्ण भविष्यत्काल

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| म पाठ पढ्दै हुनेछु । | पाठ पढिँदै हुनेछ । |
| म पाठहरू पढ्दै हुनेछु । | पाठहरू पढिँदै हुनेछन् । |
| म पाठ पढ्दै रहनेछु । | पाठ पढ्दै रहिनेछ । |
| म पाठ पढ्दै रहनेछु । | पाठ पढिँदै रहिनेछ । |
| म पाठहरू पढ्दै रहनेछु । | पाठहरू पढिँदै रहिनेछन् । |
| म घर जाँदो हुनेछु । | घर जाइँदो हुनेछ । |
| | घर गइँदो हुनेछ, घर गइँदो भइनेछ । |

यहाँ 'पाठ पढिँदै हुनेछ', 'पाठ पढ्दै रहिनेछ, 'पाठ पढ्दै भइनेछ, 'पाठ पढिँदो छ', 'घर गइँदो हुनेछ' 'घर गइँदो भइनेछ' यी वाक्यहरूको वाच्य परिवर्तन स्वाभाविक जस्तो ठहरिए पनि अन्य वाक्यहरूमा प्रायः नेपाली व्याकरण अन्तर्गत यस प्रकारका वाच्य प्रयोगमा निकै समस्याहरू छन् । किनभने यहाँ संयुक्त

क्रियापदको प्रयोग हुनाले कुनचाहिँ क्रियापदको वाच्य परिवर्तन गर्नुपर्ने त्यसको समस्या उत्पन्न हुन्छ । यी समस्यालाई कसरी हल गर्ने भन्ने आज एउटा जटिल प्रश्न भएको छ ।

संयुक्त क्रियापदमा वाक्य प्रयोग गर्दा अस्वाभाविक जस्तो देखापर्ने हुनाले प्रायः एउटैमा वाच्य परिवर्तन गरेमा बढी व्यावहारिक जस्तो भान पर्दछ र त्यसको एउटा उदाहरण यहाँ दिइएको छ । जस्तै–

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| घर जाँदै गर्नेछु । | घर जाँदै गरिनेछ । |

यसको विशेष चर्चा संयुक्त वा मिलित क्रिया प्रसङ्गमा आउनेछ ।

यहाँ 'घर जाइँदै वा गइँदै गरिनेछ' भन्ने संयुक्त क्रियामा वाच्य परिवर्तन गरिएको वाक्यलाई व्यवहारमा ल्याइएको देखिँदैन ।

### (ओ) पूर्ण भविष्यत्काल

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| मैले पाठ पढेको हुनेछ । | पाठ पढिएको हुनेछ । |
| मैले पाठहरू पढेको हुनेछ । | पाठहरू पढिएका हुनेछन् । |
| मैले पाठ पढिसकेको हुनेछ । | पाठ पढिसकिएको हुनेछ । |
| मैले पाठहरू पढिसकेको हुनेछ । | पाठहरू पढिसकिएका हुनेछन् । |

यी माथिका प्रयोगहरू प्रायः स्वाभाविक नै छन् । यस प्रकारका अलिक लामा वाक्यमा गरिएको वाच्य परिवर्तन पनि स्तरीयताका दृष्टिले उपयुक्त जस्तो ठहर्दछन् ।

कर्तृवाच्यः– मलाई भोलि बिहानसम्म उसले यो कुरा भनेको हुनेछ ।

कर्मवाच्यः– मलाई भोलि बिहानसम्म उसबाट यो कुरा भनिएको हुनेछ ।

### (औ) सम्भावना भविष्यत् (सामान्य)

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| म पाठ पढुँला । | पाठ पढिएला । |
| म पाठहरू पढुँला । | पाठहरू पढिएलान् । |
| आगोले पोल्ला । | आगोले पोलिएला । |

यी सबै व्यवहारमा उपयुक्त प्रयोग हुने गरेकाले खास समस्या यहाँ देखिन्न ।

### (अं) सम्भावना भविष्यत् (अपूर्ण)

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| म पाठ पढ्दै हुँला । होउँला । | पाठ पढ्दै होइएला (पढिँदै) |

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| म पाठहरू पढ्दै हुँला/होउँला । | पाठहरू पढ्दै होइएलान् (पढिँदै) |
| आगोले पोल्दै होला । | आगोले पोलिँदै होला । |

## (अः) सम्भावना भविष्यत् (पूर्ण)

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| म पाठ पढिसकेको होउँला । | |
| म पाठहरू पढिसकेको होउँला । | |
| म पाठ पढेको होउँला । | |
| म पाठहरू पढेको होउँला । | |
| मैले पाठ पढेको होला । | पाठ पढिएको होला । |
| मैले पाठ पढिसकेको होला । | पाठ पढिसकिएको होला । |
| मैले पाठहरू पढेको होला । | पाठहरू पढिएका होलान् । |

माथिका प्रयोगहरूमध्ये पाठ पढिएको होला, पाठ पढिसकिएको होला र पाठहरू पढिएका होलान् जस्ता प्रयोगहरू चाहिँ स्तरीय शिष्ट वाक्यका रूपमा प्रयुक्त हुन्छन् । अन्य प्रयोग उति स्वाभाविक नदेखिने हुनाले यहाँ उल्लेख गरिएको छैन । यस्तै–

आगाले पोल्यो होला । (कर्तृवाच्य)
आगाले पोलियो होला । (कर्मवाच्य)
आगाले पोलिसक्यो होला । (कर्तृवाच्य)
आगाले पोलिसकियो होला । (कर्मवाच्य)

## संकेतार्थ वाक्यहरू

केही यस्ता सङ्केतार्थ वाक्य हुन्छन् जसबाट वाच्य परिवर्तन सजिलै गर्न सकिन्छ ।

| | कर्तृवाच्य | कर्मवाच्य |
|---|---|---|
| क) सामान्य सङ्केतार्थ | | |
| | तिमीले काम गरे बेस होला | तिमीबाट काम गरिए बेस होला । |
| ख) अपूर्ण सङ्केतार्थ | | |
| | तपाईं काम गर्दै भए नजानुहोस् । | काम गरिँदै भए नगइयोस् । |
| ग) असिद्धि सङ्केतार्थ | | |
| | हामी घर जाने थियौं | घर गइने/जाइने थियो । |
| | म यहाँ आउँथें । | यहाँ आइन्थ्यो । |

## १. संयुक्त प्रक्रियामा वाच्य परिवर्तन

द्वित्व प्रक्रियामा खास गरी संयुक्त क्रियापदको प्रयोग भएका वाक्यहरू पनि हुन्छन् । नेपाली वाच्य प्रक्रियामा यस प्रकारका वाक्यहरूमा कहाँ कति ठाउँमा वाच्य परिवर्तन गर्नुपर्ने हो तथा कहाँ कहाँ गरेमा व्यावहारिक र शिष्ट प्रयोग हुन सक्तछ तथा कुन कुन ठाउँमा समस्या उत्पन्न भएका छन् त्यसबारे यहाँ चर्चा गरिन्छ —

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| म अचेल पढ्दापढ्दै निदाउँछु । | अचेल पढिदापढिदै निदाइन्छ । (?) |
| | पढ्दा पढिदै निदाइन्छ । (?) |
| | पढिदा पढ्दै निदाइन्छ । (?) |
| | पढ्दा पढ्दै निदाइन्छ । |

म हिंड्दा हिंड्दै हराउँछु (कर्तृवाच्य) को हिंड्दा हिंड्दै हराइन्छ (कर्मवाच्य) स्वाभाविक देखिन्छ । तर 'आमा आउनुहुन्छ ?' यहाँ वाच्य परिवर्तन गर्ने स्वरूप भेटिंदैन । 'प्रायशः म गोडा चलाउँदा चलाउँदै जङ्गल पुग्ने बेलामा बाटो बिर्सन्छु' (कर्तृवाच्य) को 'प्रायशः गोडा चलाउँदा चलाउँदै जङ्गल पुग्ने बेलामा बाटो बिर्सिइन्छ' (कर्मवाच्य) स्वाभाविक देखिन्छ ।

### क्रियाको प्रकृति

वाच्य परिवर्तन गर्दा क्रियापदमा परिवर्तनीय प्रकृति छ वा छैन त्यसको ध्यान दिनु पनि उत्तिकै आवश्यक हुन्छ । जस्तै–

रूख ढल्छ
बालख बढ्छ } कर्तृवाच्य

यहाँ रूख ढलिन्छ, वा बालख बढिन्छ, यस्ता प्रयोग व्यवहारमा आउन सक्तैनन् किनभने 'ढल्छ' वा 'बढ्छ' क्रियापदमा वाच्य परिवर्तन गर्ने प्रकृति नै भेटिंदैन ।

### मिलित क्रिया

वाच्य प्रक्रियामा मिलित क्रियामा विशेष समस्याहरू परेका छन् । यस प्रकारका समस्यामूलक क्रियापदका उदाहरण निम्नलिखित बमोजिम पाइन्छन्—

क) गर्नुहुन्छ । गर्नुभयो ।
ख) हिंड्दै गर ।
ग) ताक्तै रहोस् ।

घ) सुनिरह ।
ङ) भनिसक्छु । भनिसक्यो ।
च) दिइहाल्छु । सुनाइहाल्यो ।
छ) भनिदिन्छु, । भन्दिन्छु ।
ज) बसिराख ।
झ) फिनिछाड्छ । लिइछाड्यो ।
ञ) भन्न लाउँछ । सुन्न लायो ।
ट) गरिहेर । राखिराख ।
ठ) खान पाऊँ ।
ड) गरिबक्सन्छ । गरिबक्सिन्छ ।

कर्तृवाच्य उपर्युक्त ङ) क्रियापद पदमा 'भनिसकिन्छ,' र 'भनिसकियो' च) क्रियापदमा 'दिइहालिन्छ,' 'सुनाइहालियो', छ) क्रियापदमा भनिदिइन्छ वा वा भन्दिइन्छ, झ) क्रियापदमा 'फिनिछाडिन्छ', 'लिइछाडियो,' ञ) क्रियापदमा भन्न लाइन्छ, सुन्न लाइन्छ, इत्यादि 'इ' प्रक्रियाबाट वाच्य परिवर्तन गर्न सकिने भए पनि कतिपय कर्तृवाच्य मिलित क्रियापदमा वाच्य परिवर्तन गर्न कठिनाइ परेको बुझिन्छ । यसर्थ केवल व्याकरणसम्मत नियमका परिधिमा अल्झिएर नेपालीमा वाच्य प्रक्रियालाई प्रयोगमा ल्याउँदा यसको व्यावहारिक सुहाउँदो स्वरूपमा विकृति पनि आउन सकिने देखिन्छ र यसतर्फ पनि सचेष्ट रहनु आवश्यक भएको छ ।

## विधि वाक्यमा वाच्य परिवर्तन

विधि तथा आज्ञा (अह्राइने) वाक्यहरूमा प्रयोग हुने गर्नुहोस्, गरोस्, जस्ता क्रियापदबाट पनि वाच्य परिवर्तन गर्न सकिन्छ ।

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| म घर जाउँ । | (मबाट) घर गइयोस् । |
| म काम गरूँ । | (मबाट) काम गरियोस् । |
| तँ घर गएस् । | (तँबाट) घर गइयोस् । |
| तिमी काम गरे । | (तिमीबाट) काम गरियोस् । |
| म खाना खाऊँ । | (मबाट) खाना खाइयोस् |
| तपाईं खाना खानुहोस् । | (तपाईंबाट) खाना खाइयोस् । |
| तिमी खाना खाऊ । | (तिमीबाट) खाना खाइयोस् । |
| त्यो खाना खाओस् । | (त्यसबाट) खाना खाइयोस् । |
| भाइले खाना खाऊन् । | (भाइबाट) खाना खाइयोस् । |

(क) वाच्य परिवर्तन भएका उपर्युक्त वाक्यहरूमा कर्ता नराखीकन संकेत वा अप्रत्यक्ष रूपले वक्ता वा श्रोताका पारस्परिक धारणाबाट नै आशय स्पष्ट हुने भए कर्तालाई प्रयोग गर्नुपर्ने आवश्यकता उति देखिँदैन।

(ख) प्रायशः छोटा छोटा वाक्यमा तृतीय वा अन्य पुरुषमा कर्तृवाच्यबाट कर्मवाच्यमा परिवर्तन गर्दा अस्वाभाविक, नमिल्ने देखिन्छ तर लामा लामा वाक्य प्रयोग गर्दाचाहिं स्वाभाविक र शिष्ट रूपकै देखिन आउँछ।

त्यसबाट/द्वारा खाइयोस्।

श्यामबाट/द्वारा सुनियोस्।

यस्ता छोटा वाक्यको वाच्य प्रक्रिया उत्तम वा अन्य कुनै पुरुषमा स्वाभाविक नदेखिए पनि तलका लामा वाक्यमा स्वाभाविक नै देखिन्छ। जस्तै–

मैले त्यो काम गरूँ भन्ने आशय मेरा मित्रबाट जनाएँ। (कर्तृवाच्य)

मद्वारा त्यो काम गरियोस् भन्ने आशय मेरा मित्रबाट जनाइयो।

शिक्षकले परीक्षा सम्पन्न गराऊन् भन्ने आशय मेरा मित्रले जनाए। (कर्तृवाच्य)

शिक्षकबाट परीक्षा सम्पन्न गराइयोस् भन्ने आशय मेरा मित्रबाट जनाइयो।

## २. 'ले' को प्रयोग

'ले' को स्वाभाविक प्रयोग पनि नेपाली वाच्य प्रक्रियामा पाइन्छ। वाच्य परिवर्तन गर्नासाथ 'द्वारा' र 'बाट' आदि विभक्ति प्रयोग गर्नुपर्ने बाध्यता नराखेमा पनि वाक्यहरू व्यावहारिक देखिएका छन्। उदाहरण–

यो घर पैह्रोले पुरियो।

आफूले सबै काम पूरा गरियो।

सबैले सिनेमा हेरियो।

## ३. अकरण वाक्य

अकरण वाक्यमा संयुक्त क्रियापद राखी प्रयोग गरेका वाक्यमा वाच्य परिवर्तन यस प्रकार पाउन सकिन्छ–

क. उसले बोलेका कुरा मैले सुन्दै सुनिनँ। (कर्तृवाच्य)

१. उसले बोलेका कुरा सुनिँदै सुनिएन। (कर्मवाच्य)

२. उसले बोलेका कुरा सुनिँदै सुनिएन। ( ,, )

३. उसबाट बोलिएका कुरा सुनिँदै सुनिएन। ( ,, )

## ४. प्रेरणार्थक वाक्यमा वाच्य परिवर्तन

**सामान्य वर्तमान**

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| म पाठ पढाउँछु । | पाठ पढाइन्छ । |
| म पाठहरू पढाउँछु । | पाठहरू पढाइन्छन् । |

म घर जान लगाउँछु, यस्ता वाक्य भए घर जान लाइन्छ, भनी वाच्य परिवर्तन भएको पाइन्छ । 'घर गइन लगाइन्छ' जस्ता वाक्य प्रायः प्रयोगमा आएको देखिदैन ।

**सामान्य भूत**

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| मैले पाठ पढाएँ । | पाठ पढाइयो । |
| मैले खाना खुवाएँ । | खाना खुवाइयो । |

**सामान्य भविष्यत्**

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| म पाठ पढाउनेछु । | पाठ पढाइनेछ । |
| म पाठहरू पढाउनेछु । | पाठहरू पढाइनेछन् । |

**संभावना भविष्यत् (सामान्य) स्वाभाविक प्रयोग**

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| म पाठ पढाउँला । | पाठ पढाइएला । |
| म पाठहरू पढाउँला । | पाठहरू पढाइएलान् । |

अन्त्यमा, वाच्य परिवर्तनका केही पक्षमा जटिल समस्याहरू छन्, त्यस्ता समस्या उत्पन्न भएका केही उदाहरणहरू प्रस्तुत गर्दै यहाँ उल्लेख भएका वा छुटेका वाच्य प्रक्रियाका प्रयोगहरूको निर्णयतर्फ पनि यस गोष्ठीले अनुकूल वातावरण उत्पन्न गराउला भन्ने समेत विश्वास गरिएको छ । प्रस्तुतकर्ताका धारणामा फुरेका कतिपय समस्यामूलक उदाहरण यस प्रकार छन्:–

क. श्याम बाठो भनिन्छ । श्यामलाई बाठो भनिन्छ ।

ख. रूख ढल्यो ।

ग. श्याम होचो छ ।

घ. म घरमा बस्छु ।

ङ. भात स्वादिलो हुन्छ ।

च. मलाई लुगा नराम्रो लाग्ला ।

छ. मेरो केश फुल्यो ।

ज. हरि मूर्ख भयो ।

झ. भूईंमा असिना बिलाउँछ ।

ञ. छोरालाई छोरी भनियो । छोरो छोरी भनियो ।

यी वाक्यहरूमा केही समस्याहरू छन् । कुनैमा वाच्य परिवर्तन भएको छ, कुनैमा वाच्य परिवर्तन गर्ने प्रकृति नै पाइँदैन । यस कारण व्यावहारिक प्रयोगमा समन्वय र भाषाको शिष्ट रूप कसरी हुन्छ त्यसको राम्रो विचार गरी वाच्य प्रयोग सम्बन्धी कुराको टुङ्गो लाउनुपर्ने देखिन्छ । यदि मिलित क्रिया र संयुक्त क्रिया भएका वाक्यहरू भए त्यसको स्वरूपलाई हेरेर जुन क्रियापदले प्रधान अर्थ वहन गरेको छ त्यसैमा 'वाच्य' प्रयोग भए अझ स्वाभाविक हुने देखिन्छ । वस्तुतः यहाँ मिलित वा संयुक्त क्रियाको स्वरूप अध्ययन गर्ने र वाच्य प्रक्रियाको विस्तृत रूपमा न्यायिक तथा निर्णयात्मक अध्ययन एवं अनुसन्धान गर्नुपर्ने कुरा नितान्त आवश्यक भएको बुझिन्छ । नेपाली भाषामा वाच्य परिवर्तन गर्दा कर्तालाई बलात् प्रयोग गरेर वाक्य अगाडि राखिरहँदा अर्थबोधमा निकै व्यवधान हुने अनुभव भएकाले केही अपवादलाई छाडेर कर्ताको प्रयोग गर्नुपर्ने अनिवार्यता देखिंदैन । कर्ताको ठाउँ कर्मले लिएपछि कर्मको क्रियासँग मेल वा सङ्गति के कस्तो छ त्यसको समेत छानबिन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

*

# नेपाली सरल र संयुक्त क्रिया

माधवप्रसाद पोखरेल

## १. क्रिया

क्रियाको उपयुक्त परिभाषा दिन गाह्रो छ[1], तर सामान्यतः 'के काम गर्छ ?' भन्ने प्रश्नको उत्तरमा आउने शब्द वा पदलाई क्रिया भनिन्छ । वाक्य टुङ्ग्याउन सक्ने वा नसक्ने दृष्टिकोणले क्रिया दुई खाले हुन्छन्– समापिका र असमापिका क्रिया । जुन क्रिया वाक्यको अन्तमा आउन सक्छ (जस्तै– भयो, जान्छ, छन् ...), त्यसलाई समापिका क्रिया र जुन क्रियाले वाक्य टुङ्ग्याउन सक्तैन, त्यसलाई असमापिका क्रिया भनिन्छ । बनौटका आधारमा धातु र कृत्–प्रत्यय मिलेर असमापिका क्रिया बन्छ र धातु तथा तिङ–प्रत्यय मिलेर समापिका क्रिया बन्छ । त्यसैले तिङन्तलाई समापिका क्रिया र कृदन्तलाई असमापिका क्रियाको रूपमा नेपाली भाषाका लागि वर्गीकरण गर्न सकिन्छ । संस्कृत भाषामा कृदन्तले पनि वाक्य टुङ्ग्याउन सक्छ, तर संस्कृतमा पनि समापिका क्रियाको समाहार गर्नुपर्छ । नेपालीमा त्यो प्रवृत्ति पाइन्छ । उदाहरणको निम्ति भनौं –'तिमी जाने कि नजाने ?' यस वाक्यमा असमापिका क्रियाले वाक्य टुङ्ग्याए झैं लाग्छ, तर 'छौ' वा 'हौ' यहाँ लुकेको छ । अर्थप्राधान्यका दृष्टिले क्रिया दुई खाले हुन्छन्– मूल र सहायक क्रिया । मूल क्रियाले आफ्नो अर्थ आफैं पूरा गर्छ (खानु, जानु···), सहायक क्रियाले विभिन्न व्याकरणात्मक कार्यको सम्पादन गर्ने मूल क्रियालाई सहयोग गर्छ (छ, थियो ..) । छ, थियो जस्ता 'थि' र 'छ' धातुबाट बनेका क्रिया मूल र सहायक दुवै हुन सक्छन् । जस्तै–'त्यो बाठो छ (मूल) र त्यसले खेलिसकेको छ (सहायक) । अंग्रेजी भाषाका 'क्यान्' 'कुड्', 'विल्', 'वुड्', 'मष्ट्' जस्ता अविकारी भावक्रियाहरू (मोडाल् भर्ब्ज) नेपालीमा पाइएका छैनन् । वाक्यमा कर्मको अपेक्षा राख्ने क्रिया सकर्मक र कर्मको अपेक्षा नराख्ने क्रिया अकर्मक हुन् ।

---

[1] ए. एस्. हर्न्बी : गाइड टु प्याटर्न्स् एन्ड युजिज् इन् इंग्लिश (लन्डन, इ एल बी एस, १९८३), पृष्ठ–१ ।

## २. धातु

नेपालीमा 'छ', 'हु', 'थि', 'भ'– प्रायः चार धातुहरूले सहायक क्रिया बन्छ। क्रियाका विभिन्न रूपमा (खायो, खान्छ, खाला, खाँदा ...) जुन साझा तत्व छ, त्यसैलाई धातु भन्दछन्[2] (खा, पढ्, आ...)।

संस्कृत 'भू' धातुबाट नेपाली 'हु' (हुनु...) र 'भ' (भयो, भएको...)हुन्छ। संस्कृत 'स्था' धातुबाट संस्कृतमै 'स्थि' पनि हुन सक्छ (द्यतिस्यतिमास्थामित्ति-किति पाणिनि ७।४।४०)। त्यसै 'स्थि' बाट नेपाली 'थि' धातु बनेको हो। 'छ' को विकासचाहिं म्याक्समूलर 'अच्छति'बाट मान्छन्, पिशेल 'ऋच्छति' बाट मान्छन्।[3] वररुचिले संस्कृत 'अस्ति' बाट प्राकृतमा 'अच्छति' रूप देखाएका छन्। 'अच्छति' पनि 'ऋच्छति' बाट विकसित भएको हो।[4] त्यसै 'अच्छ' बाट नेपाली 'छ' को विकास भएको हो। छ, छन्, छे, छिन्, छँदा ... आदि विभिन्न रूपहरूको साझा तत्व 'छ' त्यसैले, एक धातु हो।

शाकटायनले समग्र संस्कृत शब्दहरू धातुबाट विकसित भएको सिद्धान्तको प्रतिपादन गरेर 'उणादि सूत्र' बनाए। पाणिनिको धातुसिद्धान्तमा त्यसैको प्रभाव छ। शाकटायन र पाणिनिको सिद्धान्तमा के फरक छ भने शाकटायन सबै शब्द धातुबाट विकसित भएको मान्छन् तर पाणिनिचाहिं रूढ शब्दहरूको पनि अस्तित्व स्वीकार गर्छन्।[5] उद्भवका आधारमा नेपाली धातु तत्सम (खा, वस्, कथ्, जस्ता), तद्भव (ग्, लेख्, पिउ, जस्ता) र अनुकरणात्मक (हुर्काउ, सरसराउ, जस्ता) गरी तीन प्रकारका मान्न सकिन्छन्। चूडामणि बन्धुका अनुसार धातुको गण संस्कृतमा विकरणका आधारमा गरिएको थियो तर अचेल धातु दुई प्रकारका (मूल र यौगिक) हुन्छन्।[6]

भोलानाथ तिवारीले चाहिं अकर्मक, सकर्मक, प्रेरणार्थक र नामधातु गरी

---

[2] भोलानाथ तिवारी : हिन्दी भाषाका संक्षिप्त इतिहास (दिल्ली, ज्ञान-भारती, १९८१), पृष्ठ १९०।

[3] चूडामणि बन्धु : नेपाली भाषाको उत्पत्ति (साझा प्रकाशन, २०३२), पृष्ठ १९०।

[4] वररुचि : प्राकृत प्रकाश, (१२–१९)।

[5] छविलाल पोखरेल (व्याकरणाचार्य, भू. पू. प्राचार्य, पिण्डेश्वर–संस्कृत–महाविद्यालय) सँगको अन्तर्वार्ता, २०४१, असोज।

[6] चूडामणि बन्धु : पूर्ववत्, पृष्ठ १८७।

चार प्रकारका धातु मानेका छन्।[७] ह्विट्नीको भनाइअनुसार आर्यभाषामा जम्मा ३००० धातु छन्, संस्कृतमा २०००, संस्कृत–साहित्यमा ८०० र पाली र प्राकृतमा ८०० धातु छन्। रोहिणीप्रसाद भट्टराईले सिद्ध र साधित गरी धातुको दुई किसिम छुट्ट्याएका छन्।[८] नामधातु साधित धातुमा पर्छ।

नामधातु भनेको नाम (मल्नु), विशेषण (छोट्ट्याउनु) र अव्यय (फटफटाउनु) पछि प्रत्यय लागेर बनेका धातुलाई भनिन्छ। किनकि यास्कले नाम, विशेषण र अव्ययलाई 'नाम' वर्गभित्र राखेका छन्। 'आउ' (छोटो+आउ+नु=छोटचाउनु), 'इ' (छोटो+इ+नु=छोटिनु), 'शून्य' (मल+नु=मल्नु) प्रत्यय जोडेर नामधातु बनाइन्छ। यी प्रत्ययहरू संस्कृतका 'आय' (कृष्णायते), ईय (पुत्रीयति) र 'य' प्रत्ययबाट विकसित भएका हुन्।

कर्तालाई कुनै काम गर्न दिएको प्रेरणा बुझाउने धातुलाई प्रेरणार्थक धातु भनिन्छ। यसलाई संस्कृतमा 'णिजन्त' भन्ने चलन छ।

विकरणका आधारमा संस्कृतमा धातुका दश गण, छुट्ट्याइएका छन्। पालीमा छ गण, प्राकृतमा एक गण भएकैं[९] नेपालीमा धातुका तीन गण छन्। खेल्–आदि (हलन्त), हु– आदि (अजन्त) र पाउ– आदि (द्विस्वरान्त)। जस्तै–

क) खेल्– आदि (धा$_{१}$)– खेल्, पार्, पर्, लाग्, हाल्, चाख् ... (हलन्त)
ख) हु– आदि (धा$_{२}$)– हु, जा, खा, दि, लि, छु, रु, धु ... (अजन्त)
ग) पाउ– आदि (धा$_{३}$)– पाउ, आउ, उदाउ, दाउ, छाड़ ... (द्विस्वरान्त)

### ३. प्रत्यय

मूलसँग घनिष्ठ सम्बन्ध राखेर पछिल्तिर जोडिने रूपिमहरूलाई प्रत्यय मानिन्छ।[१०] अर्थ वा कार्यका दृष्टिले प्रत्यय णिजन्त (प्रेरणार्थक), सन्नन्त (इच्छार्थक), कृदन्त (असमापिका क्रिया), तिङन्त (समापिका क्रिया वा

---

[७] भोलानाथ तिवारी : पूर्ववत्, पृष्ठ १५५–५६।

[८] रोहिणीप्रसाद भट्टराई : बृहत् नेपाली व्याकरण (ने. रा. प्र. प्र., २०३३) पृष्ठ १५८।

[९] बन्धु : पूर्ववत् पृष्ठ १८७–८९।

[१०] एच. ए. ग्लिसन : एन इन्ट्रडक्शन टु डिस्क्रिप्टिभ् लिंग्विस्टिक्स् (न्यू दिल्ली, अक्सफोर्ड् एण्ड आई. बी. एच. पब्लिसिङ कम्पनी १९७९), पृष्ठ ५९।

क्रियापद), तद्धितान्त, स्त्री प्रत्यय वा नामधातु बनाउने विभिन्न किसिमका भए पनि उच्चारण–दृष्टिकोणले नेपाली प्रत्यय दुई प्रकारका हुन्छन्[११]—

अ) स्वरादिक (प्र$_{१}$) = (आउ, ई, यो, ए, ऐ, इ, औं, यौं, ओ, यो, इस्, अ,
ऊ, ऊन्, ऊँ, आ, अन्), र

आ) हलादिक (प्र$_{२}$) = (दो, छ, थि, ला, नु, ने, न, छ, ता, तो, तै,
दै (दो+ऐ), दा, दो)।

यस प्रत्ययको वर्गीकरणमा 'यो, यौ, यौं' नपरेकैं लाग्छ तर (इ+ओ = यो, इ+औ = यौ, इ+औं = यौं) यिनीहरू द्विस्वर भएकाले स्वरादिक वर्गमै पर्छन्। यसरी नेपालीमा धातुबाट ६ किसिमका धात्वर्थक (कृदन्त, तिङन्त, सन्नन्त, णिजन्त, नामधातु, आदि) शब्दहरू बन्दछन् (धा$_{१}$ प्र$_{१}$, धा$_{१}$ प्र$_{२}$, धा$_{२}$ प्र$_{१}$, धा$_{२}$ प्र$_{२}$, धा$_{३}$ प्र$_{१}$, धा$_{३}$ प्र$_{२}$)।

## ४. सन्धिनियम

जम्मा ३ किसिमका धातु र २ किसिमका प्रत्ययबाट (${}^{3}C_{1} \times {}^{2}C_{1} = 6$) ६ किसिमका कृदन्त, तिङन्त, णिजन्त, सन्नन्त वा नामधातु जस्ता शब्द बन्छन्। जस्तै–

क) (धा$_{१}$ प्र$_{१}$) गरे, गरी, गरेको, गरेर, गर्‍यो, गर्‍यौ, गर्‍यौं, ...
ख) (धा$_{१}$ प्र$_{२}$) गर्ला, गर्नु, गर्न, गर्ने, गर्ला, गर्दै, गर्दा, गर्छ, ...
ग) (धा$_{२}$ प्र$_{१}$) धोएको, रोयो, लेऊ, देओ, छोयो, ...
घ) (धा$_{२}$ प्र$_{२}$) धुनु, धुने, धुँदो, धुँदा, धुन्छ, धुन्थ्यो, धोला, ...
ङ) (धा$_{३}$ प्र$_{१}$) आयो, लाए, पाएर, दाएका, छाई, ...
च) (धा$_{३}$ प्र$_{२}$) लाउनु, लाउने, लाउँदा, लाउँछ, लाउँथ्यो, ...

### नियम–१

माथिका धातु र प्रत्ययको मेलबाट बनेका ६ समूहहरूमध्ये (क), (ख), समूहमा सन्धि मात्र हुन्छ। जस्तै– गर्+ए = गरे। गर्+ला = गर्ला।

### नियम–२

समूह (ग) मा गुणसन्धि (आद्गुणः) हुन्छ। अर्थात् अजन्त धातु र

---

[११] माधवप्रसाद पोखरेल : नेपाली धातु र तिनबाट बन्ने शब्दको स्वरूप (त्रि. वि., पा. वि. के., २०४०), १२।१३, पृष्ठ ७–१५।

स्वरादिक प्रत्ययको मेलमा धातुको पहिलो अक्षरमा गुण (इ> ए । उ> ओ) हुन्छ । जस्तै–

अ) धु> धोयो, धोएको, धोएर, धोई, धोयो, धोयौं,
आ) दि> दे, देऊ, देओ (अन्यत्र दिएँ, दिए, दिएर, दियो)
इ) लि> ले, लेऊ, लेओ (अन्यत्र लिएँ, लिए, लिएर, लियो)
ई) हु> हो, होऊ, होऊँ, होऔं (अन्यत्र भई, भयो, भए, भयौं)
उ) जा> जा, जाऊ, जाऊँ, जाओ, जाऔं (अन्यत्र गई, गए, गयो)

### नियम–३

माथि समूह (ख) को मेलमा ता+दा, तो+दो, तै+दै, चाहिं ध्वनिमिक (फोनिमिक्) छन्, अर्थात् वर्णका परिस्थितिले 'त' र 'द' प्रतिस्थापित हुन्छन् । जस्तै– क्, च्, ट्, त्, प्, ख्, छ्, ठ्, थ्, फ्, स् (११) पछि 'त' (पाक्ता, मिच्ता, पिट्ता...) र ग्, ख्, ड्, द्, व्, ध्, झ्, ढ्, ध्, म्, ङ, न्, म्, र्, ल् (१५) पछि 'द्' हुन्छ । (जस्तै–ढोग्दा, ठुङ्दा, पोल्दा ...)

### नियम-४

नियम–२ अनुसार 'जा' बाट 'जा' (जाऊ, जाऔं) र 'ग' (गयो, गई, गए) दुई रूप हुन्छन् । 'हु' बाट 'हु' (हुनु), हो (होऊ, होऊँ) र 'भ' (भयो, भए) तीन रूप हुन्छन् । यसको कारण संस्कृत 'या' बाट नेपाली 'जा' धातु बन्यो र संस्कृत 'गम्' धातुबाट नेपाली 'ग' (गर्नु, गयो, गए...) बन्यो । संस्कृत 'भू' बाट नेपाली 'हु' 'हो' (भवति> होइ> हौ) र 'भ' (भए) धातुरूप बनेका हुन् ।

### नियम–५

पछाडि 'छ' र' थि' आउँदा 'ग' समूह (धा$_2$ प्र$_1$) का शब्दहरूमा 'न्' आगम हुन्छ (हु+छ = हुन्छ । रु + थियो = रुन्थ्यो) । वास्तवमा 'हुनेछ' बाट 'हुन्छ' 'हुने थियो' बाट 'हुन्थ्यो' रूप विकसित भएका हुन् । वास्तवमा 'छ' र 'थि' प्रत्यय नभएर धातु हुन् ।

### नियम–६

अजन्त धातुपछि 'ला' आउँदा पनि गुणसन्धि हुन्छ । जस्तै– दि > देला । लि > लेला । रु > रोला । हु > होला । छु > छोला ।

### नियम–७

अजन्त (धा$_2$) र द्विस्वरान्त (धा$_3$) धातुपछि 'दा, दो, दै, दी' प्रत्यय आउँदा अगाडि चन्द्रबिन्दु देखापर्छ । जस्तै–जाँदा, रुँदा, लिँदा, जाँदो, दिँदो, हुँदो ।

**नियम–८**

'आउ' अन्तमा हुने धातु (नामधातु, प्रेरणार्थक वा अन्य) (धा$_{३}$) र स्वरादिक प्रत्यय (प्र$_{१}$) जोडिंदा 'उ' लोप हुन्छ। जस्तै– आउ> आयो। मैल्याउनु> मैल्यायो। उदाउनु> उदायो। तर यो समूहका धातुपछि हलादिक (प्र$_{२}$) प्रत्यय जोडिए 'उ' सुरक्षित हुन्छ। जस्तै– आउनु, आउँदा, आउला।

**नियम–९**

अन्तमा 'आउ' भएका धातुपछाडि फेरि 'आउ' प्रत्यय लाग्दैन। जस्तै– उदाउ(नु), आउ(नु) पछि 'आउ' प्रत्यय थपिन सक्तैन।

**नियम–१०**

अन्तमा 'आउ' भएका धातु (धा$_{३}$) पछाडि 'छ, द, थ, न' आयो भने अनुनासिक हुन्छ। जस्तै– गराउँछ, मोटाउँछ। तर 'ल' आयो भने अननुनासिक नै रहन्छ (गराउला)।

**नियम–११**

नेपाली धातुपछाडि 'छ, त, थ, द, न, ल' यी छ वटा व्यञ्जन मात्र प्रत्ययको रूपमा आउन सक्छन्। नेपालीमा अधिकांश हलन्त धातु छन्।

**नियम–१२**

अजन्त धातुपछाडि 'तो, ता, तै' प्रत्यय लाग्दैन। रूँदा (रूँता)।

**नियम–१३**

दुई वा दुईभन्दा बढी अक्षर भएका शब्द बन्ने हलन्त धातुमा आ> अ हुन्छ (पार्नु> पराउनु। हाँस्नु> हँसाउनु)। अजन्त धातुमा चाहिं सन्धि हुन्छ (इको यणचि पाणिनि ६।१।७७)। जस्तै– धु+आउ+नु=ध्वाउनु। लि+आउ+नु=ल्याउनु।

**नियम–१४**

'छ, थे, थ्यौं, छन्' आदि प्रत्यय जस्ता लागे पनि वास्तवमा नेपाली तिङ प्रत्ययहरू निम्नानुसार छन्। 'छ' र 'थि' धातु नै हुन्।

| सर्वनाम | वर्तमान काल | भूत काल |
|---|---|---|
| म | –उ, –ऊँ | –एँ |
| हामी | | –औं |
| तँ | –अस्, ०,–एस्,–आ | –इस् |
| तिमी (हरू) | –ऊ,–ओ,–औ,–अ | –औ |
| त्यो | –अ,–ए (स्त्री), ओस् | –ओ,–ई (स्त्री) |
| तिनी–उनी (हरू) | –अन्,–आन्,–इन्–ऊन् | –ए |

जस्तै–

(म)– खान्छु (उ), आऊँ (ऊँ), खाएँ (एँ)

(हामी)– खान्छौं (औं), खायौं (औं), खाऔं (औं)

(तँ)– खान्छस् (अस्), खा (०), खान्छेस् (एस्), खाइस् (इस्) खाला (आ)

[तिमी (हरू)]– खाऊ (ऊ), खाओ (ओ), गछौं, (औ), गर (अ), गऱ्यौ (औ)

(त्यो, ऊ)– खान्छ (अ), खाओस् (ओस्), खायो (ओ), खाई (ई)

[तिनी–उनी (हरू)]– खान्छन् (अन्), खालान् (आन्,) गरिन् (इन्), गरून् (ऊन्), खाए (ए), खोल्थे (ए)

कुनै संस्कृत धातुपछि 'इट्' (इ) विकरण हुने (सेट्), र कुनै संस्कृत धातु 'इट्' नलाग्ने (अनिट्) भएझैं[१२] नेपाली नामधातु पनि अन्तमा 'इ' हुने (मैलिनु), अन्तमा 'आउ' हुने (सकसकाउनु) अन्तमा केही नहुने (मल्नु) पाइएका छन्। 'मैल्याउनु' चाहिं 'मलिनु' को प्रेरणार्थक (इ+आउ = याउ) हो।

## ५. कृदन्त (कृ)

धातुपछाडि प्रत्यय जोडेर बन्ने नाम, विशेषण र अव्यय शब्दहरूलाई कृदन्त भनिन्छ। कृदन्तबाट वाक्य टुङ्ग्याउन सकिंदैन भन्ने कुरा माथि नै लेखिसकियो। संयुक्त क्रियामा कृदन्तको महत्त्वपूर्ण स्थान भएकोले नै किशोरीदास संयुक्त क्रियालाई 'कृदन्त क्रिया' भन्दछन्।[१३] कृदन्तलाई अंग्रेजीमा भर्बल भन्दछन्।[१४] भोलानाथ तिवारीले कृदन्तलाई विकारी र अविकारी दुई रूपमा बाँडेका छन्।[१५] लिङ्ग, वचनअनुसार रूप फेरिने (गर्दा, गर्दी, गर्दो, गरेको, गरेकी) विकारी, र रूप नफेरिने (गर्ने, गर्न, गरेर) अविकारी कृदन्त हुन्। बन्धुले ६

---

[१२] भोलाशंकर व्यास: संस्कृतका भाषाशास्त्रीय अध्ययन, (काशी, भारतीय ज्ञानपीठ, १९६१), पृष्ठ १९१–९२।

[१३] किशोरीदास वाजपेयी: हिन्दी शब्दानुशासन, (बनारस, नागरी प्रचारिणी सभा, २०३३), पृष्ठ ४२०।

[१४] ग्लेन लेगेट: एसेन्सियल्स् अफ् ग्रामर एन्ड कम्पोजिशन (दिल्ली, प्रेन्टिस हल् अफ् इन्डिया, १९७८), पृष्ठ ४९७।

[१५] भोलानाथ तिवारी: पूर्ववत्, पृष्ठ १५७–५९।

किसिमका कृदन्त मानेका छन्[१६]– नाम कृदन्त (नु), भविष्यत् कृदन्त (ने), वर्तमान कृदन्त (तो, दो), पूर्वकालिक कृदन्त (ई, एर), हेत्वर्थक कृदन्त (न, ए), भूत कृदन्त (एको)।

संस्कृत 'तुमुन्' र 'ल्युट्' (अन) बाट नेपाली 'नु', संस्कृत 'शानच्' (आन) 'अनीय' र 'णिनि' बाट 'ने', संस्कृत 'क्त' र 'शतृ' बाट 'तो, दो', ण्वुल् (अक) बाट 'एको', 'क्तवतु' बाट 'तँ, दँ, ता, दा' तथा 'ल्यप्' (ई), र 'य' बाट 'ई' विकसित भएका हुन्।

कृदन्त र तिङन्तमा के फरक छ भने कृदन्तले वाक्य टुङ्ग्याउन सक्तैन, तिङन्तले सक्छ, यो कुराको उल्लेख भइसकेको छ। कृदन्त र तिङन्त दुवै धातुपछि प्रत्यय जोडिएर बन्दछन्। रमाइलो कुरो केमा छ भने संस्कृतका कति कृदन्तबाट पनि नेपाली तिङन्त रूपको विकास भएको छ जस्तै– (सं) स्थितः> (ने) थियो।

## ६. नेपाली क्रियाको सूत्र : सरल र संयुक्त क्रियाको सन्दर्भ

(क) क्रिया = $[\text{कृदन्त}]_{०}^{७} + [\text{तिङन्त}]_{१}^{२}$

(ख) सरल क्रिया = $[\text{कृदन्त}]_{०}^{०} + [\text{तिङन्त}]_{१}^{१}$

(ग) संयुक्त क्रिया = $[\text{नाम}]_{०}^{१} + [\text{कृदन्त}]_{०}^{७} + [\text{तिङन्त}]_{१}^{२}$

उपर्युक्त नेपाली क्रियाको साधारण सूत्र (जनरल फर्मुला) हो। नेपाली क्रियाका विश्लेषण गर्दा सात वटासम्म कृदन्त र दुइवटासम्म तिङन्त मिसिएको एउटा संयुक्त क्रिया फेला पर्‍यो (पढेको पढ्दै गरिरहेको हुन सक्नुहुनेछ होला)। यो नै विश्लेषणकालमा भेटिएको अधिकतम संख्या थियो। सरल क्रिया एउटा मात्र तिङन्तलाई भनिन्छ भने संयुक्त क्रियाचाहिँ सातवटासम्म कृदन्त र दुईवटासम्म तिङन्त मिलेर बन्ने क्रिया हो जसमा सर्वप्रथम धातु नै अर्थको केन्द्र हुन्छ।

सोमनाथ सिग्देलले धातुबाट प्रत्यय भई बनेको एक्लो क्रियापदलाई सरल क्रियापद र धातुबाट बनेको कृदन्त र सहायक क्रिया मिलेर बनेको क्रियापदलाई संयुक्त क्रियापद[१७] भनेका छन्। कृदन्त र सहायक क्रिया वा तिङन्त र सहायक

---

[१६] चूडामणि बन्धु : पूर्ववत्, पृष्ठ १९२–९४।

[१७] सोमनाथ शर्मा : मध्यचन्द्रिका (विराटनगर, पुस्तक संसार, १९६९), पृष्ठ ९०।

क्रिया वा तिङन्त र सहायक क्रिया मिलेर संयुक्त क्रिया बन्छ भन्ने उनको धारणा छ । उनले कालमा विशेष अर्थ बुझाउने झैं अरू विशेष अर्थ बुझाउने गरी 'नु' 'तै' 'दै' 'ई' 'न' प्रत्ययान्त कृदन्त क्रिया जोडिएका संयुक्त क्रियालाई चाहिं मिलित क्रिया भन्ने नाम दिएका छन् ।[१८] जस्तै– जानुहुन्छ, गर्ने गर ... 'नामहरूसँग क्रिया जोडिएर पनि मिलित क्रिया बन्दछ' (जस्तै– पूजा गर्नु, मान गर्नु) भन्ने उनको विचार छ ।[१९] अरूले चाहिं एक धातुबाट बनेको सरल क्रिया र एकभन्दा बढी धातुबाट बनेको संयुक्त क्रिया मानेका छन् ।[२०] कसैले एकभन्दा बढी क्रिया मिलेर बनेको संयुक्त क्रिया[२१] वा मिलित क्रिया[२२] वा कृदन्त क्रिया[२३] माने । मूल र सहायक क्रिया मिलेर बनेको[२४] कृदन्त मात्रसँग सहायक क्रिया मिलेर बनेको[२५] संयुक्त क्रिया मान्ने विद्वान् पनि छन् । रोहिणीप्रसाद भट्टराईअनुसार[२६]

---

[१८] उही : पृष्ठ १३९–४० ।

[१९] उही : पृष्ठ १४३ ।

[२०] क) नरेन्द्र चापागाईं : नेपाली नवीन व्याकरण तथा रचना (विराटनगर, श्याम पुस्तक भण्डार, २०३८), पृष्ठ ३२, ३४ ।

ख)– – । भाषातत्त्व (विराटनगर, काफ्ले पुस्तक पसल, २०३४) पृष्ठ १५७– ५८ ।

[२१] क) नरेन्द्र चापागाईं : शब्द, वाक्य र अभिव्यक्ति (विराटनगर, काफ्ले पुस्तक पसल, २०३२), पृष्ठ २९५ ।

ख) पुष्कर शमशेर, नेपाली सजिलो व्याकरण (ने. भा. प्र. स. २०१९), पृष्ठ ५९–६० ।

[२२] पारसमणि प्रधान : भाषा प्रवेश नेपाली व्याकरण (कालिम्पोङ, भाग्यलक्ष्मी प्रकाशन, २०२७) पृष्ठ ६४ ।

[२३] किशोरीदास वाजपेयी : पूर्ववत् ।

[२४] भोलानाथ तिवारी : भाषा विज्ञान–कोश (काशी, ज्ञानमण्डल लिमिटेड, २०२०), पृष्ठ १७८ ।

[२५] गोपालनिधि तिवारी : नेपाली भाषाको बनोट, (ने. रा. प्र. प्र., २०३०), पृष्ठ १९७ ।

[२६] रोहिणीप्रसाद भट्टराई : वृहत् नेपाली व्याकरण (ने. रा. प्र. प्र. २०३३), पृष्ठ २७० ।

धातुबाट आख्यात प्रत्यय भई बनेका– जान्छ, खायो, भाग्ला, आदिलाई सरल क्रियापद अनि नाम, विशेषण, अव्यय जोडिई एक जीउ भई बनेका र धातुसाधित नामहरू मुख्य भई अन्य सहायक धातु जोडिई एक जीउ बनेका क्रियापदलाई संयुक्त क्रियापद भन्दछन् ।

संस्कृतमा संयुक्त क्रिया थिएन,[२७] लकारहरूको संख्या घट्नाले, भावाभिव्यक्तिको ढङ्गमा विकास हुनाले र द्रविड भाषाको प्रभाव पर्नाले पछि संयुक्त क्रियाको विकास भयो ।[२८] चूडामणि बन्धुले नेपालीमा दश प्रकारका संयुक्त क्रिया देखाएका छन्[२९]– १) नाम+क्रिया (दर्शन दिनु) २) विशेषण+क्रिया (ठूलो हुनु) ३) सर्वनाम+क्रिया (आफ्नो पार्नु) ४) अव्यय+क्रिया (पछि पर्नु) ५) वर्तमान कृदन्त+क्रिया (बोल्दो हुनु) ६) भूत कृदन्त+क्रिया (लेखिरहनु) ७) हेत्वर्थक कृदन्त+क्रिया (जान थाल्नु) ८) अनुकरणात्मक शब्द+क्रिया (खटखट गर्नु) ९) नामकृदन्त+क्रिया (जानुपर्छ) १०) द्वित्व क्रिया+क्रिया (देखादेख गर्नु) । यसरी हेर्दा संयुक्त क्रिया नाम, विशेषण, अव्यय र क्रियासँग क्रिया मिलेर बनेको क्रिया रहेछ । नाम, विशेषण र अव्ययभित्र कृदन्त अनुकरणात्मक शब्द र तथाकथित द्वित्व क्रिया पनि पर्छन्, किनकि कृदन्त नाम, विशेषण र अव्यय तीन वर्गभित्र पर्छ ।

संयुक्त क्रियामा भाग लिने कृदन्तको स्वरूप (प्रत्ययको आधारमा)–

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ई | ए | एर | एको | ऐ | तो | ता | न | नु | ने |
| कृ$_{१}$ | कृ$_{२}$ | कृ$_{३}$ | कृ$_{४}$ | कृ$_{५}$ | कृ$_{६}$ | कृ$_{७}$ | कृ$_{८}$ | कृ$_{९}$ | कृ$_{१०}$ |
| (खाई) | (खाए) | (खाएर) | (खाएको) | (खायै) | (खाँदो) | (खाँदा) | (खान) | (खानु) | (खाने) |

यी दश किसिमका कृदन्तहरू संयुक्त क्रियामा भाग लिन्छन् । जस्तै– खाइथी (कृ$_{१}$ ति), खाइछ (कृ$_{१}$ ति), (खाइदियो) (कृ$_{१}$ ति), तिङन्त (ति), मूल क्रियाको तिङन्त (ति$_{१}$), थि–धातुबाट बनेको तिङन्त (ति$_{२}$), सहायक क्रियाको तिङन्त (ति$_{३}$), छ–धातुबाट बनेको तिङन्त (ति$_{४}$) हलन्त धातु (धा$_{१}$), अजन्त धातु (धा$_{२}$), द्विस्वरान्त धातु (धा$_{३}$) राख्ता संयुक्त क्रियामा कृदन्तहरूको क्रम बन्छ ।[३०]

---

[२७] छविलाल पोखरेलसँगको अन्तर्वार्ता, पूर्ववत् ।

[२८] चूडामणि बन्धु : पूर्ववत्, पृष्ठ १७३ ।

[२९] उही : पृष्ठ १७३–१७४, १९५ ।

[३०] क) (कृ$_{१}$ ति$_{२}$, कृ$_{१}$ ति$_{४}$, कृ$_{१}$ ति$_{१}$, कृ$_{१}$ कृ$_{९}$, कृ$_{१}$ कृ$_{१}$ कृ$_{८}$ ति$_{१}$,

यसरी हुँदा कहीं कृदन्त मात्र निकट घटक हुन सक्छन्– संयुक्त क्रियामा भन्ने देखिन्छ ।[३१] पुष्कर शमशेरले दुई–तीनवटा क्रिया जोडिएर मात्र संयुक्त क्रिया बन्ने सम्भावना देखाए तापनि[३२] वास्तवमा संयुक्त क्रियामा जम्मा धातुहरूको संख्या ९ सम्म पुगेको कुरा माथि उल्लेख गरियो ।

संयुक्त क्रियामा अघिल्लो क्रिया मुख्य वा प्रधान हुन्छ, अरू त्यससँग जोडिने सहायक क्रिया हुन्छन् ।[३३] जस्तै– 'खाइदियो' भन्दा 'दिने' अर्थ बुझिदैन

---

कृ$_{१}$ कृ$_{२}$ ति$_{३}$, कृ$_{१}$ धा$_{२}$ ति$_{४}$, कृ$_{१}$ धा$_{२}$ ति$_{२}$, कृ$_{१}$ धा$_{१}$ ति$_{२}$, कृ$_{१}$ कृ$_{४}$ ति$_{२}$, कृ$_{१}$ कृ$_{४}$ ति$_{४}$, (ना) कृ$_{१}$ कृ$_{४}$ ति$_{२}$, कृ$_{१}$ कृ$_{४}$ कृ$_{२}$ धा$_{२}$ ति$_{२}$, कृ$_{१}$ कृ$_{९}$ ति$_{२}$, कृ$_{१}$ कृ$_{९}$ कृ$_{४}$ कृ$_{२}$ ति$_{४}$, कृ$_{१}$ कृ$_{९}$ कृ$_{६}$ कृ$_{२}$ ति$_{४}$, कृ$_{१}$ कृ$_{९}$ कृ$_{६}$ कृ$_{२}$ ति$_{४}$ ।

ख) कृ$_{८}$ ति$_{१}$, कृ$_{८}$ ति$_{३}$, (ना) कृ$_{८}$ ति$_{३}$, कृ$_{८}$+इ+ति$_{१}$, कृ$_{८}$ धा$_{१}$ ति$_{४}$, कृ$_{८}$ धा$_{१}$ ति$_{२}$, कृ$_{८}$ धा$_{३}$ ति$_{४}$, कृ$_{८}$ धा$_{२}$ ति$_{३}$, कृ$_{८}$ कृ$_{१}$ ति$_{३}$, कृ$_{८}$ कृ$_{२}$ कृ$_{४}$ ति$_{२}$, कृ$_{८}$ कृ$_{४}$ ति$_{२}$, कृ$_{८}$ कृ$_{४}$ ति$_{१}$, कृ$_{८}$ कृ$_{१०}$ कृ$_{९}$ कृ$_{२}$ ति$_{४}$ ।

ग) धा$_{३}$ ति$_{३}$ ।

घ) कृ$_{९}$ ति$_{१}$, कृ$_{९}$ धा$_{२}$ ति$_{२}$, कृ$_{९}$ धा$_{२}$ ति$_{४}$, कृ$_{९}$ धा$_{१}$ ति$_{४}$, कृ$_{९}$ कृ$_{४}$ ति$_{४}$, कृ$_{९}$ कृ$_{६}$ ति$_{३}$, कृ$_{९}$ कृ$_{१०}$ ति$_{३}$ ।

ङ) (ना) कृ$_{३}$ धा$_{१}$ ति$_{२}$, (ना) कृ$_{३}$ कृ$_{१}$ धा$_{२}$ ति$_{२}$, कृ$_{३}$ कृ$_{१}$ कृ$_{४}$ कृ$_{२}$ ति$_{४}$, कृ$_{३}$ कृ$_{४}$ ति$_{४}$ ।

च) कृ$_{२}$ ति$_{१}$, कृ$_{२}$ ति$_{२}$, कृ$_{२}$ कृ$_{४}$ कृ$_{८}$ ति$_{१}$ ।

छ) कृ$_{४}$ ति$_{३}$, कृ$_{४}$ ति$_{२}$, कृ$_{४}$ कृ$_{१}$ ति$_{२}$, कृ$_{४}$ कृ$_{६}$ ति$_{३}$ ।

ज) कृ$_{६}$ + इ + ति$_{२}$ ।

झ) कृ$_{७}$ ति$_{३}$ ।

ञ) धा ति$_{३}$ ।

ट) कृ$_{१०}$ ति$_{३}$ ।

ठ) ति$_{१}$ ति$_{३}$ ।

[३१] कृ$_{१}$ (कृ$_{२}$, कृ$_{४}$, कृ$_{६}$, कृ$_{७}$, कृ$_{८}$, कृ$_{९}$, कृ$_{१०}$, कृ$_{१}$)/ कृ$_{२}$ (कृ$_{४}$, कृ$_{१०}$, कृ$_{२}$)/ कृ$_{३}$ (कृ$_{५}$ र कृ$_{१}$ बाहेक सबै)/ कृ$_{४}$ (कृ$_{२}$, कृ$_{४}$, कृ$_{६}$, कृ$_{७}$, कृ$_{९}$, कृ$_{१०}$)/ कृ$_{५}$ (कृ$_{४}$ ति)/ कृ$_{६}$ (कृ$_{६}$ बाहेक सबै कृदन्तर ति)/ कृ$_{७}$ (कृ$_{२}$, ति)/ कृ$_{८}$ (कृ$_{५}$ बाहेक सबै)/ कृ$_{९}$ (कृ$_{२}$, कृ$_{३}$, कृ$_{४}$, कृ$_{६}$, कृ$_{१०}$, ति)/ कृ$_{१०}$ (कृ$_{९}$, ति) ।

[३२] पुष्करशम्शेर : पूर्ववत् ।

[३३] माध्यमिक नेपाली व्याकरण र रचना (दार्जलिङ्ग, श्रीराज प्रकाशन, १९८२), पृष्ठ ९० ।

'खाएको' मात्र बुझिन्छ, त्यसैले संयुक्त क्रियामा अघिल्लो कृदन्तमा अर्थ रहन्छ र त्यही अघिल्लो क्रियाकै आधारमा क्रिया सकर्मक वा अकर्मक हुन्छ।[३४] दुई या दुईभन्दा बढी क्रियाका रूपहरू मिलेर यौगिक काल (कम्पाउन्ड टेन्स) नेपालीमा झैं अंग्रेजीमा पनि बन्छ।[३५] त्यो अंग्रेजीको संयुक्त क्रिया हो। जर्मनिक भाषामा चाहिं पूजा गर्नु (नाम+क्रिया) जस्तो संयुक्त क्रिया बन्दैन।[३६] नरेन्द्र चापागाईले पन्ध्र किसिमले संयुक्त क्रियाको वर्गीकरण गरेका छन्।[३७]

(१) दुवै अपूर्ण क्रिया मिलेर (हुन्थ्यो) (२) एक पूर्ण एक अपूर्ण मिलेर (खान्छ) (३) दुवै अकर्मक (सुतिरहन्थ्यो) (४) दुवै पूर्ण (भनिदियो) (५) दुवै सकर्मक (गइदिन्छ) (६) सकर्मक र अकर्मक (सुतिदेला) (७) दुई वा बढी क्रिया मिलेर (भनिदिए हुन्थ्यो) (८) वीप्सा (जाइजाला) (९) सर्वार्थबोधी (गरिसकोस्) (१०) एकार्थबोधी (गरिछाड्छ) (११) निश्चयबोधी (गरिहाल्छ) (१२) समाप्तिबोधी (गरिसक्यो) (१३) अनिश्चयबोधी (गरिदेला) (१४) आदरबोधी (गरिदिनुभयो) र (१५) समादरबोधी (गरिदिइबक्सनेछ)।

सोमनाथ सिग्देलले पनि संयुक्त क्रिया मान, आवश्यकता, सातत्य, समाप्ति, शीघ्रता, परार्थता, स्थिति, हठ, प्रेरणा र निश्चय बुझाउने अर्थमा प्रयोग हुन्छ भनी लेखेका छन्[३८] र कालरचनामा संयुक्त क्रियाको भूमिका स्पष्ट गरेका छन्। हर्न्बीले २५ किसिमका क्रियाको ढाँचा[३९] (सबै प्याटर्न्ज्) तयार गरेकोमा पनि बहुसंख्यक संयुक्त क्रिया बनाउने सहायक क्रियाहरू निम्नलिखित धातुहरूबाट बन्दछन्–

---

३४. हर्षनाथ शर्मा : अनिवार्य नेपाली रचना (काठमाडौं, शर्मा पुस्तक भण्डार, २०२३), पृष्ठ ३५।

३५. हर्न्बी : गाइड टु प्याटर्न्स् एन्ड युजिज् इन् इंग्लिश् (लण्डन, ई. एल्. बी. एस्., १९८३) पृष्ठ ७९।

३६. अट्टो येस्पर्सन : ग्रोउथ एन्ड् स्ट्रक्चर अफ् द इंग्लिश् लंग्वेज (भारतीय शाखा, ओ. यू. पी, १९३८) पृष्ठ १६५।

३७. नरेन्द्र चापागाई : शब्द वाक्य र अभिव्यक्ति, पूर्ववत्, पृष्ठ २९५–९६।

३८. सोमनाथ शर्मा : पूर्ववत्, पृष्ठ १०४, १११, ११५, १४०–४३।

३९. ए. एस. हर्न्बी : एड्भान्स्ड् लर्नर्स् डिक्शनरी अफ् करेक्ट इंग्लिश्, तेस्रो संस्करण, (दिल्ली, ओ. यू. पी.) १९८१।

आउ, उठ्, गर, चाह्, छ, जा, थाल् दि, पर्, पाऊ, बन्, बस्, लाग्, रह्, लि, सक्, हाल्, हो, थि, हु, हर्, आँट् (२२) । जस्तै—

खाइथिस्, खाइछेस्, खाइदियो, खाइदिनुहुन्छ, खाइदिइहालेको रहेछ, पठाइदिइसक्नुभयो, लेखिहाले होलान्, खाइदिन्छ, खाइहाल्छ, खाइसक्छ, खाइरहन्छ, खाइहेर्छ, खाइहेर्थ्यो, मरिगयो, खाइसकेको थियो, खाइसकेको छ, भात खाइसकेको छ, खाइसकिदिएको भए हुन्थ्यो होला, खाइसकेको भए हुन्थ्यो, खाइदिनुहुन्थ्यो, खाइदिनुभएको भए हुन्थ्यो, खाइदिनुहुँदो रहेछ, खाइदिनुपर्छ, खाइरहनुहुन्छ, खान थाल्यो, खान गयो, खान पायो, खान आँट्यो, खान दियो, खान पर्‍यो, खान थाल्छ, खानुहुन्छ, खानुपर्छ, खानुहोला, खानुहुन्थ्यो खानुभएको छ, खानुहुँदो होला, खानुहुँदो हो, खाए होलान्, खाएथे, पढे–गुनेको छ, लेखे–पढेको देखिन गयो, खान गए भएको थियो, खान दिने हुनुभएछ, भनेको मान्दो रहेछ ।

तसर्थ स्वरूप–

क) 'नाम+क्रिया' (पूजा गर्नु)

ख) 'विशेषण+क्रिया' (ठूलो हुनु)

ग) 'नाम+धातु' (डल्ल्याउनु, डल्लिनु)

घ) 'कृदन्त+कृदन्त' (खाइदिएको)

ङ) 'तिङन्त+तिङन्त' (खायो होला)

च) 'कृदन्त+तिङन्त' (खाएको थियो)

छ) 'अव्यय+क्रिया' (हडबड गर्नु)

## ७. काल र संयुक्त क्रिया

नेपाली कालको विवरणमा संयुक्त क्रिया उपयोगी हुन्छ । जस्तै–

१. सामान्य वर्तमान-- खान्छ (खा+छ=खाने+छ)

२. सामान्य भूत– खान्थ्यो (खा+थि=खाने+थियो)

३. सामान्य भविष्यत्– खानेछ (खाने+छ)

यसबाट सामान्य भविष्यत् कालको रूप नेपालीमा नभएको प्रमाणित हुन्छ र सामान्य वर्तमान नै सामान्य भविष्यत्‌को रूप रहेछ भन्ने थाहा हुन्छ ।

४. अपूर्ण भूत– खाँदै थियो (खा+थि), खाइरहेको थियो (खा+रह+थि), खाइरहनुभएको थियो (खा+रह+भ+थि) ।

५. अपूर्ण वर्तमान– खाँदै छ (खा+छ), खाइरहेको थियो (खा+रह+थि), खाइरहनुभएको छ (खा+रह+भ+छ) ।

६. अपूर्ण भविष्यत्– खाइरहनुहुनेछ (खा+रह+हु+छ) खाइरहेको हुनुहुन्छ (खा+रह+हु+हु+छ) खाँदै गर्नेछ (खा+गर्+छ) ।

यसबाट खास काल बुझाउने धातु प्रायः 'छ' र 'थि' मात्र रहेछन्, अरू सबै काम कृदन्तबाट लिइने रहेछ भन्ने थाहा हुन्छ ।

७. पूर्ण भूत– खाएको थियो (खा+थि) खाइसकेको थियो (खा+सक्+थि) पढिसक्नुभएको थियो (पढ्+सक्+भ+थि) ।

८. पूर्ण वर्तमान– पढेको छ (पढ्+छ) पढिसकेको हुनुहुन्छ (पढ्+ सक्+हु +हु+छ) पढिसक्नुभएको छ (पढ्+सक्+भ+छ) ।

९. पूर्ण भविष्यत्– पढिसकेको हुनेछ (पढ् + सक् + हु + छ) पढेको हुनुहुनेछ (पढ् + हु + हु + छ) ।

१०. पूर्णापूर्ण वर्तमान– पढेको पढचै छ (पढ् + पढ् + छ) ।

११. पूर्णापूर्ण भूत– पढेको पढचै थियो (पढ् + पढ् + थि) ।

१२. पूर्णापूर्ण भविष्यत्– पढेको पढचै गरिरहेको हुनुहुनेछ (पढ् + पढ् + गर+ रह+हु+हु+छ)

१३. अज्ञात भूत– पढेछ (पढ्+छ) पढिसक्नुभएछ (पढ्+सक्+भ+छ) पढेको पढचै गरिरहेको हुन सक्नुहुँदोरहेछ (पढ्+पढ्+गर्+रह+हु+सक्+हु+रह+छ)

१४. सन्दिग्ध अनिश्चयार्थ– पढेको पढ्यै गरिरहेको हुन सक्नुहुनेछ होला (पढ्+पढ्+गर्+ रह+हु+सक्+हु+छ+हो) ।

१५. अन्य– खाने थियो (खा+थि) खान सक्तैन (खा+सक्) आइरहिछु (आ+रह+इ+छु) ।

## ८. संयुक्त क्रियाको वर्णविन्यास

क) 'छ' र 'थि' अगाडि 'ई' 'ए' 'नु' 'न' मा पदयोग हुन्छ (हुन्छ, खाइछे, खाएछ, खानुछ, खानेछ) ।

ख) 'ई' 'ए' 'नु' पछाडि पदयोग हुन्छ (खाइदिन्छ, खाएछ, खानुपर्छ) ।

ग) 'दै', 'न' र 'ने' मा पदवियोग गर्ने चलन छ, तर पदयोग गर्नुपर्ने हो (खाँदैछ, खान थाल्यो, खाने गर्छ) ।

घ) 'एको' 'एर' 'दो' पछाडि सधैं पदवियोग हुने चलन छ (भएको छ, उडेर गयो, उड्दो छ) ।

ङ) 'ता' 'दा' द्विरुक्तिमा पदयोग हुन्छ (खाँदाखाँदा) पदवियोग गर्ने पनि चलन छ (खाँदा खाँदा) ।

च) 'ए' पछि 'छ' र 'थि' धातु बाहेकमा पदवियोग हुन्छ (खाए हुन्छ, पढे होला) ।

छ) तिङन्तपछि 'हु', 'हो' धातुमा पदवियोग हुन्छ (पढ्यौ होला) ।

ज) नाम, विशेषण, अव्यय अनुकरण शब्दपछि क्रिया मिलेर बनेका संयुक्त क्रियामा पदवियोग हुन्छ (पूजा गर्नु, ठूलो हुनु, पछि पर्नु, छलफल गर्नु) ।

झ) संयुक्त क्रियाभित्रको कृदन्त 'इ' ह्रस्व हुन्छ (खाइदियो) ।

## ९. संयुक्त क्रियाको परिचायक

संयुक्त क्रिया पनि एक प्रकारको समास हो, त्यसैले यसलाई मैले क्रियाभाव समास भन्ने नाम दिएको छु ।[४०] समासमा समस्त पदहरू उभयपदप्रधान सधैं नभएर समस्त पदहरूको समष्टि एकपदी भाव[४१] हुन्छ, यसमा एउटै केन्द्रीय भाव हुन्छ र एक मुख्य पदमा मात्र बलाघात हुन्छ ।[४२] समासमा एक गूढ अर्थ हुन्छ । एक ठाउँमा मात्र बलाघात हुन्छ र दुई पदभन्दा भिन्न वर्णविन्यास पनि हुन्छ ।[४३] दुई वा दुई पदभन्दा बढी धातु मिलेर बनेको शब्दलाई समस्त शब्द भन्न सकिन्छ ।[४४] दुई वा दुईभन्दा बढी पदहरूको अर्थ एकपोको पारेर एकपद बनाउने कार्य समास हो भन्ने सोमनाथ सिग्देलको परिभाषा छ ।[४५] संस्कृतमा

---

[४०] माधवप्रसाद पोखरेल : 'नेपाली समास-प्रक्रियामा मौलिकता', युगज्ञान (साप्ताहिक), (भद्रपुर, मणि प्रेस, २०४०), अङ्क १५।८ देखि क्रमशः १५।१४ सम्म ।

[४१] पार्थमणि आ. दी. : नेपाली संस्कृत व्याकरण (ने. भा. प्र. स., २०१२) पृष्ठ ४३९ ।

[४२] इराक जहाँगीर सोहराबजी तारापोरेवाला : एलिमेन्ट्स् अफ् द साइन्स् अफ् लैंग्वेज, (कलकत्ता विश्वविद्यालय, १९६२) पृष्ठ १९० ।

[४३] हेन्स मर्चेन्ड् : 'नोट्स अन् नौमिनल कम्पाउन्डस् इन् प्रेजिन्ट डेइ इंग्लिश्' रिडिङ्ग्ज् इन् अप्लाइड् इंग्लिश् लिंग्विस्टिक्स् (सं.) हेराल्ड बी. एलेन (दिल्ली, अक्सफोर्ड एन्ड आइ. बी. एच., १९७६) पृष्ठ १२३–२४ ।

[४४] ग्लिसन : पूर्ववत्, पृष्ठ ५९ ।

[४५] सोमनाथ शर्मा : प्रतिसंस्कृता सिद्धान्तकौमुदी (ने. रा. प्र. प्र., २०१५), पृष्ठ १८६ ।

क्रिया नै क्रिया मिलेर समास बन्ने प्रवृत्ति नभएकाले क्रियाभाव समास आधुनिक आर्यभाषाको प्रवृत्ति रहेछ । यसैले समासलाई चार वर्गमा बाँड्न सकिन्छ ।[४६]

१. नामभाव समास (घरबेटी, दाजुभाइ, गहिरीगाउँ, तीनधारा)
२. विशेषणभाव समास (जेठोबाठो, गहुँगोरो)
३. अव्ययीभाव समास (आजभोलि, खोलोपारि)
४. क्रियाभाव समास (खाइदियो, खानुपर्छ, खानेथ्यो)

समास गरिएको पद र संयुक्त क्रिया दुवै एउटै पदझैं व्यवहार गरिन्छन् । 'तीनजना भारी बोक्नेछन्' र 'तीनजना भारी बोक्ने छन्' मा अर्थको फरक छ । यहाँ अघिल्लो संयुक्त क्रिया हो र पछिल्लो दुईवटा पद (द्विपद) मा दुईवटा अर्थ बेग्लाबेग्लै धातुमा केन्द्रित हुन्छन् भने संयुक्त क्रिया वा समस्त पदमा (द्वन्द बाहेक) एक धातु मात्रमा अर्थ केन्द्रित हुन्छ ।

संयुक्त क्रियामा पहिलो कृदन्तमा अर्थ केन्द्रित हुन्छ भन्ने उल्लेख भइसक्यो । पछिल्ला कृदन्तहरू विशेष अर्थ ल्याउन जोडिएका हुन्छन् । जस्तै–

खाइदिनु (पदार्थ), खानुहुन्छ (सम्मान), खानुपर्छ (आवश्यकता), खानैलाग्यो (शीघ्रता), खाइहेर्छु (परीक्षण), खाइछोड्छ (हठ), खान लाउनु (प्रेरणा), हुनैपर्छ (निश्चय), खान्छ(स्थिति), परिआउँछ (सामना), कुरा गर्‍यो (नाम+क्रिया+कार्य), भन्न खोज्यो, जान आँट्यो, जान लाग्यो (तत्परता), जान थाल्यो (आरम्भ), खान पायो (प्राप्ति), भनिरहनु (सातत्य), खानै आँट्यो (आसन्नता) ।

## १०. सरल र संयुक्त क्रियामा अकरणको स्वरूप

नेपाली क्रियामा तीन किसिमले 'न' जोडिएर अकरण बन्छ–

क) शुरूमा 'न' जोडिएर– नखाऊ, नहेर (विध्यर्थक) नभनी, नभए (कृदन्त) नहोला (तिङन्त) 'हो' वा 'हु' धातु ।

ख) बीचमा 'न' जोडिएर, तिङन्त– खाएनन् (खाए+न+अन्) खाएनौ (खाए+न+औ), खाइनस् (खाई+न+अस्), पढेनछ (अज्ञात भूत पढे+न+छ), पढिनछु (पढी+न+छ+उ), हेर्दैनथ्यो (हेर्दै+न+थि+ओ) ।

---

[४६] माधवप्रसाद पोखरेल : 'नेपाली समास – प्रक्रियामा मौलिकता', पूर्ववत् ।

ग) अन्तमा 'न' जोडिएर— खान्न (खान+न) जाँदिन, भएन।

बीच र अन्तमा 'न' लाग्दा अगाडि 'इ' भए स्त्रीलिङ्ग र 'ए' भए पुलिङ्ग हुन्छ। जस्तै– गरिन (गर्+इ+न), गरेन (गर्+ए+न)। यसबाट उत्तम पुरुष एकवचनमा चाहिं (मैले गरिन) स्त्रीलिङ्गी रूप नै प्रयोग हुँदोरहेछ भन्ने थाहा हुन्छ, किनकि उत्तम पुरुषको क्रियामा लिङ्ग भेद हुँदैन।

घ) शुरू र अन्त दुवैतिर 'न' लागेर– नगरी भएन, नखाई सकेन।

## ११. निष्कर्ष

परम्पराबाट हामी जसलाई सरल क्रिया (जान्छ, हुन्थ्यो) मान्थ्यौं, त्यो पनि संयुक्त क्रिया रहेछ भन्ने थाहा हुन्छ। सरल र संयुक्त क्रियाको सही जाँच धातुको संख्या हो। संयुक्त क्रियालाई समस्त शब्द मान्न सकिन्छ। अधात्विक शब्द र धात्विक शब्द मिलेर पनि संयुक्त क्रिया बन्छ। पदयोग र पदवियोग संयुक्त क्रियाको एक समस्या हो। विभिन्न उद्देश्यको पूर्ति गर्न संयुक्त र सरल क्रियाको संरचना बन्दोरहेछ। नेपाली क्रियाको सूत्रबाट सबै प्रकारको नेपाली क्रियापदको व्याख्या हुन सक्छ। यसरी संयुक्त क्रियालाई लक्ष्य गरेर सम्बद्ध सरल क्रियाको बनोटमा सहायक हुने कृदन्त, तिङन्त, धातु, प्रत्यय, सन्धि आदिको विश्लेषण यहाँ गर्नुपरेको हो।

⁂

# नेपाली क्रियाका काल–पक्ष र भाव : केही जिज्ञासाहरू

वासुदेव त्रिपाठी

## १. नेपाली भाषाको कालव्यवस्था

नेपाली भाषामा वर्तमान, भूत र भविष्यत् गरी ३ प्रकारका मुख्य काल मानिएका छन् । यी तीन कालमध्ये वर्तमान कालकै केन्द्रीयतामा अन्य दुई कालहरू निर्धारित हुने गर्दछन् । वर्तमान काल वक्ताको कथन–समयको प्रतिनिधित्व गर्ने काल हो र यसका सापेक्षतामा नै कुनै क्रिया वा व्यापार अथवा घटना घटित भएको कालको कथन वा निर्देश क्रियापदले गर्दछ । वर्तमान काल भनेको अहिलेको समय हो । थालिएको तर परिसमाप्त नभएको काल वर्तमान काल भनिन्छ । वक्ताको यही कथन–समय(वर्तमान क्षण)का केन्द्रबिन्दुमा सो भनिएको क्रिया घटित भएको घटना–समयका सापेक्षतामा क्रियाको भाषिक वा व्याकरणात्मक काल-निर्धारण हुन्छ । सो वर्तमानभन्दा अघिको, प्रारम्भ भई समाप्त भइसकेको क्रियाको अधिकरणस्वरूप काल भूत काल हो । त्यस्तै सो वर्तमानभन्दा पछि घटित हुने भनिएको तर घटित नभइसकेको क्रियाको अधिकरणस्वरूप काल भविष्यत् काल हो । वक्ताको कथन–समय स्वरूप सो वर्तमानको समकालको क्रियाको अधिकरणस्वरूप कालचाहिं वर्तमान काल नै हुन्छ । त्यसैले वक्ताका कथन–समयका सापेक्षतामा भइसकेको/हुँदो/हुने क्रियाको अधिकरण बनेको समय नै भाषिक काल ठहरिन्छ । दिक् र कालका शून्यतामा केही कुरा हुँदैन भने भाषिक कथनका निम्ति र सो कथन गरिएको क्रियाका निम्ति काल अधिकरण हुन आउँछ । प्रथमतः कथन–समयको वर्तमानताले सो भनिएको क्रियाको काल छुट्टयाउने सापेक्षता प्रदान गर्दछ र त्यस सापेक्षतामा सम्बन्धित क्रिया आधेय (आधारित) हुने कालगत आधारखण्ड छुट्टिन्छ जुन सो क्रियाको समयगत अधिकरण हुन्छ । काल अखण्ड हो तापनि कथनसमय र क्रियाका उपाधिले त्यो विभाज्य हुन पुग्छ ।

भाषिक क्रियाले क्रियाकालसँग त्यसको सन्दर्भकालको पनि निर्देश गरेको हुन सक्छ । वर्तमान कृदन्त असमापिका क्रियासंरचना (जाँदो) इत्यादिमा क्रियाको वर्तमानत्वकै मात्र सङ्केत गरिएको पाइन्छ भने पूर्ण भूत कृदन्त असमापिका क्रियासंरचना (गएको) ले चाहिं सन्दर्भसमय (भूत) पनि बताइरहेको पाइन्छ । यस परिप्रेक्ष्यमा क्रियाको घटनासमय वर्तमान कथनसमयसँग वा उक्त अर्को सन्दर्भसमयसँग पनि सन्दर्भित हुन सक्छ । भाषिक क्रियाले उक्त क्रियाको सन्दर्भसमयलाई जनाउँदा सम्बन्धित काल सापेक्ष हुन जान्छ भने यसरी नजनाउँदा निरपेक्ष रहन्छ । यिनै कारणहरूले गर्दा कथनसमय र घटनासमयका साथ सन्दर्भसमयसमेतका आधारमा भाषिक कालको निर्धारण हुने देखिन आउँछ ।

भाषिक कालका अवान्तर भेदहरू छन् तापनि मुख्य कालका रूपमा स्वीकृत वर्तमान, भूत र भविष्यत् वास्तवमा सामान्य वर्तमान, भूत र भविष्यत् काल हुन् । यिनीहरूले कथन–समयको समकालमा, कथन-समयभन्दा अघि वा कथन-समयभन्दा पछिको क्रियाको क्रियार्थको उपर्युक्त कालगत अधिकरणलाई नै झल्काउँछन् तर त्यस कालअन्तर्गत संभाव्य विशेष पक्षलाई झल्काउँदैनन् । यही नै यिनीहरूको सामान्यता हो ।

संस्कृत व्याकरणमा धातुले नै काललाई झल्काउँछ कि धातुबाट खास कालका सन्दर्भमा विधान गरिएका लकारले काललाई बताउने वा झल्काउने काम गर्दछन् भन्ने प्रशस्त छलफल गरिएको पाइन्छ । त्यहाँ सिद्धान्त रूपमा लकारले नै काललाई बुझाउने ठहरिएको छ र सो लकारका ठाउँमा तिङन्त आख्यात प्रत्ययको विधान गरिएको पाइन्छ । यही तिङन्तले नै क्रियालाई संस्कारित गरी क्रियापद तुल्याउँछ । नेपाली क्रियापदका सन्दर्भमा पनि धातुबाट हुने आख्यात प्रत्यय (क्रिया प्रत्यय) मा काललाई बुझाउने शक्ति रहेको पाइन्छ । आख्यात प्रत्यय वा 'तिङ' ले नै कालका अतिरिक्त धातुका फलव्यापाराश्रय कर्तृकर्म र पुरुष तथा लिङ्ग–वचन–सङख्यासमेतलाई बुझाउँछ तापनि आख्यात प्रत्ययको मुख्य अर्थ काल नै हो भन्ने भनाइ पनि छ । यस परिप्रेक्षमा नेपाली सामान्य वर्तमान, भूत र भविष्यत् कालका चिह्नस्वरूप रूपगत प्रत्यायक (रूपिम)हरू चासोका विषय हुन आउँछन् ।

क्रियासंरचना आख्यात प्रत्ययअन्तर्गत करण क्रियाका सन्दर्भमा सामान्य वर्तमान कालको प्रतीति गराउने रूपात्मक अवयव (रूपिम) 'छ' प्रायः स्पष्टै देखिन्छ । 'हुन्छ', 'हिंड्छे', 'हुन्छन्', 'जान्छस्', 'लड्छौ', 'भन्दछु', 'लेख्तछौं', 'पठाउँछे', 'गइन्छ', 'देखिन्छन्' आदि क्रियासंरचनामा 'छ' ले स्पष्टतः सामान्य

वर्तमानलाई बुझाएको छ र यस सन्दर्भमा 'छ' वा 'त/द+छ' लाई सामान्य वर्तमानको, प्रतीति गराउने रूपिम भन्नुपर्ने देखिन्छ । संस्कृत कृदन्तमा पनि 'त्' ले वर्तमान काल बुझाएको पाइन्छ । संस्कृत 'अस्' (प्रा. अच्छ) धातुबाट विकसित मानिने 'छ' ('छन त छ' बाट 'छ' को अस्तित्व प्रमाणित हुन्छ) का सामान्य वर्तमान क्रियासंरचनामा भने 'छ' ले नै धातुत्व र काल दुवैको प्रतिनिधित्व गरेको कुरा बुझ्नुपर्ने देखिन्छ । यदि उद्देशक वा परिचयबोधक 'हु' धातुका वर्तमान क्रियारूपावली वा क्रियासंरचनालाई पनि सामान्य वर्तमानमै समेट्ने हो भने यहाँचाहिँ वर्तमानत्वबोधक 'छ' चिह्न (मार्क) अचिह्नित रहेको मान्नुपर्ने हुन आउँछ । अकरण क्रियारूपका सन्दर्भमा 'छ' धातुका सामान्य वर्तमान क्रियासंरचनामा पनि वर्तमानत्व बोधक 'छ' र धातुत्व उही चिह्नद्वारा रूपायित भएको मान्नुपर्छ । सामान्यतः सामान्य वर्तमानका अकरण क्रियासंरचनामा 'छ' को तत्स्थानिक (स्थानापन्न : साटो) 'त्' 'द्' देखा पर्दछ । 'लेख्दैन', दिँदैनन्', 'हुँदैन', 'पढ्दैनौ', 'भन्दिन', 'सुन्दैनौं', 'गइदैन', 'देखाउँदैन' जस्ता अकरण क्रिया संरचनाले 'त्' 'द्' लाई वर्तमानत्व बोधक रूपिमका स्थानमा स्थापित गर्दछन् । 'हुन्न', 'दिन्न' जस्ता अकरण क्रिया रूपबाट भने 'त्' परसवर्ण भई 'न' मा पनि परिणत हुने स्थितिको सङ्केत प्राप्त हुन आउँछ । उपर्युक्त विभिन्न सन्दर्भमा 'त' 'द' वा 'त्', द्' संस्कृत वर्तमान कालको वा वर्तमान कृदन्तको 'त्' सँग सम्बन्धित रहेको बुझिन्छ । अकरण सन्दर्भमा पनि उद्देशार्थक वा परिचयबोधक 'हु' धातुका वर्तमान क्रिया संरचनामा 'त्', 'द्' अचिह्नित वा अनुपस्थित भेटिन्छन् ।

नेपाली सामान्य भूतकालको प्रत्यायक रूपात्मक चिह्न मुख्यतः 'य्' हो । 'लेख्यौं', 'देख्यौं', 'गयौं', 'हिँडायौं', 'भइयो', 'पढियो' जस्ता क्रियासंरचनामा सामान्य भूतको प्रतीति 'य्' बाट प्राप्त हुन्छ । तर सामान्य भूतकालका कतिपय क्रिया संरचनामा भने परम्परागत बूढो 'य्' लाई शिष्ट लेख्य सन्दर्भमा हटाइँदै आएबाट 'य्' विलुप्त वा स्वरवर्णमा रूपान्तरित भएको पाइन्छ । 'भये' का सट्टा 'भए', 'भयें' का सट्टा 'भएँ', 'भयिस्' का सट्टा 'भइस्' लेख्ने व्यवस्थाको फलस्वरूप यहाँ 'य्' स्वरपरिवर्तित भई विलुप्त जस्तो हुन पुगेको छ । यही कुरा 'थिएँ', 'देखें', 'देखिस्', 'देखे' आदिमा पनि संभाव्य छदैछ । 'देखियस्', 'देख्यें' जस्ता प्रारूपसमेत प्राचीन–मध्यकालीन नेपालीका माध्यमबाट प्राप्य ठहर्छन् । भानुभक्तकालीन नेपाली भाषामै पनि 'दिए' को प्रारूप 'दिया' र 'दिएँ' को प्रारूप 'दियाँ'/'दिजा' सुरक्षित नै रहेका छन् । आधुनिक नेपाली भाषामै पनि पूर्वीय–इतर भाषिकाहरूमा सामान्य भूतको 'य्' फेला पर्दैछ । अकरण क्रियासंरचनामा पनि सामान्य भूतको द्योतक बूढो 'य्' 'भएन', गइनस्', 'लेखेनन्', आदिमा

शिष्ट लेखनका क्रममा स्वरपरिवर्तित भई विलुप्त स्थितिमा रहेको छ र यसलाई अचिह्नित स्थिति पनि भन्न सकिन्छ ।

सामान्य भविष्यत् कालका क्रियासंरचनाका चाहिँ 'नै + छ' भविष्यद्बोधक रूपमा स्पष्टतः देखिन आउँछ ।

नेपाली काल र क्रियारूपको स्रोत र विकास प्रक्रियाका ऐतिहासिक सापेक्षतामा उपर्युक्त कालप्रत्यायक चिह्न वा रूपिमहरूलाई राखेर हेर्नु प्रासङ्गिक देखिन्छ । नेपाली सामान्य भूत क्रियासंरचना ऐतिहासिक स्तरमा संस्कृत कृदन्तीय पूर्ण भूतसँग अरू केही जोडिएको रूपबाट विकसित भएको मानिन्छ र नेपाली धातुमा नै लागेको सामान्य भूतबोधक बूढो 'य्' लाई मुख्यतः यहाँ कालबोधक स्वीकार्न सकिन्छ । नेपाली सामान्य वर्तमानको 'छ' जस्तो क्रियासंरचना संस्कृत 'अस्' (प्रा. अच्छ) धातुसँग सम्बन्धित मौलिक काल नै ठानिन्छ भने 'पढ्छ/पढ्दछ' वा 'लेख्छ/लेखतछ' जस्तो सामान्य वर्तमान क्रियासंरचनाचाहिँ ऐतिहासिक दृष्टिले कृदन्तमिश्रित काल प्रतीत हुन्छ र नेपाली अपूर्ण वर्तमान कृदन्त 'छ' सहायक क्रियासंरचनाको योगबाट 'त'/'द' खिइँदै बनेको क्रियासंरचनाका रूपमा देखिन आउँछ । मूल क्रियाका रूपमा नै प्रयुक्त हुँदा 'छ' को क्रियासंरचनामा 'त'/'द' अपेक्षित नै छैन भने परिचय वा उद्देश बुझाउने 'हुँ' का क्रियासंरचनामा पनि 'त/द' अनपेक्षित नै छन् । अनि अन्य सामान्य क्रियासंरचनामा अतिरिक्त रूपमा थपिने वैकल्पिक 'त/द' खिइदै 'छ' नै पर्याप्त हुने स्थिति बढ्दो देखिन्छ । अकरणका सन्दर्भमा भने 'छ' का अनुपस्थितिमा तत्स्थानिक रूपमा 'त्/द' वा परसवर्ण 'न्' अनिवार्य देखिन्छन् । नेपाली सामान्य भविष्यत् पनि ऐतिहासिकरूपमा कृदन्तमिश्रित श्रेणीकं काल हो र नेपाली सामान्य (वर्तमान/भविष्यत् साँधको ?) कृदन्त 'ने' र सहायक क्रिया 'छ'को क्रिया योगबाट यसको निर्माण भएको छ । नेपाली सामान्य वर्तमान, भूत र भविष्यत् काल ऐतिहासिक सन्दर्भमा माथि ठाउँ–ठाउँमा समेत सङ्केत गरिएअनुसार मौलिक, कृदन्तीय र मिश्रित तीनवटै सन्दर्भमा पर्न सक्छन् ।

नेपाली भाषाका सामान्य वर्तमान, भूत र भविष्यत्कालका क्रियासंरचनामध्ये वर्णनात्मक सन्दर्भमा भूत काल बढी मौलिक देखिन्छ भने वर्तमान कालमा कृदन्तीय कालको प्रभाव आंशिक रूपमा छ र भविष्यत् कालमा अधिक मात्रामा कृदन्तीय कालको प्रभाव देखिनाका साथै सहायक क्रियाको स्थिति बढी सुस्पष्ट देखा पर्न आउँछ ।

यी तीन कालमध्ये सामान्य वर्तमानमा भविष्यत्को आसन्नता पनि झल्किन्छ । सामान्य भविष्यत्चाहिँ कालिकता र भाव/अर्थ (वक्ताको इरादा–मनसाय) को आंशिक अभिव्यञ्जक जस्तो पनि छ ।

## २. नेपाली क्रियाका पक्षहरू

परम्परागत रूपमा पक्षलाई कालकै अवान्तर भेदका रूपमा अर्थ्याइने गरेको पाइन्छ । पक्षलाई विशेष काल वा अवस्था पनि भनिएको देखिन्छ । काल र पक्ष दुवैले क्रियाको समयलाई आ–आफ्नो किसिमले बताउँछन् । खास गरी पक्षले क्रियाको समयगत आन्तरिक क्षेत्रको प्रतिनिधित्व गर्दछ । अवस्था, घटना र प्रक्रिया जस्तो परिस्थिति नै क्रियाबाट झल्किन्छ र त्यस परिस्थितिको अन्तरङ्ग समयसँग पक्ष सम्बन्धित रहन्छ । यसका तुलनामा कालचाहिँ त्यस परिस्थितिको बहिरङ्ग समयसँग सम्बन्धित हुन्छ । त्यस्तो पक्षले कुनै परिस्थितिको आन्तरिक समयगत क्षेत्रको बनोटलाई बुझाउँछ ।

पक्षलाई खास वैपरीत्यका आधारमा केलाउने गरिन्छ । 'सातत्य (निरन्तरता) र असातत्य' या 'अपूर्णता र पूर्णता' जस्ता वैपरीत्यका आधारमा पक्ष विभाजित हुने गर्दछ । नेपाली क्रिया सन्दर्भमा अपूर्ण र पूर्ण दुई पक्ष मानिएका छन् । अपूर्ण/पूर्ण वैपरीत्यका आधारमा नेपाली क्रियाका यी पक्ष वा अवस्थालाई बुझ्न सकिन्छ । पूर्ण पक्षले कुनै परिस्थितिका समयगत आन्तरिक क्षेत्रमा प्रवेश नगरी समग्रतामा हेर्दछ । यसले सम्बन्धित परिस्थितिका व्यष्टि चरण, अवयव वा आदि–मध्य–अन्त्यलाई नबताई परिस्थितिको आन्तरिक समयगत सम्पूर्णतालाई बुझाउँछ । अपूर्ण पक्षले चाहिँ त्यस स्थितिको आन्तरिक समयगत क्षेत्रका अवधि, चरण–शृङ्खला, अवयव आदिलाई हेर्दछ र बुझाउँछ । त्यस स्थितिको अन्तर्विकास वा आवृत्तिलाई स्पष्टतः त्यसै भित्रबाट हेरी बुझाउने हुनाले नै यो पक्ष अपूर्ण ठहरिएको हो । पक्षगत रूपमा अचिह्नित हुनु नै सामान्यता हो र त्यो सामान्य काल हो भने पूर्ण र अपूर्ण पक्षचाहिँ चिह्नित हुन्छन् ।

नेपाली क्रियाका वर्तमान, भूत र भविष्यत् तीनवटै कालमा अपूर्ण र पूर्ण पक्ष देखिन्छन् । अपूर्ण पक्षले निर्दिष्ट क्रिया वा परिस्थिति (स्थिति, घटना, प्रक्रिया) को अन्तरङ्ग समयलाई हेर्दछ । 'जाँदो छ', 'लेख्तो छ' मा क्रियाको सातत्य (गतिशीलता : निरन्तरता) वा अपूर्णता वर्तमान कृदन्त क्रियाबाट चिह्नित छ र 'दो/दै' वा 'तो/तै' त्यसका प्रत्यायक रूपिम हुन् । यहाँ वर्तमान कृदन्त र सहायक क्रिया 'छ' का योगबाट अपूर्ण पक्षका साथै वर्तमानत्व बुझिन आउँछन् । 'गएको छ' मा क्रियाको समग्रता वा पूर्णता भूत कृदन्त क्रियाबाट चिह्नित छ र 'एको' त्यसको प्रत्यायक रूपिम हो । यहाँ भूत कृदन्त र सहायक क्रिया 'छ' का योगबाट पूर्ण पक्षका साथै भूतत्व बुझिन आउँछन् । यसरी कृदन्त र सहायक क्रिया 'छ' का माध्यमबाट नै अपूर्ण–पूर्ण दुवै पक्ष व्यक्तिन्छन् । भूत र भविष्यत् कालका प्रसङ्गमा पनि 'तो/दो' वा 'तै/दै' बाट अपूर्णता र 'एको' बाट

पूर्णताको प्रतीति हुन्छ भने सहायक क्रियाचाहिं 'थियो' वा 'हुनेछ' जस्ता तत्तत्कालका नै हुन्छन्। पूर्ण/अपूर्णका बोधक यी रूपिमहरू कृदन्त हुनाले यिनमा लिङ्ग, वचन इत्यादि नामिक विकार संभाव्य छन्। तर 'तै/दै' चाहिं 'ऐ' अवधारकका उपस्थितिले गर्दा अविकारी वा अव्ययधर्मी देखिन्छ।

पाणिनिले आफ्नो 'अष्टध्यायी' का तृतीय अध्यायमा खास–खास कालमा तिङन्त र कृदन्त दुवै थरी प्रत्ययको विधानको व्यवस्था गरेका छन्। यसबाट काल–पक्षका सन्दर्भमा कृदन्त क्रियाको प्रासङ्गिकताको पुष्टि पनि हुन आउँछ।

मोटामोटीमा, पक्ष बारे यति नै चर्चा गरौं। यसका अन्य प्रसङ्गबारे पछि नै कुनै बखत चर्चा गरौंला।

## ३. नेपाली क्रियामा भाव/अर्थ

काल र पक्षसँग निकट रूपमा सम्बद्ध हुँदा हुँदै पनि यी दुईभन्दा भाव वा अर्थ विशिष्ट देखिन्छ। भाव/अर्थले वक्ता वा कथयिताका विशेष इरादा वा मनसायलाई व्यक्त गर्दछ। पाणिनिको 'अष्टाध्यायी' का दश लकारमध्ये छ लकार कालसँग र 'लोट्', 'लिङ' र लृङ' का साथै वैदिक 'लेट्' लकार समेत चार लकार चाहिं 'अर्थ'सँग नै सम्बन्धित रहेका छन्। पाणिनिले विध्यादि विभिन्न अर्थ बताए पनि प्रवर्तना (अकरणमा 'निर्वृत्ति') र संभावना तथा क्रियातिपत्ति (कार्यसिद्धि) नै लकार विधानका सामान्य नियमका सन्दर्भमा पर्याप्त हुने कुरा उनका उत्तरवर्ती व्याख्याकारहरूले औंल्याएका छन्। नेपाली भाषामा वाक्यस्तरमा सामान्यार्थ (अचिह्नित : स्वार्थे) का साथै प्रश्नार्थ, प्रवर्तनार्थ (विध्यादि अर्थ), सम्भावनार्थ र सङ्केतार्थ स्पष्ट रूपमा देखा पर्छन् तापनि प्रश्नार्थबाट क्रियाका काल-पक्षगत रूपसंरचनामा विशेष प्रभाव नपर्ने हुँदा र सामान्यार्थ काल-पक्षका क्रममा नै आउने हुँदा खास गरी काल–पक्ष सँगसँगै भाव वा अर्थबारे चर्चा गर्दा प्रवर्तनार्थ (विध्यर्थ) बारे र अनिश्चयार्थअन्तर्गत समेटिन सक्ने संभावनार्थ र सङ्केतार्थबारे विशेष उल्लेख गर्नु वान्छनीय हुन आउँछ।

आज्ञा, उपदेश, अनुमति, प्रार्थना आदिको समष्टि स्वरूप प्रवर्तना वा विध्यादि अर्थ वक्ताका इच्छाका दृष्टिले वर्तमानकालिक भए पनि क्रियाका दृष्टिले भविष्यत्कालीन बुझिन आउँछ। ऐतिहासिक सापेक्षतामा यो संस्कृतबाट विकसित मौलिक काल हो। 'जाओस्', 'गरियोस्', 'होओस्' आदि विध्यर्थ क्रियासंरचनाबाट 'ओ' विध्यर्थको प्रत्यायक देखिन खोज्छ भने 'गरून्', 'दिऊन्' आदिमा 'ऊ' तत्स्थानिक देखापर्छ। यी 'ओ/उ' लुप्त पनि देखिन्छन् र 'गएस्' आदिमा तत्स्थानिक 'ए' पनि देखिन आउँछ।

संभावनार्थमा पनि वक्ताको वर्तमान सन्दर्भसहित क्रियाको भविष्यत् स्थिति झल्किन्छ । संभावनालाई पनि प्रवर्तनामै समेट्न सकिने मत पनि व्यक्त भएको पाइन्छ तर त्यसबाट चाहिं स्पष्टताभन्दा अस्पष्टता नै बढी थपिने देखिन्छ । ऐतिहासिक दृष्टिले यसलाई कृदन्तीय र कृदन्तमिश्रित कालमा पनि राखिन्छ । 'जाला', 'खाउँला', 'दिऔंला', 'दिइएला', 'बनाउँला', 'भइएला' आदि संभावनार्थक क्रियारूपबाट 'ल्' संभावनाबोधक रूपावयव देखापर्छ । 'जानन्', 'खानन्' आदि क्रियारूपबाट यसको तत्स्थानिक 'न' पनि देखिन्छ । यसका अकरणमा वैकल्पिक रूपमा पाइने 'जाओइन' (प्राग्रूप 'जावोइन') आदिबाट 'ओ' (प्राग्रूप 'वो') पनि तत्स्थानिकका रूपमा फेला पर्दछ ।

सङ्केतार्थ हेतु– हेतुमद्भाव (कारण-कार्यभाव वा शर्त) सँग सम्बन्धित छ । यहाँ कारण भाग सङ्केतार्थक हुन्छ र सङ्केतार्थक क्रियासँग लाग्ने 'ए' ले नै सङ्केतलाई बुझाउँछ । यसलाई ऐतिहासिक दृष्टिले संस्कृतबाट विकसित मौलिक काल मानिन्छ र यसमा वक्ताद्वारा वर्तमान सन्दर्भमा कारण (शर्त) सहित भविष्यत् क्रियाको सङ्केत पनि गरिन्छ तापनि यसमा सङ्केत अर्थकै प्राबल्य देखिन्छ । कारण भागमा अन्य समापिका क्रिया नै रहेमा चाहिं 'त', 'भने' जस्ता सापेक्ष संयोजकले कार्य भागलाई जोडी संयुक्त वाक्य जनाएको पाइन्छ । 'पानी परे शीतल हुन्छ ।' आदि वाक्यमा 'परे' को सङ्केतार्थक क्रिया प्रत्यय 'ए' प्रायः अव्ययवत् हुन्छ तापनि यसैले नामिक विकार वा विभक्ति समेत ग्रहण गर्ने विशेष स्थिति पनि देखिन्छ । क्रियाको असिद्धि (कार्यासिद्धि : क्रियातिपत्ति) देखाउने सङ्केतार्थक समेत देखिन्छ । यसमा लकार वा काल–अवस्थाको व्यतिक्रम (भूत काल) पनि देखिन्छ ।

उपर्युक्त विभिन्न भाव वा अर्थ विभिन्न काल–पक्षसँग सन्दर्भित हुन सक्ने हुँदा यिनका काल–पक्षगत भेद पनि देखिन्छन् ।

## ४. कालपक्षको व्यतिक्रम

भाषिक क्रियासंरचनामा सामान्य क्रिया–कालको व्यतिक्रम (अतिक्रमण) पनि हुने गर्दछ । नेपाली भाषामा पनि आसन्न (निकटतम) काल लगायत बुद्धिस्थ काल–व्यतिक्रमका साथै अन्य आर्थिक तथा संरचनात्मक सन्दर्भमा काल-व्यतिक्रम भएको पाइन्छ । पाणिनिले आफ्नो 'अष्टाध्यायी' मा यस प्रकारको संरचनागत व्यतिक्रमलाई व्याकरणका स्तरमा व्यवस्थित तुल्याउन ५० भन्दा बढी सूत्रहरू रचेका छन् । उनका व्याख्याकारहरूले यसै आधारमा लकारार्थ प्रकरण प्रस्तुत गरेका छन् । यसमा वक्ताका भाव र तिनले प्राप्त गरेको भाषिक

क्रिया संरचनाप्रति सूक्ष्म दृष्टि दिई क्रियागत काललाई संभवभाषिक व्यतिक्रमका सन्दर्भमा अर्थलाई वर्णन गरिएको पाइन्छ । एकातर्फ वक्ताका सूक्ष्म अर्थगत वैशिष्ट्य र विभेद तथा क्रियागत काल–सन्दर्भको जटिलता तथा अर्कातर्फ भाषिक संरचना तथा त्यसका घटक तत्त्वहरूका बीचको अन्तर्क्रियाका सन्दर्भमा क्रियागत काल व्याकरणात्मक कालमा परिणत हुँदा हुने व्यतिक्रमको सुव्यवस्थित वर्णन त्यहाँ पाइन्छ । त्यस सापेक्षतामा हेर्दा अहिलेसम्म नेपाली भाषाको काल–पक्ष–भावको व्यतिक्रम बारे मोटामोटी दिग्दर्शन हुन सकेको पाइन्छ र यसबारे गहन अध्ययन अपेक्षित देखिन्छ ।

यस क्रममा पाणिनीय परिपाटीको उपयोग गर्न सकिने प्रशस्त संभाव्यता छ र प्रासङ्गिक पाश्चात्य आधुनिक पद्धतिहरू पनि उपयोगी नै हुनेछन् ।

⁂

# नेपालीका काल, पक्ष, भाव

हेमाङ्गराज अधिकारी

## १. विषय–प्रवेश

काल, पक्ष, भाव क्रियापदसँग सम्बद्ध व्याकरणात्मक कोटि हुन् । यी अन्य भाषाहरूमा जस्तै नेपाली भाषामा पनि परस्पर अन्तर्सम्बद्ध भई व्यक्त हुन्छन् । एउटै क्रियापदीय प्रयोगलाई पनि कालिक, पक्षीय र भावगत आधारमा भिन्नभिन्न दृष्टिले हेर्ने गरिन्छ । यसबाट के थाहा हुन्छ भने क्रियाका यी तीन कोटिका सम्बन्धको सीमारेखा सबै ठाउँमा स्पष्ट रूपमा देखाउन सकिँदैन । उक्त कोटिहरूलाई व्यक्त गर्ने रूपात्मक विभेदकताको कमीले गर्दा पनि यी एकअर्काका लागि केही न केही रूपमा अन्तः संक्रमित तथा अन्तर्भूत स्थितिमा व्यक्त हुन्छन् । तर यिनलाई हेर्ने आधारमा केही भिन्नता हुनाले यहाँ तिनै आधारलाई पच्छ्याउँदै भिन्नाभिन्नै उपशीर्षकमा चर्चा उठाइन्छ ।

## २. काल

काल समयसंकेतक क्रियाको कोटि हो । यसले क्रियाले संकेत गरेको समयबिन्दुलाई जनाउँछ । वस्तुतः बृहत् काल र व्याकरणात्मक कालले भिन्नाभिन्नै क्षेत्र ओगट्छन् । तर सामान्यतः जसरी बृहत् काललाई भूत, वर्तमान र भविष्यत् गरी तीन भिन्नभिन्न समयबिन्दुमा विभाजन गरिन्छ त्यसै गरी व्याकरणात्मक काललाई पनि तीन विभेदक वर्गमा विभाजन गर्न खोजिन्छ । सार्वभौम विशेषताका रूपमा कालको उक्त विभाजन सबै भाषाका लागि उत्तिकै उपयुक्त नदेखिएकाले नै व्याकरणात्मक काल बृहत् कालभन्दा भिन्नै कुरो रहेछ भन्ने स्पष्ट हुन्छ । क्रियापदले आफ्ना व्याकरणात्मक युक्तिद्वारा उक्त तीनै काललाई एकअर्काबाट विभेदक रूपमा दर्शाउन सकेको स्थितिमा भूत, वर्तमान, भविष्यत् तीनै काल पूर्णतः विभेदक ठहरिन्छन् । जबसम्म उक्त विभिन्न काललाई व्याकरणका रूपात्मक विशेषताहरूले विभेदकताका साथ व्यक्त गर्न सकेका हुँदैनन्, तबसम्म तिनलाई

आर्थी दृष्टिले छुट्टाछुट्टै मानिए पनि व्याकरणात्मक दृष्टिले छुट्टाछुट्टै मानिनुको औचित्य रहँदैन ।

अभिव्यक्तिका उपक्रममा बृहत् समयलाई विभाजन गर्दा वर्तमान काल (अहिले) त्यस्तो समयबिन्दु हो जुन बिन्दुभन्दा अगाडिको समय भूत र पछाडिको समय भविष्यत् हुन आउँछ। वर्तमानलाई पनि बोल्दाबोल्दैको समय नै मान्ने हो भने पनि कि त्यो समय भूतको क्षेत्रभित्र पर्छ कि भविष्यत्को क्षेत्रभित्र पर्छ । उक्त स्थितिमा वर्तमान शून्य समयबिन्दु ठहरिन्छ । यसरी वर्तमान काललाई परिभाषित गर्न निकै कठिन हुन्छ । अथवा संकथन काल र घटित काल एउटै नहुन सक्छ । संकथन काल अहिले र संकथित घटनाको काल केही अघि वा केही पछि पनि हुन सक्छ । यसरी बृहत् कालका दृष्टिले व्याकरणात्मक काललाई हेर्न खोज्दा त्रिकालिक धारणाले ओगट्ने क्षेत्रको आनुपातिक वितरण नहुने र वर्तमान बिन्दु ज्यादै क्षणिक हुने कुरो स्पष्ट छ। व्याकरणात्मक युक्तिहरूद्वारा कालहरूको वितरण भाषा–भाषामा भिन्नाभिन्नै ढङ्गले गरिएको हुन्छ । कतिपय भाषामा वर्तमानले अंशतः भूतको क्षेत्रका साथै भविष्यत्को व्यापक क्षेत्र ओगट्ने हुन्छ ।

नेपाली भाषामा व्याकरणात्मक काल—

नेपाली भाषाका व्याकरणमा कालका तीन प्रकार मानिएका छन्–

क) वर्तमान काल : अहिलेका बखत (अहिले हुन लागेको क्रिया)

ख) भूत काल : अघिको बखत (अघि भइसकेको क्रिया)

ग) भविष्यत् काल : पछिको बखत (पछि हुने क्रिया)

उक्त काल क्रमशः निम्न प्रकारका उदाहरणमा प्रतिबिम्बित भएको ठानिन्छ-

१) श्याम (अहिले) घर जान्छ ।

२) राम (हिजो) घर गयो ।

३) हरि (भोलि) घर जानेछ ।

यी उदाहरण वाक्यहरूमध्ये पहिलो र दोस्रो वाक्यको कालिक विभेदकता दर्शाउन 'जान्छ' र 'गयो' क्रियापद आफ्ना रूपात्मक विशेषताले सक्षम देखिन्छन् तर तेस्रो वाक्य भने उक्त कुरामा सक्षम छैन भन्ने कुरा तलका वाक्यलाई हेर्दा अझ स्पष्ट हुन्छ—

४) हरि (अहिले) भोलि घर जान्छ ।

यसबाट के देखिन्छ भने भविष्यत् वर्तमान कालको विभेदकता स्पष्ट छैन । क्रियापदको त्यही एउटै रूपले प्रसङ्गअनुसार वर्तमानता वा भविष्यता जनाउन सक्छ । यसलाई वर्तमान कालमा मात्र सीमित गर्न कुनै अर्को स्वाभाविक व्याकरणात्मक युक्ति देखिँदैन । हाम्रो व्याकरणहरूमा प्रारम्भ भएको र समाप्ति नभएको

काललाई वर्तमान ठानिए पनि वर्तमानबोधक क्रियाले चाहिं प्रारम्भ नभएको काललाई पनि निर्बाध रूपमा सङ्केत गर्ने हुनाले वर्तमानले भविष्यत्‌को परिधिलाई समेत समेटेको स्पष्ट छ । अतः नेपाली भाषाको स्वाभाविक रूपायनिक व्यवस्थाका आधारमा हेर्ने हो भने मूलतः निम्नलिखित दुई काल मात्र यसमा फेला पर्छन्–

क) भूतकाल (सिद्ध काल)
ख) अभूत काल (असिद्ध काल)

भूत काल जनाउन क्रियाका भिन्नै रूपावली भएकाले यो काल स्पष्टतः विभेदक हो र अभूत कालले पनि भूतको सापेक्षतामा भिन्नै रूपावली लिने हुँदा यो पनि विभेदक हो । अभूत कालले वर्तमान, भविष्यत्‌का साथै कालनिरपेक्ष विश्वव्यापी सत्य, कार्यको सामान्य प्रवृत्ति निर्वृत्ति समेत जनाएको पाइन्छ–

५) सूर्य पूर्वतिर उदाउँछन् ।
६) हरि सधैं विद्यालय जान्छ ।
७) उ कहिल्यै पढ्दैन ।

यी वाक्यहरूले बताएका कुरा खास कालिक परिधि तथा बिन्दुसँग मात्र सम्बद्ध देखिंदैनन् । यसरी अभूत कालको स्थिति नेपाली भाषामा सिद्ध भए पनि किन यसलाई वर्तमान र भविष्यत् भनी छुट्ट्याइन्छ ? यसको उत्तरमा नेपाली भाषाका व्याकरणमा गरिएको भविष्यत् कालको अलग व्यवस्था विशेष उल्लेख्य छ । भविष्यत् कालका लागि कृदन्तीय विशेषण 'ने' का साथ छ, छन् आदि योजक क्रियाको संयोजनद्वारा बनाइएका कृत्रिम रूपहरूको व्यवस्था भएकाले कथित आधिकारिकताका आधारमा लेख्य भाषामा पनि यसको प्रचलन निकै बढेकाले नेपालीमा भविष्यत् कालको छुट्टै व्यवस्था देखाइन्छ । तर यस्तो व्यवस्था लेख्य भाषामा पनि पूर्णतः विभेदक होइन, पूरक वा वैकल्पिक मात्र हो भन्ने कुरा लेख्य भाषामा प्रचलित निम्नलिखित उदाहरणबाट समेत स्पष्ट हुन्छ–

८) अञ्चलको शान्ति–सुरक्षाको काम अञ्चलाधीशले हेर्छन् (हेर्नेछन्) ।
९) बाँकी परीक्षाफल पछि प्रकाशित गरिन्छ (गरिनेछ) ।

उक्त दुई वाक्यमा प्रयुक्त हेर्नेछन् र गरिनेछ का सट्टा हेर्छन् र गरिन्छ क्रियापदीय रूपको प्रयोग गरेमा पनि वाक्यको आशयअनुरूपको व्याकरणात्मक संरचनामा कुनै अनौचित्य नहुने देखिन्छ । लेख्य भाषामा अभ्यस्त भएकाहरूलाई चाहिं नेछ, नेछन् आदि क्रियापदीय रूपहरू बढी स्वाभाविक जस्ता लाग्न सक्छन् । तर यस्तो व्यवस्था वर्तमानबाट भविष्यत्‌लाई स्पष्टतः अलग्याउन गरिएको सचेत प्रयास हो । नेपाली भाषाको कालिक संरचनामा भूत र अभूत कालको स्थिति विशेष महत्त्वपूर्ण र विचारणीय छ । अभुत काललाई पनि वर्तमान र

भविष्यत् भनी विभाजन गर्न सकिन्छ । यसमा वर्तमान रूपबाट नै प्रसङ्गअनुसार भविष्यत् पनि बुझिने हुँदा विभाजनको रेखा त्यति स्पष्ट हुँदैन, तर नेछ, नेछन् आदि कथित रूपहरूको प्रयोग भने भविष्यता नै जनाउने दृष्टिले गरिन्छ । अनि यस्तो भविष्यत् काल वर्तमानको समयनिरपेक्षता जनाउने (५–७) वाक्यबाट पूर्णतः भिन्न हुने कुरो पनि विशेष उल्लेख्य छ । समयसापेक्षता जनाउन चाहेमा चाहिँ उक्त वाक्यहरूले पनि अन्य कालिक रूप लिन सक्छ ।

कालिक व्यवस्थाको विचलनलाई कालातिक्रमण भन्न सकिन्छ । कुरो वर्तमान (भविष्यत् पनि) वा भूतको छ, क्रियापदीय रूप भने विपरीत ढङ्गले क्रमशः भूत वा वर्तमान कालको हुने स्थिति नेपाली भाषामा यदाकदा देखन सकिन्छ—

१०) अब तिमीले चुटाइ खायौ ।
११) म आइहालें, तिमी हिंड्दै गर ।
१२) 'कि मरिछाड्यो कि गरिछाड्यो मर्दको इरादा' ।
१३) हामीले आउँदो सालको जाँच पास गर्‍यौं–गर्‍यौं ।
१४) कहिले आइस् ? भरखरै आउँदैछु ।

कालसामीप्यका अभिप्रायले प्रयोग गरिने उपर्युक्त वाक्यहरूमा संकथनकाल र घटित कालमा निक्कै भिन्नता देखिन्छ । माथि दिइएका १०/१३ सम्मका वाक्यहरूमा भूतसामीप्यको अभिप्रायले तथा क्रिया सिद्ध नभइसके पनि अथवा क्रिया नै शुरू नभए पनि क्रिया शुरू भई सिद्ध समेत भएको भन्ने जोड जनाउनका लागि वर्तमान प्रयोग हुनुपर्ने ठाउँमा भूत कालिक रूपको प्रयोग भएको छ । (१४) वाक्यमा वर्तमान सामीप्यको अभिप्रायले भूत प्रयोग हुनुपर्ने ठाउँमा पनि वर्तमानकै प्रयोग भएको छ । यस किसिमको कालातिक्रमणले पनि व्याकरणात्मक कालमा एक काल र अर्को कालको सीमारेखा आर्थी दृष्टिले अपेक्षा गरेअनुरूप अनतिक्रमणीय नहुने कुरा उल्लेख्य छ ।

## ३. पक्ष

सामान्यतः कालिक धरातलसँग पक्षको सम्बन्ध रहन्छ । यसले कालको वितरण वा प्रसारको संकेत गर्दछ । त्यसैले पक्षलाई समयसन्दर्भ संकेतभन्दा क्रियाको प्रक्रिया, घटना तथा अवस्थाको संकेतक मानिन्छ । पक्षले कालका विभिन्न अवस्था जनाउने हुँदा यसको कालिक धरातल एकभन्दा बढी कालसँग सम्बद्ध हुन पनि सक्छ ।

| वर्तमान काल | भूत काल |
|---|---|
| १५) क) श्याम पढ्दै छ । | ख) श्याम पढ्दै थियो । |
| (श्याम पढ्दो छ) | (श्याम पढ्दो थियो) |
| १६) क) श्यामले पढेको छ । | ख) श्यामले पढेको थियो । |
| | ग) श्यामले पढेथ्यो । |

माथिका (१५) का क र ख वाक्यमा कालिक अन्तर भए पनि पक्षगत अन्तर छैन । यी दुवै वाक्यका क्रियापदले क्रियाका अवस्थाको अपूर्णता जनाएका छन् । (१५) का कोष्ठकमा दिइएका वाक्यहरू पनि उपर्युक्त सन्दर्भमा नै कतैकतै प्रयोग भएका भेट्टाइन्छन् । त्यस्तै (१६) का तीनै ओटा वाक्यहरूले क्रियाको पूर्णता जनाएका छन् । यसमा (ग) वाक्यले चाहिँ (ख) वाक्यकै क्रियाको संश्लिष्ट रूप (पढेको थियो, पढेथ्यो) लिएको स्पष्ट छ । उक्त किसिमका पक्षीय तत्त्वहरू व्यक्त गर्न नेपाली भाषामा छुट्टै रूपायनिक युक्ति नभएको र कृदन्तीय क्रियाका रूपहरूको संयुक्तिद्वारा सो बुझाउने प्रचलन देखिन्छ ।

तलका वाक्यमा प्रयुक्त संरचनाले भने उपर्युक्त भन्दा केही भिन्न अवस्था-विशेषलाई सङ्केत गर्दछ—

१७) श्यामले धेरै पढेछ ।

यस वाक्यमा प्रयुक्त क्रियापदले क्रियाको अज्ञात अवस्था जनाउँछ । हुन त यस्तो क्रियापद (१६ क) सँग संरचनात्मक दृष्टिले केही मिल्दो जुल्दो देखा पर्छ । 'पढेको छ' र 'पढेछ' दुवैले क्रियाको सिद्धावस्था जनाउँछन्, अनि क्रियाको पूर्णता पनि । तर पहिलाले सिद्ध कुराको ज्ञातता र दोस्राले अज्ञातता जनाउने हुँदा दुवै भूतकालका सीमावर्ती प्रयोग हुन् भन्ने कुरो चाहिँ स्पष्ट हुन्छ । तर व्याकरणहरूमा उक्त (१६ क) वाक्यलाई पूर्ण वर्तमान र (१७) वाक्यलाई चाहिँ अज्ञात भूत मानिएको छ । उक्त दोस्रो प्रयोग वस्तुतः वर्तमानका अज्ञातता तथा पूर्णताको संयोजित प्रयोग मानिँदा कुनै फरक नपर्ने देखिन्छ । यसरी हेर्दा अज्ञातता खास अवस्थाको पनि अवस्थाविशेष ठहर्छ ।

नेपाली भाषामा पक्षका दृष्टिले अपूर्ण र पूर्ण प्रयोगहरू अन्तरकालिक रूपमा मात्र नभई अन्तर व्यक्तिगत रूपमा समेत संक्रमित पाइन्छन् । यसैले यिनको क्षेत्र सबैभन्दा विस्तृत छ । यस दृष्टिले अज्ञात पक्षचाहिँ क्रियाको सिद्धावस्था मात्र जनाउने वर्तमान र भूतकालको सीमावर्ती सन्दर्भ लिने प्रवृत्तिको देखा पर्छ । खास कालिक परिधिमा मात्र सीमित अर्को पक्ष निम्नलिखित वाक्यमा औंल्याउन सकिन्छ—

१८) क) श्याम खूब पढ्थ्यो ।
ख) त्यस वेला हामी उसकहाँ जान्थ्यौं ।

उक्त वाक्यहरूमा प्रयुक्त क्रियापदलाई (१५ ख) कै क्रियापदीय संरचनासँग सम्बद्ध (पढ्दो > पढ् + थियो > थ्यो = पढ्थ्यो) मानिन्छ । वस्तुतः यसले भूतकालिक अपूर्णताभन्दा केही भिन्न खालको क्रियाको आकृति वा अभ्यस्त स्वभाव जनाउने गरेको पाइन्छ । यसरी उक्त वाक्यहरूमा प्रयुक्त क्रियापदको अभिप्राय 'पढ्ने गर्थ्यो' तथा 'जाने गर्थ्यौं' खालको हुने देखिन्छ । यस किसिमको आवृत्ति वा अभ्यस्त स्वभाव जनाउने पक्ष वर्तमान कालमा भने कालिक सामान्य रूपबाट नै बुझिएको हुन्छ—

१९) श्याम खूब पढ्छ ।
(श्याम खूब पढ्ने गर्छ ।)

पक्षगत दृष्टिले क्रियाको विशेष अभ्यस्त स्वभाव बुझाउन भूत कालमा देखिएको विभेदकता जस्तै वर्तमान कालमा चाहिँ सो संरचनात्मक विभेदकता देखिँदैन । क्रियाको सामान्य प्रवृत्ति दर्शाउन वर्तमान काल नै सक्षम (हेर्नू : ६–७ वाक्य) भएकाले वर्तमान काल सामान्य प्रयोग नै प्रसङ्गअनुसार त्यसका लागि उपयोग भएको स्पष्ट छ । यस किसिमको प्रयोगले खास प्रसङ्गमा मात्र क्रियाको अभ्यस्त स्वभाव विशेष दर्शाउने हुँदा उक्त (१९) को प्रयोगलाई संरचनात्मक दृष्टिले उक्त पक्षभित्र राख्न भने मिल्दैन ।

उपर्युक्त सन्दर्भमा यहाँनेर उल्लेख्य कुरो के छ भने जुनसुकै कालमा सामान्य प्रयोगलाई पक्षका दृष्टिले आधार वाक्य मानी त्यसबाट विभेदक भएका विशेषतालाई अपूर्ण, पूर्ण, अज्ञात तथा अभ्यस्त/आवृत्त आदि पक्षको चर्चा गरिने हुँदा भूत, वर्तमान तथा भविष्यत्का समेत सामान्य प्रयोगहरू पक्षका दृष्टिले सामान्य पक्ष नै मानिन्छन् । अतः तलका वाक्यहरूले त्यस्तै पक्षलाई निर्देश गर्छन् —

२०) श्याम कुकुरलाई भात दिन्छ ।
२१) हरिले बाजा बजायो ।
२२) आज पानी पर्नेछ (पर्छ) ।

३·२ नेपाली भाषामा पक्ष अन्तर्कालिक अन्तर्वृत्तिगतका साथै खास काल विशेषसँग सम्बद्ध भएर मात्र पनि व्यक्त भएको पाइन्छ । यस किसिमले व्यक्त हुने कुनै पनि पक्ष आफैंमा पूर्णतः विभेदक संरचना नलिई भविष्यत् कालिक रूपमा जस्तै विभिन्न कृदन्तीय क्रिया र 'छ, हो' जस्ता योजक क्रियाको संयुक्तिमा

देखिन्छन् । कृदन्तीय क्रियामा 'तै/दै (तो/दो)' प्रत्ययान्तलाई वर्तमानबोधक र 'एको' तथा 'ए' प्रत्ययान्तलाई भूतबोधक मानिने हुँदा यस्ता क्रियाको संयुक्तिबाट बनेका पक्षबोधक क्रियाहरू पनि उक्त विशेषताले सम्बद्ध रहन्छन् । यसबाट अपूर्णताबोधक क्रियाहरूले वर्तमान कालमा वर्तमान परिधिकै एक बिन्दुदेखि अर्को बिन्दुसम्मको विद्यमान निरन्तरता (वर्तमान काल अभूत कालका रूपमा व्यक्त हुने भएकाले यसको पहुँच भविष्यत्को परिधिसम्म हुन सक्ने कुरा स्मरणीय छ) र भूत कालमा त्यही कालको परिधिअन्तर्गतको विद्यमान निरन्तरता जनाउने हुन्छन् । अनि पूर्णताबोधक वर्तमान कालमा पनि भूतदेखि वर्तमानसम्म जनाउने हुनाले यस्ता प्रयोगले कालिक सीमारेखा पार गर्छन् । अथवा भूतता र पूर्णता दुवैले सिद्धावस्था जनाउने हुँदा र पूर्णता भूतकालिक कृदन्तले जनाउने हुनाले पनि यी दुईको निकटता विशेष उल्लेख्य छ । त्यसैले यस्ता प्रयोग कालिक दृष्टिले सीमावर्ती स्थितिमा रहनु स्वाभाविक छ । भूतकालिक कृदन्तद्वारा व्यक्त गरिने पूर्णताबोधक पक्षका विशेषताले गर्दा पूर्ण वर्तमानको झुकाव वर्तमानताभन्दा भूतताप्रति भएको बुझिन्छ । अनि पूर्णताबोधक भूतकालिक प्रयोगमा भने पक्षगत र कालगत दुवै विशेषताले भूतताकै अवस्थाका साथै परिधि बुझाउने कुरो स्पष्ट हुन्छ ।

पक्ष क्रियाको अवस्था जनाउने तत्त्व मानिने हुंदा उक्त क्रियाका अवस्थागत दृष्टिले पक्षहरू विभिन्न हुन सक्छन् । नेपाली भाषामा देखिने केही आधारभूत पक्षहरूको उल्लेख माथि गरियो । तीभन्दा वाहेक आरम्भिकता, निरन्तरता, तत्क्षणिकता, सहार्थकता आदि विभिन्न पक्षहरू हुन सक्छन् । नेपाली भाषामा निम्नलिखित वाक्यहरूमा प्रयोग भएका संयुक्त क्रियाहरूले क्रियाको विशेष अवस्था जनाई पक्षगत विशेषता दर्शाएको अनुभव हुन्छ—

२३) श्याम रुन रुन आँट्यो ।

२४) क) उ काम गरिरहेको छ ।
ख) उसले काम गरेको गर्‍यै (गरेकै) छ ।
ग) उसले काम गर्दै आएको छ ।

२५) क) उ खाँदै बोल्दै गर्छ ।
ख) उ हिँड्दा हिँड्दै लड्यो ।

२६) राम बसिहाल्यो ।

उक्त वाक्यहरू मध्ये (२३) वाक्यले आरम्भिकता (२४) ले विशेष निरन्तरता (२५) ले सहार्थकता र (२६) ले तत्क्षणिकता जनाएको अनुभव

हुन्छ । आरम्भिकता व्यक्त गर्दा उत्तरकालिक कृदन्तमा खास किसिमका क्रिया (थाल्नु, आँट्नु, लाग्नु…) को संयोजन भएको पाइन्छ । निरन्तरताले अपूर्ण पक्षलाई सम्झाउँछ । त्यसमा पनि (२४ क) ले भन्दा (ख) ले उक्त आशयलाई अझ मात्रात्मक जोड बढाउँदै गएको देखा पर्छ ।

(२४ क) वाक्यले पूर्वकालिक कृदन्तका साथ कृदन्तीय पूर्णताबोधक रहनु क्रिया आएमा पनि अपूर्ण पक्ष दर्शाउने तथा (ख) वाक्यले पूर्णताबोधक कृदन्तीय क्रियाको द्वित्व भई अवधारणार्थक 'ऐ' को समेत प्रयोग भएमा पनि क्रियाको सोही अपूर्णता तथा निरन्तरता विशेष जनाउने कुराको संकेत गर्दछ । यस्तै (ग) वाक्यले भने खास समयदेखिको वा सावधिक निरन्तरता विशेषलाई संकेत गरेको स्पष्ट छ । (२५ क) वाक्यले क्रियाहरूको साहचर्य वा सहार्थक अपूर्णता र (ख) वाक्यले सहार्थक पूर्णता व्यक्त गरेको पाइन्छ । यस्तै (२६) वाक्यले पूर्वकालिक कृदन्तका साथ हाल्नु क्रियाको संयुक्तिबाट बुझिने विशेष अवस्थाको संकेत गर्छ ।

नेपाली भाषामा खास खास सन्दर्भमा भिन्न-भिन्न कृदन्तीय रूपहरूसँग संयुक्त भई क्रियाका विशेष अवस्था दर्शाउने क्रियाहरू विभिन्न छन् । तीमध्ये पक्षगत दृष्टिले प्रासङ्गिक जस्ता ठानिएका केही प्रयोगहरू मात्र उपर्युक्त सन्दर्भमा उल्लेख गरिएका छन् । पक्षगत दृष्टिले यी कति प्रासङ्गिक छन् र कति अप्रासङ्गिक यिनको विस्तृत अध्ययनबाट मात्र निष्कर्ष निकाल्न सकिने कुरो हो ।

## ४. भाव या वृत्ति

विभिन्न भाषामा वक्ताले आफ्नो अभिवृत्ति व्यक्त गर्न भिन्न-भिन्न युक्तिहरू अपनाउँछन् । अभिव्यक्तिका क्रममा कुनै अवधारणाप्रति जोड निश्चय, अनिश्चय, स्वीकृति, अनुमति, प्रश्न, आश्चर्य, इच्छा, आज्ञा, अनुनय, आवश्यकता आदि दर्शाउन वक्ता उत्सुक हुन्छ तर उक्त सबै कुरा पूर्णतः विभेदकताका साथ व्यक्त गर्न संरचनात्मक युक्तिहरू प्रत्येक भाषामा हुँदैनन् । सीमित संरचनाका आधारमा उसले आफ्ना मनोभाव वा अभिवृत्ति व्यक्त गर्नुपर्ने हुन्छ । नेपाली भाषामा पनि केही यस्ता युक्तिहरू छन् जुन वक्ताको अभिवृत्तिगत भिन्नता पहिल्याउने दृष्टिले महत्त्वपूर्ण हुन्छन् । काल र पक्षअन्तर्गत उल्लेख भएका (१-९) र (१६-२७) वाक्यहरू तथ्यपरक वाक्यहरू हुन् जुन भाव वा वृत्तिका दृष्टिले सामान्यतः निरपेक्ष मानिन्छन् । किनभने यस्ता वाक्यहरूको मुख्य कार्य खास अवधारणा वा तथ्य प्रस्तुत गर्नु मात्र हुन्छ, तर निम्नलिखित वाक्यहरू भने वक्ताको अभिवृत्तिप्रति पूर्णतः सापेक्ष रहन्छन् —

२७) (तिमी) घर जाऊ।
२८) (तपाईं) रामलाई बोलाउनुहोस्।

उक्त वाक्यहरूका क्रियापदीय रूपले तथ्यपरक वाक्यभन्दा भिन्न किसिमको संरचना लिई वक्ताको आज्ञार्थ एवं अनुरोधात्मक अभिवृत्ति जनाएका छन्। वक्ता र श्रोताको सामुन्ने स्थितिमा प्रयोग हुने द्वितीय पुरुष सन्दर्भका उक्त किसिमका वाक्यमा कर्ता शब्द प्रायः अदृष्ट रहने र सम्बोधन पनि वैकल्पिक वा कतिपय उच्च आदरार्थी सन्दर्भमा अनावश्यक समेत मानिने कुरो उल्लेख्य छ। नेपाली भाषामा उक्त किसिमका वाक्यहरूलाई विध्यर्थ मानिएको पाइन्छ। विध्यर्थ वाक्यहरू मुख्यतः आज्ञा र इच्छाको वृत्ति जनाउने हुन्छन्। यिनका प्रयोगमा पुरुषगत र वृत्तिकै आधारमा पनि केही भिन्नता औंल्याउन सकिन्छ। द्वितीय पुरुषको (२७) र (२८) मा मूलतः आज्ञापरकता र अन्य (प्रथम पुरुष र तृतीय पुरुषका प्रयोगहरू) मा भने वृत्तिका दृष्टिले आज्ञार्थ भन्दा इच्छार्थमा फरक खालका हुन्छन्—

२९) क) म धेरै पढूँ।
 ख) हामीहरू मिलेर बसौं।

३०) क) तैंले राम्रो काम गरेस्।
 ख) तिमी विद्वान् भए।

३१) क) श्याम जाओस्।
 ख) उनीहरू जाऊन्।

यी वाक्यहरूमध्ये प्रथम पुरुषका (२९) वाक्यहरूबाट आज्ञा नबुझिई इच्छा बुझिने, द्वितीय पुरुषका (३०) वाक्यहरूबाट पनि आज्ञार्थ भन्दा इच्छार्थ नै बुझिने हुन्छ। 'नहाने है बाबा! विकल बचरा हुर्कन दिए!' द्वितीय पुरुषमा सम्बोध्य व्यक्तिअनुरूप विभिन्न आदरार्थी प्रयोग पनि हुन्छन्, तर इच्छार्थ बुझाउने प्रयोग भने शून्य र मध्यम आदरार्थीमा मात्र हुन्छन्। द्वितीय पुरुषमा अर्को उल्लेख्य कुरो के छ भने यी प्रयोगहरूमा कहीं पनि प्रश्नात्मकता हुँदैन। तृतीय पुरुषबाट (३१) भने प्रायः इच्छार्थ नै बुझिने हुँदा विध्यर्थका यी विविध प्रयोगमा केही उपभेदगत विभेदकता अनुभव गरिनु स्वाभाविक छ।

संरचनात्मक दृष्टिले विध्यर्थभन्दा कम जटिल निम्नलिखित वाक्यहरूले पनि तथ्यपरक वाक्यभन्दा भिन्न भई भाव या वृत्तिकै संकेत गर्दछन्—

३२) क) श्यामसँग निकै सम्पत्ति होला।
 ख) उनीहरू रामलाई बोलाउलान्।

उक्त वाक्यहरूबाट तथ्यभन्दा तथ्यको सम्भावना बुझिने हुनाले यस्ता वाक्य-

हरू वृत्तिका दृष्टिले विभेदक ठहर्छन् । हुन त यी वाक्यहरूबाट भविष्यता पनि बुझिन्छ, तर यस्तो भविष्यता कालिक धरातल मात्र हो वृत्ति होइन । यस्ता वाक्यहरूबाट भविष्यता मात्र बुझिन्छ भन्नुको कुनै औचित्य देखिँदैन : नेपाली भाषामा कालिक दृष्टिले सामान्य भविष्यता बुझाउने वाक्यहरू कि वर्तमानकालिक रूपमा व्यक्त हुन्छन् कि 'ने' प्रत्ययान्त कृदन्तीय क्रियाका साथ 'छ' योजक क्रियाको संयुक्तिबाट बनेका प्रयोगहरू हुन्छन् । यस्ता प्रयोगहरूले सामान्य तथ्यपरकता मात्र बुझाउँछन् । त्यसैले सम्भावनार्थ र अन्य भविष्यत् प्रयोगमा स्पष्टरूपमा विभेदकता देखाउन सकिन्छ ।

सामान्य सम्भावना व्यक्त गर्दा धातुमा 'ला' प्रत्यय लागी लिङ्ग, वचन, पुरुषअनुरूप विभिन्न रूपहरू प्रयुक्त हुन्छन् । (३२) वाक्यहरूमा प्रयुक्त क्रियापदले त्यही सामान्य सम्भावना जनाउँछन् । यसभन्दा बाहेक सम्भावनाका अन्य प्रयोगहरू पनि भेट्टाइन्छन् जसबाट विशेष गरेर भूतार्थ र कतै भविष्यदर्थ सम्भावना पनि व्यक्त हुन सक्ने देखिन्छ—

३३) क) हरि बाखा हेर्दो हो ।
ख) म आउँदा उ पढ्दो हो ।
३४) क) उसले बिहे गर्‍यो हो ।
ख) मैले उसलाई देखे हुँ ।
३५) क) श्याम मेरो साथी हुने थियो/हुन्थ्यो ।
ख) हामीहरू पैसा कमाउने थियौं/कमाउँथ्यौं ।

उक्त वाक्यहरूमध्ये (३३) वाक्यहरूमा परिचयात्मक 'हुँ' धातु तो/दो प्रत्ययान्त कृदन्तीय क्रियासँग संयुक्त भई आउँदा दुई किसिमको स्थितिमा देखा पर्छ । पहिलो स्थितिमा यस्ता क्रियापदले सङ्कथन कालभन्दा पहिलेको क्रिया वा घटनाको सम्भावना व्यक्त गर्दछन् र दोस्रो स्थितिमा यस्ता क्रियापदले सङ्कथन कालभन्दा पछिको घटनाको सम्भावना व्यक्त गर्दछन् । उक्त कुरा (३३) का (क) र (ख) वाक्यले क्रमशः संकेत गरेका छन् । (३४) वाक्यहरूले सामान्य भूतकालिक क्रियामा परिचायक 'हुँ' धातुका क्रियाहरूको संयुक्ति भई भूतार्थ सम्भावना मात्र व्यक्त गरेको स्पष्टतः अनुभव हुन्छ । (३५) वाक्यहरूले भविष्यत् बोधक 'ने' प्रत्ययान्त कृदन्तीय रूपका साथ स्थित्यर्थक 'छ' सहायक क्रियाका सामान्य भूतकालिक रूपहरूको संयुक्तिद्वारा संकेतार्थक सम्भावना जनाएका छन् । यस्ता क्रियापदहरू संयुक्त र संश्लिष्ट दुवै रूपमा प्रचलित हुनाले उपर्युक्त उदाहरणमा तिनलाई वैकल्पिक रूपमा देखाइएको छ । 'हुन्थ्यो' 'कमाउँथ्यौं' आदि रूपहरू आवृत्त/अभ्यस्त पक्षमा प्रयुक्त हुने 'हुँदो थियो, कमाउँदो थियो' जस्ता

रूपहरूबाट बनेका संश्लिष्ट रूपहरूसँग समान देखिन्छन् तापनि यिनले प्रयोग सन्दर्भअनुसार फरक फरक कार्य गर्ने हुनाले त्यसै आधारमा यिनलाई छुट्ट्याउन सकिन्छ। (३५) मा उल्लिखित खालका संकेतार्थक सम्भावना वाक्यहरूले आफ्नो अभिप्रायगत पूर्णताका लागि सन्दर्भ अनुकूल अर्को कारण उपवाक्यहरूको समेत अपेक्षा गरेको अनुभव हुन्छ। तर सधैं त्यसो नभई यस्ता वाक्यले समय सन्दर्भ मात्र लिएर सम्भावना व्यक्त गरेको पनि भेट्टाइन्छ—

३६) क) दुःख परेको वेलामा उसले सघाउने थियो/सघाउँथ्यो।
ख) घर जाँदा श्याम मेरो साथी हुने थियो/हुन्थ्यो।

सामान्य तथ्यपरक वाक्यलाई नै अनुतानात्मक विभेदकता दर्शाई प्रश्नार्थक तथा आश्चर्यार्थक वृत्ति व्यक्त गर्न सकिन्छ—

३७) श्यामले कलम किन्छ ?

३८) हरिले बिहे गऱ्यो !

सामान्य वाक्यको संरचनालाई यथावत् राखी अनुतानको मात्र विभेदकता उपर्युक्त वाक्यहरूमा देखाइएको पाइन्छ। यस्ता वाक्यहरूलाई कुनै कुनै व्याकरणमा भाव वा वृत्तिअन्तर्गत समावेश नगरेको पनि पाइएको छ। शायद यस्ता वाक्यहरूको संरचना तथ्यपरक सामान्य आधार वाक्यभन्दा खास फरक नपर्ने हुनाले यस्तो भएको हुन सक्छ।

यस्तै वाक्यको खास अवधारणा वा तथ्यप्रति आशङ्का तथा सन्देह जनाउन पनि सामान्य वाक्यलाई यथावत् राखी कि, के जस्ता निपातको प्रयोग गरी काम चलाइन्छ—

३९) म जान्छु कि ?

४०) त्यो आयो के ?

'के' मुख्यतः प्रश्नात्मक निपात मानिन्छ, तर उक्त निपातले क्रियापद पछाडि आएमा आशङ्कार्थ जनाउने देखिन्छ। उपर्युक्त (३९–४०) वाक्यहरू कार्यगत दृष्टिले अंशतः भिन्न भए पनि अनुतानात्मक दृष्टिले प्रश्नार्थक वाक्यकै उपभेद जस्ता प्रतीत हुन्छन्।

सङ्केतार्थक भाव वा वृत्ति अन्य वृत्तिभन्दा संरचनाका दृष्टिले निकै भिन्न देखिन्छ। वस्तुतः संकेतात्मक वाक्यहरू क्रियापदका रूपात्मक दृष्टिले विभेदक नभई कारणकार्य (संकेतक–संकेत्य) उपवाक्यहरूका संश्लिष्ट रूप हुन्। यस्ता वाक्यहरूमा विभिन्न काल, पक्ष, भावको अन्तर्मिश्रण पाइन्छ। त्यस्तै

वर्तमान वा भविष्यत् कालको रूपात्मक दृष्टिले कालातिक्रमण समेत भएको भेट्टाउन सकिन्छ—

४१) क) जान सके बेसै हुन्थ्यो (हुने थियो)।
ख) खान पाए उनीहरू दङ्ग पर्छन्।

४२) क) पढ्छ भने पास हुन्छ।
ख) आठ बजेको बस पाइए घर पुगिएला।
ग) उसले बोलायो भने हरि आउँदो हो।
घ) खेल्दं भए नबोलाऊ।

४३) क) श्याम भेटिएको भए काम बन्थ्यो (बन्ने थियो)।
ख) उनीहरूले सिकाउँदा हुन् त हामी जान्दा हौं।
(उसले सिकाउँदो हो त म जान्दो हुँ।)

उक्त प्रत्येक वाक्यहरू दुइटा उपवाक्यबाट रूपान्तरित छन्। (४१) का वाक्यहरूले सामान्य कारणकार्य सम्बन्ध जनाएका छन्। यस्ता वाक्यमा कारण नभए कार्य पूर्णतः असिद्धि रहन्छ भन्ने कुनै निश्चित छैन। तर (४२) र (४३) वाक्यहरूमा चाहिं कारणको असिद्धि भएमा कार्यमा असिद्धि हुने प्रशस्त सम्भावना रहन्छ। त्यसैले यस्ता वाक्यहरूलाई असिद्धि संकेतार्थक मानिन्छ। (४२) वाक्यहरूले अभूतार्थ (वर्तमान वा भविष्यत्मा हुने) कारण कार्यको सिद्धि असिद्धि संकेत गर्छन् भने (४३) वाक्यहरूले चाहिं सङ्कथन कालभन्दा पहिले भएको वा भूतार्थको सिद्धि असिद्धिको संकेत गर्छन्। उपर्युक्त संकेतार्थक कारण उपवाक्यलाई संकेत-क्रियाबोधक अव्यय 'ए' र भने, त, न जस्ता संयोजकले कार्य उपवाक्यसँग सम्बद्ध बनाएको देखिन्छ। (४२) का ख–ग वाक्यहरूले अभूतार्थ संकेतका लागि पनि भूतार्थ क्रिया लिई कालातिक्रमण जनाएको देखा पर्छ। संकेतार्थक वाक्यहरूको कार्य उपवाक्यमा सामान्यतः वर्तमान, भविष्यत् कालका साथै विध्यर्थ, सम्भावनार्थ (भूतार्थ सम्भावना समेत) का क्रियापदहरू उपयोगमा आउँछन्, तर (४३) को 'ख' वाक्यले कारण क्रियाअनुरूपकै क्रियापदीय रूपको कार्य क्रियामा पनि अपेक्षा गर्छ अनि (४२) को 'क' वाक्यले कार्य क्रियामा भूतार्थ सम्भावना नलिने कुरा विशेष विचारणीय छन्। यसरी कारण क्रियाले कार्य क्रियालाई केही रूपमा नियन्त्रित गरेको पाइन्छ।

काल, पक्ष, भावमध्ये भाव सबभन्दा व्यक्तिनिष्ठ तत्त्व हुनाले यसमा वक्ता सधैं खास भावले सुनिश्चित संरचनाको छनोट गरिरहँदैन। सामान्य संरचना अन्तर्गतकै कतिपय युक्तिलाई खास वृत्तित्व व्यक्त गर्न उसले उपयोग गर्न सक्छ।

यसैले सामान्य संरचनाभन्दा भिन्न नभएका कतिपय वाक्यहरू वृत्तित्वका दृष्टिले महत्त्वपूर्ण हुने हुँदा तिनको पनि केही चर्चा उठाउनु यहाँ आवश्यक ठानिएको छ ।

नेपाली भाषामा सामान्यार्थ वाक्यहरू अन्य वृत्तिपरक वाक्यका तुलनामा अवृत्तिपरक मानिए पनि वस्तुतः त्यस्ता वाक्यहरूबाट निश्चितता व्यक्त हुने हुँदा भाव–वृत्तिका दृष्टिले निश्चयार्थ वाक्यका रूपमा पनि यिनको प्रयोग भएको मानिन्छ । तथ्यपरक भनी उल्लेख भएका (२७–३१) वाक्यहरू निश्चयार्थ वृत्तिका उदाहरण हुन् ।

सक्नु क्रियाका साथ उत्तरकालिक कृदन्तका रूपमा अन्य क्रियाहरू संयोजन भएका संरचनात्मक दृष्टिले सामान्यार्थ मानिने वाक्यहरूले कतिपय स्थितिमा शक्यार्थ सम्भावनावृत्तित्व बुझाइएको भेटिन्छ—

४४) अँध्यारामा हिँड्नु खतरा हुन सक्छ ।
४५) श्याम आज नआउन सक्छ ।

यी वाक्यहरूले अभूतार्थ सम्भावना जनाएका छन् भने तलका वाक्यहरूले भूतार्थ सम्भावनावृत्तित्व जनाउँछन्—

४६) अँध्यारामा हिँड्न खतरा हुन सक्थ्यो ।
४७) श्याम नआउन सक्थ्यो ।

वस्तुतः यस्ता वाक्यहरू चाहिं (३५) वाक्यमा उल्लिखित संरचनासँग सम्बद्ध हुनाले तीभन्दा भिन्न होइनन् । 'सक्ने थियौं' को संश्लिष्ट रूप 'सक्थ्यो' हो । तर यी वाक्यहरूले कारण–कार्यविहीन स्वतन्त्र वाक्य भएर (दुई उपवाक्यको संश्लिष्टता नभई ?) भूतार्थ सम्भावना जनाएको उल्लेख्य छ ।

द्वितीय पुरुषको सन्दर्भ लिने शक्यार्थले भने अनुमति (विध्यर्थ) समेत संकेत गरेको पाइन्छ –

४८) अब तिमी घर जान सक्छौ ।
(अब तिमी घर जाऊ)
४९) यहाँ फोहोर फाल्न सक्नुहुन्छ ।
(यहाँ फोहोर फाल्नुहोस्)

तर अनुमति व्यक्त गर्ने उक्त ढङ्गलाई वक्ताको अभिवृत्ति व्यक्त गर्ने परोक्ष उपायका रूपमा मान्नुपर्छ । यस्तो प्रयोग वर्तमान कालमा नै विशेष प्रासङ्गिक देखा पर्छ । 'पर्नु' क्रियापद क्रियार्थबोधक 'नु' प्रत्ययान्त क्रियाका साथ संयोजित भई आएमा आवश्यकतावृत्तित्व बुझाउने हुन्छ—

५०) अन्यायको विरोध गर्नुपर्छ ।

५१) उनीहरू आजै आउनुपर्छ ।

उक्त 'पर्नु' क्रिया सोही परिवेशमा भूतकालिक रूपमा प्रयोग भएमा यसबाट सन्दर्भअनुसार अनुरोध पनि व्यक्त भएको हुन्छ—

५२) अन्यायको विरोध गर्नुपर्‍यो ।

५३) उनीहरू आजै आउनुपर्‍यो ।

५४) यहाँहरू बस्नुपर्‍यो ।

यस्ता वाक्यहरूले पनि विध्यर्थ प्रयोगको परोक्ष सन्दर्भ झल्काउँछन् । प्रत्यक्ष रूपमा आज्ञा, इच्छा व्यक्त गर्न नचाहेर त्यसलाई केही अप्रत्यक्ष जस्तो पारी सोही कार्य व्यक्त गर्न यी वाक्यहरूको उपयोग हुन्छ ।

पर्नु क्रिया कोशीय दृष्टिले पनि आवश्यकताबोधक भएकाले यसले विभिन्न कालका साथै पक्षमा पनि सोही अर्थ बुझाउनु स्वाभाविक छ—

५५) देशको विकासमा सबैले जुट्नुपरेको छ ।

उक्त किसिमको क्रियापदले हुनु क्रियासँग संयुक्त भई आएमा चाहिं आवश्यकता नबुझाई सम्भावना वा अनुमान बुझाउने देखिन्छ—

५६) अहिले दश बजेको हुनुपर्छ ।

५७) यो मान्छे रोगी हुनुपर्छ ।

यस्तो सम्भावना बुझाउँदा क्रियापद वर्तमानकालिक मात्र हुने देखिन्छ । तर तलका वाक्यले भने 'हुनु' क्रियाको संयोजन भएर पनि आवश्यकता नै बुझाएको अनुभव हुन्छ—

५८) अन्यायको विरोध हुनुपर्छ ।

'नु' प्रत्ययान्त कृदन्तीय क्रियासँग 'छ, थियो' क्रियाको संयोजन भएमा स्पष्टतः आवश्यकतार्थ बुझिन्छ—

५९) उसले भाइलाई पढाउनु छ ।

६०) मैले आज धेरै काम गर्नु छ ।

६१) हामीले श्यामलाई भेट्नु थियो ।

सामान्य क्रियार्थ बुझिने 'नु' प्रत्ययान्त कृदन्तीय क्रियाले आज्ञार्थ अनुरूपवृत्तित्व व्यक्त गरेको पाइन्छ । यस्तो प्रयोग मुख्यतः द्वितीय पुरुषको सन्दर्भमा हुन्छ—

६२) तिमी भोलि आउनू ।

६३) 'ठट्टा नगर्नु गिजिएर नबस्नु नानी' ।

६४) तपाईं देखाउनू न ।

वाक्यमा प्रयोग भएको 'न' निपातले आदरार्थीमा अझ शिष्टता झल्काउन सघाउने देखिन्छ तर उक्त किसिमका वाक्यमा यो अनिवार्य नभई ऐच्छिक नै हो।

संरचनात्मक दृष्टिले एउटा भाव वा वृत्तिसँग सम्बद्ध तर कार्यका दृष्टिले चाहिँ अर्कै वृत्तिलाई व्यक्त गर्ने खालका प्रयोगहरू पनि भेटिन्छन्—

'हु' धातुका हुन्छ, भयो, हुन्थ्यो जस्ता क्रियापद संकेतबोधक कृदन्तीय क्रियाका साथ संयोजित हुँदा संकेतार्थ मात्र बुझिनुपर्नेमा तलका वाक्यहरूले अनुमति तथा इच्छा बुझाई विध्यर्थको काम गरेको अनुभव हुन्छ—

६५) तिमी घरै बसे हुन्छ।

६६) हजूर, केही काम पाए हुन्थ्यो।

६७) अब उनीहरू आए भयो।

उक्त वाक्यहरूमध्ये (६५) र (६७) बाट अनुमति र (६६) बाट इच्छा बुझिन्छ। यसरी 'हुनु' क्रियाले सामान्य अर्थको मात्र संकेत नगरी खास स्थितिमा विध्यर्थको समेत कार्य गरेको देखिन्छ।

सम्भावना बुझाउने क्रियापदको प्रयोगले कतै विध्यर्थ जनाउने हुन्छ—

६८) बिरुवाहरू नछुनुहोला।

उक्त वाक्यले अनुरोध जनाएको स्पष्ट छ।

भाव वा वृत्ति व्यक्त गर्ने सन्दर्भहरू कतिपय स्थितिमा यति व्यक्तिनिष्ठ तथा अस्पष्ट हुन्छन् तिनलाई पहिल्याउन कुनै पनि व्याकरणात्मक युक्ति काम नलाग्न सक्छ। भाव वा वृत्तिहरू असीमित हुन्छन्। उक्त स्थितिमा एउटा संरचनाभित्र एकभन्दा बढी भाव संक्रमित हुनु कुनै विशेष कुरो होइन, तर व्याकरणमा संरचनासँग सम्बद्ध अध्ययन हुने हुनाले यसभन्दा बाहिर गई भाव वा वृत्तिको अध्ययन गर्नु व्याकरणको सीमाभन्दा बाहिरको कुरो मानिनु स्वाभाविक छ। तर भाषाका लागि संरचना जति आधारभूत कुरो हो त्यति नै अर्थ पनि आधारभूत हुनाले यिनका सीमासँग परिचित हुने प्रयास अप्रासङ्गिक ठहर्दैन। यसै प्रसङ्गमा संरचनाबाट अनुमान गर्न नसकिने, संरचनाभन्दा इतर पक्ष प्रबल भई व्यक्त हुने भाव वा वृत्तिसँग सम्बद्ध केही उदाहरण प्रस्तुत गरिन्छन्—

६९) तिमी भोलि आउँछौ ? (आऊन)

७०) हुरी आयो (ढोका बन्द गर)।

६९) वाक्य प्रश्नार्थक छ, तर यसले खास सन्दर्भमा आज्ञार्थ वाक्यको काम गर्न सक्छ र (७०) वाक्य सामान्यार्थ छ यसले पनि आज्ञार्थको काम गर्न सक्छ, तर यो संरचनाले यस सन्दर्भमा यो अर्थ दिन सक्छ भन्ने आधार प्रयोगसन्दर्भभन्दा अर्को

यसमा देखिदैन । निम्नलिखित वाक्यहरूमा भने खास शब्द तथा शब्दावली वाक्यको भाव वा वृत्तिको निर्धारणमा निर्णायक भएका छन् । वाक्य वृत्तित्वनिरपेक्ष भए पनि कोशीय शब्द तथा शब्दावलीले वाक्यलाई पूर्णतः प्रभावित पारेका छन्—

७१) शायद, उ भोलि आउँछ ।

७२) शायद, श्यामले उसलाई हिजो भेट्यो ।

७३) सम्भव छ, उ हामीलाई पर्खदैन ।

यी वाक्यहरूको वृत्ति वा भावनिर्धारण (६९-७०)मा जस्तो पूर्णतः अभाषिक सन्दर्भबाट नभई भाषिक तर कोशीय (संरचनाइतर) सन्दर्भबाट भएको स्पष्ट छ। यसरी वृत्तित्व निर्धारणमा विभिन्न सन्दर्भहरू (व्याकरणात्मक, कोशीय र प्रयोगगत) महत्त्वपूर्ण हुन्छन् ।

## ५. केही टिप्पणी, केही सुझाव

नेपाली भाषामा प्रचलित परम्परागत व्याकरणमध्ये सबभन्दा उल्लेख्य व्याकरण गोरखा भाषा चन्द्रिका व्याकरण ( च० ), मध्यचन्द्रिका ( मच० ) र बृहत् नेपाली व्याकरण (बृ०) मानिन्छन् । शैक्षणिक प्रयोजनका लागि लेखिएका अन्य अधिकांश व्याकरणहरू प्रायः यिनकै प्रभावक्षेत्रमा परी लेखिएका पाइन्छन् । त्यसैले उक्त व्याकरणहरूमा उल्लिखित काल, पक्ष र भावसम्बन्धी दृष्टिकोणलाई प्रतिनिधि मानी तलका बुँदाहरूमा केही टिप्पणी गरिन्छ—

क) काललाई क्रियाको अवस्था र पक्षलाई अवस्थाविशेष भनिएको पाइन्छ। तर पक्ष शब्दको प्रयोग उक्त तीनै ओटा व्याकरणमा भएको छैन । भविष्यत् कालका रूपमा 'नेछ' आदिलाई प्रत्ययवत् बद्ध रूप मानी विशेष चर्चा गरिएको छ। वर्तमानकालिक रूपबाट भविष्यत् बुझिने कुरालाई बेवास्ता गरिएको अनुभव हुन्छ ।

ख) वर्तमान र भूत कालका अवस्थाविशेष (पक्ष) अन्तर्गत उद्देश वा परिचायक पनि मानिएको छ (च०, बृ० ) जसमा 'त्यो काम गर्ने हो', 'हामी काम गर्ने हौं' जस्ता प्रयोगहरूको उल्लेख भएको छ। 'त्यो काम गर्नेछ' यस किसिमको प्रयोगलाई सामान्य भविष्यत्अन्तर्गत र 'त्यो काम गर्ने हो' जस्ता प्रयोगलाई चाहिँ वर्तमान कालको परिचायक पक्ष मान्नाको आधार स्पष्ट छैन । फेरि यस किसिमका प्रयोगलाई पक्षअन्तर्गत राख्ने हो भने 'उ नाचेको हो' आदिलाई अर्कै पक्षअन्तर्गत राख्ने आवश्यकता पर्न सक्छ । यस्तै भूतकालअन्तर्गत 'त्यो पढ्ने थियो' जस्ता प्रयोगहरूको उल्लेख परिचायक अवस्थाविशेषमा भएको छ । तर यस्ता प्रयोगहरू कालिक तथा पक्षगत दृष्टिले भन्दा सम्भावना तथा संकेतार्थ वृत्तिमा महत्त्वपूर्ण हुन्छन् ।

चन्द्रिकामा उद्देश वा परिचायक पक्षलाई भविष्यत् विध्यर्थ र सम्भावनामा समेत उल्लेख गरेको पाइन्छ तर बृहत् नेपाली व्याकरणमा ( बृ० ) तिनको उल्लेख नभएको र उक्त उल्लेख नहुनाको कारण पनि स्पष्ट छैन । कतै उही आधारमा खास प्रयोगहरूको उल्लेख हुनु र कतै नहुनुले वर्णनात्मक असङ्गति जनाउँछ ।

ग) अपूर्ण पक्षका रूपमा उल्लेख भएका जुनसुकै काल, पक्ष तथा भावसँग सम्बद्ध प्रयोगहरूमा तो/दो कृदन्तीय रूपलाई ( उदाहरणार्थ–म काम गर्दो थिएँ, त्यो आउँदो थियो, म काम गर्दो हुनेछु, म काम गर्दो होऊँ ... ) नै विशेष महत्त्व दिई वर्णन गरिएको पाइन्छ तर त्यस्ता प्रयोगहरू विशेषतः कालिक पक्षमा कम महत्त्वका भएका (ज्यादै सीमित सन्दर्भ लिने) र तिनका सट्टा समसामयिक नेपालीमा तै/दै रूपकै बाहुल्य भएकाले विशेष महत्त्व दिई यिनकै चर्चा हुनुपर्ने देखिन्छ । भाव वा वृत्तिगत पक्षमा भने अझै तो/दो प्रयोगको महत्त्व कालिक पक्षमा भन्दा केही बढी भएको अनुभव हुन्छ । यहाँनेर एउटा उल्लेख्य कुरो के छ भने तै/दै प्रयोगलाई हाम्रा व्याकरणहरूमा अवधारणात्मक मानिएको छ तर निम्नलिखित उदाहरणले उक्त प्रयोगले अवधारणात्मकता सुरक्षित नगरेको संकेत दिन्छन्—

७४) उनीहरू पढदै नै छन् ।

७५) म भन्दै नै छु ।

यसरी तै/दै को 'ऐ' ले अवधारणात्मकता नजनाएकाले नै उक्त प्रयोग पछाडि अर्को अवधारणाबोधक 'नै' शब्द आएको स्पष्ट छ । उक्त स्थितिमा तै/दै को अवधारणात्मकतामा प्रश्न उठ्नु स्वाभाविक छ ।

घ) 'आउँदै थिए' र 'आउँथे' जस्ता प्रयोगलाई तीनै (च०, मच०, बृ०) व्याकरणले अपूर्ण भूत तथा एउटै सन्दर्भमा आउने प्रयोगका रूपमा लिएको देखिन्छ । तर यी दुवैले समसामयिक नेपालीमा भिन्न भिन्न सन्दर्भ लिएका हुन्छन्—

७६) चार बजे उनीहरू थानकोटमा आउँदै थिए ।

७७) चार बजे उनीहरू थानकोटमा आउँथे (आउँदथे) ।

पहिलो वाक्यको असंश्लिष्ट संयुक्त क्रियापदले क्रियाको सामान्य अपूर्णता तथा निरन्तरता मात्र संकेत गरेको र दोस्रो वाक्यको संश्लिष्ट क्रियापदले भने क्रियाको आवृत्त/अभ्यस्त स्थितिलाई संकेत गरेको छ । अतः यी दुई स्थितिले भिन्न भिन्न पक्षलाई संकेत गर्ने हुँदा सोहीअनुरूपको व्याख्या आवश्यक देखिन्छ ।

ङ) चन्द्रिका र बृहत् नेपाली व्याकरणमा अज्ञात भूतका पनि अज्ञात अपूर्ण र अज्ञातपूर्ण भूत मानिएको छ र तिनका उदाहरणका रूपमा क्रमशः 'त्यो लेख्तो हो',

'मैले गरेहुँ' जस्ता प्रयोगहरू दिइएका छन् जुन प्रयोगलाई समसामयिक नेपालीमा निम्नलिखित वाक्यहरूसँग प्रयोग सन्दर्भका दृष्टिले छुट्ट्याउन कठिनाइ पर्छ—

७८) त्यो लेख्तो होला ( त्यो लेख्तो हो ) ।

७९) मैले गरें होला ( मैलै गरेहुँ ) ।

उक्त प्रयोगहरू मानक नेपाली प्रयोगमा प्रायः समसन्दर्भ वा परिपूरक भई आउने देखिएकाले यिनलाई अज्ञात भूतको पनि पक्षका दृष्टिले विभाजन गर्नु उपयुक्त देखिँदैन । यी प्रयोगहरू अज्ञातभन्दा भाव वा वृत्तिगत दृष्टिले सम्भावनार्थसँग सम्बद्ध छन् । सम्भावनात्मक प्रयोगमा अज्ञातताको आभास हुनु स्वाभाविक छ । किनभने ज्ञात भए सम्भावना नै गरिँदैन । फेरि यस किसिमका कतिपय प्रयोगका विषयमा नेपाली भाषाभाषी नै पनि द्विविधा तथा अस्पष्टतासा पाइने कुरो उल्लेख छ—

८०) तँ गइहोस् कि गइस् होस्/होला (?) ।

८१) हामीले देखे हौं कि हामीले देख्यौं हो/होला (?) ।

यसरी उक्त प्रयोगहरूमा नियमितता नभएको स्पष्ट छ । अनि यस्ता प्रयोगप्रति विशेष आग्रह राखी उक्त आधारमा गरिएका वर्गीकरणबाट शैक्षणिक दृष्टिले मानक भाषाको व्याकरणलाई सरलीकरणतिर लैजानुभन्दा अझ अस्पष्टता थप्ने कुरा निश्चित छ ।

च) भविष्यत् काललाई तीनै व्याकरणमा ( च०, मच०, बृ० ) सामान्य र सम्भावना भविष्यत् भनी विभाजन गरिएको पाइन्छ । वस्तुतः भविष्यत् कालको धरातल सम्भावनार्थमा मात्र नभई सामान्यार्थ (वर्तमान), विध्यर्थ तथा संकेतार्थमा पनि भेटिने हुँदा यस किसिमको विभाजन उपयुक्त देखा पर्दैन । कालिक दृष्टिले भाव वा वृत्तिलाई विभाजन गर्नुभन्दा यिनलाई वृत्तित्वकै आधारमा हेरिनु बेस हुन्छ । नेपाली भाषामा सम्भावनार्थ रूपअन्तर्गत संभावनानिरपेक्ष वा सम्भावना गौण भई भविष्यत् प्रमुख भएका प्रयोग छुट्ट्याउन निकै कठिनाइ पर्छ । किनभने विशुद्ध भविष्यत् प्रयोग निश्चितार्थक र सम्भावनात्मक प्रयोग अनिश्चितार्थक हुन्छ । सम्भावनार्थक प्रयोग कहिल्यै निश्चितार्थक हुँदैन । व्याकरणकारहरूले सम्भावनात्मक क्रियापदको भविष्यत् प्रयोग र सम्भावनार्थको प्रयोगगत भिन्नता दर्शाउन दिएका उदाहरणहरूले पनि यिनको द्वैध प्रयोगको सन्दर्भ खुलस्त हुँदैन ।

छ) भावलाई क्रियाको अर्थविशेष मानिएको छ (म०, मच०, बृ०) र यसका पाँच भेद मानिएका छन् (म०, बृ०) तिनमा चन्द्रिकामा १) स्वार्थ २) विध्यर्थ ३) सम्भावनार्थ ४) प्रश्नार्थ ५) संकेतार्थ भनी उल्लेख गरिएको छ । मध्य:

चन्द्रिकामा चाहिं भावअन्तर्गत प्रश्नार्थ उल्लेख भएको छैन । बृहत् व्याकरणमा स्वार्थलाई विधानार्थ र मध्यचन्द्रिकामा सामान्यार्थ भनिएको पाइन्छ । यसरी एउटै कुरालाई तीन व्याकरणले तीन भिन्न भिन्न पारिभाषिक शब्दमा हेर्नुको आशय स्पष्ट छैन ।

ज) काल, पक्ष, भावलाई यिनका कार्यको आधारमा परिभाषा गरिएको पाइँदैन । केवल धारणात्मक आधारमा काललाई अघि, पछि र अहिले; पक्षलाई क्रियाको अवस्थाविशेष र भावलाई अर्थविशेष मात्र भनिएको पाइन्छ । वस्तुतः यिनको कार्यगत आधारमा परिभाषा हुनु आवश्यक छ । यस्तै विध्यर्थअन्तर्गत प्रथम, द्वितीय र तृतीय पुरुषको पनि आज्ञार्थ र इच्छार्थमा भिन्नता छ । उक्त भिन्नताअनुरूप विध्यर्थका सन्दर्भगत भेदहरूको स्पष्ट वर्णन आवश्यक छ ।

झ) स्तरीय नेपालीका दृष्टिले कतिपय अमानक रूप (होउलेऊ, होउलाऊ, देलेऊ हैन, हैनौ···) अनियमित रूप ( गइहोलास्, देखेहोला... ) जस्ता रूपलाई पनि उपर्युक्त व्याकरणहरूले महत्त्व दिएको पाइन्छ । अकरणका जटिल रूपहरूलाई विशेष महत्त्व दिई उल्लेख गरिए पनि उक्त प्रयोगहरू समसामयिक मानक नेपालीमा कम महत्त्वपूर्ण छन् भन्ने कुरो आजकल निस्कने शैक्षणिक प्रकृतिका व्याकरणमा यिनले स्थान नपाएबाट पनि स्पष्ट हुन्छ । त्रि० वि० अनिवार्य नेपाली शिक्षण निर्देशनमा समेत उक्त जटिल अकरण रूपहरूको उल्लेख पाइँदैन ।

मानक रूपको छनोट एवं कम प्रचलित वैकल्पिक रूपका सट्टा बहुप्रचलित रूपहरूको वरण तथा सन्दिग्ध एवं द्विविधापूर्ण प्रयोगहरूको न्यूनीकरण शैक्षणिक व्याकरणको महत्त्वपूर्ण पक्ष हो । आधिकारिक व्याकरणले 'यो पनि हुन्छ, त्यो पनि हुन्छ' तिर नअलमलिई मानकको छनोट तथा निर्धारणमा विशेष जोड दिनु आवश्यक हुन्छ ।

ञ) संरचना समान जस्ता देखिँदैमा त्यसले त्यही काल, पक्ष र भाव बुझाउँछ भन्न सकिँदैन । त्यसैले प्रत्येक संरचना, त्यसको प्रयोगगत सन्दर्भको समरूपता र अनेकरूपता खुट्ट्याउनु आवश्यक हुन्छ । अस्पष्ट परिभाषा, वर्गीकरण तथा अपर्याप्त नियमहरूले भाषाको व्यवस्था बुझ्न सघाउ पुऱ्याउनुको सट्टा अन्योल सिर्जना गर्ने हुन्छन् । अतः विशेषतः शैक्षणिक तथा अन्य प्रयोजनका लागि पनि व्याकरण–लेखनमा एकरूपता, स्पष्टता र समसामयिकताको प्रशस्त खाँचो छ, साथसाथै व्याकर्तव्य रूप एवं प्रयोगको निर्धारणको पनि ।

⁂

# नेपालीमा तिर्यक् कारक

पोषराज निरौला

## १. पृष्ठभूमि

नेपाली व्याकरणका विभक्तिको प्रसङ्गमा क्रियासित प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट सम्बद्ध रहने नामिक पद (नाम, सर्वनाम, विशेषण र सार्वनामिक विशेषण) हरूलाई कारक भन्दछन् । यसले वाक्य–रचनाभित्रका नामिक पदहरूका बीचमा अर्थगत सम्बन्ध जोड्ने काम गरेको हुन्छ भने यसमा प्रयुक्त विभक्ति-चिह्नले वाक्यलाई शासन पनि गरेको हुन्छ । प्रस्तुत विषयका प्रसङ्गमा भन्ने हो भने विभक्तिका प्रसङ्गमा आउने कारकभन्दा यो कारक केही बेग्लै किसिमको कारक हुन आउँछ । यसलाई जनाउने आफ्नै किसिमका वाह्यस्वरूपात्मक चिह्नहरू हुन्छन् । वाक्यमा यसले आफ्नै किसिमको वैशिष्टय वहन गरेको हुन्छ । हुन ता यी दुवै कारकले क्रियान्वयित्व लिन्छन्, अर्थका दृष्टिले वाक्य–शासनमा साधर्म्य पनि वहन गर्छन्, तर पनि यी दुवैमा फरक छ । प्रस्तुत सन्दर्भको कारक वाह्य स्वरूप विकृतिसँग सम्बद्ध छ भने विभक्तिका सन्दर्भमा आउने कारक कर्ता, कर्म आदिमा विभक्त हुनासँग सम्बद्ध छ । यी दुवैमा अर्को भिन्नता के पनि हो भने एउटाको सम्बोधन कारक हुनु र अर्काको नहुनु हो । यसर्थ यी दुवै कारकमा खास भिन्नता छ भन्ने कुराको प्रमाण निम्नलिखित उदाहरणहरू पनि दिन सक्छन्–

१) छोरो पढ्छ कर्ता कारक, सरल कारक
२) छोरा पढछन् कर्ता कारक, तिर्यक् कारक
३) लाटालाई नबोलाऊ कर्म कारक, तिर्यक् कारक
४) आँखाले देख्यो करण कारक, तिर्यक् कारक

यसरी उपर्युक्त उदाहरणहरूले यी दुवै कारकमा हुने अन्तरलाई स्पष्टयाइसकेका हुँदा विभक्तिका प्रसङ्गमा आउने कारकलाई संक्षिप्त चर्चामा मात्र सीमित राखी प्रस्तुत कार्यपत्रले उठाएको प्रसङ्गतिर अभिमुख हुनु उपयुक्त होला ।

## २. तिर्यक् कारकको स्वरूप र वर्तमान अवस्था

तिर्यक्‌को सामान्य अर्थ 'तेर्सो' लाग्ने हुँदा यसलाई तेर्सो कारकले नामकरण गर्न पनि सकिन्छ । तर यसको लाक्षणिक अर्थ गर्दा आफ्ना मूल स्वरूपमा कुनै खास किसिमको बाह्य विकृति ल्याउने नामिक पद नै तिर्यक् कारक हुन आउँछ । यस दृष्टिले नेपाली भाषाका नामिक पदहरूलाई हेर्दा केही यस्ता नामिक पदहरू पनि भेटिन्छन्, जसले आफ्ना मूल स्वरूपमा केही बाह्य विकारहरू ल्याएका छन् । जस्तै — छोरो + ले = छोराले, छानु + मा = छानामा, जो + को = जसको, आदि । यहाँ शब्दका मूल स्वरूपमा रहेका रो, नु, जो, ले क्रमशः रा, ना, जस्, जस्ता बाह्य विकृति ल्याएका छन् । यस आधारमा के भन्न सकिन्छ भने उपर्युक्त नामिक पदहरूमा बाह्य विकृति ल्याउनु नै तिर्यक् कारक हुनु हो ।

यस्ता बाह्य विकृति बोक्ने नेपाली भाषा मात्र होइन, अन्य भाषाहरू पनि हुँदा रहेछन् भन्न सकिन्छ । मैथिलीमा यो - यिनका, उ - उन्का जस्ता सर्वनाम पदका विकृत रूप पाइन्छन् । हिन्दीमा लड्का - लड्के, हमारा - हमारे, अपना - अपने, जो - जिस जस्ता स्वरूपहरू प्रशस्त पाइन्छन् । त्यसमा पनि हिन्दी र नेपालीका विकृतिमा धेरै समानता पाइन्छ । हिन्दी र नेपाली भाषाका नामिक पदहरूले विकृति वहन गर्ने खास आधारचाहिँ मिल्दाजुल्दा देखिन्छन् । यस परिप्रेक्ष्यमा नेपालीको तिर्यक्त्व हिन्दीका तिर्यक्त्वसँग सन्निकट भएर पनि हिन्दीकै जस्तो भन्नचाहिँ मिल्दैन । नेपाली तिर्यक्‌को आफ्नै परिवेश छ । यसको आफ्नै पुख्यौली इतिहास छ । परापूर्वदेखि सन्तानदरसन्तान हुँदै नेपाली जनजिब्रामा रमिआएका तिर्यक्त्वका प्रमाणहरू हाम्रा सामुन्ने देखा पर्छन् । 'दुई जोईको पोइ कुना पसी रोई', 'नपत्याउने खोलाले बगाउँछ', 'जो होचो उसका मुखमा घोचो' आदिलाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

नेपाली भाषामा तिर्यक् प्रयोगको यति लामो परम्परा हुँदाहुँदै पनि नेपाली व्याकरण जगत्मा यसले विशेष महत्त्व पाउन सकेन । तिर्यक्त्व बोकी आएका प्राचीन जनजिब्रालाई आधुनिक जनजिब्राले पनि सही रूपमा अनुसरण गर्न सकेको देखिन्न । यसै कारण नेपाली वाक्यहरूले तिर्यक्त्वमा अतिर्यक्त्व र अतिर्यक्त्वमा तिर्यक्त्व वहन गर्दै यस्ता स्वरूपहरू पनि देखाउन लागे–'उहाँ मेरो पिताजी हुनुहुन्छ' 'मेरो छोरा आयो' 'घरको छाना लड्यो' आदि । यस्ता प्रयोग कथ्यमा मात्र होइन लेख्य भाषामा समेत देखिन्छन् । यसरी वाक्यप्रयोक्ताका अनभिज्ञताले वा बेवास्ताले गर्दा ज्यादै कम मात्रामा देखापर्ने यस कारकलाई नयाँ शिक्षा आएपछि नेपाली–व्याकरणका सम्बन्धमा भएका गोष्ठीहरूले पुनर्जीवन दिने चेष्टा गरेका हुन् भन्नु अत्युक्ति नहोला । यसपछि सस्याना वाक्यहरूमा तिर्यक्‌का केही शुद्ध प्रयोगहरू हुन लागेका छन् भने भेदक र विशेषणबहुल वाक्यहरूमा

चाहिं बेनियमसँग वा लेखकहरू स्वयंका आ–आफ्ना नियमानुसार पनि विविध रूपहरू देखिन लागेका छन् । यस्ता अनेकरूपताले भाषाको प्रयोगमा समस्या उपस्थित गरेका छन् । यसर्थ नेपाली तिर्यक्का सम्बन्धमा छलफल गर्नु आवश्यक देखिन्छ ।

## ३. तिर्यक् र सरल कारक

नामिक पदहरूले आफ्ना मूल स्वरूपमा कुनै किसिमको बाह्य विकार ल्याउँछन् भने त्यस्ता विकृतिबाहेक पदहरूका कारकलाई तिर्यक् भनिन्छ भन्ने चर्चा भइसकेको छ भने आ, ना, अस, यिन, उन जस्ता बाह्य विकृति नै तिर्यक्का खास स्वरूप हुन् भन्ने कुराको उल्लेख पनि प्रस्तुत प्रसङ्गमा परिसकेको छ । के-कस्ता कोटिका पदहरूले आफ्ना बाह्यस्वरूपमा के कस्ता किसिमका विकार ल्याएर तिर्यक् रूप दर्शाउँदा रहेछन् यसबारे सिङ्गो स्वरूप उभ्याएर हेर्न सकिन्छ—

तालिका १: नेपाली पदका तिर्यक् रूप

| सर्वनाम | | को विभक्ति लागेका नामिक पद | | एको, तो दो प्रत्ययान्त विशेषण पद | | नु–नो, नुँ हुने नामिक पद | |
|---|---|---|---|---|---|---|---|
| सरल | तिर्यक् | सरल | तिर्यक् | सरल | तिर्यक् | सरल | तिर्यक् |
| यो | यस, यल् | यसको | का | भएको | का | छानु/नो | ना |
| | यी, यिनी, यिन | त्यसको | का | लेखेको | का | सिक्नु/नो | ना |
| | | जसको | का | आएको | का | पाउनु/नो | ना |
| त्यो | त्यस, त्यल् | उसको | का | यस्तो | ता | फलानु/नो | ना |
| | | कसको | का | उठ्दो | दा | गानु/नो | ना |
| | ती, तिनी, तिन | तपाईंको | का | खाइलाग्दो | दा | अघानु/नो | ना |
| | | घरको | का | | | | |
| उ | उस, उल् | | | | | | |
| | उनी, उन् | | | | | | |
| विविध रूप | | एक रूप | | एक रूप | | एक रूप | |

| सर्वनाम | | नु कृदन्त नाम पद | | ओकारान्त नाम ए विशेषण पद | |
|---|---|---|---|---|---|
| सरल | तिर्यक् | सरल | तिर्यक् | सरल | तिर्यक् |
| जो | जस, जल् | खानु | ना | छोरो | रा |
| को | कस, कल् | पढ्नु | ना | लाठो | ठा |

| सर्वनाम | | नु कृदन्त नाम पद | | ओकारान्त नाम र विशेषण पद | |
|---|---|---|---|---|---|
| आफ्नो | ना | पर्नु | ना | केटो | टा |
| तँ | तँस्, तैं, | खेल्नु | ना | चित्रो | त्रा |
| | तिमी | भित्रिनु | ना | मान्द्रो | द्रा |
| तेरो | रा | आउनु | ना | आन्द्रो | द्रा |
| म | मैं | | | खरेटो | टा |
| मेरो | रा | | | चतुरो | रा |
| तिम्रो | रा | | | | |
| हाम्रो | रा | | | | |
| विविध रूप | | एक रूप | | एक रूप | |

उपर्युक्त स्वरूपका नामिक पदअन्तर्गत सबै पदहरूले उभय स्वरूप लिंदा रहेछन् भन्ने कुरा उक्त तालिकाले स्पष्ट पारेको छ । यस आधारमा के भन्न सकिन्छ भने उक्त स्वरूपका नामिक पदहरूले यताउति कतै नफर्की आफ्ना मूल स्वरूपमा मात्र रहँदा आफ्ना सोझा अवस्थितिले गर्दा सरल र बाङ्गोटिङ्गो फर्किएर विक्रयात्मक स्वरूपमा मात्र रहँदा आफ्ना बाङ्गा अवस्थितिले गर्दा तिर्यक्को सार्थक उपाधि पाएका हुन् । तिर्यक्भिन्न अवस्थाका कारकलाई सरल कारक पनि भन्न सकिन्छ । यसरी उपर्युक्त कोटिका नामिक पदहरूलाई उभय स्वरूपमा उभ्याउने हाम्रै पूर्खा हुन् । पुर्खौंको जिब्राका अनुसरणात्मक परम्पराले हाम्रा सामु उभय स्वरूपका अविस्मरणीय प्रमाणहरू पेस्तै आएका छन् । यसतर्फ अभिमुख हुँदै एकछिन घोत्लियौं भने निम्नलिखित पदावली र वाक्यावलीहरूका सरल र तिर्यक्का सही स्वरूपहरू ठम्याउन सक्छौं—

| सरल स्वरूप | तिर्यक् स्वरूप |
|---|---|
| झिंगो | झिंगाको मुन्टो |
| मुन्टो | मुन्टाले टेकेर |
| मोरो | मोराले गर्दा |
| माकुरो | माकुराको जालो |
| सिन्को | सिन्काको सींध |
| तित्रो | तित्राको मुख |
| छानो | छानाको फर्सी |
| कुहिरो | कुहिराको काग |
| धारो | धाराको पानी |
| मुसो | मुसाको लिंड |

| सरल स्वरूप | तिर्यक् स्वरूप |
|---|---|
| कोक्रो | कोक्राको नानी |
| बाख्रो | बाख्राको पाठो |
| लाटो | लाटाले पापा हेरेझैं |
| देख्नु | देख्नाको डाल |
| ढिँडो | ढिँडाको काल |
| मानो | मानाभरि घिउ |
| मेरो गोरु | मेरा गोरुको |
| मर्दा | मर्दाको मलामी |
| जिउँदो | जिउँदाको जन्ती |
| धन नहुनु | धन नहुनाले मन राख्न सकिएन । |
| तँजस्तो अन्धो | तँजस्ता अन्धाले गरेर खाँदैनस् । |
| डाँडो | डाँडापारि स्याल करायो |
| सुनेको कुरो | सुनेका कुराले हुँदैन |
| खाइलाग्दो ठिटो | खाइलाग्दा ठिटाले |
| जो | जसले मह काट्छ |
| को | कसको पिता म ? |
| उ | उसको साँढे |
| बाटो | बाटादेखि पूर्व |
| खोल्सो | खोल्सादेखि पश्चिम |
| राँडीको छोरो | राँडीका छोराले गर्नु गर्‍यो । |
| सानो कान्छो | साना कान्छाले |
| यो छोरो मोरो | यसचाहिँ छोरा मोराले गरी खाँदैन । |
| मेरो कान्छो छोरो | मेरा कान्छा छोराले चाहिँ गरी खान्छ । |

### ४. रूप लिने अवस्था

तिर्यक् स्वरूप वहन गर्दै आएका विभिन्न पदहरूको अवलोकन गर्दा नामिक पदहरूले तिर्यक्त्व वहन गर्ने ७ किसिमका अवस्थाहरू देखाएका छन् ।

#### १) सविभक्तिक अवस्था

कुनै पदले विभक्ति (नामयोगी समेत) लिँदा तिर्यक्त्व वहन गर्छ जस्तै—

| सामान्य स्थिति | सविभक्तिक स्थिति |
|---|---|
| छोरो | छोराले पढेन । |
| खोलो | खोलाको बगर । |
| खानु | खानाले मोटाइन्छ । |
| भनेको | भनेकामा विश्वास गर । |
| लाटो | लाटालाई नचलाऊ । |
| छानो | छानामाथि फर्सी छ । |
| पहरो | पहरासँग जोरी नखोज । |
| माटो | माटामुनि नपुर । |
| जो | जसले मह काट्छ । |
| त्यो | त्यसनजीक नआऊ । |

## २) सम्बोधनको अवस्था

सम्बोधनात्मक अवस्थामा ओकारान्त पदले तिर्यक्त्व लिन्छ—

| सामान्य स्थिति | सम्बोधनात्मक स्थिति |
|---|---|
| लाटो | ए लाटा ! पापा हेर्छस् ? |
| मोरो | ए मोरा ! त्यसो भन्नु हुँदैन |
| खोलो | ए खोला ! किन सुसाउँछस् ? |
| कानो | ए काना ! जोरी खोज्छस् ! |
| फलानो | ए फलाना ! यता आइज न ! |
| भुसुनो | ए भुसुना ! तँ के नाप्छस् ? |
| लुम्रो | ए लुम्रा ! छिटो हिँड् ! |

## ३) आदरार्थीको अवस्था

आदरार्थीका स्थितिमा ओकारान्त पदले तिर्यक्त्व लिन्छ—

| सामान्य स्थिति | आदरार्थी स्थिति |
|---|---|
| छोरो | छोरा आए । |
| लाटो | लाटा छौ । |
| बाठो | बाठा छन् । |
| आफ्नो | आफना हुन् । |
| पढेको | पढेका हौ । |
| खाइलाग्दो | खाइलाग्दा छौ । |

### ४) बहुवचनको अवस्था

बहुवचनका स्थितिमा ओकारान्त पदले तिर्यक्त्व लिन्छ—

| सामान्य स्थिति | बहुवचनको स्थिति |
|---|---|
| छोरो | छोराहरू आए । |
| बाठो | बाठाहरू यस्तै हुन्छन् । |
| भुसुनो | भुसुनाहरू घुम्दैछन् । |
| किर्नो | किर्नाहरूले रगत खान्छन् । |
| मरेको | मरेकाहरू यस्तै फन्छन् । |
| छाँगो | छाँगाहरू छङछङ गर्दै छन् । |
| उरन्ठेउलो | उरन्ठेउलाहरू के गर्छन् ? |
| पञ्चपात्रो | पञ्चपात्राहरू पूजाका निम्ति हुन् । |

### ५) विशेषणको अवस्था

सविभक्तिक विशेष्यको वा सम्बोधन, आदर तथा बहुवचनात्मक विशेष्यको विशेषण बन्न पुग्दा सो विशेषण पदका ओकारान्त भए तिर्यक् भई आकारान्त हुन्छ ।

तालिका २: विशेषणहरूको तिर्यक्रूप

| सरल तिर्यक् विशेषण | सविभक्तिक विशेष्य | सम्बोधनात्मक विशेष्य | आदरात्मक विशेष्य | बहुवचनात्मक विशेष्य |
|---|---|---|---|---|
| सानो–साना | दुःखले | — | — | — |
| हरियो–हरिया | दहमा | — | — | — |
| यो—यस | पापीको | — | — | — |
| कानो–काना | गोरुलाई | — | — | — |
| मोरो–मोरा | पाडाले | — | — | — |
| मरेको–मरेका | — | स्याल ! | — | — |
| लाटो–लाटा | — | केटा ! | — | — |
| कुहेको-कुहेका | — | माते ! | — | — |
| जेठो–जेठा | — | — | छोरा | — |
| कान्छो–कान्छा | — | — | भाइ | — |
| खाइलाग्दो–खाइलाग्दा | — | — | केटा | — |
| माहिलो–माहिला | — | — | मुखिया | — |

| सरल तिर्यक् विशेषण | सविभक्तिक विशेष्य | सम्बोधनात्मक विशेष्य | आदरात्मक विशेष्य | बहुवचनात्मक विशेष्य |
|---|---|---|---|---|
| सेतो-सेता | — | — | — | घरहरू |
| राम्रो-राम्रा | — | — | — | पसलहरू |
| कलिलो-कलिला | — | — | — | मुनाहरू |

## ६) भेदकको अवस्था

सविभक्तिक भेद्यको वा सम्बोधन, आदर र बहुवचनात्मक भेद्यको भेदक बन्दा सो भेदक पदका अन्त्याक्षरले तिर्यक्त्व लिन्छ —

तालिका ३: भेद्य भेदकको तिर्यक्रूप

| सरल-तिर्यक् भेदक | सविभक्तिक भेद्य | सम्बोधनात्मक भेद्य | आदरात्मक भेद्य | बहुवचनात्मक भेद्य |
|---|---|---|---|---|
| बजियाको-बजियाका | साँढेले | — | — | — |
| मेरो-मेरा | थाप्लामा | — | — | — |
| मौरीको-मौरीका | रानाले | — | — | — |
| मक्कुको-मक्कुका | राँगालाई | — | — | — |
| नआउनाको-नआउनाका | कारणबाट | — | — | — |
| नदीको-नदीका | किनारको | — | — | — |
| मेरो-मेरा | — | काले ! | — | — |
| मेरो-मेरा | — | मने ! | — | — |
| मेरो-मेरा | — | — | भाइ | — |
| हाम्रो-हाम्रा | — | — | बाजे | — |
| आफ्नो-आफ्ना | — | — | साथी | — |
| तिम्रो-तिम्रा | — | — | छोरा | — |
| भाइको-भाइका | — | — | साला | — |
| मकैको-मकैका | — | — | — | घोगाहरू |
| रूखको-रूखका | — | — | — | पातहरू |
| जङ्गलको--जङ्गलका | — | — | — | जनावरहरू |
| दुःखको--दुःखका | — | — | — | दिनहरू |
| तिम्रो--तिम्रा | — | — | — | किताबहरू |

### ७) समासको अवस्था

समास भएर एकपद बनेको अवस्थामा अघिल्लो पद ओकारान्त भए आकारान्त हुन्छ । जस्तै –

| सामान्य अवस्था | समस्तावस्था |
|---|---|
| सल्लो | सल्लाघारी |
| डाँडो | डाँडाघरे |
| ठूलो | ठूलाघरे |
| बाटो | बाटाघरे |
| गहिरो | गहिराघरे |
| माथिल्लो | माथिल्लाघरे |
| पल्लो | पल्लाघरे |
| मुसो | मुसाकाने |
| माछो | माछापुच्छ्रे |
| बाँझो | बाँझागरा |
| धूलो | धूलाबारी |
| धैलो | धैलाडुवा |
| कान्छो | कान्छाकान्छी |
| बाछो | बाछाबाछी |
| कुनो--नु | कुनाकानी |
| राँडो | राँडाराँडी |
| लाटो | लाटालाटी |
| थैलो | थैलाथैली |
| मानो--नु | मानापाथी |
| खोल्सो | खोल्साखोल्सी |
| अन्धो | अन्धाअन्धी |

लाम्पाते, बाटोहगुवा, बोकेदारी, चरीनङ्ग्रे, ठाड्काने, मखिबुट्टे जस्ता केही समस्त शब्दहरूमा यसभन्दा भिन्न प्रवृत्ति पाइन्छ ।

### ५. वैकल्पिक प्रयोग

उभय स्वरूप लिने नामिक पदहरूले खास खास अवस्थामा तिर्यक् रूप लिन्छन् भन्ने चर्चा भइसकेको छ । तर उक्त पदहरूले तिर्यक् रूप मात्र लिनुपर्ने

स्थितिमा पनि कतै–कतै सरल रूप पनि लिएका पाइन्छन् । पूर्व प्रसङ्गमा यसबारे केही उल्लेख नगरिएको हुँदा यस शीर्षक अन्तर्गत चर्चा गर्न प्रयास गरिएको छ ।

खास गरी सर्वनाम पद र सार्वनामिक विशेषण पदले निम्नलिखित अवस्थामा वैकल्पिक रूप लिएको पाइन्छ ।

ले, लाई, को, विभक्ति बाहेक अन्य सबै किसिमका विभक्ति लाग्दा सर्वनाम पदले र आफ्नो विशेष्य पद तिर्यक् स्वरूपको हुँदा सार्वनामिक विशेषण पदले वैकल्पिक रूप दर्शाएको देखिन्छ, जस्तै—

| सर्वनाम पद | सार्वनामिक विशेषण पद |
|---|---|
| यो+ले यसले वा योले | यस केटाले वा यो केटाले |
| यो+लाई यसलाई वा योलाई | यस केटालाई वा यो केटालाई |
| यो+को यसको | यस केटादेखि वा यो केटादेखि |
| यो+सित यससित वा योसित | यस केटाको वा यो केटाको |
| यो+द्वारा यसद्वारा वा योद्वारा | यस केटामा वा यो केटामा |
| यो+मा यसमा वा योमा | यस केटासँग वा यो केटासँग |
| यो+अघि यसअघि वा योअघि | यस केटामाथि वा यो केटामाथि |
| यो+माथि यसमाथि वा योमाथि | यस केटासामु वा यो केटासामु |
| यो+मुनि यसमुनि वा योमुनि | यस केटापट्टि चा यो केटापट्टि |

यस प्रसङ्गमा नाम र विशेषण पदका पनि वैकल्पिक रूप झल्काउने केही उदाहरणहरू प्रस्तुत गर्न सकिन्छ, जस्तै–

१. क) यो केटो काँचोमा काँचो पनि छ, साँचोमा साँचो पनि छ ।
ख) यो केटो काँचामा काँचो पनि छ, साँचामा साँचो पनि छ ।

२. क) सुनेको कुरोमा होइन, देखेको कुरोमा पत्यार गर्नुपर्छ ।
ख) सुनेका कुरामा होइन, देखेका कुरामा पत्यार गर्नुपर्छ ।

३. क) गीलो भातले होइन, काँचो भातले मान्छे बिगार्छ ।
ख) गीला भातले होइन, काँचा भातले मान्छे बिगार्छ ।

४. क) खाइलाग्दो ठिटोले मेरो त मनै लोभ्यायो ।
ख) खाइलाग्दा ठिटाले मेरो त मनै लोभ्यायो ।

५. क) पहिरो–सहिरोले मेरो घरलाई केही तातोपानी लाउँदैन ।
ख) पहिरा सहिराले मेरा घरलाई केही तातोपानी लाउँदैन ।

६. क) मुसोको दुलोमा हात हाल्यो भने के हुन्छ ?
ख) मुसाका दुलामा हात हाल्यो भने के हुन्छ ?

७. क) पढ्नुको अर्थ ज्ञान गर्नु हो भने फेल हुनुको अर्थ के नि ?
ख) पढ्नाको अर्थ ज्ञान गर्नु हो भने फेल हुनाको अर्थ के नि ?

८. क) हाम्रो प्राचीन धर्मग्रन्थमा ज्ञानका गहकिला कुरा छन् ।
ख) हाम्रा प्राचीन धर्मग्रन्थमा ज्ञानका गहकिला कुरा छन् ।

९. क) तिमी नआइदिनुले गर्दा मेरो यो हविगत भएको हो ।
ख) तिमी नआइदिनाले गर्दा मेरो यो हविगत भएको हो ।

१०. क) यो केटो दबाइ खानुले होइन दबाइ नखानुले रोगाउँदै गएको हो ।
ख) यो केटो दबाइ खानाले होइन दबाइ नखानाले रोगाउँदै गएको हो।

११. क) यो भाते कतिविधि मात्तिएको, मात्तिनुको पनि त हद हुन्छ ।
ख) यो भाते कतिविधि मात्तिएको, मात्तिनाको पनि त हद हुन्छ ।

## ६. समाधानको बाटो

भाषा परिवर्तनशील भएकाले यसले काँचुली फेर्दै जानु स्वाभाविक हो। मानवीय सभ्यता, संस्कृति र आवश्यकताका उत्तरोत्तर अभिवृद्धिका क्रममा भाषा पनि सहयात्री हुँदै आएको हो भन्न सकिन्छ । मानवले गर्दै आएका प्रगतिका क्रममा सङ्क्रमणका विविध अवसरहरू आए झैँ भाषिक प्रगतिका पथमा पनि यस्ता अवसरहरू आउँछन् । प्रगतिका अवसरमा आइपर्ने यस्ता अवरोधहरूले प्रगतिलाई रोक्ने वा विपरीत दिशातिर धकेल्ने काम गरेका हुन्छन् । यस्ता विविध चक्र पार गर्दै मानवीय सभ्यता र संस्कृति आजका युगमा आइपुगेका हुन् भने भाषा पनि त्यसरी नै आएको हो ।

यस परिप्रेक्ष्यमा के कुरा भन्न सकिन्छ भने नेपाली भाषाले आफ्ना भाषिक स्वरूपमा एउटा त्यस्तो अस्तित्व बोकिआएको छ, जसलाई प्रस्तुत सन्दर्भमा तिर्यक् रूप भनिएको छ । तर वर्तमान प्रयोगमा र नेपाली व्याकरणका कतिपय पुस्तकहरूमा पनि दुवै रूपलाई स्वीकृति दिइएको पाइन्छ । सरल कारकको बढ्दो प्रयोगले गर्दा एक थरी विद्वान् परम्परागत तिर्यक् प्रयोगलाई अगाडि नबढाउने पक्षमा पनि छन् । निम्नलिखित उदाहरणले वैकल्पिक प्रयोगको वर्तमान स्थिति स्पष्ट गर्छ ।

## तालिका ४: सरल र तिर्यक् प्रयोग

| सरल प्रयोग | तिर्यक् प्रयोग |
|---|---|
| छोरो, छोरोले, छोरोलाई | छोरो, छोराले, छोरालाई |
| छोराहरू, छोराहरूले | छोराले, छोराहरूले |
| मोरो, मोरोले, मोरोलाई | मोरो, मोराले, मोरालाई |
| मोराहरू, मोराहरूले | मोराहरूले, मोराहरूले |
| सिस्नु, सिस्नुले, सिस्नुलाई | सिस्नु, सिस्नाले, सिस्नालाई |
| सिस्नुहरू, सिस्नुहरूले | सिस्नाहरू, सिस्नाहरूले |
| खाएको, खाएकोले | खाएको, खाएकाले |
| खाएकाहरू, खाएकाहरूले | खाएकाहरू, खाएकाहरूले |
| कुनु, कुनुले, कुनुलाई | कुनु, कुनाले, कुनालाई |
| कुनुहरू, कुनुहरूले | कुनाहरू, कुनाहरूले |

नेपाली व्याकरणका प्रसङ्गबाट तिर्यक्लाई हटाइदिने हो भने सर्वनाम पदमा विभक्ति लाग्दा यो+ले=योले, जो+ले=जोले भन्नुपर्ने हुन्छ। त्यस्तै सार्वनामिक विशेषण पद प्रयोग गर्दा यो मोरोले, यो केटोले, यो छोरोलाई पनि प्रयोग गर्नपर्ने हुन्छ। यस मोराले, यस भातेले, यस पापीलाई जस्ता प्रयोग गर्न मिल्दैन । यस्ता प्रयोगका अभावमा हाम्रा जनजिब्राले बोकी ल्याएका तिर्यक्ले 'कुनु पसी रुनु' को मात्र काम गर्नुपर्ने हुन्छ। अनि 'छोरोसित', 'तिम्रो बासित पैसा छैन' को परम्परा कायम गरेर प्रगतिको 'सोझो बाटोतिर' मात्र दगुर्नुपर्ने पनि हुन्छ ।

नेपालीको तिर्यक्रूप कायम राख्न चाहनेहरूमा पनि कसैको के भनाइ छ भने स्तरीय एवं शिष्ट प्रयोगलाई नै तिर्यक्त्व निर्धारणको मानक मान्नुपर्छ। यस कुरालाई स्वीकार गर्दा शिष्ट प्रयोग भनेर केलाई आधार मान्ने ? शिक्षित समुदायले औपचारिक प्रसङ्गमा गरेका प्रयोग मात्र शिष्ट हुन् वा कुनै पनि विषय-वस्तुलाई स्तरीय रूपमा प्रस्तुत गर्ने पुस्तक–पुस्तिकाहरूमा प्रयुक्त प्रयोग नै शिष्ट हुन् । यीमध्ये एक वा दुवै भए पनि यिनका आधारमा मानक कायम गर्न गाह्रो पर्छ । जस्तै 'हाम्रो प्राचीन धर्म ग्रन्थमा' वा 'हाम्रा प्रचीन धर्म ग्रन्थमा', 'यहाँको अहोरात्रको सत्प्रयासले' वा 'यहाँका अहोरात्रका सत्प्रयासले' वा यहाँको अहोरात्रका सत्प्रयासले' जस्ता प्रयोगहरू भेटिन्छन् भने यीमध्ये शिष्ट प्रयोग कुनलाई मान्ने ? शिष्ट प्रयोगका प्रसङ्गमा भन्ने हो भने राजकीय प्रज्ञा–प्रतिष्ठानका आयोजनामा हुने व्याकरण अधिगोष्ठीका निम्ति कार्यपत्र लेख्न अनुरोध गरिएको पत्रको भाषिक प्रयोगको एउटा नमूना यस्तो पाइन्छः– '२०४१ सालको कार्तिक

महीनाको चौथो हप्तामा नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको आयोजनामा एउटा गोष्ठी हुने भएको छ ।' त्यसै पत्रका विषय–शीर्षकमा भने 'नेपाली व्याकरण अधिगोष्ठीका निम्ति गोष्ठी–पत्र' भन्ने प्रयोग पनि छ । यस्ता अतिर्यक् र तिर्यक् प्रयोगले गर्दा शिष्ट प्रयोगको मानक कायम गर्न असम्भवप्रायः छ । अतः यस सम्बन्धमा जनजिब्रो नै सही मानक हुन सक्छ भन्ने यस कार्यपत्र लेखकको अभिप्राय रहेको छ ।

हुन ता जनजिब्रामा पनि विवाद आउन सक्छ । जनजिब्राले पनि 'यो लाटाले' वा 'यस लाटाले', 'यो भाते मोराले' वा 'यस भाते मोराले' जस्ता वैकल्पिक प्रयोगहरू उब्याएका छन् । तर पनि यस सम्बन्धमा के भन्न सकिन्छ भने वैकल्पिक अतिर्यक् प्रयोग भाषिक सङ्क्रमणकालतिरका हुन् र तिर्यक् प्रयोगचाहिँ तत्पूर्ववर्ती कालका हुन् किनभने वैकल्पिक प्रयोगको स्वभाव तिर्यक्मुखी छ । यस कारण परम्परागत जनजिब्रलाई आधार मानी तिर्यक् प्रयोगमा एकरूपता स्थापित गर्न निम्नलिखित निष्कर्षमा पुग्नु नै उपयुक्त देखिन्छ—

१) नेपाली भाषामा वाह्य स्वरूपका आधारमा सरल र तिर्यक् कारकको अस्तित्व कायम गर्ने ।

२) नेपाली भाषामा सरल र तिर्यक् कारकको स्वरूप कायम गर्दा परम्परागत प्रयोगलाई आधार मान्ने ।

३) तिर्यक् स्वरूपका सबै वैकल्पिक प्रयोगहरू हटाइदिने ।

४) पदका तिर्यक् स्वरूप कायम गर्दा माथि 'तिर्यक् र सरल कारक' शीर्षकअन्तर्गत दिइएका तिर्यक्रूपअनुसार गर्ने ।

५) पदहरूको तिर्यक्रूप वहन गर्ने अवस्था कायम गर्दा माथि 'तिर्यक्रूप लिने अवस्था' शीर्षकमा उल्लिखित नियमलाई आधार मान्ने ।

६) भेद्य–भेदक, विशेष्य–विशेषण ( समानाधिकरण समेत ) आदिले लम्बिन जाने वाक्यभित्रका पदहरूको तिर्यक् स्वरूप छुट्ट्याउँदा पदसङ्गतिलाई आधार मान्ने ।

# नेपालीमा अकरण

चूडामणि रेग्मी

## १. विषय प्रवेश

नेपाली भाषामा उठेका कैयौँ प्रश्नहरू अझै अनुत्तरित रूपमा नै रहेका देखिन्छन् । अझ कतिपय लेखहरूमा त भ्रम पनि बढाइएको छ । अकरणबारे मध्य–चन्द्रिकाले सोचेका कुरालाई दोहोऱ्याउने अथवा कुरा बराल्ने जस्ता कार्य पनि भएका छन्, चूडामणि बन्धुले पनि कैयौँ प्रश्नहरू समाधान नगरी टारेको पाइन्छ । नेपाली भाषाको उत्पत्तिजस्तो महत्त्वपूर्ण ग्रन्थमा पनि यसबारे संशोधित संस्करणहरूमा समेत केही छैन भने पनि हुन्छ भने अकरणसित सम्बद्ध मिलित क्रिया वा संयुक्त क्रियाबारे पनि जूहीमा प्रकाशित लेखअनुसार लाखे–लाखे प्रवृत्ति नै पाइन्छ । तारानाथ शर्माले अकरणबारे चर्चा गर्दा गाजेमाजे नगरी परम्परागत पारालाई नै स्पष्ट रूपमा व्याख्या गरेको पाइन्छ, तर अकरणसित सम्बद्ध धातुरूप नयाँ ढङ्गले ठम्याउने र मिलित क्रियाबारे पुनर्विचार गर्ने जस्ता नवीन अनुसन्धान भएको भने देखिएको छैन, यद्यपि नेपाली भाषाका विभिन्न पक्षमा डा. शर्माको कलम निकै राम्रो चलेको पाइन्छ । 'क्रियाको नकारात्मक संरचना' (भारद्वाज, अङ्क २,२०४० मा प्रकाशित) लेखमा गङ्गाप्रसाद उप्रेतीले अकरणसम्बन्धी समस्यालाई निकै वस्तुगत रूपमा तर ज्यादै संक्षेपमा केही हेर्न सकेको देखिन्छ । यस सन्दर्भमा, अकरणबारे अनुसन्धान गर्नेले अवैज्ञानिक ढङ्गको पुनरुक्तिबाट बच्नु, भ्रमहरू निराकरण गर्नु, धातुरूप ठम्याउनु, कालनिर्णय गर्नु, मिलित क्रियाको सही विश्लेषण गर्नु आवश्यक देखिन्छ । नेपाली भाषाको अध्ययन गर्नेले पूर्णतया संस्कृतका चश्माले हेरेर अध्ययन गर्न सक्दैन भने संस्कृतलाई पन्छ्याएर पनि अध्ययन गर्न सक्तैन । प्रकृति–प्रत्ययको कुरा गरौँ–संस्कृत भाषामा पाणिनिले सूत्रहरू बनाएर प्रकृति–प्रत्ययको निर्धारण गरे । त्यही पारा बराबर परिवर्तन भैरहने नेपाली भाषामा लागू गर्दा काम देला र ? यसरी भाषा–वैज्ञानिक अध्ययन होला र ? उदाहरणका लागि भने भएन, खादैनौँ, खाँदौनँ यिनको प्रकृतिप्रत्ययमा हामी

एकनास पाउदैनौं । प्रायः करण क्रियामा ‘न’ लागेर अकरण क्रिया हुन्छ भन्ने पाराको भनाइ पनि अकरण रूपको प्रकृति–प्रत्ययबारे राम्ररी सोचेर भनेको देखिंदैन । यसरी नेपाली भाषाका विभिन्न पक्षमा समाधान नगरी नहुने थुप्रै प्रश्नहरू उठेका छन् । थोरै समयमा गम्भीर अध्ययन त्यो पनि अभाषाविज्ञानी व्यक्तिबाट हुन सक्तैन । आफ्नो कमजोरी स्वीकार गर्दै यहाँ आफूलाई लागेका केही कुरा चर्चा गर्ने धृष्टता गरेको छु ।

## २. अकरणको अर्थ र क्षेत्र

पण्डितराज सोमनाथ सिग्देलले ‘मध्यचन्द्रिका’ मा अकरणबारे भनेका छन्-‘क्रियापदमा निषेध जनाउने नकार जोडिंदा अकरण अर्थात् क्रियाको अभाव बुझिन्छ ।’ चूडामणि बन्धु, गोपालनिधि तिवारी, रोहिणीप्रसाद भट्टराई आदि सबै भाषा-व्याकरण-लेखकहरूले अकरणको यो अर्थलाई नै आँखा चिम्लेर पछ्याएका छन् । तारानाथ शर्माले पनि महेन्द्रमाला–भाग १ मा यही कुरा यसरी भनेका छन्–‘क्रियाका करण र अकरण दुई रूप हुन्छन् करण भन्नाले ‘हो’ भन्ने बुझिन्छ र अकरण भन्नाले ‘होइन’ भन्ने बुझिन्छ । करणलाई अकरण बनाउँदा ‘न’ जोड्नु पर्छ ।’

माथिका कुराहरूलाई उदाहरणबाट चिनौं:-

क) क्यांपा गुंफया कडित्या कुत् मात् पोटलो पिठायो केही लैन नपाव (ताम्रपत्र १४३३)

ख) छिद्रयांका गांवकी चरी काटन कोही नपाव (कनकपत्र १४१३)

ग) अभक्ष्य वस्तुको भक्षण गऱ्याका पातक कह्याको जात विशेषले हो सबै जनालाई होइन (प्रायश्चित्त–प्रदीप)

घ) दोहो काज गरदा यताबाट बलियो काज हवोइन ( पं. राजीवलोचनलाई पत्र)

ङ) तहाँबाट काज गऱ्या एताबाट हामीले हेरि रहोइनौं ( दिव्योपदेश )

च) म चाँडै फिर्न्याछु विरह नहवस् कत्ति मनमा (भानुभक्त आचार्य)

छ) हामीलाई एस नलेखाई यस लेख्न कर लाइएको हो (महानन्द सापकोटा)

ज) कुट्न थालेपछि आँखा नदेख्ने । विचरा नभागेर के गरोस् ? (नासो)

माथि रेखाङ्कित अकरण क्रियाले निषेधार्थ दिएका छन् । नेपाली भाषाका

व्याकरणका पुस्तकहरूमा अकरण क्रियाबारे मात्र चर्चा भएका छन्। तलका उदाहरणहरू पनि हेरौं—

क) यो अन्याय भयो यहाँ त नवसौं जाऔं प्रभूका सँगै (भानुभक्त आचार्य)
ख) माला कतातिर गयो ननिको छ चाला। (मोतीराम भट्ट)
ग) अनिच्छावृती हुन्छ निर्भीक आँटी। (महानन्द सापकोटा)
घ) स्वतः यो निष्काम कामना किन बाँकी छ, जान्दिनँ। (बालकृष्ण सम)
ङ) स्वागत गरेर असीम अङ्कमाल गर्नेछु। ( बालकृष्ण सम )
च) नमीठो विशेषण। (कमल दीक्षित, नेपाली–४७)
छ) पँगोडा शब्दको अर्थ खोज्नु निरर्थक होइन। (महान्द सापकोटा, नेपाली४७)
ज) अन्तहीन शुरुवात। (जीवन आचार्य)
झ) यस्ता दवावहरूलाई बेवास्ता गरी। (पूर्वाञ्चल शैक्षिक गोष्ठी, पृष्ठ ३५)
ञ) अप्रत्यक्ष रूपबाट प्रतिकूल असर पार्ने र शैक्षिक प्रशासनमा स्वच्छता कायम राख्ने अवरोध खडा गर्ने (पूर्वाञ्चल शैक्षिक गोष्ठी, पृष्ठ ३४ )

ट) दावीसाथ भन्न सकिन्छ कि अध्यक्षले वेइमानी गर्नुभएको छ। ( साप्ताहिक मञ्च, वर्ष २, अङ्क ५ )

ठ) सरकारी निरङ्कुशताको विरुद्ध संघर्ष जारी राख्ने। (ऐ.)
ड) अन्यथा यो प्रश्न सदनको निम्ति अनुत्तरित रहनेछ। (ऐ.)
ढ) अर्थ न वर्थ गोविन्द गाई। (उखान)

माथि रेखाङ्कित शब्दहरूले पनि अकरण अर्थ दिन्छन्। 'अन्याय भयो' ले न्याय भएन भन्ने अर्थ दिन्छ भने नमीठोले 'मीठो भएन' अर्थ दिन्छ। अरू रेखाङ्कित शब्दले पनि यसरी नै अकरण अर्थ दिन्छन्। यसबाट क्रियामा मात्र अकरण नभएर क्रियापदेतर शब्द पनि निषेधार्थी शब्द प्रयोग भएर अकरण भएको स्पष्ट छ। अरू उदाहरण पनि हेरौं—

क) अरू कसिको नाहि (ताम्रपत्र १४१३)
ख) यन्नोपानी आथिना (ताम्रपत्र १६६१)
ग) जिह्वा स्वाड नीहो (ज्वरोत्पत्ति चिकित्सा)
घ) परलोक नाइँ आथिक सिद्धान्त गर्नु (प्रायश्चित्त–प्रदीप)
ङ) परलोकलाई नाईथिक सिद्धान्त गर्नु (ऐ.)
च) ... दावा धक्का नास्ति (करिया अभिलेख १८२५)
छ) घर छिटै जा नत्र रात पर्ला।

ज) नाइँ म खान्न-जा न-नाइँ ।

झ) भात खाइस् ? अहँ ।

ञ) ससुरालीमा धेरै दिन बस्लास्-नि ।

यसरी निषेधार्थी शब्दहरू नेपाली भाषामा निकै चलेका देखिन्छन् । अहेल पनि पश्चिमी नेपाली भाषामा नाइँ चलेकै छ । एउटा उखान—

दिनको भोग नाइँ, रातको निन्नाइँ (जुम्लेली शब्द र उखान-संग्रह) । पूर्वी नेपालमा पनि नाइँको प्रयोगबारे माथि चर्चा भयो ।

क्रियापदीय अकरण र शब्दगत अकरणका साथै अर्थगत रूपमा पनि अकरण-को प्रयोग पाइन्छ । अर्थगत रूपमा करणको अर्थ अकरण हुने र अकरणको अर्थ करण हुने दुवै प्रयोग पाइन्छ ।

## करणबाट अकरण

क) लिन त पोडे भए जाउँला (नासो), यसको अर्थ हो 'जान्नँ' ।

ख) गौँथलीले चामेपट्टि फर्केर, ओठ लेप्प्याई (नासो), अर्थ-चामेले भनेको कुरा होइन भनी ।

ग) आज त विद्यार्थीहरू पढिरहेछन् । ( हिजो पढिरहेका थिएनन् । )
माधवप्रसाद पोखरेलले गरिमा, वर्ष २, अङ्क ९ मा दिएका उदाहरण—
क) सीताले किताव वोकी (गीता, राम र अरूले बोकेनन् वा पानी, भाइ आदि अरू थोक बोकिन, फालिन । )
ख) रामे आज फूल चुँड्छ । (अरूले चुँड्दैनन् ।)
ग) राम आज फूल चुँड्छ (भोलि, पर्सि चुँड्दैन ।)

## अकरणबाट करण

क) राम मावल के जाँदैनथ्यो (गयो) ।

ख) भोकाएका वेला के खान्नथें (खान्छु) ।

ग) अन्यथा हुने छैन (राम्रो हुनेछ) ।

घ) नेपाली वाक्य-गठनको अध्ययनका क्रममा पनि यस पुस्तकको विशेष स्थान छ र यसको लेखनमा लागेको श्रम र विद्वत्ताको पनि प्रशंसा नगरिरहन सकिन्न । (बन्धु, नेपाली-भाषा-अधिगोष्ठी २०३३, पृष्ठ १०६) अर्थात् प्रशंसा गर्नुपर्दछ ।

माथिका चर्चाबाट मात्र पनि अकरणको क्षेत्र निकै ठूलो देखिन्छ । क्रियापदीय अकरण र अरू शब्दगत अकरणबारे संस्कृतमा निकै राम्ररी नसोचिएको पनि होइन र पनि पण्डितराजले त्यतापट्टि ध्यान दिएनन् । हुनत संस्कृत वैयाकरणहरूले पनि क्रियाको अभावलाई नै पूर्ण निषेध मानेका छन् । पाणिनिले 'न' लाई तत्पुरुष समासमा 'नञ्' समासभित्र राखे । उनका अनुसार शब्दमा समास हुन्छ, क्रियापदमा हुँदैन । समास हुँदा 'अ' र 'अन' हुन्छ, जस्तै-अकाल, असमय, अव्यवस्था, अनुत्तीर्ण, अनधिकार, अनास्था आदि । क्रियामा शुद्ध 'न' रहन्छ, कतै सन्धि हुन्छ, जस्तै-न अस्ति =नास्ति, न विद्यते न भवति, न गतः, न स्थितः इत्यादि । नागेश, कौण्डभट्ट आदि विद्वान्ले व्याकरणिक कोटिभित्र 'न'लाई नराखे पनि 'नञ्' शब्द र क्रियापदमा कसरी प्रयोग हुन्छ? 'नञ्'का के के अर्थ हुन् ? आदि विषयमा राम्ररी विचार गरेका छन् । विचारको सार हो-निषेध दुई प्रकारका हुन्छन्—
(१) प्रसज्य र (२) पर्युदास

'नञ्' का ६ अर्थ छन्- अभाव, सादृश्य, अन्यत्व, अल्पता, अप्राशस्त्य र विरोध । पूर्णाभाव प्रसज्य निषेध हो । यो क्रियामा रहन्छ । अन्य शब्दमा नञ् प्रयोग गर्दा सादृश्य, अन्यत्व, अल्पता आदि अर्थ हुन्छ । शायद यसैले पण्डितराजले क्रियाको अभावलाई नै महत्त्व दिई अकरणको चर्चा क्रियामा गरेका हुन् ।

माथिका चर्चाबाट के स्पष्ट हुन्छ भने अकरणको क्षेत्र व्यापक छ । यहाँ सबै पक्ष नअँगाली विशेष गरी अकरण क्रियाका केही पक्षमा मात्र प्रकाश पारिन्छ ।

### ३. अकरणको रूप

पण्डितराजले करणको रूपभन्दा अकरणको रूप प्रायः भिन्दै देखिन्छ भनेका छन् । यो भनाइ सारगर्भित छ । प्रायः भिन्दै भन्नाले करणको बिल्ल्यांटो अकरण अर्थमा भए पनि, करणको रूपमा निषेधार्थी 'न' लगाएपछि अकरण बन्छ भन्ने सिद्धान्तलाई ढस्काउँछ । निम्न उदाहरण हेरौँ—

१) क) नेपाली जिब्रो शब्दका शिर र पुछारमा 'य' सहन नमान्ने र रहन नदिने रहेछ ।
 ख) साउँ 'य' असम्भव भएपछि एस नभईकन यस कसरी हुन्छ ?
 ग) देख्ने छँदाछँदै सुनेका सही नमान्नु अनुभवले सिकाएर नै त्यसले लोकमा मान्यता पाएको हो ।
 घ) अर्ध वा अल्पशिक्षित भारतीयले नेपालीमा प्रचलित संस्कृत तत्सम शब्दलाई पनि हिन्दी हुन् भनेको सुन्दा नेपाली मन उद्वेलित नहोस् किन ?

ङ) [illegible] नामा विदेशी [illegible]
नगरेको शुद्ध नेपाली भाषा भन्ने बुझिन्छ ।

च) राम्रो औखतीमूलो नगरे यो सुकेनास पल्टनेछ ।

माथिका सबै उदाहरणहरू ध्वनिको ग्रन्थबाट लिइएका हुन् ।

छ) त्यसैले होला एक्लो नहुन खोज्नेहरूलाई यो नमस्ते गर्ने बारे रोग लागेको छ । (नमस्ते)

ज) बाहुनहरूले सजिलोको लागि खुट्टाको साटो हात टाउकामा ढोगाउने जुन चलन चलाएका छन्, त्यसलाई म मन पराउँछु भनेर चाहिं पटक्कै नगल्याउनुहोला । (नमस्ते)

झ) अर्काको नाटकमा त्रुटि नदेखा । (रामकृष्ण शर्मा)

ञ) अर्काको उपन्यासको आलोचना नगर । (ऐ.)

२) क) आफ्ना आफ्ना भाषाका मौलिक विशेषता हुन्छन्, जसलाई खजमज्याउन मिल्दैन । (तारानाथ शर्मा)

ख) उस् ! चाटाचाट गर्न पनि त बेर लाग्दो रहेनछ नि ! (नासो)

ग) बेलुका घर आएकी रहिनछ । (नासो)

घ) ईन्ट्रेन्स पास गर्नु लरतरो कुरा थिएन । (कमलमणि दीक्षित)

ङ) त्यो वेला यिनले के के लेखे थाहा हुन सकेको छैन । (ऐ.)

च) अरु कसैको पछि लागेर यिनले लेखेका छैनन् । (ऐ.)

छ) यो साँचो होइन । (ऐ.)

ज) विज्ञानविलासले गरेको मातृभाषाको सेवाको कदर हामीले गरेनौं । (ऐ.)

झ) मोतीरामलाई सबैले चिने, तर विज्ञानविलासको नाम पनि कसैले सुनेन । (ऐ.)

ञ) लेखकले तेरा आलोचना चाहन्नन् रे । (रामकृष्ण शर्मा)

ट) तैंले बोल्न हुँदैन । (ऐ.)

ठ) बेन जन्सनले के भनेथे सम्झन्नस् ? (ऐ.)

ड) उ भन्छ, म लुकाउँदिनँ । (इन्द्रबहादुर राई)

ढ) उसले भेटेन । (ऐ.)

ण) नमस्ते गरेन भने सम्पादकले मेरो लेख जतिसुकै राम्रो भए पनि छापिदिँदैनन् । (नमस्ते)

त) मेरो कहिल्यै ग्रह जुर्नेछैन । (ऐ.)

माथिका १) का उदाहरणहरूमा करण रूपमा निषेधार्थी 'न' पहिले

लागेर अकरण रूप बनेको छ भने २) का उदाहरणहरूमा अकरण बन्ने तरीकामा फरक छ । कतिपय स्त्रीरूप अलग्गै हुन्छन् भने कतिपयचाहिँ उभयरूपी हुन्छन् । गर्नें, गर्नं, गर्नु, गरेको, गरेका, गरेकी, गर्दो, गर्दी, गर्दै, गर्दा, गरी, गराई जस्ता कृदन्त र सम्भावनार्थ गर्ला, होला, जस्तामा 'न' पहिले लाग्दछ, तर नगर्नु, नहुनु जस्तो अर्थ प्रधान छ भने मात्र, नत्र 'न' यिनमा लाग्दैन । उदाहरणमा हेरौं—

क) हुन सकेको छैन । (कमल दीक्षित)

ख) हुनु रहेनछ, । (ऐ.)

ग) भन्न सक्दैन । (इन्द्र राई)

यदि महुन सकेको छैन, नहुनु रहेनछ, नभन्न सक्तैन प्रयोग भयो भने, यसले करण रूप लिन्छ । डबल न को प्रयोगका सन्दर्भमा–'न उनको स्वास्नीमान्छे उपन्यास पढ्दा उत्पन्न हुन्छ, न त एक चिहान पढ्दा नै' (हीरामणि शर्मा पौडेल, जूही) जस्ता वाक्यमा प्रयुक्त 'न' लाई अकरण रूपमा भन्दा 'न' संयोजकले अकरण अर्थ दिने वाक्यरूपमा हेर्नुपर्छ । यसका रूपान्तरित वाक्य यसरी बन्न सक्छन्—

क) स्वास्नीमान्छे उपन्यास पढ्दा उत्पन्न हुँदैन । एक चिहान पढ्दा उत्पन्न हुँदैन ।

ख) स्वास्नीमान्छे र एकचिहान उपन्यास पढ्दा उत्पन्न हुँदैन ।

ग) स्वास्नीमान्छे पनि र एकचिहान उपन्यास पनि पढ्दा उत्पन्न हुँदैन ।

पछाडि 'न' लाग्ने छैन, होइन, गएन, भएन, गइन, भइन, जस्ता शब्दमा करण रूपमा 'न' लागेर अकरण बनेको हो, तापनि यस्ता कतिपय अकरण रूपको सादृश्यमा अरू–अरू अकरण क्रिया पनि बनेका देखिन्छन् । जसरी छ, हो का रूप चल्छन्, त्यसै गरी अकरण छैन, होइन, थिएन, गएन, थिइन, गइन आदिका रूप पनि चल्दछन् । यस दृष्टिले अकरणका रूपमा धातु ठम्याउने काम पनि निकै कठिन कुरो हुन जान्छ ।

## ४. अकरण क्रियामा 'न' को प्रयोग

सोमनाथले 'मध्यचन्द्रिका' मा अकरण क्रियामा निषेधार्थी 'न' तीन किसिमले जोडिने कुरो लेखेका छन् । उनका अनुसार—

१) कहीं पहिले जोडिएको-नगरोस्, नजा, नभए इत्यादि ।

२) कहीं प्रत्ययसँग मिलेको–बस्तैन, बसेन, जाओइन इत्यादि ।

३) कहीं बीचमा रहेको–गरेनथ्यो, भनेनछ, बसेन हो इत्यादि ।

पण्डितराजले माथिको 'न' लाई बीचमा पसेको, पछाडिको 'न' लाई अर्कै प्रत्यय जस्तो भएको कुरा लेखेका छन् । संस्कृत भाषामा क्रियापदभन्दा पहिले मात्र

ङ) ठर्रो नेपाली भन्नाले शब्द, वाक्य, उखान र व्यञ्जनामा विदेशी छाप नपरेको शुद्ध नेपाली भाषा भन्ने बुझिन्छ ।

च) राम्रो ओखतीमूलो नगरे यो सुकेनास पल्टनेछ ।

माथिका सबै उदाहरणहरू ध्वनिको धन्धाबाट लिइएका हुन् ।

छ) त्यसैले होला एक्लो नहुन खोज्नेहरूलाई यो नमस्ते गर्ने छारे रोग लागेको छ । (नमस्ते)

ज) बाहुनहरूले सजिलोको लागि खुट्टाको साटो हात टाउकामा ढोगाउने जुन चलन चलाएका छन्, त्यसलाई म मन पराउँछु भनेर चाहिं पटक्कै नपत्याउनुहोला । (नमस्ते)

झ) अर्काको नाटकमा त्रुटि नदेखा । (रामकृष्ण शर्मा)

ञ) अर्काको उपन्यासको आलोचना नगर । (ऐ.)

२) क) आफ्ना आफ्ना भाषाका मौलिक विशेषता हुन्छन्, जसलाई खजमज्याउन मिल्दैन । (तारानाथ शर्मा)

ख) उस् ! चाटाचाट गर्न पनि त बेर लाग्दो रहेनछ नि ! (नासो)

ग) बेलुका घर आएकी रहिनछ । (नासो)

घ) ईन्ट्रेन्स पास गर्नु लरतरो कुरा थिएन । (कमलमणि दीक्षित)

ङ) त्यो वेला यिनले के के लेखे थाहा हुन सकेको छैन । (ऐ.)

च) अरू कसैको पछि लागेर यिनले लेखेका छैनन् । (ऐ.)

छ) यो साँचो होइन । (ऐ.)

ज) विज्ञानविलासले गरेको मातृभाषाको सेवाको कदर हामीले गरेनौं । (ऐ.)

झ) मोतीरामलाई सबैले चिने, तर विज्ञानविलासको नाम पनि कसैले सुनेन । (ऐ.)

ञ) लेखकले तेरा आलोचना चाहन्नन् रे । (रामकृष्ण शर्मा)

ट) तैंले बोल्न हुँदैन । (ऐ.)

ठ) बेन जन्सनले के भनेथे सम्झन्नस् ? (ऐ.)

ड) उ भन्छ, म लुकाउँदिनँ । (इन्द्रबहादुर राई)

ढ) उसले भेटेन । (ऐ.)

ण) नमस्ते गरेन भने सम्पादकले मेरो लेख जतिसुकै राम्रो भए पनि छापिदिँदैनन् । (नमस्ते)

त) मेरो कहिल्यै ग्रह जुर्नेछैन । (ऐ.)

माथिका १) का उदाहरणहरूमा करण रूपमा निषेधार्थी 'न' पहिले

लागेर अकरण रूप बनेको छ भने २) का उदाहरणहरूमा अकरण बन्ने तरीकामा फरक छ । कतिपय स्त्रीरूप अलग्गै हुन्छन् भने कतिपयचाहिँ उभयरूपी हुन्छन् । गर्ने, गर्न, गर्नु, गरेको, गरेका, गरेकी, गर्दो, गर्दी, गर्दै, गर्दा, गरी, गराई जस्ता कृदन्त र सम्भावनार्थ गर्ला, होला, जस्तामा 'न' पहिले लाग्दछ, तर नगर्नु, नहुनु जस्तो अर्थ प्रधान छ भने मात्र, नत्र 'न' यिनमा लाग्दैन। उदाहरणमा हेरौं—

क) हुन सकेको छैन । (कमल दीक्षित)
ख) हुनु रहेनछ, । (ऐ.)
ग) भन्न सक्दैन । (इन्द्र राई)

यदि महुन सकेको छैन, नहुनु रहेनछ, नभन्न सक्तैन प्रयोग भयो भने, यसले करण रूप लिन्छ । डबल न को प्रयोगका सन्दर्भमा–'न उनको स्वास्नीमान्छे उपन्यास पढ्दा उत्पन्न हुन्छ, न त एक चिहान पढ्दा नै' (हीरामणि शर्मा पौडेल, जूही) जस्ता वाक्यमा प्रयुक्त 'न' लाई अकरण रूपमा भन्दा 'न' संयोजकले अकरण अर्थ दिने वाक्यरूपमा हेर्नुपर्छ । यसका रूपान्तरित वाक्य यसरी बन्न सक्छन्—

क) स्वास्नीमान्छे उपन्यास पढ्दा उत्पन्न हुँदैन । एक चिहान पढ्दा उत्पन्न हुँदैन ।
ख) स्वास्नीमान्छे र एकचिहान उपन्यास पढ्दा उत्पन्न हुँदैन ।
ग) स्वास्नीमान्छे पनि र एकचिहान उपन्यास पनि पढ्दा उत्पन्न हुँदैन ।

पछाडि 'न' लाग्ने छैन, होइन, गएन, भएन, गइन, भइन, जस्ता शब्दमा करण रूपमा 'न' लागेर अकरण बनेको हो, तापनि यस्ता कतिपय अकरण रूपको सादृश्यमा अरू–अरू अकरण क्रिया पनि बनेका देखिन्छन् । जसरी छ, हो का रूप चल्छन्, त्यसै गरी अकरण छैन, होइन, थिएन, गएन, थिइन, गइन आदिका रूप पनि चल्दछन् । यस दृष्टिले अकरणका रूपमा धातु ठम्याउने काम पनि निकै कठिन कुरो हुन जान्छ ।

## ४. अकरण क्रियामा 'न' को प्रयोग

सोमनाथले 'मध्यचन्द्रिका' मा अकरण क्रियामा निषेधार्थी 'न' तीन किसिमले जोडिने कुरो लेखेका छन् । उनका अनुसार—

१) कहीं पहिले जोडिएको -नगरोस्, नजा, नभए इत्यादि ।
२) कहीं प्रत्ययसँग मिलेको–बस्तैन, वसेन, जाओइन इत्यादि ।
३) कहीं बीचमा रहेको–गरेनथ्यो, भनेनछ, बसेन हो इत्यादि ।

पण्डितराजले माझको 'न' लाई बीचमा पसेको, पछाडिको 'न' लाई अर्कै प्रत्यय जस्तो भएको कुरा लेखेका छन् । संस्कृत भाषामा क्रियापदभन्दा पहिले मात्र

'न' लाग्ने कुरा उनले लेखेका छन् । यस कुरालाई लेख्दै जाँदा अकरण क्रिया वन्दा क्रियामा तीन ढङ्गले 'न' लाग्ने कुरा भनिदं गयो । शुरूमा, माझमा र पछि 'न' लाग्ने धारणा जमेर गयो ।

चूडामणि बन्धुले 'नेपाली भाषाको उत्पत्ति'मा सोमनाथको विचारलाई स्पष्टचाएको पाइन्छ । कृदन्तका सहायताले बनेका यौगिक काल जनाउने क्रियाहरूमा यो पहिलो कृदन्तीय रूपपछि आउँछ ( जान्नथ्यो ) भन्दै माझमा लाग्छ भनेको 'न' बारे अरू केही नभनी चिप्लिएको पाइन्छ । नेपाली भाषा संस्कृतको सन्तान हो । यो भारोपेली परिवारको भाषा हो । यस दृष्टिले नेपालीमा अकरण क्रियामा माझमा 'न' कसरी लाग्यो होला, जब संस्कृत, अंग्रेजीमा यो प्रवृत्ति छैन । वेद मा निषेधार्थको प्रयोग यसरी भएको छ—

न—नयोवराय
नकिस् - नकिरिन्द्र त्वदुत्वरः
नकिं—नकीमिन्द्रो निकर्तवे
ननु—ननुशुश्रुमः
नहि—नहि वो अस्त्यर्भको देवासः
नेद—अहं वदामि नेत्वं
मा—मानोवधीः
माकिस्—माकिस् तोकस्य नोरिषत्
माकीं—माकीं संशारिके वटे
संस्कृतमा निषेधार्थको प्रयोग यसरी भएको छ ।
क) न कांक्षे विजयं कृष्ण न च राज्यं सुखानि च ।
किं नो राज्येन गोविन्द किं भोगैर्जीवितेन वा ।।
ख) कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।
मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोस्त्वकर्मणि ।।

संस्कृतमा 'वेद न', 'स्थितः न' जस्तो पछि 'न' प्रयोग नहुने होइन ( र त थिएन, गएन जन्मिए) तर अन्वय भएर 'न वेद' 'न स्थितः' नै हुन्छ । यसैले पण्डितराजले संस्कृतमा अगाडि 'न' लाग्छ भनेका हुन् ।

अंग्रेजीमा नट र नो क्रियाका अगाडि र पछाडि मात्र लाग्छन् । हिन्दीमा पनि नहीं, न, ना, मत क्रियाका अघि वा पछि प्रयुक्त हुन्छन् र संयुक्त क्रियाका बीचमा नहीं रहन सक्छ । जस्तै–'जा नहीं रहा हूँ', सामान्यतया 'नहीं जा रहा हूँ' हुन्छ ।

माथिका चर्चाबाट बीचमा पसेको भन्ने पण्डितराजको भनाइलाई मिलित

क्रियामा मिलेको भन्नचाहिँ सकिन्छ । भनाइको तात्पर्य–खाइनछु, पढेनछ, लेखिनछस्, गइनछेस्, सुतेनछौ, हाँसिनछ्यौ, कुटेनछ, फिनिनछे, दिएनछन्, हेरिनछिन्, बोल्नुभएनछ, सोधिबक्सिएनछ (सबै उदाहरण महेन्द्रमाला, भाग–१ बाट) इत्यादिको 'न' क्रियाको पछि लागेको 'न' हो, माझमा लागेको 'न' होइन । बालकृष्ण पोखरेलले 'नेपाली भाषा र साहित्य'मा समस्त क्रिया भनेको र माधवप्रसाद पोखरेलले 'नेपाली समास–प्रक्रियामा मौलिकता' (युगज्ञान, वर्ष १५, अङ्क ८-१४) भन्ने लेखमा क्रियाभाव 'समास भनेको पदयोग कि वियोग ?' (जूही, पूर्णाङ्क–५ मा प्रकाशित) भन्ने लेखमा चाहिँ छुट्ट्याएर लेख्नुपर्छ भनी बन्धुले भनेको मिलित क्रिया वा संयुक्त क्रियाको विश्लेषण गरेमा क्रियाका पछि 'न' लागेर अर्को क्रियासँग सो जोडिएको स्पष्ट हुन्छ (सोमनाथ सिग्देलदेखि आजतक अकरण क्रियाका प्रसङ्गमा क्रियासँग गर्नु, गर्न, गर्ने, गरेको, गरी, गराई, गर्दो, गर्दा, गर्दै, गर्दी आदि कृदन्त पनि लिइएका छन्) । यस भनाइको निचोड हो–अकरण क्रियाको रूप निर्माणमा 'न' कि पहिले लाग्छ कि पछि, तर माझमा 'न' लाग्छ भन्ने कुरा सही प्रमाणित हुँदैन ।

### ५. अकरणमा 'द', 'त' र चन्द्रविन्दु

करण रूपमा 'द' अथवा 'त' नदेखिने, चन्द्रबिन्दु नदेखिने, तर अकरण रूपमा चाहिँ, 'द' 'त' र चन्द्रबिन्दु देखिने कुराले क्रियापदको निर्माणबारे विचार गर्नुपर्ने हुन्छ । उदाहरणार्थ—

| करण | अकरण |
|---|---|
| खान्छ | खाँदैन |
| रुन्छ | रुँदैन |
| भन्छ | भन्दैन |
| पाक्छ | पाक्दैन/पाक्तैन |
| आउँछ | आउँदैन |
| सुक्छ | सुक्तैन |

महानन्द सापकोटाले 'भन्दछ,' 'आउँदछ' लेख्नु गलत हो, भनी 'भन्नुछ'–'भन्छ', 'आउनुछ'–'आउँछ' मानेका छन् । तारानाथ शर्माले 'रुनेछ'-'रुन्छ', 'खानेछ'-'खान्छ' मानेका छन् । विभिन्न लेखकहरूले अकरणमा 'द' को आगमन मानेका छन् । महानन्दको 'खाँदो' को व्युत्पत्ति बेग्लै छ । यस सन्दर्भमा खाँदो जस्तै जाँदो, भन्दो, सक्तो आदिरूप जसरी बनून्, 'खाँदैन, जाँदैन, आउँदैन, सुक्तैन' को निर्माण खाँदो + इ + न, जाँदो + इ + न, आउँदो + इ + न, सुक्तो + इ + न भएर भएको

देखिन्छ । 'खाँदैन, जाँदैन, आउँदैन, सुक्तैन' ले खान्छ, जान्छ, आउँछ— ले झैं रूप चलाउँछन् । यस कुराको प्रमाणका लागि 'कर्णाली–लोकसंस्कृति' भाषाखण्डअनुसार सिँजालीमा मर्छ–मद्दो छ, जान्दछ–जान्दो छ, बस्छ–बस्तो छ, मार्छ–माद्दो छ, आउँछ–आउँदो छ भन्छ–भन्दो छ आदि रूप छँदैछन् । यी कुराबाट बरु करणमा 'द' वा 'त' निर्गमन प्रमाणित हुन्छ र 'द' वा 'त' आगमन प्रश्न पनि निर्मूल हुन्छ। चन्द्रबिन्दुको प्रश्न पनि करणको निर्माणमा अलग प्रक्रिया मान्दा समाधान हुने देखिन्छ । यसका लागि महानन्दले बताएको बाटो रुनु छ–रुन्छ, आउनु छ–आउँछ र तारानाथ शर्माले देखाएको बाटो रुनेछ-रुन्छ, आउनेछ-आउँछ, पक्रिएर समाधान हुन्छ । आउँदछ, हाँस्दछ, पाक्तछ, सुक्तछ, आदि रूप 'आउँदो छ, हाँस्दो छ, पाक्तो छ, सुक्तो छ' बाट बन्ने हुनाले यसमा कचिङ्गल गर्ने खाँचो देखिँदैन। नेपाली क्रिया–निर्माणमा कृदन्त आउँदो, आउनु, आई, आएको, आउने आदि रूप सहायक भएको मानिएकै कुरा हो ।

## ६. टुङ्ग्याउनी

अकरण क्रियामा 'न' पहिले लाग्ने र 'न' पछि लाग्ने सन्दर्भमा निकै घोरिनुपर्ने र वैज्ञानिक ठहरे गर्नुपर्नेमा एउटा मुख्य हो मिलित क्रियाको अकरण रूपमा। त्यसो त मिलित क्रियाको करण रूप निक्र्योल गर्दा नै अकरण रूपको पनि निक्र्योल भइहाल्छ । मिलित क्रियाबारे चूडामणि बन्धुले 'पदयोग कि पदवियोग' लेखमा विचार पोखेअनुसार ठानिएका सहायक क्रियाबारे नै पुर्नविचार आवश्यक छ। वास्तवमा नै, मिलित क्रियाका भनिने सहायक क्रियाहरू के सहायक क्रिया नै हुन् ? अकरण रूपमा ढल्दा भनिएका हाल्नु, सक्नु, माग्नु आदि सहायक क्रियाहरूले गहिरिएर विचार गरेमा निकै गहकिलो प्रश्न उठाएको म अनुभव गर्दछु । मिलित क्रियाबारे म पनि अहिले चिप्लिन चाहन्छु र मिलित क्रियाका केही करण र अकरण रूप उदाहरण पेसेर, मसीना अक्षरहरूमा गहिरिएर हेर्न अनुरोध गर्दै यो चर्चा समाप्त गर्दछु ।

| करण | अकरण |
|---|---|
| १) गइहाल् न | नगइहाल् |
| २) गइहाल्छस् र | गइहाल्दैनस् र |
| ३) खाइदिनुपर्छ | खाइदिनुपर्दैन |
| ४) खाइदे | नखाइदे |
| ५) खाइदिटोपल्छे | खाइदिटोपल्दिन |
| ६) खाइसकें | खाइसकिनँ |

□

# नेपाली अकरण–प्रक्रिया

चेतोनाथ गौतम

## प्रस्तावना

वाक्यले व्यक्त गर्ने अर्थ मूलतः विधान वा निषेधमध्ये कुनै एक हुन्छ । आज्ञा, इच्छा, प्रश्न, सङ्केत, सम्भावना, सन्देह, विस्मय आदि वाक्यले व्यक्त गर्ने सबै अर्थहरू वास्तवमा विधानमूलक वा निषेधमूलक हुन्छन् । विधानमूलक वाक्यहरू करणवाक्य हुन् भने निषेधमूलक वाक्यहरू अकरणवाक्य हुन् । करणवाक्यका जस्तै अकरणवाक्यका पनि आज्ञा, इच्छा, प्रश्न, सङ्केत, सम्भावना, सन्देह र विस्मय जस्ता अर्थगत भेदहरू हुन्छन् । विस्मयादि अर्थचाहिँ विस्मयादिबोधक अव्यय शब्दका आधारमा धेरै किसिमका हुन्छन् र त्यस्ता अर्थहरू वाक्य–संरचनाले होइन, विस्मयादिबोधक शब्दका प्रयोगले प्रकट हुने हुन् । तर त्यस्ता वाक्यमा पनि विधानार्थ जस्तै निषेधार्थ स्पष्ट रूपमा व्यक्त भएको हुन्छ, अनि समापिका क्रिया पनि अकरणात्मक रूपमा समेत प्रयुक्त हुन सक्छ । यहाँको सन्दर्भ पनि अकरणसम्बन्धी भएकाले सान्दर्भिक विषयतिर अघि बढ्नु उपयुक्त हुनेछ ।

## १. अकरण परिचय

अकरणलाई सामान्यतः भावको अभाव भन्ने अर्थमा लिने हो भने ज्यादै व्यापकता आउँछ र नामिक पदमा पनि निषेधार्थक 'न' थपेर वा न समास गरेर बन्ने अभाव अर्थ बुझाउने सम्पूर्ण शब्द अकरण हुन जान्छन् । तर यहाँ अकरणको यस्तो व्यापकता अभिप्रेत छैन । यसको मूल अभिप्राय त क्रियाले बुझाउने विधानार्थको निषेध हो । त्यसैले यो क्रियापदसँग सम्बद्ध हुन्छ । वाक्यको अर्थ पनि क्रियापदमै आधारित हुने हुँदा क्रियासँग सम्बद्ध अकरणले वाक्यको संरचना र वाक्यार्थ दुवैमा पुरा प्रभाव पारेको हुन्छ । वस्तुतः अकरण अर्थगत प्रक्रिया हो र निषेधार्थक क्रियाद्वारा यो अभिव्यक्त हुन्छ । नभएका कुराको निषेध अर्थहीन हुने भएकाले अकरणको पनि आधारचाहिँ विधि नै हुन्छ । त्यसैले करण क्रियाद्वारा अभिव्यक्त विधानार्थको निषेधार्थक क्रियाद्वारा गरिने निषेध अकरण हो । अकरणको चिह्न

निषेधार्थक न हो। यो न क्रियामा कतै अगाडि, कतै बीचमा र कतै अन्तमा प्रत्ययसँग मिलेर रहन्छ। जस्तै—

क) आज्ञा, विधि, इच्छा, सामान्यसङ्केत, सामान्य सम्भावना अर्थ बुझाउने क्रिया र कृदन्त क्रियामा पनि 'न' अगाडि लाग्छ—

नखा, नबसून्, नपढूँ, नभए, नजाला, नलेखी, नहुँदै इत्यादि।

ख) अज्ञात भूत, विकारयुक्त पूर्ण एवं अपूर्ण भूतकालीन क्रिया रूप, असिद्धि-सङ्केतार्थक क्रियाका बीचमा 'न' लाग्छ—

लेखेनछ, बसिनथें, पढ्दैनथ्यो, बस्तैनहुँ इत्यादि।

ग) वर्तमान, भूत, भविष्यत् कालका सामान्य, पूर्ण र अपूर्ण रूपहरूमा सामान्य सम्भावनार्थमा, पूर्ण-अपूर्ण सम्भावनामा पनि क्रियाको अन्तमा 'न' लाग्छ—

खाँदैन, खाँदै छैन, खाएको छैन, बसेन, बस्नेछैन, पढोइन इत्यादि।

घ) वर्तमान कालका सामान्य, पूर्ण, अपूर्ण तीनै पक्षमा द्वितीय पुरुष एक वचन र तृतीय पुरुष बहुवचनमा क्रमशः 'नस्' र 'न' का रूपमा अकरण चिह्न जोडिन्छ। सामान्य भूतमा पनि उपर्युक्त दुवै ठाउँमा त्यसरी नै 'नस्' र 'नन्' देखिन्छन्। सहायक क्रिया 'छ' का सहायताले कालरचना हुने क्रियामा पनि यस्तै रूप पाइन्छन्।

यहाँ स्मरणीय कुरा के छ भने सामान्य सम्भावनार्थक क्रियामा अचेल अगाडि 'न' लागेका नपढ्ला, नबस्ला जस्ता रूपहरू बढी प्रचलित छन्। पढोइन, बसोइन जस्ता रूप लेखपढमा त्यति देखिँदैनन्। असिद्धिसङ्केत बुझाउने क्रियामा पनि अगाडि 'न' लागेको रूप पाइन्छ। जस्तै— नबस्तो हुँ इत्यादि।

अकरणको चिह्न 'न' ले जस्तै निषेध अर्थ बुझाउने संयोजक 'न' का प्रयोगले पनि वाक्यार्थ निषेधात्मक हुन्छ, तर यो अव्यय 'न' वाक्यमा प्रायः जोडिई नै प्रयुक्त हुन्छ र क्रियापदमा नलागेर नामिक पदसँग लागेको हुन्छ। जस्तै—

क) न राम, न श्याम आए।

ख) न तिमी गयौ, न म गएँ।

यहाँ उल्लिखित दुवै वाक्यका समापिका क्रियाको रूप करण छ, तर दुवै वाक्यको अर्थचाहिँ निषेधात्मक छ। यहाँ प्रयुक्त निषेधार्थक अव्यय प्रयोगका आधारमा नामिक पदका छेउमा देखिए पनि अर्थका दृष्टिले चाहिँ क्रियासँग सम्बद्ध भएझैं गरी पूरै वाक्यार्थलाई निषेधात्मक बनाउन समर्थ छ र यसको युग्मप्रयोगबाट सकारात्मक अर्थ नआएर निषेधार्थ नै अरू प्रबल भएको हुन्छ।

माथि नै के कुरा स्पष्ट भएको छ भने करणक्रियालाई अकरण बनाउन

क्रियापदमा 'न' थपिन्छ । यसरी क्रियापदमा 'न' थपिंदा निम्नअवस्थामा निम्नअनुसारको वर्णागम पनि हुन्छ—

क) व्यञ्जनान्त धातुमा घोष वर्ण अन्तमा भएका धातुदेखि घोषवर्ण 'द' र अघोष वर्ण अन्तमा भएका धातुदेखि अघोष वर्ण 'त' सामान्य वर्तमान काल प्रथम पुरुष एक वचनमा 'इ'कारसँग र अन्यत्र 'ऐ'कारसँग मिसिएर आगम हुन्छ । स्त्रीत्वविवक्षामा तीनै पुरुष एक वचनमा 'इ'कारसँग मिसिएर आगम हुन्छ । जस्तै—

### अघोषान्त वस् धातु

| | एकवचन | बहुवचन |
|---|---|---|
| प्र. पु. | बस्तिनँ | बस्तैनौं |
| द्वि. पु. | बस्तैनस् (बस्तिनस् [स्त्री] ) | बस्तैनौ |
| तृ. पु. | बस्तैन (बस्तिन [स्त्री] बस्तिनन् [स्त्री] ) | बस्तैनन् |

### घोषान्त पढ् धातु

| | एकवचन | वहुवचन |
|---|---|---|
| प्र. पु. | पढ्दिनँ | पढ्दैनौं |
| द्वि. पु. | पढ्दैनस् (पढ्दिनस् [स्त्री] ) | पढ्दैनौ |
| तृ. पु. | पढ्दैन (पढ्दिन [स्त्री], पढ्दिनन् [स्त्री] ) | पढ्दैनन् |

ख) व्यञ्जनान्त धातुमा अन्तको वर्ण घोष वा अघोष जे भए पनि सामान्य भूतकालमा प्रथम र द्वितीय पुरुष एकवचनमा मात्र स्वरवर्ण 'इ' आगम हुन्छ, अन्यत्र स्वरवर्ण 'ए' आगम हुन्छ । स्त्रीत्वविवक्षामा चाहिँ तीनै पुरुष एकवचनमा 'इ'कार आगम हुन्छ । जस्तै—

### बस् धातु, सामान्य भूत काल

| | एकवचन | वहुवचन |
|---|---|---|
| प्र. पु. | बसिनँ | बसेनौं |
| द्वि. पु. | बसिनस् | बसेनौ |
| तृ. पु. | बसेन ( बसिन [स्त्री], बसिनन् [स्त्री] ) | बसेनन् |

ग) स्वरान्त धातुमा सामान्य वर्तमानकाल, तीनै पुरुष एकवचनमा 'न' आगम हुन्छ, अन्यत्र 'दै' आगम हुन्छ । प्रथम पुरुष एकवचनमा पनि 'दि' आगम भएका रूप पनि पाइन्छन् । आकारान्त एवं प्रायः व्यञ्जनरहित उकारान्त धातुको प्रथम पुरुष एकवचनमा यस्तो देखिन्छ । सव्यञ्जन उकारान्त धातुको तृतीय पुरुष एकवचन आदरार्थीमा पनि 'दि' आगम देखिन्छ । स्वरान्त धातुमा 'न' आगम नभएका अवस्थामा अन्त्य स्वर अनुनासिक पनि हुन्छ ।

सामान्य भूतकालमा प्रथम तथा द्वितीय पुरुष एकवचन र स्त्रीत्वविवक्षामा तृतीय पुरुष एकवचनमा पनि 'इ'कार र अन्यत्र 'ए'कार आगम हुन्छ। जस्तै—

### सामान्य वर्तमान काल

| | 'रु' धातु | 'आउ' धातु | 'खा' धातु |
|---|---|---|---|
| | एकवचन–बहुवचन | एकवचन–बहुवचन | एकवचन–बहुवचन |
| प्र. पु. | रुन्नँ—रुदैनौँ<br>(रुँदिनँ) | आउँदिनँ—आउदैनौँ<br>(आउन्नँ) | खान्नँ—खादैनौँ<br>(खाँदिनँ) |
| द्वि. पु. | रुँदैनस्-रुन्नस्-रुँदैनौ<br>(रुँदिनस् [स्त्री]) | आउँदैनस्--आउँदैनौ<br>(आउँदिनस् [स्त्री])<br>आउन्नस् | खाँदैनस्–खाँदैनौ<br>(खाँदिनस् [स्त्री])<br>खान्नस् |
| तृ. पु. | रुँदैन—रुँदैनन्<br>(रुँदिनन् [स्त्री])<br>रुन्नन् | आउँदैन—आउँदैनन्<br>(आउँदिनन् [स्त्री])<br>आउन्नन् | खाँदैन—खाँदैनन्<br>(खाँदिनन्)<br>खान्नन् |

### सामान्य भूत काल

| | | | |
|---|---|---|---|
| | एकवचन–वहुवचन | एकवचन–बहुवचन | एकवचन–बहुवचन |
| प्र. पु. | रोइनँ–रोएनौँ । | आइनँ–आएनौँ । | खाइनँ–खाएनौँ |
| द्वि. पु. | रोइनस्-रोएनौ । | आइनस्–आएनौ । | खाइनस्–खाएनौ |
| तृ. पु. | रोएन–रोएनन्<br>(रोइनन् [स्त्री]) | आएन–आएनन्<br>(आइनन् [स्त्री]) | खाएन–खाएनन्<br>(खाइनन् [स्त्री]) |

घ) माथि उल्लिखित सामान्य वर्तमान एवं भूतका अतिरिक्त अन्य पक्ष र भविष्यत् कालका पक्षहरू पनि सहायक क्रियाका सहायताले बन्ने भएकाले सहायक क्रिया 'छ' र 'हो' चर्चायोग्य हुन जान्छन् । 'छ' सहायक क्रियाको वर्तमान कालमा अकरणमा 'ऐ'कार आगम हुन्छ र (छ+ऐ=छै) छै बन्न जान्छ । 'हो' सहायक क्रियामा चाहिँ वर्तमान कालमा अकरणमा 'इ' आगम हुन्छ । भूत कालमा भने प्रथम र द्वितीय पुरुष एकवचनमा 'इ'कार, स्त्रीत्वविवक्षामा तृतीय पुरुष एकवचनमा पनि 'इ'कार र अन्यत्र 'ए'कार आगम भएको पाइन्छ । यिनै सहायक क्रिया मिलाएर विभिन्न कालका विभिन्न पक्षको रचना हुने भएकाले तिनको यहाँ चर्चा गरिरहनु परोइन ।

यसै क्रममा के कुरो पनि उल्लेखनीय छ भने अकरणचिह्न 'न' प्रथम पुरुष एकवचनमा चाहिँ सानुनासिक 'नँ' हुन्छ, अन्यत्र निरनुनासिक 'न' मात्र । यो 'न'

नै विभिन्न पुरुषमा तिनका वचनबोधक प्रत्ययसँग मिसिँदा यस्तो रूपमा परिणत हुन्छ । जस्तै—

| | एकवचन | बहुवचन |
|---|---|---|
| प्र. पु. | –नँ | –नौँ |
| द्वि. पु. | –नस् | –नौ |
| तृ. पु. | –न | –नन् |

## २. अकरण मूलतः समापिका क्रियामा आधारित हुन्छ

अकरणको सम्बन्ध क्रियासँग हुने कुरा माथि नै स्पष्ट गरिसकिएको छ । क्रियामा पनि समापिकामै अकरण आधारित हुन्छ, असमापिकामा होइन । समापिका क्रियाले वाक्यलाई पूरा बनाउँछ, अर्थलाई स्पष्ट रूपमा अभिव्यक्त गर्दछ । यसैले समग्र वाक्यार्थलाई नै प्रभावित बनाउने अकरण, समापिका क्रियामा आधारित नहुने त प्रश्नै उठ्तैन । कुरा केचाहिँ ठीक हो भने कृदन्त क्रियाको अंशमा पनि अकरणता रहेको हुन्छ तर त्यस पदले समग्र वाक्यार्थ र वाक्य रचनालाई प्रभावित बनाउन सक्तैन । त्यसले त खालि त्यस पदले व्यक्त गर्ने पदार्थको निषेध वा अभावसम्म बुझाएको हुन्छ । त्यसैले पद र पदावलीभागको अकरणले समग्र वाक्य र वाक्यार्थलाई अकरण नबनाउने हुँदा आंशिक अकरण मात्र त्यहाँ देखिन जान्छ । एउटा उदाहरण हेरौँ—

रात्त्ररी नपढीकन पनि हरि परीक्षामा सफल भयो ।

यस सरल वाक्यमा कृदन्त क्रियामा अकरण–चिह्न लागेको छ तर समापिका क्रियामा अकरणता छैन । यहाँ वक्ताको अभिप्रेत अर्थ पनि अकरणात्मक छैन । त्यसैले कृदन्त क्रियाको अंशमा अकरणता रहे पनि वाक्यचाहिँ करण नै हुन जान्छ । यसै प्रसङ्गमा अर्को पनि एउटा उदाहरण हेरौँ—

प्रशस्त प्रयास गरेर पनि श्याम परीक्षामा सफल भएन ।

यो वाक्यचाहिँ माथिको वाक्यको ठीक विपरीत छ । यसमा असमापिका क्रियाभागमा अकरणता छैन तापनि समापिका क्रिया अकरण हुनाले र आकांक्षित अर्थ पनि अकरण नै भएकाले वाक्य अकरण हुन गएको छ । यसै उदाहरणबाट करण–अकरण छुट्याउने मूल आधार समापिका क्रिया नै हो भन्ने कुरा स्पष्ट हुन्छ । आंशिक करणता वा अकरणताका आधारमा सिङ्गै वाक्य करण वा अकरणका रूपमा निर्धारित हुन सक्तैन । असमापिका क्रियामा हुने अकरणताले आंशिक अकरण रूप मात्र लिन सक्छ । त्यस कारण पद, पदावली र वाक्यांशगत रूपमा अकरणलाई लिनु उपयुक्त हुँदैन । अकरण, वाक्यद्वारा व्यक्त विधानार्थको निषेध

भएकोले र अर्थबोधका लागि भाषाको वाक्यात्मक प्रयोग अपेक्षित भएकोले पनि पूरै वाक्यार्थ र त्यस वाक्यको संरचनाका आधारमा अकरण छुट्ट्याउनुपर्छ। यसका निम्ति समापिका क्रिया नै मूल आधार बन्न गइहाल्छ, किनभने वाक्य संरचनालाई पूरा बनाएर वाक्यार्थ बोध गराउने महत्तम दायित्व वाक्यको विधेय भागभित्रको समापिका क्रियाको हुन्छ। यसैले अकरण मूलतः समापिका क्रियामा आधारित हुन्छ।

## ३. संयुक्त, मिश्र र मिलित वाक्यमा अकरण निर्धारण

एउटा मात्र समापिका क्रिया प्रयोग हुने सरल वाक्यमा त समापिका क्रियाका आधारमा करण–अकरण निर्धारण गर्न सकिन्छ, तर दुई वा सोभन्दा बढी समापिका क्रिया प्रयोग हुने संयुक्त मिश्र र मिलित वाक्यमा कुनै क्रिया करण र कुनै क्रिया अकरणका रूपमा प्रयोग हुन सक्ने हुँदा त्यस्ता वाक्यमा कसरी करण–अकरण निर्धारण गर्ने भन्ने प्रश्न यहाँ जटिल रूपमा खडा हुन्छ। नेपाली वैयाकरणहरूले पनि अकरणको चर्चा गर्दा सरल वाक्यको परिधिलाई नाघेको देखिँदैन। कुनै वाक्य करण र कुनै वाक्य अकरण मिलेर बनेका संयुक्त र मिश्र वाक्यमा आंशिक करण वा अकरण स्पष्ट देखिए पनि त्यस्ता वाक्यखण्ड मिलेर बनेको वाक्यलाई समग्र रूपमा यो करण वा अकरण भनेर छुट्ट्याउनु सजिलो काम होइन। संयुक्त वाक्यका सन्दर्भमा सर्वप्रथम विचार गरौं—

क) गोठालो गाई दुहुन्छ, तर गोबर सोहोर्दैन।
ख) हरि मोटो छैन, तर दह्रो छ।
ग) यस वर्ष किसानले धानबाली प्रशस्त उब्जाउनेछन्, किनभने वर्षाका समयमा पानीको खाँचो कहिल्यै भएन।
घ) अब विद्यार्थीलाई अंग्रेजी पढ्न मुश्किल पर्नेछैन, किनभने बजारमा आवश्यक पुस्तक पाइन्छ।

यहाँ प्रस्तुत वाक्यमा शुरूका (क) र (ख) वाक्य विशेषबोधक संयुक्त वाक्य हुन् भने (ग) र (घ) वाक्य उपपत्तिबोधक संयुक्त वाक्य हुन्। यिनमा (क) वाक्यमा दोस्रो वाक्य अकरण छ भने (ख) वाक्यमा पहिलो वाक्य अकरण छ। यसै गरी (ग) वाक्यमा कार्यबोधक वाक्य करण छ भने कारणबोधक वाक्यचाहिँ अकरण छ। (घ) वाक्यमा कार्यबोधक वाक्य अकरण छ भने कारणबोधक वाक्यचाहिँ करण छ। यसरी हेर्दा यी सबै वाक्यमा आंशिक अकरणता पनि छ, आंशिक करणता पनि छ। तर वाक्यचाहिँ करण वा अकरण के त भन्ने कुरा स्पष्ट छैन।

मिश्र वाक्यमा करण–अकरणको निर्क्योल त्यति जटिल देखिँदैन, किनभने

मिश्र वाक्यको संरचनामा एउटा वाक्य मुख्य हुन्छ । त्यही मुख्य वाक्यकै आधारमा त्यस वाक्यको करणता वा अकरणता निर्धारित हुन्छ । अङ्ग वाक्यको करणता वा अकरणताले वाक्यार्थमा खास प्रभाव पार्दैन । अङ्गवाक्यको क्रियापद कृदन्त क्रियामा परिवर्तित हुने भएकाले मुख्य वाक्यकै क्रियाको प्रबलता स्पष्ट हुन्छ । मिलित वाक्यमा पनि संयुक्त वाक्यको दोस्रो वाक्य मिश्र भएका अवस्थामा संयुक्त वाक्यको दोस्रो वा अन्तिम वाक्यका आधारमा करण-अकरण छुट्ट्याउनुपर्छ । वेग्ला-बेग्लै प्रकारका संयुक्त वाक्य मिलेका भए दोस्रो संयुक्त वाक्यका आधारमा करण वा अकरण छुट्ट्याउन सकिन्छ ।

## ४. अकरण वाक्य प्रकार

अकरण चिह्न 'न' प्रयोगका आधारमा अकरण वाक्य दुई प्रकारका हुन्छन् एकल अकरण वाक्य र युगल अकरण वाक्य । एकल अकरण वाक्यमा 'न' समापिका क्रियामा मात्र लागेको हुन्छ र वाक्य–संरचना तथा वाक्यार्थ पूरै निषेधात्मक हुन्छ । जस्तै— म उपन्यास पढ्दिनँ ।

युगल अकरण वाक्यमा 'न' को प्रयोग दुई ठाउँमा हुन्छ—

क) संयुक्त वा मिश्र वाक्यमा दुवै समापिका क्रियामा 'न' लाग्न सक्छ । जस्तै—
  १) तिमी आएनौ, म पनि गइनँ ।
  २) जो पढ्दैन, त्यो परीक्षामा उत्तीर्ण हुँदैन ।

ख) सरल वाक्यमा समापिका र कृदन्त क्रिया दुवैमा 'न' लाग्न सक्छ । जस्तै—
  १) तिमी मेरा घरमा एक रात नबसी नआऊ ।
  २) यो काम म नगरी छाड्दिनँ ।
  ३) पानी नपरेर बाली सप्रिएन ।

ग) संकेत क्रिया र समापिका क्रिया दुवैमा 'न' लाग्न सक्छ । जस्तै —
  १) वर्षा नभए बाली राम्रो हुँदैन ।
  २) नपढे नपढ् ।

घ) कृदन्त विशेषण र समापिका क्रिया दुवैमा 'न' लाग्न सक्छ । जस्तै—
  १) नपढ्ने विद्यार्थी सफल हुँदैन ।
  २) नबोलाएको मान्छे आउँदैन ।

ङ) युगल अकरण जस्तै निषेधार्थी संयोजक 'न' पनि नामिक पदसँग युगल रूपमा प्रयुक्त हुन्छ र निषेधार्थककै तीव्रता व्यक्त गर्दछ । जस्तै—
  न तैँले पढिस् न उसले पढ्यो ।

युगल अकरण प्रयोग भएका अवस्थामा कतै अरू जोड दिएर विधानार्थ र

कतै निषेधार्थको तीव्रता व्यक्त हुन्छ । वस्तुतः युगल अकरण प्रयोग गर्दा निषेधको निषेध बुझिनुपर्ने र त्यस अवस्थामा करण अर्थकै बोध हुनुपर्ने हो र संरचनात्मक दृष्टिले युगल अकरण भएका ठाउँमा करण अर्थकै बोध पनि हुन्छ । जस्तै—

१) मैले नपढेको होइन (पढेकै हो) ।
२) आगाले नपोल्ने होइन (पोल्छ नै) ।
३) भनेको नमान्नाले सुख पाएनौ (मानेको भए पाउँथ्यौ) ।
४) पृथ्वी सूर्यको परिक्रमा नगर्ने होइन (गर्छन्) इत्यादि ।

तर सामान्य सङ्केतार्थक वाक्यमा सङ्केतक्रिया र समापिका क्रिया एउटै धातुका भए त्यहाँ युगल अकरणका प्रयोगले निषेधार्थको तीव्रता बुझिन्छ । जस्तै—

१) नपढे नपढ्
२) नगए नजा । इत्यादि ।

यसै गरी निषेधार्थी संयोजक 'न' को युगल प्रयोगबाट पनि निषेधार्थक तीव्रता बुझिने कुरा माथि नै सोदाहरण स्पष्ट पारिसकिएको छ ।

युगल अकरण प्रक्रियाको एउटा महत्त्वपूर्ण उपयोगिता के छ भने अर्थलाई यथावत् करणरूपमै राखेर रचनालाई मात्र अकरण बनाउन यसले मद्दत गर्दछ । यसैले गर्दा आगाले पोल्छ, पानीले भिजाउँछ, पृथ्वी सूर्यको परिक्रमा गर्दछ, मान्छे मरणशील प्राणी हो जस्ता निषेधार्थ प्रकृति विपरीत हुने वाक्यलाई पनि अर्थलाई यथावत् राखेर रचनालाई मात्र अकरणमा परिवर्तन गर्न सजिलो भएको छ ।

भाषिक व्यवहारमा कहिलेकहीँ वाक्यको संरचना अकरण नभए पनि वाक्यको तात्पर्यार्थ पूरै निषेधात्मक हुन्छ । यस्ता स्थितिमा त्यस्ता वाक्यलाई रचनाका आधारमा त अकरण भन्न मिल्दैन, व्यंग्यार्थका आधारमा निषेधात्मकता मात्र स्पष्ट भएको मान्न सकिन्छ । जस्तै—

क) यहाँ त ठूलो दाता हुनुहुन्छ ! (दाता होइन लोभी भन्ने व्यंग्यार्थ) ।
ख) खूब सहायता गर्नुभयो ! (पटक्कै सहायता नगरेको भन्ने व्यंग्यार्थ) ।
ग) बहुत ईमान्दार छौ तिमी ! (पटक्कै ईमान्दार छैनौ भन्ने व्यंग्यार्थ) इत्यादि ।

## ५. अकरण-प्रक्रियामा देखिने विशेष शब्दहरू

अकरण–प्रक्रिया संरचनासँगै अर्थको पनि विशेष महत्त्व हुने भएकाले अर्थका दृष्टिले करणबाट अकरणमा परिवर्तन गर्दा कतिपय शब्द परिवर्तन गर्नुपर्ने हुन्छ भने कतिपय शब्दचाहिँ अकरण क्रियासँग मात्र सम्बन्ध राख्ने खालका पनि पाइन्छन् । यहाँ यस्तै शब्दलाई विशेष शब्द भनिएको हो । अनिश्चयबोधक र प्रश्नार्थक सर्व-

नाम तथा सार्वनामिक पदको सम्बन्धी सर्वनाम र सार्वनामिक पदसँग र विपरीतार्थक शब्दको पनि करण–अकरणप्रक्रियामा सह–सम्बन्ध जस्तो देखिन्छ । केही शब्दहरू यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएका छन्—

| करण वाक्य | अकरण वाक्य |
|---|---|
| सबैले, जो | कोही, कसैले पनि |
| सधैं | कहिले पनि |
| जहाँ पनि | कहीं पनि |
| चौपट्टै | पटक्कै |
| सबै | कोही पनि |
| जता पनि | कतै पनि, इत्यादि । |

## ६. पुछारमा

नेपाली भाषाको अकरण–प्रक्रिया ज्यादै रोचक र अत्यन्त गहन पनि छ । संस्कृत, अंग्रेजी, हिन्दी भाषामा जस्तो निषेधार्थक शब्दका प्रयोगमा मात्र नेपालीको अकरण–प्रक्रिया सीमित छैन । यसमा त अकरण तत्त्व क्रियासँग घुलमिल भएर रहन्छ र प्रत्ययसँग मिलेर आफ्नो रङ्ग पनि बदल्छ । आफू मात्र यसरी घुलमिल हुने र रङ्ग बदल्ने होइन, क्रियापदको रूपरचनामा समेत विभिन्न वर्ण आगम गराएर र ती आगम भएका वर्णसँग धातुको सन्धिसमेत गराएर धातु र क्रियाको रूपलाई नै पनि नयाँ पारिदिन्छ । यसका कामगराइ मात्र अनौठा होइनन्, यसका समस्या पनि त्यतिकै अनौठा र चाखलाग्दा छन् । वास्तवमा यो गम्भीर शोधको विषय हो ।

# नेपाली भाषामा अकरण निर्धारण : समस्या र समाधान

नरहरि आचार्य

## पृष्ठभूमि

शैक्षिक उद्देश्यपूर्तिका लागि लेखिएका नेपाली भाषाका विभिन्न व्याकरण-ग्रन्थहरूमा देखा परेका समस्याहरूमध्ये अकरण–निर्धारणका सम्बन्धमा रहेको अपूर्णता पनि एउटा प्रमुख समस्या हो । नेपाली व्याकरणहरूमध्ये अकरणसम्बन्धी चर्चा गरिएको पहिलो व्याकरण चन्द्रिका (वि. सं. १९६६) मा हेमराज शर्माले अकरणलाई प्रस्तुत गर्ने क्रममा मुख्य रूपमा यसको क्रियासँग अन्वित स्वरूपको विवेचना गर्ने प्रयास गरेको पाइन्छ ।[1] साथै 'नञ्' समासको उल्लेखका क्रममा अकरणको अर्थगत प्रयोगको सम्भावनातर्फ पनि सङ्केत गर्न खोजिएको छ ।[2] तैपनि यो सङ्केत अत्यन्त सीमित छ र अकरणलाई मुख्यतया क्रियापदकै निषेधमूलक स्थितिका रूपमा चन्द्रिका व्याकरणले स्वीकार गरेको छ । यसपछि देखा परेका विश्वमणि दीक्षिताचार्यको गोरखा–व्याकरण–बोध (१९७०) देखि नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित रोहिणीप्रसाद भट्टराईको बृहद् नेपाली व्याकरण (२०३३) सम्मका अधिकांश व्याकरण–ग्रन्थले पनि अकरणका बारेमा चर्चा गरेका छन्, तापनि आफ्ना केही विशेष टिप्पणी र उदाहरणमा सामान्य थपघट बाहेक सबै पुस्तकमा भएको अकरण विश्लेषणको मूल सीमा चन्द्रिका (१९६९) ले प्रस्तुत गरेको विवेचना नै देखिन्छ[3] । चन्द्रिका (१९६९) देखि

---

[1] हेमराज (पण्डित), चन्द्रिका (गोरखा–भाषा–व्याकरण) तृतीय प्रकाश, काठमाडौँ : लेखक स्वयम्, १९६९, पृ. ५२ ।

[2] पूर्ववत्, चतुर्थ प्रकाश, पृ, ५५ ।

[3] नरहरि आचार्य, नेपाली भाषामा अकरणको स्थिति : एक अध्ययन, काठमाडौं : त्रि. वि. पा. वि. के., २०४१ (लिथो प्रकाशन) पृ. १९–३४ ।

बृहद् नेपाली व्याकरण (२०३३) सम्मका अधिकांश प्रमुख व्याकरण ग्रन्थहरूले आ–आपना अकरण–विश्लेषणका क्रममा एकाध वाक्यलाई उदाहरणका रूपमा प्रस्तुत गरे पनि वाक्य तहमा अकरणको प्रयोग–वैशिष्टचपट्टि भन्दा अकरणवाची क्रियापदहरूको रूपावलीनिर्धारणपट्टि नै ध्यान केन्द्रित गरेका छन् ।[४]

अकरण–विश्लेषणका क्रममा सवैभन्दा पछिल्लो सामग्रीका रूपमा रहेको यसै पङक्तिका लेखकद्वारा त्रि० वि० पाठचक्रम विकास केन्द्रमा प्रस्तुत नेपाली भाषामा–अकरणको स्थिति : एक अध्ययन (२०४१ : लियो प्रकाशन) ले नेपाली व्याकरणका क्षेत्रमा प्रचलित अकरण–विश्लेषणको परम्परागत पद्धतिभन्दा भिन्दै अर्थात् वाक्यलाई आधार बनाएर विश्लेषण गर्ने पद्धतिलाई अँगालेको छ । साथै पूर्ववर्ती कृतिहरूले अकरणको सैद्धान्तिक स्थापनाका क्षेत्रमा विशेष चासो नदेखाएकाले यस अध्ययनमा मूलतः संस्कृत र आंशिक रूपमा अङग्रेजी, हिन्दी र नेपालीका वैयाकरणहरूले प्रस्तुत गरेका स्थापनाका आधारमा र केही निजी पर्यवेक्षणका आधारमा समेत अकरणको सैद्धान्तिक रूपरेखा निर्धारण गरिएको छ । यसका अतिरिक्त नेपाली अकरणका रूपिमहरूको निर्धारण तथा तिनका संरचनात्मक स्वरूप र प्रयोगका साथै तात्पर्य वा अर्थगत विविध सम्भावनाको विश्लेषणतर्फ पनि यसमा यथासम्भव प्रयास गरिएको छ । त्यसैले उक्त अध्ययनबाट निकालिएका निष्कर्षलाई समेत उपयोग गर्दै तयार गरिएको प्रस्तुत गोष्ठीपत्र नेपाली भाषामा अकरण–निर्धारणका समस्याहरूको उल्लेख गर्दै तिनका समाधानतर्फ गरिएको एउटा विनम्र प्रयास हो ।

## १. करण र अकरण

कुनै पनि वस्तुको निषेध वा विरोधको निमित्त सर्वप्रथम त्यस निषेध वा विरोध गर्न खोजिएको वस्तुको अस्तित्व स्वीकृत हुनु आवश्यक देखिन्छ । यसैले अकरणको क्षेत्र र स्वरूप निर्धारणका लागि पनि पहिले करण के हो ? त्यसैलाई स्पष्टचाउनुपर्ने हुन आउँछ ।

कृ धातुदेखि भाव अर्थमा ल्युट् (अन्) प्रत्यय भएर बन्ने करण शब्दले संस्कृतमा धेरै अर्थहरू दिएको पाइन्छ ।[५] संस्कृत–व्याकरणमा पारिभाषिक शब्दके

---

[४] ऐजन ।

[५] वामन शिवराम आप्टे, संस्कृत–हिन्दी कोश (तृ. सं.) दिल्ली : मोतीलाल बनारसीदास, ई. सं. १९७३, पृ. २४६ ।

रूपमा प्रचलित यस शब्दका नेपाली व्याकरणभित्र पनि दुई पारिभाषिक अर्थ रहेका छन् । एउटा क्रिया वा कर्ताको साधनका रूपमा रहने तृतीया विभक्तिबोधक अर्थ हो भने दोस्रो कुनै क्रिया-व्यापारको विधान गर्नु वा सकार्नु हो । प्रस्तुत अध्ययन वा गोष्ठीपत्र करणको उक्त दोस्रो अर्थसँग सम्बद्ध भएकाले यस सन्दर्भमा करण भन्नु कुनै क्रिया व्यापारको विधान गर्नु वा कुनै क्रियाको सकारात्मक अवस्था भन्नु नै हो । यस अर्थमा करणको मुख्य क्षेत्र क्रियापद नै हो । ठीक यसैको उल्टो कुनै क्रिया-व्यापारको निषेध गर्नु वा त्यसलाई अस्वीकार गर्नु नै अकरण भएकोले अकरणको मुख्य क्षेत्र पनि क्रियापद नै ठहरिन्छ । करण शब्द र नञ् (ञ्) का बीच नञ् तत्पुरुष समास भई निर्माण भएको अकरण शब्दले सामान्यतया क्रिया–व्यापारको अभाव[६] भन्ने अर्थ बुझाउँछ तापनि सूक्ष्म रूपमा यसले कुनै पनि वस्तु वा द्रव्य र भावको निषेधमूलक स्थितिलाई समेत बुझाउँछ । यसैले क्रियापद बाहेक विशेषण, क्रिया–विशेषण र नाम आदिमा पनि करण-अकरणको बोध हुन्छ । अतः नेपाली अकरणको क्षेत्र र स्वरूप पहिल्याउनाका लागि सर्वप्रथम अकरणसङ्केतक रूपिमको निर्धारण गरी पदका कोटि र उपकोटिका तहमा यसको प्रयोग के कस्तो स्थितिमा के कसरी भएको छ त्यसको निरूपण गर्नुपर्ने देखिन्छ । साथै पद, पदावली, वाक्यांश र वाक्यका तहमा जाँदा अकरणको प्रयोग र भूमिका के–कस्तो भएको पाइन्छ, त्यसको समेत विश्लेषण हुनु आवश्यक देखिन्छ ।

## २. नेपाली अकरण–सङ्केतक रूपिम

सामान्यतया कुनै पनि कथ्यको सानो सार्थक एकाई शब्द हो, तर शब्दसंरचनाको प्रक्रियालाई समेत सूक्ष्म रूपमा केलाउँदा सार्थक न्यूनतम एकाईलाई भने रूपिम मानिन्छ ।[७] परम्परागत व्याकरणमा रूपिमलाई प्रकृति, प्रत्यय र उपसर्गका रूपमा मान्ने चलन छ । यसै क्रममा नेपाली भाषामा पाइने अकरण–सङ्केतमा माथि नै नेपाली भाषामा पाइने अकरणको स्वरूप र तिनका अर्थगत स्थितिको मुख्य स्रोत संस्कृत–व्याकरण चिन्तनको परम्परा हो भन्ने सामान्य सङ्केत भइसकेको छ । यसो हुँदा नेपाली भाषाका प्रमुख अकरण–सङ्केतक रूपिम संस्कृत भाषामा नै प्रचलनमा

---

[६] पूर्ववत्, ।

[७] मोहनराज शर्मा, शब्द र वर्णविन्यास (भाषावैज्ञानिक पद्धति) काठमाडौं: पा. वि. के. (त्रि. वि.) २०३६, पृ. ३–९ ।

आएमध्येका हुन् तापनि केही अकरण-सङ्केतकहरू (सम्भवतः हिन्दी-उर्दू हुँदै) फारसी र अरबीबाट पनि आएका भेट्टिन्छन् ।[८]

तल उल्लेख गरिएका नेपाली वाक्यहरूमा प्रायः सबै प्रकारका अकरण-सङ्केतकहरू प्रयोग भएका पाइन्छन्—

१) केटाहो ! बिहान शीतमा नडुल ।
२) भाइ-बैनीहरूले पाठ घोकेनन् ।
३) राजुले भात खाएन ।
४) विनोदकी छोरी ज्यादै नराम्री छ ।
५) हिजोको भोजमा केही व्यक्तिहरूलाई खाना अपुग भयो ।
६) रामले ज्यादै अवुझ व्यवहार गर्‍यो ।
७) तिम्रो व्यवहारले आफ्नै दाजुको अनादर भयो ।
८) खराब मान्छे अरूको कुभलो गर्छन् ।
९) श्याम ज्यादै निर्लज्ज छ ।
१०) आमाको माया निष्कपट हुन्छ ।
११) तिम्रो दुःख आफ्नो दुष्कर्मको फल हो ।
१२) यस पटक पनि एस. एल. सी. फेल हुनु गीताको दुर्भाग्य हो ।
१३) सीता हिजो स्कूलबाट फर्केदेखि विखबर छे ।
१४) अचेल कृष्णवहादुर बेइलमी छ ।
१५) प्रदीप हिसावमा कमजोर छ ।
१६) राम आफ्नै कामले वदनाम भयो ।
१७) हिजो आज रामवहादुर गैरसरकारी अफिसमा कार्यरत छ ।

माथिका वाक्यहरू मध्ये १ देखि ३ सम्मका वाक्यमा 'न' अकरण-सङ्केतकको प्रयोग क्रमशः क्रियापदको आदि, मध्य र अन्तमा भएको छ र यी तीनै वाक्यको संरचनात्मक रूप समेत पूरै निषेधात्मक वनेको छ ।

वाक्य ४ मा पनि 'न' अकरण-सङ्केतककै प्रयोग छ, तर सो 'न' क्रियासँग अन्वित नभएर क्रियाविशेषणसँग अन्वित भएको छ, जसले गर्दा उक्त अकरण सङ्केतक 'न' बाट पूरै वाक्य अकरणात्मक नबनेर कर्ता (विनोदकी छोरी) को गुण (राम्रो हुनु) मात्र निषेध भएको छ ।

---

[८] नेपाली बृहद् शव्दकोश काठमाडौँ : ने. रा. प्रज्ञा-प्रतिष्ठान, २०४०, पृ. १९८, ३५२, ९३६ र ९७८ ।

वाक्य ५ र ६ मा 'अ' अकरण सङकेतकको प्रयोग भएको छ। यी दुवै अकरणसङकेतकयुक्त शब्दले ती वाक्यमा रहेको क्रिया व्यापारको सोझै निषेध गरेको छैन तापनि तिनका वाक्यसंरचनालाई छोडेर वाक्यार्थका तहमा जाँदा वाक्य ५ मा पुगेन, वाक्य ६ मा बुझेको व्यवहार भएन भन्ने निषेधात्मक आशयको बोध हुन्छ। उक्त वाक्यहरूको विशेष जोड पनि यही अर्थमा केन्द्रित देखा पर्छ।

वाक्य ७ मा प्रयुक्त 'अन्' अकरण-सङकेतक 'अ' कै विस्तारित रूप हो। आदि स्वर (जस्तो आदर) भएका शब्दहरूमा लाग्दा 'अ' नै 'अन्' का रूपमा लाग्ने संस्कृत-व्याकरणमा प्रचलित नियमबमोजिम नै उक्त वाक्यमा पनि प्रयोग भएको पाइन्छ। यसरी वाक्य ७ मा प्रयुक्त अनादरले आदरको निषेध गरेको छ। यसै गरी वाक्य ८ मा कुभलोले भलोको, वाक्य ९ मा निष्कपटले कपटको, वाक्य १० मा निर्लज्जले लाजको, वाक्य ११ मा दुष्कर्मले असल कामको, वाक्य १२ मा दुर्भाग्यले भाग्यको, वाक्य १३ मा बिखबरले खबरको, वाक्य १४ मा बेइलमीले इलमको, वाक्य १५ मा कमजोरले जोर (बल) को, वाक्य १६ मा बदनामले सुनामको र वाक्य १७ मा गैरसरकारीले सरकारीको निषेध गरेको छ। अतः कु, निस् / निर्, दुस् / दुर्, बि / बे, कम, गैर र बदलाई पनि नेपाली भाषामा प्रयुक्त अकरण-सङकेतकका रूपमा लिन सकिन्छ।

माथि गरिएको विश्लेषणका आधारमा नेपाली अकरण-सङकेतक रूपिमका रूपमा न, अ/अन्, निस्/निर्, दुस्/दुर्, बि/बे, कम, बद, गैर आदि निर्धारित हुन आउँछन्।

## ३. नेपाली अकरण-सङकेतक रूपिमको वर्गीकरण

यसअगाडि गरिएको नेपाली अकरण-सङकेतक रूपिमको निर्धारण सम्बन्धी विश्लेषणका आधारमा देखा परेका अकरण-सङकेतक रूपिमको कार्य एकै प्रकारका देखिंदैनन् र यिनका स्रोत र संरचनात्मक स्थिति पनि फरक छन्। सामान्यतया स्रोत, संरचना र कार्यका आधारमा नेपाली अकरण-सङकेतक रूपिमको वर्गीकरण गर्न सकिन्छ।

### ३.१ स्रोत

नेपाली भाषामा पाइने अकरण-सङकेतक रूपिमहरूमध्ये प्रमुख तथा धेरैजसो अकरण-सङकेतक रूपिमको स्रोत संस्कृतभाषा रहेको छ। संस्कृतमा प्रचलित अकरण सङकेतकहरूमध्ये केही नेपाली भाषामा तदाकार भएर मिसिएका छन् र आगन्तुक शब्दसँग पनि मिसिएर देखा पर्ने गर्दछन्। केही चाहिं संस्कृतबाट आएका तत्सम

शब्दमा मात्रै लाग्ने पनि छन् । यस बाहेक फारसी र अरबी भाषाबाट पनि केही अकरण-सङ्केतक नेपाली भाषामा आएका छन् । यी सबै अकरण-सङ्केतक रूपिमलाई तलको तालिकामा स्पष्ट रूपमा देखन सकिन्छ—

संस्कृत — न : राम पास भएनछ ।
सूर्यग्रहण सोझै नहेर्नू ।
चन्द्रिका हिजो स्कूल गइन ।
— अ/अन् : वीरेन्द्र--प्रज्ञालङ्कार अनेपाली विद्वान्‌लाई मात्र दिइन्छ ।
— कु : चन्द्रबहादुरले श्यामलाई कुठाउँमा हिर्कायो ।
केदार सधैं कुटायममा सुत्छ ।
— निस्/निर् : निःसहायलाई मात्र सहायता दिइन्छ ।
पुलिसले पक्रेकामध्ये निर्दोषलाई छोड्छ ।
— दुस्/दुर् : असल मान्छे हुने हो भने दुष्कर्मबाट बच ।
कृष्णसार मृग दुर्लभ जन्तु हो ।
फारसी — बे/बि : हिजो किनेको चप्पल बिकामी रहेछ ।
सोमबहादुर हिजोदेखि बेखबर छ ।
— बद : माधवको कामगराइ बदनियतपूर्ण छ ।
केशव आफ्नै कामले बदनाम भयो ।
— कम : यसै महीनाको खानपीन कम खर्चले पुऱ्याउनुपर्छ ।
खर्च जोगाउने हो भने कमदरका लुगा हाल ।
अरबी — गैर : मदन स्मारक व्याख्यानका लागि गैरनेपाली नागरिकलाई मात्र निम्त्याउने प्रावधान छ ।

## ३.२ संरचना

अकरण--सङ्केतक रूपिमलाई पदसंरचनाका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । अकरण-सङ्केतक रूपिम वाक्यभित्र के--कस्ता पदकोटिमा के--कसरी रहन्छन् भन्नु नै तिनको संरचना हो । नेपाली अकरणको मूल प्रयोगक्षेत्र क्रियापद हो । त्यसपछि धातुसाधित शब्दलगायत विशेष नाम र क्रियाविशेषण आदिमा पनि यसको प्रयोग भएको देखिन्छ । सबै पदकोटिहरूमा कुन--कुन अकरण--सङ्केतकको के--कसरी विन्यास हुन्छ भने तथ्यलाई तल प्रस्तुत तालिकाले स्पष्ट पार्छ —

आदि न : क्रियापद– नहेर्नू (विध्यर्थ) नगइएला (सम्भावनार्थ विकल्प)
: असमापिक क्रिया– नगरी, नभनेर, नडुल्ने (विशेषणका रूपमा पनि प्रयोग हुने ।)
: विशेषण – नराम्रो
अ/अन् : नाम – अनेपाली, अहिन्दू
: क्रियाविशेषण – अनादर
कु : नाम – कुठाउँ, कुटायम
दुस्/दुर : क्रियाविशेषण – दुष्कर्म, दुर्लभ
निस्/निर् : नाम – निःसहाय,
विशेषण–निर्दोष
बे/बि : क्रियाविशेषण – बेखबर, बेचैन, बिकामी
बद : क्रियाविशेषण -- बदनियत, बदनाम
कम : नाम -- कम खर्च
विशेषण – कम दर
मध्य न : क्रियापद (पूर्ण वर्तमान) – भएनछ, धोकेनछन् ।
: पदावली – बुज्दो न सुज्दो, जान्दो न सुन्दो, खाइ न पाई ।
अन्त्य न : बाँकी रहेका सबै खालका क्रियापदहरूमा जान्न, गएन, हुँदैन, खानेछैन आदि ।

### ३.३ कार्य

नेपाली भाषामा प्रयोग हुने सबै खालका अकरण–सङ्केतकहरूलाई तिनले सम्पादन गर्ने कार्यका आधारमा मोटामोटी रूपमा दुई तहमा छुट्टचाउन सकिन्छ— १) प्रधान अकरण र २) गौण अकरण ।

१) प्रधान अकरण–सङ्केतक

जुन अकरण–सङ्केतकको प्रयोगले वाक्यको संरचनागत र अर्थगत दुवै स्थिति निषेधात्मक वा अकरणात्मक बन्दछ, त्यसलाई प्रधान अकरण मान्न सकिन्छ । यस आधारमा नेपाली भाषाको प्रधान अकरण–सङ्केतक रूपिम 'न' हो । 'न' अकरण–सङ्केतक रूपिम अकरण क्रियापदको आदि, मध्य र अन्त्य तीनवटै संरचनात्मक स्थितिमा प्रयोग हुनाका साथै असमापिका क्रिया, धातुसाधित (कृदन्त) र विशेषणमा पनि प्रयोग भएको पाइन्छ । अतः प्रयोग क्षेत्रको व्यापकताको दृष्टिबाट 'न' लाई नेपाली भाषाको प्रधान अकरण–सङ्केतक मान्न सकिने आधार स्पष्टै छ । अरू अकरण -सङ्केतकको प्रयोगले क्रिया व्यापारलाई निषेधमूलक मात्र बनाउँछ तर 'न'को प्रयोगमा वाक्यहरू पूर्णतः निषेधात्मक बन्छन् ।

### २) गौण अकरण–सङ्केतक

नेपाली भाषामा 'न' बाहेकका सबै (अ, अन्, कु, दुस् / दुर, निस् / निर्, बे / बि, बद, कम, गैर) अकरण-सङ्केतक गौण अकरण-सङ्केतक हुन् । किनभने यी सबै अकरण- सङ्केतक रूपिमले वस्तु सत्ता र त्यससँग सम्बद्ध क्रियाको रूप, गुण, अस्तित्व, भाग र मात्रा आदिको निषेध गर्छन्, तर यो निषेध सोझै क्रियासँग अन्वित नभई अन्य कोटिमार्फत क्रियासँग अन्वित भई वाक्यार्थमा प्रकट हुन्छ । यसैले गौण अकरण–सङ्केतकलाई आंशिक अकरण–सङ्केतक वा निषेधधर्मी पूर्वसर्ग भन्न सकिन्छ । यसलाई तल प्रस्तुत वाक्यहरूका आधारमा केलाउन सकिन्छ—

| वाक्य | तात्पर्य वा आशय |
|---|---|
| १) वीरेन्द्र–प्रज्ञालङ्कार अनेपाली विद्वान्लाई मात्र दिइन्छ । | नेपालीलाई दिइँदैन अर्थात् नेपाली जातिको निषेध गरिएको छ । |
| २) किशोरले आफ्नो बाबुको अनादर गर्‍यो । | आदर गरेन अर्थात् आदरभावको निषेध भएको छ । |
| ३) चन्द्रबहादुरले श्यामलाई कुठाउँमा हिर्कायो । | (हिर्काउन हुने) ठाउँमा हिर्काएन, हिर्काउन सकिने सम्भाव्य ठाउँ निषेध भयो । |
| ४) निःसहायलाई मात्र सहायता दिइन्छ । | ससहायलाई दिइँदैन, सहारा भएका व्यक्तिहरूलाई निषेध गरिएको छ । |
| ५) पुलिसले पक्रेकामध्ये निर्दोषलाई छोड्छ । | दोषीलाई छोड्दैन, दोषी निषेधित छ । |
| ६) असल मान्छे हुने हो भने दुष्कर्मबाट बच । | दुष्कर्म नगर, अर्थात् खराब कर्म निषेध गरिएको छ । |
| ७) कृष्णसार मृग दुर्लभ जन्तु हो | सजिलै पाइने जन्तु होइन, सुलभता निषेधित छ । |
| ८) हिजो किनेको चप्पल बिकामी रहेछ । | काममा आउन सक्ने खालको रहेनछ अर्थात् काम दिने गुण निषेध छ । |
| ९) सोमबहादुर हिजोदेखि बेखबर छ । | खबर पाइएको छैन, खबरप्राप्ति निषेध छ । |
| १०) माधवको कामगराइ बदनियतपूर्ण छ । | सफा नियतको छैन, सफा नियतको भाव निषेध छ । |
| ११) खर्च जोगाउने हो भने कम दरका लुगा हाल । | बढी दरका नहाल, महँगो दर निषेध छ । |

| | |
|---|---|
| १२) तिमीले गैरसरकारी कार्यालयमा जागिर खानू ! | सरकारी कार्यालयमा नखानू । सरकारी कार्यालय निषेध छ । |

## ४. पदकोटि र उपकोटिमा अकरणको प्रयोग र स्वरूप

विभिन्न पदहरूको वर्गीकृत रूपलाई पदकोटि भनिन्छ । परम्परागत नेपाली व्याकरणले यसलाई पदविचारका रूपमा वर्णन गरेको पाइन्छ भने आधुनिक भाषाशास्त्रीय पद्धतिका आधारमा अध्ययन गर्न खोज्नेहरूले यसलाई शब्दवर्ग पनि भनेको पाइन्छ ।[९] वास्तवमा शब्द भन्नाले सार्थक– निरर्थक आवाजको न्यूनतम एकाईदेखि लिएर सम्पूर्ण कथ्यसम्म ढाक्ने हुनाले निश्चित अर्थ प्रदान गर्ने पद भन्न खोजिएको हो, तर मोटामोटी रूपमा पद भन्नाले शब्द नै बुझिने हुँदा पद र शब्दमा खास ठूलो भिन्नता देखिदैंन ।

परम्परागत नेपाली व्याकरणहरूले पदको वर्गीकरण दुई (विकारी र अविकारी) देखि लिएर नौ (नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात) सम्म गरेका छन् ।[१०] यी वर्गमा उपवर्गको समेत मिश्रण भएकोले यहाँ चाहिँ पाँच वर्गको सिद्धान्तलाई[११] मानी ती वर्गमध्ये के कतिमा अकरणको प्रयोग के कस्ता रूपमा रहेको छ, त्यसलाई देखाउने प्रयास गरिएको छ ।

परम्परागत नेपाली वैयाकरणहरूले अकरणको प्रयोगक्षेत्र क्रियापदलाई मात्र मानेका छन् । शब्दका अन्य कोटिहरूमा पनि अकरणको प्रयोग हुन सक्ने सम्भावना तर्फ उनीहरूले खास विचार गरेको देखिन्न । निश्चय नै अकरण प्रयोगको मूल क्षेत्र क्रियापद नै हो, तैपनि शब्दका अन्य कोटिहरूमा पनि अकरणको अस्तित्व प्रशस्त भेट्टिन्छ । यहाँ शब्दका विभिन्न कोटिहरूमा अकरणको प्रयोग र स्वरूपबारे चर्चा गरिन्छ ।

---

[९] सोमनाथ शर्मा, मध्यचन्द्रिका (तेह्रौं सं.) काठमाडौं, पुस्तक–संसार, २०३४, पृ. १२ ।

मोहनराज शर्मा, पूर्ववत्, पृ. ११ ।

[१०] सोमनाथ शर्मा, पूर्ववत्, पृ. १२–१३ ।

रोहिणीप्रसाद भट्टराई, बृहद् नेपाली व्याकरण काठमाडौं, ने० रा० प्र० प्र०, २०३३ ।

[११] मोहनराज शर्मा, पूर्ववत् ।

### ४.१ क्रियापदमा अकरणको प्रयोग

सजीव र निर्जीवका व्यापारलाई बुझाउने शब्द क्रिया हो । क्रियालाई वचन, लिङ्ग, पुरुष, काल, वाच्य र अर्थ आदि व्याकरणात्मक धारा वा कोटिहरूका आधारमा प्रस्तुत गर्दा क्रियापदको निर्माण हुन्छ । यही क्रियापदलाई काम गराइका भेदले करण र अकरण क्रियापदका रूपमा छुट्टचाइएको छ। विभिन्न व्याकरणात्मक कोटिमा अकरण क्रियाको वितरण निम्न प्रकार भएको पाइन्छ–

१) वचन

यो मुख्य रूपले सङख्याबोधक व्याकरणात्मक कोटि हो । नेपाली भाषामा वचनको सङख्या दुई छ । एउटालाई बुझाउन एकवचनको प्रयोग गरिन्छ भने एकभन्दा बढी जतिसुकैलाई बुझाउन पनि बहुवचनको प्रयोग गरिन्छ । तल वचनका आधारमा अकरण क्रियापदको वितरण प्रस्तुत गरिएको छ—

| एकवचन | बहुवचन |
|---|---|
| म बस्तिनँ । | हामी बस्तैनौं । |
| तँ बस्तैनस् । | तिमीहरू बस्तैनौ । |
| उ बस्तैन । | उनीहरू बस्तैनन् । |

२) लिङ्ग

यस व्याकरणात्मक कोटिले मुख्य रूपमा भाले जाति र पोथी जातिलाई छुट्टचाउने काम गर्छ । यसको खास सम्बन्ध नामसँग देखिन्छ तापनि विशेषण र क्रियामा समेत यसको असर देखिन्छ। संस्कृत, हिन्दी आदि भाषामा जस्तो व्याकरणिक लिङ्गको भिन्नता नेपाली भाषामा पाइँदैन । प्रायः सजीव र त्यसमा पनि मानवीय नाममा मात्र लिङ्गको भिन्नता हुन्छ । जस्तै—

| | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|
| विशेषण– | विनोद नराम्रो छ । | गीता नराम्री छ । |
| क्रिया– | श्याम पढ्दैन । | सीता पढ्दिन । |

३) पुरुष

पुरुषको मुख्य काम व्यक्तिको बोध गराउनु हो । नेपाली भाषामा पुरुष तीन छन्— बोल्ने वा आफूलाई जनाउने प्रथम पुरुष, सुन्ने वा जोसँग बोलिन्छ द्वितीय पुरुष र वर्तालापमा अनुपस्थित रहेको वा जसका बारेमा भनिन्छ त्यो तृतीय पुरुष हुन्छ । पुरुषका आधारमा अकरण क्रियाको वितरण यस प्रकार हुन्छ—

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| म भात खान्न । | तँ भात खान्नस् । | उ भात खान्न । |

### ४) काल

यस व्याकरणात्मक कोटिले समयलाई बुझाउँछ। नेपाली भाषामा काल तीन छन्– वर्तमान, भूत र भविष्यत्। यी तीन समय–खण्डको अभिव्यक्ति क्रियाका माध्यमबाट हुन्छ। तीन कालमा अकरण क्रियाको वितरण निम्न प्रकारले भएको पाइन्छ—

| भूतकाल | वर्तमानकाल | भविष्यत्काल |
|---|---|---|
| मैले पढिनँ। | म पढ्दिनँ। | म पढ्नेछैन। |

### ५) पक्ष

कालावधि र अवस्थालाई बुझाउने यस व्याकरणात्मक कोटिको अभिव्यक्ति पनि क्रियामा नै हुन्छ। परम्परागत नेपाली व्याकरणमा पक्षलाई कालकै उप-विभाजनका रूपमा राखिएको छ। नेपाली भाषामा पक्ष तीन मानिन्छन्। जसमा अकरण क्रियाको वितरण निम्न बमोजिम रहेको छ। जस्तै—

| सामान्य (वर्तमान) | अपूर्ण (वर्तमान) | पूर्ण (वर्तमान) |
|---|---|---|
| म डुल्न जान्नँ। | म डुल्न जाँदै छैन। | म डुल्न गएको छैन। |

### ६) वाच्य

यस व्याकरणात्मक कोटिले क्रियाको विषयलाई अर्थात् कर्ता, कर्म र भावलाई बुझाउँछ। यसैले वाच्यको अभिव्यक्ति पनि क्रियाकै माध्यमबाट हुन्छ। कर्ताको प्रधानता हुने कर्तृवाच्य, कर्मको प्रधानता हुने कर्मवाच्य, भाव अर्थात् धातुले दिने अर्थको प्रधानता हुने भाववाच्य गरी नेपालीमा जम्मा तीन वाच्य छन्। यी तीनै वाच्यमा अकरण क्रियाको वितरण यस प्रकार पाइन्छ —

| कर्तृवाच्य | कर्मवाच्य | भाववाच्य |
|---|---|---|
| म भात खान्नँ। | आज भात खाइन्न। | यति सानो कुरामा हाँसिन्न। |

## ४.२ विशेषणका रूपमा अकरणको प्रयोग

नाम तथा सर्वनामका गुण–दोषसम्बन्धी विशेषताहरू जनाउने शब्दलाई विशेषण भनिन्छ। विशेषणका रूपमा आउने शब्दहरूले पनि वाक्यको अर्थगत स्थितिमा वा संरचनाकै पनि आन्तरिक तहमा करण र अकरणात्मक स्थितिको अवस्था उत्पन्न गर्दछन्। यस कुरालाई तलका वाक्यहरूमा रहेको वाह्यसंरचना र आन्तरिक तात्पर्यका आधारमा पुष्टि गर्न सकिन्छ। जस्तै—

| वाह्य संरचना | आन्तरिक तात्पर्य |
|---|---|
| १) विनोदकी छोरी नराम्री छ। | राम्री छैन। |

| | |
|---|---|
| २) विशेष प्रहरीले आफ्ना कामप्रति अनुत्तरदायी कर्मचारीलाई मात्र समाउन सक्छ । | उत्तरदायी कर्मचारीलाई समाउन सक्तैन । |
| ३) अज्ञानी मान्छेलाई मात्र सिकाउनुपर्छ । | ज्ञानीलाई सिकाउनुपर्दैन । |
| ४) बेईमान मानिसलाई सुधार्न गाऱ्हो हुन्छ । | ईमान्दार मानिसलाई सुधार्न गाऱ्हो हुँदैन । |
| ५) नडुल्ने मान्छे जतिखेर पनि भेट हुन्छ । | डुल्ने मान्छे जतिखेर पनि भेट हुँदैन । |

बाह्य संरचनाका आधारमा माथिका पाँचै वाक्य करणावाक्य हुन्, तर ती वाक्यमा प्रयुक्त नराम्री, अनुत्तरदायी, अज्ञानी, बेईमान र नडुल्ने जस्ता निषेधमूलक विशेषणले यस तथ्यको पुष्टि माथिका वाक्यहरूको पछाडि प्रस्तुत गरिएको आन्तरिक तात्पर्यबाट हुन्छ ।

## ४.४ क्रिया विशेषणका रूपमा अकरणको प्रयोग

गुण, सङ्ख्या, परिमाण, रीति आदिद्वारा सामान्यतया क्रियाको विशेषण बुझाउने अव्ययलाई क्रियाविशेषण भनिन्छ । क्रियासँग सोझै सम्बन्धित हुने हुनाले कतिपय वाक्य करणबाट अकरणमा परिवर्तन गर्न क्रियाविशेषणको आधारभूत भूमिका देखापर्छ । जुन कुरालाई तल प्रस्तुत वाक्यले पुष्टि गर्दछन् । जस्तै—

| बाह्य संरचना | आन्तरिक तात्पर्य वा अर्थ |
|---|---|
| १) कुनै समाजमा पढ्ने काम पनि अफाप मानिन्छ । | पढ्ने काम फाप मानिन्न । |
| २) बाटोमा हिंड्दा नकराईकन जाऊ । | कराउँदै नजाऊ । |

माथि प्रस्तुत वाक्यहरूमा करण क्रियापदहरूको प्रयोग भएकाले तिनलाई बाह्य संरचनाका आधारमा करण वाक्य माने पनि आन्तरिक तात्पर्य वा अर्थका आधारमा अकरण मान्नुपर्छ । किनभने उपर्युक्त वाक्यहरूको अर्थगत जोड अकरण तर्फ केन्द्रित देखिन्छ ।

## ४.५ निष्कर्ष

माथि विश्लेषित पदकोटि र उपकोटिका तहमा नेपाली भाषामा पाइने अकरणको प्रयोग र स्वरूपलाई समष्टिगत रूपमा केलाउँदा निम्न बमोजिमका निष्कर्ष उपलब्ध भएका छन् —

१) क्रियापदका रूपमा प्रयोग हुने अकरण स्वरूपले सामान्यतया समष्टिगत रूपमा वाक्यको गठनलाई नै अकरणात्मक बनाएको छ । यसले गर्दा अकरण क्रियापद भएका प्रायः सबै खालका वाक्यहरू संरचनागत र अर्थगत दुवै दृष्टिकोणबाट निषेधधर्मी वा अकरणात्मक बन्न पुगेको देखिन्छ ।

२) विशेषण र क्रियाविशेषणका रूपमा रहेका अकरणवाची शब्द प्रयोग भएका वाक्यहरूमा क्रियापद र अकरणवाची शब्दका बीच बाह्य संरचनाका दृष्टिबाट प्रत्यक्ष अन्वय देखिँदैन । त्यसैले बाह्य आधारमा करण देखिए पनि आन्तरिक तात्पर्य वा अर्थका दृष्टिबाट त्यस प्रकारका वाक्यहरू पनि निषेधधर्मी वा अकरणात्मक नै देखिन्छन् ।

## ५. नेपाली भाषामा एकल र युगल अकरणको प्रयोग

कुनै एक किसिमका वाक्यलाई आधार मानी अर्को किसिममा परिवर्तन गर्ने प्रक्रियालाई वाक्यान्तरण प्रक्रिया भन्दछन् । नेपाली भाषाका वाक्यहरूलाई विभिन्न किसिमबाट वाक्यान्तरण गर्न सकिने स्थिति छ । यिनै किसिममध्ये एउटा प्रमुख किसिम करणबाट अकरणमा गरिने वाक्यान्तरण हो । यसैले करण वाक्य नै अकरण वाक्यका आधार वाक्य मानिन्छन्, किनभने सामान्यतया करण वाक्यको निषेधात्मक रूप नै अकरण वाक्य हो । तल प्रस्तुत वाक्यहरूका आधारमा विभिन्न प्रकारका वाक्यभित्र के-कसरी अकरणको प्रयोग हुन्छ भन्ने तथ्य पत्ता लगाउन सकिन्छ—

### ५.१ एकल अकरण

| करण | अकरण |
|---|---|
| १) विनोद भात खान्छ । | विनोद भात खाँदैन । |
| २) श्याम नेपाली पढ्छ । | श्याम नेपाली पढ्दैन । |
| ३) राम हाँस्छ । | राम हाँस्तैन । |

माथि प्रस्तुत तीनै वाक्य सरल हुन्, किनभने तिनमा एउटै मात्र क्रियापद रहेको छ । त्यसैले यी वाक्यलाई सामान्य किसिमले नै करणबाट अकरणमा लान सकिने स्थिति माथि नै प्रस्तुत गरिएको छ । यस किसिमको प्रयोगलाई अकरणको साधारण एकल प्रयोग मान्न सकिन्छ ।

### ५.२ युगल अकरण

यस बाहेक तल प्रस्तुत विशेष किसिमका सरल वाक्यमा चाहिँ यो स्थिति पाइँदैन—

| करण | अकरण |
|---|---|
| १) डुल्ने मान्छे स्वस्थ हुन्छ । | क) नडुल्ने मान्छे स्वस्थ हुँदैन । |
| | ख) नडुल्ने मान्छे स्वस्थ हुन्छ । |
| | ग) डुल्ने मान्छे स्वस्थ हुँदैन । |

| | |
|---|---|
| २) काम गर्ने मान्छेलाई खाएको पच्छ । | क) काम नगर्ने मान्छेलाई खाएको पच्दैन । |
| | ख) काम नगर्ने मान्छेलाई खाएको पच्छ । |
| | ग) काम गर्ने मान्छेलाई खाएको पच्दैन । |
| ३) पढ्ने मान्छे पास हुन्छ । | क) नपढ्ने मान्छे पास हुँदैन । |
| | ख) नपढ्ने मान्छे पास हुन्छ । |
| | ग) पढ्ने मान्छे पास हुँदैन । |

माथि प्रस्तुत तीन करण वाक्यहरूलाई तीन किसिमबाट वाक्यान्तरण गरी अकरण बनाइएको छ । यी मध्ये नं. १ करण वाक्यको क), नं. २ को क) र नं. ३ को क) नै पूर्ण अकरण वाक्य हुन् । उक्त अकरण वाक्यका प्रत्येकका दोस्रा र तेस्रा प्रकारमा दोस्रालाई करण र तेस्रालाई अकरण भन्न सकिन्छ । यस किसिमको स्थिति देखा पर्नुको खास कारण के हो भने माथि उल्लिखित करण वाक्यहरूमा विशेषण र क्रियापदका रूपमा क्रियाको डबल वा युगल प्रयोग भएको छ । त्यसैले उक्त करण वाक्यहरूलाई पूर्ण अकरणमा वाक्यान्तरण गर्न युगल अकरण सङ्केतकको प्रयोग हुनु आवश्यक देखिएको हो ।

यस्तै किसिमको युगल अकरणको प्रयोग सङ्केतार्थक वाक्यहरूमा पाइन्छ । ती वाक्यहरूको करण र अकरण रूप निम्नअनुसार देखिन्छ । जस्तै—

| करण | अकरण |
|---|---|
| १) तिमीले बोलाएकाले म आएँ । | तिमीले नबोलाएकाले म आइनँ । |
| २) तिमीले भनेकाले मैले गरेँ । | तिमीले नभनेकाले मैले गरिनँ । |
| ३) पानी परे सहकाल हुन्छ । | पानी नपरे सहकाल हुँदैन । |

संयुक्त र मिश्र वाक्यहरूमा पनि युगल अकरणको प्रयोग प्रशस्त भेटिन्छ । उदाहरणका लागि केही वाक्यहरूका करण र अकरण रूपहरू प्रस्तुत गर्न सकिन्छ । जस्तै—

| करण | अकरण |
|---|---|
| १) पानी पर्‍यो भने बाली सप्रिनेछ । | पानी परेन भने बाली सप्रिनेछैन । |
| २) म भोलि आएँ भने तिमी जानू । | म भोलि आइनँ भने तिमी नजानू । |
| ३) तिमीले बोलायौ, अनि म आएँ । | तिमीले बोलाएनौ अनि म आइनँ । |
| ४) तिमीले भन्यौ अनि मैले गरेँ । | तिमीले भनेनौ अनि मैले गरिनँ । |
| ५) जो पढ्छ उ पास हुन्छ । | जो पढ्दैन उ पास हुँदैन । |
| ६) जसको आँट छ उ सफल हुन्छ । | जसको आँट छैन उ सफल हुँदैन । |

असिद्धि–सङ्केतार्थक अर्थात् असमापिका क्रियाको पछाडि 'को' लागि

समापिका क्रियाको रूपमा 'हुनु' धातुबाट बन्ने क्रियापद भएमा पनि युगल अकरणको प्रयोग हुन्छ । तर यस किसिमको प्रयोगमा संरचनात्मक दृष्टिले अकरण देखिए पनि अर्थगत दृष्टिले चाहिँ विशेष जोडसहितको करणका रूपमा देखिन्छ । जस्तै—

| युगल अकरण | अर्थ वा तात्पर्य |
|---|---|
| १) मैले मौकामा तिमीलाई नभनेको होइन । | भनेको हो । |
| २) तिमीले भन्नासाथ मैले नगरेको होइन । | गरेको हो । |
| ३) मैले किताप नपढेको होइन । | पढेको हो । |

सामान्य सङ्केतार्थक वाक्यमा कार्यकारण अर्थात् सङ्केतक र कार्य दुवै क्रिया समान धातुजनित भएमा युगल अकरणबाट अकरणकै तीव्रता बुझिन्छ—

| करण | अकरण |
|---|---|
| १) खाए खा । | नखाए नखा । |
| २) गए जा । | नगए नजा । |
| ३) गरे गर् । | नगरे नगर् । |
| ४) भए हुन्छ । | नभए हुँदैन । |

विकल्पबोधक निषेधवाची संयोजक 'न' युगलको प्रयोग भएमा पनि अकरणकै जोड बुझिन्छ । जस्तै—

| करणबोधक | अकरणबोधक |
|---|---|
| १) हिजो राति खाइयो पनि, सुतियो पनि । | हिजो राति न खाइयो, न सुतियो । |
| २) हिँड्न पनि हिँडियो बस्न पनि पाइयो । | न हिँड्न सकियो, न बस्न पाइयो । |
| ३) उसले पनि सुन्यो, मैले पनि सुनेँ । | न उसले सुन्यो, न मैले सुनेँ । |

समान प्रत्यय भएका एकभन्दा बढी धातुसाधित शब्दका बीचमा निषेधार्थक 'न' को एकल प्रयोगले पनि दुवैको अकरणबोध गराउँछ । यिनको प्रयोग पदावलीका रूपमा पनि हुन्छ । जस्तै—

१) बुझ्दो न सुझ्दो
२) आउँदो न जाँदो
३) जान्दो न सुन्दो
४) देखेको न सुनेको
५) खानु न उकेल्नु
६) पढेको न लेखेको
७) लेखाइ न पढाइ
८) खाई न पाई इत्यादि ।

### ५.३ निष्कर्ष

नेपाली भाषामा पाइने एकल र युगल अकरणका सम्बन्धमा माथि गरिएको विश्लेषणबाट प्राप्त भएका निष्कर्ष यस प्रकार छन्—

१) सामान्य सरल वाक्यमा करणबाट अकरण र अकरणबाट करणमा गरिने वाक्यान्तरण सरल हुनाका साथै लगभग विकल्पहीन पनि देखिन्छ ।

२) मिश्र र संयुक्त वाक्यका तहमा पुगेपछि यो परिवर्तनको प्रक्रिया क्रमशः जटिल हुँदै गएको पाइन्छ यस किसिमका वाक्यहरूमा अकरणात्मक परिवर्तनका सम्भावित विकल्पहरू पनि प्रशस्तै देखिन्छन् । साथै यी वाक्यहरूमा करणबाट अकरण र अकरणबाट करणमा परिवर्तन गर्दा पूर्ण र आंशिक दुवै किसिमको परिवर्तन देखा पर्छ ।

३) नेपाली वैयाकरणहरूका बीच डबल अकरण भएका खण्डमा सामान्यतः संरचनात्मक रूपमा अकरण देखिए पनि अर्थगत रूपमा करणकै जोड हुन पुग्छ भन्ने धारणा विद्यमान भएकोमा केवल असिद्धि–सङ्केतार्थक अर्थात् असमापिका क्रियाको पछाडि 'को' लागि समापिका क्रियाका रूपमा 'हुनु' धातुबाट बन्ने क्रियापदमा बाहेक अन्यत्र सबै प्रकारका वाक्यहरूमा डबल अकरण सङ्केतकको प्रयोग भए पनि संरचना र अर्थगत दुवै दृष्टिबाट अकरणकै जोड देखिएको छ ।

## ६. नेपाली भाषामा अकरणात्मक परिवर्तनका समस्या र अपवाद-प्रयोग

अधिकांश करण वाक्यलाई अकरणमा परिवर्तन गर्न सकिन्छ । त्यस्तै धेरै जसो अकरण वाक्यको करण वाक्य पहिल्याउन पनि सकिन्छ । यसो भन्नुको खास तात्पर्य के हो भने सबै किसिमका करण वाक्यलाई अकरणमा परिवर्तन गर्न सकिँदैन साथै सबै अकरण वाक्यको करण रूप खोज्न पनि गाह्रो हुन्छ । अतः तल नेपाली भाषामा पाइने केही यस्ता नमूना वाक्यहरू प्रस्तुत छन् जसलाई सामान्य किसिमबाट करण–अकरणमा छुट्ट्याउनु वा परिवर्तन गर्नु अप्ठ्यारो देखिन्छ । जस्तै—

१) ए ! तिमीहरू सबै जान लागेको ? एक जना मात्र जाऊ ।
२) ए ! तिमीहरू सबै जान लागेको ? एक जना नजाऊ ।
३) छात्रावासका केटाहरू सबैलाई बोलाएको, दुई जना मात्र आए ।
४) छात्रावासका केटाहरू सबैलाई बोलाएको, दुई जना मात्र आएनन् ।
५) मैले नगरेको हो र !
६) तैँले खूप गरिस् ।
७) पृथ्वीमा जन्मेका मान्छे जति सबै मर्छन् ।

८) पृथ्वी गोलो छ ।

९) म कहिल्यै चुरोट खान्नँ ।

१०) कोही पनि मूर्ख हुँदैनन् ।

११) आजसम्म पढिएन, अब पढ्नुपर्ला ।

१२) हरि हिजो पनि पढेर सुतेन ।

१३) नाम भने राम, काम भने रावणको जस्तो छ ।

माथि प्रस्तुत वाक्यहरूले नेपाली भाषामा अकरणात्मक परिवर्तनमा देखिने विशेष समस्या र अपवाद प्रयोगलाई देखाउँछन् । वाक्य १ मा कुनै पनि खालको अकरण सङ्केतकको प्रयोग भएको छैन र वाक्यको संरचना पनि करणात्मक नै देखिन्छ, तर अर्थगत रूपमा विचार गर्दा एक जना बाहेक सबैलाई निषेध गरिएको हुँदा निषेधको प्रधानता देखिन्छ । त्यस्तै वाक्य २ मा अकरण क्रियापदको प्रयोग छ, जसले गर्दा सामान्यतया संरचनात्मक रूपमा अकरण वाक्य देखिन्छ, तर अर्थगत रूपमा एक जना बाहेक सबैलाई जाने आदेश दिएबाट निषेधको भन्दा विधिको प्रधानता देखिन्छ । यस आधारमा दोस्रो वाक्यलाई करण वाक्य मान्नुपर्ने स्थिति आइपर्छ । यस्तै स्थिति क्रमशः वाक्य ३ र ४ मा पाइन्छ । यी र यी जस्ता थुप्रै सम्भावित वाक्यहरूलाई करण र अकरण मात्र भनेर नपुग्ने र आवश्यक स्पष्टीकरण दिनुपर्ने स्थिति छ ।

वाक्य ५ मा अकरण–सङ्केतकको प्रयोग भएर पनि वाक्यार्थले सकारात्मक जोड दिएको छ । यस्तै वाक्य ६ मा करण क्रियापदको प्रयोग भए पनि वाक्यार्थले निषेधमा जोड दिएको छ । वाक्य ७ र ८ का करण वाक्यलाई सामान्य किसिमबाट अकरणमा परिवर्तन गर्न सकिँदैन ।

वाक्य ९ र १० मा प्रयोग भएका अकरणात्मक क्रियापदलाई करणमा परिवर्तन गरेर मात्र करण वाक्य बन्दैन, अर्थात् 'म कहिले पनि चुरोट खान्छु' र 'कोही पनि मूर्ख हुन्छन्' भन्ने वाक्यहरू व्याकरणिक र अर्थगत दुवै दृष्टिबाट अस्वीकार्य छन् । वास्तवमा यी वाक्यलाई करण बनाउँदा क्रियापदलाई मात्र परिवर्तन गरेर नपुगी 'कहिले पनि' का ठाउँमा 'जहिले पनि' र 'कोही पनि' का ठाउँमा 'जो पनि' राख्नुपर्ने देखिन्छ । किनभने 'कहिल्यै' वा 'कहिले (पनि)' 'सार्वजनिक अव्यय र 'कोही (पनि) जस्ता सर्वनाम प्रायः अकरणात्मक वाक्यमा मात्र देखिन्छन् । तर 'जहिले (पनि)' र 'जो (पनि)' करण अकरण दुवै खालका वाक्यमा आउन सक्छन् । वाक्य ११ लाई आंशिक अकरण वा करण दुवै भन्न सकिन्छ । वाक्य १२ मा 'पढ्नु' क्रियाको निषेध छ, तर अकरण सङ्केतक

'सुत्नु' क्रियामा लागेको छ । वाक्य १३ मा अकरण–संकेतकको प्रयोग छैन र 'राम' भन्ने व्यक्तिको 'रामत्व' निषेध गरेर 'रावणत्व' आरोप गरिएको छ ।

## ७. उपसंहार

परम्परागत नेपाली वैयाकरणहरूले अकरणलाई शुद्ध संरचनात्मक आधारमा क्रियापदसँग मात्र सम्बन्धित गरी चर्चा गर्दै आएका हुन् । त्यसैले नेपाली भाषाको अकरण–निर्धारणमा उनीहरूले खास कुनै जटिल समस्या भेटेनन् । तर यस गोष्ठीपत्रमा चाहिँ नेपाली भाषामा अकरण–निर्धारणका दिशामा देखा परेका समस्या र तिनका समाधानका उपायहरूका बारेमा प्रशस्त छलफल गरिनुपर्ने आवश्यकताबारे उदाहरणसहित चर्चा गरिएको छ । यसको खास कारण करण–अकरण–परिवर्तनका क्रममा बाह्य (पदगत) संरचनालाई मात्र आधार नमानी अर्थगत दृष्टिबाट समेत त्यसको स्वीकार्यताको परीक्षण गर्न खोज्नु नै हो । वास्तवमा बाह्य संरचनाका आधारमा मात्र करण–अकरणका बीच परिवर्तनको स्वरूप पहिल्याउनु त्यति अप्ठ्यारो कार्य देखिँदैन । साथै यिनको रूप निश्चित र असंदिग्ध हुन सक्दछन्, तर जब अर्थतात्त्विक रूपमा करण अकरणका बीच परिवर्तनको स्वरूप पहिल्याउन खोजिन्छ, त्यस बखत यो प्रक्रिया स्वतः जटिल र पर्याप्त विकल्पपूर्ण समेत हुन जान्छ । त्यसैले भाषाको विश्लेषण गर्दा अर्थतत्त्वलाई छुट्ट्याउने प्रयास संरचनावादीहरूले नगरेका होइनन् तापनि अर्थलाई पन्छाएर कुनै पनि तहमा भाषाको आन्तरिक विश्लेषण हुन सक्ने सम्भावना भने देखिँदैन । हुन त कुनै वाक्यको अर्थगत आधारमा करणरूपलाई अकरणरूपमा र अकरण-रूपलाई करणरूपमा परिवर्तन गर्नु भनेको तार्किक आधारमा निकटतम विकल्प प्रस्तुत गर्नु हो । तैपनि संरचनाका आधारमा मात्र गरिएको अध्ययनलाई त्यति सार्थक मान्न सकिन्न । अतएव करण र अकरणको परिवर्तनका क्रममा जतिसुकै जटिल र व्यापक विकल्पहरूलाई अँगाल्नुपर्ने सम्भावना रहँदारहँदै पनि अर्थलाई समेत आधार मान्नु आवश्यक देखिन्छ ।

## ८. विशेष स्पष्टीकरण

१. ने. रा. प्रज्ञा–प्रतिष्ठानद्वारा आयोजित नेपाली व्याकरण अधिगोष्ठी २०४१ (फागुन २८, २९ र चैत्र १) मा प्रस्तुत यस गोष्ठीपत्रमा टिप्पणी गर्ने विद्वान् सहभागीहरूप्रति लेखक कृतज्ञता ज्ञापन गर्दछ ।

२. डा. रामावतार यादवले 'मैले (आँप) खाइहालें'को अकरण बनाउँदा 'मैले (आँप) खाइनँ' हुन्छ 'खाइहालिनँ' हुँदैन भन्नुभएकोमा नेपाली भाषामा यो प्रयोग

[illegible] । जस्तै 'तैंले दिएको [illegible]' को अकरण 'तैंले दिएको आँप मैले खाइहालिनँ' हुन्छ तर यसको अर्थका तहमा समेत विशेष विचार गर्दा उक्त अकरण प्रयोगमा 'तैंले दिएको आँप मैले खाइनँ' मा जस्तो निरन्तरको निषेध नभएर, दिनासाथ तत्काल मात्र नखाई केही समयपछि खाएको हुन सक्ने सम्भावना भने रहन्छ। साथै डा. यादवले उल्लेख गर्नुभएको 'उ पढेर सुतेन' भन्ने वाक्यमा अकरणको समस्यापूर्ण वा असामान्य प्रयोग भएको छ भन्ने कुरालाई यो लेखक पनि स्वीकार गर्दछ ।

३. डा. वल्लभमणि दाहालले 'राम ईमानदार छ' को अकरण 'राम बेईमान छ' हुँदैन र 'ईमान' र 'बेईमान' बीच विभिन्न मात्रात्मक अरू तह पनि हुन्छन् भन्नुभएकोमा अर्थका तहमा करण–अकरणको विश्लेषण गर्नासाथ यसका रूपहरू सन्दिग्ध र विकल्पपूर्ण समेत हुन्छन् भन्ने कुरा यस गोष्ठीपत्रको पनि स्थापना भएकोले डा. दाहालको भनाइप्रति यस लेखकको पनि आंशिक सहमति छ । तैपनि 'राम बेईमान छ' र 'सीता नराम्री छे' भन्ने वाक्यमा प्रयुक्त 'बेईमान' र 'नराम्री' नञ्–समासयुक्त शब्द (अकरणवाची समस्त शब्द) ले क्रमशः 'ईमान' र 'राम्रोपन' को निषेध गरेको छ भन्ने भनाइ यस लेखकको रहेको छ ।

४. श्री मदनमणि दीक्षितले 'राम रावण जस्तो छ' भन्ने वाक्यको उल्लेख गर्दै यसलाई पनि अकरण भन्नुपर्ला भन्नुभएकोमा अर्थगत तहमा विचार गर्दा उक्त वाक्यलाई अकरणका रूपमा स्वीकार गर्न सकिन्छ । तर 'हरिबहादुर रावण जस्तो छ' भन्दाचाहिं कुनै निषेध नबुझिने भएकाले 'राम रावण जस्तो छ' मा बुझिने निषेध यही वाक्यमा मात्र र व्यञ्जनका तहमा मात्र अनुभव हुन्छ ।

# नेपाली अकरण-प्रक्रिया

भरतराज पन्त

'अकरण' को शब्दगत अर्थ खोतल्दा कृ+ल्यट्+नञ्: अकरण देखिन आउँछ । त्यहीअनुसार त्यसको अर्थ गर्नि क्रियाको अथवा 'काम भयो' भन्ने भावको अभाव भन्ने बुझिन्छ । कुनै पनि वाक्यबाट क्रियाफल अर्थात् केही काम बनेको भन्ने भाव निस्कनुपर्छ, कुनै वाक्यबाट क्रियाको फल निषेध गरिन्छ र क्रियाफलै निस्कँदैन भने त्यस्तो वाक्यलाई वाक्यमा गणना गर्न सकिँदैन भन्ने तार्किकहरूको मत छ । मीमांसकहरू भन्दछन्—वाक्य, क्रिया वा कर्म दुई प्रकारको हुन्छ—एउटा प्रवृत्तिमूलक अर्को निवृत्तिमूलक । विधि (करण) वाक्यले प्रवृत्तिमूलक भाव पैदा गर्छ भने निषेध (अकरण) वाक्यले चाहिं निवृत्तिमूलक भाव पैदा गर्छ । उदाहरण पनि यसरी प्रस्तुत गर्छन्—'स्वर्ग चाहनेले यज्ञ गरोस्' विधि (करण) प्रवृत्तिमूलक भावव्यञ्जक । 'कुअन्न नखाओस्' निषेध (अकरण) निवृत्तिमूलक भावव्यञ्जक । 'शाब्दिक अर्थात् व्याकरणवादीहरूलाई शब्द वा वाक्य शुद्धि गर्नुसम्मको मात्र जिम्मेदारी हुन्छ त्यसैले उनीहरूले व्याकरणका प्रक्रियाद्वारा सिद्ध गरिएका शब्द र वाक्यहरूमा कुनै तर्क, वाद र सिद्धान्तको हेराइबाट देखिन आउने सङ्गति र असङ्गतितर्फ चासो राख्ने न त अवकाशै हुन्छ त न आवश्यक नै हुन्छ । उनीहरू स्वभावतः भाषिक शुद्धताको संस्कारमा सीमित हुन्छन् जो स्वाभाविक तथा शाश्वत कुरो हो ।

अकरणका सम्बन्धमा नेपाली व्याकरणका पुस्तकहरू पल्टाउँदै जाँदा वि. सं. २०१९, संस्करण पाँचौं नेपाली सजिलो व्याकरण–पुष्करशमशेर राणा–पृष्ठ ६०–६१ मा 'सकार्ने वाक्य करण र इन्कार्ने वाक्य अकरण' भनी त्यस्तै दुई–चारवटा वाक्यहरू दिएर छोडिदिएको छ । त्यतिले हामीलाई सर्वाङ्गीण अथवा आंशिक रूपमा अकरणसम्बन्धी वास्तविक बोधमा सघाउ पुऱ्याउन सक्तैन । त्यही गति वा अवस्था अरू व्याकरण वा व्याकरणकारहरूको पनि देखिन्छ ।

अकरणको परिभाषा अथवा लक्षणको निरूपण कसरी गर्न सकिन्छ भने 'न' निषेध व्यञ्जक वर्ण नलागेको क्रिया विधि अर्थको करण वाक्य हुन्छ । विध्यर्थक

क्रिया भन्नाले व्याकरणका प्रसङ्गमा अरू पनि आउन सक्छन् तर यस प्रसङ्गमा निषेधको विपरीत मात्र विधि हो भन्ने अर्थमा सीमित छ भन्ने स्मरणीय छ।

संस्कृत भाषामा अकरण दुई थरी देखिएका छन्—एउटा समास भएको अर्को समास नभएको। समास नएकोलाई प्रसज्य–प्रतिषेध र नभएकोलाई पर्युदास भन्ने संज्ञा दिइएको छ। यस्ता थप चर्चाहरू आचार्य विश्वनाथ कविराजको साहित्यदर्पणमा पाइन्छन्। ठीक त्यस्तै नेपाली भाषामा पनि 'न' को प्रयोगलाई सरल र तिर्यक् रूपमा प्रयोग गरिएको छ भनी देखाउन सकिन्छ जसको उदाहरण क्रमशः दिइनेछ। यसको अतिरिक्त सामान्यतया अकरणलाई तीन भागमा विभाजन गर्न सकिन्छ—१. रूपगत २. अर्थगत ३. भावगत। अब क्रमशः ती तीनै थरी अकरणलाई नेपाली बोलीचालीमा प्रचलित उदाहरणहरूसित सङ्गति मिलाएर देखाउने प्रयासतिर यस प्रसङ्गको ध्यान आकर्षित हुन्छ।

## १. रूपगत अकरण

क्रियासित सम्बद्ध नभएको नाम, विशेषण, अव्ययहरूमा पाइने वा देखिने निषेधका चिह्नहरूबाट बुझिने अकरणहरू खालि अनुहार मात्रका अकरण हुन्। क्रियासित सम्बद्ध नहुन् तापनि तिनीहरूबाट पनि आंशिक रूपमा अकरणको चिह्न स्पष्टिने हुनाले पनि अकरणको मूल रूप नभए पनि भेदमा गणना गरिन्छन्। जस्तै—

नाम— नकाम : खराब काम।
विशेषण— नराम्रो : सौन्दर्यहीन।
अव्यय— अबाह्य : बाहिरीदेखि भिन्न (आन्तरिक)।

यी माथिका रूपगत अकरणका उदाहरणहरूमा निषेधाक्षर 'न' को सट्टामा अरू उपसर्ग र पूर्वसर्गहरू लगाएर पनि अकरण तुल्याउन सकिन्छन्। जस्तै—

उपसर्ग— अपमान : मान नभएको (हेलाँ)।
अवचेतन : चेतना कम भएको (आलो काँचो)।
निश्चेष्ट : चेष्टा नभएको (बेहोश)।
निर्जीव : जीव नभएको (जड वा लाश)।

पूर्वसर्ग— बे+ईमान : ईमान नभएको।
बे+चैन : चैन नभएको।
बद+नाम : नराम्रो नाम (दुर्नाम)।
बद+चलन : खराब चलन (दुर्व्यवहार)।

संस्कृतमा अकरण व्यञ्जक वर्ण वा शब्दलाई 'नञ्' भनिन्छ । त्यसको अर्थ छ किसिमको हुन्छ भनेर वैयाकरण–भूषण–सारमा चर्चा गरिएको छ ।

तत्सादृश्यमभावश्च तदन्यत्वं तदल्पता ।
अप्राशस्त्यं विरोधश्च नञोऽर्थः षट् प्रकीर्तिताः ।।
(वैयाकरण–भूषण–सार–शक्तिनिर्णय पृ० ३५३)

सादृश्य, अभाव, अन्यता, अल्पता, अप्राशस्त्य, विरोध जम्मा ६ वटा नञ्का अर्थ हुन्छन् ।

उदाहरण पनि यसरी दिइएको छ—

१) सादृश्य अर्थमा— अब्राह्मण : बाहुन होइन (जस्तो मात्र) ।
२) अभाव अर्थमा — अपाप : पाप हुँदै नभएको (पापको अभाव) ।
३) अन्यता अर्थमा — अनश्व : अश्व भिन्न (घोडा बाहेक) ।
४) अल्पता अर्थमा— अनुदरा कन्या : पेट नभएकी केटी (सानो पेट भएकी अथवा बारुले कम्मर) ।
५) अप्राशस्त्य अर्थमा— अपशुको वा अन्ये गोऽश्वेभ्यः गाई घोडाहरू जस्तै महत्त्व भएको पशु होइनन् (सामान्य, महत्त्वहीन) ।
६) विरोध अर्थमा — अधर्म : धर्म नभएको (धर्मविरोधी) ।

यी संस्कृतमय उदाहरणहरूलाई नेपालीकरण गर्न खोज्दा यो रूप हुन्छ—

१) सादृश्य— जस्तो मात्र वास्तवमा होइन भन्ने अर्थमा—
अव्यावहारिक : व्यावहारिक जस्तो मात्र वास्तवमा होइन ।
असामाजिक : सामाजिक जस्तो मात्र वास्तवमा होइन ।

२) अभाव— बिलकुलै नभएको भन्ने अर्थमा—
अनन्त : अन्त (पुछार) नै नभएको ।
अरुचि : रुचि (इच्छा) नै नभएको ।
पूर्वसर्ग— बेफुर्सत : फुर्सत बिलकुलै नभएको (व्यस्त)
बेईमान : ईमान पटक्कै नभएको (दुश्चरित्र) ।
उपसर्ग— निष्कलङ्क : कलङ्क (दोष) हुँदै नभएको (निर्दोष) ।
निर्जीव : जीव (प्राण) नभएको (जड वा लाश) ।

३) अन्यता— प्रस्तुत विषयदेखि भिन्न अलग वा छुट्टै भन्ने अर्थमा—
अदृश्य : दृश्यदेखि भिन्न (देखिने होइन नदेखिने) ।
अबाह्य : बाहिरीदेखि भिन्न (आन्तरिक वा भित्री) ।
असजिलो : सजिलोदेखि भिन्न (गाह्रारो) ।
अगतिलो : गतिलोदेखि भिन्न (नराम्रो) ।

४) अल्पता — थोरै, सानो, छोटो, आदि अर्थमा —

अशिक्षित : अल्प शिक्षित (थोरै मात्र शिक्षा भएको)।
अविकसित : अल्प विकसित (थोरै मात्र विकास भएको)।
अलोभ : अल्प लोभ (थोरै मात्र लोभ भएको)।
अक्रोध : अल्प क्रोध (थोरै मात्र रीस भएको)।

५) अप्राशस्त्य— महत्त्वहीन वा बेमहत्त्व भएको भन्ने अर्थमा—

नकाम : खराब काम (बेमहत्त्वको काम)।
नमजा : मजा नभएको (बेमहत्त्वको मजा)।

६) विरोध— प्रतिकूल विपरीत वा उल्टो विरुद्ध भन्ने अर्थमा—

नञ्— अनैतिक : नीतिविरुद्ध (नीति–नियमको विपरीत)।
अराष्ट्रिय : राष्ट्रविरुद्ध (घातक तत्त्व)।

पूर्वसर्ग— बेरुजु : रुजुविपरीत (लेखाशाखामा व्यवहृत)।
बेकाइदा : काइदाविरुद्ध (खराब परिणाम हुने काम)।

उपसर्ग— अपव्यय : खराब व्यय (नियमित व्ययको विरुद्ध)।
अवमूल्यन : मूल्य घट्नु, सुस्तिनु, भाउ–मर्यादा नहुनु।

यस किसिमका ६ थरी रूपगत अकरणका नमूनाहरू केलाउँदै जाँदा नेपाली गाउँखाने कथाहरूमा पनि त्यसका उदाहरणको झल्को पाइन्छ जस्तो सादृश्य अर्थलाई मात्र लिएर हेरौं—

क) भूँ भूँ गर्छ भमरो होइन, काँधमा जनै छ बाहुन होइन।

अथवा

ख) 'आँखा जस्तो छ आँखा होइन, पङ्खा जस्तो छ पङ्खा होइन।'

यस्ता उदाहरणका रूपमा हेर्दा यी अकरणहरूलाई रूपगत नमानेर अर्थगत नै मान्नुपर्ला जस्तो देखिन्छ, किनभने उक्त उदाहरणमा शब्दले होइन वाक्यले नै सादृश्य बुझाइरहेका छन् र ती सादृश्यद्वारा अर्को भिन्न वस्तु क) ले चर्खा र ख) ले मुजुरको प्वाँखलाई बुझाइरहेका छन्।

त्यस्तै निषेधव्यञ्जक वर्ण 'न' कतै वैकल्पिक संयोजकको काम गरेर वैकल्पिक वा समुच्चायक संयुक्त वाक्यको सार्थक बनेको पनि उदाहरण पाइन्छ—

गद्य वाक्य--रामले न त पढ्यो, न त लेख्यो।

यहाँ 'लेख्यो' को अकरण 'लेखेन' हुनुपर्छ 'पढ्यो' को अकरण 'पढेन' हुनुपर्छ, क्रिया र 'न' को अन्तरमा 'त' ले व्यवधान गरेको देखिन्छ। पढ्नु र लेख्नु क्रियामा

विकल्प बुझाएर वैकल्पिक संयोजकको काममा 'न' खटिएको छ र समुच्चायक वा वैकल्पिक संयुक्त वाक्यको साधक 'न' बनेको स्पष्ट छ । त्यस्तै पद्य वाक्यमा—

न त्यस्ले क्यै खायो, न त पिउन पायो द्रवहरू
न केही बिछ्यायो न त धुनि जगायो हुरुहुरू

(लेखनाथ– तरुण तपसी, विश्राम ६, श्लोक ३)

यसमा पनि 'न' को काम खानु, पिउनु, बिछ्याउनु, धुनी जगाउनु जस्ता क्रियाको वैकल्पिक अर्थ बुझाउनुमा सीमित देखिन्छ । यी उदाहरणहरूमा क्रियागत वैकल्पिक 'न' को उदाहरण देखिएका छन् भने कतै–कतै कर्तृगत वैकल्पिकको रूपमा 'न' को प्रयोग पनि देखिन्छ । जस्तै—

न तिमीले न मैले देख्नु
माथिबाट डाँडैले छेक्नु रूप न जालैमा

(रेडियो नेपालमा सुनिने लोकगीत)

यसमा देख्नु क्रियासित प्रत्यक्ष सम्बन्ध राख्ने कर्ता 'तिमी' र 'म' का बीच 'न' ले विकल्प बुझाएको छ । त्यसैले 'न' लाई वैकल्पिक संयोजकको रूपमा पनि लिन सकिने रहेछ भन्ने स्पष्ट हुन्छ ।

यसरी रूपगत अकरणभेद–उपभेदहरूलाई केलाएर हेर्दै जाँदा निषेध-व्यञ्जक वर्ण 'न' को सट्टामा उपसर्ग, पूर्वसर्गहरूलाई पनि लिन सकिएजस्तै त्यो 'न' ले निषेधको मात्र काम नगरेर वैकल्पिक संयोजकको काम पनि गर्दो रहेछ भन्ने बुझिएपछि हामी रूपगत अकरणको घेरामा मात्र रूमलिएर बस्न सक्तैनौं, हाम्रो विचारको पखेटाले विस्तृत आकाशको चाहना गर्छ र अनि अर्थगत अकरणको प्रसङ्गमा अघि बढ्न चाहन्छौं । अर्थगत अकरणको निमित्त निषेधवाचक 'न' को सट्टामा उपसर्ग वा पूर्वसर्गलाई लिन सक्तैनौं 'न' नै राख्न सक्छौं बरु 'न' को बदला 'अ' पनि आउँछ । तर त्यो 'अ', 'न'लाई समास गरेपछि त्यसको सट्टामा आएको 'न' को पर्याय नै मान्नुपर्छ । प्रायः 'न' को प्रयोग सर्वसम्मत देखिन्छ । यस प्रसङ्गमा संस्कृत–वाक्यको केही प्रसङ्ग पनि लिन सकिन्छ—

नाक्षराणि पठता किमपाठि
विस्मृतः किमथवा पठितोऽपि ।
इत्थमर्थिजनसंशयदोला-
खेलनं खलु चकार नकारः ।

(कवि तार्किक–चूडामणि श्रीहर्ष—नैषधीयचरित सर्ग ५, श्लोक १२१)

अर्थ— दौत्य कर्मको निमित्त अनुरोध गरिएका नलबाट नकारात्मक उत्तर पाएपछि इन्द्रले भने— ए नल ! अक्षर पढ्दा 'न' पढ्यौ कि पढेनौ ? पढेर पनि

बिस्यौं कि ? जुन 'न' ले हामी जस्ता पाहुनाको इच्छालाई सन्देहको पीङमा झुलाउने काम गरिरहेको छ ।

यस्ता कविताहरूको उक्ति वैचित्र्यबाट पनि अकरण वाक्यको निमित्त निषेध–व्यञ्जक वर्ण 'न' नै रहेछ भन्ने सिद्ध हुन्छ । त्यस्तै अर्को संस्कृत पद्यतिर पनि हेरौं—

मुहुरङ्गुलिसंवृताधरोष्ठं
प्रतिषेधाक्षरविक्लवाभिरामम् ।
मुखमंसविवर्त्ति पक्ष्मलाक्ष्याः
कथमप्युन्नमितं न चुम्बितं तु ।।३।३८

(महाकवि कालिदास, अभिज्ञानशाकुन्तलम्)

अर्थ— घरिघरि औंलाले ओठ छोप्तै निषेध–व्यञ्जक वर्ण 'न' प्रयोग गर्दा पनि मनोहर बावला परेला भएकी शकुन्तलाको काँधतिर फर्केर मुख आफूतिर उठाउन सकेर पनि चुम्बन लिइएन ।

यसरी दुष्यन्तको भनाइमा 'प्रतिषेधाक्षर' शब्दले निषेध–व्यञ्जक वर्ण 'न'लाई नै परिलक्षित गरिएको हो भन्ने कुरा 'न चुम्बितं तु' बाट स्पष्ट गराउने महाकवि कालिदासले पनि 'न' लाई नै अकरणको व्यञ्जक वर्णमा प्राथमिकता दिएको कुरो स्पष्टै छ ।

माथि चर्चा गरिसकिएको रूपगत अकरणका भेदहरूमा कुनै नाम, कुनै विशेषण र कुनै अव्यय पनि छन् । यसको अतिरिक्त क्रियासित जोडिएको 'न' पनि रूपगत अकरणका रूपमा कतै कतै प्रयोग गरिएको पाइन्छ । जसरी नाम, विशेषण, अव्ययहरू क्रमशः कुनै कर्ता र कुनै कर्म हुन्छन्, त्यस्तै 'न' जोडिएको समापिका क्रिया पनि कर्मको रूपमा प्रयोग भइरहेको पनि देखिन्छ । उदाहरणको निमित्त प्रयोगतिर विचार गरौं— 'राम मोटर दुर्घटनामा पऱ्यो र अस्पतालमा छ भन्ने सुनेर हेर्न गएको होइन रहेछ ।' यस वाक्यमा 'होइन' पूर्ण अकरण–क्रिया पनि 'रहेछ' समापिका क्रियाको कर्म बनेर प्रयोग भएको छ । त्यस्तै— 'ए हरि ! तँसित अलिकति पैसा छ ? भनेर सोधेको छैन भन्थ्यो' यस्तो वाक्यमा पनि 'छैन' अकरण क्रिया 'भन्थ्यो' समापिका क्रियाको कर्म बनेर प्रयोग हुन पुगेको छ । त्यस्तै कर्ता, कर्मका रूपमा मात्र आउने नाम, विशेषण, अव्यय र क्रिया पनि रूपगत अकरण हुँदा रहेछन् भन्ने स्पष्ट हुन्छ ।

### २. अर्थगत अकरण

प्रस्तुत प्रयासको प्रमुख प्रसङ्ग पनि यही हो । जसमा अकरणलाई अर्थगत

रूपमा निरूपण गरेर त्यसका भेद र प्रकारहरूको पनि सोदाहरण चर्चा गरेर अहिले सम्म सम्बन्धित क्षेत्रमा देखा परेका समस्या एवं अभावलाई समाधान गर्ने दिशा अथवा स्रोतसम्म पत्ता लगाउने संकेत मात्र भए पनि दिन सकिएछ भने यस प्रयासले सफलताको अनुहार देख्न पाएको अनुभव गर्नेछ ।

सरल तिर्यक् अकरण—

धेरैजसो क्रियापदका नेपाली उदाहरणमा तिर्यक् अकरणको प्रयोग देखिन्छ भने कतैकतै सरल अकरणको पनि प्रयोग हुन्छ । सरल र तिर्यक्को अनुहार पनि उदाहरणबाटै चिन्न सकिन्छ । निषेध–व्यञ्जक वर्ण 'न' लाई क्रियासित छ्यासमिस नगरीकन सलक्क राखेको वाक्यमा सरल अकरण हुन्छ भने क्रियासित छ्यासमिस गरी बीचमा वा पछाडि 'न' रहन गएमा तिर्यक् अकरण मान्न सकिन्छ । जस्तै—

'राम भात खान्छ'—लाई अकरण बनाउँदा 'नखान्छ' गर्न सकिदैन, भनौं सुहाउँदैन, कस्तो–कस्तो अडबाङ्गो भएजस्तो अनुभव हुन्छ त्यसैले 'खाँदैन' प्रयोग गर्न बाध्य हुन्छौं र त्यस्तोलाई नै तिर्यक् अकरण मान्नुपर्ने देखिन्छ । अरू उदाहरण पनि हेरौं—

| वर्तमानकाल | | भूतकाल | |
|---|---|---|---|
| करण | अकरण | करण | अकरण |
| राम पढ्छ | राम पढ्दैन । | रामले पढ्यो | रामले पढेन |

| भविष्यत्काल | |
|---|---|
| करण | अकरण |
| रामले पढ्नेछ | रामले पढ्नेछैन । |

यो माथि दिइएका उदाहरणमा भूत, भविष्य, वर्तमान तीनै कालका क्रियामा प्रयोग भएका अकरणको अनुहार तिर्यक् नै देखिन्छ । तर सरल अकरणका अनुहार देखिने वाक्यहरू—

| करण | अकरण |
|---|---|
| राम पढोस् | राम नपढोस् (विधि) |
| ए राम ! पढ् | ए राम ! नपढ् (आज्ञा) |
| रामलाई पढाऊँ | रामलाई नपढाऊँ (इच्छा) |
| राम पढ्ला | राम नपढ्ला (सम्भावना) |

यस्ता उदाहरणहरूमा भने निषेध–व्यञ्जक वर्ण 'न' सलक्क रहेको देख्न पाइनाले यिनीहरूलाई सरल अकरणको अनुहार मान्न सकिन्छ ।

अनुकूलार्थक र प्रतिकूलार्थक अकरण—

भाषा तथा शब्दको शुद्धि र संस्कारसम्बन्धी नियममा सीमित व्याकरणले

[illegible] वाक्यहरूमा अरू विषयको बेमेलबारे [illegible] [illegible] चर्चा माथि भैसकेको छ । व्यावहारिक दृष्टिमा व्याकरणले शुद्ध ठहरिएका वाक्य पनि प्रतिकूलार्थक हुन सक्छन् । त्यसैले यस अकरण प्रक्रियाको प्रसङ्गमा अनुकूलार्थक र प्रतिकूलार्थक अकरणको थप भेदको उल्लेख आवश्यक देखिन आएको छ, जसलाई उदाहरणले स्पष्ट्याइन्छ—

| करण | अकरण |
|---|---|
| पृथ्वी गोल छ | पृथ्वी गोल छैन |

यस्तो उदाहरणलाई भूगोलशास्त्रीय व्यवहारको दृष्टिमा प्रतिकूलार्थक अकरण मानिन्छ ।

| करण | अकरण |
|---|---|
| आगोले पोल्छ | आगोले पोल्दैन |

यस्तो उदाहरणलाई प्राकृतिक व्यवहारको हेराइमा प्रतिकूलार्थक अकरण स्वीकार्न सकिन्छ ।

| करण | अकरण |
|---|---|
| राजनीति सबैलाई चाहिन्छ । | राजनीति कसैलाई चाहिंदैन । |

यस्तो उदाहरणलाई सामाजिक व्यावहारिक हेराइमा प्रतिकूलार्थक अकरणको अनुहार भनेर चिनिन्छ । यिनै माथिका उदाहरणलाई दोहोरो अकरणको प्रयोग गरेर अनुकूलार्थक बनाउन पनि सकिन्छ भन्ने कुरो तलका उदाहरणबाट स्पष्ट हुन्छ—

| अकरण | अकरण (अनुकूलार्थक) |
|---|---|
| पृथ्वी गोल छैन । | पृथ्वी गोल छैन भन्ने कुरा होइन । |
| आगोले पोल्दैन । | आगोले पोल्दैन भन्न सकिन्न । |
| राजनीति कसैलाई चाहिंदैन । | राजनीति कसैलाई नचाहिने होइन । |

यसरी दोहोरो अकरणद्वारा प्रतिकूलार्थक अकरणलाई अनुकूलार्थक तुल्याउन सकिने मात्र होइन अकरणलाई करण बनाउन पनि सकिन्छ, जुन कुरा अंग्रेजी व्याकरणले पनि स्वीकारेकै छ, संस्कृतमा त के छैन र ? — 'द्वौ नञौ अर्थप्राबल्यं बोधयतः ।' दुई निषेधले अर्थलाई जोड दिने काम गर्दछन् । जस्तै—

| करण | अकरण (करणार्थक) |
|---|---|
| रामले पढेको हो । | रामले नपढेको होइन । |

यी उदाहरणमा असमापिका क्रियामा पनि 'न' थपेर दोहोरो नञ्को व्यवहार देखाइएको छ भने कतै विपरीत विशेषण परिवर्तन गरेर पनि दोहोरो अकरणको काम लिइन्छ । जस्तै—

| करण | अकरण |
|---|---|
| राम असल मानिस हो । | राम खराब मानिस होइन । |

अनि कतै चाहिं निषेध–व्यञ्जक वर्ण 'न' को प्रयोग नगरीकन पनि दोहोरो अकरणको भाव लिन सकिन्छ जहाँ निपातले नै विशेष काम गरिरहेको हुन्छ, जसलाई भावगतमा गणना गर्न सकिन्छ । यहाँ एउटा मात्र उदाहरण टिपेर विचार गरौं—

| करण | विशेष करण |
|---|---|
| राम असल मानिस हो । | राम खराब मानिस कहाँ हो र ? |

यसमा पनि विपरीतार्थक विशेषणको काम देखिन्छ ।

## २.१ समापिका र असमापिका

धेरैजसो अकरण–प्रक्रिया समापिका क्रियाका आधारमा नै व्यवहित हुन्छन्, तर असमापिका क्रियालाई मात्र अकरण तुल्याएर पनि अकरण वाक्यको निर्माण हुन सक्तछ । धातुबाट कृत् प्रत्यय लागेर बनेका, एको, एर पूर्वकालिक तथा 'न' प्रत्यय उत्तरकालिक अव्यय हुन्छन्, ती नै असमापिका क्रिया बन्दछन् । क्रमशः तिनीहरूको उदाहरण हेरौं—

| करण | अकरण |
|---|---|
| पूर्वकालिक असमापिका क्रियाको आधारमा:– | |
| राम पढेर आयो । | राम नपढीकन आयो । |
| तिमीले भनेको हो । | तिमीले नभनेको हो । |
| उत्तरकालिक असमापिका क्रियाको आधारमा— | |
| राम पढ्न जान्छ । | राम नपढ्न जान्छ । |

कतै–कतै समापिका क्रिया र असमापिका क्रियालाई उल्टोपाल्टो पारेर पनि करण अकरण परिवर्तन गर्न सकिन्छ—

| | |
|---|---|
| राम नसुतेर पढिरहन्छ । | राम नपढेर सुतिरहन्छ । |

विशेष कुरो के छ भने असमापिका क्रियाहरूमा निषेध–व्यञ्जक वर्ण 'न' सलक्क नमिसिईकन रहन सक्ने हुँदा ती असमापिका क्रियाहरू प्रायः सरल नै देखिन्छन्, तिर्यक् देखिंदैनन् । जस्तै—

खाएको—नखाएको । भनेर— नभनेर ।
भन्न—नभन्न । हेर्न – नहेर्न । इत्यादि ।

कसै कसैले भनेका छन्—अकरण बनाउने तरीका तीन थरी हुन्छन्:–

अगाडि, पछाडि र बीचमा 'न' राखेर तर त्यस भनाइको अन्तर्भाव सरल र तिर्यक्भित्रै गर्न सकिन्छ ।

## २.२ व्यवहित र अव्यवहित

निषेध-व्यञ्जक वर्ण 'न' सोझै क्रियासित सम्बद्ध भएमा अव्यवहित अकरण हुन्छ भने 'न' र क्रियाको बीचमा अरू शब्दले व्यवधान गरेको देखिन्छ भने त्यस्तोलाई व्यवहित अकरण भन्न सकिन्छ । हुन ता प्रायः सबै अकरण वाक्यहरू अव्यवहित नै देखिन्छन् तर पनि कतै कतै गद्य वाक्यमै पनि (प्रायः पद्य वाक्यमा पनि) देखिएका छन् । उदाहरण टिपेर हेरौं—

'रामले न त पढ्यो न त लेख्यो ।'

यहाँ 'न' र क्रियाको बीचमा 'त' निपातले व्यवधान गरेको देखिन्छ र यसलाई पनि व्यवहित अकरणको उदाहरण मान्न सकिन्छ । तर लेख्नु र पढ्नु क्रियामा विकल्प देखिएकोले त्यो निषेध-व्यञ्जक वर्ण 'न' लाई वैकल्पिक संयोजकको संज्ञा दिनुपर्ने अवस्था देखिन्छ । त्यही अवस्था माथि दिइसकेको पद्य वाक्य—

'न त्यसले क्यै खायो, न त पिउन पायो द्रवहरू
न केही बिछ्यायो, न त धुनि जगायो हुरुहुरू'

भन्ने लेखनाथीय पंक्तिमा पनि व्यवहित अकरणको भन्दा वैकल्पिक संयोजकको नै प्रबलता देखिन आउँछ । उसो भए शुद्ध रूपमा कस्तोलाई व्यवहित अकरणको उदाहरण प्रस्तुत गर्ने त ? यस प्रश्नले सताउन थाल्दछ । त्यसको निमित्त अर्को उदाहरण खोजौं—'न कुरा गर ।' तथा 'न बाहिर जाऊ ।' जस्ता बालकहरूको कथ्य भाषामा पाइने वाक्यहरूलाई लिन सकिन्छ । जुन वाक्यले अशुद्धिबाट घृणा पैदा हुनुको बदला बालकको मृदु वाक्यगत मिठासले हाम्रो हृदयमा कौतूहल पैदा गरिरहेको हुन्छ । लेख्य भाषाका पंक्तिमा यस्ता कथ्य भाषाको गणना किन गरिन्छ भने कुनै पनि भाषा व्याकरणगत कर्कशताभित्र सीमित नभएर साहित्यिक सरसतासित पनि नाता जोड्न चाहन्छन् । जहाँसम्म साहित्यिक सरसताको प्रश्न छ—बालकहरूको कथ्य भाषाबाट पैदा हुन सक्ने कौतूहलले पनि राम्रै निर्वाह गरेको हुन सक्छ । गद्य वाक्यको निमित्त व्यवहित अकरणको उदाहरण यति नै पर्याप्त छ । अब पद्य वाक्यमा हेरौं— विहित अकरण, नेपाली कविता र काव्यहरूमध्ये देवकोटा जस्ता स्वच्छन्दवादी महाकविका कविताहरूभित्र मात्र पाइन सक्ने होइनन् सोमनाथ सिग्द्याल जस्ता परम्परावादी परिष्कारवादी पाण्डित्य-प्रवण विद्वान्का कविताले पनि यी कुरा देखाएकै छन्, जुन कुराले सिद्धान्तगत अशुद्धता होइन, व्यावहारिक स्वाभाविकता देखाएको छ—

'न कुसुमाकरका करकापले
न कमलाकरका करकाण्डले
बरु दिवाकरका करकार्यले
सब हिमाकरका करका गले ।

आदर्श राघव, सर्ग ८, श्लोक १० ।

यस पद्य वाक्यमा हिमालयको असिना पगाल्न वसन्त ऋतुको करकापले सकेन, तलाउको हात जस्तो कमल दण्डले पनि सकेन, बरु सूर्यको किरणरूपी हातको कामले सारा हिउँ गले (पग्ले) । यसमा 'गल्नु' क्रिया र 'न' का बीच धेरै पदले व्यवधान गरेका छन् ।

कसैकसैले अकरण वाक्यको उदाहरण देखाउँदा यस्तो वाक्यलाई पनि अघि सारेको पाइन्छ—

| रूपगत अकरण | अर्थगत अकरण |
|---|---|
| तिमीले नकाम गऱ्यौ । | तिमीले राम्रो काम गरेनौ । |
| यो साल अकाल पऱ्यो । | यो साल सहकाल भएन । |
| यो घर अफाप भयो । | यो घर फाप भएन । |

तर यी उदाहरणहरूमा क्रियासित 'न' को सम्बन्ध नदेखिँदा तिनीहरूलाई अकरण वाक्य नभनेर करण वाक्य नै भन्नुपर्ने स्थिति देखिन्छ । नकाम, अकाल, अफाप जस्ता पदहरू कर्मका रूपमा रहेर क्रियान्वयी भएका देखिन्छन् । स्वतन्त्र क्रियान्वयी छैनन् । माथि रूपगत अकरणको प्रसङ्गमा उल्लेख गरे जस्तै ती पदहरू छ किसिमको नञ्‌को अर्थअन्तर्गत पर्ने हुनाले उक्त उदाहरणहरू चाहिँ अर्थगत अकरणको नभएर रूपगत अकरणका मात्र हुन् ।

यसरी अर्थगत अकरण प्रक्रियाको प्रसङ्गमा विचार गर्दै जाँदा सारांशमा के निष्कर्ष निस्कन आउँछ भने अर्थगत अकरणका प्रकारहरू साधारणतया आठ प्रकारका देखिन आउँछन् । जस्तै—

१. सरल, २. तिर्यक्, ३. अनुकूलार्थक, ४. प्रतिकूलार्थक, ५. समापिका, ६. असमापिका, ७. व्यवहित, ८. अव्यवहित । यी आठै प्रकारका अकरणको उल्लेख र दोहोरो अकरणको प्रयोगद्वारा करण बनाउने तरीका पनि क्रमशः माथि उल्लेख भइसकेकै छ । करण वाक्यलाई अकरण वाक्यमा रूपान्तर गर्दा अर्थ परिवर्तन गर्ने र नगर्ने दुई थरी उद्देश्यले काम गरिरहेको हुन्छ । प्रतिकूल अर्थ निस्कन्छ भने अर्थ परिवर्तन गर्न भएन । अनुकूल अर्थ निस्कन्छ भने अर्थ परिवर्तन सह्य नै देखिन आउँछ ।

## ३. भावगत अकरण

अकरण प्रक्रियाको भेद उपभेद देखाउने क्रमको प्रसङ्ग अन्तिम चरणमा

आइपुगेको छ । यसको अन्तिम चरणमा अकरणको तेस्रो वा पछिल्लो प्रकार हो-भावगत अकरण । जहाँ निषेध व्यञ्जक वर्ण 'न' को प्रयोग नगरीकन वाक्यद्वारा अकरणको भाव अभिव्यक्त गर्न सकिन्छ । त्यसका माध्यमहरू निम्न प्रकार छन्—

१) विभिन्न निपातहरूको प्रयोग

२) विभिन्न वाक्यांशहरूको प्रयोग तथा उखानको प्रयोग

३) स्वराघातको प्रयोग

४) व्यंग्यार्थको प्रयोग

५) उक्तिवैचित्र्य वा आलंकारिक शैलीको प्रयोग ।

क्रमशः यसको विवरण गर्दै जाऔं ।

१) सर्वप्रथम निपातको प्रयोगलाई केलाउँदा भएभरका निपातको उदाहरण त सम्भव छैन केही मात्र जस्तै—

क) रामले श्यामसित सोध्यो–तैंले हरिलाई भेटिस् ? श्यामले भन्यो-अहँ ! (भेटिनँ वा भेट्न सकिनँ) ।

ख) सीताले राधालाई लट्ठीले पिट्न लागेको देखेर कमलाले भनिन्–ए ! हा ! ल ! अरु ! यी चारै ओटा निपातहरूको सामान्यतया एउटै भाव निस्कन्छ (नपिट या पिट्ने काम नगर) ।

ग) हरि त फेल भएछ भनेको सुनेर श्यामले भन्यो— पढेको भए पो पास हुन्थ्यो (पढेन पास भएन) पो ।

घ) मैले भनेको काम गऱ्यौ त ? ज्या...! (गरिनँ)

यी माथिका वाक्यहरूमा निषेधव्यञ्जक वर्ण 'न' को प्रयोग देखिंदैन र निपातहरूको प्रयोगद्वारा अकरणको अर्थ शब्दद्वारा नदिएर भावद्वारा दिइएको हुँदा भावगत अकरण भयो ।

२) त्यस्तै उदाहरण वाक्यांश तथा उखानहरूको प्रयोगमा पनि लिन सकिन्छ । त्यसमा पनि यसो विचार गरौं—

क) श्यामले जाँच दिएको के भएछ ? हावा खायो
आलु खायो
सेल खायो
लड्डू खायो

यी चारै ओटा वाक्यांशको भाव हुन्छ (पास भएन) ।

ख) चेलाहरूको बदमासीमा शिक्षकले आँखा चिम्लिदिए (वास्ता गरेनन् वा चासो राखेनन्) ।

ग) मैले कति भनें तपाईले त कानमा तेल हाल्नुभो (सुन्नुभएन अथवा सुन्ने ध्यान नै दिनुभएन) ।

घ) ए हरि ! यो कलम कसले बिगारेको ? भनेर बारम्बार सोद्धा पनि अरु मुखमा बिर्को लगाएर बस्छ ए ! (केही पनि बोल्दैन वा बोल्न चाहँदैन) ।

ङ) यति काममा मद्दत गरिदेऊन त भन्दा पनि सीताले हात पो टक्टक्याइन् (गर्न सक्तिनँ वा गर्दिनँ भनिन्) ।

च) यो गर्मीमा तराइतिर नजा भन्दाभन्दै पनि श्यामले कुर्कुच्चा ठोक्यो वा नेटो काट्यो (भनेको मानेन, बस्न चाहेन) ।

त्यस्तै उखानको प्रयोगतिर पाइला अघि सारौं —

क) अँगालाको माया भंगालाको पानी (नटिक्ने) ।

ख) अँध्याराको काम खोलाको गीत (टुङ्गो नलाग्ने) ।

ग) आकाशको फल आँखा तरी मर (सम्भव नहुने) ।

यिनीहरूबाट पनि भावगत अकरणको उदाहरण लिन सकिन्छ । इत्यादि

३) स्वाराघात अर्थात् झट्कारेर बोलिएका वाक्यहरूबाट पनि अकरणको भाव बुझिन्छ । संस्कृतमा बोली झट्कार्नुलाई 'काकु' भन्ने चलन देखिन्छ । साहित्यदर्पणमा पनि व्यंग्यका भेदमा काकुद्वारा आक्षेप गरिएको वाक्यलाई काक्वाक्षिप्त गुणभूत व्यंग्य भनी निरूपण गरिएको छ ।

छोराको नराम्रो आचरणमा हप्काउन नसक्ने बाबुले केही नबोली बस्न पनि नसक्ने, केही भनिहाल्न पनि नसक्ने दोसाँधे मनोवृत्तिबाट अनायास यस्तो झट्कारिएको वाक्य निकाल्छ—'यस्तै बुद्धिले ठूलो भाग खालास् ।' यस्तो वाक्यद्वारा कुनै सानो भाग पनि खान पाउँदैनस् भन्ने भावात्मक अकरणको अभिव्यक्ति प्रकट भएको अनुभव हुन्छ । इत्यादि ।

४) व्यंग्यार्थ विपरीत लक्षणा अथवा व्याजस्तुतिको प्रयोग भएका वाक्यमा पनि अकरणात्मक अभिव्यक्ति प्रकट हुन सक्तछ ।

कुनै व्यक्तिले आफ्नो मन परेको साथीलाई पनि आवश्यक कार्य नगरिदिएर धोकामा पार्दा गाली गर्न नसकेर विवश भई साथीलाई भन्दछ—'अहा ! यहाँले कत्रो महत्त्वपूर्ण काम गरिदिनुभयो । यस्तो उपकार अरू कसैले गर्ला त ?' यस्तो वाक्यबाट यहाँले मेरो काम पनि गरिदिनुभएन भन्ने आक्रोशपूर्ण भाव अभिव्यक्त भएको छ । यस्तै खालका अभिव्यक्तिलाई विपरीत लक्षणा, व्यंग्य अथवा व्याजस्तुति अलंकारको रूपमा विद्वान्हरूले चर्चा गरेका छन् ।

५) पछिल्लो प्रकार हो—उक्तिवैचित्र्य अथवा आलंकारिक शैली । जसको साहित्य संसारमा महत्त्वपूर्ण स्थान पनि छ, जसबाट मर्मस्पर्शी आलंकारिक शैलीबाट निस्कने अकरणात्मक अभिव्यक्ति निम्न प्रकारका छन्—

क) एक मित्रले अर्का मित्रको अनुरोधलाई स्वीकारेर पनि अन्त्यमा कार्यान्वयन नगरिदिएकोमा मित्रलाई भन्न थाल्छ 'यहाँले त मेरो अनुरोधलाई अरण्यरोदन तुल्याइदिनुभयो (स्वीकार गर्नुभएन, वास्ता राख्नुभएन वा भ्याउनुभएन) ।'

ख) सीताले रावणलाई भनिन्—'तँले मलाई चाहन खोज्नु खरायोको सींग खोज्नु जस्तै हो अथवा आकाशमा चित्र लेखन खोज्नु जस्तै हो ( जो सम्भव छैन, मान्य छैन, कर्तव्य होइन ) ।'

यसरी केलाएर हेर्दै जाँदा अकरणलाई पनि शब्द, वाक्य र अभिव्यक्तिका रूपमा तीन हाँगामा विभाजन गर्न सकिदो रहेछ र त्यसका उदाहरणहरू पनि प्रशस्त मात्रामा नेपाली जनजीवनका बोलिचालीमा कथ्य तथा लेख्य भाषाहरूमा वाक्यांश र उखान तथा गाउँखाने कथा तथा लोककथाहरूमा पाइन सक्ता रहेछन् भन्ने स्पष्ट हुन्छ । अरू अनुकरणात्मक शब्दको प्रयोगबाट पनि पाइन सक्ता होलान् तर त्यसको निमित्त सामग्रीको अभावले नै असर पारेको छ ।

□

# नेपालीमा आदरार्थीको प्रयोग

केदार न्यौपाने

## १. परिभाषा

आफूभन्दा माथिल्लो सामाजिक स्तरमा रहेका व्यक्तिहरूलाई सम्बोधित गर्नु निवेदन गर्नु आदरार्थीको परम्परागत सांस्कृतिक प्रचलन हो र अहिलेको सभ्य समाजमा एक वा एकभन्दा धेरै व्यक्तिका लागि आदरभाव या आदरमय सम्बोधन प्रकट गर्न आदरार्थीको प्रयोग हुन्छ। यसले नम्रता–प्रदर्शन र हार्दिकता जाहेर गर्नुका साथै व्यक्तिगत मूल्य एवं मर्यादाको समेत पालना गरेको पाइन्छ।

यसै परिभाषालाई स्पष्ट गर्न केही नेपाली प्रयोगहरू उदाहरणको रूपमा लिन सकिन्छ—

क) लोचनका तारा हे मेरा प्यारा (मुनामदन खण्डकाव्य)

ख) आफू कहाँ जानुहुन्छ ? (अनिवार्य नेपाली–शिक्षण–निर्देशन, पृ० २२९)

ग) प्रियभाषिणी मेरी माधुरी, तिम्रै
मिलन मात्र मलाई आनन्द लाग्छ (भूस्वर्ग, पृष्ठ ७)

घ) सरकार झुट्टा महाराज हुनुहुन्छ भन्ने कुरामा म कसरी विश्वास गरूँ ?
सरकार कास्की र लमजुङ्गको महाराज होइबक्सिन्छ।
(सेतो बाघ, पृष्ठ २६९)

## २. समस्या

नेपाली भाषामा आदरार्थी शब्दको पहिलो चर्चा चन्द्रिका व्याकरणमा भएको हो। त्यसपछि मध्यचन्द्रिकामा यसको सामान्य परिचय दिइएको छ। मध्यचन्द्रिकाअनुसार आदरार्थीको परिभाषा—

कोही मनुष्य, देवता आदिलाई कहिने सामान्य नाम, विशेष नाममा एउटालाई भन्दा पनि मानको तात्पर्यले अनेक वचन हुन्छ, यस्तो एक व्यक्तिको आदर बुझाउने अनेक वचनलाई आदरार्थी भन्दछन्। जस्तैः

गोपाल गए। पार्वती आइन्। एक भला आदमी भेटिए।

यस परिभाषामा आदरको तात्पर्यमा एकवचनलाई भन्दा पनि अनेक वचन हुन्छ भनिएको छ । तर उदाहरणमा पार्वती आइन्' पनि परेको छ । जुन रूप बहुवचनको हैन र पनि आदर जाहेर गर्न भने सक्षम छ । यसबाट मध्यचन्द्रिका को परिभाषा पनि विचारणीय देखिन्छ । मध्यचन्द्रिकापछिका प्रायः सबै व्याकरणहरू मध्यचन्द्रिकाबाटै प्रभावित छन् तापनि आदरार्थीको विषयमा त्यति पनि गहिरिदैनन् । बृहद् नेपाली व्याकरणले विस्तारपूर्वक व्याकरणको चर्चा गरेर पनि आदरार्थीका मूल समस्यालाई छिचोलेको छैन । भाषाको ऐतिहासिक वर्णनात्मक अध्ययनको प्रसङ्गमा गरिएको व्याकरणिक पक्षको चर्चामा पनि विद्वान्हरूले यसलाई विशेष स्थान दिएका छैनन् । यसरी यस विषयले विद्वान्हरूको ध्यान खिच्न नसक्नु पुराना पाठ्यक्रममा यो विषयलाई उपेक्षा गर्नु पनि हुन सक्छ । नयाँ पाठ्यक्रममा आदरार्थी विषयको अभ्यासात्मक एकाई छुट्टचाउन लागिएको र नेपालीभाषा–वाङ्मयको सोचाइमा तीव्रता आउन लागेकोले आज यस विषयको अध्ययनका क्रममा व्याकरणका ग्रन्थहरूमा विद्यमान समस्या र शैक्षणिक समस्याहरू स्पष्ट देखिन्छन् ।

नेपाली भाषाको व्यापक प्रयोगको प्रसङ्गमा यो अपूर्ण सूत्रात्मक संकेत एउटा समस्या नै हो । आदरार्थी शब्दहरूको राम्रो परिचय र तिनको वाक्य सङ्गतिमूलक व्याख्या एवं आदरार्थी शब्दका प्रकारहरूको राम्रो विश्लेषण नगरिनु र आदरार्थी शब्दका श्रेणीहरूको राम्रो निर्देशन नहुनु व्याकरणका पुस्तकहरूमा भएको न्यूनताको झलक हो । त्यस्तै त्यहाँ उहाँ जस्ता मध्यम पुरुष र अन्य पुरुषका आदरार्थीलाई स्थानवाची सार्वनामिक क्रियाविशेषणको रूपमा हेर्नु पनि अस्पष्टताकै द्योतक हो ।

एकातिर यस्तो स्थिति समस्याको रूपमा रहेको छ भने अर्कातिर व्यवहारमा आदरार्थी शब्दका विभिन्न प्रयोगहरू देखिन्छन् । उदाहरणको रूपमा खानु क्रियामा अभिव्यक्त केही वाक्यहरू अगाडि सारौं—

१) तैंले भात खाइस् ?
२) तिमीले भात खायौ ?
३) तपाईंले भात खानुभयो ?
४) तपाईंको भान्सा भयो ?
५) हजूरले भात खानुभयो ?
६) हजूरको भान्सा भयो ?
७) हजूरले भात खाइबक्सियो ?
८) हजूरबाट खाना खाइबक्सियो ?

९) हजूरले भुजा खाइबक्सियो ?
१०) हजूरबाट भुजा ज्यूनार भयो ?
११) हजूरबाट भुजा ज्यूनार गरिबक्सियो ?
१२) सरकारबाट भुजा ज्यूनार भयो ?
१३) सरकारबाट भुजा ज्यूनार भँवक्स्यो/बक्सियो/गरिबक्सियो ?

यी एउटै क्रियाबाट बनेका १३ वाक्य हुन्। १०, ११, १२, १३ मा खानुको विशिष्ट रूप ज्यूनार गर्नु देखिन्छ। वाक्य १ मा आदरको प्रयोग छैन। वाक्य २ मा सामान्य आदरको प्रयोग भएको छ। ३ देखि ६ सम्मका सबै वाक्यहरूमा विशेष आदर या मानबोध भएको पाइन्छ। सामान्यतः यी वाक्यहरूमा समान आदरभाव प्रकट भएको देखिए तापनि प्रत्येक वाक्यमा केही फरक समेत पाउन सकिन्छ। वाक्य ३ मा खा धातुको रूपबाट नै आदरभाव स्पष्ट हुन्छ। वाक्य ४ मा हु धातुको भूतकालिक रूप मात्र भए पनि भान्सा शब्द परेको हुनाले आदरबोध भएको छ। यो भान्सा यहाँ विशेष पदको रूपमा रहेको छ। वाक्य ५ र ६ मा हजूर शब्द परेको हुनाले दोहोरो आदर प्रकट भएको देखिन्छ। ७,८,९ वाक्यहरूमा हजूरका साथै खानु क्रियासित अर्को विशिष्ट क्रिया बक्सनु जोडिन आएको छ। यसबाट वक्ताको अत्यधिक आदर जाहेर गर्ने मनसाय व्यक्त हुन्छ। वाक्य १० मा बक्सनु नजोडिए पनि त्यसको स्थानमा ज्यूनार शब्द परेकोले अत्यधिक आदरको भाव अझ स्पष्ट नै देखिन्छ। वाक्य ११ मा ज्यूनारमाथि गर्नुमा बक्सनु लागेर आदर प्रकट भएको छ। वाक्य १२ मा ज्यूनारका साथमा हुनु क्रिया लागेर सर्वोच्च आदर प्रकट भएको छ भने वाक्य १३ मा हुनुमाथि बक्सनु लागेको छ। उक्त १२ र १३ वाक्यको कर्ता सरकार छ र ९, १०, ११ का सरह भातको ठाउँमा भुजा परेको छ।

यी १ देखि १३ सम्मका वाक्यहरू खानुका आदरवाची नमूना प्रयोगहरू हुन्। यस्ता प्रयोग व्यवहारमा प्रशस्त देखिन्छन् तापनि यिनको परीक्षण गर्नु आवश्यक देखिन्छ। यिनमा ७ देखि १३ सम्मका वाक्यहरूलाई हेर्दा पनि सो कुरा स्पष्ट हुन्छ। वाक्य ७ मा हजूर र बक्सनु परेर पनि भात शब्द र खानु क्रियाको प्रयोग भएको छ। वाक्य ८ मा भातको ठाउँमा खाना शब्दको प्रयोग भएको देखिन्छ। वाक्य ९ मा 'भुजा खाइबक्सियो' छ भने वाक्य १०, ११ मा 'ज्यूनार' छ तर संबोधन भने 'हजूर' नै छ। यो उदाहरणले आदरर्थी प्रयोगको संक्रमणस्थितिलाई स्पष्ट गर्छन्। किनभने यहीं कतै क्रियामा र कतै सम्बोधनमा अनुकरण या सदरिया नक्कल भएको छ भने कतै बढीभन्दा बढी आदरसूचक शब्दहरूको विन्यास गर्ने अनुकरण गरेर पनि विशिष्ट आदरको शालीनता प्राप्त भएको छैन भन्ने गुनासो पाइन सक्छ। ज्यूनार गरिबक्सनु विशिष्ट आदर भएर पनि गर्नु

क्रियाको रूप गाँसिएकोले सरकारमा विशिष्ट व्यक्तिको सन्दर्भमा खट्कन्छ या शालीन प्रयोग हुँदैन । यस दृष्टिले वाक्य ११ पनि सर्वोच्च आदरार्थी होइन । वाक्य १२ र १३ मा मात्र सर्वोच्च आदर प्रयोग भएको मानिन्छ ।

यस्ता विभिन्न स्तरका सम्बोधन एवं क्रियाका अतिरिक्त केही सम्बन्धबोधक शब्द र विशेषणका वैकल्पिक रूपहरू हेरौं—

१३ अ. तपाई दुब्लो हुनुभएछ ।
आ. तपाई दुब्ला हुनुभएछ/तपाईं दुब्लाउनुभएछ ।
१४ अ. म तिम्रो घरमा आउँछु ।
आ. म तिम्रा घरमा आउँछु ।
१५ अ. मेरो प्रिय ! मेरो प्रणय–सागर ! हृदयको अतृप्त अभिवादन
आ. मेरा प्रिय ! मेरा प्रणय–सागर ! हृदयको अतृप्त अभिवादन
१६ अ. उनी मेरो सहकर्मी हुन् ।
आ. उनी मेरा सहकर्मी हुन् ।

यी १३, १४, १५, १६ को अ. आ. मा परेका वाक्यहरूमध्ये अ. या आ. लाई मात्र त्यसै ठीक मान्नु पनि खास औचित्य देखिदैन । यस्ता प्रयोगको टुङ्गो नहुनु पनि एउटा समस्या नै हो ।

यी सरल छोटा वाक्यका अतिरिक्त अन्य केही विस्तारित वाक्यमा पनि आदरार्थीसँग सम्बद्ध वैकल्पिक प्रयोगहरू हेरौं—

१७ अ. दिदीले आफ्नै हातले गाँस्नुभएको माला ल्याउनुभएको रहेछ ।
आ. दिदीले आफ्नै हातले गाँसेको माला ल्याउनुभएको रहेछ ।
१८ अ. यहाँले भन्नुभएको मान्छे आउनुभएको थियो ।
आ. यहाँले भनेको मान्छे आउनुभएको थियो ।
१९ अ. हजूरले ल्याइबक्सेको औषधि कसलाई दिबक्स्यो ।
आ. हजूरले ल्याएको औषधि कसलाई दिबक्स्यो ।
२० अ. गोष्ठीमा सहभागी हुनुभएका सबै विद्वान्हरूलाई हार्दिक स्वागत गर्दछु ।
आ. गोष्ठीमा सहभागी भएका सबै विद्वान्हरूलाई हार्दिक स्वागत गर्दछु ।
२१ अ. कृपया आफ्नो कविताका हरफहरू नदोहोऱ्याईकन पढ्नुहुन सबै कविहरूमा अनुरोध गरिन्छ ।
आ. कृपया आफ्नो कविताका हरफहरू नदोहोऱ्याईकन पढ्न सबै कविहरूमा अनुरोध गरिन्छ ।

२२ अ. यस संस्थाको लागि सानो सहयोग गरिदिनुहुन यहाँलाई दुःख दिन्छौं ।

आ. यस संस्थाको लागि सानो सहयोग गर्न यहाँलाई दुःख दिन्छौं ।

२३ अ. सबै आवश्यक कागतपत्रहरू सङ्कलित गरिराख्नुहुन नबिर्सनुहोला ।

आ. सबै आवश्यक कागतपत्रहरू सङ्कलित गरिराख्न नबिर्सनुहोला ।

यस्ता वैकल्पिक रूपहरू नेपाली भाषामा प्रशस्त पाइन्छन् । यस्ता केही प्रयोगहरूका संकेतको साथै केही उदाहरणहरू रूपरेखा पत्रिका २४० अङ्कको 'आदर कि अनादर' शीर्षकभित्र डा० चूडामणि बन्धुले दिनुभएको छ । उहाँका अनुसार 'अ' भन्दा 'आ' वाक्यका प्रयोगहरू सरल छन् । यसो भए तापनि दुवै खाले प्रयोगमा आउने हुँदा कुन प्रयोगलाई साधु मान्ने भन्ने समस्या भने जीवितै देखिन्छ । यस्तै नेपालमा अनेक जात, जाति, भाषा, भेषभूषा भएका नेपालीहरू बस्छन् र तिनीहरू ज्ञान, विज्ञान, व्यापार–व्यवसाय, पठन–पाठनका दृष्टिले वैदेशिक सम्पर्कमा पनि उत्तिकै अग्रसर भइरहेका छन् । अतः नेपाली भाषा अन्य भाषामा र समाजको सम्पर्कमा निरन्तर अग्रसर भएर विकसित भैरहेको छ । यस्तो अवस्थामा नेपाली भाषामा आफ्नै भाषिका र अन्य भाषाका वक्ताबाट आदरार्थीको प्रयोगमा प्रशस्त गल्तीहरू भएका देखिन्छन् । ती गल्तीहरू नेपाली वाक्य संरचनामा आदरार्थी पदहरूको सङ्गति मिलाउन नजानेर नै भएका हुन् ।

खास सन्दर्भमा खास व्यक्तिले खास आदरार्थीको प्रयोग गर्न नसकेर भएका गल्तीहरू र 'हजूरबाट खाना भयो','मौसूफ आइबक्सिन्छ','हजूर नै हेर्नुहोस्' जस्ता त्रुटिपूर्ण अनुकरण गर्नाले भएका गल्तीहरू स्तरीय नेपाली प्रयोगका समस्या हुन् । यस्ता समस्याको निराकरणतिर सचेत नहुनाले नै अझै नेपाली भाषाको पठन–पाठनमा अप्ठ्यारो स्थिति देखा परिरहेको छ । त्यस्तै व्यवहारमा खास गरी कार्यालयतिरको निवेदनमा श्रीमान् र ज्यू दुवै लेख्ने कि नलेख्ने यो पनि समस्या छ र महोदय र महाशयमा पनि अस्पष्टता छ ।

## ३. संगति एवं प्रकार

आदरार्थीको परिचय नाम, सर्वनाम, लिङ्ग, विशेषण, सम्बन्धबोधक विभक्ति र क्रियाबाट प्राप्त हुन्छ । सामाजिक, धार्मिक, दार्शनिक, सांस्कृतिक आदि क्षेत्रमा योगदान दिने कतिपय व्यक्तिका नामहरू स्वतः आदरणीय बनेका हुन्छन् । त्यस्ता विशेष नामहरू र देवदेवीका नामहरू प्रायः आदरबोधक शब्दको रूपमा नै प्रकट हुन्छन् । जस्तै—

| | |
|---|---|
| सिद्धार्थ गौतम | (कपिलवस्तुका शाक्यवंशीय राजकुमार हुन्) |
| महर्षि जनक | (राजर्षि भनिन्छन्) |

यी विशेष पदावलीका सम्भाव्य क्रिया कोष्ठकमा दिइएका पदावली वा वाक्यांशमा परेसरह नै देखिन्छन् । स्वामी विवेकानन्द, जगद्गुरु शङ्कराचार्य, पशुपतिनाथ आदि अन्य पदावली पनि यस्तै हुन् । यिनका वाक्यमा स्वतः आदरबोधक क्रिया रहन जान्छ । कतिपय प्रसङ्ग र शिष्ट व्यवहारमा साधारण व्यक्तिको लागि पनि आदरबोधक वाक्य प्रकट हुन्छ । जस्तै—

२४) रामु आउँछन् ।

२५) सीता बस्तै रहून् ।

२६) अब राजेश शर्मा आफ्नो कविता पढ्नुहुन्छ ।

यस्तै ठूला पदाधिकारीहरूका लागि र चिठीपत्र आदिमा मान्नुपर्ने व्यक्तिका लागि माननीय, श्रीमान्, पूज्य, श्रद्धेय, आदरणीय, मालिक, हजूर, खवामित्, सरकार जस्ता आदरबोधक सम्बोधन या प्रभुवाचक शब्दहरूको प्रयोग गरिन्छ । कुनै लेख, चिठी, निवेदनको अन्तमा लेखिने भवदीय, तपाईको, आज्ञाकारी, भक्त, दास, दासी, सेवक शब्दहरू पनि आदरार्थी भाव जाहेर गर्न प्रयोग हुःछन् र शब्दको अन्तमा जोडिन आउने जी, ज्यूले पनि सोही काम गर्छन् । यी विशेष पद या पदावलीको साथमा पनि स्वतः आदरार्थी क्रियाको सङ्गति भएको पाइन्छ ।

आदरार्थी प्रयोगका दृष्टिले सर्वनामको भूमिका नेपाली भाषामा अझ स्पष्ट र व्यापक रहेको पाइन्छ । नेपाली भाषा व्याकरणलाई बढी प्रभावित पार्ने संस्कृत र अंग्रेजी भाषामा भन्दा विशेष तँ, तिमी, तपाईं, उहाँ, यहाँ आदिका मौलिक विशेषता नेपालीमा पाइन्छन् । संस्कृतमा 'तपाईं' को अर्थमा भवान्को प्रयोग हुन्छ तापनि नेपाली सर्वनामको आदरार्थी–विविध रूप संस्कृतमा भएजस्तो लाग्दैन । बरु हिन्दी भाषाको आप, तुम, वे आदिले नेपालीको निकटता जनाउँछन् ।

नेपाली भाषामा पुरुषवाचक सर्वनामका विभिन्न प्रकारमध्ये प्रथम पुरुषवाचक सर्वनाम 'म' को आदरार्थीमा 'हामी' प्रयोग हुन्छ । द्वितीय पुरुषवाचक सर्वनाम 'तँ' को तिमी हुन्छ र तृतीय पुरुषवाचक सर्वनाम 'यो', 'त्यो', 'ऊ' का रूप क्रमशः यी (यिनी), ती (तिनी), उनी रूप हुन्छन् । तपाईं, त्यहाँ, उहाँ, यहाँ औपचारिक या विशेष आदर बुझाउने सर्वनाम पनि द्वितीय पुरुष र तृतीय पुरुषका हुन् । यिनले विशेष आदर या मान बुझाउने हुनाले यिनलाई मानबोधक सर्वनाम भन्ने पनि चलन छ । 'म' सबै ठाउँमा आदरको रूपमा 'हामी' मा प्रकट नभए पनि कहीं-कहीं स्वाभिमान बुझाउँदा प्रकट हुन्छ । 'आफू' शब्दलाई निजवाचक

आत्मबोधक वा महासर्वनाम भनिएको छ । यो पुरुषविशेषप्रति असम्बद्ध रहन्छ । अर्थात् पुरुषका दृष्टिले तटस्थ रही सबै पुरुषका निमित्त प्रयोग हुन्छ । यहाँ, उहाँ क्रमशः मध्यम र अन्य पुरुषको आदर बुझाउन प्रयोग हुन्छन् । यो, त्यो, ऊ, जस्ता दर्शक सर्वनाम जो, जुन, जस जस्ता सम्बन्धी सर्वनाम र को, के जस्ता प्रश्नार्थक सर्वनामका आदरार्थी रूपमा जो, जुन, कुन जस्ता बहुत्वबोधक रूप नै प्रचलित छन् ।

यी सर्वनामका उक्त सबै प्रकारका आदरार्थी प्रयोगका अतिरिक्त सामान्य आदरदेखि लिएर सर्वोच्च आदर बुझाउने अर्थका हिसाबले सर्वनाम विभिन्न श्रेणीमा बाँडिन्छ । त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रबाट तयार गरिएको अनिवार्य नेपाली–शिक्षण–निर्देशनले आदरार्थी सर्वनामलाई निम्नलिखित सात तह्मा बाँडेको छ—

१) पहिलो दर्जा (सर्वोच्च) मौसूफ, सरकार
२) दोस्रो दर्जा (विशेष उच्च) हजूर
३) तेस्रो दर्जा (उच्च) यहाँ
४) चौथो दर्जा (उत्तम) तपाइँ
५) पाँचौं दर्जा (विशिष्ट) आफू
६) छैटौं दर्जा (मध्यम) तिमी
७) सामान्य तँ

यसरी सर्वनामका आधारमा सात प्रकारका श्रेणीको विभाजन गर्न सकिने भए पनि सर्वनाममा बाहेक यस्ता सर्वोच्च, विशेष उच्च, उच्च प्रकार नाम एवं क्रियामा भने पाइँदैनन् । त्यस्तै निगाहा हुनु, कृपा हुनु, सुकला हुनु, नजर हुनु जस्ता विशेष पदको प्रयोग पनि सबै ठाउँमा भएको पाइँदैन । अतः समग्र रूपमा हेर्दा आदरार्थीलाई स्नेहवाची र आदरवाचीमा बाँडेर आदरवाचीका सामान्य, विशेष र विशिष्ट भेद गरी विशिष्टभित्र पनि उच्च, अति उच्च, र सर्वोच्च प्रकारमा छुट्ट्याई देहायको सङ्गतितिर ध्यान दिनु व्यावहारिक हुन्छ ।

विशेषणबोधक ओकारान्त शब्दको आदरार्थीमा आकारान्त हुने नियम देखिन्छ । तापनि यस्तो प्रक्रिया सामान्य आदरमा मात्र लागू हुन्छ । जस्तै—

२७) श्याम काला छन् ।
२८) हरि साह्रै दुब्ला छन् ।
२९) भानिज त पहेँला पो भएछन् ।
३०) देवकोटा ज्यादै ठूला मान्छे हुन् ।

यी सबै ओकारान्त विशेषण आकारान्त भएका छन् र सबै सामान्य आदरमा प्रकट भएका छन् ।

आदरार्थीको प्रयोग[illegible] सामान्य आदर [illegible] स्त्रीलिङ्गमा (एकवचनमा स्त्रीलिङ्गी क्रियाको प्रयोग देखिन्छ अन्यत्र भने सामान्य आदर भए सबै ठाउँमा पुलिङ्गी बहुवचनको रूप हुन्छ । औपचारिक आदर र उच्च या विशिष्ट आदर भए पुलिङ्गी एकवचनसरहको रूप नै कायम हुन्छ, लिङ्गसम्बन्धी भेद देखिदैन । नपुंसक लिङ्गमा आदरार्थीको प्रयोग पाइँदैन । जस्तै—

३१) सावित्री आउँछिन् ।
३२) रमेश पढ्छन् ।
३३) दाजुहरू आउनुहुन्छ ।
३४) लक्ष्मी सविता र गीता खेल्छन् ।
३५) मोहनहरू पढ्छन् ।

आदरार्थी प्रयोगमा सम्बन्धबोधक विभक्ति पनि सामान्य आदरमा पुलिङ्गी भए आकारान्तको रूपमा र स्त्रीलिङ्गी भए ईकारान्तको रूपमा रहेको देखिन्छ । विशेष र विशिष्ट आदरमा कुनै फरक देखिदैन । जस्तै—

३६) मेरा साना भाइ राजु, तिमीलाई मीठो सम्झना ।
३७) मेरी बहिनीले भनिन्–'मेरी साथीको अर्की बहिनी जन्मी ।'
३८) माहिला बाबु आउनुभयो ।
३९) आमाले भन्नुभयो ।

आदर र अनादर छुट्टयाउने अर्को महत्त्वपूर्ण तत्त्व हो क्रिया । यसैको आधारमा एउटालाई नै बुझाउँदा पनि आदर गरेर प्रयोग गरिने बहुवचनसरहको संकेतले पुलिङ्गी सामान्य आदरलाई छुट्टयाउँछ र स्त्रीलिङ्गमा छुट्टै रूप देखाउँछ । स्नेह तथा सामान्य आदर, विशेष आदर र विशिष्ट आदर छुट्टयाउने अर्को प्रमुख आधार पनि क्रिया नै हो । जस्तै—

**स्नेहवाची**

४०) भाइ आएछन् ।
४१) यो मेरो अभिन्न मित्र हो ।

**सामान्य आदरवाची**

४२) पशुपति छिटै आऊन् ।
४३) उनी कहाँ गएका छन् ?
४४) यिनी को हुन् ?
४५) आज बहिनी घर जान्छिन् ।
४६) मेरा भाइ सगुनले अमेरिकाबाट चिठी पठाए ।

विशेष आदरवाची

४७) उहाँले के भन्नुभयो ?
४८) तपाईं आफैं लेख्नुहोस् ।
४९) आफू के खानुहुन्छ ?

विशिष्ट आदरवाची

यसका तीन स्तर छन् भन्ने कुरा माथि नै भनिसकिएको छ ।

सर्वोच्च स्तर ५०) सरकारको गाथमा आराम भैसकेको छ ।
५१) मौसूफबाट 'सबै नेपाली पञ्च सबै पञ्च नेपाली' भन्ने सन्देश बक्स भएको छ ।
५२) अधिराजकुमारको सवारी हुन्छ ।
अति उच्च ५३) मुमा सुकला भैबक्सेको छ ।
५४) हजूर खाइबक्सियोस् ।
५५) श्रीमान्को जो मर्जी हुन्छ ।
उच्च स्तर ५६) दिदी बस्नुहोस् ।
५७) तपाई लेख्नुहोस् ।
५८) हजूर आज्ञा होस् ।
५९) श्रीमान् भन्नुहोस् ।

यी उदाहरणहरूमध्ये सामान्य आदरार्थीले आदरको सामान्य स्तर (तिमी, यिनी, उनीको स्तर) बुझाउने हुनाले क्रियामा 'छन्, हुन्, जान्छन्' जस्ता रूप परेका छन् । विशेष आदरार्थीमा औपचारिक आदरार्थीले आदरको विशेष स्तर (तपाईं, यहाँ, उहाँको स्तर) बुझाउने हुनाले क्रियामा 'भन्नुभयो, लेख्नुभयो, खानुहुन्छ' जस्ता रूप परेका छन् । विशिष्ट आदरार्थीभित्रका सर्वोच्च स्तरमा श्री ५ महाराजाधिराज तथा राजपरिवारलाई बुझाउने सम्बोधन पदका साथै 'सवारी' जस्ता विशेष नाम पद र त्यस्तै आदरबोधक क्रियाको प्रयोग भएको देखिन्छ । अति उच्च स्तर सर्वोच्चमुनिको स्तर भएकोले यसमा पनि 'सुकला, मर्जी' जस्ता विशेष पद र क्रियाका अतिआदरसूचक रूप परेका छन् तर सम्बोधनको रूपमा भने 'हजूर, मुमा, श्रीमान्' जस्ता पदहरू परेका छन् । उच्च आदरमा भने हजूर, श्रीमान्, शब्दहरू परेर पनि क्रियाका अतिआदरसूचक रूपको प्रयोग नभै विशेष आदरसूचक रूपको मात्र प्रयोग भएको छ ।

## ४. आदरार्थीको सामान्यीकरण

आदरार्थीको प्रयोगमा आदरको स्तर तोक्न नचाहेमा अर्थात् आदरार्थीको

प्रयोगमा वक्ता तटस्थ रहेको देखिने प्रयोगलाई आदरार्थीको सामान्यीकरण भनिएको हो । यस्तो प्रयोग निम्न प्रकारले गरिन्छ—

१) वाच्य–परिवर्तन गरेर, भावमा कर्मवाच्यको प्रयोगले, आदरार्थीको प्रयोगमा तटस्थता ल्याउँछ । आदर र अनादरको समस्याबाट मुक्त गराउँछ । जस्तै—

तिमी जाऊ ।
तपाईं जानुहोस् ।  } गइयोस्
हजूर सवारी होस् ।

माथिका तीनोटै वाक्यको एउटै वाक्य गइयोस्‌ले आदरको सामान्यीकरण गरेको छ । तर सर्वोच्च आदर व्यक्त गर्दा भने वाच्य–परिवर्तनको प्रचलन त्यति छैन । जस्तै—

६०) सरकारबाट हुकुम बक्स हुन्छ ।
६१) सरकारको सवारी हुन्छ ।

२) नु ने कृदन्तको प्रयोग गरेर पनि आदरार्थीको प्रयोगमा वक्ता तटस्थ रहन सक्छ । जस्तै—

अब के खाने ? — (म, तिमी, तपाईं, हामी)
आज बजार नजानु ? — (म, तिमी, तपाईं, हजूर)
दुईचार दिन त यहीं राज गर्नू नि । — (तपाईं या हजूरले)

विशिष्ट आदरार्थीमा भने यस्तो प्रयोगले पनि राम्रो आदरको निर्वाह हुँदैन ।

## ५. सुझावहरू

आदरार्थी विषयको यो छोटो अध्ययनको निष्कर्षमा यस गोष्ठीमा केही सुझावहरू अगाडि सार्नु उपयुक्त ठान्छु ।

क) आदरार्थी विषयको अध्ययनमा देखा पर्ने प्रमुख समस्याहरू हटाउनको लागि यथाशीघ्र आदरार्थी विषयका छलफलको निष्कर्ष प्रकाशमा ल्याउनु आवश्यक छ ।

ख) यस लेखको वाक्य संख्या १३, १४, १५ १६ अ. आ. मा भएका वाक्यका प्रयोगहरूमध्ये १३ वाक्य अ (तपाईं दुब्लो हुनुभएछ) नै आ (तपाईं दुब्ला हुनुभएछ) भन्दा उपयुक्त देखिने हुँदा सामान्य आदरमा मात्र ओकारान्त नाम, विशेषणबाट आदरबोधक आकारान्त रूप बनाउन आवश्यक हुन्छ भन्ने कुरा टुङ्गो लगाउनु आवश्यक छ ।

ग) १४ र १६ वाक्यअनुसारको तिर्यक् कारक प्रयोग हुने शब्द भए आकारान्त प्रयोग नै शुद्ध मान्नु आवश्यक छ (तपाईं दुब्लाउनुभएछ जस्तो रूप सबै ठाउँमा हुँदैन) ।

घ) वाक्य १५ मा जस्तो ज्यादै आत्मीयताको भाव या ज्यादै निकटको सम्बन्ध जनाउने प्रयोगमा सामान्य आदरमा हुने सङ्गतिसमेत निलम्बित हुने हुँदा उक्त वाक्यको 'मेरो प्रिय ! मेरो प्रणयसागर !' जस्ता प्रयोगको टुङ्गो लगाउनु उपयुक्त छ । यस्ता प्रयोगको नमूना 'हाम्रो राजा हाम्रो देश प्राणभन्दा प्यारो छ' भन्ने गीतको अंशले पनि दिन्छ ।

ङ) वाक्य १७ देखि २३ सम्मका अ. र आ. वाक्यका प्रयोगहरूका खास औचित्यको टुङ्गो लगाउनु आवश्यक छ ।

च) एउटै सम्बोधनमा श्रीमान् तथा ज्यू (एकैचोटि) लेख्ने आग्रह र त्यसो नलेखेमा कम आदर हुन्छ भन्ने भ्रान्त धारणा मेटाउने र एउटा मात्र सम्मानसूचक रूपको प्रयोग गर्ने निर्णय गर्नु आवश्यक छ ।

छ) महोदय र महाशयको प्रयोगमा रहेको औचित्य एकै हो वा अलग हो त्यो छर्लङ्ग पार्नु आवश्यक छ ।

ज) निम्न माध्यमिक तहको पाठ्यक्रमदेखि नै आदरार्थीको अभ्यासात्मक प्रयोग गर्ने एकाई पाठ्यक्रममा राख्ने प्रयास गर्नु आवश्यक छ ।

झ) भाषाको पठन–पाठनमा उपयुक्त शैक्षिक सामग्री तयार गर्ने प्रविधिको विकास गर्नु आवश्यक छ ।

ञ) भाषा पढाउने शिक्षकलाई भाषा शिक्षणमा आवश्यक गर्ने क्रियाकलापमा संलग्न हुने वातावरण बनाउन कोशिश गर्नु र प्रचार–प्रसारका प्रमुख साधनबाट हुने त्रुटिपूर्ण प्रयोगमा नियन्त्रण गराउनु अनिवार्य छ ।

□

# नेपाली भाषामा आदरार्थी बहुवचन

## तीर्थराम झा 'जानकीशरण'

यो पत्र नेपाली भाषाको आदरार्थी बहुवचनतिर उन्मुख छ तर पनि वचनका प्रसंगमा आएका अन्य कतिपय कुराहरूको चर्चा पनि यसमा भएको छ ।

संस्कृत भाषामा वचन तीन प्रकारका पाइन्छन्– १) एकवचन २) द्विवचन ३) बहुवचन वा अनेक वचन । एउटै मात्र संख्या बुझाउँदा एकवचनको प्रयोग र दुइवटा संख्या बुझाएमा द्विवचन अनि दुइभन्दा बढी संख्या बुझाएमा अनेक (बहु) वचनको गरिन्छ । तर नेपाली भाषामा भने मुख्यतः संख्या बुझाउने वचन दुई प्रकारका मात्र पाइन्छन् । जस्तै– १) एकवचन २) बहुवचन वा अनेक वचन ।

१) कुनै पनि व्यक्ति वा विषय किंवा वस्तु आदि एकवटा मात्र छ भने त्यस्तोमा एकवचनको प्रयोग हुन्छ । जस्तै—

बालक हाँस्छ, मेरो भाइ आयो, यो हाम्रो क्याम्पस हो । इत्यादि

२) कुनै पनि व्यक्ति वा विषय किंवा वस्तु आदिको संख्या एकभन्दा बढी छन् भने त्यस्तामा अनेक वचन अर्थात् बहुवचनको प्रयोग हुन्छ । जस्तै—

बालकहरू हाँस्छन्, मेरा भाइहरू आए काठमाडौंमा धेरै क्याम्पसहरू छन् । इत्यादि

यसरी एकभन्दा बढी संख्या बुझाउन परेमा शब्दको पछाडि अनेक वा बहुत्व संख्याबोधक 'हरू' प्रत्यय थपेर प्रयोग गरिन्छ ।

नेपाली भाषामा वचनको प्रयोग गर्दा वाक्यहरूमा कर्तृवाच्य भए कर्ता अनुसार र कर्मवाच्य भए कर्मअनुसार क्रियापदमा पनि वचन मिलाउनुपर्ने नियम छ । यो नेपाली भाषाको आफ्नै प्राकृतिक जस्तै नियम हो । जस्तै—

| एकवचन | अनेक वचन |
|---|---|
| कर्तृवाच्यमा— | |
| बालक बामे सर्दछ, | बालकहरू बामे सर्दछन् । |
| त्यो केटी हाँसी, | ती केटीहरू हाँसे, |
| विद्यार्थी घर गयो । इत्यादि | विद्यार्थीहरू घर गए । इत्यादि |
| कर्मवाच्यमा— | |
| (हरिले) भाइ पिटियो, | (हरिले) भाइहरू पिटिए, |

| | |
|---|---|
| (गुरुले) म सधाइएँ, | (गुरुले) हामी सधाइयौं, |
| (मैले) तँ कुटिइस् । | (मैले) तिमीहरू कुटियौ । |

उपर्युक्त प्रकारले कर्तृवाच्य र कर्मवाच्यमा कर्ता र कर्मअनुसार क्रियापदका समेत वचनहरू मिल्न गएमा नै वाक्यहरू शुद्ध ठहरिन्छन् ।

यस विषयमा कसै कसैले प्रायः अंग्रेजी भाषाको अनुकरण गरी हाम्रो नेपाली भाषाको प्राकृतिकता नै बिथोल्न खोजे जस्तै देखा पर्ने गरी कर्मवाच्य र भाववाच्य कर्तामा रहने 'ले' विभक्तिलाई नसहेको देखा परिरहेको छ र 'ले' विभक्तिलाई घोक्र्याएर त्यसको ठाउँमा 'द्वारा' र 'बाट' भन्ने विभक्त्यर्थ रूप शब्दलाई महत्त्व दिई बसाल्न थालेको पाइएको छ । 'द्वारा' र 'बाट' विषयलाई अनुक्तकर्ताको 'ले' विभक्तिको ठाउँमा केवल शिक्षित र पठित भनाउँदाहरूबाट मात्र प्रयोग गरिआएको पाइन्छ, तर विदेशी भाषाले प्रभुत्व जमाउन नपाएका हाम्रा पहाड, बेंसी, गाउँ-घरतिर भने त्यस्ता कर्तामा 'ले' विभक्तिले नै सत्कार पाइआएको छ । जस्तै—

१) पहिरोले कान्छोको गोठ पुरिएछ ।
२) हरिले निकालिएको नोकर हिजो बेलुकी फेरि आइपुग्यो ।
३) बाढीले मेरो खेत बगाइयो ।
४) हसियाले औंलो काटिएछ थाहै पाइएन ।
५) तिमीले ढालिएको रूख कटुसको हो ?
६) दुलहीले त्यसरी रोईंदा ज्यादै नमज्जा लाग्यो ।
७) अब गाउँमा हामीले बसिंदैन, इत्यादि ।

उपर्युक्त वाक्यहरू प्रायः गाउँ-घरमा नै प्रचलन भइआएका छन् र गाउँ-घरमा ती वाक्यहरू प्रयोग गर्दा 'पहिरोद्वारा' 'हरिद्वारा' 'बाढीद्वारा' 'हसियाद्वारा' इत्यादि र 'दुलहीद्वारा' 'हामीद्वारा' इत्यादि रूपमा प्रयोग गरिएको सुन्न पाउनु बिलकुल दुर्लभ हुन्छ । अतः त्यस्ता अनुक्त कर्ता (कर्मवाच्य र भाववाच्यका कर्ता) मा 'ले' विभक्तिकै पूरा हक रहन्छ र 'द्वारा' र 'बाट' भन्ने शब्द 'ले' विभक्तिको अर्थ स्पष्ट गर्न 'अर्थात्' को रूपमा मात्र प्रयोग गरिन्छन् । अतः 'ले' विभक्तिको प्रयोग अशुद्ध हो भन्ने बिलकुलै गलती हो ।

यसरी वाच्यअनुरूप कर्ता र कर्म तथा क्रियाको समेत वचन मिलाइनुपर्दछ भन्ने नियम स्पष्ट भएर पनि हाम्रो भाषामा कैयौं वाक्यका कर्ता र क्रियाको तथा कर्म र क्रियाको वचन फरक परे जस्तो देखा परेको र त्यस्ता वाक्यलाई नियमानुकूल तथा शुद्ध वाक्य नै मानिआएको उदाहरण हामी प्रशस्त पाउँछौं । जस्तै—

१) हरि हिजो गाउँमा गए
२) सीता भोलि आउलिन्
३) तिनी आज भाइत गएको छन्
४) श्यामले केटी हेरे
५) उनी क्याम्पसमा पढ्छन्
६) तिमीले कुरा बुझेनौ
७) हामीलाई नटेरेपछि यस्तै हुन्छ, इत्यादि ।

उपर्युक्त सबै वाक्यहरूमा क्रियापदबाट बुझिने काम गर्ने व्यक्तिको संख्या एक मात्र छ तर क्रियापदले भने बहुवचनको रूप लिन पुगेको छ ।

त्यस्तै कर्मवाच्यमा पनि जस्तै—

१) हरिले बिहामा तिमी बोलाइएनछौ
२) आज क्याम्पसमा सीता देखिइनन्
३) यो काममा हामीले सुब्बा साहेब त बिर्सिएछन्
४) आमाको गुण संझिएको भए आमा चिनिन्थिन्, इत्यादि ।

यी माथि लेखिएका वाक्यहरूमा पनि 'तिमी' 'सीता' 'सुब्बा साहेब, 'आमा' शब्दहरू सबै कर्मबोधक हुन् र एकत्व संख्याकै द्योतक छन् तर तिनैलाई वाच्य तुल्याई सम्बन्धित भएका क्रियापदहरू भने बहुत्वबोधक रूपमा रहेका छन् ।

यसबाट यो बुझियो कि– यसरी एकत्व संख्या बुझाउँदा पनि कहिलेकहीं कतै कर्ता र कर्ममा बहुवचनको रूप प्रयोग हुँदोरहेछ । यस्तै प्रसङ्गको अनुसन्धानकै फलस्वरूप व्याकरणकारहरूले बहुवचनका पनि भेद हुँदा रहेछन् भन्ने कुरो पत्ता लाएको होला भन्न सकिन्छ र फलतः बहुवचनका भेदहरू यसरी उल्लेख गरिएका छन्–

१) अनेकार्थी बहु (अनेक) वचन २) आदरार्थी बहु (अनेक) वचन ।

माथि भनिए झैं व्यक्ति वा वस्तु तथा विषय आदिको संख्या नै अनेक भएर बुझिएमा अनेकार्थी बहु (अनेक) वचनको स्वतः प्रयोग हुन्छ र एउटै व्यक्ति मात्र भए पनि यदि त्यो व्यक्ति सामान्य रूपको नभएको र अलि कदर गर्न लायकको ठहरिएमा त्यस्ता व्यक्तिको व्यक्तित्वप्रति आदर गर्न पनि बहुवचनको प्रयोग गरिन्छ र त्यसरी प्रयोग हुन गएको बहुवचनलाई आदरार्थी अनेक वचन वा आदरार्थी बहुवचन भन्ने गरिन्छ । प्रसङ्गवश अनेकार्थी–बहुवचन सम्बन्धमा पनि केही चर्चा प्रस्तुत गरिन्छ—

'अनेकार्थी बहुवचन' सम्बन्धमा वर्तमान प्रचलित व्याकरणहरूको मतभिन्नता अनौठो रूपमा देखापरिरहेको छ । सोमनाथ सिग्देलज्यूको मध्यचन्द्रिकामा

बहुवचनका अनेकार्थी, प्रकारार्थी र आदरार्थी भेदहरूको चर्चा पाइन्छ ।[१] सोमनाथ शर्माका अनुसार अनेकार्थी बहुवचन एकै प्रकारको मानी बहुवचनका भेदचाहिं 'आदरार्थी' र 'अनेकार्थी' गरी दुई प्रकारको मात्र स्वीकार गरिएको र 'प्रकारार्थी' चाहिं 'अनेकार्थी' अनेक वचनमा लाग्ने 'हरू' प्रत्ययकै अर्को एक भेदको रूपमा देखाइएको छ तथा 'हरू' प्रत्ययकै मात्र अनेकार्थी 'हरू' प्रत्यय र प्रकारार्थी 'हरू' प्रत्यय भन्ने भेद निर्णय गरिएको स्पष्ट हुन्छ ।

'बहुवचन' सम्बन्धमा अन्य व्याकरणकारहरूतिर दृष्टि दिने हो भने निकै विभिन्नता पाइन्छन् । जस्तै—

क) नेपाली भाषाको बनौट नामक पुस्तकमा लेखक प्रा. गोपालनिधि तिवारीज्यूबाट नेपाली भाषामा बहुवचनको भेद 'अनेकार्थी', 'आदरार्थी' र 'प्रकारार्थी' भन्ने तीन प्रकारको देखिएको छ भनी लेखिएको छ ।

ख) नेपाली सजिलो व्याकरण नामक पुस्तकमा लेखक पुष्कर शम्शेरज्यूबाट 'अनेकार्थी' र 'आदरार्थी' गरी दुइ प्रकारको भेद लेखिएको छ ।

ग) नेपाली भाषा र व्याकरण भन्ने पुस्तकमा पनि लेखक रिसाल बन्धुद्वयबाट 'प्रकारार्थी' तर्फको कुनै उल्लेख नगरी अनेकार्थी र 'आदरार्थी' गरी दुइ प्रकारको बहुवचनको भेद लेखिएको छ ।

घ) अन्य नेपाली भाषा व्याकरण सम्बन्धमा क्याम्पस तहको पठन–पाठनमा सहयोगी तुल्याउने उद्देश्यले लेखिएका व्याकरण सम्बन्धी कुनैकुनै पुस्तकमा बहुवचनका तीन भेद छन् भनी 'आदरार्थी' 'अनेकार्थी' र 'प्रकारार्थी' समेतका नाम लेखिएको पाइएको छ ।

ङ) नेपाली भाषाको विशेष रूपमा परिष्कार गर्न तयार गरिएको बृहद् नेपाली व्याकरण नामक ग्रन्थमा लेखक प्रा. रोहिणीप्रसाद भट्टराईज्यूबाट 'अनेकार्थी' र 'आदरार्थी' गरी दुइ प्रकारका बहुवचन मात्र उल्लेख गरी राम्रो विश्लेषणात्मक विस्तृत विवरण उक्त ग्रन्थमा दिइएको छ । उक्त ग्रन्थमा एकभन्दा बढी बुझाउँदा 'हरू' प्रत्यय लागेर बन्ने बहुवचन बाहेक 'बहुवचन' बुझिने अरू किसिमहरूको पनि उल्लेख गर्दै लेखिएको छ—

अ) शब्दको सामान्य रूपबाट–छोरा, केटा, कमारा, गाग्रा, जाँता, ती, तिनी, तिमी, यी, यिनी आदि ।

आ) क्रियापदबाट–मानिस आए, विद्यार्थी पढ्छन्, नेपाल हेर्न आउँछन्, गाई चर्न गए आदि ।

---

[१] मध्यचन्द्रिका, पाँचौं संस्करण पृ० ३१—३२

इ) बहुवचन बुझाउने विशेषणबाट–बाठा मानिस, साना बालक, अग्ला रूख राम्रा घर आदि ।

ई) सम्बन्धबोधक विभक्तिबाट–भाइका मानिस, मेरा छोरा, तिम्रा आफ्ना किताब आदि ।

फेरि लेखिएको छ—

अरू पदबाट बहुवचन बुझिने भएमा वक्ताको इच्छानुसार 'हरू' प्रत्यय दबिने, रहने दुवै हुन्छन् । जस्तो—

छोराहरू घरमा छन्– छोरा घरमा छन् ।
मानिसहरू आएका छैनन्– मानिस आएका छैनन् ।
बाठा मानिसहरू प्रायः सफल हुन्छन्– बाठा मानिस प्रायः सफल हुन्छन् ।
हाम्रा गाईहरू दुधालु छन्– हाम्रा गाई दुधालु छन् ।
यी रूखहरू अग्ला छन्– यी रूख अग्ला छन् । आदि

आधुनिक दृष्टिकोणअनुसारका सरल र तिर्यक् कारक सम्बन्धी केही स्पष्टीकरण दिए जस्तै गरी केही यसरी पनि लेखिएको छ—

अ) 'आमा' शब्दका रूप बनाउँदा 'हरू', 'ले', 'लाई' आदि प्रत्यय आमा यस रूपमा नै जोडिन्छन् र आमा, आमाहरू, आमाले, आमाहरूले, आमालाई, आमाहरूलाई इत्यादि बन्दछन् ।' प्रत्यय जोडिंदा 'आमा' यस मूल रूपमा केही विकार आउँदैन । तसर्थ 'आमा' यो मूलरूप नै सामान्य बन्दछ ।*

आ) 'मानु' शब्दका रूपहरू बनाउँदा प्रथमाको एकवचनमा विभक्ति दबिएमा मानु रूप बन्दछ, विभक्ति नदबिएमा मानुको उकार आकारमा बदलिई 'ले' जोडिई 'मानाले' बन्दछ । तसर्थ 'माना' यो विकृत मूलशब्द सामान्य रूप बन्दछ ।‡

* यसरी शब्दको मूलरूप नबिग्रिएका र विभक्ति चिन्ह्न नजोडिएका रूपलाई सरल कारक भन्दछन् ।

‡ यस्ता शब्द रूपलाई तिर्यक् कारक भन्दछन् ।

यसरी लेखकद्वारा सरल र तिर्यक् कारक भन्ने विषयको परिचय ज्यादै सुगम र स्पष्ट रूपमा दिइएको छ, जुन विषय अन्य भाषाशास्त्र र व्याकरणहरूमा केवल अरूको देखासिकी गरेर मात्र लेखिए झैं भएर राम्रो स्पष्ट हुन सकेको छैन ।

आदरार्थी बहुवचन सम्बन्धमा उक्त पुस्तकमा देखिएको केही विवरण यस प्रकार छ । लेखकको भनाइ छ– 'देवता र मानिसलाई बुझाउने सामान्य नाम र सर्वनामदेखि एउटालाई बुझाउँदा पनि आदर जनाउने गरी प्रयोग हुने बहुवचन-

लाई 'आदरार्थी बहुवचन' भन्दछन् । आदरार्थी बहुवचनमा 'हरू' प्रत्यय दबिन्छ, मुख्य रूपले क्रियापद बहुवचनबोधक हुन्छ । सामान्यरूप, विशेषण, सम्बन्धबोधक विभक्ति, दर्शक सर्वनाम र आदरार्थी नपुंसकलिङ्गी क्रियापदहरूद्वारा बहुवचन बुझिन्छ । जस्तो—

ईश्वर सबैको रक्षा गर्दछन् ।
पशुपतिनाथ सबै नेपालीका आराध्य देवता हुन् ।
तिनी आए ।
गोपाल गए ।
तिमी यहीं बस ।
ती केटा असल छन् ।
यहाँ को हुनुहुन्छ ?
तपाई कहिले आउनुभयो ?

यसरी यहाँ एउटै व्यक्तिलाई आदर देखाउँदा बहुवचनको प्रयोग गरिएको छ ।

आदर गरिने धेरै व्यक्ति बुझाउँदा भने अनेकार्थी 'हरू' प्रत्यय नित्य रहन्छ, कहीं पनि दबिदैन । किनभने एउटालाई आदर बुझाउन गरिएकोमा र बहुवचनमा पनि क्रियापद, विशेषण आदि बहुवचनमै रहने हुनाले अनेकार्थी 'हरू' दबाएमा आदरार्थी र अनेकार्थी नछुट्टिने हुन्छ । जस्तो—

| आदरार्थी बहुवचन | अनेकार्थी बहुवचन |
|---|---|
| हाम्रा भाइ आए | हाम्रा भाइ आए |
| तिमी आयौ | तिमी आयौ |
| ती नानी असल छन् | ती नानी असल छन् । आदि |

यसरी यी दुवै प्रकारका बहुवचनमा एकैनासका रूप भई कुन आदरार्थी र कुन अनेकार्थी रूप हुन् छुट्टिदैनन् । तसर्थ अनेकार्थी बहुवचनमा 'हरू' प्रत्यय दबिदैन र रूप छुट्टिने नै हुन्छ । जस्तो—

| आदरार्थी बहुवचन | अनेकार्थी बहुवचन |
|---|---|
| तिमी आयौ | तिमीहरू आयौ |

वस्तुतः आदर गरिने व्यक्तिको निम्ति प्रयोग गरिने भएर नै 'आदरार्थी बहुवचन' भनिएको हो । आदर गरिने व्यक्ति सम्माननीय र सामान्यको बीचको तहमा पर्दछन् । जुन कुरा हाम्रो नेपाली भाषाका शब्दरूप र वाक्यहरूबाट राम्ररी भइरहेको छ र हाम्रो भाषामा सामान्यार्थी, आदरार्थी तथा सम्मानार्थी क्रियापदहरूको प्रशस्त प्रचलन पनि पाइन्छ । जस्तै—

| सामान्यार्थी | आदरार्थी | सम्मानार्थी |
|---|---|---|
| बहिनी गई | बहिनी गइन् | बहिनी जानुभयो |
| भाइ आउला | भाइ आउलान् | भाइ आउनुहोला |
| तँ बस् | तिमी बस | तपाई बस्नुहोस् |
| त्यसले भन्यो | तिनले भने | उहाँले भन्नुभयो । इत्यादि |

यहाँ 'बहिनी गई' आदि सामान्यार्थीमा तत्तत् व्यक्तिको सामान्य स्थिति मात्र बुझिन्छ, 'बहिनी गइन्' आदि आदरार्थीमा तत्तत् व्यक्ति अलि कदर गर्न लायकको रूपमा देखा पर्दछन् र 'बहिनी जानुभयो' आदि सम्मानार्थीबाट तत्तत् व्यक्तिमा विशेष व्यक्तित्व रहेको कुरो झल्किएको छ ।

यी सबै विवरणबाट आदरार्थी बहुवचनमा 'हरू' प्रत्यय हराउने र व्यक्ति-अनुसार आदर गरिने कुरो भन्ने स्पष्ट हुन्छ । तर सबै व्यक्ति र सबै विषयमा भने आदरार्थीको प्रयोग हुन सक्तैन । जस्तै—

(एकवटा) नोकर भागे ।
(एकवटा) कुकुर आए ।
(एकवटा) काग उडे ।
(एकवटा) मेच छन् ।
(एकवटा) झिङगा बसे ।
(एकवटा) भुसुना परे ।

आदि वाक्यहरू व्यवहारमा कहिल्यै प्रचलित हुँदैनन् र उपर्युक्त वाक्यहरूमा भाग्यो, आयो, उड्यो, छ, बस्यो, पऱ्यो आदि क्रियापद मात्र उपयुक्त हुन्छन् । अतः यस्तामा आदरार्थीको प्रयोग अप्राकृतिक रूपमा देखा पर्दछ, जसले गर्दा भाषा नै विकृत हुन पुग्दछ ।

त्यसैले मध्यचन्द्रिकामा आदरार्थी बहुवचनको प्रयोग सम्बन्धमा टिप्पणी दिई लेखिएको छ —

टि. हाम्रो भाषामा कम श्रेणीका नोकर चाकर आदि मनुष्य र अरू प्राणी अप्राणीलाई भन्दा एक भए एकवचनको प्रयोग हुन्छ, मध्यम श्रेणीसम्मका मनुष्य र देवताहरूलाई भन्दा त एकै भए पनि प्रायः आदरको तात्पर्यले आदरार्थी अनेक वचनको प्रयोग हुन्छ । अनेक व्यक्ति बुझाउँदा भने सबैमा अनेकार्थी अनेक वचनको प्रयोग हुन्छ । उत्तम श्रेणीका मनुष्य देवताहरूलाई भन्दा पछि लेखिने बमोजिम मानबोधक क्रियापदहरूको पनि प्रयोग हुन्छ ।[४]

---

४. मध्यचन्द्रिका, पञ्चम संस्करण, पृष्ठ– ३० ।

हाम्रा, आदिमा पनि आदरार्थी बहुवचनकै बोधबाट समस्या समाधान हुन सक्तछ र त्यहाँ पनि सरल र तिर्यक् कल्पनाकै आवश्यकता होला जस्तो लाग्दैन । साथै बृहद् नेपाली व्याकरणको लेखाइअनुसार– छोरा, गाग्रा, कमारा, बाठा आदिमा 'हरू' प्रत्यय दबिएका र 'ले' 'लाई' विभक्ति दबिएका तथा नदबिएका विभिन्न सामान्य रूपभेदबाट पनि यो सरल तिर्यक् कारक गतार्थ भएको छ । यो कुरा उक्त बृहद् नेपाली व्याकरणमा गडेर हेरेमा स्पष्ट हुन्छ । बृहद् नेपाली व्याकरणले सरल र तिर्यक् कारकको आपनो टिप्पणीमा उल्लेख गरे पनि नेपाली भाषाको भाषिक परम्पराप्राप्त 'सामान्यरूप' सम्बन्धी विषयमा आधुनिकीकरण भइरहेको स्थिति मात्र औंल्याइएको छ र व्याकरणसम्बन्धी नौलो विषयविधाको रूपमा औंल्याइएको छैन । यदि नेपाली भाषा व्याकरणको सरलीकरण गर्ने हो भन्ने यस्तै अनावश्यक आधुनिकीकरणतालाई केलाउँदै पन्छाएर गर्नु नै वेश होला ।

जे होस्, हाम्रो नेपाली भाषाको आदरार्थी बहुवचन ज्यादै महत्त्वपूर्ण छ र यसलाई अंग्रेजी भाषा पद्धतिअनुसार सुरक्षित राख्न सकिन्न र यो विषय संस्कृत भाषाको वरदान पनि होइन । हो केही मात्रामा हिन्दी भाषासँग मिल्न आए जस्तो लाग्छ तर पनि हाम्रो भाषाका आदरार्थी र सम्मानार्थी तथा विशेष सम्मानार्थी क्रियापदमा जुन वाक्य वाक्यार्थविशेषता पाइन्छ त्यो हिन्दी भाषामा पनि पाइदैन । जस्तै—

नेपालीमा– उनी जान्छन्, उहाँ जानुहुन्छ, उहाँ गइबक्सिन्छ ।
हिन्दीमा– वे जाते हैं, वे जाते हैं, वे जाते हैं । इत्यादि

यसरी हिन्दीको भन्दा पनि हाम्रो भाषाको विशिष्टता स्पष्ट भएकोले हामीले अन्य भाषाको अनुकरण गर्नुपर्ने आवश्यकता देखा पर्दैन । यो हाम्रै भाषासम्बन्धी प्राकृतिक सम्पत्ति हो । यसलाई सुरक्षित राख्नाले नै हाम्रो भाषाको अस्तित्व सुरक्षित रहन्छ र हाम्रो संस्कृति पनि दीगो रहन्छ ।

# नेपालीमा आदरार्थी प्रयोग

### शिवगोपाल रिसाल

## १. पृष्ठभूमि

हामी हाम्रा देवता र पितृहरूलाई, हाम्रा पूर्वजहरूलाई, हाम्रा बाबु र आमाहरूलाई, हाम्रा गुरुहरूलाई, हाम्रा पाहुनाहरूलाई आदर र सत्कार गर्दछौं, मान र सम्मान गर्दछौं, कसैको पाउ परी साष्टाङ्ग दण्डवत् गर्दछौं, कसैलाई शिर झुकाएर, कसैलाई दुवै हात जोडेर नमस्कारपूर्वक अभिवादन गर्दछौं । यी सबैलाई वेलाबखत अनुसार आराधना, अर्चना र वन्दना गरेर आफ्ना आदर, प्रेम, भक्ति र श्रद्धा अभिव्यक्त गर्दछौं । यो हाम्रो परम्परा हो, हृदयको महत्ता हो । ठूला र मान्यजनलाई आदर गर्नु, समानमा प्रेम गर्नु, सानामा स्नेह गर्नु मानवीय दृष्टिकोणले पनि महिमामय नै मान्नुपर्छ ।

माननीयप्रति श्रद्धाले हाम्रो शिर निहुरहन्छ, मान्यजनलाई मान्न पाउँदा, मान्दा हामी आत्मगौरव र आत्मानन्दको अनुभव गर्दछौं, आफू सम्मानित हुँदा हामी अन्तर्हृदयदेखि नै प्रसन्न बन्दछौं, अनि आफूभन्दा सानालाई स्नेह व्यक्त गर्दा उनीहरू हर्षविभोर हुन्छन् । यसरी पारस्परिक रूपमा एकले अर्कालाई सम्मान, आदर गर्दा हाम्रा मनमा शान्ति, सुखको अनुभव त हुन्छ नै साथै सामाजिक, पारिवारिक मर्यादाको पनि संस्थापन र संरक्षण हुने कुरा पनि त्यत्तिकै सत्य छ ।

हामी वैदिक, सनातनी हिन्दू धर्मानुयायी भएकाले हाम्रो जीवनपद्धति मूलतः वेदमा नै आधारित छ । वेदबाट अनुप्राणित धर्म, दर्शन र संस्कृति नै हाम्रो सर्वस्व हुनु स्वाभाविक हो । हाम्रो धर्म छ, परम्परा र संस्कृति छ, अनि छ भाषा र आफ्नै भेष, आफ्नै राजा र आफ्नै देश । वैदिक दर्शनअनुसारको धर्म र धर्मअनुसारकै संस्कृति छ । विश्वको एक मात्र हिन्दू अधिराज्य नेपालको भाषा– राष्ट्रभाषा नेपाली पनि यही दर्शन, यही धर्म, यही संस्कृतिअनुसार अभिव्यक्त छ, अनुप्राणित छ । हिन्दू धर्मका प्रायः सम्पूर्ण ग्रन्थ संस्कृतमा भएकाले र हिन्दूहरूले संस्कृत भाषा-

लाई देववाणी मानेकाले, अनि नेपाली भाषाको पनि आमा संस्कृतै भनी धेरै भाषा वैज्ञानिकहरूले भनेकाले नेपाली भाषाको संस्कृतसँग चिनाजानको, वारीपारीको, छरछिमेकको, आदान प्रदानको सम्बन्ध नभएर रगतकै सम्बन्ध छ भन्न सकिन्छ। त्यसैले नेपाली भाषाले, नेपाली आत्माले, संस्कृत, संस्कृति र संस्कारलाई वैदिक कालदेखि नै आत्मीय भावले स्वीकार गरेको छ, त्यसैअनुरूप मान मर्यादामा, आदर, सत्कारमा अडेर बसेको छ। भावनाको छाया, जीवनको प्रतिबिम्ब, व्यवहारको अर्को रूप भाषा हो। भाषामा हामी हाम्रो जीवन-पद्धतिको अभिव्यक्ति पाउँछौं।

हामी सिक्दैछौं– केही भूतबाट सिक्यौं, केही वर्तमानबाट र सम्भवतः भविष्यबाट पनि सिकिरहनेछौं। सिकेका, जानेका, जीवनमा अनुभवमा उतारेका कुरा भाषामा व्यक्त गरिन्छन्। अरू अरू कुराका अतिरिक्त शिष्टाचार र मर्यादा, आदर र सत्कार, मान र सम्मान हामीले हाम्रा पूर्वजहरूबाटै हाम्रो दर्शन र धर्मबाटै, संस्कृति र संस्कारबाटै, चाल र चलनबाटै, विधि र व्यवहारबाटै सिकेका छौं र प्रयोग गरेका छौं। यसैले त राष्ट्रभाषा नेपालीमा हाम्रो राष्ट्रिय धर्म अङ्कित छ, राष्ट्रिय संस्कृति बोलेको छ, राष्ट्रिय परम्परा अभिव्यक्तिएको छ, राष्ट्रिय चिन्तन, राष्ट्रिय जीवन-पद्धति, राष्ट्रिय धारणा मुखरित भएको छ। भाषाविनाको राष्ट्र निर्जीव भएझैं राष्ट्रिय धर्म, संस्कृति, आचार, मर्यादाविनाको भाषा पनि निष्प्राण हुन्छ। नेपाली भाषामा, नेपालीका बोलचालमा, लेखापढीमा, जनजिब्रामा, पठन-पाठन, संस्कार-संस्कृति आदि-आदिमा र नेपाली व्याकरणमा समेत नेपाली भावनाअनुरूप आदर छ, आदरार्थीको राम्रो व्यवस्था छ। हामी परस्परमा मर्यादित छौं, अनि त मर्यादाको क्रम छ, उमेरको क्रम छ, दर्जाको क्रम छ, योग्यताको क्रम छ। नेपाली व्याकरणले यही क्रमलाई क्रमिकता प्रदान गरेको छ, अनुशासनपूर्वक प्रशासन गरेको छ।

आदरार्थी प्रयोगका सन्दर्भमा नेपाली भाषाको मौलिकताको आफ्नै पारम्परिक मर्यादालाई कत्ति खलबल नपारीकन केही शब्द आफ्नै पाराले प्रयोगमा आएका छन् त केही शब्द हामीले हाम्रा मित्रराष्ट्रहरूबाट, अनेपाली भाषाहरूबाट खास गरी अंग्रेजी, अरबी आदिबाट सिकेका छौं र व्यवहारमा, चलनचल्तीमा समेत ल्याएका छौं। यस प्रकारको प्रभाव स्वाभाविक पनि हो– आजको अन्तर्राष्ट्रिय जनसम्पर्कको सन्दर्भमा। विश्व धेरै नजीकिएको छ। त्यसैले एक देशको भाषा, संस्कृति, चालचलन अर्को मुलुकमा पुग्नु अस्वाभाविक होइन।

शिष्ट व्यवहारी, शिष्टाचारी, सभ्य, संस्कृत व्यक्तिले अरूसँग व्यवहार गर्दा अवश्य पनि शिष्ट र सभ्यतापूर्वक गर्दछन्। यो शिष्ट परम्परा हो। हामी नेपालीहरू आपसमा यसै गर्दछौं।

## २. केही आदरार्थी शब्दहरू

आदरणीय व्यक्ति, ईश्वर, बाबुआमा, राजा, गुरु आदिका निमित्त नेपाली भाषामा आदरार्थी शब्दको प्रयोग हुन्छ । आदरार्थी शब्दहरू निम्न प्रकार छन्—

क) ईश्वर सम्बन्धी— ईश्वर, परमात्मा, भगवान् आदि ।

ख) साधु, सन्त, महात्मासम्बन्धी— महात्मा, योगी, बाबा, माई, महर्षि, योगेश्वर, तपस्वी, आचार्य, सन्त, महन्त, अवधूत, आनन्द, श्रोत्रिय, ब्रह्मनिष्ठ आदि ।

ग) नातासम्बन्धी— बुबा, मुमा, दाज्यू, भाउज्यू, मामा, माइज्यू, दिज्यू आदि ।

घ) राजा, राज परिवारसम्बन्धी— श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज, श्री ५ अधिराजकुमार, श्री ५ अधिराजकुमारी, श्री ५ शाहज्यादी, श्री राजकुमार, श्री कुमार, श्री राजा, श्री चौतरिया, हजुर, सरकार, जो हुकुम, जो निगाह आदि ।

ङ) प्रशासनसम्बन्धी— श्रीमान्, श्रीमाननीय, श्री, सम्माननीय, महामहिम, महाशय, महोदय आदि ।

च) सामान्य (साझा) आदरसम्बन्धी— ज्यू, जी आदि ।

छ) अंग्रेजीबाट प्रभावित भएर प्रयोग गर्न थालेको— कृपया (please), धन्यवाद (thanks) ! आदि ।

ज) अंग्रेजी शब्दलाई आफ्ना पाराले प्रयोग गर्न थालेको— फादर, लर्ड, हिज हाइनेस, हर हाइनेस्, सर, मिस आदि ।

झ) साहेब थपेर— माष्टरसाहेब, डाक्टरसाहेब, इन्जिनीयरसाहेब, रानीसाहेब, मैयासाहेब, बाबुसाहेब, जरसाहेब, करसाहेब, सी. डी. ओ. साहेब, प्रोफेसरसाहेब, आई. जी. पी. साहेब आदि ।

ञ) हजुर थपेर— सानो हजुर, आफू हजुर, बाबा हजुर आदि ।

ट) राजा थपेर— राम राजा, कृष्ण राजा, बाबा राजा आदि ।

ठ) आफू थपेर— आफू नानी, आफू राजा आदि ।

ड) 'बडा' उपसर्ग थपेर आदर जनाउने शब्द— बडामहारानी, बडामहाराजा, बडादिन (जन्मोत्सव), बडागुरुज्यू, बडाहाकिम, बडालेखापाल, बडाबशैं आदि ।

ढ) 'महा' उपसर्ग थपेर आदर जनाउने शब्द— महाराजाधिराज, महाराज, महान्यायाधिवक्ता, महालेखापाल, महावाणिज्यदूत, महालेखानियन्त्रक, महामहिम, महाकाल, महावाणी, महाष्टमी, महानवमी आदि ।

आदरणीय व्यक्तिहरू र वस्तुहरूले बलिया आधारमा नै आदर पाएका छन् । आदरका केही आधारहरू निम्न प्रकार छन्—

क) श्रद्धा, भक्ति-भावनाका आधारमा- हे राम ! हे ईश्वर ! हे गुरुदेव आदि ।

ख) प्रेम— मेरा पतिदेव, मेरी धर्मपत्नी, मेरो सानो राजा, नानी, बाबा आदि ।

ग) जात— ब्राह्मण देवता, बाहुन बाजे, गुरु, पुरोहित आदि ।

घ) वंश— राजवंश, गुरुघराना, राजखान्दान आदि ।

ङ) पेशा— साहूजी, उद्योगपति आदि ।

च) लिङ्ग— मेरा श्रीमान्को सवारी भयो, मेरी श्रीमती आइन्, मेरी दुलही आई आदि ।

छ) दर्जा— मन्त्रीज्यू, सचिवज्यू आदि ।

ज) मान पदवी— प्र. प्र. गो. द. बा., नेपाल तारा, मीरसुब्बा, महेन्द्र विद्याभूषण, सरदार आदि ।

झ) धन— करोडपति, लखपति आदि ।

ञ) योग्यता— पहिला, दोस्रा आदि ।

ट) शक्ति— अमेरिका, रूस, चीन आदिलाई हामी कहिले कहिले आदरका अर्थमा प्रयोग गर्दछौं ।

ठ) नेतृत्व— नेताजी, सभापतिज्यू, अध्यक्षज्यू आदि ।

ड) शासनसत्ता— श्री ५ महाराजाधिराज, श्री सम्माननीय प्रधानमन्त्रीज्यू आदि ।

ढ) विद्या— आचार्य, शास्त्री, डाक्टर, पण्डित, वैज्ञानिक, प्राविधिक आदि ।

ण) उपकार, कल्याण, सेवा— समाजसेवी, उपकारी आदि ।

त) देवतासँग सम्बद्ध— मूर्ति, मन्दिर, पुजारी, प्रसाद, चन्दन, नैवेद आदि ।

थ) राजासँग सम्बन्धित— राजदरबार, राजकवि, राजवैद्य, कविराज, पण्डितराज, राजपुरोहित, राजगुरु, राजकीय प्रज्ञा-प्रतिष्ठान, शाही नेपाल वायुसेवा निगम, शाही सैनिक आदि ।

द) जड भए पनि गुण र शक्तिप्रति भक्ति व्यक्त गर्दै हामी आदरपूर्वक भन्दछौं— पृथ्वीमाता, गङ्गामाता, सूर्यनारायण, पर्वतराज, अग्निदेव, वायुदेव, वनदेवी, आदि ।

वर्ण र जातअनुसार प्रयोग हुने आदरार्थी शब्दहरू—

ब्राह्मण— बाजे, गुरु, गुरुज्यू, पण्डितज्यू (जी) आदि ।

क्षत्रिय— काजी आदि ।

वैश्य— महाजन, साहुजी आदि ।

राई, लिम्बु— सुब्बा आदि ।

दमाई— नगर्ची आदि ।

सार्की — मिजार आदि ।

अछूत— हरिजन आदि ।

हजुर— आदरणीय सबैका लागि साझा ।

मजकूर— राणाकालीन नेपालमा बाबुसाहेब आदिका लागि प्रयोग हुने ।

मौसूफ— श्री ५ महाराजाधिराज र राजपरिवारका अन्य सदस्यहरूका लागि मात्र ।

## ३. आदरणीयसँग सम्बद्ध पनि आदरणीय

लाउने र खाने मानिस आदरणीय भएका खण्डमा लाइने, खाइने वा अन्य प्रकारको व्यवहार गरिने वस्तुविशेषले पनि आदरसूचक शब्द पाउँछन् । देवताले खाने भएकाले हलुवाले नैवेद्यको वा प्रसादको दर्जा पाउँछ । अलि तल्लो खालका मान्छेले खाने भए ढिडो हुने वस्तु इज्जतसाथ मनभोग वा हलुवा हुन्छ, अनि त्यही प्रकारको वस्तु केटाकेटीले खाए लिटो बन्छ । हामीले टोपी लगाउँछौं भने हामीभन्दा निकै आदरणीय मान्छे शिरपोस लगाउँछन् । हामी जुत्ता लगाउँछौं भने ठूला मान्छे पाउपोस । हामी भात खान्छौं मीठो नमीठो जस्तो भए पनि तर हामीले आदर गरिने ठूला मान्छेहरू भुजा खाइबक्सन्छ वा भुजा ज्यूनार गरिबक्सन्छ इत्यादि ।

केही न केही विशेषता भएकोले नै हामी कसैलाई आदर गर्दछौं, कसैलाई मान गर्दछौं, कसैलाई श्रद्धा गर्दछौं, कसैलाई भक्ति गर्दछौं त कसैलाई स्नेह, माया गर्दछौं, अनि कसैलाई दया, फेरि कसैलाई हेलाँ र अनादर समेत ।

गङ्गाको मर्यादा छ, खोलाको, कुलाको छैन, पानी प्रशस्त भएकोले । सालिग्रामको महान् मर्यादा छ, सामान्य कालो ढुङ्गाको छैन, अत्यन्त दुर्लभ भएकाले ।

गाईलाई लक्ष्मी मानेकोले अनि आमा भनेकोले हामी गाईको गउँत, गोबर खान्छौं तर गाईकै श्रीमान् पतिदेव साँढेको मूत खाँदैनौं । ठूला मान्छे अर्थात् आदरणीय मान्छे लघुशङ्का, दीर्घशङ्का, सूची गर्दछन्, ठीकैका मान्छे दिसा–पिसाब गर्दछन्, तर किसान र जवानहरू, साधारण जनता र बटुवाहरू ठाउँ नपाए बाटैमा हग्ने–मुत्ने गर्दछन् ।

नेपालीमा पारिवारिक, सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक र दरबारी आदरार्थी शब्दहरू प्रयोगमा छन् ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रका नाममा घोषणा बक्सदै हुकुम भयो— 'हामीले सदा-सर्वदा राष्ट्रकै हित र कल्याण चिताइबक्सेका छौं ।' यसरी आफूले आफूलाई सर्वोच्च आदर र सम्मान गर्ने पनि हाम्रो मौलिक विशेषता हो ।

'आउनु' अर्थको क्रियापदलाई हामी व्यक्तिअनुसार यसरी प्रयोग गर्दछौं—

कुकुरलाई डोऱ्याएर नोकर आयो ।
बुवा/बा (पिताजी) आउनुभयो ।
राजाको सवारी भयो ।
स्वामी महाराज पाल्नुभयो ।
गुरुदेवको शुभागमन भयो ।
भगवान् रामको अवतार भयो अथवा भगवान् राम अवतरित हुनुभयो ।
दिदी आइन् ।
बहिनो आइन् ।
नोकर्नी आई ।

यस्तै, सन्तानोत्पादन गर्ने अर्थमा—

भाउज्यू सुत्केरी हुनुभयो ।
रानीसाहेब सुत्केरी होइबक्स्यो ।
कान्छाकी स्वास्नी सुत्केरी भई ।
भैंसी ब्यायो ।
कुकुर्नी ब्याई ।

हामी आफूलाई पनि आदर गर्दछौं, आदर गरून् भन्ठान्छौं । त्यसैले आफ्नो उपनाम छान्दा सकेसम्म राम्रो छान्दछौं— 'ज्ञानी', 'विशाल', 'बन्धु', 'यात्री', 'वैरागी', । त्यति मात्र होइन, हामी 'दुःखी' उपनाम राखेर पनि सदा-सदा सुखी हुन खोजिरहेका हुन्छौं, 'कमारा' उपनाम राखेर पनि सदा मालिक हुनतिरै लागिरहेका हुन्छौं, 'व्यथित' भनाएर पनि हामी सम्पूर्ण व्यथाबाट विनिर्मुक्त हुन चेष्टावान् भइरहेका छौं । यी सारा दृष्टान्तबाट सिद्ध हुन्छ हामी आदरणीय छौं, हुन खोज्छौं र अरूलाई पनि आदर गर्दछौं । अरूको आदर गरे मात्र आफ्नो आदर हुन्छ भन्ने कुरा हामीले बुझेका छौं । आफ्नो आदर आफैंले गर्दा पनि कि त आत्माको, ब्रह्मको, आफूभित्रको ईश्वरको कि त आफूमा भएको शक्तिको, विद्याको, ज्ञानको, मानको, पदको, आदर गरिरहेका हुन्छौं । अथवा हामी व्यक्तिका माध्यमबाट संस्थाको, सिद्धान्तको वा सिन्दूरको सम्मान गरिरहेका हुन्छौं । यो पाञ्चभौतिक पिण्डको कसैले आदर गरेका छैनन्, गर्दैनन् पनि ।

आफूभन्दा ठूलालाई, उमेरमा जेठालाई, विभिन्न दृष्टिकोणले मान्यजनलाई, शक्तिशालीलाई, विद्वान्लाई, ज्ञानी र गुणीलाई, दर्जावाल र पदासीनलाई हामी आदर गर्दछौं। उमेरमा कान्छो भएको भए पनि ,नाताले, विद्याले, वैभवले, अनुभवले, दर्जाले, योग्यताले ठूलो भए, माथिल्लो भए हामी आदर गर्दछौं। तर ईश्वर, राजा, पिता माता, गुरुजन सदा सदा नै आदरणीय छन्।

आदर गर्नु हीनताबोधले अरूमा समर्पित हुनु होइन। यो त भावनाको उत्कर्ष हो। अहंभावले आक्रान्त भएका व्यक्ति आदर गर्दैनन् मपाइँ बन्दछन्। अरूबाट आदर पाउनु महान् कुरो हो।

हाम्रो भाषिक विशेषतामा अवलोकन गर्ने हो भने हामीले सकेसम्म अरूबाट पनि आदरार्थी शब्द लिएर आफ्नो बनाएका छौं। माथि तिनका थुप्रै दृष्टान्त परिसकेका छन्। अर्को विशेषता के हो भने नाम वा सर्वनाम आदरणीय मानिएको छ भने त्यसले लिने विशेषण, अव्यय, क्रियापद सबै नै आदरसूचक हुन्छन्। जस्तै– 'राम ज्ञानी छन्' यहाँ राम मूर्ख भएको भए 'छ' क्रियापद हुन्थ्यो अथवा 'छन्' क्रियापद दिने हो भने रामलाई 'ज्ञानी' बनाउनैपर्छ।

## ४. आदरार्थी बहुवचन

'आदरार्थी बहुवचन' शीर्षक दिएर प्रायः सबै नै वैयाकरणहरूले नेपाली भाषाका व्याकरणमा आदरार्थीको प्रयोगको सामान्य संकेत गरेका छन्। अन्यत्र आदरार्थीको प्रयोगका विषयमा विशेष अनुसन्धान गरी खास रूपमा उल्लेख गरेको पाइदैन। यति हुँदाहुँदै पनि चन्द्रिकाकार, मध्यचन्द्रिकाकार र बृहद् नेपाली व्याकरणकारले आदरार्थीको प्रयोगमा केही प्रकाश पारेको देखिन्छ।

उद्देश्य एकै वचनको भए पनि आदर बुझाएको छ भने क्रियापद बहुवचनको प्रयोग हुन्छ। यस्तालाई आदरार्थी बहुवचन भनिन्छ। सामान्यतया अनेक वा धेरै अर्थ बुझाउँदा बहुवचन हुन्छ। बहुवचनमा प्रायः 'हरू' जोडिन्छ। साथै बहुवचनान्त क्रियापदको प्रयोग भएबाट त्यसै वस्तुको संख्या धेरै वा त्यस्तै प्रकारका वस्तु धेरै भएको थाहा हुन्छ। जस्तै–

गाईहरू गोठमा छन्।

गाईवस्तु चर्न गएका छन्।

गाईहरू भन्नाले धेरै गाई र 'छन्' ले धेरै जनाउने क्रियापदको संकेत गरेको स्पष्ट छ। यसलाई अनेकार्थी बहुवचन भन्दछन्।

गाईवस्तु भन्नाले गाई, भैंसी, गोरु, बाछा, बाछी, पाडा, पाडी सबै भन्ने बुझिन्छ। गाई र गाईजस्तै जातका अरू पनि भन्ने बुझिएकोले यसलाई प्रकारार्थी बहुवचन भनिन्छ। 'छन्' क्रियापदले दुवै वाक्यमा एकै अर्थ दिन्छन्।

बन्धु विद्वान् भएकाले विनयी छन् ।

यस वाक्यमा बन्धु एक जना मात्र भए पनि 'छन्' जस्तो बहुवचनको क्रियापद पाएर सम्मानित भएका छन् । यसरी एकै जना भए पनि आदरणीय व्यक्तिविशेष भएमा बहुवचनको क्रियापद प्रयोग हुने भएकोले यस्ता बहुवचनले धेरै भन्ने अर्थ नदिएर आदरणीय भन्ने अर्थ दिने भएकोले यसलाई आदरार्थी बहुवचन भनिएको हो ।

ईश्वरले सारा प्राणीको रक्षा गर्दछन् ।
डाक्टर शर्मा अनुभवी छन् ।
रामका भाइले एम्. ए. गरे ।
राजा सबैका साझा हुन् ।

यस्ता अवस्थामा 'हरू'को आवश्यकता पर्दैन । ईश्वर, डाक्टर शर्मा, रामका भाइ, राजा वास्तवमा एक एक जना हुन् तापनि तिनलाई आदर गर्ने मनसाय भएकाले तिनका निमित्त प्रयोग हुने क्रियापद बहुवचन (अनेक वचन) को प्रयोग भएको छ । भावात्मक दृष्टिले विश्लेषण गर्ने हो भने आदर गर्नु नपर्ने सयौं, हजारौंको बराबरीमा आदरणीय व्यक्ति एकै भए पनि पुग्दो रहेछ । यसबाट ज्ञानी, गुणी, शक्तिशाली, विशेष विशिष्ट व्यक्तिको विशेषता देखिन्छ । हामी बहुमतका पक्षमा भन्दा पनि गुणविशेषका पक्षमा रहेछौं भन्ने पनि आभास मिल्छ ।

### ५. मानवोधक सर्वनाम

द्वितीय पुरुष र तृतीय पुरुषका व्यक्तिलाई आदर बुझाउनुपर्‍यो भने व्यक्त गरिने सर्वनामलाई मानबोधक सर्वनाम भन्दछन् । तपाइँ, त्यहाँ, उहाँ, यहाँ नै मानबोधक सर्वनाम हुन् । मान र आदर बुझाउँदा तँ शब्दको बदला तिमी वा तपाइँ, त्यो शब्दको बदला त्यहाँ, उ शब्दको बदला उहाँ र यो शब्दको बदला यहाँ शब्दको प्रयोग हुन्छ — तँ आ । तिमी आऊ । तपाइँ आउनुहोस् । त्यो आयो । तिमी आए । त्यहाँ आउनुभयो । उ आयो । उनी आए । उहाँ आउनुभयो । यो आयो । यिनी आए । यहाँ आउनुभयो ।

उत्तम (प्रथम) पुरुषवाचक 'म' शब्दको सम्मान र आत्मगौरव वा आत्माभिमान देखाउनुपर्दा आदरार्थी वहुवचन 'हामी' शब्दको प्रयोग हुन्छ । जस्तै—

हाम्रा हजुरमा जाहेर गर्नू ।
हामीबाट बक्स्यौं ।

तपाइँ, हजूर, सरकार, यहाँ, उहाँ, त्यहाँ इत्यादि मानबोधक शब्दको प्रयोग

गर्दा स्पष्टसँग आदर बुझिने हुनाले एक जनालाई भन्दा आदरार्थी बहुवचनको प्रयोग विकल्पले हुन्छ अर्थात् गरे पनि नगरे पनि हुन्छ। तर अनेकलाई बुझाउँदा त 'हरू' प्रत्ययको प्रायः प्रयोग गरेको पाइन्छ। यस्ता अवस्थामा एकवचन र बहुवचन दुवैमा एकैनासको रूप हुने 'हुनुहुन्छ', 'होइबक्सिन्छ' जस्ता बेग्लै किसिमका क्रियापदको प्रयोग हुन्छ। यसरी प्रयोग हुँदा विशेषणबाट एकवचन हो वा अनेक वचन हो भन्ने कुरो छुट्टिन्छ। जस्तै—

एकवचनमा—

तपाईं मोटो वा मोटा हुनुहुन्छ ।

हजूर गोरो वा गोरा होइबक्सिन्छ ।

बहुवचनमा—

तपाईंहरू मोटा हुनुहुन्छ ।

हजूरहरू गोरा होइबक्सिन्छ ।

हजूर, सरकार जस्ता शब्दहरूलाई प्रयोगात्मक दृष्टिले केलाउँदा के स्पष्ट हुन्छ भने आदर गरिने व्यक्तिलाई अत्यन्त मान गर्दा प्रयोग हुने मात्र होइन केही गरी सम्बोधन गर्नुपर्दा समेत ए हजूर ! हे सरकार ! इत्यादि प्रयोग हुने हुनाले र कान्छा हजूर, नेपाल सरकार, 'माहिला सरकार' इत्यादि प्रयोगमा नाम जनाइने हुनाले अनि तिमी, तपाईं जस्ता शब्दको प्रयोगमा झैं सम्बोधन अनिवार्य पनि नभएकाले प्रभु, खवामित्, साहेब, मालिक शब्दजस्तै प्रभुवाचक नाम शब्द हुन् मानवोधक सर्वनाम होइनन् ।

आफू शब्द सर्वनाम हो । नाम वा सर्वनामका सट्टामा जुन सर्वनामको प्रयोग हुन्छ त्यसलाई महासर्वनाम भन्दछन् । आफू शब्द महासर्वनाम हो, यसलाई निजवाचक सर्वनाम पनि भनिन्छ । जस्तै—

म आफूलाई (मलाई) सुखी ठान्दछु ।

तँ आफ्नो (तेरो) कर्तव्य पूरा गर् ।

उहाँ आफ्नो (उहाँको) कल्याण सोच्न सक्नुहुन्छ ।

'तपाईं' का ठाउँमा, श्रीमतीले आफ्ना श्रीमान्‌लाई, मित्रले मित्रलाई, स्पष्ट किटान नगरेर गोस्वाराखाले आदर बुझाउँदा 'आफू' शब्दको प्रयोग हुन्छ । यस्तो वेलामा 'आफू' शब्द महासर्वनाम नभएर मानबोधक सर्वनाम हुन्छ । जस्तै—

आफ्नो (तपाईंको) नाम के होला ?

आफू (तपाईं) लाई सन्चै छ ?

आफू (श्रीमान्/पतिदेव) पूजा कोठामा हुनुहुन्छ ।

आफू (तपाईं) आफ्नो काम गर्नुहोस् ।

अगाडि नै गएको नाम अथवा सर्वनामको अर्थलाई अझ स्पष्ट, अझ निश्चय रूपले बुझाउनुपर्दा 'निज' 'मजकूर' र 'मौसूफ' शब्दको प्रयोग गरिन्छ । 'निज' र 'मौसूफ' आजभोलि पनि प्रयोगमा छन् भने 'मजकूर' प्रयोगबाट हराइसकेको छ । मान्छेलाई बुझाउँदा मात्र यी शब्दको प्रयोग हुन्छ ।

'निज' शब्दले साधारण मानिसलाई बुझाउँदा, 'मजकूर' शब्दले मान्य मानिसलाई बुझाउँदा र 'मौसूफ' शब्दले विशेष सम्माननीय व्यक्तिलाई, आजभोलि त राजा–रानीलाई बुझाउँदा व्यवहार गरिन्छ । जस्तै—

गोरे मुखले त ठीकठाक पार्छ, तर निजको नियत राम्रो छैन ।

जरसाहेबले भाषण त गरिबक्सियो, तर मजकूरको आशय स्पष्ट भएन ।

श्री ५ महाराजाधिराज सरकारका जुनाफमा विधेयकको ब्यहोरा जाहेर हुँदा मौसूफबाट स्वीकृति बक्स भयो ।

आदरणीय धेरै व्यक्तिहरूलाई बुझाउँदाचाहिँ अनेक वचनमा प्रयोग हुने 'हरू' प्रत्यय अनिवार्य छ ।

विद्वान्हरू सधैं नै सम्मानित हुन्छन् ।

विद्यार्थीहरू अनुशासनमा छन् ।

मन्त्रीहरू देशसेवामा लागे ।

सामान्यतया विद्वान्, विद्यार्थी र मन्त्री आदरणीय नै हुन् तर यहाँ धेरै विद्वान्, धेरै विद्यार्थी र धेरै मन्त्रीको आदर गर्नुपरेको हुनाले 'हरू' राख्नै पर्दछ ।

व्यक्तिविशेषलाई अवस्थाविशेषमा हामी सामान्य आदर गर्दछौं । कहिले विशेष मान गर्दछौं । अनि कहिले त अतिरिक्त सम्मान प्रदर्शन गर्दछौं ।

सामान्य आदर गर्दा—

दाइ घर गए ।

ईश्वर सर्वव्यापक छन् ।

गाई ब्याइन् ।

विशेष मान जनाउँदा—

हाम्रो बा ज्ञानी हुनुहुन्छ ।

मीतज्यू पाल्नुभयो ।

गुरुले पढाउनुभयो ।

अतिरिक्त सम्मान देखाउँदा—

श्री ५ बाट घोषणा भयो ।

रानी समाजसेवी होइबक्सिन्छ ।

आफ्नो लागि त पतिदेव सर्वस्व होइबक्सिन्छ ।

स्वर्गीय महापुरुष, कवि आदि, पशुपक्षी, वृक्ष वनस्पति, पहाड, नदी आदि लाई पनि आदर जनाउँदा सामान्य आदरसूचक बहुवचनको प्रयोग हुन्छ । जस्तै—

भीमसेन थापा देशभक्त थिए ।
महाकवि देवकोटा नेपालका महान् प्रतिभा हुन् ।
गजेन्द्रले नारायणको स्तुति गरे ।
तुलसी सानै छन् ।
पर्वतराज हिमालयले हाम्रो रक्षा गरेका छन् ।
गङ्गा नदीले पाप पखाल्छिन् ।

व्यङ्ग्यपूर्वक अभिव्यक्ति गर्दा आफूभन्दा तल्लो तहको अर्थात् आदर गर्नु नपर्ने खालको व्यक्तिलाई पनि आदर गरे झैं आदरार्थी बहुवचनको प्रयोग हुन्छ । जस्तै—

हाम्रो छोरासाहेब कहाँ गएछन् ?
वियनज्यू अहिलेसम्म आएका छैनन् नि ?

## ६. मानबोधक क्रियापद

'नु' प्रत्ययान्त मुख्य क्रियामा जोडिएको 'हुनु' क्रियाबाट मान अर्थात् आदर अर्थ बुझिन्छ । र त्यसरी जोडिएको हुनु क्रियाले आदर र मान अर्थ बुझाई 'नु' प्रत्ययान्त मुख्य क्रियालाई सहायता समेत दिने हुनाले सो क्रियालाई मानबोधक क्रियापद भन्दछन् । जस्तै— गर्नुहुन्छ, जानुभयो, पढ्नुहुनेछ, खानुहोला, हेर्नुहोस्, लगाउनुभयो आदि ।

'बक्सिनु' क्रियासँग जोड्दा सो बक्सिनु क्रियाले नजोडेमा भन्दा फरक हुने गरी अतिरिक्त सम्मान अर्थात् माथि उल्लेख भएको मानबोधक क्रियापदमा भन्दा बढ्ता मान वा आदर अर्थ बुझाउने हुनाले यस्ता सहायक क्रियालाई अतिमानबोधक क्रियापद भन्दछन् । जस्तै— हुकुम बक्सियो, लगाइबक्सिन्छ, ज्यूनार गरिबक्सिन्थ्यो, बक्स भयो, देखिबक्सियो, गराइबक्सिन्छ, बोलाइबक्सियो, भइबक्सिन्थ्यो, आदि ।

मानबोधक क्रियापदका विविध रूपलाई यसरी विश्लेषण गर्न सकिन्छ—

नजर गरिबक्सनु, ज्यूनार गरिबक्सनु, सवारी होइबक्सनु आदि ।
हुकुम बक्स भयो, प्रसूति होइबक्स्यो, सुपुत्र पैदागरिबक्स्यो आदि ।
भोजन गर्नु, आज्ञा हुनु, पाल्नुहोस् आदि ।
दीर्घशङ्का गर्नु, लघुशङ्का गर्नु, सूची गर्नु आदि ।

हेरिबक्सनु, लाइबक्सनु, गइबक्सनु, भनिबक्सनु, सुतिबक्सनु आदि ।

हेर्नुभयो, खानुभयो, जानुभयो, भन्नुभयो, सुत्नुभयो आदि ।

हेरे, खाए, गए, भने, सुते आदि ।

हेरिन्, खाइन्, गइन्, भनिन्, सुतिन् आदि ।

श्रवण गर्नु (सुन्नु), दर्शन गर्नु (ढोग्नु), भ्रमण गर्नु (घुम्नु), प्रकाश गर्नु (छाप्नु), स्नान गर्नु (नुहाउनु), अध्ययन गर्नु (पढ्नु), आदि ।

बैकुण्ठवास हुनु, मुक्त हुनु, बित्नु, दिवङ्गत हुनु, शरीर छुट्नु आदि मर्नुका अर्थमा ।

## ७. आदरार्थी विशेषणको प्रयोग

विदुषी महिला, वृद्धा नारी, पतिव्रता वा सौभाग्यवती स्त्री, विद्वान् प्रध्यापक, ईमानदार राष्ट्रसेवक आदि विशेषण शब्दका सहायताले एकले अर्काको आदर गरेको देखिन्छ ।

माथि उल्लेख गरिएका आदरार्थी विशेषण लागेका नामहरू आदरणीय छन् । कसैलाई आदर गर्नुपर्दा तिनका अगाडि वा पछाडि आदरार्थी विशेषण प्रयोग गर्ने चलन छ । यसरी आदरार्थी विशेषण लगाएर आदर गरिएका व्यक्तिविशेषले क्रियापद पनि आदरार्थी नै पाउनु स्वाभाविक छ । ती क्रियापदहरू प्रायः आदरार्थी बहुवचन जनाउने खालकै हुन्छन् । जस्तै—

ती विदुषी महिलाले मीठो भाषण गरिन् ।

पशुपतिमा देखिएकी वृद्धा नारी त नारीसङ्घकी सभापति रहिछन् ।

सौभाग्यवती स्त्रीहरू मङ्गलसूचक काममा अग्रसर हुन्छन् ।

विद्वान् प्राध्यापक आदरणीय छन् । आदि ।

## ८. प्रशंसाबोधक क्रियाविशेषण (अव्यय)

उद्गारवाचक अव्ययहरूले नानाप्रकारको उद्गार बुझाउंछन् । यसरी विभिन्न स्थानमा विभिन्न अर्थमा विभिन्न प्रकारका उद्गारहरू बुझाउने हुनाले अर्थअनुसार धेरै किसिमका हुन्छन् । तिनीहरूमध्ये प्रशंसा–बोधक अव्यय पनि एक प्रमुख हो । जस्तै—

स्याबास !, क्याबात !, जय ! जय !, धन्य हो धन्य !, वाहवाः !, वाः इत्यादि ।

कहाँ कुन प्रसङ्गमा कसरी आदर गर्नुपरेको छ त्यहाँ यसरी अव्ययका माध्यमबाट पनि आदर व्यक्त गरिन्छ ।

## ९. केही समस्या

क) आजभोलि बोलचालको भाषामा आदरार्थी प्रयोमा सङ्कोच हुँदै गइरहेको छ । जस्तै -- आमा आयो, बा आयो, दिदी आयो आदि ।

ख) 'हजूर' शब्द निकै नै प्रयोगमा आएको छ । जहाँ पनि अर्थात् अनावश्यक प्रसङ्गमा पनि हजूरको प्रयोगले गर्दा 'हजूर' शब्द नै अत्यन्त साधारण बन्न गएको छ ।

ग) क्रियापदको प्रयोगलाई हेर्दा आदरार्थी शब्द तपाइँ र हजूरमा अन्तर देखिँदैन । जस्तै— तपाइँले भन्नुभयो, हजूरले भन्नुभयो ।

यसो हुँदा 'तपाइँ' र 'हजूर' को अर्थमा के भिन्नता रह्यो, स्पष्ट हुन सकेको छैन ।

घ) नेपाली भाषाका वैयाकरणहरूले आदरार्थी प्रयोगका विषयमा त्यति महिरिएर विवेचना गरेका छैनन् । गुरुराज हेमराजकै धारामा उत्तरवर्ती वैयाकरण बगेका छन्, नयाँ खोज भएको छैन ।

ङ) 'मौसूफ' शब्दलाई कसैले सर्वनाम भनेका छन् त केही वैयाकरण यसलाई सर्वनाम मान्दैनन् । आजभोलि यसको प्रयोग ठीकठाक ठाउँमा ठीक अर्थमा भएको पाइँदैन ।

## १०. उपसंहार

नेपाली भाषामा आदरार्थी प्रयोगको आफ्नो परम्परा भएकोले हामीले यसको प्रयोग बारे बराबर छलफल गरी निर्णयमा पुग्नु नितान्त आवश्यक छ ।

आदर कसलाई कसरी गर्ने भन्ने विषयमा मतैक्य हुनु पनि जरूरी देखिन्छ । मुलुकी ऐनको पछि लाग्ने हो भने आदर अनादरको प्रश्नै आउँदैन— सब समान । तर भावना र परम्परालाई ऐनले जित्न सक्दो रहेनछ । अनि भावना, मर्यादा, संस्कार, धर्म आदि सबैको समष्टिरूप भाषामा व्यक्तिने भएकोले ऐन, तन्त्र आदि भन्दा पनि भाषा र व्याकरण माथि हुँदो रहेछ ।

यी सबै थोक हुँदाहुँदै पनि जनभावना, जनआस्था र जनजिब्रोलाई पनि व्याकरणले मान्यता दिनैपर्ने कुरो पनि त्यत्तिकै सत्य छ । त्यसैले पनि आदरार्थी प्रयोगमा वैयाकरणहरू, भाषाविद्वान्हरू र समाजशास्त्रीहरू समेतले छलफल गर्नु वाञ्छनीय देखिन्छ ।

□

# नेपाली आदरार्थी शब्द

हेमराज पोखरेल

हामी जोसित वा जसबारे कुरा गर्दछौं, त्यस व्यक्तिप्रति आदर, सम्मान, श्रद्धा वा विनय प्रकट गर्ने शब्दलाई 'आदरार्थी' शब्द भन्दछन् । यसबाहेक सामाजिक अनुशासन, सभ्यता र मनोवैज्ञानिकता तथा औपचारिक दृष्टिले पनि भाषाको क्षेत्रमा आदरार्थी शब्दको ठूलो महत्त्व छ । साथै भाषिक शुद्धिका निमित्त पनि आदरार्थी शब्द प्रयोगको ज्ञान हुनु आवश्यक छ । अतएव आवश्यक स्थानमा आदरार्थी शब्दको प्रयोग नगरिएका वाक्यहरू सुन्दा नराम्रा लाग्ने मात्र नभई अशुद्ध पनि ठहरिन्छन् ।

विशेष गरी साधारण व्यवहारमा भन्दा औपचारिक क्षेत्रमा आदरार्थी शब्द प्रयोग नितान्त आवश्यक हुन्छ । संसारका विभिन्न भाषामा आदरार्थी शब्दहरूको प्रयोग आ-आफ्नै ढङ्गले गरिन्छ । संसारमा कैयन् यस्ता भाषाहरू पनि छन् जसमा आदरार्थी शब्दहरू धेरै कम छन् । यसको उदाहरणका निमित्त अंग्रेजी, फ्रेन्च, जर्मन आदि भाषाहरूलाई लिन सकिन्छ । उक्त भाषाहरूमध्ये पनि विभिन्न दृष्टिकोणबाट समृद्ध मानिएको अंग्रेजी भाषामा विशेषणवाचक सर्वनाममा जति आदरवाचक शब्द प्रगोग गरिन्छन् सोअनुसार नेपाली, नेवारी, हिन्दी, मैथिली आदि भाषाको तुलनामा आदरार्थी क्रियापदको कमी मात्र नभएर अभावै छ भनिदिए पनि हुन्छ । जस्तै— नेपालीमा परिस्थिति वा आवश्यकतानुसार जाऊ, जानुहोस्, पाल्नुहोस्, सवारी होस् आदि छुट्टाछुट्टै आदरार्थी क्रियापदहरू प्रयुक्त हुन्छन् भने, अंग्रेजीमा मात्र 'गो' क्रियापदले सबै ठाउँमा काम दिन्छ, यसमा प्रकारान्तरले kindly, please आदि क्रिया विशेषण जोडेर आदर व्यक्त गर्नु अर्कै कुरो हो ।

अरूको के कुरा स्वयं संस्कृत र प्राकृत भाषामा पनि आफ्नै सन्तति— नेपाली, मैथिली, हिन्दी, बङ्गाली, मराठी आदि भाषामा भन्दा धेरै कम आदरार्थी शब्दहरू छन्, खास गरी क्रियापदमा । अब अरू धेरै भाषाका तुलनात्मक व्याख्या

विस्तार पट्टि नलागी सर्वप्रथम नेपाली र संस्कृतको आदरवाचक शब्द प्रयोगको एउटा सानु तुलनात्मक उदाहरण प्रस्तुत गरौं—

| मध्यम पुरुष सर्वनाम | नेपाली क्रियामा |
|---|---|
| तिमी | जाऊ |
| तपाईं | जानुहोस् |
| हजूर | गइबक्सियोस् |
| यहाँ | पाल्नुहोस् |
| श्रीमान् | पाल्नुहोस् |
| सरकार | सवारी होस् |

| मध्यम पुरुष सर्वनाम | संस्कृत क्रियामा |
|---|---|
| भवान् | गच्छतु |
| स भवान् | गच्छतु |
| तत्र भवान् | गच्छतु |
| ततो भवान् | गच्छतु |

उक्त उदाहरणमा यो कुरा स्मरणीय छ कि नेपालीका आदरार्थी क्रियापदहरूमा जाऊ बाहेक अन्य क्रियापदहरू प्रथम पुरुषमा पनि उस्तै रूपमा प्रयोग गरिन्छन् । त्यस्तै संस्कृतको सार्वनामिक विशेषणमध्ये 'भवान्' बाहेक अन्य आदरार्थी सर्वनामहरू प्रथम पुरुषमा पनि प्रयोग गरिन्छन् । यसबाहेक उक्त उदाहरणबाट संस्कृतको आदरार्थी प्रयोगमा अन्य भाषामा भन्दा एउटा विलक्षण विशेषता पाइन्छ, सो के भने नेपालीमा कर्ता र क्रियाको मेल भएको हुन्छ भने संस्कृतमा त्यो हुँदैन, जस्तै— नेपालीमा 'तपाईं' आदरार्थी कर्ता मध्यम पुरुष भएको हुनाले त्यसको क्रिया पनि आदरार्थी मध्यम पुरुष 'जानुहोस्' हुन्छ । तर संस्कृतमा सो अनुसार 'भवान् गच्छसि' हुनुपर्नेमा, आदरार्थी मध्यम पुरुष कर्ता 'भवान्' को आदरार्थी क्रियापद प्रथम पुरुष 'गच्छति' हुन्छ । यसो हुनाको कारण आदरार्थी खास क्रियापदको संस्कृतमा कमी रहेछ भन्ने स्पष्ट हुन्छ । यसरी हरेक भाषाले आदरार्थी शब्दहरूको प्रयोगका साथै अन्य क्षेत्रमा पनि आ-आफ्नो प्रकृति, संरचना अभिव्यक्तिको प्रणालीलाई अँगालेका हुन्छन् तर तिनीहरूमा शब्दहरूको न्यूनाधिकता पनि रहेकै हुन्छ । यसै हुनाले एक भाषाको अर्को भाषामा जस्ताको तस्तो अनुवाद गर्न मुश्किल पर्छ ।

नेपालीमा आदरार्थी शब्दको प्रयोग प्रायः प्रथम पुरुष र मध्यम पुरुषमा मात्र गरिन्छ, तर कुनै खास परिस्थितिमा भने उत्तम पुरुषको कर्ता र क्रियामा पनि आदरार्थी शब्दको प्रयोग हुन्छ । जस्तै— श्री ५ महाराजाधिराजबाट

औपचारिक रूपमा शाही घोषणा गर्नुपर्दा– 'हामीबाट गरिबक्सेका छौं' यस्तो वाक्य प्रयोग गरिन्छ । तर सर्वसाधारणबाट उत्तम पुरुषमा आदरार्थी प्रयोग 'कसैले तपाईं भन्देओस् नभन्देओस्, आफैं मपाईं' हुने हुँदा त्यसको कुनै व्याकरणात्मक र व्यावहारिक औचित्य छैन । अत्युच्च एवं उच्च स्तरका आदरार्थी विशेषण र संज्ञाको कर्ता र करण कारकमा जहिले पनि 'बाट' विभक्ति मात्र लाग्छ 'ले' विभक्ति लाग्दैन, जस्तै— 'श्री ५ महाराजाधिराजले' यो प्रयोग शुद्ध हुँदैन ।

नेपालीमा आदरार्थी शब्दहरू प्रायः निम्न लिखित रूपमा प्रयुक्त हुन्छन्—

१) प्रथम पुरुष र मध्यम पुरुषको कर्ताको सर्वनाम ।

२) संज्ञा ।

३) क्रिया ।

उक्त रूपमा प्रयोग गरिने आदरार्थी शब्दहरूको समुचित संयोजनद्वारा आदरार्थी वाक्य तयार हुन्छन् ।

नेपालीमा औपचारिक र सामान्य रूपमा व्यवहार गरिने आदरार्थी शब्दहरू यस प्रकार छन्—

१) राजा र राजपरिवारका सदस्यहरूका निमित्त प्रयोग गरिने कर्तृ विशेषण:

क) मध्यमपुरुष कर्ता सर्वनाम— सरकार

ख) प्रथम पुरुष कर्ता सर्वनाम— मौसूफ

ग) मध्यम पुरुष र प्रथम पुरुष कर्तृ विशेषण (श्री ५)—

श्री ५ महाराजाधिराज = राजा
श्री ५ बडामहारानी = राजमहिषी
श्री ५ युवराजाधिराज = राजाका उत्तराधिकारी पुत्र
श्री ५ मुमा बडामहारानी = राजमाता
श्री ५ अधिराजकुमार = राजाका भाइ र अरू पुत्रहरू
श्री ५ अधिराजकुमारी = राजाका भाइबुहारी, छोरी, दिदी तथा फुपूहरू

२) राज परिवारका सदस्यहरूका निम्ति प्रयोग गरिने केही शब्दहरू :

खुट्टा = पाऊ
हात = बाहुली
शिर = माथ
मुख = मुहार
आँखा = नजर
शरीर = गाथ

लुगा = पोशाक
टोपी = सिरपोश
जुत्ता = पाउपोश
खाना वा भात = भुजा
भवन = दरबार
खाट = पलङ्ग

पानी = जल

डेरा = क्याम्प इत्यादि ।

सन्चो = आराम

३). राजपरिवारका निम्ति प्रयोग गरिने केही क्रियाहरू :

भन्नु = हुकुम हुनु

बस्नु = राज हुनु

खानु = ज्यूनार हुनु

सुत्नु = सुकला हुनु

मुख धुनु, चुठ्नु = मुखारी गर्नु

लगा(ला)उनु = पहिरिबक्सनु

भाषण गर्नु = शन्देस बक्सनु

शौचालय जानु = सुचीमा सवारी हुनु

मृत्यु हुनु = स्वर्गारोहण हुनु

हेर्नु = नजर हुनु

जानु, हिँड्नु = सवारी हुनु

भेट दिनु = दर्शनभेट बक्सिनु

उठ्नु = जागा हुनु

नुहाउनु = स्नान गरिबक्सनु

दिनु = बक्सिनु, बक्स हुनु

रिसाउनु = रिसानी हुनु

दया गर्नु = निगाह हुनु

तेलमालिश गर्नु = तेलाहारी गरि बक्सनु ।

इत्यादि ।

४) सरकारी उच्च ओहदाका व्यक्तिलाई प्रयोग गरिने मध्यम पुरुष कर्तृ-विशेषण यस प्रकारका छन् —

प्रधान मन्त्री, प्रधान न्यायाधीश, राजसभाका अध्यक्ष, राजसभाका सदस्यहरू, राष्ट्रिय पञ्चायतका अध्यक्ष, लोकसेवा आयोगका अध्यक्ष, महान्यायाधिवक्ता आदि संवैधानिक अङ्गका प्रमुखहरूलाई सम्बोधन गर्दा सम्माननीय शब्दको प्रयोग हुन्छ ।

मन्त्री, राज्यमन्त्री, सहायक राज्यमन्त्री, राष्ट्रिय पञ्चायतका सदस्य, सर्वोच्च अदालत तथा क्षेत्रीय अदालतका न्यायाधीशहरू, पञ्चायत नीति तथा जाँचबुझ समितिका सदस्य आदिलाई सम्बोधन गर्दा माननीय शब्दको प्रयोग हुन्छ ।

उक्त सम्माननीय तथा माननीयसँग सम्बन्धित संज्ञाहरू प्रायः सर्वसाधारणकै सरह हुन्छन् ।

राजदूत वा राष्ट्राध्यक्षलाई सम्बोधन गर्दा 'महामहिम' शब्दको प्रयोग गरिन्छ ।

५) श्रीमान् र हजूरको प्रयोग—

श्रीमान् शब्दको प्रयोग न्यायाधीशहरूलाई र कार्यालयमा अधिकृतहरूलाई सम्बोधन गर्दा हुन्छ । श्रीमान्को स्त्रीलिङ्गमा हुने 'श्रीमती' शब्दलाई प्रसङ्गअनुसार विवाहित विशिष्ट स्त्रीहरूका निमित्त प्रयोग गरिन्छ । त्यस्तै अविवाहित स्त्रीहरूका

लागि 'सुश्री' लेख्ने चलन छ । यद्यपि शब्दार्थका दृष्टिबाट अविवाहित स्त्रीका निमित्त पनि 'श्रीमती' लेख्दा कुनै अनर्थ वा विपरीतार्थ हुँदैन तापनि विवाहित र अविवाहित छुट्ट्याउनका लागि अंग्रेजीको 'मिस' र 'मिसेज' शब्दको अनुवादस्वरूप प्रयोग गरिएका यी शब्दहरू चलन चल्तीमा आइसकेका हुनाले उक्त रूपमा स्वीकार्नु नै उपयुक्त छ ।

'हजूर' शब्दको क्षेत्र अन्य आदरार्थी शब्दको भन्दा व्यापक छ । प्रसङ्गअनुसार यस शब्दको विभिन्न तात्पर्यमा प्रयोग हुन्छ । जस्तै—

क) मान्यजनले बोलाउँदा उत्तर दिनुपर्दा– ए गोपाल ! हजूर !

ख) म. पु. सार्वनामिक विशेषण कर्ताको रूपमा– हजूरको आज्ञा शिरोपर छ ।

ग) प्रथमपुरुष कर्ताको सार्वनामिक विशेषण– उहाँ हजूरलाई आराम छैन ।

घ) मान्यजनसँग वार्तालापमा बीचमा सही थाप्दा– हजूर! हो हजूर !

ङ) राजा र राजपरिवारका सदस्यका लागि 'समक्ष' अर्थमा, जस्तै— मौसूफका हजूरमा जाहेर भयो । यस्ता ठाउँमा हजूरको सट्टा 'जुनाफ' शब्दको पनि प्रयोग गरिन्छ, जस्तै— श्री ५ महाराजाधिराजका जुनाफमा अभिनन्दन चढाउँछौं इत्यादि ।

च) कहिलेकाहीं प्रेयसी वा पत्नीले प्रियतम वा पतिलाई प्रेमपूर्ण सम्बोधन गर्दा पनि 'हजूर' शब्द संज्ञाको रूपमा प्रयोग गरिन्छ । जस्तै— मेरो हजूर ! मलाई छोडेर नजानुहोस् । यस प्रयोगमा पनि आदरभावको आंशिक रूपमा समावेश भएको छ ।

यसका क्रियापदहरू पनि पूर्ववत् मुख्य क्रियामा हुनु, बक्सिनु आदि सहायक क्रिया जोडेर प्रयोग गरिन्छन् । जस्तै— भन्नुहोस्, गरिबक्सियोस् आदि ।

६) 'ज्यू' र साहेबको प्रयोग आदर जनाउन विशिष्ट व्यक्तिका नाम वा दर्जाका पछाडि 'ज्यू' र 'साहेब' हुन्छ । जस्तै—

मन्त्रीज्यू, उपकुलपतिज्यू, प्रमुख जिल्ला अधिकारीज्यू, पिताज्यू, दाज्यैज्यू, दिदीज्यू आदि । जर्नेलसाहेब, कर्नेलसाहेब, सुबिदारसाहेब, मास्टरसाहेब, बाबुसाहेब, मैयाँसाहेब आदि ।

७) आदरवाची प्रयोगका विचारणीय कुराहरू—

आदरवाची प्रयोगका सन्दर्भमा के कुरा विचारणीय छ भने यदि कसैको नामको अगाडि आदरवाचक विशेषण प्रयोग गरिएको छ भने अन्तमा पुनः आदरवाचक 'ज्यू' शब्द जोड्नु पर्दैन । जस्तै — सम्माननीय प्रधान न्यायाधीशको औपचारिक रूपबाट प्रशस्त आदर व्यक्त हुने हुनाले अन्तमा ज्यू थपिरहनु कुनै आवश्यक छैन । त्यस्तै 'माननीय रा. पं. स. ज्यू' 'श्रीमान् जिल्ला अधिकारीज्यू' आदिमा पनि अन्तमा आदरवाचक 'ज्यू' प्रत्यय जोड्नुमा कुनै औचित्य देखिंदैन ।

एवं प्रकारले कुनै स्वतः आदरवाचक क्रियामा अर्को आदरवाची क्रियापद जोडेर प्रयोग गर्नु पनि अनावश्यक छ। जस्तै — नजर भयो, सवारी भयो, ज्यूनार भयो, राज भयो इत्यादि विशिष्ट आदरार्थी क्रियापदमा नजर गरिबक्स्यो, सवारी होइबक्स्यो, राज गरिबक्स्यो इत्यादि आदरार्थीमाथि आदरार्थी जोडेर प्रयोग गर्नु पनि आवश्यक देखिदैन। हुन त धेरै ठाउँमा अत्यादरणीयत्व व्यक्त गर्ने अभिप्रायले उक्त शब्दहरूको प्रशस्त मात्रामा प्रयोग गरिएको देखिन्छ। एवं प्रकारले सविनय साथ, सभक्तिपूर्वक, सधन्यवाद सहित आदि शब्द पनि आदर प्रकट गर्ने नभएर उल्टै अशुद्ध मानिन्छन्। यी शब्दहरूमा आदिको 'स' ले नै साथ वा सहित अर्थ बुझाउँदछन्। अतः सभक्ति भनेपछि पूर्वक जोड्नु गल्ती भए जस्तै भक्तिपूर्वकमा 'स' थप्नु अनावश्यक हुन्छ। त्यसो हुनाले कि आदिमा 'स' लगाएपछि अन्तको सहित, पूर्वक शब्दलाई हटाउनुपर्‍यो, कि अन्तमा पूर्वक, सहित जोडेपछि आदिमा 'स' जोड्नु भएन। यस प्रकार आदरार्थी शब्दहरूको प्रयोगमा ध्यान दिनुपर्ने अन्य धेरै कुराहरू छन्।

८) पत्राचारमा सम्मानबोधक प्रयोग—

अन्य व्यवहारमा झैं पत्राचारका क्षेत्रमा पनि सम्मान र विनय प्रकट गर्ने प्रयोग गरिने आदरार्थी शब्दहरू हुन्छन्। पत्राचारमा खास गरी शिर बेहोरा, सम्बोध्य व्यक्तिको विशेषण, सम्बोधन र पत्रको अन्तमा पत्र लेखकको विशेषणमा सम्बोध्य व्यक्तिलाई आदर गर्दा प्रयोग गरिने शब्द आदरार्थी हुन्छन्। जस्तै—

क) श्री ५ महाराजाधिराजका 'हजूरमा' वा 'जुनाफमा'

सम्बोधनमा— सरकार !

एवं प्रकारले राजपरिवारका अन्य सदस्यलाई लेखिन्छ।

ख) श्री ६ पूज्य पिताज्यूका चरणमा दण्डवत्।

ग) औपचारिक क्षेत्रमा पत्राचार गर्दा औपचारिक विशेषण सहित ओहदाको उल्लेख गर्ने, जस्तै—

सम्माननीय प्रधानमन्त्रीका सेवामा

सम्बोधन— महोदय, महाशय इत्यादि।

यस्तै गुरुलाई १०८ र जगद्गुरु शंकराचार्यजस्ता ठूला साधु संन्यासीलाई १००८ लेख्ने पनि चलन छ।

घ) पत्रको अन्तमा—

विनीत सेवक, आज्ञाकारी, भवदीय आदि लेखिन्छ।

९) केही अन्य आदरवाचक शब्दहरू—

नेपालीमा पूर्वोल्लिखित बाहेक अन्य कतिपय फुटकर आदरवाचक शब्दहरू,

क्रियापद, क्रियाविशेषण, संज्ञा र विशेषणका रूपमा प्रशस्त मात्रामा प्रयुक्त हुन्छन् । जस्तै—

श्री ५ को हस्ताक्षर — बाहुली दस्तखत
श्री ५ मा पठाइने पत्र — विनतिपत्र वा बिन्तीपत्र
श्री ५ मा हस्तान्तरण गर्नु — बाहुली दाखिल गर्नु
श्री ५ मा सुनाउनु वा अवगत गराउनु — जाहेर गर्नु
श्री ५ को भाषण — शाही सम्बोधन, शाही सन्देश
श्री ५ का सूक्तिहरू — महावाणी
श्री ५ सम्बन्धी — शाही
श्री ५ मा अर्पण गर्नु — बाहुलीमा टक्र्याउनु, चढाउनु
श्री ५ बाट पठाइने खबर — सन्देश
श्री ५ को छाप — लालमोहर

यी बाहेक सर्वसाधारणका रूपमा प्रयोग गरिने—

निवेदन, आवेदन, आदेश, निर्देशन, आज्ञा, तजबीज, ज्ञापन, अनुरोध, पाउकष्ट, अनुग्रह, कृपया, कृपापूर्वक, शिरोपर, शिरोधार्य, प्रातःस्मरणीय, वन्दनीय, महामना, महात्मा, कृपापात्र, श्रीमुख, मुखारविन्द, पूज्यपाद, नमस्कार, प्रणाम, वरिष्ठ, पुनीत, पावन आदि शब्दहरूले सन्दर्भ र प्रसङ्गअनुसार आदर व्यक्त गर्दछन् ।

आदरार्थी क्षेत्रमा मात्र नभई भाषाको सम्पूर्ण क्षेत्रमा नै समाज, संस्कृति र परम्पराको घनिष्ठ सम्बन्ध रहन्छ, यसबाहेक राजनीतिक परिवर्तन र प्रशासनिक प्रणालीबाट पनि भाषा प्रभावित नभई रहन सक्तैन भन्ने कुरा भाषाको उत्पत्ति र विकासको इतिहासले हामीलाई बताइरहेको छ । अतएव उक्त कुरालाई हृदयङ्गम गरी हाम्रो राष्ट्रभाषा नेपालीलाई सुसमृद्ध, परिष्कृत एवं वैज्ञानिक बनाउनका निमित्त आधिकारिक तहबाट राम्रो ध्यान दिनुका साथै यसमा सचेष्ट र साधनारत हुनु प्रत्येक राष्ट्रभाषाप्रेमी शिक्षाविद्‌हरूको परम कर्तव्य हो । आजसम्म उपलब्ध भएका नेपाली व्याकरणसम्बन्धी पुस्तकहरूमा कतै पनि आदरार्थी शब्द र प्रयोगका सम्बन्धमा विस्तृत चर्चा गरिएको छैन । अतः भाषाको परिष्कार गर्ने अभियानको वर्तमान परिप्रेक्ष्यमा भाषाका अन्य शब्दहरूको झैं आदरार्थी शब्द, आदरार्थी वाक्यगठन र त्यससम्बन्धी प्रक्रियाहरूको पनि विशद विवेचना गरी नेपाली भाषा व्याकरणको एक अङ्गको रूपमा समावेश गर्नु वाञ्छनीय मात्र होइन अत्यावश्यक पनि देखिन्छ ।

□

# नेपालीमा आदरार्थी प्रयोग

रमा शर्मा

## १. पृष्ठभूमि

नेपाल अधिराज्यको पूर्वी सीमाना मेचीदेखि पश्चिमी सीमाना महाकालीसम्म बोलिने नेपाली भाषा अधिकांश नेपालीको मातृभाषा र नेपालको राष्ट्रभाषा हो। पछिल्लो जनगणनानुसार मातृभाषाका रूपमा यो भाषा बोल्नेहरूको प्रतिशत ५८.३ छ।[1] यसले नेपाल बाहिर दार्जिलिङ्ग, भूटान, सिक्किम आदि स्थानहरूमा व्यापकता र प्रतिष्ठा प्राप्त गरिरहेको छ। स्नातकोत्तरको अध्ययन मात्र होइन, विद्यावारिधि-तहको अध्ययन समेत नेपाल बाहिरका– नर्थ बङ्गाल विश्वविद्यालय (दार्जिलिङ्ग) र बनारस हिन्दू विश्वविद्यालय (बनारस) मा हुन थालिसकेको छ। कतिपय विदेशीहरूले समेत नेपालमै आई यसको अध्ययन रुचिपूर्वक बढाउँदै गरेको तथ्य पनि यहाँ उल्लेखनीय हुन आउँछ।

यस परिप्रेक्ष्यमा नेपाली भाषाका व्याकरणसम्बन्धी नियमहरूमा अरू एकरूपता, स्पष्टता, वैज्ञानिकता तथा सरलता हुनु वाञ्छनीय ठानिन्छ। नेपाली भाषाको पहिलो व्याकरण विदेशी विद्वान् जे. ए. इटनले लेखेपछि यस भाषामा स्वदेशी चिन्तक वीरेन्द्रकेशरी, जयपृथ्वीबहादुर सिंह, विश्वमणि आ. दी., हेमराज पाण्डे, पारसमणि प्रधान, हृदयचन्द्रसिंह प्रधान, शिवगोपाल रिसाल, विष्णु गोपाल रिसाल, मोहनराज शर्मा, रोहिणीप्रसाद भट्टराई आदिबाट आ–आफ्ना किसिमसँग यस भाषाका नियमहरूलाई व्यक्त गर्ने प्रयास भएको पाइन्छ। निश्चय पनि उपर्युक्त व्याकरणकारका कुनै कुनै ग्रन्थले व्यावहारिक रूपमा निकै गहीरो र सकारात्मक प्रभाव पनि छाडेका छन्। यसो भए तापनि यीमध्ये कुनै पनि एउटै ग्रन्थ व्याकरणका सम्पूर्ण विषयलाई समेट्न सक्ने हुन सकेका पाइँदैनन्। व्याकरणका पुस्तक खास गरी शिक्षण–प्रयोजनलाई नै दृष्टिमा राखी लेख्ने

---

[1] व्रतराज आचार्य : हाम्रो भाषा (२०४०) पृ. ३६।

गरिएको पाइन्छ । यसो हुँदा व्याकरणकार सम्बद्ध पाठ्यक्रमका बुँदाका आधारमा आफ्ना मौलिक चिन्तनहरू प्रस्तुत गर्ने प्रयास गरिरहेको हुन्छ । यसरी पाठ्यक्रममा केन्द्रित हुनुपर्दा पाठ्यक्रममा नपरेका व्याकरणका पक्षहरू कतिपय पुस्तकमा समावेश भएका पाइन्नन् भने कुनै–कुनैमा सूत्रात्मक रूपमा मात्र रहेका पाइन्छन्, अनि कतिपय विषयचाहिं पुस्तकमा भए पनि समय सन्दर्भले पुनः मूल्याङ्कन हुनुपर्ने स्थितिमा पनि पुगेका देखिन्छन् । यस परिस्थितिमा नेपाली भाषाका प्रसिद्ध व्याकरणकार सोमनाथ शर्माको जन्म–शताब्दीका सन्दर्भमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट नेपाली व्याकरणका विविध पक्षमाथि पुनः चिन्तन गर्न 'नेपाली व्याकरण अधिगोष्ठी' हुने कार्य सान्दर्भिक र सामयिक बन्न पुगेको ठान्न सकिन्छ ।

नेपाली व्याकरणको एक विषय र नेपाली जनजीवनमा अत्यन्त गहन स्थान प्राप्त आदरार्थीको प्रयोगबारे केही चिन्तन गर्नु यस गोष्ठीपत्रको उद्देश्य रहन गएको छ । अभिव्यक्तिको सशक्त स्वरूप आदरार्थीको प्रयोगबारे नेपाली व्याकरणकार सबैको दृष्टि नपरे पनि केही प्रमुख व्याकरणकारले यसको विषयमा वचन–प्रकरण, सर्वनाम–प्रकरण, क्रियापद-प्रकरण जस्ता ठाउँमा गरेको चर्चा र हाल देखापरेको आदरार्थीको विविध प्रयोगका आधारमा आदरार्थीका विभिन्न रूप, यसबारे निश्चित नियमको आवश्यकता जस्ता कुरामा यस पक्षले केही प्रकाश पार्ने प्रयत्न गरेको छ ।

## २. भाषामा आदरार्थीको महत्त्व

'आदर' मा 'अर्थी' लागेर बनेको आदरार्थी शब्दले सम्मान बुझाउँछ, कदर जनाउँछ । आदर मानिसको स्वाभाविक चाहना हो । घरपरिवारदेखि लिएर बाहिरी जगत्सम्म आदरको विशेष स्थान हुन्छ । जसलाई जस्तो आदर शब्दको प्रयोग हुनुपर्छ त्यस्तो हुन नसकेमा परिणाम प्रतिकूल हुने समेत सम्भावना हुन्छ । आदरार्थी प्रयोगका दृष्टिले नेपाली भाषाको आफ्नै विशेषता छ । यसमा आदरार्थीका विभिन्न क्रम छन् । खास गरेर सर्वनाम र क्रियापदसँग आदरार्थी विशेष रूपमा सम्बद्ध छ । सर्वनाम र क्रियापदका विभिन्न क्रमले आदरको विभिन्न तह बुझाउँछ र यसका लागि खास प्रकारका सर्वनामसँग खास प्रकारका क्रियापदको सङ्गति हुनु अपेक्षित ठानिन्छ, यद्यपि केही सार्वनामिक शब्दमा एकै प्रकारको क्रियापदको प्रयोग हुने गरेको पनि पाइन्छ । वक्ताले गरेको आदरार्थी प्रयोगबाट सामान्यतः उसको समाज र संस्कृतिको समेत ज्ञान हुन्छ । भाइले दाजुलाई तिमी आयौ, तपाईं आउनुभयो, यहाँ आउनुभयो, सवारी भयो वा आइबक्स्यो भन्दा भनिने

[illegible] [illegible] [illegible] पनि आदरार्थी प्रयोगको दृष्टिकोणबाट [illegible] [illegible] पनि फरक फरक हुन पुगेको पाइन्छ । कुनै कुनै परिवारमा 'हजूर आउनुभयो' वा 'आइबक्स्यो' भनिएको पनि पाइन्छ । हुन त लगभग उस्तै-उस्तै उमेरका दाजुभाइ-दिदीबहिनी अथवा दाजुबहिनी- दिदीभाइमा उमेरको सामीप्यका कारण कम उमेरकाले बढी उमेरकालाई 'तँ' वा 'तिमी' सर्वनामको र सोही अनुसारको क्रियापद प्रयोग गर्ने गरेको नपाइने होइन । बाबुआमा वा अभिभावकको हेलचेक्र्याइँका कारण पनि केटाकेटीमा यस्तो बानीको विकास भएको हुन्छ । नेपाली शिष्ट भाषाको प्रयोगका क्रमसा यस्ता शब्द उचित ठानिंदैनन् र स्वयं प्रयोक्ताले समेत यस विषयमा सचेत भएपछि आफ्नो गल्ती अनुभव गर्न थाल्छ र 'लागेको बानी' को वशमा परेर अनौपचारिक रूपमा 'तँ' वा 'तिमी' शब्द प्रयोग गर्ने भए पनि औपचारिक रूपमा भने परिवारको प्रचलन अनुसार 'तपाईं' वा 'हजूर' आदरार्थी शब्द नै प्रयोग गर्न खोज्ने प्रवृत्ति उसमा भएको पाइन्छ ।

वक्ता र श्रोताको वा तेस्रो व्यक्तिको उमेर, नाता, पद, सामाजिक स्तर आदिको आधारमा एकले अर्काप्रति उचित आदरार्थी शब्द प्रयोग गर्नुपर्ने हुन्छ। कतिपय प्रसङ्गमा आदरार्थी शब्द प्रयोग नगरे पनि हुने स्थानमा पनि वक्ताको समान व्यवहार गर्न खोज्ने प्रवृत्तिका क्रममा आदरार्थी शब्दको प्रयोग हुने गरेको पाइन्छ भने कम स्तरको आदरार्थी प्रयोग गरे हुने स्थानमा सोभन्दा माथिल्लो स्तरको आदरार्थी प्रयोग हुने गरेको पनि देखिन्छ । बाबुले छोरालाई 'तिमी यता आऊ' भन्नु, गुरुले चेलालाई 'तपाइँलाई म सिकाउँछु' भन्नु यसैको उदाहरण हो। त्यस्तै घरमा काम गर्ने पाको उमेरको लाई 'तरकारी किनेर ल्यानुहोस् त' भन्ने वा कार्यालयका सामान्य कर्मचारीले पाले आदि निम्न पदका-लाई 'पाले दाइ, पानी खान ल्याउनुहोस् त' भन्ने गरेकोलाई पनि माथिकै प्रसङ्गमा लिन सकिन्छ ।

आदरवाची शब्दको प्रयोगले वाक्यमा रहेको विनम्रता र शिष्टता जाहेर गर्छ र श्रोताको हृदयमा त्यसले गहिरो प्रभाव छाड्ने हुन्छ । सरल प्रकृतिका मानिसले बढी आदर जनाउने किसिमका शब्द अर्को उपर व्यक्त गरिदिनाले उसको झुकाऊ आदरका शब्द बोल्नेप्रति स्वतः बढ्न पुग्छ । वक्ता यदि आफ्नो काम पटाउनका लागि आदरार्थी शब्दको पर्रा छुटाउनामा अभ्यस्त बन्दछ भने यस अवस्थामा उसले प्रयोग गरेका आदरवाची शब्दले विनम्रता र शिष्टता देखाउनाको साटो चाप्लुसीपनाको बोध गराउँछ । अनि कहिलेकहीं आदरवाची शब्द व्यङ्ग्यार्थका रूपमा प्रयोग हुने पनि गर्दछन् । मूर्ख छोरालाई 'हाम्रा छोरा क्या बुद्धिमान् छन्' भन्नु वा अल्छी बहिनीलाई 'हाम्री बहिनी कति

जाँगरिलो छन्' भन्नु विपरीत अर्थ बोध गराउनु हो। यसरी आदरार्थी प्रयोग विभिन्न प्रयोजनका निमित्त भएका पाइन्छन् जसमध्ये प्रमुख हुन्—

१) अरूप्रति समुचित आदर जनाउनाका लागि।
२) आफ्नो शिष्टता र विनम्रता प्रदर्शन गर्नाका लागि।
३) अरूप्रति समानताको व्यवहार गर्नाका लागि।
४) चाप्लुसीपन देखाई काम पटाउनाका लागि।
५) विपरीत अर्थ जनाउनाका लागि।

तर आदरार्थी भन्नाले प्रमुख रूपमा माथिका १–३ बूँदाकै सम्झना हुन्छ।

## ३. नेपाली भाषामा आदरार्थी पद

नेपाली भाषामा आदरार्थीका रूपमा ज्यादा प्रयोग हुने पदहरू सर्वनाम र क्रियापद हुन्। सर्वनामका प्रथम, द्वितीय र तृतीय तीनै पुरुष आदरार्थी जनाउने र नजनाउने गरी दुई प्रकारका हुन्छन्। यसै गरी आदर जनाउने र नजनाउने गरी क्रियापद पनि दुई प्रकारका पाइन्छन्। आदरार्थी सर्वनाम क्रियापदबाट अझ स्पष्ट हुने हुँदा दुवैको उदाहरण एकै ठाउँमा प्रस्तुत गरिन्छ—

| | आदर जनाउने | | आदर नजनाउने | |
|---|---|---|---|---|
| | सर्वनाम | क्रियापद | सर्वनाम | क्रियापद |
| प्रथम पुरुष | म | गर्छु | हामी | गर्छौं |
| | | | हामीबाट | गरिबक्सन्छौं |
| द्वितीय पुरुष | तँ | गर्छस् (पुं.) | तिमी | गर्छौ (पुं.) |
| | | गर्छेस् (स्त्री.) | आफू | गर्छ्यौ (स्त्री.) |
| | | | तपाईं | गर्नुहुन्छ |
| | | | हजूर | गरिबक्सिन्छ |
| तृतीय पुरुष | त्यो/यो/उ | गर्छ (पुं.) | ती/तिनी | गर्छन् (पुं.) |
| | | गर्छे (स्त्री) | यी/यिनी | गर्छिन् (स्त्री.) |
| | | | उ/उनी | " |
| | | | उहाँ/यहाँ | गर्नुहुन्छ |
| | | | मौसूफ[२] | गरिबक्सिन्छ |

---

[२] हजूर, मौसूफ, सरकार शब्द के कस्ता (सर्वनाम वा अन्य) हुन् भन्नेबारे विभिन्न दृष्टिकोण पाइन्छ जसको विशेष चर्चा 'नेपाली आदरार्थीका केही प्रमुख समस्या' मा गरिनेछ।

यिनमा आदरार्थी द्वि. पु. 'तिमी' र तृ. पु. ती–तिनी/यी–यिनी/उ–उनीमा पुलिङ्ग र स्त्रीलिङ्गका विभिन्न क्रियापदका रूप बेग्लाबेग्लै पाइएका छन् । अन्य द्वि. तृ. पुरुषका आदरार्थीमा क्रियापदमा लिङ्गभेद भएको पाइँदैन । लिङ्ग छुट्ट्याउनाका निमित्त अन्य सन्दर्भको आवश्यकता पर्दछ ।

केही विशेषण शब्द पनि आदरार्थीबोधक छन् । कतिपय वाक्यमा विशेषणले मात्र कर्ता (सर्वनाम) र क्रियाको लिङ्ग बुझाएको पनि पाइन्छ 'उनी राम्रा छन्' मा कर्ता पुलिङ्गी र 'उनी राम्री छन्' मा कर्ता स्त्रीलिङ्गी छन् जुन कुरा त्यो वाक्यको विशेषणबाट स्पष्ट हुन आएको छ । त्यस्तै पुलिङ्गी आदरार्थी विशेषण काला, लाटा, साना, गोरा (भाइ) आदि हुन् भने स्त्रीलिङ्गी विशेषण काली, लाटी, सानी, गोरी (बहिनी) आदि हुन् । केही नाम शब्द पनि आदरार्थीबोधक छन् । मालिक, प्रभु, सरकार[३], साहेब, पिताजी, बुवाज्यू यस्ता शब्द आदरार्थी नाम हुन् ।

## ४. प्रमुख नेपाली व्याकरणमा आदरार्थीको चर्चा

### क) चन्द्रिका—

स्वदेशी विद्वान्द्वारा रचना गरिएको नेपाली भाषाको पहिलो बृहत् व्याकरण माहिला गुरुज्यूका नामले चिनिने हेमराज शर्माको पाँच भागमा प्रकाशित चन्द्रिका (सं. १९६९) हो । यस पुस्तकमा आदरार्थीको चर्चा प्रमुख रूपमा वचन-प्रकरण तथा केही मात्रामा सर्वनाम-प्रकरण (पुरुषवाचक, मानबोधकका क्रममा) र फाटफुट रूपमा अन्यत्र पनि भएको छ । चन्द्रिकाले अनेक वचनका तीन प्रकार (अनेकार्थी, प्रकारार्थी, आदरार्थी) मध्ये आदरार्थीको परिचय यसरी प्रस्तुत गरेको छ—

'मनुष्य र देववाचक सामान्य नाम, विशेष नाम, सर्वनाममा एकलाई बुझाउन प्रयोग गरेमा पनि तिनको मानको तात्पर्यले बहुवचनको प्रयोग हुन्छ, यसलाई आदरार्थी अनेक वचन भन्दछन्... ।[४]

### ख) मध्यचन्द्रिका—

शिक्षण-प्रयोजनका लागि अत्यधिक मात्रामा प्रचलित चन्द्रिकाको छोटकरी रूपमा तयार पारिएको व्याकरणसम्बन्धी पुस्तक मध्यचन्द्रिका (सं. १९७६) हो । सोमनाथ शर्माको यस पुस्तकले त्यस बेलादेखि अहिलेसम्म शिक्षणकार्यमा शिक्षक-

---

[३] पूर्ववत् ।

[४] हेमराज शर्मा : चन्द्रिका, पृ. ६९ ।

विद्यार्थीलाई र भाषाका जिज्ञासुहरूलाई ठूलो सहयोग पुऱ्याइरहेको छ । हालसम्म यसका अनेकौं संस्करण प्रकाशित भएबाट र पाठ्यपुस्तकका रूपमा यसले स्थान पाइरहेकोबाट यसको व्यावहारिक महत्व र लोकप्रियता बुझ्न सकिन्छ । यस पुस्तकले पनि आदरार्थी बारे चन्द्रिकाले झैं वचन तथा सर्वनाम प्रकरणमा केही चर्चा गरेको छ र क्रियापदका प्रकरणमा पनि केही उल्लेख गरेको छ । आदरार्थी बारे अनेक वचनका क्रममा चन्द्रिकाकै सिद्धान्त यसले अपनाएको छ । त्यो यही हो—

'कोही मनुष्य देवता आदिलाई कहने सामान्य नाम, विशेष नाममा एउटालाई भन्दा पनि मानको तात्पर्यले अनेक वचन हुन्छ । यस्तो एक व्यक्तिको आदर बुझाउने अनेक वचनलाई आदरार्थी बहुवचन भन्दछन् ।[५]

### ग) बृहद् नेपाली व्याकरण—

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले व्याकरण-समिति गठन गरी तयार पारेको बृहद् नेपाली व्याकरण (सं. २०३३) निश्चय नै हालसम्म निस्केका नेपाली व्याकरणहरूमा बृहत् आकारको छ । व्याकरणविद् रोहिणीप्रसाद भट्टराईको विशेष प्रयत्नमा तयार भएको यस पुस्तकले नेपाली भाषाका नियमहरू जान्न खोज्नेहरूलाई निकै सुविधा नपुऱ्याएको होइन तापनि अहिलेसम्म 'ब' लेख्ने गरेका ठाउँमा 'व' लेख्न लगाउने र 'व' लेख्ने गरेका ठाउँमा 'ब' लेख्न लगाउने नियमले भने 'समय सुहाउँदो' का नाममा भाषामा केही अप्ठेरोपना नसिर्जेको पनि होइन । अन्य विषयमा झैं आदरार्थीका विषयमा यस पुस्तकले बढी नै चर्चा गरेको छ । वचनका क्रममा आदरार्थी अनेक वचनको परिचय यसले अगाडिका पुस्तकले भन्दा केही विस्तृत रूपमा यसरी दिइएको छ—

देवता र मानिसलाई बुझाउने सामान्य नाम र सर्वनामदेखि एउटालाई बुझाउँदा पनि आदर जनाउन गरिने बहुवचनलाई आदरार्थी बहुवचन भन्दछन् । आदरार्थी बहुवचनमा 'हरू' प्रत्यय नित्यै दबिन्छ । मुख्य रूपले क्रियापद, बहुवचनबोधक सामान्य रूप, विशेषण, सम्बन्धबोधक विभक्ति, दर्शक सर्वनाम र आदरार्थी नपुसकलिङ्गी क्रियापदहरूद्वारा बहुवचन बुझिन्छ ।

··· कहीं पशुलाई पनि आदरार्थी बहुवचनको प्रयोग गरिन्छ जस्तो— गाई आइन्, बाच्छी आइन् आदि ।[६]

'मानबोधक सर्वनाम' का क्रममा त यस पुस्तकले मान बुझाउने शब्द

---

[५] **सोमनाथ शर्मा :** मध्यचन्द्रिका, पृ. ३२ ।

[६] बृहद् नेपाली व्याकरण, पृ. ८३, ८४ ।

अर्थात् आदरार्थीका बारे लगभग चार पृष्ठकै सामग्री प्रस्तुत गरेको छ जसलाई निकै नै ठान्नु पर्दछ ।

घ) अनिवार्य नेपाली शिक्षण–निर्देशन—

त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रले लिथोका रूपमा प्रकाशमा ल्याएको अनिवार्य नेपाली शिक्षण–निर्देशन : नेपाली व्याकरण खण्ड १ (सं. २०३९) ले महाविद्यालयको प्रवीणता प्रमाणपत्र तथा स्नातक तहको अनिवार्य नेपालीको पाठ्यक्रमानुसारको व्याकरण–शिक्षणलाई ध्यानमा राखी केही सामग्री प्रस्तुत गरेको छ जसमा एउटा विषय 'आदरार्थी सर्वनामको शिक्षण' रहेको छ । माथि उल्लेख गरिएका तीन प्रमुख पुस्तकमा आदरार्थीको बेग्लै प्ररकण पाइँदैन र विभिन्न प्रसङ्गमा यसबारे बेग्लै ठाउँमा धेरथोर चर्चा भएको छ । आदरार्थी प्रयोगका निमित्त यस लिथो पुस्तकले भने विषयसूचीमै यो विषय समावेश गरी आदरार्थीबारे नयाँ अध्याय थपेको अनुभव हुन्छ । यसले सर्वनाम सम्बन्धी आदरार्थीलाई व्यावहारिक रूपबाट प्रमाणित गर्न खोजेको छ । वचनतर्फको विस्तृत चर्चा भने यसले गरेको छैन तापनि मोटामोटी रूपमा यसले पनि केही दिन खोजेको छ । यो पुस्तक क्याम्पसस्तरीय शिक्षण–प्रयोजनका लागि भएको, यसमा पनि शिक्षक–वर्गका लागि मात्र भएको र लिथोका रूपमा मात्र भएको हुँदा यसबाट सर्वसाधारण लाभान्वित हुन सकेको चाहिँ ठान्न सकिँदैन ।

## ५. वचनका क्रममा आदरार्थी

आदरार्थीको चर्चा धेरैजसो व्याकरणहरूमा वचनकै सन्दर्भमा सर्वप्रथम भएको पाइन्छ जसको तालिका निम्नानुसार हुन्छ—



देवता र मानिसलाई बुझाउने सामान्य नाम र सर्वनाममा एउटालाई बुझाउँदा पनि मानको तात्पर्यले अनेक वचनको क्रिया प्रयोग भएमा आदरार्थी अनेकवचन हुने कुरा व्याकरणकारहरूले दिएको परिभाषाबाट स्पष्ट हुन्छ । यस-

अनुसार 'भगवान् सबैको कल्याण गर्छन्,' 'उनी भलाद्मी थिए' यी आदरार्थी अनेक वचनका उदाहरण हुन् । मध्यचन्द्रिकाकारले आदरार्थी अनेकवचनको उदाहरणमा 'पार्वती आइन्' पनि दिएका छन् । त्यस्तै बृहद् नेपाली व्याकरण-कारले कहीं पशुलाई पनि आदरार्थी बहुवचनको प्रयोग गरिन्छ भनी उदाहरणमा 'गाई आइन्, बाच्छी आइन्' प्रस्तुत गरेका छन् । उपर्युक्त उदाहरणहरूमा 'भगवान् सबैको कल्याण गर्छन्,' 'उनी भलाद्मी थिए' का 'गर्छन्, थिए' दुवै अनेकवचनका क्रियापद हुन् 'भगवान्, र उनी' ले एउटालाई बुझाए पनि मानको अर्थ भएको हुँदा कर्तामा अनेकवचनका क्रियापद प्रयुक्त भए । तर पार्वती आइन्, गाई आइन्, बाच्छी आइन् मा यो नियम मिलेको छैन । 'आइन्' क्रियापद अनेकवचनको नभएर एकवचनको हो । 'आइन्' लाई अनेक वचनको बनाउन 'आए' क्रियापद प्रयोग गर्नुपर्ने हुन्छ जुन स्त्रीलिङ्गमा अनेकार्थी र प्रकारार्थी अनेकवचन मात्र हुन सक्तछन् । स्त्रीलिङ्गी सबै 'आइन् आउँछिन् आउलिन्' को कर्ता एकवचनको हुन्छ ।

यसो हुँदा व्याकरणमा आदरार्थी अनेकवचनको मात्र होइन आदरार्थी एकवचनको औचित्य पनि स्वीकार्नुपर्ने हुन्छ । तर आदरार्थी एकवचनको चर्चा कुनै पनि व्याकरणकारले गरेको पाइँदैन । आदरार्थी एक तथा अनेकवचनमा भूत, वर्तमान तथा भविष्यत् कालमा निम्नानुसारका वाक्यहरू बन्न सक्तछन्—

| क) आदरार्थी एकवचन | ख) आदरार्थी अनेकवचन |
|---|---|
| यिनी/उनी/तिनी/सीता आइन् | यिनी/उनी/तिनी/राम आए |
| ,, ,, आउँछिन् | ,, ,, आउँछन् |
| ,, ,, आउलिन् | ,, ,, आउलान् |
|  | तिमी (राम वा सीता) आयौ |
| तिमी (सीता) आउँछ्यौ | ,, (राम) आउँछौ |
| ,, ,, आउलेऊ | ,, ,, आउलाऊ |

(क) तथा (ख) दुवै खण्डका क्रिया आदरार्थी हुन् । (क) खण्डमा सबै एकवचनका क्रिया भएकाले 'तिमी' कर्ता पनि आदरार्थी एकवचनको हुन पुगेको छ । (ख) खण्डमा सबै अनेक वचनका क्रिया भएकाले कर्ता पनि सबै आदरार्थी अनेक वचनका भएका छन् । यहाँ स्त्रीलिङ्गलाई बुझाउन आउने द्वितीय पुरुष आदरार्थी 'तिमी' सर्वनामको सामान्य भूतकालिक क्रिया भने पुंलिङ्गी अनुसार नै अनेक वचनको भएको पाइन्छ । पूर्ण, अपूर्ण आदि भूतकालिक क्रियामा भने स्त्रीलिङ्गसँग पनि एकवचनकै क्रिया प्रयुक्त हुन्छ । जस्तै— तिमी आएकी थियौ ।

यसै गरी द्वितीय पुरुष 'तिमी' भन्दा माथिल्ला तहका आदरार्थी सर्वनाम (आफू, तपाईं, यहाँ, हजूर) सँग सम्बन्ध रहने गरी आउने क्रियापद एकवचनका

नै हुन्छन् । साथै तृतीय पुरुष (उहाँ, यहाँ) सर्वनाम र संज्ञासँग सम्बन्ध रहने गरी आउने क्रियापद पनि एकवचनका नै हुन्छन्, जस्तै—

| | भूतकाल | वर्तमान काल | भविष्यत् काल |
|---|---|---|---|
| सर्वनाम– आफू, तपाईं | पाल्नुभयो | पाल्नुहुन्छ | पाल्नुहोला |
| यहाँ, हजूर | आउनुभयो | आउनुहुन्छ | आउनुहोला |
| संज्ञा– दाजु, दिदी | आइबक्सियो | आइबक्सिन्छ | आइबक्सेला |
| | सवारी भयो | सवारी हुन्छ | सवारी होला |

## ६. नेपालीमा आदरार्थी स्वरूप

वक्ता, श्रोता वा तेस्रो व्यक्तिको उमेर, नाता, दर्जा सामाजिक स्तर आदिका आधारमा आदरार्थी शब्दको प्रयोग हुने कुराको उल्लेख माथि गरियो । यस अनुसार आदरार्थीका विभिन्न स्वरूप देखिएका छन् । सानाले (उमेर, नाता आदिका दृष्टिमा) ठूलासँग सम्पर्क गर्दा आदरार्थी शब्द प्रयोग गर्नुपर्ने कुरामा कुनै शङ्का छैन, तर ठूलाले सानासँग व्यवहार गर्दा पनि शिष्टताको निमित्त आदरार्थी प्रयोग गर्ने गरेको पनि पाइन्छ । समान तहकाले आपस-आपसमा शिष्टता र औपचारिकताका लागि आदरार्थी प्रयोग गर्ने गरेकै देखिन्छ । उमेर, दर्जा, सामाजिक स्तरमा आफूभन्दा निकै तलका निमित्त आदरवाची शब्दको प्रयोग प्रायः भएको पाइँदैन, तर नातामा भने आदरार्थी शब्दको प्रयोग नगरे पनि हुने छोराछोरी, भाइबहिनीका निमित्त आदरार्थी शब्द प्रयोग हुने गरेको पनि देखिन्छ । ठूलाले सानालाई, सानाले ठूलालाई र समान तहकाले आपस-आपसमा प्रयोग गर्ने गरेका आदरार्थीका केही नमूना यहाँ प्रस्तुत गरिन्छ ।

### ६. १. ठूलाले सानासँग प्रयोग गर्ने आदरार्थी–

क) उमेरका आधारमा—

अ) बूढो व्यक्तिले अधवैंसेसँग—

हेर्नोस्, हामी त दूध दहीमा खेलीखेली हुर्केका ! अहिले त देख्नै मुश्किल पर्‍यो ।

आ) बूढो व्यक्तिले केटाकेटीसँग—

म तिमीहरूलाई कथा सुनाउँछु, ध्यान दिएर सुन ।

ख) नाताका आधारमा—

अ) आमाबाबुले छोरा वा छोरीसँग—

छोरा (अथवा छोरी), तिमीलाई भोक लाग्यो कि ?

(आ) दिदी-दाजुले भाइ-बहिनीसँग--

भाइ (अथवा बहिनी), तिमी भोलि मकहाँ आउँछौ (आउँछ्यौ) ?

(इ) सासूससुराले बुहारीसँग--

तिमीलाई दिएको साँचो कहाँ राख्यौ ?

(ई) दुलहाले दुलहीसँग—

तिमी पर्खिराख, म छिटै आउँछु ।

ग) दर्जाका आधारमा--

(अ) कार्यालय-प्रमुख वा अन्य कर्मचारीले आफूभन्दा केही कम स्तरका सँग--

आजै एउटा पत्र लेखेर त्यो कार्यालयमा पठाइहाल्नोस् ।

(आ) कार्यालयका कर्मचारीले आफ्ना निम्न स्तरका (चौकीदार, पाले आदि) कर्मचारीसँग--

यो चिठी हुलाकमा पुऱ्याएर आऊ त ।

(इ) निम्न स्तरका कर्मचारी पाको उमेरको भएमा चाहिं--

यो चिठी हुलाकमा पुऱ्याएर आउनोस् त ।

(ई) गुरुले विद्यार्थीसँग–

विद्यार्थी केटाकेटी भएमा– राम्ररी पढ ।

विद्यार्थी आफूभन्दा बढी उमेरको, आफ्नो उमेरको वा अलि कम उमेरको भएमा– हिजो दिएको पाठ तयार गर्नुभयो ?

घ) सामाजिक स्तरका आधारमा--

(अ) घरमा मालिकले काम गर्नेसँग--

चाँडै पानी ल्याऊ ।

(आ) चिनजान नभएका कुनै व्यक्तिबाट सामान्य काम लिनुपर्दा--

ए दाई (दिदी) यति त्यहाँसम्म लगिदिनुस्न ।

ए भाइ (बहिनी) " " लगिदेऊन ।

माथि (ख) मा उल्लेख गरिएका नातासम्बन्धी उदाहरणमा आदरवाची शब्दको प्रयोग नगरेर द्वितीय पुरुष तँ र त्यसँसँग सङ्गति हुने (जा जस्ता) क्रियापद प्रयोग हुने गरेका उदाहरण पनि धेरै पाइन्छन्, तर शिष्ट प्रयोगका रूपमा चाहिं आदरार्थीले प्राथमिकता पाउँदै आउन थालेको अनुभव हुन लागेको छ । मौखिक रूपमा द्वितीय पुरुष 'तँ' सर्वनाम प्रयोग गर्नेले पनि लिखित रूपमा (पत्राचारका क्रममा) 'तिमी' भनी आदर जनाउने गरेको पाइन्छ । उमेर, दर्जा, सामाजिक स्तर आदिमा विभिन्न प्रकारका आदरार्थी (तिमी, तपाई) प्रयोग हुने गर्दछ तर नाताका क्रममा भने एक मात्र आदरार्थी 'तिमी' प्रयोग हुने हुन्छ ।

६.२ सानाले ठूलासँग प्रयोग गर्ने आदरार्थी—

क) परिवारका सदस्यले बाबु, आमा आदिसँग—

तपाईंको चिठी मकहाँ आउँदै आएन ।

हजूरलाई मैले धेरै चिठी पठाएँ ।

ख) दुलहीले दुलहासँग—

आफू कुन वेला आउनुहुन्छ ?

तपाईं कुन वेला आउनुहुन्छ ?

हजूर कुन वेला आइबक्सिन्छ ?

ग) चेलाले गुरुसँग—

गुरु तपाईंसँग केही सोधुँ कि ?

मलाई यहाँसँग केही कुरा सोध्नु थियो ।

हजूरबाट मैले धेरै ज्ञान पाएको (पाएकी) छु ।

घ) १. निम्न स्तरका कर्मचारीले माथिल्ला स्तरका कर्मचारी वा प्रमुखसँग—

हजूरलाई भेट्न मानिस आएका थिए ।

घ) २. मध्यम स्तरका कर्मचारीले केही माथिल्ला तहका कर्मचारी या प्रमुखसँग—

तपाईंले/यहाँले भन्नुभए अनुसार खबर गरिसकेको/गरिसकेकी छु ।

घ) ३. मध्यम स्तरका कर्मचारीले निकै माथिल्ला ओहदाका व्यक्तिसँग—

यहाँले/हजूरले भन्नुभएको/भनिबक्सेको मानिस यही हो ।

ङ) १. श्री ५ तथा राजपरिवारका सदस्यबारे जनताले—

मौसूफ (सरकार) बाट हुकुम भयो ।

ङ) २. श्री ५ बाट मौसूफका पूर्वजबारे—

हाम्रा पूज्य जिज्यूबुबाज्यू श्री ५ त्रिभुवन र मौसूफलाई साथ दिने सबै देशभक्त नेपालीप्रति हामी कृतज्ञता व्यक्त गर्छौं ।[७]

माथि व्यक्त गरिएका किसिमका आदरार्थीका साथै आफूभन्दा माथिल्लो दर्जाका लागि पदमा 'जी' वा 'ज्यू' (ज्यू लगाउने गरेको पाइन्छ) लगाएर नाममा 'माष्टरसाहेब' वा 'सर' लगाएर आदरभाव व्यक्त गरेको पनि पाइन्छ ।

---

[७] श्री ५ वीरेन्द्रको उक्त अभिव्यक्ति गत फागुन ७ गते त्रिभुवन-जयन्तीका अवसरमा मौसूफ सरकारबाट बक्सेको सन्देश (फागुन ८ गतेको गोरखापत्रमा प्रकाशित) बाट लिइएको हो ।

### ६. ३. समान तहका बीच प्रयोग हुने आदरार्थी--

समान तहमा पनि सानाले ठूलासँग प्रयोग गर्ने आदरार्थी शब्द नै प्रयोग हुन्छन् । यस तहमा 'तिमी' आदरार्थी रूप पनि प्रयोगमा आएको पाइन्छ, तर यो हालको प्रयोग औपचारिक रूपमा भने भएको पाइँदैन । समान तहमा प्रयोग हुने आदरार्थीका केही नमूना यहाँ प्रस्तुत गरिन्छन्—

क) अत्यन्त हेलमेल भएका मीतहरू बीच —
तिमी मकहाँ आउँछु भन्थ्यौ आउँदै आएनौ (आइनौ) ।

ख) अनौपचारिक प्रसङ्गमा मित्रहरू बीच—
यहाँ कहिले आइपुग्नुभयो ?

ग) औपचारिक या अनौपचारिक प्रसङ्गमा मीतहरू बीच--
पोखरामा तपाईंले निकै दिन बिताउनुभयो ।

घ) सोही प्रसङ्गमा तपाईंमा भन्दा बढी विनम्रता जनाउन--
यहाँले गर्नुभएको कार्य प्रशंसनीय छ ।

ङ) पारिवारिक प्रसङ्गमा--
आफू आउनुभएपछि म जानेछु ।
तपाईं आउनुभएपछि म जानेछु ।
हजूर आउनुभएपछि म जानेछु ।
हजूर आइबक्सेपछि म जानेछु ।
हजुर सवारी भएपछि म जानेछु ।[८]

यसै गरी त्यो/यो/उ बाट बन्ने तृतीय पुरुष आदरार्थी सर्वनाम ती/तिनी, यो/यिनी, उ/उनी को प्रयोग उमेर, नाता, दर्जा, सामाजिक स्तरमा आफूभन्दा मन्तिरका निमित्त (जस्तै– उनी (बुहारी) आएकी छैनन्– नाता बुझाउँदा), उपस्थितिमा तपाईं, यहाँ भने पनि विशेष आदर गर्नु नपर्नेका निमित्त (जस्तै-रामप्रसादलाई भोलि आउनुहोस् है भनेको थिएँ, ती त आउँदै आएनन्), अनुपस्थित तर आदर गर्नुपर्ने व्यक्तिबारे भावपरक होइन, वस्तुपरक अभिव्यक्ति दिनाका निमित्त (जस्तै– भानुभक्त नेपाली साहित्यका आदिकवि हुन् । उनको देन अविस्मरणीय छ), भगवान्का निमित्त (जस्तै– उनी (ईश्वर) प्राणी मात्रका पालक हुन्) हुन्छ । त्यस्तै देवताका रूपमा पूजा गरिने पशुका निमित्त

---

[८] विभिन्न तहका बीच प्रयोग हुने गरेका आदरार्थीका सबै होइन नमूनाका लागि केही रूप मात्र यहाँ प्रस्तुत गरिएका छन् ।

(जस्तै– गाई आइन्) तृतीय पुरुष आदरार्थी एकवचन र सूर्य, चन्द्र, आगो (अग्नि), नदी (गङ्गा) प्रति धार्मिक भावनाबाट अभिव्यक्ति दिंदा (जस्तै सूर्य उदाए, चन्द्रले शीतलता दिन्छन्, अग्निले जे पनि निल्छन्, गङ्गा पवित्र छिन्) आदरार्थी अनेक वचन (गङ्गाका प्रसङ्गमा एकवचन पनि हुन सक्छ) रूप हुन्छन्।

श्री ५ तथा राजपरिवारका सन्दर्भमा प्रयोग हुने 'मौसूफ' सँग एकवचन आदरार्थी क्रियापद प्रयोग हुन्छ, जस्तै—

मौसूफ (सरकार) बाट हुकुम भएको छ। मौसूफ (सरकार) बाट फागुन ७ गते सन्देश बक्सियो।

संज्ञा शब्दबाटै आदर बुझाउने ठाउँमा बाहेक अन्यत्र संज्ञाको आदरार्थी तह निर्धारण क्रियापदले गरेको हुन्छ। सर्वनाम प्रयोग भएका वाक्य भने सर्वनाम तथा क्रियापद दुवै शब्द नै आदरको तह देखाउन समर्थ हुन्छन्। आदरार्थी सर्वनाम धेरै प्रकारका हुने हुँदा ती सबै शब्द (सर्वनाम) आदरको तह व्यक्त गर्ने हुन्छन्। एउटै सर्वनामसँग दुई प्रकारको क्रियापद (पढ्नुभयो-पढिबक्सियो) प्रयोग हुन सक्ने ठाउँमा चाहिँ आदरको तह निर्धारण क्रियापदले नै गरेको देखिन्छ।

आदरार्थी सर्वनाम र क्रियापदको बेग्लाबेग्लै तह निर्धारण गर्दा सर्वनामका पाँच तह र क्रियापदका तीन तह हुन आउँछन्, जुन यस प्रकार छन्—

| | सर्वनाम | क्रियापद |
|---|---|---|
| अति सामान्य आदरार्थी | तिमी | गर्छौ |
| | यो/यिनी/ती/तिनी/ऊ/उनी | गर्छन्/गर्छिन् |
| सामान्य आदरार्थी | आफू | गर्नुहुन्छ |
| | तपाईं | गर्नुहुन्छ |
| विशेष आदरार्थी | यहाँ | गर्नुहुन्छ |
| | हजूर | गर्नुहुन्छ |
| अतिविशेष आदरार्थी | हजूर | गरिबक्सन्छ |
| सर्वोच्च आदरार्थी | मौसूफ | गरिबक्सन्छ |

अतिविशेष तथा सर्वोच्च आदरार्थी बोध हुने वाक्यको क्रियापदका निमित्त मुख्य क्रियामा 'बक्सिनु' जोडिएर बन्ने रूप प्रयोग हुन्छ। 'बक्सिनु' नलागीकन बन्ने बेग्लै प्रकारका विशेष आदरार्थी क्रियापद पनि केही छन्। यस्ता क्रियापद खास कार्य बुझाउने नाम पदसँग आएका हुन्छन्। ती हुन्—

| | |
|---|---|
| 'आउनु' तथा 'जानु' का लागि | सवारी हुनु |
| 'बस्नु' का लागि | राज हुनु |
| 'सुत्नु' का लागि | सुकला हुनु |

| | |
|---|---|
| ‘उठ्नु’ का लागि | जागा हुनु |
| ‘भन्नु’ का लागि | हुकुम हुनु |
| ‘खानु’ का लागि | ज्यूनार हुनु |
| ‘दिनु’ का लागि | बक्सिनु |
| ‘हेर्नु’ का लागि | नजर हुनु |

माथिका क्रिया जनाउने शब्दमध्ये ‘बक्सिनु’ मा ‘हुनु’ नलागेको पाइन्छ। अन्य विशेष आदरार्थी क्रियापदमध्ये ‘हुकुम हुनु’ श्री ५ तथा राजपरिवारमा मात्र सीमित हुने शब्द हो । अन्य शब्दहरू चाहिं श्री ५ तथा राजपरिवारका निमित्त त प्रयोग हुन्छन् नै अन्य व्यक्तिलाई पनि विशेष मान गर्नुपर्दा प्रयोग हुने गर्दछन् । उपर्युक्त विशेष आदरार्थी क्रियाबाहेक लेख्नु, पढ्नु, डुल्नु, हिंड्नु, गर्नु आदिलाई माथिल्लो स्तरको क्रियापद बनाउन ‘बक्सिनु’ थप्नैपर्ने हुन्छ र यसअनुसार ‘लेखिबक्सिनु, पढिबक्सिनु’ आदि रूप हुन जान्छ । यस्तै शब्दको प्रभावमा सवारी हुनु, राज हुनु, सुकला हुनु, जागा हुनु आदिका ठाउँमा पनि गइबक्सिनु, आइबक्सिनु, बसिबक्सिनु, सुतिबक्सिनु, उठिबक्सिनु, जस्ता शब्द प्रयोगमा आएका पाइन्छन् ।

आदरार्थी सर्वनाम (नाम शब्दसमेत) तथा क्रियापदको प्रयोग उचित तवरबाट हुनु नितान्त आवश्यक छ । यसैबाट स्तरीय भाषाको रूप तयार हुन्छ । नेपाली भाषाको द्वितीय, तृतीय पुरुष अतिसामान्य आदरार्थी (तिमी, यी, यिनी/ती, तिनी/उ, उनी) मा लिङ्ग र वचनअनुसार क्रियापदको रूप फरक पर्ने कुरा माथि स्पष्ट गरिसकिएको छ । अति सामान्य आदरार्थीको यही विभिन्नताले गर्दा अन्य आदरार्थीमा समेत यसको प्रभाव पर्न खोजेको उदाहरण इतर मातृभाषीहरूको भाषामा भेटिन्छ । संज्ञा कर्तालाई स्त्रीलिङ्गी बनाउन खोज्ने, एकवचनलाई अनेकवचन पार्न खोज्ने, ‘बक्सिनु’ अनावश्यक शब्द थपिने विसङ्गति यस्ता प्रयोगमा पाइन्छन् । त्यस्ता केही उदाहरण यिनै हुन्—

| शुद्ध प्रयोग | अशुद्ध प्रयोग |
|---|---|
| उहाँ पढ्नुहुन्छ । | उहाँ पढ्नुहुन्छन् । |
| तपाईं कहिले आउनुहुन्छ ? | तपाईं कहिले आउनु हुन्छन् ? |
| गुरु आइबक्स्यो । | गुरु आइबक्सनु भयो । |
| मौसूफबाट हुकुम भएको छ । | मौसूफबाट हुकुम गरिबक्सेको छ । |
| सरकारबाट बक्स्यो । | सरकारबाट दिइबक्सियो ।<br>सरकारले दिइबक्स्यो । |
| गुरु आइबक्सिन्छ । | गुरु आइबक्सिनु हुन्छ । |

| | |
|---|---|
| उहाँहरू आउनुभएको छैन । | उहाँहरू आउनुभएका छैनन् । |
| दाजुहरू आउनुभयो । | दाजुहरू आउनु भए । |
| दिदीहरू आउनुभयो । | दिदीहरू आउनुभइन् । |
| राजा सवारी भयो । | राजा सवारी हुनुभयो । |

## ७. नेपाली आदरार्थीका केही प्रमुख समस्या र समाधामको खोजी

नेपाली भाषामा 'तँ' सर्वनाम 'तिमी' मा उक्लन थालेको छ भने 'तिमी' 'तपाईं' मा अनि 'तपाईं' चाहिं 'यहाँ' मा । शिष्टताका निमित्त यसो हुनु सुहाउँदो पनि हो । तर यसो भए तापनि नेपाली भाषामा आदरार्थीका टड्कारा समस्याहरू देखिन थालेका छन् । आदरार्थी शब्दका सैद्धान्तिक नियममा मतभिन्नता, आदरार्थी प्रयोगमा विविधता आदि धेरै समस्याहरू यसमा आइपरेका छन् । यी समस्यालाई वेलैमा समाधान गर्न नसके यसबाट भाषामा निकै अन्योल बढ्ने कुरामा शङ्का छैन । त्यस्ता केही प्रमुख समस्या हुन्—

### ७. १. हजूर, मौसूफ, सरकार शब्दको सैद्धान्तिक नियममा एकरूपताको अभाव

नेपाली भाषामा प्रचलित 'हजूर, मौसूफ, सरकार' आदरार्थी शब्द हुन् तापनि यी नाम, सर्वनाम, विशेषण आदि कुन प्रकारका शब्द हुन् यसबारे नेपाली भाषाका विद्वान्हरूमा एकै मत पाइँदैन । पदविभाजनमा यी शब्दलाई कुन स्थानमा राख्ने यसबारे एकरूपता नभएको कारण पठन-पाठनमा लाग्नेहरूलाई अन्योल तथा असुविधा हुन आएको छ । नेपाली भाषाका महत्त्वपूर्ण आदरार्थी उक्त तीन शब्दको सैद्धान्तिक नियमसम्बन्धी समस्याको समाधान गरिहाल्नुपर्ने स्थितितर्फ चनाखो हुनुपरेको छ । ती तीनै शब्दबारे यहाँ छुट्टाछुट्टै चर्चा गरिन्छ—

(क) हजूर— अरबी भाषाको 'हुजूर' बाट तद्भव 'हजूर' भनी प्रयोग हुन थालेको यो शब्द प्रभुवाचक हो र सम्बोधन हुन सक्ने (शब्द) हो । 'तपाईं' भन्दा माथिल्लो स्तरको सर्वनामका रूपमा समाजमा यसको प्रयोग पाइन्छ । तर नेपाली भाषाका विद्वान्हरू 'हजूर' शब्दलाई सर्वनाम मान्ने नमान्ने दुई पक्षका बनेका छन् । चन्द्रिकाकारले यस शब्दलाई प्रभुबोधक नाम नै हो, मानबोधक सर्वनाम होइन भनी किटिदिएका छन् ।[९] नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट

---

[९] हेमराज शर्मा : चन्द्रिका (१९६९) पृ. १५६ ।

प्रकाशित बृहद् नेपाली व्याकरणले यसलाई सर्वनाम नभएको बताएको छ।[10] मध्यचन्द्रिकाकारले मानबोधक सर्वनाममा तपाईं, त्यहाँ, यहाँ, उहाँको मात्र उल्लेख गरेका छन्, यो शब्द सर्वनाम भए नभएबारे केही बताएका छैनन्। तर उनले 'बक्सनु' क्रियाको उदाहरणका क्रममा 'हजूर देखिबक्सिन्छ' वाक्य भने प्रस्तुत गरेका छन्।[11] नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित शब्दकोशहरूमा यसलाई सर्वनाम पनि भनिएको छ। त्रि. वि. पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित अनिवार्य नेपाली शिक्षण निर्देशनले यस शब्दलाई शुद्ध सर्वनाम नभए पनि नामका सट्टामा प्रयोग हुने हुँदा सर्वनामका प्रसङ्गमा उल्लेख गरिएको भनेको छ।[12] यसरी यो शब्दको सर्वनाम मान्यताबारे सैद्धान्तिक मतैक्य नभएको पाइन्छ प्रज्ञा-प्रतिष्ठानबाट तयार पारी प्रकाशित भएका कोशहरू र व्याकरणका पुस्तकको दृष्टिकोणसमेत एउटै देखिंदैन। यस स्थितिमा 'हजूर' शब्दलाई पद-विभाजनमा कुन ठाउँमा राख्ने यसमा विद्वान्हरूको दृष्टि पर्नुपरेको छ।

जसरी यो, त्यो शब्द मूलमा सर्वनाम हुन् तापनि विशेषणका रूपमा पनि प्रयोग हुन्छन् र व्याकरणकारले विशेषणका प्रसङ्गमा पनि यी शब्दको चर्चा गरेका छन् त्यसरी नै 'हजूर' शब्द मूलमा सर्वनाम नभए पनि प्रयोगमा सर्वनामको श्रेणीमा मिलिसकेका हुँदा सर्वनामको क्रममा यस शब्दको उल्लेख गर्नु अनुपयुक्त नहुने ठानी यस लेखमा द्वितीय पुरुष सर्वनामका सिलसिलामा यस शब्दलाई राखिएको छ।

(ख) मौसूफ— 'मौसूफ' अरबी भाषाको विशेषण शब्द हो जसको अर्थ प्रशंसा गरिएको हुन्छ। नेपाली भाषामा यो शब्दको प्रयोग श्री ५ र राजपरिवारको सन्दर्भमा खास गरी तृतीय पुरुषका रूपमा हुने गरेको छ। 'मौसूफ' विशेषण शब्द भएकाले सर्वनाम हुन नसक्ने दृढता बृहद् नेपाली व्याकरणले व्यक्त गरेको छ।[13] चन्द्रिका र मध्यचन्द्रिकाले यस शब्दमा ध्यान दिएको देखिंदैन। अनिवार्य नेपाली शिक्षण निर्देशनले 'मौसूफ' लाई सर्वनाम नभए पनि नामका सट्टामा प्रयोग हुने शब्द भनी सर्वनामका रूपमा उल्लेख गरेको छ।[14] नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित नेपाली शब्दकोशले यसलाई सर्वनाम शब्द भनेको छ।[15]

---

[10] बृहद् नेपाली व्याकरण (२०३३) पृ. ११५।

[11] **सोमनाथ शर्मा** : मध्यचन्द्रिका (१९९१) पृ. ५३, १५५।

[12] अनिवार्य नेपाली शिक्षण निर्देशन (२०३९) पृ. २५४, २५५।

[13] बृहद् नेपाली व्याकरण : पृ. ११५।

[14] अनिवार्य नेपाली शिक्षण निर्देशन : पृ. २२४।

[15] **सं. बालचन्द्र शर्मा** : नेपाली शब्दकोश (२०१९) पृ. ८५९।

सोही संस्थाबाट हाल प्रकाशित नेपाली बृहद् शब्दकोशले यसलाई 'श्री ५ महाराजाधिराज तथा राजपरिवारका अन्य सदस्यहरूलाई निज वा मजकुरका अर्थमा प्रयोग गरिने सम्मानवाची शब्द' भनेको छ।[१६] यसरी यस शब्दबारे एउटा निश्चित धारणा पाइँदैन। भाषामा यस्तो अन्योलपना रहिरहनु उचित ठान्न सकिँदैन। यस तर्फ पनि विद्वान्‌हरूको दृष्टि जानु आवश्यक भएको छ।

'मौसूफ' सम्बोधन हुन नसक्ने शब्द भएकाले, श्री ५ तथा राजपरिवारको सन्दर्भमा प्रयोग हुने उचित सर्वनाम शब्दको आवश्यकता पनि भाषामा भएकाले अनि यो शब्दको प्रयोग 'मौसूफ सरकार' वा 'मौसूफ' का रूपमा हुने पनि गरिराखेकोले यस शब्दलाई तृतीय पुरुष सर्वनाम स्वीकारी प्रयोग गर्न सकिने हो कि यततर्फ सोच्नुपर्ने भएको छ। यस लेखमा 'मौसूफ' लाई माथि भनिएको तर्कको आधारमा सर्वनाम (तृतीय पुरुष) का क्रममा उल्लेख गरिएको छ।

(ग) सरकार-- 'सरकार' फारसी भाषाको संज्ञा शब्द हो। आदरार्थीका रूपमा यसको प्रयोग श्री ५ तथा राजपरिवारको सन्दर्भमा गरिन्छ। यो शब्दका बारेमा पनि 'हजूर' तथा 'मौसूफ' मा जस्तै विवाद देखिन्छ। चन्द्रिकाकारले सम्बोधन हुने र प्रभुबोधक नाम बताएका छन्[१७] बृहद् नेपाली व्याकरणले पनि यसै भनेको छ।[१८] मध्यचन्द्रिकामा सर्वनाम प्रकरणमा यसको केही उल्लेख छैन। अनिवार्य नेपाली शिक्षण निर्देशनले 'हजूर' र 'मौसूफ' लाई जस्तै मानी सर्वनाममा दर्ता गरेको छ।[१९] नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका दुवै शब्दकोशले यस शब्दलाई सर्वनाम मानेका छैनन्। तसर्थ यो शब्द पनि अनिवार्य नेपाली शिक्षण निर्देशनले मान्यता दिएका कारण आंशिक रूपमा विवादग्रस्त हुन पुगेको छ।

'श्री ५ महाराजाधिराज सरकार', 'श्री ५ बडामहारानी सरकार', 'मौसूफ सरकार' मा नाम वा विशेषण शब्दमा अरू थप मर्यादा बुझाउन 'सरकार' शब्दको प्रयोग भएको छ। यहाँ 'सरकार' सर्वनाम होइन नाम नै हो। त्यस्तै 'सरकारबाट हुकुम भएको छ' जस्ता वाक्यमा 'सरकार' मात्र भनिँदा पनि 'सरकार' शब्द सर्वनाम हुन नसक्ने देखिन्छ, किनभने यो त श्री ५ तथा राजपरिवारलाई अति

---

[१६] नेपाली बृहद् शब्दकोश पृ. ११०२।

[१७] हेमराज शर्मा : चन्द्रिका, पृ. १५६।

[१८] बृहद् नेपाली व्याकरण : पृ. ११५

[१९] अनिवार्य नेपाली शिक्षण निर्देशन : पृ. २५४।

सम्मान गरेर भनिने श्री ५ महाराजाधिराज आदि शब्दको विकल्पमा आउने नाम नै हो भन्ने स्पष्ट हुन आउँछ । अतः यस लेखमा सर्वनामका सिलसिलामा यसको प्रयोग गरिएको छैन ।

### ७. २ केही आदरार्थी सर्वनामको प्रयोगमा निश्चितताको अभाव

सामान्य आदरार्थी (तिमी, तिनी इत्यादि) र सर्वोच्च आदरार्थी (मौसूफ) लाई छाडेर अन्य आदरार्थी सर्वनामको प्रयोग एकै रूपको छैन । प्रचलनका आधारमा विभिन्न तहकाले विभिन्न तहकालाई प्रयोग गर्ने आदरार्थीका केही नमूना माथि प्रस्तुत गरिसकिएका छन् । 'तपाईं, यहाँ, हजूर' को प्रयोग निश्चित रूपमा कहाँ–कहाँ गरी, पारिवारिक रूपमा, अन्यत्र सामान्य आदर जनाउँदा र श्रोतालाई कुन प्रकारको आदरार्थी प्रयोग गर्ने हो निश्चित नहुँदा पनि प्रयोग हुने हुनाले यिनमा एकरूपता छैन । आफूभन्दा माथिल्लोलाई मात्र होइन मन्तिरको लाई समेत 'तपाईं' भनिने हुन्छ । सबैभन्दा बढी प्रयोग हुने आदरार्थी 'तपाईं' हो । घरपरिवारभित्र पनि यस शब्दको प्रयोग निकै भएको पाइन्छ । 'यहाँ' परिवार बाहिरका मानिसलाई बढी आदर जनाउन भनिन्छ । 'हजूर' प्रभुवाचक शब्द हुँदा यो शब्द 'तपाईं' वा 'यहाँ' भन्दा माथिल्लो स्तरको देखिने स्वतः सिद्ध छ । यो प्रायः घरपरिवारभित्र परम्परागत रूपमा प्रयोग भएर आएको शब्द हो, बढी आदर जनाउन घरमा भनिने नगरेको चाहिं होइन, किनभने 'हजूर' भन्नेका लागि यस शब्दबाट मान्यजनका लागि जति आदर व्यक्त हुन्छ, 'तपाईं' भन्ने परिवारमा 'तपाईं' भन्नेका लागि पनि मान्यजनका निमित्त त्यस शब्दबाट त्यत्तिकै आदर व्यक्त भएको हुन्छ । तर पनि परिवारमा 'हजूर' भन्ने प्रचलन भएको मानिसले 'तपाईं' भन्ने प्रचलन भएको मानिसबाट प्रयोग भएको 'तपाईं' जस्ता सर्वनाम सुन्दा उसले उचित शब्द प्रयोग गर्न नजानेको ठान्छ वा उसलाई निम्नस्तरीय अथवा अशिष्ट ठहऱ्याउँछ । यसो हुनाको कारणमा हिजो–आज कार्यालयतिर आफ्ना हाकिम वा माथिल्ला तहका कर्मचारीलाई 'हजूर' भन्ने प्रवृत्तिलाई लिन सकिन्छ । हाकिमले कर्मचारीलाई 'तपाईं' र कर्मचारीले हाकिमलाई 'हजूर' भनेपछि 'तपाईं' शब्दको अवमूल्यन वा अर्थावनति हुनु स्वाभाविक हुन आउँछ । हाकिमलाई 'हजूर' भन्ने प्रवृत्तिमा वक्ताले मालिकभाव राखेको अनुभव हुन आउँछ । अनि 'हजूर' भनिने व्यक्ति पनि मालिकभावमा फुल्ने हुन्छ र 'तपाईं' अथवा 'यहाँ' र 'हजूर' भन्नेप्रति उसको दृष्टिकोण बेग्लाबेग्लै हुन पुग्ने हुन्छ । अहिले कार्यालयतिर 'हजूर' भन्ने चलन आफूभन्दा अलिकति माथिकोलाई पनि प्रयोग गरी फेसनका रूपमा बढ्न लागिरहेछ ।

वास्तवमा 'हजूर' (घरबाहिरको क्षेत्रमा) अत्यन्त श्रद्धेय, अत्यन्त पवित्र आचरण भएको र अत्यन्त प्रभावकारी व्यक्तिका निमित्त मात्र प्रयोग हुनु उपयुक्त हुन्छ । अन्य सबै व्यक्तिका लागि 'तपाईं' र बढी विनम्रता वा आदर जनाउन 'यहाँ' को प्रयोग गर्नेतर्फ प्रेरित गर्नु र गराउनु उचित ठान्न सकिन्छ ।

## ७. ३ केही आदरार्थी क्रियापदको प्रयोगमा विविधता

अति सामान्य आदरार्थी र सर्वोच्च आदरार्थीलाई छाडेर बीचका आदरार्थी क्रियापदको प्रयोगमा पनि विविधरूप पाइन्छ । 'आफू' 'तपाईं' सँग 'गर्नुहुन्छ' जस्तो क्रियारूप प्रयोग हुने गरेको पाइन्छ भने 'यहाँ' तथा 'हजूर' सँग 'गर्नुहुन्छ' 'गरिबक्सिन्छ' दुवै रूप । 'आउनुभयो' जस्ता क्रियापदका त झन् चार रूप पाइन्छन्– पाल्नुभयो, आउनुभयो, आइबक्स्यो, सवारी भयो । सवारी भयो, आइबक्स्यो, आउनुभयो मात्र होइन पाल्नुभयो क्रियापद पनि 'हजूर' सँग प्रयोग भएको पाइन्छ । 'हजूर' जस्तै 'सवारी भयो', 'आइबक्स्यो', 'गरिबक्स्यो' जस्ता शब्दहरू कार्यालयतिर माथिल्ला तहका निमित्त आफुखुशी प्रयोग हुन थालेका छन् । घरमा 'गर्नुभयो', 'गरिबक्स्यो' दुवै रूप प्रयोगमा रहेका नै छन् ।

अतः कार्यालयतिर यसको (बक्सनु रूप क्रियाको) प्रयोग हटाउनु आवश्यक हुन्छ । जुन श्रद्धेय व्यक्तिलाई 'हजूर' भनिन्छ त्यही व्यक्तिका प्रसङ्गमा मात्र बक्सनु रूप क्रियापदको प्रयोग गर्नु उचित हुने ठान्न सकिन्छ । सर्वोच्च आदरार्थीमा चाहिँ यो अनिवार्य रूपमा रहने निश्चित नै छ ।

## ७. ४ स्वर्गीय श्री ५ र राजपरिवारका निमित्त प्रयोग हुने आदरार्थी शब्दमा एकरूपताको अभाव

विद्यमान श्री ५ महाराजाधिराज सरकार तथा राजपरिवारका निमित्त सर्वोच्च आदरार्थी 'मौसूफ' र 'सवारी हुनु' जस्ता शब्द प्रयोग हुन्छन् । स्वर्गीय श्री ५ का सन्दर्भमा प्रयोग हुने आदरार्थी एकै प्रकारको भएको पाइँदैन, कहीं अति सामान्य आदरार्थी र कहीं सर्वोच्च आदरार्थी प्रयोग भएको पाइन्छ । इतिहासका पुस्तकमा अधिकांश रूपमा अति सामान्य र कतै कतै सर्वोच्च आदरार्थी प्रयोग भएका छन् । कुन आदरार्थी प्रयोग हुनु ठीक हो यसबारे छलफल गरी टुङ्गोमा पुग्ने कार्य नभएकाले नै यस्ता आदरार्थी शब्दमा एकरूपताको अभाव हुन गएको हो । कतै एउटै पुस्तकमा पनि दुई प्रकारका आदरार्थी प्रयोग भएका पनि पाइन्छन् । कतै 'महाराजाधिराज त्रिभुवन वीरविक्रम शाह १५ फरवारी १९५१ ई० को दिन

पुनः काठमाडौं फर्केर आए'[२०] पाइन्छ भने अर्को ठाउँमा 'श्री ५ महेन्द्रबाट बहुविवाहप्रेमी नेपाली समाजको समक्ष एक महान् आदर्श प्रस्तुत गरिबक्सेको थियो'[२१] लेखिएको देखिन्छ । यस्ता विविध रूपका आदरार्थी प्रयोग हुनु उचित हुन सक्तैन । श्री ५ महाराजाधिराज वा महाराजाधिराज भनिएपछि क्रिया पनि सर्वोच्च आदरार्थीकै रहनु अपेक्षित ठानिन्छ ।

## ७. ५ आदरार्थी जी, ज्यूको प्रयोगमा असमानता

ज्यू, जी, नेपाली भाषाका आदरार्थी हुन् । कसैको नाम, थर वा दर्जामा यो जोडिएपछिको शब्द आदरवाची बन्न पुग्दछ । नेपाली आदरार्थीमा ज्यू, जी समान स्तरका हुन् । हामी शिवजी तथा गणेशजीको पूजा गर्छौं, सीताजीलाई मान्छौं, पिताजीलाई पत्र लेख्छौं, गुरुजीबाट ज्ञान सिक्छौं । त्यस्तै पिताज्यू, गुरुज्यू, कविज्यूलाई पनि सम्मान गर्छौं । तर हिजोआज आदरार्थी 'जी', 'ज्यू'भन्दा केही तल्लो स्तरको देखिन लागेको छ । सानोले ठूलोलाई 'ज्यू' भन्ने र ठूलोले सानोलाई 'जी' भनी बोलाउने प्रचलन हुन लागेको छ । यही प्रचलनले यो दुई शब्दका बीच अन्तर ल्याउन खोजेको ठान्न सकिन्छ । 'ज्यू' लाई ठूलो मान्ने हो भने 'शिव, सीता' मा 'जी' नलगाएर 'ज्यू' लगाउनुपर्ने हुन्छ जुन भाषामा नसुहाउने देखिन्छ । यसर्थ 'ज्यू' र 'जी' दुवैलाई समान तहका आदरार्थी मान्नुपर्दछ र प्रयोगमा पनि समान रूपमा ल्याउनुपर्दछ ।

## ७. ६ आदरार्थी श्रीमान्, सुश्री, श्रीमतीको प्रयोगमा असङ्गति

आदरार्थीका रूपमा कुनै व्यक्तिको नामका अगाडि श्री लेख्ने प्रचलन नेपालीमा छ । यस्तै श्रीमान्, सुश्री र श्रीमती पनि लेखिन्छन् । प्रायः गरेर पुरुषका नामका अगाडि श्री अथवा श्रीमान् र महिलाका नामका अगाडि अविवाहिता भए सुश्री र विवाहिता भए श्रीमती लेख्ने गरेको देखिएको छ । उक्त प्रयोगका आधारमा श्री र श्रीमान् एकै अर्थबोधक र सुश्री र श्रीमती विवाह नभएको र भएको अर्थ जनाउने शब्द हुन पुगेका छन् । सुश्री र श्रीमती विवाह नभएकी र विवाह भएकी महिला हुँदा श्री र श्रीमान् विवाह नभएका र भएका पुरुष हुन् कि भन्ने भ्रम पनि भाषा सिक्नेहरूमा पर्नु स्वाभाविक हो । फेरि अर्को अनुपयुक्तता

---

२०. बालचन्द्र शर्मा : नेपालको ऐतिहासिक रूपरेखा (२०३३) पृ. ३९६ ।

२१. पूर्ववत् पृ. ४७२ ।

सम्मान जनाउन गरिने सुश्री र श्रीमतीको प्रयोगमा के छ भने कसैलाई आदर जनाउन उनी विवाह भएकी वा नभएकी भन्ने जनाउनुपर्ने आवश्यकता केही छैन। विवाह हुनु नहुनु व्यक्तिगत कुरा हो, आदर गरिने शब्दसँग यसको कुनै सम्बन्ध हुँदैन। पुरुषका लागि विवाह भए नभएको जनाउने शब्द पनि छैन।

अर्को कुरा, 'श्रीमान्' पतिबोधक र 'श्रीमती' पत्नीबोधक शब्द पनि हुन्। न्यायालयमा न्यायाधीशका निमित्त 'श्रीमान्' आदरवाची संबोधन प्रयोग गर्ने चलन छ। पुरुषले अदालतमा 'श्रीमान्' शब्द प्रयोग गर्नुपर्दा केही अप्ठेरो अनुभव गर्नु पर्दैन तर पतिलाई 'श्रीमान्' भन्ने महिलाले पुरुष न्यायाधीशलाई 'श्रीमान्' भन्नु सुहाउँदो हुन सक्तैन। फेरि न्यायाधीश महिला भएमा निजलाई सम्बोधन गर्दा 'श्रीमान्' भन्नु पनि हास्यास्पदै देखिन आउँछ। पुरुष मात्र न्यायाधीश हुन सक्ने समयमा र न्याय खोज्न पुरुष मात्र अदालतमा जाने स्थितिमा 'श्रीमान्' आदरवाची शब्द न्यायाधीशका लागि उपयुक्त हुन्थ्यो, तर आजको नारी र पुरुष समान रूपमा कार्यक्षेत्रमा उत्रेका बखत नारीका लागि औचित्य नदेखिने शब्द प्रयोगमा रहिरहनु पनि उचित नहुने हुन्छ।

तसर्थ नामका अगाडि श्रीमान्, सुश्री, श्रीमती केही नराखी 'श्री' मात्र राख्नु उपयुक्त हुन्छ। 'श्री' शब्दलाई नेपाली शब्दकोशले 'पुरुष जातिका नामका अघिल्तिर लेखिने आदरसूचक शब्द' भनेको छ। तर 'श्रीगणेशायनमः, श्रीसरस्वत्यै नमः' भनी पुलिङ्गहरू र स्त्रीलिङ्गहरूमा श्री शब्द प्रयोग हुने गरेकै छ। त्यसै हुँदा नारी पुरुष दुवैका नामअगाडि आदरवाची श्री शब्दको प्रयोग गर्ने, श्रीमान्-लाई 'श्री' का रूपमा प्रयोग नगर्ने, विवाह भएकी महिलालाई श्रीमती भने जस्तै विवाह भएका पुरुषलाई श्रीमान् भन्ने अनि यी श्रीमान्, श्रीमती, सुश्री आदरका अर्थमा होइन विवाह भएका पुरुष, महिला र विवाह नभएकी महिलाका अर्थमा मात्र प्रयोग गर्नु उपयुक्त हुनेछ।

## ७.७ आदरार्थी शब्दका रूपमा सर, मिस, म्याडम शब्दको प्रयोग

आदरवाची शब्दका रूपमा नेपाली भाषामा हिजोआज सर (पुरुषलाई), मिस, म्याडम (महिलालाई) को प्रयोग व्यापक रूपमा हुन लागिरहेछ। 'गुरु' भनिने ठाउँमा यी शब्दहरू प्रयोग भइरहेका छन्। पूर्व प्राथमिक विद्यालयका साना साना नानीदेखि विश्वविद्यालयसम्मका विद्यार्थीहरू यी शब्द प्रयोग गर्नामा अभ्यस्त भइसकेका छन्। शिक्षण संस्थामा पढ्नेले पढाउनेलाई मात्र होइन, स्वयम् पढाउने–पढाउने बीच पनि यस्तै शब्दका आदान-प्रदान हुने गर्दछन्। 'तपाईं' वा 'यहाँ' सर्वनामको सट्टा सर, मिस, म्याडम नै सबैलाई मीठो लाग्न लागेको छ।

विद्यार्थीबाट 'गुरु' भनाउनामा भन्दा 'सर' भनाउनामा बढी आदर र गौरव मान्ने गुरुहरूको संख्या पनि नेपालमा अब कम छैन, किनभने यी शब्द गाउँगाउँतिर पनि पुगिसकेका छन् । स्वयम् नेपाली भाषाका कतिपय गुरुहरू आफ्ना गुरु वा आफ्ना समकालीन (वा कान्छा पनि) सँग आदरपूर्वक बोल्दा 'सर' शब्द प्रयोग गर्न नथकाउने भइसकेका छन् । यो प्रवृत्ति शिक्षण-जगत्मा त व्याप्त नै छ अन्य कार्यालयतर्फ पनि फैलिँदै जान थालेको छ । तल्लो तहको कर्मचारीले माथिल्लो तहको कर्मचारीसँग 'तपाईं' वा 'यहाँ' का सट्टा प्रयोग गर्ने शब्द 'सर' हुन लागेको छ । सिद्धान्ततः हामी पाएसम्म नेपाली भाषाका आफ्ना शब्द प्रयोग गर्ने पक्षमा छौं र प्रचलनमा आएका विदेशी शब्दका स्थानमा नेपाली प्रयोग गर्दै जाने क्रममा छौं, तर व्यवहारमा भने आदरार्थीका रूपमा हामीले विदेशी नयाँ शब्दलाई च्याप्न लागिरहेका छौं ।

शिक्षण-जगत्मा तथा अन्य कार्यालयतर्फ आदरवाची शब्दका रूपमा यसरी व्याप्त हुँदै आउन थालेको सर, मिस, म्याडमको प्रयोगलाई बढ्न दिने वातावरण रहन हुँदैन । यसका लागि बुद्धिजीवी वर्गले यस्तो प्रयोगलाई यथाशक्य छिटो त्याग्नु वाञ्छनीय हुन आउँछ । शिक्षण-क्षेत्रका लागि गुरु (पुरुष र महिलाका लागि) वा दाजु, दिदी जस्ता शब्दको प्रयोग गर्न सकिन्छ र समान तहकाले एक अर्कालाई वा कार्यालयमा पदाधिकारीलाई नाम वा पदमा जी, ज्यू लगाएर आदर जनाउनु उचित ठान्न सकिन्छ । सचिवज्यू (जी), मन्त्रीज्यू (जी) जस्ता प्रयोग व्यवहृत हुने गरेका नै छन् भने अन्यत्र पनि यसरी नै प्रयोग गर्न सकिन्छ ।

## ८. उपसंहार

व्याकरणका अन्य विषय झैं आदरार्थी पनि महत्त्वपूर्ण विषय भएको र यसको क्षेत्र पनि व्यापक भएको हुँदा व्याकरणका पुस्तकमा आदरार्थीका क्रियापद, सर्वनाम, नाम, विशेषण, वचन आदि सबै पक्ष समावेश गरी एउटा छुट्टै प्रकरण राख्नु आवश्यक देखिन्छ । आदरार्थी प्रयोगमा निश्चित नियम हुनु पनि अति आवश्यक छ । वक्ताले आफूखुशी आदरार्थी शब्दको चयन गर्दा यसको दूरगामी असर प्रतिकूल हुन जाने हुन्छ । तसर्थ यसबारे नीतिनिर्धारण भई सरकारी रूपबाट पनि यसलाई कार्यान्वयन गराउनेतर्फ प्रयत्न हुनुपर्छ । भाषामा भएका अनेकरूपता र विविधताका कारण जुन अन्योलको स्थिति सिर्जना हुन्छ यसले भाषालाई कहिल्यै पनि शिष्ट र स्तरीय बन्नेतर्फ मोडिन दिँदैन । तसर्थ समस्याहरूको निराकरण समयमै गर्नु वाञ्छनीय ठहर्दछ ।

□

# नेपाली शब्द-निर्माणमा 'ए' प्रत्ययको भूमिका

कृष्ण गौतम

नेपालीमा 'ए' प्रत्ययको स्थिति ज्यादै फराकिलो छ । अनगिन्ती शब्दहरूमा गाँसिएर यसले नयाँ शब्दको निर्माण गर्दछ र नेपाली शब्द-भण्डारलाई भर्दछ । मूल-भाषा भारोपेलीमै प्रकृति-प्रत्ययको गाँस पाइन्छ जुन सावयव भाषाहरूको आफ्नै विशेषता हो । नेपालीमा प्रत्यय लगाएर नयाँ शब्दको रचना गरिन्छ र यो मूल भाषाबाट प्राप्त हुँदै आएको आनुवंशिक उतराधिकार हो । प्रत्ययहरू पहिले पूर्ण शब्द थिए होलान्, तर पछिपछि अर्थको ऊर्जा क्षीण हुँदै जाँदा अर्कोसित ढेस्सिएर मात्र अर्थ-द्योतन गर्न सक्ने भए । समयको वेगका साथै कति शब्द त प्रत्ययको वैशाखी पाउँदा पनि कुँजा हुँदै जान्छन् र एकदिन यो संसारबाटै बिदा हुन्छन् । कालको गाँसबाट जोगिनका निम्ति प्रत्ययका कलप अपनाउने शब्द आफ्नो जिजीवीषाको झलक दिन्छन् । प्रत्ययहरू शब्दलाई समयको आवश्यकताअनुरूप ढालेर बचाइराख्ने उपकरण हुन्, जसमध्ये एउटा 'ए' प्रत्ययको पनि गणना हुन्छ ।

'ए' प्रत्यय कहाँ लाग्छ; कहाँ लाग्दैन र यो नलागेका खण्डमा त्यसको ठाउँमा कुन–कुन प्रत्यय काम गर्न आउँछन् भन्ने विषयमा राम्रो चर्चा गरिएको पाइँदैन । यसैले यहाँ त्यसको विवेचना शुरू गरिएको हो । 'ए' प्रत्यय लागेर बनेका नवजात शब्दका रूप र तिनको अर्थपक्षमा पनि यहाँ संक्षिप्त चर्चा गरिएको छ । यो अध्ययन ऐतिहासिक वा तुलनात्मक नभई वर्णनात्मक हो । यहाँ 'ए' प्रत्ययका लागि 'एप्र' र 'ए' प्रत्ययान्त शब्दका लागि 'एप्रश' द्वारा छोटकरीमा जनाइएको छ । यस प्रत्ययको उपयोग गर्दा निम्नलिखित विषयमा ध्यान दिनु आवश्यक हुन्छ––

१) 'एप्र' आबद्ध हुने प्रकृति
२) 'एप्र' र त्यसको काम गर्ने अन्य प्रत्यय
३) 'एप्रश' र लिङ्ग-विधान
४) 'एप्रश' र अर्थ

### ५) 'एप्रश' र आदरार्थी

नेपालीमा 'ए' का धेरै रूपहरू छन् : (१) आवाजको 'ए' (२) अनुकरणको 'ए' (३) सम्बोधनको 'ए' (४) निपातको 'ए' (५) स्वीकृति आदि बुझाउने 'ए' (६) प्रत्ययको 'ए' । प्रस्तुत अध्ययनमा प्रत्ययको रूपमा आउने यही अन्तिम 'एप्र' नै विवेचनीय छ । प्रकृतिका हिसाबले 'एप्र' को अवस्थिति दुई ठाउँमा हुन्छ; धातुको अन्तमा र शब्दको अन्तमा । परम्परागत दृष्टिकोणले हेर्दा 'एप्र' दुई किसिमको छ : कृत र तद्धित । शब्दको अन्तमा आएर तद्धित प्रत्ययको रूपमा लाग्ने जुन 'ए' हो त्यही नै प्रस्तुत अध्ययन अन्तर्गत विवेचनीय प्रत्यय हो ।

ध्वनि वा ध्वनि–समूहको सग्लो टुक्राको नाम नै प्रत्यय हो जसको योगबाट शब्दका रूप तथा अर्थमा प्रायः परिवर्तन आउँछ । प्रत्यय या परप्रत्यय चार थरी छन् : सुप्, तिङ, कृत्, तद्धित । सुप् भन्नाले कारक प्रत्यय या विभक्ति भन्ने बुझिन्छ; तिङको मतलब हो क्रियापद बनाउन लाग्ने प्रत्यय या विभक्ति अर्थात् क्रियाविभक्ति अथवा धातुविभक्ति । भूतकाल तृतीय पुरुषको बहुवचनमा पनि 'ए' प्रत्ययको योग हुन्छ, तर त्यसलाई यहाँ लिइएको छैन ।

'एप्र' को योग धेरै शब्दमा हुन्छ । अनगिन्ती प्रकृतिमा लाग्नु नै 'एप्र' को व्यापकताको प्रमाण हो । कृत् 'नु' 'ने' जस्ता केही प्रत्यय बाहेक धेरै प्रकृतिमा गाँसिएर नयाँ शब्दको निर्माण गर्ने 'ए' प्रत्यय नेपालीमा तीन ठाउँमा प्रयुक्त भएको देखिन्छ—

१) कहीं केही हुन्छ वा रहन्छ भन्ने देखाउन । जस्तो– पल्लाघरमा रहने 'पल्लाघरे', कीर्तिपुरमा रहने 'कीर्तिपुरे' आदि ।

२) गुण, परिमाण, विशेषता, विकृतिहरू कहीं रहेको, कसैद्वारा रुचाइएको वा स्वायत्तीकृत भएको देखाउन; जस्तो– लहुरोजस्तो सुरिलो, लहुरो लिने वा रुचाउने 'लहुरे', ढ्याकजस्तो गह्रौं, बावलो वा थेप्चो 'ढ्याके' आदि ।

३) संज्ञालाई संज्ञाकै र विशेषणलाई नामको रूप दिन; जस्तो– राम, 'रामे', श्याम, 'श्यामे', नेप्टो, 'नेप्टे', चेप्टो, 'चेप्टे' आदि ।

यसरी विद्यमानता, स्वायत्तीकरण, संज्ञाकरण– यी तीन प्रयोजनको पूर्तिका निम्ति नेपालीमा यो प्रत्यय लाग्दै आएको देखिन्छ । पहिलाका दुई थरी 'ए' परस्पर सम्बद्ध छन् । ऐतिहासिक दृष्टिले यिनको उत्पत्ति संस्कृत 'ईय', 'इक' बाट भयो ।[1] तर तेस्रो थरी 'ए' अरूदेखि भिन्न छ; यसको सम्बन्ध पनि मागधी

---

[1] चूडामणि उपाध्याय रेग्मी, नेपाली भाषाको उत्पत्ति, काठमाडौं : जगदम्बा प्रकाशन, २०२५, पृ. १५६–५७ ।

प्राकृतको 'ए' सित भएको बताइन्छ ।[2] 'ए' तद्भव प्रत्यय भएकाले नेपाली शब्द रचनामा यसको महत्त्वपूर्ण भूमिका छ ।

प्राचीन आर्यभाषाका हलन्त प्रातिपदिक मध्यकालीन आर्यभाषामा अजन्त भएका थिए; वर्तमान आर्यभाषामा भने प्राचीन आर्यभाषाका राम, श्याम जस्ता अजन्त प्रातिपदिक पनि हलन्त भएका छन् । नेपाली अजन्त र हलन्त दुवैथरी प्रातिपदिकमा 'एप्र' को योग भएको देखिन्छ । अजन्तमा अ, आ, इ, ई, उ, ऊ- अन्तमा हुने शब्दमा यो प्रत्यय लाग्दछ । एकारान्त शब्दमा 'एप्र' लाग्ने कुरै भएन; ओकारान्त शब्दमा भने यो प्रत्यय खूब लाग्दछ । 'ऐ' र 'औ' अन्तमा हुने शब्द नेपालीमा थोरै छन् । यसबाट यो थाहा हुन्छ कि 'ए' नेपालीमा अधिकांश बहुप्रचलित शब्दमा लाग्ने प्रत्यय हो ।

'एप्र' लाग्ने शब्दको वर्गीकरण (क) जीवनका विविध क्षेत्र (ख) पदविचार (ग) रूप (घ) इतिहास आदि विभिन्न आधारमा गर्न सकिन्छ---

(क) जीवनका विविध क्षेत्र-- जीवनका विविध क्षेत्रमा प्रयुक्त हुने आधारभूत शब्दमा यो प्रत्यय लाग्दछ । मोटामोटी रूपले तिनलाई निम्नि-लिखित वर्गमा विभाजित गरी देखाउन सकिन्छ—

(१) शारीरिक अङ्ग :

| प्रकृति | एप्रश | प्रकृति | एप्रश |
|---|---|---|---|
| टाउको | टाउके | कान | काने |
| आँखा | आँखे | नाक | नाके |
| पाखुरा | पाखुरे | भुँडी | भुँडे |
| औंलो | औंले | खुट्टो | खुट्टे |
| तिघ्रो | तिघ्रे | गर्दन | गर्दने |

(२) वनस्पति :

| | | | |
|---|---|---|---|
| हाँगो | हाँगे | सल्लो | सल्ले |
| पात | पाते | बडहर | बडहरे |
| ज्यामिर | ज्यामिरे | कटहर | कटहरे |
| डुम्री | डुम्रे | खिर्रो | खिर्रे |

(३) कीरा, पक्षी, जनावर :

| | | | |
|---|---|---|---|
| झिंगो | झिंगे | ढुकुर | ढुकुरे |
| भैंसी | भैंसे | भुसुनु | भुसुने |

---

[2] पूर्ववत् ।

| प्रकृति | एप्रश | प्रकृति | एप्रश |
|---|---|---|---|
| भँगेरो | भँगेरे | बोको | बोके |
| गँगटो | गँगटे | चमेरो | चमेरे |
| बाख्रो | बाख्रे | भ्यागुतो | भ्यागुते |
| काग | कागे | च्यांग्रो | च्यांग्रे |

४. रंग, गुण, परिमाण :

| | | | |
|---|---|---|---|
| कालो | काले | कैलो | कैले |
| चंख | चंखे | गोरो | गोरे |
| रातो | राते | तीखो | तीखे |
| सेतो | सेते | फुस्रो | फुस्रे |
| चतुरो | चतुरे | होचो | होचे |

५. खाद्य पदार्थ :

| | | | |
|---|---|---|---|
| ढिडो | ढिडे | अचार | अचारे |
| दूध | दूधे | भात | भाते |
| तिहुन | तिहुने | घिरौंला | घिरौंले |

६. जल, थल, नभ :

| | | | |
|---|---|---|---|
| खोलो | खोले | तीर्थ | तीर्थे |
| पर्वत | पर्वते | तारा | तारे |
| मुहान | मुहाने | घाट | घाटे |
| लाहुर | लाहुरे | छहरो | छहरे |
| डुँड | डुँडे | आकाश | आकाशे |

७. विविध

| | | | |
|---|---|---|---|
| लामछानु | लामछाने | न्यौपानी | न्यौपाने |
| लहुरो | लहुरे | मुसल | मुसले |
| ढचाङ्ग्रो | ढचाङ्ग्रे | दाउरो | दाउरे |
| डोलो | डोले | पीठो | पीठे |
| पराल | पराले | गन्ध | गन्धे |
| तगारो | तगारे | खुर्पा | खुर्पे |
| खुँडा | खुँडे | माटो | माटे |
| चिप्रा | चिप्रे | टयाम्को | टयाम्के |
| कोदो | कोदे | भित्तो | भित्ते |
| बन्सो | बन्से | थाल | थाले |

८. काल

काल

१ वार, २ घण्टा, ३ दिन, ४ रात, ६ हप्ता, ६ महीना, ७ ऋतु, ८ वर्ष ।

उदाहरण : १. आइते, मंगले, बुधे । २. घण्टे, एक घण्टे आदि । ३. एकदिने, आदि ४. एकराते आदि । ५. एकहप्ते आदि । ६ महीने, चैते, माघे, कात्तिके आदि । । ७. हेमन्ते, वसन्ते, शरदे । ८. एकवर्षे, दुइवर्षे आदि ।

(ख) पदविचारको आधारमा 'एप्र' को योग नाम, विशेषण तथा अनुकरणात्मक शब्दमा हुन्छ ।

(१)

नाम

१ जाति, २ व्यक्ति, ३ समूह, ४ वस्तु, ५ भाव

उदाहरण : १. पर्वते, २. रामे, ३. थुप्रे, ४. फलामे, ५. चिन्ते

(२)

विशेषण

गुणवाचक — तीखे

परिमाणवाचक — अग्ले, बित्ते

(३)

अनुकरणात्मक शब्द

एकल — न्याउरे, भाङराङे

आवृत्त — गनगने, भटभटे

(ग) शब्दको रूपलाई हेर्दा १. स्वकाक्षरी– हाते, २. अनेकाक्षरी– सिंगाने, ३. एकपदीय– पाप्रे, ४. अनेकपदीय– दुइजिब्रे आदि हुन्छन् ।

(घ) इतिहास वा विकासका आधारमा १. तत्सम– रोगे २. तद्भव– किस्ने ३. आगन्तुक– गिलासे ४. देशज– चटपटे आदि सबै किसिमका शब्दमा 'एप्र' को योग हुन्छ ।

सामान्यतः 'एप्र' कै अर्थमा अरू प्रत्ययको योग पनि हुन्छ, तर ती प्रत्ययहरू 'एप्र' को व्यापकतालाई भेट्तैनन् । विकल्पमा लगाउन सकिने प्रत्यय हुन्— ईय, इक, आलो, लो, ले, ई, इया, एली, वाला, खाना आदि । ईय, इक जस्ता तत्सम प्रत्यय प्रायः तत्सम शब्दमै लाग्छन् अरू प्रत्ययको योग परम्परा-निर्धारित केही शब्दमा मात्र हुन्छ । 'ए' को व्यापकतालाई अरूले नभेट्ने भए पनि 'एली' (ए+ली) को प्रयोग केही मात्रामा हिजो-आज बढ्दै आएको देखिन्छ ।

भारोपेली परिवारका पुराना भाषामा जटिल लिङ्ग–व्यवस्था थियो । तिनकै सन्ततिका वियोगात्मकतातिर उन्मुख केही भाषामा लिङ्ग–व्यवस्था सरल हुँदै आएको छ । नेपाली पनि त्यस्तो भाषा हो जसमा हामी सरलीकृत लिंग–विधान पाउँछौं । प्राकृतिक लिंगतिर उन्मुख हुँदै जानाले नेपालीमा लिंग–व्यवस्था सरल हुन थालेको हो । नेपाली क्रियापदका अनेक रूपमा पुलिङ्ग र स्त्री–लिङ्गको छुट्टै व्यवस्था छैन । नेपालीको यही सरलीकृत लिङ्ग–व्यवस्थाको प्रभाव हामी 'एप्रश' मा पनि पाउँछौं । 'एप्रश' उभयलिङ्गी हुन्छन् र स्त्री वा पुरुष दुवैका निम्ति प्रयोज्य हुन्छन्; जस्तो— ओदाने बूढी, ओदाने बूढो । जाँते लोग्ने, जाँते स्वास्नी ।

नेपाली भाषामा लिङ्ग–व्यवस्था सरल भए पनि केही कुरामा अलमल भइरहेछ । जस्तो 'मामा' को स्त्रीलिङ्गी शब्द त 'माइज्यू' हो, तर 'छोरा' को स्त्रीलिङ्गी शब्द कुन हो– 'छोरी' कि 'बुहारी' ? शब्दको रूप-रचनाको आधारमा 'छोरी' भन्न सकिन्छ त अर्थका आधारमा 'बुहारी' । नेपालीमा स्त्रीत्वबोधक शब्द दुई किसिमका छन्, विशेष र सामान्य । छोराको विशेष स्त्रीत्वबोधक शब्द बुहारी हो, सामान्य स्त्रीत्वबोधक शब्द छोरी । भाले र पोथीलाई बुझाउने शब्दमा रूप-सादृश्य नभएका नेपालीमा निकै छन् । जाँचमा प्रायः यस्तै रूप-सादृश्य नभएका विशेष स्त्रीत्वबोधक वा पुंस्त्वबोधक शब्द सोधिने गर्छन् । 'एप्रश' उभयलिङ्गी भएकाले सामान्य स्त्रीत्वको द्योतन गर्छ न कि विशेष स्त्रीत्वको । यसैले 'मोटे' को स्त्रीलिङ्गी (विशेषणमा) 'मोटी' होइन भन्ने देखिन्छ, किनभने 'मोटे' को स्वास्नी दुब्ली पनि हुन सक्छे । नेपालीमा ई, इनी, एनी, आनी आदि प्रत्यय लागेर स्त्रीत्व-वाचक शब्द बन्छन्, तर ती 'एप्रश' बाट नलागी मूल शब्दबाटै लाग्छन्; यसैले 'मोटो+ए+ई' नभएर 'मोटो+ई' कै रूपमा 'मोटी' को विवेचना हुन सक्ने

देखिन्छ । यस्तै 'थाङने', 'माङने' का स्त्रीत्ववाचक 'थाङनी' 'माङनी' पनि हुन्छन् । तिनको रचना पनि 'थाङनु+ई' 'माङनु+ई' कै रूपमा भए झैं लाग्छ न कि 'थाङनु+ए+ई' 'माङनु+ए+ई' को रूपमा । नेपालीमा 'सुब्बा' 'डिट्ठा' को नाताले 'सुब्बेनी (बिनी)' 'डिट्ठिनी' हुने पनि छन् तर यसरी पुलिङ्गकै मूलबाट स्त्रीलिङ्ग सबैतिर बन्दैनन् । 'फर्से' बूढो हुँदैमा 'फर्से' बूढी हुनुपर्छ भन्ने छैन, तर कहीं नेपाली स्त्रीत्वमा भालेको विशेषता सारिन्छ र त्यसकै आधारमा बोलाइन्छ; जस्तो— लोग्ने 'खरदार' वा 'सचिव' भए त्यसको स्वास्नी पनि 'खरदारनी' वा 'सचिवनी' कहलाउँछे । संक्षेपमा 'सालो' को सामान्य स्त्रीत्वबोधक शब्द 'साली' हो, विशेष स्त्रीत्वबोधक शब्द होइन । दाज्यूको विशेष स्त्रीत्वबोधक शब्द 'भाउजू' (ज्यू) हो, सामान्य स्त्रीत्वबोधक शब्द 'दिदी' हो ।

विशेषणबाट बन्ने 'एप्रश'हरू उभयलिङ्गी छन् र केही-केहीले स्त्रीलिङ्गी रूप नै हासिल गर्न थालेको देखिन्छ । जस्तो– 'मोटे' बूढो वा मोटी बूढी । तर 'चंखे' जस्ता शब्दका 'चंखी' बूढी उति प्रचलित भइसकेका छैनन् । 'घैंटो' आदि केही नामबाट 'घैंटी' जस्ता स्त्रीलिङ्गी शब्द बन्छन्, तर 'जाँतो, फर्सी' आदिबाट बन्दैनन् ।

'एप्र' लागेर शब्दमा विकार आएको देखिदैन । यसैले प्रस्तुत प्रत्यय लगाउनमा कुनै कठिनाई पनि छैन । केही 'दाँदे' (दात+ए) जस्ता शब्दमा 'त' ध्वनि घोषमा परिवर्तित भएको देखिन्छ तापनि त्यो 'एप्र' कै कारणले हो भन्ने कुनै निश्चित छैन । बहुब्रीहि समासमा भने 'एप्र' लागेपछि अनेक शब्दमा परिवर्तन आएको देखिन्छ; जस्तो– 'दोभाषे', 'लमजुंगे' आदि । यो परिवर्तन पनि 'एप्र' को कारणले नभई समासको कारणले हो भन्ने प्रत्यक्ष छ । यस प्रत्ययको महत्त्व बहुब्रीहि समासमा प्रत्यक्ष हुन्छ । संस्कृतमा अजन्त या हलन्त शब्द बहुब्रीहिमा समस्त भएर अन्य पदार्थको द्योतन गराउन सक्थे, तर नेपालीमा त्यो शक्ति क्षीण हुँदै गएकोले प्रायः 'एप्र' लगाइन्छ । यसरी बहुब्रीहिको कारक निकै हदसम्म 'एप्र' भएकाले प्रधानताको आधारमा बहुब्रीहिलाई एप्रत्ययान्त समास भन्न पनि सकिन्छ ।

नेपाली जस्तो विकासोन्मुख भाषामा 'एप्र' को उदारवादी उपयोग वाञ्छनीय छ । तर त्यसो भन्दामा जहाँतहीं त्यसलाई लगाउन पनि हुँदैन । 'एप्रश' को वर्णनात्मक अध्ययनबाटै यसका परम्परागत ढाँचा र नयाँ आवश्यकतालाई बुझ्न सकिन्छ । 'घर' बाट 'घरे' को प्रचलन छैन तर 'वल्ला घर', 'पल्ला घर' आदिबाट 'वल्लाघरे' 'पल्लाघरे' आदि चल्दछन् । 'घाँस' बाट 'घाँसे' को भन्दा 'घाँसी' को प्रचलन बढी छ; ढोकाबाट 'ढोकी' चल्दैन; 'ढोके' कै चलन छ ।

अर्थगत दृष्टिले विद्यमानता तथा स्वायत्तीकरणमा लाग्ने 'एप्रश' अन्य पदार्थको बोधक हुन्छ । विशेषणबाट संज्ञाकरणमा लाग्ने 'एप्रश' स्वतः अन्य पदार्थसित सम्बद्ध हुन्छ । अन्य तद्भव प्रत्ययको झैं 'एप्र' को आधार यथार्थवाद हो । 'ईय' 'इक' को संस्कृतपनाबाट विकसित हुँदै 'ए' मा आएर नेपालीपना झल्किएको देखिन्छ । एउटा सामान्य नेपाली 'पर्वतीय' को अर्थ बुझ्दैन र त्यस्तो शब्दको प्रयोग पनि गर्न जान्दैन, तर उसलाई 'पर्वते' शब्द सुबोध छ र प्रयोगका निम्ति सुगम पनि । यसबाट प्रत्यक्ष हुन्छ कि 'एप्र' ले तत्सम शब्दलाई पनि नेपाली जातमा ढालिदिन्छ । वास्तवमा 'एप्र' हाम्रै आफ्ना रूप, प्रवृत्ति र स्वभावको उन्मीलनमा मद्दत गर्छ ।

यहाँनेर 'एप्रश' को वाक्यमा प्रयोग गर्दा आदरार्थीसित मेल हुन्छ कि हुन्न भन्ने कुरा विचारणीय हुन आउँछ । नेपालीपनामा ढलेर पनि कतिपय 'एप्रश' मा अशिष्टताको मुखरता पाइन्छ । केही उदाहरण हेरौं —

'उहाँ अस्ति भर्खर फर्किनुभएको लाहुरे हुनुहुन्छ ।' यहाँ आदरार्थी पूरकको रूपमा 'एप्रश' लाहुरेले अभिव्यक्ति दिंदैन ।

'के तपाइँ भोटे हुनुहुन्छ ?'
'के तपाइँ काँठे हुनुहुन्छ ?'

जस्ता आदरार्थी अभिव्यक्तिमा 'भोटे' तथा 'काँठे जस्ता पद राम्ररी मिल्दैनन् र ठाडोपना र अशिष्टताको द्योतन गर्छन् । यसरी 'एप्र' अनेक शब्दमा तुच्छता, विकृति, घृणा, व्यंग्य, उपेक्षा, तिरस्कार, अनादर आदि अर्थको झलक दिन लाग्दछ र त्यस्तो अर्थमा लागेका 'एप्रश' को आदरार्थीसित संगति हुँदैन ।

'उहाँ पाखे हुनुहुन्छ' भनेर हामी कुनै व्यक्तिको भद्र परिचय दिन सक्तैनौं– न त सक्छौं– 'टपरे आउनुभयो' भनेर कुनै पुरेतको शिष्ट परिचय दिन नै । 'गाईजात्रे' 'पीपलपाते' 'दोजिब्रे' जस्ता शब्द पनि आदरार्थीमा मिल्दैनन् । ती त व्यंग्यात्मक लाक्षणिक अर्थको द्योतनमा केन्द्रित छन् । केही शब्दमा 'एप्र' ठाडो र अशोभनीय देखिने हुँदा त्यसका ठाउँमा 'एली' (ए+ली) संयुक्त प्रत्यय लगाउने चलन बढ्न थालेको छ ।जस्तो–- 'फ्रान्से' भन्दा 'फ्रान्सेली' राम्रो लाग्छ; 'भारते' भन्दा 'भारतेली' ।

'एप्र' सहजरूपले तार्किक आधारमा प्रकृतिसित आबद्ध हुन जान्छ । 'नाके' को मतलब नाक भएको व्यक्ति होइन; सब प्राणी प्राणीको नाक हुने भएपछि तिनलाई बुझाउन 'नाके' भन्नु पर्ने जरूरत देखिंदैन । जसको नाक ठूलो छ; विकृत भएको छ; जुन नाक औसत नाकसित मिल्दैन अथवा जो नाकको सहायताले बोल्छ त्यस्तो व्यक्तिलाई बुझाउन 'एप्र' को योग हुने भएकाले यसको आधार तार्किक छ

भनेर भन्न सकिन्छ । आधार तार्किक भए पनि 'एप्रश' को आध्यात्मिक पक्षमा अर्थगत वैविध्यको कारणले नेपाली मातृभाषा नभएकाहरूलाई त यो दुर्बोध वर्ग अन्तर्गत नै पर्छ । धेरै शब्दमा 'एप्र' लाग्ने र उल्लेखनीय विकृति पनि नहुने भएकोले 'एप्रश' रूपगत दृष्टिले जति सरल छ त्यति सरल अर्थगत दृष्टिले छैन । 'एप्रश' को अध्ययन आकारगत (फर्मल) दृष्टिकोणले र अर्थगत दुवै दृष्टिकोणले हुनु उचित छ र त्यही संश्लेषणात्मक दृष्टिकोण यहाँ अपनाइएको छ ।

अर्थगत दृष्टिले—

'ढिंडे भाँडो', 'ढिंडे हली', 'ढिंडे बुद्धि' ।

जस्ता पदबन्धमा ढिंडेका अर्थ बेग्लाबेग्लै छन् । ढिंडो पकाउने, राख्ने वा ढिंडो लागेको भाँडो 'ढिंडे' कहलाउँछ भने यस 'ढिंडे' शब्दमा तीन वा तीनभन्दा पनि धेरै अर्थका मसिना सूतहरू अन्तर्निहित भएका छन् भन्ने कुरा थाहा हुन्छ । 'ढिंडे हली' मा 'ढिंडे' शब्द ढिंडो रूचाउने वा धेरै खाने व्यक्तिको बोधकको रूपमा एकाधिक अर्थको द्योतक छ । 'ढिंडे बुद्धि' मा स्थूलता, मन्दबुद्धिता आदि लाक्षणिक अर्थको अभिव्यक्ति भएको छ । मानव–मनका अनगिन्ती भावलाई देखाउने छुट्टा-छुट्टै शब्द कुनै पनि भाषामा हुँदैनन् । यसैले भाषा–विशेषका वक्ताहरू एउटै शब्दमा मनका अनगिन्ती भावहरू घुसार्छन् र त्यस शब्दको प्रयोग गर्ने गर्छन् । कालक्रमले ती शब्दका सूक्ष्म अर्थहरू लुप्त हुँदै जाने वा त्यस्ता कतिपय अर्थतिर वक्ता–श्रोताहरूको ध्यान नजाने स्थिति पनि हुन जान्छ । परम्पराले भाषिक मितव्ययिताको कति सूक्ष्म प्रणाली स्थापित गरिदिएको हुन्छ भन्ने कुरा हामी 'एप्रश' को अध्ययनबाट पनि केही मात्रामा बुझ्न सक्छौं । नेपाली वक्ताहरूले यसमा कति मसिना अर्थहरू जगेर्ना गर्दै आएका छन् त ? शब्दहरू अर्थको मधु-सञ्चित गर्ने चाका त हुन् । एउटै शब्दमा अर्थका मसिना केस्रा गुटुमुटु पार्ने नेपालीहरूको मितव्ययी मनोभाषिकता 'एप्रश' को अध्ययनबाट जानकारीमा आउँछ ।

नेपालीमा 'एप्रश' को एउटा छुट्टै कोश निर्मित हुन सक्छ । कोशविज्ञानको भर्खर–भर्खर जग बस्न थालेको नेपालमा 'एप्रश' को कोशको कल्पना अहिलेलाई एउटा असम्भव वस्तु नै ठानिएला । तर कोश–कलाको राम्रो विकास हुँदै गएको खण्डमा भाषाप्रति उठ्दै गएको चाखलाई सन्तुष्ट पार्न विभिन्न फाँटका शब्दहरूको कोश तयार पार्ने सिलसिलाअन्तर्गत 'एप्रश' को कोश पनि तयार हुनुपर्छ भन्न सकिन्छ ।

स्थानीय सन्दर्भमा 'एप्रश' को अध्ययन गर्दा यसका रूप तथा अर्थगत वैविध्यमा अझ धेरै प्रकाश पर्छ । खोटाङमा पञ्चमीमा लाग्ने बजारलाई 'पञ्चमी' वा

'पञ्चमीबजार' भन्ने चलन छ । यसरी यहाँ 'पञ्चमी' या त 'शून्य एप्रश' हो या 'एप्रश' भइसकेपछि नेपाली जिब्राले सुविधाका लागि फेरि इकारान्त पारेको हो । ताप्लेजुङमा चतुरार्थीमा लाग्ने बजारलाई 'चतुरे हाट' भनिन्छ । तेह्लथुममा सक्रातिमा लाग्ने बजार 'सक्राते' कहलाउँछ । मेची अञ्चलमा 'आइतवारे' 'सोमवारे' 'सन्सरे' जस्ता शब्द कहीं मेला भन्ने अर्थमा, कहीं बजार भन्ने अर्थमा अनि कहीं ठाउँ भन्ने अर्थमा रूढ भएका छन् । यसरी 'एप्रश' यौगिक मात्र नभई योगरूढ पनि छन् क्षेत्रीय स्तरमा यौगिक र योगरूढ 'एप्रश' को खोज तलास गर्ने आयोजना एउटा उत्साही आयोजना हुनेछ । त्रि. वि. वि. बाट अथवा प्रज्ञा-प्रतिष्ठानको भाषा-विभागबाट यस्तो आयोजनाको वा परियोजनाको सञ्चालन गर्न सकिन्छ ।

विकृतार्थी र उपमार्थी 'एप्र' को प्रयोग निकै व्यापक देखिन्छ । अङ्ग-विशेषका बोधक शब्दबाट टाउके, आँखे, भुँडे, नाके जस्ता विकृतार्थी 'एप्रश' बन्छन् । व्यक्तिको जुन अङ्गमा असामान्यता छ त्यही अङ्गद्वारा व्यक्ति–विशेषलाई चिनाउने परम्पराको बोध यस्ता 'एप्रश' को अध्ययनबाट हुन्छ । चमेरे, बोके, ढ्याम्पे, ठेउके– जस्ता शब्द उपमार्थी 'एप्रश' हुन् तापनि यिनीहरू अरू व्यापक अर्थका बोधक पनि हुन्छन्; जस्तो 'चमेरे रूख' भन्दा चमेरा बस्ने वा सानो रूख भन्ने पनि बुझिन्छ । 'बाँदर मान्छे' उपमार्थी हुन्छ, तर 'बाँदरे भीर' त्यस्तो हुँदैन । उपमार्थी र विकृतार्थी 'एप्रश' हरू पहिला–पहिला पूरै लाक्षणिक अर्थको झलक दिन्थे, जसले गर्दा आजसम्म पनि कैयौं त्यस्ता 'एप्रश' मा हामी लाक्षणिकताका ध्वंसावशेष पाउँछौं । पशुपक्षीभन्दा माथिल्लो कोटिको जन्तु मान्छे हो तापनि उसमा प्रशस्त पशुपक्षीका लक्षण पाइन्छन् । यसैले अनादि कालदेखि मान्छेलाई पशुपक्षीका नामले चिनाउने चलन चल्दै आयो । आजको जस्तो वैज्ञानिक युगमा पनि विज्ञानका सामग्रीहरूले तिनलाई स्थानापन्न गर्न सक्लान् र हाम्रो भाषामा एकदमै उथल पुथल आउला जस्तो लाग्दैन । आलंकारिकताको चमत्कारका साथ अर्थको द्योतन गर्ने उपमार्थी र विकृतार्थी 'एप्रश' को फेरि आफ्नै किसिमको स्थान देखिन्छ ।

नेपालीमा अनुकरणात्मक शब्दबाट बन्ने 'एप्रश' को ज्यादै ठूलो संख्या छ । मूल अर्थ जे हो प्रायः त्यसैलाई लिएर अनुकरणात्मक शब्द 'एप्रश' भएर अन्य पदार्थको द्योतन गर्छ । 'पयात्त' पर्ने व्यक्ति वा वस्तु 'पयात्ते' कहलाउँछ । पयात्त पर्नुको अर्थ हो नसुहाउँदो किसिमले थेप्चिई ठाउँ ओगटेर रहनु ।

नेपाली संस्कृतिको फराकिलोपना 'एप्रश' मा अङ्कित पाइन्छ । यो केही पक्षमा उखानजत्तिकै महत्त्वपूर्ण छ; टुक्काजत्तिकै गम्भीर । हुक्के, छाते, बैठकेहरू नेपाली शासनको सामन्ती परिवेशको चित्र अङ्कित गर्छन् भने 'नौतले बाउन्ने

ढोका नेपाले राजाको दरबार' जस्ता 'एप्र' ले दरबारको सिङ्गो चित्र उभ्याउँछन् । 'अल्छे तिघ्रो, स्वादे जिब्रो' मा एक किसिमको व्यक्तिको चरित्र अङ्कित छ भने नूने जाउलो, घुँडे भाग, गधे पच्चीसी, कुखुरे बेंस, जाँते पीङ, मंसिरे कांक्रो, माघे स्नान, हांडे रोग, ढयाँग्रे झाँक्री, पाखे मान्छे, टपरे बाहुन जस्ता पदबन्धमा नेपाली आस्था, विश्वास, विचार, आचरण र आदर्शका अंकुरहरू छन् ।

निम्नलिखित पदबन्धहरूबाट हामी नेपालको पहाडी जीवनको झाँकी खिच्न सक्छौं— घंटे कान्छो, छहरे खोला, तारेभीर, कोदाले पखेरो, सुर्के खेत, घोचे बार, ढुंगेचौर, पराले छाना, तने बोडी, एकतले झुप्रो आदि ।

यस्ता पदबन्धलाई वाक्यगत रूपमा प्रस्तुत गर्दा तिनीहरू एकोन्मुख अर्थको सिङ्गो ऐना बन्छन् जहाँ हामी नेपाली जीवनको सक्कली अनुहार देख्छौं —

डुंगेचौर गाउँमा पराले छाना भएको एकतले झुप्रो छ; जहाँ घंटे कान्छो बस्छ; उसको झुप्रो तारे भीर नजीकै छ; जसमुनि छहरे खोला बग्छ; घंटेको गोरु नलाग्ने, कोदाले पखेरो बारी छ भने पानी नअडिने, खन्न गाहारो सुर्के खेत छ; उसको झुप्रो वरिपरि घोचेबार छन्; जहाँ अनुकूल समयमा तने बोडी लर्कंका हुन्छन् ।'

□

# नेपाली शब्द र शब्दनिर्माण

डा. कृष्णचन्द्र मिश्र

शब्द भाषाको सामर्थ्यको प्रतीक हुन्छ र व्याकरणिक विश्लेषण तथा नियमको लागि यसको महत्त्व अपरिमित छ। हाम्रो परम्परामा व्याकरणलाई 'शब्दशास्त्र' वा 'शब्दानुशासन' पनि भनिन्छ। यसैले गर्दा भाषा अध्ययनको प्राचीनतम कालमा नै यहाँ 'शिक्षा' (फोनेटिक्स) र 'व्याकरण' को साथै 'निरुक्त' (व्युत्पत्तिमूलक शब्दकोश) लाई पनि वेदाङ्गको दर्जा दिइयो। भनिन्थ्यो—

'अवैयाकरणस्त्वन्धो वधिरः कोशवर्जितः'।

आधुनिक भाषावैज्ञानिक अध्ययनमा प्राचीन संस्कृत-व्याकरणको वर्ण; पद, वाक्य आदिको समानान्तर 'स्वनिम' (फोनेम) रूपिम (मौर्फेम) वाक्य-(सेन्टेन्स) आदि भाषाका संरचनागत एकाईहरूको विश्लेषण र सम्बन्धको व्याख्यान गरिन्छ। तर व्याकरणिक विश्लेषणको लागि शब्दको महत्त्व आज पनि छँदैछ तथा भाषा-वैज्ञानिकहरू यसलाई 'रूपिम' (मौर्फेम) र पदावली (फ्रेज) को बीचमा राख्छन्।[१] संस्कृत व्याकरण, न्याय, कोश आदि शास्त्रमा 'शब्द' को स्वरूप बारे विभिन्न किसिमका मान्यताहरू देखा पर्दछन् र यसको चरम दार्शनिक परिणति भर्तृहरिको 'शब्दब्रह्मवाद' मा भएको छ। महान् वैयाकरण पाणिनिले त 'शब्द' को प्रयोग पारिभाषिक (संज्ञा) तथा अपारिभाषिक दुवै किसिमले गरेका छन्।[२] पारिभाषिक स्तरमा उनको शब्द 'प्रेषणीय उक्तिखण्ड' को समकक्ष सिद्ध हुन्छ।[३] यहाँ यो भन्नुपर्दैन कि हाम्रो यस परिचर्चाको क्रममा शब्दको पारिभाषिक रूप नै ग्राह्य हो। यो पारिभाषिक शब्द नै आवश्यकतानुसार

---

१. जोन लायन्स : इन्ट्रोडक्शन टु थियोरेटिकल लिंग्विस्टिक्स, पृ. २०६।

२. तुलनीय : 'स्वं रूपं शब्दस्याशब्दसंज्ञा' (पाणिनि १–१–६८) तथा 'शब्दवैरकलहाभ्रकण्ड्वमेघेभ्यः करणे' (पाणिनि ३–१–१७)।

३. विद्यानिवास मिश्र : भारतीय भाषाशास्त्रीय चिन्तन, पृ. २।

निर्माण गर्न सकिन्छ । आधुनिक भाषाशास्त्री ब्लूमफिल्डले बताएअनुसार शब्द भाषाको मूल सामग्री हो, किन्तु 'रूपिम' को आधारमा आफ्नो रुचिअनुसार शब्द बनाउन सकिन्छ ।[4] वस्तुतः भाषा मूल रूपमा अभिव्यक्तिको संरचना र शब्दावली दुवैको संयुक्त रूप हो । अतः एक जीवित भाषाको शब्दावलीमा बढोत्तरी त्यसको जीवन्तता र विकासको सहज प्रक्रिया हो । शब्दावलीको अनुशीलनबाट भाषाको सामर्थ्य र त्यसको प्रगतिको सही दिशाको बोध हुन्छ । यस प्रकारको अध्ययनले भाषाप्रयोक्ता जातिको सांस्कृतिक पृष्ठभूमि र बौद्धिक विकासलाई पनि छर्लङ्ग पार्छ । यसले वैयाकरणलाई लोकप्रयोगको जीवन्त दृष्टि दिन्छ र लोकप्रयोगलाई पनि भाषिक शालीनताको गरिमा र स्थायित्व प्रदान गर्छ ।

नेपाली शब्दावलीको अध्ययन व्याकरण र कोशको निर्माणक्रममा केही मात्रामा पहिले भएको छ । पुराना कोशकारहरू राल्फ लीले टर्नर, बालचन्द्र शर्मा र महानन्द सापकोटाका कृतिहरूमा यसबारे विवेचना पाइन्छ । नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा हालै प्रकाशित नेपाली बृहद् शब्दकोशको प्रकाशकीय वक्तव्यमा पनि यसबारे महत्त्वपूर्ण संकेतहरू छन् । तर आधुनिक कालमा नेपाली भाषाको शब्दभण्डारमा भएको अप्रत्याशित वृद्धिलाई हेर्दा त्यसको विस्तृत विवेचन, शब्दहरूको छनौट र निर्माणबारे परिनिष्ठित दृष्टिकोण र सुझाउको कमी नै अनुभव हुन्छ । आजको नेपाली शब्दभण्डारमा बर्सातपछि उम्रेका अनियन्त्रित च्याउजस्तै शब्दहरूको संख्या बढ्दै गएको पाइन्छ । यसबारे एक सुनिश्चित दृष्टिकोण वा नीतिनिर्धारण हुनु अत्यावश्यक भएको छ ।

हाम्रा भाषाहरूका शब्दहरू स्रोतको दृष्टिले चार थरीका छन् भन्ने विचार आज पनि प्रचलित छ । ती हुन्– तत्सम, तद्भव, देशज र विदेशी (आगन्तुक ?) ।[5] एकै भाषाका प्रयोगक्षेत्र र प्रयोक्ता–समूहको संस्कारगत भेदले गर्दा यी चारै प्रकारका शब्दहरूको बेग्लाबेग्लै किसिमले प्रयोग भएको देखा पर्छ । यसलाई शैलीभेद पनि भन्न सकिन्छ । तर खास कारणले कुनै खास ऐतिहासिक काल वा भाषामा एक एक थरीका शब्दहरूको ग्रहण वा निर्माण बढी भएको देखा पर्छ । आधुनिक भारतीय भाषाहरूमा शब्दावलीको दृष्टिले बङ्गाली र मलयालमजस्ता भाषाहरू अत्यन्त तत्समप्रधान भाषा भएका छन्, तर तेलुगु र

---

[4] ब्लूमफील्ड 'भाषा' (हिन्दी अनुवाद) पृ. ३३२ ।

[5] केही हिन्दी भाषाविद्हरूले नव्य आर्यभाषाहरूमा तत्सम र तद्भवको बीचमा 'अर्धतत्सम' किसिमका शब्दहरूको वर्ग पनि देखाएका छन् ।
उदयनारायण तिवारी : अभिनव भाषाविज्ञान, पृ: १४४ ।

मराठीजस्ता भाषाहरू तद्भवप्रधान नै छन् । पञ्जाबी भाषामा आगन्तुक शब्दको प्रधानता छ । हिन्दीको स्थिति तीनै भाषाहरूभन्दा बेग्लै किसिमको छ । ऐतिहासिक दृष्टिले पनि आधुनिक भाषाहरूको आरम्भिक कालमा तद्भवप्रधानता देखिन्छ, तर मध्ययुगको भक्ति र सामन्ती कालमा भाषाहरू तत्समबहुल भएको सिद्ध हुन्छ । आधुनिक बोलचालको गद्यमा त विदेशी शब्दहरूको बिगबिगी नै छ ।

नेपाली भाषामा पनि उपर्युक्त चारै थरीका शब्दहरू पाइन्छन् । आधुनिक कालमा यस भाषाको शब्दभण्डार पनि मुख्यतः तत्सम र विदेशी (आगन्तुक) शब्दहरूको संख्याले बढ्दै गएको देखा पर्छ । नेपाली भाषा औपचारिक रूपमा राजभाषा र राष्ट्रभाषा घोषित भएपछि यसको शब्दभण्डारमा द्रुतगतिले वृद्धि भएको छ ।

कुनै भाषाको शब्दावलीमा थप वा वृद्धि दुई उपायले हुन्छ— ग्रहण (आदान) द्वारा तथा निर्माणद्वारा । यी दुवै साधन पनि भाषाको विविध स्तर र उपयोगबाट प्रभावित हुन्छ । यसरी आधुनिक कालमा उपयोगको दृष्टिले नेपाली भाषाका तीन स्पष्ट वर्ग वा रूप देखा पर्छन्—

१. नेपाली मातृभाषा, २. नेपाली राष्ट्रभाषा र ३. नेपाली शिक्षाको माध्यम भाषा ।

नेपालीको शब्दभण्डार पनि भाषिक उपयोगका यी तीनै रूपमा आफ्नै किसिमले शब्दग्रहण वा निर्माणबाट बढ्दै गएको छ ।

मातृभाषाको रूपमा नेपालीका शब्दहरू क्षेत्रीय विशेषताहरूलाई झल्काउँछन् र यस्ता शब्दहरूमा भाषाभाषीको जातीय संस्कारको छाया स्पष्ट देखा पर्छ । मातृभाषाको शब्दावलीमा तद्भव र देशी अथवा स्थानीय उत्पत्तिका शब्दहरूको प्रधानता हुन्छ । यस्ता शब्दहरू नै भाषाका मूल स्रोत हुन् । यसरी शब्दावलीमा वृद्धि वा परिवर्तन भाषाको स्तरवृद्धि हुनाले हुन्छ ।

राष्ट्रभाषाको नाताले नेपाली भाषा देशभरिका विभिन्न भाषाभाषीहरूको सम्पर्कभाषा बन्न पुगेको छ । त्यसैले आज राष्ट्रभाषा नेपालीको शब्दावली र वाक्यरचनामा पनि देशका विभिन्न भाषाहरूको प्रभाव देखिन्छ ।

यसका अतिरिक्त शिक्षाको माध्यम भाषा हुनाले आज यस भाषामा ज्ञानविज्ञानका नयाँ नयाँ उपलब्धिहरूको समावेश हुन थालेको छ । शिक्षाको माध्यम भाषाको रूपमा नै यसमा सबभन्दा बढी शब्दनिर्माण वा ग्रहणको आवश्यकता देखापर्छ ।

अर्कोतिर भाषाको सृजनात्मक पक्षको विश्लेषण गर्दा भाषाका दुई स्पष्ट रूप

देखा पर्छन् । ललितकलात्मक साहित्यको सृजनमा मातृभाषाको जीवन्त वत्सल छाया बढी प्रभावशाली हुन्छ । किन्तु विचारात्मक शास्त्रीय र वैज्ञानिक साहित्यको लागि भाषाको मानक रूप अत्यन्त आवश्यक ठहर्छ । शास्त्रीय शब्दावलीमा व्याकरणको दृष्टिले शुद्धता मात्र होइन, अपितु कोशको दृष्टिले पनि एकरूपता, सङ्गति र परिष्कृत अभिरुचिको बोध आवश्यक हुन्छ । साधारणतः यस्तो स्तरीय साहित्यिक वा शास्त्रीय शब्दावली आफ्नो भाषापरिवारका अन्य भाषाहरूको समीप हुन्छ । यसैले यूरोपका भाषाहरूका पारिभाषिक शब्दहरूमा समरूपता देखा पर्छ ।

नेपाली शब्दहरूलाई केलाउँदा भाषिक स्थितिको सूचना दिने उपयुक्त तीनै प्रकारका शब्दहरू पाइन्छन् । पुराना मौलिक शब्दहरूको प्रयोग जारी छ । ललित साहित्यको सृजनामा तीव्रता र वृद्धि आएको छ र यहाँ मातृभाषाको छायामा उम्रेका कोमल शब्दहरू पनि बढ्दै गएका छन् । नेपाली भाषामा आधुनिक युगको आवश्यकतानुरूप, प्रशासनिक, शास्त्रीय, वैज्ञानिक र प्राविधिक साहित्यको खाँचो छ । यसको पूर्तिका लागि अगाडि बढ्दा आवश्यक शब्दावलीको कमी नै सबभन्दा ठूलो बाधा सिद्ध हुन्छ । समस्याको निराकरण नयाँ शब्दहरूको निर्माण र ग्रहण दुवै तरीकाबाट भइरहेको छ । लेखक र कोशकार दुवै वर्गको योगदान नेपाली शब्दभण्डारको वृद्धिमा सहायक सिद्ध भएको छ । तर अनियन्त्रित ढङ्गबाट अनिर्दिष्ट भावभूमिमा जथाभावी पाइला चाल्दा परिणाम सन्तोषजनक देखा पर्दैन ।

नेपालीमा नयाँ पारिभाषिक शब्दहरूको निर्माणबारे एकाधिक पटक विद्वद्गोष्ठीहरूमा चर्चा भइसकेको छ । यसको लागि प्रयास व्यक्तिगत तथा संस्थागत दुवै रूपमा भएको छ । नेपालीलाई उच्च शिक्षाको माध्यम बनाउँदा आइपर्ने समस्याहरूबारे कमसेकम तीनओटा शोधपत्र प्रकाशमा आइसकेका छन् ।[६] यसका अतिरिक्त विभिन्न मन्त्रालय, संस्थान तथा विश्वविद्यालयमा पनि आफ्नो

---

६. (क) डा. वल्लभमणि दाहाल : नेपालको उच्चशिक्षामा राष्ट्रभाषाको माध्यम : विकासको निम्ति शिक्षा सम्पा. प्रेम कसजू आदि, शिक्षा अनुसन्धान, प्रवर्धन तथा विकास केन्द्र, काठमाडौं २०३५ ।

(ख) डा. युगेश्वर वर्मा र डा. चूडामणि बन्धु : उच्चशिक्षाको माध्यम त्रि. वि. अनुसन्धान–महाशाखा, काठमाडौं २०३७ ।

(ग) डा. कृष्णचन्द्र मिश्र : उच्चशिक्षामा माध्यमभाषाको भूमिका, त्रि. वि. पाठ्यक्रम विकास केन्द्र पत्रिका, पूर्णाङ्क १४, २०४१ ।

आवश्यकता–पूर्तिको लागि सम्बद्ध निकायहरूद्वारा शब्दनिर्माण र ग्रहणको सामयिक प्रयास पटक–पटक भएको छ । यस सम्बन्धमा कानून तथा प्रशासन विभाग बढी प्रयत्नशील रहेको बुझिन्छ । त्यहाँको खाँचो–पूर्तिको परिणामस्वरूप कमसेकम तीनओटा पारिभाषिक शब्द–सङ्कलन वा कोश जनसमक्ष आइसकेका छन् । एक हो, सी. के. गुरुङ र साथीहरूद्वारा तयार पारिएका पारिभाषिक शब्दावली । विधिवेत्ता श्री टोपबहादुर सिंहको कानूनी शब्दकोश यस दिशामा अर्को उल्लेखनीय प्रकाशन हो ।[७] यस्तै कोशकार श्री हर्षनाथ भट्टराईद्वारा सम्पादित प्रशासकीय तथा कानूनी शब्दकोश[८] यस दिशामा एक अर्को सीमाचिह्न बन्न पुगेको छ । तर बढ्दो सामाजिक आवश्यकताको पूर्तिको लागि यी सबै सत्प्रयासका बावजूद, शब्दनिर्माणको क्षेत्रमा वाञ्छित सफलताबाट अझै टाढा रहनुपर्ने दुःखद तथ्य हाम्रो सामुन्ने छ । कारण अनेक हुन सक्छन् । मेरा विचारमा सबभन्दा प्रमुख कारण हो शब्दनिर्माण र ग्रहणको लागि कुनै आधारभूत नीतिको अभाव । वास्तवमा राष्ट्रभाषा नेपालीको शब्दभण्डारमा वृद्धिको लागि स्रोतबारे अहिलेसम्म कुनै आधारभूत नीतिको संकेत आधिकारिक रूपमा नहुनु आश्चर्यको कुरो हो । भारतको संविधानमा राष्ट्रभाषा हिन्दीको शब्दावलीबारे स्पष्ट निर्देश छ कि त्यसको 'शब्दभण्डारको वृद्धि मुख्यतः संस्कृतबाट र गौणतः अन्य भारतीय भाषाहरूबाट शब्द छानेर गरिने छ ।' नेपालमा राष्ट्रभाषाको शब्दनिर्माणबारे यस्तो कुनै मूल नीतिको उल्लेख मैले देखे–सुनेसम्म पाइनँ । ४ वर्षअघि मात्र त्रिभुवन–विश्वविद्यालयको अनुसन्धान–महाशाखाबाट 'नेपालमा उच्च शिक्षाको माध्यम' बारे एक विशिष्ट परियोजनाको प्रतिवेदन आयो ।[९] यसका प्रतिवेदक विद्वान् प्राध्यापकद्वयले नेपाली भाषालाई उच्च शिक्षाको उपयुक्त माध्यम बनाउनको लागि २०४० सालसम्म एक लाख पारिभाषिक शब्दहरूको निर्माण गर्ने एक महत्त्वाकांक्षी गुरुयोजनाको प्रारूप पनि प्रस्तुत गरेका थिए । त्यो कत्तिको पूरा भयो हामीलाई थाहा छैन । तर उहाँहरूले पनि प्रतिवेदनमा आधारभूत कुरा 'कुन स्रोतबाट नयाँ शब्दको निर्माण गर्ने हो' बारे केही उल्लेख गरेको देखिएन । यसरी स्थिति झन् अस्पष्ट हुन्छ । समस्या अहिले पनि त्यहीं छ जहाँ करीब ५ वर्षअगाडि वल्लभमणि दाहालले आपनो एक लेखमा संकेत गर्नुभएको थियो — 'यस्ता शब्दहरू सोझै अन्य भाषाबाट लिने वा संस्कृत–स्रोतबाट

---

[७] प्रकाशक : त्रि. वि. पाठ्यक्रम विकास केन्द्र, काठमाडौं १९८१ ।

[८] प्रकाशक : नेशनल रिसर्च एसोसिएट्स, काठमाडौं २०४१ ।

[९] वर्मा र बन्धु : उपर्युक्त पृ. ११२–१४ ।

निर्माण गर्ने... अथवा हिन्दीमा निर्मित वा प्रचलित शब्द लिने वा छुट्टै बनाउने जस्ता कुरामा नीतिनिर्धारणको अभावमा यो समस्या झन् जेलिंदै गएको छ।[१०]

यस अनिश्चयको स्थितिमा पनि विद्वान्हरूद्वारा गरिएको सत्प्रयासको फलस्वरूप नै आज नेपाली भाषामा पुराकालिक र गम्भीर चिन्तनको साथै आधुनिकतम वैज्ञानिक प्राविधिक विचारहरूको पनि अभिव्यक्ति सम्भव हुन गएको छ।

अब म पारिभाषिक तथा अन्य किसिमका नयाँ शब्दहरूको निर्माण वा प्रयोगमा देखा परेका केही विचित्रता र त्रुटिलाई औंल्याउन चाहन्छु। यो कार्य दीर्घकालीन विशेष अध्यवसायको अपेक्षा गर्दछ। यहाँ हामी उदाहरणको लागि मात्र दुई-चार प्रचलित शब्दहरूको शुद्धि, सार्थकता र औचित्य बारे संकेत गर्न सकौंला। नेपालीमा केही नयाँ प्रचलित शब्दहरूको विचित्रता वा 'विद्रूपता' दुई कारणले भएको देखिन्छ। व्याकरणको अज्ञान वा वास्ता नगर्ने प्रवृत्तिले तथा विदेशी शब्दको अनुवादमा स्वेच्छाचारिताले पहिलो वर्गमा पाण्डित्य-प्रदर्शन वा भावावेशको कारणले केही सहज शब्दहरूमा 'प्रत्ययद्वित्व' गरेर नयाँ शब्द बनाइएका छन्। यस्तो एक प्रचलित शब्द हो 'धैर्यता'। सोच्नुपर्ने कुरो हो, धैर्य शब्दले 'धारणको भाव' स्पष्ट रूपमा व्यक्त गर्दा गर्दै पनि त्यसमा 'ता' प्रत्यय लगाउनुको औचित्य के ? यो 'ता' प्रत्ययको अविचारित प्रयोग नेपालीमा दुरुपयोगको हदसम्म पुगेको छ। 'ईमानदारिता' जस्तो अनावश्यक र अशुद्ध प्रयोग पनि खूबै भएको देखिन्छ। यसरी भाषा-सङ्करणद्वारा हाँस र कुखुराका बेमेल सन्ततिजस्ता शब्दहरू प्रचारित भइरहेका छन्। कोशकारले पनि 'अन्योलता' जस्ता शब्दको प्रयोग गरेको देखा पर्छ।[११] 'ता' प्रत्ययको यस्तो अनावश्यक प्रयोगबाहुल्यबाट कहिलेकाहीं रोचक विजातीय मिश्रण पनि भएको छ। एक उदाहरण हो-- 'तदारूकता', सुन्दा यो पूर्णतः संस्कृत, शब्द जस्तै छ। तर यो शब्द पनि अरबी प्रकृतिमा संस्कृत-प्रत्ययको मेलबाट बनेको छ (तदारूक्+ता)। मूल संस्कृतको प्रकृति-प्रत्ययसम्बन्धी अज्ञानले गर्दा कहिलेकाहीं विकृत र कठिन शब्दको सिर्जन पनि भएको देखिन्छ। यस्तो एक शब्द हो 'सौहार्द्र'। सुदृढको भाव सौहार्द शब्द हो। संस्कृतमा 'द' को माथि रेफ छ। तर नेपालीमा तल पनि रेफ लगाएर लेख्ने प्रवृत्ति चलेको छ। उच्चारणको दृष्टिले पनि यो दुष्कर कार्य हो। यसमा पनि

---

[१०] दहाल : उपर्युक्त पृ. १३।

[११] सी. के. गुरुङ आदि : पारिभाषिक शब्दावली, भूमिका पृष्ठ 'क'।

'ता' जोडेर कहिलेकाहीं 'सौहार्द्रता' शब्दको निर्माण गरेको पनि देखिन्छ। यस किसिमको अनावश्यक र अशुद्ध पाण्डित्य-प्रदर्शनको प्रवृत्तिलाई अन्त गर्नु वाञ्छनीय छ।

अंग्रेजीबाट पारिभाषिक शब्दहरूको अनुवाद वा निर्माणमा पनि स्वेच्छाचारितावश अनेक विजातीय मिश्रण तथा अनावश्यक 'काठिन्य' दोष देखा परेका छन्। उदाहरणार्थ 'फोरवार्ड डिलीवरी' को लागि 'अग्र-सुपुर्दगी' तथा 'पेटर्नलिज्म' को लागि 'जनकोचितवाद'।[12] प्रशासनिक शब्दकोशमा 'हाइवे' को लागि 'जनपथ' शब्द दिएको छ।[13] तर यसको लागि प्रचलित शब्द हो 'राजपथ'। 'कौसन मनी' को लागि शब्द निर्माण गरिएको छ-- 'परिभाव्य धन'। यो अनावश्यक पाण्डित्य-प्रदर्शन भयो। यसका लागि 'जमानती रकम' प्रचलित र उपयुक्त शब्द हो।

माथि उल्लिखित दुईचारओटा उदाहरणबाट भाषा, अनुवाद र शब्द-निर्माणको विचित्र स्थिति झल्कन्छ। वास्तवमा यसको लागि कुनै विशेष व्यक्ति वा विद्वान्हरूलाई दोष दिन सकिन्न। आधारभूत नीति र आधिकारिक कोशको अभावमा यस स्थितिको सिर्जना भएको छ। यसको निराकरण र भाषाको द्रुततर प्रगतिको लागिआवश्यक छ कि यसबारे विशेषज्ञहरूको विशेष छलफल गराई शब्दनिर्माणसम्बन्धी मूल नीतिको आधिकारिक घोषणा होस्।

हाम्रो दृष्टिमा नेपालीमा शब्द-निर्माण वा ग्रहण गर्दा सम्भाव्य सबै किसिमको स्रोतको आनुपातिक महत्त्व दिनैपर्छ। निःसन्देह पारिभाषिक शब्द निर्माणको लागि अन्य आधुनिक आर्यभाषासरह नेपालीको स्रोत पनि संस्कृतको शब्द-भण्डार नै हुनेछ। संस्कृत भाषामा शब्द-निर्माणको जुन अद्भुत क्षमता छ त्यसको अल्पमात्र उपयोग अहिलेसम्म भएको छ। एक अनुमानअनुसार संस्कृतका १७०० धातुहरूबाट २३,८०० मौलिक र लगभग पचासी करोड व्युत्पन्न शब्दहरूको निर्माण हुन सक्छ। यसैले शब्दको व्युत्पत्तिमूलक अर्थबोध र सम्पूर्ण शब्दरूपावलीको निर्माणको लागि बहुप्रचलित पारिभाषिक शब्दहरूको पनि मानक संस्कृत वैकल्पिक रूपमा कोशमा दिनुपर्छ।

यसको साथै ज्ञानविज्ञानको अन्तर्राष्ट्रिय प्रसारको यस युगमा हामीले वैज्ञानिक, प्राविधिक विषयका केही अन्तर्राष्ट्रिय शब्दहरूलाई ग्रहण गर्नुपर्छ : भौतिकी, रसायन, गणित आदि विषयका केही तत्त्व, यौगिक, स्थिराङ्क आदिको

---

[12] गुरुङ र भट्टराई : उपर्युक्त कोशहरू।

[13] भट्टराई : त्यहीं।

तथा वनस्पतिको पारिभाषिक नामावलीलाई अन्तर्राष्ट्रिय रूपमा नै स्वीकार गर्नु बेश होला । शिक्षण-स्तरको दृष्टिले यस किसिमका संस्कृत र अन्तर्राष्ट्रिय पारिभाषिक शब्दहरूको प्रतिशत निर्धारण गर्नुपर्छ ।

प्रशासन, वाणिज्य तथा अन्य सामाजिक क्षेत्रमा त मातृभाषाका प्रचलित शब्दहरूको यथार्थता हेरी प्रचार बढाउनुपरेको छ । क्षेत्रीय तथा लोकभाषाहरूबाट शब्द-संग्रह गर्नु कठिन कार्य हो । यिनका शब्दकोशहरू बनेका छैनन् । प्रचलनको दृष्टिले पनि ती राष्ट्रभाषाको मानक रूपको विकासमा विशेष सहायक हुँदैनन् ।

अन्तमा, ज्ञानविज्ञानको बढ्दो अन्तर्राष्ट्रिय सहयोगको युगमा, यस क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगको खाँचो अनुभव गर्दछु । खास गरी नेपाली एक आधुनिक आर्यभाषा भएकोले यसको शब्दावलीमा वृद्धि र शब्दनिर्माणको कार्यमा अन्य बहिनी भाषा, हिन्दी, बङ्गला र कुनै हदसम्म सिंहली तथा पूर्वी एशियाका संस्कृत प्रभावित भाषाहरूमा शब्दनिर्माणको प्रक्रिया र प्रगतिबाट प्रेरणा तथा सहयोग लिनु वाञ्छनीय देखा पर्छ । भारतमा राजकीय स्तरमा अहिलेसम्म विभिन्न विषयका चार लाख (हिन्दी) पारिभाषिक शब्दको निर्माण भइसकेको छ । हाम्रो राष्ट्रभाषा नेपाली र हिन्दीको घनिष्ठ सम्बन्ध र समान स्रोत छ । यस्तो स्थितिमा शब्द-निर्माणको क्षेत्रमा हिन्दीमा भएका कार्यहरूको सहयोगले हामी यस कार्यलाई छिटो छरितो पूरा गर्न सक्छौं र धेरै हदसम्म पिष्टपेषणद्वारा हुने श्रम र अर्थको अपव्यय हटाउन सक्छौं । उदार आशय र गुणग्राहिताले ज्ञानको क्षेत्रमा हुने यस्तो सहयोगबाट दुवै पक्षलाई लाभ हुनेछ ।

□

# नेपाली शब्द र शब्दनिर्माण

कुमारबहादुर जोशी

## १. नेपाली शब्द

नेपाली वाङमयका विविध फाँटमा प्रचलित भए जति जम्मै शब्द नेपाली शब्द हुन् । नेपाली भाषा भारोपेली वा आर्य–यूरोपेली भाषा–परिवारको सातौं वर्गमा पर्ने आधुनिक आर्यभाषाहरूमध्येको एक हो र यसको विकास संस्कृत प्राकृत र अपभ्रंश हुँदै भएको देखिन्छ । यसो हुँदा नेपाली भाषामा संस्कृत प्राकृतबाट प्राप्त शब्दहरूका अतिरिक्त अन्य भाषा-परिवारबाट आएका शब्द र नेपालका विभिन्न क्षेत्रीय भाषाहरूबाट भित्रिएका शब्दहरू पनि रहेका छन् । वस्तुतः नेपाली भाषामा पाइने यी सबै थरी शब्द नेपाली शब्द हुन् ।

विद्वान्हरूले आधुनिक आर्यभाषाको जन्मकाल सिद्धान्ततः विक्रमसंवत् १०५७ तिर निर्धारित गरेकाले एक आधुनिक आर्यभाषा नेपालीको आरम्भ पनि अन्य आर्यभाषासरह उक्त समयदेखि नै मानिएको छ । अहिलेसम्म प्रामाणिक रूपमा सिंजाका सम्राट अशोकचल्लको १३१२ को ताम्रपत्रभन्दा पूर्वको नेपाली भाषाको कुनै पनि लिखित सामग्री फेला नपरेकाले अहिलेलाई नेपाली भाषा वा शब्दको प्रामाणिक प्रारम्भबिन्दु १३१२ को उक्त ताम्रपत्रलाई नै मान्नुपरेको छ ।

यस प्रकार नेपाली भाषा-शब्दको प्रारम्भ सैद्धान्तिक रूपमा संवत् १०५७ को आसपासदेखि र प्रामाणिक रूपमा संवत् १३१२ देखि भएको भेटिए तापनि यस भाषाले 'नेपाली' भन्ने नाम पाएको चाहिँ धेरै पछि अर्थात् श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट आधुनिक नेपालको निर्माण भएपछि अथवा वि. सं. १८२५ पछि मात्र हो । यस सन्दर्भमा सन् १८२० मा कलकत्ताबाट प्रकाशित एटनको नेपाली भाषाको व्याकरण उल्लेखनीय छ, किनभने यस भाषालाई सर्वप्रथम 'नेपाली भाषा' भनिएको सम्भवतः यसैमा हो । यसअघि यसलाई 'खस भाषा', 'पर्वते भाषा', 'गोर्खाली भाषा' इत्यादि नामले पुकारिन्थ्यो ।

## २. मूल तथा व्युत्पन्न शब्द र शब्दनिर्माण-विधि

नेपाली भाषा संसारका जीवन्त र गतिशील भाषामध्येको हुनाले यसमा नयाँ नयाँ शब्दहरू बन्दै र थपिँदै जानु स्वाभाविकै हो । तर जुनसुकै भाषामा पनि यसरी बन्दै र थपिँदै गएका अर्थात् व्युत्पन्न शब्दहरू मात्र हुँदैनन्, अपितु यसका अव्युत्पन्न वा मूल (आफैं बनेका वा व्युत्पत्ति नपाइने वा प्रकृति-प्रत्यय नछुट्टिने) शब्दहरू पनि हुन्छन् । हुन त यास्कादि आचार्यहरूले सबै शब्द व्युत्पन्न हुन्छन् भनेको पाइन्छ र यो कुरा एक किसिमले सही भए पनि व्यवहारमा भने माथि भनिए झैं व्युत्पत्ति नपाइने वा प्रकृति-प्रत्यय नछुट्टिने शब्दलाई मूल शब्द मानिन्छ । मूल शब्द भनी मानेका शब्दको पनि अर्को मूल पत्ता लागेमा सोही अर्को शब्दलाई मूल मानी त्यसलाई व्युत्पन्न भन्नुपर्दछ । यसैले संस्कृतबाट आएका 'राम, दाता, कार्य' जस्ता शब्द नेपालीमा मूल शब्द मानिए तापनि संस्कृतमा भने तिनका पनि 'रम्, दा, कृ' यस्ता मूल शब्द पाइनाले तिनलाई त्यहाँ व्युत्पन्न नै मानिन्छ । सारांशमा, जुन शब्दको व्युत्पत्ति पाइँदैन वा प्रकृति-प्रत्यय स्पष्ट छुट्टिँदैन त्यस्ता शब्द मूल शब्द मानिन्छन् र सूक्ष्म अर्थाभास मात्र प्रकट गर्ने 'दि', 'लि', 'धु' आदि धातु (मूल शब्द भन्नाले मुख्यतया यस्ता धातु नै बुझिन्छ) वा अरू कुनै मूल शब्दबाट बनेका शब्दचाहिँ 'व्युत्पन्न' भनिन्छन् । मूल शब्दलाई तत्सम मूल, नेपाली मूल तथा आगन्तुक मूल जस्ता वर्गमा विभाजित गर्न सकिए जस्तै व्युत्पन्न शब्दलाई पनि प्रथम व्युत्पन्न, द्वितीय व्युत्पन्न तथा तृतीय व्युत्पन्न भनेर वर्गीकृत गर्न सकिन्छ । नेपालीमा व्युत्पन्न शब्दको निर्माण गर्ने प्रक्रिया वा विधि मुख्यतया निम्नलिखित अनुसारका छन्—

(क) उपसर्ग–विधि । (ख) कृत्प्रत्यय–विधि । (ग) तद्धितप्रत्यय–विधि । (घ) समास–विधि । (ङ) द्वित्व–विधि ।

नेपाली शब्दनिर्माण-विधिको ज्ञान र अभ्यासबाट विभिन्न (सामान्य, विशेष तथा प्राविधिक आदि) शब्दको अर्थबोध हुनाका साथै अभिव्यक्ति सामर्थ्यको पनि विकास हुन्छ । वास्तवमा, व्युत्पन्न शब्दहरूको निर्माण गर्ने र तिनको सही अर्थ बुझेर प्रयोग गर्ने क्षमताको विकास नै शब्दनिर्माण-प्रक्रिया वा विधिको ज्ञान र अभ्यासबाट प्राप्त हुने खास उपलब्धि हो ।

शब्दनिर्माणका सन्दर्भमा तत्सम, तद्भव एवं आगन्तुक जस्ता सबै थरी शब्दको तथा उपसर्ग, कृत्प्रत्यय, तद्धितप्रत्यय, समास र द्वित्व सबै थरी प्रक्रिया वा विधिको पनि उत्तिकै महत्त्व रहन्छ भने शब्दनिर्माण-प्रक्रियामा सन्धि, लोप एवं आगम-विधिले महत्त्वपूर्ण भूमिका खेल्ने कुरा पनि स्मरणीय छ ।

क) उपसर्ग–विधि— शब्दनिर्माणका उपर्युल्लिखित ५ वटा विधिमध्ये

पहिलो अर्थात् 'उपसर्ग-विधि' मा शब्दका अगाडि अ, अन, कु, बद, बे जस्ता नेपाली तथा प्र, परा, अप, सम्, अनु, अव, निस्, निर्, दुस्, दुर, वि, आ, नि, अधि, अति, सु, उद्, अभि, प्रति, परि जस्ता संस्कृत उपसर्ग लगाएर शब्दको निर्माण गरिन्छ। जस्तै— अ+भाव=अभाव, अन+पत्यार=अनपत्यार, कु+प्रभाव=कुप्रभाव, बद+नियत=बदनियत, बे+कसर=बेकसर तथा प्र+भाव=प्रभाव, परा+मनोविज्ञान=परामनोविज्ञान, अप+वाद=अपवाद, सम्+वेदना=संवेदना, अनु+करण=अनुकरण, अव+काश=अवकाश, निस्+सार=निस्सार, निर्+अवछिन्न=निरवच्छिन्न, दुस्+साहस=दुस्साहस, वि+कार=विकार, आ+गमन=आगमन, नि+गमन=निगमन, अधि+कार=अधिकार, अति+सार=अतिसार, अभि+लक्षण=अभिलक्षण, प्रति+कार=प्रतिकार, परि+पूर्ति=परिपूर्ति इत्यादि। यसरी शब्दको अगाडि वा पूर्वमा जोडिन आउने हुनाले उपसर्गलाई 'पूर्वसर्ग' पनि भन्ने चलन छ।

ख) कृत्प्रत्यय-विधि— सबै किसिमका धातुबाट 'नु' प्रत्यय भई बनेका भाववाचक नामबाट उक्त 'नु' प्रत्यय झिक्दा बाँकी रहने अंशलाई मूल शब्द वा 'धातु' भनिन्छ; जस्तै— 'दिनु' मा 'दि', 'खानु' मा 'खा', भन्नु' मा 'भन्', 'लगाउनु' मा 'लगाउ' मूल शब्द वा धातु हुन्। यस्ता धातुका पछाडि जोडिन आउने प्रत्यय वा परसर्गलाई कृत्प्रत्यय भनिन्छ। कृत्प्रत्यय पनि दुई थरीका छन्— (१) नेपाली कृत्प्रत्यय र (२) संस्कृत कृत्प्रत्यय। अक्कड, अन्ते, आइ, आवट, आउ, आहा, उवा, इलो, ओट, ऐया, आन, औना आदि नेपाली कृत्प्रत्यय हुन् भने अक, अन, इत, ई, त, ता, ति, त्व, अन (अण), अनीय (अणीय), तव्य इत्यादि चाहिँ संस्कृत कृत्प्रत्यय हुन्। यी प्रत्यय वा परसर्गहरू धातुसित पछाडि जोडिएर शब्दनिर्माण गर्दछन्। जस्तै— बुझ्+अक्कड=बुझक्कड, पढ्+अन्ते=पढन्ते, भन्+आइ=भनाइ, गिर्+आवट=गिरावट, तान्+आउ=तनाउ, पिर+आहा=पिराहा, भाग+उवा=भगुवा, चम्क+इलो=चम्किलो, बन्+ओट=बनोट, पढ्+ऐया=पढैया, काट्+आन=कटान, खेल्+औना=खेलौना इत्यादि। यस्तै, 'नु, ने, तो-दो, एको, ई, एर, न' यी पनि कृत्प्रत्यय हुन् र मूल धातुमा यी प्रत्यय जोडिएर शब्द बन्दछन्। 'भन्' धातुमा क्रमशः यी प्रत्यय लगाउँदा यस्ता शब्द बन्दछन्- भन्नु, भन्ने, भन्दो, भनेको, भनी, भनेर र भन्न। यिनमा 'भन्नु' नाम हो भने 'भन्ने, भन्दो, भनेको' विशेषण र अरू चाहिँ अव्यय हुन्।

ग) तद्धितप्रत्यय-विधि— धातुभिन्न पद वा प्रातिपादिक पदसित पछाडि जोडिएर शब्द निर्माण गर्ने प्रत्यय वा परसर्गलाई तद्धितप्रत्यय भन्दछन्। तद्धितप्रत्यय पनि नेपाली र संस्कृत गरी दुई थरीका छन्। आली, आलु, इलो, इयार,

ए, एलो, पन/पना, ले, अडी, आडी, आत, एटो, ओटो, जोरो, ची, दार आदि नेपाली तद्धितप्रत्यय छन् भने इक, इका, ई, ईय, ईन, क, ता, त्व, इम, इमा, तर, तम, य, वी इत्यादि चाहिँ संस्कृत तद्धितप्रत्यय हुन्। यी प्रत्ययहरू जोडिएर बनेका कतिपय शब्दहरू दृष्टान्तस्वरूप तल प्रस्तुत छन् —

अ) नेपाली तद्धितप्रत्यय जोडिएर बनेका शब्दहरू, जस्तै— स्याङ्जा + आली = स्याङ्जाली, ईर्ष्या + आलु = ईर्ष्यालु, रवाफ + इलो = रवाफिलो, साँध + इयार = सँधियार, पटक + ए = पटके, पोखरा + एली = पोखरेली, नेपाली + पन (पना) = नेपालीपन (पना), गाउँ + ले = गाउँले, गाँजा + अडी = गँजडी, गफ + आडी = गफाडी, शुरू + आत = शुरूआत, घोडा + एटो = घोडेटो, सिला + औटो = सिलौटो, घाम + औरो = घमौरो, अफिम + ची = अफिमची, रस + दार = रसदार इत्यादि।

आ) संस्कृत तद्धितप्रत्यय जोडिएर बनेका शब्दहरू, जस्तै— समाज + इक = सामाजिक, प्रवेश + इका = प्रवेशिका, धन + ई = धनी, लेखक + ईय = लेखकीय, नव + ईन = नवीन, बाल + क = बालक, मानव + ता = मानवता, पशु + त्व = पशुत्व, रक्त + इम = रक्तिम, लघु + इमा = लघिमा, द्रुत + तर = द्रुततर, लघु + तम = लघुतम, पाठ + य = पाठ्य, मन (मनस) + वी = मनस्वी इत्यादि।

घ) **समास–विधि**— परस्पर सम्बन्ध भएका दुई वा दुईभन्दा बढी पदहरू मिली एउटै पद वा शब्द बन्ने प्रक्रियालाई समास भनिन्छ। समास हुँदा कहीं (खास गरी प्रथम- तत्पुरुष समासमा) पूर्व (अघिल्लो) पदार्थ प्रधान हुन्छ (जस्तै— आधाकपाल) भने कहीं (खास गरी कर्मधारय समासमा) उत्तर (पछिल्लो) पदार्थ प्रधान हुन्छ (जस्तै — कालिमाटी)। यस्तै, कहीं (खास गरी द्वन्द्व समासमा) उभय (अघिल्लो र पछिल्लो दुवै) पदार्थ प्रधान हुन्छ (जस्तै— रामलक्ष्मण) भने कहीं (खास गरी बहुव्रीहि समासमा) अन्य (बाहिरिया) पदार्थ प्रधान हुन्छ (जस्तै— तीनमुखे)। अनि कहीं (खास गरी द्विगु समासमा) समूह अर्थ प्रधान हुन्छ (जस्तै— दोबाटो) भने कहीं (खास गरी अव्ययीभाव समासमा) चाहिं अव्ययार्थी प्रधान हुन्छ (जस्तै— बेथिति)। समास भएर बनेका अर्थात् समस्त शब्दको अर्थ त्यसको विग्रहद्वारा खुल्छ; जस्तै— माथि कोष्ठभित्र दिइएका समस्त शब्द 'आधाकपाल', 'कालीमाटी', 'रामलक्ष्मण', 'दोबाटो' र 'बेथिति' को अर्थ तिनको विग्रहद्वारा क्रमशः यसरी खुल्छ— 'कपालको आधा', 'कालो माटो', 'राम र लक्ष्मण', 'तीन मुख भएको', 'दुई बाटाको समूह' र 'थिति नभएको'। समासका मुख्य भेद तत्पुरुष, कर्मधारय,

द्वन्द्व, बहुव्रीहि, द्विगु र अव्ययीभाव नै हुन् तापनि यी बाहेक यसका अरू भेद पनि दर्शाउने चलन छ । उदाहरणका लागि नञ्--समास (जस्तै— नकाम, अज्ञान इत्यादि), विकल्पबोधक समास (जस्तै— दुईतीन, जानुनजानु इत्यादि), व्यतिहारार्थी समास (जस्तै — भनाभन, मुक्कामुक्की इत्यादि), त्रिपद समास (जस्तै— वर्षदिनपछि, नौतले-दरबार, मन-वचन-कर्म इत्यादि) तथा अलुक् समास (जस्तै— श्री ५ को सरकार, मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थान इत्यादि), मध्यम-पदलोपी समास (जस्तै— कानेटोपी, कुस्लेचोर इत्यादि) आदि । तर यी भेदमध्ये कतिपय भेद समासका उक्त मुख्य भेदअन्तर्गत मानिन्छन् भने समासका यी भेदहरूमध्ये कतिपय भेदका अनेक उपभेद पनि पाइन्छन् ।

ङ) द्वित्व–विधि— द्वित्व–विधि भनेको शब्द वा व्यञ्जन दोहोरिएर शब्द निर्मित हुने एक पद्धति हो । यस पद्धतिमा खास गरी एकै अनुहार र एकै अर्थका शब्दहरू पूर्ण, आंशिक वा अपरिवर्तित रूपमा दोहोरिने गर्दछन् । यस पद्धतिलाई अँगालेर हामी सर्वनाम, विशेषण, क्रिया तथा अव्यय र अनुकरणात्मक शब्दबाट नयाँ (व्युत्पन्न) शब्दको निर्माण गर्न सक्छौं । दृष्टान्तका लागि संज्ञाबाट छोरा-छोरी, घरै-घर इ., सर्वनामबाट जोजो, कोको इ., विशेषणबाट रातौं-रात, काला-काला इ., क्रियाबाट जान्छ-जान्छ, खान्छ-खान्छ इ., अव्ययबाट पछि-पछि, पर-पर इ. तथा अनुकरणात्मक शब्दबाट सरसर, सन्याकसुरुक, स्वाँस्वाँ इ. । द्वित्व कहीं आंशिक रूपमा हुन्छ, जस्तै— आआफू, टाटाढा इ.; कहीं पूर्ण रूपमा हुन्छ जस्तै— घर-घर-, वन-वन इ., कहीं समवर्णी द्वित्व हुन्छ, जस्तै— चाटचूट, फाकफूक इ., कहीं विषमवर्णी द्वित्व हुन्छ, जस्तै — चहल-पहल, आनीबानी इ., कहीं पश्चगामी द्वित्व हुन्छ, जस्तै — भातसात, हल्लाखल्ला इ. र कहीं चाहिं अग्रगामी द्वित्व हुन्छ, जस्तै : गर्गहना, मर्मसला इ. ।

## ३. अन्त्यमा

नेपाली शब्दका सन्दर्भमा नयाँ अर्थात् व्युत्पन्न शब्दहरूको निर्माण गर्दा हेक्का राख्नुपर्ने एकाध कुरा उप्काउनु अप्रासंगिक नहोला । त्यो के भने माथि चर्चित शब्दनिर्माणका सबै थरी प्रक्रिया वा विधिहरू जुनसुकै शब्दका साथ सम्पन्न हुने नियम छैन न त यी-यी शब्दका साथ शब्दनिर्माणका यी-यी प्रक्रिया वा विधि सम्पन्न हुन्छन् भन्ने नै कुनै निश्चित नियम छ । यसो भए तापनि नेपाली भाषिक व्यवहार वा लोकप्रचलन नै यस सन्दर्भमा नियामक देखापर्छ अर्थात् कुनै पनि नयाँ यद्वा व्युत्पन्न शब्दको निर्माण गर्दा लोक-व्यवहार वा भाषिक प्रचलनलाई र साथै प्रचलित व्याकरणलाई पनि दृष्टिगत गर्नु अति जरूरी छ । यसका अतिरिक्त नयाँ

शब्दनिर्माण गर्दा के के लाघव हुन्छ, त्यसमा के औचित्य छ र त्यो श्रुतिमधुर छ कि छैन सरल र संप्रेष्य छ कि छैन इत्यादि कुराहरूबारे पनि ध्यान दिनु आवश्यक छ। वास्तवमा, यी सब कुराहरूलाई ध्यानमा राखेर बनाइएका शब्द नै प्रायः सबैतिरबाट स्वीकृत हुन्छन्। अन्यथा नवनिर्मित शब्द बेवारिसे बच्चा झैं अलपत्रिन सक्छन्। यस सन्दर्भमा कतिपय नवनिर्मित शब्दलाई दृष्टान्तका रूपमा अघि सार्न सकिन्छ, जस्तै — धैर्यता, ईमानदारिता, अन्योलता, सौहार्दता-सौहार्द्रता, वैषम्यता, प्राधान्यता, अज्ञानता, नामाकरण, सम्पादक्यौली, पुच्छ्रचौली आदि आदि। यिनमा 'सम्पादक्यौली' र 'पुच्छ्रचौली' यी दुई बाहेक अरू शब्द व्याकरणसम्मत छैनन् भने कर्तावादीहरूद्वारा सम्भवतः 'सम्पादकीय र निष्कर्ष' जस्ता प्रचलित संस्कृत (तत्सम) शब्दका सट्टा प्रयोगमा ल्याउन खोजिएको 'सम्पादक्यौली र पुच्छ्रचौली' शब्दचाहिं नेपाली व्याकरणसम्मत देखापरे तापनि ती चल्न सकेनन्, किनभने ती न त्यति श्रुतिमधुर छन् न तिनको निर्माणमा कुनै औचित्य र लाघव नै देखिन्छ।

□

# नेपाली शब्द र शब्दनिर्माण

## चूडानाथ भट्टराय

पहिले शब्दको सामान्य व्याख्या नगरी विशेष नेपाली शब्द बारे केही भन्नु उक्तिसंगत हुने छैन । व्याकरणको मूल विषयवस्तु शब्द नै हो । त्यसैले मैले यही विषयमा आफ्नो विचार पोख्न खोजेको हुँ । संसारमा आजसम्म भएका भाषाका व्याकरणहरू एकातिर राखे पनि संस्कृत भाषाको व्याकरणको समानता गर्न गाह्रो पर्छ किनभने पाणिनिले पूर्ववर्ती आचार्यको मतमतान्तरलाई कदर गर्दै आफ्नो अष्टाध्यायी व्याकरण रचे । त्यसमा यतिविघ्न ग्रन्थ रचिए जसलाई प्राचीन र नवीन दुई रूपमा विभक्त गर्दा पनि दुवै खण्डमा आचार्यसम्म पढाइ चालु गर्दा पनि एकछेउ मात्र ग्रन्थराशि कोरिन्छ । यस्तो देखेर 'अनन्तपारं किल शब्दशास्त्रम' भन्न बाध्य हुनुपर्छ । शब्दको अनुशासन मात्र गर्छ व्याकरणले भन्ने कुरामा प्रमाणभूत सूत्र छ 'अथ शब्दानुशासनम्' । त्यसैले म आफ्नो कुराको साक्षी बकाउँछु व्याकरणको मूलभूत विषय शब्द भन्ने कुरामा । आफ्नो अपार सम्पत्ति भएको ढुकुटीको ढोका उघारेर च्याउँदा अनर्घ्य शब्द सम्पदा देखेर मेरो मन आत्तिएको छ । अब जोगी नभएर, मैले अरूतिर मागजुग नगरी त्यहींबाट आफ्नो काम चलाउन खोजेको छु । यहाँ शब्द के हो भन्दा व्याकरण सिद्धान्तले यसको दुई रूप मान्छ नित्य र कार्य, जुन कुरा 'द्वे शीर्षे' मन्त्रको अर्थमा भाष्यकारले भने । शब्दको चार भेद भनी 'चत्वारि अस्य पादाः' भनेर नाम, आख्यात, उपसर्ग र निपातलाई भाष्यकारले स्वीकृति प्रदान गरेका छन् । यसमा मतमतान्तरको उल्लेख महावैयाकरण भर्तृहरिले वाक्यपदीयको तृतीय काण्डमा पहिलो कारिकामा यसरी उद्‌धृत गरेका छन्–

द्विधा कैश्चित् पदं भिन्नं चतुर्धा पञ्चधापि वा
अपोद्धृत्येव वाक्येभ्य : प्रकृतिप्रत्ययादिवत् ।।१।।

अर्थात् कुनैले नाम र आख्यात भनी दुइ पद मानेर अरूको यिनैमा अन्तर्भाव गरे । कुनैले नाम, आख्यात, उपसर्ग र निपात भनी चार पदको भेद माने । कोही भने नाम, आख्यात, उपसर्ग, निपात र कर्मप्रवचनीय भनी पदको संख्या पाँच

पुग्याउँछन् । साक्षात् क्रिया विशेष [illegible] हुने हुँदा पाँच भेद मान्नुपर्छ भन्ने पञ्चमभेदवादीको मत छ । हुन पनि 'कर्म प्रोक्तवन्तः कर्मप्रवचनीया इति' भनेर त्यसको लगत्तै 'अतिक्रान्तस्य व्यापारस्यात्र संभवो न तु वर्तमानस्येत्युपसर्गेभ्यो भेदः' भनिएको छ । अर्थात् टीकाकार हेलाराजले कर्मप्रवचनीयको व्युत्पत्ति गर्दा कर्मसा भनिएका पदलाई अतिक्रान्त व्यापारसँग यहाँ संबद्ध हुने हुँदा वर्तमानसँग जोडिने उपसर्गभन्दा भिन्न मानिएको भन्ने कुरा उनीहरूको कुरा फुटाएर गरे ।

अझ मुख्य कुरो शब्दको आधारभूत छ त्यो हो शब्दलाई नित्य मान्ने पक्ष र शब्दलाई अनित्य मान्ने पक्ष । संस्कृतका वैयाकरण शब्दलाई नित्य मान्ने छन् । त्यस्तै वैशेषिकहरू शब्द अनित्य मान्ने पक्षका छन् । अध्यातमवादी मध्ये पनि शब्द नित्य मान्ने पनि छन् अनित्य मान्ने पनि छन् । यो कुरोमा मूलभूत सिद्धान्त दुवै थरीको संक्षेपमा प्रस्तुत गर्नु आवश्यक हुन जान्छ ।

व्याकरणले शब्द बारे आफ्नो दार्शनिक सिद्धान्त प्रस्तुत गर्दा सो प्रतिपादन गर्ने महावैयाकरण भर्तृहरि भन्छन्—

अनादिनिधनं ब्रह्म शब्दतत्त्वं यदक्षरम् ।
विवर्ततेऽर्थभावेन प्रक्रिया जगतो यतः ।।१।।
वा. प. प्र. का.

यसको अर्थ हो उत्पादविनाशरहित, यसैले नित्य, यद् अक्षरम् अक्षरमा विभक्त ककारादि वर्णरूपले वैखरी शब्दको निमित्त, भएर वाह्यार्थ वासनाले अविद्यारूपी अर्थभावले अर्थात् घटपटादिरूपले विवर्त हुन्छन् अर्थात् भासमान हुन्छन्, जसबाट जगत्को प्रक्रिया अर्थात् व्यवहार हुन्छ त्यो शब्दतत्त्व परापश्यन्ती वाग्रूप जो छ त्यो ब्रह्म हो । यसरी शब्द ब्रह्मलाई मानेर यी वैयाकरणहरूले स्फोटवाद मानेका छन् । स्फोट नित्य हुन्छ कार्य रूपमा देखापरेका वर्ण, पद, वाक्यादि अनित्य भए पनि स्फोट भने नित्य हुन्छ । वास्तवमा एक एक अक्षर भनिदै जाँदा पहिलो अक्षर अर्थात् वर्ण नाश हुँदै जान्छ । जस्तै— कमल यस पदमा क उच्चारण गर्दा म वर्ण छैन, म भन्दा क नाश भइसक्यो र ल भनिएको छैन, ल भन्ने पालोमा म पनि बितिसक्यो अब नाश भएका क, म र ल ले एउटा हिलोमा फुल्ने राम्रो फूल भनेर बुझाउने कसरी ? वर्णवर्णान्तरमा खापिएर भनिदैनन् एकले अर्को छउन्जेल उच्चरित हुने होइन कोही नष्ट छन् कोही उच्चरित भएकै छैनन् । त्यस स्थितिमा पदले अर्थ फोर्नै नसक्ने भएकाले अनेक ध्वनिले व्यङ्ग्य नित्य अक्रम शब्द व्यक्ति स्फोट नामको वाचक मानेका हुन् । शब्द जब परा र पश्यन्तीको अवस्था पार गरेर मध्यमा अवस्थामा रहने नादकै नाम स्फोट भनी

मन्जूषामा भनिएको पाइन्छ । कण्ठताल्वादिबाट अभिव्यंग्य हुने चतुर्थ रूपको वैखरी हो र त्यही मनुष्यले व्यवहृत गरिन्छ ।

आकाशको सूक्ष्मतम तत्त्व शब्द मानेपछि त्यो नित्य र त्यतैबाट वायु तेज जल पृथ्वीको क्रमिक उत्पत्ति हुन्छ भन्नु एक नौलो कुरो ठान्नु पर्ने जस्तो लाग्दैन । घनीभूत पदार्थ तरल र तरल तत्त्व वाष्पीभूत बन्छ । उष्माको अन्त वायवीयरूप हो त्यो पनि आकाशमा विलीन हुने उपसंहार क्रमलाई हामीले सृष्टि प्रक्रियामा परिणत हुने नियम हेर्दा ग्यासमा आएपछि तरलीकृत हुने र त्यही पछि घनीभूत रूपमा प्रकट हुने सिद्धान्तलाई उपेक्षा गर्न पनि सकिन्न । यसरी शब्दको नित्यत्व र ब्रह्मसाम्यत्वमा पुऱ्याउने वैयाकरण पक्षलाई यहाँ चञ्चुप्रवेश गराइयो ।

शब्दजन्य छ कृतकत्व धर्मले भासवान् छ भन्ने न्यायवैशेषिकहरूको शास्त्रीय पक्ष र त्यसको खण्डन मण्डन गर्ने यस लेखको उद्देश्य नभएकोले यहाँ नै यसलाई थन्क्याएर अब नेपाली विषयवस्तुमा प्रकाश पार्नु छ ।

शब्द व्यङ्ग्य भए पनि जन्य भए पनि मनुष्यले ज्ञानविज्ञानमा नयाँ नयाँ आलोक थपेर गएका कुरालाई आखिर थन्क्याएर राख्ने कुनै तत्व छ भने वाङ्मय बाहेक अरू हुन सक्तैन । जसका सहारामा अनन्त अनुभूतिजन्य उपलब्धि सँगालिएको छ । धेरै विवादमा नअल्झेर पनि संस्कृत भाषा आर्यपरिवारका भाषामा अतिपुरातन हो र वेद सबै संहितामा जेठो हो भन्ने कुरामा विवाद छैन ।

हिमवत्खण्डमा अवस्थित यो नेपालको राजभाषाको रूपमा लिच्छविकालमा संस्कृत भाषा नै राष्ट्रभाषा भएको भनी शिलापत्र, ताम्रपत्र, सुवर्णपत्र, ताडपत्र आदि अघि सारेर इतिहासकार साक्षी वस्तछन् । यसरी आर्यावर्त भनेर विन्ध्य र हिमालको मध्यभूमिलाई पुण्यभूमि मान्ने संस्कृतिले अर्को निर्धारण गरेको—

कृष्णसारस्तु चरति मृगो यत्र विशेषतः ।
स देशो याज्ञिको देशः म्लेच्छदेशस्ततः परम् ।

भन्दा नेपाल पुण्यभूमि याज्ञिक देशमा नै मान्नुपर्छ । पुलहाश्रमनिर राजा भरतले तपस्या गरेका र उनको तीन जन्मको कथा उल्लेख गर्ने श्रीमद्भागवतले पनि नेपाललाई पुण्यभूमिमा नै दर्शाएको छ र कृष्णको शालग्रामका शिला विना प्रतिष्ठामै देवताको रूपमा पूजिने भन्ने शास्त्रीय प्रमाणले पनि माथिको कुरामा पुष्टि गर्छ ।

अर्को उपनिषद्कालमा वृहदारण्यक उपनिषद्मा राजा विदेह जनकको याज्ञवल्क्यादिसँगको संवाद पाइँदा अघि नेपालको भाषा संस्कृत थियो, आजभन्दा पन्ध्रशय वर्षअघिको पनि राजभाषा संस्कृत रहेछ भन्ने पुष्टि मिल्छ ।

यहाँनिर हामीले एउटा बडो गूढ रहस्य विर्सन हुँदैन । त्यो के भने भाषा

भनेको धारावाहिक रूपले प्रवाहित हुने नदी झैं बाटाघाटामा मिल्न आएका खोला नालालाई आफूमा अँगाल्दै बहने प्रक्रिया हो। यो धारामा सबै भाषा बहेकै हुन्छन् । संस्कृत भाषा जस्तो एक आफूमै पूर्णता राख्ने भाषाले पनि अरू भाषाको शब्दलाई टिप्न पुगेको प्रामाणिकता पाइन्छ। संस्कृत भाषा संस्कारसम्पन्न भाषा भएकोले अन्य भाषाबाट लिइने शब्द बारे कानून तर्जुमा गर्न पुग्यो । यसो गर्दा गर्दै पनि भाषाको प्रकृति आफ्नै भएकाले जनजिब्रो निमोठ्न नभई कालक्रमले गो शब्द गावी भई नेपालीसम्म आइपुग्दा गाई हुन गयो ।

ज्योतिषीले बालक तयार भई गर्भ-विमोचन गरी पृथ्वीमा झरेको घडीपला तोकेर समय दिए झैं भाषाको उद्भव भएको समय तथा मिति दिन सकिन्न। वास्तवमा बालकको जन्म विकासक्रमले हेर्ने हो भने क्रोमोजोन तयार हुने क्षणको हिसाप लगाउनुपर्ने हुन्छ, जुन प्रक्रिया जन्मेको बालकमा नै पनि अव्यक्त रूपमा रहन्छ। यो दार्शनिक आधारलाई स्वीकार्दा कुनै वस्तुको प्रारम्भ पनि सापेक्षतामा आधारित हुन्छ। सत्कार्यवादलाई मान्ने हो भने संस्कृत भाषाभित्र नै नेपाली भाषाको अस्तित्व देखा पर्छ तर आरम्भवाद पनि मान्ने परम्परा भएको वाङ्मयमा आजको नेपाली भाषा छ–सातसय वर्षअघि भएको कुरा गर्छन् । बागमतीमा हामीले पहिलो आचमन गर्दा भएको जल अर्को बाजिको आचमनमा प्रवाहित भई अर्कैलाई अंजुलीमा लिनु परे पनि उसको धारावाहिकतागत बागमतीत्वलाई भने नेपालमा मान्छेले त्यो नदी चिनेदेखिन् त्यो रहुन्जेल कायम नै रहेको स्वीकार्नुपर्छ। नेपाली भाषाको पनि वाग्धारा प्रतिक्षण प्रवाहित भइरहेछ जो प्रतिक्षण पारिणाशी छ। भानुभक्तकालीन भाषा सोमनाथसम्म आउँदा त्यसले कति घुम्ती काटेर नयाँ मोड लिइसकेको फेला पर्छ ।

आर्य भाषामा संस्कृत भाषापछि प्राकृत, पाली, अपभ्रंशपछि नेपालीले आफ्नो रूप कायम गरेकोले यसको संस्कृतसँग अति निकट सम्बन्ध रहेको छ। बुद्धले लोकभाषालाई माध्यम गरी पालीमा उपदेश गरे, तर पछि पाली भाषाबाट बुद्धज्ञान व्यापकत्व ग्रहण गर्न असमर्थ भएको हुँदा बौद्ध पण्डितहरू जुरमुराएर संस्कृतमा ग्रन्थनिर्माण गरी दार्शनिक अस्तित्व जोगाउन समर्थ भए र महावीरको पनि विचारलाई, स्याद्वाद जस्तो अनेकान्तिक सिद्धान्तलाई, संस्कृतले कायम राखिरहेको छ। जहाँ प्राकृत पाली अपभ्रंश आदि भाषा थिए, ती कालक्रमले लुप्त हुँदा पनि संस्कृतचाहिं आफ्नो अमरत्वशक्तिले नयाँ दिशाबोध गर्दै जीवित छ। विशाल भारत वर्षलाई भाषागत एकताले जेली राख्ने हो भने संस्कृतलाई नै छान्नुपर्छ। किनभने संस्कृत भाषाबाट भारतीय भाषा–बंगाली, मराठी, गुजराती, हिन्दी आदि सबै अनुप्राणित छन् । नेपालको त लिच्छविकालसम्म

राजभाषा संस्कृत नै भएकोले यसको घनिष्ठता नेपाली भाषामा हुनु स्वाभाविक नै हो । आर्य संस्कृतिका आधारभूत शास्त्रीय परम्परागत मान्यता पनि अध्ययन गर्ने यही नै माध्यम बन्न गएको छ ।

यसरी विचार गर्दा अब मण्डूकप्लुतिन्यायले नेपाली भाषाले आफ्नो सम्बन्ध सीधै संस्कृतसँग कायम गर्न थालेर संस्कृतका शब्दलाई आफ्नो क्षतिपूर्ति गर्ने बाटो अपनाई सकेको छ । सूक्ष्मतम भावाभिव्यक्ति गर्नुपर्दा नयाँ शब्दको आवश्यकता पर्दै जाने संभावना हुन्छ । नेपाली भाषा पनि जीवन्त भाषामध्ये एक सशक्त भाषा हो । यसमा नयाँ ज्ञानविज्ञानका शब्दराशि लिंदा पिकनेमाधिकरणकै नियम स्वीकार्नु पर्छ र शब्द त्याग्दा पनि यववराहाधिकरणको नियम विपरीत जानु हुन्न । अर्थात् भनाइको तात्पर्य के भने 'कोकिल' शब्द संस्कृत भाषामा थियो तर अरू भाषामा प्रचलित कोइलीलाई बुझाउने 'पिक' शब्द संस्कृतले लियो । तर 'यव' शब्दले जौ बुझाएकोमा बाहिरियाले यवशब्दले फागुनुलाई बुझाउदा 'यव' को अर्थ जौ र कागुनु दुवै हुन्छन् भन्ने चाहिं मानेन । शब्द छनोट गर्ने कानूनका दुइ पक्ष जुन मीमांसाले कायम गर्‍यो ती दुइ अधिकरण तिनै हुन् । तर आज नेपाली भाषामा शब्द कसरी लिनुपर्छ र छोड्नुपर्छ भने ज्ञान नभई छाडा भएकाहरूले जथवा–तयवा मनमानी गरेर नेपाली शब्दलाई बरबाद गर्दैछन् ।

नेवार जातिले तिब्बत भोटसँग व्यापार गर्दा भोटे शब्दहरू धेरै आफ्नो भाषामा समावेश गरे पनि यिनको स्वल्पाक्षरी भाषागत प्रकृतिले कुनै अगाडि र कुनै पछाडिको शब्द लिंदै जलको 'ज' पानी बुझाउँदा र घटको 'घ' गाग्रोलाई जनाउन लिए यति मात्र होइन, पानीलाई बुझाउने नाराबाट ना लिएर भक्तपुरे नेवारीमा पानीलाई ना भन्छन् भने आकाशबाट पर्ने पानीलाई वारिबाट वा भनेर तीन शहरकाले मान्छन् । चिक्कण शब्दबाट यिनको भाषाले चीकँ चिल्लो तरल वस्तुलाई भन्यो जसलाई तिलबाट तैल बनाएर पछि तैलम् प्रत्यय गरी सर्स्यूंको तेललाई पनि सर्वपतैलभ् भनेको छ । हामी तेल भन्छौं नेपाली भाषामा, नेवारमा भने हामी चीकँ भन्छौं र तेलको कारोबार हुने टोल चीकँ अटको प्रयोग गर्छौं । हामीले 'चीकँ–अट' भन्ने छूट नेपालीलाई दिन सक्छौं । तर अन्धानुकरण गरी घल्लाको मासुको झोललाई 'चिकेनकरी' भन्ने मान्यता दिनै हुन्न । यहाँ यववराहाधिकरणको दफा लागू गर्नुपर्छ । हामीले चुरोट, कोटलाई चाहिं लिनुपर्छ पिकनेमाधिकरणको दफा लगाएर । यसरी नेपाली भाषामा आज शब्द लिने अन्धाधुन्ध प्रवृत्ति बढेकोले नेपाली व्याकरण गतिहीन हुन पुग्नेछ ।

नेपालीमा शब्द संस्कृतका तद्भव भई बन्न आएकाले शब्दको प्रवृत्ति पनि आफ्नै अनुरूप छ । पहाडी प्रदेशमा हामी हिण्ड धातुबाट भएको हिंड्नुलाई लिएर

हिँड्छ भन्छौं भने गम् धातुबाट जान्छ पनि समतामा प्रयुक्त गर्छौं र हिँड्छ, जान्छ दुइ गमनार्थक धातुका रूप समाविष्ट छन् । यास्कले सबै शब्दलाई यौगिक माने तर अतिपुरातन धातुगत योग थाहा नपाएपछि शब्दको रूढ रूप पनि मान्नुपर्ने स्थितिको सिर्जना भएको हो । यौगिक रूढलाई औंल्याएर योगरूढ र यौगिक रूढ भनी रूढ, यौगिक, योगरूढ र यौगिक रूढ भनी शब्दको चार प्रकारका मान्यता कायम गरिएका हुन् । पछिल्ला दुई रूप संस्कृतका तत्सम शब्दलाई लिएर प्रयोग गर्दा मात्रै पर्छ । हामीकहाँ छोराको नाम कमल मात्र होइन पङ्कज पनि छ र विवाह मण्डप र विरामीलाई मण्डप खवाएको छ भन्ने व्यवहार हुँदा नेपाली शब्दलाई चार रूपमा नै विभक्त गर्नुपर्ने लाग्छ ।

नेपाली भाषा संस्कृतजन्य भन्नेमा जति विश्वस्त भए पनि यसको मौलिक अन्यथा गर्न सकिन्न । यसको जीवन्त स्वरूपमा यसले लिएका प्रकृति प्रत्यय ध्वनिलाई हृदयंगम गर्दा यसको अतिमहत्त्वपूर्ण भाषिक क्षमतामा अन्यत्र नपाइने अद्भुतको संयोजन छ जो यसको आत्मा हो ।

हामीकहाँ एकथरी विद्वान् छन् संस्कृतीकरण पक्षका र अर्का थरी पण्डित मानिन्छन् नेपालीकरण पक्षका । पहिला थरीले पञ्चवर्षीय शब्द प्रयोग गर्छन् भने दोस्रा थरी छन् सम्पादकयौली जस्ता शब्दनिर्माता । दुवैतिर अर्धजरतीन्याय छ, शुद्ध रूप छैन, मनमानी छ । यस प्रकारका प्रयोग भाषाहरू मात्र हुने होइन वैयाकरणले व्याकृत गर्न पनि गाह्रो पर्छ । यस परिप्रेक्ष्यमा मीमांसाले व्याकरणाधिकरण प्रस्तुत गऱ्यो । यसमा कुमारिल भट्टले तन्त्रवार्तिकमा ज्यादै विशुद्ध व्याख्या गरेका छन् । त्यसको छोटकरीमा भन्ने हो भने गो शब्दकै उपयोगिता स्वीकार्नु पर्छ गावी आदिलाई जनजिब्रो र अर्थबोध गराउँछ भनी मान्यता दिन मिल्दैन । हामी त जनजिब्रो भनेर हुन्च, खान्चु भन्नु पर्छ भनेर कुरा गर्ने भयौं एक थरी, पञ्च संस्कृत शब्दमा कालवाचकमा 'ठक्' प्रत्यय नगरी 'छ' प्रत्यय मनमानीसँग गरेर पञ्चवार्षिक शुद्ध संस्कृत रूप र पाँचवर्षे शुद्ध नेपाली रूप छाडेर पञ्चवर्षीय रूप दिने भयौं अर्काको भरमा ; त्योभन्दा पनि संस्कृतको व्यामोह र मूढग्राहिता त यहाँ पो हुन थाल्यो सम्पादकको भनाइ नलेखी सम्पादकयौली लेखिन थालियो । पाणिनि, कात्यायन पतञ्जलि यी व्याकरणका मुनित्रय अथ शब्दानुशासनम् भन्थे यहाँ त मनमानी शब्द बनाएर मेरो आज्ञा सबै शिरोधार्य हुनुपर्छ भन्ने मूढाग्रह गर्न थाले ।

जैमिनीको सूत्र 'शब्दे प्रयत्ननिष्पत्तेरपरार्थरूपं मार्गव्यम्' को अर्थ गर्दै भाष्यकार शवरस्वामीले 'महता प्रयत्नेन शब्दमुद्गिरन्ति' बाट शुरू गरेर 'तत्राराध्यैतासूच्चारयिता' भनेका छन् । शब्द उच्चारण हुँदा धेरै प्रयत्न भएका हुन्छन् यदि

त्यसमा उच्चारण गर्नले गल्ती गरेमा आनकातान फरक पर्छ शकल र सकल, सकृत् र शकृत् स्वजन र श्वजनले फरक पार्छ अर्थमा ।

> यथा व्याकरणाव्देन साधुरूपं नियम्यते ।
> अविशेषेण सिद्धिः स्यात् विना व्याकरणस्मृतेः ।।

तर, आजका भाषिकहरू अशुद्ध भनेर कुचोद्य गर्ने भएका छन् र व्याकरणले भाषालाई गतिशीलता प्रदान गर्दैन, व्याकरणको बाँध तोड्नुपर्छ भनेर नदीको बाँधले पटाएका हरियालीलाई मास्ने प्रवृत्ति पो गर्छन् । संस्कृत व्याकरणले गर्दा संस्कृतको प्रगति रोकेको दुष्ट हेतुले साध्यसिद्ध गर्न खोज्छन् । संस्कृतपछिका अपभ्रंशभाषा व्याकरणको कडा निगरानीमा नभएको र त्यो लुप्तै भएकोमा कुन तर्क दिन्छन्, सोध्नु छ । नेपाली शब्द बारेमा उसको वैशिष्टय देखाउने प्रसंगमा बीचमा यो तीतोमीठो कुरा गर्नुपऱ्यो । प्रसंगतर्फ नै यति भनी फर्कन्छु ।

संसारमा नेपाली शब्दले क्रियाका स्थितिलाई केलाएर तिनको विवेचना गर्दै शब्दलाई तद्नुरूपता प्रदान गर्नु यो नेपाली शब्दको आफ्नो खूबी हो । जसलाई संस्कृत जस्तो विशाल शब्दराशि भएको भाषाले पनि त्यो स्थान लिन सकेको छैन । जस्तै— टोक्नु एक क्रिया छ, टोक्नु भनेको दाँतले कुनै वस्तुलाई च्यापेर त्यसको छेदन गर्ने व्यापार हो । अब यस व्यापारलाई विशेष रूप दिँदै टोकाइको विभिन्नता देखाउँदै नेपाली शब्दले कटक्क, किटिक्क, कुटुक्क, कडाक्क आदि शब्दलाई प्रस्तुत गर्न सक्तछ । स्याउलाई कटक्क टोक्नुपर्छ भने कमिलाले किटिक्क टोक्छ । काफलगेडी कुटुक्क टोकिन्छ । दाँते ओखर कडक्क टोकेर फोरिन्छ । यसरी टोकाइमा सूक्ष्मभेद प्रदर्शन क्रिया विशेषण मैले अन्य भाषामा त्यति विघ्न पाएको छैन । ह्वारह्वार सल्कन्छ, दनदन बल्छ, धपधप बलिरहन्छ, धिपधिप गर्छ, हुरहुर्ती बल्छ । यी त भए नमूना मात्र । नेपालीमा 'बारुले कम्मर' को जो उपमा पाइन्छ यो उपमा कालिदासले पनि दिन सकेनन् जसलाई संस्कृत साहित्यले उपमा कालिदासस्य भनेको छ । पृथ्वी जघनस्थली भन्नेले पाकेको पहेलो जाँते फर्सीको दाँजोमा जघनको सादृश्यलाई पहिचान्न सकेनन्, हाम्रो लोकसाहित्यमा जसलाई फर्सी जत्रो चाक छ भन्ने उपमा प्राप्त भएको छ। हाम्रो नेपाली भाषामा 'दालभात डुक्कु' यो वाक्यांशले उनीहरूको सामाजिक स्थितिलाई अध्ययन गराउँछ । डुक्कु शब्दमा रहेको स्वारस्यलाई अरू कुनै शब्दले दिन सक्तैन । हामी नेपालीले हाम्रा जातिका भाषाबाट अघि धेरै शब्द लिएका थियौं । जस्तै— बुइँगेल, मटान, च्यै, घलेक, डम्फु आदि शब्दलाई समाविष्ट गरेको थियो भने तराई क्षेत्रमा स्थानीय बोलचालका शब्द पनि धेरै नेपालीमा घुलमिल भएका छन्, अघज, ओसान, बठिनी आदि । नेपाली शब्दमा नेपालभित्र गरिने कुराकानीबाट

प्रायः शब्द लिने प्रवृत्ति भएमा नेपालीको शब्द सम्पत्तिको अभिवृद्धि भई राष्ट्रभरि भ्याउने खूबी यसमा हुनेछ । यातायातको सुविधाले र नयाँ मुलुकी ऐनले गर्दा जातीयताको संकुचित दायरा निकै फराकिलो भएको वास्तविकतालाई बिर्सन खोजेर कहाँ हुन्छ र नेपाली शब्दको क्षेत्र वास्तवमा एकदिन दगुरेर मेची महाकाली पुग्छ भने एकक्षणमा नै आकाशमा तरङ्गित भएर रेडियोले प्रसार गर्छ । अब विभिन्न भाषा भाषासँग घरदैलोमा सम्पर्क कायम गर्छ नेपाली । यसैले अब नेपाली बोल्नेले नेपाली मातृभाषा नभएकालाई ख्याल गरी नेपालीमा नपुग शब्द लिने र बनाउने गर्नुपर्छ । नेपाली शब्दले शुद्धरूप अपनाएमा व्याकरणले उसलाई सुनियोजित रूपले प्रस्तुतीकरण गरेर सुगमता सरलता प्रदान गर्न सक्तछ ।

नेपाली भाषाको व्याकरणले नाम आख्यात उपसर्ग र निपातको व्याकृति नगरी अंग्रेजीको आठ किसिमको पदलाई लिएर नाम, सर्वनाम, क्रियापद, विशेषण नामयोगी, क्रियायोगी, संयोजक र विस्मयादिबोधकको रूप प्रस्तुत गरेर पाश्चात्य शैलीलाई लिए पनि त्यसमा निहित सिद्धान्तलाई प्रस्तुतीकरण गर्दा भने प्राच्य परिपाटीलाई नै अँगालेको छ । पछि ने. रा. प्र. प्र. ले व्याकरण बारे समिति खडा गरी व्याकरण बनाउँदा पचासौं वर्षदेखिन् चलेको परम्परालाई खलबल्याउन मानेन र मध्यचन्द्रिकाकै आधारमा बृहद् व्याकरण निर्माण गरेको हो । संस्कृत प्राकृत र पालीका शब्दलाई नेपाली शब्द परिवारमा समावेश गर्ने पनि त्यही बेला समितिले निर्णय गर्‍यो । व्याकरणले व्याकर्तव्य भाषाको स्पष्ट उल्लेख त्यस बेलाका आयोजकले बृहद् नेपाली व्याकरणको भूमिकामा भनेकाले यो यहाँ भन्नुपर्ने देखिदैन ।

नेपाली भाषामा भारत वर्षको धेरै प्रभाव परेको कुरामा त्यहाँका शकहरूको शासनमा प्रचलित शब्दहरू यहाँ अड्डा अदालतमा धेरैजसो अद्यावधि समाविष्ट छन् । जब भारत दासत्वले जकडिएर विदेशी भाषालाई प्रशासनिक भाषाको मान्यता दिन बाध्य भयो । स्वतन्त्र नेपालले भने नेपाली राष्ट्र भाषाको माध्यमले राजकाजी काम अबाध गतिमा चलाएको हो । जनरल भीमसेन थापाले सेनालाई नवीकरण गराएर त्यहाँको कार्यविधिलाई अंग्रेजी रूपमा राख्न थालेका हुन् । तर, दूरदर्शी युगनायक नयाँ नेपालका निर्माता स्व. श्री ५ महेन्द्रबाट नेपाली भाषालाई संवैधानिक मान्यता दिएर सेनातर्फको विदेशी शब्दलाई हटाएर नयाँ शब्दको तर्जुमा गराई पूर्णरूपले नेपाली भाषाको राष्ट्र भाषात्वलाई प्रतिपादन भएको छ । अझ झन् राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट राज्याभिषेकको शुभ-अवसरमा प्राथमिक शिक्षा निःशुल्क पारी बक्सेर पाठ्यपुस्तक समेत मुफ्तमा वितरण गराउने व्यवस्था गराई बक्सी जनमानसमा नेपाली भाषाको सुदृढ जग हालिबक्सेर ऐतिहासिक कार्य

गरिबक्सदा विश्वविद्यालयीय भाषाको माध्यम नेपाली हुन पाएको तथ्यलाई सबैले स्वीकार्नुपर्छ ।

जब भाषाको अर्थक्षेत्र विस्तृत हुँदै जान्छ, सर्वव्यापकत्वलाई अँगाल्न भाषामा शब्दको खाँचो पर्दै जान्छ त्यो वेला भाषाविद्हरूले बरालिनु हुन्न र मनमानी गरेर मनगढन्ते शब्द बनाई दिन हुन्न। जस्तै— तक्माको सानो मिनेचरलाई रोजेट भन्ने चलन छ । अंग्रेजको राष्ट्रिय पुष्प पहेलो गुलाफ भएको र कोटमा सानो गुलाफको फक्रन लागेको कोपिला घुसारेको अनुकरणमा त्यो शायद रोजेट भएको हुनुपर्छ । त्यसको शब्दार्थमा नदगुरेर मैले आफ्नो साँस्कृतिक परम्परालाई ध्यानमा राखेर ‘तारिका’ शब्दको तर्जुमा गरें । यसरी नै क्लोकलाई प्रावार आदि । त्यस्तै सेनामा पनि शब्द बनाइए । परम्परागत जर्साहिव, करसाहेव, रथी र महासेनानीमा परिणत भए पनि बोलचालमा जनजिब्रो अझ अभ्यस्त भइसकेको छैन ।

संस्कृत भाषा ज्यादै शब्दराशिले धनी हुनाको कारण उसको प्रकृति प्रत्यय उपसर्ग आदिले गर्दा भएको हो । धातु पनि यति छन् यसले भिन्नता कायम गर्न अतिशय सघाउ पुऱ्याएको छ । संस्कृतमा गत्यर्थक बगालै धातु छन् ‘ये गत्यर्थास्ते ज्ञानार्थाः’ भनी अवगच्छतिले जान्दछ भन्ने अर्थ दिन्छ । हृ धातुबाट हार बन्दछ र त्यसमा जोडिने उपसर्गले प्रहार, उपहार, आहार, संहार, विहार, परिहार, आदि प्रशस्त भिन्नार्थक शब्द तयार पारेको छ । एउटा सत्तार्थक भू धातुमा नै प्रकृति प्रत्यय प्रत्याहार उपसर्ग आदिले अनेक रूप भएका फेला पर्छन् । जस्तै— धातु सुवर्णबाट अनन्त आकारका अलंकार निर्माण हुन्छन् । पाणिनिले शब्दलाई जोर्ने फोर्ने गरी त्यसको विश्लेषण संश्लेषण प्रक्रिया प्रस्तुत गरिदिएकाले हामी पनि धातुबाट कृदन्त प्रत्यय र तद्धितान्त प्रत्यय शब्दबाट गरी आफ्ना अनुकूल शब्द निर्माण गर्ने कलामा सिपालु भएका छौं । त्यसैले हामीले नेपाली शब्दबाट ज्ञानविज्ञानको सूक्ष्मता अभिव्यक्त गर्न नसक्ता नेपाली भाषाका आमा भाषा, हुनत अरू वज्यै भाषा भन्छन् शौरसैनीबाट आएको भनेर, संस्कृतलाई म त आमा नै भन्नुपर्छ भन्ने निर्णयमा पुगेको छु । किनभने आजको नेपालीमा शब्द संख्याको प्रतिशत हेर्दा संस्कृत शब्द अति नै फेला पर्छ । शुद्धाशुद्धिको विचार नगरी पनि संस्कृत ठोसेर पाण्डित्य प्रदर्शन गर्ने अन्धानुकरण प्रवृत्ति प्रशस्त पाइन्छ ।

नेपाली शब्द र त्यसको बनोटमा बडो बुद्धि पुऱ्याएर विचार गर्ने वेला आइसक्यो । हामीले नेपाली शब्दको प्रकृतिलाई नबुझी त्यसको ध्वनिगत भावलाई विचार नगरी अभिधा लक्षणा र ध्वनिको ख्याल नगरी प्रत्यय जोडिदिँदैमा हुँदैन । जस्तो— घोकन्ते जस्तै गरी लेखन्ते भन्दा केही उपेक्षा आउँछ भने विचारकलाई

घोत्ल्याहा भन्दा त्यो ग्राम्यार्थमा रहेको ध्वनिगत अर्थ गायब हुन्छ । त्यसैले शब्दलाई ठीक ठाउँमा ठीक ढङ्गले राख्ने र बनाउने गर्नुपर्छ । एउटा शब्द राम्ररी जानेर ठीक ठाउँमा प्रयोग गर्दा परत्रमा पनि फलदायी हुन्छ भन्ने धारणा हाम्रो हुनुपर्छ, जो पुर्खाले पहिले भनेका थिए । नेपाली झर्रा शब्द झर्रा झैं स्वच्छ स्वतन्त्र र सुन्दर छन् । तिनको जगेर्ना गर्नु व्याकरण र कोशको दायित्व हो । झर्रावादको नाममा मनमानी शब्द निर्माण र प्रयोग गरी अपसिद्धान्त कायम गर्दा नेपाली भाषाको दुरूहताले यसको प्रसार प्रचारमा ठूलो अवरोध खडा गर्छ । यो कुरो संस्कृतका पण्डित मात्राको लागि पनि भनिएको हो । नेपाली भाषा सर्वसाधारणले नबुझ्ने स्थितिमा पुग्दैछ । पहिले हेर्नुभो र नजर भो शब्द थियो, अब अवलोकन गर्नुभो किन भन्नुपरेको हो । नेपाली शब्दको प्रवृत्तिलाई नबुझेर नेपाली शब्दको बनोट बिगारी वाक्य विन्यास गर्ने प्रवृत्तिलाई सचेत गर्नुपर्छ । फ्रान्सेली जस्तो यूरोपमा फैलिएको भाषामा एकेडेमीले स्वीकृत नगरी नयाँ शब्दले स्थान पाउँदैन भन्ने सुनिन्छ । यहाँको एकेडेमीलाई त्यति नै सक्षम पार्नुपर्छ भन्ने लाग्छ । व्याकरण कोश प्रज्ञा–प्रतिष्ठानले तयार पारेको छ । यसमा भएको त्रुटि सुधारेर नेपाली शब्द र शब्द निर्माण प्रक्रियालाई सुदृढ पार्दै लानुपर्छ ।

□

# नेपाली शब्द र शब्दनिर्माण

## हरिप्रसाद शर्मा

> श्लाघ्यः स एव गुणवान् रागद्वेष–बहिष्कृतः ।
> भूतार्थ--कथने यस्य स्थेयस्येव सरस्वती ।।
>
> – कल्हण

[प्रशंसनीय, त्यही व्यक्ति नै हुन्छ, जसको वाणी, न्यायाधीशको निर्णय जस्तो, मोलाहिजा वा रिसइबीबाट अलग रहेको यथार्थ हुन्छ]

व्यक्ति विशेषदेखि विश्वका सबै भावनाहरू भाषाद्वारा प्रकाशित हुन्छन् । सबै व्यवहारमा छिटो छरितो माध्यम भाषा हुन्छ । अतएव यास्क भन्नुहुन्छ—

> अणीयत्वाच्च शब्देन संज्ञाकरणं व्यवहारार्थं लोके
>
> निरूक्त

व्यवहारक्षेत्रअनुसार भाषा प्रयोगको क्षेत्र हुन्छ । देवताहरूको काल गणनामा मनुष्यको अहोरात्रलाई एकदेशी मानी उत्तरी ध्रुवको सूर्योदयास्तअनुसार (मनुष्यको १ वर्ष) अहोरात्र मानिने हुनाले देवताहरूको व्यवहारक्षेत्र र तदनुसार भाषाप्रयोगको क्षेत्र अत्यन्त विस्तृत प्रतीत हुन्छ। पौरस्त्य सिद्धान्तअनुसार परमात्माबाट ब्रह्मालाई उपदेश मिल्दछ र ब्रह्माबाट देवता महर्षिहरूमा फैलिएका ज्ञानकिरणले परम्परया संसारलाई चहकिलो पार्दछ ।

### १. मूलभाषा

पौरस्त्य सिद्धान्तअनुसार परमात्माबाट ब्रह्मालाई मिलेको उपदेश वेद हो र आधुनिक विचारहरूले पनि सबैभन्दा पुरानो ग्रन्थ ऋग्वेदलाई मानेका हुनाले मूलभाषा वैदिक भाषा सिद्ध हुन्छ । विस्तृत क्षेत्र भएको विशाल मूलभाषा, वृहस्पतिले इन्द्रलाई दिव्य (उत्तरी ध्रुवको दिनमानअनुसार) हजार वर्षसम्म उपदेश गर्दा पनि समाप्त भएको थिएन (पतन्जलि महाभाष्य) ।

इन्द्रादयोऽपि यस्यान्तं न ययुः शब्दवारिधेः ।
प्रक्रियां तस्य कृत्स्नस्य क्षमो वक्तुं नरः कथम् ।।

(सारस्वत व्याकरणकार)

पछि, इन्द्रले प्रकृति प्रत्यय कल्पना गरी व्याकरण बनाइदिएकाले अब यो मूलभाषा थोरै समयमा धेरै बुझिने र प्रकृति प्रत्यय कल्पनामूलक संस्कार गरिएको हुँदा संस्कृत भाषा भन्ने नामले प्रख्यात भयो । पुराण आदि प्राच्य ग्रन्थहरूमा कुनै पद वर्तमान संस्कृत व्याकरणको नियमभित्र नपर्ने पाइन्छन् । यस्ता पदलाई आर्ष प्रयोग भन्ने चलन छ । यस्ता पदहरू मूलभाषाका पदराशिबाट प्रवाहरूपले आएका हुन् भन्ने निष्कर्ष बुझिन्छ ।

## २. मूलभाषाको अन्य भाषामा परेको प्रभाव

पौरस्त्य सिद्धान्तअनुसार कुनै पनि विषय, सन्दिग्ध र त्यसको ज्ञान भएमा विशेष लाभ हुने भए मात्र उपदेश गरिन्छ—

असन्दिग्धो ह्यजिज्ञास्यो यो वा स्यान्निष्प्रयोजनम् ।

(कुमारिल भट्ट, श्लोकवार्तिक)

ज्ञेय विषय अनन्त हुनाले अनावश्यक विषयमा समय लगाउँदा आवश्यक विषय छुट्दछ भन्नु हो । अतः जनजिब्रामा प्रवाहरूपले आएका शब्दहरूको संस्कृत व्याकरण कोशहरूमा उपदेश नहुनु स्वाभाविक कुरा हो । अतः एव पाणिनिले स्पष्ट प्रतीतिका निमित्त लिङ्ग संख्या विषयमा उपदेश गरिएका आफ्नै सूत्रको अनावश्यक संझी आफैंले खण्डन गर्नुभएको छ । अमरसिंहले पनि अमरकोषको अन्त्यमा 'परं विरोधे शेषं तु ज्ञेयं शिष्टप्रयोगतः' भन्नुभएको छ । 'मस्त–पिष्ट–कटी–लोष्ट–गल्लादि ग्राम्यमुच्यते' अनुसार, जनजिब्रामा आधारित शब्दहरूले साहित्यमा पनि स्थान पाएनन् । फलतः संस्कृत भाषा लोकव्यवहारको भाषा रहँदा सम्म जनजिब्रामा अडेका शब्दहरू, संस्कृतभाषाबाट अन्य विभिन्न भाषाहरू प्रसूत हुँदा तत्तद्भाषामा प्रवाहरूपले आए । लौकिक भाषामा ती शब्दहरूको नित्य प्रयोग गरे तापनि कोश व्याकरण साहित्यमा प्रयोग नदेखिने हुनाले, डाडुले तर्कारी चलाइरहे पनि नून मसला थाहा नपाए झैं 'मैले संस्कृत जानेको छु' भन्ने थाहा हुँदैन । वास्तवमा 'दूर' भन्दा कुकुर भाग्दछ, ईष ईष भन्दा आइरहेछ, 'ह्याइ' भन्दा भैंसी हिंड्छ, 'खोर, खोर' भन्दा भेडाबाख्रा खोरभित्र पस्छन् । यहाँ दूर, ईष, खोर शब्द संस्कृत तत्सम र 'ह्याइ' याहिको तद्भव हो, अर्थ पनि पशुले बुझे अनुसारको । यस प्रकार भेडा, बाख्रा, कुकुर, भैंसीले त संस्कृतभाषा बुझ्दछन् भने मनुष्यको के कुरा ?

संस्कृत भाषा विभिन्न भाषाका रूपमा प्रवाहित हुँदा भौगोलिक स्थिति अनुसार अलग अलग मान हुने भाषामा अलगअलग पर्याय प्रचलित भए। जस्तै— नेपालीमा– बिहान। हिन्दीमा– सुवह। कालक्रमले तत्तद्भाषामा अपभ्रंश हुंदा मूल थाहा पाउन कठिन हुन लाग्यो। अतः संस्कृत भाषाको अन्य भाषामा परेको प्रभाव बुझ्न शब्दहरूलाई 'प्रत्यक्षवृत्तिक' 'परोक्षवृत्तिक', 'अतिपरोक्षवृत्तिक' भेदले तीन श्रेणीमा विभक्त गरी कुन शब्द कुन श्रेणीमा पऱ्यो भनी केलाउनुपर्दछ। जुन शब्द संस्कृतबाट तत्समरूपमा आएको छ, त्यो 'प्रत्यक्षवृत्तिक' हो। जुन तद्भवरूपमा आएको छ र वर्ण, विषय आदि, केही चिन्तन मनन गर्दा थाहा पाइन्छ, त्यो 'परोक्षवृत्तिक' हो। जुन तद्भवरूपमा आएको छ, तर गम्भीर चिन्तन मनन गरेमा मात्र वर्ण विपर्यय आदिको झलक पाइन्छ त्यो 'अतिपरोक्षवृत्तिक' हो। जस्तै—

| संस्कृत | अंग्रेजी | |
|---|---|---|
| नो | No | प्रत्यक्षवृत्तिक |
| युज् | Use | " |
| वह् | Have | परोक्षवृत्तिक |
| सूनु (सूर्य, पुत्र) | Sun, Son | " |
| अधुना | Now | अतिपरोक्षवृत्तिक |
| पुनरपीला | Appeal | " |

कुनै शब्द परोक्षवृत्तिक भए पनि अतिपरोक्षवृत्तिक जस्ता र अतिपरोक्षवृत्तिक भए पनि परोक्षवृत्तिक जस्ता भान पर्छन्। जस्तै—

| संस्कृत | अंग्रेजी | |
|---|---|---|
| हण्ड | Hand | अतिपरोक्षवृत्तिक जस्ता परोक्षवृत्तिक। यसको कारण– हण्ड, फर्व शब्द संस्कृत हुन् भन्ने थाहा नहुनु हो। |
| फर्व | Work | |
| हन्तृ ! हन्तु+तृ— ! | Hunter | प्रत्यक्षवृत्तिक जस्ता अतिपरोक्षवृत्तिक। यसको कारण हन्तृको तद्भव भान हुनु र वास्तवमा हन्तृको तद्भव सिद्ध हुनु हो। |
| विहङ्ग | Wing | विहङ्गम अर्थमा केही अन्तर पर्नु हो। |

[illegible] सामीपाइक्–अम्म, सिथियन–अम्माल, अरबी–उम्म, मलयाली–अम, चिनी–अमामा ।

चमु अदने (धातुबाट बनेको), बान्तवा–चाम (खानु), खुजु स्तेयकरणे (धातुबाट बनेको) बान्तवा–खुमा (चोर्नु) जस्ता शब्द पनि द्रष्टव्य छन् ।

उपर्युक्त दिग्दर्शनबाट सबै भाषाको मूल संस्कृतभाषा रहेछ भन्ने झलक पाइन्छ र पतन्जलि आदिका 'सर्वे खल्वप्येते शब्दा देशान्तरेषु प्रयुज्यन्ते' इत्यादि वचन मनगढन्ते कुरा नभई सर्वथा सत्य रहेछन् भन्ने बुझिन्छ तापनि भाषा–विज्ञानको आधुनिक सिद्धान्तानुसार त्यसो नमान्नुमा दुई कारण हुन सक्तछन् ।

प्रथम कारण– संस्कृत भाषामा पर्यायवाची शब्दहरू र एकाक्षर शब्दहरू प्रशस्त छन् । एकाक्षर शब्दमा पनि बीज अक्षर पनि छन् । जस्तै एउटा आँप वा कटहर आदिको बीज देखेर त्यसबाट उत्पन्न हुने भावी वृक्षका हाँगा, पात, फूल, फल यत्ति हुन्छन् भनेर बताउन असंभव हुन्छ । त्यस्तै एउटा बीज अक्षरको अर्थ यत्ति हुन्छ भनेर बुझ्न सकिदैन । यस्तो स्थितिमा अलग–अलग स्थानमा अलग–अलग पर्याय शब्दहरू प्रयुक्त भई कालक्रमले तत्तत्स्थानमा संस्कृत भाषाका नियमसँग सम्बन्ध छुट्दा अलग–अलग प्रयुक्त पर्याय शब्दहरू अपभ्रंश हुँदै जाँदा मूल पत्ता लगाउन कठिन पर्नु ।

द्वितीय कारण–संस्कृतमूलक शब्दलाई पनि संस्कृतमूलक भनी स्वीकार नगर्नु । जस्तै— 'केन्तुम', शब्द, मुक्तिद्वारा 'शतम्' को तद्भव ठहर्छ । तर आज-भोलि 'शतम्' वर्ग र 'केन्तुम' वर्ग अलग-अलग भनिन्छ । यस्ता पूर्वाग्रहमूलक अभिसन्धि प्रतीत हुन्छ भन्ने कुरामा निम्नलिखित उद्धरणबाट पनि झलक पाइन्छ—

यूरपके लोगो... के गलेके नीचे यह क्रान्तिकारी धारणा उतारने के लिए कि ग्रीक एवं लेटिन जैसी क्लासिकल भाषाओंका सम्बन्ध जङ्गली लोगों (... यूरप के लोग इसी रूपमे मानते थे) की संस्कृत भाषा से है, अत्यधिक श्रमकी आवश्यकता थी ।

(भाषा विज्ञान, मैक्समूल्यर, अनु. डा. उदयनारायण तिवारी)

## ३. प्राकृतभाषा

प्राकृत कुन भाषा हो भन्ने विषयमा दुई मत छन्—

क) प्रकृति (सर्वसाधारण जनता) ले बोलिने भाषा प्राकृत, संस्कार गरिएको भाषा संस्कृत ।

ख) वररुचि, हेमचन्द्र आदि प्राकृत व्याकरणका आचार्यहरूका बहुसंमत मतानुसार प्रकृति (संस्कृत) बाट बनेको भाषा प्राकृत ।

वास्तवमा प्रकृति (सर्वसाधारण जनता) ले बोलिने भाषा प्राकृत भने पनि, संस्कारको तात्पर्य मूलभाषामा प्रकृति प्रत्यय कल्पना गर्नु हुनाले र प्राकृत व्याकरणकारहरूले संस्कृतका पदमा वर्णविकार आदिको अन्वाख्यान गरी प्राकृतभाषाको उपदेश गरेका हुनाले प्राकृतको मूल संस्कृत मान्नुमा कुनै विरोध प्रतीत हुँदैन ।

प्राकृतमा द्विवचन हुँदैन । संस्कृतमा प्रथमा विभक्तिका एकवचनान्त अदन्त शब्दहरू प्रधान क्रियापद 'अस्ति' का साथ रहँदा ओकारान्तको हुँदा प्राकृतमा अलग रहँदा पनि ओकारान्त बनेर आएका छन् । बहुवचनभूत अदन्त शब्दहरू परपट्टि विसर्ग रहने आकारान्त बन्ने हुँदा प्राकृतमा विसर्गलाई छाडी आएका छन् । जस्तै—

संस्कृत— अंस : (एकवचनान्त) + अस्ति = अंसोऽस्ति, प्राकृत – अंसो ।

संस्कृत— अंसा : (बहुवचनान्त), प्राकृत— अंसा इत्यादि ।

संस्कृतमा व्यञ्जन पर भएमा पदको अन्तिम मकार अनुस्वार बन्ने हुँदा प्राकृतमा व्यञ्जन पर नभए पनि अनुस्वार नै हुन्छ । जस्तै—

संस्कृत— अंसं स्पृशति, प्राकृत— अंसं इत्यादि ।

भाषा बदलिनुमा मुख्य कारण जनजिब्राले सजिलो उच्चारण गर्न खोज्नु हो । अतः संस्कृतका संयुक्त अक्षर भिन्न भिन्न वर्गका भए पनि प्राकृतमा उच्चारण सजिलो हुने गरी एउटै वर्गका बनेर आएका छन् । जस्तै—

संस्कृत— भक्तम्, प्राकृत— भत्तम् ।

संस्कृतमा वर्गका प्रथम द्वितीय वर्ण पर भएमा र तृतीय चतुर्थ पर भएमा पूर्व वर्ण क्रमशः प्रथम तृतीय हुने हुँदा प्राकृतमा पनि त्यसैको प्रभाव परेको कुरा उपर्युक्त उदाहरणबाट छर्लङ्ग हुन्छ । पैशाची, मागधीको प्रकृति शौरसेनी हो भन्नुको तात्पर्य पनि पैशाची, मागधी आदि प्राकृतको पनि परममूल संस्कृत हो भन्ने स्पष्ट बुझिन्छ । अत एव वररुचिले शौरेसेनीको अन्वाख्यान गर्दा शौरसेनीको मूल संस्कृत हो भन्ने उपदेश गर्नुभएको छ (प्रकृतिः संस्कृतम् १२,२ प्राकृत प्रकाश) ।

नेपाली भाषाको मातृस्थानीय भाषा—

| | संस्कृत | प्राकृत | नेपाली |
|---|---|---|---|
| क) | यशः | जसो | जस् |
| | करोति | करइ | गर्छ |
| | मध्यम् | मज्म (फं) | माझ |

| | | | |
|---|---|---|---|
| | ताम्रम् | तंबो | ताँबो |
| ख) | विद्या | विज्जा | विद्या |
| | वैद्यः | बेज्जो | वैद्य |
| | ग्रीष्मः | गिष्हो | ग्रीष्म |

यहाँ (क) खण्डका नेपाली शब्द प्राकृतमूलक र (ख) खण्डका संस्कृतमूलक हुन् भन्ने कुरा रूप देखता नै छर्लङ्ग हुन्छ । अतः नेपाली भाषाको मातृस्थानीय भाषा संस्कृत प्राकृत दुवै प्रतीत हुन्छन् ।

## ४. नेपाली भाषाको आफ्नोपन

संस्कृतमा पूर्व प्रकृत कुरालाई व्यक्त गर्ने प्रसिद्ध त्यद्, तद् शब्दमध्ये प्रायः तद् शब्दको प्रयोग हुने हुनाले अन्य भाषाहरूमा पनि तद् शब्दमूलक नै शब्द पाइन्छन् । अंग्रेजीमा पनि (that) शब्द, तद् शब्दमूलक नै हो । नेपालीमा भने त्यद् शब्दमूलक शब्द पाइन्छन् । जस्तो— त्यो, त्यसलाई, त्यसको, त्यसमा, (त्यादृशः) त्यस्तो, इत्यादि । तथा गएछ, गएको रहेछ, भनेछ, भनेको रहेछ, यस्ता क्रियापदमा नेपाली भाषाको आफ्नोपन झल्किन्छ । किनकि, संस्कृत भाषामा यस्ता परोक्ष कुरा बुझाउनुपर्दा लिट् प्रत्यय गर्ने व्यवस्था छ । तर आजको कुरा बुझाउनुपर्दा लिट् हुँदैन । त्यसको सट्टा लुङ वा क्त, क्तवतु प्रत्ययको प्रयोग गर्दा परोक्ष हो वा होइन भन्ने छर्लङ्ग हुँदैन । त्यसका लागि विशेष शब्दान्तरको पनि आवश्यकता हुन्छ । अतएव—

> यच्चिन्तितं तदिह दूरतरं प्रयाति
> यच्चेतसाऽपि न कृत तदिहाऽभ्युपैति ।

(वन जाँदा राम भन्नुहुन्छ— संसारमा, जो सोचेको कुरा हो, त्यो टाढै पुग्ने रहेछ, जो मनले पनि नकल्पिएको कुरा हो, त्यो आइलाग्ने रहेछ) यहाँ टाढै पुग्ने रहेछ 'आइलाग्ने रहेछ' भन्ने अर्थ भावगम्य हो । पदबाट 'टाढा पुग्छ' 'आइलाग्छ' भन्ने बुझिन्छ । जबकि 'टाढा पुग्ने रहेछ' 'आइलाग्ने रहेछ' भन्नाले यो घटना हुनुभन्दा अघि वक्तालाई यस्ता घटना हुन सक्तछन् भन्ने थाहा थिएन भन्ने बुझिन्छ र 'टाढा पुग्छ' 'आइलाग्छ' भन्दा घटना हुनुभन्दा पहिले पनि वक्तालाई यस्ता घटना हुन सक्तछन् भन्ने थाहा थियो भन्ने बुझिन्छ ।

संस्कृतमा आदर, समानता र निम्नस्तर बुझाउँदा पनि क्रियापद एउटै हुन्छ । जस्तै— पिता गच्छति, मित्रं गच्छति, पुत्रः गच्छति इत्यादि । तर नेपालीमा स्तर अनुसार जानुहुन्छ, जान्छन्, जान्छ इत्यादि क्रियापद बेग्लाबेग्लै हुन्छन् ।

संस्कृतमा सबै लिङ्गमा (तिङन्त) क्रियापद एउटै हुन्छ । जस्तै— पुत्रः गच्छति, पुत्री गच्छति, इत्यादि । तर नेपाली क्रियापद भने जान्छ, जान्छे आदि बेग्लाबेग्लै हुन्छन् । एवम् 'फलक्क फलिक्न्छ', 'गमक्क गम्किन्छ' इत्यादिमा 'फलक्क' 'गमक्क' आदि क्रिया विशेषण नेपाली भाषामा प्रशस्त छन् । यी शब्दहरूले नेपाली वाक्यका क्रियापदमा अलौकिक भाव भरिदिन्छन् ।

## ५. तत्सम तद्भव र आगन्तुक

### क) नेपाली तत्सम

| संस्कृत | नेपाली | संस्कृत | नेपाली |
|---|---|---|---|
| पिता | पिता | पुत्र | पुत्र |
| घर | घर | लहरी | लहरी (गङ्गा-लहरी, प्रेमलहरी |
| विहान | विहान | डोरी | डोरी |
| फुल | फुल | शिर | शिर (पिण्डं दद्याद् गयाशिरे) |
| वर्को | वर्को | कपाल | कपाल |
| वन | वन | छुरा | छुरा |
| कुकुर | कुकुर | छुट्टि | छुट्टी |
| मषी | मषी | सर्प | सर्प |
| कलम | कलम | मुख | मुख |

यस प्रकारका तत्सम शब्द पाइने हुँदा नेपाली भाषाको मातृस्थानीय भाषा प्राकृतभन्दा संस्कृत अधिक सिद्ध हुन्छ ।

### ख) नेपाली तद्भव

| संस्कृत | नेपाली | संस्कृत | नेपाली |
|---|---|---|---|
| अम्बा | आमा | खट्वा | खाट |
| विष्टरः | विस्तरा | चिट्ठि | चिठी |
| गुन्द्रः | गुन्द्रो | महिषी | भैंसी |
| लहरः | लहरो | विडाल | बिरालो |
| बर्कः | बर्को | धान्य | धान |
| वृकः | विर्को | तुवरी | तोरी |
| डोरः | डोरो | दुग्ध | दूध |
| भगिनी | बहिनी | दधि | दही |

यस प्रकार प्रायः वर्ण विचार आदिबाट नेपाली तद्भव बनेका छन् तापनि प्रतियोगीका ढाँचामा पनि तद्भव शब्द बन्दछन् भन्ने दिग्दर्शनका निमित्त उम्भ = ऊँमको प्रतियोगी अधः = ऊँध, वा उम्भः = उम्भो = ऊँभोको प्रतियोगी अधः = अधो = ऊँधो, शब्द मात्र प्रस्तुत गरी लेखको कार्यवृद्धि भयले कलम अगाडि बढाउँछु ।

ग) नेपाली आगन्तुक— तत्सम र तद्भव शब्द, तद् र क्रमशः सम, भव शब्द मिलेर बनेका यौगिक हुन् । अतः तत्सम, तद्भव भन्नाले संस्कृतमूलक मात्र मान्ने चलन, प्रारम्भमा तत्सम र तद्भव शब्दको अर्थ नबुझेर, चलाइएको हो। वास्तवमा आगन्तुक पनि तत्सम तद्भव हुन सक्तछन् । मोटर, इन्स्पेक्टर, आदि आगन्तुक तत्सम र अस्पताल कप्तान् आदि आगन्तुक तद्भव हुन् ।

## ६. व्याकरणको आवश्यकता

क) भाषामा एकरूपता स्थिर गर्न— व्याकरणले भाषालाई विकृत हुनुबाट बचाउने हुँदा सबै ठाउँमा समान शब्द प्रयोग गरिन्छन् र ध्वनि तदनुकूल हुन्छन् । अन्यथा भौगोलिक स्थिति आदिबाट भाषामा अनेकरूपता आउँछ र एक अर्कालि नबुझिने हुन्छ । अतः भाषामा एकरूपता स्थिर राख्न व्याकरणको आवश्यकता पर्दछ ।

ख) भाषा छिटो सिकाउन— व्याकरणको माध्यमबाट भाषा छिटो सिक्न सकिन्छ । अतः भाषा छिटो सिक्नका निमित्त पनि व्याकरणको आवश्यकता पर्दछ ।

## ७. व्याकरण बनाउनुभन्दा पहिले विचार गर्नुपर्ने कुरा

क) ध्वनिविचार— यहाँ ध्वनि भन्नाले 'प्रतीतपदार्थको लोके ध्वनिः शब्द इत्युच्यते' (महाभाष्य) अनुसार शब्द लिइएको छ । व्याकरणको काम प्रयोग भइरहेका शब्दको अन्वाख्यान गर्ने हो, नयाँ शब्द बनाउने होइन । अतः व्याकरण बनाउनुभन्दा पहिले प्रकृत भाषाको व्यवहार क्षेत्रमा के कस्ता शब्द प्रचलित छन् भनी अलग अलग स्थानका ध्वनि मनन गर्नुका साथै पूर्ववर्ती आचार्यहरूका उपदेशबाट योगदान लिनुपर्दछ (पाणिनिरपि स्वकाले शब्दान् प्रत्यक्षयन्नापिशल्यादिना पूर्वस्मिन्नपि काले सत्तामनुसंधत्ते, एवमापिशलिः अनादिरयं संसारः –पदमञ्जरी, हरदत्त ।) ।

ख) प्रकृतभाषा सम्बन्धी-ग्रन्थावेक्षण— प्रकृत भाषामा व्यवहार गर्ने शिष्टहरूले प्रयोग गरिएका शब्द 'शुद्ध शब्द' हुन् र तिनमा वर्णविकृति आदि भएका

शब्द अशुद्ध हुन् । ती शिष्टहरूलाई जुटाई वा तत्तत्स्थलमा गई सम्पर्क राखेर शब्द निर्धारण गर्न कठिन हुने हुंदा शिष्टद्वारा रचित ग्रन्थहरूको राम्रोसंग मनन गर्नुपर्दछ । यो प्रसङ्ग नेपाली भाषाको हुनाले र नेपाली भाषाको आधारशिला संस्कृत भाषा हुनाले, नेपाली भाषाका शिष्ट भन्नाले संस्कृत भाषाको अध्ययन गरेका, संस्कृत नबुझनेहरूलाई कुरा बुझाउन नेपाली भाषामा व्यवहार गर्नेहरू हुन् भनी बुझनुपर्दछ । जस्तै– नेपाली आदिकवि भानुभक्त, बडागुरुज्यू हेमराज, पण्डितराज सोमनाथ, कुलचन्द्र गौतम, कविशिरोमणि लेखनाथ, महाकवि लक्ष्मीप्रसाद देवकोटा, नयराज पन्त, माधवप्रसाद घिमिरे आदि नेपाली भाषाका शिष्ट हुन् ।

### ऋ र रि

प्राकृतमा ऋ तल दिइएअनुसार बदलिन्छ—

| संस्कृत | प्राकृत | संस्कृत | प्राकृत |
|---|---|---|---|
| मातृ | माता | ऋषि | इसी |
| भर्तृ | भत्तार | मृ (म्रियते) | मरइ |
| तृण | तण | ऋण | रिण |
| ऋतु | उदू | | |

संस्कृतमा कृत, क्रियते, इत्यादिमा ऋ–रि देखिन्छ । नेपालीमा पनि कृषि लेखिने हुनाले प्रयोगानुसार दुवै लेख्न सकिन्छ, ऋण = रिन ।

### श ष स

प्राकृतको सामान्य नियम अनुसार श, ष 'स' मा बदलिन्छन् । जस्तै— शब्दः = सद्दो, वृषभः = बसहो इत्यादि । कहीं यसका अपवादहरू पनि पाइन्छन् । जस्तै— पश्चिमम् = पच्छिमं, श्मशानम् = मसाणं इत्यादि । मागधीमा स 'श' बन्दछन् । जस्तै— मासः = माशे, विलासः = विलाशे इत्यादि । यस स्थितिमा यही मान्ने भनी निर्णय गर्नु उचित नहुने हुंदा दिशा = पूर्व पश्चिम आदि, दिसा = विष्ठा, नशा = मद, नसा = स्नायु, आदि प्रयोग अनुसार लेख्न उचित होला ।

### ब, व

संस्कृतमा ब, व को छुट्टाछुट्टै उच्चारण हुन्छ । नेपालीमा प्रायः ब कै उच्चारण भए पनि, तावा, जुवा, रूवा, भुवा, जावैन, खावैन, इत्यादि वको उच्चारण

हुने शब्द पनि प्रशस्त हुनाले संस्कृत तत्सम बाहेक [illegible] भेद छुट्याउन व उच्चारण हुनेमा पेट चिर्ने, व उच्चारण हुनेमा नचिर्ने गर्नु राम्रो होला ।

## जिह्वामूलीय उपध्मानीय

जिह्वामूलीय विसर्ग र उपध्मानीय विसर्गको संस्कृतमा क्रमशः क, ख र प, फ, देखि पूर्व आधा विसर्ग जस्तो उच्चारण हुन्छ र लिपि पनि तदनुसार लेखिन्छ। नेपालीमा दुःखभन्दा पूर्ण विसर्गको उच्चारण नहुँदा र जिह्वामूलीय विसर्गको ख्याल नहुँदा 'दुक्ख' यस्तो लिपि कहीं कहीं देखिन्छ । वास्तावमा जिब्राले क् उच्चारण गरेको प्रतीति हुँदैन । अतः आधा 'क्' लेख्नुभन्दा आधुनिक–पूर्ण विसर्ग सूचक–लिपि (:) लेख्नु उचित होला ।

## अनुस्वार मकार

यी दुईको उच्चारणमा दुर्दशा देख्ता व्यञ्जन पर भएमा बिन्दु र अन्यत्र म् लेख्नु उचित लाग्दछ ।

ञ् न् ण्— भाञ्जा, जन्त, घण्ट भन्दा नासिक्य वर्णको उच्चारणमा जिब्रो क्रमशः तालु, दन्त, ओठमा पुग्ने र प्राकृतमा संयुक्त अक्षर यौटै वर्गका बन्ने हुँदा चवर्ग तवर्ग टवर्गका साथ क्रमशः ञ्, न्, ण् लेख्नु उचित लाग्छ ।

## शब्दपरिवर्तन हुनुका मुख्य कारण र त्यसको भेद

क) बाल्यावस्था, रुग्णावस्था आदिमा ठीक उच्चारण हुन नसक्दा विकृत उच्चारण हुन्छ र बालक वा आशिक्षितले त्यही सिक्छन् । यस प्रकार परिवर्तन भएका शब्द अशक्तिमूलक हुन् ।

ख) उच्चारण गर्न सक्ने क्षमता भए पनि शुद्ध अशुद्ध थाहा नहुँदा अशिक्षितले विकृत उच्चारण गर्दछन् र बालक वा अन्य अशिक्षितले त्यही सिक्छन् । यस प्रकार परिवर्तन भएका शब्द अज्ञानमूलक हुन् जस्तै— राक्षस = राकस्, अक्षर = आखर् इत्यादि ।

ग) कल, ध्मात आदि— कल (निश्चित स्थानबाट उच्चारण नहुनु) ध्मात (ह्रस्वलाई पनि दीर्घ जस्तो बोल्नु) इत्यादि वर्ण विकृत हुने बाटाहरू हुन्। वास्तवमा अशक्ति र अज्ञानबाट हुने दोषहरू गिन्ती गरेर भन्न कठिन हुन्छ (अनन्ता हि दोषा अशक्तिप्रमादकृताः–कैयट, महाभाष्य प्रदीप) तथापि मुख्य बाटाहरू वर्णविपर्यय, वर्णविचार, वर्णनाश र अल्पमात्रामा वर्णागम हुन् भन्न सकिन्छ ।

क) प्रकृति प्रत्यय— प्रकृति प्रत्ययको यथार्थ विश्लेषण गर्न अत्यन्त दुष्कर छ। अतएव पाणिनिले धातुपाठ (मुख्य प्रकृति) मा 'बहुलमेतन्निदर्शनम्' र कृत् प्रत्ययको प्रसङ्गमा 'उणादयो बहुलम्' उपदेश गर्नुभएको छ। तद्धितको विषयमा 'तद्धितमूढाः पाणिनीया', भन्ने उक्ति परम्परादेखि चली आएको छ। यसको तात्पर्य प्रकृति प्रत्यय अनन्त हुन सक्तछन् भन्ने हो। प्रकृत प्रसङ्ग नेपाली भाषाको हुनाले तत्सम्बन्धमा केही मात्र दिग्दर्शन गराउन चाहन्छु।

संस्कृतबाट तत्समरूपमा आएका धातु र प्रत्ययलाई नेपालीमा तत्सम र तद्भवरूपमा आएकालाई तद्भवके रूपमा स्वीकार गर्नुपर्दछ। जस्तै— खेलनम् =खेल्नु, भ्रमणम् =घुम्नु। यहाँ 'नु' देखि पूर्वभाग 'खेल्' तत्सम र 'घुम्' तद्भव प्रकृति हुन्। (संस्कृतमा अनमत्यय विभक्तियुक्त हुँदा 'अनम्' हुने हुनाले परपट्टिका ओष्ठचवर्ण 'मकार' को सान्निध्यले गर्दा 'न' को 'अ' ओष्ठचवर्ण 'उ' मा बवलिई बनेको) नु तद्भवप्रत्यय हो। 'खेलनम् कुरु, भ्रमणम् कुरु' यस्ता वाक्यमा 'कुरु' को 'उ' मात्र शेष रही 'खेल्नु' 'घुम्नु' इत्यादिको 'उ' सङ्ग मिल्दा 'नु' यस्तो तद्भव प्रत्यय बन्दछ । जस्तै— खेल्नु, घुम्नु इत्यादि। संस्कृतका प्रधान क्रियापद 'अस्ति, सन्ति' तद्भव पद र प्रत्यय (छ, छन्) रूपमा पनि प्रयुक्त हुन्छन्। जस्तै— पुस्तकम् अस्ति =पुस्तक छ। पुस्तकानि सन्ति =पुस्तकहरू छन्। गच्छति = जान्छ, गच्छन्ति = जान्छन्।

संस्कृतका प्रभावमा बनेका नेपाली प्रत्ययको दिग्दर्शन यसरी गर्न सकिन्छ—

| संस्कृत | नेपाली |
|---|---|
| ति (शतृ + सप्तमी) = पठति | दा = पढ्दा |
| ,, = शृण्वति | = सुन्दा |
| ,, = लिखति | ता, दा = लेख्ता, लेख्दा |
| इल (च्) = रसिलः | इलो = रसिलो |
| इत (क्त) = पठितः | एको = पढेको |
| | इएको = पढिएको |
| त (क्त) = गतः | यो = गयो |
| अनीय (र्) = यानीयम् | नीहो = जानी हो |
| इत्वा (क्त्वा) = पठित्वा | ई = पढी |
| अथ = पठ् (पठति) | एर = पढेर |
| ई(इनि) = धनी | ई = धनी |
| वान् (मतुप्) = धनवान् | वाला = धनवाला |

| | |
|---|---|
| आलु (च्) = दयालु | आलु = दयालु |
| ईय (छ) = नेपालीय | ईय, ई = नेपालीय, नेपाली |
| इय (य) = राष्ट्रिय | इय = राष्ट्रिय |
| त्व = महत्त्वम् | त्व = महत्त्व |
| ता (तल्) = शिष्टता | ता = शिष्टता |
| य (ष्यञ्) = पाण्डित्यम् | याई = पण्डित्याई |
| इमा (इमनिच्) = महिमा | इमा = महिमा इत्यादि । |

पठित, शिष्टता, पाश्चात्य, इत्यादि शब्दका लहँलहैमा क्रमशः अपहरित, सौजन्यता, पौर्वात्य इत्यादि शब्द एवं महानता जस्ता जथाभावी शब्द प्रयोग नगरी अर्थ र शब्दको रूप बुझेर मात्र प्रयोग गर्ने बानी बसाल्नुपर्दछ ।

अन्य अनुकरणका भरमा पनि शब्द बन्दछन् । जस्तै — बोको, भट्भटे इत्यादि । यास्कको उपदेशअनुसार यस्ता शब्द चरालाई बुझाउने धेरै छन् । (काक इति शब्दानुकृति, तदिदं शकुनिषु बहुलम्–निरुक्त) । जस्तै— (काक) काग, (टिट्टिभः) टिट्टिहाँस्, (तित्तिरिः) तित्रो इत्यादि । शाकटायन बाहेक सबै वैयाकरण र नैरुक्तमध्ये गार्ग्यको सिद्धान्तअनुसार प्रकृति प्रत्यय नछुट्टिने (रूढ) पनि शब्द हुन्छन् । जस्तै— वृक्ष, पाषाण आदि ।

## भाषालाई स्थिर राख्ने उपाय

क) नियम पालन— कुनै पनि भाषामा व्यवहार गर्नेहरू, भाषामा पूर्ण शिक्षित हुन्छन् भन्न सकिँदैन । अशिक्षित व्यक्तिले तद्भाषाभाषी भए पनि शिक्षित व्यक्तिले झैं उच्चारण गर्न सक्तैन । साना बालक वा बूढाहरूले पनि ठीक ठीक उच्चारण गर्न सक्तैनन् । यस स्थितिमा भाषा छिटो छिटो बदलिने हुन सक्तछ । अतः शिक्षित व्यक्तिहरूले यथाशक्य व्याकरण, शिक्षाशास्त्र आदिका नियमलाई पालन गरेमा भाषा स्थिर रहन सक्तछ, तटबन्ध नभएमा नदी ठाउँ छाडी यत्र तत्र जाने संभव हुन्छ, यो सामान्य नियम हो ।

ख) मूल भाषाको आड— जो जसको आडमा छ, त्यो आड छुटेमा पूर्ववत् स्थितिमा रहन सक्तैन । संसारमा कति भाषा प्रचलनमा आए होलान्, मूल भाषाको आड विना बिलाएर गए । तर संस्कृतको आड लिएकोले प्राकृत आजभोलिसंम पनि जीवित नै छ । अतः नेपाली भाषालाई स्थिर र समृद्ध बनाउन संस्कृत भाषाको आड लिनु अनिवार्य छ । संस्कृत भाषाको आड नलिईकन आवश्यक शब्दको खाँचो पूर्ति गर्न पनि सकिँदैन ।

यस प्रसङ्गमा कथ्य र लेख्य नेपाली भाषाको विषयमा केही भन्नु आवश्यक

सकन्छु । भाषा लेख्य हुन सक्तैन तापनि, संस्कृतभाषाको कामधेनुपनअनुसार भाषालाई 'सङ्केत गर्ने लिपि' भन्ने अर्थमा भाषा शब्दको लक्षणा गरी 'लिख्य भाषा' भन्ने पनि चलन चलेको छ ।

कत्थ्य, लेक्ख्य कि कथ्य लेख्य—संस्कृत अनुसार दुवै थरी रूप अशुद्ध होइनन् तापनि प्रायः कथ्य लेख्य (द्वित्व नभएका) नै देखिन्छन् । तथापि यहाँ द्वित्वको भान हुनुमा कारण संयुक्त अक्षर पर भएमा पूर्व स्वरको उच्चारण गुरु हुनु हो ।

प्रह्लादिसंयुते वर्णे व्यञ्जने चाग्रगे ल्गुरू ।
तीव्रप्रयत्नोच्चारेण ह्लादावपि लघुर्गुरुः ॥

(काव्यकल्पलतावृत्ति)

यथा—- 'कतै छ एकत्व कतै अनेकता' (बुद्धिविनोद)— यहाँ एकत्वभन्दा एकत्त्व (दुई त्) को भान हुन्छ । वास्तवमा पूर्वको 'क' को 'अ' गुरु उच्चरित भएको हो, दुइ त् को उच्चारण भएको होइन । किनकि, संयुक्त अक्षर पर भए पनि लघु उच्चारण भएमा द्वित्वको भान पनि हुँदैन । जस्तै— पत्याउनू के नपत्याउनू कुन ? (बुद्धिविनोद)-- यहाँ 'त्या' देखि पूर्वका 'अ' को लघु उच्चारण हुन्छ । अतः द्वित्वको भान पनि हुँदैन । यदि यहाँ गुरु उच्चारण गरे 'जतौ तु वंशस्थमुदीरितं जरौ' अनुसार छन्दोभङ्ग हुने थियो र 'पत्त्याउनू' यस्तो दुई त् को पनि भान हुने थियो । यसबाट कथ्य लेख्यमा पनि 'थ्य' र 'ख्य' देखि पूर्वका 'अ' को गुरु उच्चारण भएको हो, थ् ख् को द्वित्व भएको होइन भन्ने छर्लङ्ग हुन्छ । यस्तै अरू ठाउँमा पनि विचार पुऱ्याई प्रयोग गर्नुपर्छ । फेरि संस्कृतानभिज्ञले कत्थ्य लेक्ख्यको बदला बोलिने र लेखिने भने मात्र बुझ्ने र संस्कृतज्ञले 'कत्थ्य' भन्दा कत्थ्यश्लाघायाम्को ण्यत् प्रत्ययान्त रूप झट्ट स्फुरण भई अर्कै अर्थ संझने हुँदा द्वित्व गरी लिपि बढाउनु उचित देखिँदैन । तथा 'महेन्द्र विद्या भूषण' को सट्टा 'महेन् विद्द्या भुस्णँ' लेख्ता प्राकृत जनजिब्रो झुनै अनुसार पनि 'द्' को लोप नहुने र त्यस्ता लेखाइलाई मान्ने हो भने नेपाली भाषामा 'र' संयोजक अव्यय शब्द हुनाले 'राम र श्याम' भने झैं 'महेन् र विद्द्या भुस्णँ' भन्ने दुई छुट्टा–छुट्टै पदवीको भ्रम हुन्छ, 'महेन्द्र विद्याभूषण' भन्ने अर्थ बुझिँदैन । जिब्राले एउटै स्थानका वर्णको उच्चारण गर्न सजिलो मान्दछ भन्ने कुरा भुषण लेख्नेहरूले पनि (नासिक्य णका साथ 'स' नलेखी 'सँ' लेख्नुबाट) मानेकै ठहर्छ । अतः 'ण' (मूर्धन्य वर्ण) का साथ 'ष' (मूर्धन्य वर्ण) लाई 'स' (दन्त्यवर्ण) बनाउनुमा युक्तिविरोध स्पष्ट छ । यस्तै भू = भु । 'मध्यचन्द्रिका' को सट्टा 'मद्ध्य चन्दिका' लेख्ता, उक्त पुस्तक किन्न माग्दा मध्यचन्द्रिकाका थुप्रै पुस्तक राखेको पुस्तक विक्रेताले पनि, त्यो पुस्तक यहाँ छैन भन्न र कहाँ पाइएला ? भनी

[illegible] (बाल) [illegible] भनी उत्तर दिन सक्छ । यदि मूल पुस्तकको नै नाम बदलेर 'मद्यचन्द्रिका' बनाउन लाग्यौं भने, आफ्नो लेखमा अर्काले अलिकति फरक पारिदिंदा नरमाइलो मान्ने हामीहरूले अर्काको ग्रन्थकै नाम अर्थ नहुने गरी बदल्न खोज्दा कसरी मान्य होला ?

## सारांश

कथ्य र लेख्य भाषा भन्नाले नै कथ्य र लेख्य (लिपिले सङ्केत गरिने) भाषाका स्वरूप समान हुने रहेनछन् भन्ने छलंङ्ग हुन्छ । लेख्य, परिष्कृत पदावली युक्त हुनुका साथै कालान्तरमा पनि बुझ्न सकिने हुन्छ । हजारौं वर्ष पुरानो संस्कृत भाषाका लेख बुझ्न कठिन नहुनु र ४००/५०० वर्ष पुराना नेपाली भाषाका लेख बुझ्न कठिन हुनुमा कारण क्रमशः पुरानो समयदेखि व्याकरण हुनु र नहुनु हो । टपरीमा, थालमा, खोलामा भन्दा क्रमशः टप्र्याँ, थालाँ, खोलाँ तथा शिवपुर-लाई स्यूपुर भनेको पनि सुनिन्छ । तदनुसार टप्र्याँ, थालाँ, खोलाँ तथा शिवप्रसाद-लाई स्यूप्रसाद लेख्नु केवल भाषा बिगार्नु हो । जन-जिब्राको आधार भनी जथाभावी बोलिएका शब्दलाई नै मान्यता दिने हो भने व्याकरणका निमित्त किन कपाल दुखाउनुपर्‍यो ?

अतः नेपाली भाषालाई समृद्ध र चिरस्थायी बनाउन संस्कृतका आडमा हुर्काउँदै लैजानुपर्दछ भन्ने आफ्नो मन्तव्य व्यक्त गर्नुका साथै समस्यालाई राम्ररी ठहऱ्याई त्यसको समाधानपट्टि सबै एकजूट भई अग्रसर हुन जगदम्बा सरस्वती-बाट हामी सबैलाई सद्बुद्धि मिलोस् भन्ने प्रार्थना गर्दै यो लेख टुङ्ग्याउँछु ।

**टिप्पणीः**

मूल पाठमा संकेत गरिएका कृतिका साथै मङ्गलदेव शास्त्रीको 'भाषाविज्ञान' र करपात्री स्वामीको 'मार्क्सवाद और रामराज्य' जस्ता कृतिबाट पनि यसमा यत्रतत्र आवश्यक सामग्री उद्धृत छन् ।

□

# नेपालीको शब्द सामर्थ्य

## युगेश्वरप्रसाद शर्मा

देशको राजनीतिक इतिहासको लामो कालावधिसम्म प्रशासनको क्षेत्रमा सीमित रहेको नेपाली भाषाको प्रयोगक्षेत्र व्यापक हुँदै गएको छ । यसको प्रसार भौगोलिक तथा भाषिक दुइटै क्षेत्रमा गहनतर हुँदै गएको सहजै अनुभव गर्न सकिन्छ । वर्ण, जाति र भौगोलिक सीमा रेखाहरूमा यसको परम्परागत परिसीमितताको अन्त भएको र देशको संवैधानिक मान्यताअनुसार यसको व्यवहारको परिधि मुलुकको चौहद्दी नै भएको छ । फलतः आज देशको यो सांस्कृतिक–राजनीतिक व्यक्तिको अभिव्यक्तिको सुलभ माध्यम बनेको छ ।

अन्तर्सामुदायिक तथा अन्तर्क्षेत्रीय भाषाको रूपमा गत पैंतीस वर्षमा नेपाली भाषाको शब्द शक्तिमा आश्चर्यलाग्दो तर अपेक्षित अभिवृद्धि भएको छ । प्राकृतिक विज्ञानको तत्त्व– चिन्तनमा, उदाहरणको लागि, प्रयुक्त हुन आवश्यक शक्ति–संचय गर्न समर्थ हुन नसके पनि देशको आन्तरिक आवश्यकताअनुसार लेखक, पाठक, श्रोता, विभिन्न तहका नीति–निर्माण र सम्वाद प्रवाहमा स्थानीय उपयोगको लागि नेपालीको प्रयोगमा व्यापकता आइरहेको छ । समाजशास्त्रका विषयहरूको अध्ययन र अनुशीलनमा नेपाली भाषालाई अधिकाधिक प्रवेश र प्रयोगको लागि सोद्देश्य तीव्र सचेष्टता अपनाइएको अनुभव अब नयाँ होइन । सीमित रूपमा भए पनि आन्तरिक उपयोगको लागि लेखिएका अभि–पत्र, कार्य–पत्र, शोध–पत्र, शोध–प्रबन्ध आदिमा यसको प्रयोग आरम्भ भएबाट बौद्धिक क्षेत्रमा यसप्रतिको मनोवैज्ञानिक विश्वसनीयता मात्र कायम गर्न मद्दत भएको छैन, यसको शब्द भण्डार पनि विस्तृत हुँदै गएको छ । विचार, क्रिया, अनुभव र आवश्यकता अपेक्षाकृत ग्रामीण जीवनशैलीको सीमित परिवेशमा प्रचलित कार्यमूलक तथा अवधारणा अभिव्यक्तिमा प्रयोग हुने शब्द समूहको प्रयोग क्रमशः घट्दै गएको छ ।

आजको सामाजिक, राजनीतिक, प्रशासनिक, शैक्षिक अथवा सामान्य बौद्धिक परिप्रेक्ष्यमा कतिपय शब्द र पदहरूको उपयोगिता समाप्त पनि भैसकेको

छ। त्यस परिवेशमा अनेक जीवित शब्दहरूको प्रयोग क्षेत्र सीमित हुँदै गएको छ। कतिपय त्यस्ता शब्दहरू मरणासन्न छन् र कतिपय विलुप्त भैसकेका छन्, कमसेकम नगरीय, औद्योगिक, शैक्षिक, शिष्ट, सम्वाद प्रवाहमा नेपाली भाषाको संवैधानिक राजनीतिक दर्जा मात्र बढेको छैन, यसको भूमिकामा पनि बिस्तार आएको छ। प्रशासन–प्रशासनिक प्रशिक्षण, गृह, परराष्ट्र, वाणिज्य, स्वास्थ्य, जलस्रोत पर्यावरणदेखि त्रासदी, संत्रास, कुण्ठा र विरेचन सिद्धान्तसम्मको विषय प्रतिपादनमा यसले कौटम्बिक र सम्पर्कका भाषाहरूको सहारा लिनु अत्यन्त स्वाभाविक कुरा हो। उदाहरणको लागि नृ–तत्त्व शास्त्र, सांख्यिकी, जैविकी, अनुवंशिकी, पर्यावरण प्रदूषण, मेटनी शोको सिनेमाको लागि ब्ल्याक टिकट, अभिनेतृको ग्लामोरदेखि जनसंख्या विस्फोटनसम्मका अनेकानेक नयाँ अवधारणा, वस्तुको गुण र अनुभूतिको विशदताको प्रभावकारी संप्रेषणको चेष्टामा यसले शब्द, पद र अवधारणामूलक शब्दावली उधारो लिनु यसको स्वाभाविक आवश्यकता भइरहेको छ। यस्तो अवस्थामा यसका सहायक स्रोतहरू माली, मालदिव, पेरू, वहरिन, कतार, कम्पुचिया अथवा श्रीलङ्काका भाषा तथा भाषिका हुन सक्दैनन्। निश्चित रूपले यसले आफ्नो क्षेत्र सिंचनको लागि पारिवारिक निकटताका भाषासँगको बृहत् अथवा लघु सिंचाई योजनामा नै निर्भर गर्नुपर्छ। फलत: संस्कृत र हिन्दीका माध्यमद्वारा अन्यान्य भाषा–भाषिकाका अनेक रूप, रस, ध्वनि तथा अर्थगर्भित शब्द र पद समूहको प्रवाह, किंचित् विवशतापूर्वक निर्बाध रूपमा भैरहेको छ। साहित्यिक, सामाजिक, राजनीतिक लेखन र विभिन्न क्षेत्रीय अथवा आंचलिक पत्र–पत्रिकाहरूमा यस प्रकारका प्रयोगहरू ठूलो संख्यामा देखिन्छन्।

विभिन्न स्रोतहरूबाट लिइएका शब्दहरूले गर्दा नेपालीको अभिव्यक्ति, अभिधा, लक्षणा, व्यंजना सबैमा सशक्तता बढेको छ, ग्राम्यताको परित्यागतिर उन्मुख यसको पदमा सौष्ठव बढेको छ, यसमा लालित्य बढेको छ, यसमा ओज भर्न सजिलो भएको छ र यसको प्रसादगुण शैलीमा नगरीयता, वाग्वैविध्य र उक्ति वैचित्र्यको लागि विस्तृत क्षेत्र प्राप्त भएको छ। ग्राम्य सरलताको ठाउँमा बढ्दै गएको पाण्डित्यजनित क्लिष्टता अनिवार्य रूपले आएको देखेर भाषिक ग्राम्य कृषि, संस्कृतिमा पोषित व्यक्तिहरूबाट 'नेपाली कठिन भयो, दुरूह भयो, नेपाली थिचियो र नेपाली अब अंग्रेजीभन्दा पनि गाह्रो भयो' आदि जस्ता आक्रोश र आरोपका स्वर आजकल निरन्तर सुनिदैछ। तर, कसैले अन्य भाषाहरूबाट नेपाली आक्रान्त भयो भन्दैमा नेपाली लोप हुँदैन। नेपाली एउटा गतिमान् जीवित भाषा हो— प्रवाहशीलता, परिवर्तन र परिवर्द्धन जीवित भाषाको लक्षण हो।

यस दुरूहता बोधको मूलमा नेपाली भाषाको शब्द सामर्थ्यमा हुँदै गएको

बिस्तार, यसको नयाँ संस्कार र यसको नयाँ रूपविधान हो, तसर्थ नेपालीको बढ्दै गएको शब्द भण्डारदेखि भय अनुभव गर्नु एउटा कल्पित आतङ्कबाट त्रस्त हुनु मात्र हो। नयाँ ऋण–प्रवाहमा आएका शब्द, पद र अभिव्यक्तिलाई आजको जीवनको क्लिष्ट र संश्लिष्ट आवश्यकतामा समाहित हुन राहदानीमा रोक लगाउनु नेपाली प्रतिभालाई लाटो र बहिरो मात्र बनाउनु हो। त्यसैले नेपालीको नयाँ शब्द-समृद्धिदेखि आतङ्क होइन गौरव र आह्लाद अनुभव गर्ने स्थिति उत्पन्न भएको मान्नुपर्छ। यसै किसिमबाट कुनै नयाँ शब्द प्रयोग, कुनै सम्बन्धित भाषाको अंगभूत शब्द हो, । आन्तरिकीकरणको प्रक्रियाद्वारा स्वीकृत भैसकेको छ, सुपाच्य छ अथवा छैन आदि प्रश्नहरूको उत्तर काल–सापेक्ष हो र त्यस कारण यस समस्याप्रति विचार गर्दा काल–परिधि अथवा टाइम–फ्रेमभित्र मात्र कुरा गर्न सकिन्छ। उदाहरणको लागि आज सामान्य शिक्षित शब्द समूहभित्र पर्ने एडुकेशन, डेडिकेट, इस्टिम जस्ता शब्दहरू अंग्रेजी भाषामा पहिलो पल्ट १५३१ मा प्रयोग हुँदा अंग्रेजी बाहिरका नयाँ शब्दहरू मानिन्थ्यो। तर परवर्ती कालमा यी शब्दहरू अंग्रेजीका आधिकारिक शब्दावलीअन्तर्गत यसको केन्द्रीय स्नायुमा बसेको जस्तो भएको छ।

कुनै पनि जीवित भाषा गतिमान् हुन्छ। प्रवाहशीलता नै यसको प्राण हो। समाजका भौतिक, बौद्धिक अनुभूतिमूलक आवश्यकताअनुसार यसमा नयाँ शब्द, पद र अभिव्यक्तिहरू आउँछन्, विभिन्न स्रोतहरूबाट समाहित हुन्छन्। क्रमशः अक्षम, अशक्त, असाधु पदहरू परित्यक्त हुन्छन्, अर्थ र ध्वनिमा परिवर्तन हुन्छ। अंग्रेजीले लेटिन, फ्रेन्च, ग्रीक, जर्मन, स्कान्डिनेवियन भाषाहरूको अतिरिक्त हिन्दी, उर्दू आदि भाषाबाट पनि शब्दहरू लिएको छ। हिन्दीले संस्कृत, फारसी, अरबी, अंग्रेजी, फ्रेन्च र कतिपय भाषिकाहरूबाट शब्द लिएको छ, लिंदै पनि छ। भाषाको समृद्धिको यो सर्वमान्य आवश्यक र स्वाभाविक प्रक्रिया हो, नेपाली यसको अपवाद हुन सक्दैन– क्रुरो शब्दले क्रुरो विचारलाई मात्र व्यक्त गर्छ– उदात्त विचारको संप्रेषणको लागि अभावग्रस्त स्थितिमा छरछिमेकतिर हेरिन्छ।

## नेपालीका शब्दस्रोत

नेपाली भाषाको शब्द–भण्डार कुनै पूर्ण अमिश्रित, अबाध, शुद्ध, स्वयम्भू मूले शब्द समूहबाट बनेको होइन, वास्तवमा यो धारणा नै एक प्रकारबाट अनावश्यक र विवादास्पद धारणा हो। यसको उत्प्रेरणामा भाषेतर विचार तत्त्वले काम नगरेको मान्न सकिंदैन जस्तो लाग्छ। संसारका अन्य भाषाहरू जस्तै नेपालीका मौलिक, सीमित, अशक्त, व्युत्पत्तिमूलक शब्दहरूको आधारमा मात्र कुनै सुष्ठ,

अवधारणायुक्त विचारको सुसम्बद्ध, सन्दर्भयुक्त, व्याख्या, विश्लेषण, संश्लेषण र प्रतिपादन गर्न सकिंदैन । यसमा प्रयुक्त हजारौं शब्दहरूको भाषिक नागरिकता–संस्कृत, हिन्दी, नेपाली, पन्जाबी, राजस्थानी, कुमायुँनी– बारे नेपाली भाषाका दुईजना पण्डितसम्म एक अर्कासित असहमत हुनु आश्चर्यको कुरा होइन । नयाँ वस्तु, विचार अवधारणा र अनुभवहरूसँग प्रायः नित्य नयाँ शब्द समूह सहजरूपले नेपाली भाषामा प्रवाहित भइरहेका छन् । यसमा बोध बनाउन सकिंदैन, किनभने यो स्वाभाविक हो, यसको जीवन्तताको प्रमाण हो । २०४१ सालको भाद्र–आश्विनको बाढीले मलेखु पुललाई बगाए पनि यसले खास–खोटी हिन्दी द्वन्द्व समस्त पद 'आते–जाते' लाई नेपाली शब्द भण्डारमा स्थायी बसोबासको अनुमतिपत्र दिएको छ । धेरैको लागि 'पहलकदमी' मा परकीयता छ, किंचित् भाषिक विदेशीपनको दु:सह्य गन्ध छ र 'अग्रसरता' लाई संभवतः त्यसै कारणले भाषिक नागरिकता दिएको देखिन्छ । वास्तवमा यी दुइटै नेपाली शब्द हुन् । एउटालाई नेपाली र अर्कोलाई अतिक्रम गर्न आएको गैर नेपाली शब्द भन्नुमा सम्बद्ध व्यक्तिको भाषाको प्रकृतिको ज्ञान र अज्ञता मात्र प्रकट हुन्छ ।

यस प्रकारले निजी भाषिक सम्पर्कको बिस्तार र संकोचको आधारमा यस्ता समानार्थक दुई शब्दका प्रयोगकर्ताहरूले एकलाई स्वदेशी र अर्कोलाई परदेशी घोषित गर्नुमा कसैले सार्वजनिक जानकारीको लागि विज्ञप्ति जारी गरी रोक लगाउन सक्दैन । यस प्रकारका अनेक शब्द प्रयोग छुट्टयाउनु वा ती शब्दहरूमा देशी र आप्रवासीको भेद गर्नु सम्बद्ध व्यक्तिको अनुभवको संकोच अथवा बिस्तार मात्र जनाउँछ ।

कुनै भाषाको जीवित सम्पर्कबाट अलग भएर सम्बन्धित मूल भाषाका शब्दहरूले अन्य भाषामा नयाँ अर्थ ग्रहण गर्नु, अनुभवमा आधारित निर्विवाद भाषाशास्त्रीय नियम हो । तर, मूल प्रयोगको दैनिक निकटतामा बस्दा बस्दै नेपालीमा यस्ता अर्थ परिवर्तित प्रयोग हास्यास्पद हुने सीमासम्म पुगिसकेको पाइन्छ । बैंक–नोट जारी गरेको अर्थमा नोटको 'निष्काशन' अथवा योजना–निर्माणलाई, योजना तर्जुमालाई, यहाँ उदाहरणको लागि लिन सकिन्छ ।

व्यक्तिको स्वाधीन चिन्तनको अभावमा राजनीतिले वर्चस्व प्राप्त गरेको भाषिक समुदायमा राजनीतिले भाषालाई भ्रष्ट र निष्प्राण बनाएको अनुभव कतिपय देश र भाषाबाट प्राप्त गर्न सकिन्छ । हाम्रै सन्दर्भमा हेर्दा पनि राजनीतिक मनसूनको झरीमा अनेक अर्थहीन, पूर्वनिर्मित, रेडिमेट, बासी, अशक्त शब्द, पद र अभिव्यक्तिको प्रयोग बढ्दै गएको देखेर भाषाको जीवन शक्तिप्रति संवेदनशील व्यक्तिहरूले क्षोभ, वितृष्णा एक प्रकारको नौसिया समेत अनुभव गरेको

पाइन्छन् । मिथ्या सादृश्यको आधारमा भाषाको व्याकरण र पठित प्रयोग विपरीत शब्दहरूको निर्माण भएको छ, भई पनि रहेको छ – 'ईमानदारिता', 'सौन्दर्यता', 'स्वास्थ्यता' जस्ता शब्दहरू यसका प्रमाण हुन् ।

'भाषा त विचार–अभिव्यक्तिको एउटा माध्यम हो, आफूले भनेको कुरा अरूले बुझ्यो भने पुगिहाल्यो' भन्ने अप्रशिक्षित ग्राम्य धारणा अझ छ, गहिरो छ, संभवतः व्यापक छ । फलतः अशुद्ध शब्द प्रयोगले सार्वजनिक प्रदर्शनमा पनि गौरव अनुभव गरेको अनुमान गर्न सकिन्छ । गोष्ठी आदिमा कुनै विषय बारे लेखकले आफ्नो विचार लिखित रूपमा प्रस्तुत गरेको अभिपत्रलाई कार्यपत्र भन्ने चलन सर्वस्वीकृत भैसकेको छ । यसै प्रसङ्गमा आफ्नो विचारपत्रलाई 'अभिपत्र' भन्न साहस गर्ने व्यक्तिलाई अनेपाली शब्दको प्रयोग गऱ्यो भन्ने आरोप लगाउन नसकिने स्थिति छैन । भाषा प्रयोग गर्न उत्सुक तथा आधिकारिक स्थानमा बसेका कतिपय व्यक्तिले 'भान्छा कोठाको भाषा' लाई, सञ्चार माध्यम र गम्भीर विषय प्रतिपादन गर्ने क्रममा शिक्षण संस्थाका कक्षा कोठाभित्र पनि हुलाइदिएका देखिन्छन् ।

'यस श्लोकमा कविज्यूले कस्तो रस चुहाउनुभएको छ' अथवा 'रिकार्डोले जग्गा बारेको नियममा जग्गाको किसिमलाई लिएर खूब राम्रो बयान गरेको छ' इत्यादि जस्ता अभिव्यक्तिहरू नेपाली भाषिक सामर्थ्यको लागि अनुत्साहप्रद लक्षण हुन् ।

संस्कृतको सामीप्यले नेपाली भाषाको शब्दभण्डार अक्षय छ र यस निःशेष भण्डारका शब्द पदद्वारा नेपालीमा चिन्तनलाई घनत्व, विचारलाई उच्चता, अनुभूतिलाई गहनता, दृष्टिलाई दिव्यता र अभिव्यक्तिलाई उपयुक्त विशदता प्राप्त हुँदै जानेछ । सामान्य संकलनाअनुसार, २०३२–३३ सालदेखि वर्तमान राज्य व्यवस्था पञ्चायतको नीति–कथन–तहदेखि गाउँसभासम्म प्रयोग प्रवाहमा आएका अनेक शब्दहरू, उदाहरणको लागि 'सहभागिता' अथवा 'जनसहभागिता', बैंकको 'निक्षेप,' व्यापारको 'विचलन' आदि जस्ता शब्दहरूको वंश–वृद्धि 'नेपाली' हुन सक्दैन । मूल संस्कृतलाई नै यी सबैको मातृत्व प्राप्त छ ।

नेपालीको शब्द सामर्थ्यमा शक्ति–पुञ्ज भर्ने, परिस्कृत गर्ने, बिस्तार ल्याउने र नयाँ विचार, वस्तु, अनुभूति, धारणा आदिको अभिव्यक्तिमा सहजता प्रदान गर्ने प्रवाहमान निकटतम स्रोत हिन्दी सिद्ध भएको छ । अनेक प्रसङ्ग वा स्थलमा शाब्दिक अभावलाई यसले पूरा गरेको छ । अभिव्यक्तिको अनेक कोष्ठबद्धतामा यसले विरेचनको काम गरेको छ । छोटी हुलाक, बडी हुलाक, कच्ची सडक, पक्की घर र शिक्षा क्षेत्रमा सर्वाधिक छात्र संख्यासित सम्बद्ध 'मानविकी'

हिन्दीमैं [illegible] नियमानुसार [illegible] भएर [illegible] नेपालीमा स्थापित भएका छन् । अरू केही नभए, 'देखाजायगा' त छँदैछ– लोककण्ठमा खडी बोलीबाट आएको संभवतः अयाचित कर्जा ।

मातृभाषाको रूपमा नेपालीको प्रयोग हुने सीमित सामाजिक स्थिति बाहेक नेपाली भाषाको प्रसार–प्रचारको राज–व्यवस्थाद्वारा स्थापित अत्याज्य स्रोत ऐन सवाल अथवा अड्डा–अदालत रहेको छ । सांस्कृतिक उदात्त सौन्दर्य चेतनाको अनुशीलन साहित्यिक प्रखरता, गीतको हृदयस्पर्शी सौरभ, ओज, प्रसाद अथवा रसात्मकताको लागि नेपालीप्रति त्यस बखतको शिक्षित मानस सन्देशशील थियो । यसको पुष्टि कतिपय प्राचीन अभिलेख, नेपाली भाषाका रचनामा हिन्दी, उर्दूका शब्द, पद, उक्ति र स्वरबाट भएको श्रृङ्गार, हिन्दीमा प्रचलित काव्य विषय महाराणा प्रतापदेखि नीति, उपदेश तथा बारहमासाका विषयवस्तु एवं शब्दावलीले व्यक्त गर्छ । रेडियोबाट मीराबाई, सूरदास, कवीरदास, रैदास र अनेक सन्त कविहरूका भक्ति रचनाहरू शाब्दिक अथवा छायानुवादमा प्रस्फुरित भजनहरूले यस धारणालाई आज पनि पुष्ट गर्छ । नेपालीमा भाषिक अक्षमता अपेक्षाकृत बढी छ । यस अक्षमताको गम्भीर सीमारेखा र गैर भाषिक आग्रहले गर्दा अनेक असाधु–शब्द–पदलाई नेपाली भाषिक राष्ट्रियताको दौरा–सुरुवाल लगाइएको देखिन्छ । फलतः शिष्ट साधु पदलाई परकीयताको संक्रामक रोगग्रस्त शब्त मानी परिहासपूर्वक बहिष्कृत गरिएको पाइन्छ । गोरखापत्र र रेडियो नेपालको सम्बाद संचरित सुस्मरणीय सुमुखबाट झाडा–बान्ता, आउं रगत, आल–टाल, निःसृत भएको पढ्दा–सुन्दा हाम्रो शब्दशक्तिको गम्भीर सीमा, किञ्चित् सौष्ठवको अभाव अथवा परिष्कारप्रतिको अचेतनता, साधु–असाधु शब्दहरू बीच विवेचकताको कमी सहसा बोध हुन आउँछ ।

शब्दको अशुद्ध प्रयोगलाई नेपाली मानी गौरवान्वित नभएका धेरै व्यक्ति देखिएका छैनन् 'लुकेका र निहित' यस्ता शब्द समूहमा पर्दछन् । 'छात्रमा लुकेको प्रतिभा' (रेडियो नेपाल, समाचार, संध्या, १८ गते कार्तिक २०४१) प्रति कसैको कुनै आपत्ति छैन । तर, 'छात्रमा निहित प्रतिभा' मा 'निहित' ले अनेपालीपनको कीटाणु ल्याएको छ— जस्तो कतिको सगौरव टिप्पणी सुनिएको छ । 'गहन जिम्मेवारी, गहन अध्ययन' आदिलाई पूर्ण नेपाली, तर 'गम्भीर दायित्व', 'गुरु दायित्व', 'गम्भीर अध्ययन' आदि जस्ता पदलाई अन्य कुलशीलको मान्ने हाम्रो बानीको यदा–कदा अभद्र प्रदर्शन भएको पनि देखिएको छ ।

नेपाली भाषाका कतिपय समार्थी वैकल्पिक शब्दहरू तथा क्षेत्रीय प्रयोगको ज्ञानको अभावमा आफूले बोल्ने भाषिकालाई, त्यसमा प्रयुक्त शब्दहरूलाई मात्र

नेपाली मान्ने, स्तरीय शब्द रूप मानी आफ्नो शब्दज्ञानप्रति आफैं कृतज्ञ हुने प्रवृत्तिले 'नेपाली' 'अनेपाली' को कृत्रिम भेद गर्न खोजेको छ । गाग्रो र घैंला, नाङ्लो र सुपो, केश र कपाल, दलान र बैठक, साथी र मित्र, गहुँ र गहुम, कोवी र काउली आदि जस्ता अनेक शब्दहरूमा कुन 'नेपाली' र कुन 'अनेपाली' भन्ने बारे कसैले फैसला सुनाउन सक्दैन— कसैलाई यो अधिकार छैन । देशको विभिन्न भाषा–भाषिकाबाट आएका तथा प्रयोग प्रवाहद्वारा स्वीकृत यस्ता सबै शब्दहरू नेपाली शब्दहरू हुन् । प्रचलित अर्थ र प्रसङ्गमा नेपाली शब्द सामर्थ्यको चौहद्दी तोक्न सकिँदैन । यसमा यसको मातृपक्ष संस्कृतको हक लाग्छ । यसका देशी–विदेशी, छर–छिमेकीहरूको पनि यसको सामर्थ्य विस्तारमा योगदान भएकोले तिनीहरूको पनि यसमा हक लाग्छ । नेपालीको पञ्जीकृत पृथक् शब्द भण्डार भनेर यसलाई लालपुर्जा दिन सकिँदैन । वास्तवमा कुनै शब्दलाई 'नेपाली' अथवा 'अनेपाली' भन्ने न्यायाधीशीय निर्णयले सम्बन्धित व्यक्तिको व्यक्तिगत भाषिक क्षमताको सीमा मात्र व्यक्त गर्छ, नेपाली शब्दावलीको सीमा होइन ।

नेपालीको शब्द शक्तिमाथि विचार गर्दा निश्चित रूपले यसका केही सुपरिचित ऐतिहासिक स्रोतहरूतिर ध्यान जान्छ । शब्दहरूको विश्लेषणको आधारमा परम्परागत रूपबाट नेपाली भाषामा पाइने शब्दहरू— (१) तद्भव (२) भारोपीय परिवारका भाषाहरूबाट लिइने शब्दहरू (३) अरबी–फारसीका हिन्दी अथवा हिन्दुस्तानीबाट लिइएका शब्दहरू (४) अर्द्ध तत्सम शब्दहरू र (५) यूरोपीय भाषाका शब्दहरू छन् ।

इतिहासद्वारा स्थापित यी स्रोतहरूमा अनेक नयाँ प्रवाहहरू थपिएका छन् । गएका तीन दशकहरूमा साक्षरता बढेको छ । प्राथमिक पाठशालादेखि उच्चशिक्षाका संस्थाहरूको स्थापना र बिस्तार भएको सामाजिक शास्त्रबारे राष्ट्रिय परिप्रेक्ष्यमा पनि चर्चा–परिचर्चा हुन थालेको छ । विज्ञान र प्राविधिक क्षेत्रतिर उन्मुखता बढ्दै छ । सयकडौं संख्यामा पत्र–पत्रिकाहरू प्रकाशित भएका छन्, भैरहेका छन् । विभिन्न क्षेत्रबाट प्रकाशित यी पत्र–पत्रिकाको शब्द प्रयोग केही नेपाली पाठकलाई नौलो, असिल्दो, अप्ठ्यारो अथवा 'अनेपाली' लागे पनि आञ्चलिक भाषाबाट आइरहेका यी शब्दहरूले नेपालीको शब्द सामर्थ्यलाई विकसित गरेको छ । रेडियो नेपाल आफ्नो भाषिक प्रयोगलाई अतिक्रमणबाट जोगाउन उद्यम देखिए पनि बढ्दो टेलिफोनको प्रयोगले 'अनेपाली' शब्दहरूलाई घर–घर पुऱ्याइरहेको छ । यातायातको बढ्दै गएको साधन र सुविधाले गर्दा अन्तर्देशीय सम्पर्क, क्षेत्रीय आवागमनमा वृद्धि भएको छ । देशभित्रको बसाई सराईले विभिन्न भाषा–भाषीहरूलाई आर्थिक गतिविधिदेखि सांस्कृतिक सभा-

गममा अभूतपूर्व रूपले विचार विनिमयको अवसर दिएको छ । 'रोपवे' का दिनहरू बितिसकेका छन् । भाषा एकान्तवासमा जीवित बाँच्न सक्दैन । सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक आदि अनेक कारणहरू नेपालीको शब्दावलीमा अभिवृद्धिको उत्प्रेरक सिद्ध भएका छन् । यी कारणहरूबाट व्याकरण कत्तिको प्रभावित भएको छ, निर्णयपूर्वक भन्न सकिँदैन । तर, पर्वतीय अँगालाको उन्मुक्तता, पत्र–पत्रिकाको प्रवाह, जनसम्पर्क र जीवनका अनेक पक्षमा बढ्दै गएका गतिविधिले नेपालीको शब्द भण्डारलाई समृद्ध गरेको छ, व्यापक बनाएको छ ।

यसमा आश्चर्य मान्ने कारण छैन न त विषयकै बोध गर्नुपर्छ । भाषाको विस्तार, समृद्धि र स्वीकृतिको यो सामान्य प्रक्रिया हो । नेपाली राज–काजको भाषा भए पनि अन्तरदेशीय प्रयोगमा यसले वर्तमान स्थान पाउनुभन्दा अगाडि यसको भूमिका पनि अति सीमित थियो । अब यसले प्रस्तुत गर्नुपरेको व्यापक राष्ट्रिय भूमिमा यसलाई हेर्दा यसका त्रुटिहरू, शाब्दिक त्रुटिहरू प्रकट हुन थालेका छन् । लेटिनको एकाधिकार समाप्त भएपछि अंग्रेजी बोलीमा पनि यही समस्या देखा परेको थियो । अपेक्षाकृत शिष्ट, सुसंस्कृत, विस्तृत शब्द समूहले युक्त साहित्यको परम्परा नभएको भाषामा सम्बन्धित भाषाले नयाँ व्यापक स्थान ग्रहण गरेमा त्यस भाषाका नयाँ विचार, वस्तु र स्थितिलाई व्यक्त गर्न अक्षमता गरेको हुन्छ, त्यसको अनुपयुक्तता र अक्षमता प्रकट हुन्छ । यो भाषा विकासको सामान्य चरण हो । आफ्नो सामर्थ्य विकासको यसै चरणबाट नेपाली गुज्रिरहेको छ ।

भाषा सम्बन्धी हाम्रो सचेततासँग दुई प्रकारका प्रवृत्तिहरू स्पष्ट रूपबाट देखा पर्छन् । पहिलो प्रवृत्ति समूह परिवर्तनवादमा आधारित छ । यस प्रवृत्ति अनुसार नेपालीलाई समय सापेक्ष, समकालीन मानसिकताको अभिव्यक्तिको सशक्त माध्यम बनाउनुपर्छ र यसको लागि सुपाच्य आयातीत विभिन्न स्रोतका शब्द, पद र अवधारणालाई नेपालीमा निर्बाध समाहित गर्ने र दोस्रो प्रवृत्तिको आधार परम्परा स्वकीयता अथवा संरक्षण छ । स्पष्ट रूपबाट सनद, हस्तिहार, कुनै स्थापित निकायको विज्ञप्ति अथवा अपील जारी गरेर नयाँ प्रवाहलाई थुन्न सकिँदैन । समसामयिक आवश्यकता पूरा गर्न अक्षम र अशक्त शब्द, पदलाई संरक्षित राख्न सकिँदैन, फर्काउन सकिँदैन । सर्वसाधारणले बुझ्न सक्ने नेपालीका तथाकथित आफ्नै शब्दहरूको मात्र अथवा अधिकाधिक प्रयोग गर्ने प्रयत्न अतीतमा भएको छ । यस क्रममा किंचित् सामाजिक दुराग्रहबाट प्रेरित भै नयाँ शब्दहरूको ढलौट अथवा पुराना शब्दहरूलाई नयाँ अर्थ दिन क्षुद्रतावादी चेष्टा पनि

भएको थियो । 'कार्यालय' को ठाउँमा 'अड्डा', अंग्रेजी 'ऐजेन्ट' अथवा संस्कृत 'अभिकर्ता' को ठाउँमा 'गुमस्ता', 'साप्ताहिक' लाई विजातीय मानी 'सात दिने' र सामान्य पाठकको शब्द सूचीमा समेत सहज स्थान ग्रहण गरिसकेको 'समाचार-पत्र' लाई 'खबर कागत' भनी प्रचलनमा ल्याउन गरिएको चेष्टा तथाकथित विशुद्धतावादी धारणाको हास्यापद परिणाम हो ।

अहिले नेपालीको समस्या यसको संवर्द्धनको समस्या हो । नेपालीले नयाँ नयाँ विचार र धारणाको उपयुक्त अभिव्यक्तिको लागि शक्ति आर्जन गर्नु छ । नयाँ नयाँ वस्तुसित सम्बद्ध शब्दावली चाहिन्छ । सिद्धान्त तथा व्यवहारका अनेक बिम्ब तथा विचारलाई प्रभावकारी संप्रेषण गर्न यसमा उपयुक्त शब्दशक्ति चाहियो । नयाँ विचारहरू जस्तै नयाँ शब्दशक्तिले विद्युत् तरङ्गको झटका दिन सक्छ । तर, नेपाली भाषाको समृद्धिको र सामयिक उत्तरदायित्व वहन गर्न यसलाई समर्थ तुल्याउन विद्युत् तरङ्ग नसाहरूबाट प्रवाहित गर्न परे पनि चिन्ता लिनु हुँदैन । भानुभक्तीय भाषामा उदाहरणको लागि, तेस्रो आयाम, तरलवाद, कान्टको दर्शन, अथवा विकासशील देशको सन्दर्भमा बहुचर्चित वृद्धिगत आकांक्षाको दुर्दयनीय विप्लवको विशुद्ध विश्लेषण गर्न सकिँदैन । नेपालीले गम्भीर विचार प्रतिपादन गर्न सक्ने भाषा बन्नु परेको छ । शास्त्रीयताको विश्लेषण-संश्लेषण र प्रतिपादन गर्नलाई क्षमताको विकास गर्न यसले यसको मातृस्रोत संस्कृतको मन्दाकिनीबाट शब्द ग्रहण गर्नुपर्छ । यो ऋण सोझै हुन सक्छ- हिन्दीको माध्यमबाट आए पनि कुनै अन्तर पर्दैन । यसका सम्पर्कका हिन्दी, मैथिली, भोजपुरी, नेवारी आदि भाषाका आवश्यक शब्दहरू उधारो लिएर नेपालीको शब्द सामर्थ्यमा वृद्धि गर्न सकिएन भने समयको सापेक्षतामा यो भाषा गँवारू- क्रूर र एक अर्थमा सुसंस्कार-शून्य मस्तिष्कको ग्राम्य बोली मात्र रहनेछ । आजका जिज्ञासा र प्रयोग कम्प्यूटर, न्यूट्रोन, बाह्य अन्तरिक्षदेखि पर्यावरण प्रदूषणसम्मका बिषय-वस्तुलाई प्रस्तुत गर्ने क्षमताको विकास नेपालीमा गर्न नेपाली भाषाका कपाट खुला राख्नुपर्छ । भाषाको शुद्धताको विचार एउटा कपोलकल्पना हो- एउटा मिथ्या हो- भाषिक उग्र क्षेत्रीयताको कुप्रभाव हो ।

यस प्रसंगमा अनुवादको कुरा छ । अहिले नै कतिपय शब्द र पद अंग्रेजीबाट अनुवादको आधारमा नेपाली शब्दावलीमा समाहित भैसकेका छन् । राजस्वको चुहावट, रात्री-भोज, दिवा-भोज, आर्थिक अनुशासन, ऋण-प्रवाह, विकासका पूर्वाधार आदि अभिव्यक्तिहरू टेम्स नदीबाट वागमतीमा मिलेका हुन् र यो स्वाभाविक क्रम बढ्दै जाने सहजै अनुमान गर्न सकिन्छ । तर पारिभाषिक शब्दावलीको निर्माणको प्रयासको औचित्य विचारणीय छ । पारिभाषिक शब्दावली

संस्कृतबाट लिने हो, मूल रूपबाट । यस सम्बन्धमा अनुवादका कार्य बृहत् योजनापूर्वक भैसकेका छन्, हुँदै छन् जसबाट हामी लाभान्वित हुन सक्छौं । प्रहरी र आरक्षी दुइटै संस्कृतका एउटै अर्थ बोधक वैकल्पिक शब्द हुन्– संस्कृत व्युत्पत्तिका । एउटालाई नेपाली र अर्कोलाई हिन्दी भन्न कत्तिको उपयुक्त छ, विचारणीय विषय हो । प्राणीशास्त्र, र जीवशास्त्रमा कसरी राजनीतिक राष्ट्रियताको आधारमा अन्तर गर्न सकिन्छ, भन्न गाह्रो छ । यस प्रकारको अनुवादमा साधनको अपव्ययलाई रोक्नु राष्ट्रहितमा होला जस्तो लाग्छ ।

नेपालीको नयाँ भाषिक संस्कारका अत्यन्त शक्तिशाली स्वाभाविक प्रक्रियाहरू शुरू भैसकेका छन् । पश्चिमबाट चलेका विज्ञान प्रविधिदेखि समाजशास्त्रीय अवधारणाहरूले हजारौं शब्दलाई नेपालमा प्रवेश गराउँछ । अन्य स्रोतहरू बाहेक हिन्दीका सस्ता पाकेट बुक, उपन्यास, कथा, समालोचना, पौराणिक कथाहरू, बालसाहित्यका पुस्तकहरू, पत्र–पत्रिकाहरूलाई सक्षम वितरण व्यवस्थाले देशका प्रायः प्रत्येक शहरी क्षेत्रमा पुऱ्याउँछ । राष्ट्रभाषाको रूपमा पुरानो मगरात, माझकिरात क्षेत्रदेखि मधेशका दलानसम्म यसको प्रवेश भएको छ । देशका विभिन्न भाषा-भाषीहरू पारस्परिक विचार विनिमयको साझा माध्यमको रूपमा नेपालीको व्यवहार गर्छन् । यी सबैले गर्दा वागमतीको शुद्धता कायम रहन सक्दैन । नेपालीको बदलिदो रूपले एकपछि अर्को 'शोक' ल्याउँछ– हामी दुर्घटनामा नपरौं भनेर आउने 'शोक' अथवा विद्युत् प्रवाहको लागि पहिलेदेखि नै तैयार बस्नु हाम्रो मानसिक स्वास्थ र राष्ट्रभाषाको हितमा हुनेछ ।

□

# नेपाली शब्दभण्डार

## आनन्ददेव भट्ट

### १. जीवन्त भाषा, त्यसको स्वभाव र नेपाली भाषाको विकास

कुनै पनि जीवन्त भाषा गतिशील हुन्छ, त्यसको ढीलो-चाँडो आ–आपनो प्रकृति र अवस्थाअनुसार विकास हुँदै गएको हुन्छ र त्यही विकासशीलतामै हर्ष मान्ने, आनन्द मान्ने र गर्व गर्ने ठाउँ पनि हुन्छ । जसरी कुनै पनि जीवात्माका तीन विशेष विकासावस्था हुन्छन्— जन्म, यौवन र बुढ्याइँ, त्यसै गरी जीवन्त भाषाको गति पनि हुन्छ । बुढ्याइँपछिको मृत्यु पनि अवश्यम्भावी छ तापनि त्यसको सीमातोक्न चाहिँ सकिन्न । भाषा जब प्रयोग र व्यवहारमा किनार लाग्छ त्यस वेला उसको बुढ्याइँ देखा पर्छ र त्यस वेला पनि उसको वास्ता नगर्ने हो भने अवश्य त्यसको अन्त पनि देखिन्छ, होइन भने जीवन्त भाषाको चरण–चरणमा रूपान्तरण भएको पाइन्छ । यसरी कुनै पनि वस्तुको गतिशीलता, कुनै पनि प्राणीमात्रको जीवन्तता र त्यसको विकाससित भाषाको गतिशीलता, जीवन्तता र विकासशीलताको तुलना गर्न सकिन्छ ।

नेपाली भाषा एउटा जीवन्त भाषा हो । संस्कृत मूलबाट प्राकृतको शौरसेनी हाँगो हुँदै खस कुरा, पर्वते बोली, गोर्खाली कुरा र अहिलेको नेपाली भाषाको नाममा यसको क्रमिक विकास हुँदै आएको त्यसको रूपान्तरण क्रमको एउटा प्रमाण हो । यस विकासक्रममा यसले आफू उत्पन्न भएको ठाउँ, देश, काल, परिस्थितिदेखि लिएर सुदूर पश्चिम हिन्दूकुशतिर बस्ने खसजातिको कण्ठबाट पूर्वतिर अगि सर्दै आउँदा जे जति स्थानीय भाषाको सम्पर्कमा उसले आउनुपर्‍यो वा उसले आउने मौका पायो सोहीअनुसार उसले तिनीहरूसित लेनदेन गर्दै गयो । संस्कृतको मूलबाट उसलाई पर्याप्त शब्दस्रोतहरू पाइएकै थियो तापनि यस यात्राक्रममा नेपालका पहाडी भेगमा छरिएर बसेको भोटबर्मेली परिवारका भाषाहरूदेखि लिएर दक्षिणपट्टि रहेका इन्डो–यूरोपेली मूलका भाषाहरूसितको सम्पर्कले उसलाई पर्याप्त मात्रामा सहयोग र प्रभाव पुर्‍याउँदै आएको छ । अझ

भारतमा मुगलहरूको आगमनसँग जब इरानेली, फारसेली, अरबेली स्रोतका भाषा र शब्दहरू आए र त्यसपछि जब यूरोपका अंग्रेजी, पुर्तगाली, फ्रान्सेली, जर्मनेली र रसियाली भाषा र तिनका शब्द पनि आउन थाले स्वभावतः नेपाली भाषामा तिनको पनि प्रवाह पर्दै आयो । यो प्रवाह केही अंशमा कुनै–कुनै भाषाबाट प्रत्यक्ष आए भने धेरै अंशमा अप्रत्यक्ष पनि आयो । जस्तो भारतका, विशेष गरी उत्तर भारतका बङ्गाली, गुजराती, पन्जाबी, हिन्दी, उर्दू, मैथिली, भोजपुरी आदि भाषाबाट नेपाली भाषामा शब्दहरू पस्दै गए । आज नेपाल अन्तर्राष्ट्रिय सम्पर्कमा प्रत्यक्ष रूपमा आइसकेकाले नेपाली भाषामा आएका शब्दहरू पनि १/२ भाषाबाट मात्र नआएर अनेकतिरबाट आउँदै छन् । विशेष गरी विज्ञान र प्रविधिको यस युगमा जुनसुकै भाषा र कार्यक्षेत्रबाट आएका शब्द भए पनि तिनसित नेपालीले समुचित रूपले सम्बन्ध राखी तिनलाई चर्चित गर्न जान्नुपर्ने अवस्था खडा भएको छ ।

नेपाली शब्दभण्डारमा आएका विविध भाषाका शब्दहरूले हाम्रा सामु ल्याएका बहुमुखी समस्याको चर्चा गर्नुअघि नेपाली भाषाको जीवन्तताको सम्बन्धमा यसको आफ्नो उमेर के–कस्तो अवस्थामा पुगेको छ भनी हेर्नु पनि निकै उपयोगी देखिन्छ। त्यसका निम्ति हामीले त्यसको ऐतिहासिक यात्रामा आँखा डुलाउनुपर्ने हुन्छ । जस्तै—

१) ईसाको तेरौं शताब्दीभन्दा अगाडिको नेपाली ।
२) ईसाको अठारौं शताब्दीभन्दा अगाडिको नेपाली ।
३) ईसाको उन्नाईसौं शताब्दीको उत्तरार्धभन्दा अगाडिको नेपाली ।
४) ईसाको बीसौं शताब्दीको उत्तरार्धभन्दा अगाडिको नेपाली ।
५) सन् १९५१ पछिदेखिको नेपाली ।

उपर्युक्त विभाजनको मुख्य आशय के हो भने ईसाको तेस्रो शताब्दीसम्ममा, अहिलेसम्म पाइएको प्रमाणअनुसार पनि, वर्तमान नेपाली भाषाको जन्म भैसकेको कम्तीमा पनि तीन सय वर्ष भैसकेको थियो । त्यस बीचमै भारतमा मुगलहरूको आगमन भैसकेकोले त्यति वेलेदेखि नेपाली, अरबेली, फारसेली, इरानेली र आफ्नै संस्कृत मूलबाट छुट्टिएका भारतका गुजराती, मराठी आदि भाषाको सम्पर्कमा आइसकेको थियो । तर त्यति वेलाको यातायात र सञ्चारको अति कम विकसित अवस्थाले गर्दा र प्रत्येक जातिको सामान्य जन–जीवन स्थानीय कृषि तथा पशुपालन कार्यमा नै अति सीमित हुने हुँदा ती भाषाको धेरै मात्रामा नेपाली भाषामा प्रभाव परेन होला भन्न सकिन्छ ।

तर तेरौंदेखि अठारौं शताब्दीका बीचमा भरतमा मुगल साम्राज्यको विशेष

विकास र विस्तार भयो भने [illegible] सत्रौं शताब्दीदेखि तात्कालिक यूरोपेलीहरू पनि आउन थाले र भारतेली भाषाहरूमा तिनको प्रभाव पर्दै गयो, ज्यादै मध्यम चालले नै भए पनि नेपालीमा पनि त्यसको छाया पर्न थाल्यो। स्वयं नेपाली भूभागमा पनि सानाठूला राज्यहरूको उदय, बिस्तार, संकुचन र पुनः एकीकरण हुँदै गए पनि ती भागमा बस्ने विभिन्न भाषाभाषी समूहका बीच भाषाको निकै बढी आदान-प्रदान हुँदै गएको पाइन्छ। उदाहरणको लागि जुम्लाको मल्ल-साम्राज्यको उदय र बिस्तार, काठमाडौं उपत्यकामा मल्लराज्यको उदय र विकास र उनीहरूको भारतेली र तिब्बतेली राज्यहरूसँगको बढ्दो सम्बन्ध, पाल्पाली सेन राज्यको उदय र बिस्तार अनि बाईसी र चौबीसी राज्यहरूको निर्माण जस्ता घटनालाई लिन सकिन्छ।

अठारौं शताब्दी र उन्नाईसौं शताब्दीको पूर्वार्धभित्र त माथि बयान गरिएका राज्य र तिनका अवशेष बीचको सम्बन्ध कति घनिष्ठ र प्रतिस्पर्धायुक्त भयो भने तिनमध्ये गोर्खाराज्यले आजको बृहद् नेपालको निम्ति एउटा सबल नेतृत्व दियो। फलस्वरूप नेपाली भाषाले त्यसअघिका विभिन्न समयमा पश्चिमदेखि पूर्व कोशी-क्षेत्रसम्म जुन स्वस्फूर्त बिस्तार गर्ने मौका पाएको थियो, त्यसले नयाँ पृष्ठभूमिमा झन् दृढ हुने र सम्पूर्ण राष्ट्रिय जीवनमा आफूलाई फिंजाउने मौका पायो। यसै वेला भारतमा अंग्रेजहरू र फ्रेन्चहरू आपनो साम्राज्य-बिस्तारमा लागेका र तिनको होडबाजी र भारतका रैथाने राज्यशक्तिहरू आपनो अस्तित्व जोगाउन आपसी एकताको नीति लिने होइन कि झन् उल्टै विदेशीहरूकै दाउपेचमा पर्दै गएकाले नेपालले झन् सक्रिय रूपमा उनीहरूका गतिविधिमाथि दृष्टि दिनुपर्ने भयो। यस सचेत सम्पर्कले नेपाली भाषालाई अझ बढी मात्रामा विदेशी शब्दहरूसित परिचित गरायो।

उन्नाईसौं शताब्दीको पूर्वार्धसम्ममा भारतमा अंग्रेजी साम्राज्यको जग बसिसकेको र नेपाल-अंग्रेजयुद्धमा नेपालले बृटिश शक्तिसित सुगौली सन्धि गर्नुपरेकाले अब अंग्रेजहरू स्वतः नेपालभित्र पस्न थालिसकेका थिए। कोतपर्व, जङ्ग बहादुरको उदय, उनको बेलाइत-यात्रा र दरबार स्कूलको स्थापना भएपछि अंग्रेजी भाषा र त्यसको माध्यमले यूरोपका अन्य भाषाका शब्दहरू पनि सोझै नेपाली भाषाको सम्पर्कमा आए। अति सीमित रूपमै भए पनि यूरोपको औद्योगिकीकरणको गन्ध नेपालभित्र पनि पस्न थाल्यो र तिनका शब्दहरू नेपाली भाषा र बुद्धिजीवीहरूका व्यवहारमा आउन थाले। अप्रत्यक्ष रूपमा अब नेपाली भाषा संसारको विकाससित परिचय लिनुपर्ने भाषा हुन गयो।

अनि सन् १९५१ को क्रान्तिपछि जब नेपालमा राणा हुकुमी तन्त्रको अन्त भई नेपालको थुनिएको ढोका अन्तर्राष्ट्रिय सम्पर्कका निम्ति खुल्यो तबदेखि

नेपाली भाषामा अन्तर्राष्ट्रिय भाषाका अनेक शब्दका आँधीबेरी र भुमरीहरू नाच्न थाले। सन् १९५० को दशक, यसै भुमरीबाट कुनै किसिमबाट भाषालाई जोगाउने रक्षक थियो भने सन् १९६० को दशक त्यसबाट थोरै सास तानी आत्मनिरीक्षण गर्ने दशक हुन आयो । अनि बल्ल सन् १९७० को दशकमा 'राष्ट्रिय शिक्षा पद्धतिको योजना' लागू हुनुसँग नेपाली भाषालाई स्कूल-तहसम्म शिक्षाको एकमात्र माध्यमको रूपमा स्वीकार गरिई त्यस बारे थोरै अतिप्रारम्भिक अभ्यास शुरू हुन थाले । अहिले हामी सन् १९८० को दशकमा छौं, तर 'राशिपयो' बारे यसका कर्णधारहरूले अझ स्पष्ट र दृढ हुनुपर्ने अवस्था खडा भएको छ । जस्तो उच्च शिक्षामा नेपाली माध्यमको प्रश्न पनि त्यसै समयको सिकुवामा झुण्डिरहेको छ, त्यसैले, अवश्य पनि नेपाली शब्दभण्डारभित्रका समस्या पनि जम्मै समाधान हुन अझ १।२ दशक कुर्नुपर्ने हुन सक्छ ।

## २. नेपाली शब्दभण्डारका समस्याहरू

आज नेपाली भाषाको शब्दभण्डार जसरी बढ्दैछ त्यसलाई एक कोणबाट मात्रै नहेरी अनेक कोणबाट हेरेमा यसका अनेक उज्याला पक्ष देखिनेछन् । कारण सर्वप्रथम त नेपालीको शब्दभण्डार बेतोडले बढ्दै गएको छ जसले गर्दा नेपाली भाषाको अन्तर्राष्ट्रिय भाषाहरूसित बडो छिटो छिटो सम्पर्क बढ्दैछ । विश्वमा ज्ञान, विज्ञान र प्रविधिका फाँटमा जे जति उन्नति र उपलब्धिहरू हासिल हुँदै गइरहेका छन् तिनलाई बिस्तारै नै भए पनि नेपाली भाषाका माध्यमले समेत जान्न, सुन्न, पढ्न, लेख्न पाइनेछ र विशेष गरी मानवजीवनको कुनै पनि ज्ञान-र सोपमा जे जति नयाँ नयाँ चिन्तन–पद्धतिको र नयाँ नयाँ सिद्धान्त र मान्यताको विकास हुँदैछ र तिनका व्यवहारबारे जुन नयाँ शैलीको आविर्भाव हुँदैछ सो बारे नेपाली–भाषा–प्रेमी–जगत् परिचित हुँदै गएकाले स्वयं तिनका चिन्तन–पद्धतिमा यी नयाँ विचार र व्यवहारको प्रत्यक्ष अप्रत्यक्ष दुवै प्रभाव पर्दै नै रहेको छ । यी सबै गतिविधिले हाम्रो जस्तो विज्ञान र प्रविधिको क्षेत्रमा ज्यादै कातो अवस्थामा रहेको समाजलाई पनि आफ्नो कछुवा–चालको ध्वान्द्रोबाट बाहिर च्याउन मद्दत हुनेछ । तसर्थ नेपाली भाषाको यस शब्दभण्डारको नयाँ वृद्धि र विकासमा हामीले संकुचित र चिन्तित हुने प्रश्नै आउन्न ।

तर कुनै पनि अग्रिम गतिविधि योजनाबद्ध छैन, अनुशासित र संयमित छैन, एउटा व्यापकतम स्पष्ट लक्ष्य र विस्तारका निम्ति केन्द्रित छैन भने त्यसको विकास-यात्राले राम्रा कुराका साथै २।४ यस्ता नराम्रा कुरा पनि जन्माउन वा ग्रहण गर्न सक्छ जसको गरुड–छायाले सिङ्गै यात्रापथलाई अँध्यारो पारी पथ-भ्रष्ट

तुल्याउने सम्भावना पनि हुन्छ । तसर्थ नेपाली शब्दभण्डारको वृद्धि, विकास र विस्तारका क्रममा, हामीले, के के समस्याहरू छन् भन्ने पनि हेर्नुपर्छ र अझ तिनमा बढी सतर्कतापूर्वक ध्यान केन्द्रित गर्नुपर्छ । आजको हाम्रो छलफलको मूल विषय पनि त्यही हो ।

सर्वप्रथम कुनै पनि विषयमा कुनै समस्या उत्पन्न हुन्छ वा सो बारे हामीले छलफल गर्नुपर्छ भने हामी त्यसको जरा पहिले समात्छौं । त्यस जरोका रूपमा नेपाली शब्दभण्डारबारेको धारणालाई नै लिनुपर्ने हुन्छ । अर्थात् नेपाली शब्दप्रतिको हाम्रो धारणा के हो ? केलाई नेपाली भन्ने, केलाई अर्ध-नेपाली र केलाई अ-नेपाली ? अनि यी तीन थरी शब्दप्रति हामीले कस्तो दृष्टिकोण राख्ने ? सबैप्रति उस्तै व्यवहार गर्ने वा त्यसमा घटीबढी गर्ने ? भेदभाव राख्ने ? अनि यसै सन्दर्भमा नेपाली भाषाको नेपाली राष्ट्रिय जीवनमा र सुदूर भविष्यसम्मलाई हामी कस्तो स्थान दिन्छौं, दिइरहेछौं र दिन चाहन्छौं यसबारे पनि झन् गहिरोसित हेर्न आवश्यक छ ।

उदाहरका निम्ति—

क) श्री पारसमणि प्रधान भन्छन्—

'मेरो मातृभाषा नेपाली होइन' भनी एक-आध पढे-लेखेका नेपालीहरूले भनिसकेका छन्, भन्दैछन् औ भन्लान् । भन्नेको मुख थुन्न सकिन्न । तर नेपाली भाषा के हो कसको मातृभाषा हो, यसको कुन वेला कस्तो रूप थियो, अहिले कस्तो छ औ भविष्यमा कस्तो होला भन्ने कुराको गम्भीर अध्ययन गर्ने वेला आएको छ । नबुझ्नेलाई बुझाउने काम साहित्य-महारथीको हो । यसरी बुझाउनका निम्ति पहिले आफैंले राम्ररी बुझ्ने काम पनि साहित्य-महारथीहरूकै हो ।' (पृ. १)

(नेपाली हाम्रो मातृभाषा : १९५३ दार्जिलिङ)

के झण्डै १०० ओटा विभिन्न भाषाभाषी भएको नेपालका प्रत्येक भाषाभाषीले नेपालीलाई आफ्नो मातृभाषा भन्न सक्छ वा भन्ला ?

भन्न सक्दैन वा भन्दैन भने श्री प्रधान जस्ता भाषाविद् र भाषासेवीले यो प्रश्न किन उठाएको होला ? कि यो भारतका नेपालीलाई मात्र लागू हुने प्रश्न हो ? कि यो सन् १९५३ ताकाको मात्र प्रश्न हो र अब यस्ता प्रश्न गरिरहनु आवश्यक छैन ?

उति वेला नेपाल खाल्डोलाई नेपाल भन्थे, तर आधुनिक नेपालको जग बसाली श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले गोर्खाबाट आफ्नो राजधानी काठमाडौंमा सारेपछि जसरी सम्पूर्ण अधिराज्य नै नेपाल भयो त्यसरी नै नेपाली नेपालको साझा-भाषाको अर्थमा राष्ट्रभाषा हो र सबै नेपालीको मातृभाषा पनि ।

जसरी आज नेपाली हुँदैमा हाम्रो [illegible], [illegible], [illegible]पुरे, मुस्ताङे र भक्तपुरेपन गुमाउनुपर्ने केही कारण छैन त्यसरी नै नेपाली भाषालाई साझा भाषा, राष्ट्रभाषा वा मातृभाषा मानेर हामीले हाम्रा आफ्ना अरू भाषालाई उपेक्षा गर्नुपर्ने कुनै कारण आउन्न । नेपाली र नेपालका बाँकी जम्मै भाषालाई एक-अर्काको स्थान खोसी प्रतिद्वन्द्वीका रूपमा लिने कि एक-अर्कालाई 'ढुङ्गाको भर माटो र माटोको भर ढुङ्गो' को रूपमा हेर्ने यो हामी आफैंले सोच्ने कुरो हो ।

ख) त्यस्तै पुष्करशमशेर प्रश्न गर्दछन्—

'अब सबभन्दा दिक्क लाग्ने कुरा त यो भयो कि हामीले आफ्नो भाषाको माया मार्‍यौं ।' (नेपाली भाषा, पृ. १७)

'संस्कृतबाट हाम्रो भाषा आएको हो भन्दैमा भाषाका शब्द छँदाछँदै त्यसलाई हेलाँ गर्दै संस्कृत शब्द लिंदा-लिंदा नेपालीलाई नै त्यसमा पुरिदिन लाग्यौं ।' (नेपाली भाषा, पृ. १८)

'अब हामी नेपाली कहाँ लेख्छौं र साँच्ची भनौं भने नेपाली सीङ-पुच्छर जोडिएको संस्कृत भाषामा लेख्छौं ।' (पृ. १८)

'अर्कोतिर अंग्रेजी उच्च शिक्षाको पराकाष्ठामा पुगेको आफूलाई सम्झने 'म त नेपाली बोल्न सक्तिनँ, यहाँहरू अंग्रेजी बुझ्नुहुन्छ कि ?' भन्ने काठमाडौंमा जन्मी कैयौं वर्ष बिताएका दाजुभाइ पनि भेटिन थाले । अब हामीले नेपालीको माया मारेनौं त ?।' (पृ. २०, नेपाली भाषा : करफोक, २०१०)

एकातिर हामीले माथि भने सरह नेपालीको शब्दभण्डार बढ्दैछ र यसमा हामीलाई खुशी लाग्नु स्वाभाविक हो, तर अर्कोतिर पुष्करशमशेरका प्रश्नहरू छन् के यी जायज हुन सक्छन् ? मेरा विचारमा संस्कृतको गहन पृष्ठभूमि राख्दै लेख्ने र अंग्रेजी भाषाको माध्यमले उच्चतर ज्ञान हासिल गरेका विद्वान्-विदुषीहरूमध्ये कैयन्ले उपर्युक्त प्रश्न आफैंलाई सोधे त्यसको सत्यासत्य फेला पर्नेछ । यहाँ पनि अत्यन्त विचारणीय कुरा के छ भने संस्कृत भाषाबाट र अंग्रेजी वा अन्य विदेशी भाषाबाट प्राप्त गहन विद्वत्तामाथि कसैको गुनासो हुन सक्दैन । ज्ञान मात्र संसारको कुनै व्यक्तिको ठूलो सम्पत्ति हो, तर कुरा छ प्रयोगको । आफूले हासिल गरेको ज्ञान सर्वप्रथम आफ्नो देश, समाज र जातिलाई प्रेम र भक्तिपूर्वक दान गर्ने कि नगर्ने ? अनि दान गर्दा पनि दान पाउनेले त्यसको बढीभन्दा बढी फाइदा उठाओस् भन्ने हेतुले गर्ने कि त्यसको वास्ता नराखेर गर्ने ? कसैलाई पनि कुनै कुरो दिंदा उसको ग्रहण-शक्तिको पनि ख्याल राख्नुपर्छ, महान् आत्माको परिचय नै त्यही हो ऊ आफ्नो महानताले सकेसम्म बढी साधारण व्यक्तिको उद्धार गर्न चाहन्छ ।

ग) अनि महानन्द सापकोटा भन्छन्—

'बोली र व्याकरणको जेठो कान्छो छैन, हुँदैन। यो दुवै कुरा युगपत् वनिदै जाने हुन्, बनाइने होइनन्। बोली र व्याकरण कविका कल्पना होइनन्, व्यावहारिक आवश्यकता हुन्।' (जनजिब्रो, २०२१, पृ. ४१)

फुट्ट हेर्दा यो व्याकरणसित सम्वद्ध प्रश्न छ तापनि प्रत्येक शब्द जुन कुनै भाषाभित्र पस्छ, त्यसको व्याकरणको अनुशासनभित्र अटाउनुपर्ने हुनाले शब्द-सम्बन्धी प्रश्न स्वतः व्याकरणसम्बन्धी प्रश्न नै हो। तसर्थ हाम्रा व्याकरणवेत्ताहरू (जो एक थरी संस्कृत-व्याकरणको अत्यधिक अनुशीलन गर्ने पक्षमा छन् र अर्का थरी अत्याधुनिक परीक्षणशील पश्चिमा व्याकरण-पद्धतिलाई नेपालीमा बढीभन्दा बढी हुल्न चाहन्छन्) ले विचार गर्ने कुरो हो— शब्दहरूको जनव्यवहारलाई प्राथमिकता दिने कि व्याकरणकारको हैकमअनुसार भाषाको दैनिक व्यवहार गर्न लगाउने ? अथवा ती दुवैको सन्तुलनको पनि कुनै सम्भावना हुने गर्छ कि ? हुन्छ भने त्यो कुन क्षेत्र हो ? के 'वादे वादे जायते तत्त्वबोधः' गर्न सकिन्छ ? मेरो गोरूको बाह्रै टक्का भनी आफ्नै विचारको परम्परागत कुवाबाटै स्वरसाधना गरिरहनुपर्छ !

श्री शिवराज आचार्यले 'हलन्त-बहिष्कारदेखि जिम्दो-नेपालीसम्म उठेका विभिन्न प्रश्नको मूल्याङ्कन र तिनको समाधान'(पच्चीस वर्षका भाषिक चर्चा : सं. बालकृष्ण पोखरेल, २०३९) भन्ने निवन्धमा व्याकरणको क्षेत्रमा जयपृथ्वीबहादुर, विश्वमणि, वीरेन्द्रकेसरी, राममणि आ. दी., हेमराज, सोमनाथ, पुष्करशमशेर, फुलचन्द्र गौतम, फर्रोवादीहरू, सजिलोवादीहरू, जनजिब्रोवादी र स्वयं उहाँको आफ्नो व्याकरणीय मान्यता 'जिम्दो-नेपालीवाद' को चर्चा गर्दै भाषामा प्रजातन्त्र-वादको समर्थन गर्नुभएको छ। उहाँको यो ऐतिहासिक व्याख्यामा नकारात्मक दृष्टिकोण देखिन्न, तर ती विभिन्न व्याकरणका उपयोगी पक्षलाई नदेखाई तिनका कमी र त्रुटिको मात्र उल्लेख गर्नुभएको छ।

श्री आचार्यज्यूका धारणा र व्यवहारले किन अहिलेसम्म पनि अधिकांश लेखक पाठकहरूको मन हर्न सकेको छैन र किन उनीहरूले उहाँलाई सम्पूर्णतया पछ्याउन सकेका छैनन्- यसबारे विस्तृत चिन्तन, मनन गर्नु के आवश्यक नहोला ? कतै उहाँकै तर्कगराइ र लेखाइमा बढी दुराग्रहले पेटमा ग्यास बढी मुटु दुखाउन थालेझैं विकार उत्पन्न गराउने गरेको त छैन ? वास्तवमा यो प्रश्न व्यक्ति शिवराज आचार्यज्यूलाई होइन नेपाली-व्याकरणका ती जम्मै प्रयोक्ताहरूलाई हो, जो आ-आफ्ना कुन कुन ती अभाव त्रुटि वा पुर्वमतिले गर्दा होला, एउटै मञ्चमा आई साझा कुराहरू निकाल्न सक्नुहुन्न र आ-आफ्नै पथमा पासोमा परेको

सिंह ऊ झन् झन् सुकेको कसाउँदै आमुहुन्छ ?

जस्तो हृदयचन्द्रसिंह प्रधानले भनेका छन्— 'व्युत्पत्ति पत्ता लगाउनु नै छ भने समितिको परिवारमा धुरन्धर भाषाका विशेषज्ञ र वैयाकरण थप्नुपर्छ । अनि नेपाली शब्दले कहिले पुड्के, कहिले अग्लो, कहिले लङ्गडो, कहिले भरिया हुन नपरी उसको ढाँचा र रूपले स्थायित्व पाउन सक्छ । नेपाली शब्दको स्थायित्वका निम्ति समितिले यो काम गर्नै पनि पर्छ । ...खूब लागे एक हप्ता लाग्ला । तर त्यस सभाको निम्ति नेपाल खाल्डोलाई मात्र बोलाएर पुग्दैन, प्रवासी नेपालीमा भएका नेपाली भाषाका पण्डित र विशेषज्ञहरू पनि आमन्त्रित हुनुपर्छ । यसो गरेपछि मेरो गोरूको बाह्रै टक्का हुन्न । जबरजस्ती र जोरजुलुम गरेको पनि ठहरिन्न ।

(नेपाली भाषा, पृ. ५७, २०१०)

जसरी नेपालको शिक्षाका तीन धारा छन्— 'संस्कृतधारा' 'अंग्रेजीधारा' र 'नेपालीधारा' र जसरी संस्कृत र अंग्रेजी धाराकाले अझै नेपालीधाराकालाई आफ्नो धाराका भन्दा कम दर्जाको, त्यसैले कम वास्ता गरे हुने, कम हेरविचार गरे पुग्ने, आफूलाई आधुनिकै भने पनि मालिक-नोकरको धारणाले ग्रस्त अनुभव गर्ने गर्दछन्, नेपाली व्याकरणमा पनि यसकै प्रत्यक्ष छाया हेर्न पाइन्छ । नेपाली भाषाका कुरा परेको र त्यसको माउभाषा पनि संस्कृतै भएकाले संस्कृतधाराका व्याकरणकारहरू नेपाली भाषाप्रति बढी अनुशासनवादी देखिनुहुन्छ । अंग्रेजीधाराबाट आउने विद्वान्हरू चाहिं नेपालीको सालनाल संस्कृतसित जोडिएको कुरा बिर्सन खोजी पश्चिमा गोलार्धका भाषामा गरिने परीक्षण जस्तो आफ्नो परम्परागत साबगासले नअटाउने परीक्षण समेत हुलन खोज्नुहुन्छ र त्यस हुलाइका निम्ति नेपालीधाराको ओड लाग्न खोज्नुहुन्छ । तर नेपाली-विकासको निम्ति चाहिने वैज्ञानिकता नेपालकै आवश्यकता र भौतिक विकासभन्दा एक दुई पाइला मात्र अगि बढाई आफैंले बाहिरबाट पैठारी गर्न नमिल्ने जस्तै अंग्रेजीधाराका वैयाकरणहरूले पनि आफ्ना आधुनिक धारणालाई नेपाली भाषाको देश, काल, परिस्थितिको राम्रो सर्वेक्षण नगरी उसै कोचाउन खोज्नु ठीक छैन । तसर्थ यहाँ पनि उही मूल निष्कर्ष आउँछ: संस्कृतधाराकाले आफ्नै हैकमवादमाथि पुनर्विचार गर्ने र अंग्रेजीधाराकाले आफूलाई नेपाली माटो, पानी, हावा सुहाउने पार्दै आफ्नो सम्पूर्ण योगदान नेपालीधारालाई दिन तयार भएमा नेपाली शब्दभण्डारको समस्या धेरै चाँडो समाधानको बाटो लाग्न सक्छ ।

यसरी नेपाली भाषा र त्यसको प्रयोगबारेका केही आधारभूत धारणाबारे स्पष्ट भएपछि दोस्रो चरणमा हामी अरू तपसीलका समस्यासम्मुख पर्छौं ।

जस्तै—

(१) शब्दभण्डार बढाउन हामीले अन्तर्राष्ट्रियतावादी हुने कि ? (२) राष्ट्रियतावादी हुने कि ? (३) लोकवादी हुने ?

उपर्युक्त शब्दावली भारतीय विद्वान् श्रीरवीन्द्रनाथ श्रीवास्तव र श्री भोलानाथ तिवारीका हुन् र पनि यिनका पछाडिका दृष्टिकोण सार्वभौम लाग्दछन् । अनि हिन्दी भाषाको आधुनिकीकरणको प्रक्रियाका अनेक आधारहरू भएको चर्चा डा. श्री कृष्णकुमार गोस्वामीले गर्नुभएको छ । जस्तै—

१) अभिव्यक्ति–बिस्तारद्वारा तारा (फिल्म स्टार)
२) अभिव्यक्ति–सङ्कोचद्वारा संसद् (पार्लियामेन्ट)
३) अनूदित–अभिव्यक्तिद्वारा रजत–जयन्ती (सिल्भर जुबिली)
४) मिश्रित–अभिव्यक्तिद्वारा कपडा मिल (क्लथ मिल)
५) सर्जनात्मक–अभिव्यक्तिद्वारा संकाय (फ्याकल्टी)
६) पुनः प्रस्तुत–अभिव्यक्तिद्वारा पुण्य–तिथि (डेथ एनिभर्सरी)
७) रूपान्तरित–अभिव्यक्तिद्वारा तकनिक (टेकनिक)
८) गृहीत–अभिव्यक्तिद्वारा टिकट (टिकट)
९) द्विरूपी–अभिव्यक्तिद्वारा प्रसूतिगृह (मेटर्निटी होम)
१०) व्याखयापरक–अभिव्यक्तिद्वारा सनसनीखेज पत्रकारिता (एलोप्रेस)

(गवेषणा : ४१, ५५–६०, १९८३)

के यी आधारहरू नेपाली भाषाको आधुनिकीकरणका सन्दर्भमा पनि लागू हुन सक्छन् ?

नेपालीमा आएका शब्दलाई अन्य विभिन्न किसिमले भिन्न भिन्न विद्वान्बाट प्रस्तुत गरिए पनि आधारभूत रूपले शब्दका प्रकारलाई ४ किसिमबाट वर्गीकरण गर्न सकिन्छ— (१) तत्सम शब्द, (२) तद्भव शब्द, (३) विदेशी शब्द, (४) देशज स्वदेशी शब्द ।

सामान्यतया तत्सम र तद्भव संस्कृत मूलबाट आएका शब्द मानिएको छ भने देशज वा स्वदेशी शब्दको रूपमा चाहिं आफ्नै भाषामा मूल थाहा नभएका वा आफ्नै देशका अन्य भाषाबाट आएका शब्दलाई लिने गरेको छ । अनि विदेशी शब्द-चाहिं विभिन्न अन्य मुलुकका भाषाबाट आएका शब्दलाई मानिन्छ, शब्दभण्डारबारे सबभन्दा मुख्य समस्या यिनै शब्दसित छ । यस्ता शब्दलाई आफ्नो भाषामा भित्र्याउँदा कुन किसिमले भित्र्याउने ? विशेष गरी विज्ञान र प्रविधिको क्षेत्रमा पारिभाषिक शब्दको निर्माण गर्ने समस्या सबभन्दा चर्को छ किनभने ती धेरैजसो विदेशी शब्दसित सम्बद्ध छन् । यसबारे भारतका विद्वान् आचार्य रामचन्द्र

शुक्लले निम्नलिखित शब्दरचना–प्रक्रियाको प्रयोग गरेको पाइन्छ—

१) प्रत्यय–विधान वा सहाराले : इक (आधिभौतिक)
२) सामासिकताका सहाराले : भू-गर्भ-पञ्जर-परीक्षा (Paleontology)
३) आगत शब्द प्रयोग गरेर : घूस
४) नवशब्दको निर्माण गरेर : तटस्थ (Calatyst)
५) Logy, Theory, ism आदिलाई 'शास्त्र' 'विद्या' 'वाद' मा अनुवाद गरेर
६) प्राचीन शब्दको प्रयोगमा अर्थ-परिवर्तन गरेर : योनि (Species; Uterus)
७) पर्यायवाची शब्दहरूलाई संगै प्रयोग गरेर : मजहब या धर्म
८) आदि दीर्घसन्धि प्रयोग गरेर : आधिभौतिक, रासायनिक आदि।

के यस किसिमका पद्धतिलाई नेपालीले पनि जस्ताको तस्तै किसिमले अँगाल्न सकिन्छ ?

यस क्षेत्रमा देखिने मूल समस्याहरू हुन्—

१) सरलताको नाममा मिसमास गरी शब्दराशि लिने वा बनाउने कि नबनाउने ?
२) भाषाप्रयोगको एकरूपताको दृष्टिले एकै स्रोतका शब्द बनाउन सकिन्छ कि सकिन्न ?
३) सजिलाका निम्ति आएका विदेशी शब्द जस्ताका तस्तै लिन सकिन्छ कि सकिन्न ?

यस्ता समस्याहरूलाई कसरी समाधान गर्ने ?

माथि उठाइएका केही विविध प्रश्नहरू आ-आफ्नो ठाउँमा उत्तिकै महत्त्वपूर्ण र प्रभावशाली छन् तापनि यिनीहरूलाई समग्ररूपमा राखी केन्द्रीभूत किसिमले हेर्दा सबभन्दा पहिले टुङ्गो लाउनुपर्ने कुरा त निम्नलिखित तीन 'वाद'-सम्बन्धी नै देखिन्छन्— (१) अन्तर्राष्ट्रियतावाद (२) राष्ट्रियतावाद र (३) लोकवाद।

भाषामा अन्तर्राष्ट्रियतावादी दृष्टिकोणले कुनै पनि बाहिरी वा विदेशी शब्दलाई आफ्नो भाषा, देश, समाजभन्दा बाहिर उक्त शब्दको प्रयोग बाहिरी देश वा समाजमा के कति लोकप्रिय छ सोअनुसार त्यसलाई जस्ताको तस्तै लिन खोज्छ। जस्तो यूरोपका अंग्रेजी, फ्रेञ्च, जर्मन, रसियाली आदि भाषामा सामान्य हेरफेरका साथ कुनै शब्द स्वीकार गरिएको छ भने त्यसलाई अन्तर्राष्ट्रिय स्वीकृतिको शब्द भनी भारतेली भाषामा लिने प्रचलन गरिएको छ। तर राष्ट्रियतावादी दृष्टिकोणले जहाँसम्म हुन्छ आफ्नै भाषाका शब्दले उक्त अन्तर्राष्ट्रिय भनिने शब्द बदल

खोज्छ र केही लागेन भने संस्कृत जस्ता भाषाको सहयोग लिएर त्यस शब्दलाई अर्कै नयाँ शब्दनिर्माणद्वारा बदल्ने प्रयास गर्छ । भारतका भाषाविद् डा. रघुवीर यसै राष्ट्रियतावादी दृष्टिकोणका थिए र उनले रेल, कोट, ट्रान्समीटर, लिटर जस्ता शब्दलाई पनि यथावत् स्वीकार गरेनन् । अनि लोकवादी दृष्टिकोणले चाहिं, बढी मात्रामा कुनै शब्द स्वीकार गर्दा वा नगर्दा उक्त शब्दलाई जनजिब्रो वा जनव्यवहारले कति अंशमा स्वीकार गरेको छ, सो हेर्दछ । एक त संसारको जस्तोसुकै सम्पन्न भनिने भाषा पनि आफैंमा परिपूर्ण हुन्न र उसको सम्पन्नताको आधार नै उसले बडो सहज, स्वाभाविक र व्यवस्थित रूपबाट कुनै पनि अन्य भाषाबाट आउने शब्दलाई ग्रहण गर्न सक्ने र आफ्नो पार्न सक्ने क्षमता, खूबी र उदारतामै भर परेको हुन्छ । जस्तो संस्कृत, अरबेली आदि भाषाले यिनै गुणलाई आफूमा विकसित गर्न सकेकाले उनीहरूकहाँ शब्दभण्डारको अभाव मात्र हुन नपाएको होइन कि नयाँ नयाँ अनन्त शब्द बनाउन सक्ने क्षमता समेत उनीहरू राख्छन् । तर ती भाषा अहिलेको विश्वमा पुस्तकालयको विशेष भाषा भएकाले जनजीवनमा व्यवहार गरिने अन्य भाषालाई आफूले शब्द ग्रहण गर्ने प्रणाली कस्तो बनाउने भन्ने प्रश्न देखा परेको हो ।

तर खालि सैद्धान्तिक किसिमले मात्र होइन कि व्यवहारवादी दृष्टिकोणबाट समेत हेर्दाके पाइन्छ भने कुनै व्यक्तिको जीवन न त अन्तर्राष्ट्रियतावादी मात्र हुन सक्छ न त राष्ट्रियतावादी मात्रै । उसले त वास्तवमा लोकवादी नै हुनुपर्छ जसलाई राष्ट्रिय दृष्टिकोण र अन्तर्राष्ट्रिय दृष्टिकोणका उज्यालापक्षले परेको वेला, सहयोग गर्न सकून् । अर्थात्, साँचो लोकवादी दृष्टिकोणले कुनै पनि शब्द ग्रहण गर्ने कुरामा आफ्ना विचारका झ्याल–ढोका खुला राखेको हुन्छ र आफ्नो आवश्यकताअनुसार राष्ट्रियतावादीदेखि अन्तर्राष्ट्रियतावादी आधारलाई प्रयोग गर्न स्वतन्त्र हुन्छ । तर दैनिक व्यवहारमा के देखिन्छ भने कहिले अन्तर्राष्ट्रियतावादी विचारको हावा साह्रै चर्को लाग्छ, अनि त्यस वेला राष्ट्रियतावादी विचारको पानी पर्न बढी अनुकूल पर्छ, र जब राष्ट्रियतावादी विचारको सही नसक्नु गर्मीले असिनपसिन हुन्छ त्यै वेला अन्तर्राष्ट्रियतावादी विचारको भुमरीले भेट्छ । तसर्थ यस्ता विचारका खडेरी, आँधी–बेरीबाट जुन समाजले आफ्नो चिन्तन–पद्धतिलाई सञ्चालित गर्न सकेको हुन्छ त्यहाँ लोकवादी दृष्टिकोणको फल चाख्न पाइन्छ, नत्र भने अनेक किसिमका परीक्षण र भूलबाट नै समाजले सिक्दै जान्छ । अति संस्कृतभक्तिले हाम्रो भाषासम्बन्धी दृष्टिलाई राष्ट्रियतावादी बनाइदिन्छ भने अति अंग्रेजीभक्तिले अन्तर्राष्ट्रियतावादी । तसर्थ सन्तुलन राखी यी दुवै अतिवादबाट जोगिई नेपालीवादी हुनुमा नै हाम्रो कल्याण छ । अनि माथि

उठाइएका सम्पूर्ण प्रश्नहरूलाई यसै सन्तुलनवादी दृष्टिकोणले हेर्नु बढी युक्तिसङ्गत देखिन्छ जसका निम्ति केही आधारभूत बुँदाहरू तल टिपिन्छन्—

१. नेपालीमा लेख्नेबारेको धारणा—

क) सर्वप्रथम नेपालीमा लेख्न सकिन्छ भन्ने विश्वास प्राप्त गर्न नेपाली भाषाको आवश्यकताबोध हुनुपर्छ । यो स्वयं एउटा चेतना वा धारणाको उपज पनि हो । यस बोधबारे स्वयं आफूभित्र प्रबल तर्क जन्मनुपर्छ । सो विश्वास उम्रिसकेपछि त्यसका निम्ति परिश्रम, लगन, शोध, खोज र आफ्नो कल्पनाशीलताको पनि प्रयोग गर्दै जानु उत्तिकै अपेक्षित छ । भाषामाथि न्यूनतम अधिकार जमाउनु पनि उस्तै अनिवार्य छ ।

ख) हाम्रा विज्ञान–शिक्षकहरू र वैज्ञानिकहरूले प्रयोग गरेका नेपाली भाषाका साहित्यहरूको तुलनात्मक अध्ययन हुनु पनि आवश्यक छ । नेपालीमा लेख्नासाथ सो रचना स्वतः कम स्तरीय हुन्छ भनी शुरूमै धारणा बनाउनु पनि सरासर गलत हुन्छ, विशेष गरी यस क्षेत्रका अनुसन्धानकर्ता, समीक्षक, आलोचक र सेवकहरूले ।

२. नेपाली भाषाका बाध्यता—

क) विज्ञान र प्रविधिका क्षेत्रमा पश्चिमा विकसित मुलुक वा उत्तरी मुलुकहरू धेरै नै अगि बढेकाले उनका शब्दावलीहरूबाट पूरै विमुख हुन खोजेमा आफूले उनीहरूसित आदान–प्रदान गर्न सकिन्न ।

ख) हाम्रो देशको विकासको स्तरले गर्दा अरूलाई जान्ने हाम्रो आवश्यकता छ । तर ती विकसित मुलुकहरूले हामीलाई जान्नैपर्ने कुनै बाध्यता छैन । तसर्थ अलिकति आफ्नो अवस्थाको बाध्यतालाई पनि चटक्कै बिर्सन सकिन्न ।

३) अन्तर्राष्ट्रिय शब्दावलीबारे—

क) विकासोन्मुख देशहरू जतिजति विज्ञान र प्रविधिसम्बन्धी कार्यमा संलग्न हुन पाउनेछन्, हुन सक्नेछन् उति उति अन्तर्राष्ट्रिय शब्दावली वास्तविक रूपमा अन्तर्राष्ट्रिय हुनेछन् ।

ख) ISA (International Organization for Standardisation) जस्ता संस्थाहरूले सामूहिक रूपमा स्वीकार गरेका शब्दावली बाहेक अंग्रेजी भाषामा प्रयोग गरिने जम्मै प्राविधिक शब्दावली अन्तर्राष्ट्रिय मानिन्छ । तसर्थ सो भेदलाई पनि विशेष विचार गर्नुपर्छ ।

ग) संसारको कुनै पनि विकासशील भाषाले अन्य विकसित भाषाहरूबाट वैज्ञानिक तथा प्राविधिक शब्दावली लिने हो भने ती शब्दावलीलाई संसारका अन्तर्राष्ट्रिय भाषामा (जस्तै— अंग्रेजी, फ्रान्सेली, जर्मनेली, रसियाली, जापानी

इत्यादि) के कसरी स्वीकार गरिएको रहेछ भनी तुलनात्मक ढङ्गले अध्ययन गरी आफ्नो निष्कर्ष निकाल्नु आवश्यक छ। यही कुरो नेपालीमा पनि लागू हुन्छ।

घ) हामीले राष्ट्रिय प्रयोगका निम्ति आफ्नो आवश्यकता र अनुकूल हेरी बेग्लै शब्दको प्रयोग गरे तापनि अन्तर्राष्ट्रिय प्रयोगका वेलामा चाहिँ अन्तर्राष्ट्रिय शब्दकै प्रयोग गर्नुपर्ने हुनाले प्रत्येक विद्यार्थीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै शब्दावलीहरूसित उत्तिकै परिचित भइराख्नु मनासिब पर्छ। 'राष्ट्रिय शिक्षा–पद्धतिको योजना' लागू हुँदा प्राविधिक शब्दावलीको नेपालीकरण मात्र दिइयो तर अन्तर्राष्ट्रिय शब्दावलीबाट समेत विद्यार्थीलाई अवगत गराउन छुटाइयो। यसले पछि विद्यार्थीहरूलाई अनावश्यक रूपमा दुई थरी ज्ञानका बीच एउटा खाडल खडा गरिएको बोध भयो।

ङ) अन्तर्राष्ट्रिय शब्दावली लिएपछि तिनलाई आफ्नो भाषा, उच्चारण, बोल्ने शैली र व्याकरणका अधीन राख्नुपर्छ, यसो गरेमा मात्र ती शब्दावली जनतामा बढी लोकप्रिय हुन्छन् भन्ने कैयन् भाषाविद्‌हरूको भनाइ छ। तर यो कुरो नेपालको सन्दर्भमा स्वीकार गर्न मिल्छ मिल्दैन विचारणीय छ। जस्तो—Comedy, Tragedy शब्दलाई कामदी, त्रासदीका रूपमा नेपालीमा रूपान्तर गर्नु एकदमै अप्रिय र नसुहाउँदो हुने अनुभव हुन्छ, यस परम्परालाई स्वीकार गर्नु ठीक लाग्दैन। तर Air Hostess को उल्था 'आकाशकन्या' मा भने अपूर्व मिठास अनुभव हुन्छ।

### ३. शब्दग्रहण

क) सर्वप्रथम, जुन शब्द जहाँबाट आएको हो त्यसलाई सकेसम्म जस्ताको तस्तै लिनुपर्छ।

ख) कुनै शब्द जहाँबाट आए पनि त्यसले अमुक भाषामा आफ्नो निजी गुण, स्वाभाविकता र सरलता सजीव रूपमा देखाई पूर्ण सम्प्रेषणीयता प्रदान गर्न सक्यो भने त्यो चाँडै नै लोकप्रिय बन्दछ, नत्र आफ्नै भाषाको शब्द भए पनि त्यसको प्रभावकारिता हराउँदै जान्छ।

ग) व्यक्तिगत रूपमा कुनै पाठक वा लेखकले कुनै शब्दलाई लिंदा आ–आफ्नो ज्ञान र व्यवहारको क्षेत्रको व्यापकता वा संकुचितताका आधारको आड लिन्छ। त्यसैले कुनै शब्दलाई लोकप्रिय पार्न पाठकको चिन्तनस्तर उठाउनु पनि आवश्यक हुने देखिन्छ।

घ) प्राविधिक शब्दावलीको छनोटको प्रश्न उच्चशिक्षामा शिक्षण तथा परीक्षणको माध्यमसित पनि सम्बद्ध छ। उच्चतर विज्ञान तथा प्रविधिको ज्ञानका

निम्ति नेपाली भाषालाई प्रयोग गर्न तयार नहोउन्जेल यस क्षेत्रको प्राविधिक नेपाली शब्दलाई लोकप्रिय भनाउन सकिन्न ।

ङ) पाएसम्म र सजिलो गरी बन्न सकेसम्म आफ्नै भाषाहरूको ऐतिहासिक पृष्ठभूमिलाई ध्यानमा राखी शब्दावलीको चयन गर्नुपर्छ ।

च) व्युत्पन्न शब्दको समस्यालाई आफ्नै व्याकरण र भाषाको नियम लगाई समस्याको समाधान गर्नुपर्छ ।

छ) स्वीकृत शब्दलाई 'वर्तनी' र 'उच्चारण' का हिसाबले आफ्नो भाषाको अनुकूल पार्न जनव्यवहारको सुविधामा ध्यान दिनुपर्छ ।

ज) पर्याप्त विकसित स्वदेशी शास्त्रहरूबाट पुराना आफ्ना शब्द खोज्ने र आवश्यक परे तिनको नवीकरण गर्ने प्रचलन बसाउनुपर्छ ।

झ) सधैं नयाँ शब्द बनाउने धुनमा मात्र लाग्नु हुन्न ।

ञ) शब्दको अर्थ–सूक्ष्मतालाई हेर्ने काम विद्वान्, विचारक र प्रतिभावान्को हो, तर उनीहरूले प्रस्तुत गरेको विकल्पमध्ये राम्रो लागेको शब्द छानी प्रयोग गर्ने स्वतन्त्रता प्रयोगकर्ताको हो । त्यसैले विद्वान्हरूले गहन कुरो मात्र दिएर पुग्दैन, प्रयोगमा बढी लोकप्रिय हुन सक्ने गुण उक्त शब्दमा छ छैन भन्ने पनि हेर्नुपर्छ । नत्र विद्वान्ले देखेको सत्यको 'उपेक्षा वा हत्या' नै पनि हुन सक्छ जसले अन्तमा प्रयोगकर्तालाई र उक्त भाषाको भविष्यलाई नै पनि कुप्रभाव पार्न सक्छ ।

ट) पर्यायवाची शब्दहरूको प्रचलनलाई प्रोत्साहन दिनुपर्छ जसले गर्दा प्रयोगमा बढी लोकप्रिय शब्दले पछि स्वतः ठाउँ पाउँछ ।

ठ) सरलता, स्वाभाविकता, सौन्दर्य–बोधकता, सूक्ष्मता, मनमोहकता, श्रुतिमधुरता, लयात्मकता, भाव–गाम्भीर्य आदि गुण भएका शब्द अर्को भाषामा चाँडो सर्न सकेको पाइन्छ । तसर्थ विभिन्न शब्द ग्रहण गर्ने सक्रिय प्रयास गर्दा पनि यिनै कुरामा बढी ध्यान दिनु फाइदाजनक हुने देखिन्छ ।

## ४. शब्दावली–निर्माणविधि

क) नेपाली भाषा इन्डो–यूरोपेली परिवारको भएकोले र तिनै भाषाका संगिनी भाषाहरू हिन्दुस्तानमा धेरै संख्यामा र समृद्ध अवस्थामा पाइने हुनाले ती भाषामा शब्द निर्माणविधि के कस्तो छ र हाम्रो नेपाली भाषाको मौलिकता र सौन्दर्यसित सुहाउने गरी के कस्तो परिवर्तन गर्नुपर्छ सो कुराको तुलनात्मक अध्ययन गर्नाले हाम्रो शब्द निर्माणविधिको आफ्नो बाटो सोझिन सक्छ ।

ख) शब्द प्रयोग गर्दा केवल व्याकरणीय स्वच्छताको भन्दा अधिकांश प्रबुद्ध

व्यक्तिहरूले त्यसलाई कसरी स्वीकार गरेका छन् सोतिर बढी ध्यान दिनु उपयोगी र व्यावहारिक पनि देखिन्छ ।

ग) शब्द निर्माण वा चयन गर्दा 'मक्षिकास्थाने मक्षिका'– को नीति अपनाउनु ठीक छैन । अनुवाद गर्दा विषयवस्तुको ज्ञान, त्यसप्रतिको भित्री सौन्दर्य चेतना र चिन्तनको र भावानुभूतिको मौलिकतालाई झल्काउने हुनुपर्छ । नेपाली भाषाको सजीवता अनुभव गर्ने प्रत्येक प्रतिभाशाली व्यक्तिले यसमा योगदान गर्न सक्छन्, कोरा अनुवादको बाटो हिंडेर यो कार्य सम्पन्न गर्न सकिन्न ।

घ) शब्दावलीको छनोट गर्नु भनेको स्वयं एउटा धारणागत प्रश्न पनि हो । आफू केबाट बाँधिएको छ र त्यस बन्धनबाट कुन मुक्तिको देशमा जानु छ भन्ने कुरालाई हेक्का नराखी शब्द निर्माण वा छनोटतिर लागेमा आफ्नै पूर्वभक्तिको शिकार हुने धेरै सम्भावना हुन्छ । जस्तै— संस्कृत–पृष्ठभूमिका लेखकलाई संस्कृतकै शब्द सबभन्दा राम्रो, सरल र सजिलो लाग्न सक्छ भने अंग्रेजी पृष्ठभूमिकालाई अंग्रेजी शब्द नै । तर नेपाली शब्दको निर्माण गर्दा ती दुवैप्रतिको अतिमोहबाट माथि उठ्नुपर्छ भन्ने सतत–चेतना लिनु अति नै जरूरी छ । अनि मात्र ती दुवै क्षेत्रबाट आउने शब्दलाई नेपालीको सेवामा प्रयोग गर्न सकिन्छ, नत्र स्वयं नेपाली भाषाले तिनको अनावश्यक भार वहन गर्नुपर्ने हुन्छ ।

ङ) जस्तै राम्रा भए पनि उच्चारण गर्न र शाब्दिक रूपबाट अर्थ बुझ्न धेरै अप्ठेरो लाग्ने शब्दहरूलाई बदल्ने प्रयत्न गर्नुपर्छ, नत्र ती व्यवहारमा लोकप्रिय हुन सक्तैनन् ।

च) तर लेखकलाई शब्दप्रयोगको स्वतन्त्रता भने पूर्ण रूपमा दिनुपर्छ । यस स्वतन्त्रताले प्रयोगका विविधताबाट सत्यासत्यको ज्ञान गर्न जति सघाउँछ त्यति प्रयोगमा प्रतिबन्ध लगाउनाले सघाउँदैन, चाहे प्रतिबन्ध जतिसुकै सदाशयले लगाइएको किन नहोस् ।

## ५. विविध

क) नेपाली–शब्दभण्डारको विकास र स्थिरीकरणका क्षेत्रमा अनेक किसिमका समस्याहरू विद्यमान छन् तापनि विज्ञान र प्रविधिका क्षेत्रमा शब्दहरूलाई कसरी लिने, बनाउने र स्थिर गर्ने भन्ने समस्या जति चर्को र मुख्य छ त्यति अरू क्षेत्रमा छैन भन्न सकिन्छ । तसर्थ हाम्रो समस्याको समाधानका निम्ति हालको दशकमा खुरन्धार गरी लाग्नुपर्ने क्षेत्र नै यही विज्ञान र प्रविधिको शब्दभण्डार बढाउने क्षेत्र हो । माथि जे–जति आधारभूत कुराहरू यसका निम्ति

गरिए तिनको प्रयोग धमाधम गर्दै लैजानुपर्ने आजको हाम्रो सबभन्दा ठूलो आवश्यकता हो ।

ख) यस कार्यका निम्ति प्रत्येक नेपाली भाषा प्रेमीले आफ्नो गच्छेअनुसार योगदान गर्दै रहन सक्छ तापनि विशेष गरी संस्कृत, अंग्रेजी, नेवारी, मैथिली, हिन्दी, बङ्गाली, मराठी, गुजराती आदि भाषाका नेपाली विद्वान् र विदुषीहरूबाट नै यसमा विशेष योगदान हुन सक्ने हुंदा उनीहरूका बीच यस क्षेत्रका समस्यालाई लिने आदान प्रदान गर्ने एउटा स्थायी व्यवस्था हुनुपर्छ ।

ग) त्यस्तै विज्ञान र प्रविधिका क्षेत्रमा काम गर्नुहुने वरिष्ठ, ओजस्वी, प्रतिभासम्पन्न वैज्ञानिक तथा प्राविधिज्ञहरूले अंग्रेजी बाहेक कमसेकम संस्कृत र नेपाली भाषाको ज्ञानलाई सचेत रूपबाट आर्जन गर्नु वा बढाउनु अत्यावश्यक भइसकेको छ । उच्च शिक्षामा अत्यन्त सरल तर व्यवहारमा काम लाग्ने संस्कृतको ज्ञानविस्तारका निम्ति 'विशेष संस्कृत' को एक पत्र अतिरिक्त इच्छाधीन विषयका रूपमा लिन पाइने व्यवस्था गर्नु पनि उपयोगी हुन सक्दछ ।

घ) विभिन्न विषयका विशिष्ट विद्वान् र भाषाविद्‌हरूका बीच सम्पर्क र आदानप्रदानको क्रम बढाउँदै लग्नुपर्छ र यसका निम्ति श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान, पाठ्यक्रम पाठ्यपुस्तक निरीक्षण तथा विकास केन्द्र हरिहर भवन, जनक शिक्षा सामग्री केन्द्र, साझा प्रकाशन, मदन पुरस्कार पुस्तकालय, राष्ट्रिय पुस्तकालय जस्ता निकाय र संस्थाहरूले आफ्नै तर्फबाट वा साझा रूपमा त्यस्तो सम्पर्क र आदान–प्रदानका निम्ति अनुकूल वातावरण तयार गर्नुपर्दछ ।

## ६. अन्तमा

माथि चर्चा गरिएका 'नेपाली शब्दभण्डारसँग सम्बद्ध समस्याका कतिपय व्यावहारिक तथा प्रयोगात्मक पक्षहरूलाई तल प्रस्तुत गरिएको छ—

१) Nepal Chemical Society ले 'रासायनिक प्राविधिक शब्दको नेपाली रूपान्तर एक छलफल' भन्ने शीर्षकअन्तर्गत जुन शब्द–सूची दिएको छ तिनका निम्नलिखित शब्दहरू—

| | |
|---|---|
| Fermentation | किण्वन |
| Fractional | प्रभाजी |
| Cathode | ऋजोद |
| Colloidal | कालाइदी |

| | |
|---|---|
| Defacation | शोधन |
| Filter | निष्पन्दन |
| Linkage | शृङ्खला |
| Mutaratation | ध्रुवण, घूर्णक |
| Parent Park | पोविक चुली |
| Reduction | अवकरण |
| Resohition | वियोजन |
| Ultracentrifuge | उत्कट अपकेन्द्रण |
| Ultraviolet | वैजनीपट |

संस्कृत भाषाको कुनै पृष्ठभूमि नभएको सामान्य स्कूलमा जेजति संस्कृत पढाइन्छ त्यसको पृष्ठभूमि मात्र भएको अंग्रेजी माध्यमबाट पढ्ने कुनै पनि स्नातकलाई अंग्रेजीका भन्दा सजिला लाग्दैनन्, बरु अंग्रेजीबाटै ती शब्द सुनिने गरेकाले अंग्रेजीमै सजिला लाग्न सक्छन् । तसर्थ यस्ता अवस्थामा माथि दिइएको जस्तो शाब्दिक अनुवाद वा प्राविधिक शब्दावलीलाई पुनर्विचार गरी अझ सरल, सुपाच्य र आकर्षक बनाउनु जरूरी देखिन्छ ।

नेपालीभाषाभाषीहरूको—चाहे नेपाली उनीहरूको पहिलो भाषा, मातृभाषा, राष्ट्रभाषा, साझा भाषा होस् वा दोस्रो, तेस्रो— राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जीवनका विभिन्न कामकाजमा जति धेरै सम्पर्क, आवतजावत, लेनदेन र हेलमेल बढ्दै गयो उति नै वेगले देशभित्रका र विदेशका भाषाबाट शब्दहरू ओइरनु अवश्यम्भावी छ र यसबाट हर्ष मनाउने बाहेक चिन्तित हुने त प्रश्नै उठ्दैन । खालि ती अमूल्य शब्दहरू जो हामीकहाँ आउँछन् तिनले हामीकहाँ उपयुक्त किसिमले वास पाएनन् वा तिनको कुनै सदुपयोग भएन भने ती हाम्रा निम्ति उपयोगी बन्दैनन्, बरु उल्टै ती अनावश्यक भार बनी हामीलाई अलमल्याउने वा हाम्रो भाषिक सौन्दर्य–चेतनालाई, कल्पनाशीलतालाई बोधो पार्ने हुन सक्छन् । त्यसैका निराकरणका निम्ति हामीले कुनै अतिवादी दृष्टिकोण नराखी उनीहरूप्रति सम्यक् दृष्टि राख्ने जरूरत छ । जबसम्म त्यो दृष्टिको विकास हामीमा भइसक्दैन तबसम्म हामी कुनै पनि शब्द र पारिभाषिक शब्दावलीको प्रयोगका निम्ति हाम्रो भाषाको मूल ढोका खुला राखौं, पानीबाट दूध छुट्याउने रजहाँसको जस्तै हामीमा पनि एकदिन चाँडै नै आवश्यक विवेकशक्तिको उदय अवश्य हुनेछ ।

## सन्दर्भ ग्रन्थसूची

१. तिवारी, भोलानाथ, चतुर्वेदी, महेन्द्र (जनवरी, १९७८) पारिभाषिक

शब्दावली : कुछ समस्याएँ (नई दिल्ली : शब्दकार : जनवरी १९७८)

२. दीक्षित, नरेन्द्रमणि आचार्य (२०२५) हाम्रा युग्मक र ध्वन्यात्मक शब्द (ललितपुर नेपाली, त्रैमासिक पूर्णाङ्क ४१ बाट उद्धृत : २०२५)

३. पोखरेल, बालकृष्ण (२०२१ भदौ) नेपाली भाषा र साहित्य (काठमाडौं : रत्न पुस्तक भण्डार, २०२१ भदौ)

४. पोखरेल, बालकृष्ण (२०३९) पच्चीस वर्षका भाषिक चर्चा (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान : २०३९)

५. पोखरेल, नरपति शर्मा (२०३१) नेपाली भाषा (ललितपुर । नेपाली पूर्णाङ्क ६० बाट : २०३१)

६. प्रधान, पारसमणि (२०१०) नेपाली भाषा (करफोक : नेपाली भाषा प्रचारक सङ्घ : २०१०)

७. मिश्र, बालगोविन्द (जनवरी १९८३) गवेषणा (संस्थानको अर्धवार्षिक शोध पत्रिका) वर्ष २१ : अङ्क ४१)

८. भट्टराई, रोहिणीप्रसाद (२०३३) बृहद् नेपाली व्याकरण (काठमाडौं : ने. रा. प्र. प्र. २०३३)

९. रेग्मी, चूडामणि उपाध्याय (२०३२) नेपाली भाषाको उत्पत्ति (ललितपुर : साझा प्रकाशन : २०३२ दोस्रो संस्करण)

१०. रेग्मी, जगदीश चन्द्र (२०३२) नेपाली अध्ययन (ललितपुर : साझा प्रकाशन, ३०३२)

११. सापकोटा, महानन्द (२०२१) जनजिब्रो (विराटनगर : मैया विद्या सापकोटा : २०२१)

१२. सापकोटा, महानन्द (२०२२ असार) चानचुन (विराटनगर : मैया विद्या सापकोटा : २०२२ असार)

१३. श्रीवास्तव, रवीन्द्रनाथ, तिवारी, भोलानाथ (१९८०) हिन्दी भाषा : संरचना और प्रयोग (दिल्ली : नेशनल पब्लिशिङ हाउस : १९८०)

□

# नेपाली भाषाको शब्दभण्डार

व्रतराज आचार्य

## १. शब्दभण्डारको अर्थ

भाषाको स्वतन्त्र र सार्थक लघुतम एकाई शब्द हो भने कुनै पनि भाषामा भएका यावत् शब्दहरूको समष्टिगत रूप शब्दभण्डार हो। शब्दभण्डारकै अर्को नाउँ शब्दढुकुटी पनि हो। नेपाली भाषाको शब्दभण्डार भनेको पनि नेपाली भाषामा भएका यावत् शब्दहरूको भण्डार वा ढुकुटी हो।

## २. शब्दभण्डारको आधार

भाषाको प्रकृति २ प्रकारको हुन्छ, कथ्य र लेख्य। लेख्य भाषा पनि कथ्य भाषाकै एक भेद हो तापनि यसमा भाषाको विशेष मानक रूप प्रयुक्त भएको हुन्छ। शब्दभण्डारको अध्ययन गर्दा पनि सामान्यतः यही परिनिष्ठित वा मानक भाषालाई आधार मानिन्छ, किनभने कथ्य भाषामा कमभन्दा कम शब्दहरूद्वारा व्यवहार चलाइएको हुन्छ र लेख्य भाषामा शिक्षा सञ्चार, प्रशासन, व्यापार, साहित्य, ज्ञान–विज्ञान आदि यावत् क्षेत्रका शब्दहरूको समष्टि रूप फेला पार्न सकिन्छ। शब्दभण्डारको अध्ययनमा तात्कालिक आधारचाहिँ शब्दकोशलाई मान्नुपर्दछ, किनकि शब्दकोशको तात्पर्य नै भाषाका यावत् शब्दहरूको सङ्कलन हो। हुनत सङ्कलनकर्ताको आ–आपनो अभीष्टअनुरूप शब्दकोशको प्रकृति पनि फरक फरक हुन सक्छ। नेपाली भाषाका सन्दर्भमा चर्चा गर्दा पनि क्षेत्रीय शब्दकोश, पर्यायवाची शब्दकोश, प्राविधिक एवं पारिभाषिक शब्दकोश, सामान्य शैक्षिक शब्दकोश आदि विभिन्न प्रकृतिका शब्दकोशहरू फेला पार्न सकिन्छ, तर शब्दभण्डारको समष्टिगत अध्ययनमा यस प्रकारका सीमित उद्देश्यले तयार पारिएका शब्दकोशलाई आधार नमानेर यी सबै कोशलाई समेट्ने गरी तर्जुमा गरिएको बृहद् प्रकृतिको शब्दकोशलाई आधार मान्नुपर्छ। तसर्थ नेपाली शब्दभण्डारको अध्ययनका निम्ति पनि हाललाई नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा

प्रकाशित नेपाली बृहद् शब्दकोश (२०४०) लाई आधार मान्नु आवश्यक देखिन्छ ।

## ३. नेपाली शब्दभण्डारको वर्तमान स्थिति

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट २०४० मा प्रकाशित नेपाली बृहद् शब्दकोश बालचन्द्र शर्माको सम्पादनमा अघि प्रकाशित भएको नेपाली शब्दकोश भन्दा निक्कै विस्तृत कोशका रूपमा देखा पर्दछ । यसमा नेपाली शब्दहरूको संख्या अघिल्लो कोशको तुलनामा लगभग एघार हजार जति बढी देखा पर्दछ । अर्थात् बृहद् नेपाली शब्दकोशमा नेपाली शब्द संख्या ५० हजार भएकोमा नेपाली बृहद् शब्दकोशमा मूलशब्द ३५५४४ र पेटबोलीमा परेका शब्द २५६११ समेत गरी जम्मा नेपाली-शब्दसंख्या ६११५५ पुगेको देखिन्छ । विश्वको अत्यन्त उन्नत र विकसित अंग्रजी भाषामा शब्द-संख्या लगभग साढे पाँच लाख र नेपालीकै छिमेकी हिन्दी भाषामा पनि शब्दसंख्या डेढ लाख भएको देखा पर्दछ । यस स्थितिमा हामीले पनि नेपाली-शब्दभण्डारको द्रुतगतिमा विकास गरेर यसलाई विश्वका उन्नत र विकसित भाषाहरूको दाँजोमा पुऱ्याउन प्रयासहरू थाल्नुपरेको छ ।

## ४. शब्दभण्डारमा अभिवृद्धिको आवश्यकता

भाषा भनेको विचार विनिमयको माध्यम हो । कुनै पनि भाषाका वक्ताहरूको भौतिक तथा आध्यात्मिक चेतनाको स्तर जति समृद्ध बन्दै जान्छ, भाषा पनि त्यति नै समृद्ध बन्नुपर्दछ । अर्थात् भाषाभाषी समुदायको भौतिक तथा आध्यात्मिक चेतनाको स्तरलाई उनीहरूको भाषाले अभिव्यक्त गर्न सकेन भने त्यो भाषा अन्य समृद्ध भाषाको चेपुवामा पर्न सक्तछ र अन्तमा त्यो भाषा मर्न पनि बेर लाग्दैन । तसर्थ कुनै पनि भाषाले आपनो अस्तित्वको रक्षाका निम्ति भाषाभाषी समुदायको चेतनाको स्तरवृद्धिका साथसाथै भाषाको अभिव्यक्ति-क्षमतालाई पनि निरन्तर विस्तार गर्दै लैजानुपर्दछ । अभिव्यक्ति-क्षमताको बिस्तारमा शब्दभण्डारले प्रमुख भूमिका खेल्ने हुँदा हामीले शब्दभण्डारको अभिवृद्धिका उपायहरूमाथि चर्चा थाल्नुपरेको छ ।

## ५. शब्दभण्डारको वर्गीकरणका आधारहरू

शब्दभण्डारको वर्गीकरण गर्ने आधार ३ प्रकारका छन्- अर्थ, निर्माण र

स्रोत । अर्थका आधारमा वर्गीकरण गर्नेहरूमा कसैले नाम, आख्यात, उपसर्ग र निपात भनेर वर्गीकरण गरेका छन् त कसैले सुबन्त र तिङन्तका रूपमा मात्र वर्गीकरण गरेका छन् । यसै गरी नेपाली–व्याकरणहरूमा पनि कतै नाम, अव्यय र क्रियापदको मात्र वर्गीकरण फेला पर्दछ त कतै नाम, सर्वनाम, विशेषण, अव्यय र क्रियापद गरी वर्गीकरण गरिएको फेला पर्दछ । अरू कतिपय व्याकरणहरूमा त नाम, सर्वनाम, विशेषण, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र क्रियापद गरी वर्गीकरण गरिएको पनि पाइन्छ । कतिपयले त निपातलाई छुट्टै वर्ग गरी शब्दको नौ वर्ग पनि गरेका छन् । निर्माण वा रचना–प्रक्रियाका आधारमा शब्दभण्डारको अध्ययन गर्दा प्रथमतः रूढ वा अव्युत्पन्न र यौगिक वा व्युत्पन्न गरी शब्दहरूलाई दुई वर्गमा छुट्ट्याइन्छ र त्यसपछि यौगिक वा व्युत्पन्न शब्दहरूलाई उपसर्ग, परसर्ग, समस्त, द्वित्व गरी पुनः चार वर्गमा छुट्ट्याइन्छ । स्रोत वा आगमनका दृष्टिबाट अध्ययन गर्दाचाहिं शब्दभण्डारको वर्गीकरणमा प्रशस्त अन्योल र भ्रमहरू उत्पन्न भएका पाइन्छन् । प्रस्तुत गोष्ठीपत्रमा मूलतः यसै आधारमा शब्दभण्डारको वर्गीकरण तथा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ६. स्रोतका आधारमा शब्दभण्डारको वर्गीकरण

स्रोत वा आगमनका आधारमा शब्दभण्डारको वर्गीकरण गर्नेहरूमा प्रशस्त भ्रम र अन्योलको स्थिति देखा पर्दछ । यो अन्योल मूलतः निम्न क्षेत्रमा केन्द्रित देखा पर्दछ ।

१. संस्कृत, प्राकृत र अपभ्रंश स्रोतका शब्दहरूलाई मौलिक वर्ग मान्ने या आगन्तुक वर्ग मान्ने ?

२. संस्कृत, प्राकृत र अपभ्रंश स्रोतका शब्दहरूलाई मात्र तत्सम र तद्भव मान्ने या आगन्तुक शब्दहरूलाई पनि मान्ने ?

३. देशज शब्दहरूको छुट्टै अस्तित्व मान्ने या नमान्ने ?

४. विविध ।

प्रस्तुत पत्रमा यिनै प्रश्नहरूको समाधान गर्ने प्रयास गरिएको छ र नेपाली शब्दभण्डारमा मौलिक, आगन्तुक र देशज–ठर्रा गरी तीन प्रकृतिका शब्दहरूको अस्तित्व मानेर तदनुसार वर्गीकरण र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ७. मौलिक परम्पराका शब्दहरू

नेपाली भाषा संस्कृत, प्राकृत र अपभ्रंश हुँदै विकसित भएको भाषा हो । तसर्थ संस्कृत, प्राकृत र अपभ्रंशबाट सोझै नेपालीमा आएका शब्दहरू नेपालीका

मौलिक शब्द मानिन्छन् । हुनत चन्द्रिकाकार र अन्य कतिपय नेपाली-व्याकरणकारहरूले पनि संस्कृत, प्राकृत र अपभ्रंश हुँदै आएका शब्दहरूलाई आगन्तुक मानेका छन्,[1] तर यस प्रकारका शब्दहरूलाई नेपाली शब्दभण्डारबाट झिकिदिने हो भने त्यसपछि नेपाली भाषा भन्ने वस्तु केही बाँकी रहँदैन । किनभने नेपाली-शब्दभण्डारका लगभग ९० प्रतिशत शब्द संस्कृत, प्राकृत र अपभ्रंश स्रोतबाट आएका छन् । यी शब्दहरू अविच्छिन्न उत्तराधिकारका रूपमा आएका हुँदा पनि यिनीहरूलाई मौलिक मान्नु नै उपयुक्त हुन्छ । तदनुसार नेपाली भाषाका मौलिक शब्दहरूलाई तत्सम र तद्भव गरी दुई वर्गमा राख्ने प्रवृत्ति आजका अधिकांश व्याकरणकार एवं भाषाशास्त्रीहरूमा देखा पर्दछ ।[2]

---

१. संस्कृत, प्राकृत र अपभ्रंश भाषालाई पनि आगन्तुक मान्नेहरू—

क) हेमराज शर्मा, चन्द्रिका व्याकरण ।

ख) गोपाल पाण्डे असीम, रचना-केशर, ने. भा. प्र. स., भाषा-१, पहिलो परिच्छेद (यसमा सैद्धान्तिक चर्चा नगरिएको भए तापनि वर्गीकरण गर्दा संस्कृत प्राकृत शब्दलाई पनि आगन्तुक भनिएको छ ।)

ग) अरू भाषाबाट हाम्रो भाषामा मिसिन आएका शब्दलाई आगन्तुक शब्द भन्दछन्— पारसमणि प्रधान, नेपाली व्याकरण, भाग्यलक्ष्मी प्रकाशन दार्जीलिङ्ग (वि. सं. २०२७) पृष्ठ- ९२ ।

घ) कृष्णप्रसाद पराजुली, राम्रो रचना मीठो नेपाली, (चौ. सं. २०३६) पृष्ठ- २४ ।

ङ) पारम्परित वर्गीकरणमा जसलाई तत्सम र विदेशी शब्द भनिन्छ ती अनि आफ्नै देशभित्र बोलिने विभिन्न भाषाहरूबाट ग्रहण गरिएका शब्द पनि दोस्रो वर्ग (आगन्तुक) भित्र पर्दछन् । मोहनराज शर्मा, शब्दरचना, वर्णविन्यास-प्रक्रिया, पाठ्यक्रम विकास केन्द्र (२०३६) पृष्ठ- १९ ।

च) आफ्नो मूलभाषा वा अरूका भाषाबाट आएका शब्दलाई आगन्तुक शब्द भन्दछन् । रोहिणीप्रसाद- बृहद् नेपाली व्याकरण, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, (२०३३), पृष्ठ- ५४ ।

२. संस्कृत, प्राकृत र अपभ्रंशलाई मौलिक मान्नेहरू—

क) मौलिक शब्दका तत्सम, तद्भव र देशज तीन वर्ग स्वीकार्ने वासुदेव त्रिपाठीसमेत अनिवार्य नेपाली शिक्षण निर्देशिका (लिथो) पाठ्यक्रम विकास केन्द्र (२०३६) पृष्ठ- ६ ।

(क) तत्सम भनेको(तत् =संस्कृतबाट, सम =अपरिवर्तित वा उस्तै रूपमा) जस्ताको तस्तै नेपालीमा आएका शब्द हुन् । सामान्य कथ्य नेपालीमा तत्सम शब्द कमै भेटिन्छन् तापनि नेपाली भाषाको स्तरीय लेख्य रूपमा बढीभन्दा बढी तत्सम शब्द नै भेटिन्छन् । अझ आधुनिक ज्ञान-विज्ञानका जटिल विषयहरूलाई अभिव्यक्त गर्नका निम्ति निर्माण गरिएका प्राविधिक तथा पारिभाषिक शब्दहरूमा त केही शब्दलाई छाडेर सबैजसो तत्सम शब्दहरू नै फेला पर्दछन् । नेपाली बृहद् शब्दकोशमा संस्कृत तत्सम शब्दलाई लिंदा वर्तमान मानक वा स्तरीय नेपाली भाषामा ज्ञान–विज्ञानका विविध फाँटमा प्रयोग भएसम्मका शब्दहरूलाई लिइएको छ । प्रयोग, औचित्य र आवश्यक ज्ञानका दृष्टिमा बाहेक नेपालीमा अप्रचलित रहेका संस्कृत तत्सम शब्दहरू यसमा समावेश गरिएका छैनन्[३] भनिएको छ तापनि तत्सम शब्दहरू नेपालीका मौलिक वर्गका शब्द भएका हुँदा यस प्रकारका शब्द नेपाली–शब्दभण्डारमा ६० देखि ७० प्रतिशतसम्म हुन सक्ने सम्भावना देखा पर्दछ । साथै शब्दभण्डारको वृद्धिमा मूल स्रोत नै संस्कृत तत्सम शब्दहरू मानिएको वर्तमान परिप्रेक्ष्यमा तत्सम प्रकृतिका शब्दहरू नेपाली–शब्दभण्डारमा अझै बढ्दै जाने सम्भावना देखिन्छ ।

यस प्रकार तत्सम शब्द नेपाली–शब्दभण्डारमा पर्याप्त छन् र तिनीहरूको प्रकृतिमा केही सूक्ष्म अन्तर पनि छ । जस्तै—

अ) संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै अपरिवर्तित रूपमा नेपालीमा आइपुगेका (तत्सम) ।

आ) नेपाली भाषाको निर्माणपछि संस्कृतबाट सोझै ग्रहण गरिएका (नवीन तत्सम) ।

इ) नेपाली भाषाको आवश्यकताअनुसार संस्कृतको व्याकरणीय नियमका आधारमा नयाँ रूपमा निर्माण गरिएका (निर्मित तत्सम) ।

---

ख) बालकृष्ण पोखरेल– राष्ट्रभाषा, साझा प्रकाशन (दोस्रो संस्करण), पृष्ठ–१२८ ।

ग) पूर्ववत्, नेपाली भाषा र साहित्य, पृष्ठ– ७७ ।

घ) चूडामणि बन्धु– नेपाली भाषाको उत्पत्ति र विकास, साझा प्रकाशन (दोस्रो संस्करण– २०३२), पृष्ठ– ७३ ।

[३] बालकृष्ण पोखरेलसमेत (सं.)– बृहद् शब्दकोश, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान (२०४०) सम्पादकीय, पृष्ठ– १६ ।

बालकृष्ण पोखरेल समेत (सं.)– पूर्ववत्, पृष्ठ– २० ।

कतिपय व्याकरणमा संस्कृत बाहेक अरू स्रोतबाट आएका शब्दहरूलाई पनि रूप परिवर्तित भएका छैनन् भने तत्सम भन्ने गरिएको पाइन्छ ।[४] तर तत्सम शब्दको पारिभाषिक अर्थ नै 'संस्कृतसमान' भएको हुँदा संस्कृतस्रोतभिन्न अरू भाषाबाट आएका शब्दहरूलाई रूप परिवर्तित नभएकै भए तापनि तत्सम भन्नु उचित देखिंदैन । साथै नेपाली वर्ण–विन्यासको निर्धारणमा संस्कृत तत्सम शब्दहरूलाई संस्कृतकै वर्ण–विन्यासका नियमअनुरूप लेख्ने र अन्य आगन्तुक शब्दहरूलाई नेपाली वर्ण–विन्यासका नियम र ध्वनिअनुरूप लेख्ने प्रवृत्तिले प्रायः मान्यता प्राप्त गरिसकेको हुँदा[५] पनि संस्कृतस्रोतका शब्दहरू र अरू भाषाबाट

---

[४] आगन्तुक शब्दका पनि तत्सम तद्भव भेद मान्नेहरू—

क) कुनै एक भाषाबाट जस्ताको तस्तो रूपले अरू भाषामा आई चलेको शब्दलाई तत्सम शब्द भन्दछन् । राजनारायण प्रधान र जगत् क्षेत्री सरल नेपाली व्याकरण रचना, श्याम प्रकाशन (दार्जीलिङ) पृष्ठ– ९ ।

ख) गोपाल पाण्डे असीम– पूर्ववत्,

ग) अरू (संस्कृतेतर) भाषाबाट आएका तत्सम शब्दमा त कुनै पनि अदली बदली हुँदैन । विष्णुगोपाल रिसाल र शिवगोपाल रिसाल– नेपाली भाषा र व्याकरण, साझा प्रकाशन (२०३९), पृष्ठ–१६ ।

घ) तत्सम– जो नेपालीमा प्रयोग भएका संस्कृत र विदेशी भाषाका परिवर्तन नभई त्यस्तै नै प्रयोगमा ल्याइएका छन् । हर्षनाथ शर्मा– अनिवार्य नेपाली रचना, साझा प्रकाशन (२०३८), पृष्ठ– ४ ।

ङ) तत्सम संस्कृत र अरू भाषाबाट रूप एवं उच्चारणमा कुनै परिवर्तन नभई जस्ताको तस्तै नेपाली भाषामा प्रयोग हुने शब्द । भूपति ढकाल कमल– नेपाली व्याकरणको संक्षिप्त दिग्दर्शन, भट्टराई बन्धु, प्रकाशन, बनारस (२०३९), पृष्ठ– २ ।

च) कृष्णप्रसाद पराजुली– पूर्ववत्, पृष्ठ– २४ ।

छ) तत्सम–जुन भाषाबाट आएको हो, त्यसमा जस्तो उच्चारण हुन्छ, आफ्नो भाषामा पनि त्यस्तै रूपमा उच्चारण हुने । रोहिणीप्रसाद भट्टराई– पुर्ववत्, पृष्ठ– ५४ ।

[५] क) अ) संस्कृतका तत्सम शब्दहरूलाई संस्कृतकै वर्णविन्यासका नियम-अनुरूप लेख्ने । आ) विभिन्न भाषाबाट आएका आगन्तुक शब्दहरूलाई नेपाली वर्णविन्यासका नियमअनुसार पनि लेख्न सकिने । अनिवार्य नेपाली शिक्षण निर्देशिका, पाठ्यक्रम विकास केन्द्र पृष्ठ– ४१ ।

## ८. १. भारोपेली परिवार

भारोपेली परिवारका भाषाहरू आज एशिया, यूरोप, अमेरिका, अस्ट्रेलिया, अफ्रिका आदि अनेकौं महाद्वीपमा बोलिन्छन् । तिनमा प्रमुख भाषा हुन्– हिन्दी, बङ्गाली, उर्दू, अंग्रेजी, फ्रान्सेली, रूसी, पोर्तुगाली आदि । नेपाली भाषाले ५०% जति आगन्तुक शब्द यही परिवारबाट ग्रहण गरेको हुंदा यस परिवारका आगन्तुक शब्दहरूलाई पुनः वर्गीकरण गर्नु आवश्यक पर्दछ । यस दृष्टिबाट भारोपेली आगन्तुक शब्दहरूलाई तीन वर्गमा विभाजित गर्नु युक्तिसङ्गत देखिन्छ । जस्तो–– (क) भारतवर्षीय (ख) पश्चिम–एशियाली (ग) यूरोपेली ।

क) भारतवर्षीय— भारतवर्षीय भाषा भनेका संस्कृत मूलबाट विकसित बङ्गाली, हिन्दी, मैथिली आदि भाषा हुन् । यी भाषा संस्कृतमूलक भएका र नेपाली भाषाको जननी या मूल रूप पनि संस्कृत भाषा नै भएको हुंदा यी भाषाबाट आएका तद्भव र देशज शब्द मात्र नेपालीका आगन्तुक शब्द ठहरिन्छन् । तत्सम शब्दहरू नेपाली भाषाले पनि सो संस्कृतबाट ग्रहण गर्न सक्ने हुंदा तिनीहरूलाई अरू भाषाबाट लिइएको भनिरहनु आवश्यक देखिंदैन । नेपाली भाषा पनि संस्कृतमूलक भारतवर्षीय आधुनिक आर्य भाषा भएको र अन्य आधुनिक भारतवर्षीय आर्यभाषाहरूको शब्दभण्डार पनि तद्भव र देशज रूपमा समेत सामान्यतः एकै प्रकारको पाइने हुंदा नेपाली शब्दभण्डारमा भारतवर्षीय आधुनिक आर्यभाषाहरूबाट आएका शब्द त्यति धेरै देखापर्दैनन् । तैपनि तिनीहरूको एकाध उदाहरण चाहिं यस प्रकार देखापर्दछ ।

(१) बङ्गाली–गम्छा (२) मैथिली–पैनी, पडुवा, टाट (३) हिन्दी–अन्धाधुन्ध, अपनत्व, आनकातान, आपस ।

ख) पश्चिम–एशियाली–– भारोपेली मूलका पश्चिम एशियाली भाषाहरूमा फारसी भाषा प्रमुख मानिन्छ । नेपाली शब्दभण्डारमा पनि फारसीमूलका शब्दहरू पर्याप्त फेला पर्दछन् । ई. सं. १३९८ मा पर्सियन सम्राट् तैमूर लङ्गले भारतवर्षमा आक्रमण गरेपछि १८ औं शताब्दीको उत्तरार्धसम्म भारतवर्षमा मुगल–साम्राज्य कायम रहेको बखत फारसी भाषाले भारतवर्षमा राजकीय मान्यता प्राप्त गर्दछ र अंग्रेजी शासन प्रारम्भ भएपछि पनि १९ औं शताब्दीको पूर्वार्धसम्म राजकीय भाषाको रूपमा फारसीलाई नै यथावत् कायम गरिन्छ ।[८] त्यसपछि पनि फारसीमूलक हिन्दुस्तानी (उर्दू) भाषाको आविष्कारले गर्दा धेरै लामो समयसम्म

---

[८] डा. शिवराज शर्मा, हिन्दीका राष्ट्र भाषाके रूपमें विकास, आत्माराम एन्ड सन्स, दिल्ली (१९७०), पृष्ठ– ८६–८७ ।

फारसी भाषाका शब्दहरू भारतवर्षीय जनजीवनमा भिज्न पुग्दछन् । जसको फलस्वरूप नेपाली भाषाको शब्दभण्डारमा पनि प्रशस्त मात्रामा उर्दू, फारसी शब्दहरू भित्रिन आइपुग्दछन् । जसको छोटो उदाहरण यहाँ प्रस्तुत गरिएको छ— चाकर, जवान, ज्यादा, ताजा, दरबार, नमूना, निशाना, पुस्ता, मोर्चा, लस्कर, बहाना आदि ।

ग) यूरोपेली — सर्वप्रथम ई. सं. १४९८ मा पुर्तगाली नाविक भास्कोडिगामा समुद्री मार्गद्वारा भारतवर्षमा उत्रिएपछि भारतवर्षमा यूरोपीय मूलका मानिसहरूको आवागमन शुरू हुन्छ, तर सर्वप्रथम भारतवर्षमा पाइला राख्ने पुर्तगालीहरूभन्दा पछि आउने फ्रान्सेली र बेलायतीहरू छिटो छिटो भारतवर्षमा फैलन र प्रभाव देखाउन थाल्दछन् । अझ ती दुइमा पनि पछि गएर बेलायती अंग्रेजहरू फ्रान्सेलीलाई हराएर भारतवर्षमा एकच्छत्र उपनिवेश कायम गर्न सफल हुन्छन् । नेपालमा यूरोपीय शासनको प्रभाव प्रत्यक्ष रूपमा नपरे तापनि आपसी सम्पर्कका कारणले गर्दा यी तीन भाषाका शब्द नेपाली शब्दभण्डारमा प्रशस्त भित्रिन आइपुगेका छन् । अंग्रेजी भाषा आजको विश्वभा पनि अन्तर्राष्ट्रिय सम्पर्कको भाषा भई आएको र ज्ञान–विज्ञानका दृष्टिले अत्यन्त समृद्ध र उन्नत समेत भएको हुँदा नेपाली शब्दभण्डारमा अंग्रेजी शब्दहरूको संख्या दिनानुदिन बढ्दै जाँदो छ । आगन्तुक शब्दहरूमा लगभग २०% शब्द अंग्रेजीकै देखा पर्दछन् । तापनि अंग्रेजी शब्दहरूलाई संस्कृतका मौलिक शब्दहरूमा रूपान्तर गर्ने प्रवृत्ति पनि साथसाथै चलिरहेको हुँदा सामान्य जनजीवनका अत्यधिक घुलमिल भइसकेका अंग्रेजी शब्दहरू बाहेक ज्ञान-विज्ञानमा क्षेत्रमा प्रचलित विशिष्ट पारिभाषिक शब्दहरूलाई नेपाली शब्दभण्डारमा तत्काल स्थान दिइहाल्नु आवश्यक देखिँदैन ।

यी तीन भाषाका साथै, अन्य यूरोपीय भाषा र देशसँग समेत नेपालको सम्पर्क बढ्दै गइरहेकोले ती भाषाबाट पनि नेपाली भाषामा नयाँ शब्द थपिंदैछन्, जसको संक्षिप्त नमूना यस प्रकार प्रस्तुत गर्न सकिन्छ—

पुर्तगाली— अचार, आलपीन, इस्त्री, बटन, अलकत्रा आदि ।
फ्रान्सेली— कार्तुस, कूपन, अलबम आदि ।
अंग्रेजी— पास, फेल, गिलास, रेडियो, कोट, मोटर आदि ।
रूसी— भोडका, स्पुतनिक, लुमुम्बा, लेनिनग्राद आदि ।

## ८.२ भोट–चिनियाँ परिवार

भोट-चिनियाँ परिवार भनेको भोट या चीनदेखि लिएर बर्मासम्म बोलिने भाषाहरूको पारिवारिक नाउँ हो । यस परिवारका वक्तालाई मङ्गोल पनि

आएका शब्दहरूलाई पृथक् पृथक् रूपमा वर्गीकरण गर्नु र नामाङ्कन गर्नु आवश्यक देखिन्छ । तसर्थ मौलिक परम्पराका शब्दहरूलाई तत्सम र तद्भवका रूपमा वर्गीकरण गरी अरू स्रोतबाट आएका शब्दहरूलाई आगन्तुक मात्र भन्नु उचित र आवश्यक पनि देखिन्छ ।

ख) मौलिक शब्दहरूको अर्को वर्ग छ– तद्भव । तद्भव भनेका (तत् = संस्कृतबाट भव = परिवर्तन हुँदै) संस्कृतबाट रूप परिवर्तनका साथ नेपाली भाषामा आएका शब्द हुन् । तद्भव शब्दहरूको रूप नेपाली भाषाको प्रकृतिअनुरूप अनुकूलित गरिएको हुँदा यस्ता शब्दहरूलाई नेपालीका निजी शब्द भन्न पनि सकिन्छ । नेपाली शब्दभण्डारमा यस प्रकारका शब्द २० % देखि ३० % सम्म देखा पर्दछन् तापनि साधारण बोलचालमा भने यिनै शब्द अधिक मात्रामा प्रयोग गरिन्छन् । संस्कृत तत्सम शब्दहरू पनि समयको प्रवाहसँग परिवर्तित हुँदै जाने हुनाले तद्भव शब्दहरूको वर्ग अझ बढ्दै जाने पनि देखिन्छ । नेपाली तद्भव शब्दहरूको प्रकृतिमा पनि केही सूक्ष्म अन्तर देखा पर्दछ । एक थरी भाषाशास्त्री संस्कृतका आफ्नै शब्द प्राकृत हुँदै आएका र संस्कृतले अरू कुनै भाषाबाट सापट लिई प्राकृत हुँदै आएका भनी नेपाली तद्भव शब्दहरूको वर्गीकरण गर्न खोज्दछन् । तर संस्कृतेतर स्रोतका शब्दहरूको उल्लेख आगन्तुक शब्दहरूको वर्गमा गर्नु उपयोगी हुने हुँदा तद्भव शब्दहरूको वर्गीकरणमा प्राचीन र नवीन रूप परिवर्तनलाई आधार मान्नु समयोचित देखापर्दछ । किनभने नेपाली भाषामा संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै परिवर्तित रूपमा आएका प्राचीन तद्भव शब्दहरूका साथै नेपाली भाषाको निर्माणपछि संस्कृतबाट सापट लिइएका शब्दहरू पनि नवीन तद्भवका रूपमा परिवर्तित हुन थालिरहेका छन् । दोस्रो प्रकृतिका शब्दहरूलाई कतिपय भाषाशास्त्रीहरूले अर्ध-तत्सम भन्ने नाउँ दिन रुचाएका पनि छन् ।[६] तर तद्भव शब्दको पारिभाषिक अर्थ नै संस्कृतबाट रूप-परिवर्तनका साथ आएका भन्ने भएको हुँदा यो शब्दलाई तत्सम (अर्ध) नभनेर तद्भव भन्नु नै उपयुक्त देखिन्छ ।[७]

---

ख) संस्कृत तत्सम शब्दहरूलाई संस्कृतकै वर्णविन्यासका नियम र ध्वनिअनुरूप लेख्ने गरी मूल प्रविष्टि ह्रस्वमा दिइएको छ । बालकृष्ण पोखरेल– पूर्ववत्, पृष्ठ– २० ।

[६] यदि नेपाली भाषाको जन्म भैसकेपछि कुनै शब्दमा परिवर्तन आएको छ भने त्यो अर्धतत्सम कहलाउँछ । बालकृष्ण पोखरेल, राष्ट्रभाषा, पृष्ठ– १२४ ।

[७] तत्सम शब्दका विभिन्न परिवर्तित रूप अर्धतत्सम हुन् । केही भाषा

## ८. आगन्तुक शब्दहरू

नेपाली शब्दभण्डारका संस्कृतेतर स्रोतबाट आएका शब्दहरूलाई आगन्तुक शब्द भनिन्छ। संस्कृत-स्रोतका पनि सबै शब्द मौलिक वर्गमा पर्दैनन्, किनभने संस्कृतबाट प्राकृत (शौरसेनी, पैशाची, खस) र अपभ्रंश (खस) हुँदै सोझै नेपालीमा आएका र नेपाली भाषाले सोझै संस्कृतबाट ग्रहण गरेका शब्द मात्र नेपालीका मौलिक शब्द मानिन्छन् र संस्कृतबाट शौरसेनी, मागधी, अर्धमागधी, महाराष्ट्री, प्राकृत अपभ्रंश हुँदै बङ्गाली, मैथिली, भोजपुरी, हिन्दी आदि भाषामा विकसित भएर पछि मात्र नेपाली भाषामा आएका शब्दहरू संस्कृत-मूलक भए तापनि नेपालीका निम्ति आगन्तुक नै ठहरिन्छन्। यति मात्र होइन, संस्कृत भाषामै पनि अरू भाषाबाट आएका शब्दहरू प्रशस्त भेटिन्छन्, जसलाई मौलिक वर्गमा राख्नुभन्दा आगन्तुक वर्गमै राख्नु उपयुक्त हुन्छ। यसरी आगन्तुक वर्गका शब्दहरूलाई प्रथमतः २ वर्गमा विभाजन गर्नु आवश्यक देखिन्छ– प्राचीन आगन्तुक र नवीन आगन्तुक।

प्राचीन आगन्तुक भनेका नेपाली भाषाको उत्पत्ति हुनुभन्दा पहिले नै संस्कृत, प्राकृत र अपभ्रंश भाषाले स्वीकार गरी परम्परागत रूपमा नेपाली भाषामा आएका शब्द हुन्। जस्तै—

अ) आग्नेयी मूलका शब्दहरू— कर्पास, लवङ्ग, कदली, सर्षप, मरीच आदि।
आ) द्रविड मूलका शब्दहरू-- कटु, कुटिल, कुण्डल, कोण, चतुर, दण्ड, पिण्ड आदि।

नवीन आगन्तुक भनेका नेपाली भाषाको उत्पत्तिपछि विभिन्न भाषाबाट आएका शब्द हुन्। यस प्रकारका शब्द नेपाली शब्दभण्डारमा १०% जति छन् र दिनानुदिन थपिँदै गइरहेका पनि छन्। यसरी विभिन्न स्रोतबाट आएका शब्दलाई प्रथमतः पारिवारिक आधारमा वर्गीकरण गर्नु उपयुक्त हुन्छ र त्यसपछि मात्र सम्भव भएसम्म सम्बद्ध भाषाको स्रोत दिनु उचित हुन्छ। नेपाली बृहत् शब्दकोशमा पनि मूलतः यही प्रविधि अँगालिएको छ। यस प्रकार नेपाली शब्दभण्डारमा आगन्तुक शब्दहरूलाई निम्न परिवारमा वर्गीकरण गर्नु आवश्यक देखिन्छ--

(१) भारोपेली परिवार (२) भोट-चिनियाँ परिवार (३) द्रविड परिवार (४) आग्नेयी परिवार (५) अन्य परिवार।

---

शास्त्रीहरू पनि अर्धतत्सम भन्नु आवश्यक ठान्दैनन्। किनभने शब्दहरू तत्सम नभएमा तद्भव भैहाल्छन्। चूडामणि बन्धु, पूर्ववत्, पृष्ठ–७५।

यसभन्दा अगाडि नै चर्चा गरिसकिएको हुँदा यहाँ दोस्रो प्रकृतिका शब्दहरूको केही उदाहरण दिइएको छ । जस्तै — काफल, च्याउ, बगर, गाड, बोका, बाख्रा, चरो, खुट्टा, जुँगा, ढुङ्गा, सिन्को, गुलियो आदि ।

## ८.५ अन्य भाषा–परिवार

नेपाली–शब्दभण्डारमा देखा पर्ने आगन्तुक शब्दहरूको यसभन्दा अगाडि प्रशस्त चर्चा गरिसकिएको छ । ती केही प्रमुख भाषाबाट आएका शब्दहरूका साथै अन्य केही भाषा–परिवारबाट आएका शब्दहरू पनि नेपाली–शब्दभण्डारमा फेला पर्दछन् । यस प्रकारका शब्दहरूको ठूलो वर्ग सामेली परिवारका अरबी र यूराल–अल्टाइक परिवारको तुर्की भाषाबाट आएका शब्दहरूको देखापर्दछ। यी शब्दहरू उक्त भाषाबाट सोझै आएका नभई उर्दू फारसीमार्फत् आएका शब्द हुन् र यिनीहरूले नेपाली–शब्दभण्डारमा स्थायी रूपमा स्थान प्राप्त गरिसकेका छन् । जस्तै—

अ) तुर्की– चक्कू, गलैंचा, बहादुर, तोप, कैंची, कुल्ली आदि ।

आ) अरबी– कवाज, दावा, दुनियाँ, नगद, नवाब, फकीर, मतलब, बन्दूक, सल्लाह, हजुर आदि ।

यी केही प्राचीन शब्दहरूका साथै वर्तमान समयमा नेपाल अधिराज्यको कूटनीतिक तथा व्यापारिक सम्बन्ध विभिन्न देशहरूसँग बढ्दै गइरहेको र अनेकौं भाषाभाषी पर्यटकहरूको नेपाल आगमन तथा विश्वका विभिन्न देशहरूले हासिल गरेका वैज्ञानिक उपलब्धिले नेपालमा पार्दै गइरहेको प्रभाव समेतले गर्दा पनि नेपाली भाषामा अनेकौं भाषा–परिवारका नयाँ–नयाँ शब्दहरू थपिन गइरहेका छन् । यस प्रकारका शब्द सबै स्थायी नहुन पनि सक्तछन् । तैपनि केही उदाहरण यस प्रकार देखा पर्छन्—

जापानी– होन्डा, सुजुकी, यामाहा, टोयोटा, मित्सुबिसी, येन आदि ।

## ९. ठर्रा शब्दहरू

कथ्य रूपमा रहेका क्षेत्रीय भाषिकाहरू शब्दभण्डारका दृष्टिले पनि लेख्य भाषाभन्दा फरक हुन सक्दछन् । जसलाई स्तरीयकरण गरेर शब्दभण्डारको बिस्तार गर्नु निकै उपयोगी हुन सक्छ । वर्तमान नेपाली बृहत् शब्दकोशको भूमिकामा 'स्तरीय नेपालीमा एक पदमा भाव व्यक्त नहुने शब्द भेटिएमा विशेषतः क्षेत्रीय भाषिकाबाट लिने नीति अँगालिएको छ ।' भनेर भाषिका स्तरीकरणको सिद्धान्तलाई स्वीकार गरिएको छ तापनि 'अतिक्षेत्रीय र अतिकथ्य शब्दहरू

कोशमा समाविष्ट गरिएका छैनन्।' भनेर भाषिक स्तरीकरणको सीमा पनि औंल्याइएको छ। क्षेत्रीय भाषिकाका रूपमा प्रचलित शब्दहरूलाई स्तरीकरण गर्ने प्रक्रिया प्राकृतभाषाकालमा निकै व्यापक देखा पर्दछ। यस्ता शब्दहरूलाई आचार्य भरतले देशी मत भन्ने नाउँ दिएका थिए भने उनी पछिका अरू आचार्यहरूले कसैले देशी प्रसिद्ध र कसैले देशज भन्ने नाउँ दिएका पनि थिए।[१०] नेपालीमा पनि यस्ता शब्दहरूलाई देशज, ठेट, ठर्रा, स्वदेशी, निजी आदि भनिएको पाइन्छ।[११] यस प्रकार नामगत विविध रूप उक्त शब्दहरूको वर्गीकरणमा देखा

---

[१०] देशजसम्बन्धी प्राचीन चर्चा—

क) आचार्य भरतले समान (तत्सम) र विस्तृत (तद्भव) देखि भिन्न शब्दहरूलाई देशी मत भन्ने नाउँ दिएका छन्।

ख) आचार्य चण्डले संस्कृत र प्राकृतभन्दा भिन्न स्रोतका शब्दलाई देशी प्रसिद्ध भनेका छन्।

ग) आचार्य रुद्रटले संस्कृत-व्याकरणका नियमअनुसार प्रकृति-प्रत्ययमूलक रचना वा व्युत्पत्ति नपाइने शब्द देशज हुन् भनेका छन्।

[११] देशजसम्बन्धी नेपाली चर्चा—

क) देशी शब्द भन्नाले नेपाली भाषाका विभिन्न भाषिकामा प्रयोग हुने त्यस्ता शब्द आउँछन् जसको मूल संस्कृतमा छैन र ती शब्दहरू कुनै भाषाबाट आएका भनेर पनि भन्न सकिन्न। चूडामणि बन्धु, नेपाली भाषाको उत्पत्ति, साझा प्रकाशन, (२०३२), पृष्ठ- ७६।

ख) अन्य भाषाबाट आएका तत्सम र तद्भव शब्दहरूदेखि बाहेक अरू सबै शब्दलाई ठर्रा वा स्वदेशी (देशज) शब्द भने हुन्छ। ठर्रा भन्नाले नेपाली भाषामा मात्र बोलिने शब्दलाई भनिन्छ। विष्णुगोपाल रिसाल र शिवगोपाल रिसाल- पूर्ववत्, पृष्ठ- १८।

ग) संस्कृतसहित अरू भाषाबाट आएका तत्सम, तद्भव शब्दहरू बाहेक उत्पत्ति पत्ता लगाउन नसकिएका शब्दहरू समेत सबै शब्दहरू ठेट नेपाली शब्द हुन्। भूपति ढकाल कमल- पूर्ववत्, पृष्ठ- ८।

घ) कृष्णप्रसाद पराजुली- पूर्ववत्, पृष्ठ- २२।
(यिनले शब्दलाई मौलिक पद्धतिका र आगन्तुक गरी २ वर्गमा विभाजन गरी मौलिक वर्गमा ठर्रा शब्दहरूलाई राखेका छन्।)

ङ) नेपाली शब्दभण्डारमा केही यस्ता शब्दहरू छन्, जो आफ्नै हुन्। यी

भनिन्छ । जुन समयमा पश्चिम दिशाबाट द्रविडहरूले भारतवर्षमा प्रवेश गरेका थिए, त्यसै वेलातिर हिमालयको उत्तर–पूर्वमा भोट–चिनियाँ परिवारका वक्ताहरू यस क्षेत्रमा आएका हुन् भन्ने अनुमान गरिन्छ । यसरी आजको नेपाली भाषाभाषी समुदाय बसोबास गरिरहेको भूखण्डमा नेपाली भाषाका आदिवक्ता आर्यहरू प्रवेश गर्नुभन्दा निकै समयअघि नै भोट–चिनियाँ परिवारका वक्ताहरू प्रवेश गरिसकेको देखापर्दछ र नेपाली भाषाभाषीले यस क्षेत्रमा भेटेका आदिवासी पनि भोट–चिनियाँ मूलका जनजाति नै ठहरिन्छन् । यस तथ्यलाई हृदयङ्गम गर्दा नेपाली–शब्दभण्डारमा पर्याप्त मात्रामा भोट–चिनियाँ परिवारबाट आएका शब्दहरू भेटिनुपर्ने हो । तर यो प्रभाव त्यतिविधि बढी भएको अनुभव हुँदैन । तैपनि नेपाल अधिराज्यका अधिकांश ठाउँ र नदीनालाका नाउँमा भोट–चिनियाँ प्रभाव रहेको अनुमान भाषाशास्त्रीहरू गर्दछन् ।[९] यस प्रकारका शब्दहरूको विस्तृत अध्ययन भइसकेको पाइँदैन । र यी शब्दले शब्दकोशमा पनि ठाउँ पाएका छैनन् । तापनि नेपालका केही प्रमुख भोट–चिनियाँ परिवारका भाषा र तिनबाट नेपाली जनजीवनमा प्रचलित केही शब्दहरू यस प्रकार देखा पर्दछन् ।

अ) मगराती शब्दहरू—

नदी– चुँदी, मादी, मर्स्याङदी, रिडी, म्याग्दी, राम्दी, दरौंदी, आदि ।

स्थान– तनुङ, मानुङ, रिसिङ, घिसिङ, नाबरुङ, वर्तुङ, जुमुङ, आलुङ आदि ।

अन्य– बाउसे, दोरो, चोलो, गुनियो, बेताउली, अर्नी, आँसी, डिङ्ग, पटुका आदि ।

आ) नेवारी शब्दहरू—

नदी– मलेखु, लिखु, साँखु आदि ।

स्थान– ठमेल, चावेल, ठहिटी, ज्याठा, चिकमुङ्गल आदि ।

अन्य– अजिमा, अटल, फोसा, फुचा, डकर्मी, सिकर्मी आदि ।

इ) राई–लिम्बू शब्दहरू—

नदी– सखुवा, पिखुवा, पिलुवा, हैवा आदि ।

स्थान– खोटाङ, साङराङ, साङपाङ, खर्साङ आदि ।

अन्य– लिम्बू, खम्बू, सुन्धुम, बाङदेल, थुलुङ, खालिङ, चाम्लिङ आदि ।

भोट–चिनियाँ परिवारका उपर्युक्त स्वदेशी वर्गका भाषाहरूबाट आएका शब्दहरूका साथसाथै विदेशी वर्गका भाषाहरूबाट आएका शब्दहरू पनि नेपाली

---

[९] चूडामणि बन्धु, पूर्ववत्, पृष्ठ– १९० ।

शब्दभण्डारमा देखा पर्न थालेका छन् । यस प्रकारका केही शब्द हुन्—

अ) तिब्बती– लामा, ल्हासा, च्याङ्ग्वा, चौंरी, याक, घेवा, गुम्बा, च्याङ्ग आदि ।

आ) चिनियाँ– चिया, चाउचाउ, थुक्पा, अरनिको आदि ।

## ८.३ द्रविड परिवार

आर्यहरू भारतवर्षमा प्रवेश गर्दा समस्त समतलीय मैदानमा द्रविडहरू बसोबास गर्दथे भनिन्छ, तर जुन समयमा द्रविडहरूले भारतवर्षमा प्रवेश गरेका थिए, ठीक त्यही समयमा उत्तर र पूर्वबाट मङ्गोलहरूले पनि प्रवेश गरेका हुँदा हिमाली भूखण्डमा द्रविड परिवारका वक्ताहरू आइपुगेको अनुभव हुँदैन । यति भएर पनि नेपालको पूर्वी तराईमा द्रविड परिवारको झाँगड भाषाको अस्तित्व फेला परेको हुँदा हिमालयको वेसी (तराई) सम्म नै द्रविडहरू आइपुगेको अनुभव हुन्छ । द्रविड परिवारका शब्दहरू संस्कृत भाषाकालमा नै पनि आगन्तुकका रूपमा देखा पर्न थालिरहेका थिए । जसलाई प्राचीन आगन्तुकका रूपमा यसभन्दा अगाडि नै चर्चा गरिसकिएको छ । आजको नेपाली–शब्दभण्डारमा पनि द्रविड परिवारका विभिन्न भाषाबाट नयाँ–नयाँ शब्दहरू आइपुगेका छन् । विशेष गरी खानपीनसँग सम्बद्ध द्रविडमूलका भाषाहरूबाट आएका केही शब्द यस प्रकार देखापर्दछन्– इटली, डोसा, बाडा आदि ।

## ८.४ आग्नेयी परिवार

आग्नेयी परिवार भनेको आर्य, मङ्गोल र द्रविडहरू भारतवर्षमा प्रवेश गर्नुभन्दा निकै अघि यस क्षेत्रमा बसोबास गर्ने जाति हुन् भनिन्छ । प्राचीन भारतीय साहित्यमा यिनीहरूलाई निषाद, भिल्ल आदि नाउँ दिइएको पाइन्छ । तर आजकल यिनीहरू पूर्वोत्तर भारत र केही मात्रामा नेपालको पूर्वी सीमान्त तराई क्षेत्रमा मात्र फेला पर्दछन् । नेपालका कतिपय भोट–चिनियाँ परिवारका भाषामा आग्नेयी प्रभाव टड्कारो देखा पर्ने र नेपाली–शब्दभण्डारमै पनि आग्नेयी मूलका शब्दहरू प्रशस्त फेला पर्ने हुँदा हिमाली भूखण्डमा भोट–चिनियाँ परिवारका वक्ताहरू आउनुभन्दा अघि आग्नेयी खलकका वक्ताहरू थिए कि भन्ने अनुमान गरिन्छ । जे होस्— नेपाली शब्दभण्डारमा यस परिवारका आगन्तुक शब्दहरू पनि प्रशस्त नै छन् । यी शब्दहरू संस्कृत, प्राकृत र अपभ्रंशकालदेखि नै परम्परागत रूपमा आएका र नेपाली भाषाको उत्पत्तिपछि नेपाली–शब्दभण्डारमा भित्रिन आइपुगेका गरी दुई प्रकारका देखा पर्दछन् । पहिलो प्रकृतिका शब्दहरूको

पर्दछ तापनि यिनीहरूलाई झर्रा अर्थात् चोखा नाउँ दिनु नै उपयुक्त हुन्छ । हुनत संस्कृतस्रोतका शब्दहरू पनि नेपालीका मौलिक (चोखा) शब्द हुन्, तर यी शब्दहरू नेपालीका साथै अन्य भारतवर्षीय आधुनिक आर्यभाषाका पनि साझा शब्द नै हुन्छन् र नेपालीका मात्रै आफ्ना हुन सक्ने शब्द झर्राको वर्गमा नै पर्दछन् । यस प्रकारका शब्दलाई परम्परागत रूपमा मानिआएको देशज या देशी नाउँ दिन पनि सकिन्थ्यो, तर देशज या देशी शब्द झर्रा शब्दहरूका निम्ति मात्र प्रयुक्त नभएर– देशभित्रका विभिन्न भाषाबाट आएका शब्दहरूका निम्ति पनि प्रयुक्त भइ आएको हुँदा[12] यस शब्दले आफूमा निकै भ्रम सँगालिसकेको अनुभव हुन्छ । यस अर्थमा पनि चोखा, विशुद्ध नेपाली शब्दहरूका निम्ति झर्रा नाउँ नै अधिक उपयुक्त देखा पर्दछ ।

नेपालीका झर्रा शब्दहरूलाई ‘अहिलेसम्म व्युत्पत्ति पत्ता नलागेका मौलिक वा आगन्तुक दुवै प्रकारका शब्द हुन सक्ने भएकाले सामान्य शैक्षिक व्यवहारमा यस वर्गीकरणको प्रयोग नगर्ने, तर सैद्धान्तिक सम्भावनाका दृष्टिले चाहिँ मौलिक शब्दका तत्सम, तद्भव र देशज तीन वर्ग स्वीकार्ने’ भन्ने धारणा नेपालीका एकरूपतावादी व्याकरणाचार्यहरूमा देखापर्दछ । तर उक्त धारणा स्वयंमा

---

शब्द निजी शब्द हुन् । यिनीहरूलाई परम्परित वर्गीकरणमा तद्भव र देशज भनिन्छ । मोहनराज शर्मा– पूर्ववत्, पृष्ठ– १८ ।

च) आफ्नो भाषाको प्रकृतिअनुसार बनेका तर मूल थाहा नभएका शब्दलाई देशज (ठेट) शब्द भन्दछन् । रोहिणीप्रसाद भट्टराई– पूर्ववत्, पृष्ठ– ५४ ।

छ) व्युत्पत्ति नजनाइएका शब्द हाललाई नेपाली रूपमा स्वीकार गर्नुपरेको छ । बालकृष्ण पोखरेल समेत (सं.)– पूर्ववत् ।

[12] क) नेपाल र भारतका विभिन्न भाषा र बोलीबाट हाम्रो भाषामा आएका शब्दहरू देशज हुन् । राजनारायण प्रधान र जगत् क्षेत्री-- पूर्ववत्, पृष्ठ-- ११ ।

ख) स्वदेशी (देशज) भन्नाले नेपालभर बोलिने भाषाहरूबाट नेपालीमा तत्सम र तद्भव रूपमा चलेका शब्दलाई भनिन्छ । विष्णुगोपाल रिसाल र शिवगोपाल रिसाल– पूर्ववत्, पृष्ठ– १८ ।

ग) देशज-- जो हाम्रो देशमा प्रचलित विभिन्न भाषाका बोलीबाट लिइएका छन् र तिनीहरूको व्याकरणसम्बन्धी व्युत्पत्ति देखिँदैन । हर्षनाथ शर्मा-- पूर्ववत् ।

विरोधाभासपूर्ण हुनुका साथै भ्रमपूर्ण पनि प्रतीत हुन्छ, किनभने परम्परागत रूपमा मानिइआएको वर्गीकरणलाई आज आएर सम्भावनाका दृष्टिले हेर्नु र सैद्धान्तिक रूपमा मानिसकेपछि त्यसलाई व्यवहारमा प्रयोग नगर्नु अन्तर्विरोधका लक्षण हुन् भने देशज वा ठर्रा शब्दहरूलाई मौलिक र आगन्तुक दुवै प्रकारका शब्द हुन सक्ने भनेर स्वीकार गरेपछि मौलिक शब्दमा तत्सम, तद्भव र देशज तीन वर्ग भनेर भन्नु त्रुटिपूर्ण वर्गीकरण हो। जहाँसम्म ठर्रा (देशज) शब्दहरूको वर्गीकरणको प्रश्न छ, यो सैद्धान्तिक दृष्टिले कमजोर हुँदै गएको तथ्य प्रायः व्याकरणकार र भाषाशास्त्रीहरूले स्वीकार गर्न थालिरहेका छन्। किनभने हिजोसम्म ठर्रा (देशज) मानिइआएका शब्द नयाँ नयाँ खोज र अनुसन्धानले गर्दा विभिन्न स्रोतबाट आएका रहेछन् भन्ने तथ्य उद्घाटित हुँदै गइरहेको छ। यति भएर पनि शब्दभण्डारको वर्गीकरणमा एउटा ठूलो वर्ग व्युत्पत्तिविहीन शब्दहरूको फेला पर्दछ, जसलाई नेपाली वृहत् शब्दकोशमा पनि 'हाललाई नेपाली रूपमा स्वीकार गरिएको' छ। तिनलाई ठर्रा (देशज) वर्गका रूपमा ठाउँ नदिई सुखै छैन। यति मात्र होइन, ठर्रा शब्दहरूको वर्गमा अनुकरणात्मक शब्दहरू पनि पर्दछन्। अनुकरणात्मक शब्दहरू अज्ञात व्युत्पत्तिक होइनन् तापनि यिनीहरूको व्युत्पत्ति अरू शब्दसरह स्रोतका आधारमा दिन सकिँदैन। यिनीहरू हरेक भाषामा ध्वनि या गतिको अनुकरणका आधारमा स्वतः निर्मित हुन्छन्। यस प्रकार अनुकरणात्मक शब्दहरूलाई ध्वनि या अक्षरको साम्यका आधारमा अरू भाषाबाट आएका भन्नुभन्दा हरेक भाषामा स्वतः निर्मित मान्ने प्रवृत्ति आधुनिक भाषाशास्त्रीहरूमा पनि पाइन्छ।[१३] यी दुई प्रकृतिका शब्दहरू बाहेक लोक–व्यवहारमा स्वतः विकसित शब्दहरू पनि ठर्रा शब्दअन्तर्गत पर्दछन्। हुनत यस्ता स्वतः विकसित शब्दहरूको उदाहरण दिनु अत्यन्त गाह्रो छ तथापि कुनै पूर्व आधार विना नयाँ शब्दहरूको निर्माण हुन सक्ने सम्भावनालाई पूर्णतः नकार्न नसकिने हुँदा शब्दहरूको वर्गीकरणमा स्वतः विकसित वर्गको पनि चर्चा गर्नु आवश्यक देखा पर्दछ। यस प्रकार नेपालीका ठर्रा (देशज)

---

१३. क) अनुकरणात्मक देशज शब्द– नेपाली भाषाका निजी सम्पदा हुन्। राजनारायण प्रधान र जगत् क्षेत्री– पूर्ववत्, पृष्ठ– ११।

ख) अनुकरणात्मक शब्दको मूलमा ध्वनि-अनुकरणभन्दा अरू कुनै आधार हुँदैन। तसर्थ ध्वनि-अनुकरणात्मक शब्दचाहिँ ती संस्कृतका हुन् या कालान्तरमा हिन्दी आदि भाषामा बनेका हुन्, देशजको स्वतः विकसित हुने अर्थलाई सार्थक बनाउँछन्। डा. पूर्णसिंह डबास-- हिन्दी में देशज शब्द, नालन्दा प्रकाशन, नई दिल्ली (१९८०), पृष्ठ-- ७६।

शब्दहरूको वर्गमा अज्ञात व्युत्पत्तिक, अनुकरणात्मक तथा स्वतः विकसित शब्दहरू पर्दछन् ।

## १०. नेपाली शब्दभण्डारको अभिवृद्धिका उपायहरू

नेपाली शब्दभण्डारभित्र रहेका विभिन्न स्रोतका शब्दहरूको वर्गीकरण र विश्लेषणका पश्चात् नेपाली शब्दभण्डारले थुप्रै थुप्रै शब्द अरू भाषाबाट ग्रहण गरेको रहेछ भन्ने तथ्य प्रामाणिक रूपमा उद्घाटित हुन्छ । नेपाली भाषाले मात्र होइन, विश्वका हरेक उन्नत र विकासशील भाषाले विभिन्न स्रोतबाट शब्दग्रहण गर्दछन्, तर यस सम्बन्धमा विचार पुऱ्याउनुपर्ने कुरा के देखिन्छ भने यसरी सापट लिइएका शब्दहरूले भाषाको मौलिक स्वरूपलाई बिथोल्न दिनु हुँदैन र आफ्नै परम्पराका शब्दहरू छँदाछँदै आगन्तुक स्रोतबाट शब्द ग्रहण गर्नु पनि हुँदैन । नेपाली भाषाको शब्दभण्डारको अभिवृद्धिमाथि विचार गर्दा पनि हामीले प्रथमतः यिनै कुरामा विचार पुऱ्याउनुपर्ने हुन्छ । तसर्थ यहाँ पनि नेपाली शब्दभण्डारका तीन स्रोत– मौलिक, आगन्तुक र स्थानीय शब्दहरूको ग्रहणका सम्बन्धमा छोटो विवेचन गरिएको छ ।

क) मौलिक स्रोतबाट शब्दग्रहण— नेपाली भाषा संस्कृतबाट विकसित भाषा भएको हुँदा संस्कृत, प्राकृत र अपभ्रंश भाषाहरूलाई नेपालीको मौलिक स्रोत मानिएको हो । नेपाली शब्दभण्डारमा यिनै मौलिक परम्पराका शब्दहरू नै ८०% देखि ९०% सम्म रहेको अनुमान हुन्छ । तर आज एउटै स्रोतबाट शब्दहरू ग्रहण गरेर मात्र नेपाली शब्दभण्डारको अभिवृद्धि तथा नेपाली भाषाको अभिव्यक्ति क्षमताको द्रुततर विकास हुन सक्ने देखिँदैन । संस्कृत भाषा आध्यात्मिक विषयवस्तुले परिपूर्ण देखिए तापनि आधुनिक ज्ञान-विज्ञानसँग सम्बद्ध भौतिक पक्षका शब्दहरू संस्कृत भाषामै पनि दुर्लभ देखिन्छन् । यस स्थितिमा नेपाली भाषाले प्राविधिक तथा पारिभाषिक शब्दावलीहरूका निम्ति मौलिक स्रोतमा मात्र के कति निर्भर रहन सक्तछ भन्ने प्रश्न विचारणीय देखा पर्दछ । हुनत हरेक प्राविधिक शब्दलाई संस्कृत–व्युत्पत्तिअनुसार नयाँ शब्द निर्माण गरेर रूपान्तर प्रस्तुत गर्ने परिपाटी पनि प्रबल नै पाइन्छ, तर हरेक शब्दको रूपान्तर प्रस्तुत गर्न खोज्दा संस्कृत–स्रोतबाट निर्मित शब्दले मूल शब्दको अर्थ वहन गर्न नसकी व्यवहारमा आगन्तुक शब्द नै प्रचलित रहिरहेको तथ्य पनि हाम्रा सामु देखापरिरहेछ । यति मात्र नभएर प्राविधिक क्षेत्रका शब्दावली अंग्रेजीका मात्र शब्द नभएर अन्तर्राष्ट्रिय शब्दावली नै भएको हुँदा विश्वका अन्य कतिपय भाषाले तिनै शब्दलाई यथावत् स्वीकार गरेजस्तै नेपाली भाषाले पनि ग्रहण गर्न सक्छ

भन्ने धारणाको विकासले गर्दा पनि मौलिक स्रोतबाट शब्दग्रहण गर्ने परिपाटीलाई नियन्त्रित गर्न खोज्दछ। यति भएर पनि नेपाली शब्दभण्डारले आजसम्म आगन्तुक शब्दहरूलाई यथावत् स्वीकार नगरी सकेसम्म मौलिक परम्परामा नै ढाल्ने प्रयास गर्दै आइरहेको छ र आगन्तुक शब्द नै स्वीकार गर्नुपरे तापनि, अत्यन्त सोची विचारीकन, ती शब्द साधारण नेपाली जनजीवनमा पनि भिजिसकेका भए मात्र ग्रहण गरेको छ। नेपाली भाषाको मौलिक स्वरूपको रक्षा गर्नका निम्ति यही परिपाटीलाई नै कायम राख्नु आवश्यक देखिन्छ। यति भएर पनि यहाँ भनिहाल्नु पर्ने कुरा के देखिन्छ भने संस्कृत–स्रोतबाट ग्रहण गरिएका शब्दहरूलाई पनि ध्वन्यात्मक एवं अर्थतात्त्विक दृष्टिबाट नेपाली भाषाको प्रकृतिअनुकूल बनाउने प्रयास गरिनुपर्दछ, यसो गरिएन भने हाम्रा लागि संस्कृत–स्रोतकै शब्द पनि आगन्तुक शब्दभन्दा जटिल लाग्न सक्तछन् र हामीले संस्कृतलाई नेपाली शब्दभण्डारको मूलस्रोत मान्ने परिपाटीमाथि नै विचार गर्नुपर्ने परिस्थिति सिर्जना हुन सक्तछ।

ख) आगन्तुक स्रोतबाट शब्दग्रहण— नेपाली शब्दभण्डारमा विभिन्न भाषाका आगन्तुक शब्द फेला पर्ने तथ्यमाथिको वर्गीकरणले स्पष्ट पारिसकेको छ तापनि आजचाहिँ हाम्रा निम्ति अंग्रेजी भाषा नै मूल आगन्तुक स्रोतका रूपमा देखापरिरहेको छ। अंग्रेजी भाषा आजको विश्वमा अन्तर्राष्ट्रिय भाषाका रूपमा विकसित भइरहेको र हाम्रो सामान्य शैक्षिक परम्परामा पनि अंग्रेजीलाई विशेष प्राथमिकता दिइआएको हुँदा सामान्य नेपाली जनजीवनमा पनि अंग्रेजी शब्द पर्याप्त मात्रामा थपिदैछन् भने विज्ञान तथा प्रविधिका क्षेत्रमा अंग्रेजी शब्दावली नै अन्तर्राष्ट्रिय शब्दावलीका रूपमा विकसित भइआएको हुँदा नेपाली भाषामा पनि तिनै शब्दलाई ग्रहण गर्नुपर्दछ भन्ने धारणाको विकासले गर्दा पनि अंग्रेजी भाषा नेपालीको मूल आगन्तुक स्रोत बन्न पुगिरहेको छ। तर यस सम्बन्धमा विचार गर्नुपर्ने कुरा के देखिन्छ भने नेपाली भाषाले यसभन्दा अघि पनि एकपटक फारसी शब्दावलीलाई अन्तर्राष्ट्रिय शब्दावली मानेर ग्रहण गरेको थियो। तर आज आएर तिनै उर्दू–फारसी शब्दहरूलाई पनि मौलिक परम्परामा रूपान्तर गर्ने परिपाटी हामीकहाँ चलिरहेछ र यो प्रक्रिया हाम्रा लागि स्वाभाविक पनि बन्न थालेको छ। तर यो प्रक्रिया शताब्दियौंपछि प्रारम्भ भएको हुँदा हामी चाहेर पनि सम्पूर्ण फारसी शब्दहरूलाई नेपालीमा रूपान्तर गर्न नसक्ने स्थितिमा पुगिसकेका छौं, किनकि ती शब्द हाम्रो भाषामा नङ र मासुजस्तै अभिन्न हुन पुगिसकेका छन्। यसबाट के कुरो प्रमाणित हुन पुग्दछ भने अन्तर्राष्ट्रिय भाषा वा शब्दावलीको तात्पर्य भाषाविशेषको गुण नभएर शासनसत्ताको शक्ति र प्रभावको

कुरा रहेछ । यस स्थितिमा अंग्रेजीलाई अन्तर्राष्ट्रिय शब्दावली मानेर तिनै शब्दलाई यथावत् चलाउनुपर्छ भन्ने धारणा हाम्रा निम्ति स्वीकार्य हुन सक्तैन । अंग्रेजी, ग्रीक र ल्याटीन भाषाबाट वैज्ञानिक शब्दावली निर्माण गरिएजस्तै हामी पनि आफ्नै मौलिक संस्कृत–स्रोतबाट शब्दनिर्माण गर्न सक्तछौं, तर पनि यसअघि नै भनेजस्तै– स्वाभाविक रूपमा जनजीवनमा भिज्न पुगिसकेका अंग्रेजीका वा अरू भाषाका पनि आगन्तुक शब्दहरूलाई चाहिँ हामीले वाध्य भएर स्वीकार गर्नैपर्दछ, किनकि यी शब्द हामीले भाषाको आवश्यकताअनुसार समयमै आफ्नो मौलिक परम्पराबाट पर्यायवाची शब्द दिन नसकेका कारणले जनजीवनमा घुलमिल भइसकेका हुन् । जुनसुकै भाषाका भए तापनि तिनलाई चाहिँ यथावत् स्वीकार गर्नैपर्दछ ।

ग) स्थानीय शब्दको स्तरीकरण— शब्दभण्डारको अभिवृद्धिको तेस्रो उपाय स्थानीय शब्दको स्तरीकरण हो । यस प्रकारका शब्द जनजीवनमा घुलमिल भइसकेका हुनुका साथै नेपाली भाषाको प्रकृतिमा नै निर्मित भएका हुँदा यस प्रकारका शब्दलाई स्तरीकरण गर्दा नेपाली भाषाको मौलिक रूप अझ बढी मौलिक हुन सक्तछ, तथापि यी शब्द परम्परागत कुनै अर्थमा रूढ भइसकेका हुने हुँदा नयाँ पारिभाषिक अर्थमा विस्तारित गर्नुचाहिँ कठिन हुन्छ । तैपनि सकेसम्म यस प्रकारका शब्दहरूलाई स्तरीकरण गर्ने प्रक्रियालाई पहिलो प्राथमिकता दिनु अत्यन्त आवश्यक देखापर्दछ ।

## ११. निष्कर्ष

नेपाली शब्दभण्डारको विस्तृत वर्गीकरण तथा सूक्ष्म विश्लेषणपछि निष्कर्षका रूपमा के भन्न सकिन्छ भने यसमा संस्कृतमूलका मौलिक शब्दहरूका साथै विभिन्न भाषाबाट आएका आगन्तुक शब्दहरू र स्थानीय जनजीवनमा प्रचलित ठर्रा शब्दहरूको पनि संयुक्त रूपमा मिश्रण पाइन्छ । आज हामीले नेपाली शब्दभण्डारको अभिवृद्धिका सम्बन्धमा सोच्दा पनि यिनै स्रोतहरूलाई स्थान दिनु आवश्यक हुन्छ । प्रथमतः स्थानीय जनजीवनमा प्रचलित ठर्रा शब्दलाई प्राथमिकता दिने र नयाँ शब्दको निर्माण गर्दा पनि सकेसम्म आफ्नै मौलिक परम्पराअनुसार निर्माण गर्नुपर्दछ । यसपछि मात्र विभिन्न भाषाबाट आउने शब्दहरूलाई स्थान दिनुपर्दछ । यसरी आगन्तुक शब्दहरूलाई ग्रहण गर्दा आफ्नो भाषाको मौलिकतामाथि प्रभाव पार्न भने दिनु हुँदैन ।

□

# नेपाली शब्दभण्डार

भिक्टर प्रधान

## १. भाषामा शब्दको स्थान

कुनै पनि भाषामा शब्द प्राणतत्त्वका रूपमा रहेको हुन्छ । शब्दद्वारा नै भाषामा सम्प्रेषणको कार्य मूलरूपमा भइरहेको हुन्छ भने भाषामा व्याकरणका नाना रूप र नियम, शब्दसमूहलाई व्यवस्थित ढङ्गबाट सम्प्रेषणीय तुल्याउन प्रयुक्त हुन्छन् । तोते-बोलीका बालकले आफ्नो सीमित ज्ञानराशिमा सञ्चित दुई–चार मूल शब्दकै बलले पनि बाल–सुलभ भावको ग्रहण र अभिव्यक्तिको कार्य पूर्ण गरेकोबाट शब्द नै भाषाको प्राण वा प्रमेय तत्त्व हो भन्ने कुरा स्पष्ट हुन्छ । यसै सन्दर्भमा 'ज्ञान उनिएको जस्तै रहेको हुन्छ जुन सबै शब्दद्वारा स्पष्ट हुन्छ' (अनुबद्धमिदं ज्ञानं सर्वं शब्देन भासते) भन्ने भर्तृहरिको उक्ति पनि उत्तिकै स्मरणीय छ । तर मान्छेको विकसित मस्तिष्कमा अनुभूत सूक्ष्म ज्ञान र मिहीन भावको पूर्ण वा कुशल अभिव्यक्तिका निम्ति मूल शब्दको मात्र जत्रोसुकै विशद राशि पनि अपूर्ण वा अक्षम हुन जान्छ र यसै क्रममा भाषालाई सूक्ष्म अभिव्यञ्जनशील र समृद्धिशाली तुल्याउन व्याकरणका नाना पक्षसितै शब्दनिर्माणका विविध पद्धतिको विशेष भूमिका रहन्छ ।

## २. नेपाली भाषामा शब्दभण्डारको स्थिति

पहिले पहिले मनका मिही–मसिना भावको साहित्यिक, आकर्षक वा प्रभावकारी अभिव्यक्तिका निम्ति नेपाली भाषा सक्षम नभएको अनुभव गरिन्थ्यो । नेपाली साहित्यको आधुनिक कालको प्रारम्भिक समयसम्म पनि नेपाली साहित्य-सृजन प्रति हेय दृष्टि राख्ने शिक्षित वर्गहरू (संस्कृत र अंग्रेजीबाज) पर्याप्त थिए भन्ने सुनिन्छ भने अहिले यस्तो स्थितिबाट नेपाली भाषा र साहित्य धेरै मात्रामा मुक्त भइसके तापनि अझै यसले बेग्लै किसिमको स्थितिको सामना गर्नु परिरहेको छ । नेपाली भाषा क्रमशः समृद्धिशाली हुँदै आइरहेको छ तथापि आजको

विश्वमा भइरहेको वैज्ञानिक प्रगतिको द्रुतगतिलाई भेट्टाउन सकिने गतिमा नेपाली भाषाको शब्दभण्डारको वृद्धि हुन नसकेको अनुभव सर्वत्र गरिन्छ। यो गुनासो धेरै हदसम्म सत्य पनि छ तथा राष्ट्रिय शिक्षा–पद्धति लागू हुनाका साथ यसले नेपालको राष्ट्रभाषा नेपालीलाई दिएको यथोचित स्थान र प्रोत्साहनलाई दृष्टिगत गर्दा नेपाली भाषालाई निकट भविष्यमै नेपालभित्र सबै विषयको अध्ययन–अध्यापन गर्न गराउन सक्ने तुल्याउने राष्ट्रिय शिक्षा–पद्धतिको लक्ष्य निकै उत्साहवर्धक र प्रशंसनीय अनुभव गरिएको थियो, तर यस दिशातर्फ देखा परेका शिथिलता वा असफलतामा नेपाली शब्दभण्डारको कमीको तीव्र गुनासोसित कार्यकारण–सम्बन्ध छ भन्ने कुरा पनि विर्सन सकिन्न।

नेपाली भाषामा मूलतः ३ प्रकारका शब्दहरू पाइन्छन्—

१) नेपाली मूल शब्द अर्थात् ठर्रा वा ठेट नेपाली शब्द।

२) माउभाषा संस्कृतबाट ग्रहण गरिएका तत्सम र तद्भव शब्द।

३) नेपालभित्रका अन्य भाषा तथा विदेशका विभिन्न भाषाबाट लिइएका आगन्तुक शब्द।

यी सबै प्रकारका शब्दहरूबाट व्याकरणगत नियमअनुसार उपसर्ग, प्रत्यय वा परसर्ग, समास र द्वित्व प्रक्रियाद्वारा व्युत्पन्न शब्दहरूको निर्माण हुन्छ।

यस प्रकार नेपाली शब्दभण्डारको वृद्धि गर्नाका निमित्त तीन प्रकारका मूल शब्दस्रोत र चार प्रकारका व्युत्पन्न शब्द–निर्माण–पद्धति हुँदाहुँदै पनि नेपालीमा ज्ञानविज्ञानका कतिपय अर्थ वहन गर्ने मूल शब्दको अभाव र नवागन्तुक शब्दमा व्युत्पत्तिको समस्या बढ्दो रूपमा देखा परेको छ। त्यससम्बन्धी केही चर्चा तल गरिनेछ।

हाल नेपालीमा दुई किसिमले शब्दवृद्धि हुँदै गएको पाइन्छ—

१) जनजिब्रोले आफ्नो सम्पर्कमा रहेका भाषाबाट शब्द टिप्ने वा अनुकरण गर्ने क्रममा।

२) आवश्यकतानुसार नयाँ शब्द आधिकारिक वा अनौपचारिक रूपमा निर्माण गर्ने क्रममा।

## ३. कोशभित्र शब्द हराउने स्थिति

अहिले नेपालीमा शब्दकोशको नितान्त अभाव छ भन्ने वेला छैन, तर हाल प्राप्य नेपाली शब्दकोशहरूमा मनग्गे सन्तुष्ट रहन पनि सकिन्न। वस्तुतः अहिले प्राप्य नेपाली शब्दकोशका रूप प्रायः एकै प्रकारका छन्। ती शब्दकोश (नेपाली-

बाट नेपाली अर्थका शब्दकोश) अत्यन्त ध्यान दिई पाठ्यपुस्तक वा अन्य पाठ्य सामग्री पढ्ने पढैया विद्यार्थी वा शिक्षार्थीलाई मात्र ध्यानमा राखेर बनाइए झैं प्रतीत हुन्छन्, जसले पाठ्य सामग्रीमा प्रयोग भएका आफूले नबुझेका शब्दहरू कोशमा हेर्ने गर्दछ । भनाइको तात्पर्य के हो भने कुनै पनि सृजनशील वा उत्सुक व्यक्तिले आफूलाई अज्ञात शब्दको जानकारी लिन चाह्यो भने नेपाली शब्दकोशहरू सहायक हुँदैनन् । यसलाई एउटा शब्दको उदाहरणद्वारा स्पष्ट गर्न सकिन्छ । नेपालीमा शिरदेखि पाउसम्मका विभिन्न अङ्ग प्रत्यङ्गमा उम्रने रौंका भिन्दाभिन्दै नाम छन्, यो कुरा सबैलाई थाहा छ । तर ती सबै किसिमका रौंका नाम भने सबैलाई थाहा नहुन सक्छ । यस स्थितिमा कसैले नाकको प्वालभित्र उम्रने रौं वा खुट्टाका औंलामाथि उम्रने रौंलाई के भनिन्छ भनेर जानकारी हासिल गर्न चाह्यो भने नेपाली शब्दकोशलाई शुरूदेखि शब्द फेला नपरून्जेल धैर्यपूर्वक पल्टाउदै जानुपर्ने हुन्छ । यसरी शब्दकोशभित्र रहेका शब्दहरू पनि आवश्यक भएको वेला प्रयोग गर्न नसकिने स्थिति छ ।

## ४. ठर्रा नेपाली शब्दहरू हराउँदै जाने स्थिति

लेख्य नेपाली भाषाको बढी प्रयोगसँग नेपाली भाषाको स्तरीकरण पनि हुँदै गएको छ । तर लेख्य नेपाली भाषाले मिही–मसिना भाव तथा ज्ञान–विज्ञानका तथ्य प्रभृतिको लिखित अभिव्यक्तिका क्रममा संस्कृत र अन्य भाषा (मूलतः अंग्रेजी) शब्दहरूको बढी प्रयोगले गर्दा कथ्य रूपमा मात्र बाँचेका कतिपय ठर्रा नेपाली शब्दहरूको क्रमशः लोप हुने स्थितिको सृजना भएको छ ।

## ५. पुराना शब्द विस्मरणको समस्या

नेपाली भाषामा शब्दहरूको कमीको अनुभव गर्दै सम्पन्न संस्कृत वा अंग्रेजी लगायत अन्य भाषाबाट शब्दग्रहण गर्ने अथवा नयाँ शब्दनिर्माण गर्ने क्रममा पुरानो नेपालीमा प्रचलित अर्थात् पहिलेदेखि नै नेपालीले पचाइसकेका आगन्तुक, तत्सम वा तद्भव शब्दको लोप हुने स्थिति पनि अंशतः देखिन्छ । उदाहरणार्थ दर्जी वा टेलर नवागन्तुक शब्दको अत्यधिक प्रयोगले 'सुजिकार' शब्दको लोप होला जस्तो देखिन्छ, यस्तै स्थिति 'पारी' शब्दको प्रयोगले 'किनारी' शब्दको पनि भएको छ । यस्तो स्थिति प्रायः अनावश्यक रूपमा ग्रहण गरिएका नवागन्तुक शब्दहरूको बढिरहेको प्रयोग–प्रियताले सिर्जन गरेको पाइन्छ । भाषिक विकासका नाममा यस्तो स्थिति आउनु पनि राम्रो होइन ।

## ६. झर्रा नेपाली शब्दको समस्या

नेपाली शब्दभण्डार अत्यन्त दरिद्र छैन, यसका अत्यन्त मीठा, मधुरा, मौलिक वा ठेट शब्दहरू पनि पर्याप्त छन् यद्यपि त्यसको अभिलेख सुलभ छैन। तर अत्यधिक चलनचल्तीमा रहेका यस्ता शब्दहरूबाटै पनि लैना भैंसी दुहेजस्तो दुहुन सकिने स्थिति छैन। यस भनाइको तात्पर्य हो नेपालीको माउभाषा संस्कृतमा शब्दनिर्माण प्रक्रियाको जुन समृद्धिशाली रूप छ त्यसको तुलनामा नेपाली भाषाको शब्दनिर्माण–परिपाटी चिचिलै अवस्थामा छ भन्ने कुरा सर्वविदित छ। अतः संस्कृत भाषाका सन्दर्भमा 'एकै शब्दलाई सम्यक् तवरले प्रयोग गर्न जान्नु स्वर्गलोकको कामधेनु दुहुनु जस्तै हो' (एकः शब्दः सम्यक् ज्ञातः सम्प्रयुक्तः स्वर्गलोके कामदुघ् भवति) भन्ने पतञ्जलिको उक्ति अत्यन्त सार्थक हो र यो कथन सबै भाषामा केही न केही मात्रामा लागू हुन्छ भने नेपाली भाषाका सन्दर्भमा पनि दुहुना कतिको दुधालु हो भन्ने प्रश्न खडा हुन्छ। भन्न खोजिएको कुरा के हो भने नेपालीका मौलिक अर्थात् झर्रा शब्द र नेपालीले आफ्नै जस्तो गरी पचाइसकेका आगन्तुक एवं तद्भव शब्दहरूबाट आवश्यकताअनुसार नयाँ शब्दनिर्माण गर्ने नियम दुरूह अथवा अलचिलो भएको हुनाले पनि नेपाली भाषालाई शब्ददारिद्र्यको अवस्था पार गर्न किञ्चित् गाह्रो भइरहेको प्रतीत हुन्छ। यस स्थितिलाई एउटा शब्दका उदाहरणद्वारा स्पष्ट गर्न सकिन्छ। कोरल्नु क्रियापद नेपालीको झर्रो शब्द हो। कोरल्नुबाट अति अति स्वाभाविक नेपाली भाषाभाषी जिब्रो वा ध्वनिअनुसार कोरलिनु व्युत्पन्न शब्दनिर्माण हुन सक्छ, अरू शब्दको निर्माण त्यति सरल छैन। पोथी पन्छीले ओथारो बस्ने र बच्चा कोरल्ने जस्तो प्रकृतिप्रदत्त प्रक्रियामा सीमित युगसम्म 'कोरल्नु' नेपाली शब्द पर्याप्त वा सम्पन्न नै थियो, तर युगले पल्टाबाजी खायो र अब यन्त्र वा कलले बच्चा कोरल्ने युग आयो। अतः अब अंग्रेजीका इन्क्युबेशन वा इन्क्युबेटर आदि शब्दहरूको नेपाली रूपको आवश्यकता महशूस हुन थाल्यो। अनि नेपाली जिब्रोमा त्यति अभ्यस्त नभए पनि 'कोरलाइ' जस्ता शब्दको निर्माण गरिएको पाइन्छ जसको उच्चारण त्यति सरल र बनोट त्यति स्वाभाविक झैं प्रतीत हुँदैन। तर कोरल्नुका 'कोरलिनु' वा 'कोरलाइ' जस्ता दुई–चार व्युत्पन्न शब्दबाट मात्रै पनि पर्याप्तता झल्कँदैन। यस सन्दर्भमा म एउटा घटना सम्झन्छु। वि. सं. २०३६ सालका चिकित्साशास्त्रका एक विद्यार्थीलाई इन्क्युबेटर शब्दको नेपाली रूपको आवश्यकता पर्‍यो जसको नेपाली रूप कोरल्ने यन्त्र, कोरल्ने मशिन वा कोरल्ने कल हुन सक्छ। तर ती जेहनदार विद्यार्थी महोदय (जसको नामको सम्झना मलाई छैन) ले कोरल्नु जस्तो मीठो झर्रो शब्दमा मशिन वा यन्त्र जस्ता आगन्तुक वा तत्सम शब्द जोड्न चाहेनन् र कल जस्तो आजको स्तरीय नेपालीमा

बिस्तारै प्रयोग हुन छाडिँदै गएको शब्द पनि जोड्न चाहेनन् । वस्तुतः उनी इन्क्युबेटरको अर्थबोधक कोरल्नु जत्तिकै उपयुक्त एउटै व्युत्पन्न शब्दको खोजीमा थिए । अन्ततः उनलाई तथ्याङ्कशास्त्रका शिक्षक चित्रबहादुर गुरुङ्गले ठट्टैमा 'कोरलक' शब्द प्रयोग गर्ने प्रस्ताव राखे । यो प्रस्ताव विद्यार्थीलाई मन पऱ्यो र शायद उनले यस शब्दको प्रयोग पनि गरे होलान् । तर दुःखको कुरा के हो भने नेपाली व्याकरणले ठर्रा वा आगन्तुक शब्दमा संस्कृत प्रत्यय लगाउने अनुमति प्रायः दिदैंन र 'कोरल्नु' जस्तो ठर्रा शब्दको व्युत्पन्न–प्रजननका निम्ति संकुचन भएको पाउँदा भाषिक दृष्टिले दुःख लाग्नु स्वाभाविक हो । एकपल्ट यस घटनाको चर्चा गर्दा नेपाली व्याकरणका विद्वान् कृष्णप्रसाद पराजुलीले कोरलकभन्दा कोरलाहा शब्द बढी उपयुक्त हुने सुझाव मलाई दिनुभएको कुरा पनि म यहाँ स्मरण गर्न चाहन्छु । जे होस्, नेपाली ठर्रा, आगन्तुक र तद्भव शब्दहरूमा प्रजननशीलताको समस्या छ र नेपाली भाषाले प्रजननशीलताका निम्ति बढी मात्रामा तत्सम शब्दको मुखापेक्षी हुनुपरेको पाइन्छ । तर माथिका उदाहरणबाट, कोशिश गरेमा नेपाली शब्दमा पनि आवश्यकतानुसार व्युत्पन्न प्रजजनको क्षमता अंशतः रहेको कुरा स्पष्ट हुन्छ ।

## ७. नवागन्तुक शब्दहरूको समस्या

नेपालीका पुराना आगन्तुक शब्दहरूले आफ्नो निश्चित रूप वा ढाँचा बनाइसकेका छन् । तर हाल नेपालीका नवागन्तुक शब्दहरू अत्यधिक मात्रामा अंग्रेजीबाट आएका छन् र त्यस्ता शब्दहरूको प्रयोग शिक्षित कहलाइएका नेपालीहरूबाट अनावश्यक रूपमा पनि गरिएको पाइन्छ भने शिक्षित कहलिएका नेपालीहरूकै प्रभावमा परेर अशिक्षित वा अल्पशिक्षित नेपालीहरू पनि अनावश्यक रूपमा नवागन्तुक शब्दहरूको प्रयोग गर्छन् ।

अनावश्यक रूपमा प्रयुक्त नवागन्तुक शब्द नै नेपाली भाषाको एउटा समस्या हो भने अनावश्यक रूपले र तीव्र आवश्यकता बोधले वरण गरिएका दुवै किसिमका नवागन्तुक शब्दहरूबाट व्युत्पादन वा प्रजननको समस्या जटिल छ । वस्तुतः नवागन्तुक शब्दमा पनि नेपाली वा संस्कृत प्रत्यय जोड्ने अनुमति व्याकरणले नदिएको हुँदा व्युत्पादनको समस्या चर्को देखा परेको छ । आवश्यकता–बोधका साथ ग्रहण गरिएको नवागन्तुक शब्दहरूबाट के कस्ता व्युत्पन्न शब्दहरू बनाउने भन्नेबारे आधिकारिक रूपमा पनि सोच्न सकिएला, तर जनजिब्रोले ग्रहण गरेका नवागन्तुक शब्दमा त्यस्तो चिन्तन पनि सम्भव हुँदैन । यसलाई पनि एउटा उदाहरणद्वारा स्पष्ट गर्न सकिन्छ । अत्यन्त चालु राजपथको बीचमा पर्ने सबै स्तरका नेपालीहरूको जमघट हुन सक्ने एक रेष्टुराँमा एक मित्र अर्को मित्रलाई

कुनै खाद्य पदार्थ खान अनुरोध गर्दै थिए। पछिल्लाले खान इन्कार गरिरहेका थिए भने अघिल्ला अनुरोधकले कर गर्दै भनेको मैले सुनें– 'असाध्यै टेस्टिलो छ खाई त हेर।' यही 'टेस्टिलो' शब्द मैले यहाँ समस्याको रूपमा लिएको छु। यदि यो शब्द शिक्षित कहलाइएको व्यक्तिले प्रयोग गरेको भए अवश्यै 'टेस्टिलो' नभनेर 'टेस्टफुल' भन्ने थियो होला जुन नेपाली वाक्यमा झन् खट्कन्छ, तर टेस्टिलो शब्द नेपाली वाक्यमा सुहाए झैं प्रतीत भए पनि त्यस्तो शब्दलाई स्तरीय नेपालीले स्वीकारचाहिं गर्दैन। नेपाली भाषाले टेस्ट शब्दलाई नवागन्तुक शब्दका रूपमा स्वीकारे पनि टेस्टफुल शब्दलाई कदापि अँगाल्न सक्दैन भने नवागन्तुक 'टेस्ट' शब्दबाट कसरी व्युत्पन्न गर्ने भन्ने ठूलो समस्या पर्छ किनभने यदि नवागन्तुक शब्दबाट व्युत्पन्न हुन सक्दैन भने एकलकाँटे नवागन्तुक शब्दहरूको आयात वा पैठारी मात्रले नेपाली शब्दभण्डारलाई कतिसम्म धनी तुल्याउला र भविष्यमा नेपाली भाषाको स्वरूप कस्तो बनाउला ?

## ८. भएका शब्दको त्याग र नयाँ शब्दनिर्माणको खोज

नेपालीमा कतिपय शब्दहरू अनावश्यक रूपमा विदेशी भाषाबाट ग्रहण गरिएको पनि पाइन्छ र यस्तो स्थिति कथ्य नेपालीमा अधिक मात्रामा छ भन्ने कुरा भरखरै माथि चर्चा गरिएको छ। तर त्यस्ता शब्दहरूका अतिरिक्त अनावश्यक रूपमा नयाँ शब्दको खोजीको चंगुलमा परेको उदाहरण पनि यदाकदा फेला पर्छ। यसको टड्कारो उदाहरणका रूपमा 'शाखा अधिकृत' शब्दलाई लिन सकिन्छ। नेपालको प्रशासनिक दक्षताका निम्ति प्रशासनिक प्रक्रियामा केही परिवर्तन गर्ने क्रममा सुब्बा जस्तो प्रचलित पदबोधक शब्द छँदाछँदै अंग्रेजीबाट सेक्सन अफिसर भन्ने शब्द नेपालीमा भित्र्याइयो र केही समयपछि मात्र नेपालीमै पदहरूको नामकरण गर्ने शुभ विचारले सेक्सन अफिसरको नेपाली रूपान्तरणका रूपमा शाखा अधिकृत भन्ने शब्द पहिल्याइयो। वस्तुतः प्रशासनिक दक्षताका निम्ति पदको नामको मात्र परिवर्तन खास केही पनि होइन भने प्रथमतः अंग्रेजी शब्द-ग्रहण तत्पश्चात् अंग्रेजी शब्दको प्रभावमा चलनचल्तीको नेपाली शब्दको त्याग गर्दै नयाँ नेपाली रूपान्तरणको खोजीमा दिलचस्पी दिनु पनि शब्दभण्डारको वृद्धिका दृष्टिले जगदेखि बलियो वा समृद्धिशाली हुने रीति होइन किनभने एकातिर सेक्सन अफिसरको नेपाली रूपान्तरणका निम्ति पूर्णतः तत्सम शब्दहरूको अवलम्बन गरिएको छ भने अर्कोतिर नायब सुब्बा पद श्री ५ को सरकारको कार्यालयहरूमा अझ कायम छ र श्री ५ महाराजाधिराजका सचिवालयमा सुब्बा र मीर सुब्बा पदहरू दर्जाका रूपमा अद्यावधि यथावत् छन्।

यसरी पहिले विदेशी शब्दको व्यापक वरण र तत्पश्चात् नेपाली शब्दको खोजी गर्ने परिपाटीले गर्दा पनि अनावश्यक रूपमा विदेशी शब्द र त्यसको नेपाली रूपान्तरण दुवै नेपाली भाषामा प्रचलित हुन गएको पाइन्छ ; जस्तै–कर्पोरेशन र निगम ।

## ६. विदेशी भाषाप्रतिको मोह

नेपाली भाषामा कतिपय शब्दहरू अनावश्यक रूपमा विदेशी भाषाबाट ग्रहण गरिएको अनुभव बढ्दो छ भन्ने कुरा माथि ठाउँठाउँमा चर्चा भइसकेको छ । तर आजको युगअनुरूप कतिपय शब्दहरूचाहिँ विदेशी भाषाबाट यथावत् नलिई पनि नहुने छन् । परन्तु यस्ता शब्दहरूमध्ये यदि मिल्दोजुल्दो नेपाली शब्दबाट नयाँ अर्थबोध गराउन वा नयाँ अर्थमा नयाँ शब्द व्युत्पन्न गर्न सकिए तापनि त्यतातिर प्रवृत्त नभई सजिलैसित विदेशी शब्दग्रहण गर्ने परिपाटी नेपाली भाषामा बढ्दो पाइन्छ ।

यस सन्दर्भमा उदाहरणका निम्ति माइक शब्दलाई प्रस्तुत गर्न सकिन्छ, जुन रास्रैसित नेपाली भाषाले ग्रहण गरिसकेको छ र यसको उपयुक्त नेपाली रूप बनाउने क्रममा कसै कसैले 'ध्वनि–बिस्तारक यन्त्र' जस्ता शब्द बनाए भन्ने पनि सुनिन्छ । वस्तुतः माइकको ध्वनि–विस्तारक यन्त्र भन्ने शब्द बनाएकै खण्डमा पनि यो केवल संस्कृतमुखी मात्र बन्ने होइन यसबाट अन्य व्युत्पन्न शब्द बनाउन पनि उत्तिकै कठिन हुन्छ र माइकसितै नेपालीमा भित्रिएको माइकिङ जस्ता शब्दका निम्ति फेरि के भन्ने ? समस्या यथावत् रहन्छ । अप्रजननशील शब्दले नेपाली शब्दभण्डारको वृद्धि गर्नाका निम्ति खास धेरै मद्दत पुऱ्याउँदैन भन्ने कुराको संकेत माथि बारंबार गरिसकिएको छ । यस परिस्थितिमा माइकलाई नेपाली जनजिब्रोले यदाकदा ढ्वाङ भन्न खोजेको पनि पाइन्छ भन्ने कुरा बिर्सनु हुन्न । तर शिक्षित नेपालीले माइकलाई ढ्वाङ भन्नुपर्दा अनुभव गर्ने हीनताभासले गर्दा नै ढ्वाङले माइकको नेपाली रूप पूर्णतः प्राप्त गर्न सकेन र यो अशिक्षित जनजिब्रोको असफल प्रयास मात्र रहन गयो । ढ्वाङ शब्दको प्रयोगमा यदि हीनताबोध नगर्ने हो भने यो माइकको उपयुक्त नेपाली बन्न सक्छ र ढ्वाङबाट ढ्वाङनु, ढ्वाङाइ वा ढ्वाङहा जस्ता व्युत्पत्ति त्यति सुलभ वा युक्तिसङ्गत नदेखिए तापनि ढ्वाङबाट व्युत्पन्न प्रजनन गर्नाका निम्ति नेपाली भाषामा प्रचलित टुक्का 'ढ्वाङ फुक्नु' को सहारा लिन सकिन्छ जसबाट ढ्वाङ फुकाइ जस्ता शब्द सरल तरीकाले बनाउन सकिन्छ । यस्तो प्रयोगले 'ढ्वाङ फुक्नु' टुक्काको व्यङ्ग्यार्थमा अभिधार्थको पनि थप अर्थविस्तार हुन्छ ।

## १०. संस्कृतप्रति अनावश्यक मोह

क) नेपाली शिक्षित समाजमा अंग्रेजी शब्दको प्रयोग नगरिँदा किञ्चित् हीनताको बोध गरिन्छ भन्ने कुराको संकेत भर्खरै माथि गरियो । त्यसको ठीक विपरीत अंग्रेजी शब्दको अत्यधिक प्रयोगले नेपाली भाषाको रूप बिगार्दछ भन्ने सचेत वर्गले पनि सचेत रूपमा संस्कृत भाषाप्रति अधिक मोह प्रकट गरिदिएको पाइन्छ । यसलाई उदाहरणद्वारा स्पष्ट गर्नु नै राम्रो होला । 'ब्ल्याक बोर्ड' को नेपाली रूपान्तर 'कालोपाटी' बनाइयो । तर कतिपय संस्कृत–प्रिय विद्वान्‌हरूले कालोपाटीलाई श्यामपाटी भन्ने गरेको पनि पाइन्छ । 'श्यामपाटी' लाई स्वीकार गर्न सकिन्छ भने 'कृष्णपाटी' लाई किन स्वीकार नगर्ने ? त्यति मात्र होइन अचेल ग्रीन बोर्ड पनि आइसकेको छ र त्यस अनुरूप हरियोपाटी वा हरितपाटी आदि नाना शब्द पनि प्रयोगमा आउनेछन् । वस्तुतः मेरो भनाइ के हो भने कालोपाटी अथवा त्योभन्दा उपयुक्त भित्तेपाटी जस्ता शब्दलाई निश्चित पारिभाषिक अर्थ दिइसकेपछि श्यामपाटी, कृष्णपाटी जस्ता मनचिन्ते शब्दलाई पारिभाषिक शब्दको स्थानापन्न रूपमा प्रयोग गरिनु हुन्न । अझ ग्रीन बोर्ड आयो भन्दैमा हरियोपाटी शब्दको निर्माण नै पनि खास आवश्यक हुँदैन । तर यहाँ के कुरा स्पष्ट गर्नु राम्रो होला भने श्यामपाटी शब्दलाई नकार्नुको अर्थ श्याम वा कृष्ण शब्दलाई कालो भन्ने अर्थमा स्वतन्त्र प्रयोग गर्नामा पनि विरोध गरिएको चाहिँ होइन । श्यामपाटीलाई यदि स्तरीय नेपालीले स्वीकार गर्ने हो भने कृष्णपाटीलाई पनि स्वीकार गर्नुपर्ने मात्र होइन 'भित्ते घडी' लाई 'दिवाल घडी' भनिएको पनि सहर्ष सकार्नुपर्छ ।

ख) सम्पन्न संस्कृत भाषाबाट आवश्यकताअनुसार सजिलै नयाँ शब्दग्रहण गर्न सकिने अथवा नयाँ शब्दको निर्माण गर्न सकिने भएकोले आजको युगअनुरूपका यूरोपेली भाषाका शब्दको रूप चाहिँदा संस्कृत तत्सम शब्द वा शब्दयोगबाट काम चलाउने प्रवृत्ति पनि बढेको छ । संस्कृत तत्सम शब्दबाट शब्दनिर्माण गर्दैमा नेपाली भाषामा पूर्णतः स्वीकृत हुन सक्दैन भन्ने कुरा 'वारुण यन्त्र' जस्ता शब्दले स्पष्ट देखाएकै छ जसको नामकरण दमकल (फायर ब्रिगेड) को नेपाल आगमन सँगसँगै नै भएको हो अर्थात् निगमजस्ता अंग्रेजी रूपको व्यापक प्रचलनपछि बनाइएको नेपाली रूप होइन । यस्तै समस्या 'दिवाभोज' जस्ता शब्दमा पनि छ जसको प्रयोग औपचारिक रूपमा बाहेक हुने गर्दैन । अतः औपचारिक वा आधिकारिक रूपमा निर्माण गरिएका नेपाली शब्दहरूको व्यवहारमा प्रयोग हुन नसक्ने समस्या पनि अंशतः छ ।

ग) नेपाली भाषाको माउभाषा संस्कृत भएको हुनाले संस्कृत नेपाली वा

अनेपाली शब्दलाई पनि संस्कृत नै सम्झी त्यस शब्दको संस्कृतसित मिल्दोजुल्दो रूपको व्युत्पत्ति–संकेत गरी अर्थ व्याख्या गर्ने प्रवृत्तिले कतिपय नेपाली वा अनेपाली शब्दको खास रूपमा परिवर्तन हुन गएको पाइन्छ जसले गर्दा नेपालीमा भित्रिन सकिने वा नेपालीका ठर्रा शब्द विकृत भई संस्कृतमय हुन गएको पाइन्छ। उदाहरणार्थ 'कमलाक्षी' लाई लिन सकिन्छ। कमलाक्षीको खास नाम कमलाछी हो जसको पूर्वरूप इतिहासविद् भुवनलाल प्रधानका अनुसार 'कःमिलाछी' हो। तर अचेल कमलाछी शब्दको संस्कृत व्युत्पत्तिको अड्कलबाजी गरी कमलाक्षी प्रयोग गर्न थालिएको छ।

## ११. शब्दकोशमा शब्दको दोहोरो रखाइ वा प्रवेशको व्यवस्था

नेपाली शब्दकोशहरूमा आवश्यकताअनुसार शब्दहरूको दोहोरो–तेहोरो प्रवेशको व्यवस्था भएमा पाठकले चाहेका भावार्थका शब्द शब्दकोशमा सजिलै फेला पार्नेछ र यसबाट पाठकहरूको निजी शब्द भण्डारको वृद्धिमा ठूलो मद्दत हुनाका साथै अप्रचलित वा विस्मृत शब्दहरूको पुनः चलनचल्तीका निम्ति पनि सघाउ पुग्नेछ।

## १२. शब्दहरूको खोजी

नेपाली भाषामा विस्मृत हुन लागेका पुराना शब्द र अझै कथ्य भाषामा मात्र प्रचलित रहेका नेपाली शब्दहरूको व्यापक खोजी भयो भने मात्र पनि अझै केही प्रतिशत शब्दहरू नेपालीमा वृद्धि हुने देखिन्छ।

## १३. व्युत्पन्न शब्दनिर्माणका निम्ति लचिलो व्यवस्था

नेपालीमा नवागन्तुक शब्दहरूका रूपमा भित्रिएका नयाँ शब्द र पहिलादेखि प्रचलित आगन्तुक शब्दहरूबाट व्युत्पन्न शब्दनिर्माण गर्ने प्रक्रियालाई केही लचिलो बनाइयो भने विदेशी भाषाको बढ्दो प्रभावलाई निकै हदसम्म मत्थर गर्न सकिन्छ। यस सन्दर्भमा त्रिभुवन विश्वविद्यालयका नेपाली विषयका शिक्षकहरूको प्रथम राष्ट्रिय अधिवेशन (२०३४) मा प्रस्तुत एक कार्यपत्रमा भानुभक्त पोखरेलको– 'आगन्तुक शब्दहरूको व्युत्पत्ति खोज्नु अनावश्यक र कष्टसाध्य हुनाका साथै नेपाली भाषाको मर्मबोधमा तात्त्विक आन्तरिक सहायता पनि उति नमिल्ने हुनाले सबै आगन्तुक शब्द मूल नभए पनि नेपाली सन्दर्भमा सुगमताको लागि ज्यूँकात्यूँ प्रयोगमा आएका आगन्तुक जतिलाई मूल शब्द मान्ने र तद्भव

रूपमा आएका आगन्तुकलाई नेपाली व्युत्पन्न शब्दअन्तर्गत पारी त्यसअनुसारको नियममा बाँध्ने'–भन्ने सल्लाहकै सहायता लिंदै यहाँ के सुझाव प्रस्तुत गर्न सकिन्छ भने प्रजननशील नभएका आगन्तुक शब्दले नेपाली शब्दभण्डारको वृद्धिमा खास ठूलो योगदान नदिने भएको हुनाले आगन्तुक शब्दहरूलाई नेपाली शब्द सरह मानी त्यसैका नियमअनुसार व्युत्पन्न शब्दको निर्माण गर्नु बढी उपयुक्त देखिन्छ ।

## १४. नयाँ शब्दनिर्माणका निम्ति नेपाली शब्दमै विशेष जोड

नेपाली भाषामा शब्दभण्डार बढाउनाका निम्ति व्युत्पन्न शब्दनिर्माण गर्ने परिपाटीलाई बलियो, लचिलो र समृद्ध बनाउनुपर्ने कुरा स्वतः सिद्ध छ। अतः नयाँ शब्दको आवश्यकता पर्दा भरसक नेपाली झर्रा वा नेपालीमा पूर्वप्रचलित आगन्तुक र तद्भव शब्दहरूबाटै प्रजनन वा अर्थविस्तार गरी नयाँ शब्दनिर्माण वा अर्थबोध गर्ने गरेमा पनि शब्दहरूको खोजीमा संस्कृत वा अंग्रेजी भाषाकै मात्र अवलम्बन गर्नुपर्ने बाध्यतामा केही सुधार आउला र यसो गर्दा नेपाली भाषाको मौलिकता पनि धेरै हदसम्म कायम रहन्छ ।

## १५. नयाँ शब्दको खोजीका क्रममा स्वदेशी भाषाको पनि सहारा लिने

नेपालीमा संस्कृत तत्सम शब्दहरूकै योगबाट मात्र शब्दनिर्माण गर्दा कहिलेकहीं व्यवहारग्राह्य नभएको पनि पाइन्छ भने नयाँ शब्दको खोजी गर्दा नेपाली भाषासित निकट सम्बन्ध भएका स्वदेशी भाषाहरूमा उपयुक्त र ग्राह्य शब्द छन् भने त्यस्ता शब्दलाई नेपालीले अँगालेमा नेपाली भाषाले आफ्नो विशिष्ट रूप निर्माण गर्दै जानाका साथै धनी पनि हुँदै जानेछ भन्ने आशा गर्न सकिन्छ । यस सन्दर्भमा नेपाली भाषालाई स्वदेशी, छिमेकी भाषाले धेरै पहिलादेखि नै शब्दविनिमय गरी मद्दत गर्दै आएका हुन् भन्ने कुरा बिर्सनु हुन्न । अतः आधिकारिक रूपमा शब्दनिर्माण गरिंदा स्वदेशी, छिमेकी भाषाबाट शब्दग्रहण गर्ने परम्परामा दृष्टि पर्ने नगरेको भए त्यतातिर दृष्टि दिनु लाभप्रद नै होला ।

## १६. विदेशी भाषाको अनावश्यक प्रभाव रोक्ने अभियान

नेपाली भाषालाई आजको प्रतिपल विकासमुखी विश्वका कुरामा अभिव्यक्तिशील तुल्याउन विदेशी भाषाका शब्दग्रहण गर्नुपर्ने सत्यतालाई स्वीकार्दास्वीकार्दै पनि नेपाली भाषामा अनावश्यक किसिमले बढिरहेको विदेशी भाषाको प्रभाव

रोक्न व्यापक अभियान चलाउनुपर्ने देखिन्छ । यस सन्दर्भमा हाल यसबारे छापाखाना र पत्रपत्रिकासित सम्बद्ध व्यक्तिहरूलाई सचेत गराउन सके उपयुक्त हुने देखिन्छ भने नेपाली शब्द मात्र प्रयोग गरेर नेपाली बोल्दा अनुभव गरिने हीनत्वबोधको मानसिक धारणामा बिस्तारैं परिवर्तन कसरी ल्याउने भन्नेतिर पनि उचित दृष्टि दिँदै गर्नुपर्ने देखिन्छ ।

## १७. पुराना तत्सम शब्दहरूलाई तद्भवमा परिणत गर्ने

नेपालीमा अति धेरै प्रचलित भइसकेका तत्सम शब्दहरूलाई बिस्तारैं तद्भवका रूपमा परिणत गर्दै गएमा अल्पशिक्षित वा विद्यार्थी प्रभृति वर्गलाई नेपाली वर्णविन्यास वा हिज्जेजस्ता कुरामा ज्ञान हासिल गर्नामा सजिलो पर्न गई नेपाली भाषाको लेखाइमा गल्तीका मात्रा घट्न जानाका साथै व्यक्तिको निजी शब्दभण्डारको वृद्धिमा पनि केही मद्दत पुग्नेछ । तर नयाँ प्रयोगमा आएका तत्सम शब्दलाई भने तत्समकैं रूपमा रहन दिनुपर्नेछ किनभने नयाँ ग्रहण गरिएका अप्रचलित वा अप्ठ्यारा-गाह्रा तत्सम शब्दलाई ठ्वाट्ट तद्भवमा परिणत गर्दा अर्थबोधमा बाधा पर्न सक्छ ।

□

# नेपालीको शब्दभण्डार

भूपहरि पौडेल

## १. शब्दको दार्शनिक पृष्ठभूमि

विश्वमा कुनै पनि कुराको अनुसन्धान गर्दा प्रमाणलाई प्रमुख स्थान दिएको पाइन्छ। शब्दहरूको प्रयोग गर्दा पनि प्रामाणिकतालाई महत्त्व दिइन्छ। अझ विशेष गरी दार्शनिक र वैज्ञानिकहरू तौलेर मात्र शब्दको प्रयोग गर्छन्। व्याकरणमा पनि शब्दप्रयोगको सन्दर्भमा निकै ख्याल राख्नुपर्ने हुन्छ। दार्शनिकहरूले प्रमाणलाई यसरी हेरेका छन्—

प्रमाता चेतन शुद्धः प्रमाणं वृत्तिरेव च।
प्रमार्थाकारवृत्तीनां चेतने प्रतिबिम्बितम्॥
प्रतिबिम्बितवृत्तीनां विषयो मेय उच्यते।
वृत्तयः साक्षिभाष्याः स्युः कारणस्थानपेक्षणात्॥

प्रमाता (म अर्थात् कर्ता) जो चेतन र शुद्ध छ, प्रमाणवृत्तिको प्रमा अर्थाकार वृत्ति हुन्छ, प्रमेय प्रतिबिम्बित वृत्तिको विषय हुन्छ। यसबाट प्रमातालाई मुख्य प्रमाणको रूपमा लिइएको छ। किनभने शब्दको उच्चारण कुनै व्यक्तिविशेषबाट मात्र हुन सक्छ, त्यसैले वक्ता या लेखकलाई नै शब्दप्रमाणको मुख्य स्रोत मान्न सकिन्छ। शब्दको उच्चारणमा वक्ता र श्रोताको प्रत्यक्ष सम्बन्ध हुन्छ। यसरी सृष्टिको प्रारम्भदेखि नै शब्द र सृष्टिको सम्बन्ध प्रगाढ रूपमा भएको तथ्य शास्त्रहरूमा पाइएको छ। दार्शनिकहरूमा शब्दब्रह्म मान्ने र शब्दतत्त्व अक्षर परब्रह्मकै विवर्त भावमा जगत्को निर्माण मान्नेहरूको मतमा शब्दको स्थान महत्त्वपूर्ण छ। उपनिषद्मा भनिएको छ– सर्वं ह्येतत् ब्रह्मायमात्मा ब्रह्म, सोऽयमात्मा चतुष्पात्' (माण्डूक्योपनिषद्– २) यो सबै ॐकार अक्षर मात्र हो, त्यही यो ब्रह्म हो, त्यो यो प्रत्यगात्मा ब्रह्म ॐकाररूप पर र अपर रूपले चारै पाउ भएर सर्वस्वरूप भएको छ। अ, उ, म र बिन्दु भएर विश्वादिको उत्तरोत्तर प्रविलय गर्दै दार्शनिकहरूले तुरीय परब्रह्ममा कारणात्मा प्राज्ञरूप मकारको लीनता गराई

नित्य मुक्त विज्ञानस्वरूप उपाधिहीन निर्मल परब्रह्म आफैंलाई भावना गर्दछन्। प्राप्त गर्नुपर्ने अपरब्रह्म र केवल साक्षात्कार हुने परब्रह्म पनि ॐकार अक्षर हो। यही शब्दतत्त्वबाट जगत्देखि लिएर परब्रह्मसम्म दर्शाइएको छ। कठोपनिषद्को द्वितीय वल्लीको ५१६ औं मन्त्रमा भनिएको पनि छ—

एतद्ध्येवाक्षरं ब्रह्म एतद्ध्येवाक्षरं परम्।
एतद्ध्येवाक्षरं ज्ञात्वा यो यदिच्छति तस्य तत्॥

यो ॐ शब्द नै परब्रह्म हो र यो अक्षर नै परब्रह्म हो। यो अक्षरलाई जानेर नै जे जसले इच्छा गर्दछ त्यो नै त्यसको हुन्छ।

शब्दतत्त्व अनादि मान्ने दार्शनिकहरूले त्यही शब्दको विकास वैदिक र लौकिक भाषाहरू भएकाले भाषाको मूलतत्त्व एक मानेका छन्। मूलतत्त्वबाट निकसित हुँदै भाषा–परिवारका अनेक वृक्षहरू बन्दै त्यसमा पनि प्रत्येक परिवार-वृक्षका अनेक शाखाहरू बन्दै शाखाहरूमा एक अर्काको सम्मिश्रण कारणवशले हुँदै बोली वा भाषा भिन्न भिन्न रूपमा प्रचलनमा आएको छ। हाम्रो नेपाली भाषा सबभन्दा पहिले जुन बनोटको हुँदो हो त्यसले पनि अवश्य कालक्रमले अनेक भाषा नदीहरूको सम्पर्कमा आई आफ्नो बनोटलाई विकसित पार्दै ल्याएको छ।[1]

दार्शनिकहरूले मुख्य रूपमा शब्दप्रमाणका तीन आधारभूत कुराहरू तयार पारेका छन्। प्रत्यक्ष प्रमाण, अनुमान प्रमाण र शब्दप्रमाण। बाँकी उपमित्यादि तीन प्रकरणको अन्तर्भाव प्रत्यक्ष, अनुमान र शब्दमै हुन्छ। अन्नम्भट्टले शब्दको लक्षण गरी भेद समेत छुट्ट्याएका छन्।

'श्रोत्रग्राह्यो गुणः शब्दः। आकाशमात्रवृत्तिः। स द्विविधः। ध्वन्यात्मको वर्णात्मकश्च। तत्र ध्वन्यात्मको भेर्यादौ। वर्णात्मकः संस्कृतभाषादि रूपः।[2]

जसको गुण कानबाट प्रत्यक्ष हुन्छ त्यसैलाई शब्द भनिन्छ। त्यो शब्द केवल आकाशमा मात्र रहन्छ। त्यही शब्द पनि दुई किसिमको हुन्छ— ध्वन्यात्मक र वर्णात्मक। मृदङ्गादि बाजाहरूबाट आउने आवाजलाई ध्वन्यात्मक शब्द भनिन्छ र मुखबाट उच्चरित शब्दलाई वर्णात्मक शब्द भनिन्छ।

दर्शनवेत्ताहरूको विचारमा शब्द नै ब्रह्म हो। वेदान्त–दर्शनले यो संसारलाई झूटो भनी प्रमाणित गरेको छ।

---

१. गोपालनिधि तिवारी : नेपाली भाषाको बनोट र त्यसको प्रयोग, नेपाली भाषा अधिगोष्ठी २०३३ (विवृत्ति) पृष्ठ ५१, ५२।

२. श्री मदन्नम्भट्ट : तर्कसंग्रह, श्री हरिकृष्ण निबन्धभवनम्, वाराणसी संवत् २०३३, पृष्ठ ३०, ३१।

बढ्दो वर्णनका [illegible] [illegible] मानिसलाई दार्शनिक बन्नमा सहयोग पुऱ्याउँछ । दर्शनले जीवनको वास्तविक स्वरूपलाई देखाइदिन्छ । दर्शन व्याकरण-जस्ता विषयलाई घोक्नमा जोड दिनुपर्छ । दार्शनिक शब्दहरूको आवृत्तिविना दर्शनशास्त्र बुझ्न सकिन्न ।

आवृत्तिः सर्वशास्त्राणां बोधादपि गरीयसी ।

अर्थात् सबै शास्त्रहरूको आवृत्ति गरिरहनु बुझ्ने कोशिश गर्नुभन्दा धेरै गुना बढी श्रेयस्कर देखिन्छ ।

## २. भर्तृहरिको 'वाक्यपदीय' मा शब्दको गरिमा

भाषाध्ययनको इतिहासमा संहिताको पदपाठ सर्वप्रथम प्रयास हो र पदपाठका योजनामा शाकल्य ऋषिको सीप सर्वोपरि मानिन्छ । सन्धि, समास र उदात्त, अनुदात्त तथा स्वरित स्वरका सन्तुलित प्रयोगले प्रस्तुत योजना सम्पन्न हुँदै झाँगिदै गएको हो । आठौं र नवौं शतकसम्ममा विविध प्रकारका शिक्षाग्रन्थहरू निर्मित भइसकेका थिए । यी शिक्षाग्रन्थहरूमा वर्ण, स्वर, मात्रा, उच्चारण र संहितामा नियम आदिको निर्देश गरिएको छ । शिक्षासम्बद्ध सिद्धान्तहरू प्रातिशाख्यमाथि आश्रित छन् । प्रातिशाख्यमा संकेत गरिएका चार प्रकारका पदहरूको निरुक्तमा राम्ररी व्याख्या गरिएको छ । ती चार पद हुन्– नाम, आख्यात, उपसर्ग र निपात । वैदिक शब्दकोश 'निघण्टु' को व्याख्याको रूपमा यास्कले रचेको निरुक्तले महत्त्वपूर्ण भूमिका खेलेको छ ।[३] महाभारतको शान्तिपर्वमा लेखिएको छ कि– विश्वप्रवृत्तिको बीज शब्दात्मा वेदवाणी हो । जस्तो—

अनादिनिधना नित्या वागुत्सृष्टा स्वयम्भुवा ।
आदौ वेदमयी वाणी यतः सर्वाः प्रवृत्तयः ।।

त्रीणि ज्योतीषि, त्रयः प्रकाशाः, योऽयं जातवेदाः, यश्च पुरुषेष्वान्तरः प्रकाशः, यश्च प्रकाशयोः प्रकाशयिता शब्दाख्यः प्रकाशः तत्रेदमुपनिबद्धं स्थास्नु चरिष्णु च ।[४]

अर्थात् तीन ज्योति छन्, तिनका सूर्य, चन्द्र र अग्नि गरी तीन प्रकाश छन्, मानिसभित्र ज्ञान, यी सबैलाई प्रकाशित गर्ने शब्द नाम गरेको प्रकाश छ, त्यसैमा स्थावर जङ्गम आदि आबद्ध छन् ।

---

[३] डिल्लीराम तिमसिना : आधुनिक भाषाविज्ञानका पृष्ठभूमिमा भर्तृहरिको वाक्यपदीय, गरिमा वर्ष १ अङ्क ८, पृष्ठ ९६ ।

[४] हेलाराज पुष्पराजकृत वाक्यपदीय व्याख्या ।

छित्वा कर्पूरखण्डान् वृतिमिह कुरुते कोद्रवाणां समन्तात् ।

शब्द ज्ञान नभएका मानिसको स्थिति कोदो, सिला खोजेर जीवन निर्वाह गर्ने गरीबको जस्तो हुन्छ ।

न सोऽस्ति प्रत्ययो लोके यः शब्दानुगमादृते ।
अनुविद्धमिव ज्ञानं सर्वं शब्देन भासते ।।

यो संसारमा शब्दको आड नलिईकन उभिन सक्ने कुनै ज्ञान छैन । हरेक ज्ञान शब्दमै आश्रित भएर अर्थबोध गराउँछन् ।

शब्देष्वेवाश्रिता शक्तिर्विश्वस्यास्य निबन्धनी ।
यन्नेत्रः प्रतिभात्मायं भेदरूपः प्रतीयते ।।[५]

शब्दशक्ति परमसिद्धिको मूल बाटो हो र थुप्रै शब्दको ज्ञानबाट ब्रह्मप्राप्ति हुन्छ ।

ब्रह्मेदं शब्दनिर्माणं शब्दशक्तिनिबन्धनम् ।
विवृतं सर्वमात्राभ्यस्तास्वेव प्रविलीयते ।।

शब्दज्ञान नै धर्तीको एउटै मात्र अवलम्बन हो । भर्तृहरिका विचारमा शब्द तै संसारको प्रकृति हो ।

अनादिनिधनं ब्रह्म शब्दतत्त्वं यदक्षरम् ।
विवर्ततेर्थभावेन प्रक्रिया जगतो यतः ।।

यो समस्त विश्व शब्दकै परिणति हो ।

शब्दबाटै बनेको ब्रह्म हो र शब्दशक्तिमा समस्त विश्वको उत्पत्ति, विकास र नाश हुन्छ ।

सांख्यदर्शनअनुसार शब्द त्रिगुणात्मक छ । जैनहरूले शब्दलाई पुद्गलजनित मानेका छन् । न्यायदर्शनअनुसार शब्द आकाशको गुण हो । लौकिक व्यवहारमा शब्द नादरूप छ । शिक्षाशास्त्रले वायुरूप शब्दको वर्णन गरेको छ । बौद्धदर्शनमा शब्दलाई अपोह भनिएको छ । व्याकरण दर्शनले मानेका स्फोटरूप शब्दको विशद चर्चा 'वाक्यपदीय' मा गरिएको छ ।[६]

### ३. व्याकरणशास्त्र र भाषाविज्ञानमा शब्दको महत्त्व

शब्दको बारेमा व्याकरणशास्त्रले विशद रूपमा व्याख्या गरेको छ । व्याक-

---

[५] भर्तृहरिकृत 'वाक्यपदीय' बाट ।

[६] डिल्लीराम तिमसिना, ऐजन, पृष्ठ १०२ ।

रणले शब्दको निर्माण गर्दैन । शब्द आफैं बनेको कुरा हो । यसलाई मानिस ठाउँअनुसार प्रयोग गर्छ । मानिसले प्रयोग गरेको शब्द कुन शुद्ध र कुन अशुद्ध देखाइदिने काम व्याकरणले गर्छ ।

मुखं व्याकरणं प्रोक्तं ज्यौतिषं नेत्रमुच्यते ।
शिक्षा घ्राणं तु वेदस्य हस्तौ कल्पान् प्रचक्षते ।।

अर्थात् मुख व्याकरण हो, आँखा ज्यौतिष हो, शिक्षा नाक हो र कल्पलाई वेदको हातको रूपमा लिइएको छ ।

व्याक्रियन्ते व्युत्पाद्यन्ते असाधुशब्देभ्यः साधु शब्दाः पृथक् क्रियन्ते येन तद् व्याकरणम् ।

यसको मतलब के हो भने व्याकरणले नयाँ शब्द बनाएर दिंदैन। तर प्रयोग भएका शब्दहरू शुद्ध बनाएर देखाइदिन्छ ।

त्यसैले अरू शास्त्रको अध्ययन गर्ने अवसर नपाए पनि व्याकरण पढ्नुचाहिं अनिवार्य मानिएको छ ।

यद्यपि बहु नाधीषे तथापि पठ पुत्र व्याकरणम् ।
स्वजनः श्वजनो मा भूत् सकलं शकलं सकृत् शकृत् ।।

यास्कको निरुक्त वैदिक निघण्टु मानिन्छ । अर्थात् निघण्टु नपढीकन वैदिक शब्दको अर्थ लगाउन सकिंदैन । आजसम्मको रचनामा सबैभन्दा पुरानो र कठिन वेद मानिएको छ । वेदको धार्मिक र सांस्कृतिक महत्त्व मात्र छैन कि प्रचुर मात्रामा साहित्यिक महत्त्व पनि अन्तर्निहित छ । यास्कको निरुक्तमा सबैभन्दा छोटकरी र सजिलो पर्ने भएकाले लोकमा व्यवहार गर्नका लागि अर्थलाई शब्दले संकेतित गरेको कुरा भनिएको छ ।

अर्थम् प्रत्याययिष्यामीति शब्दः प्रयुज्यते (महाभाष्य-२।१।१)- अर्थ बुझाउँला भनेर शब्दको प्रयोग गरिन्छ । लौकिकी विवक्षा यत्र प्रायस्य सम्प्रत्ययः (महाभाष्य- ५।१।१ छ) जसमा सबैजसो लोकको अर्थबोध हुन्छ त्यस्तो लौकिक विवक्षालाई (लोकले जुन शब्दले जुन अर्थको विवक्षा गर्छ त्यसै शब्दलाई) व्याकरणले आपनो व्याकर्तव्य भाषा मान्छ ।[७]

शब्दका आधारमा पूर्ववर्ती विद्वान्हरूले सबै विषयको ज्ञान र अनुभव आर्जन गरी मौखिक रूपमा र लिखित रूपमा हामीलाई दिएकोले त्यसैको आधारमा हामी विभिन्न विषयको ज्ञान प्राप्त गर्न सक्छौं । शब्दहरू नभइदिएका भए हामी-

---

[७] शिवराज आचार्य : भाषा र भाषिका, नेपाली भाषा अधिगोष्ठी २०३३, पृष्ठ ३७ ।

लाई ज्ञान दिने शिक्षकहरू मूक रहने थिए र ग्रन्थराशिहरू कागजका ठेलीका रूपमा मात्र रहने थिए । अनि हामी केका आधारमा पूर्वजहरूले उपलब्ध गरेका अनुभव र यस विश्वमा पहिले घटेका र अहिले घटिरहेका घटनाहरूका बारेमा ज्ञान प्राप्त गर्न सक्ने थियौं, केका आधारमा चाहिने कुराको अध्ययन गरी आफ्नो योग्यतालाई उत्तरोत्तर विकसित गराउँदै नयाँ नयाँ खोज र अनुसन्धान गरी अरूको र आ-आफ्नो पनि हित साधना गर्न सक्ने थियौं ?

कुनै पनि ज्ञानलाई हामी शब्दको माध्यमबाट नै प्राप्त गर्छौं र अरूलाई दिन्छौं पनि । मनमा विचार गर्दा पनि हामी शब्दलाई नै माध्यम बनाएर तर्क-वितर्क गर्छौं । कुनै पनि विचार शब्दको आड नपाई खडा हुन सक्तैन । सबै ज्ञान शब्दमा उनिएका छन् । यसै कारणले ज्ञानलाई प्रकाशित गराउने श्रेय एक मात्र शब्दलाई नै छ ।

शब्दरूपी प्रकाशद्वारा प्रकाशित हुने ज्ञानरूपी शरीरको व्याकरण मुख हो । शब्द नै ज्ञानको प्रकाशक हुनाले मुखविना सार्थक शब्द उच्चरित हुन नसकेजस्तै व्याकरणविना शब्दबाट हुने ज्ञानका निमित्त चाहिने कर्ता, कर्म, क्रिया आदिको बोध नहुने र त्यसको ज्ञान नभई वाक्यको अर्थ नखुल्ने हुँदा शब्दजन्य ज्ञानको निमित्त व्याकरणरूपी मुखको सबैभन्दा बढी महत्त्व छ ।[८]

शब्दलाई मुख्य दुई भागमा बाँड्न सकिन्छ रचना र इतिहासका आधारमा । रचनाका आधारमा रूढ, यौगिक र योगरूढ गरी शब्दका तीन भेद मानिएका छन् । इतिहासका आधारमा तत्सम, तद्भव, देशज र विदेशी गरी शब्दलाई चार भागमा बाँडिएको छ । शब्दहरूको विश्लेषण नहोउन्जेल तिनका भेद र उपभेदको व्याख्या हुन सक्तैन ।

## ४. शब्दको साहित्यिक मान्यता

समस्त विश्वमा प्रकाशको उच्च प्रतिष्ठा छ, यसैले अँध्यारोलाई हटाई प्रतिदिन अग्रसम्मान पाइरहेको छ । प्रकाशको श्रेणीमा गनिएका पदार्थहरू पनि व्यवहारमा स्पष्ट हुन अर्को मूल प्रकाशको अपेक्षा राख्तछन् । प्रकाशलाई पनि स्पष्ट प्रकाश हुन साधन बन्ने तत्त्व तिनको ज्ञान हो । ज्ञानविना कस्तै प्रकाश वस्तु पनि अप्रकाशै सरह हुन्छन् । प्रत्यक्ष-परोक्ष र बाहिरी-भित्री समस्त विषयलाई

---

८. रोहिणीप्रसाद भट्टराई : वृहत् नेपाली व्याकरण, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, प्रथम संस्करण २०३३, पृष्ठ २ ।

प्रकाश गर्ने मुख्य ज्योति मानिने शब्द नै हो । यस विषयमा प्राचीन आचार्यले भनेका छन् —

> इदमन्धं तमः कृत्स्नं जायेत भुवनत्रयम् ।
> यदि शब्दाह्वयं ज्योतिरासंसारं न दीप्यते ।[९]

संसारभर शब्दरूप ज्योति नबलेको भए तीनै भुवन निष्पट्ट अँध्यारा हुन्थे । लिखित शब्द पनि सुनिने शब्दकै प्रतिकृति हुन् । शब्दले भाषात्मक वा लेखात्मक दुई रूप लिएर ज्ञानद्वारा प्रकाश दिलाई विश्वको व्यवहारलाई गहकिलो र झलमलाउँदो पारिराखेको छ ।

साहित्यले शब्दको प्रयोगमा विशेष जोड दिएको पाइन्छ । पूर्वीय लक्षण-ग्रन्थकारहरूले एउटै मात्र शब्दलाई राम्रोसँग जानेर प्रयोग गऱ्यो भने सबैभन्दा राम्रो हुन्छ भनी बताएका छन् ।

> एकः शब्दः सुप्रयुक्तः सम्यग् ज्ञातः स्वर्गलोके कामधुक् भवति ।

विद्वान्हरूले शब्दबोधका उपाय थुप्रै बताएका भए पनि यसको प्रमुख आधार व्यवहार नै हो भन्ने कुरालाई सबैले स्वीकार गरेका छन् ।

साहित्यले शब्दको तीन शक्ति मानेको छ अभिधा, लक्षणा र व्यञ्जना । शब्दार्थ सम्बन्ध ज्ञानशक्ति मानिएको छ । कुनै पनि शब्दको घुमाउरो अर्थ नबुझाई सोझो अर्थ बुझाउनुलाई अभिधा भनिन्छ । मुख्य अर्थसँग सम्बन्ध राखेर पनि अमुख्य अर्थ देखाउनु लक्षणा शक्तिको अभिप्राय हो । प्रसिद्ध र अप्रसिद्ध जुनसुकै किसिमको अर्थलाई बुझाउन सक्ने वृत्तिको नाम व्यञ्जना हो ।[१०]

## ५. नेपालीको शब्दभण्डार

नेपालीभाषा संस्कृत र प्राकृतको आड पाएर निकै धनी छ । आजसम्म यसको मौलिक रूपको विस्तृत अनुसन्धान हुन सकेको छैन । तर नेपाली भाषाको वैज्ञानिक अध्ययन गर्ने भाषाशास्त्री बालकृष्ण पोखरेलले नेपाली शब्दढुकुटीलाई सर्वप्रथम मौलिक र आगन्तुक गरी मौलिकका तत्सम, तद्भव, अर्धतत्सम र आगन्तुकका पनि भारोपेली र अभारोपेली गरी छुट्ट्याएका छन् ।[११]

---

९. दण्डी : काव्यादर्श ।

१०. हेमाङ्गराज अधिकारी : पूर्वीय समालोचना–सिद्धान्त, पृष्ठ १३, १५ र २१ ।

११. बालकृष्ण पोखरेल : नेपाली भाषा र साहित्य, पृष्ठ १२२ ।

## ६. समसामयिक सन्दर्भमा कथ्य र लेख्य नेपाली शब्द

भाषा एक–अर्काबीचको विचार–विनिमयको महत्त्वपूर्ण साधन हो । बालकलाई तोतेबोली फुटेदेखि नै शब्दको ज्ञान हुँदै जान्छ । भाषा, साहित्य, संस्कृति, राजनीति र अर्थशास्त्र आदि विषय पनि मानिसकै मनोरम अनुभूतिका सरल, सहज र सबल अभिव्यक्ति हुन् । अब यहाँनेर एउटा प्रश्न उपस्थित हुन्छ– ज्ञान-विज्ञानका हरेक विधाहरू बाह्य अनुसन्धान अनुभव र आन्तरिक हृदयका सहज अभिव्यक्ति हुन् भने यिनीहरूको शब्दभण्डार कसरी बढाउन सकिन्छ र कस्ता शब्दहरूको प्रयोगले कुन विषयमा बढी प्रभाव पार्छ ?

सामान्य रूपमा विचार गर्दा वाङ्मयका हरेक क्षेत्रमा आ–आफ्नै पाराका शब्दहरू प्रयोग हुन्छन् । सम्बन्ध क्षेत्रमा मात्र प्रयोग हुन सक्ने विशेष अर्थ बोकेका शब्दलाई 'प्राविधिक' शब्द भन्ने गरिएको छ । खास गरी राजनीतिक, आर्थिक, धार्मिक, मनोवैज्ञानिक, ऐतिहासिक, भौगोलिक, साहित्यिक र वैज्ञानिक आदि क्षेत्रहरूमा प्राथमिकदेखि उच्च तहसम्म विशेष खालका शब्दहरू प्रयोगमा आएका हुन्छन् । शब्दकै माध्यमबाट मानिसले आफ्नो रुचि र क्षमताअनुसार आर्जन गरेको ज्ञानलाई अरूको समक्ष राख्न समर्थ हुन्छ । वैज्ञानिक, दार्शनिक क्षेत्रमा प्रयोग हुने शब्दहरू भौगोलिक, ऐतिहासिक या साहित्यिक क्षेत्रमा प्रयोग गरियो भने एकदमै अशोभनीय हुन्छ । अहिलेसम्म खास गरी साहित्यिक क्षेत्रमा दुई किसिमका शब्दहरूको प्रयोग हुँदै आएको पाइन्छ । एकथरी साहित्यकारहरूले सारै जटिल शब्दहरू प्रयोग गरेका छन् भने, अर्का थरी साहित्यकारले सरल शब्द प्रयोग गरेका छन् । यसमा गहिरिएर विचार गर्ने हो भने व्यवहारमा प्रयोग हुने लेख्य र कथ्य शब्दहरू सरल हुनुपर्छ । खास गरी तल्लो तहका जनताहरूले व्यवहारमा प्रयोग गर्दै ल्याएको शब्द नै लेख्य रूपमा प्रयोग गर्नु बढी उपयुक्त हुन्छ । जनजिब्रोमा प्रचलित नभएको र शिक्षित व्यक्तिहरूले पनि व्यवहारमा नल्याएका कठिन शब्दहरूको प्रयोगले अभिव्यक्ति कठिन हुन्छ । यस सन्दर्भमा नेपाली साहित्यकै कुरा झिकौं । नेपाली साहित्यलाई संस्कृत, अंग्रेजी र हिन्दी साहित्यको प्रभावबाट जोगाउन एक थरी विद्वान्हरूले झर्रावादी आन्दोलन चलाए । वास्तविक रूपमा सोच्ने हो भने यो एउटा समयको माग थियो । सबै लेखकले यहाँनेर बुझ्नुपर्ने एउटा कुरा के छ भने सरल शब्दको प्रयोगबाटै आफूले व्यक्त गर्न खोजेको अभिव्यक्तिलाई सर्वग्राह्य र प्राञ्जल बनाउन सकिन्छ । नेपाली साहित्यका पाठकहरू सरल भएकाले भानुभक्त, लेखनाथ, लक्ष्मीप्रसाद, गोपालप्रसाद, तारानाथ शर्माका रचनाहरू मन पराउँछन् । अझ यसमा पनि भानुभक्तको रामायण, देवकोटाको मुनामदन, घिमिरेको गौरी, रिमालको आमाको सपना र तारानाथका सबैजसो

कृतिमा सरलभन्दा सरल शब्दको प्रयोग भएको छ र यी कृतिहरू जनग्राह्य हुन पुगेका छन् । अर्थशास्त्र, राजनीतिशास्त्र, भूगोल, मनोविज्ञान, समालोचना आदि जुन विधामा लेखिए पनि सरल शब्दहरूको प्रयोग गर्नुपर्छ । प्रसङ्गवश प्राविधिक शब्द राख्नुपर्ने स्थिति परेमा पादटिप्पणीमा त्यसको सरल शब्दमा बोध गराउनुपर्छ । मानिसमा शब्दभण्डार बढ्नु भनेको सर्वोत्तम सम्पत्तिको अभिवृद्धि हुनु हो । यस वस्तुतथ्यलाई यस सूक्तिले पनि पुष्टि गर्छ—

केयूरा न विभूषयन्ति सततं हारा न चन्द्रोज्ज्वला
न स्नानं न विलेपनं न कुसुमं नालङ्कृता मूर्धजाः ।
वाण्येका समलङ्करोति पुरुषं या संस्कृता धार्यते
क्षीयन्ते खलु भूषणानि शततं वाग्भूषणं भूषणम् ॥

सबै अलङ्कारभन्दा उत्तम अलङ्कार बोली हो, बोली कसरी शुद्ध हुन्छ भने शब्दहरूको विकासले । त्यसैले पर्याप्त शब्दभण्डार नभैकन मानिसले प्रगतिको बाटोमा उक्लिने अवसर पाउन सक्तैन । नेपाली भाषामा एउटा उखान छ— बोल्नेको पीठो पनि बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन । यसको अभिप्राय के हो भने जसले शब्दभण्डारको सञ्चय (विभिन्न विषयसँग सम्बद्ध शब्दहरू) गरेको छ त्यसले कहीं गएर, कस्तै आपत् पर्दा पनि दुःख झेल्नुपर्दैन ।

## ७. शब्दभण्डार कसरी बढाउन सकिन्छ ?

अमरकोषलाई आमा र अष्टाध्यायीलाई बाबु मानिएको छ । 'अमरकोष जगन्माता अष्टाध्यायी जगत्पिता ।' अमरकोष शब्दहरूको संग्रह हो । विद्यार्थीलाई शुरुदेखि नै यो पुस्तक घोकाइन्छ । जसले 'यस्य ज्ञानदयासिन्धो'देखि तीनै काण्ड अमरकोष कण्ठ पारेको छ त्यस मानिसलाई शब्दको खाँचो पर्दैन । संस्कृत मात्र होइन कि नेपाली भाषामा गति बढाउन चाहने मानिसले पनि अमरकोषको अध्ययन गर्नु अत्यावश्यक छ ।

शब्दभण्डार बढाउने दोस्रो उपाय विभिन्न पत्र-पत्रिकाहरूको अध्ययन हो । हरेक पत्रिकाहरू किनेर पढ्ने सावगास नहुने मानिसले एउटै गोरखापत्र, मात्र गहिरिएर पढे पुग्छ । यसमा आर्थिक, सामाजिक, भौगोलिक, ऐतिहासिक, साहित्यिक आदि हरेक विषयमा समाचार, लेख, सम्पादकीय, सामयिक चर्चा आदि छापिन्छन् । यस्ता सामग्रीबाट शब्द प्रयोगबारे जानकारी प्राप्त गर्नुपर्छ ।

आफूले पढेको कुरा उतिनखेरै सारांशमा व्यक्त गर्न सके र त्यसको आधारमा आफ्नो विचार व्यक्त गर्न सके मात्र पढेको सार्थकता हुन्छ । पढ्नुको अर्थ अरूका अगाडि पुस्तक पत्रिकाको थुप्रो लगाउनु र डिग्री लिएका कागजका खोस्टा तेर्स्याउनु

होइन, कुनै पनि विषय प्रभावकारी ढङ्गमा आफ्नै शब्दमा व्यक्त गर्न सक्ने हुनु हो । वास्तविक रूपमा भन्ने हो भने पढाइको आन्तरिक मर्म यसैमा सन्निहित छ ।

## ८. नेपाली शब्दभण्डारको अवस्था

नेपाली भाषा संसारका भाषा–परिवारमध्ये भारोपेली परिवारअन्तर्गत पर्छ । नेपाली भाषामा भारोपेली र अभारोपेली गरी थुप्रै परिवारबाट शब्दहरू आएका छन् । तर अहिलेसम्मको स्थितिमा सयकडा पन्चान्नब्बे प्रतिशत शब्दहरू संस्कृतबाट आएका देखिएका छन् ।

हामीमा आफू भने मेचीदेखि महाकालीसम्म पनि नपुग्ने, अरू चन्द्रमामा पुग्न लागेको भने चकित भएर हेर्ने बानी मात्र बसेको छ । हामीले अरूका ग्रन्थको चश्मा लगाएर नेपाली भाषालाई अविकसित र गरीब भन्न सिकेका छौं । अनि कल्ले भनिदिन्छ नेपाली समृद्ध भाषा हो ? कल्ले बनाइदिन्छ, नेपाली आर्य उपकुलका अरू भाषाभन्दा धेरै पछि छैन– बरु संस्कृतसित यसको निकटतम नातो छ ? हो, नबोल्ने बजुको चामल पनि त बिक्तैन । हाम्रो भाषालाई खोजको आवश्यकता छ । ती शब्द जुन जनजिब्रोमा छन्– तिनको साहित्यमा प्रयोग र प्रचारको आवश्यकता छ । यस दिशातिर हाम्रा भाषाशास्त्री र साहित्यिकहरूले गरेको काम पर्याप्त छैन ।[१२]

हाम्रो प्राणभन्दा प्यारो नेपाली मातृभाषाको शब्दभण्डार भर्नु छ भने संस्कृतका विशाल शब्दभण्डारबाट प्रशस्त शब्दहरू लिनुपर्छ र नेपालका सूदूर पश्चिमी भेगतिर प्रवेश गरी विस्तृत अनुसन्धान गर्नुपर्छ । युग र परिस्थितिको चापमा परेर भाषाका शब्दहरू परिवर्तित हुँदै जान्छन्, तर भाषाका शब्दको स्वरूपको अनुसन्धान गरेर आफ्नो स्वत्व कायम गर्नु पनि उत्तिकै आवश्यक हुन्छ । नेपाली भाषाका शब्दहरू स्तरीय नेपालीमा प्रयोगमा आएका छैनन् र तिनको राम्ररी अध्ययन, अनुसन्धानसमेत हुन सकेको छैन । नेपालीका भाषिकाहरूको अनुसन्धान र अन्वेषण नगरी नेपाली शब्दभण्डारमा पूर्णता नआउने कुरा निश्चित छ ।

□

---

[१२] करुणानिधि 'प्रतिम' : 'संस्कृत–भाषा–लिस्नु' को परिचयबाट ।

# नेपाली भाषामा लिङ्ग–व्यवस्था

अच्युतरमण अधिकारी

यस लेखमा लिङ्गव्यवस्थाको चर्चा संक्षिप्त रूपमा गर्ने जमर्को गरिएको छ र नेपाली, हिन्दी, संस्कृत र अंग्रेजी भाषाका व्याकरणका सन्दर्भमा नेपालीको विवेचना गरिएको छ। नेपाली लिङ्गव्यवस्था बारे छलफल गर्दा नेपालीका तद्भव शब्दलाई नै आधार मानिएको छ। भाषा र व्याकरणका धुरन्धर विद्वान्हरूका समक्ष मैले व्याकरणमाथि पत्र प्रस्तुत गर्नु एउटा धृष्टता मात्र हो भन्ने मलाई लाग्दछ। यसमा भएका अपूर्णता र त्रुटिप्रति क्षमा याचनाका साथ यस पत्रलाई अघि बढाउन अनुमति चाहन्छु।

## १. लिङ्गको परिचय

लिङ्ग शब्दको सामान्य अर्थ निशान, चिह्न, निसानी, बिल्ला, प्रतीक, विभेदक चिह्न, लक्षण र वेशभूषा इत्यादि हुन्छन्। यस पत्रमा परिभाषित लिङ्ग शब्द अन्य सबै अर्थका अतिरिक्त विभेदक चिह्न अथवा पुरुष, स्त्री र जड पदार्थ छुट्याउने चिह्नका रूपमा प्रयोग भएको छ। प्रयोग र प्रसङ्गले अन्य अर्थहरू पनि भेटिएलान् तर नेपाली समाजको सामान्य प्रचलित रूढ अर्थअनुसार पनि लिङ्ग भन्नाले विभेदक चिह्न नै भन्ने बुझिन्छ। प्रस्तुत पत्रमा चर्चा गरिने लिङ्ग विभेदक चिह्न भन्ने अर्थकै लागि हो भन्ने कुरा पनि यहाँ निवेदन गर्न चाहन्छु। जुन व्यवस्थाअनुसार पुरुष, स्त्री, निर्जीव वा जड र द्रव्य भन्ने कुरा स्पष्टसंग छुट्याई प्रयोग गरिन्छ त्यसलाई लिङ्ग भनिन्छ।

## २. नेपाली भाषामा लिङ्गको संख्या

नेपाली भाषा संस्कृत भाषाबाट विकसित भएको भाषा हो। अर्को शब्दमा स्पष्टीकरण दिने हो भने यसको माउभाषा नै संस्कृत भाषा हो। संस्कृत भाषा

यसको मूल भाषा हो तैपनि यसले संस्कृतको मौलिक परम्पराको पालन गर्दै आफ्नो विकास गरेको छ र एउटा उन्नतिशील प्रकृतिको सन्तानको दायित्व पूरा गरेको छ। आफ्नो विकासको क्रममा संस्कृतको परम्पराबाट अघि बढ्दा यसले केही होचो अर्घेली पनि अवश्यै गरेको छ भन्नुपर्दछ। त्यसै कारण यसका कतिपय मौलिक भिन्नताहरू स्वतः विकसित भएर गएका छन्। लिङ्गको दृष्टिले हेर्दा यस भाषामा तोकिएका केवल तीन लिङ्ग छन्: पुलिङ्ग, स्त्रीलिङ्ग र नपुंसक लिङ्ग। तर यसको प्रकृतिचाहिं चार लिङ्गको छ। अप्रत्यक्षरूपमा चार लिङ्गकै व्यवस्था छ र नामकरण पनि चारै लिङ्गको छ।

तर आजसम्मको हाम्रो परम्पराले चार लिङ्गलाई अप्रत्यक्ष रूपमा मात्र स्वीकार गरेको छ। छात्रछात्राहरूलाई शिक्षा दिंदा, कुनै प्रकारको ज्ञानवर्द्धक हाजिरी जवाफ प्रतियोगिता आदि गराउँदा इत्यादि महत्त्वपूर्ण अवस्था र ठाउँमा तीन लिङ्गलाई मात्र मान्ने प्रचलन छ। परम्पराले मानिस, वस्तु, पशुपंक्षी, धार्मिक, मलामी, जन्ती, देउसे, खेताला, गाउँले, शहरिया आदि थुप्रै शब्दको लागि प्रयोग हुने सामान्यलिङ्गको अस्तित्व नै स्वीकार नगरेको देखिन्छ। यसले गर्दा यिनको हालत राष्ट्रका त्यस्ता नागरिकको जस्तो भएको छ जसलाई विदेशी भनी बाहिर पठाउने ठाउँ छैन तर स्वदेशभित्र नागरिकता प्राप्त हुँदैन। स्वदेशी सुकुम्बासी सरह गरी यी सामान्यलिङ्गी शब्दलाई अल्झाएर लिङ्गव्यवस्थामा फाइदा लिनु मात्र होइन यिनको उचित कदरस्वरूप चारै लिङ्गको व्यवस्था गरी नामकरण गरिदिनु उपयुक्त हुन जान्छ। यसो नगर्दा लिङ्गभेदमा निकै अप्ठ्यारो पर्न गएको छ। सित्तैमा उभयलिङ्ग वा सामान्यलिङ्ग मात्र भनेर हुँदैन। या त संस्कृतमा झैं मिलाई अन्य तीन लिङ्गमा राख्ने वा हिन्दीमा झैं दुवै लिङ्गमा कोचकाच गर्ने क्षमता हुन सक्नुपर्‍यो। त्यसो गर्न नेपाली भाषाको प्रकृतिले नै मान्दैन।

## ३. संस्कृत र नेपालीको लिङ्गव्यवस्था

नेपाली संस्कृतकै छोरी भाषा भनी माथि नै पनि भनिएको छ। यसैले संस्कृत र नेपालीको मूल परम्परामा समानता पाइन्छ। संस्कृत भाषामा तीन लिङ्ग छन् जबकि नेपाली भाषामा पनि स्वीकार्य तीनै लिङ्ग मानिन्छन्। नेपाली भाषामा उभयलिङ्ग वा सामान्यलिङ्गलाई स्वीकारका रूपमा ल्याइएको छ जसका लागि प्रत्यक्ष नभए पनि गौण नामकरण र व्यवस्थापन समेत भइसकेको छ। अधिकारी, भण्डारी, उप्रेती, जोशी, जैसी, छेत्री यी उपनाम अथवा जात वा थर बोधक शब्दहरू नेपाली भाषामा दीर्घ ईकारान्त हुने र सामान्यलिङ्गमा पर्ने

हुन्छ । तर तिनै वा त्यस्तै प्रकृतिका उपनाम जात वा थरबोधक शब्द संस्कृत भाषामा ह्रस्व इकारान्त भई प्रयोग हुने र पुलिङ्ग मानिने हुन्छन् । त्यसैले नेपाली भाषामा गौण सक्रिय, सामान्यलिङ्ग संस्कृतमा नितान्त गौण रही त्यसका व्यवस्था पुलिङ्ग र स्त्रीलिङ्गबाट हुन सक्छ । यो भिन्नता संस्कृत र नेपाली भाषामा देखा पर्न आएको छ ।

संस्कृत र नेपाली भाषामा अर्को खास भिन्नता के पनि छ भने नेपाली भाषामा लिङ्गको प्रकृतिअनुसार शब्द बनावटको व्यवस्थामा ह्रस्व वा दीर्घान्त मानिन्छ । भनाइको अर्थ के भने शब्द पुलिङ्गी भए प्रायः ह्रस्व हुन्छ र स्त्रीलिङ्गी भए दीर्घ नै मानिन्छ । नपुंसकलिङ्गी शब्दमा अधिकांश दीर्घान्त मानिने व्यवस्था पनि छ । तर संस्कृत भाषामा शान्ति, शक्ति, भक्ति आदि स्त्रीलिङ्गबोधक शब्दहरू ह्रस्व हुन्छन्– यस्तो प्रकृतिसँग नमिल्दो व्यवस्था पनि संस्कृतमा कतै कतै पाइन्छ । नेपाली भाषामा जस्तै संस्कृत भाषामा पनि पुलिङ्ग ह्रस्वान्त प्रकृतिको र स्त्रीलिङ्ग दीर्घान्त प्रकृतिको नै प्रायः हुन्छ, तर पनि अपवादमा यस्ता केही उदाहरणहरू पाइन्छन् । अझ कलत्रम्, दारा, मित्रम्, वृक्ष आदि शब्दलाई हेर्दा शब्द बनावटको प्रकृति र लिङ्गव्यवस्थामा कता हो कता भिन्नता देखिन आउँछ । नेपाली भाषामा पनि सामान्यलिङ्गको व्यवस्था नहुँदो हो त ठीक संस्कृतको प्रकृतिले लिङ्गव्यवस्था गर्नुपर्ने हुने थियो । यसो गर्दा कतिपय सामान्यलिङ्गी शब्द पुंलिगमा र कतिपय स्त्री तथा नपुंसक लिंगमा पर्न जान्छन् । नेपाली भाषामा नपुंसक लिंग मानिने वृक्ष र पर्वत जस्ता शब्दहरू संस्कृत भाषामा पुंलिगमा पर्दछन् भने लता, नदी, तारा, देवता, विशेषता इत्यादि शब्दहरू स्त्रीलिंगमा पर्दछन् । संस्कृतमा अर्थ नमिल्ने गरी लिंगव्यवस्थाअनुसार स्थापना गरिएको उल्टो प्रकृतिको शब्दलाई सुल्टाएर नेपाली भाषाले अर्को विशेष मौलिकता थपेको छ । लिङ्ग प्रयोग गर्दा विशेष गरी पुंलिग र स्त्रीलिंगमा भिन्नता ल्याउने आधारमा पनि नेपाली र संस्कृतमा आ-आफ्नै किसमको मौलिकता छ । नेपाली भाषामा लिंग छुट्ट्याउने मुख्य आधार कर्तापछि क्रियापद हो तर संस्कृत भाषामा कर्ता वा नाम र सर्वनाम नै लिंग छुट्ट्याउने मुख्य आधार मानिन्छन् । केवल 'सा गता' जस्ता भूतकालिक प्रयोगमा यदाकदा नेपालीसँग प्रकृति मिल्छ अन्यथा 'स गच्छति' 'सा गच्छति' जस्ता वाक्यसँग प्रयोग भएको पुंलिग तथा स्त्रीलिंगबोधक वाक्यको एउटै क्रियापद हेर्दा नेपाली भाषाको र संस्कृत भाषाको प्रवृत्तिमा ठूलो भिन्नता जस्तो देखाउँछ । त्यसै अर्थको प्रयोग नेपाली भाषामा हेर्दा 'त्यो जान्छ' 'त्यो जान्छे' हुन्छ । नेपाली भाषामा एउटै सर्वनाम तर दुई प्रकारका क्रियापद देखिन्छन् । जुन वाक्यमा नामको प्रयोग भएको छ त्यसमा नाम र क्रिया, जुनमा सर्वनामको प्रयोग भएको छ त्यसमा केवल

क्रियापदले नेपाली भाषाका वाक्यव्यवस्थामा लिंगको भिन्नता देखिन्छ । नेपाली भाषामा लिंग छुट्ट्याउने मुख्य आधार क्रियापद हो भने संस्कृत भाषामा नाम र सर्वनाम मुख्य हुन् । संस्कृत र नेपालीका लिंगव्यवस्थाको परम्परामा यस्ता केही मौलिक भिन्नताहरू छन् । नेपाली भाषाको अर्को विशेष किसिमको भिन्नता के छ भने यस भाषाले लिंग योजना गर्दा मानव जातिका सम्बन्धमा मात्र लिंगव्यवस्थाको आधारलाई दृढता र अनुशासित ढंगले पालन गरेको पाइन्छ तर पशुपंक्षी इत्यादिका सम्बन्धमा पुलिंग र स्त्रीलिंगसम्बन्धी अनुशासनलाई दृढतासाथ पालन गरेको छैन । नेपाली भाषामा लिंगव्यवस्था गर्दा केही स्त्रीलिंगी शब्दबाहेक अन्य शब्दमा प्रत्ययका आधारमा लिंग छुट्ट्याउने चलन छैन । बाहुन–बाहुनी, जैसी–जैसिनी, मगर–मगर्नी, धामी–धमिनी इत्यादि शब्दमा पर्ने स्त्रीवाचक शब्दहरू र यस्तै प्रकृतिले बनेका स्त्रीवाचक शब्दहरू प्रत्ययका आधारमा छुट्ट्याइन्छन् । छोरी, गोरी, मोरी जस्ता केही स्त्रीवाचक शब्दहरू अव्युत्पन्न शब्दका रूपमा देखिएका छन् । यी शब्दहरू स्त्रीवाचक शब्द हुंदा दीर्घ ईकारान्त भएर देखिएका छन् ।

### ४. अंग्रेजी र नेपालीको लिङ्गव्यवस्था

संस्कृत, नेपाली, हिन्दी र अंग्रेजी यी चारै भाषा भारोपेली परिवारका हुन् । त्यसैले आजको संसारमा धेरै धेरै विकसित भएर अघि बढ्दा पनि यी भाषाका कैयौं स्वरूपहरू अझै पनि मिल्दाजुल्दा देखिन्छन्– यो सवर्गी गुण मान्नुपर्दछ । एकातिर अपरिवर्तनीय, स्थिर तर सर्वगुण सम्पन्न व्याकरण भएको संस्कृत भाषा छ भने अर्कातिर संसारका धेरै क्षेत्रमा आफ्नो आधिपत्य कायम गरी अत्यन्त विकसित भएर गएको अंग्रेजी भाषा छ । यी दुई भाषा र लिंगव्यवस्था जस्ता केही कुरामा विशेष र ठोस आफ्नोपन र प्रकार भएको दक्षिण एशियाको अत्यन्त समुन्नत भाषामध्येको एक मानिएको भाषा हिन्दी पनि छ, । यी तीन भाषाका व्याकरण र नेपाली भाषाको व्याकरणमा कैयौं कुराहरूमा समानता पाइन्छ । खास गरी अंग्रेजी व्याकरणले नेपालीमा जस्तै तीनै लिंगलाई स्वीकार गरेको छ । जबसम्म सामान्य वा उभय लिंगको प्रश्न छ त्यसमा पनि समान धर्म र अवस्था पाइन्छ । अंग्रेजीमा जसलाई कमन जेण्डर भनिन्छ, त्यसैलाई नेपालीमा सामान्य वा उभयलिंग भनिन्छ ।

अंग्रेजीको लिंगव्यवस्थाअनुसार वाक्य प्रयोग गर्दा निर्णायक भूमिका खेल्ने कर्ता वा कर्ताको सर्वनाम हुन्छ तर नेपाली भाषामा त्यसरी वाक्य प्रयोग गर्दा क्रियापदले निर्णायक भूमिका खेलेको पाइन्छ । जस्तै अंग्रेजीमा Sita went.

She went. Hari went. He went. हुन्छ। यो अंग्रेजी भाषामा पुलिंग होस् वा स्त्रीलिंग दुवैको काम केवल went ले गरेको हुन्छ। नेपाली भाषामा गयो वा गई भनेर पुलिंग र स्त्रीलिंगको छुट्टाछुट्टै व्यवस्था गरिएको छ। यसरी अंग्रेजी भाषा पनि संस्कृत झैं वाक्य प्रयोगमा कर्ताबाट निर्णायक भूमिका खेल्ने भाषाका रूपमा देखा पर्छ। नेपाली भाषामा सीता गई, त्यो आई, राम आयो अनि फेरि ऊ गयो, यस्ता वाक्यहरूद्वारा वाक्यमा पुलिंग र स्त्रीलिंग छुट्टयाउँदा क्रियापदबाट निर्णय लिइन्छ।

अंग्रेजी भाषामा पुलिंगलाई स्त्रीलिंग बनाउँदा लवज बदलेर, लवज थपेर, ess थपेर र शब्दैसमेत बदलेर बनाउने चलन छ। जस्तै Man को Woman, Bull calf को Cow calf, Lion को Lioness र Bachelar को Maid हुन्छ। त्यस्तै शब्द बदलेर बनेका पनि हुन्छन्। यसरी हेर्दा चार प्रकारले लिंग बदल्ने प्रक्रिया त्यस भाषामा छ भने नेपाली भाषामा भएका पाँच प्रकारका स्त्रीवाचक शब्द (१) अप्राणीवाचक (२) स्त्रीप्राणीवाचक (३) स्त्रीप्राणीलाई बताउने जातिवाचक (४) स्त्रीलिंगबोधक ई, इनी, इत्यादि जोडिएर बनेका जात, जाति, थर, पेशा आदि बोधक र (५) स्त्रीलाई बुझाउने अर्को शब्द अगाडि लागि बनेका स्त्रीबोधक शब्दमध्ये चारौं प्रकारका स्त्रीलिंगबोधक शब्दमा स्त्रीत्वबोधक ई, इनी, एनी, नी आदि थपी बनेका हुन्छन्। अरू शब्दहरू स्थायी र नियत छन्। यस्ता केही समानता र मूलभूत भिन्नताहरू नेपाली र अंग्रेजीको लिंगव्यवस्थामा रहेका देखिन्छन्।

### ५. हिन्दी र नेपालीको लिङ्गव्यवस्था

आधुनिक आर्यभाषामध्येको एक भाषा र दक्षिण एशियाको निकै समुन्नत र प्रभावशाली भाषा हिन्दी पनि हो। संस्कृत भाषाकै छोरी भाषा भएर पनि अन्य आधुनिक आर्यभाषा, मूल भाषा संस्कृत र अंग्रेजीका तुलनामा हेर्दा यसको लिंगव्यवस्थाको परम्परा भने बडो विचित्रको देखिन्छ। पुरुष, स्त्री, जड र द्रव्य यी चार तत्वलाई नै आधार मानेर यसको लिंगव्यवस्था भएको हो तर यसले केवल दुई लिंगलाई मात्र स्वीकार गरेको देखता अचम्म लाग्छ। संस्कृत, नेपाली र अन्य भाषामा पुरुष, स्त्री, जड र द्रव्यको प्रकृति हेरी हेरी छुट्टाछुट्टै लिंगव्यवस्था गरी घटीमा पनि तीन तीन लिंगको व्यवस्था त भएकै छ। तर हिन्दी भाषाले जबर्जस्ती नै दुई लिंगभित्र कोचेर जड र द्रव्य पदार्थको स्वायत्ततालाई पर्वाह नगरी दुई लिंगभित्र अटाउने व्यवस्था गऱ्यो। हामी नेपाली भाषामा चार प्रकारका लिंगव्यवस्थाका पक्षमा छौं किनकि यो भाषाको शब्द प्रचलनको परम्परा

र प्रकृति त्यसै प्रकारको छ। अनि अंग्रेजी भाषाको लिंगव्यवस्था पनि हाम्रो भाषासँग मिल्दोजुल्दो छ। तर हिन्दीले केवल २ लिंगमा व्यवस्था गर्न सक्नु एक प्रकारको सरल र क्लिष्ट दुवै मान्नुपर्दछ। सरल यस अर्थमा मानिन्छ– यो भाषाले लिंग व्यवस्थाअनुसार छोटो र प्रभावकारी व्याकरण व्यवस्था गरेको छ। क्लिष्ट यस अर्थमा मानिन्छ कि यो नै शायद दक्षिण एशियाको यस्तो भाषा होला जसमा लिंगसम्बन्धी चोखो प्रयोग गर्न हम्मे हम्मे पर्छ। यसैले भन्नै पर्छ शायद दक्षिण एशियाको सबैभन्दा सरल र सबैभन्दा जटिल भाषा हिन्दी नै होला।

नेपाली भाषामा अर्थप्रकृतिलाई हेरेर पनि लिंग छुट्याउने व्यवस्था छ। अर्थप्रकृति भन्नाले एउटा सामान्यलिंगी शब्द सर्वनाम कर्ताका रूपमा छ भने त्यसलाई क्रिया व्यवस्थाद्वारा छुट्याई लिंग तय गरिन्छ। 'राम जान्छ,' 'ऊ तुरुन्त आउँछ' भन्दा रामका सट्टामा आएको ऊ सामान्यलिंगी शब्द हो। क्रियाका प्रकृतिले अथवा क्रियाले निर्णायक भूमिका खेलेर त्यसको अर्थ स्पष्ट गर्दछ। हिन्दीको पनि वाक्यमा लिंग निर्णयका लागि त्यो पक्ष नेपाली भाषासँग ठ्याम्मै मिल्दछ भने संस्कृतका स्त्रीलिंगी शब्द कर्ता र भूतकालिक क्रियापद भएमा नेपाली तथा हिन्दीसँग प्रकृति मिल्छ अन्यथा संस्कृत पनि त्यसरी मेल खाँदैन। 'सा गता' जस्ता केही वाक्यमा मात्र नेपाली र हिन्दीको प्रकृति मिल्दछ। माथि नै भनिएको छ बहुधा अंग्रेजी र संस्कृतको लिंग निक्यौल गर्ने आधार कर्ता हुन्छ भने नेपाली र हिन्दीको क्रियापद हुन्छ। यद्यपि हिन्दी भाषाको प्रयोगमा केवल दुइ लिंग मानिन्छन् तैपनि हिन्दी व्याकरणकारहरू पुरुष, स्त्री, जड र द्रव्यका आधारमा हुने तीन लिंगको सामान्य प्रकृति नेपाली, अंग्रेजी, मराठी, गुजराती, संस्कृत र अन्य आधुनिक आर्यभाषाको व्यवस्था र मर्यादालाई समेत हेरी तीन लिंग नै स्वीकार गरी आफ्नो भाषाको प्रकृतिगत बाध्यतालाई औंल्याउँछन्। केवल बोलीको प्रकृतिले हिन्दीमा दुई लिंग स्वीकारिएको हो तर शब्दप्रकृति त्यस प्रकारको छैन। शब्दप्रकृतिअनुसार त अंग्रेजी, संस्कृत र अरू आधुनिक आर्यभाषाहरू सरह नै यसको पनि लिंगव्यवस्था हुनुपर्दथ्यो। अब यसै आधारमा नेपाली र हिन्दीका बीचमा अरू भिन्नताहरू कोट्ट्याउन चाहन्छु।

सामान्यतया पुरुष र स्त्री दुई वर्गीकरण त स्वाभाविकै छ र दुवैमा मिल्दा जुल्दा छन्। तर जड र द्रव्यको निर्णयमा हिन्दीको विशेष हठ छ। हिन्दी भाषाले नेपालीमा नपुंसक लिङ्ग मानिने र सामान्यलिङ्ग मानिने प्रायः धेरै शब्दलाई स्त्रीलिङ्गमा परिणत गरेको छ जसका लागि स्त्रीत्व आधार नभएर परम्परा नै आधार मानिएको देखिन्छ। 'पुलिस आती है' भनिन्छ तर त्यो पुलिस भन्ने जात नेपाली भाषामा स्वभावतः समलिङ्गी हुन्छ। अझ पहिले पहिले हो भने त पुलिङ्ग हुन्थ्यो

भने फरक पर्दैन । जुँगामुठे पुलिस र महिला पुलिस दुवैमा 'आती है' हुनु आश्चर्य हो तर नेपालीमा 'पुलिस आउँछ वा आउँछे' हुन्छ। नेपाली भाषामा 'गाडी आउँछ' हुन्छ तर त्यही नपुंसक लिङ्ग प्रयोगलाई हिन्दीमा स्त्रीलिङ्गका रूपमा 'गाडी आती है' मानिन्छ । तत्सम शब्द नै भए पनि नेपाली भाषाको लिङ्गव्यवस्थाअनुसार नपुंसक लिङ्गमा पर्ने चित्र, पत्र, दमन, गमन, श्रवण, ग्रन्थ, मुख आदि शब्द हिन्दीमा पुलिङ्ग र मृत्यु, आयु, छवि, नदी, कृति आदि स्त्रीलिङ्गमा पर्दछन् । संक्षेपमा भन्ने हो भने हिन्दीको भाषिक प्रकृति अधिकांश नेपाली भाषासँग मिले पनि प्रयोग पद्धतिका आधारमा हिन्दीको लिङ्गव्यवस्था नेपाली भाषाभाषीहरूका लागि नितान्त अनौठो लाग्दो छ । हिन्दीमा कान, दाँत, हात, मस्तक, तालु, पाँव, ओठ आदि अवयव; मोती, माणिक, पन्ना, हीरा, मुगा आदि रत्न; ताँबा, लोहा, सोना, सीसा, पीतल, टीन आदि धातुहरू पुलिङ्ग मानिन्छन्; हल्दी, सुपारी, हींग, दालचिनी, पुरी, खिर, दाल, पकोडी आदि शब्दहरू स्त्रीलिङ्ग मानिन्छन्, जबकि यी सबै शब्दहरू नेपाली भषाको परम्पराअनुसार नपुंसकलिङ्गमा पर्दछन् ।

## ६. नेपालीको लिङ्गसम्बन्धी निजी प्रयोग

नेपाली भाषामा लिंगको प्रयोग गर्दा वाक्यगठनमा मुख्य गरी क्रियापदलाई प्राधान्य दिइन्छ । लिंग र अवस्था हेरी जान्छ, जान्छे, खान्छ, खान्छे, खान्छिन्, खान्छन्, इत्यादि क्रियाका अवस्था र स्वरूपबाटै ज्यादै छोटो मीठो गरी लिंगको निक्यौल हुने कुरा बिर्सन सकिन्न । यो प्रकृति नेपाली भाषाका साथै हिन्दीमा पनि लागू हुन्छ । त्यसमा 'जाती है' 'जाता है' 'खाती है' 'खाता है' इत्यादि भई क्रियापदबाटै वाक्यमा लिंग निर्णय गरिन्छ । संस्कृत र अंग्रेजीमा नाम र सर्वनामको बलमा लिंग–निर्णय हुन्छ । यी चार भाषामा भएको यस भिन्नता र समानतालाई मुख्यरूपमा औंल्याउनुपर्ने हुन्छ जुन कुराको उल्लेख माथि पनि भएकाले अब यहाँ बढी चर्चा गरिरहनु आवश्यक मानिन्न ।

नेपाली भाषाको लिंगव्यवस्थाअनुसार अन्य संस्कृत र अंग्रेजी भाषासँग यसको मोटामोटी धारणा मिले पनि खास प्रकारको मौलिकताचाहिं के छ भने यसले पुलिंग र नपुंसकलिंगलाई छाडेर स्त्रीलिंगमा नितान्त निजी प्रयोग गरेको छ । प्रयोगको यस परिपाटीका पछाडि विकसित परम्परागत आधार देखिदैन । केवल बोलीचालीको सुगमताको परम्परा बढ्दै आएर यसरी पछिपछि नियमबद्ध बनेको हो । त्यस मौलिकताको मुख्य कुरा के छ भने नेपाली भाषाले स्त्रीलिंगी प्रयोगमा केवल मानव जातिका लागि मात्र लिंगसम्बन्धी अनुशासन पालना गरेको देखिन्छ । सीता कराउँछे, रामप्यारी अत्यन्त रिसाही छ वा छे, प्रमिला रुन्छे, सरिता खान्छे, दिदी आई वा आउनुभयो इत्यादि हुन्छ तर त्यस्तै स्त्रीलिंगी शब्द-

मा बाखो करायो, भैंसी भोक्कायो, पाठी राम्रो छ इत्यादि प्रयोगहरू चलनचल्तीमा भएका मात्र होइनन् व्याकरणका दृष्टिमा नै पूर्णस्वीकार्य मानिन्छन् । यसरी हेर्दा पशुपक्षीमा अथवा मानवेतर प्राणीमा पुलिंग र स्त्रीलिंग यी सबैमा समान प्रयोग भएको पाइन्छ ।

मानव जातिसम्बन्धी लिंग प्रयोग गर्दा आदरार्थी प्रयोगमा र बहुवचनीय प्रयोगमा पुलिंग वा स्त्रीलिंगमा समधर्म वा समान प्रयोग देखिनु पनि नेपाली भाषाको मौलिक गुण मान्नुपर्दछ । बा आउनुभयो, आमा आउनुभयो, दाइ पढैया हुनुहुन्छ, दिदी ज्यादै दयालु हुनुहुन्छ इत्यादि अवस्थामा संस्कृत र अंग्रेजीका कतिपय प्रयोगमा कता कता समधर्म पालन भएको देखापर्छ । तैपनि नेपालीका कतिपय गुण र लक्षणले गर्दा यस प्रकारका प्रयोगलाई नेपाली भाषाका मौलिक प्रयोग मान्नुपर्दछ । हिजो आजको जनसाधारणको बोलीमा देखा पर्ने 'दिदी आयो' 'बहिनी करायो' 'सीता रोयो' जस्ता प्रकृतिका प्रयोगले त अब १०/१५ वर्षपछिको व्याकरणमा पुलिंग, स्त्रीलिंग र नपुंसकलिंग यी तीनै लिंगमा समानता ल्याउने लक्षण देखा पर्दछ । अझ पछिपछि त यो भाषा पनि संस्कृत वा अंग्रेजी जस्तो कर्ताका आधारमा लिंग छुट्ट्याउने अवस्थाको बन्न सक्ने देखिन थालेको छ। भाषाको बरालिंदो यस स्वरूपका पछाडि नेपालका अन्य मंगोलीयन परिवारका भाषा र दार्जिलिंगतिरको बढ्दो प्रभावले भूमिका खेलेको स्पष्ट देखापरिरहेको छ ।

नेपाली भाषामा लिंगप्रयोगको अर्को प्रकारको मौलिकता पनि छ । समान अवस्थाका दुई शब्द पुलिंग र स्त्रीलिंगमध्ये पुलिंगपछि सहयोगीका रूपमा हठात् प्रयोग हुने स्त्रीलिंगी शब्दचाहिं तद्भव र पहिलो पुलिंगी शब्द तत्सम नै रहेको धेरै ठाउँमा देखिन्छ । यस प्रक्रियाले नेपाली भाषा र हिन्दी भाषामा मात्र छोएको हुनुपर्छ । राजा–रानी, महाराजा–महारानी यी शब्दमा पहिला दुई राजा र महाराजा तत्सम हुन् । पशु–पक्षी, मूर्ति, नदी, पृथ्वी आदि शब्दहरू स्पष्टतः स्त्री र नपुंसकलिंगी प्रयोगमा आउँछन् तर देवी देवताको भावनाले जब भक्तिपूर्वक हेर्दछौं वा आराधना गर्दछौं त्यस वेला भव्य देव देवीकै अनुरूप तत् तत् लिंगको प्रयोग गर्ने मौलिक परिपाटी नेपाली भाषामा देखा पर्दछ । 'गाई लक्ष्मीमाता हुन्' 'पृथ्वी हाम्री आमा हुन्' 'बाछी देवीकै मूर्ति हुन् त्यसैले हामी उनको पूजा गर्दछौं' इत्यादि ।

### ७. नेपालीमा लिङ्गसम्बन्धी प्रयोगको आधार

नेपाली भाषामा मुख्य गरी जीवजन्तु र जड पदार्थलाई आधार मानी लिंगको व्यवस्था भएको छ । जीवजन्तुमा मानिस र पशुपक्षी हुन् । यिनलाई यिनका

शरीरको अवयव, इन्द्रिय वा अन्य आधारलाई मानी पुलिंग र स्त्रीलिंगमा विभाजन गरिन्छ। यसरी जननेन्द्रिय, अवयव वा शारीरिक बनावटबाट समेत इंगित गर्न नसकिने केही प्राणी जस्तो काग रुपी आदि केही यस्तै उस्तै चराचुरुङ्गी, सर्प, छेपारो, धमिरा, कमिला आदिलाई अंग्रेजीमा सामान्यलिंग वा उभयलिंगमा राख्ने व्यवस्था गरेको छ। त्यसै प्रकारको व्यवस्था नेपाली भाषामा पनि गर्न सकिन्छ भन्ने मलाई लाग्दछ। सीता हाँसिन्, राम रोयो, देवराज पास भएछ, गाई फुक्यो, भैंसी ब्यायो, गोरू भोकायो जस्ता प्रयोग तिनको स्पष्ट छुट्टिने शारीरिक लक्षणबाट आएका हुन्। त्यसै गरी 'भाले बास्यो' 'पोथी बास्यो' भनिन्छ, तिनको शरीरको प्रकृतिलाई हेरेर चिनेर। तर काग करायो भन्नैपर्छ, त्यहाँ भाले काग भन्ने आधार पाइँदैन।

जड पदार्थ ढुंगो माटो, पाखो, पखेरो, भीर, पहरा आदिलाई पनि तिनको प्रकृतिअनुसार नामकरण गरिने व्यवस्था छ। यसै अनुरूप यिनलाई नपुंसकलिंगमा व्यवस्थित गरी राखिएको छ। नपुंसकलिंगको प्रयोग हुने शब्दलाई क्रियापदका आधारमा हेर्दा पुलिंग सरहको हुन्छ। भन्न खोजिएको कुरो के भने पुलिंग र नपुंसकलिंगको क्रियापद–प्रयोगका आधार एकै हुन्छन् र उस्तै व्यवस्थाअनुसार क्रियापदको प्रयोग हुन्छ। जस्तै— पानी बग्छ, रामनदी तर्न जानेन भने बग्छ, गोरु पौरिन्छ, काठको मूढो उत्रिन्छ। यसैले नेपाली भाषामा पनि जीवजन्तुको लिंग व्यवस्थापन प्रायः नपुंसकलिंगमा हुन्छ।

## ८. उपसंहार

नेपाली संस्कृतको छोरी भाषा हो। केही तत्सम शब्द र विशेष गरी बढी तद्भव शब्दका आधारबाट लिंगसम्बन्धमा गरिएको यस छोटो टिप्पणीमा केवल लिंगको सामान्य परिचय र अवस्था मात्र प्रदर्शन गरिएको छ। विशेष गरी यस पत्रमा नेपाली भाषामा प्रयोग भएका शब्दको आधारभूत अर्थलाई हेरी जम्मा चार किसिमका लिंगको व्यवस्था हुनु वाञ्छनीय मानिएको छ। प्रकृति हेर्दा नेपाली, संस्कृत, अंग्रेजी र हिन्दी चारै भाषा उस्तै छन् तैपनि यिनमा आ–आपना व्यवस्यामा केही अन्तर छ। केवल वाक्य प्रयोग गर्दा अंग्रेजी भाषाको पद्धतिमा अन्य तीन भाषाका तुलनामा अन्तर छ तर धेरै अन्य कुराको मूल प्रकृति मिल्छ। नेपाली भाषाका केही खास निजी मान्यतामा भएको जटिलता र हिन्दीको द्विलिंगी प्रयोग, यी र यस्तै केही भिन्नताले भाषागत अनौठोपन देखाएका छन्। प्रत्येक भिन्न अस्तित्व भएका भाषाको आफ्नो स्वरूप हुन्छ र पन हुन्छ, यो सर्वस्वीकार्य कुरो हो।

□

# नेपालीमा लिङ्गव्यवस्था

### गणेश विषम

## १. विषयप्रवेश

व्याकरणिक लिंगमध्ये स्त्रीलिंग, पुंलिंग आदि वर्गवर्गमा संपूर्ण जगत्लाई विभाजन गर्नु नै लिंगव्यवस्था हो। जसरी विद्यार्थीहरू आफ्नो काम, कर्तव्य वा प्रकृतिले छात्रवर्गमा पर्छन्, त्यसरी नै कृषकहरू आफ्नो पेशा वा प्रकृतिले कृषकवर्गमा पर्छन्। यसरी वर्गको विभाजन समाजमा भएको पाइन्छ। यो लिंगव्यवस्था पनि व्याकरणस्वीकृत एक किसिमको प्राकृतिक वस्तुहरूको भाषाशास्त्रीय वर्गीकरण हो। स्त्री–पुरुष, भाले–पोथी आदि छुट्ट्याउनाको निमित्त एउटा खास परिधिभित्र विभिन्न वस्तुहरूलाई राख्नु नै लिंगव्यवस्था हो। व्याकरणले वस्तुलाई त्यस वस्तुको प्रकृतिअनुसार आफ्नो परिभाषामा बाँधेर राख्छ।

लिंग प्रकृति–प्रदत्त तत्त्व हो। स्वभावैले कुनै वस्तु आफ्नो रूपाकृतिले गर्दा अर्काबाट अलग्गिई आफ्नो स्वतन्त्र बनोटको अस्तित्व राख्छ। भाले मयूर फुर्किएर नाच्छ– पोथी आनन्दविभोर भई हेर्छे। भालेमा पौरुषत्व छ। पोथीमा नारीत्व छ। दुवैको आ-आफ्नो अस्तित्व छ। ती दुवैलाई प्रकृतिले विभाजन गरिदिन्छ र एक वर्ग नारी तथा अर्को वर्ग पुरुष हुन पुग्छ। यो विभेद प्रकृतिले प्रदान गर्छ। त्यही प्रकृतिलाई हेरेर हामी लिंगको अनुभव गर्छौं– नामकरण गर्छौं। अतः यो स्वतः आवश्यक तत्त्व हो। यो प्रक्रिया कारक, काल, वचन आदि जस्तै गरी व्याकरणमा रहन्छ। यदि ती आपसमा छुट्टिएनन् भने शब्दहरूको अस्तित्व रहन्न र भावाभिव्यक्तिको शृङ्खला टुट्छ।

## २. नेपालीमा लिगव्यवस्था

नेपाली भाषाका व्याकरणहरूमा मुख्यतः तीन प्रकारका लिंगहरू देखाइएका छन्। पठनपाठनमा मुख्यतः तीन लिंगको नै प्रयोग गर्ने गरिएको छ। विस्तृत अध्ययनका प्रसंगमा भने ऐतिहासिक दृष्टिले हेर्दा जम्मा दुई लिंगको पनि वर्णन पाइन्छ।

क) पुरुष जाति वा भाले अर्थबोध दिने शब्द पुलिंग शब्द हो । त्यसैले राङो, गोरू, पुरुष आदि पुलिंगमा पर्छन् ।

ख) स्त्री जाति वा पोथी अर्थबोध दिने शब्द स्त्रीलिंगी शब्द हो । अतः गाई, भैंसी, नारी आदि शब्दहरू स्त्रीलिंगमा पर्छन् ।

ग) सुन, माटो, घर आदि शब्द पुरुष र स्त्रीमध्ये कसैमा पनि पर्दैनन् । अतः यी शब्दहरू नपुंसक लिंगमा पर्छन् ।

यसरी अहिलेसम्म स्वीकृत व्याकरणहरूमा लिंगको नामकरण गरिएको छ । त्यसो भए तापनि यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने थप अर्को चारौं लिंग पनि नेपाली भाषामा हुन सक्ने स्थिति देखिन्छ । सामान्यतः स्त्री वा पुरुष नछुट्टिने तर खोतलेर विचार गरेमा स्त्री र पुरुष एकैमा समावेश भएका शब्दहरूलाई सामान्य लिंग (उभयलिंग) मा लिनु उपयुक्त ठहर्छ । 'मानिसहरू' यस शब्दलाई नपुंसकलिंगी कसरी मान्ने ? किनभने त्यस शब्दभित्र स्त्रीको र पुरुषको पनि अस्तित्व रहन्छ । त्यस्तै 'चराहरू' शब्दभित्र भाले र पोथी दुवै रहन्छन् । अतः चारौं लिंगको परिकल्पना उपयुक्त ठहर्छ, तापनि यसलाई अर्को शीर्षकमा छलफल गर्ने गरी यतिमा नै टुङ्ग्याइन्छ ।

नेपाली भाषामा विशेषतः लिंगको उपस्थिति कर्ता र क्रियामा स्पष्ट रूपमा देखापर्छ । कुनै वाक्यको कर्ता स्त्रीलिंगी भए क्रिया स्त्रीलिंगी नै हुनुपर्छ र कर्ता पुलिंगी भए क्रिया पनि पुलिंगी हुन्छ । त्यस्तै नपुंसकलिंगी कर्ता भएको वाक्यमा क्रिया पुलिंगी हुन्छ । जस्तो—

(१) राम भात खान्छ, (२) सीता भात खान्छे, (३) रूख ढल्छ ।

माथिको १ वाक्यमा 'राम' पुलिंगी कर्ता छ र क्रिया पनि पुलिंगी नै छ । २ वाक्यमा 'सीता' स्त्रीलिंगी कर्ताको क्रिया 'खान्छे' स्त्रीलिंगी छ । ३ वाक्यमा नपुंसकलिंगी कर्ता 'रूख' को क्रिया पुलिंगी छ । त्यसो भए तापनि कर्ता र क्रियाको उउटै लिंग नहुने स्थलहरू नेपालीमा छन् । जस्तो—

अ) आदरार्थीमा— आदरार्थी वाक्यहरूमा कर्ताको लिंग र क्रियाको लिंगमा संगति रहँदैन ।

(१) सानीमा आउनुभयो, २) मामा आउनुभयो ।

उपर्युक्त दुवै आदरार्थी वाक्यका कर्ता स्त्रीलिंगी भए पनि क्रियाचाहिं दुवैमा समान छन् ।

आ) बहुवचनमा— बहुवचनमा कर्ता रहेको वाक्यमा पनि कर्ता र क्रियाको लिंगमा संगति रहँदैन ।

(१) नोकरहरू आए, (२) नोकर्नीहरू आए ।

उपर्युक्त दुबै वाक्यमा क्रिया एउटै लिंगका प्रयोग भएका छन् ।

इ) पूर्ण सम्मानमा – नेपाली भाषामा पूर्ण सम्मान व्यक्त गरिने वाक्यरूपमा कर्ताको लिंग र क्रियाको लिंगमा संगति रहँदैन ।

(१) राजाको सवारी भयो, (२) रानीको सवारी भयो ।

यहाँ राजा र रानीको निमित्त एउटै लिंगको क्रिया प्रयोग भएको छ ।

## ३. लिङ्गको अभिव्यक्ति

यस शीर्षकका उप शीर्षकहरूमा व्याख्या गरिएभन्दा बढी नेपाली भाषामा वाक्यनिर्माण गर्दा निम्न स्थलहरूमा लिंग व्यवस्था अभिव्यक्त हुन्छ ।

क) राम कालो छ, ख) सीता काली छ,

ग) मेरो छोरो घर जान्छ, घ) मेरी छोरी घर जान्छे ।

यहाँ 'काली' र 'कालो' विशेषण तथा मेरो र मेरी तथा जान्छ र जान्छेले स्त्रीलिंग र पुलिंगलाई इंगित गरेका छन् । अतः नेपाली भाषाका वाक्यहरूमा नाम, सर्वनाम, विशेषण र क्रियाले लिंग जनाउँछन् भन्ने तथ्य स्पष्ट हुन्छ ।

## ४. शब्दहरूको लिङ्गपरिवर्तनको प्रक्रिया

यहाँ लिंगपरिवर्तन भन्नाले शब्दको लिंगपरिवर्तन गर्ने प्रक्रिया भन्ने कुरा बुझ्नुपर्छ र आधार लिंग पुलिंगलाई लिइएको छ । त्यसअनुसार निम्नलिखित प्रकारले पुलिंगी शब्दलाई स्त्रीलिंगीमा परिवर्तन गर्न सकिन्छ ।

(क) प्रत्यय थपेर—

ई–काका+ई=काकी

नी–पण्डित+नी=पण्डितनी

इनी, एनी–बाघ+इनी बघिनी, एनी=बघेनी

आनी–देवर+आनी=देवरानी

(ख) सबै रूपमा परिवर्तन गरेर—

दाजु–भाउजु

लोग्ने–स्वास्नी

यो नेपाली भाषाको प्रयोगजन्य प्रक्रिया हो ।

(ग) अघिल्लो रूप फेरेर—

पुरुषपात्र–नारीपात्र

राजासाहेब–रानीसाहेब

लोग्नेमान्छे–स्वास्नीमान्छे

बाँकी अरू केही यस्ता शब्दहरू छन् जुन संस्कृत भाषामा चले झैं नेपाली भाषामा पनि प्रचलित छन् । त्यस्ता शब्दहरू नेपाली भाषाले संस्कृत भाषाबाट ग्रहण गऱ्यो र तिनको व्याकरण नियम पनि संस्कृत भाषाकै ठहर्छ । संस्कृतबाट लिइएका केही त्यस्ता शब्दहरू—

भगवान्–भगवती श्रीमान्–श्रीमती
लेखक–लेखिका याचक–याचिका

## ५. नेपाली भाषाको लिङ्गव्यवस्था

लिंगव्यवस्था प्रायः विश्वका सबै भाषामा हुन्छ । हिन्दीमा त झन् लिंग–व्यवस्थाको विस्तृत फाँट देखा पर्छ । अंग्रेजी भाषामा भने लिंग क्रियामा देखिन्न, तर लिंगव्यवस्था छ ।

नेपाली भाषाको लिंगीय प्रवृत्ति प्राकृतिक लिंग मान्ने गरिएको छ । प्राकृतिक लिंगको प्रभावमा हामी आमा, बहिनी जस्ता शब्दलाई स्त्रीलिंगी मान्दछौं । त्यसै गरी व्याकरणिक लिंग पनि नेपालीमा थियो । हाल भोट–हिमाली भाषाको प्रभावले त्यो हट्दै गयो । अब नेपाली व्याकरणमा जे जति लिंगहरू देखाइएका छन् ती सबै संस्कृत भाषाव्याकरणका प्रभावबाट लिइएका हुन् । सम्पूर्ण नेपाली व्याकरणको मुख्य स्रोत संस्कृत नै हो । अतः कतिपय ठाउँमा नेपालीको आफ्नो स्वतन्त्र भाषिक अस्तित्व भएर पनि नेपाली लिंग–व्यवस्थाले संस्कृत व्याकरणलाई पछ्याएकै छ भन्न सकिन्छ ।

प्राचीन नेपालीमा पोथी (पुस्तक) जस्ता शब्दलाई स्त्रीलिंगमा राखिन्थ्यो । अझै पनि पश्चिमी नेपालीमा व्याकरणात्मक लिंगको व्यवस्था पाइन्छ र कुरडी, नीन, पाली जस्ता शब्दहरूका साथ स्त्रीलिंगी क्रियाको प्रयोग हुन्छ । यो प्राचीन नेपालीको विशेषता हो ।

थप चारौं लिंग अर्थात् सामान्य (उभय लिंग) को सम्भावना अत्यन्त प्रबल देखिन्छ । मध्यचन्द्रिका र बृहत् नेपाली व्याकरणमा यसको उल्लेख छ । 'मानिसहरू' 'चराहरू' जस्ता शब्दलाई उभय (सामान्य) लिंगमा नै राख्नु उपयुक्त देखिएकोले नेपाली व्याकरणमा चार प्रकारका लिंगको चर्चा पाइन्छ ।

संस्कृत भाषाबाट आएका अनगिन्ती शब्दहरूका साथै नेपालीमा एरानेली, फारसेली, अंग्रेजी, फ्रान्सेली आदि भाषाबाट पनि शब्दहरू आएका छन् । ती शब्दहरूको लिंग विधान कुनैमा त्यसै भाषाअनुसार र कुनैमा नेपाली भाषाले पचाउन सकेजति नेपाली लिंगअनुसार गर्ने गरिएको छ । 'इच्छा' शब्द संस्कृतमा स्त्रीलिंगी भए पनि नेपालीमा नपुंसकलिंगी मानिन्छ । किस्मत, कागज, कुस्ती जस्ता फारसेली-

बाट आएका शब्दहरू त्यस भाषाका स्त्रीलिंगी भए पनि नेपालीमा नपुंसकलिंगी हुन् तर उर्दूबाट आएका 'बेगम' र 'नबाब' शब्द उर्दूभाषाकै सरह नेपालीमा क्रमशः स्त्रीलिंगी र पुलिंगी मानिन्छन् ।

मानवबोधक थर र जातिवाचक नामलाई पुलिंग र स्त्रीलिंग दुवै बनाउने व्यवस्था व्याकरणमा छ, तर प्रयोगमा भने त्यस्तो पाइँदैन । थापा को थपिनी थपेनी र थारूको थरूनी यस्तो लेख्ने प्रचलन हट्दैछ । बरु– सीता थापा, कृष्ण थापा अनि बलराम थारू, फूलमाया थारू यस्तो लेख्न थालिएको छ । अतः मानवबोधक थर र जातिवाचक नामलाई स्त्रीलिंग नगराई 'उभयलिंग'मा लिने तर्फ छलफल हुनु आवश्यक देखिन्छ ।

### ६. विभिन्न चार लिङ्ग र केही उदाहरण

(क) पुलिंग— श्याम, जनरल, नबाब, पुरुष ।
(ख) स्त्रीलिंग— सीता, लेडी, बेगम, नारी ।
(ग) नपुंसकलिंग— फलाम, माटो, प्यान्ट, कागज ।
(घ) उभयलिंग— मानिस, चरा, अधिकृत, शिक्षक ।

□

# नेपाली लिङ्गव्यवस्था : केही समस्या केही समाधान

घटराज भट्टराई

## १. वीरेन्द्रकेशरी अर्यालको लिङ्गविवेचना

लिंगव्यवस्थासम्बन्धी नेपाली स्वरूप सर्वप्रथम प्रयोग गर्ने श्रेय वीरेन्द्रकेशरी अर्याललाई छ। यिनले संस्कृत व्याकरणको लिंगव्यवस्थालाई अध्ययन गरी नेपाली लोकमतलाई समेत ध्यानमा राखी व्याकरण तयार पारेको देखिन्छ। यिनी पुरुष, स्त्री र नपुंसक गरी लिंग तीन प्रकारका मान्छन्। उनी लेख्छन् 'ज्यादा स्त्रीलाई बुझाउने शब्द स्त्रीलिंग हुन्छन्। पुरुषलाई बुझाउँदा पुलिंग हुन्छन्, ज्यादा स्त्रीलाई बुझाउने शब्दमा जस्तो स्वरूप शब्दको हुन्छ उस्तै नपुंसकलिंग शब्दको पनि हुन्छ। पुलिंग शब्द पुरुषलाई बुझाउने हुनाले पुरुषमा रहेका धर्मको समेत बोध गराउँछ। स्त्रीलिंग शब्द स्त्रीमा रहेका धर्मको समेत बोध गराउँछ। नपुंसक लिंग शब्द कुनैमा रहने धर्मको पनि बोध गराउन सक्दैन (पृ १२०)।

व्यावहारिक दृष्टिकोणलाई समेत ख्याल गरी उनले लेखेका छन् 'गाई भैंसीहरूको आकृतिका विशेषले पहिचान हुने हुनाले प्रयोग तिनमा अकिंचित्कर हुनाले जाति लक्षणमा स्त्री प्रत्ययको विधान हुनेछ'। उनी वेसरी मा लेख्छन्—

ई कैली गाई हुन् मेरी चरेर पनि आइछन्
ई मेरी गाई हुन् यसमा स्त्री व्यक्ति बुझिने हुँदा
गाईलाई तहाँ द्यौता मानेको छ र पो भयो

यस्तै एनी, नी, ई जस्ता प्रत्यय लागेर लिंग बदल्ने र बीचमा कुनै अक्षर थपिएर वा छुट्टै पद बदलेर पनि लिंग बदलिन सक्ने तर्क र उदाहरण पेश गरेका छन्। उनले आफ्नो व्याकरणमा देखाएका शब्दहरू यस प्रकार छन्—

| एनी | नी |
|---|---|
| थापा–थपेनी | ठकुरी–ठकुर्नी |
| मुखिया–मुखेनी | बाहुन–बाहुनी |
| मीत–मीतेनी | चौधरी–चौधरायिनी |

पांडे–पंडेनी
पन्त–पन्तेनी
कार्की–कर्केनी
ई
अन्तरे–अन्तरी
जेठो–जेठी
बच्चा–बच्ची
बिरालो–बिराली
सुघा–सुघी

उल्लु–उल्लुनी
बाघ–बघिनी
सर्प–सर्पिनी
बांधा–बंधितेनी
गुरूङ–गुरूङसिनी
उपाध्याय–उपाध्यानी, उपाध्यनी, उपाध्येनी
नानि–नातिनेबुहारी
भानिज–भान्जेबुहारी
परेवा–परेवी आदि ।

## २. जयपृथ्वीबहादुरको लिङ्गविवेचना

जयपृथ्वीबहादुरले आफ्नो प्राकृत व्याकरणमा लिंगव्यवस्थाको विस्तृत चर्चा त गरेका छैनन् । उनले पुंलिंग, स्त्रीलिंग र नपुंसकलिंग गरी लिंगका ३ प्रकार मानेका छन् । उनका अनुसार—

गुणमा— काली गोरी आदि ।

जातमा— बाहुनी, ठकुर्नी, खत्रेनी आदि हुन्छन् ।

प्राण नभएकालाई बुझाउने शब्द र स्त्री पुरुष छुट्ट्याउन नसकिने साना साना प्राणीलाई बुझाउने शब्द नपुंसकलिंग ठहर्छन् । जस्तै रूख, पर्वत, माखो, महुरी आदि । संक्षिप्तमा लिंगसम्बन्धी धारणा व्यक्त गरी अरू लोकमतलाई नै उनले जिम्मा दिएका छन् ।

विश्वमणि दीक्षिताचार्यले आफ्नो गोरखा व्याकरणबोधमा लिंगव्यवस्था बारे निकै प्रकाश पारेका छन् । पुंलिंग र स्त्रीलिंग जम्मा दुई लिंग भए गोरखा भाषामा पुग्छ भन्ने उनको धारणा छ । नपुंसकलिंगको रूप पनि पुंलिंग जस्तै हुनाले छुट्टै मान्नु आवश्यक छैन । उनले पुंलिगबाट स्त्रीलिंग बनाउने अनेक नियम उल्लेख गरी त्यसअनुसार बनेका केही शब्द दिएका छन् । जस्तै—

बाहुन–बाहुनी
देव–देवी
सुन्दर–सुन्दरी
सुघा–सुघी
चखेवा–चखेवी
+
ठग–ठगिनी

थापा–थपिनी
लामा–लमिनी
भाट –भटिनी
+
सुब्बा–सुब्बिनी
डिट्ठा–डिट्ठिनी
मुखिया–मुखियिनी

जोगी–जोगिनी
कैदी–कैदिनी
पापी–पापिनी
धोबी–धोबिनी
जैसी–जैसिनी
किराती–किरातिनी
अभागी–अभागिनी

बाघ-बघिनी
पण्डित-पण्डितिनी
+
सत्याल-सत्यालनी
सर्दार-सर्दारनी
सुबेदार-सुबेदारनी
+
देवर-देवरानी
जेठान-जेठानी
आचार्य-आचार्याणी
+
डाक्टर-डाक्टरनी
+
काजी-कजिनी
माझी-माझिनी
हापी-हापिनी
सार्की-सर्किनी आदि
+

## ३. चन्द्रिकाकारको लिंगविवेचना

प्रथम चरणमा नै लिंगव्यवस्थाबारे केही चर्चा गरिसकेपछि हेमराज पण्डितको चन्द्रिकाले यस विषयमा व्यापक रूपमा अध्ययन प्रस्तुत गरेको छ । त्यस्तै मध्यचन्द्रिका र नेपाली व्याकरणका लेखक सोमनाथ र पारसमणिले पनि पूर्ववर्ती व्याकरणकारका दृष्टिकोणलाई हृदयंगम गरी आ-आफ्ना व्याकरणमा स्थान दिएका छन् । मध्यचन्द्रिकाका लिंगसम्बन्धी खास केही व्यवस्था हुन्—

संस्कृत वा अरू भाषाबाट आएका स्त्रीलिंगी शब्द सोहीअनुसार स्त्रीलिंग हुन्छन् । जस्तै— देवी, भगवती, ईश्वरी, पत्नी, श्रीमती, स्त्री, सीता, राधा, गङ्गा, नदी, पार्वती, गुह्येश्वरी, मेम, बेगम, बिब्बी,लेडी आदि ।

संस्कृत वा अरू भाषाबाट आएका स्त्रीलिंग शब्द निर्जीव छन् भने नेपालीमा नपुंसकलिंग हुन्छन्। स्त्रीलिंग हुँदैनन् । जस्तै–– इच्छा, बुद्धि, मित्रता, दया, माया, मूर्ति आदि ।

व्यक्तिवाचक पुलिंग शब्दबाट स्त्रीप्रत्यय भई स्त्रीलिंग रूप हुँदैनन् । जस्तै रामनाथकी स्त्री रामनाथ्नी हुँदैन ।

थाल, लोहटा, कचौरा, खुर्पा कोदालो, गाग्रो घ्याम्पो इत्यादि केही शब्द सानो वस्तु बुझाउँदा तद्धितको ई प्रत्यय भई थाली लोहटी, कचौरी, खुर्पी, कोदाली, गाग्री, घ्याम्पी इत्यादि ईकरान्त शब्द बन्छन् । यी शब्द निर्जीवबोधक हुनाले नपुंसकलिंगी नै हुन् । स्त्री प्रत्यय भई स्त्रीलिंगी भएका होइनन् । यसै अर्थले मेरा गाग्री, मेरा कोदाली व्यवहार देखिन्छ, मेरी गाग्री, मेरी कोदाली इत्यादि व्यवहार देखिदैन ।

स्त्री पुरुष केही नछुट्ट्याई केवल त्यस जातका प्राणी मात्रलाई बुझाउँदा यस्ता शब्दलाई कोही नपुंसकलिंगी मान्दछन्– तर नपुंसकलिंगी मानेमा पनि पुलिंगी भएमा भन्दा रूप केही फरक नहुने हुनाले सजीवलाई निर्जीव जस्तो व्यवहार गर्नु ठीक नदेखिने हुनाले स्त्री पुरुष दुवै थरीलाई बुझाउँदा स्त्रीलिंगी शब्दको लोप भई पुलिंगी मात्रको एक शेष हुने हुँदा सो पुलिंगी शेष शब्दबाट स्त्री

जातिको समेत बोध हुने देखिनाले पनि स्त्रीबोधक विशेषण नजोडेमा पुरुष स्त्री दुवैलाई सामान्य रूपले बुझाउँदा पनि पुलिंगी नै मान्नु उचित देखिन्छ ।

यी र यस्तै अनेक नियमका आधारमा चन्द्रिकाले प्रस्तुत गरेका केही नमूना शब्दहरू हुन्—

सुन्दर–सुन्दरी
कुमार–कुमारी
तरूण–तरूनी
युवक–युवति
वृद्ध–वृद्धा
बुद्धिमान्–बुद्धिमती
श्रीमान्–श्रीमती
चतुर–चतुर्नी
धूर्त–धूर्तिनी
मक्ख–मक्खिनी
सिद्ध–सिद्धिनी
खराप–खराप्नी
दुष्ट–दुष्टिनी
गफी–गफिनी
सदरिया–सदरिनी
कपटी–कपटिनी
कुरौटे–कुरौटिनी
पाखे–पखिनी
जनरल–जनरल्नी
महाजन–महाजन्नी
नेवार–नेवार्नी
सर्दार–सर्दार्नी
अर्याल–अर्याल्नी

गोरो–गोरी
कालो–काली
सानो–सानी
ठूलो–ठूली
छिटो–छिटी
चतुरो–चतुरी
एकोहोरो–एकोहोरी
मित्र–मित्रिनी
विष्ट–विष्टिनी
भट्ट–भट्टिनी
खस–खसिनी
पन्त–पन्तिनी
शूद्र–शूद्रिनी
+
बजिया–बजिनी
भरिया–भरिनी
मुखिया–मुखिनी
+
बाधा–बंधिनेनी
गुरुङ–गुरुङसिनी
चोर–चोर्नी
बाउन्ने–बाउन्नी
बाहुन–बाहुनी

चौतरिया–चौतरिनी
भित्रिया–भित्रिनी
पूर्बिया–पूर्बिनी
+
सुब्बा–सुब्बिनी
हुद्दा–हुद्दिनी
ओझा–ओझिनी
छिपा–छिपिनी
डिट्ठा–डिट्ठिनी
भोटे–भोटिनी
अवाले–अवालिनी
च्यामे–च्यामिनी
माहुते–माहुतिनी
भँडारे–भँडारिनी
द्वारे–द्वारिनी
न्यौपाने–न्यौपानिनी
कुह्माले–कुह्मालिनी
+

यसरी केही नमूना शब्दको उद्धरण गर्दा पनि चन्द्रिकाले प्रस्तुत गरेको लिङ्गसम्बन्धी धारणा स्पष्टिन आउँछ। अझ सारांशको रूपमा कुनै पुलिङ्गी नाममा ई, इनी आदि स्त्री प्रत्यय भई स्त्रीलिङ्ग शब्द बन्छन्, कुनै पुलिङ्गी शब्दबाट नबनेका बेग्लै स्त्रीलिङग शब्द हुन्छन्, कुनै पुं स्त्री दुवै लिङगमा एकै हुने विशेषण जोडेर पुं. स्त्री छुट्याउनुपर्ने हुन्छन् ।

### ४. सोमनाथ शर्माको लिङ्गसम्बन्धी विवेचना

चन्द्रिकाकै मझौला रूप निर्माण गर्ने सिलसिलामा सोमनाथले मध्यचन्द्रिका निर्माण गरे पनि यसमा केही परिवर्तन सहित लिंगव्यवस्थाबारे चर्चा गरिएको छ। मध्यचन्द्रिकाले प्रस्तुत गरेका केही प्रमुख नियम हुन्—

क) पुरुष जाति बुझाउने शब्द पुंलिग, स्त्रीजाति बुझाउने शब्द स्त्रीलिंग, पुरुष स्त्री जातिदेखि भिन्न वस्तु बुझाउने शब्द नपुंसकलिङ्ग हुन्छन्।

ख) द्रव्यवाचक, समुदायवाचक, भाववाचक पुरुष स्त्री जाति भिन्नलाई बुझाउने हुनाले नपुंसकलिंग हुन्छन्। सामान्य नाम, विशेष नाम भने पुरुष वा स्त्री वा भिन्न जस्ताका बोधक छन् उस्तै लिंग हुन्छन्।

ग) कोही शब्द पुरुष स्त्री दुवै थरीलाई एकैनामसँग बुझाउने हुन्छन्। त्यस्ता 'सामान्य लिंग' वा 'उभयलिंग' हुन्छन्। जस्तै-- मानिस, मान्छे, चरो, कीरा, जनावर, कवि, देवता, दोपाया आदि।

घ) पुंलिगविशेष नामबाट स्त्री प्रत्यय भएर स्त्रीलिंग शब्द बन्दैनन्, सामान्य नाममा पनि सबै पुंलिग शब्दबाट स्त्री प्रत्यय भएर स्त्रीलिंग शब्द बन्ने नियम छैन, व्यवहारअनुसार मात्र बन्दछन्। अरू नपुंसकलिंग हुने द्रव्यवाचक, समुदायवाचक, भाववाचक नाममा कहीं पनि स्त्री प्रत्यय हुँदैन।

ङ) संस्कृत आदि अरू भाषाबाट आएका शब्दमा उहाँ जुनसुकै लिंग भए पनि हाम्रो भाषामा पुरुष वा स्त्री वा भिन्न जस्ताको बोधक छ उहीअनुसार लिंग हुन्छ।

उपर्युक्त नियमअनुसार र चन्द्रिकाकै सिद्धान्तअनुसार बदल्ने तीन किसिम मध्यचन्द्रिकाका लेखकले स्वीकारेका छन्, जो पछिका अरू व्याकरणकारले पनि पच्छ्याएका छन्।

पहिलो किसिम– सिंगै पद बदलेर, जस्तै--

बाबु-आमा
मामा-माइज्यू
भाले-पोथी
गोरू-गाई
भाइ-बुहारी
ससुरा-सासू
लोग्ने-स्वास्नी
झाँक-भुडुली
वीर-भुनी
भाजु-मैजु
बोको-बाख्री
मत्ता-ढोई आदि।

दोस्रो किसिम– इनी, एनी, ई, नी आदि प्रत्यय भई पुंलिगबाट स्त्रीलिंगी शब्द बन्छन् जस्तै केही नमूना—

मित्र-मित्रिनी, मित्रेनी
सुब्बा-सुब्बिनी, सुब्बेनी
खस-खसिनी, खसेनी
काका-काकी
घोडा-घोडी
भान्जा-भान्जी
धोबी-धोबिनी
सिपाही-सिपाहिनी
ढुंगाना-ढुंगान्नी

वैद्य–वैद्यिनी, वैद्येनी
च्यामे–च्यामिनी, च्यामेनी
अधिकारी–अधिकारिनी
नाऊ–नाऊनी, नगिनी, नैनी
खँदाल–खँदाल्नी
चखेवा–चखेवी
परेवा–परेवी
सालो–साली
बाछो–बाछी
कमारो–कमारी
ज्यापू–ज्यापूनी
साहू–साहूनी
कौ–कौनी
मालिक–मालिक्नी
गुभाजू–गुभाजूनी

तेस्रो किसिम– केही शब्द अर्को पदसँग जोडिएर स्त्रीलिंग छुट्टिने हुन्छन् जस्तै—

लोग्नेमानिस–स्वास्नीमानिस
पुरुष कवि–स्त्री कवि
भालेबाज–पोथीबाज
भाले थारल–पोथी थारल
पुरुष देवता–स्त्री देवता
भाले मृग–पोथी मृग
वीर बनेल–भुनी बनेल इत्यादि ।

यसरी मध्यचन्द्रिकाले पनि लिंगसमस्यालाई सरल र रोचक ढंगले समाधान गर्न खोजेको छ ।

## ५. लिङ्गव्यवस्थाको विवेचनामा थप प्रयासहरू

लिंगसम्बन्धी विचारहरू लोकमतका आधारमा प्रस्तुत गर्ने र विवेचना गर्ने क्रममा पारसमणि प्रधानले नेपाली व्याकरण, पुष्कर समशेरले नेपाली सजिलो व्याकरण, गोपाल पाण्डेले रचना केशर दिएर उल्लेखनीय योगदान गरे । पूर्ववर्ती विचार र विवरण नै यी कृतिहरूमा दोहोरिएको भए पनि शैक्षिक जगत्‌मा यिनको विशेष महत्त्व छ । यसरी पारसमणिको नेपाली व्याकरणले पूर्ववर्ती व्याकरणकारकै मतलाई पच्छयाएको छ तापनि अझ सरल र रोचक रूपले बुझाउने प्रयास गरेको छ । एउटा प्रसङ्ग उदाहरणका लागि पर्याप्त हुनेछ । चराचुरूङ्गीको लिंग छुट्ट्याउँदा भाले पोथी, मानिसको लोग्ने स्वास्नी, बनेलको वीर भुनी, कुकुर वा बिरालाको डांगो छाउरी, मृगको झाँक मुडुली, बाजको जुरो साही, देवता वा कविको पुरुष स्त्री भनी छुट्ट्याउनुपर्छ ।

हर्षनाथ शर्माको अनिवार्य नेपाली रचना, रामचन्द्र ढुंगानाको सरल नेपाली व्याकरण शिवगोपाल विष्णुगोपाल रिसालको नेपाली भाषा र व्याकरण जस्ता पुस्तकहरूले पनि पूर्ववर्ती विचारका आधारमा आफ्नो चिन्तन प्रस्तुत गर्ने प्रयास गरे । हृदयचन्द्रसिंह प्रधान र अरू थुप्रै व्याकरणकारका साना ठूला पुस्तक प्रकाशित भएका छन् र यिनले नयाँ विचार दिनुको बदला पुरानै विचारलाई अगाडि सार्ने काम गरेका छन् ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट नेपाली भाषाको वनोट (गोपालनिधि तिवारी) र वृहत् नेपाली व्याकरण (रोहिणीप्रसाद भट्टराई) प्रकाशित भए । यी दुइ पुस्तकले नेपाली लिंगव्यवस्थामा देखापरेका केही समस्यालाई विवेचना गरी समाधान गर्ने प्रयास गरेका छन् तापनि पूर्ण रूपमा समस्याको छिनोफानो हुन सकेको छैन ।

## ६. नेपाली लिङ्गव्यवस्थाको विवेचना : केही समस्याहरू

नेपाली व्याकरण लेखनको यति लामो परम्परामा समय समयमा देखापरेका समस्याहरू यथासमय यथाशक्य समाधान हुँदै गए । समस्या त त्यति वेला देखापर्छन् जब केही लेखन थालिन्छ अथवा कक्षामा विद्यार्थीले फलानाको लिंग बदल्दा कसरी बदल्ने भनेर प्रश्न गर्छन् । त्यस वेला कुनै तर्क दिएर वा कुनै रूपले उम्कन सकिएला तर हृदयमा चाहिँ आफ्नो अधुरो ज्ञानको पिरोलिले पिरोली रहन्छ । मेरा अनुभवमा नेपाली जनजीवनमा, प्रचलित स्थिति र नेपाली व्याकरणकारका अनेक मतले नछर्लङ्गिएका समस्याहरूको टिपोट यसरी गर्न सकिन्छ—

क) गाई, भैंसी, प्रकृति, पृथ्वी जस्ता पोथीवाचक शब्दहरूको स्त्रीलिंगी प्रयोग गर्ने कि पुलिंगी, व्याकरणकारको मत र लोकको प्रयोग दुवै रूपमा देखिन्छ । जस्तै-- गाई आयो । गाई आइन् । मेरो पृथ्वी । मेरी पृथ्वीमाता । प्रकृति मुस्कुराइन् । प्रकृति मुस्कुरायो आदि ।

ख) विशेषणमा लिंगअनुसार स्त्री वा पुलिंग छुट्टयाउने कि नछुट्टयाउने ? जब कि व्याकरणकार र लोकमत दुवैतिर छ । जस्तै-- कैली गाई । कैलो गाई । खेलाडिनी महिला । महिला खेलाडी ।

ग) लिंग बदल्दा कुनचाहिँलाई ग्राह्यता दिने, कि दुवैलाई ? जस्तो-- छोरो-छोरी वा बुहारी । भाइ-बहिनी वा भाइबुहारी । दाजु-दिदी वा भाउजू । बाबु-आमा वा फुपू । भानिज-भान्जी वा भान्जेबुहारी । मीत-मितिनी, श्रीमती मीत वा मित्रपत्नी ।

घ) कुनै पदमान रहने र रहने व्यक्तिका पति वा पत्नीलाई कुन रूपमा प्रयोग गर्ने ? जस्तै- सुब्बा, श्रीमती सुब्बा, सुब्बिनी । डाक्टर, श्रीमती डाक्टर, डाक्टर्नी । प्रधान मन्त्री, श्रीमती प्रधान मन्त्री, प्रधान मन्त्राणी वा प्रधान मन्त्रिनी । शाखा अधिकृत, श्रीमती शाखा अधिकृत, शाखा अधिकृतनी । सचिव, श्रीमती सचिव, सचिवनी ।

ङ) विशेषण जोड्दा नारी तथा पुरुषलाई कुन रूपमा प्रयोग गर्ने ? जस्तै-कवि, कवयित्री, महिला कवि । कलाकार, महिला कलाकार, कलाकार्नी । सभापति,

सभानेत्री, श्रीमती सभापति वा महिला सभापति । उपन्यासकार, उपन्यासकर्त्री, महिला उपन्यासकार ।

च) संस्कृतबाट आएका सम्पादिका, प्राध्यापिका, व्यवस्थापिका, नायिका जस्ता प्रचलित नारीवाचक शब्दको सट्टा नारीलाई उल्लेख गर्दा सम्पादक, प्राध्यापक, गायक, व्यवस्थापक भन्दा उपयुक्त हुन्छ वा हुँदैन ।

छ) थरबाट स्त्री वा पुरुष छुट्ट्याउँदा कसरी प्रयोग गर्ने ? जब कि लोकमा दुवै प्रचलित छन् । एक त थरमा स्त्री पुरुषलाई समान रूपले प्रयोग गर्ने भट्टराई, पोखरेल, अर्याल, कार्की आदि, अर्को रूपले भट्टराईनी, पोखरेल्नी, अर्याल्नी, कार्किनी पनि प्रचलित छन् । यो समस्या कसरी सुल्झाउनु ?

यी केही समस्या हुन् । यस्ता समस्यामा वीरेन्द्रकेशरी अर्यालदेखि लिएर रोहिणीप्रसाद भट्टराईसम्मले पनि व्यापक विवेचना गर्ने प्रयास गरेका छन् तर समस्या छदैंछन् । यस्ता समस्यालाई छलफल वा विचारको आदान प्रदान गरी निष्कर्षमा पुग्दा समाधान निस्कन सक्छ जस्तो लाग्छ ।

## ७. समस्याहरूको सम्भावित समाधान

माथि उल्लेख भएका केही समस्याहरूबारे कतिपय व्याकरणकारले आ-आफ्ना दृष्टिले, चिन्ताको चर्चा गरेका छन् । उपयुक्त धारणालाई समेत हृदयमा राखेर र वर्तमान लोकप्रचलन समेतलाई ख्याल गर्दा उपर्युक्त समस्याहरूको समाधान निम्न प्रकारले गर्न सकिन्छ ।

क) लोकमा प्रचलित नारीबोधक शब्द गाई, भैंसी, प्रकृति, पृथिवी जस्ता शब्दलाई वैकल्पिक रूपले दुवै रूप स्वीकार्ने । इच्छा, बुद्धि, मित्रता जस्ता शब्दमा चाहिं स्त्रीलिङ्गी प्रयोग नगर्ने ।

ख) विशेषणमा लिङ्गअनुसार परिवर्तन आउँछ । जस्तै— कैलो-कैली, राम्रो-राम्री, कालो-काली, गोरो-गोरी, बाठो-बाठी, लाटो-लाटी । त्यस्तोमा परिवर्तन गरेरै लेख्ने तर खेलाडीलाई खेलाडिनी बनाउनुभन्दा महिला खेलाडी, लडाकू नारी भन्नु उचित देखिन्छ ।

ग) समानताबोधक रूपमा छोरो छोरी, भाइ बहिनी, दाजु दिदी, भानिज भान्जी गरेर लिङ्ग बदल्ने र पत्नीबोधक रूपमा बदल्दा वा परिवर्तन गर्दा छोरो-बुहारी, भानिज-भान्जेबुहारी गरी बदल्नु उचित होला ।

घ) कुनै पद वा दर्जामा नारी रहेका छन् भने पद वा दर्जामा स्त्री प्रत्ययको विधान नगर्ने । सचिव शान्तादेवी, सुब्बा मनमाया, मुखिया धनकुमारी भनेर प्रयोग गर्ने तर कुनै पद वा दर्जामा रहेका पुरुषका पत्नीलाई जनाउँदा स्त्री

प्रत्ययको विधान गर्ने लोकप्रचलन छ। सुब्बाको पत्नी– सुब्विनी, सचिवको पत्नी– सचिवनी, मुखियाको पत्नी– मुखिनी आदि। यही लोकप्रचलनलाई मान्यता दिनु उचित हुन्छ।

ङ) कवि, कलाकार, कथाकार जस्ता शब्दलाई स्त्री प्रत्ययको विधान गर्न नेपालीमा उचित देखिदैन। कथाकार– मीरा, कवि– धीरा, कलाकार– सुशीला भन्दा नामबाट नै स्त्रीलिङ्गको बोध भैहाल्छ, विशेषण पदलाई विकृत बनाइरहनु जरूरी देखिदैन। यदि नामबाट स्त्रीत्वबोध नहुने भएमा महिला कवि विमला कुमारी, नारी कलाकार गुणदेवी भनेर प्रयोग गर्नु बेस होला।

च) संस्कृत वा अन्य भाषाबाट नेपालीमा आएर स्त्रीत्व जनाउने शब्दलाई विकृत नबनाई यथावत् रूपमा स्वीकृत गर्नु नै बुद्धिमानी हुनेछ। जस्तै— गायिका, सम्पादिका, अभिनेत्री आदि।

छ) प्रतिष्ठा, आदर र योग्यताले नारीकै नाताले थरको उल्लेख गर्नुपर्ने स्थिति आउँदा स्त्री प्रत्ययको विधान गर्नु उचित देखिदैन। मीरा पोखरेल, धनमती राणा, मनमती भट्टराई, प्रभा अर्याल भन्दा थरमा स्त्रीत्व जरूरी छैन। नामबाटै स्त्रीत्व बोध हुन्छ। कुनै पुरुषका अर्धाङ्गिनीको रूपमा नारीलाई सम्बोधित गर्नुपर्दा भट्टराइनी, पोखरेल्नी, अर्याल्नी, खड्काल्नी भनेर उल्लेख गर्नु उचित हुन्छ, जो लोकमा पनि प्रचलित छ।

□

# नेपाली भाषाको लिङ्गव्यवस्था

दैवज्ञराज न्यौपाने

## १. विषयप्रवेश

कोशकारहरूले लिगको परिचय दिंदा यसो भनेका छन्—

(लिंग+अच्) निशान, चिह्न, निशानी, प्ररूप, बिल्ला, प्रतीक, विभेदक लक्षण ।[1]

ना० : सं: पुरुषको जननेन्द्रिय, शिश्न, स्त्री र पुरुष छुट्टयाउने प्राणीका शरीरको चिह्न, मूर्ति वा प्रतिमाका रूपमा पूजित हुने शिवलिंग, कुनै कुराको पहिचान हुने चिह्न वा निशान, लक्षण, व्याकरणमा पुरुष, स्त्री र नपुंसक छुट्टयाउने शब्दका रूप (पुलिंग, स्त्रीलिंग र नपुंसकलिंग), साङ्ख्यशास्त्रका अनुसार सम्पूर्ण विकृति फेरी लीन हुने मूल प्रकृति, मीमांसाका निर्णयका आधारमा ६ लक्षण (उपक्रम, उपसंहार, अभ्यास, अपूर्वता, अर्थवाद र उपपत्ति) ।[2]

## २. लिङ्गको वर्गीकरण

नेपाली भाषाका लिंगको अस्तित्वबोध गराउने सिलसिलामा विश्वमणि दीक्षिताचार्यले पुलिङ्ग र स्त्रीलिङ्ग मात्र देखाई अपभ्रंश र हिन्दीमा भएजस्तै नेपालीमा पनि दुई लिङ्ग रहेको देखाएका छन् । जे० ए० एटन, जय पृथ्वीबहादुर सिंह, हेमराज आदि विद्वान्हरूले पुलिङ्ग स्त्रीलिङ्ग र नपुंसकलिङ्ग गरी तीन लिङ्ग भएको देखाएका छन् । यसपछिका विद्वान्हरूमा सोमनाथ शर्मा, पुष्कर शमशेर, गोपाल पाण्डे, रोहिणीप्रसाद भट्टराई, गोपालनिधि तिवारी, तुलसीप्रसाद ढुङ्ग्याल आदि विद्वान्हरूले पूर्वीय तीन लिङ्गका अतिरिक्त 'उभयलिङ्ग' वा 'सामान्यलिङ्ग'

---

[1] १. चूडामणि उपाध्याय रेग्मी, नेपाली भाषाको उत्पत्ति साझा प्रकाशन २०३२, पृ. सं. १४२ ।

[2] २. चूडामणि बन्धु, भाषा विज्ञान साझा प्रकाशन, २०३६ ।

समेत गरी चार लिङ्गको सङ्केत दिएको पाइन्छ। नेपाली भाषाको उत्पत्ति भन्ने ग्रन्थमा डा० चूडामणि बन्धुले नेपालीमा पुलिङ्ग र स्त्रीलिङ्ग मात्र छ[3] भन्ने लेख्नुभएको र उहाँकै अर्को ग्रन्थ भाषा विज्ञानमा चाहिँ नेपालीमा पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई लिङ्ग हुन्छन्[4] भन्ने लेख्नुभएको देखिन्छ। राजकीय प्रज्ञा–प्रतिष्ठानको बृहत् नेपाली व्याकरणमा रोहिणीप्रसाद भट्टराईले नेपाली भाषा शब्दमा संस्कृतमा झैं रूपबाट नपुंसक लिंगी छुट्टिने रूप 'जे' 'के' बाहेक अरू छैनन्[5] भन्ने लेख्नुभएको पाइन्छ।

लिङ्गका प्रकार सम्बन्धी यी विविध विवादलाई केलाई नेपाली लिङ्गका वस्तुतथ्य आधारहरू हेर्दा के देखिन्छ भने नेपाली भाषाको प्रारम्भिक कालमा नेपालीका लिङ्गहरू व्याकरणात्मक एवं प्राकृतिक दुवै आधारमा रहेका थिए भन्ने कुरा प्राचीन एवं माध्यमिककालीन नेपाली साहित्यको पठनपाठनबाट अवगत हुन्छ। हाल चनलचल्तीमा रहेका बूढीऔंलो वा औंली, माइली, साइली, कान्छी, चोरी औंलो वा औंली, रुद्रघण्टी, छेपारी आदि अनेक प्रमाणहरू र रातीगेडी, सेतीगेडी, जूनटिकी आदि अनेक शेष प्रमाणहरू पश्चिमी नेपाली भाषिकामा पाइने 'मेरी कुइडी' अथवा 'तेरी कुरडी' आदि अनेक प्रमाणहरूबाट प्रमाणित हुन्छ। हालको नेपाली लिङ्गव्यवस्था विशेषतः व्याकरणात्मक नभई क्रमशः प्राकृतिक लिङ्ग व्यवस्थातिर अग्रसर हुँदै गएको अनुभव हुन्छ। प्राकृतिक लिङ्गव्यवस्था अनुरूप पुलिङ्ग, स्त्रीलिङ्ग र नपुंसक लिङ्ग गरी लिङ्ग तीन हुने हुँदा नेपालीमा पनि तीन लिङ्गकै अस्तित्व स्वीकार गर्नु युक्तिसङ्गत देखिन्छ। यस क्रममा अपभ्रंश र हिन्दी आदिको अनुकरण गरी दुई लिंगको मात्र अस्तित्व मान्नु र अंग्रेजी आदिको अनुकरण गरी चार लिंगको जिरह गर्नु शोभनीय देखिदैन। संरचनाका दृष्टिमा पुलिंग र स्त्रीलिंगकै बाहुल्य रहे तापनि अर्थगत दृष्टिले पुलिंग, स्त्रीलिंग र नपुंसक लिंगको अस्तित्व पाइने हुँदा नेपालीमा तीन लिंग भएको बलियो प्रमाण मिल्दछ। जहाँसम्म सामान्यलिंग वा उभयलिंगको प्रश्न छ त्यो नेपाली भाषा व्याकरणको चौथो लिंग होइन। साध्यावस्थामा स्पष्ट लिंग छुट्याउन नसके पनि सिद्धावस्थामा त्यो अरू लिंगभित्रै पर्दछ।

शाब्दिक अर्थका आधारमा सामान्य लिङ्गको अर्थ खोज्ने हो भन्ने 'सामान्य

---

[3] चूडामणि उपाध्याय रेग्मी, पूर्ववत्।

[4] चूडामणि बन्धु, पूर्ववत्।

[5] रोहिणीप्रसाद भट्टराई, बृहत् नेपाली व्याकरण ने. रा. प्र. प्र. काठमाडौं २०३३ पृ. ७८।

लिंग' भनेको के ? अविकसित लिंग हो कि अथवा नपुंसकलिंग पो हो कि ? अथवा अस्वस्थ लिंग पो हो कि या त क्षुद्र लिंग हो ? इत्यादि प्रश्न आउन सक्लान् । यसै कारण कुनै लिंगलाई सामान्य भन्नु र कुनैलाई विशेष भन्नु ता ठूलो सानो अथवा गुणी अवगुणी अथवा प्रजनन गराउन सक्ने या नसक्ने भेद गरी तिनलाई मात्र भन्न सकिएला । होइन भने चलनचल्तीको लिंग कसरी सामान्य भयो यो एकदमै नसुहाउने कुरा हो । यसैको अर्को नाम उभयलिंग पनि दिएको देखिन्छ । यो पनि एकदमै आश्चर्य लाग्ने कुरा भयो । एउटै लिंग कसरी उभय हुन्छ ? हाम्रो पौराणिक कथामा एक महीना पुरुष हुने र एक महीना स्त्री हुने राजाको कथा त छ तर एकैचोटि ती पनि उभयलिंगी थिएनन् । भाले भएका वेला उनी सर्वात्मना पुल्लिंगी थिए भने पोथी भएका वेला सर्वात्मना स्त्रीलिंगी नै थिए । उनी कुनै बखत पनि उभयलिंगी बनेनन् । अरू प्राणी विशेषमा पनि उभयलिंग नपाइएकाले बढी प्राकृतिक लिंगव्यत्रस्थामा आश्रित नेपाली लिंगव्यवस्थामा उभयलिंग कहाँबाट आयो ? यो मिल्ने कुरा होइन ।

हाम्रा केही मूर्तिहरूमा देखिएको अर्धनारीश्वरको कल्पनामा उभयलिंगको कल्पना भयो भनौं भने अर्धनारीश्वरको कल्पना हाम्रो व्याकरणको उभयलिंगी कल्पनाजस्तो नभई दुई देव विशेषको पूर्णलिंगी कल्पना हो । हाम्रा मूर्ति विशेषमा अर्धनारीश्वरको कल्पना मात्र नभई देवेश्वर, हरिहर, हरिब्रह्मा, दुर्गालक्ष्मी आदिको युग्मरूप पनि पाइन्छ । यो प्रकृत विषयको उभयलिंग होइन ।

चलनचल्तीअनुसार उभयलिंग भनिएका मान्छे, पुतली, कमिला, नातो, मन्त्री, सचिव इत्यादि शब्दहरू स्त्रीलिंग, पुल्लिंग दुवै लिंगका हुन सक्छन् । तिनीहरूको निर्णय वाक्यका आधारमा वा भाले पोथीवाचक पदसंयोजनका आधारमा गरिनुपर्दछ । परन्तु सामान्यलिंग वा उभयलिंग भनी भिन्नै लिंगको कल्पना गरिरहनु उपयुक्त हुँदैन । यसै कारण नेपाली भाषामा लिंगको वर्गीकरण गर्दा पुल्लिंग, स्त्रीलिंग र नपुंसक गरी केवल तीन लिंगकै आधारमा वर्गीकरण गर्नु उपयुक्त हुन्छ । जहाँसम्म लिंग भन्नाले पुरुषमा रहेको पुंसत्व र स्त्रीमा रहेको स्त्रीत्व बोध गराउने कुरा हो भने यी दुवैलाई नजनाउने नपुंसकलाई किन लिंग मानिरहनु ? भन्ने प्रशन पनि कुनै पक्षबाट चिहाउला । तर संस्कृत व्याकरणकै व्युत्पत्तिअनुसार न स्त्री न नपुंसक भएकैं नपुंसक मान्दा माथि गरिएको शङ्काको अवकाश रहन नमक्ने देखिन्छ । अतः पुल्लिंग, स्त्रीलिंग र नपुंसकलिंग मात्र मान्नु बढी राम्रो देखिन्छ ।

पुल्लिंग (पुरुषको चिह्न बुझाउने शब्दशक्ति भएको शब्द) बाबु, छोरो, दाजु, राजा, राम, कृष्ण, भक्त, वीर आदि ।

स्त्रीलिंग (स्त्रीको चिह्न बुझाउने शब्दशक्ति भएको शब्द) आमा, छोरी, भाउजू, रानी, सीता, ढोई, भुनी आदि ।

नपुंसक लिंग (पुरुष र स्त्री जातिदेखि भिन्न वस्तु बुझाउने शब्दशक्ति भएको शब्द) नपुंसक मान्छे, घर, पुस्तक, सहर, फूल, रूख, काठमाडौं आदि ।

यसरी लिंगको वर्गीकरणका क्रममा नामिक पदहरूले लिंग ग्रहण गर्दा 'जातिवाचक' नाम र 'व्यक्तिवाचक' नामका तीनै लिंग हुने र अरू 'द्रव्यवाचक' नाम, 'समुदायवाचक' नाम र 'भाववाचक' नामका नेपालीमा केवल नपुंसकलिंग मात्र हुने हुन्छन् ।

## ३. लिङ्गपरिवर्तन

नेपाली भाषामा मोटामोटी रूपमा लिंग छुट्ट्याउने प्रमुख तीन विधिहरू रहेका छन् । क्रमशः यहाँ पनि ती तीन विधिहरूको परिचय गराइन्छ ।

१) आदेशविधि (पूरै शब्द बदलेर गरिने परिवर्तन)— नेपाली भाषामा केही यस्ता शब्दहरू छन् जसमा कुनै प्रत्यय लगाएर अथवा केही पद थपेर पुंलिंगबाट स्त्रीलिंग र स्त्रीलिंगबाट पुंलिंग बनेका नभएर स्वतन्त्ररूपले बनेका शब्दहरू छन् । त्यस्ता शब्दलाई आदेशविधिबाट भएको परिवर्तन भन्न सकिन्छ ।

क) पुंलिंगबाट स्त्रीलिंगमा भएको परिवर्तन––

बाबु–आमा
लोग्ने–स्वास्नी
मामा–माइजू
फाँक–मुडुली
मत्ता–ढोई
पोइ–जोई
दाजु–भाउजू
ससुरा–सासू
जुर्रा–साही
वीर–भूनी
भाजु–मैजू
भाले–पोथी
बोको–बाख्री
बहर–बाच्छी
याक–नाक

ख) स्त्रीलिंगबाट पुंलिंगमा भएको परिवर्तन—

छोरी–जुवाइँ
नन्द–नन्देभाइ
जेठीसासू–साडुदाजु
ठूलीआमा–ठूलाबाबु
पोथी–भाले
बाच्छी–बहर
दिदी–भिनाजु
फुपू–फुपाजु
साली–साडुभाइ
सानीआमा–सानाबाबु
ढोई–मत्ता
भैंसी–रांगो
बहिनी–जुवाइँ
आमाजू–आमाजू दाजु
वेश्या–नाठो
बाख्री–बोको
नाक–याक

२) प्रत्ययविधि— केही शब्दहरूबाट प्रत्यय लगाई लिंग बदलिने विधिलाई प्रत्ययविधि भनिन्छ । यसरी प्रत्यय लागी लिंग बदलिदा पुंलिंगबाट स्त्रीलिंग र स्त्रीलिंगबाट पुंलिंग शब्द बन्ने गर्दछन् ।

क) पुलिंगबाट प्रत्यय लागी स्त्रीलिंगमा बदलिने—

केही पुलिंग शब्दबाट 'इनी' 'एनी' 'ई' 'नी' प्रत्यय भई स्त्रीलिंग शब्द बन्दछन्–

अ) पुलिंगबाट प्रत्यय लागी स्त्रीलिंग शब्द बन्दा दुई स्वर हुने अकारान्त नाम; जाति, पदवी, पेशा, थर, घर बुझाउने आकारान्त नाम र एकारान्त नामदेखि 'इनी' वा 'एनी' प्रत्यय भई पदान्त 'अ' 'आ' 'ए' को लोप हुन्छ ।

अ— विष्ट–विष्टिनी, विष्टेनी    मीत–मितिनी, मितेनी
वैद्य–वैद्यिनी, वैद्येनी    पन्त–पन्तिनी, पन्तेनी
खस–खसिनी, खसेनी    सेठ–सेठिनी, सेठेनी इत्यादि
आ— लामा–लमिनी, लमेनी    सेर्पा–सेर्पिनी, सेर्पेनी
थापा–थपिनी, थपेनी    डिट्ठा–डिट्ठिनी, डिट्ठेनी
छिपा–छिपिनी, छिपेनी    हुद्दा–हुद्दिनी, हुद्देनी इत्यादि
ए— भोटे–भोटिनी, भोटेनी    च्यामे–च्यामिनी, च्यामेनी
दाउरे–दाउरिनी, दाउरेनी    थावसे–थविसनी, थवसेनी
पोडे–पोडिनी, पोडेनी    माहुते–माहुतिनी, माहुतेनी

आ) दुईभन्दा अधिक स्वर हुने अकारान्त नाम, जाति, पदवी, थर, पेशा आदि बुझाउने आकारान्त नाम र थर बुझाउने 'या' आकारान्त नामदेखि 'नी' प्रत्यय भई पदान्त 'अ' 'आ' र 'या' को लोप हुन्छ–

अ— बाहुन–बाहुनी    नेवार–नेवार्नी    मालिक–मालिक्नी
पण्डित–पण्डित्नी    महाजन–महाजन्नी    जनरल–जनरल्नी
सरदार–सरदार्नी    खँदाल–खँदाल्नी    दोकानदार–दोकानदार्नी
बहिदार–बहिदार्नी    खरिदार–खरिदार्नी
आ— कोइराला–कोइराल्नी    खतिवडा–खतिवड्नी    ढुंगाना–ढुंगान्नी
बोहोरा–बोहोर्नी    तिम्सिना–तिम्सिन्नी    गतौला–गतौल्नी
या— मुखिया–मुखिनी    पुर्बिया–पुर्बिन्नी    बजिया–बजिनी

इ) मनुष्यको जात, थर, पेशा, पदवी नबुझाउने आकारान्त र सबै प्रकारका ओकारान्त शब्ददेखि 'ई' प्रत्यय हुन्छ–

अ— काका–काकी    भान्जा–भान्जी    घोडा–घोडी
चखेवा–चखेवी    बटुवा–बटुवी    जलेवा–जलेवी
परेवा–परेवी    सुगा–सुगी    कछुवा–कछुवी इत्यादि
ओ— छोरो–छोरी    सालो–साली    चेलो–चेली    केटो–केटी
ठिटो–ठिटी    पाठो–पाठी    कमारो–कमारी    भेडो–भेडी

पाडो-पाडी    च्याङ्ग्रो-च्याङ्ग्री इत्यादि ।

ई) इ, ई, ऊ, औ अन्त्यमा हुने शब्ददेखि 'नी' प्रत्यय हुन्छ र पदान्त दीर्घ ई ऊ को ह्रस्व हुन्छ–

इ— नाति–नातिनी, पनाति–पनातिनी, जनाति–जनातिनी ।
ई— कामी–कमिनी, दमाई–दमिनी, घर्ती–घर्तिनी, धोबी–धोबिनी, ठकुरी–ठकुर्नी, योगी–योगिनी इत्यादि ।
ऊ— साहू--साहुनी, ज्यापू--ज्यापुनी, लिम्बू--लिम्बुनी, गुभाजू--गुभाजुनी, द्यौभाजू–द्यौभाजुनी, नाऊ–नाउनी, नगिनी, नेनी इत्यादि ।
औ-- कौ–कौनी, गुरौ–गुरौनी इत्यादि ।

उ) नेपालीमा लिङ्गपरिवर्तन गर्दा पुरुष जुन जाति या थरको छ स्त्रीको पनि त्यही जाति र थरमा स्त्रीलिङ्ग प्रयोग हुन्छ । कुमारी केटीका हकमा भने विवाहपूर्व बाबुको थर र जातकै आधारमा स्त्रीलिंगी रूप हुन्छ भने विवाहपश्चात् श्रीमान्को जात र थरअनुसारको लिंगपरिवर्तन हुन्छ । बाहुन–बाहुनी, खँदाल–खँदाल्नी, सुश्री कल्पना भट्टराई, श्रीमती कल्पना घिमिरे आदि ।

यसरी प्रत्यय लागी बनेका ओकारान्तबाहेक दुई स्वर हुने शब्दमा 'इनी' 'एनी' प्रत्यय हुँदा संयुक्त व्यञ्जन पूर्वतिर नभएको आकार भए त्यसको अकार हुन्छ ।

अकारान्त— बाघ–बघिनी बघेनी, भाट–भटिनी, भटेनी, भाँड–भँडेनी
अपवाद–संयुक्त व्यञ्जन पूर्वमा हुने-- स्याल–स्याल्नी
ओकारान्त— लामा–लमिनी, लमेनी, थापा–थपिनी, थपेनी, बाँडा–बँडिनी, बँडेनी
ईकारान्त— काजी–कजिनी, कामी–कमिनी, धामी–धमिनी, सार्की–सर्किनी
माझी–मझिनी
ऊकारान्त— थारू–थरूनी; अपवाद-- साहु–साहुनी
एकारान्त— पाँडे–पँडिनी, पाखे–पखिनी, काँठे–कँठिनी, थावसे–थविसनी छाते–छतिनी ।

संयुक्त व्यञ्जन पूर्वमा हुने अपवाद– च्यामे–च्यामिनी ।

केही शब्दमा विशेष नियमसँग नमिल्ने गरी प्रत्यय भई लिंगपरिवर्तन हुने पनि हुन्छ । यस्तो परिवर्तनलाई असामान्य प्रत्ययविधि परिवर्तन भन्न सकिन्छ--

बाजे–बज्यै, गुरु–गुरुआमा, भदो–भदै, राजा–रानी, महाराजा–महारानी, फुपू–फुपाजू, देवर–देउरानी, महन्त–महन्तिनी, गुरूङ–गुरूङसिनी, बाँधा–बँधितिनी इत्यादि ।

संस्कृत पुलिंग शब्दबाट प्रत्यय भई स्त्रीलिंग बनेका तत्सम शब्द इन्द्र–

इन्द्राणी, भव–भवानी, श्रीमान्–श्रीमती, भगवान्–भगवती, विद्वान्–विदुषी, राजा–राज्ञी जस्ता शब्द र अरू भाषाबाट अधिकृतरूपमा नेपाली भाषामा आएका शाहजादा–शाहजादी, बादशाह–वेगम जस्ता शब्दमा बाहेक अरू शब्दहरूमा लिंग परिवर्तन हुँदा नेपालीकै नियमअनुसार लिंग परिवर्तन हुन्छ––

सिंह–सिंहिनी, पण्डित–पण्डित्नी, चोपदार–चोपदार्नी, कर्णेल–कर्णेल्नी, इन्सपेक्टर–इन्सपेक्टर्नी, डाइरेक्टर–डाइरेक्टर्नी, प्रिन्सिपल–प्रिन्सिपल्नी, मेजर–मेजर्नी ।

यसरी प्रत्यय लागी लिंगपरिवर्तन हुँदा विशेष नामबाट प्रत्यय लागी शब्द बनेका देखिँदैनन् भने सामान्य नाममा पनि सबैबाट प्रत्यय लागी लिंग परिवर्तन हुन्छ भन्ने केही नियम छैन । व्यक्तिवाचक नाम र नपुंसकलिंगी शब्दबाट प्रत्यय लागी लिंग परिवर्तन भएको भने पाइएको छैन ।

स्त्रीलिंगबाट प्रत्यय लागी पुलिंगमा बदलिने नियमको चर्चा तल गरिएको छ ।

३) शब्दविस्तारविधि–– केही शब्दहरू यस्ता हुन्छन् जुन शब्दहरू सामान्य अवस्थामा स्त्री पुरुष केही पनि नछुट्टिने हुन्छन् । तिनीहरूको लिंग निर्धारण गर्न ती शब्दहरूमा पुलिंग वा स्त्रीलिंगबोधक शब्दहरू थपी तिनीहरूको लिंग निर्धारण गर्नुपर्दछ । यस्तो विधिलाई शब्दविस्तारविधि भनिन्छ ।

मान्छे, मृग, देवता, मन्त्री, सचिव, खरायो, बनेल, सारस, कमिलो, हात्ती, कुकुर इत्यादि सामान्य अवस्थाका शब्दमा पुलिंग वा स्त्रीलिंग शब्द थप्ता बन्ने रूप—

| पुलिंग | स्त्रीलिंग | पुलिंग | स्त्रीलिंग |
|---|---|---|---|
| लोग्नेमान्छे | स्वास्नीमान्छे | पुरुष देवता | स्त्री देवता |
| व्याँक | मुडुली मृग | पुरुष मन्त्री | स्त्री मन्त्री |
| पुरुष सचिव | स्त्री सचिव | भाले खरायो | पोथी खरायो |
| जुर्रा बाज | साही बाज | वीर बनेल | भुनी बनेल |
| भाले कमिलो | पोथी कमिलो | मत्ता हात्ती | ढोई हात्ती |
| भाले सारस | पोथी सारस | डाँडो कुकुर | छाउरी कुकुर |

## ४. अरू भाषाबाट नेपालीमा आएका शब्दहरूको लिंग

कुनै पनि भाषाका आफ्ना निजी शब्दहरूले मात्र त्यो भाषाको शब्दभण्डार भरिएको हुँदैन । अन्य विविध भाषाहरूबाट पनि त्यो भाषामा शब्द आएका

हुन्छन् । नेपाली भाषा पनि यो कब्जाबाट अलग रहन सकेको छैन । यसरी अन्य भाषाबाट आई प्रचलित भएका शब्दहरूमध्ये अन्य भाषामा ती शब्दको जुन लिंग भए पनि नेपालीमा आएपछि नेपाली नियमभित्रकै लिंगव्यवस्थाभित्र ती शब्दहरू रहेका हुन्छन् ।

| शब्द | भाषा | त्यो भाषामा भएको लिङ्ग | नेपालीमा लिङ्ग |
|---|---|---|---|
| लोभ | संस्कृत | पुलिङ्ग | नपुंसकलिङ्ग |
| इच्छा | ,, | स्त्रीलिङ्ग | ,, |
| मित्र | ,, | नपुंसकलिङ्ग | ,, |
| फसाद | अरबी | पुलिङ्ग | ,, |
| फौज | ,, | स्त्रीलिङ्ग | ,, |
| बन्दोबस्त | फारसी | पुलिङ्ग | ,, |
| किराया | ,, | ,, | ,, |
| दिल | ,, | ,, | ,, |
| किस्मत | ,, | स्त्रीलिङ्ग | ,, |
| कागज | ,, | ,, | ,, |
| कुस्ती | ,, | ,, | ,, |
| किताब | उर्दू | ,, | ,, |

रूपगठनका आधारमा भने नेपाली भाषामा पुलिंग र स्त्रीलिंगकै बाहुल्य देखिन्छ । छोरो आयो, छोरी आई, को आयो ? को गई ? कस्तो रहेछ ? कस्ती रहिछ ? गोरी रहिछ आदि अनेक पुलिंगी र स्त्रीलिंगी रूपहरू पाइए तापनि तिमीलाई के के दिउँ ? जे जे दिनुपर्छ देऊ भन्ने वाक्यहरूमा प्रयोग हुने जे के बाहेक अरू नपुंसकलिंगी शब्दका प्रयोगमा पुलिंगवत् वाक्य गठन हुने गर्दछ ।

## ५. लिङ्गसम्बन्धी केही समस्या, केही सुझाव

प्रचलित व्याकरण र चलनचल्तीका केही रूपहरू हेर्दा नेपाली भाषामा लिंग सम्बन्धी व्यवस्थामा निकै सुधारको आवश्यकता भएको अनुभव हुन्छ । सोसम्बन्धी केही समस्या र सुझावहरू यहाँ समावेश गर्न खोजिएका छन् । ती निम्न प्रकार रहेका छन्—

१) परम्परागत व्याकरणमा लिंग परिवर्तन गर्दा पुलिंगबाट मात्रै स्त्रीलिंग बनाउने नियमहरूको उल्लेख गरेको पाइन्छ । परन्तु एकातिर नेपालीमा स्त्री-

लिंगबाट पुलिंग बनेका उदाहरणहरू पाइन्छन् भने अर्कोतिर देश, काल, परिस्थिति-अनुसार स्त्रीलिंगबाट पनि पुलिंग बनाउनुपर्ने आवश्यकता अनुभव हुन थालेको छ।

पहिलेको जमानामा स्वास्नीमान्छेहरू प्रायः गृहकार्यमा व्यस्त रहन्थे। बाह्य संसारसँग उनीहरूको त्यति सम्पर्क रहँदैनथ्यो। त्यस कारण उनीहरूलाई चिनाउन पुलिंगबाटै आदेश गरेर वा स्त्री प्रत्ययहरू गरी स्त्रीलिंग बनाइन्थ्यो। तर अबको समानतावादी युगमा स्त्रीजाति घरव्यवहारमा मात्र सीमित रहेर पुरुषका आधारबाट मात्र चिनिने स्थिति छैन। आज त स्त्रीहरू पनि पुरुषसरह बाह्य संसारसँग परिचित हुने हुँदा स्त्रीहरूबाट पनि पुरुषहरू चिनिनुपर्ने हुन जान्छ। यस्तो स्थितिमा स्त्रीलिंगबाट पनि पुलिंगमा परिवर्तन गरिनु समसामयिक हुने देखिन्छ। यो क्रम संस्कृत व्याकरणमा पनि भएको प्रमाण निम्न शब्दहरूबाट पाइन्छ। उदाहरणका लागि कुन्ती–कौन्तेय, अञ्जनी–आञ्जनेय, मैत्री–मैत्रेय, सुमित्रा–सौमित्रेय, पृथा–पार्थ, शकुन्तला–शाकुन्तल आदि शब्दहरू लिन सकिन्छ। संस्कृतपछिका भाषामा पनि हिन्दी आदिमा स्त्रीलिंगबाट पनि प्रत्यय लागि पुलिंग भएको प्रमाण वैयाकरणहरूले देखाएका छन्। उदाहरणका लागि हिन्दीका आ, एऊ, ओई, औता[6] आदि प्रत्ययहरूलाई लिन सकिन्छ। जस्तै— मौसी + आ = मौसा, जीजी + आ = जीजा, बहन + एऊ = बहनेऊ, ननद + एऊ = ननदेऊ, बहन + ओई = बहनोई, ननद + ओई = ननदोई, बहन + ओता = बहनोता, जेठ + ओता = जेठोता आदि आदि। यस्तो प्रवृत्ति नेपालीमा पनि भएको र बाह्यसम्पर्कमा आई विशिष्ट पदमा पुग्ने स्त्रीलिंगबाट पुलिंग बनाउँदा सामाजिक अप्ठेराहरू पनि सुल्झिने भएकाले स्त्रीलिंगबाट पनि 'ए' 'ओ' प्रत्ययहरू लगाई पुलिंग हुनुपर्नेमा जोड दिनुपर्ने देखिन्छ।

२) नेपाली भाषामा जनजिब्राको अनुसरण गर्दै जाँदा एकै शब्दबाट अनेक प्रत्यय भई विभिन्न क्षेत्रमा विभिन्न रूप देखा पर्ने पनि हुन्छ। यस्ता अनेक रूपहरूलाई एकैचोटि शिष्ट स्थान दिन पनि सकिन्न। अतः त्यस्ता रूपभेदलाई स्थान भेद मानी कुनै एक रूपलाई स्तरीय तहको र अरूलाई उपस्तरीय तहको मान्न नितान्त आवश्यक हुन्छ। जस्तै—

दमाईबाट– दमाइनी, दमिनी, दमेनी, दमेना
कामीबाट– कमिनी, कमेनी, कमैना

---

[6] डा. जाल्मन दीम शित्स, हिन्दीव्याकरण, रादुगा प्रकाशन मास्को १९८३, पृ. सं. ४९१।

साकीबाट– साकिनी, सकिनी, सकेनी
विष्टबाट– विष्टिनी, विष्टेनी
पण्डितबाट– पण्डित्नी, पण्डितिनी
बजियाबाट– बजिनी, बजेनी
सेठबाट– सेठिनी, सेठानी, सेठ्नी

यस्ता शब्दहरूमा 'नी' र 'इनी' प्रत्यय लागी बनेका दमिनी र विष्टिनी जस्ता रूपलाई स्तरीय मानी एनी, एना, जस्ता रूपभेदलाई उपस्तरीयभित्रै रहन दिनु पनि व्याकरणात्मक दृष्टिले उपयुक्त हुने देखिन्छ ।

त्यस्तै क्षेत्रीय भेदअनुसार एक लिंगबाट अर्को लिंगमा लाँदा अनेक रूपहरू बन्ने शब्दहरूमध्ये पनि कुनै एक रूपलाई आदर्श मानी अरू रूपलाई आञ्चलिक दायराभित्रै रहन दिनु व्याकरणात्मक दृष्टिले सरल मानिन्छ । जस्तै––

बाबुको– आमा, आमै, महतारी, जेई, ज्यै आदि
बाजेको– बज्यै, बोई, ब्वै आमै आदि
फुपुको– फुपाजु, फुपाज्यू, फुवा, पुसा, पुसाज्यू आदि ।

यस्ता अनेक रूपमध्ये जसले परम्परागत शिष्टता र व्यापक परिधि ओगटेको छ त्यस्ता रूपलाई मात्र स्तरीय आदर्श प्रयोगमा स्थान दिने र अरूलाई उपस्तरीय रूपमै रहन दिने व्यवस्था व्याकरणमा गरिनुपर्दछ । यसअनुसार यस्ता शब्दहरूमध्ये बाबु–आमा, बाजे–बज्यै, फुपू–फुपाजु, आदिमा व्यापक परिधि र प्रचलित शिष्टताको पुट पाइने हुँदा यिनीहरूलाई आदर्श रूप मानी आमै, ज्यै, जेई, बोई, ब्वै, आमै, फुपा र पुसा जस्ता शाब्दिक रूपभेद र एनी, एना, जस्ता प्रत्ययभेदलाई आञ्चलिक कथ्यताभित्रै राख्न उपयुक्त देखिन्छ ।

३) नेपाली भाषामा लिंग परिवर्तन गर्दा व्याकरणात्मक लिंगव्यवस्था मात्र नभई सामाजिक लिंगव्यवस्थाको पनि ठूलो हात रहन गएको छ । जस्तै 'छोरा'को 'छोरी' बन्नु व्याकरणात्मक लिंगव्यवस्था हो भने 'छोरा'को 'बुहारी' बन्नुचाहिं सामाजिक लिंगव्यवस्था पनि हो । यस दृष्टिले हेर्दा—

| | |
|---|---|
| छोराको स्त्रीलिंग छोरी कि बुहारी ? | छोरीको पुलिंग छोरो कि जुवाइँ ? |
| भाइको स्त्रीलिंग बहिनी कि बुहारी ? | बहिनीको पुलिंग भाइ कि जुवाइँ ? |
| नन्दको पुलिंग देवर कि नन्देभाइ ? | देवरको स्त्रीलिंग देउरानी कि नन्द ? |
| सालाको स्त्रीलिंग साली कि बहिनी ? | सालीको पुलिंग सालो कि साडुभाइ? |
| जेठुको स्त्रीलिंग जेठीसासू कि जेठान्नीदिदी ? | जेठीसासूको पुलिंग जेठु कि साडुदाजु ? |

इत्यादि प्रश्नहरू नच्याई रहदैनन् । यस्तो स्थितिमा के भन्नु मनासिब ठहर्छ भने शिष्ट परम्परा र व्याकरणात्मक प्रयोगका आधारमा नेपाली लिंगको परिवर्तन

हुनु भनेको लोग्नेको स्वास्नी नै बन्नु र स्वास्नीको लोग्ने नै बन्नु भनेको होइन। भाले जातिबाट पोथी जाति बन्नु र पोथी जातिबाट भाले जाति बन्नु भन्ने मात्र यसको सङ्केत भएको हुँदा व्याकरणमा यस प्रकारको उल्लेख गरिनुपर्ने कुरा शिष्टसमुदायमा राख्न चाहन्छु ।

४) नेपालीमा लिंगपरिवर्तन गर्ने क्रममा सबै प्रकारका जाति, पेशा, थर आदिबाट स्त्रीलिंग बन्छ भन्ने कुरा पहिले पनि थिएन । नेवारको नेवार्नी, थापाको थपिनी भएजस्तै शर्माको शर्मिनी, शाहको शहिनी, राणाको रणिनी वा रणेनी आदि भएको देखिंदैन । त्यस्तै व्यापारीको व्यापार्नी, डाकाको डकिनी या डकेनी आदि भएको देखिएको पनि छैन । वर्तमान परिप्रेक्ष्यमा हेर्दा स्त्री प्रत्ययहरू झन् प्रतिदिन विलीन हुँदै गइरहेका छन् । अबको लेख्य आदर्श नेपालीमा महिला नामको पछाडि उपनाम लेख्दा स्त्रीलिंगवाचक नगरी कोइराला, उपाध्याय, श्रेष्ठ, राई, गुरुङ्ग, तामाङ्ग, चौधरी आदि नै लेख्ने गरेको देखिन्छ । आजकलको व्यक्तिवाचक नाममा समेत स्त्रीत्वबोध हराउँदै गएको प्रमाण त्रिभुवनभद्रा, वीणाप्रसाद, कमल राणा, करुणानन्द आदि केही स्त्रीनामहरूबाट थाहा हुन्छ । यसरी व्यक्तिवाचक नामबाट समेत स्त्रीत्वबोधक चिह्नहरू हराउन थालेको वेला जाति थर र पेशाको पछाडि स्त्रीलिंगी प्रयोग नगरी व्याकरणलाई गतिशील गोरेटो दिनु समिचीन हुने हुँदा अबको शिष्ट प्रयोगमा जाति, पेशा, थरदेखि स्त्री प्रत्यय नलगाउने निर्णय लिइयोस् भन्ने अनुरोध गर्दछु ।

५) लिंगको अस्तित्व नाम, सर्वनाम, विशेषण र क्रियापदहरूमा रहने हो तापनि हाल आएर नेपालीमा लिंगका प्रमुख आधार देवविशेष र मनुष्यबोधक नाम, सर्वनाम, विशेषण र क्रिया मात्र रहन गएका छन् । प्रतीक र आरोपावस्थामा बाहेक मानवेतर प्राणीमा लिंगको अस्तित्व खिइन थालेको देखिन्छ । मानवेतर प्राणीका नाममा लिंगको अस्तित्व देखिए पनि तिनीहरूका सर्वनाम, विशेषण र क्रियापद प्रयोगमा स्त्रीलिंगको प्रयोग देखिंदैन । विशेषणमा कहीं कहीं रहे पनि क्रिया प्रयोगमा स्त्रीलिंग देखिंदैन । जस्तै— 'गाई आयो !' 'कालो गाई आयो !' 'अनारकली ढोई ब्यायो !' 'कालो पाठी आयो !' इत्यादि वाक्यहरूमा जातिवाचक नाम र व्यक्तिवाचक नाममा बाहेक अरू वाक्य अवयवहरूमा स्त्रीलिंग प्रयोग पाइँदैन ।

'हाम्रो माली गाई त आयो, तिम्रो कालो गाई आयो के त ?' जस्ता वाक्यहरूमा माली काली पदहरू विशेषणजस्ता लागे पनि यी पदहरू नामस्थानिक भएकाले यिनीहरूलाई स्त्रीलिंग विशेषणकै कोटिमा चढाइहाल्न उपयुक्त नपर्ला ? कण्ठे पाडो, कण्ठे पाडी, चंदुले पाठो, चंदुले पाठी इत्यादिमा समान रूपले विशेषणस्थानिक

नामको समान रूपले प्रयोग भएको देख्दा माथिको कथनलाई अझै पुष्टि मिल्दछ ।

मानवेतर प्राणी प्रयोगका केही वाक्यहरूका विशेष पदमा स्त्रीलिंगको अवशेष देखिए तापनि त्यसको अस्तित्व पनि क्रमशः बिलाउँदै गएको अनुभव हुन्छ । जस्तो– तिम्रो कुन गाई ब्यायो ? काली गाई ब्यायो । कुनचाहिँ काली ? कोरली चाहिँ । यस्ता वाक्यहरूमा कोरली भन्ने ठाउँमा कोरलो शब्दको पनि प्रयोग हुन थालेको पाइएकाले मानव र देवत्व विशेषमा वाहेक र मानवेतर प्राणीका नाममा बाहेक अन्यत्र स्त्रीलिंगको प्रयोग अत्यन्त क्षीण हुँदै गएको अनुभव हुन्छ । यस परिप्रेक्ष्यमा मानवेतर प्राणीका नाममा वाहेक अन्यत्र स्त्रीलिंगी प्रयोग नहुने र मानवीय समुदायमा भने यथावत् रहिरहने कुरा विद्वत्समुदायमा अनुरोध गर्न चाहन्छु ।

६) आजको लेख्य नेपालीका केही प्रयोगहरूमा सम्बन्ध कारक, विशेषण र क्रियापदमा स्त्रीलिंगको अस्तित्व विलीन हुन लागेको देखन थालिएको छ । जस्तै– मेरो आमाले भन्नुभयो । मेरो छोरी राम्रो छ । मेरो बूढी आमा भन्नुहुन्छ । आजकल बूढो भएर होला मैले राम्ररी आँखा देखन छोडेको छु । मेरो बहिनी दार्जिलिङ्गमा पढ्दैछ । ऊ जाँच सकेपछि घर आउला । अनि उसलाई पुऱ्याउन जाँदा मेरो श्रीमती पनि दार्जिलिङ्ग घुम्न जान्छु भन्दैछ, के गर्ने हो । गीताले कराउँदै भनी ‘ए सीता तैंले कस्तो लेखिस् ?’ मैले त राम्रो लेखेको छु, कपी पनि निकै पो थपेको छु त ! यस्ता वाक्यहरू अशिक्षित समुदायमा मात्र होइन आजको शिक्षित समुदायको बोलाइ र लेखाइमा समेत सुन्न र देखन पाउन थालिएको छ । भाषाको गतिशील प्रवाहलाई व्याकरणले नछेके पनि शिष्ट प्रयोग र शाश्वत सत्यका आधारमा विशृङ्खलित अवरोधहरूलाई सही मार्गनिर्देशन गर्नु पनि आजको सामयिक समस्या हुन आएको छ । यसै कारण माथिका वाक्यहरूमा देखा परेका मूलभूत समस्याहरू सम्बन्ध कारक, विशेषण र क्रियापदका स्त्रीलिंगी प्रयोग मेरी, तेरी, तपाईंकी, हाम्री, तिम्री, बूढी, भर्खरकी, राम्री, नराम्री आदि र पढेकी, लेखेकी, देखेकी जस्ता स्त्रीलिंगी प्रयोगमा सक्रियतासाथ जोड दिनुपर्ने कुरामा ध्यान आकर्षण गर्दछु ।

अन्तमा, आजको नेपाली लिंगव्यवस्थालाई हेर्दा परम्परागत व्याकरणका नियम र आधारहरूले मात्र पर्याप्त नहुने हुँदा लिंगका सारभूत समस्याहरूमाथि सही तथ्य लिंगसम्बन्धी केही समस्या र सुझावहरू विद्वत्समूहमा राखिएका हुन् ।

# नेपालीमा लिंगविधान

नरेन्द्र चापागाइँ

## १. भूमिका

भाषाका शब्दहरूमा पाइने कठोरता, कोमलता, स्थूलता तथा लघुता जस्ता र भालेभाव, पोथीभाव, भालेभाव र पोथीभाव दुवैको अभाव एवं संभावना जस्ता गुणहरूलाई चिनाउने एक किसिमका व्याकरणात्मक धारालाई लिंग भन्ने गरिन्छ। शब्दका रूप र प्रकृतिका आधारमा यस किसिमका गुणहरूको आरोप गरिने प्रक्रियालाई लिंगविधान भन्न सकिन्छ। शब्दहरूका रूपमा आरोप गरिने उपर्युक्त गुणहरूलाई पुंलिग, स्त्रीलिंग, नपुंसकलिंग र उभयलिंग जस्ता भेदहरूद्वारा चिनाउने गरिएको र उक्त भेदहरूलाई शब्दका स्वरान्तताका आधारमा छुट्ट्याउने गरिएको पाइन्छ। संस्कृत भाषाका स्वरान्त एवं व्यञ्जनान्त दुवै किसिमका शब्दहरूमा पुंलिग, स्त्रीलिंग एवं नपुंसकलिंगको विधान रहेको देखिन्छ। प्राकृतमा संस्कृतका व्यञ्जनान्त शब्दहरू स्वरान्तमा विकसित भएका पाइन्छन्। नेपाली भाषाका शब्दहरू उच्चारणमा व्यञ्जनान्त रहे पनि लेख्य स्थितिमा प्रायः स्वरान्त नै रहेका मानिने गरिएका देखिन्छन्। यसरी स्वरान्तता एवं व्यञ्जनान्तताका आधारमा निष्पन्न रूपहरू व्याकरणसँग र तिनमा आरोपित गुणहरू प्रकृतिसँग सम्बन्धित रहेका देखिन्छन्। यस प्रसङ्गमा व्याकरणात्मक रूपविधानलाई व्याकरणात्मक लिंगविधान र प्राकृतिक गुणविधानलाई प्राकृतिक लिंगविधान भन्न सकिन्छ।

संस्कृत भाषासँग नेपाली भाषाको आनुवंशिक सम्बन्ध रहेका हुँदा यस भाषाका लिंगविधानमा पनि संस्कृत भाषाकै लिंगविधानको चूरो रहनु स्वाभाविक हुँदाहुँदै पनि संस्कृतबाट प्राकृत तथा अपभ्रंश हुँदै विकास हुने क्रममा नेपाली भाषामा व्याकरणात्मक लिंगविधान असहज र प्राकृतिक लिंगविधान सहज बन्दै गएको पाइन्छ। यसले गर्दा नेपाली भाषाका लिंगविधानमा एकातिर आनुवंशिक

गुणहरू विकसित हुँदै गएर आपनै किसिमका विशेषताहरू स्थापित हुँदै गइरहेका देखिन्छन् भने अर्कातिर अन्य भाषिक प्रभावले गर्दा यस किसिमका विशेषताहरू अस्थिर बन्दै गएका पनि पाइन्छन् । यसले गर्दा नेपाली भाषाका लिंगविधानमा बहुरूपी समस्या खड्कन थालेको देखिन्छ । नेपाली भाषाका लिंगविधानमा देखा परेको यस प्रकारको समस्या नेपाली भाषाकै एकरूपता र स्तरीकरणको बाधक भएर देखापर्न पनि सक्तछ । यस कारण उक्त समस्याको स्थितिबोध गराउँदै समाधानको बाटो पहिल्याउनु प्रस्तुत कार्यपत्रको उद्देश्य रहेको छ ।

## २. पृष्ठभूमि

नेपाली भाषा संस्कृतबाट प्राकृत एवं अपभ्रंश हुँदै विकसित भएको हुनाले यस भाषाका लिंगविधानको चूरो पहिल्याउन संस्कृत भाषासम्म नै पुग्नुपर्ने हुन्छ । संस्कृत भाषामा व्याकरणात्मक एवं प्राकृतिक दुवै किसिमका लिंगविधानको स्थिति पाइन्छ । व्याकरणात्मक लिंगविधान शब्दका कठोरता, कोमलता, स्थूलता, लघुता आदि जस्ता गुणहरू र स्वरान्तता तथा सुबन्त रूपविधानका आधारमा भएको पाइन्छ । संस्कृतका काल, अनल, पाषाण आदि जस्ता अकारान्त; गिरि, रश्मि, ध्वनि आदि जस्ता इकारान्त तथा बिन्दु, बाहु, परशु आदि जस्ता उकारान्त शब्दहरू भालेभाव जस्ता प्राकृतिक गुणको अभाव हुँदा पनि पुंलिग मानिएका देखिन्छन् भने शिला, सुधा, प्रभा आदि जस्ता आकारान्त; नदी, पृथ्वी, कौमुदी आदि जस्ता ईकारान्त तथा भू, चञ्चू, तनू आदि जस्ता ऊकारान्त शब्दहरू पोथीभाव जस्तो प्राकृतिक गुणका अभावमा पनि स्त्रीलिंग मानिएका पाइन्छन् । यसै गरी आत्मन् जस्ता शब्द पुंलिग र दिक् जस्ता शब्द स्त्रीलिंग मानिएका छन् । संस्कृतमा स्वरान्त एवं व्यञ्जनान्त शब्दहरूमध्ये पुंलिगी एवं स्त्रीलिंगी शब्दका रूपहरूभन्दा भिन्नै किसिमका सुबन्त रूपहरू बन्ने शब्दहरूलाई नपुंसकलिंग मानिएको पाइन्छ । संस्कृतमा नपुंसकलिंग मानिएका शब्दका रूपहरू प्रथमा तथा द्वितीया विभक्तिमा मात्र फरक परेका र अरू विभक्तिका रूपहरू पुंलिगवत् रहेका देखिन्छन् । प्राकृत एवं अपभ्रंश भाषाका लिंगविधानमा पनि यही विशेषता रहेको पाइन्छ । तर नेपाली भाषामा भने रूपविधानका आधारमा पुंलिग एवं नपुंसकलिंगमा भिन्नता रहेको पाइँदैन । संस्कृतमा एकातिर यसरी सुबन्त रूपविधानका आधारमा पुंलिग, स्त्रीलिंग एवं नपुंसकलिंग मान्ने प्रचलन रहेको देखिन्छ भने अर्कातिर पोथीभाव भएका दारा शब्द पुंलिग र कलत्र शब्द नपुंसक लिंग पनि मानिएका पाइन्छन् । त्यस्तै एउटै देवत्व वा ईश्वरत्व बुझाउने देव, देवता तथा दैवतम् जस्ता शब्दहरू पुंलिग, स्त्रीलिंग तथा नपुंसकलिंग मानिएका छन् अनि एउटै प्राकृतिक गुण भएका

लता शब्द स्त्रीलिंग, वृक्ष शब्द पुलिंग र पुष्प शब्द नपुंसकलिंग मानिएका छन्। यसरी शब्दका मूलरूप र सुबन्तरूपका आधारमा गरिने लिंगविधान नै व्याकरणात्मक लिंगविधान हो र संस्कृतमा यस प्रकारका लिंगविधानको स्थिति प्रबल रहेको पाइन्छ। यसै गरी संस्कृतमा भालेभाव बुझाउने शब्दलाई पुलिंग, पोथीभाव बुझाउने शब्दलाई स्त्रीलिंग तथा भालेभाव र पोथीभाव दुवै नबुझाउने शब्दलाई नपुंसकलिंग मान्ने गरिएको र खास गरेर व्याकरणात्मक लिंगविधानलाई बढी महत्त्व दिएको पाइन्छ।

संस्कृत भाषाका केही नपुंसकलिंगी शब्दहरू प्राकृत भाषामा विकसित हुंदा पुलिंग एवं स्त्रीलिंगमा परिवर्तित भएका पाइन्छन्। यो कुरो कर्मन्, तमस् इत्यादि शब्दहरू कम्मो, तमो जस्ता; कुलम्, छन्दस् इत्यादि शब्दहरू कुलो, छन्दो जस्ता र पृष्ठम्, आक्षम् इत्यादि शब्दहरू पुट्ठी, अच्छी जस्ता हुनुबाट स्पष्ट हुन्छ। यसरी संस्कृतबाट प्राकृत एवं अपभ्रंश हुंदै आधुनिक रूपमा विकसित हुंदै जाने क्रममा लिंगविधानमा समेत परिवर्तन हुंदै गए तापनि हिन्दी आदि भारतीय भाषाहरूमा व्याकरणात्मक लिंगविधानको आधिक्य रहेकै छ तर नेपाली भाषामा भने व्याकरणात्मक लिंगविधान शिथिल हुंदै गई प्राकृतिक लिंगविधानको प्रबलता बढ्दै गएको पाइन्छ। यो हुंदाहुंदै पनि प्राचीन एवं मध्यकालीन नेपालीमा र नेपालीका पश्चिमी भाषिकामा व्याकरणात्मक लिंगविधान यथावत् रूपमा रहेको पाइन्छ। तर आधुनिक तथा स्तरीय नेपालीमा व्याकरणात्मक लिंगविधान अवशेषका रूपमा मात्र रहेको पाइन्छ।

## ३. व्याकरणात्मक लिङ्गविधानको अवशिष्टता

प्राचीन एवं मध्यकालीन नेपालीमा प्रयोग भएका 'श्री पुण्य मल्लकी शाखा प्रतिपाल', 'कनक पत्रकी भाषा पसाकरि अक्यांछु', 'रसले परिपूर्ण भयाकि पृथिवी', 'मुखकि, विरसता हर', 'पुष्पपुरी नाउँ भयाकी नगरी' 'तीनै लोकविषे उपमा नभयाकी बडा दुःखले पनि पाइनसकीन्या भयाकी कीर्तिकन' इत्यादि जस्ता र नेपालीका पश्चिमी भाषिकाका 'हरिकी लीला', 'सन्तानकी आड', 'आजकी रात', 'उनरी ठौर', 'उइले कुरडी सकी', 'उइले भारी बाँधी' इत्यादि जस्ता पदावली एवं वाक्यहरूमा व्याकरणात्मक लिंगविधान यथावत् रूपमा रहेको पाइन्छ। तर आधुनिक स्तरीय नेपालीमा 'गाई ब्याइन्', पृथिवी ठूली छन्', 'नेपाली हाम्री मातृभाषा हुन्', 'गङ्गा पवित्रताका निम्ति बहेकी हुन्छिन्' इत्यादि जस्ता भावकुल स्थितिमा गरिने केही प्रयोगदेखि बाहेक अन्य स्थितिमा यस प्रकारको व्याकरणात्मक लिंगविधान त्यति व्यवहार्य बनेको पाइँदैन तापनि यस भाषामा र यसका

अन्य कतिपय भाषाहरूमा पक्षीवाचक, कीटपतङ्गवाचक, धान्यवाचक, पुष्पवाचक, नदीवाचक तथा स्थानवाचक शब्दहरूमा, गाईगोरु, खसीबाखा, भैंसी, कुकुर इत्यादिका नामहरूमा र केही समस्त शब्दहरूमा व्याकरणात्मक लिंगविधानको अवशिष्टता रहेको पाइन्छ । संस्कृतमा कठोरता, कोमलता, स्थूलता एवं लघुता जस्ता गुणहरूका आधारमा र स्वरान्तताका आधारमा पुंलिग, स्त्रीलिंग एवं नपुंसकलिंगविधान गरिने परम्परा भएको र नेपाली भाषा संस्कृतकै सन्तति भएको हुनाले यस भाषामा व्याकरणात्मक लिङ्गविधानको अवशिष्टता रहनु स्वाभाविक देखिन्छ । उदाहरणका रूपमा तल केही शब्दहरू प्रस्तुत गरिन्छन् ।

१. क. पक्षीवाचक पुंलिगी शब्द — काग, कोकले, चिवे, चील, डाँफे ।
   ख. पक्षीवाचक स्त्रीलिंगी शब्द— कोइली, जुरेली, धोबिनी, मैना, रूपी ।
२. क. कीटपतङ्गवाचक पुंलिगी शब्द— भँवरो, बारूलो, अरिङ्गाल, झिंगो ।
   ख. कीटपतङ्गवाचक स्त्रीलिंगी शब्द— मौरी, बेलौरी, कयाउँकीरि, पुतली ।
३. क. धान्यवाचक पुलिङ्गी शब्द— मनसरो, बलमसार, रूपकलम, मनिपुरे ।
   ख. धान्यवाचक स्त्रीलिङ्गी शब्द— अटेमार्सी, मनसुरी, बासमती, फूलथुँगा ।
४. क. पुष्पवाचक पुंलिगी शब्द — गुराँस, बाह्रमासे, लालुपाते, पारिजात ।
   ख. पुष्पवाचक स्त्रीलिंगी शब्द— बेली, चमेली, सयपत्री, भीमसेनपाती ।
५. क. नदीवाचक पुंलिगी शब्द — अरुण, वरुण, तमोर ।
   ख. नदीवाचक स्त्रीलिंगी शब्द— कोशी, कमला, कर्णाली ।
६. क. स्थानवाचक पुंलिगी शब्द— इलाम, अचंले, पाटन, अछाम ।
   ख. स्थानवाचक स्त्रीलिंगी शब्द— सिन्धुली, दिङला, लुम्बिनी, पाल्पा ।
७. क. गोरुका पुंलिगी नाउँ— झाले, माले, तिल्के, लाले ।
   ख. गाईका स्त्रीलिंगी नाउँ— झाली, माली, तिल्कू, रातू ।
८. क. खसीका पुंलिगी नाउँ— सिंगारे, घोर्ले, पेटारे, कयाम्ले ।
   ख. बाखाका स्त्रीलिंगी नाउँ— सिंगारी, घोर्ली, पेटारी, भरूनी ।
९. क. भैंसीका पुंलिगी नाउँ— चौंरे, कुप्पे, मथुरे, घारे ।
   ख. भैंसीका स्त्रीलिङ्गी नाउँ— काली, रूपा, लाहुरी, मोती ।
१०. क. कुकुरका पुंलिगी नाउँ — काले, खैरे, सुर्के ।
   ख. कुकुरका स्त्रीलिंगी नाउँ— काली, खैरी सेती ।

११. क. पूर्वलघुभावका नामशब्दको समास— चरीचुच्चे, मुसीकाने, मखौबुट्टे, टारीघरे ।
    ख. उत्तरलगुभावका नामशब्दको समास— मासगेडी, जूनटीकी, नूनढिकी, सुनटीकी ।
१२. क. स्थूलभावका विशेषण शब्दको समास— काँचोपात, सुकेनास, धोक्रेफूल, माळ्कोट, गोर्लसिमल ।
    ख. लघुभावका विशेषण शब्दको समास— बूढीऔंलो, पहेंलो पात, जुनेलीरात, घोर्लीखर्क, कालीकोट ।
१३. क. स्थूलतघुभावको समास— चूलाचूली, गेडागेडी, पत्रपत्रिका ।
    ख. लघुलघुभावको समास— जरीबूटी, तीतीमीठी, कालीमाटी ।

माथि उदाहृत गरिएका जङ्गमप्राणीवाचक, स्थावरप्राणीवाचक तथा अप्राणीवाचक शब्दहरूमध्ये कतिपय शब्दहरू भालेभाव तथा पोथीभाव स्पष्टसँग छुट्टिन सक्ने, कतिपप शब्दहरू भालेभाव तथा पोथीभाव दुवैको सम्भावना रहेका र कतिपय शब्दहरू भालेभाव र पोथीभाव दुवैको अभाव रहेका देखिन्छन् । प्राकृतिक लिंगविधानका आधारमा भन्ने हो भने यस्ता शब्दहरू क्रमशः पुलिंग, स्त्रीलिंग, उभयलिंग तथा नपुंसकलिंग मानिन्छन् । तर व्याकरणात्मक लिंगविधानका आधारमा भन्ने हो भने जङ्गमप्राणीवाचक शब्दहरूका अतिरिक्त स्थावरप्राणीवाचक तथा अप्राणीवाचक शब्दहरू पनि कठोरभाव, कोमलभाव, स्थूलभाव तथा लघुभाव जस्ता गुणहरू र स्वरान्तताका आधारमा पुलिंग एवं स्त्रीलिंग हुन सक्तछन् । आधुनिक स्तरीय नेपाली भाषामा प्राकृतिक लिंगविधानको प्रबलता रहेको हुनाले अप्राणीवाचक शब्दहरू त त्यसै पनि पुलिंग एवं स्त्रीलिंग मानिदैनन्, भालेभाव र पोथीभाव दुवैको सम्भावना भएका र दुवैको अभाव रहेका शब्दहरू पनि पुलिंग एवं स्त्रीलिंग नमानिएर सबै नै नपुंसकलिंग मानिन्छन्। अझ नेपाली भाषाका सहज र मौलिक प्रवृत्तिअनुसार मानवेतर प्राणीवाचक शब्दहरू सबै नपुंसकलिंगतिर विकसित हुँदै छन् । तर संस्कृत भाषामा झैं नेपाली भाषामा पनि कठोरभाव, कोमलभाव, स्थूलभाव तथा लघुभाव जस्ता गुणहरू रहेका शब्दहरूमा पुलिंग एवं स्त्रीलिंगका स्वरान्तताको अवस्थिति यथावत् रहेको पाइन्छ । यस आधारमा नेपालीमा प्राकृतिक लिंगविधानको प्रबलता रहँदा रहँदै पनि व्याकरणात्मक लिंगविधानको अवशिष्टता रहेको स्पष्ट हुन सक्तछ ।

## ४. प्राकृतिक लिङ्गविधानको प्रबलता

प्राकृतिक लिंगविधानअनुसार जुन शब्दहरूमा भालेभाव रहेको हुन्छ त्यस्ता

शब्दहरू पुलिंग, जुन शब्दहरूमा पोथीभाव रहेको हुन्छ त्यस्ता शब्दहरू स्त्रीलिंग र जुन शब्दहरूमा भालेभाव तथा पोथीभाव दुवैको अभाव रहेको हुन्छ त्यस्ता शब्दहरू नपुंसक लिंग ठहर्दछन् । यदि कुनै शब्दमा भालेभाव र पोथीभाव दुवैको संभावना रहेको हुन्छ भने त्यस्ता शब्दहरू उभयलिंग पनि मानिने गरिन्छन् । आधुनिक तथा स्तरीय नेपाली भाषामा स्वरान्तताका आधारमा हुने रूपरचनाअनुसारको लिंगविधानको स्थिति नभई भालेभाव, पोथीभाव, भालेभाव र पोथीभाव दुवैको अभाव र दुवैको सम्भावना जस्ता गुणहरू अनुसारको लिंगविधान रहेको पाइन्छ । बाबु, छोरो, गोरु आदि जस्ता शब्दमा भालेभाव रहेको हुँदा यस्ता शब्दहरू पुलिंग; आमा, छोरी, गाई आदि जस्ता शब्दहरूमा पोथीभाव रहेको हुँदा यस्ता शब्दहरू स्त्रीलिंग; माटो, पानी, पुस्तक आदि शब्दहरूमा भालेभाव र पोथीभाव दुवै नरहेको हुँदा यस्ता शब्दहरू नपुंसकलिंग र मान्छे, साहेब, जरायो आदि जस्ता शब्दहरूमा भालेभाव र पोथीभाव दुवैको संभावना रहने हुँदा यस्ता शब्दहरू उभय लिंग ठहर्दछन् । शब्दका स्वरान्तताका आधारलाई लिंदा नेपालीमा एकातिर पुलिंग एवं नपुंसकलिंगका रूपविधानमा कुनै पार्थक्य रहेको देखिंदैन भने अर्कातिर पुलिंग एवं स्त्रीलिंग छुट्टिन नसको उभयलिंगको सम्भावना रहेको पाइन्छ । स्वरान्तताका आधारमा रूपविधानको स्पष्टता कतिपय पुलिंगी एवं स्त्रीलिंगी शब्दहरूमा मात्र रहेको कुरो स्पष्ट हुन्छ। नेपालीमा रूपविधानलाई आधार मान्दा पुलिंग, स्त्रीलिंग गरी जम्मा दुई लिंग र गुणविधानलाई आधार मान्दा पुलिंग, स्त्रीलिंग, नपुंसकलिंग र उभय जम्मा चार लिंग रहेका देखिन्छन् ।

नेपाली भाषाका लिंगविधानमा रूपविधान हुँदा भिन्नाभिन्नै किसिमका मूल भएका शब्दहरूमा र एकै किसिमका मूल भएका शब्दहरूमा भएको पाइन्छ । रूपविधान हुँदा कतिपय नामशब्द, कतिपय विशेषणशब्द, कतिपय कृदन्तीय क्रिया र कतिपय तिङन्तीय क्रियामा भएको देखिन्छ । मूल सर्वनामशब्द, कतिपय नामशब्द, कतिपय विशेषणशब्द, कतिपय कृदन्तीय क्रिया र कतिपय तिङन्तीय क्रियामा भने लिंगविधानका दृष्टिले रूपविधान नभएको पनि पाइन्छ । पुलिंगी एवं नपुंसकलिंगी शब्दका एकवचनमा र तीनै लिंगका बहुवचनमा रूपविधानको समानता रहेको देखिन्छ । विशेष आदरार्थी क्रियामा लिंगविधान हुँदै नभएको र सामान्य आदरार्थीमध्ये पुलिंगी आदरार्थीमा बहुवचनको र स्त्रीलिंगी आदरार्थीमा एकवचनको रूपविधान भएको पाइन्छ । जुन मूलका पुलिंगी शब्द हुन् तिनै मूलका शब्दका स्त्रीलिंगको विधान हुँदा प्रायः इकारान्त रूपविधान भएको पाइन्छ । भिन्नाभिन्नै मूलका शब्दका पुलिंग एवं स्त्रीलिंगको विधान हुँदा भने अकारान्त, ईकारान्त, उकारान्त, आकारान्त, ईकारान्त, ऊकारान्त, एकारान्त, ओकारान्त इत्यादि जस्ता

स्वरान्तताको रूपविधान भएको पाइन्छ । यस प्रकारको रूपविधानमध्ये पुंलिग एवं नपुंसकलिंगको रूपविधानमा प्रायः अकारान्त, इकारान्त, उकारान्त, एकारान्त तथा ओकारान्त शब्दहरूमा समानरूपमा भएको र स्त्रीलिंगको रूपविधान प्रायः आकारान्त, ईकारान्त तथा ऊकारान्त शब्दहरूमा भएको पाइन्छ । नपुंसकलिंगको रूपविधान ईकारान्त रूपमा पनि भएको देखिन्छ । यसले गर्दा ईकारान्त स्त्रीलिंगी शब्दहरू र ईकारान्त नपुंसकलिंगी शब्दहरूमा पनि समस्वरान्तता रहेको स्पष्ट हुन्छ । पुंलिगी एवं स्त्रीलिंगी शब्दहरूमा रहेको समस्वरान्तता र स्त्रीलिंगी एवं नपुंसकलिंगी शब्दहरूमा रहेको समस्वरान्तताका कारणले गर्दा नै नेपालीका लिंगविधानमा रूपविधानको अस्तित्व दुर्बल बन्दै गई गुणविधानको प्रबलता बढ्दै गएको हुन सक्तछ । नेपाली भाषाका लिंगविधानमा यस प्रकारका रूपगत एवं गुणगत विशेषताहरू देखिनुका सथै पुंलिगी–स्त्रीलिंगी, स्त्रीलिंगी–पुंलिगी, पुंलिगी–पुंलिगी तथा स्त्रीलिंगी–स्त्रीलिंगी शब्दहरूका सामाजिक रचनामा सामाजिक विशेषता रहेको पनि पाइन्छ । नेपालीका लिंगविधानमा रहेका यस किसिमका केही विशेषताहरूलाई तल क्रमैसँग प्रस्तुत गरिनेछ ।

## ५. नाम शब्दहरूको लिंगविधान

नेपाली भाषाका नाम शब्दहरूका लिंगविधानमा रूपविधानको भन्दा गुणविधानको प्रबलता रहेको हुँदा सबै किसिमका नामशब्दहरूको रूपविधान भएको पनि पाइँदैन र स्वरान्तताका आधारमा लिंगनिर्णय यथोचित रूपमा हुन सक्ने पनि देखिँदैन । जुनसुकै स्वरान्तका शब्दहरू भए पनि मुख्य गरेर प्राणीवाचक, त्यसमा पनि मानवीय नाता, थर तथा जाति, पशुपन्छी आदि बुझाउने शब्दहरू पुंलिग एवं स्त्रीलिंग अन्तर्गत र अप्राणीवाचक शब्दहरू नपुंसकलिंगअन्तर्गत र कतिपय प्राणीवाचक शब्दहरू उभयलिंगअन्तर्गत रहेका मानिन्छन् । भालेभाव र पोथीभाव स्पष्ट नहुने प्राणीवाचक शब्दहरूको लिंगनिर्णय गर्नै पर्दा त्यस्ता शब्दका अगाडि भाले वा पोथीवाचक शब्दहरूको प्रयोग गर्ने गरिएको पाइन्छ । यस कारण नेपाली भाषाका लिंगविधानको मूल आधार स्वरान्तता जस्तो व्याकरणात्मक रूपविधान नभई भालेभाव, पोथीभाव, भालेभाव र पोथीभाव दुवैको अभाव तथा दुवैको सम्भावना जस्तो प्राकृतिक गुणविधान नै रहेको तथ्य स्पष्ट हुन आउँछ । यो कुरो तलका उदाहरणबाट स्पष्ट हुन सक्ने देखिन्छ ।

| शब्द | स्वरान्त | लिंग |
|---|---|---|
| १. बाघ | अकारान्त | पुंलिग |
| नन्द | ” | स्त्रीलिंग |

| शब्द | स्वरान्त | लिंग |
|---|---|---|
| कलम | अकारान्त | नपुंसकलिंग |
| काका | आकारान्त | नपुंसक |
| आमा | ” | स्त्रीलिंग |
| छाला | ” | नपुंसकलिंग |
| धामी | ईकारान्त | पुंलिंग |
| गाई | ” | स्त्रीलिंग |
| टोपी | ” | नपुंसकलिंग |
| बाबु | उकारान्त | पुंलिंग |
| आलु | ” | नपुंसक लिंग |
| थारू | ऊकारान्त | पुंलिंग |
| भाउजू | ” | स्त्रीलिंग |
| भाले | एकारान्त | पुंलिंग |
| थोरे | ” | स्त्रीलिंग |
| हर्पे | ” | नपुंसकलिंग |
| बाबै | ऐकारान्त | पुंलिंग |
| आमै | ” | स्त्रीलिंग |
| मकै | ” | नपुंसकलिंग |
| छोरो | ओकारान्त | पुंलिंग |
| बाखो | ” | नपुंसकलिंग |
| पोको | ” | स्त्रीलिंग |
| २. राजासाहेब | अकारान्त | पुंलिंग |
| रानीसाहेब | ” | स्त्रीलिंग |
| श्रीमान् थापा | आकारान्त | पुंलिंग |
| श्रीमती थापा | ” | स्त्रीलिंग |
| लोग्नेमान्छे | एकारान्त | पुंलिंग |
| स्वास्नीमान्छे | ” | स्त्रीलिंग |
| भाले जरायो | ओकारान्त | पुंलिंग |
| पोथी जरायो | ” | स्त्रीलिंग |

## ६. विशेषण शब्दहरूको लिङ्गविधान

नेपाली भाषाका विशेषण शब्दहरू रूपायित हुन सक्ने र नसक्ने गरी मूलतः

२ किसिमका देखिन्छन् । प्रायः ओकारान्त तथा एकारान्त विशेषणहरू रूपायित हुन सक्ने र अन्य विविध स्वरान्त विशेषणहरू रूपायित हुन नसक्ने खालका देखिन्छन् । ओकारान्त विशेषणहरू पुंलिग एवं नपुंसकलिंगका एकवचनमा, स्त्रीलिंगका एकवचनमा र तीनै लिंगका बहुवचनमा रूपायित हुने गरेका पाइन्छन् । यसका साथै सम्बन्ध कारकीय विशेषण तथा वर्तमानकालिक र भूतकालिक कृदन्तीय विशेषणहरू पनि ओकारान्त विशेषणहरू सरह नै रूपायित हुने गरेका देखिन्छन् । कतिपय एकारान्त विशेषणहरू पुंलिगका एकवचनमा र स्त्रीलिंगका एकवचनमा रूपायित हुने गरेका पाइन्छन् । रूपायित हुन नसक्ने कतिपय विशेषणहरू तीनै लिंग र दुवै वचनमा एकसमानरूपमा प्रयोग हुने गरेका देखिन्छन् । कतिपय विशेषणहरू पुंलिगमा र स्त्रीलिंगमा मात्र र कतिपय विशेषणहरू नपुंसकलिंगमा मात्रै पनि प्रयोग हुने गरेका पाइन्छन् । यी सबै किसिमका विशेषणहरूको प्रयोग तलका उदाहरणबाट स्पष्ट हुन सक्ने देखिन्छ ।

| विशेषण शब्द | विशेष्य शब्द | लिङ्ग | वचन |
|---|---|---|---|
| मोटो/मोटा | केटो/केटाहरू | पुलिङ्ग | एकवचन/बहुवचन |
| मोटी/मोटा | केटी/केटीहरू | स्त्रीलिङ्ग | एकवचन/बहुवचन |
| मोटो/मोटा | पुस्तक/पुस्तकहरू | नपुंसकलिङ्ग | एकवचन/बहुवचन |
| काले/– | केटो/केटाहरू | पुलिङ्ग | एकवचन/बहुवचन |
| काली/– | केटी/केटीहरू | स्त्रीलिङ्ग | एकवचन/बहुवचन |
| साँडे/– | गोरु/गोरुहरू | पुलिङ्ग | एकवचन/बहुवचन |
| साँडी/– | गाई/गाईहरू | स्त्रीलिङ्ग | एकवचन/बहुवचन |
| धनी/– | पुरुष/पुरुषहरू | पुलिङ्ग | एकवचन/बहुवचन |
| धनी/– | स्त्री/स्त्रीहरू | स्त्रीलिङ्ग | एकवचन/बहुवचन |
| धारिलो/धारिला | खुकुरी/खुकुरीहरू | नपुंसकलिङ्ग | एकवचन/बहुवचन |
| दर्के/– | छुरी/छुरीहरू | नपुंसकलिङ्ग | एकवचन/बहुवचन |
| पाँचौं/– | केटो/केटाहरू | पुलिङ्ग | एकवचन/बहुवचन |
| पाँचौं/– | केटी/केटीहरू | पुलिङ्ग | एकवचन/बहुवचन |
| पाँचौं/– | पुस्तक/पुस्तकहरू | स्त्रीलिङ्ग | एकवचन/बहुवचन |
| असल | केटो/केटाहरू | पुलिङ्ग | एकवचन/बहुवचन |
| असल | केटी/केटीहरू | स्त्रीलिङ्ग | एकवचन/बहुवचन |
| असल | पुस्तक/पुस्तकहरू | नपुंसकलिङ्ग | एकवचन/बहुवचन |
| नेपाली | केटो/केटाहरू | पुलिङ्ग | एकवचन/बहुवचन |
| नेपाली | केटी/केटीहरू | स्त्रीलिङ्ग | एकवचन/बहुवचन |

| विशेषण शब्द | विशेष्य शब्द | लिङ्ग | वचन |
|---|---|---|---|
| नेपाली | टोपी/टोपीहरू | नपुंसकलिङ्ग | एकवचन/बहुवचन |
| रामको/रामका | भाइ/भाइहरू | पुलिङ्ग | एकवचन/बहुवचन |
| रामकी/रामका | बहिनी/बहिनीहरू | स्त्रीलिङ्ग | एकवचन/बहुवचन |
| रामको/रामका | पुस्तक/पुस्तकहरू | नपुंसकलिङ्ग | एकवचन/बहुवचन |
| बढेको/बढेका | केटो/केटाहरू | पुलिङ्ग | एकवचन/बहुवचन |
| बढेकी/बढेका | केटी/केटीहरू | स्त्रीलिङ्ग | एकवचन/बहुवचन |
| बढेको/बढेका | बिरूवा/बिरूवाहरू | नपुंसकलिङ्ग | एकवचन/बहुवचन |
| सलसलाउँदो/सलसलाउँदा | केटो/केटाहरू | पुलिङ्ग | एकवचन/बहुवचन |
| सलसलाउँदी/सलसलाउँदा | केटी/केटीहरू | स्त्रीलिङ्ग | एकवचन/बहुवचन |
| सलसलाउँदो/सलसलाउँदा | बिरूवा/बिरूवाहरू | नपुंसकलिङ्ग | एकवचन/बहुवचन |

## ७. सर्वनाम शब्दहरूको लिङ्गविधान

नेपालीका मूल सर्वनामहरूमध्ये म, हामी, तपाईं, यहाँ, उहाँ, हजूर, यिनी, तिनी, उनी तथा को जस्ता सर्वनामहरू पुंलिग एवं स्त्रीलिंगमा र यो, त्यो, ऊ, यी, ती, कुन, जुन, जो तथा सो जस्ता शब्दहरू तीनै लिंगमा प्रयोग हुने गरेका पाइन्छन् । अनि फलानो, सार्वनामिक, व्युत्पन्न, विशेषण आदि शब्दहरू ओकारान्त विशेषण सरह नै प्रयोग हुने गरेका देखिन्छन् । साथै के तथा जे नपुंसकलिंगी अवस्थामा मात्र प्रयोग हुने गरेका पाइन्छन् । सबै किसिमका सर्वनामहरूको प्रयोग तलका उदाहरणहरूद्वारा स्पष्ट हुन सक्ने देखिन्छ ।

| | पुंलिग | स्त्रीलिंग |
|---|---|---|
| १. | म पुरुष हुँ | म स्त्री हुँ |
| | हामी पुरुष हौं | हामी स्त्री हौं |
| | तँ पुरुष होस् | तँ स्त्री होस् |
| | तिमी पुरुष हौ | तिमी स्त्री हौ |
| | यहाँ/उहाँ पुरुष हुनुहुन्छ | यहाँ/उहाँ स्त्री हुनुहुन्छ |
| | हजूर पुरुष होइबक्सन्छ | हजूर स्त्री होइबक्सन्छ |
| | उनी/यिनी/तिनी पुरुष हुन् | उनी/यिनी/तिनी स्त्री हुन् |
| | को पुरुष हो/हुन् | को स्त्री हो/हुन् |

| | पुलिङ्ग | स्त्रीलिङ्ग | नपुंसकलिङ्ग |
|---|---|---|---|
| २. | यो/त्यो/ऊ पुरुष हो | यो/त्यो/ऊ स्त्री हो | यो/त्यो/ऊ पुस्तक हो |
| | यी/ती पुरुष हुन् | यी/ती स्त्री हुन् | यी/ती पुस्तक हुन् |

| पुलिङ्ग | स्त्रीलिङ्ग | नपुंसकलिङ्ग |
|---|---|---|
| जो/सो पुरुष हो | जो/सो स्त्री हो | जो/सो पुस्तक हो |
| जुन/कुन पुरुष हो/हुन् | जुन/कुन स्त्री हो/हुन् | जुन/कुन पुस्तक हो/हुन् |
| ३. फलानो पुरुष हो | फलानी स्त्री हो | फलानो पुस्तक हो |
| फलाना पुरुष हुन् | फलाना स्त्री हुन् | फलाना पुस्तक हुन् |
| तेरो/मेरो भाइ हो | तेरी/मेरी बहिनी हो | तेरो/मेरो पुस्तक हो |
| तेरा/मेरा भाइ हुन् | तेरा/मेरा बहिनी हुन् | तेरा/मेरा पुस्तक हुन् |
| आपनो/उसको भाइ हो | आपनी/उसकी बहिनी हो | आपनो/उसको पुस्तक हो |
| आपना/उसका भाइ हुन् | आपना/उसका पुस्तक हुन् | आपना/उसका पुस्तक हुन् |
| यस्तो पुरुष हो | यस्ती स्त्री हो | यस्तो पुस्तक हो |
| यस्ता पुरुष हुन् | यस्ता स्त्री हुन् | यस्ता पुस्तक हुन् |

## ८. कृदन्तीय क्रियाको लिङ्गविधान

नेपालीका वर्तमानकालिक तो/दो र भूतकालिक एको जस्ता कृदन्तीय क्रियामा पनि लिङ्गविधान हुँदा रूपान्तरण भएको पाइन्छ । यी कृदन्तीय क्रियाहरू अपूर्ण तथा पूर्ण पक्ष बुझाउनाका निमित्त ओकारान्त विशेषण जस्ता भएर सहायक क्रियाका अगाडि प्रयोग भएका पाइन्छन्, साथै यिनको प्रयोग विशेषणका रूपमा पनि हुने गरेको पाइन्छ । यी कृदन्तीय क्रियाहरू पुलिङ्ग एवं नपुंसकलिङ्गका एकवचनमा ओकारान्त स्थितिमा, स्त्रीलिङ्गी एकवचनमा र स्त्रीलिङ्गी आदरार्थीमा ईकारान्त स्थितिमा तथा तीनै लिङ्गका बहुवचनमा र पुलिङ्गी आदरार्थीमा आकारान्त स्थितिमा प्रयोग भएका देखिन्छन् । साथै यिनको प्रयोग पुलिङ्ग एवं स्त्रीलिङ्गमा तीनै पुरुषमा र नपुंसकलिङ्गमा तृतीय पुरुषमा मात्र हुने गरेको पाइन्छ । यो कुरो तलका उदाहरणहरूबाट स्पष्ट हुन सक्ने देखिन्छ ।

| पुलिग | स्त्रीलिंग |
|---|---|
| १. क. म सुत्तो/खाँदो हुँला | म सुत्ती/खाँदी हुँला |
| हामी सुत्ता/खाँदा हौंला | हामी सुत्ता/खाँदा हौंला |
| तँ सुत्तो/खाँदो होलास् | तँ सुत्ती/खाँदी होलिस् |
| तिमी सुत्ता/खाँदा हौला | तिमी सुत्ती/खाँदी हौली |
| तिमीहरू सुत्ता/खाँदा हौला | तिमीहरू सुत्ता/खाँदा हौला |
| ऊ सुत्तो/खाँदो होला | ऊ सुत्ती/खाँदी होली |
| उनी/उनीहरू सुत्ता/खाँदा होलान् | उनी/उनीहरू सुत्ती/खाँदी होलिन् |

| | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|
| ख. | म सुतेको हुँला | म सुतेकी हुँला |
| | हामी सुतेका हौँला | हामी सुतेका हौँला |
| | तँ सुतेको होलास् | तँ सुतेकी होलिस् |
| | तिमी सुतेका हौला | तिमी सुतेकी हौली |
| | तिमीहरू सुतेका हौला | तिमीहरू सुतेका हौला |
| | ऊ सुतेको होला | ऊ सुतेकी होली |
| | उनी सुतेका होलान् | उनी सुतेकी होलिन् |
| | उनीहरू सुतेका होलान् | उनीहरू सुतेका होलान् |
| २. | फल खस्तो/झर्दो होला | फल पाकेको होला |
| | फलहरू खस्ता/झर्दा होलान् | फलहरू पाकेका होलान् |

## ६. तिङन्तीय क्रियाको लिङ्गविधान

नेपालीका कतिपय तिङन्तीय क्रियाहरूमध्ये कतिपय क्रियाहरू लिंगविधानका आधारमा रूपायित भएका देखिन्छन् । वर्तमानकालिक 'छ' कुलका तिङन्तीय क्रियाहरू एक्लै आउँदा र धातुका पछाडि आउँदा द्वितीय तथा तृतीय पुरुषका एकवचनमा तथा द्वितीय तथा तृतीय पुरुषका स्त्रीलिंगी आदरार्थीमा रूपायित भएका देखिन्छन् । भूतकालिक 'थियो' कुलका तिङन्तीय क्रियाहरू चाहिँ एक्लै वा धातुका पछाडि आउँदा तृतीय पुरुषका एकवचनमा र स्त्रीलिंगी आदरार्थीमा रूपायित हुने गरेका देखिन्छन् । 'छ' तथा 'थियो' कुलका तिङन्तीय क्रियाका अगाडि भूतकाल बुझाउन आउने क्रियाहरू प्रथम पुरुष तथा तृतीय पुरुषका एकवचनमा र स्त्रीलिंगी आदरार्थीमा रूपायित भएका पाइन्छन् । अनि सम्भावना बुझाउने भविष्यत्कालिक 'होला' कुलका तिङन्तीय क्रियाहरू आंशिक रूपमा प्रथम पुरुषका एकवचनमा, मुख्य रूपमा द्वितीय तथा तृतीय पुरुषका एकवचनमा र स्त्रीलिंगी आदरार्थीमा रूपायित हुने गरेका पाइन्छन् । कर्ताका लिंगअनुसार कर्तृवाच्य क्रियाको र कर्मका लिंगका आधारमा कर्मवाच्य क्रियाको लिंगविधान भएको पाइन्छ । यिनको पुलिंग एवं स्त्रीलिंगका आधारमा हुने रूपायन प्रक्रिया तलका उदाहरणहरूबाट स्पष्ट हुन सक्ने देखिन्छ ।

१. एक्लै तथा धातुका पछाडि 'छ' कुलका तिङन्तीय क्रियाको रूपविधान

| क. एक्लै आउँदा | ख. धातुका पछाडि आउँदा |
|---|---|
| तँ त्यहाँ छस्–पुलिंग | तँ त्यहाँ जान्छस्–पुलिंग |
| तँ त्यहाँ छेस्/छस्–स्त्रीलिंग | तँ त्यहाँ जान्छेस्–स्त्रीलिंग |

| | |
|---|---|
| तिमी त्यहाँ छौ–पुलिंग | तिमी त्यहाँ जान्छौ–पुलिंग |
| तिमी त्यहाँ छ्यौ/छौ–स्त्रीलिंग | तिमी त्यहाँ जान्छ्यौ–स्त्रीलिंग |
| ऊ त्यहाँ छ–पुलिंग | ऊ त्यहाँ जान्छ–पुलिंग |
| ऊ त्यहाँ छे/छ–स्त्रीलिंग | ऊ त्यहाँ जान्छे– स्त्रीलिंग |
| उनी त्यहाँ छन्–पुलिंग | उनी त्यहाँ जान्छन्–पुलिंग |
| उनी त्यहाँ छिन्/छन्–स्त्रीलिंग | उनी त्यहाँ जान्छिन्–स्त्रीलिंग |

२. एक्लै तथा धातुका पछाडि 'थियो' कुलका तिङन्तीय क्रियाको रूपविधान

| क. एक्लै आउँदा | ख. धातुका पछाडि आउँदा |
|---|---|
| ऊ त्यहाँ थियो–पुलिंग | ऊ त्यहाँ जान्थ्यो–पुलिंग |
| ऊ त्यहाँ थिई–स्त्रीलिंग | ऊ त्यहाँ जान्थी–स्त्रीलिंग |
| उनी त्यहाँ थिए–पुलिंग | उनी त्यहाँ जान्थे–पुलिंग |
| उनी त्यहाँ थिइन्–स्त्रीलिंग | उनी त्यहाँ जान्थिन्–स्त्रीलिंग |

३. 'छ' तथा 'थियो' का अगाडि आउने भूतकालिक क्रियाहरूको रूपविधान

| क. 'छ' का अगाडि आउने | ख. 'थियो' का अगाडि आउने |
|---|---|
| म बसेछु–पुलिंग | म गएथें–पुलिंग |
| म बसिछु–स्त्रीलिंग | म गइथें–स्त्रीलिंग |
| तिमी बसेछौ–पुलिंग | तिमी गएथ्यौ–पुलिंग |
| तिमी बसिछौ–स्त्रीलिंग | तिमी गइथ्यौ–स्त्रीलिंग |
| ऊ बसेछ–पुलिंग | ऊ गएथ्यो–पुलिंग |
| ऊ बसिछ–स्त्रीलिंग | ऊ गइथी–स्त्रीलिंग |
| उनी बसेछन्–पुलिंग | उनी गएथे–पुलिंग |
| उनी बसिछन्–स्त्रीलिंग | उनी गइथिन्–स्त्रीलिंग |

४. भविष्यत्कालिक 'होला' कुलका तिङन्तीय क्रियाको रूपविधान

म त्यहाँ हुँला–पुलिंग
म त्यहाँ हुँली/हुँला–स्त्रीलिंग
तँ त्यहाँ होलास्–पुलिंग
तँ त्यहाँ होलिस्–स्त्रीलिंग
तिमी त्यहाँ हौला–पुलिंग
तिमी त्यहाँ हौली–स्त्रीलिंग
ऊ त्यहाँ होला–पुलिंग
ऊ त्यहाँ होली–स्त्रीलिंग
उनी त्यहाँ होलान्–पुलिंग
उनी त्यहाँ होलिन्–स्त्रीलिंग

### ९. कर्तृवाच्य एवं कर्मवाच्य क्रियाको रूपविधान

| क. कर्तृवाच्य | ख. कर्मवाच्य |
|---|---|
| राम सीतलाई बोलाउँछन्–पुलिंग | रामद्वारा सीता बोलाइन्छिन्–स्त्रीलिंग |
| सीता रामलाई बोलाउँछिन्–स्त्रीलिंग | सीताद्वारा राम बोलाइन्छन्–पुलिंग |
| रामले सीतालाई बोलाए–पुलिंग | रामद्वारा सीता बोलाइइन्–स्त्रीलिंग |
| सीताले रामलाई बोलाइन्–स्त्रीलिंग | सीताद्वारा राम बोलाइए–पुलिंग |
| राम सीतालाई बोलाउलान्–पुलिंग | रामद्वारा सीता बोलाइलिन्–स्त्रीलिंग |
| सीता रामलाई बोलाउलिन्–स्त्रीलिंग | सीताद्वारा राम बलाइएलान्–पुलिंग |
| रामले फल खाए–पुलिंग | रामद्वारा फल खाइयो–नपुंसकलिंग |
| सीताले फल खाइन्–स्त्रीलिंग | सीताद्वारा फल खाइयो–नपुंसकलिंग |

### १०. पुलिङ्गबाट स्त्रीलिङ्गको रूपविधान

नेपाली भाषा संस्कृतको सन्तति भएअनुसार यस भाषाका लिंगविधानमा पनि संस्कृत भाषामा जस्तै भिन्नाभिन्नै मूलबाट पुलिंग एवं स्त्रीलिंगको रूपविधान हुनुका साथै पुलिंगी शब्दहरूबाट स्त्रीलिंगी शब्दहरूको रूपायन हुने प्रवृत्ति रहेको पाइन्छ । संस्कृतका पितामाता, उमामहेश्वर, शिवपार्वती इत्यादि शब्दहरू र नेपालीका बाबुआमा, भालेपोथी, लोग्नेस्वास्नी, फ्वाँकमुडुली इत्यादि शब्दहरू भिन्नाभिन्नै मूलबाट पुलिंगी एवं स्त्रीलिंगी शब्दका रूपमा रूपायित भएका देखिन्छन् । संस्कृतका पुलिंगी शब्दहरूबाट स्त्रीलिंगी शब्दहरूको रूपविधान हुँदा आ (टाप्, डाप्) ई (ङीप्, ङीष्) तथा ऊ (ऊङ्) जस्ता स्त्रीप्रत्ययहरूको योग भएको पाइन्छ । नेपालीमा पनि स्त्रीलिंगी शब्दहरू प्रायः आ, ई तथा ऊ स्वरमा नै टुङ्गिएका देखिन्छन् । तर नेपालीमा पुलिंगी शब्दहरूबाट स्त्रीलिंगी शब्दहरूको रूपविधान हुँदा प्रायः ई स्वरान्त स्त्रीप्रत्ययहरूको योग भएको पाइन्छ । आ तथा ऊ जस्ता स्त्रीप्रत्यय पुलिंगी शब्दहरूबाट स्त्रीलिंगी शब्दहरूका विधानका निम्ति त्यति प्रयोग भएका देखिँदैनन् । नेपालीमा एकातिर संस्कृतका ततसम शब्दहरू नै पुलिंगी एवं स्त्रीलिंगी शब्दका रूपमा प्रयोग हुने गरेका पाइन्छन् भने अर्कातिर संस्कृतमै पुलिंगी एवं स्त्रीलिंगी शब्दका रूपमा छुट्टिसकेका शब्दहरू प्राकृत एवं अपभ्रंश हुँदै विकसित भएका देखिन्छन् । नेपालीका पुलिंगी शब्दहरूबाट स्त्रीलिंगी शब्दहरूको रूपविधान ज्यादै अल्प मात्रामा आ प्रत्यय; व्यक्तिका नाम बुझाउने शब्दहरूमा ऊ प्रत्यय र जातिवाचक, थरवाचक तथा अन्य प्राणीवाचक इत्यादि जस्ता पुलिंगी शब्दहरूबाट स्त्रीलिंगी शब्दहरूका रूपविधानका निम्ति अधिकांश रूपमा ई स्वरान्त ई, इनी, एनी तथा नी जस्ता स्त्री प्रत्ययहरूको योगबाट

भएको देखिन्छ । नेपालीमा प्रयुक्त भिन्नाभिन्नै मूलका पुँलिगी एवं स्त्रीलिंगी शब्दहरूको रूपविधान र पुँलिगी शब्दमा स्त्री प्रत्ययको योग भएर रूपायित भएका स्त्रीलिंगी शब्दहरू तलका उदाहरणबाट स्पष्ट हुने देखिन्छन् ।

१) भिन्नाभिन्नै मूलका पुँलिगी एवं स्त्रीलिङ्गी तत्सम शब्दहरू

| पुँलिग | स्वरान्त | स्त्रीलिंग | स्वरान्त |
|---|---|---|---|
| कृष्ण | अकारान्त | राधा | आकारान्त |
| शिव | " | पार्वती | ईकारान्त |
| राम | " | सीता | आकारान्त |
| शंकर | " | गौरी | ईकारान्त |
| वर | " | वधू | ऊकारान्त |

२) पुँलिगी तत्सम शब्दहरूबाट स्त्रीलिंगी तत्सम शब्दहरूको रूपायन

| पुँलिग | स्त्रीलिंग | स्त्रीप्रत्यय |
|---|---|---|
| रूप | रूपा | आ |
| बाल | बाला | " |
| भवदीय | भवदीया | " |
| वृद्ध | वृद्धा | " |
| पुत्र | पुत्री | ई |
| कुमार | कुमारी | " |
| विद्वान् | विदुषी | " |
| सुन्दर | सुन्दरी | " |
| मायावी | मायाविनी | " |
| तपस्वी | तपस्विनी | " |
| रूपवान् | रूपवती | " |

३) भिन्नाभिन्नै मूलका पुँलिगी तथा स्त्रीलिंगी तद्भव वा नेपाली शब्दहरू

| पुँलिग | स्वरान्त | स्त्रीलिंग | स्वरान्त |
|---|---|---|---|
| भिनाजु | उकारान्त | दिदी | ईकारान्त |
| गोरु | " | गाई | " |
| ढाडे | एकारान्त | छाउरी | " |
| जुर्रा | आकारान्त | साही | " |
| दाजु | उकारान्त | भाउजू | ऊकारान्त |
| जीबा | आकारान्त | ज्यामैं | ऐकारान्त |
| डांगो | ओकारान्त | छाउरी | ईकारान्त |

### ४) पुलिंगी तद्भव वा नेपाली शब्दहरूबाट स्त्रीलिंगी शब्दहरूको रूपायन

| पुलिंग | स्त्रीलिंग | स्त्रीप्रत्यय |
|---|---|---|
| छोरो | छोरी | ई |
| घोडा | घोडी | ” |
| काले | काली | ” |
| झाले | झाली | ” |
| भतुवा | भतुई | ” |
| कामी | कमिनी | इनी |
| दमाई | दमिनी | ” |
| लामा | लमेनी | एनी |
| गुरुङ | गुरुङसेनी/गुरुङसिनी | ”/इनी |
| मगर | मगर्नी | नी |
| राई | रैनी | ” |
| नाऊ | नैनी | ” |
| थारू | थरूनी | ” |
| तन्नेरी | तरूनी | ” |
| सार्की | सर्केना | एना |

माथिका उदाहरणहरूबाट नेपालीका तद्भव वा नेपाली पुलिंगी शब्दहरूबाट स्त्रीलिंगी शब्दहरूको रूपविधान हुँदा प्रायः ई स्वरान्त स्त्रीप्रत्ययहरूको योग रहने कुरा स्पष्ट हुन्छ । स्त्रीलिंगी शब्दहरूबाट 'ऊ' तथा 'ई' जस्ता प्रत्ययहरू लागेर नीलू, नीतू, कमली, बिमली जस्ता शब्दहरू बनेका देखिन्छन् । तर पुलिंगी शब्दहरूबाट स्त्रीलिंगी शब्दहरूको रूपविधान हुँदा भने ई स्वरान्त भन्दा अरू प्रत्ययहरू लागेका देखिँदैनन् ।

## ११. पुलिङ्गी एवं स्त्रीलिङ्गी शब्दका सामासिक रचनामा सामाजिक विशेषता

नेपालीका पुलिंगी स्त्रीलिंगी, स्त्रीलिंगी पुलिंगी, पुलिंगी पुलिंगी तथा स्त्रीलिंगी स्त्रीलिंगी शब्दहरूका सामासिक रचनामा आदरभाव वा स्नेहभाव जस्तो सामाजिक विशेषताको पूर्वोत्तरक्रम रहेको देखिन्छ । यस खालका सामासिक रचनामा भिन्नाभिन्नै मूलका र एकै मूलका गरी दुई खालका शब्दहरू रहेका देखिन्छन् । भिन्नाभिन्नै मूलका सामासिक रचनामा पुलिंग एवं स्त्रीलिंग दुवै अगाडि पछाडि दुवैतिर रहन सक्ने र एकै मूलका शब्दहरू चाहिँ पुलिंगी स्त्रीलिंगी

तथा स्थूलभाव, लघुभावका क्रममा आउने गरेका पाइन्छन्। यस खालका शब्दहरू प्रायः नाता सम्बन्ध बुझाउने सन्दर्भमा प्रयोग भएका देखिन्छन्। यस प्रकारका शब्दहरूमा रहेको पुंस्त्व एवं स्त्रीत्वविधान तथा सामाजिक विशेषता तलका शब्दहरूबाट स्पष्ट हुन सक्ने देखिन्छ।

१) भिन्नाभिन्न मूलका सामासिक शब्दहरू

क) पुलिंग स्त्रीलिंग

लोग्नेस्वास्नी
जेठाजुबुहारी
दाजुभाउजू
बाबुछोरी
दाजुबहिनी
बाबुआमा
भालेपोथी
देवरभाउजू

ख) स्त्रीलिंग पुलिंग

आमाबाबु
जोईपोइ
छोरीज्वाईं
सासूससुरा
आमाछोरा
दिदीभाइ
सालीभिना
गाईगोरु

ग) पुलिंग पुलिंग

बाबुछोरा
गुरुचेला
दाजुभाइ
राजारङ्क
मामाभानिज
काकाभतिज

घ) स्त्रीलिंग स्त्रीलिंग

आमाछोरी
दिदीबहिनी
देउरानीजेठानी
नन्दआमाजू
नातिनीबजू
सासूबुहारी

२) एकै मूलका पुलिंगी स्त्रीलिंगी शब्दहरू

काकाकाकी
सालासाली
कामीकमेना
साँडेसाँडो
कालेकाली

## १२. नेपालीमा लिङ्गविधानको समस्यामूलक स्थिति

नेपाली भाषा संस्कृतको सन्तति भए पनि प्राकृत एवं अपभ्रंश हुँदै, विकास क्रममा संस्कृत भाषामा रहेका लिंगविधानका कतिपय प्रवृत्तिहरू परिवर्तित हुँदै जानाले गर्दा यस भाषामा व्याकरणात्मक लिंगविधान दुर्बल र प्राकृतिक लिंग-

विधान प्रबल बन्दै गएको कुरो माथि नै पनि स्पष्ट भइसकेको छ । यस भाषाका अप्राणीवाचक तथा प्राणीवाचक दुवै खालका शब्दहरूमा स्वरान्तताका आधारमा रूपविधान हुने प्रवृत्ति यथावत् रहेको भए तापनि जंगमप्राणीवाचक शब्दहरूमध्ये कतिपय मान्छे तथा पशुपक्षीवाचक शब्दहरूमा बाहेक अन्य शब्दहरूमा पोथीभावका आरोपको अनुभव पनि गरिने गरिएको पाइँदैन । अनि तिनको रूपविधान हुने प्रवृत्ति पनि पाइँदैन । स्थावरप्राणीवाचक तथा अप्राणीवाचक शब्दहरू नपुंसकलिंग मानिने गरिए पनि पुलिङ्ग एवं नपुंसकलिंगका रूपविधानमा फरक रहेको देखिंदैन । कतिपय पशुपक्षीवाचक शब्दहरूमा लिंगविधानका दृष्टिले रूपविधान हुन सके पनि तिनीसँग सम्बन्धित विशेषण, कृदन्तीय क्रिया तथा तिङन्तीय क्रियामा लिंगविधानअनुसारको रूपविधान भएको पाइँदैन । यसले गर्दा यस्ता शब्दहरू रूपका आधारमा फरक परे पनि पुलिंगवत् व्यवहार गरिएका देखिन्छन् । मानिसका थरवाचक शब्दहरूमा पुलिंग एवं स्त्रीलिंगअनुसारको रूपविधान हुने गरेको भए पनि शिष्ट व्यवहारका सन्दर्भमा पुलिंग मानिएका शब्दहरूलाई नै उभयलिङ्गीका रूपमा प्रयोग गर्ने चलन देखापर्दै गएको पाइन्छ । कतिपय नाता बुझाउने शब्दहरू पनि विशेष आदरार्थीका रूपमा प्रयोग हुने गर्दा तिनका लागि पनि पुलिङ्गी क्रियालाई नै उभयलिङ्गीका रूपमा प्रयोग गर्ने गरिएको पाइन्छ । व्यक्तिका नामरखाइमा पनि पुलिंगप्रति स्त्रीलिंगाभास र स्त्रीलिंगप्रति पुलिंगाभास हुने गरेको पाइन्छ । अझ भोटबर्मेली खलकका भाषिक प्रभावले गर्दा वाग्व्यवहारमा एकलिङ्गीमा आभास देखिन थालेको पाइन्छ । नेपाली भाषाका लिंगविधानमा एकातिर व्याकरणात्मक लिंगविधानका दुर्बलताले गर्दा प्राकृतिक लिंगविधानको प्रबलता बढेको पाइन्छ भने अर्कातिर यस प्रकारका जटिल समस्याहरू थपिँदै गएर नेपाली भाषाका एकरूपतामा र स्तरीयतामा बाधा आइपरेको स्पष्ट देखिन्छ । यस किसिमका स्थितिहरूलाई उदाहरणहरूद्वारा छुट्टाछुट्टै स्पष्ट पारिनेछ ।

## १३. रूपविधान तथा गुणविधान दुवैका अभावको स्थिति

नेपाली भाषाका कतिपय प्राणीवाचक शब्दहरू रूपविधानका आधारमा पनि पुलिंग तथा स्त्रीलिंग छुट्टिन सकेका पाइँदैनन् । अनि यिनमा भालेभाव तथा पोथीभाव जस्ता गुण पनि थाहा हुन नसकिने देखिन्छन् । यस खालका शब्दका अगाडि भालेपोथीवाचक शब्दका प्रयोगद्वारा मात्र तिनमा रहेको भालेभाव वा पोथीभाव छुट्याउने गरिएको पाइन्छ । यस्ता शब्दहरूलाई उभयलिङ्ग मान्ने गरिएको पाइन्छ । यो कुरो तलका उदाहरणद्वारा स्पष्ट हुने देखिन्छ ।

| भाले/पोथीवाचक शब्द | उभयलिङ्गी शब्द | प्रयोग |
|---|---|---|
| लोग्ने | मान्छे | लोग्नेमान्छे |
| स्वास्नी | मान्छे | स्वास्नीमान्छे |
| बाबू | साहेव | बाबुसाहेव |
| मैयाँ | साहेव | मैयाँसाहेव |
| दुलाहा | नानी | दुलाहानानी |
| दुलही | नानी | दुलहीनानी |
| भाले | जरायो | भालेजरायो |
| पोथी | जरायो | पोथीजरायो |

## १४. स्त्रीलिङ्गी रूपविधान भए पनि पुलिङ्गवत् व्यवहार गरिने स्थिति

नेपाली भाषाका कतिपय प्राणीवाचक स्त्रीलिङ्गी रूपविधान भए पनि त्यस्ता शब्दहरू पुलिङ्गवत् व्यवहार गरिने गरिएका पाइन्छन् । यस खालका व्यवहारलाई तलका उदाहरणहरूले स्पष्ट पार्ने देखिन्छ ।

| स्त्रीलिङ्गी शब्द | पुलिङ्गवत् व्यवहार |
|---|---|
| गाई | माली गाईले घाँस खायो । |
| बिराली | काली बिरालोले दूध खुवाउँदोहोला । |
| भैंसी | सेती भैंसीले पाडी पाएको थियो । |
| बघिनी | पाटे बघिनी खूब रिसाउँछ । |

## १५. थर वा जातिवाचक शब्दहरूको उभयलिङ्गी प्रयोगको स्थिति

नेपाली भाषाका कतिपय थर वा जातिवाचक शब्दहरूका पुलिङ्ग एवं स्त्रीलिङ्गको रूपविधान भए पनि शिष्ट प्रयोगका सन्दर्भमा पुलिङ्गी रूपलाई नै उभयलिङ्गी रूपमा प्रयोग गर्ने गरिएको पाइन्छ । यो स्थिति तलका उदाहरणहरूद्वारा स्पष्ट हुन सक्ने देखिन्छ ।

| पुलिङ्गरूप | स्त्रीलिङ्गरूप | उभयलिङ्गीरूप |
|---|---|---|
| राई | रैनी | १. श्रीप्रसाद राई घरमै हुनुहुन्छ । |
| | | २. श्रीकुमारी राई घरमै हुनुहुन्छ । |
| दमाई | दमिनी | १. देवीदास दमाई असल मान्छे हुन् । |
| | | २. देवमाया दमाई असल मान्छे हुन् । |
| थारू | थरूनी | १. सत्यवान् थारू को हुन् ? |
| | | २. सत्यवती थारू को हुन् ? |

## १६. विशेष आदरार्थीको स्थिति

नेपाली भाषाका तपाईं, हजूर, उहाँ जस्ता विशेष आदरार्थी सर्वनाम वा पिता, माता, गुरु, गुरुमा, दाजु, दिदी इत्यादि जस्ता संज्ञाका साथमा प्रयोग हुने क्रिया दुवै लिङ्गमा समानरूपमा वा उभयलिंगी रूपमा प्रयोग हुने गरेका पाइन्छन् । तलका उदाहरणहरूबाट यो कुरो अझ स्पष्ट हुने देखिन्छ—

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| पिताजी खुशी हुनुहुन्छ । | माताजी खुशी हुनुहुन्छ । |
| गुरु असल मान्छे हुनुहुन्थ्यो । | गुरुमा असल मान्छे हुनुहुन्थ्यो । |
| दाजु आइपुग्नुभयो होला । | दिदी आइपुग्नुभयो होला । |
| तपाईं कहाँ जानुहुन्छ ? | तपाईं कहाँ जानुहुन्छ ? |
| हजूरले के खाइबक्सियो । | हजूरले के खाइबक्सियो । |
| उहाँ भर्खरै पाल्नुभयो । | उहाँ भर्खरै पाल्नुभयो । |

## १७. नामरखाइमा एक अर्का लिंगका आभासको स्थिति

नेपालीमा मान्छेका नामरखाइमा एक अर्का लिंगका आभासका स्थितिले गर्दा पनि पुलिंग र स्त्रीलिंगको ज्ञान गर्न अप्ठ्यारो पर्ने देखिन्छ । यसका उदाहरणहरू तल दिएअनुसारका हुन सक्नेछन् ।

| पुलिंग | स्त्रीलिंग |
|---|---|
| किरण श्रेष्ठ | किरण श्रेष्ठ |
| लक्ष्मी राई | लक्ष्मी राई |
| शारदा आचार्य | शारदा आचार्य |

## १८. भोटबर्मेली खलकका भाषिक प्रभावको स्थिति

भोटबर्मेली खलकका भाषाभाषीहरूले वा त्यस्ता भाषाभाषीहरूका गहिरा सम्पर्कमा रहेका नेपाली भाषाभाषीहरूले नै पनि प्रयोग गरिने नेपाली भाषाका लिंगविधानमा एकलिंगीय प्रभाव परेको देखिन्छ । यसले गर्दा नेपाली भाषाका लिंगविधानमा एकरूपता र स्तरीयताको स्थिति दुर्बल बन्दै गएको पाइन्छ । यो तथ्य तलका उदाहरणहरूबाट स्पष्ट हुन सक्ने देखिन्छ ।

| प्रभावित लिंगविधान | वास्तविक लिंगविधान |
|---|---|
| मेरो आमा सोझो थियो । | मेरी आमा सोझी थिइन्/हुनुहुन्थ्यो । |
| तेरो श्रीमती नापिएको छ । | तेरी श्रीमती नापिएकी छ/छन् । |

| प्रभावित लिंगविधान | वास्तविक लिंगविधान |
|---|---|
| उसको बहिनी राम्रो छ। | उसको बहिनी राम्री छ/छिन्। |
| सानो छोरी रुँदो होला। | सानी छोरी रुँदी होली/होलिन्। |

## १६. समस्या समाधानका निम्ति केही सुझावहरू

संस्कृतमा पनि लिंगविधानको समस्या नरहेको होइन, यसका लागि पाणिनिले आफ्ना व्याकरणमा छुट्टै लिंगानुशासन प्रकरण लेखनुपरेको थियो। यति हुँदाहुँदै पनि महाभाष्यकारले 'लोक एव प्रमाणम्' भनेर चित्त बुझाउनुपरेको थियो। यस कारण नेपाली भाषाका लिंगविधानमा देखापरेका समस्याहरूको समाधान पनि लोकप्रमाणबाट हुन सक्तछ। लोकप्रमाणहरूको संकलन गर्दा नेपाली भाषाका साक्षात् व्यवहारबाट गरिनुपर्दछ। यसका लागि नेपाली स्तरीय भाषा जुन भाषिकाका सन्निकट रहेको छ त्यसका र अन्य निकटतम भाषिकाका लक्षणहरूको व्यापक अध्ययन गरी तिनबाट पनि लोकतथ्यहरूको संकलन गरिनुपर्दछ। यस प्रकारको अध्ययन तथा तथ्य संकलनका आधारमा नेपालीको मौलिक व्याकरण लेखिनुपर्छ जसमा 'लिंगानुशासन' को छुट्टै प्रकरण लेखिनुपर्दछ। व्याकरण तयार भइसकेपछि शिक्षण संस्थानहरूदेखि लिएर लेखक एवं अभिलेखकहरूमा समेत यसको सम्यक् निर्देशन हुनुपर्दछ। यसका साथै प्राज्ञिक तहबाट तिनका लेखोट एवं अभिलेखोटहरूको भाषिक मूल्याङ्कन गरिने गर्नुपर्दछ। अनि उनीहरूलाई लिंगविधानका स्तरीयता एवं एकरूपताका निम्ति प्रोत्साहित गरिनुपर्दछ।

लोकव्यवहारमा गाई आइन्, पृथ्वी ठूली छिन्, नेपाली हाम्री मातृभाषा हुन्, गङ्गा पवित्रताका निम्ति बहेकी हुन्छिन् इत्यादि जस्ता वाक्यहरू प्रयोगमा आएका नदेखिने होइनन्। तापनि यस प्रकारको प्रयोग भावाकुल स्थितिमा मात्र हुने गरेको पाइन्छ। सामान्य स्थितिमा गाई आयो, पृथ्वी ठूलो छ, नेपाली हाम्रो राष्ट्रभाषा हो, गङ्गा पवित्रताका निम्ति बहेको हुन्छ इत्यादि जस्ता प्रयोग नै भएका देखिन्छन्। यस कारण मानवेतर प्राणीवाचक तथा अप्राणीवाचक शब्दका रूपमा रहेका नामशब्द वा तिनसँग सम्बन्धित विशेषणहरूका पुंलिंग एवं स्त्रीलिंगको रूपविधान हुने प्रवृत्ति भए तापनि तिनसँग सम्बन्धित कृदन्तीय एवं तिङन्तीय क्रियाको प्रयोग गर्दा पुंलिंगी रूपलाई नै उभयलिंगीका रूपमा प्रयोग गर्ने गरिनुपर्दछ। नेपाली भाषाका लिंगविधानमा व्याकरणात्मक लिंगविधान नभई प्राकृतिक लिंगविधानको प्रबल स्थिति रहँदारहँदै पनि मनुष्यवाची शब्दहरूको मात्र पुंलिंगी एवं स्त्रीलिंगी व्यवहार गरिनुपर्दछ।

नेपालीका लिंगविधानमा भोटबर्मेली खलकका भाषिक प्रभावले गर्दा देखा पर्दै गएका एकलिंगीय प्रभावको छुट्टै अध्ययन गरेर त्यसबाट प्राप्त तथ्यहरूका व्यापकता र स्तरीयताका आधारमा लिंगविधानका त्यस प्रकारका स्वभावलाई उपस्तरीय वा वैकल्पिक मान्यता दिइनुपर्दछ । किनभने भाषिक प्रवृत्तिहरू सधैं सहज रहन्छन् । भाषिक प्रवृत्तिहरूको सहजता भाषाभाषीहरूकै उपज हो र यसै सहज प्रवृत्तिलाई नै लोकप्रमाण भन्न सकिन्छ । यसैले नेपाली भाषाको लिङ्गविधानमा देखापर्न थालेको एकलिंगीय प्रवृत्ति पनि लोकप्रमाण नै हो ।

नेपाली भाषाका लिंगविधानमा व्याकरणात्मक लिंगविधान अवशिष्टताका रूपमा रहेको, प्राकृतिक लिंगविधानको प्रबलता रहेको र वैभाषिक प्रभावले गर्दा एकलिङ्गीय प्रभाव रहेको जस्ता तथ्यहरू सिद्ध हुन आउँछन् । नेपाली भाषाका सबै भाषिका तथा उपभाषिकाहरूको सम्यक् अध्ययन गरी त्यसबाट प्राप्त तथ्यहरूका बहुप्रतिशतका आधारमा लिङ्गविधानका एकरूपता र स्तरीयताको निर्धारण गरिनु आवश्यक देखिन्छ ।

□

# नेपालीमा लिङ्गव्यवस्था

फणीन्द्रराज काफ्ले

## १. नेपालीमा लिङ्गका प्रकार

आजसम्म प्राप्त अधिकांश नेपाली व्याकरणहरूमा पनि नेपाली लिङ्गप्रकारबारे एकरूपता पाइँदैन । प्रायः भाषाशास्त्रीहरू नेपालीमा दुई प्रकारको लिङ्ग मान्ने पक्षमा देखिन्छन् भने वैयाकरणहरू केही तीन प्रकार र केही चार प्रकारका लिङ्ग देखाउने पक्षमा रहेको पाइन्छ । यसरी नेपालीमा लिङ्गप्रकारको निर्देश पनि एक समस्याको रूपमा देखापरेको छ र यसलाई एकरूपता प्रदान गर्नु पठन–पाठनको दृष्टिले बढी सामयिक हुने देखिन्छ ।

श्री विश्वमणि आचार्य दीक्षितप्रणीत गोरखाव्याकरणबोधमा पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई लिङ्ग मानिएको छ ।[1] यसमा पुरुष जातिलाई बुझाउने सम्पूर्ण प्राणीवाचक शब्द र अरू सारा अप्राणीवाचक शब्दहरू पनि पुलिंग मानिएका छन् र प्राणीवाचक स्त्रीजातिलाई बुझाउने सबै स्त्रीलिंग मानिएको छ । तर उदाहरणमा भने स्त्रीलिंगी स्वास्नी, धोबी, बिराली, गाई बाहेक, एवं पृथ्वी, गङ्गा, नर्मदा र वागमती जस्ता अप्राणीवाचक शब्दलाई पनि स्त्रीलिंगीमा राखिएको पाइन्छ । यसमा नेपाली भाषाको प्रचलनको नभई संस्कृत–व्याकरणको अनुकरण गरेको देखिन्छ । अति आदरको तात्पर्यमा 'पृथ्वी माता हुन्' वा 'गङ्गाले पाप पखाल्छिन्' जस्तो प्रयोग यदा–कदा पाइए पनि संस्कृतमा जस्तो-आकारान्त (गङ्गा) वा ईकारान्त (पृथ्वी) को आधारमा स्त्रीलिंग मान्ने नेपाली परम्परा देखापर्दैन । नन्द (अकारान्त), भाउज्, फुफू (ऊकारान्त) स्त्रीलिंगी र दाजु, बाबु, देवर, भदाहा (अ, आ, उकारान्त) पनि पुलिंग हुने व्यापक प्रवृत्ति देखा परेको हुँदा नेपालीमा अर्थको आधारमा लिंगव्यवस्था रहेको पाइन्छ । हिन्दी,

---

[1] विश्वमणि आचार्य दीक्षित, गोरखा-व्याकरण-वोध, ३० अप्रिल १९१३, पृष्ठ २० ।

नेपाली जस्ता आधुनिक भाषाहरूमा संस्कृतमा रहे जस्तो लिंगको अस्तित्व देखा पर्दैन ।[२]

तर नेपाली व्याकरणकारहरू– एटन, जयपृथ्वीबहादुर सिंह र गुरुराज हेमराज पण्डितले पनि नेपाली भाषाका लिंगहरू तीन (पुलिङ्ग, स्त्रीलिङ्ग र नपुंसकलिङ्ग) प्रकारका मानेका छन् । पार्थमणि आदीले नेपाली–संस्कृत–व्याकरणमा संस्कृतमा तीन लिङ्ग छन् भनेका छन् । अंग्रेजीमा जस्तो संस्कृतमा अर्थको आधारमा मात्र लिंग छुट्ट्याउन सकिन्न । स्त्रीलाई बुझाउने दारा(पुलिङ्ग), कलत्र (नपुंसकलिङ्ग) र माया (स्त्रीलिङ्ग) फरक लिंगमा छन् ।[३] नेपालीमा भने अधिकांश लिंग संस्कृतमा जस्तो शब्द रूपमा आधारित नभई अर्थमा नै आधारित छन् । यसैले आधुनिक नेपाली–व्याकरणका मूर्धन्य व्याकरणकार श्री सोमनाथ शर्माले नेपाली लिंग–विभाजनमा संस्कृतको आधार मात्र नलिई नेपाली भाषाको प्रकृतिलाई मुख्य आधार मानेको पाइन्छ । उनले लिंगप्रकारमा पनि उभयलिंग (सामान्यलिंग) लाई पनि मान्नुपर्ने भनी चार प्रकारका लिंग मानेका छन् ।[४] महानन्द सापकोटाले पनि ४ प्रकार र यसपछिका केही प्रमुख व्याकरणकारहरूले पनि सामान्यलिंगलाई छुट्टै राख्ने मत प्रकट गरेको पाइन्छ । तिनीहरूमा रोहिणीप्रसाद भट्टराई (बृहत् नेपाली व्याकरण), गोपाल पाण्डे असीम (रचना केशर), पुष्करशमशेर ज. ब. रा. (सजिलो नेपाली–व्याकरण), गोपालनिधि तिवारी (नेपाली भाषाको बनोट), पारसमणि प्रधान (नेपाली–व्याकरण, भाषाप्रवेश), तुलसीप्रसाद ढुङ्गेल (नेपाली-रचना-शिल्प), हर्षनाथ भट्टराई (अनिवार्य नेपाली) आदि व्याकरणकारहरूले उभयलिंगलाई समेत समावेश गरी ४ प्रकारको नेपाली लिंगव्यवस्थाको वर्गीकरण गरेका छन् । वस्तुतः नेपालीमा लिंगप्रकारको स्पष्ट र पूर्ण विभाजन गर्ने हो भने लिंग ४ प्रकार नै छन् । पं. ऋषभदेव शर्मा शास्त्री (व्याकरणको दन्त्यकथा) ले नेपाली लिङ्गलाई मुख्यतः तीन प्रकारमा यसरी बाँडेका छन्– एउटा शब्द बूढा थिए ती बूढाका दुई छोरी र एउटा छोरो पनि थिए । जेठी छोरीको नाम संज्ञा माहिली छोरीको नाम क्रिया थियो ।[५] शब्द बूढाको जेठी छोरी संज्ञातर्फ तीन नाति र चौध ओटा पनातिहरू भए यी सबै

---

२. गोपालनिधि तिवारी, नेपाली भाषाको बनोट, २०३०, पृष्ठ १२५ ।

३. पार्थमणि आदी, नेपाली-संस्कृत-व्याकरण, २०१७, ने. भा. प्र. स., पृष्ठ २८ ।

४. मध्यचन्द्रिका ।

५. पं. ऋषभदेव शर्मा शास्त्री, नेपाली व्याकरणको दन्त्यकथा ।

पुलिंग, स्त्रीलिंग तथा नपुंसकलिंगका रूपमा बाँडिएर रहेका छन् । राम्रो रचना मीठो नेपाली, नेपाली भाषा र व्याकरण आदिले नेपालीमा ३ प्रकारको लिंग मानेको पाइन्छ । संस्कृतको प्रभावले प्राकृतमा पनि तीन लिंग छन् र त्यसै क्रममा नेपालीमा तीन लिंग चलेको पाइन्छ । गुजराती र मराठीमा पनि तीन किसिमका लिंग छन् । अंग्रेजी व्याकरणमा सामान्य लिंग चौथो लिंग मानिएको छ र ४ लिंग छन् । हिन्दीमा पुलिंग र स्त्रीलिंग गरी दुई लिंगको व्यवस्था छ । तर हिन्दीमा प्राणीवाचक नाम जस्तै अप्राणीवाचक नाम पनि पुलिंगी र स्त्रीलिंगी दुवै किसिमका छन् ।

पुलिंगी– कपडा, घर आदि ।

स्त्रीलिंगी– टोपी, छत आदि ।

फेरि हिन्दीमा मनुष्य बाहेक (मानवेतर) प्राणीवाचक शब्दहरू पनि पुलिंगी र स्त्रीलिंगी दुवै छन् ।

पुलिंगी– पंक्षी, कछुवा, उडुस, उल्लू आदि ।

स्त्रीलिंगी– कोइली, चील, माखा आदि ।

यस्तै हिन्दीमा चिट्ठी, नदी, टोपी, खेती, सिपाही, उचाई आदि शब्द पनि स्त्रीलिंगभित्र नै राखिएको पाइन्छ ।[६] दया, माया, कृपा, लज्जा, प्रार्थना, देवता, प्रस्तावना, मृत्यु, गति, मति, बुद्धि, नम्रता, सुन्दरता गरीबी र ईमानदारी जस्ता शब्द स्त्रीलिंगी र नेपाल, हिमाल, सागर जस्ता शब्द पुलिंगभित्र समावेश गरेको पाइन्छ ।[७] यसरी हिन्दी भाषामा दुई प्रकारको लिंगव्यवस्था रहेको छ र जटिल रूपमा देखापर्दछ । तर नेपाली लिंग–व्यवस्था हिन्दी व्याकरणमा भन्दा निकै फरक रहेको छ । यसलाई तुलना गर्नु अप्रासङ्गिक हुन्न होला । नेपालीमा संस्कृत (तत्सम) का लिंगहरूको अनुसरण हिन्दीमा झैं गरिएको छैन ।[८] हिन्दीमा प्रकृति, विद्या, शिक्षा, नीतिलाई स्त्रीलिंग मान्नु संस्कृतको अनुकरण हो । तर नेपालीमा भने शिक्षा राम्रो छ, विद्या राम्रो छ, प्रकृति सुन्दर छ, नीति असल छ, जस्तो प्रयोगमा स्त्रीलिंगी क्रिया पाइँदैन । प्राचीन नेपालीको हामरी मातृभाषा[९] र नेपाली कल्पनाले...रूप रङ्गको ..चित्रण गर्दछे [१०] जस्ता साहित्यिक प्रयोग बाहेक

---

[६] कामताप्रसाद गुरु, संक्षिप्त हिन्दी व्याकरण, पृष्ठ ३०, ५८–५९ ।

[७] पूर्ववत् ।

[८] नेपाली भाषाको बनोट, पूर्ववत् ।

[९] पुराना सम्झना, राममणि आ. दी. ।

[१०] लक्ष्मीप्रसाद देवकोटा, कल्पना ।

सामान्यतया निर्जीवमा नपुंसकलिंगको रूप नै हुन्छ । नेपालीमा दुई प्रकारका लिंग मान्ने विद्वान्हरूको विचारमा पनि निर्जीवलाई हिन्दीमा जस्तै कुनै स्त्रीलिंग र कुनैलाई पुलिंगमा राखी गाजेमाजे जटिल रूप बनाएको पाइन्न, बरु निर्जीव र मानवेतर प्राणीवाचक क्रियापद र विशेषणमा स्त्रीलिंगी प्रत्ययको प्रयोग नहुने हुँदा यिनीहरूलाई पुलिंगीभित्र राखेका छन् । यस्तै संस्कृतमा पुलिंग र नपुंसकलिंगमा देखापर्ने भिन्नता नेपाली क्रिया र विशेषणमा छैन ।

| | | संस्कृत | नेपाली |
|---|---|---|---|
| मानवेतर | (पु.) | रम्यः अश्वः दृष्टः । | राम्रो घोडा देखियो । |
| | (नपुं.) | रम्यं गृहं दृष्टम् । | राम्रो घर देखियो । |
| मानव | (पु.) | सुन्दरः पुरुषः दृष्टः । | सुन्दर पुरुष देखियो । |
| | (स्त्री.) | रम्या सीता दृष्टाः । | राम्री सीता देखिइन् । |

यसरी संस्कृतका पुलिंग (मानव, मानवेतर) दुवै र नपुंसकलिंगका विशेषण र क्रियापदमा हुने भिन्नता नेपालीमा पाइँदैन । त्यसैले नेपाली भाषाशास्त्री र विद्वान्ले नेपालीमा पुलिंगी र स्त्रीलिंगी दुई रूप मात्र मानेका छन् । अर्थविशेषको आधारमा नेपालीमा लिंग छुट्टिने हुँदा प्रत्ययविशेष गौण र अर्थविशेष मुख्य रूपमा रहेको पाइन्छ । यस प्रसङ्गमा डा. चूडामणि बन्धुले नेपालीमा मानवीय प्राणीमा मात्र पुलिंगी र स्त्रीलिंगी दुइ भेद पाइन्छ भन्नुभएको छ ।[११] यस्तै मोहनराज शर्मा (नेपाली वर्ण–विन्यास) ले दुई र शिवगोपाल, विष्णुगोपाल रिसालले पनि तीन किसिमका नेपाली लिंगको परिचय दिँदै दुई प्रकारको लिंगव्यवस्था मान्नु वैज्ञानिक ठहऱ्याउनुभएको पाइन्छ ।

यसरी नेपालीव्याकरण–परम्परामा लिंगसम्बन्धी वर्गीकरण मुख्यतः तीन प्रकारले भएको पाइन्छ ।

१) नेपालीमा पुलिंग र स्त्रीलिंग दुई मात्र लिंग छन् ।

२) नेपालीमा पुलिंग, स्त्रीलिंग र नपुंसकलिंग गरी तीन लिंग छन् ।

३) नेपालीमा पुलिंग, स्त्रीलिंग, नपुंसकलिंग र उभय (सामान्य) लिंग गरी जम्मा ४ (चार) प्रकारका लिंग छन् ।

वस्तुतः नेपाली लिंगको वर्गीकरण स्पष्ट रूपमा गर्ने हो भने ४ (चार) प्रकारको लिंग मान्नु उपयुक्त हुने कुरा माथि नै उल्लेख गरिएको छ । यस सम्बन्धमा दुराग्रह त्यागी गहिरिएर विचार गर्नु आवश्यक हुने कुरामा भाषाशास्त्री महानन्द सापकोटाको निम्नलिखित टिप्पणीको उल्लेख गर्नु प्रासङ्गिक होला—

---

[११] डा. चूडामणि बन्धु, भाषा–विज्ञान, साझा प्रकाशन २०४०, पृष्ठ ६६ ।

भाषामा शासन होइन, अनुशासन चाहिन्छ अथवा भनौं नियन्त्रण होइन नियमन हुनैपर्दछ । चहुरमा पाँजिएर रहेका गाईका बगाललाई चराइमा बाधा पर्ने गरी छेक्नु हुँदैन, तर चोरी गर्न दिन हुन्न । भाषामा त्यही कुरो लागू हुन्छ । अतः पुराना कुरामा त्रुटि नपहिल्याई नयाँ प्रयोगलाई चलनमा ल्याउन खोज्नु अर्घेलो हो भने नयाँ प्रयोगको खोट नदेखाई पुराना प्रयोगमा आउन खोज्नु कट्टरता हो ।[१२]

अतः सर्वप्रथम नेपाली लिंगविभाजनको क्रममा यसका मुख्य आधारहरू के के हुन् सो विचार गर्नु आवश्यक छ । दुई लिङ्ग मान्नुको मुख्य आधार नपुंसकलिङ्गी (निर्जीव) सबै पुलिङ्ग र मानवेतर (स्त्रीलिङ्गी) शब्दका विशेषण र क्रियामा स्त्रीलिंगी प्रत्यय नदेखिनु मानिएको छ । यो आधार भाषा-वैज्ञानिक दृष्टिले तर्कसङ्गत देखापर्दछ र लिंग-प्रकार हिन्दीको विभाजनसँग मिल्दछ तापनि त्यसको प्रभावमा गरिएको विभाजन होइन । तैपनि यसमा सजीवता र निर्जीवताको ख्याल गरिएको पाइन्न । सामान्यतया निर्जीवका विशेषण र क्रियापदमा पनि पुलिङ्गी रूप देखा परे तापनि निर्जीव (जसको लिङ्ग नै छैन) लाई पुलिंग वा भाले (मर्दाना) भन्नु नेपाली परम्परामा उचित नहुने हुँदा दुई प्रकारको लिङ्ग मान्नु उपयुक्त हुन्न ।

तीन प्रकारका लिङ्ग मान्नुपर्ने आधारमा भने निर्जीव र सजीवलाई मुख्य आधारमा मानी निर्जीव जति सबै नपुंसकलिङ्गी र सजीव जतिमा पुलिङ्गी र स्त्रीलिङ्गीलाई आधार मानिएको छ । यसमा भने संस्कृत लिंग-विभाजनको प्रकृति नमिले पनि केही प्रभाव परेको अनुभव हुन्छ, तर यो लिंग-विभाजनको दृष्टिले पूर्ण देखापर्दैन । चार प्रकारको लिंग-विभाजनको आधार पनि निर्जीव, पुंलिग र स्त्रीलिंग नै हो, तर कुनै अवस्थामा स्त्रीलिंग वा पुंलिग नछुट्टिईकन रहने र कुनै अवस्थामा तिनै शब्द पुंलिग अथवा स्त्रीलिंगबोधक हुने निश्चित किसिमका शब्दलाई उभयलिंगी (सामान्यलिङ्गी) भित्र राखेको पाइन्छ ।

यसरी उभय वा सामान्यलिङ्गीलाई भने अलग्गै मानेका र कसैले सामान्य वा उभयलिंगमा राख्न सकिने शब्दहरूलाई नपुंसकलिंगमा गाभिदिनु युक्तिसङ्गत मानेको पाइन्छ । यस सम्बन्धमा नेपाली भाषा र व्याकरणको टिप्पणी यस प्रकार छ—

अरू व्याकरणमा सामान्य वा उभयलिंगसमेत गरी नामको लिंगलाई चार भाग लगाएको देखिन्छ । यसरी सामान्य वा उभयलिंग भनी बेग्लै लिंग देखाउनुभन्दा त्यसलाई नपुंसकलिंगमा गाभिदिनु औधि नै युक्तिसङ्गत चल्दछ । किनभने भाले-

---

[१२] महानन्द सापकोटा, ध्वनिको धन्दा, २०२०, पृष्ठ ५० ।

पोथी छुट्टिने शब्ददेखि बाहेकका शब्दलाई नपुंसकलिंगको महलमा राख्दा सरल र सुबोध पनि हुन जान्छ । अरु वास्तवमा नेपाली भाषामा दुई लिंग मात्र छन्-भाले र पोथी । भालेलाई जनाउने वा भाले पोथी नछुट्टिने वा भाले पोथी दुवै हुन सक्ने वा निर्जीव जनाउनेलाई भाले लिंग र पोथी मात्र जनाउनेलाई पोथी लिंग मान्नु व्यवहारले र बोलचालले पनि वैज्ञानिक ठहर्दछ ।[१३]

तर वाक्यमा प्रयोग भएको अवस्थामा वा अन्य कुनै स्त्रीबोधक शब्दसँग मेल भएको अवस्थामा त्यस्ता उभयलिंगी शब्दहरू पनि पुरुषलिंग वा स्त्रीलिंगबोधक भइहाल्दछन् । त्यस अवस्थामा बाहेक त्यस्ता शब्दले स्त्री वा पुरुष केही पनि नबुझाउने हुँदा तिनीहरूलाई नपुंसकलिङ्गी शब्दअन्तर्गत राख्न नसकिने होइन, तापनि नपुंसकलिङ्गी शब्दले कुनै अवस्थामा पनि व्याकरणक्रममा स्त्री वा पुरुष कुनै पनि लिङ्ग बुझाउन सक्तैन, तर उभयलिंग शब्दले व्याकरणक्रममै कि पुरुष कि स्त्री अवश्य बुझाउने हुँदा त्यस्ता दुई किसिमको छुट्टै विशेषता भएका शब्दलाई एउटैमा गाभ्नुभन्दा उभयलिंगी (सामान्यलिंगी) मै राख्नु उपयुक्त छ ।

अरु भाले पोथी नछुट्टिने वा निर्जीव जनाउनेलाई पुंलिंगीअन्तर्गत राख्नु वैज्ञानिक ठहर्छ भन्ने तर्क त्यति दरो देखापर्दैन । किनभने लिंग भनेको शारीरिक चिह्न हो । कुनै शब्दले बुझाउने व्यक्ति (वस्तु) मा सो चिह्न छ कि छैन ? भनी चिह्नको आधारमा नै लिंगविभाजन गरिएको हुन्छ भने निर्जीव, (जसको लिंग नै छैन) लाई कसरी पुंलिंग भन्ने ? र जो स्त्रीलिंग पनि हुन सक्छ, त्यसलाई पनि कसरी पुंलिंग भनेर तोक्ने ?

अतः लिंग-विभाजन गर्दा कुनै पनि शब्दमा रहेका पुंलिंगी वा स्त्रीलिंगी अर्थबोधक विशेषता (चिह्नविशेष) को आधारमा लिंगको वर्गीकरण गरिन्छ भने विनाआधार (निर्जीव, नपुंसक वा उभयलिंग) शब्दलाई पुंलिंगमा गाभ्नु वैज्ञानिक मान्नुभन्दा पक्षपातपूर्ण भन्न बरु सकिएला । हाम्रा सर्वनाम सबै उभयलिंगी छन् ।[१४] किनकि त्यस्ता उभयलिंगी शब्द (मानिस आदि) जसमा प्रयोगावस्था वा विशेष शब्द जोडिएको बखत पुंलिंगी वा स्त्रीलिंगी हुने क्षमता र सम्भावना बराबर रहन्छ, त्यस्ता दुवै विशेषता रहेका शब्दलाई स्त्रीलिंगी भन्न पनि किन नसकिनु र पुंलिंगमै गाभ्नु ? अतः यसरी तीनै लिंगदेखि पृथक् विशेषता भएका शब्दलाई एकै ठाउँमा मिसाउँदा मात्र सरल र सुबोध नै हुन्छ भन्न पनि सकिन्न ।

---

[१३] विष्णुगोपाल र शिवगोपाल रिसाल, नेपाली भाषा र व्याकरण, पृष्ठ २२-२३ ।

[१४] महानन्द सापकोटा, ध्वनिको धन्दा, पृष्ठ ५० ।

यसले पुरुष वा स्त्री किटेर नबुझाउने तर प्राणीलाई बुझाउने शब्दलाई 'सामान्यलिंगी' भन्नु उपयुक्त देखापर्दछ । प्रथम पुरुष क्रिया पनि उभयलिंगी छन् । यसलाई मध्यचन्द्रिकाले यसरी परिभाषित गरेको छ —

कोही शब्द, पुरुष, स्त्री दुवै थरीलाई एकै नामसँग बुझाउने हुन्छन् । त्यस्ता शब्द सामान्यलिंगी वा उभयलिंगी हुन्छन् । जस्तै- मानिस, म, चरो, मान्छे, जनावर, देवता, कवि आदि ।[१५]

## २. नेपाली लिङ्गको उप–विभाजन

पुलिंगी, स्त्रीलिंगी, नपुंसकलिंगी र उभयलिंगी शब्दलाई निम्नप्रकारमा पुनः विभाजन गर्न सकिन्छ ।

१. पुलिंगका प्रकार चार छन् ।

क) अप्राणीवाचक (पुरुष देवतालाई जनाउने)– पशुपतिनाथ, बद्रीनाथ, विश्वनाथ, नारायण, नीलकण्ठ आदि ।

ख) प्राणीबोधक व्यक्तिवाचक नाम– द्रव्य शाह, पृथ्वीनारायण शाह, लक्ष्मीप्रसाद देवकोटा, मोतीराम भट्ट आदि ।

ग) प्राणीबोधक जातिवाचक नाम— लोग्ने, बाबु, दाजु, भाले, गोरु आदि ।

घ) प्रत्यय जोडिएमा स्त्रीलिंग पनि बन्न सक्ने– जात, पेशा, पदवी, नाता थर बुझाउने (जातिवाचक नाम) ।

२. स्त्रीलिंगी शब्दका प्रकार चार छन् ।

क) अप्राणीवाचक देवीका प्रतीक– गुह्येश्वरी, दक्षिणकाली, वज्रयोगिनी, शोभाभगवती, वज्रवाराही, विन्ध्यवासिनी, मनकामना, कालिका, वाराही, सरस्वती आदि ।

ख) स्त्री प्राणीलाई बुझाउने व्यक्तिवाचक-- सीता, उषा, राधा, भृकुटी, शूरप्रभा, बोधकुमारी, टीकाकुमारी, इन्दिरा आदि ।

ग) स्त्री प्राणीलाई बुझाउने जातिवाचक– आमा, फुपू, दिदी, स्वास्नी, सौता, बहिनी, जेठानी आदि ।

घ) स्त्रीलिंगबोधक– ई, नी, आदि प्रत्यय जोडिएर मात्र बनेका स्त्रीलिंगी अवान्तर– जात (बाहुन, क्षेत्री, भोटे), पेशा, पदवी, नाता, थर बुझाउने शब्द– काकी, छोरी, बाहुनी, छेत्रिनी, सुब्बिनी, मुखिनी आदि ।

---

[१५] मध्यचन्द्रिका, पूर्ववत् ।

**३. नपुंसकलिंगका प्रकार—**

क) स्थानवाचक– काठमाडौं, पोखरा, विराटनगर, पकनाजोल आदि ।

ख) जातिवाचक– घर, वन, शहर, खोलो, पहाड, टार, पाखो, पर्वत, आदि ।

ग) सबै द्रव्यवाचक– धागो, पानी, मकै, पीठो, दूध, तेल, सुन, चाँदी आदि ।

घ) सबै समूहवाचक– बथान, हूल, थुप्रो, जमात, पल्टन, दल, रास आदि ।

ङ) सबै भाववाचक– दया, माया, ममता, इच्छा, श्रद्धा, ईख, डाहा, रिस, राग आदि ।

व्यक्तिवाचक नाम र जातिवाचक नामभित्र पर्ने प्राणीवाचक नाम बाहेक अरू सबै नाम नपुंसकलिङ्गी हुन्छन् ।

जे के ले नपुंसकलिङ्ग बुझाउँदछन् । जस्तै– के खायो ? दाल भात । जे मन लाग्छ त्यही गर्न हुन्छ र ? तर के आयो ? मान्छे, मा सामान्यलिङ्गीको काम केले गरेको पाइन्छ ।

**४. सामान्यलिङ्गका प्रकार—**

क) पुरुष वा स्त्री बुझाउने शब्द जोड्न सकिने– कवि, मान्छे, मानिस आदि । जस्तै— स्त्री कवि, पुरुष कवि, लोग्नेमान्छे, स्वास्नीमान्छे आदि ।

ख) क्षुद्र जीव बुझाउने– कमिलो, माखो, झिंगो आदि ।

ग) मानवेतर जाति बुझाउने– कुकुर, बानर आदि ।

## ३. नेपाली लिङ्गप्रवृत्तिको सिंहावलोकन

नेपाली भाषामा प्राकृतिक लिंगव्यवस्थाको प्रवृत्ति छ । त्यसैले अहिले नन्द, भाउजू, फुपू, आमा, दिदी जस्ता शब्द स्त्रीलिंगी; बा, दाजु, देवर, भदाहा जस्ता पुलिंगी र विद्या, बुद्धि, घर जस्ता नपुंसकलिंगी एवं मानिस, कवि जस्ता शब्दलाई उभयलिंगी मानिन्छ । तर प्राचीन नेपालीमा भने स्त्रीलिंगी प्रयोग पाइन्छ । डोटी, बैतडीमा बोलिने नेपाली भाषामा व्याकरणको लिंगप्रवृत्ति अझै सुरक्षित नै छ । जस्तै–मेरी कुरडी (मेरो कुरो), आजकी रात (आजको रात), उनरी ठौर (उनको ठाउँ) । तर हिजो-आज नेपालको पूर्वी भेगतिर भने नेपाली व्याकरणमा लिंगभेद दिन-प्रतिदिन लुप्त हुँदैछ । हिजोआज प्रथम पुरुष सर्वनाममा 'म गएकी थिएँ' इत्यादि वाक्यहरूको साटो 'म गएको थिएँ' जस्ता वाक्यहरू पाइन्छन् । यसरी

लिंगभेदक कम हुनुका कारणमध्ये स्थानीय भाषाको प्रभाव मानिन्छ ।[१६] अफ हिजो–आज विभिन्न जात, थर र पदवीमा लाग्ने स्त्री प्रत्ययहरूको प्रयोग त प्रायः लुप्त जस्तै देखा पर्न थालेको छ। नेपाली भाषाले संस्कृतका अतिरिक्त आगन्तुक शब्दको रूपमा अन्य भाषाहरूका कतिपय शब्दहरू भित्र्याएको छ। जीवन्त भाषाका व्याकरणको व्यापक प्रयोगको प्रसङ्गमा, विकासको क्रममा कतिपय नियममा परिवर्तन हुन सक्तछ, तर परिवर्तन हुँदा स्वत्व (निजीपन) लाई नै गुमाउनु हुन्न। अरूको प्रभावमा परी भाषाले आफ्नो विशेषतालाई नै गुमायो भने, त्यसको अस्तित्व नै रहन्न ।

## ४. नेपाली लिङ्गमा देखापरेका प्रवृत्तिहरू

'मेरो फुपूहरू गयो', 'मेरो छोरी त खूब पढ्छ', 'मेरो आमाले पठायो' जस्ता प्रयोगहरू गलत हुन् । नेपाली भाषा, व्याकरण र काव्य-परम्परालाई हेर्ने हो भने पनि नामको लिंग, वचन र विभक्तिअनुरूपको विशेषण र क्रिया रहने नियम व्यापक, अविच्छिन्न रूपमा पालन भएको पाइन्छ । यो कुनै कृत्रिम जटिल व्याकरणिक प्रक्रियामा अडेको परम्परा होइन, किन्तु स्वाभाविक प्रक्रियाअन्तर्गत परम्परादेखि चलेको हो । केही उदाहरण हेरौं– क्षत्रिनीहरू पनि यति राम्रा हुँदा रहेछन् भन्ने आजै मात्र देखें (स्वार्थत्याग- पुष्करशमशेर) । महारानी एक परम रूपवती सुकुमारी कन्या थिइन् । उनको नाम कृष्णकुमारी थियो । उनी सर्वाङ्गसुन्दरी थिइन् । (कृष्णकुमारी (कथा)- रुद्रराज पाण्डे) । साहिली १७ वर्षकी गोरी, पातली र टाम्मटुम्म परेकी फरासिली थिई (लोग्ने– पुष्करशमशेर) । प्रभा विछट्ट राम्री थिई... मानो सिपालु कारीगरले मन लगाएर बनाएको स्वर्णप्रतिमाजस्ती थिई (विदा– गुरुप्रसाद मैनाली) । उमेर पुगेकी छोरी . पँधेर्नीहरू बाजा बजाएर ल्याएकी स्वास्नी पो घरकी रानी हुन्छे चोरेर ल्याएकी कुत्रीको के भाउ! (विदा-मैनाली) । रामुकी आमा नर्फकिने बाटो लागिन् (प्रत्यागमन– मैनाली) । नारी स्वास्नीको लागि होइन, आमाको लागि सिर्जिएकी हुन् (नारी- हृदयचन्द्रसिंह प्रधान) । तिमीजस्ती तीक्ष्ण बुद्धि भएकी प्रेमिका पाउनु मेरो अहोभाग्य हो (दोस्ती– टीकाराम, कालिम्पोङ्ग, पृष्ठ ६६) । तिनको प्रभावती नाम गरेको स्त्री थिइन्... (वीरसिक्का, पृष्ठ १) । तेरो छोरीबज्यै विचरी राधालाई त्यस्ती नकच्चरीलाई पिंजरामा राख्नुपर्छ (जाग्रत् नारी) । आदि

---

[१६] राष्ट्रभाषा, पूर्ववत् ।

ठाउँमा प्रयुक्त विशेष्य (नाम) अनुसारको लिंगको प्रयोग स्वाभाविक देखिन्छ । यदि यी प्रयोगमा स्त्रीलिंगी ठाउँमा पुलिङ्ग राख्ने हो भने त्यो स्वाभाविक सौन्दर्य भङ्ग हुन्छ, कृत्रिमता देखा पर्दछ र अस्पष्टता पनि झल्किन्छ । अतः नेपाली संस्कृत भाषाबाट जन्मेको वा विकसित भएको भए पनि आज नेपाली भाषाका धेरै निजी विशेषताहरू छन् र संस्कृत व्याकरणका केही विशेषताहरू नेपालीको लागि अझै ग्राह्य रूपमा पनि रहेका छन् । विशेष्य (नाम) र विशेषणका सम्बन्धमा संस्कृतको यो भनाइ नेपालीमा पनि लागू हुन्छ—

“विशेष्य (नाम) को जुन लिंग, वचन र विभक्ति छ, विशेषणको पनि त्यही लिंग, वचन र विभक्ति हुन्छ ।”[१७] व्याकरणिक नियमलाई उल्लङ्घन गरिएका त्यो केटी गयो, त्यो केटाकेटीहरू आयो जस्ता गलत प्रयोग राम्रा होइनन् ।

महानन्द सापकोटाले ‘धातुहरू अलिङ्गी हुन्छन्’ भन्ने लेखमा क्रियापदमा देखापरेका ‘दिदी छिन्’ ‘बहिनी छे’ र ‘तँ छिस्’ जस्ता प्रयोग सही नभएको र परम्परागत शिष्ट प्रयोग– ‘दिदी छन्’ ‘बहिनी छ’ हुनु पर्ने कुरा स्पष्ट गरेका छन् ।

## ५. श्री, श्रीमान्, सुश्री र श्रीमतीको प्रयोग

### श्री—

‘श्री’ पुरुषका नामअगाडि लगाइने शुभ तथा आदरसूचक शब्द हो ।[१८] यो लक्ष्मीको नाम पनि हो । यसबाट विद्या, बुद्धि, सम्पन्नता, रूप गुण आदिका शक्ति वा पूर्णताद्वारा शोभा, कान्ति, दीप्ति भन्ने बुझिन्छ ।[१९] श्री प्रायः देव–देवीहरूका नामअगाडि पनि अभिन्न रूपमा रहेको पाइन्छ । जस्तै— श्रीगणेशाय नमः, श्रीकृष्ण, श्रीराम, श्रीगौरीशङ्कराभ्यां नमः, श्रीभवानी आदि । नेपालीमा ‘श्री’ शब्दले पुरुषका नामअगाडि प्रयोग गरिँदा सामान्यतः पुलिंग बुझाउँछ । तर चिट्ठी, निवेदन, तमसुक आदि लेख्दा शुरूमा श्री लेख्ने चलन पनि छ, त्यसले भने कुनै पुलिंग वा स्त्रीलिंगको संकेत नगरी शुभ वा श्रद्धा गरेको बुझिन्छ । अतः श्री शब्द तत्सम (संस्कृत) मा जे–जस्तै व्यापक अर्थमा प्रयोग गरिए पनि नेपाली लिंगको सन्दर्भमा पुरुष नामको अगाडि प्रयोग गरिने पुलिंग र अन्यत्र शुभ र

---

[१७] यल्लिङ्गं यद्वचनं या च विभक्तिर्विशेष्यस्य ।
तल्लिङ्गं तद्वचनं सैव विभक्तिर्विशेषणस्यापि ॥

[१८] नेपाली वृहत् शब्दकोश पृष्ठ ११७० ।

[१९] कुलचन्द्र गौतम, अमरकोश, पृष्ठ ८ ।

शुरूबोधक शब्द नै हो । नेपाली भाषामा श्रीमती शब्दले विवाहिता नारी, सुश्री शब्दले अविवाहिता कन्या बुझाउने व्यापक प्रयोगको प्रसङ्गमा श्री शब्द पुलिंगीको नै परिचायक देखापरेको छ । पत्रकारिताको क्षेत्रमा श्रीमान्, सम्माननीय, माननीय सबैको सट्टा श्री शब्दको नै प्रयोग हुन्छ । तर कार्यालयीय अवस्थामा भने श्रीभन्दा पहिले सम्माननीय आदिको प्रयोग गर्ने प्रचलन छ ।

श्रीमान्—

‘श्रीमान्’ शब्द ‘श्री’मा मान् लागेर बनेको हो । यसको अर्थ शोभा वा ऐश्वर्यले युक्त व्यक्ति भन्ने हुन्छ । यो शब्द पुरुषको अगाडि लेखिने आदरसूचक हो । जस्तो श्रीमान् माधवप्रसाद इत्यादि भनी बृहत् नेपाली शब्दकोशमा दिएको छ । अर्थको हिसाबले उक्त कोशसित सहमत हुनु उचित छ, तर प्रयोगको दृष्टिले भने कोशमा उदाहरण दिइएको जस्तो व्यक्तिवाचक नाममा मात्र श्रीमान् शब्दको प्रयोग मुख्यतः सीमित हुँदैन । न्यायाधीश वा त्यस्तै ठूलाबडालाई सम्बोधन गर्ने शब्द भनिएको छ, तर यसभन्दा बाहेक विशेष पदबोधक शब्दको अगाडि आदर-सूचक शब्दको रूपमा रहन्छ । जस्तै– श्रीमान् उपकुलपतिज्यू, श्रीमान् निर्देशकज्यू, श्रीमान् डीनज्यू, श्रीमान् क्याम्पस-प्रमुखज्यू, श्रीमान् अध्यक्षज्यू आदि । अदालतमा अधिवक्ताले बहस गर्ने क्रममा: न्यायाधीशलाई ‘श्रीमान्’ मात्र प्रयोग गर्ने चलन छ । यस क्रममा न्यायाधीश स्वास्नीमानिस भए पनि श्रीमती नमानी ‘श्रीमान्’ नै भनिन्छ । यसरी श्रीमती शब्द विवाहिता महिलाको नामअगाडि मात्र प्रयोग भई यसको प्रयोगस्थल सीमित छ भने ‘श्रीमान्’ शब्द पुलिङ्गबोधक हुँदाहुँदै पनि सामान्य वा उभयलिंगीको रूपग्रहणमा अभिमुख छ । निर्देशक, डीन, क्याम्पस-प्रमुख आदि पदमा रहेकी कुनै महिलालाई श्रीमती होओस् अथवा सुश्री जे भए पनि पदको हिसाबले सम्बोधन गर्दा ‘श्रीमान्’ को प्रयोग गर्नु उचित छ र यसरी श्रीमान् शब्द ठूलाबडालाई र त्यस्तै पदासीन (पुलिंग वा स्त्रीलिंग) लाई सम्बोधन गर्ने आदरवाची शब्द मानिन्छ । त्यति मात्र होइन, यसले वर्तमान प्रचलनअनुसार पति (पति–पत्नीको सन्दर्भमा) भन्ने अर्थ बुझाउँदछ । जस्तै– श्रीमती पद्माले भनिन्– उहाँ मेरो श्रीमान् (लोग्ने) हुनुहुन्छ, सूर्यप्रसाद सीताको ‘श्रीमान्’ (लोग्ने) हो । यसरी व्यापक रूपमा प्रयुक्त ‘श्रीमान्’ शब्द पतिको सन्दर्भमा पुलिंग र पदबोधक हुँदा उभयलिंगीका रूपमा रहेको छ ।

सुश्री—

सुश्री शब्दले नेपालीमा अविवाहिता कन्या (महिला) भन्ने अर्थ स्पष्ट गर्दछ । नेपालीमा थरमा लाग्ने स्त्रीलिंगबोधक प्रत्यय (नी, एनी आदि) को काम सुश्री, श्रीमती जस्ता शब्दबाट हाल पूरा हुन थालेको पाइन्छ । जस्तै– गीता थपेनी,

कान्ति मिश्रेनीको सट्टा श्रीमती गीता थापा, सुश्री कान्ता मिश्र जस्ता प्रयोग भएका छन् ।

श्री, श्रीमान्, सुश्री र श्रीमती तत्सम (संस्कृत) शब्दहरू वर्ण-विन्यासक्रममा नेपालीमा तत्समकै रूपमा रहे पनि यिनीहरूको अर्थमा परिवर्तन भएको पाइन्छ र अर्थको दृष्टिले लिंगबोधमा पनि 'श्री' र 'श्रीमान्' शब्दले तत्सममा जस्तो सीमित लिंगबोध मात्र नगराउने र नेपाली सन्दर्भमा नै लिंगबोध गराउने माथिका उदाहरणहरूबाट स्पष्ट भएको छ ।

श्रीमती—

श्रीमती शब्दले विवाहिता महिला भन्ने अर्थ बुझाउँदछ । नेपाली व्याकरण-परम्पराका नियममा उल्लेख गरिएका पुलिंगबोधक थरमा लागेर स्त्रीलिंगबोधक थर बन्ने (इनी, नी, एनी, ई आदि) स्त्री प्रत्ययहरूको प्रयोग कथ्य, कानूनी क्षेत्र र सीमित साहित्यमा बाहेक अन्यत्र घट्दै गएको पाइन्छ । यसको सट्टा अविवाहिता कन्याको नामको अगाडि 'सुश्री' र विवाहिता महिलाको नामको अगाडि 'श्रीमती' शब्दको प्रयोगबाट नै स्त्रीलिंगको परिचय पूरा हुने गरेको हुँदा सुश्री शब्दको जस्तै श्रीमती शब्दको पनि व्यापक प्रयोग हुन थालेको छ । यसबाट थरमा पुलिंगी रूप नै (स्त्रीबोधकमा पनि) कायम हुने प्रचलनले प्रशस्त लोकप्रियता प्राप्त गरेको छ । जस्तै– श्रीमती इन्दिरा खनाल । इन्दिरा खनाल्नी जस्त व्याकरणसम्मत परम्परागत प्रयोग ग्रामीण जीवनमा सीमित भएको छ । अब त थरमा लाग्ने स्त्री प्रत्यय बुझाउने नी, ई, आदि प्रत्यय लागेर बनेका नामको प्रयोग त अनौठो किसिमको लाग्न पनि थालेको छ । श्रीमती र सुश्री शब्द नै पुलिंग थरमा प्रयोग भई स्त्रीलिंग बुझाउने स्त्रीप्रत्ययको सट्टामा नामको अगाडि प्रयोग हुने व्यापक रूपमा प्रचलित शब्द भएका छन् । नेपाली भाषाको वर्तमान प्रयोगलाई हेर्दा स्त्रीत्व बुझाउने प्रत्ययहरूलाई निम्न लिखितअनुसार देखाउन सकिन्छ—

१. दर्जा र पदवीमा स्त्री प्रत्यय लाग्दैन ।

क) दर्जा— डाक्टर, अध्यक्ष, क्याम्पस–प्रमुख, प्रिन्सिपल, उप–सचिव, प्राज्ञ, अभिवक्ता, रा. प. स. आदि । जस्तै– डाक्टर श्रीमती कृष्णा देवकोटा, अध्यक्ष महिला संगठन आदि । तर प्राध्यापकको प्राध्यापिका र शिक्षकको शिक्षिका तथा कहीं अध्यक्षा पनि हुन्छ । यस्तोमा विकल्प मान्नुपर्दछ । कुनै दर्जामा रहेको लोग्नेकी स्वास्नीका सन्दर्भमा भन्नुपर्दा स्त्रीत्वबोधक प्रत्यय लाग्दछ । जस्तै– डाक्टरकी स्वास्नी डाक्टर्नी, सुबेदारकी स्वास्नी सुबेदार्नी आदि । सो पद लिने आफैं स्त्री भए स्त्रीत्वबोधक प्रत्यय लाग्दैन । जस्तै– सुबेदार श्रीमती श्यामा पाण्डे ।

ख) पदवीमा पनि स्त्रीप्रत्यय लाग्दैनन् जस्तै— महेन्द्रमाला, गोरखादक्षिणबाहु, नेपालतारा आदि ।

२. नेपालमा विभिन्न थरमा स्त्रीप्रत्यय लागेको ज्यादै कम देखिन्छ । तर परम्परागत व्याकरणका नियमअनुसार लेखे पनि हुन्छ । जस्तै– श्रीमती रीता बस्नेत, सुश्री राधा बिष्ट अथवा बिष्टेनी, श्रीमती प्रभा थापा अथवा थपेनी । थरमा स्त्रीत्व प्रत्यय लगाएको स्थितिमा नामको अगाडि सुश्री वा श्रीमती लगाउनु आवश्यक छैन । थपिनी, कजिनी, पौडेलनी आदि मात्र भए पुग्छ ।

३. नाता बुझाउने पुंलिगी केही नाम विशेष शब्दबाट स्त्रीप्रत्यय हुन्छ । जस्तै—

क) पु.— छोरो, सालो, भान्जो, भदाहा, मीत, देवर, गोरो मोटो आदि ।

ख) स्त्री.— छोरी, साली, भान्जी, भदै, मितेनी, देउरानी, गोरी, मोटी आदि ।

४. पुंलिगी शब्दबाट खास स्त्रीप्रत्यय नभई भिन्नै स्वतन्त्ररूपमा बनेका स्त्रीत्व बुझाउने अलग्गै शब्दमा भने स्त्रीप्रत्ययसम्बन्धी नियम आवश्यक देखा पर्दैन । जस्तै—

क) पु.— छोरो, बाबु, भिनाजु, भाइ, दाजु आदि ।

ख) स्त्री.— बुहारी, आमा, दिदी, बुहारी, भाउजू आदि ।

५. जातबोधक पुंलिगी शब्दबाट स्त्रीप्रत्यय हुने र नहुने दुवै किसिमको प्रवृत्ति छ । जुन जातले थरको रूप लिइसकेको छ वा थरको रूपमा प्रयोग हुन्छ, त्यसबाट स्त्री प्रत्यय विकल्पले हुन्छ । तर कुनै जातले थरको रूप लिन सकेको छैन भने स्तरीय कथ्यको स्वभावअनुरूप स्त्रीलिंगी रूपमा प्रयोग भएको पाइन्छ । जस्तै– श्रीमती तारा गुरुङ्ग, रीता मगर वा मगर्नी । तर बाहुनी, छेत्रिनी, नेवार्नी, दमिनी कमिनी आदि जातकै बोधक हुँदा स्त्रीप्रत्यययुक्त छन् ।

६. पशु–पक्षीमा पनि स्त्रीत्वबोधक प्रत्यय लाग्छन् । जस्तै—

क) पु.— बाखो, पाठो, भेडो, बच्चो, घोडो, चरो आदि ।

ख) स्त्री.— बाखी, पाठी, भेडी, बच्ची, घोडी, चरी आदि ।

७. तत्सम (संस्कृत) र आगन्तुक शब्दमा तदनुसार नै स्त्रीलिंगी प्रत्यय रहन्छन् । जस्तै—

| पुंलिग | स्त्रीलिंग | पुंलिग | स्त्रीलिंग |
|---|---|---|---|
| भव | भवानी | ब्राह्मण | ब्राह्मणी |
| भगवान् | भगवती | शाहजादा | शाहजादी |
| देव | देवी | कुमार | कुमारी । आदि |

## ६. नेपाली भाषाका मानवेतर नामका क्रियागत लिङ्ग–व्यवस्था

नेपालीमा अति आदर वा अति माया बाहेक मानवेतर स्त्रीलिंगी नामको क्रियामा पुलिंगको प्रयोग हुन्छ । भैंसी ब्यायो । गाई आयो । भेडाले पाठो पायो । भेडी गयो । बाख्राको पाठी उफ्र्यो । यस्ता प्रयोगहरू व्यापक रूपमा भएका पाइन्छन् । अतः मानवेतर स्त्रीलिंगी शब्दका विशेषण र क्रियामा पुलिंगी रूपकै प्रयोग हुन्छ ।

अति आदर र अतिमायामा भने मानवेतर तथा निर्जीव नदी आदिमा पनि स्त्रीलिंगी क्रियाको प्रयोग हुन्छ । जस्तै– गाई दूध दिन्छिन् । यिनी हिन्दूहरूद्वारा लक्ष्मीको रूपमा पुजिन्छिन् । कठैं बिचरा दूधकटुवा पाठीले दुःख पाई । अविरल गतिमा सुसाएकी गण्डकी सधैं जागृतिको सन्देश दिन्छिन् । यसैले मानवेतर स्त्रीलिंगमा स्त्रीप्रत्यय लगाउने अथवा नलगाउने भन्ने समस्या देखापरेको हो । तर नेपाली लिङ्ग–परम्परा एवं नेपाली भाषाको मूल प्रवृत्तिअनुसार मानवेतर स्त्रीलिंगी शब्दको क्रिया एवं विशेषणमा स्त्रीत्व-बोधक प्रत्यय नलगाउनु नै उपयुक्त हुन्छ । माथि उल्लेख गरेजस्तै अतिमाया र आदरमा भने स्त्रीत्वबोधक प्रत्यय लागेकै पाइन्छ । यस्तै कवितामा पनि सो प्रत्यय लाग्न सक्तछ किनभने साहित्यिक प्रयोगमा निर्जीव (नपुंसक) लाई पनि कोमलता प्रदान गर्न स्त्रीलिंगी प्रयोग गरेको पाइन्छ । यसैले स्त्रीलिंगी प्रयोग कोमलता–व्यञ्जक भएको हुँदा नै विशेष अवस्थामा स्त्रीलिंगी प्रत्यय भए पनि स्वभावतः मानवेतर स्त्री र नपुंसकमा क्रिया र विशेषण पुलिंगी नै हुन्छन् ।

□

# नेपाली-लेखन-प्रणाली

## खेम कोइराला बन्धु

आज पनि नेपाली-लेखनमा एकरूपता छैन, यो एकरूपता लामो अवधिदेखि नभएको स्पष्ट छ। धेरै समयदेखि देखा पर्दै आएको अनेकरूपता आज घट्नको बदला बढ्दो छ- यस सम्बन्धमा विभिन्न व्यावहारिक र सैद्धान्तिक समस्या पनि देखा परेका छन्।

नेपाली भाषामा एकरूपता नआएकोले स्तरीकरण हुन नसकेको कुरा सर्वविदित नै छ। स्तरीकरण नहुनुमा एकातिर विद्वान्हरूमा सैद्धान्तिक एकमत नहुनु हो भने अर्कोतर्फ यसमा पर्याप्त प्रयास नहुनु पनि हो। नेपाली-लेखनमा स्तरीकरण नहुने कारणलाई मोटामोटी किसिमले निम्नलिखित रूपमा लिन सकिन्छ—

क) शब्दकोष र व्याकरणमा देखा पर्ने बग्रेल्ती अशुद्धि।
ख) शब्दकोष र व्याकरणपिच्छे आ-आफ्ना प्रयोग।
ग) प्रवास, नेपाल र अञ्चलको भिन्नता।
घ) लेखन-कथनमा पार्थक्य।
ङ) सम्बद्ध संस्थाबाट राम्ररी चासो नराखिनु।
च) व्यावहारिक र प्रायोगिक पक्षलाई बेवास्ता गरी आ-आफ्नै सोचाइमा प्रयोग गरिनु।
छ) 'अहं' र एकोहोरोपनको प्रयास।
ज) व्याकरण-निरूपण-समिति नहुनु।
झ) नेपाली-व्याकरणको निमित्त अंग्रेजी वा संस्कृत-व्याकरणलाई आधार मान्नु।
ञ) एकरूपताको निम्ति कसैले पनि लागिनपर्नु।
ट) जनजिब्रो र भाषाको प्रवाहमान पक्ष नहेर्नु, इत्यादि।

नेपाली-लेखनमा अनेकरूपता आउने मुख्य कारण यसको क्षेत्र-विस्तार पनि हो। किनकि नेपाली भाषा नेपालभित्र मात्र नभई नेपालबाहिर पनि बोलिने गर्दछ। यसरी व्यापक प्रयोग हुने भएको कारण यसमा एक रूपता हुन अप्ठ्यारो पर्ने स्पष्ट छ।

नेपाली भाषा केवल मातृभाषीहरूबाट बोलिन्न अपितु यसलाई मातृभाषा र राष्ट्रभाषाको रूपमा अनेपाली भाषीहरूले व्यापक रूपमा प्रयोग गरेको पाइन्छ। प्रथम, द्वितीय, तृतीय, चतुर्थ जनगणनामा हेर्ने हो भने यसको प्रयोग गर्नेहरूको संख्या क्रमशः वृद्धि हुँदै गएको देखिन्छ।

नेपाली भाषालाई अन्य भाषा झैं समयक्रमले पनि प्रभाव पारेको छ। उच्चारणअनुसार लेखनलाई लिपिमा गर्ने बहुसंख्यकको परम्पराले पनि यसमा समस्या उत्पन्न गराएको छ।

नेपाली संस्कृत, प्राकृत–अपभ्रंश हुँदै विकसित भाषा हो। यस भाषामा यी भाषाको कुनै न कुनै रूपमा प्रभाव पर्नु अस्वाभाविक होइन। खास गरेर संस्कृत-अनुसार उच्चारण गर्ने र लेख्ने कतिपय विद्वान्‌हरूको सोचाइले पनि यसमा समस्या खडा गरेको छ।

नेपाली भाषाको कथ्य र लेख्यरूपमा पर्याप्त भिन्नता छ। बेलायत र अमेरिकामा विभिन्न भाषिका भएर पनि तिनमा एकरूपता छ। लेख्य भाषा त्यसको हिज्जेका सम्बन्धमा कुनै भिन्नता छैन– जसबाट बालक, प्रौढ सर्वसाधारणमा समेत उच्चारणमा लेखनमा समस्या छैन, बरु सरलता छ।

हामीकहाँ यसको समस्या छ। उदाहरणका लागि हेरौं– चुरोट खाऊँ भनिन्छ, पिऊँ भनिन्न, पानी पनि खाऊँ नै भनिन्छ। व्याकरणको दृष्टि स्वाभाविक हुनुपर्दछ, यसमा नाना प्रकारको तर्कको जाल फिंजाइनु हुँदैन बरु मिलाउनुपर्दछ। नेपालीमा बढी अशुद्धि हुने कारण हो– अस्वाभाविक व्याकरण। श्री सूर्यविक्रम ज्ञवालीको भनाइमा– 'हाम्रा नेपालीले कसरी चाँडै शुद्ध नेपाली लेख्लान्' भन्ने प्रश्नको विचार गर्नुपर्दछ। तर यस सन्दर्भमा आजसम्म गहिरिएर विचार गरिएको देखिँदैन। अस्वाभाविक व्याकरण राखी बग्रेल्ती अशुद्ध गराई नियम–मिचाहा गराउनु किमार्थं सुहाउँदैन। सूर्यविक्रम ज्ञवालीले भन्नुभएझैं– साधारण व्यक्तिलाई क्रियाविशेषण र विशेषण छुट्ट्याई निर्णय गर्न गाहारो पर्दछ। संस्कृतलाई आदर गर्नुको अर्थ संस्कृतमा जे छ त्यही गर्नुपर्दछ भन्ने होइन।

नेपाली–लेखनमा स्तरीकरणको प्रश्न उठाउँदा वर्णमालासम्बन्धी प्रश्न टड्कारो देखा पर्दछ। नेपाली देवनागरी लिपिमा छ। नेपालीमा हाल प्रयुक्त देवनागरी लिपि वैज्ञानिक र व्यावहारिक तुल्याउनु आवश्यक छ। देवनागरीमा कतिपय यस्ता अक्षर छन् जसका एकभन्दा बढी रूप छन्।

एकै वर्णका धेरै रूप देखा पर्नुबाट नेपाली वर्णविन्यासको स्तरीकरणमा भ्रम आउने, अल्झो रहने, अन्योलता आउने र जटिलता व्यहोर्नुपर्ने भइरहेको स्पष्ट छ।

हो, नेपालीमा केही वर्णका उच्चारणगत भिन्नता पाइन्छन् ड ड़ ढ ढ़। यस प्रकारको प्रयोग नेपाली तद्भव शब्दमा पाइन्छ। क, ख, ग, ज, फ मुनि क़ हुने चाहिं नेपाली आगन्तुक मूल शब्दको उच्चारणमा मात्र छ। ड़, ढ़ को प्रयोगको भिन्नता– अँड़ीर, ओड़ा, कुँड़े, पढ़न्ते इत्यादिमा गरिन्छ। नेपाली भाषाको भाषावैज्ञानिक अध्ययन शैशवावस्थामा नै छ। जबसम्म शब्दनिर्माण र वाक्यको वर्णमाला र अध्ययन व्यवस्थित हुँदैन तबसम्म यसका वास्तविक समस्याहरू पत्ता लगाउन सकिँदैन। वर्तमान लेखाइमा लिङ्ग, वचन, कारक, वाक्यगठनमा धेरै विसङ्गति पाइन्छ। काठमाडौंमा धेरै पसल छ/छन् (वचन), भएकाले/भएकोले (कारक),होइबक्सन्छ/भइबक्सन्छ (पदविकल्प) इत्यादि यसका उदाहरण हुन्।

नेपाली उच्चारणमा ह्रस्व दीर्घको त्यति फरक पाइन्न, तर लेखाइमा पर्याप्त देखिन्छ। नेपालीमा लेखनको ह्रस्व दीर्घमा पर्याप्त बेथिति पाइन्छ। ह्रस्व–दीर्घका सरल नियम बन्नुपर्ने धारणाअनुरूप ह्रस्व र दीर्घमा खास नियम बनाउनुपर्ने देखिन्छ। अर्थगत भिन्नता हुने शब्दमा बाहेक यसरी फरक पार्नुपर्ने आवश्यकता देखिन्न।

दिन = दिन रात        दीन = दुःखी
फुल = अण्डा        फूल = पूजाको फूल

१९६९ मा चन्द्रिका लेखिएयता नेपाली-लेखनमा केही नियम बसे पनि यसलाई अझै सबैतिर निर्णायक रूपमा लागू गर्न नसकिएको बग्रेल्ती अशुद्धिका साथ प्रकाशित पत्रपत्रिका पुस्तकहरूबाट देखिन गएको छ। १९१९ देखि नै शुद्धाशुद्धि व्यवस्थाको लागि 'नेपाली कसरी शुद्ध लेख्ने ?' लाई मानेर आए पनि यसका कतिपय कुरा व्यावहारिक हुन नसकेका स्पष्ट छन्। यो कृति स्वयं पूर्ण छैन, एकाङ्गी छ। उदाहरणको निमित्त भाववाचक नामको इकार ह्रस्व लेख्ने नियम छ— पढाइ। तर यो नियम तद्धित फांटमा लागू हुँदैन। तद्धितको भाववाचक नामले यस नियमलाई लत्याएका छन्, ईमानदारी, बेईमानी, गरीबी। यसमा प्रकरण हेरी ह्रस्व दीर्घ दुवै हुने स्थिति पनि बाँधिएको छ। अमिलो, पीरो, अलिकति दुवै हुने गरिएको छ। यस अर्थमा प्रकरणअनुसार, ढिंडो, तिमी, जान्छिन्, कती, सित, लाई, किन नगर्ने– साइनो, साऽनो सानो गरेर बलात्मक रूपमा किन लेख्ने भन्ने प्रश्न उठेको छ। (अभिव्यक्तिको ढङ्ग) को माथिको कुरालाई माथिको प्रश्न उठेको छ। शब्दको पूर्व इतिहासको आधारमा हस्ती> हात्ती, सम्बन्धी> सम्धी, कीट> कीरो गरी दीर्घ बनाइएको छ। यसरी हेर्दा आजसम्म मानक रहेको ह्रस्व दीर्घको ठहर मुख्य आधार ध्वनितत्वभन्दा भिन्न अर्थात् व्याकरण, अभिव्यक्ति, शब्दको पूर्व-इतिहासलाई बनाइएको पाइन्छ।

नेपाली अनुनासिकप्रधान भाषा हो, यसमा संस्कृतको अनुस्वारकै बाहुल्य पाइन्छ। अनुस्वार लेखन सजिलो भएकाले यो फैलिएको हो। अनुनासिक ङ, ञ, ण, न, म को ठाउँमा ँ पनि अनुस्वार ं जथाभावी प्रयोगले नेपाली वर्ण–विन्यासमा विरूपता पाइन्छ। 'अंकुसे–अङ्कुसे, चंख–चङ्ख, पंच–पञ्च, घंट–घण्ट' को रूपमा प्रयोग गरिन्छ। यसमा पनि विरूपको रूपमा प्रयोग गर्ने, आफूखुसी गर्ने चलन छ।

माथि चर्चा भएझैं नेपाली भाषाको चलन गरिने क्षेत्र विस्तृत छ। नेपाली मातृभाषा हुने र नहुने, शिक्षित–अशिक्षित, स्थानभेद, व्यक्तिभेद, स्तरभेदले गर्दा शब्द उच्चारणमा बहुरूपता आएको छ। भाषाका केही शब्दको उच्चारण स्थिर हुन्छ, तर केहीको हुन्न। यसरी स्थिर नहुनेबाट वर्ण–विन्यासमा एकरूपता आउँदैन। अस्थिर उच्चारण भएका शब्दहरूको वर्ण–विन्यासमा स्थिर गरिनुपर्ने हुन्छ, जसबाट शब्दहरूको भिन्नरूपता बिलाएर जान्छ। नेपालमा शब्दकोशको प्रयोगमा नै पर्याप्त भिन्नता पाइन्छ। जस्तै—

टर्नर (ए कम्प्यारेटिभ एण्ड इटिमालोजिकल डिक्शनेरी अफ् द नेपाली ल्याङ्गुएज १९३१ ई.) का केही शब्द र बालचन्द्र शर्माको नै शब्दकोश (२०१९) का शब्द हेर्न सकिन्छ—

| टर्नर | शर्मा |
|---|---|
| अपुताली | अपताली, अपुताली, औताली |
| अलिस, अलिछ, आल्छी | अल्सी, अल्छी |
| चिट्ठी, चिठी | चिट्ठी, चिठि, चीठी |
| तिखो, तिग्रो, तिघ्रो | तिघ्रो |
| देउरानि, देवरानि | देउरानी, देवरानी, द्यौरानी |
| वियान, बिहान्, बेहान् | बिहान, वेहान |

यसरी उच्चारणभिन्नताबाट देखा परेका अनेकरूपता हटाई एकरूपताको मानक तोक्न जरूरी छ। किनकि जुन शब्दको उच्चारण अस्थिर हुन्छ त्यसको उच्चारणमा अनेकरूपता पाइन्छ। नेपालीमा विभिन्न स्रोतबाट अनेकानेक शब्द आएका छन् जसबाट उच्चारणमा स्थिरता आउन बाँकी छ। अस्थिर उच्चारण भाषा शब्दको वर्ण–विन्यास स्थिर गरेपछि त्यसको प्रभाव उच्चारणमा पर्दछ, जसबाट शब्दहरूको भिन्नता हराउँछ। नेपाली वर्ण-विन्यासको स्तरीकरणसंग सम्बद्ध समस्या देवनागरी वर्णमाला, ह्रस्वदीर्घ, अनुनासिक र अनुस्वार, उच्चारणभिन्नता, परम्परागत लेखन, संस्कृत (तत्सम) आगन्तुक शब्द पदयोग र वियोग र वर्णेतर चिह्नसित सम्बद्ध छन्।

विरामचिह्न-वर्णजत्तिकै अनिवार्य छैन, लेखाइ र बोलाइमा अर्थभेदक मूल्य हुने हुनाले। वाक्यमा प्रयोग हुने स्थानका आधारमा विरामचिह्न दुई वर्गका हुन्छन्-- सामान्य, पूर्णविराम। पूर्णविराम-प्रश्नसूचक, विस्मयसूचक, अल्पविराम, सापेक्ष विराम, अर्द्ध विराम। विरामेतर चिह्न चाहिं अर्थभेदक मूल्यका हुँदैनन्। यिनको प्रयोग लेखाइमा मात्र हुन्छ, बोलाइमा हुन्न। लेखाइमा यिनलाई आवश्यक ठानिन्छ, तर अनिवार्य चाहिं देखिदैन। नेपाली वर्णेतिर चिह्न वा विरामचिह्नको प्रयोगमा एकरूपता आउनुपर्ने आवश्यकता छ।

### १. नेपाली भाषा : केही समस्या

परम्परागत लेखन— भाषा परिवर्तनशील छ। यो समयक्रमले बदलिंदै जान्छ। भाषा नैसर्गिक रूपमा परिवर्तित हुन्छ र यो परिवर्तनमा ध्वनि पनि पर्दछ। यसले उच्चारणमा पनि भेद र विविधता ल्याउँछ।

भाषाको लिखित रूप पनि उच्चरित रूपकै विस्तार हो। यो उच्चरितभन्दा पनि बढी स्थायी हुन्छ। उच्चरित भाषामा कम स्थायित्व हुन्छ, त्यसैले बढी परिवर्तनशील हुन्छ। भात-भात् भइसकेर पनि पारम्परिक वर्ण विन्यासअनुसार लेखिन्छ- भात। यसरी उच्चरित र लिखित रूपमा भिन्नता पाइन्छ। नेपाली लेखनमा सबभन्दा ठूलो आग्रह के छ भने उच्चारणअनुसार लेखनुपर्दछ। तर परम्परागत लेखन-प्रणालीलाई त्याग्न सकिएको छैन। जस्तै-- दाह्रा-दारा, थोह्रैं-थोरैं, चूल्हो-चूलो, म्हास्नु-मास्नु, चिन्हो-चिनो, पह्ल-पढ, गह्रो-गरो, भिन्दैं-भिन्नै इत्यादि शब्दमा ह ध्वनिको लोप भए पनि परम्परागत उच्चारण लेखनका आधारमा लेखिन्छ।

नेपाली लेखनमा स्तरीकरणको कुरा गर्दा सम्झनैपर्ने कुरा हो परिवर्तित रूपमा लेखन वा उच्चारणमा आएको भिन्नता। पहिले पहिलेका महाप्राण म्ह, न्ह, ह्र, ल्ह, अल्पप्राण म, न र ल मा विलीन भइसकेका छन्। यस्तै सघोष महाप्राण स्पर्श ध्वनि घ, झ, ढ, ध, भ शब्दको मध्य र अन्तमा अल्पप्राण सघोष स्पर्श ग, ज, ड, द, ब मा क्रमशः आंशिक रूपले विलीन भएका छन्। अर्धस्वर य, व को अस्तित्व आंशिक हुन पुगेको छ। स्वरका समस्याले गर्दा समेत कथ्य र लेख्यमा अनावश्यक विभिन्नता आएको छ।

वास्तवमा स्तरीय उच्चारण, लेखनको सम्बन्धमा कोषकार वा व्याकरणकार कसैको ध्यान गएको छैन। स्तरीय भाषाको बलाघात, लय र सुरको स्थिरीकरणको महत्त्वलाई वास्ता गरिएको छैन भन्ने डा० दाहालको विचार छ। यहाँनिर थप उल्लेखनीय कुरा के छ भने बुद्धिजीवीको उच्चारणमा र स्तरीय

भाषिकाको उच्चारणमा भिन्नता छ। नेपालीमा स्तरीय नेपालीका सामान्य शब्दको स्थिरीकरण नभएको पाइन्छ। कुन शब्द स्तरीय र कुन खास भाषिकाका हुन् भन्ने कुरालाई व्याकरण, शब्दकोष आदिबाट छुट्ट्याइएको छैन। दुधेरो-गावु-गवुवा, गट्टो- कँडो-छियो, खाजा-अर्नी शब्द त यहाँ उदाहरणका निम्ति मात्र दिइएका हुन्।

नेपालीमा स्तरीय शब्दको स्थिरीकरण गरिएको छैन, खास गरेर प्राविधिक पक्षमा त झन् कमी छ। प्रजातन्त्र यता प्राक् आधुनिक शब्द भण्डार सीमित भएकोले आफ्नै संस्कृत र अन्य स्रोतबाट निर्मित र आयात गरिएका शब्दमा प्रशस्त वैकल्पित शब्दहरू प्रयुक्त छन्, आ-आफ्नै पाराले शब्द निर्माण गरिएको पाइन्छ जसमा योजनाबद्ध रूपमा शब्द–निर्माण गरिएको छ, आयात गरिएको छैन। यसबाट शब्दको स्थिरीकरण हुन सकेको छैन।

विकसित भाषामा लेखन-प्रणालीमा स्थिरीकरण हुन्छ। तर नेपालमा सरकारी गैरसकारी स्तरमा हिज्जे–प्रणालीको वास्ता छैन बरु लेखकैपिच्छे भिन्नता र अनियमितता पाइन्छ। महानन्द सापकोटा, सूर्यविक्रम ज्ञवाली, शिवराज आचार्य आदिमा पर्याप्त मतभिन्नता छ। चूडामणि बन्धु (ट्रान्स्क्रप्शन एण्ड अर्थोग्राफी १९७६) का अनुसार ०७ सालयता लेखन-प्रणालीमा उठेका मत-मतान्तरहरू पनि भाषाका वर्ग र शब्द तहको विशेषणमाभन्दा भाषाका ध्वनिको ऐतिहासिक विकासमा आधृत छन्। विकसित भाषामा लेखन–प्रणाली स्थिर हुन्छ। हेमराजको चन्द्रिका (१९६९) लेखाइको नियमितताको क्रममा गरिएको महत्त्वपूर्ण शिलान्यास छ जसलाई गो. भा. प्र. स. (१९७०) ले अघि बढायो।

नेपाली–लेखनलाई स्थिरीकरण गरी सुधारिएको मानक लेखन–प्रणालीले राष्ट्रभाषाको प्रतिष्ठा बढाउनका साथै सहज सरल हुने उपायको अवलम्बन गरिनुपर्दछ। यसले गर्दा साक्षरता र स्तरीयताको प्रसारका निम्ति सजिलो भई समय र श्रमको समेत बचत हुन जानेछ।

नेपालीमा सर्वमान्य कोष अझैसम्म बनेको छैन, बालचन्द्र शर्माको कोष तयार हुँदासम्म पनि निकै विवाद उठेका हुन्। विवाद हुनु राम्रो हो- वाद-विवाद पछि नै राम्रो निष्कर्ष निस्कन सक्छ, भनिएको पनि छ- 'वादे वादे जायते तत्वबोधः।' तर विरोधको निम्ति विरोध गरिनुचाहिँ किमार्थ उपयुक्त होओइन। सम्पूर्ण विद्वान्ले 'मेरो गुरुको बाह्रै टका' भन्ने परम्परागत अहंपना, लिडे ढिपीबाट हटेर एउटा सकारात्मक निर्णयमा पुग्न ढीलो भएको महसूस हुन लागेको छ।

नेपाली कोषको प्रारम्भ विदेशीबाट भएको हो, आज निकै कोषहरूको निर्माण भइसकेको छ, तर कोषमा शब्दको उत्पत्ति, ध्वनि, लेखन–प्रणाली,

व्याकरण र भाषिका जस्ता कुराको त्यति ख्याल राखिएको पाइन्न। स्तरीय शब्द कुन हो भन्ने विषय पनि प्रश्नचिह्नकै रूपमा रहेको छ।

पुष्करशमशेरको द्विभाषिक कोष, अंग्रेजी नेपाली शब्दकोष (१९९३) एकभाषिक कोष, चक्रपाणिको नेपाली बगली कोष (०१) रामचन्द्र ढुङ्गानाको एकभाषिक कोष संक्षिप्त नेपाली कोष (२००७) बालचन्द्रको एकभाषिक वृहत् नेपाली शब्दकोष (०१८) शब्दकोषको अतिरिक्त महानन्द सापकोटा, पारसमणि प्रधान, हर्षनाथ भट्टराई आदिका कोष पनि प्रकाशित छन्। यिनमध्ये भाषाशास्त्रका दृष्टिले महानन्दका कोष र द्विभाषिक दृष्टिले पारसमणिका कोष उल्लेख्य छन्।

नेपाली भाषाको स्थिरीकरण गर्न र स्तरीय रूपमा विस्तार र प्रसार गर्न स्तरीय वर्णनात्मक कोष, ऐतिहासिक कोष र प्राविधिक कोष हुनु जरूरी छ।

भाषालाई कोष र व्याकरणमा बाँध्न हुन्न भन्ने भनाइ छ, किनकि लेख्य र कथ्य फरक भए सिक्न कठिनाई पर्न हुन्छ। तर नेपाली व्याकरण जनजिब्रोका आधारमा मात्र तयार पार्न सकिन्न। किनकि कथ्य भाषालाई यथावत् लेख्न खोज्नु अव्यावहारिक प्रयत्न हो। झन् ज्ञान, विज्ञान समेत अँगाल्नुपर्ने वर्तमान स्थितिमा यो अव्यावहारिक हुन जान्छ। एक स्वीकृत रूप नमान्दा अव्यवस्था र अनियन्त्रण हुन जाने भएकाले भाषालाई स्वाभाविक प्रक्रियामा बग्न दिनुपर्दछ भन्ने कुरामा केही अंकुश लाउनैपर्ने देखिन्छ। तर यथास्थितिवादीहरू वा हठवादीहरूले कथित स्थिरीकरण गरी जनजिब्रोलाई पूर्णतया उपेक्षा गर्न भने मिल्ने देखिदैन। लेखन–प्रणालीलाई स्थिरीकरण गर्न वा सुधार गर्न भाषिक, सामाजिक, सांस्कृतिक तथ्यतर्फ ध्यान दिनुपर्ने हुन्छ। यसलाई वैज्ञानिक बनाउन भाषिक सिद्धान्तको सर्वोपरि भूमिका हुन्छ। भाषिक दृष्टिले भाषाका वर्णात्मक रूपात्मक व्यवस्थाको प्रतिनिधित्व हुनुपर्दछ। वास्तवमा वर्णविन्यास, ह्रस्व दीर्घका विषयमा ज्यादै संवेदनशील रूपमा नै विचार गरिनुपर्दछ– जति कि लिपिको पक्षमा। डा. वल्लभमणि दाहालको विचार छ– लेखन प्रणालीले नेपालीको वर्णात्मक र रूपात्मक (फोनोलोजिकल) र पदात्मक (मार्फालोजिकल) प्रतिनिधित्व गर्नुपर्दछ, जसबाट यो सजिलो, स्पष्ट र सुदृढ हुन सकोस्। दृश्य कार्यका दृष्टिले पढाइमा पर्ने प्रभाव र लेखनशैलीको सुविधामा ध्यान दिनुपर्ने, छापाको निमित्त उपयुक्त हुनुपर्ने अन्तार्राष्ट्रिय एवं विशेष शब्द र आगन्तुक विदेशी र नामिक शब्दको हिज्जेमा स्थिरता ल्याउनुपर्ने, विराम र चिह्नहरूको स्थिरीकरण गर्नुपर्ने देखिन्छ।

नेपाली कसरी शुद्ध लेख्ने ? ने. भा. प्र. स. बाट वर्णविन्यासको नियम बनेपछि नेपाली लेखन पद्धतिमा एकरूपता आउन थालेको हो। यसमा हृदयचन्द्र, पुष्करशमशेर र गोपाल पाण्डेका कृति पनि थप भए। ०७ सालपछि आएको नेपा-

लीको झर्रोपन, संस्कृत वा अंग्रेजी प्रवृत्तिले कृत्रिमता थपियो । नेपाली व्याकरणमा मोहनराज शर्मा, तुलसीप्रसाद ढुंगेल, गोपालनिधि तिवारीका कृति उल्लेख्य छन् ।

नेपाली भाषा केवल नेपालवासीको मात्र होइन यो समस्त नेपाली मूल मान्ने प्रवास विदेशमा बस्ने नेपालीहरूको पनि भाषा हो । देशबाहिर बस्ने करीब ६० लाख नेपालीको यो मातृभाषा हो ।

नेपाली भाषालाई उच्छृङ्खल नित्य प्रवाहमा टिकाउने होइन । यसलाई कालअनुसार छानेर भाषिक गुणको विकास गर्नुपर्ने हुन्छ । जीवित भाषाको प्रवाहलाई अवरुद्ध गर्ने प्रयास गर्नु हुँदैन, बरु जनजिब्रोलाई ग्रहण गर्ने र समयको प्रवाहलाई स्वीकार्ने गरिनुपर्दछ ।

नेपाली-लेखनको सम्बन्धमा नीति निर्धारण गर्दा नबुझी नहुने कुरा के छ भने यसलाई कोही मातृभाषाको रूपमा र कोही स्वीकृत भाषाका रूपमा बोल्दछन् ।

नेपाली शब्द प्रयोगमा तत्सम संस्कृत शब्द छुट्ट्याउने प्रक्रिया पनि वैज्ञानिक हुनुपर्ने देखिन्छ । भाषाशास्त्री बालकृष्ण पोखरेल तत्सम, अर्ध तत्सम र तद्भव भनेर छुट्ट्याउनुहुन्छ (राष्ट्रभाषा) भने मोहनराज शर्मा तत्सम र तद्भव भन्ने मात्र छुट्ट्याउनुहुन्छ । नेपालीमा अन्य भाषाबाट आएका शब्दहरूलाई आगन्तुक भनिदिएमा सजिलो पर्ने सुझावतर्फ पनि विचार गर्नुपर्ने देखिन्छ । 'रौंचिरा' विश्लेषणले गर्दा विद्यार्थी र सर्वसाधारणमा कठिनाई पर्ने स्पष्ट छ ।

संस्कृतका व्यञ्जनमा द्वित्व भएका महत्त्व, तत्त्व, कर्त्ता जस्ता शब्द महत्व, तत्व, कर्ताका रूपमा छन् । संस्कृतमा हलन्त रहेका शब्द नेपालीमा कतै अजन्त र कतै हलन्त छन्- विद्वान्, भगवान्, श्रीमान्, परिषद्, विराट्, किञ्चित्, कदाचित्, पृथक् । यी शब्दको द्वित्व-लेखन-प्रक्रिया कतिसम्म स्वीकार्य छ प्रश्न उठ्छ ।

नेपालीमा विभिन्न भाषाबाट शब्द आएका छन्, तिनीहरू तद्धित वा तद्धितान्त छन् । जस्ताका तस्तै आएका शब्द बस, स्कूल सेमिनार आदि छन् तैपनि तिनको नेपाली ध्वनि अनुकूल एकरूप उच्चारण छैन । जस्तै— हल-हाल, डक्टर-डाक्टर, कलेज-कालेज, अम्रीका-अमेरिका, अमरिका, बैङ्क-ब्याङ्क, बङ्क, मेजिस्ट्रेट - म्याजिस्ट्रेट । यस्ता विभिन्न शब्दमध्ये एकरूपलाई स्थिरीकरण गर्नुपर्ने आजको समस्या हो । तर तद्धितान्त आगन्तुक शब्दचाहिं मूलभन्दा फेरिई आएका पाइन्छन् । तैपनि तिनमा कतिपय सन्दर्भमा एकरूपता पाइन्न जस्तै— ऐन-अैन ।

हल् आधा अक्षर लेख्ने र बोल्ने तरीका हो । यसमा वर्णको आधा मात्र

उच्चारण गरिन्छ, जस्तै– हाँवछ वा खुट्टो तानिन्छ जस्तै– भात्, क्ष्याल् इत्यादि। हल् छुट्टयाउने आधार उच्चारण नै हो, बोल्दा सबैजसो अकारान्त शब्दको उच्चारण खुट्टो काटेर नै गरिन्छ । बोल्दा हल् भए पनि नाम, सर्वनाम, विशेषणको खुट्टो काटेर लेखिदैन जस्तै– भात्, झ्याल् (नाम), उस्लाई, तिम्लाई (सर्वनाम), ढुंगेन् (विशेषण) । समस्त शब्दको अगिल्लो र पछिल्लो दुवै शब्दका अन्तिम अक्षरको खुट्टो काटिन्छ– छल्छाम्, हर्दिन्, यस्तै अनुकरणात्मक शब्दको पनि– झम्झम्, सक्सक् ।

पदवियोग, पदयोग गर्ने आधारमा पदको अर्थ र त्यसको व्याकरणिक कार्यलाई आधार मान्न सकिन्छ । जस्तै–– बस्नेछ (सामान्य भविष्यत्), बस्ने छ (बस्ने व्यक्ति वा वस्तु छ), गरेछ (अज्ञात भूत), गरे छ (गर्ने भए छ) । पदयोग र पदवियोग गर्न सर्वसाधारणको निम्ति निकै कठिनाई छ ।

नेपाली भाषाका वैकल्पिक शब्दहरूका प्रयोगमध्ये कुनचाहिलाई मान्यता दिने वा सबैलाई दिने भन्ने प्रश्न टड्कारो छ । उदाहरणार्थ–– खप्टिनु-खउटिनु, अप्ठचारो–अउठचारो, अपठारो, अउठेरो, जिब्रो-जिउरो, खुर्सानी-खोर्सानी। भाषा र भाषिकाको अभेदभित्रको भेद संस्कृतमा पनि थियो । तर झर्रो पद भनेर कुनै प्रदेशमा बोलिने प्रयोग अँगाली ‘खान्छ’ को सट्टा ‘खान्च’ तथा गौरवशाली संस्कृतका ललित शब्दहरूको सट्टा गाउँले शब्दको प्रयोगमा जोड दिने हो भने एकातिर व्याकरणका नियममा खलबली पर्नेछ (गोपालनिधि तिवारी) । तर यहाँनिर विचारणीय कुरा के छ भने नेपाली लेखनमा संस्कृतको प्रभाव मात्र परेको नभई त्यसको अनुकरण परेको पनि स्पष्ट छ । नेपाली र हिन्दीको तुलना गर्ने हो भने नेपालीले संस्कृत तद्भव शब्द अँगालिरहेको छ भने कथ्य हिन्दीले भने प्रायः तो गुमाई फारसी, अरबी शब्द अँगालिसकेको पाइन्छ जस्तै—

| संस्कृत | नेपाली | हिन्दी |
|---|---|---|
| मनः | मन | दिल |
| मनुष्यः | मानिस | आदमी (अरबी) |
| वृक्ष | रूख | पेड |
| बलम् | बल | ताकत |
| कुक्कुट | कुखुरो | मुर्गा |

यस अर्थमा कतिले संस्कृतको प्रभाव पर्नुलाई स्वाभाविक मानेका छन् ।

आजभोलि व्याकरणको ज्ञान भन्नाले ह्रस्व, दीर्घ, शकार, वकार मात्र सम्झिन्छ । कर्णधार (माझी) को कर्णाधार (गाला), फलीभूत वा सफलको ठाउँमा सफलीभूत जस्ता प्रयोग गरेको पाइन्छ । जस्तै सौहार्दको ठाउँमा सौहार्द्र, सभक्ति-

को ठाउँमा सभक्तिपूर्वक, नामकरणको ठाउँमा नामाकरण, तरकारीमा नन हाल (मिलाऊ) को ठाउँमा तरकारीमा नून राख (जतन गरेर रक्षा गर्नु: अर्थ) आदि प्रयोग गरेको पाइन्छ । यस्तै- क्ये–के, त–तैं, अठारह–अठार अठाह्र, आदरनीय–आदरणीय, उज्जल–उज्वल, तेस्रो–तेश्रो, त्रसित–त्रस्त, नाउ–नाउँ, आवश्यकीय–आवश्यक, पन्द्रहौं–पध्रौं, पुरष्कार–पुरस्कार, हुंदैन–हुँदैन, गर्नु सकोस्–गर्न सकोस् गरी अघिल्लो शब्द बग्रेल्ती अशुद्ध गरी प्रयोग गरेको पाइन्छ । केवल मात्र, ज्यादा धेरै, तमाम भर, समतुल्य, स्वयं आफैं, कर्तव्य निभाउनु, प्रकाश डाल्नु, थाह लिनुभयो, सम्पत्ति गँवायो, शिरमा गेद खेल्नु, आदिमा प्रयुक्त हिन्दी नेपाली भाषाको उदाहरण अहिलेसम्म चौधौं शताब्दी मात्र देखापरेको हो । नेपाली भाषामा उर्दूको प्रभाव तेह्रौं चौधौं शताब्दीदेखि नै पर्दै गएको हो र पछि बढ्दै गएको हो भन्ने डा. जगदीशचन्द्र रेग्मीको भनाइ छ । भारतमा उर्दूमा हिन्दीका, अरबीका फारसीका शब्द शैली र लिपि आएका छन् । बाहिरबाट आएका शब्दको लेखनमा एकरूपता छैन- नेपालीमा । मुफ्त-- (सित्तैं) मुफत, मफत, मुफ्त हुन्छ भनिएको छ (चक्रपाणि : बगली कोष) ई. १७७५ को दिव्योपदेशमा पर्याप्त उर्दू शब्दको प्रयोग छ— अदालय–अदालत, आदमी, फजाइँ, किताप, किल्ला, षजाना, षुनि, तषत (फारसी), तहसिल (अरबी) इत्यादि ।

नेपालीमा विजातीय विभिन्न प्रकारका शब्द छन्– (१) मूल रूपमा (केही) (२) आंशिक रूपमा (निकै) (३) थाहा नपाइने किसिमले फेरिइसकेको (निकै) (४) विजातीय शब्दहरूलाई मौलिक रूपमा नेपालीकरण गरिएका छन् ।

नेपालीमा दुवै प्रकारका शब्दप्रयोग छन्— अवसर–औसर, अहिले–ऐले, उपरान्त–उप्रान्त, एउटा–यौटा, कर्णेल–कर्नेल, कायदा–काइदा, किताप–किताब, कोष–कोश, गुण–गुन, गुनिउ–गुन्यू, जहिले–जैले, तरुणी–तरुनी, तसबीर–तस्बीर, देउराली–द्यौराली, पृथिवी–पृथ्वी, व्यापार–बेपार, यात्रा–जात्रा, विष–बिख, क्षण–छिन, क्षत्री–क्षेत्री, इत्यादि ।

नेपाली–लेखनलाई सरल बनाई प्रयोग गर्नुपर्ने कुरा एकातिर हामी भन्छौं, तर भाषासाहित्य नै क्लिष्ट पार्ने प्रवृत्तिलाई हामी उपेक्षा गरिरहेछौं, यो ठीक होइन । जस्तै — 'पाँच नेपालका लेखक' । पाँच वटा नेपाल छैनन् नेपालका पाँच लेखक भनिएको हो । यस्तै 'दस माइल लामो मोटर चल्ने बाटो', 'अलि अलि तारा चम्किरहेका थिए', 'सडे–गलेको नगर पञ्चायतले मोटरमा फोहर पर्यांक्यो', 'भूतपूर्व रा. पं. अध्यक्ष' इत्यादि ।

नेपाली भाषाको चौधौं शताब्दीदेखि आजसम्मको प्रयोग र प्रवृत्ति हेर्दा यसमा प्रशस्त परिवर्तन तथा विकास भएको पाइन्छ । समयसँगसँगै व्याकरण लेखन

शब्दकोष निर्माण तथा भाषातात्त्विक अध्ययन हुन लागेको पाइन्छ। यसबीचमा विभिन्न भाषाको प्रभाव प्रशस्त परेको पाइन्छ। नेपाली भाषालाई हिजोसम्म काम चलाउने कसरी भन्ने प्रश्न थियो भने आज शुद्ध परिष्कृत गहन रूपमा कसरी प्रयोग गर्ने भन्ने प्रश्न छ। नेपालीमा बग्रेल्ती विदेशी शब्द छन्। संस्कृतबाज, अंग्रेजीबाज र फर्सीबाजहरूको लिडेढिपीले गर्दा यसलाई मौलिक रूपमा अघि बढ्न दिने समस्या एकातिर परेको छ भने अर्कोतर्फ भाषाको स्वत्व राख्न प्रयत्नशील रहनुपर्ने आवश्यकता छ। आज एकातिर पर्याप्त मात्रामा प्राविधिक शब्द पाइन सकेका छैनन् भने अर्कोतर्फ शब्द-व्याकरण-लिपि-वर्ण विन्यासमा सरलीकरण गर्नुपर्ने आवश्यकता छ।

नेपाली-लेखनमा अनेकतालाई कसरी हटाउने र समय-क्रममा आवश्यक शब्दहरूलाई समेटी सबै नेपाली भाषाभाषीका निम्ति यथाशक्य सरल रूपमा, छापामा उपयुक्त हुने प्रकारले लिपि, व्याकरण कसरी प्रयोग गर्ने भन्ने प्रश्न टड्कारो रूपमा देखापरेको छ।

## २. मौखिक र लिखित भाषा

मौखिक भाषा सहज स्वाभाविक हुन्छ र भाषाको आदर्श स्वरूप हुन्छ जबकि लिखित कृत्रिम हुन्छ। मौलिक चञ्चल, गतिशील, जियालो हुन्छ जसको तुलनामा लिखित निष्प्राण, अचल, स्थिर हुन्छ। मौखिक भाषा लिखितको आधार हो- भाषाका अध्येताहरू मौखिकमा जोड दिन्छन्। मौखिक भाषाको इलाकैपिच्छे भेद पाइन्छ। जिल्लैपिच्छे अलग-अलग रूप पाइन्छ। नेपालीमा पनि लिखित भाषाको आडमा शिष्ट भाषाको जन्म भएको छ। यसको प्रयोग सिनेमा, रेडियो, अड्डाखानामा हुन्छ। कथ्य भाषालाई जनजिब्रो र शिष्ट भाषा भैं दुई भेदमा बाँड्नु उपयुक्त छ। तर कथ्य र लेख्यमा भिन्नता कायम गर्न प्रयत्नशील रहनुपर्दछ।

सूर्य, सूर्जे, सूर्ये, सूर्ज्य, सुर्य जे भने पनि सामान्य अर्थबोध हुन्छ, तर सामान्य अर्थबोध मात्र पर्याप्त छैन। हो, कथ्य भाषामा जसो भने पनि लिखित भाषामा एकरूपता, समानता, सरलता, सरसता, स्तरीयता आवश्यक छ। विकसित मस्तिष्कलाई चाहिने गहनतम भाव बोक्न नै स्तरीयताको जरूरी परेको हो। त्यसैले अर्थबोध मात्र भाषाको उद्देश्य नभएकोले भाषालाई विचारवाहक, ज्ञानसूचक, चिन्तन-प्रकाशनको रूपमा लिनु जरूरी छ।

नेपाली-लेखन-प्रणालीका ह्रस्वदीर्घ उच्चारणअनुसार नभई मानिएका चिह्न हुन्। नेपालीमा सामान्यतया यसले फरक पार्दैन दिदी, दीदी। किनकि

हामी लेखेअनुसार उच्चारण गर्दैनौं र उच्चारण गरेअनुसार पनि लेख्तैनौं। समयअनुसार क्रमशः लेखन–प्रणाली बदलिँदै गएको छ। भानुको समयमा खुट्टा काटिन्थ्यो, तर 'माधवी' पछि हलन्त–बहिष्कार भयो। तृतीया–'तृ' हुन्छ, त्रिरत्नको 'त्रि' हुन्छ तीन अर्थ जनाउने। संस्कृतका शब्द जस्ताको तस्तै राख्नु हाम्रो लागि झ्याउ छ। पुराना मान्यताका नाममा अड्डी लिनु हुँदैन किनकि मान्छे सरलतातिर लाग्दछ, मीठो, सरल, व्यावहारिक रूपमा चल्नु अपराध होइन बरु स्वाभाविकता हो।

यहाँनिर उल्लेख्य कुरा के छ भने बोल्ने र लेख्ने भाषा फरक भए पनि जनजिब्रोलाई पटक्कै बेवास्ता गर्ने हो भने भाषा विकसित हुँदैन, त्यसैले भाषा वा शब्दलाई यसको स्वाभाविक मर्मतिर मोड्नुपर्दछ। यहाँ सम्झनैपर्ने कुरा के छ भने सुसंस्कृत, सम्पन्न संस्कृतमा पनि उच्चारण भेद छ ज्ञान–ग्यान, पंचामृत–पञ्चामृत। अंग्रेजीकै कुरा गरौं–प्साइकोलोजी लेखेर साइकोलोजी र बुट लेखेर बट उच्चारण गरिन्छ। तर हामीकहाँ अतिवादीको चर्को हमला छ, कोही अति खुकुला छन् भने कोही अति कट्टर छन्, कोही अति हठवादी छन् भने कोही सुधार र समन्वयको बाटो लिनेप्रति उपेक्षा गर्दछन्। यसको कारणमा आफ्नो विद्वत्ता देखाउने प्रवृत्ति प्रमुख मान्नुपर्दछ। हो उन्नतिशील भाषाको नियम हुन्छ, तर युगको मागअनुसार जनताको भावना र व्यवहारअनुसार परिवर्तित हुन्छ तर सम्झनैपर्ने कुरा, नियम सधैं बाधक हुँदैन। यसले कतिपय सन्दर्भमा व्यवस्थित बनाउने गर्दछ।

नेपाली वर्णविन्यासका नियम बने तर तिनमा सामयिक परिष्कार आउन सकेको छैन। संस्कृत तत्सम शब्दका वर्णविन्यासका नियम सुलभ छैनन्। आगन्तुक शब्द तथा वर्णविन्याससम्बन्धी नियमको एकीकरण हुन सकेको छैन। नेपाली वर्णविन्यासका नियमलाई कथ्य नेपालीका अधारमा भ्रमपूर्ण तुल्याउने प्रवृत्तिले अनुचित प्रोत्साहन पाउनु, निर्धारित नियमभन्दा पनि आ-आफ्नो धारणाअनुसार लेख्ने प्रवृत्ति हुनु, लेखाइमा व्यक्तिगत धारणालाई जोड दिनु, औपचारिक लेखाइ र छपाइमा समेत वर्णविन्याससम्बन्धी नियमको पालनमा हेलचेक्राइँ र बेवास्ता हुनु जस्ता प्रवृत्तिलाई कसरी नियन्त्रण गर्ने जस्ता कुरा प्रश्नको विषय बनेका छन्। माध्यमिक त के क्याम्पसतहमा समेत विद्यार्थीले आफ्नो नाम शुद्ध लेख्न नसक्ने प्रवृत्ति हेर्दा यो निस्सन्देह खेदको विषय बनेको छ।

उपर्युक्त सन्दर्भ हेर्दा—

क) संस्कृत तत्समबाहेक आगन्तुक शब्दहरू अंग्रेजी, हिन्दी आदि, देशज नेवारी गुरूङ आदि र नेपालीका सबै शब्दका अगाडि र बीचको इकार उकार सबै

नै ह्रस्व र पछाडिको इकार वा उकार प्रचलित नियमअनुसार (भाले इकार, उकार ह्रस्व, पोथी दीर्घ, जात, पेशा, थर, दीर्घ) गर्ने ।

ख) संस्कृतको तत्सम बाहेक आगन्तुक र नेपाली सर्वत्र 'स' लेख्ने ।

ग) ऋ, लृ लाई हटाई रि, ङ र ञका ठाउँमा चन्द्रबिन्दु वा शिरबिन्दुबाट काम चलाउने ।

घ) विसर्ग नेपालीमा नभएकाले प्रयोग नगर्ने ।

ङ) शिरबिन्दुको काम 'म' बाट लिने ।

च) क्रिया बाहेक अन्य हलन्त प्रयोग नगरी शब्दको रूपअनुसार आधा वर्ण गाँसिदिने ।

छ) अ, आ, अि, अी, अु, अू लेख्ने ।

ज) तत्सम (संस्कृत) जस्ताको तस्तै लेख्ने ।

झ) नेपालीमा स्पष्ट 'व' उच्चारण हुने र 'तत्सम' शब्द बाहेक सबै 'ब' गर्ने ।

ञ) स्वतन्त्र शब्द, निपात, विभक्तिपछिको नामयोगी छुट्याउने र विभक्ति जति स्वतन्त्र शब्दमा जोड्ने ।

ट) समस्त शब्द जोड्ने ।

ठ) नामअघि श्री जोड्ने ।

ड) अनुकरणात्मक (दोहोरिएका) नाम, नामयोगी, विशेषण, क्रियापद, क्रिया–विशेषण, संयुक्त क्रियापद र अकरणको न आदि सब जोड्ने ।

ढ) वाक्य र शब्दको स्वरूप र अर्थअनुसार लेख्य चिह्नको प्रयोग गर्ने गर्नुपर्दछ ।

ण) यस्तै ऋ, ॠ, लृ, क्ष, त्र, ज्ञ, ञ आदि वर्ण हटाउनुपर्दछ ।

त) स, श, ष–– वो-ओ, यि–इ, ऋ–रि, क्ष–छ्य, ज्ञ–ग्यँ जस्ता वर्णको सम्बन्धमा विचार गरिनुपर्दछ ।

नेपाली व्याकरणको स्तरीकरण नहुने कारण शब्दकोश र व्याकरणमा बग्रेल्ती अशुद्धि, व्याकरणमा आ-आफ्नै प्रयोग, प्रवास, विदेश, अञ्चल, राजधानीमा आ-आफ्नै प्रयोग, लेखन र कथनमा पार्थक्य, सम्बद्ध संस्थाबाट चासो नराखिनु, व्यावहारिक र प्रायोगिक पक्षलाई बेवास्ता गरिनु, अहं र एकोहोरोपनको प्रयत्न, व्याकरण–लेखनमा अंग्रेजी या संस्कृत–व्याकरणको भर पर्नु, कसैले पनि लागि नपर्नु, जनजिब्रो र भाषाको प्रवाहमान र सैद्धान्तिक पक्षको वास्ता नगर्नु जस्ता कुरा उल्लेख्य छन् ।

## ३. उपसंहार

नेपाली-वर्णविन्यास आज समस्या बनेको छ। भाषालाई मूर्तता लिपिबाट हुन्छ। देवनागरी लिपि जसमा नेपाली लेखिन्छ यसका नौ वर्ण एकभन्दा बढी रूपमा प्रचलित छन्। कुनैका ३–३ रूप छन्, जस्तै-- (श) कुनैका ४ छन्, जस्तै-- (क्ष)।

नेपालीमा ह्रस्व, दीर्घको व्यवस्था व्याकरण, अभिव्यक्तिको ढङ्ग र व्युत्पत्ति-जस्ता तत्त्वमा आधृत छ। ह्रस्व-दीर्घको टुङ्गो लगाउने आधार नै अवैज्ञानिक भएकाले एकातिर प्रशस्त अपवाद छन् भने अर्कोतिर कठिनाइ महशूस भएको छ।

ह्रस्व, दीर्घ, अनुनासिक र अनुस्वारचाहिँ ध्वनि तत्त्वसँग गाँसिने कुरा हुन्। शब्द-विवरणको स्थिति, सुर, तान र आघात आदिमा निर्भर गर्ने हुँदा यसको निक्यौल र निर्धारण गर्ने कसी ध्वनि-विश्लेषणमा आधृत हुनुपर्ने हो।

नेपालीमा अनुस्वारको जथाभावी प्रयोग छ। यसबाट लेखनमा एकरूपता आउन सकेको छैन। अनुनासिक व्यञ्जनका ठाउँमा अनुस्वारको प्रयोगले गर्दा लेखनमा सजिलो भएको छ, तर यो अवैज्ञानिक र अव्यावहारिक छ। यसबाट हामी भाषा सिक्नेलाई अलमल र कठिन स्थितिमा पाउँछौं। लिंग (लिङ्ग) पंत (पन्त) सम्धी (संधी) शब्दमा अनुस्वारको उच्चारण एकै नभई फरक छ। पञ्चमाक्षरका ठाउँमा पनि अनुस्वारकै प्रयोग गर्दा फरक छुट्याउन हम्मे पर्दछ।

संस्कृत शब्दको (तत्सम) जस्तो वर्णविन्यास छ त्यस्तो नेपालीमा उच्चारण नगरिने हुँदा संस्कृतको पारम्परिक वर्णविन्यासबारे नेपालीका सरल नियम सुलभ छैनन् जुन खट्कने कुरा हो।

नेपाली ध्वनिमा पाइक नपर्ने आगन्तुक तद्वत् शब्दहरूको अस्थिरताले पनि लेखाइमा उत्तिकै अनेकरूपता ल्याएको छ।

पदयोग र पदवियोग सम्बन्धको जटिलता र डिको दिने तरीकाको अनियमितताले वर्णविन्यासमा अनिश्चितता जन्माएको छ। यस्तै विरामचिह्नहरूको जथाभावी प्रयोग पनि लेखनमा अनेकरूपताको द्योतक बनेको छ।

नेपाली लेखनलाई सर्वमान्य, पूर्ण स्तरीकरण नगरिएसम्म अनेकरूपता, अनियमितता, अनिश्चितता, अवैज्ञानिकता र अव्यावहारिकता यथावत् रहनेछ। यसको समाधानका निम्ति पाइलो चाल्न ढीलो महशूस भइरहेको सन्दर्भमा सोमनाथ शतवार्षिकीको उपलक्ष्यमा ने. रा. प्र. प्र. ले यसरी सक्रियता देखाउनु एउटा महत्त्वपूर्ण कार्य भएको सम्झन्छु। यस सन्दर्भमा नेपाली लेखनमा देखापरेका कमजोरीलाई हटाई ठोस निष्कर्षमा पुग्न विनम्र अनुरोध गर्दछु।

□

# नेपालीको वर्णविन्यास

गोविन्दप्रसाद घिमिरे

## १. परिचय

नेपाली भाषाका शब्दहरूको लेख्य रूपमा प्रयोग गरिने प्रक्रिया र तिनमा निहित वर्णहरूको समुचित प्रयोग नै यस गोष्ठीपत्रको सेरोफेरो हो । नेपाली भाषाको कथ्य प्रयोगले वर्णविन्यासलाई त्यति खयाल गरेको छैन तापनि लेख्यरूपको प्रभाव कथ्यप्रयोगमा छँदैछैन भन्नचाहिं मिल्दैन ।

नेपाली वर्णविन्यासका सम्बन्धमा केही व्याकरणग्रन्थहरूमा चर्चा गरेको पाइन्छ र वैयाकरणहरू र भाषाविद्वान्हरूका बीचमा (लेखका रूपमा वा गोष्ठीका रूपमा) छलफल हुने गर्दछ । कतिपय विषयमा निचोड निस्कन्छ र कतिपय विषयमा छलफल बाँकी रहन्छ । नेपाली वर्णविन्यासका बारेमा निकै अघिदेखि चर्चा-परिचर्चा हुन थालेको छ । यसमा निकै व्यावहारिक कठिनाइ देखापर्न थालेका छन्, विशेषतः आगन्तुक शब्दहरूको लेखाइमा । आगन्तुक शब्दहरूको वर्णविन्यास एक जटिल र विवादास्पद विषय रहेको छ ।

नेपालीको वर्णविन्यास–व्यवस्थालाई सामान्यीकरण गरी निश्चित र सुगम मार्ग पहिल्याई त्यसका आधारमा लेखन प्रणालीलाई सुव्यवस्थित पार्नुपर्ने जटिल समस्या हाम्रो अगाडि छ । यसैका सम्बन्धमा वर्णविन्यासका वर्तमान समस्या र तिनको समाधानका सङ्केतहरूलाई ध्यानमा राख्तै प्रस्तुत गोष्ठीपत्रमा विवेचना गरिनेछ ।

## २: वर्णविन्याससम्बन्धी प्रयोगगत समस्या

नेपाली भाषाका अनेकौं व्याकरणग्रन्थहरूको प्रकाशनपश्चात् पनि वर्णविन्यासका सम्बन्धमा कुनै एक निश्चित मार्ग पहिल्याउन हामी सबैलाई गाह्रो भैरहेको छ । सिद्धान्त र नियम एकातिर छन्, व्यवहार अर्कोतिर छ । यसो हुनामा मुख्यतः दुई कारण हुन सक्छन्— १. अज्ञानता र २. हेलचेक्र्याइँ ।

पहिलो कारण क्षम्य हुन सक्ला तर दोस्रो कारण क्षम्य हुन सक्तैन । सही वर्णविन्यासको आवश्यकताका सम्बन्धमा चर्चा गर्दा कसै-कसैबाट उत्तर आउने गर्दछ- 'जे जसरी लेखे पनि अर्थ त निस्किहाल्छ, अर्थ निस्कने भएपछि ह्रस्व-दीर्घ खुट्टो काट्ने नकाट्ने जस्ता सामान्य कुरामा किन अल्झिरहने ?'

यस्तै-यस्तै थुप्रै उत्तरहरू नेपाली वैयाकरणहरू, भाषाशास्त्रीहरू र भाषा-प्रेमीहरूले पाउँदै आएका छन् र अझ पाउँदै जानेछन् । किनभने हाम्रो संस्कारमा परिवर्तन हुँदै गइरहेछ । अंग्रेजी भाषाको एउटा शब्द स्पेलिङ्ग (Spelling वर्णविन्यास) गलत हुँदा लाज मान्ने हामीहरूलाई आफ्नो राष्ट्रभाषाका शब्दहरूको वर्णविन्यासमा वास्ता छैन । भरसक नेपालीको उच्चारणमै त्रुटि देखाई बोल्न पाए र अंग्रेजीचाहिँ खूब जान्दो रहेछ भन्ने पार्न पाए मख्ख पर्नेहरूको कमी नभएको ठाउँमा नेपालीको वर्णविन्यासजस्ता कुराहरू महत्त्वहीन हुने कुरा त्यत्तिकै कटुसत्य हो । यहाँ केही प्रश्न उठ्छन्—

१. के नेपाली लेख्दा वर्णविन्यासमा ख्याल नगरे पनि हुन्छ ?

२. के शिक्षणकार्यमा (अन्य विषयमा समेत), अड्डा अदालतमा, व्यापारिक सूचनापाटी इत्यादि क्षेत्रमा नेपाली शब्दहरू सही रूपमा लेख्नैपर्दैन ?

३. के यस्तो अव्यवस्थालाई देख्ता-देख्तै व्याकरणविद्हरू आँखा चिम्लेर बसिरहने ?

उपर्युक्त प्रश्नहरूको नकारात्मक उत्तर त नआउला तर 'काग कराउँदैछ पीना सुक्तैछ' गर्नु पनि नकारात्मक उत्तर दिनु जस्तै हो ।

ह्रस्व, दीर्घमा ध्यान दिनुपर्ने र वर्णहरूका खुट्टा काट्ने वा नकाट्ने जस्ता वर्णविन्याससम्बन्धी कुरा यसो हेर्दा सामान्य लागे तापनि कुनै ठाउँमा यस्ता कुराले ठूलो विपत्ति खडा गर्छन् भन्ने कुरा निम्नलिखित उदाहरणहरूबाट स्पष्ट हुन्छ—

एउटा हत्याको अभियोगमा एउटी महिलाको समकालवर्तित्वका बारेमा इजलासमा बहस चलिरहेछ । 'क' ले 'ख' लाई हत्या गर्दा 'क' (अभियुक्त महिला) उक्त हत्या भएका समयमा उपस्थित भएको साबित भैसकेको तर सर्जमिन गर्दा लेख्ने मानिसले 'क' 'ख' को हत्याका समयमा त्यहाँ उपस्थित थिइन भनी 'न' मा खुट्टा नकाटी लेखेको रहेछ । यसको अर्थ के हुन्छ स्पष्टै छ । यसबाट वर्णविन्यासमा खुट्टा काट्नु र नकाट्नुको के-कस्तो महत्त्व छ भन्ने कुरा ज्ञात हुन्छ र यस्तो वर्णविन्यासको त्रुटिबाट उचित न्याय-सम्पादनमा बाधा पर्न जाने वस्तुतथ्यलाई कसैले पनि नकार्न मिल्दैन ।

त्यस्तै वर्णविन्यासको सामान्य हेरफेरले गर्दा बोलचाल र लेखापढीको

भाषामा पनि अर्थापत्ति पर्ने हुन्छ । जस्तै—

१. मानिस् (मान्ने काम गरिस्) र मानिस (मान्छे) ।
२. सुन् (सुन्ने काम गर) र सुन (एक प्रकारको बहुमूल्य धातु) ।
३. दीन (दुःखी) र दिन (दिउँसो) ।
४. पूरा (पूर्ण) र पुरा (जूठो) ।
५. खालि (केवल) र खाली (रित्तो) ।
६. लेउ (लेउ लागेको) र लेऊ (लिने काम गर) ।
७. जुन (जुनसुकै) र जून (चन्द्रमा) ।
८. तिर (तर्फ) र तीर (बाण र नदीको किनार) ।
९. फूल (पुष्प) र फुल (अन्डा) ।
१०. आउँ (आउँ पर्नु) र आऊँ (आउने इच्छा) ।
११. ज्यापु (कपासको बियाँ) र ज्यापू (नेपालीको एक जात) ।
१२. गइन् (जाने काम गरिन्) र गइन (जाने काम गरिन) ।

यस्ता शब्दहरूको आवश्यकतानुसार प्रयोग हुने भएकाले दुवै प्रकारका शब्दहरूको अस्तित्वलाई स्वीकार गर्नुपर्ने बाध्यता रहेको छ । यसमा कसैले 'ह्रस्व लेखे पनि दीर्घ लेखे पनि सन्दर्भ हेरी अर्थ लगाउन सकिन्छ' भन्ने तर्क दियो भने नेपाली भाषाको विकासका प्रसङ्गमा उक्त भनाइ अपरिपक्व ठहरिन्छ र त्यस्तो भद्रगोले प्रयोगबाट भाषा दुर्बोध्य र जटिल हुँदै जाने कुरा निश्चित छ । हाम्रो लक्ष्यचाहिँ भाषालाई दुर्बोध्य र जटिल नबनाई सरल बनाउँदै लग्नुपर्ने हुनुपर्छ । स्मरणीय छ वर्णविन्यासको समुचित प्रयोगमा भाषा क्लिष्ट र वर्णविन्यसको जथाभावी प्रयोगमा भाषा सरल हुनेचाहिँ होइन । यो त केवल अज्ञानता र हेलचेक्र्याइँको कुरा मात्र हो ।

'यस' र 'यश' तथा 'बस' र 'वश' मा पनि ख्याल गरी लेख्ने परम्परा हद्न थालेको अनुभव हुन्छ । कथ्य प्रयोगमा 'टिकस' ले 'टिकट' को काम गर्न थालेको छ । 'टायम', 'टाइम' र 'ट्याम' को बहुरूपी हालत त्यस्तै नाजुक छ । 'लक्ष' र 'लक्ष्य' जहाँ पायो त्यहीं देखा पर्ने थालेका छन् ।

तत्सम शब्दको वर्णविन्यास पाणिनीय व्याकरणका अनुसार गर्नुपर्ने कुरा एकातिर छ भने ठेट नेपाली शब्दको वर्णविन्यासको आफ्नै नियम छ । सबैभन्दा जटिल समस्या आगन्तुक शब्दहरूको वर्णविन्यासमा छ । यो हाम्रो व्यावहारिक समस्या हो । यसमाथि पुनर्विचार गरिनु अनिवार्य आवश्यता भैसकेको छ ।

'कोशिश' लाई 'नेपाली संक्षिप्त शब्दकोश (नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान)' ले 'कोसि [शि] स [श]' गरी प्रयोग गरे पनि व्यवहारमा 'कोशिश'

नै रहेको छ । त्यस्तै 'दुई' तर्क र छलफलहरूका माझमा परी आफ्नो वास्तविक अनुहार देखाउन अद्यापि असमर्थ नै रहेको छ । विचारणीय कुरा के छ भने नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित शब्दकोशमा 'दुई' शब्द 'दुई (इ)' गरी नाम र विशेषणका रूपमा ह्रस्व र दीर्घ मानी प्रयोग गरिएको छ । तर उक्त शब्दकोशमै 'दुई' मा 'वटा' प्रत्यय लगाइसकेपछि 'दुईवटा' चाहिँ दीर्घ र 'दुइटा' चाहिँ ह्रस्वका रूपमा प्रयोग गरिएको छ । त्यस्तै नेपाली साहित्य भण्डार, विराटनगर (नेपाल) बाट प्रकाशित बृहत् नेपाली शब्दकोशमा चाहिँ 'दुई' सबै ठाउँमा ह्रस्व (दुइ) नै प्रयोग गरिएको छ । एकै शब्दका अनेक रूपको प्रयोगले निश्चय पनि वर्णविन्यासमा अनिश्चितता पैदा गर्दछ । यसको उत्तरदायित्व कसले वहन गर्ने ? यो एउटा जटिल प्रश्न छ ।

शब्दहरू सामान्य ठाउँबाट मात्र गलत किसिमले प्रयुक्त भएका छैनन् अपितु जागरूक, शिक्षित, विद्वान्‌हरूबाट पनि महत्त्वपूर्ण त्रुटिहरू भएका छन् । यसमा पूर्वाग्रहको कुरा नठानियोस् । यदि म अनुमति पाउँछु भने दुई बेग्लाबेग्लै उदाहरण यहाँ प्रस्तुत गर्न चाहन्छु—

१) कानूनविद्, विद्वान् लेखकहरू, प्राध्यापक आदि सबैले आँखा चिम्लेर प्रयोग गर्ने गरेको 'नाबालक' शब्द प्रयोज्य र साधु शब्द हो कि होइन त्यसबारे चर्चा गरौं ।

प्रायः कानूनी क्षेत्रमा प्रयोग गरिने शब्दका बारेमा आशङ्का व्यक्त गर्नु त्यति सुगम छैन भन्ने कुरामा निकै सचेत हुँदाहुँदै पनि 'नाबालक' शब्दका बारेमा अझ यसको व्युत्पत्तिमूलक अर्थका बारेमा केही चर्चा गर्नु सामयिक ठान्दछु ।

'नाबालक' सोपसर्गक शब्द हो । नेपाली भाषाका शब्दहरूमा आफ्ना मात्र नभई आगन्तुक उपसर्गहरू पनि धेरै मात्रामा प्रयुक्त छन् । जस्तै — 'दरसन्तान' मा 'दर', 'बदनाम' मा 'बद', 'बेकसूर' मा 'बे', 'लापरवाही' मा 'ला', 'हरहालत' मा 'हर' । यस्तै 'नाबालक' मा 'ना' आगन्तुक उपसर्ग हो । हरेक उपसर्गको आफ्नै काम र अर्थ हुन्छ । संस्कृतमा उपसर्ग लागेपछि धातुको अर्थ बदलिन्छ । जस्तै-- प्रहार, आहार, विहार, संहार, परिहार आदि । यहाँ एउटै 'हार' पदमा प्र, आ, सं, वि, परि उपसर्ग लाग्दा उपर्युक्त शब्द बन्दछन् र ती सबैको अर्थ बेग्लाबेग्लै हुनमा उपर्युक्त उपसर्गहरूको महत्त्वपूर्ण भूमिका रहेको छ भन्ने कुरा स्वतः स्पष्ट हुन्छ ।

सोपसर्गक शब्दहरू दुई प्रकारबाट बनेका हुन्छन् ।

१) एउटै आधार पदमा अनेक उपसर्ग लागेर ।

२) एउटै उपसर्ग अनेक धातु वा शब्दमा लागेर ।

पहिलोको उदाहरण उपर्युक्त 'हार' आधारपद नै हुन्छ भने दोस्रोको उदाहरण चाहिं प्रभाव, प्रताप, प्रख्यात, प्रबल, प्रसार, प्रहार, प्रदान तथा सुमार्ग, सुकर्म, सुबोध, सुविचार इत्यादि शब्दहरू हुन सक्छन् । त्यस्तै 'ना' उपसर्ग लागेर बन्ने शब्दहरू हुन्– नालायक, नामन्जूर, नाजायज र नाबालिग ।

मुलुकी ऐन लगायत कानूनका नेपाली पुस्तकहरूमा, लेखहरूमा र कानूनी व्यवहारका अनेकौं फाँट (विभिन्न लिखतहरू) मा निर्विवाद रूपमा प्रयोग गरिने 'नाबालक' शब्दलाई कसरी निष्पन्न गर्ने ? यो एक जटिल समस्या छ । 'ना' उपसर्ग लागेका सबै शब्दमा 'ना' उपसर्गको अर्थ नकारात्मक नै छ र यस परिप्रेक्ष्यमा सबै सहधर्मी जस्ता देखिन्छन् । 'बालक' शब्दमा 'ना' उपसर्ग लाग्दा आउने अर्थ बालकको विपरीत हुनुपर्ने हो । तर झन् १६ वर्षभन्दा कम उमेर भएको बालकको अर्थ उक्त 'नाबालक' शब्दले दिइरहेको देख्ता केवल प्रयोगमा आएको कारणबाट यो शब्द रूढ हुन पुगेको हो भन्ने अनुमान त्यति अनुपयुक्त हुँदैन जस्तो प्रतीत हुन्छ ।

कानूनी व्यवहारका विभिन्न फाँटमा 'नाबालिग' को पर्यायवाची शब्दका रूपमा 'नाबालक' शब्दको प्रयोग परेको देखिन्छ ।[1] अर्थगत दृष्टिले नाबालकलाई अर्थ्याउन मुलुकी ऐनमा छुट्टै महलको व्यवस्था नभए पनि मुलुकी ऐनका ठाउँ ठाउँमा नाबालकको परिभाषा गर्दा '१६ वर्षमुनिको नाबालक', '१६ वर्ष पूरा नभएको', '१६ वर्षको उमेर पूरा नगरेको' भनी गरेको पाइन्छ ।[2] साथै दण्डसजायको महलको १ नं. ले नाबालकलाई वर्गीकरण गरी तीन तहमा राखेको देखिन्छ––

१) आठ वर्ष उमेर नपुगेको नाबालक ।

२) आठ वर्ष वा सोभन्दा माथि र बाह्र वर्षभन्दा कम उमेरको नाबालक ।

३) बाह्र वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको नाबालक ।

यसबाट के बुझिन्छ भने हाम्रो कानूनी व्यवहारमा १६ वर्ष उमेर नपुगेको बालक नाबालक ठहरिन्छ ।

जसलाई वयस्क वा बालिग भन्न सकिंदैन त्यो नाबालिग 'नाबालक' हो, होइन र यो शब्द निकै रूढ भैसके पनि हामी त्यसको व्युत्पत्तिमूलक अर्थ निकाल्न असमर्थ हुन्छौं । हामीले आफ्ना भाषामा प्रयुक्त शब्दहरूको विश्लेषण, व्याख्या र

---

[1] १. नेपाल कानून परिचर्चा वर्ष २ अङ्क ४ को 'बालकसम्बन्धी वर्तमान कानूनी व्यवस्था' शीर्षकअन्तर्गत ।

[2] २. नेपाली कानूनी शब्दार्थ संग्रहको पृ. ८९ ।

विवेचना गर्नुपर्दछ र यथासम्भव गलत शब्दको प्रयोग गर्नु हुँदैन भन्ने कुरा यदि स्वीकार्य छ भने अबदेखि 'नाबालिग' बाटै अपभ्रंश भई बनेको 'नाबालक' शब्दलाई प्रयोगमा नल्याई 'नाबालिग' शब्दलाई नै प्रयोगमा ल्याउँदा हामीलाई कुनै किसिमको अर्थगत आपत्ति होला जस्तो लाग्दैन । यसमा कानूनविद् र सम्बद्ध निकायले राम्रो ध्यान दिए हाम्रो कानूनी जगत् अस्पष्टता र विवादग्रस्तताको भुंवरीभित्र रूमल्लिएर रहनुपर्ने थिएन भन्ने मेरो ठनाइ छ ।

२) त्यस्तै अर्को एक तत्सम शब्दका बारेमा चर्चा गर्ने अनुमति माग्दछु । त्यो शब्द हो– 'अन्तर्राष्ट्रिय' । हाम्रो भनाइ र गराइ एकै छैन । 'अन्तर्राष्ट्रिय' शब्द तत्सम शब्द हो । अतः त्यसको निर्माण प्रक्रिया पनि पाणिनीय व्याकरणमुताबिक हुनुपर्दछ । यसमा दुई मत हुने कुरा छैन। हाम्रा वेला वेलाका छलफल र निष्कर्षहरू भन्ने गर्दछन्–– 'ठेट नेपाली शब्दहरू र आगन्तुक शब्दहरूको वर्णविन्यास नेपाली व्याकरणअनुसार गर्ने, तर तत्सम शब्दहरूको वर्णविन्यासचाहिँ पाणिनीय व्याकरणअनुसार नै गर्ने ।' तर आज यसका अन्तर्राष्ट्रिय, अन्तरराष्ट्रिय र अन्ताराष्ट्रिय रूप प्रचलित छन् । महान् नेपाली नाटककार स्व. श्री बालकृष्ण समज्यूले कतिपय स्थानमा यसको शुद्ध रूप (अन्ताराष्ट्रिय) को प्रयोग गर्नुभएको पाइन्छ । 'स्वतन्त्र विश्व' नामक पत्रिकामा जहिले पनि 'अन्ताराष्ट्रिय' शब्द नै प्रयोग गरेको देखिन्छ । गोरखापत्रकै पनि कुनै कुनै अङ्कका पृष्ठमा यसको शुद्ध रूप देखापरेको छ ।

जान्ने सुन्नेबाटै गलत किसिमले प्रयोगमा आइरहेका यस्तै यस्तै शब्दहरूमा 'राजनैतिक', 'प्रजातान्त्रीकरण', 'औद्योगीकरण', 'तत्कालीन', ऋषिकेश', 'उपरोक्त', 'सुपरिवेक्षक', 'महत्वपूर्ण' आदिलाई लिन सकिन्छ। यिनीहरूको साधु र शिष्ट रूप क्रमशः राजनीतिक, प्रजातन्त्रीकरण, औद्योगिकीकरण वा उद्योगीकरण, तात्कालिक, ऋषीकेश, उपर्युक्त, सुपर्यवेक्षक र महत्त्वपूर्ण हुन्छन् ।

## ३. वर्णविन्याससम्बन्धी मतमतान्तर

नेपाली भाषामा प्रयुक्त शब्दहरूको वर्णविन्यासका सम्बन्धमा केही मतमतान्तर देखापरेका छन् । तिनलाई रहिरहन दिनु अन्योलको परिस्थितिलाई कायम राख्नु हुन्छ । नेपाली व्याकरणका विभिन्न पुस्तक र अन्य सामग्रीहरूमा वर्णविन्यासका सम्बन्धमा सोदाहरण चर्चा गरेको पाइन्छ ।

वर्णविन्यासका सम्बन्धमा सबै व्याकरणग्रन्थ तथा अन्य सामग्रीहरूमा पर्याप्तता र अपर्याप्तताको अन्तरभन्दा सामान्य केही विषयमा मात्र अन्तर देखिन्छ खास मौलिक अन्तर देखिँदैन तापनि मतान्तर देखिने केही कुराहरूलाई सांकेतिक

रूपमा स्पर्श गर्नु सान्दर्भिक नै होला ।

१) अनिवार्य नेपाली शिक्षण निर्देशनमा तत्सम शब्द भन्नाले केवल संस्कृतबाट आएका शब्दलाई लिइएको छ, तर रचना केशरले तत्सम भनेर स्वदेशी तथा विदेशी सबै अन्य भाषाबाट आएका शब्दलाई लिएको छ ।

२) शब्दरचना र वर्णविन्यास 'अक्षर' को बदला 'अच्छेर' र 'अवश्य' को बदला 'अबस्से' जस्ता कथ्य प्रयोगलाई लेख्य रूप दिइएको छ जुन कुरा अन्य व्याकरणग्रन्थ र सामग्रीहरूमा पाइँदैन । भाषाको लेख्यरूपको प्रभाव कथ्यरूपमा र कथ्यरूपको प्रभाव लेख्यरूपमा पर्छ, तर त्यस्ता कथ्य प्रयोगलाई लेख्यरूपमा लिंदा कतिसम्म ग्राह्य हुन सक्ला भन्नेतर्फ सचेत हुनुपर्ने कुरा व्यावहारिक हुन्छ । अन्यथा त्यस्ता प्रयोगहरू सार्वजनिक नभई वैयक्तिक मात्र हुन जान्छन् ।

३) मध्यचन्द्रिकाको परिशिष्ट अंश य र ए, क्ष, क्ष्य र छ्य, खुट्टा काट्ने नकाट्ने बारेमा मौन छ भने शब्दरचना र वर्णविन्यास, भाषातत्त्व आदि व्याकरणग्रन्थहरूमा विस्तृत र उपयोगी चर्चा गरिएको पाइन्छ ।

यस्तै यस्तै अन्य चर्चा परिचर्चालाई स्मरण गर्नु पनि यस प्रसङ्गमा वाञ्छनीय हुन्छ ।

क) ह्रस्व र दीर्घको प्रयोगका बारेमा यदाकदा सबै ह्रस्वैह्रस्व लेख्ने भन्ने चर्चा केही समय अघिदेखि सुनिंदै आएको हो । नेपाली भाषाका मात्राहरूको प्रयोगमा दीर्घ मात्रा अत्यन्त कम भएको वा हुँदै नभएको चर्चाले सबै ह्रस्वैह्रस्व लेखे पनि हुन्छ भन्ने तर्क निस्किएको हुन सक्तछ । तर नेपालीमा प्रयुक्त मात्राको विचित्रतापूर्ण प्रयोग कम रहस्यको कुरा छैन । देवनागरी लिपिमा अ, इ, उ लाई ह्रस्व मानिएको छ र आ, ई, ऊ, ए, ऐ, ओ, औ लाई दीर्घ मानिएको छ । संस्कृत व्याकरणमा ह्रस्व र दीर्घपछि प्लुतको पनि व्यवस्था गरिएको छ तर नेपाली व्याकरणमा प्लुतसम्बन्धी व्यवस्था देखिंदैन । प्रयोग हेर्दाचाहिं प्लुत र त्योभन्दा पनि लामो मात्रा फेला पर्दछ । जस्तै— कसैले टाढा रहेको कृष्णलाई बोलायो— 'ए !! कृष्ण !!!' एकजना महिला आफूले काम बिगारेकोमा आफैंलाई धिक्कार्छिन्— 'ई !!! खत्तम पारिहालें नि !' टाढाको कामदारलाई अह्राउँदै रामले भन्यो— 'भैंगो !!! भैंगो गए हुन्छ ।'

उपर्युक्त तीन वाक्यका क्रमशः अ, ई र ओ मात्रा ह्रस्व र दीर्घ मात्र नभएर प्लुत हुन पुगेका छन् । नेपालीको प्रयोगमा यस्ता प्लुत मात्राहरू निकै फेला पार्न सकिन्छ । यहाँ विशेष कुरा के छ भने 'अ' निर्विवाद रूपमा ह्रस्व मानिएकोमा उपर्युक्त 'कृष्ण' मा प्रयुक्त 'अ' दीर्घ मात्र नभई प्लुत समेत हुन पुगेको छ । पाणिनीय व्याकरणमा यस्तै यस्तै कारणले उक्त 'अ' लाई अठार प्रकारको

मानिएको हुन सक्तछ । उपर्युक्त प्लुतको प्रयोगले ह्रस्व र दीर्घको व्यवस्थालाई अरू अन्योलको वातावरणमा धकेलेको छ ।

धेरै बेर उच्चारण हुने मात्रा दीर्घ र थोरै बेर उच्चारण हुने मात्रा ह्रस्व हुन्छ भन्ने तर्क पनि नेपालीमा त्यति लाग्दैन किनभने 'पानी' र 'पनि' मा ह्रस्व र दीर्घको मापक समय छैन अपितु प्रयोग परम्परा र मान्यता मात्र देखिन्छ ।

अर्को कुरा 'आ' पनि कतै ह्रस्व देखिन्छ, उच्चारणका आधारमा हेर्दा। जस्तै— रामले श्यामलाई 'छिटो खा', 'छिटै जा' 'छिट्छिटै कपडा ला (लगा)' भन्दा उपर्युक्त क्रियापदमा भएको 'आ' को उच्चारण अत्यन्त छोटो छ ।

ख) श्री सूर्यविक्रम ज्ञवाली 'पनी' लेख्नुहुन्छ, तर वर्तमान नेपाली–व्याकरणहरूमा यसलाई अव्यय मान्ने आधारमा ह्रस्व (पनि) का रूपमा मात्र प्रयोग गरेको देखिन्छ ।

ग) त्यस्तै संख्यावाचक विशेषणका रूपमा र संज्ञाका रूपमा प्रयुक्त 'दुई' र 'दुइ' को प्रयोगलाई स्व. गोपाल पाण्डेज्यूले संस्कृत भाषाको 'द्वि' बाट विकसित भएको भन्ने कारण दर्शाई 'दुइ' मात्र लेख्ने जुन तर्क दिनुभएको छ त्यसले 'तीन' बनाउन अप्ठ्यारो पर्दछ ।

घ) 'ज्ञ' को सट्टा 'ग्यँ' ले काम चलाउने भन्ने तर्क उठ्न थालेको छ ।

ङ) 'ञ' को प्रयोग नेपालीमा नदेखिएकाले यसलाई वर्णमालाबाटै हटाउनुपर्छ भन्ने पनि सुनिन थालेको छ ।

च) 'अ' ले सबै काम गर्ने (अि, अी, अु, अू, अे, अै) भन्ने अर्को विचार निस्किएको छ ।

छ) बृहद् नेपाली व्याकरणले हाल प्रचलित सबै 'ब' लाई 'व' गर्ने र 'व' लाई 'व्' पारी लेख्ने प्रस्ताव गरेको छ ।

## ४. वर्णविन्याससम्बन्धी वर्तमान नियमहरूमा पुनर्विचार

नेपाली भाषाले ज्ञान–विज्ञानका अनेकौं फाँटमा विचरण गरेको देख्ता यसको प्रयोगक्षेत्र व्यापकतम रूपमा विस्तृत हुँदैछ भन्ने कुरा ज्ञात हुन्छ । यसको क्षेत्र जति विस्तृत हुँदै गयो त्यति यसको प्रयोगमा विविधता र जटिलता थपिँदै गएको छ । धेरै अघि लेखिएका व्याकरण ग्रन्थका आधारमा यसलाई जकडयाउन खोज्नु हाम्रो पनि उत्तरदायित्वको कुरो होइन ।

नेपाल अधिराज्यको राष्ट्रभाषा भएको हुनाले यो सम्पूर्ण नेपालीको साझा सम्पत्ति हो । यसको अभिवृद्धिमा सिङ्गो नेपाली समाज र संस्कृतिको उन्नति आधृत छ । यसमा सबैले पूर्वाग्रहरहित भएर लाग्नुपर्दछ ।

हाल नेपाली व्याकरणका पुस्तकहरू निकै प्रकाशित भैसकेका छन् र तिनमा वर्णविन्याससम्बन्धी जटिल नियमहरूका लामा–लामा वर्गीकरणले वर्णविन्याससम्बन्धी नियमहरूको सामान्यीकरण र सरलीकरण हुन सकेको छैन । सार्वजनिक प्रयोगलाई समेत ध्यानमा राखी यी सबै नियमहरूको ध्रुवीकरण गरी सरल र सरस किसिमले वर्णविन्याससम्बन्धी नियमहरूको तर्जुमा गर्नुपर्ने वेला आइसकेको छ ।

## ५. आन्तरिक सुझावहरू

१) तत्सम शब्दलाई छाडी अन्य सबै नेपालीमा प्रयोग गरिने शब्द (स्वदेशी तथा विदेशी) हरूका अगाडि र माझका इकार र उकार ह्रस्व लेख्ने । यसमा अपवाद यथासम्भव नराख्ने । जस्तै— पिर, मित, नुन, कपुर, कानुन आदि ।

२) पदान्त इकार र उकार सबै दीर्घ लेख्ने । यस प्रस्तावमा प्रयोगगत एकरूपता रहेको छ र शब्दको अन्तमा रहेका 'इकार' 'उकार' भनेका एकै शब्द भित्रका सबै वर्णहरूको समष्टिगत उच्चारणको बिसौनी पनि भएकोले तिनको उच्चारण केही न केही मात्रामा दीर्घ हुने गर्दछ ।

अपवाद 'वर्णविन्याससम्बन्धी प्रयोगगत समस्या' अन्तर्गत दिइएका जस्तै अर्थापत्ति पर्ने ठाउँहरूमा भने पदान्त 'इकार' 'उकार' दुवै (ह्रस्व र दीर्घ) को आवश्यकतानुसार प्रयोग गर्ने ।

३) तत्सम बाहेक सबै ठाउँमा 'स' को मात्र प्रयोग गर्ने ।

४) हल् वर्णको प्रयोगमा खुट्टा काट्ने–नकाट्ने सम्बन्धमा पर्ने अर्थापत्तिको चर्चा पहिले पनि गरिसकिएको छ । हल्को प्रयोग दुई किसिमले गर्ने चलन नेपालीमा देखिन्छ । (१) सिङ्गो वर्ण लेखी खुट्टा काटेर र (२) अरू वर्णसँग गाँसेर । अरूसँग गाँसिएर प्रयोग गर्न नमिल्ने वर्णमा ङ, छ, ट, ठ, ड, ढ, द पर्दछन् । क्रियापदको अन्तमा रहेका सबै वर्णको खुट्टा काट्ता नकाट्ता उस्तै आपत्ति पर्दैन, कुनै–कुनैमा मात्र पर्दछ । अर्थापत्ति पर्ने— गइन्–गइन । नपर्ने— गर्दछन्-गर्दछन । धेरै–धेरै वर्णहरूको उच्चारण हलन्त भए पनि लेख्ता अजन्त लेख्ने चलन छ जस्तै— भात, हात, कलम, मोटर । अतः अर्थापत्ति पर्ने ठाउँहरूमा स्पष्टतः खुट्टा काट्नु वा नकाट्नु आवश्यक छ ।

५) विभक्त्यन्त, नामयोगी, समस्त, अकरणबोधक शब्द लेख्ता एउटै डिकोमा लेख्ने ।

६) 'ज्ञ' को सट्टा 'ग्यँ' ले काम चलाउने भन्ने तर्कचाहिँ ग्याँस, 'ग्याँचे' मा उपयुक्त भए पनि प्रज्ञा, आज्ञा, र यज्ञमा अनुपयुक्त हुन्छ । अतः दुवैको

अस्तित्वलाई स्वीकार गर्नुपर्दछ ।

७) ‘ञ’ को प्रयोग नेपालीमा नदेखिए तापनि तत्सम शब्दमा यसको ठूलो आवश्यकता छ । अतः वर्णमालाबाटै यसलाई हटाउने तर्क त्यति उपयुक्त छैन र सबल पनि छैन । यदि ‘ञ’ लाई हटाउने हो भने ‘ण’ लाई पनि हटाउनुपर्ने हुन्छ । कसैले पनि ‘दण्ड’ भन्दैन ‘डन्ड’ नै भन्छ ‘पण्डित’ भन्दैन ‘पन्डित’ भन्छ । त्यस्तै ‘पञ्च’, ‘पञ्चायत’, ‘झञ्झट’ नभनी ‘पन्च, ‘पन्चायत’ (‘पं’ पनि हैन) ‘झन्झट’ नै भनिन्छ ।

८) इ, ई, उ, ऊ, ए, ऐ को प्रयोग ‘अ’ बाट बन्ने अि, अी, अु, अू, अे, अै ले नै दिन सक्ने हुनाले यिनकै प्रयोग गरे पनि काम चल्छ भन्ने विचार पनि परिपक्व छैन । अतः एकै प्रयोजनका निम्ति दुई बेग्लाबेग्लै स्वरवर्णहरूलाई स्वीकार गर्नु अर्को अन्योलको जटिल परिस्थितिलाई सिर्जना गर्नु हो । जबकि हामी नेपालीको वर्णविन्यासलाई यथासम्भव सरल बनाउने प्रयत्न गर्दैछौं ।

९) वृहद् नेपाली व्याकरणले ‘ब’ को सट्टा ‘व’ लेख्ने र ‘व’ को सट्टा ‘व़’ लेख्ने जुन प्रस्ताव राखेको छ त्यो झन् अपर्याप्त जस्तो लाग्दछ । त्यसो गर्दा सबै समस्याको समाधान हुँदैन यद्यपि त्यसको उद्देश्यचाहिँ सकारात्मक छ ।

यसमा विचारणीय कुरा के छ भने जुन शब्दमा जुनसुकै अवस्थामा पनि ‘व’ कै उच्चारण हुन्छ त्यहाँ ‘व’ कै प्रयोग गर्ने । जस्तो— वारिपारी, वरिपरि, करुवा, स्वास्नी । जहाँ ‘व’ को उच्चारणमा ‘ब’ वा अन्य वर्णको पनि उच्चारण हुन्छ त्यहाँ चाहिँ उक्त शब्दको उचित उच्चारणका लागि ‘व़’ को प्रयोग गर्ने । जस्तो— ‘वकिल’ को उच्चारणमा बकिल, ओकिल र उकिल भनेर पनि गरिन्छ अतः ‘व़किल’ लेख्ने । त्यस्तै ‘भुबन’ र ‘भुवन’ दुवैको उच्चारणमा ‘भुवन’ मात्र लेख्ने ।

यसो गरिएमा ‘व़’ थोरै ठाउँमा मात्र लेख्नुपर्ने भई ‘व’ को ध्रुवीकरण हुन्छ र ‘वन’ लेख्ता चिर्ने कि नचिर्ने जस्ता झन्झट बेहोरिरहनु नपर्ने हुन्छ, अनि ‘वकपत्र’ (वर्तमान लेख्य र उच्चार्य रूप बकपत्र), ‘वकस’ (बकस), ‘वखत’ बखत), ‘वदर’ (बदर), ‘बफादार’ (उच्चारणमा बफादार), ‘रखवारी’ ( ब, व दुवै), वसूल, (दुवै), ‘वर’ (बर : दुलाहा), ‘बरणी’ (वरणी), ‘अवस्था’ (अबस्था) जस्ता दुवै रूपका शब्दको सामान्यीकरण गरी ‘व’ मात्र प्रयोग गर्न सकिन्छ ।

‘व’ ले दोहोरो काम गर्ने र सर्वसामान्यका लागि पनि उपयोगी र सरल उपाय हुने हुँदा वृहद् नेपाली–व्याकरणले राखेको प्रस्तावभन्दा प्रस्तुत प्रस्तावलाई अझ एक खुड्किला अगाडि लान सकिन्छ ।

उपर्युक्त सुझावहरूको कार्यान्वयन केही समयसम्म केही नौलो केही असजिलो र केही अनभ्यस्त लागे तापनि नेपालीको वर्णविन्यासलाई सामान्यीकरण गरी सरल बनाउने कार्यमा केही सघाउ पुऱ्याउने आशा राखिएको छ ।

## ६. वाह्य सुझावहरू

१) आधिकारिक रूपमा एक 'राष्ट्रिय व्याकरण-परिषद्' गठन गरी आधारभूत व्याकरणग्रन्थको निर्माण गर्नुपर्ने ।

२) नेपालीको उक्त व्याकरणग्रन्थ माध्यमिक शिक्षा (प्रा. र नि. मा. वि. मा हैन) र उच्च शिक्षामा अनिवार्य विषयका रूपमा शिक्षण गराउनुपर्ने ।

३) अन्यान्य (नेपाली विषयका अतिरिक्त) विषय पढाउने शिक्षक (प्राथमिकदेखि उच्च शिक्षासम्मका) हरूलाई पनि सरल उपाय अवलम्बन गरी वर्णविन्याससम्बन्धी तालीम दिने व्यवस्था गर्नुपर्ने ।

४) सरकारी तथा गैरसरकारी सेवामा प्रवेश गर्ने अधिकृतहरूका लागि वर्णविन्याससम्बन्धी उपयुक्त पाठ्यक्रम तयार गरी सेवा प्रवेश तालीम दिने अवधिमै वर्णविन्याससम्बन्धी तालीमको पनि व्यवस्था गर्नु पर्ने ।

५) लोक सेवा आयोगका विविध पाठ्यक्रमहरूमा वर्णविन्याससम्बन्धी पाठ्यक्रम पनि राख्नुपर्ने ।

६) 'राष्ट्रिय व्याकरण-परिषद्' को स्वीकृतिविना स्थानीय बजार र कार्यालयका सङ्केत पाटीहरू प्रयोग गर्न नपाइने व्यवस्थाका लागि नियमकं तर्जुमा गर्नुपर्ने ।

७) श्री ५ का महावाणीहरू र भाषणका अंशहरू उद्धृत गरी विभिन्न औपचारिक वा अनौपचारिक ठाउँमा प्रयोग गर्दा (टाँस्ता वा लेख्ता) अशुद्ध पारी टाँस्न वा लेख्न नपाइने व्यवस्थाका लागि कदम चाल्ने ।

उपर्युक्त सबै विचार गोष्ठी-पत्र प्रस्तोताका व्यक्तिगत विचार हुन् । तिनले विद्वान् सहभागीहरूलाई केवल हलुका स्पर्श गर्ने इच्छा गरेका छन् ।

□

# नेपालीको वर्णविन्यास

## रोहिणीप्रसाद भट्टराई

विवेच्य विषय 'वर्णविन्यास' भएको र त्यसको एक मात्र आधार शब्द भएकोले विश्वमा शब्दको के कति महत्त्व छ पहिले त्यो प्रस्तुत गरिन्छ ।

मानवलाई अरू प्राणीदेखि माथि उठाउने र देवत्वमा सम्म पुऱ्याउने शक्ति भएको मुख्य तत्त्व ज्ञान हो र त्यसको वाहक एकमात्र शब्द हो । हाम्रा पूर्ववर्ती विद्वान्हरूले यिनै शब्दका आधारमा विभिन्न विषयको ज्ञान र अनुभव आर्जन गरी यसकै माध्यमबाट मौखिक र लिखित रूपमा हामीलाई दिएकोले हामी विविध विषयको ज्ञान प्राप्त गर्छौं र यसैका आधारमा अरूलाई पनि दिन्छौं । यी शब्दहरू नभइदिएका भए हामी केका आधारमा ती पूर्वजहरूले आर्जन गरेको ज्ञान र विश्वमा पहिले भएका र अहिले भइरहेका घटनाहरूबारे यथार्थ ज्ञान प्राप्त गर्न सक्ने थियौं ? र केका आधारमा आवश्यक कुराको अध्ययन गरी आफ्नो योग्यतालाई उत्तरोत्तर विकसित गराउँदै नयाँ विषयको अनुसन्धान गरी आफ्नो, अरूको र देशको पनि हितसाधन गर्न समर्थ हुन्थ्यौं ? संक्षेपमा भन्ने हो भने हामी कुनै पनि ज्ञानलाई शब्दकै माध्यमबाट ग्रहण गर्छौं र अरूलाई पनि दिन्छौं । शब्दको आड नलिई कुनै पनि ज्ञान उत्पन्न हुन र स्थिर रहन सक्तैन । सबै किसिमको ज्ञान शब्दमा उनिएकै भएर मात्र अर्थबोध गराउँछ, तसर्थ विश्वमा विविध ज्ञान प्राप्त गराउने श्रेय एक मात्र शब्दलाई नै छ । प्रकाण्ड विद्वान् वैयाकरण भर्तृहरिले वाक्यपदीयमा भनेका छन्– विश्वमा कुनै यस्तो ज्ञान छैन, जुन शब्दको आड नलिई रहोस्, शब्दमा उनिएकै भएर ज्ञानले पदार्थलाई प्रकाशित गराउँछ ।

ज्ञानप्राप्तिका साधन यी शब्दहरू वर्णविन्यासबाट नै बन्ने हुनाले सम्पूर्ण वाङ्मय वर्णविन्यासकै सृष्टि हो र यसको स्थान सर्वोपरि छ । वर्णविन्यासको राम्रो ज्ञान नभएर नै आज सामान्य लेखपढ गर्नेहरूमध्ये धेरै र केही छात्रहरूले पनि गरिन्को ठाउँमा गरिन, उक्लको ठाउँमा उल्क, शुक्लको ठाउँमा शुल्क, सौहार्दको ठाउँमा सौहार्द्र, नामकरणको ठाउँमा नामाकरण र भाषाको प्रवृत्तिविरुद्ध दुईगोडे, चरीनंग्रे आदि लेख्ने गरेको पाइन्छ ।

नेपाली भाषामा सर्वप्रथम व्याकरण लेखनेहरूले कुनै पनि देशको भाषा त्यस देशका जनताको प्रवृत्तिअनुरूप बनेको हुन्छ भन्ने कुरा नबुझी हिन्दी भाषाको प्रभावमा परेकाले नेपाली भाषाको प्रवृत्ति पनि हिन्दीसरह नै हो भन्ने सम्झी नेपाली भाषाका शब्दमा हिन्दी सरह दीर्घ ई, ऊ गराई लेख्ने गरेको; पछि आएर यस भाषामा झर्रोवादीहरूले प्रवेश गरेको र भाषावैज्ञानिक दृष्टिकोणको नाममा एकरूपतावाद चलेको हुँदा आजसम्म पनि नेपाली भाषाले निश्चित रूप लिन सकेको छैन। तसर्थ भाषालाई स्थिर गराउन त्यसको प्रवृत्तिअनुसार शिष्ट सम्मत रूप चल्न दिनुपर्छ भन्ने सन्दर्भमा सर्वप्रथम यस भाषाको पारिवारिक परिचय र यो भाषा संस्कृतप्रसूत भएकोले संस्कृतप्रसूत आधुनिक भाषाहरूमध्ये सबै अङ्गले पूर्ण यस भाषाका क्रियापदको निर्माणप्रक्रिया, तिनका रूप र शब्द-रूपको पनि अरू भाषाको अपेक्षा संस्कृतसँग अतिसमता रहनु आदि केही विशेष महत्त्वपूर्ण कुरा देखाउनु प्रासङ्गिक भएकोले पहिले तिनै विषयको विस्तृतरूप चर्चा गरिन्छ।

नेपाली भाषा हामी सबै नेपालीको राष्ट्रभाषा हो र बहुसंख्यक नेपालीको मातृभाषा पनि हो। यो भाषा भारोपीय परिवारको 'शतम्' वर्ग अन्तर्गत आर्य-रानी शाखामध्ये आर्य अर्थात् लौकिक संस्कृतबाट बनेको पार्वत्य प्राकृतद्वार भई आएको अपभ्रंश भाषा हो। यस भाषाको संस्कृतप्रसूत अन्य भाषाको अपेक्षा संस्कृत र शौरसेनी प्राकृतसँग रूपमा र निर्माणप्रक्रियामा पनि धेरै समता छ। कति त संस्कृत, हिन्दी र अंग्रेजीमा पनि नपाइने विशेष कुरा छन्। जस्तै—

वाक्यको प्रमुख अङ्ग क्रियापदको निर्माण प्रक्रियामा समता--

| मलिनताको उत्पत्ति | मलिनताको विद्यमानता |
|---|---|
| संस्कृत- मलिनं भवति। | मलिनम् अस्ति। |
| प्राकृत- मइलं हुवइ। (भुवो हो हुवौ ८।१) (प्राकृत-प्रकाश) | मइलं अच्छइ। (अस्तेरच्छः १२।१९) (प्राकृत-प्रकाश) |
| नेपाली- मैलो हुन्छ। | मैलो छ। |
| हिन्दी- मैला होता है। | मैला है। |

यी उदाहरणहरूमा मलिनताको विद्यमानतामा संस्कृतमा अस् धातुको र प्राकृत र नेपालीमा 'अस्' धातुको ठाउँमा हुने 'अच्छ' को 'छ' रूप पाइन्छ भने हिन्दीमा शौरसेनीमा बन्ने अच्छको रूप छैन।

रूपमा समता

संस्कृत- पठति-पाठयति, करोति-कारयति, शृणोति-श्रावयति।

प्राकृत- पढइ-पढावइ, करइ-करावइ, सुणइ-सुणावइ।

नेपाली- पढ्छ-पढाउँछ, गर्छ-गराउँछ, सुन्छ-सुनाउँछ ।

हिन्दी- पढता है-पढाता है, करता है-कराता है, सुनता है-सुनाता है ।

यी उदाहरणहरूका प्रेरणार्थक क्रियापदका रूपहरूमा संस्कृत, प्राकृत र नेपालीमा प्रेरणार्थक प्रत्यय सबै सुरक्षित छन् । हिन्दीमा सुरक्षित रहेको पाइन्न ।

यसरी संस्कृत, प्राकृत र नेपालीमा समता मात्र होइन, विश्वको समृद्ध भाषा मानिने संस्कृत, अंग्रेजी, प्राकृत र हिन्दीमा पनि नपाइने विशेषताहरू नेपाली भाषामा छन् । तीमध्ये सर्वप्रमुख विशेषता हो परिचयार्थक 'हो' रूप । प्राकृतमा 'भुवो हो हुवो' सूत्रद्वारा 'भू' धातुका ठाउँमा हुने 'हो' र 'हुव' यी दुई रूपमध्ये नेपालीमा परिचय गराउने काममा मात्र हो, हुन् आदि रूपमा 'हो' प्रयोग हुन्छ । यस 'हो' को हिन्दीमा 'तुम कौन हो' यस वाक्यमा मात्र प्रयोग हुन्छ । अरू ठाउँमा परिचय गराउने काममा यह घोडा है, यह फल है आदि रूपमा 'है' को प्रयोग हुन्छ भने विद्यमानता बुझाउँदा पनि मेरे पास घडी है, आदि रूपमा 'है' को नै प्रयोग हुन्छ । नेपाली भाषामा भने फल हो, औषधी हो आदि रूपमा 'हो' को प्रयोग हुन्छ भने विद्यमानता बुझाउँदा मेरो भाइ छ, घर छ आदि रूपमा 'छ' को प्रयोग हुन्छ । विश्वमा समृद्ध मानिने अंग्रेजी भाषामा पनि परिचय बुझाउँदा 'इट इज ए बुक' आदि रूपमा इजको प्रयोग हुन्छ भने विद्यमानता बुझाउँदा पनि 'हियर इज ए बुक' आदि रूपमा इजको नै प्रयोग हुन्छ । अरू सबै रहुन्, विश्वमा अति समृद्ध मानिने संस्कृत भाषामा पनि अयं मम भ्राता अस्ति, इदम् आम्रफलम् अस्ति आदि रूपमा परिचय गराइन्छ भने विद्यमानता बुझाउँदा पनि भ्राता गृहे अस्ति, पुस्तकम् समीपे अस्ति आदि रूपमा अस् धातुकै प्रयोग हुन्छ । यस्तै संस्कृतमा कण्डूयति कण्डुति आदि शब्दले चिलाउनु, कन्याउनु दुवैलाई बुझाउँछ र हिन्दीमा खुजलाता है ले चिलाउनु, कन्याउनु दुवैलाई बुझाउने गर्छ । अंग्रेजीमा पनि इच शब्दले चिलाउनु, कन्याउनु दुवैलाई बुझाएको पाइन्छ । नेपालीमा भने चिलाउनु, कन्याउनु यी शब्दले स्पष्ट रूपले भिन्न भिन्न अर्थ बुझाउँछन् । यस्तै पर्पन्याउनु, कोक्याउनु अर्थलाई बुझाउने शब्द वा धातु संस्कृत र हिन्दी आदिमा पनि पाइँदैनन् । यी सबबाट यो कुरा स्पष्ट हुन्छ कि नेपाली भाषामा संस्कृत, अंग्रेजी, हिन्दी आदिमा पनि नपाइने अनेक विशेषता छन् । नेपाली भाषा विशुद्ध पार्वत्य प्राकृतबाट र अनुकरणात्मक शब्दको बाहुल्यबाट बनेकोले यसो हुनु सम्भव भएको हो । संस्कृतप्रसूत भाषामध्ये हाम्रो भाषा नेपालीमा यी विशेषता रहनु, यस भाषाका धातुहरूको संस्कृतका धातुहरूसँग समता रहनु आदि यस भाषामा बीज रूपले रहेको पार्वत्य प्राकृतको प्रभाव हो, जुन पार्वत्य प्राकृतमा सामान्य जीवनका लागि चाहिने शब्दभण्डार प्रशस्त थियो र अनुकरणात्मक शब्दको भण्डार पनि ।

अब संस्कृत-प्रसूत अन्य भाषामा नपाइने, नेपाली भाषामा भने पहिलेदेखि चलिआएका, सम्भवतः पार्वत्य अपभ्रंशमा बीजरूपले रही भाषा विकसित हुँदै जाँदा प्रकट हुँदै गएका संस्कृत-प्रसूत असंख्य नेपाली शब्द र धातुहरूबाट उदाहरणका रूपमा केही शब्द र क्रियापद प्रस्तुत गरिन्छ ।

| संस्कृत | नेपाली | संस्कृत | नेपाली |
|---|---|---|---|
| अत्याकलि | अचाकली | कर्कश | खस्रो |
| कुब्ज | कुजो | कुल्या | कुलो |
| खड्ग | खाग | खदिर | खँरो |
| दारुक | दाउरा | पल्लव | पालुवा |
| नक्तञ्चर | नकचरो | बल्कल | बाक्लो |
| मसृण | मसिनो | यूका | जुगा, जम्रो |
| शिल्प | सीप | ह्रद | रह, दह |
| स्तर | सर (सरो), तर | स्थूल | ठूलो |

नेपालीमा मात्र चलेका केही धातुहरू

| | | | |
|---|---|---|---|
| आस्फालयति | आफल्छ–फाल्छ | उच्चालयति | उचाल्छ |
| उद्गिरति | उग्राउँछ | उद्ह्मलति | उम्लन्छ |
| निम्लोचति | चिम्लन्छ | निह्वरति | निहुरन्छ |
| ज्वलति | जल्छ–बल्छ | दहति | डहन्छ |
| प्रक्षालयति | पखाल्छ | प्रगलति | पग्लन्छ |
| प्रविशति | पस्छ | प्रस्थापयति | पठाउँछ |
| प्लोषति | पोल्छ | लडति | लड्छ |
| | | (वर्णव्यत्यय) | ढल्छ |
| लुञ्छति | लुछ्तछ | संकुचति | खुम्चन्छ |
| | | (वर्णव्यत्यय र महाप्राणीभवन) | |

यी सबै शब्द र क्रियापदहरू प्राकृतबाट, नभई संस्कृत भाषाबाट वर्ण–परिवर्तनका नियमअनुसार रूप परिवर्तित भई सोझै नेपालीमा आएका हुन् । यी केही शब्द र क्रियापदहरूबाट यस भाषाको संस्कृतसँग अन्य भाषाको अपेक्षा अति सामीप्य छ भन्ने कुरो स्पष्ट रूपले सिद्ध हुन्छ । यस्तो हुनामा मुख्य कारण हाम्रो भाषा संस्कृतज्ञहरूद्वारा बोलिने गरेको पार्वत्य-प्राकृत-प्रसूत अपभ्रंश भाषा भएकोले हो ।

हाम्रो भाषाको उद्गमस्थल मध्यपश्चिमाञ्चल हो भन्ने कुरो सबैले मानेका छन् र त्यहाँ पश्चिमोत्तर प्रदेशबाट आएका खस जातिहरूले आपनो शासन चलाउन

थालेपछि त्यस प्रदेशमा पहिलेदेखि बसोबास गरिरहेका व्यक्तिहरूका भाषाको सम्पर्कबाट बनेको भाषा नै आजको हाम्रो भाषाको प्रारूप हो भन्ने कुरो नेपाली भाषाविद् र अन्य सबै भाषाविद्ले पनि प्रायः मानेका छन् र त्यो कुरो ठीक पनि हो। तर त्यहाँका ती आदिवासी जसको प्रभाव यस भाषामा परेको छ– मगर, गुरुङ आदिका पुर्खाभन्दा भिन्नै थिए। ती व्यक्तिहरू नेपाल अधिराज्यको अहिलेको दक्षिणी सीमाका आसपासमा रहेका अयोध्या, कान्यकुब्ज (कन्नौज) आदि प्रदेश र प्रसिद्ध महाभाष्यकार पतञ्जलिको जन्मस्थल गोण्डा प्रदेश, नेपाल अधिराज्यभित्रको कपिलवस्तु आदिमा बसोबास गर्ने आर्यहरू वानप्रस्थ आश्रमका निमित्त जनसंकुल ती प्रदेशबाट शान्त वातावरण भएको उत्तरतिरको पार्वत्य प्रदेशमा आई छोरा नाति आदि कोही सहायक लिई त्यतातिर बसोबास गर्ने गर्दथे। त्यो प्रदेश तिनीहरूका निमित्त अपरिचित पनि थिएन। किनकि आदिम युगदेखि नै शालिग्रामको स्रोत भएकी गण्डकी नदी पुलह ऋषिको आश्रम पुला, रामचन्द्रका भिनाजु ऋष्यश्रृङ्गको आश्रम रिसङ्गा पर्वत, दुर्वासाको आश्रम दुर्वासागुहा, प्रसिद्ध सुरक्षेत्र (सुरखेत), दुल्लु आदि तीर्थ रहनुबाट स्थानीय विशेषता सिद्ध हुन्छ। यसरी समय समयमा वानप्रस्थका निमित्त जाने र केही शान्तिकामी आर्यहरू शान्त वातावरणको खोजीका अनुकूल ठाउँ हेरी परिवारसहित गई बस्ने पनि गर्थे। रहँदा बस्दा तिनीहरूका सन्तानको वैवाहिक सम्बन्ध पनि त्यहीं हुँदै गयो र त्यस प्रदेशका उपयुक्त ठाउँहरूमा बाहुन, क्षेत्री आदि बासिन्दा भएका साना साना बस्तीहरू बने। कालान्तरमा ती संस्कृतभाषी आर्यहरूको भाषाले प्राकृतको रूप लियो त्यो प्राकृत शौरसेनीसँग समता राख्ने र अन्य प्राकृतसँग सम्पर्क नभएको विशुद्ध पार्वत्य प्राकृत थियो। त्यहाँका बासिन्दाहरू घरबार छोडी बाहिर नजाने र भिन्न भिन्न ठाउँमा बस्ने तिनीहरूको सामूहिक रूपमा विशेष पठन पाठनको व्यवस्था नभएबाट तिनीहरूको भाषामा उत्कृष्ट रचनाहरू हुन नसकेकोले त्यस प्राकृतको दक्षिण भागतर्फ प्रचार हुन सकेन। फलस्वरूप बाहिरका कुनै भारतीय विद्वान्ले त्यस प्राकृतको चर्चा गरेनन्।

कालान्तरमा त्यस प्राकृतले पनि क्रमशः अपभ्रंशको रूप लियो। जुन अपभ्रंशको शौरसेनी प्राकृतभन्दा पनि संस्कृतसँग धेरै समता थियो। त्यसताका कर्णालीमा खस जातिको प्रवेश भयो र तिनीहरूको त्यहाँका बासिन्दाहरूसंग हिमचिम बढ्दै गएपछि त्यहाँका ती आर्यको आगन्तुक खसहरूसँग सम्पर्क बढ्दै गयो। आर्यहरूको सुगठित भाषाबाट प्रभावित भई तिनीहरूका ज्योतिषी, पुरोहितहरूले र त्यसपछि उच्च वर्गका व्यक्तिले पनि क्रमशः स्थानीय भाषाका विशेष प्रवृत्तिलाई अपनाउँदै गएकोले र सवाल, सनद, शिलालेख, दानपत्र आदि पनि स्थानीय जनताकै

निमित्त भएकोले स्थानीय भाषामै लेखिनु उपयुक्त देखिएकोले त्यसैमा लेखिन लागे, जसको झाँकी दानपत्र, शिलालेख आदिमा पाइन्छ । खस भाषाको प्रवृत्ति र स्थानीय भाषाको प्रवृत्तिमा के कति अन्तर थियो र परस्परमा के कस्तो प्रभाव परेको थियो त्यस कुराको निर्णय प्रामाणिक खस अपभ्रंश उपलब्ध नहोउन्जेल लिन सकिन्न । बीजरूपमा रहेको कुरा नै समयमा गएर विभिन्न अङ्गको रूपमा परिलक्षित हुने हुंदा संस्कृत र शौरसेनी प्राकृतसित पूर्णरूपले समता राख्ने नेपाली भाषा, घुमन्ता खस जातिका भाषारूपी बीजबाट बन्न सक्ने सम्भावना नै नभएकोले र यही विसङ्गतिले गर्दा आजसम्म कुनै विदेशी भाषाविद् र नेपाली भाषाविद्हरूको सोचाइमा पनि एकरूपता नपाइएकोले हाम्रो भाषा खस प्राकृतबाट विकसित भएको हो भन्ने कुरामा तथ्य छैन भन्ने कुरा स्पष्ट हुनुका साथै यिनै प्रदेशमा पाइने पौडी, अर्जी, सिग्दी, रिमी, पराजुली आदि खोला, गाउँ र ठाउँका नाम पाइनाले ती स्थानीय निवासी अरू कोही थिएनन् हाम्रै पुर्खाहरू थिए भन्ने कुरा स्पष्ट हुन्छ । यो ठाउँ अवध प्रान्तको उत्तरी भागमा रहेको हुनाले त्यस प्रदेशको भाषामा अवधीसरह पदादि र पदमध्य इ, उ ह्रस्व रहने र पदान्त य र व को इ र उ हुने प्रवृत्ति हुनु स्वाभाविक छ ।

पहिले अवधको उत्तरीभागदेखि गण्डकी प्रदेशसम्म सीमित यो भाषा खसहरूसँग पूर्वतिर फैलिदै गयो । पछि विभिन्न कारणवश ती प्रदेशहरू बाईसी चौबीसीका रूपमा परिणत भएकोले र त्यहाँका शासकहरूको आपसी कलहले गर्दा यस भाषाले विकसित हुने अवसर नपाएकोले केवल कामचलाउ भाषाका रूपमा मात्र थियो ।

पछि गोरखाधिपति श्री ५ पृथ्वीनारायण शाहको उदयपछि उनको दूरदर्शिताद्वारा चलाइएको ती राज्यको एकीकरणको अभियान र त्यसको विकासका क्रममा नेपाली भाषाको पनि विकास र प्रसार भयो र तीर्थयात्रा, व्यापार, राजनयिक कार्य आदिको माध्यमबाट यस भाषामा भारतीय विभिन्न भाषाका शब्दले क्रमशः प्रशस्त मात्रामा स्थान पाउँदै गएकाले यस भाषामा केही हिन्दी, उर्दू शब्द मिश्रित रचनाहरू निक्ले तापनि तिनमा साहित्यिक भाषा बन्नका लागि चाहिने प्रमुख गुणहरू कुनैमा देखा परेका थिएनन् ।

एकीकरणको पछि भानुभक्तद्वारा निर्मित रामायणमा 'छोरा हुनन् यज्ञ वहुत् गरीनन्, सम्पूर्ण लोक्को पनि ताप् हरीनन् । तब् पो ती छोरासित राज्य छाडी जानू असल् हो त छँदैछ झाडी' र उनको गिरिधारी भाटका उपर दिइएको फिरादपत्रमा बाँधियिन्या, काटियिन्या आदि कर्मवाच्यको प्रयोग, सम्भावनार्थक प्रत्यय र रचनामा सरसता, सरलता र मौलिकता आदि देखेर मुग्ध भएका र

त्यसअघि आफू काशीमा पढ्न बस्ता त्यहाँ आफ्नो मातृभाषाको सेवामा प्राणपणले लागेका बाबु हरिश्चन्द्रको कार्यकलापबाट प्रेरित भई आफ्नो मातृभाषाको सेवामा जीवन समर्पण गर्ने उद्देश्य लिएका मोतीराम भट्टले ती भानुभक्तका सबै रचना र उनको जीवनी पत्ता लगाई लेखी प्रकाशित गराए। साथै आफ्ना सहयोगीहरू र देशभित्र र बाहिर रहेका मित्रहरूलाई प्रेरित गरी समस्यापूर्ति आदि गराउने, प्रकाशित गर्ने आदि र साहित्यको उत्थानका निमित्त आफूले पनि उदाहरणस्वरूप विभिन्न विधाहरू लेख्ने गरी मातृभाषाको सेवामा दत्तचित्त रहे। उनको असमयमा नै निधन भए तापनि उनले देखाएको बाटामा यहाँ र देशबाहिर पनि मातृभाषाभक्त नेपालीहरू सेवामा लागेकाले नेपाली भाषाले परिमार्जित हुँदै साहित्यिक भाषा बन्न सक्ने क्षमता पूर्णरूपले प्राप्त गर्‍यो। तर भाषासुधारको लागि अत्यावश्यक, यस भाषाको प्रवृत्तिअनुसारको व्याकरण बनी नसकेकोले वर्णविन्यासमा राम्रो एकरूपता आउन सकेको थिएन। पूर्वीय साहित्य पद्धतिमा पहिले पद्यविधाको पालो आउने र पद्यमा छन्दको आश्रय लिनुपर्ने हुँदा ह्रस्व दीर्घबारे कडा बन्धन हुँदैन। त्यसैले नेपाली साहित्यको विकासमा अवरोध आएको थिएन, तापनि गद्यमा पदमध्य इ, उ व्यवस्थित थिएन, अनेकरूपता थियो। वास्तवमा हाम्रो भाषाको प्रवृत्ति माथि उल्लेख भएझैँ अवधीसरह पदादि र पदमध्य इ, उ ह्रस्व हुने हो तापनि व्याकरण बनी नसकेकोले निर्णयको बाटो अवरुद्ध थियो।

कुनै पनि अवान्तर भाषा प्रारम्भमा आफ्ना मूल भाषाको व्याकरणको आधारमा चलेको हुन्छ। पछि त्यो भाषा विकसित हुँदै साहित्यिक भाषा बन्ने क्षमतामा पुगेपछि शिष्ट प्रयुक्त भाषाका आधारमा त्यसका सबै अङ्ग केलाई देश, काल, परिस्थितिअनुसार बदलिँदै गएका विशेष प्रवृत्तिलाई केलाई तिनैका आधारमा नयाँ व्याकरण बन्दछ र त्यसले भाषाका नियमलाई देखाउने काम गर्छ। तसर्थ हाम्रो भाषाका पदादि र पदमध्य इ, उ ह्रस्व हुन् वा दीर्घ यस कुराको निर्णय लिन भाषाका प्रमुख अङ्ग नाम, विशेषण, सर्वनाम, अव्यय र क्रियापद केलाउनुपर्छ र त्यसका आधारमा निर्णय लिनुपर्छ।

भाषाका उक्त प्रमुख पाँच अङ्गमध्ये नामहरू सबै आफ्नै भाषाका मात्र हुँदैनन्, किनभने सबै देशमा सबै प्राकृतिक वस्तु र कृत्रिम वस्तु पनि पैदा हुँदैनन्। आफ्ना देशमा पैदा नहुने ती वस्तु आफ्नो आवश्यकताअनुसार आयात गर्नुपर्दा ती नयाँ वस्तुका साथ नाम पनि आयात गरिने हुँदा ती नामबाट आफ्नो भाषाको प्रवृत्तिको निर्णय गर्न सकिँदैन। विशेषण पनि प्रायः नामबाट नै बन्ने हुँदा त्यसबाट पनि निश्चित रूपमा निर्णय लिन सकिन्न। अरू बाँकी तीन अङ्ग सर्वनाम, अव्यय र क्रियापद आफ्नो भाषाका मात्र हुने हुँदा तिनीहरूबाट निश्चित रूपले निर्णय

लिइन्छ तापनि नेपाली भाषाका सर्वनाम यो, त्यो, उ, जो, को आदिमा पदमध्यमा इ, उ, हुने कुनै पनि नभएकोले बाँकी अङ्ग, अव्यय र क्रियापदमध्ये नेपाली अव्यय शब्द उँधो, उँभो, सित आदि सबै ह्रस्व इ, उ मध्य छन् र दीर्घ ई मात्रमा हुने संस्कृतको तीर यो नाम पनि अव्यय बन्दा खोलातिर आदि रूपमा ह्रस्व भएको पाइन्छ । हिन्दी भाषामा भने दीर्घमध्य प्रवृत्ति भएकोले ह्रस्व 'उपरि' अव्यय पनि दीर्घ भई 'ऊपर' बन्दछ ।

क्रियापदमा पनि संस्कृत वा प्राकृतबाट अपभ्रंश बन्दा पदादि र पदमध्य ई, ऊ हिन्दीमा दीर्घ नै रहने, संयुक्त वर्णयुक्त धातुका संयुक्त वर्णमध्ये एउटाको लोप भएमा अघिल्लो स्वरको दीर्घ हुने नियमअनुसार हिन्दीमा दीर्घ भएको पाइन्छ भने नेपालीमा यी दुवै किसिमका नेपाली धातुमा ह्रस्व भएको पाइन्छ । फेरि हिन्दीको दीर्घमध्य प्रवृत्तिअनुसार कहीं ह्रस्व इ, उ पनि दीर्घ भएको पाइन्छ भने नेपाली ह्रस्व नै रहन्छ । जस्तै—

| संस्कृत | हिन्दी | नेपाली |
|---|---|---|
| जीवनम् | जीना | जिउनु |
| पूरणम् | पूरना | पुर्नु |
| पीडनम् | पीरना | पिर्नु |
| शिक्षणम् | सीखना | सिक्नु |
| गुञ्जनम् | गूँजना | गुँज्नु |
| चुम्बनम् | चूमना | चुम्नु |
| त्रुटनम् | टूटना | टुट्नु |
| स्फुटनम् | फूटना | फुट्नु |
| स्फुरणम् | फूरना | फुर्नु आदि । |

यस्तै संस्कृतका 'अग्र, पश्चात्' शब्द हिन्दीको दीर्घ हुने स्वभावअसानुर 'आगे पीछे' भएको पाउँछौं भने नेपालीमा 'अगि, पछि' भएको पाउँछौं । सर्वनाममा पनि 'तू मैं,' दीर्घान्त भएको पाउँछौं भने नेपालीमा आफ्नो प्रवृत्तिअनुसार 'तँ, म,' भएको पाउँछौं । यी सब उदाहरणबाट नेपाली भाषाको प्रवृत्ति पदादि र पदमध्य इ, उ ह्रस्व हुने रहेछ भन्ने कुरो स्पष्ट हुन्छ । साथै नेपाली भाषाका विषयमा विशेष अध्ययन गरी नेपाली शब्दकोश लेख्ने पाश्चात्य विद्वान् टर्नरले आफ्नो नेपाली कोशमा आदि र मध्य इ, उ सबै ह्रस्व देखाउनुबाट पनि यस कुरालाई बलियो टेवा दिन्छ ।

आफ्ना भाषाका यी तीनौटै अङ्गलाई व्यापक रूपले अँगालेको नेपाली भाषाको निजी प्रवृत्ति ह्रस्व इ, उ मध्यताले नाम र विशेषणलाई पूर्णरूपले अँगाल्दैन

भन्नु भाषाशास्त्रका साधारण छात्रलाई पनि सुहाउने कुरो होइन । त्यसैले नाप्, जोख् आदि नेपाली धातुबाट 'अ' प्रत्यय भई नाप, जोख, भएझैं फुल्, मुत्, सुक् आदि नेपाली धातुबाट 'अ' प्रत्यय भई बन्ने फुल, मुत, सुक, बुक आदि ह्रस्व 'उ' हुने रूप शुद्ध नेपाली हुन् । अहिले लेखिने गरेका दीर्घमध्य चाहिं हिन्दी प्रवृत्तिअनुसार बनेका र हिन्दीमा पनि चलेकाले हिन्दी आगन्तुक शब्द हुन् । हिन्दीमा नचलेका कीरो, पीठो, लीखो, ऊखु, रूख, मूठो आदि नाम शब्द र तीखो, गहीरो, झीनो आदि विशेषणवाचक शब्दचाहिं नजानेर हिन्दी प्रवृत्तिअनुसार चलाइएका रूप हुन्, नेपाली प्रवृत्तिअनुसार यी शब्द ह्रस्वमध्य हुन्छन् ।

फेरि नेपाली साहित्यको माध्यमिक कालमा पद्यको प्राधान्य रहेकोले छन्दको बन्धनमा पर्नुपर्ने ठाउँबाहेक पद्य र गद्य दुवैमा– ह्रस्व इ, उ मध्येकै प्रयोग पाइन्छ । पछि आएर दीर्घमध्यताले प्रवेश पाउनाको कारणचाहिं त्यस वेलाका नेपाली विद्वान्हरूमा नेपाली र हिन्दी दुवै संस्कृत–प्रसूत भाषा भएकाले यी दुवै भाषाको प्रवृत्ति एउटै हो भन्ने धारणा हुनु हो । नेपाली भाषा संस्कृत–प्रसूत भएकोले संस्कृतज्ञहरूबाट नै यस भाषाको राम्रो व्याकरण बन्न सक्ने र त्यस्ता व्याकरणविद् विद्वान्हरूमा त्यस वेलासम्म नेपाली भाषाप्रति ममता र आस्था उत्पन्न भई नसकेकोले यसका अङ्ग–प्रत्यङ्गका प्रवृत्तिको अध्ययन गरी शिष्ट प्रयोगका आधारमा बन्नुपर्ने गतिलो व्याकरण बन्न सकेको थिएन । आज सब किसिमको सुविधाले सम्पन्न अनेक भाषाविद् विद्वान्हरूद्वारा सुशोभित संस्थाहरूबाट त नेपाली भाषाको समुत्थानका निमित्त कुनै किसिमको अनुसन्धान कार्य हुन सकेको छैन भने त्यस वेला यस भाषाको अनुसन्धान हुन नसक्नुमा कुनै आश्चर्य छैन । त्यस वेला नेपालीहरूका लागि संस्कृतको उच्च अध्ययनको क्षेत्र बनारस रहेकोले त्यहाँ अध्ययन गर्न गएका छात्रहरू अध्ययनकालमा त्यहाँ प्रतिदिन विकसित हुँदै गइरहेको हिन्दी–साहित्यबाट प्रभावित भई काठमाडौं फर्कने गर्थे । यिनै विद्वान्हरूमध्ये हिन्दी–साहित्यबाट प्रभावित भई फर्केका राजगुरु हेमराज्-ज्यूद्वारा हलन्त–बहिष्कारवादी विश्वमणि आ. दी. कृत व्याकरणको विरोधमा चन्द्रिका–व्याकरणको निर्माण भयो र केही वर्षपछि स्कूल, कलेजको पाठ्यक्रममा राख्न चन्द्रिकाकै आधारमा पण्डितराज सोमनाथद्वारा मध्यचन्द्रिका बन्यो । चन्द्रिकाको परिशिष्ट भागमा संस्कृत र प्राकृतका शब्दको नेपालीकरण गर्ने प्रक्रिया भिन्नै नदेखाई हिन्दी सरह नै देखाइएकोले दीर्घ ई, ऊ मध्य र पद्यमा ह्रस्वमध्य पनि चलेकोले दुवै थरी रूप चलाइएको छ र मध्यचन्द्रिकाको पहिलो, दोस्रो संस्करणमा पनि यस्तै छ, निर्णय लिन सकिएको छैन ।

तर पनि चन्द्रिका र मध्यचन्द्रिकाको प्रकाशनले गर्दा साहित्यको विकास

र पठन–पाठनमा अरू अवरोध हट्नुको साथै यसै व्याकरणको आधारमा समितिबाट कोश, सजिलो व्याकरण, रचना–केशर आदि अन्य अनेक पुस्तकहरू प्रकाशित भएकोले नेपाली भाषामा एकरूपता आउँदै गयो। व्याकरणको पहिलो थालनी हुनाले समय–समयमा देखापरेका त्रुटि र विसङ्गतिहरू समितिद्वारा व्याकरणविद् विद्वान्‌हरूको भेला गराई लिइएको निर्णयद्वारा हटाउँदै लैजाने क्रममा पहिले दीर्घान्त लेखिने गरेका अनि, पनि आदि अव्ययलाई संस्कृत–व्याकरणको नियम बमोजिम ह्रस्वान्त गराइयो तापनि नेपाली भाषाशब्दका पदादि र पदमध्य इ, उ लाई दीर्घ पारी लेख्ने नियम भने यथावत् नै रह्यो। तर पनि समितिका देखरेखमा रहेका सुयोग्य व्याकरणविद्, ख्यातिप्राप्त लेखक, कवि तथा शारदा आदि पत्र-पत्रिकाको सहयोगबाट नेपाली साहित्यले उत्तरोत्तर प्रगति गर्दै गयो। सात सालसम्म शिक्षाको क्षेत्रमा स्कूल, कलेजको सीमितता संस्कृत र अंग्रेजीतर्फ पनि सुयोग्य अनुभवी शिक्षकहरू, परिश्रमी र अनुशासित छात्र र पाठ्यक्रममा नेपाली व्याकरण, पाठ्य पुस्तकमा संस्कृत र संस्कृति सम्बन्धी विषयको समावेश आदिबाट शिक्षाको क्षेत्रमा पनि उन्नति हुँदै गयो, यस दीर्घ ई, ऊ मध्यताले अवरोध ल्याउन सकेन।

प्रजातन्त्रपछि नेपाली जनतामा तीव्रगतिले बढ्दै गएको शिक्षाप्रतिको अभिरुचि अंग्रेजीप्रति झुकेकोले संस्कृततर्फका पाठशालाहरू र भाषा–पाठशालाहरू पनि स्कूलका रूपमा परिणत हुँदै गए र स्कूलतर्फ पनि संस्कृतका पाठ्यपुस्तक र व्याकरणका किताब हट्दै गए। राजधानी र बाहिर पनि स्कूलको संख्या बढ्दै गएकोले स्कूलका अनुपातमा आवश्यक योग्य शिक्षकहरूको कमी भएबाट कामचलाउ शिक्षकहरूबाट काम लिइने गरेकोले शिक्षाको स्तर घट्दै गयो, अनुशासनहीनता बढ्दै गयो। संस्कृत संस्कृतिप्रति आस्था घट्दै गएकोले संस्कृत–शब्दका ज्ञानमा आधृत यस दीर्घ ई, ऊ मध्यताले संस्कृत नजानेका शिक्षकहरू नेपाली भाषाका शब्दको शुद्धताप्रति प्रायः उदासीन रहन लागे। साथै त्रि. वि. वि. को स्थापनापछि नेपाली–विषयको उच्चशिक्षामा भाषाविज्ञानको समावेश भएकोले भाषाविज्ञानीहरूको साथै फरोंवादीहरूको प्रवेशपछि तिनीहरूका अनुयायीहरूको संख्या बढ्दै गएकोले शिष्ट र साहित्यिक भाषाका आधारमा चल्ने र संस्कृत पारिभाषिक शब्द– कर्म, कर्ता आदि प्रयोग गरिने व्याकरणको अपेक्षा भाषाविज्ञान आधुनिक विज्ञान भएकोले नेपाली भाषाको विकासमा बढी सहायक होला भन्ने सम्झी व्याकरण र भाषा–विज्ञानको क्षेत्र र उद्देश्यमा धेरै फरक छ भन्ने कुरा नबुझेका कोरा भाषा–विज्ञानीका लहैलहैमा चल्ने नेपाली प्रशिक्षक र माथिल्ला तहका अधिकारी वर्ग पनि त्यतैपट्टि लहसिएकाले शिष्ट

साहित्यिक भाषामा आधृत व्याकरण उपेक्षित हुँदै गयो ।

भाषा–विज्ञान र व्याकरण दुवै शास्त्रको भाषासित सम्बन्ध भए तापनि यी दुवैको कार्यक्षेत्र र उद्देश्यमा महान् अन्तर छ । भाषा–विज्ञान विश्वका सबै भाषा–परिवारको मूल भाषा र अवान्तर भाषाको पनि वाक्य, ध्वनि, रूप र अर्थतत्त्वको आधारमा विश्लेषण गरी त्यसैका आधारमा सबै भाषाका विशेष प्रवृत्तिको विवेचनाको साथै तिनको उत्पत्ति, विकास–प्रक्रियाको विस्तृत विवेचना र ती भाषाभाषीको आपसी सम्बन्ध आदि कुराको लेखाजोखा गर्छ । तसर्थ यो शास्त्र भाषाको औत्पत्तिक इतिहास, प्रवृत्ति–भिन्नता आदिको वैज्ञानिक तरीकाले विवेचना गर्ने हुनाले द्रष्टा मात्र हो, स्रष्टा होइन । भाषा परिवर्तनशील छ । परिवर्तित हुँदै जानु जीवित भाषाको लक्षण हो भन्छ । विभिन्न परिस्थितिले गर्दा शब्दहरू परिवर्तित हुँदै गए तापनि ती शब्दबाट अर्थबोध हुने भएकोले सबै रूप शुद्ध हुन् भन्छ ।

व्याकरणचाहिँ विश्वका अरू कुनै भाषासित सम्बन्ध नराखी आफ्ना भाषाका सबै अङ्ग र उपाङ्गहरूको प्रवृत्ति केलाई भाषालाई दीर्घजीवी बनाउन प्रकृति–प्रत्ययको कल्पना गरी अनेक नियम र उपनियम बनाई शब्दका रूपलाई चाँडो–चाँडो परिवर्तित हुनुबाट जोगाई मरणशील प्राणीलाई आयुर्वेद आदिको प्रणयनद्वारा स्वास्थ्योपचारको माध्यमबाट यथासम्भव दीर्घजीवी बनाएझैं त्यस भाषामा लेखिएका वाङ्मयलाई चिरस्थायी बनाई त्यसबाट पछिसम्मका मानिसलाई बढी लाभान्वित गराउनु र भाषामा एकरूपता र स्थिरता ल्याई पाठक र छात्रहरूलाई पनि लाभान्वित गराउनुको साथै देश र भाषाको गौरव बनाउनु पनि व्याकरणको लक्ष्य हो । तसर्थ व्याकरण भाषा–विज्ञान जस्तो केवल द्रष्टा होइन, स्रष्टा हो । यसले भाषालाई नियन्त्रित गरी एकरूपता ल्याई परिमार्जित गराउनुका साथै देशको प्रतिष्ठा बढाउँछ । यी सब कुराबाट भाषा–विज्ञान र व्याकरणको उद्देश्य र कार्यक्षेत्र भिन्न–भिन्न छ भन्ने कुरो स्पष्ट हुन्छ । शिष्ट र साहित्यिक भाषासित व्याकरणको अपरिहार्य सम्बन्ध छ ।

भाषा दुई प्रकारको हुन्छ शिष्ट र कथ्य । शिक्षितहरूद्वारा व्यवहारमा र लेखपढमा प्रयोग गरिने व्याकरणसम्मत भाषा शिष्ट–भाषा कहलाउँछ । यस्तो भाषा राष्ट्रभरि समानरूपले व्यवहार गरिने हुँदा राष्ट्रभाषा पनि कहलाउँछ । यसैमा वक्ताको मनोभावनालाई स्पष्ट र प्रभावकारी बनाउन व्यवहारमा चलेका आफ्ना मूल भाषाका शब्द, छिमेकी परिवारका तत्सम शब्द र खँदिलो बनाउन बढी मात्रामा समस्त शब्दको प्रयोग भएको छ भने त्यो साहित्यिक भाषा कहलाउँछ । अशिक्षितहरूद्वारा प्रयोगमा ल्याइने र शिक्षितहरूद्वारा पनि

अशिक्षित व्यक्तिका साथ प्रयोग गरिने भाषा कथ्य भाषा कहलाउँछ । यस्तो भाषा आफ्नो मनको कुरा जति सक्यो, चाँडो अरूलाई बुझाउन प्रयोग गरिने हुनाले प्राय: व्याकरणसम्मत हुँदैन ।

जुन देशको शिष्ट भाषा जति मात्रामा बढी परिष्कृत हुन्छ, त्यो देश त्यति मात्रामा बढी सभ्य कहलाउँछ । भाषालाई परिष्कृत गराउने मुख्य कुरो व्याकरण हो । हाम्रो भाषा संस्कृतबाट आएकोले यसका पारिभाषिक शब्द, व्याख्या–प्रक्रिया आदि सबै संस्कृतमय छन् । यो कुरा नबुझेका हाम्रा भाषा–विज्ञानी र उनका अनुयायीहरू पनि प्राय: संस्कृत र संस्कृतिका कट्टर विरोधी भएकाले उनीहरूलाई सगरमाथाको काखमा रहेको जनक, सीता, बुद्ध आदिको जन्मभूमि र वैदिक पद्धतिबाट राज्याभिषेक गरिएका, विश्वका एकमात्र क्षत्रिय राजाद्वारा शासित यस देशको प्रतिष्ठाअनुरूप चलेको, संस्कृत–प्रसूत भाषामध्ये सबैभन्दा बढी विशेषता राख्ने नेपाली भाषाको महत्त्व र गौरवबारे जति बुझाए पनि बुझ्न नचाहनु स्वाभाविकै हो ।

‘विज्ञान’ शब्दले आकृत भएका अधिकारी वर्गलाई प्रभावित पारी मनपरी वर्णविन्यास पद्धति चलाई नेपाली शिष्ट साहित्यिक भाषालाई कथ्य रूपमा परिणत गराई अनियन्त्रित पारी व्याकरणको जरो उखेल्ने भित्री उद्देश्य राखी भाषासुधारको नाममा व्याकरणको क्षेत्रमा हस्तक्षेप गरी यी कर्रोवादी विज्ञानीहरूद्वारा विश्वको कुनै भाषामा नचलेको एकरूपताको नाममा वर्ण–परिवर्तन गर्ने चलन चलाई पहिले भाषाविद्‌हरूद्वारा निर्णय लिई चलाइएको ह्रस्वान्त ‘दुइ’ शब्दलाई दीर्घान्त ‘दुई’ बनाइयो र साझा प्रकाशनद्वारा नियममा परिवर्तन गराइयो । शिष्ट व्याकरणसम्मत ‘काठमाडौंलाई राजधानी भन्दछन्’ आदि शुद्ध रूपलाई बिगारी ‘काठमाडौंलाई राजधानी भनिन्छ’ आदि अशुद्ध रूपलाई शिष्ट भाषामा स्थान दिइयो । फेरि त्यही एकरूपताको नाममा भानुभक्तभन्दा पहिलेदेखि चलिआएको ‘उ’ शब्दलाई ‘ऊ’ बनाइयो र छोरी छ, नोकर्नी छ को ठाउँमा छोरी छे, नोकर्नी छे, आदि शिष्ट भाषामा अप्रचलित शब्द चलाइयो । यति मात्र होइन, पहिलेदेखि चलेको र महाकवि, कविशिरोमणि आदिद्वारा प्रयुक्त शिष्टसम्मत रूपलाई हटाई साझा प्रकाशन, जनक शिक्षा सामग्री केन्द्र, पाठ्यक्रम विकास केन्द्र मार्फत हुने पुनर्मुद्रणमा यिनै अशुद्ध रूपलाई स्थान दिइयो । यी माथि देखाइएका केही उदाहरणबाट नेपाली शिष्ट भाषालाई कथ्य (गाउँले) भाषा बनाउनतिर अग्रसर गराउँदै लगिएको स्पष्ट रूपले थाहा पाइन्छ ।

यी माथि उल्लेख गरिएका वर्णविन्यासको भिन्नताबाट स्पष्ट साबित भएको शिष्ट व्याकरणविरोधी यस अभियानलाई यथावत् राखी मध्यचन्द्रिकाका कर्ताको

शतवार्षिकी-जयन्ती समारोहको सन्दर्भमा व्याकरण अधि-गोष्ठीको आयोजना गर्नु दिवङ्गत आत्माको अपमान गर्नु होइन र ? उनको सम्मान उनले देखाएको बाटोबाट चलेर हुन्छ, जुन हुने सम्भावना छैन । यस्तो स्थितिमा केही सुझाव दिनु व्यर्थ छ । तर पनि सुझाव मागेपछि दिनु शिष्ट परम्परा रहेकोले आफूले सोचेको कुरा केही मोटामोटी रूपमा प्रस्तुत गर्दछु ।

सर्वप्रथम राष्ट्रको सुधारको लागि जनतामा राष्ट्रिय भावनाको जागरण हुनुपर्छ र त्यसका लागि छात्रहरूमा आफ्नो भाषा, वेष-भूषा र संस्कृतिप्रति आस्था पैदा गराउने खालको शिक्षापद्धति हुनुपर्छ । अरू कुराको प्रभाव परेको हृदयमा राष्ट्रप्रेमको भावना पैदा हुन नसक्ने हुनाले बाल्यावस्थादेखि नै राष्ट्रिय भावना भर्ने र मानवताको भावना भर्ने खालको शिक्षा-पद्धति लागू हुनुपर्छ । शिक्षाको माध्यम भाषा भएकोले हाम्रो भाषामा पहिले र अहिलेका व्यक्तिहरूको भूलले रहन गएका त्रुटिहरूलाई हटाई भाषामा एकरूपता ल्याउनुपर्छ ।

भाषामा एकरूपता ल्याउन देश र विदेशमा पनि रहेका नेपाली भाषासित सम्बद्ध संस्थाहरूसित सम्पर्क राखी कहाँ, कस्तो, कसरी, किन, सुधार गर्नुपर्‍यो आदि प्रचारद्वारा राष्ट्र र भाषाको गौरवअनुरूप निर्णय लिई परिवर्तित विषयहरूको सूचना रेडियो पत्राचारद्वारा हुनुपर्छ । यिनै छात्र पछि गएर शिक्षक, प्रशिक्षक बन्ने हुँदा सबैले व्याकरणसम्बन्धी ज्ञान क्रमिक रूपले अवश्य प्राप्त गर्नुपर्छ । तीनै प्रकारका श, ष, स, को भेद र अनुस्वार, अनुनासिकको भेद वर्णमाला पढ्दाखेरि नै सिकाउने व्यवस्था हुनुपर्छ । शकारहरूको भेदहरू, उच्चारण प्रक्रिया हामी जान्दछौं, तर बानी नपरेकाले स्पष्ट उच्चारण गर्दैनौं । वर्णमाला पढाउँदा नै तिनको उच्चारणमा हुने भेद सिकाई अभ्यास गराएमा पछि गएर सजिलो हुन्छ । बाल्यावस्थामा नै पदमा रहेका स्वर व्यञ्जनलाई छुट्ट्याई क्रमैसित राख्ने र क्रमैसित राखेका ती वर्णलाई पदमा बदल्न सिकाउनुपर्छ ।

सुझाव असंख्य छन् र तिनलाई कार्यरूपमा परिणत गर्नुपरेमा प्रस्तुत गरिनेछन्, अहिलेलाई यतिमै आफ्नो वक्तव्य टुङ्ग्याउँछु । अन्तमा यसमा रहन गएका त्रुटि र असङ्गतिप्रति उपस्थित विद्वान्‌हरूसित क्षमा पाउने आशा राख्दै उल्लिखित विषयमा केही शङ्का भएमा लिखित रूपमा प्रश्न गर्नुहुन अनुरोध गर्दछु ।

□

# भाषाको लेखन-प्रणाली

### विष्णुगोपाल रिसाल

## १. प्रस्तावना

नेपाली भाषा अन्य भाषाजस्तै एक विकासशील भाषा हो । यसले पनि आफ्नो साहित्यको दिन-पर-दिन विकास गर्दै आइरहेको छ । यो भाषा बोल्ने व्यक्तिहरू केवल नेपाल राज्यभित्र सीमित छैनन्– भारतवर्ष, थाइल्यान्ड, हङ्गकङ्ग, मलेसिया, सिङ्गापुर आदि देशहरूमा प्रशस्तै छन् भने बेलायत, अमेरिका र विश्वका अरू देशहरूमा पनि केही न केही भेटिन्छन् नै । फेरि आजभोलि त नेपाल, नेपाली र नेपालको संस्कृतितर्फ चाख राख्ने विदेशीहरू पनि निकै नै बढ्दै आइरहेछन् । उनीहरू पनि नेपाली भाषा जान्न सिक्नको लागि विधिवत् पढ्न चाहन्छन् । यो गौरवकै कुरा हो । तर हाम्रो लेखन–प्रणाली आजको जस्तो बहुरङ्गी नै रहने हो भने सिक्ने र सिकाउने विधामा ठूलो खलबली पर्दछ र यसै हो भनी ठोकुवा गर्न खुट्टा काम्दछ । यसैले गर्दा यसको लेखन–प्रणालीलाई एकरूपता तथा शुद्धता दिनु अति नै आवश्यक भैसकेको छ । नत्र भने हाम्रा प्रवासी दिदी भाइहरू जति अन्योलमा पर्छन् त्योभन्दा बढी मात्रामा हामीप्रति चाख राख्ने विदेशीहरू पर्दछन् । अनि यहाँ सम्बद्ध विभिन्न ओहदाको कुर्सीमा बस्ने विद्वान् महानुभावहरूलाई आफ्नो नाक राख्न कम असजिलो परोइन । यसो घोरिएर केलाउने हो भने कुरा खूबै विचारणीय छ । भाषाको वृद्धि हुनु सम्बद्ध देशको लागि ठूलो कुरो हो । भाषा मौलाउनको लागि त्यसै छाडिदिनुपर्दछ भन्ने पनि कतिपय विद्वान्को भनाइ छ, तर त्यसै छोडी दिंदा जङ्गली झारजस्तै मौलाउन गएमा छिचलो नसक्नु झाडी हुन जाने भयङ्कर डर छ । जङ्गली अवस्थामा झाडी नै रमाइलो हुन्छ भने सभ्य अवस्थामा त्यही झाडीलाई बगैंचाको रूप दिनु कति रमाइलो होला । आखिर समयको माग पनि त्यही नै हो । नेपाली भाषाको लेखन–प्रणाली केही दशक वा शताब्दीअगाडिदेखि केलाएर हेर्दा त्यसको विभिन्नतालाई स्पष्ट छुट्याउन सकिन्छ । जस्तै—

'उण्डँस्स चउसट्ठि साल् चइतको पच्चिस् गते सोमवार्
साढे एक बजे मुहूर्त वढिया पारेर ठीक् भो तयार्'

(यूरोप यात्रा प्रस्थान काण्ड, श्लोक २८, ले. डिल्ली शमशेर थापा)

'स्वास्नी लिन गको भिना साली लेर भाग्यो'

(नेपाली (त्रैमासिक) अङ्क ८६, पृष्ठ २, मदन पुरस्कार गुठी, नेपाल)

'एक् ता मो अवला अनी विरहिणी कस्का म भर्मा परूँ'।

(पिकदूत–मोतीराम भट्ट, साझा प्रकाशन, २०३६)

उपर्युक्त पद्यांशहरूलाई अगाडि ठड्याऊँ भने ती त पद्य लेख, गीत, तिनको पनि लेखो गर्नु हुन्छ र भन्ने जवाफ पाइहालुँला। तर—

चैत्रमा फुल्यो वनमा जाई फुल,
भरि आयो वसन्तको यौवन ।

(लोकगीत एक परिचय, पृष्ठ ५४)

दैवको लीला के भनेको होला,
मन हुन्छ एकतमास ।

(लोकगीत एक परिचय, आर. डी. र एल. एल., ललितपुर, जगदम्बाप्रकाशन, २०२३, पृष्ठ १०६)

'होमिन्छु मै होम्दछु वीर मेरा
म घेर्छु एकै चुलि सात फेरा।'

(राष्ट्रनिर्माता, माधवप्रसाद घिमिरे, साझाप्रकाशन, २०३६, पृष्ठ ३३)

उपर्युक्त पद्यांशहरूले पहिलेका पद्यांशको भन्दा नयाँ र आजको भाषासँग मिल्ने रूप दिएका छन्। त्यस्तै पुराना गद्यहरूलाई हेर्ने हो भने पनि हामी त्यस्तै रूप पाउँछौं। जस्तो—

'पुण्य मल्ल कि शाखाः यो भाषा प्रतिपालः जयाकर पण्डितको पुत नाति भाइ–भतिजा, चेलिका चेला आदि भुंचन... ।'

(पुण्य मल्लको दानपत्र (१३९३), सन्धिपत्र संग्रह, भाग १, पृष्ठ ७६१)

'...आफुनु घर भनि दुइ षोलाका साझको पषेरो घरमाथिको सुवारो पोषरि समेत छ सम षेतको लगा डिहि गाउँ घऱ्याडि सिमल्यासमेत... बियाड गऱ्याको टार समेत... बक्स भयो .. सिक्का भाषा जहिया दाम देव तहिया माटो लैव।'

(पृथ्वीनारायण शाहको (१८१७), सयपत्री, पृष्ठ ३९)

'...षेत काटि दिन्या तिमी ३ जना मोहि क्या भन्छौ ताहाँ कुलो काट्न

सामेल छौ कि छंनौ भन्दा... छ तिनै जनाले समेल छौ भनि सल्लाह दिया र सल्याहै सित वाद लाउन्या कुलो काटन्या, काम गर्‍याको हो... ।'

(भानुभक्तको बिन्ती-पत्र (१९२२), सयपत्री, पृष्ठ ६७)

'मैले आफुनु भाषा नबोलेको २ वर्ष भैंसकेको हुनाले जो समझेको बोली यताबाट उता लडाइँ लेखेको छु, उसमाथि पनि हाल भाषामा धेरै उन्नति भयो हो, धेरै शब्द नयाँ बनेहुन्... ।'

(डा. सूर्यप्रसाद, नेपाली, अङ्क ८०, पृष्ठ ९)

'एक दिन म इनै कुरा लिएर काशीका कमिश्नर श्रीमान वेली साहेवकाहाँ पुगेर मनमा लागेका आद्योपान्त कुरा गरें । वहाँको ममाथि निक्कै रामरो भावना थियो । मेरो कुरा चाख लिएर सुनी वहाँले चाडै नै गभर्नर साहेव आउदै हुनुहुन्छ, वहाँसँग तपाईंको भेट गराइदिन्छु त्यही वेला सबै कुरा गरनु होला भन्नु भयो ।'

(पुराना सम्झना, राममणि आ. दी. पृष्ठ ६)

'मेरो जीवनको पाना पल्टयो । केहीसम्म मलाई सबजना सहानुभूति देखाउन थाले ।'

(मेरो कविताको आराधना, उपासना १, पृष्ठ ९३, बालकृष्ण सम ने. रा. प्र. प्र. २०३३)

यसरी उपर्युक्त उद्धृतांशहरूलाई केलाएर हेर्दा पुरानो भाषाको रूपमा विस्तारै विकास भएर आजको रूपमा हामी पाउँदछौं । करीब सात दशकअगाडि गुरुराज हेमराज पण्डितज्यूको गोरखा-भाषा-व्याकरण चन्द्रिका र पण्डितराज सोमनाथ शर्माको मध्य-चन्द्रिका (नेपाली भाषाको मझौला व्याकरण) को प्रकाशन भएदेखि तथा करीब पाँच दशकअगाडि नेपाली-भाषा-प्रकाशिनी समिति खडा भएदेखि आजसम्मको नेपाली भाषामा केही न केही एकरूपता तथा शुद्ध-अशुद्धको ख्याल बढ्दै आएको छ । यसो हुँदा साहित्य फस्टाउन एकातिर निक्कै आड बढेको छ भने अर्कोतिर नेपाली भाषा तथा साहित्य पढ्ने पढाउनेको लागि पनि एउटा मार्ग-दर्शन मिलेको छ । हुनत यस अवधिभित्र पनि प्रशस्तै व्याकरणहरू निस्कसके । तर पनि जहाँसम्म मान्यताप्राप्त संगठनले त्यसलाई कार्यान्वयन गर्न अघि सर्दैन वा सरकारद्वारा यस्तो कुनै एक संगठनलाई अघि सारिंदैन त्यहाँसम्म व्यक्ति-व्यक्तिको व्याकरणलाई सम्बद्ध लेखक तथा केही अनुयायीले माने पनि सर्वमान्य हुन असम्भवप्राय नै हुन्छ ।

बितेका कुरालाई पर सारी आजभोलिकै कुरा गर्ने हो भने पनि ने. भा. प्र. स. का व्याकरणसँग नमिल्ने बोलाइ वा लेखाइका कति वर्ण, शब्द, चिह्न र वाक्यले हामीलाई गला लाग्नु स्वाभाविकै हुन आएको छ । जस्तै—

'पून्जीको सदुपयोग गर्नुपरेको छ... ।'

(रेडियो नेपाल २०४१-६-२१-१ मा बिहानको समाचारमा)

'ऐना भिडेर हिड्ने गरेको छु ।'

(सयपत्री (२४२), हृदयचन्द्रसिंह)

'व्याकरणको मन्जुरी दियें लेखेर... ।

चन्द्रिकालाई सम्झँदा मलाई अहिले पनि ई वर्षहरू याद आउँछन्'

(पुराना सम्झना, पृष्ठ ८३, राममणि आ. दी.)

'नयाँ बसहरूबाट पोखरादेखि नारायणगढ हुँदै काकरभिट्टासम्म रात्रीसेवाको निमित्त हामीलाई सम्झनुहोस् ।'

(पृथ्वी राजमार्ग बस व्यवसायी समिति)

'सन्सारको अभाव बनिहाल्छ ।'

(अद्वैत किरण, पृष्ठ २, डा. क्षितीश)

'तिमीले जिम्मेवारी निभाएका छौ ।

मिल्दो व्याख्या निस्सँ अघि सारेको छ ।'

(शब्दरचना र वर्णविन्यास, पृष्ठ ८७, मोहनराज शर्मा)

## २. उद्देश्य

वर्तमान स्थितिमा नेपाली भाषाको लेखन-प्रणालीलाई के-कस्तो रूपमा राख्ने भन्ने मूलभूत समस्या हाम्रो अगाडि तेर्सिएको छ । त्यसलाई निवारण गरिने खालको उद्देश्य नै किटान गरी समस्याको छानबीन हुनु आवश्यक देखिन्छ । यसर्थ आजको परिप्रेक्ष्यमा हाम्रो उद्देश्य हो ।

१) भाषामा एकरूपता ल्याउने, र

२) भाषामा शुद्ध-अशुद्धको निरूपण गर्ने ।

व्याकरणको सहायता विना नलिईकन उपर्युक्त उद्देश्यको पूर्ति गर्नु सम्भव छैन । फेरि धेरै व्याकरणको सहायता लिनु पनि व्यावहारिक होइन । त्यसको लागि खास एक वा दुईओटासम्म व्याकरण हुनु ठीक पर्दछ । त्यस किसिमका सबै अङ्गको परिपूर्ण व्याकरण कुन हो ? सोको निरूपण यस्तै विद्वद्गोष्ठी वा विद्वद्वर्गबाट मान्यताप्राप्त संस्थाले गर्नुपरेको छ । त्यसको आजै आवश्यकता छ । यस किसिमको कुनै नियन्त्रण गर्ने वा निर्देशन दिने संस्था नहुँदा भाषाको छाडा रूप देखिन आइसकेको छ । जुनसुकै कुरामा पनि छाडा रूप छोटो समयको लागि राम्रै देखिन्छ, तर त्यसले नराम्रो परिणाम बेहोर्दछ पनि । आज हाम्रो भाषाको गति पनि त्यही नै भएको छ । भाषा तथा साहित्य-निर्माणको लागि यौटा

निर्धारित रूपरेखा तयार पारिसकेपछि त त्यसको विकासको ढोका सजिलैसँग खोल्न पनि सकिन्छ। पहिले ढलानको साँचो बलियो बनाउनुपर्‍यो। अनि त त्यस साँचोमा आफूले चाहेअनुसारका शब्द र वाक्य ढलान गर्न कुनै कठिनाई पर्नैछैन। आज हाम्रो बोल्ने र लेख्ने भाषा बेग्लाबेग्लै हुँदै गएको छ। बोल्ने भाषामा नियन्त्रण नभएझैं लेख्ने भाषा पनि अनियन्त्रित हुँदै गएपछि कुन लेखाइ ठीक हो भन्ने प्रश्न बढ्दै जान थालदछ। यसले गर्दा व्यक्ति व्यक्तिको व्याकरण र शब्दकोश पनि बेग्लै भयो भने के होला ?

'शिक्षाको गुणस्तर उठाऔं' भन्ने हाम्रो शिक्षा-जगत्‌को एकातिर नारा छ भने अर्कोतिर त्यो शिक्षा दिइने माध्यम नेपाली भाषाको शुद्ध रूप के हो भन्नेतर्फ पनि त्यत्ति नै चर्को नारा हुनुपर्ने थियो, सो भएको पाइँदैन। यसमा राष्ट्रिय दृष्टिकोणले सोच्नुपर्ने वेला भइसकेको छ। कार्यान्वयन पक्षमा सक्रियता देखाउनुपर्ने विश्वविद्यालय र शिक्षा मन्त्रालय छन् भने नीतिगत कुराले त्यसलाई ठोस मार्ग-दर्शन दिने काममा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान त्यति नै सक्रिय र सक्षम पनि हुनुपरेको छ। आज नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले बृहद् नेपाली व्याकरण प्रकाशन गरी केही ऋण चुकाएको छ भने नेपाली भाषाका विद्वद्‌वर्गले आ-आफ्नै विचार र ढङ्गका व्याकरण वा लेखन-प्रणाणीका नियम अगाडि ल्याएर नेपाली भाषा तथा साहित्यको भण्डारलाई भर्दै आइरहेका पनि छन्। यसको लागि ती पनि सबै धन्यवादका पात्र छन्। तर धानले भर्नुपर्ने भकारी भूस र पोकटा समेतले भरियो भने अहिले दङ्ग परे पनि पछि खिन्न हुनुपर्ने स्थिति आइपर्छ। सो अवस्था आई नपर्दै वेलैमा केलाउनु राम्रो होला। यसमा नेपाली-भाषाविद्‌हरूको राष्ट्रिय दृष्टिकोण निकै चनाखो हुनु आवश्यक छ।

### ३. वर्णप्रयोग

उपर्युक्त लेखाजोखाबाट नेपाली लेखन-प्रणालीमा आइपर्ने वर्ण, शब्द, चिह्न र वाक्यको विन्यासमा देखिएका अनेक रूपले भाषाको स्थिति कस्तो हुने हो भन्ने आशङ्का र अन्योल हुनु स्वाभाविकै हो। विभिन्न विद्वान्‌हरू आ-आफ्नो तर्क पेश गर्दै वर्ण-विन्यास यस्तो हुनुपर्छ, शब्द यस्तो हुनुपर्छ भनी त्यही ढङ्गले वर्ण र शब्दको प्रयोगसमेत गरेर आफ्नो लेख र किताब नै प्रस्तुत गर्छन्। तर पाठकहरूले कुन ठीक हो र कुन होइन भनी ठम्याउने कसरी ?

चन्द्रिका-व्याकरणमा अन्तस्थ वर्ण (तालुस्थानी) को उच्चारणमा य्+अ =य र ज्+अ =य़ भनेर 'य' को तल थोप्लो नदिएको र दिएको पाइन्छ। अनि युधिष्ठिर योद्धा आदि र जुधिष्ठिर जोद्धा आदि उच्चारण गरिंदा पहिलोमा

‘य’ को मुनि थोप्ला नदिई र दोस्रोमा तल थोप्लो दिइ युधिष्ठिर योद्धा आदि लेखेको प्रशस्तै पाइन्छ। त्यस्तै ‘व’ को उच्चारणअनुसार ओष्ठस्थानी ‘व’ उच्चारण गर्दा खालि ‘व’ र दन्त्यौष्ठ उच्चारणमा ‘व’ मा तल थोप्लो दिएर ‘व़’ लेख्ने गरेको पाइन्छ। हाल यी सबै चलन हराइसकेको देखिखिन्छ। साथै चवर्गको अनुनासिक वर्ण ‘ञ’ (जसलाई गोरुसिङ्गे ‘ञ’ पनि भनिन्छ) पनि आजभोलिको लेखहरूमा हराएको देखिन्छ। यदि यस्तै किसिमले जाने हो भने बोली र लेखाइलाई सरल गर्नाको लागि वर्गको पाँचौ वर्ण ‘ङ, ञ, ण, न, म’ मध्ये ङ न, म मात्र प्रयोग गरेमा काम चलिहाल्दो रहेछ। अरू ‘ञ ण’ प्रयोग नगरे पनि भइहाल्दछ। त्यस्तै स्वर वर्णमा पनि ‘अ, आ’ लेखे झैं अि, अी, अु, अू, अे, अै... आदि र ऋ, ॠ को सट्टामा रि, री लेख्ने गरेमा त पुगिहाल्छ। ऌ, ॡ चाहिं प्रयोगबाटै हटाइदिए भैहाल्छ। यसै गरी व्यञ्जनका संयुक्ताक्षर क्ष, त्र, ज्ञ लाई पनि छे, त्र, ग्यं प्रयोग गर्ने गरेमा काम नचल्ने होइन। यसको सर्वमान्य निर्णय मात्र हुनुपर्‍यो।

भाषा–सरलीकरणको दिशामा माथि बताइएका कुरा सारै नै उपयुक्त देखिए तापनि भाषा–भण्डारको दृष्टिकोणले प्रचलित भाषामा खलबल चल्दछ र भाषा–भण्डार खुकुलो हुन जान्छ। भाषा–भण्डार खँदिलो र भरिपूर्ण हुनु नै जाती हो, खुकुलो हुनु राम्रो होइन। यसर्थ वर्ण–भण्डार बढाई भाषा–भण्डारलाई भरिपूर्ण गराउने नै हो भने त्यस्तै व्याकरण र शब्दकोश बन्नुको साथै प्रचलित टाइपराइटर उत्पादक र मुद्रणालयलाई उक्त वर्णहरू समेत समावेश गराई टाइपराइटर उत्पादन गर्न तथा मुद्रणालयले पनि उक्त वर्णहरूको समेत ढलान गरी छाप्ने गराउन तत्कालै प्रयास गरिनुपर्दछ। नत्र लेखाइबाट मात्र उक्त कार्य सफल हुँदैन। यसपछि चन्द्रबिन्दु र शिरबिन्दु कहाँ लगाउने वा कहाँनेर अनुनासिक वर्णलाई कुण्डाउने भन्नेतर्फ पनि एकै विचार हुनुपर्दछ। जस्तो— पाँडे, पांडे वा पाण्डे, मान्छे वा मांछे, आदि। त्यस्तै नेपाली भाषामा ऌ, ॡ, ॠ को प्रयोग छँदै छैन। उक्त वर्णहरू संस्कृत शब्दमा मात्र प्रयोग गरिने र नेपालीमा त्यस किसिमका शब्दहरू तत्सम रूपमा समेत प्रयोगमा नआएकोले उक्त वर्णहरू टाइपराइटरमा समावेश गर्नु आवश्यक छैन। संस्कृतमै उक्त वर्ण समावेश गरी छाप्नु छपाउनुपरेमा टाइप गरेमा हातले थप्ने र प्रेसमा छाप्नुपरेमा विशेष अडर दिई ढलान गराउन सकिन्छ। तर स्वर वर्ण देखाउदा चाहिं उक्त वर्णहरू राख्नैपर्दछ। किनभने हाम्रो भाषाको मूल आधार संस्कृत नै हो र संस्कृत पठन–पाठन प्रक्रियामा उक्त वर्णको आवश्यकता परी नै रहन्छ। ‘व’ को प्रयोगमा तल थोप्ला दिनु र नदिनुमा चाहिं पेट काटेको बाटुलो ‘ब’ को चल्ती निवर्कै नै भएकोले ओष्ठ्य

व को उच्चारण हुँदा 'व' पेट नकाटीकन प्रयोग गर्ने गरेमा व को तल थोप्लो दिने वर्णको आवश्यकता रहँदैन । बरु प्रचलित टाइपराइटरमा त्यसको व्यवस्था भने मिलाउनुपर्दछ ।

## ४. शब्दप्रयोग

नेपाली भाषामा प्रयोग गरिने शब्दहरूमध्ये कति त वर्ण र उच्चारण जस्ताको तस्तै रही तत्सम रूपमा रहेका छन् भने कति उच्चारण मिले तापनि वर्ण नमिल्ने (जस्तो— अंग्रेजी, बङ्गाली आदिको लिपि नै फरक छ) हुँदा नेपाली ढङ्गको लेखाइमा तत्सम र तद्भव भएर रहेका छन् । जस्तो— अंग्रेजीमा प्रयोग गरिने हस्पिटल नेपालीमा अस्पताल हुँदा नेपाली ढङ्गमा 'स' चाहिं दन्त्य नै प्रयोग गरेको पाइन्छ, तर सुपरिन्टेन्डेन्टलाई सुपरिटेन्डेन्ड भनिए तापनि 'टेन्डेन्ट' को आधा नकार ट वर्गसँग जोडिएको कारणले आधा 'ण' हुनुपर्ने कि 'न' हुने ? सो कुराको निरूपण हुनुपर्दछ । यसले गर्दा यस्तै अरू शब्दहरूको रूप पनि निश्चित बन्दछ । लिपि र वर्ण मिल्ने भाषाबाट तद्भव रूपमा प्रयोग हुन आएका शब्दहरू र लिपि र वर्ण नमिल्ने भाषाबाट तत्सम वा तद्भव रूपमा प्रयोग हुन आएका शब्दहरूको प्रयोगमा 'श ष स' को सट्टामा 'स' मात्र र 'ङ, ञ, ण, न, म' को सट्टामा 'ङ, न, म' तथा क्ष, त्र, ज्ञ को सट्टामा 'क्ष वा छे, त्र, ग्यँ वा ज्ञ' प्रयोग हुनु राम्रो देखिन्छ । त्यस्तै ऋ को सट्टामा 'रि' सम्म प्रयोग गरेमा राम्रै काम चल्दछ । नेपालीमा प्रयोग गरिएका जति पनि शब्दहरू छन् तिनीहरूलाई केलाउँदा भने कुन शुद्ध कुन अशुद्ध भन्ने आशङ्का रहिरहनु राम्रो होइन । त्यसको ठोस निरूपण प्रामाणिक रूपमा हुनुपर्दछ ।

लाज राख कुरुका बिच मेरी
हुँगि मै जनम जन्मकि चेरी
(विद्यारण्यकेशरी)

'मो भानुभक्त धनि भैकन आज यस्तो
बोल्छन् ता ख्याल् गऱ्या कैं अनि पछि दिन दिन् भन्दछन् भोलि भोलि ।'
(भानुभक्त)

यस्ता प्रयोग पनि हाम्रो नेपाली भाषामा नभएका होइनन् । तर तात्कालिक बोलीचालीअनुसार लेखाइमा प्रयोग हुन आएका अव्द प्रयोगलाई देख्दा आजभोलि हाम्रो त्यो बोली नभएको र लेखाइमा पनि यस्तो लेखाइलाई आजभोलि अशुद्ध वा नराम्रो देखिने हुँदा उस बेलाका विद्वान्‌हरूको लेखाइलाई पनि आज हामी खोट लगाउँछौं र भन्छौं– उक्त मेरीको ठाउँमा 'मेरो' अनि हुँगिको ठाउँमा हुन्छु राखेमा

उक्त शब्दहरूको पूरा अर्थ त आउँछ तर छन्दको लय भने बिग्रन जान्छ। उक्त प्रयोगमा आएको 'हुँगि' ले 'हुँला' र 'मै' ले 'म' भन्ने अर्थ दिएको देखिन्छ। त्यस्तै भानुभक्तको 'मो' ले 'म' कै अर्थ दिएको हो। केवल छन्द मिलाउनको लागि मात्र 'म' नभनी 'मो' को प्रयोग गरिएको हो। त्यसलाई अशुद्ध भन्नु ठीक भएन। यहाँ नेर 'मा' को ठाउँमा 'मै' प्रयोग गरेको भएमा अझ राम्रो र सार्थक (म नै भन्ने अर्थ दिदा) हुने थियो कि भन्नसम्म सकिन्छ। त्यस्तै आजको 'गरे' भन्ने अर्थमा गऱ्या शब्द त्यो समयमा चलेको हुँदा भन्नु केही छैन। कविहरूको प्रयोगलाई व्याकरणको छूट हुनु पनि पर्दछ, हुन्छ पनि। उनीहरूको भावलाई बन्धनले बाँध्न र कुनै पनि घेराले छेक्न सक्दैन। जस्तै—

माटीमनी अमृततत्व यौटै
छातीमनी मानवचित्त यौटै

(माधव घिमिरे)

यहाँनेर 'माटा' को ठाउँमा माटी प्रयोग गरियो त्यो माटीको अर्थ पनि त्यही माटो नै हो। त्यो माटी शब्द अन्यत्र माटोको ठाउँमा प्रयोग गर्नं हुन्छ कि हुन्न भन्दा हुँदैन। किनभने माटोको पर्यायवाची माटी होइन। तर संयुक्त रूपमा आउँदा भने त्यो माटी बोलीले माटोकै अर्थ स्पष्ट गर्दछ। जस्तो— कालीमाटी, चोखिमाटी आदि। अर्को 'मनी' शब्द प्रयोग भएको छ त्यसको अर्थ हो मुनि मुन्तिर वा मन्तिर। यहाँनेर छन्दोभङ्ग नहोस् भनेर ह्रस्व नलेखी दीर्घ लेखिएको छ। कवितामा कविलाई यस किसिमको छूट त छँदैछ। भर्खरै (गो. प. वर्ष ८४, अङ्क १७० बाट) चर्चामा आएको नेपाल राष्ट्र बैंकबाट प्रयोगमा ल्याएको रू. २।- रू. ५।- र रू. २०।- को नोटमा लेखिएको श्री गोरखनाथ र श्री गोरषनाथमा कुन शुद्ध हो ? यहाँ यो शब्द गोरखा शब्दबाट आएको हो। त्यो गोरखा शब्द पहिलेपहिले गोरषा भन्ने लेखिएको देखिन्छ। सोहीअनुरूप गोरषनाथ लेखिएको हुनुपर्छ। यस्तै किसिमले चलनचल्तीमा आएका कैयौं शब्दहरू छन्। तिनको शुद्ध रूप यो हो भनी चिनाउने र शुद्ध रूपको प्रयोग गर्न गराउनमा अभियान चलाउने कसले ? यसको जिम्मेवार वा अधिकारी को ? त्यो यौटै सक्षम र सर्वमान्य संस्था हुनुपर्दछ। त्यो संस्थाको स्वीकृति लिएर मात्र सूचना-पाटी, शिलापत्र, ताम्रपत्र आदिमा लेखिने वर्ण शब्द, वाक्यको निर्धारण गरिनुपर्दछ। कतै अशुद्ध लेखिएको छापिएको देखिएमा उक्त संस्थाले त्यसलाई शुद्ध गर्ने गराउने अधिकार पाउनुपर्छ।

### ५. वाक्यप्रयोग

सबै जना जाऔँन हो। ली ता नि। हामीहरू यस्तो कुरा मान्न सक्दैन।

हुन्छ, ल । यस किसिमका वाक्यहरू आजभोलिको बोलचालमा बढ्दै आएको देखिन्छ । यदाकदा लेखाइमा पनि झल्किन थालेको पाइन्छ । खास गरी योमध्ये कुनै पूर्वेली भाकाका छन् भने कुनै पश्चिमाली भाकाका छन् । ल, हो, पूर्वेली हो भने नि, तानि, वा तनि पश्चिमाली थेगो हो । यस्तो बोलाइ लेखाइ नौलो देखिए पनि आधुनिक भाषाविद्हरूले आत्मसात् गरी सकार्नु त बेसै हो । तर 'उहाँ भन्नुहुन्छ कि म पनि सँगै जान्छु' वा 'विद्वान् जो आपनो परिचय दिदैनन् तो घमण्डी हुन्' जस्ता वाक्यहरूले भने विदेशी लेखाइ भए तापनि नेपाली साहित्यभित्र पसी पूरा डेरा जमाई नागरिकता नै लिइसकेका (?) जस्ता छन् । किनभने बरु माथि उल्लेख भएका पूर्वेली र पश्चिमाली नेपाली भाका काठमाडौंवासीलाई नौलो लाग्ला, तर अंग्रेजी अनुवादको रूपमा रहेको वा नक्कल गरिएको नेपाली वाक्यचाहिँ त्यति नौलो देखिदैन । साहित्य क्षेत्रमा पनि भिजिसकेको छ ।

अदालत, मालजस्ता कार्यालयहरूमा यथावत् चलेका कतिपय पुरानो खालको लेखाइ अझैसम्म कायमै छ । तिनलाई हेर्दा अहिलेको भाषासँग वा लेखाइसँग मेल नखाने देखिन्छ । जस्तो—

भर्पाई डाडै का. ई. जुद्ध सडक बस्ने साहु विर वहादुर मानन्धर आगे श्री त्रिचन्द्र विजुली अड्डाको कामलाई चाहिने मेरो पसलबाट खरीद गरी लगेको सिसा तार फिट १००० के... बुझी लिई त्यसको भरपाई गरी दियूँ । इति संवत् २००७ साल वैशाख ५ गते रोज ४ शुभम् ।

(नेपाली निजामती श्रेस्ता शिक्षा, पृ. ८६, ले चन्द्रलाल श्रेष्ठ)

उक्त वाक्यमा 'भर्पाई डाडै, आगे' भन्ने बोली आजभोलि बिलकुलै नौलो देखिएर पनि त्यस्तै लेख्नुपर्छ भन्ने जबर्जस्ती चलनले जरो गाडेको छ । त्यसको मतलब यो हो भनी सुधार हुनु खाँचो छ । वाक्यको अन्तमा 'दियूँ' भन्ने प्रथम पुरुषको भूतकालको दिएँ गर्न पनि मिल्दैन । यस वाक्यमा वीर बहादुर मानन्धरले माल बेचेको निस्सा (भर्पाई) दिएको भन्ने बुझिने भएकोले त्यो कुरा वर्तमान बोलीचालीको भाषामा मिल्दो लेखाइकै प्रयोग गर्ने चलन फिटिनुपर्‍यो ? त्यस्तै मिति पूरा जनाउने इति शुभम् भन्ने बोलीले त्यहाँ क्रियापद नभैकन पनि वाक्यकै जस्तो काम गरेको छ । यो लेखाइलाई यथावत् नै राख्नु ठीक छ । त्यस्तै कुनै काम गर्न अन्हाउँदा वा अनुरोध गर्दा लेखिने– 'उप्रान्त यस गोदाममा रहेको तौली धान मुरी १०० एक सय मुरी कुटानी गर्नानिमित्त यस अड्डाको सी. रामबहादुरलाई साथ लगाई बुझाउन पठायाको छु ।' यस किसिमको वाक्यमा प्रयोग भएको पहिलेको 'उप्रान्त' भन्ने बोली अनावश्यक देखिन्छ । त्यसको प्रयोग गर्नु नै आवश्यक छैन । अर्को शब्द 'पठायाको' को ठाउँमा पठाएको वा पठाइएको लेख्नु

ठीक छ । त्यस्तै अर्को लेखाइ छ– स्वस्ति श्री पर्सा माल अड्डाकस्य पत्रम्– भनी कुनै कामवापतको रसीद वा भरपाई दिने । यस बोलीमा संस्कृत वाक्यको राम्रो प्रभाव देखिन्छ तर भाषा मिल्दैन । अड्डाको पत्र भन्नलाई 'अड्डाकस्य पत्रम्' भन्नु अशुद्ध हुनुको साथै वर्तमान लेखाइमा नमिल्ने भएकोले 'अड्डाले गरी दिएको रसीद वा भरपाई' भनी लेखे पुग्दछ । अनि अगाडि लेखिने 'स्वस्तिश्री' बोली पनि आवश्यक देखिँदैन । अभिवादनको शब्द जस्तो देखिन्छ, तर त्यो पनि लेखाइमा मिल्दैन । त्यसको ठाउँमा कसलाई लेख्नुपर्छ उसैको नाम लेखे राम्रो देखिन्छ । त्यस्तै तमसुक, जमानीपत्र लेख्दा लिखितम् लेख्ने गरिन्छ । त्यो पनि आवश्यक छैन । त्यस्तै '... यस्तो विषयबारे' भन्नु र अनुरोध नगरिने ठाउँमा पनि '...यस्तो माल फलानालाई बुझाइसकेको अनुरोध गरिन्छ' भन्नु नमिल्ने देखिन्छ । त्यस्तो लेखाइलाई स्थान दिनु राम्रो होइन ।

## ६. चिह्न–प्रयोग

नेपालीमा चिह्न–प्रयोगको त्यति राम्रो ख्याल भएको पाइन्न । पूर्णविराममै कतै ठाडो धर्को '।' दिइएको पाइन्छ भने कतै अंग्रेजीको जस्तो थोप्लो (.) मात्र दिइएको पाइन्छ । त्यसमा पनि वाक्यको अन्तमा उक्त थोप्लो दिनुको बदला प्रत्येक २/४ शब्दपछि (.) दिने गरेको पनि पाइन्छ । कतै त पृष्ठभरिको यौटै वाक्य हुन्छ र अनि मात्र पूर्णविराम चिह्न लाग्दछ । यस्ता लेखहरू प्रायः अदालतमा र घरायसी लेनदेनको लेखाइमा पाइन्छ । यसको पनि यौटा निश्चित नियम हुनुपर्दछ । त्यस्तै अन्य चिह्नहरूको पनि छयानब्यान हुनुपर्दछ ।

## ७. उपसंहार

यसरी समष्टिगत रूपले हेर्दा नेपाली भाषामा प्रयोग गरिने वर्ण शब्द, वाक्य र चिह्न कहाँ कस्तो हुनुपर्छ, कुन रूप शुद्ध हो कुन होइन, आदि कुराको लेखाजोखाको अति नै खाँचो थियो । त्यस कुरामा आजको यस गोष्ठीले ठूलो सघाउ गरेको देखिन्छ । यसबाट नेपाली भाषा–जगत्ले सकेसम्म बढी फाइदा उठाउनुपर्दछ । यस काममा अघि सरेको नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान श्रेयको पात्र त छँदैछ अझ यसले भाषा–जगत्मा चूरो भर्नको लागि विद्वद्वर्गबाट गहकिलो विचार–विमर्श तथा निर्णय गराउनेछ भन्ने पूर्ण आशा राख्दछु ।

□

# नेपाली भाषाका ध्वनिगत प्रवृत्तिहरू

मुकुन्दशरण उपाध्याय

संसारका हरेक भाषामा केही आफ्ना मौलिक प्रवृत्तिहरू हुने गर्छन् । जुन प्रवृत्तिहरूले गर्दा भाषा–जगत्मा उसको विशेष स्थान सुरक्षित रहन्छ । यी प्रवृत्तिहरूलाई अर्थगत, रूपगत, वाक्यगत र ध्वनिगत आदि अनेक भेदमा छुट्ट्याउन सकिन्छ । ध्वनिगत प्रवृत्ति भाषाको मौलिकता जान्नलाई विशेष महत्त्वको मानिन्छ । किनभने ध्वनिगत प्रवृत्तिकै सूक्ष्म अध्ययनका आधारमा भाषाको उच्चारण विधि र लेखन विधिको निर्धारण गर्न सकिन्छ ।

यस अध्ययनमा पाठकहरूको सुविधाको लागि नेपाली भाषाको ध्वनिगत प्रवृत्तिलाई निम्नलिखित ३ खण्डमा विभाजित गरिनेछ—

१. स्वरगत ध्वनिप्रवृत्तिहरू ।
२. व्यञ्जनगत ध्वनिप्रवृत्तिहरू र
३. उभयगत ध्वनिप्रवृत्तिहरू ।

## १. स्वरगत ध्वनिप्रवृत्तिहरू

परम्परागत रूपमा अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ र औ गरी ११ वटा स्वर ठानिएका छन् तापनि नेपाली ध्वनि प्रवृत्ति हेर्दा अ, आ, इ, उ, ए र ओ गरी जम्मा ६ वटा मात्र स्वर माने पुग्ने देखिन्छ । संस्कृत व्याकरण र नेपाली ध्वनि प्रवृत्तिमा स्वरसम्बन्धी स्थितिमा धेरै फरक परिसकेको छ । संस्कृतमा ‘ए’ र ‘ओ’ ह्रस्व छैनन् तर नेपालीमा यिनको ह्रस्व उच्चारण भेटिन्छ । संस्कृतमा ‘अ’ को दीर्घ रूप ‘आ’ हुने गर्छ तर नेपालीमा ‘अ’ को दीर्घ ‘अ’ नै हुन्छ र ‘आ’ आफैं छुट्टै स्वर बन्दछ । अनि ‘आ’ पनि कहिलेकहीं ह्रस्व बन्छ । संस्कृत व्याकरण र नेपाली ध्वनिको तुलना गर्दा यहाँ स्वर सन्धिको स्थितिले पनि मौलिक प्रवृत्ति जन्माएको छ । जस्तै—

क) संस्कृतमा अ+इ को सन्धि ए बन्छ : उप+इन्द्र =उपेन्द्र । तर नेपालीमा अ+इ को सन्धि ऐ हुन्छ जस्तै भ+ई = भैं, ग+ई = गैं आदि ।

ख) संस्कृतमा अ+उ को सन्धि ओ बन्छ, नव+उदित = नवोदित तर नेपालीमा ज+उ =जौ, न+उलो =नौलो आदिमा अ+उ =औ भएको पाइन्छ ।

ग) संस्कृत व्याकरणमा 'इ', 'उ', 'ऋ', 'ऌ' को मात्र यण् हुन्छ । प्रति+उत्तर =प्रत्युत्तर, मधु+अरि =मध्वरि आदि । तर नेपालीमा 'ए' का साथमा पनि यण् हुन्छ । जस्तै- ए+उटा =योटा, दे+उता = द्यौता, ले+उ =ल्यौ आदि ।

घ) संस्कृतमा स्वर वर्णसँग जोडिने प्रथम वर्णहरू (क्, च्, ट्, त्, प्) तृतीय वर्ण बन्दछन् अच्+अन्त =अजन्त, वाक्+ईश्वरी =वागीश्वरी, कृत्+अन्त =कृदन्त आदि । तर नेपालीमा यस्तो परिवर्तन हुँदैन अर्थात् यस्तो सन्धि हुँदा यी वर्ण फेरिंदैनन्- वच्+अत =वचत, सुत्+एको =सुतेको, खप्+इलो =खपिलो आदि ।

यी कुराका साथै अन्य भाषाबाट वा आफ्नै भाषाको एक रूपबाट अर्को रूपमा परिवर्तन हुँदा देखिने स्वरगत प्रवृत्तिलाई यस खण्डमा बुझ्ने प्रयास गरिनेछ । मुख्य रूपमा स्वरगत प्रवृत्तिहरू यस प्रकार छन्—

क) अकारीभवन प्रवृत्ति- मूल अवस्थाको आभिन्न स्वर 'अ' बन्ने प्रवृत्तिलाई अकारीभवन प्रवृत्ति भनिन्छ । तर यदि 'आ' को 'अ' बन्यो भने त्यसलाई लघुभवन प्रवृत्ति भन्नु बेश हुन्छ । जस्तै— हुजुर-हजुर, पुस्तक-पस्तक; पोखरा-पखरा, इत्यादि ।

ख) उकारीभवन प्रवृत्ति- मूल अवस्थामा अन्य प्रकारको देखिने ओकार भिन्न स्वर नेपाली ध्वनि बन्दा उकार बन्नुलाई उकारीभवन प्रवृत्ति भनिन्छ । जस्तै— ध्वज-धुजा, वृद्धता-बुढ्याई, पौष-पुस, राजा-राजु, गाजल-गाजलु, पाद-पाउ, नापित-नाउ, अपर-अपुर, घृत-घिउ, ग्राम-गाउँ, ब्राह्मण-बाहुन, यात्री-जात्रु, पत्र-पत्रु. मित्र-मित्रु आदि ।

ग) एकारीभवन प्रवृत्ति- अन्य प्रकारको स्वर नेपाली ध्वनिमा एकार भएको देखिनुलाई एकारीभवन प्रवृत्ति भनिन्छ । जस्तै— तैल-तेल, त्रयोदेश-तेह्र, विल्व-बेल, अन्धकार, अँध्यारो-अँधेरो, उज्वल, उज्यालो-उजेलो, साहब-साहेब, टिकट-टिकेट, अभक्ष्य-अभच्छे, असंख्य-असङ्खे, यज्ञ-जग्गे, जलमय-जलाम्मे, सूर्य-सुर्जे इत्यादि ।

घ) ओकारीभवन प्रवृत्ति- उकारभिन्न अन्य स्वर नेपाली ध्वनिमा ओकार

बन्ने प्रवृत्तिलाई ओकारीभवन प्रवृत्ति भनिन्छ । यो प्रवृत्ति २ प्रकारको छ । पहिलो प्रवृत्तिअनुसार अन्य प्रकारको स्वर साधारणतया ओकारमा परिवर्तित हुन्छ भने दोस्रो प्रवृत्तिअनुसार अन्तिम स्वर ओकारमा परिवर्तित हुन्छ । जस्तै– मौक्तिक–मोती, कुक्कुट–कुखुरो, भित्ति–भित्तो, मृत्तिका–माटो, वत्स–बाच्छो, बचरो, पर्पट–पाप्रो, जड–जरो, कनिष्ठ–कान्छो, मत्स्य–माछो, पुराण–पुरानो, अक्ष–आँखो, लुण्ठक–लुटेरो, काल–कालो, क्षुद्र–छुचो, असौ–सो, दर्वी–दाबिलो, इत्यादि ।

ङ) औकारीभवन प्रवृत्ति– अन्य प्रकारको स्वर औकारमा परिवर्तित हुनुलाई औकारीभवन प्रवृत्ति भनिन्छ । जस्तै— देउता–द्यौता, एउटा–यौटा, नउनी –नौनी, धवलागिरि–धौलागिरि, सपत्नी–सौता, नवल–नौलो, इत्यादि ।

च) लघुभवन प्रवृत्ति– यस प्रवृत्ति अन्तर्गत 'आ' को 'अ', 'ई' र 'ए' को 'इ' तथा 'ऊ' र 'ओ' को 'उ' स्वरमा परिवर्तन भएको पाइन्छ । जस्तै— वाक्य –वक्के, यावत्–जब, नारीकेल–नरीवल, कार्पास–कपास, आकाश–अकास, व्याख्यान–बखान, बाजार–बजार, बली–बलियो, पेसाब–पिसाप, स्थुल–ठूलो, भूमि–भुइँ, शूकर–सुंगुर, पूर्णिमा–पुर्ने, सूत्र–सुत्लो, सोना–सुन, गोष्ठी–गुठी इत्यादि ।

छ) गुरुभवन प्रवृत्ति– लघुभवन प्रवृत्तिको ठीक उल्टो हुनुलाई गुरुभवन प्रवृत्ति भनिन्छ । जस्तै— पचनम्–पाक्नु, मधुकरी–माहुरी, बलय–बालो, भिक्षा–भीख, भीक; विंश–बीस, त्रिंश–तीस, निद्रा–नीद, सुपुत्र–सपूत, दुग्ध–दूध, उष्ट्र–ऊँट, मिलन–मेला, त्रिवार–तेवर, तिर्यक् अर्ध–टेढो, पुत्री–पोथी, मुष्ठ–मोठ, बुभुक्षा–भोक, तुला–तौल, दुकान–दोकान इत्यादि ।

## २. व्यञ्जनगत ध्वनिप्रवृत्तिहरू

व्याकरणहरूमा व्यञ्जन वर्णहरूको स्थान र प्रयत्नका सम्बन्धमा जुन वर्गीकरण गरिएको छ त्यस सम्बन्धमा पुनर्विचार हुनु अत्यावश्यक छ तापनि प्रचलित वर्गीकरणका आधारमा नेपाली व्यञ्जनहरूमा पाइने ध्वनि प्रवृत्तिहरूलाई निम्न प्रकारले अध्ययन गर्न सकिन्छ ।

क) अल्पप्राणीभवन प्रवृत्ति– यो प्रवृत्ति दुई प्रकारको छ– प्रथम वर्ण प्रवृत्ति र तृतीय वर्ण प्रवृत्ति । प्रथम वर्ण प्रवृत्तिमा 'क' देखि 'म' सम्मको पाँच व्यञ्जन वर्गमध्ये हरेक वर्गका द्वितीय वर्ण अर्थात् ख, छ, ठ, थ, फ, प्रथम वर्णमा परिवर्तित हुन्छन् भने हरेक वर्गका चतुर्थ वर्ण अर्थात् 'घ, झ, ढ, ध, भ,' क्रमशः 'ग, ज, ड, द, ब' मा परिवर्तित हुनुलाई तृतीय वर्ण प्रवृत्ति भनिन्छ ।

जस्तै— तारेख-तारिक, कुखुरो-कुर्कुरे (वैंस), बखस-वकस, भाखा-भाका, कायस्थ-काइते, हिन्दुस्थान-हिन्दुस्तान, आफू-आफस्त, हाफ-हाप, अफशोश-अपसोच, हपता-हप्ता, इन्साफ-इन्साप, अफिस-आपिस, जङ्घा-जांगे, घर्म-गर्मी महर्घ-महँगो, साझा-साजा, बाझनु-बाज्नु, पाध-पाद, दूध-दूद, गर्भ-गाभो, गुबो; गोभी-कोबी, भगिनी-बहिनी, इत्यादि ।

ख) महाप्राणीभवन प्रवृत्ति- महाप्राणीभवनको प्रवृत्तिअन्तर्गत द्वितीय वर्ण प्रवृत्ति र चतुर्थ वर्ण प्रवृत्ति आउँछन् । यी प्रवृत्ति अल्पप्राण प्रवृत्तिका ठीक विपरीत छन् । अर्थात् वर्गको प्रथम वर्ण द्वितीय वर्णमा परिवर्तित हुने र तृतीय वर्ण चतुर्थ वर्णमा परिवर्तित हुने प्रक्रिया यसअन्तर्गत हुने गर्दछन् । यद्यपि आगन्तुक शब्दमा तृतीय वर्णको द्वितीय वर्ण बनेका नवाफ कवाफ जस्ता शब्द पनि आवलल कुवक्ल भेटिन्छन् । यस प्रवृत्तिका मुख्य उदाहरण यस प्रकार छन्— शोभाकर-शोभाखर, शुष्क-सुख्खा, वक्त-बखत, शर्करा-सख्खर, कुक्कुट-कुखुरो शर्कराकन्द-सखरखण्ड, चयन-छान्नु, मुष्टि-मुट्ठी, प्रविष्टि-पैठ, यष्टि-लट्ठी, मुष्ट-मोठ, समतल-समथर, गतशोक-गथासो, स्तम्भ-थाम, पुत्री-पोथी, प्रस्तर-पत्थर, गात्र-गाथ, स्तन-थुन, वाष्प-वाफ, पास-फाँसो, पूरक-फारू, प्लीहा-फीयो, गृह-घर, एगारह-एघार, जालक-झयाल, जेलखाना-झयालखाना जर्जर-झाँझर, जीर्ण-झीर्न, चतुर्दश-चौध, गर्दभ-गधा, निर्वाह-निभाउनु, उद्वाहन-उभाउनु, इत्यादि ।

ग) घोषीभवन प्रवृत्ति- यस प्रवृत्तिअन्तर्गत मूल अवस्थामा अघोष रहेका घोष ध्वनिमा परिवर्तित हुने कार्य हुन्छ । जस्तै रेक्रुइट-रङ्गरूट, करणम्-गर्नु, काक-काग, भेक-भ्यागुतो, शूक-सुगा, शूकर-सुंगुर, शकुन-सगुन, कज्जल-गाजल, बङ्किम-बाङ्गो, शाक-साग, विकार-बिगार, पर्यंक-पलंग, पेक-पांगो, एकादश-ग्याह्र, पंच-पंजा, पंचक-पाँजो, घोटक-घोडो, कंटक-कांडो, घट-घडा, इत्यादि ।

घ) अघोषीभवन प्रवृत्ति- घोष वर्णहरू अघोष ध्वनिमा परिवर्तित हुने कामलाई अघोषीभवन भनिन्छ । यस प्रवृत्तिमा एउटा के कुरो उल्लेखनीय रूपमा पाइन्छ भने आगन्तुक र नेपाली शब्दहरूबाट विशेष गरी यो प्रवृत्ति देखिन्छ । सबै घोष वर्णमध्ये 'द' र 'ब' वढी अघोष तर्फ उन्मुख देखिन्छन् । जस्तै— अग्लो (स्तरीय)-अल्को, प्रत्यभिज्ञान-पहिचान, साहब-साहेप, खुशामद-खुसामत, हिसाब-हिसाप, किताब-कितप, अदब-अदप, गजब-गजप, खराब-खराप, तलब-तलप, इत्यादि ।

ङ) रकारीभवन प्रवृत्ति— ल, ट, ड, ढ, श, आदि व्यञ्जनहरूले आफ्नो

पूर्वरूप छोडेर रकारमा परिवर्तित हुनुलाई रकारीभवन प्रवृत्ति भनिन्छ । जस्तै- लङ्गूल-लङ्गूर, समतल-समथर, बाटिका-बारी, वट-वर, ललाट-निधार, निकट-नेर, मर्कट-माकुरो, सुघट-सुग्घर, शाटी-सारी, वधूटी-बुहारी, पर्पट-पाप्रो, चटक-चरो, जड-जरो, गौड-गौर, दाडिम-दारिम, पीडा-पीर, एकादश-एघार, आषाढ--असार, इत्यादि ।

च) लकारीभवन प्रवृत्ति — अन्य वर्ण लकारमा परिवर्तित हुने प्रवृत्तिलाई लकारीभवनको प्रवृत्ति भनिन्छ । यस्तो प्रवृत्ति विशेष गरी संस्कृतका ट, ड तथा र हुने शब्दहरूबाट बनेका तद्भव शब्दहरूमा पाइन्छ । जस्तै— चेटक-चेली, पर्यस्ति--पलेथी, पलेटी, राक्षस-लाखे, भद्र-भलो, सम्भार-संभाल्नु, गैर-गयल, चक्र-चकला, दर्वी-दाबिलो, कुम्भकार-कुम्हाले, निर्णय- निर्लय (कथ्य) नम्बर-लम्बर (कथ्य) इत्यादि ।

छ) हकारीभवन प्रवृत्ति— अन्य कुनै व्यञ्जन हकारमा परिवर्तित हुन्छ भने त्यसलाई हकारीभवनको प्रवृत्ति भनिन्छ । जस्तै- वधूटी-बुहारी, दधि-दही, वधिर-बहिरो, साधु-साहु, लघुक हलुका, मधुकरी-माहुरी, वधू-बहू, गभीर-गहिरो, सलभ-सलह, तुसर-तेहरो, भू-हुनु, प्रभूत-बहुत, कथन-कहनु, स्नान-नुहाउनु, नमन-नुहुनु, षोडश-सोह्र इत्यादि ।

ज) दकारीभवन प्रवृत्ति— दकारीभवन प्रवृत्तिअन्तर्गत 'न' कारको 'द' कारमा परिवर्तन भएको पाइन्छ । अन्य वर्णको दकारीभवन माथि नै गइसकेको छ । यसका उदाहरण यस प्रकार छन् — वानर--बाँदर, बनेल-बँदेल, भिन्न-भिन्दै, धन्य-धन्दै, खनाल-खँदाल, सुनार-सुँदार, पन्यालो-पँदेलो, उनीहरूको-उंदेकों (कथ्य) इत्यादि ।

झ) नासिकीभवन प्रवृत्ति— नासिकीभवन प्रवृत्ति भन्नाले नाके स्वर निकालेर बोल्ने प्रवृत्तिको आगमनलाई बुझाउँछ । यो प्रवृत्ति २ प्रकारको छ- आगम नासिकीभवन र आदेश नासिकीभवन । आगम नासिकीभवनमा मूलरूपमा नभएको नाकेध्वनि नेपालीमा थपिएको भेटिन्छ भने आदेश नासिकीभवनमा पंच वर्ण अर्थात् 'ङ, ञ, ण, न, म' वर्णहरू चन्द्रबिन्दुमा परिणत भएको भेटिन्छ । जस्तै— हास-हाँसो, अश्रु-आँसु, अक्ष-आँखो, जर्जर-झाँझर, इह-यहाँ, गालीच (फा)-गलैंचा, कैची (तु)-कैंची, लडाई (हिं)-लडाइँ, दुनिया (हिं)-दुनियाँ, अङ्गुष्ठ-औंठी, शृंगार-सिंगार, सङ्कलन-सँगालो, सङ्गी-सँगी, पंच-पांच, गञ्जा-गाँजा, चञ्चरिक-चाँचर, कुण्ड-कुँडे, तुण्ड-टुँडो, भाण्ड-भाँडो, भ्रूण-भूँडी, अन्त्र-आँत, दन्त-दाँत, सन्ध्या-साँझ, सिन्दूर-सिंदूर, वंश-बाँस, कम्प-काँप्नु,

श्यामल–साँवलो, महिषी–भैंसी, अष्टम–आठौं, दशमी–दशैं, अमावास्या–औंसी इत्यादि ।

ञ) अनुनासिकीभवन प्रवृत्ति— अन्य वर्णका ठाउँमा अर्थात् 'ङ, ञ, ण, न, म' मध्ये कुनै एक वर्ण आदिष्ट हुने ध्वनि प्रवृत्तिलाई अनुनासिकीभवन प्रवृत्ति भनिन्छ । नेपालीमा यो प्रवृत्ति 'न' तथा 'म' वर्ण वन्नुसँग बढी सम्बन्धित रहेको छ । जस्तै— सप्तपञ्चाशत्–सन्ताउन्न, अष्टपञ्चाशत्-अन्ठाउन्न, अष्टनवति–अन्ठान्नब्बे, सप्तनवति–सन्तान्नब्बे, तिकंवजी–टिकनवजी, कुंवर–कमर, ठाउँ, गाउँ, नाउँको क्रमशः– ठाम, गाम, नाम (कथ्य) इत्यादि ।

ट) स्थानपरिवर्तन प्रवृत्ति— एक स्थानको ध्वनि कुनै अन्य स्थानमा परिवर्तित हुने प्रवृत्तिलाई स्थानपरिवर्तन प्रवृत्ति भनिन्छ । नेपाली ध्वनिमा यसलाई ३ भागमा बाँड्न सकिन्छ—

अ) मूर्धन्यीभवन प्रवृत्तिका उदाहरणहरू हुन्- कर्तन–काट्नु, वर्त्म-बाटो, तत्पर–टाठो, तुण्ड–टुँडो, त्रुट-टूट, वृन्ताक-भन्टा, मृत्तिका–माटो, पत्तन–पाटन, स्थित–ठीक, स्थान-ठाउँ, नाथ–नाठो, थिएटर–ठेटर, दाह-डाह, दण्ड–डाँड, उदुम्बर–डुम्री, दारू–डाडु, दस्यूक-डाँका, दंश–डस्नु, दमन–डाप्नु, द्रोण-डूँड, दोलक–डोला, दर-डर, धृष्ट-ढीठ, वृद्ध –बूढो, वर्ध–बढ ।

आ) तालव्यीभवन प्रवृत्तिका उदाहरणहरू हुन्- सत्य–साँचो, वत्स–बाच्छो, दक्षिणा–दच्छिना, क्षुद्र–छुच्चो, अद्य–आज, वाद्य–बाजा, षष्ठ–छ, ह्य –हिजो, खाद्य–खाजा, बन्ध्य–बाँझो, प्रसारण–फिज्नु, सार्ध–साझा, उपाध्याय–ओझा ।

इ) दन्त्यभवन प्रवृत्ति- यस प्रवृत्तिअन्तर्गत मूल भाषा (संस्कृत) बाट आएका शब्दमा एउटा मूर्धन्य स्थानीय ण को न भएको बाहेक अरू त्यति पाइँदैन । अन्य भाषाबाट आएका शब्दमा भने यो केही मात्रामा पाइन्छ । संस्कृतको ण भने नेपाली तद्भवमा पूरै समाप्त भएको छ । संस्कृत फाल्गुनलाई नेपालीहरू जो फाल्गुण उच्चारण गर्छन् त्यो कृत्रिम उच्चारण मात्र हो भन्न सकिन्छ । यस प्रवृत्तिका उदाहरणहरू—
गुण–गुन, क्षण–छिन, चूर्ण–चुर्ना वा चूना, स्वर्ण–सुन, पुराण–पुरानु, कारण–कारन, द्रोण–दुनो, कर्ण–कान, प्राघुर्णिक–पाहुना, तरुणी–तरूनी, कण–कनिको, क्याप्टेन (अं)–कप्तान, प्यान्टलून (अं)–पतलून, मार्टेलो (पू)–मार्तोल, गार्ड (अं)–गारत इत्यादि ।

ठ) द्वित्व प्रवृत्ति— साबिकको वर्णमा कुनै वर्णको दुई पटक प्रयोग हुने ध्वनि प्रवृत्तिलाई द्वित्व प्रवृत्ति भनिन्छ। जस्तै–– खवीस (फा)–खप्पीस, मदद (फा)–मद्दत, जिला (फा)-जिल्ला, कीमत (फा)–किम्मत, एक (सं)–एक्का, सर्वे-सप्पै, ध्वजा–धज्जा, पुण्य–पुन्ने, पट–पट्टी, जलमय–जलाम्मे, सम–सम्म (मैदान), जमा–जम्मा, किला–किल्ला, खुला–खुलमखुल्ला इत्यादि।

## ३. उभयगत ध्वनिप्रवृत्तिहरू

उभयगत ध्वनि प्रवृत्तिअन्तर्गत स्वर र व्यञ्जन दुवै थरी वर्णमा पाइने ध्वनि प्रवृत्तिहरू पर्दछन्। उभयगत प्रवृत्तिहरूलाई यसरी वर्गीकृत गर्न सकिन्छ।

क) वर्णागम प्रवृत्ति— मूल अवस्थामा शब्दमा नभएको वर्ण नेपाली ध्वनिमा आउने प्रवृत्तिलाई वर्णागम प्रवृत्ति भनिन्छ। यस्ता प्रवृत्तिमा स्वरागम र व्यञ्जनागम प्रवृत्ति पर्छन्।

अ) स्वरागम प्रवृत्तिका उदाहरणहरूमा— लोप–अलप, स्फालन–अफाल्नु, स्टोभ–इस्टोप, बेर–अबेर, स्कूल–इस्कूल जस्ता आदिस्वरागमका प्रवृत्ति; स्वप्न–सपना, यत्न–जतन, दारू–दाउरो, त्राण–तरान, रक्त–रगत, यन्त्र–जन्तर, प्रीति–पीरति, वक्स–बाकस, चान्स–चानस, बर्फ–बरफ, क्रिया–किरिया, जुल्म–जुलुम, फिल्म–फिलिम जस्ता मध्यस्वरागमका प्रवृत्ति पर्छन्।

आ) व्यञ्जनागम प्रवृत्तिका उदाहरणहरू हुन्– छाव–छाउरो, रम्य–राम्रो, तीक्ष्ण–तिख्खर, यारिङ–यार्लिङ, अस्थि–हड्डी, कथा–कथाहा, स्पष्ट–प्रस्ट इत्यादि।

ख) वर्णलोप प्रवृत्ति— मूल शब्दमा भएको कुनै वर्ण हराउने प्रवृत्तिलाई वर्णलोप प्रवृत्ति भनिन्छ। यो पनि स्वरलोप प्रवृत्ति र व्यञ्जनलोप प्रवृत्ति गरी दुवै थरी पाइन्छ।

अ) स्वरलोप प्रवृत्तिका उदाहरणहरू हुन्– उदुम्बर–डुम्री, उपाध्याय–ओझा, तृतीय–तीज, अच्छइण–छैन, पूजाकारी–पूजारी, अउर–र, अपूप–पूवा, अभ्यन्तर-भित्र, उपाध्याय–पाध्या, इत्यादि।

आ) व्यञ्जनलोपका उदाहरणहरू हुन्— उपाध्याय–ओझा, महर्घ–मँगो, दीर्घ–दीगो, मौक्तिक–मोती, क्रोश–कोस, काष्ठ–काठ, प्रहेलिका–पहेली, कर्पूर- कपूर, पानीय–पानी, बुभुक्षा-भोक, पूजाकारी–पुजारी, एगारह–एघार, दर्शी–दसी, स्थान–ठाउँ, यावत्–जब, जति, स्थिति–थिति, नवनीत–नउनी, स्पष्ट–पस्ट, प्रस्ट, इत्यादि।

कथ्य नेपाली भाषामा यो प्रवृत्ति विशेष रूपमा देखिन्छ । कास्की र पर्वतको कथ्य नेपालीमा बाट को 'ब' नै हुँदैन जस्तै— घरबाट–घराट, कहाँबाट–कहाँट आदि । फारसी भाषाबाट आएका शब्दहरूमा रहेको अन्तिम हकार नेपालीमा एक प्रकारले पूरै समाप्त भएको छ । जस्तै— फतेह–फत्ते, सहीह–सही, अल्लाह- अल्ला र ताजाह-ताजा आदि ।

ग) वर्णविपर्यास प्रवृत्ति— मूल अवस्थाका शब्दमा रहेको वर्ण क्रममा उल्टो पाल्टो पर्ने स्थितिलाई वर्णविपर्यास प्रवृत्ति भनिन्छ । संस्कृतयुगमै हिंसाबाट सिंह बनेको देखिनाले प्राचीन कालदेखि नै यस्तो प्रवृत्ति चल्दै आएको बुझिन्छ । नेपालीमा यस प्रवृत्तिका अनेक उदाहरण पाइन्छन्— मलिन–मइलो, पिशाच–पिचास, गरुड–गडुर, शक–कस (खस), प्रिय–प्यारो, यावत्–जति, वाराणसी- बनारस, लघुक-हलुका, व्रत–बर्त, कोटर–टोड्को, कर्तनी–कतर्नु, सुख–खुश, नजीक (फा) –नगीच, बिमार–विराम, मुकल्चा–मुचुल्का, इन्साफ–निसाफ, इन्तजाम–अन्तिजाम, तमगा (तुर्की)–तक्मा आदि ।

अन्य भाषाबाट नेपालीमा आउँदा मात्र होइन नेपालीबाट नेपालीमै पनि यस्तो वर्णविपर्यास निक्कै पाइन्छ । जस्तै— बाबु–बुबा, पतरी–टपरी, करोड–कडोर, ठाकठीक–ठीकठाक, कोर्को (कास्की)–कोक्रो (मोरङ) यहाँ–ह्याँ, फुस्रो (भोजपुर)–फुर्सो (पर्वत), जाउला (पोखरा)–जालाउ (भोजपुर) इत्यादि ।

घ) रूपपरिवर्तन प्रवृत्ति– मूल ध्वनिमा रहेको कुनै वर्णले आफ्नो रूप त्यागेर कुनै अर्को वर्णको रूप धारण गर्ने प्रवृत्तिलाई रूपपरिवर्तन प्रवृत्ति भनिन्छ । यसलाई चिन्न दुई भागमा विभाजित गर्नु बेश हुन्छ— पूर्ण रूपपरिवर्तन प्रवृत्ति र आंशिक रूपपरिवर्तन प्रवृत्ति ।

पूर्ण रूप ध्वनि प्रवित्ति अन्तर्गत पर्ने ध्वनिहरू ऋ, क्ष, ज्ञ, ण तथा ष हुन् । यी ध्वनिहरू तद्भव नेपाली ध्वनिमा पूर्णरूपमा परिवर्तित भएका छन् । उदाहरणका लागि– वृषभ–बसहा, मृत्तिका–मट्टी अर्धतृतीय–अढाई, पृष्ठ–पिठ्यूँ, दृष्टि–दीठ, धृष्ट–धीठ, ऋण–रिन, वृक्ष–रूख, सृजना–सिर्जना आदिमा ऋ ध्वनिको परिवर्तन भएको छ भने क्षेत्र-खेत, वृक्ष–रूख, पक्ष–पाखो, तीक्ष्ण–तिखर, साक्षी–साछी, लक्षण–लच्छिन, अक्षर–अच्छेर, क्षत्रीय–छेत्री, क्षुधा–छुद्दे क्षार–छारो, बुभुक्षा–भोक, लाक्षा–लाहा, आदिमा क्ष ध्वनिको परिवर्तन भएको छ ।

प्रत्यभिज्ञान–पहिचान, यज्ञ–जग्गे, राज्ञी–रानी, अज्ञ–अजान, आज्ञा–आग्या आदिमा ज्ञ को परिवर्तन भएको छ ।

संस्कृत तत्सम शब्दहरूको नयाँ नेपालीमा जुन ओइरो लाग्न थालेको छ त्यसबाट कृत्रिम रूपमा ण ध्वनि उत्पन्न हुन सक्ने स्थिति (अंग्रेजीबाट आएका

जनरल, कर्नेल शब्दहरूले जर्णेल कर्णेल रूप लिएको आदिबाट) छ तापनि हाल-लाई तद्भव शब्दमा ण वर्णको ध्वनि सुनिंदैन । शब्दका शुरूमा संस्कृतमा नै पनि णकार पाइन्न । अन्यत्र संस्कृतमा र प्राकृतमा प्रशस्त पाइने ण नेपालीमा पूरै न बनेकोछ । यसका उदाहरण माथि व्यञ्जनगत ध्वनि प्रवृत्ति अन्तर्गत गइसकेका हुँदा यहाँ दिइरहनु आवश्यक छैन ।

ध्वनि पनि नेपालीमा यथावत् रूपमा छैन । उदाहरणका निम्ति— षोडश–सोह्र, आषाढ–असार, महिषी–भैंसी, पौष–पुस, वृषभ–बसहा, षष्ठ–छ, भाषा–भाखा, भाका, यष्टि–लट्ठी, मुष्टि–मुट्ठी, शुष्क–सुख्खा जस्ता शब्दमा ष ध्वनि छैन ।

आंशिक रूप परिवर्तन प्रवृत्ति भन्नाले संस्कृत य तथा व ध्वनिमा हुने परिवर्तनलाई संकेत गरिएको हो– यी दुई वर्णका परिवर्तन निम्न प्रकारका देखिन्छन् ।

य–जो, यत्न–जतन, योगी–जोगी, यव–जौ, तृतीया–तीज, युद्ध–जुध्नु, द्यूत–जूवा, विद्युत्–बिजुली, मयूर–मुजूर, मा यकार अकारमा परिवर्तन भएको पाइन्छ भने मूल्य–मोल, व्याख्यान–बखान, बधू+भार्या–बुहारी, आभ्यन्तर–भित्र, सभ्य–सभ्भे आदिमा यकार देखापर्दैन । यस्तै— निम्ब–नीम, विल्व–बेल, क्वाथ–कोडा, वृद्ध–बूढो, व्याख्यान–बखान, गत्वा–गई, त्वम्–तिमी, वत्स–बाच्छो, सर्व–सब, नवल–नौलो, ज्वर–जोरो, उज्ज्वल–उज्यालो इत्यादि उदाहरणहरूले व को परिवर्तन प्रक्रिया देखाउँछन् ।

ङ) वर्णसमीभवन प्रवृत्ति–– नजीकमा रहेको अन्य वर्णका प्रभावमा परी आफ्नो पूर्ण रूप त्यागेर समीपका वर्ण सदृश बन्ने प्रवृत्तिलाई समीभवन प्रवृत्ति भनिन्छ । यो प्रवृत्ति पनि २ प्रकारको छ : स्वरगत समीभवन र व्यञ्जनगत समीभवन ।

स्वरगत समीभवन प्रवृत्तिका उदाहरण हुन्– मयूर–मुजूर, खोखला–खुकुलो, छुछुन्दरिका–छुचुन्द्रो, इक्षु–उखु ।

व्यञ्जनगत समीभवन ३ प्रकारको छ– प्रगत समीभवन, परागत समीभवन र पारस्परिक समीभवन । उदाहरणहरू क्रमशः– चक्र–चक्को, भद्र–भद्दो, सत्य–सच्चो, वत्स–वच्चो, हत्या–हत्ते, पत्र–पत्ता, सम्वत्–सम्मत् (कथ्य), अम्बा–अम्मा, जगह्–जग्गा जस्ता शब्द प्रगत समीभवनका उदाहरण हुन् । वर्तिका–बत्ती, हस्ती–हात्ती, पातसाई–पास्साई, बादशाह–बास्सा (तासको), झर्झर–झख्खर, शर्करा–सख्खर, त्यसलाई–त्यल्लाई, जसले–जल्ले, तत्लीन–तल्लीन जस्ता शब्द परागत समीभवनका उदाहरणहरू हुन् भने बादशाही बाजा–बाच्छैं·

बाला, कृशर–खिचो, मत्स्य–माछो, अद्य–आज, वत्स–बाच्छो जस्ता उदाहरणहरू पारस्परिक समीभवनका उदाहरण हुन् ।

च) वर्णविषमीभवन प्रवृत्ति–– समान ध्वनि भएका एकभन्दा बढी वर्ण एकै ठाउँमा (समीपमा) परे भने कहिलेकहीं त्यो समानता जनजिब्रोमा अडिन सक्दैन र त्यहाँ कुनै असमान ध्वनि उच्चरित हुन पुग्दछ । यो प्रवृत्ति स्वर ध्वनि र व्यञ्जन ध्वनि दुवैमा प्रायः समानरूपले पाइने गर्छ । समीभवनका झैं विषमीभवनका उदाहरणहरू पर्याप्त रूपमा पाइँदैनन् । प्रचलित स्तरीय लेखनमा नेपाली भाषालाई आधार बनाउँदा यसका नमूना झन् थोरै छन् । केही उदाहरण यस प्रकार छन्–– सुकुटे–सिकुटे, ललाट–लिलाट, मिनट–मिनेट, ढुकुटी–ढिकुरी, अपूप–अपुङ्गो, ठाठ–ठाट ।

छ) विलयको प्रवृत्ति–– मूल भाषाका एकभन्दा बढी शब्दहरू नेपालीमा आउँदा एउटै शब्द बन्ने प्रवृत्तिलाई विलयको प्रवृत्ति पनि भन्न सकिन्छ । जस्तै–– अर्घ्य + पात्र–अर्घौती, चामल + पानी–चौलानी, अर्ध + तृतीयक–अढाई, क्षेत्र + पालक–खेतालो, सप्त + त्रिंशत्–सैंतीस, सप्त + दश–सत्र, फाउन्टेन + पेन–फुल्टिन, तिर्यक् + अर्ध–टेढो, लगुड + यष्टि–लट्ठी, चक्र + वसति–चकटी इत्यादि ।

ज) उभयध्वनि प्रवृत्ति— एउटै अर्थ दिने अवस्थामा पनि बेग्लाबेग्लै ध्वनिको उपयोग गर्ने प्रवृत्तिलाई उभयध्वनि प्रवृत्ति भन्न सकिन्छ । नेपालीमा यो प्रवृत्ति पनि प्रशस्त देखिन्छ । यसलाई पनि सरलताका लागि स्वरगत र व्यन्जनगत गर्नु बेश हुन्छ । उदाहरणका निम्ति- अगेनु–अगेनो, मानु–मानो, छानु -छानो, उस्ताद–ओस्ताद, एकाइ–इकाइ, इन्तिजाम–अन्तिजाम, इस्तेमाल–इस्तमाल, कोल्टो पर्नु–कोल्टेपर्नु, डाह–डाहा, इन्तजार-इन्तिजार, इन्तजाम–इन्तिजाम, उछ्रनु–उछिृनु, निखृनु–निखिृनु इत्यादि स्वरगत प्रवृत्ति हुन् भने एघार–ग्यार, काउछो–काउसो, भान्छे–भान्से, थुन्छे–थुन्से, बन्छो–बन्सो, लच्छा–लस्सा, टट्कारो–टड्कारो, झट्को–झड्को, फट्को–फड्को, प्रकट–प्रगट आदि व्यञ्जनगत प्रवृत्ति हुन् ।

झ) वर्णसादृश्य प्रवृत्ति — अन्य कुनै शब्दको सादृश्यमा हुने ध्वनिपरिवर्तनलाई सादृश्यप्रवृत्ति भनिन्छ । यो दुई प्रकारको छ—

अ) अर्थगत वर्ण सादृश्य प्रवृत्ति— यस अन्तर्गत सम्बन्धित शब्दको खास अर्थ नबुझ्नाले वा त्यस्तै ध्वनि भएको र आफूले अर्थ सजिलै बुझ्न सकिने अर्को नेपाली शब्दका कारणले मूल शब्दको ध्वनिमा परिवर्तन भइदिन्छ । जस्तै–– जेलखाना (फा)–झ्यालखाना, पिपर्मेन्ट (अ)–पीपलमेट, इमली–अंमिली, पावरोटी–पाउरोटी, आर्म (अं)– आराम (कुर्सी) नाबालिग (फा)– नाबालक, बेगारी–बेकारी, ल्यान्टर्न–

लाल्टिन इत्यादि ।

आ) शब्दगत वर्णसादृश्य प्रवृत्ति— यसलाई व्याकरणगत सादृश्य प्रवृत्ति भने पनि हुन्छ । जस्तै — त्यहाँ–तहाँ, त्यसै–तेसै, हरीश–हरीष, मा–महाँ, आउँछ–जान्छ, रहेछ–थिएछ, आउला–जाउला, मित्र–मित्रु आदि ।

## ४. केही अन्य प्रवृत्तिहरू

माथि लेखिएका विभिन्न प्रवृत्तिहरूका अतिरिक्त नेपाली ध्वनिमा माउभाषा संस्कृत वा यसका सजातीय भाषाहरूसँग केही अरू प्रवृत्तिहरू पनि छन् । उदाहरणका लागि तल केही प्रवृत्तिहरूको चर्चा गरिन्छ—

क) संस्कृतमा तालव्य, दन्त्य र मूर्धन्य गरी तीनवटा शहरू (श, ष, स) छन् । नेपाली ध्वनिमा एउटै छ जो तालव्य ध्वनिका नजीकमा छ ।

ख) नेपाली ध्वनि प्रवृत्तिअनुसार संस्कृत वर्णमालाको निम्न लिखित वर्णहरूको ठीक उच्चारण हुन छोडेको छ— ऋ, लृ (स्वर) तथा ख, ष, क्ष, ज्ञ (व्यञ्जन) ।

ग) नेपाली ध्वनि प्रवृत्तिअनुसार यण् (य, र, ल, व) अन्तर्गत व र पवर्ग (प फ ब भ म) अन्तर्गत ब का साथै एउटा तेस्रो व पनि हुनुपर्ने देखिन्छ । यो मध्ये प्रथम व को उच्चारण उ+अ को संयुक्त रूप जस्तो अथवा स्वर जस्तो सुनिन्छ । यो व लाई तल थोप्ले दिएर तलथोप्ली व भन्ने पुरानो चलती कायम गरेर लेख्य भाषामा चिनाउन सकिन्छ । यो व लाग्ने शब्दहरू यस्ता छन्—

| आदि | मध्य | अन्त्य |
|---|---|---|
| वारेस | ह्वाल्ल | भगुवा |
| वाल्ल (अनुकरण) | ल्वात्त | डुलुवा |
| वकील | फ्वाक्कै | भडुवा |
| वास्ता | क्वाप्प | कौवा |
| वाहियात | ख्वाप्प | देखौवा |
| वाग्ले (थर) | च्वाप्प | भतुवा इत्यादि । |

पवर्गीय अर्थात् चिरेको ब लेखिने शब्दहरू तद्भव सम्पूर्ण तत्सम तर्फ बालक, बल, बाहु, बुद्धि, बलि, बिन्दु, बन्धु, बन्ध्या, बकुल, ब्राह्मण, बीज, बाह्य, बाल, बहिस्कार, बर्षा आदि केही शब्द देखिन्छन् ।

तेस्रो व जसलाई न चिरिन्छ न त तल थोप्लो नै दिइन्छ सरलताका लागि मैले सादा व भन्ने नाम दिएको छु । यो वर्ण ध्वनिगत रूपमा दुवै, बुवा, लावा,

आदि केही तद्भवमा मात्र छ । लेख्यमा भने वेद, विद्यार्थी, वध, विष्णु, विराट्, विश्व, वंचना, वज्र, वचन, वक्र, वट, वाद्य, वीर विभाग, वैश्य, वैद्य, व्याकरण, व्यवहार, देवता, सविता, अवलोकन, सर्व, नव, भाव, भव, सेवा, आदि अनगिन्ती शब्दमा पाइन्छ ।

घ) नेपालीमा पदान्तमा रहेको नामयोगीपद, क्रियायोगीपद, लुप्तसप्तमी (विभक्तिपद र क्रियापद बाहेकको), संयुक्त साँधा अक्षर आधा उच्चरित हुन्छ । जस्तै– रामबहादुरको घर कुन देशमा छ ? यस वाक्यमा रहेका पदहरूलाई राम् बहादुर्को घर् कुन् देश्मा छ ? यसरी उच्चारण गरिन्छ । तर नामयोगी पद तिर, तल, सित, क्रियायोगी पद– कपकप खायो, मरमर चपायो, लुप्तविभक्तिक त्यो पुस्तक हाम्रा घरमा छ, म दाउरा लिन वन गएको थिएँ । क्रियापद– पढ्दछ, लेख्नेछ, बस, पढ, आदिको पदान्त उच्चारण लेखिएको वर्ण झैं नै हुन्छ । सर्वनामवाची शब्द र तीबाट बन्ने शब्दमा कहिलेकहीं बीचमा पनि स्वर लुप्त हुन्छ (जस्तै– यसको, कसको, जसले, त्यसमा आदिलाई बोल्दा– यस्को, कस्को, जस्ले र त्यस्मा आदि) ।

ङ) संसारका विकासशील र जीवन्त अन्य भाषाहरूमा सरह नेपाली भाषाका ध्वनिमा पनि कठिनता वा जटिलताबाट सरलतातर्फ उन्मुख हुने प्रवृत्ति व्यापक रूपमा छ । निम्नलिखित उदाहरणहरूले यस प्रवृत्तिलाई औंल्याएका छन् ल्यान्टर्न (अं)– लाल्टिन, फाउन्टेनपेन–फुल्टिन, हारमोनियम–हार्बिन, सन्चय-समुच्चय (सं)–साँचोमुत्तो, भल्लातक–भलायो, भगिणी-बहिनी, अर्धतृतीय–अढाई, ढाई, क्षेत्रपालक– खेतालो, सर्व (सं)– सब, सप्तत्रिंशत्–सैंतीश, त्यस्तो (ने) –तस्तो इत्यादि ।

च) नेपाली भाषाले आवश्यकताअनुसार विभिन्न भाव व्यक्त गर्न एउटै मूल शब्दबाट अनेक ध्वनिहरूको आविस्कार गरेको छ । जस्तै– चक्र–चाको, चाक, चोक्रो, छोक्रो, चोक्टो आदि । भद्र–भाले, भलो, भला, भद्दा, भोला, आदि । स्थल–थाउलो, थलो, थल, थर, थली, थाले, थावल, थाला, थालिय आदि । स्थान–ठाउँ, थान्को, ठाना, थान इत्यादि ।

छ) कहिलेकहीं दुई विभिन्न ध्वनि भएका शब्दबाट एउटै ध्वनि भएका पनि बनेका छन् । जस्तै — 'पाल्नु' को पाउ लाग्नु र पालन गर्नु ।

ज) संस्कृत व्याकरणहरूअनुसार पञ्चम वर्ण (संस्कृत ध्वनिमा) अनुनासिक मात्र बोलिने बुझिन्छ तर नेपाली ध्वनिमा त्यो कुरो लागू हुँदैन । नेपालीमा ठाउँ हेरी पञ्चम वर्ण (खास गरी न तथा म) अननुनासिक र अनुनासिक दुवै ध्वनिमा प्रयुक्त हुने गर्दछन् । लेख्यमा भने संस्कृतकै अनुकरण गरेर अनुनासिक र

अननुनासिक छुट्ट्याउने कुनै विशेष चलन छैन ।

ऋ) नेपाली स्वरलाई संस्कृतमा झैं ह्रस्व, दीर्घ र लुप्त भनेर विभाजन गर्नु भन्दा ह्रस्व, अति ह्रस्व, अल्प दीर्घ, दीर्घ, अतिदीर्घ भनेर विभाजन गर्नु उचित देखिन्छ । यस्तो ध्वनि प्रवृत्ति निम्नलिखित शब्दहरूमा पाइन्छ—

ह्रस्व — बलियो, बल्नु, भन्दिन, सिपालु, ठूलो, मिठो, बुढो आदि ।

अतिह्रस्व-- केही, कोही, यही, त्यही, कहिले, उहिल्यै आदि ।

अल्प दीर्घ-- बजार्ला, फोर्ला, नजा, बाजा, भोका (अन्तिम मात्र) ।

दीर्घ-- छानबीन, पूर्व, दीर्घ, शीघ्र (प्रायः तत्सम शब्दहरूमा मात्र)

अति दीर्घ-- यस्तो उच्चारण वाक्यको अवस्था हेरेर जुनसुकै स्वरमा पनि हुने गर्छ । अति दीर्घलाई संस्कृत व्याकरण परम्पराअनुसार प्लुत ध्वनि भनिदिए बढी बुझिन्छ ।

नेपाली भाषाका ध्वनि प्रवृत्तिको सर्वेक्षण मोटामोटी मात्र हो । नेपाली भाषाको ध्वनिगत प्रवृत्तिको गहिरो अध्ययन अत्यावश्यक छ ।

□

# अंग्रेजी शब्दको नेपाली वर्णविन्यास

मोहनराज शर्मा

निर्धारित नियमबमोजिम लेख्यचिह्नमा कुनै उच्चरित भाषाको प्रतिनिधित्वलाई वर्णविन्यास भनिन्छ । यस आधारमा नेपाली लेखनप्रक्रियाबाट निर्धारित नियमबमोजिम देवनागरी लेख्यचिह्नमा उच्चरित नेपाली भाषाको प्रतिनिधित्वलाई नेपाली वर्णविन्यास भन्नुपर्ने हुन्छ । नेपाली भाषाको शब्दभण्डारमा अन्य विभिन्न भाषाका शब्दसमेत रहेकाले नेपाली लेखनमा तिनको पनि वर्णविन्यास गरिन्छ ।

नेपाली भाषाले आफ्नै भाषापरिवारका र अन्य भाषापरिवारका गरी थुप्रै स्वदेशी र विदेशी भाषाहरूबाट शब्द सापट लिएको छ ।[१] सापट लिने प्रवृत्तिको फलस्वरूप एउटा भाषाले अन्य भाषाहरूबाट जेजति शब्दहरू ग्रहण गर्छ तिनलाई आगन्तुक शब्द भन्ने चलन छ । यस गोष्ठीपत्रलाई स्वदेशी होइन विदेशी भाषाबाट नेपालीमा आएका र विदेशी भाषामा पनि अंग्रेजीबाट वा अंग्रेजीमार्फत नेपालीमा आएका आगन्तुक शब्दको नेपाली वर्णविन्याससम्बन्धी चर्चामा सीमित राखिएको छ ।

नेपाली शब्दभण्डारमा पाइने अंग्रेजी शब्दहरूमध्ये केही शब्द अनुकूलित भएर अथवा फेरिएर आएका छन्, जस्तै– Lantern/læntən/लालटीन, Clarinet/Klærinet/कलाँट आदि, तर केही चाहिँ जस्ताका तस्तै पनि आएका छन्, जस्तै Bus/bʌs/बस, Line/lain/लाइन आदि । उपर्युक्त दुई खालमध्ये दोस्रा खालका अंग्रेजी शब्दको नेपाली वर्णविन्यासबारे यसमा विचार

---

[१] जस्तै युराल–अल्टाइ भाषापरिवारको तुर्कीबाट, अस्ट्रिक परिवारको मुण्डाबाट, जापानी कोरियाली परिवारको जापानीबाट, सेमेटिक परिवारको अरबीबाट, टिबेटोबर्मन र इन्डो–युरोपियन परिवारका धेरै भाषाहरूबाट आदि ।

गरिएको छ । साथै यो पत्र दोस्रा खाले शब्दको नेपाली वर्णविन्यास कसरी गर्ने भन्ने भन्दा कसरी गरिन्छ भन्नेतर्फ बढी उन्मुख रहेको छ ।

अंग्रेजीबाट नेपालीमा मनग्गे शब्द आएका हुंदा र प्राविधिक शब्दका रूपमा अझै पनि थुप्रै शब्द धमाधम आउँदै गरेका हुँदा तिनको वर्णविन्यासतर्फ दृष्टि दिनु आवश्यक र उपयोगी देखिन्छ । यस्ता शब्दको वर्णविन्यासका सम्बन्धमा नेपालीमा अझै पनि विशेष छानबीन नभएको तथ्यले समेत प्रस्तुत गोष्ठीपत्रको औचित्यलाई सिद्ध गर्छ ।

नेपाली लेखनको पहिलो आधिकारिक स्तरीकरण १९९१ मा ने. भा. प्र. स. ले गरेको गरेको देखिन्छ । चन्द्रिकाका आधारमा ने. भा. प्र. स. द्वारा निर्मित एवं प्रकाशित र तात्कालिक शिक्षा विभागद्वारा शैक्षिक एवं अन्य क्षेत्रमा लागू गरिएको सानो पुस्तिका नेपाली कसरी शुद्ध लेख्ने ? (नेकशुले) मा नेपाली वर्णविन्यास-सम्बन्धी नियमहरू सङ्कलित छन् । नियमहरूको यो सङ्कलन ज्यादै लघु भएकाले यसले वर्णविन्यासका समस्त क्षेत्रलाई ओगट्न सकेको छैन तापनि नेपालीमा वर्णविन्यासात्मक नियमहरूको एक मात्र आधिकारिक सँगालो यो नै भएको हुँदा र अहिलेसम्म पनि जे जस्तो रूपमा भए पनि मानककै रूपमा स्वीकारिएको हुँदा नेपाली लेखनका क्षेत्रमा यसको निकै महत्त्व देखिन्छ ।

'नेकशुले' मा अंग्रेजी शब्दको नेपाली वर्णविन्यासका सम्बन्धमा छुट्टै वा स्वतन्त्र नियम वा व्यवस्था छैन । यसमा सामूहिक रूपमा यावत् आगन्तुक शब्दबारे के भनिएको छ भने– 'जुनसुकै भाषाबाट हाम्रो भाषामा मिल्न आएका तत्सम (जस्ताको तस्तै) शब्द उही भाषाको अनुसार प्रयोग गरिन्छन्, जस्तै ... बूट... ।'

उपर्युक्त नियममा प्रयुक्त 'उही भाषाको अनुसार' भन्ने शब्दावलीको तात्पर्य 'उही भाषाको उच्चारणअनुसार' हो अथवा 'उही भाषाको लेखनअनुसार' हो भन्ने खुलस्त हुन सकेको छैन । उदाहरणमा आएको अंग्रेजी शब्द 'बूट' ले पनि तात्पर्य स्पष्टयाउने दिशामा कुनै सघाउ पुऱ्याउन्न । 'बूट' शब्दमा रहेको स्वनिम /उ/ अंग्रेजी उच्चारणमा दीर्घ हुने र त्यसको अंग्रेजी वर्णविन्यास प्रयुक्त लेखिम (oo) ले पनि सामान्य दीर्घकै संकेत दिने हुँदा सो शब्दको नेपाली वर्णविन्यास उच्चारणका आधारमा गरिएको हो अथवा लेखनका आधारमा गरिएको हो भन्ने छुट्टिदैन । यस अवस्थाले गर्दा अंग्रेजी आगन्तुक शब्दको नेपाली वर्णविन्यास गर्ने लिखित र उपयुक्त आधार प्राप्त हुन नसकेको देखिन्छ । फलस्वरूप निम्नलिखित आधारमध्ये कुनै एकबमोजिम केही अंग्रेजी शब्दको र कुनै अर्कोबमोजिम अर्का केही शब्दको नेपालीमा वर्णविन्यास गरिएको पाइन्छ ।

१) लेखन– केही शब्दको नेपाली वर्णविन्यास अंग्रेजी लेखनका आधारमा गरिन्छ, जस्तै–

नेपाली वर्णविन्यास/ अंग्रेजी लिखितरूप/ अंग्रेजी उच्चारितरूप
इञ्जिनीयर Engineer/endziniə/
भोलन्टीयर Volunteer/vələntiə/
गभर्नमेन्ट Government/gʌvəmənt/
ग्यालेरी Gallery/gæləri/
गिलोटिन Guilotine/gilətiːn/
पार्लियामेन्ट Parliament/pa:ləmənt/
बिस्कुट Biscuit/biskit/ आदि ।

२) उच्चारण– केही शब्दको नेपाली वर्णविन्यास अंग्रेजी उच्चारणका आधारमा गरिन्छ, जस्तै–

ब्लड Blood
ब्याङ्क Bank
बुक Book
क्याटलग Cotalogue
डबल Double
फस्ट First
जिप्सी Gipsy
गजेट Gazette
क्लोरोफार्म Chloroform
क्राइष्ट Christ आदि ।

जूनियर Junior
डिजाइन Design
फ्यूज Fuse
पेज Page
शर्ट Shirt
साइनबोर्ड Signboard
स्पन्ज Sponge
रिट Writ
साइकोलजी Psychology

३) दुवै– केही शब्दको नेपाली वर्णविन्यास अङ्ग्रेजी उच्चारण र लेखन दुवैका आधारमा गरिन्छ ।

बुक/बूक
फस्ट/फर्स्ट
टिकेट/टिकिट
पकिट/पाकिट/पकेट/पाकेट

स्वेटर/स्वीटर
भोलन्टियर/भोलन्टीयर
टुर/टूर
टमस/थोमस आदि ।

घ) स्वेच्छया– केही शब्दको नेपाली वर्णविन्यास अङ्ग्रेजी उच्चारण र लेखन दुवैको आधार नलिई स्वेच्छया गरिन्छ, जस्तै–

बैंक बङ्क; अप्रेसन; ग्रोज; हाई; टाई; निमोनिया आदि ।

माथिका विभिन्न आधारबमोजिम वर्णविन्यास गरिने हुँदा अधिकांश अंग्रेजी शब्दको नेपाली लेखनमा अनेकरूपता आएको देखिन्छ, जस्तै– बुक/बूक, हल/हाल, डक्टर/डाक्टर, बङ्क/बैंक/ब्याङक, पकिट/पाकिट/पकेट/पाकेट आदि । निराकरणात्मक दृष्टिकोणबाट माथि उल्लिखित (१) आधारतर्फ हेर्दा लिखितअनुरूप उच्चरित हुने अंग्रेजी शब्दहरूको नेपाली वर्णविन्यासमा कुनै समस्या नहुने देखिन्छ, जस्तै– स्टूल, स्टील, पूल, टाइम, रेट आदि । तर लिखितअनुरूप उच्चरित नहुने शब्दमा चाहिं समस्या पर्ने, देखिन्छ, किनभने बुक, रिट, ब्लड, बम, जिप्सी, क्राइष्ट, साइनबोर्ड आदिको नेपाली वर्णविन्यास अङग्रेजी लेखाइका आधारमा गर्दा बूक, व्रिट, ब्लूड, बम्ब, गिप्सी, च्रिस्ट, साइग्नबोर्ड आदि भएर यथार्थदेखि टाढिन जान्छ । अङग्रेजी शब्दको उच्चारण र त्यसको देखाइमा प्राय: ठूलो अन्तर पाइने हुँदा यस आधारमा जस्ताका तस्तै सबै आगन्तुक अङग्रेजी शब्दको ठीक नेपाली वर्णविन्यास नहुने कुरो स्पष्ट छ । साथै अंग्रेजीमा अनुच्चरित /r/ हुने शब्दको नेपाली वर्णविन्यासमा नम्ब, पेप, का, मोट, काटून गर्दा यिनले अत्यधिक प्रचलित नम्बर, पेपर, कार, मोटर, कार्टूनलाई स्थापना गर्न ज्यादै नै गाह्रो देखिएकाले उपर्युक्त (१) आधारलाई पूरै छाड्न पनि नमिल्ने देखिन्छ ।

आधार (२) बमोजिम अङग्रेजी शब्दको नेपालीमा वर्णविन्यास गर्दा ती आगन्तुक शब्दमा कुनै समस्या नउठ्ने देखिन्छ जसमा नेपालीका अनुकूल वा नेपालीमा भएका ध्वनि छन्, जस्तै– कोट, कोटा, चेक, बस, ड्रामा, ट्रेन, कार, नर्स, स्नो, कम्पनी आदि । तर नेपालीमा भएका वा अनुकूल पर्ने ध्वनि र लेख्यचिह्न पनि नहुने अङग्रेजी शब्दको यस आधारमा वर्णविन्यास गर्न अप्ठ्यारो परी तद्रूप लेखन नहुने र बहुरूपता उत्पन्न हुने देखिन्छ । जस्तै– हल/हाल, बल/बाल, डक्टर/डाक्टर, मजिस्ट्रेट / मेजिस्ट्रेट / म्याजिस्ट्रेट, कलेज/कालेज, कलर/ कालर, अफिस/आफिस, जज, फादर आदि । यसको समाधान आवश्यक लेख्यचिह्न थप्दा नहुने होइन, तर यसो गर्दा आफ्नो भाषामा नभएका ध्वनिका निमित्त लेख्यचिह्न थपेर अतिरिक्त भार बोक्नुपर्ने हुन्छ ।

अंग्रेजी शब्दको नेपाली वर्णविन्यासका (३) र (४) आधारहरूचाहिं प्रत्यक्षत: अवैज्ञानिक र बहुरूपताका जनक भएकाले विचारणीय देखिन्नन् ।

अहिलेसम्मको चर्चाबाट नेपाली लेखनमा अंग्रेजी आगन्तुक शब्दको समुचित स्तरीकरण नभएको तथ्य उद्घाटित हुन्छ । स्तरीकरणको अभावले गर्दा अंग्रेजी आगन्तुक शब्दको नेपाली वर्णविन्यास गर्न झोंज भए तापनि यो समस्या आगत्यति गम्भीरचाहिं देखिंदैन । वैज्ञानिकता र व्यावहारिकताका आधारमा आग-

न्तुक शब्दको कुनै एक रूपलाई स्थिर गर्दा यो समस्या निख्रिने देखिन्छ । यसका निमित्त अंग्रेजी शब्दहरूको नेपाली वर्णविन्यास उपर्युक्त विभिन्न आधारमा नगरेर कुनै एक आधारमा गर्नु वाञ्छनीय छ । भाषा मूलतः उच्चरित हुने र लेखनले त्यसलाई रूपान्तरित मात्र गर्ने हुँदा यथासम्भव उच्चारणका आधारमा वर्णविन्यास गर्नु आवश्यक र उचित देखिन्छ । यस आधारलाई ग्रहण गर्दा केही थप लेख्य चिह्नको व्यवस्था गर्नुपर्ने देखिन्छ, तर थप चिह्नको संख्या बढाएर अतिरिक्त भार बोक्ने हो अथवा नेपालीमा प्राप्य निकटतम ध्वनि र लेख्य चिह्नलाई नै सोका निमित्त निर्धारित एवं स्थिर गर्ने हो भन्ने कुरो विचारणीय छ ।

□

# नेपालीका भाषिका र तिनका ध्वनि–प्रवृत्ति

पूर्णप्रकाश नेपाल 'यात्री'

## १. विषयप्रवेश :

प्रस्तुत कार्यपत्रको मूलभूत उद्देश्य मुख्यतः नेपाली भाषाका अनेक प्रकृतिको वैज्ञानिक तरीकाले स्थलगत अध्ययन र सहभागी अवलोकन गर्नुपर्ने औचित्य दर्शाउने र तत्सम्बन्धी समस्या केलाई समाधानको उपाय पत्ता लगाउनमा रहेको छ। यसरी प्रयोजनको सिर्जना गरी अध्ययन अनुशीलन गर्नुपर्दा लोकव्यवहारमा कायम रहेका विभिन्न भाषिका एवं उपभाषिका र तिनका ध्वनि–प्रवृत्ति सम्बन्धी प्रश्न मुखर हुनु स्वाभाविक हो। अतएव यथोपलब्ध प्रकृतिको अध्ययन अवलोकन परिशीलन र मनन गर्नाके अवान्तर प्रसंगहरूलाई केलाएर भाषाको वर्चस्वमा एकरूपता कायम गर्न सघाउ पुग्न सक्छ ।

प्रयोजन सिर्जना गरी कार्यान्वयन गरिएको खण्डमा नेपाली भाषाको गहन समृद्धि द्रुततर बढेर जाने क्रियमाण सत्यलाई सोझै नकार्न सकिंदैन। त्यसउसले प्रस्तुत कार्यपत्रमा मेचीदेखि महाकालीका बीच बोल व्यवहार गरिने राष्ट्रभाषा नेपाली अनेक शैलीको मौजुदा परिस्थितिमा कति प्रकारका ध्वन्योच्चारण प्रवृत्ति सक्रिय छन् त्यस सम्बन्धमा मनाक विवेचना गरी मानक रेखांकनको आवश्यकतातर्फ संकेत गर्नुपर्ने अनुभव हुन आउँछ।

विगत दशकमा सम्पन्न गरिएका भाषासम्बन्धी ऐतिहासिक अन्वेषण एवं भाषिक र भूगोल सर्वेक्षणको आधारमा गर्न सम्भव भएका लाभदायक अध्ययन अनुभव तथा पूर्ववर्ती भाषाविद् विद्वान्हरूका मतानुसार रेखांकन गरिएका शैलीगत सीमाबद्धताबीच देखापरेका भिन्नताहरू अनि ध्वनिगत भिन्नता र स्वराघातका बीच पर्याप्त अन्तर छ भन्ने इदमित्थम् सत्यता मनन गरेपछि यसको प्रयोजन कति समयानुकूल हुन जाला स्वतः स्पष्ट हुन सक्छ।

वस्तुतः यस्ता प्रयोजनको औचित्यबोध पूर्ववर्ती भाषाचार्यहरूमा भएकं थिएन भन्ने भनाइ कदापि होइन त्यसो त अवधि सीमित साधन र सीमित सुविधा-

को अपेक्षा कतिपय मूर्धन्य भाषाशास्त्रीहरूका गुरुतर योगदानहरू सर्वथा अविस्मरणीय रहेका छन् भन्न सहजै सकिन्छ । त्यसो भए तापनि कतिपय कारणले गर्दा समयका गतिसँग हातेमालो गर्न पछि परिएको अनुभव नहुने होइन । अतएव यसै प्रसङ्गमा व्यतीत आन्तस्करण त्यति समयानुकूल हुन नसक्नेतर्फ पनि कदाचित् स्मरण नहुने होइन बरु क्रियान्वित अध्ययन अनुशीलनहरू लोकजीवनमा यथासमय किन समन्वित हुन सकेनन् त्यस सम्बन्धमा विचार गर्नु लाभदायक हुन सक्छ ।

पूर्वाचार्यहरूका मतअनुसार भाषिक विभेदका प्रकृति मनन गर्दा पनि समयको मागअनुरूप अरू केही फराकिलो पार्नुपर्ने खण्ड देखिएको छ । पूर्ववर्ती विभाजनको प्रकृति मौजुदा परिस्थितमा पर्याप्त हुन संभव छैन । प्रजातन्त्रोत्तर नेपालमा तीव्ररूपमा बढेको जनघनत्व एवं बसाइँ-सराइको चापभन्दा धेरै पहिले नै गरिएको रेखाङ्कनले अब भाषाको बढ्दो प्रभाव रोक्न नसक्नु कदाचित् आश्चर्य मानिने खण्ड पर्दैन ।

पूर्ववर्ती प्रकृतिको रेखाङ्कन यस्तो छ– नेपाली भाषाका भाषिक विभेदहरू पूर्वेली, माझाली, ओरपच्छिमा, सकपच्छिमा एवं परपच्छिमा (द्रष्टव्य: राष्ट्रभाषा)। निस्सन्देह यी विभेदहरू केही दशक पूर्वसम्म अवश्य उपयुक्त मानिएका थिए। स्पष्टत: यस विभाजनले पाँच प्रकृति स्वीकार गरेको देखिन्छ । यस वर्गीकरणको आशयले पनि पुनरवलोकनको औचित्य दर्शाएको अनुभव गरिन्छ । पच्छिमा विभेदभित्रै अनेक भाषिक प्रवाह अस्तित्वमा आइसकेका छन् । अर्थात् उक्त नवोन्मेषको प्रत्याभूतितर्फ मनाक विवेचना गरी बैतडेली भाषिका, मार्माली भाषिका, दक्षाङ्ली भाषिका, डोटेली भाषिका, अछामेली भाषिका, हुम्ला-बारथपाली भाषिका, सिजाली केन्द्रीय भाषिका, जुम्ली भाषिका, चौधवीसदराली भाषिका, डोलपाली भाषिका, सिम्ताली भाषिका, खशानी भाषिका, महिकोटे भाषिका, रोलपाली भाषिका, मझाली भाषिका इत्यादि अनेक भाषिक एवं उप-भाषिक भेद नामकरण गरेर मात्र परपच्छिमा भेद मान्नु युक्तिसंगत हुनेछ । यसमा सिजाली र जुम्ली भेदलाई अलग अलग देखाउनु र चौधवीसदराली, डोलपाली, सिम्ताली, खशानी, रोलपाली र महिकोटे जस्ता भेद उपभेद समेत परपच्छिमा भेदमा गाभी मूलत: सल्यानी भेदको नाम खशानी राख्नुको कारण ध्वनितात्त्विक अध्ययनको ऐतिहासिक सारांश केलाउन सजिलोको लागिमान्नु परेको हो ।

पूर्वोक्त बाह्रभन्दा बढी भेद देखाए तापनि यसभित्र अनेक उपभाषिक भेद देखाइएको छैन । किनभने नेपालको पश्चिमी तराईमा महाकाली र राप्ती नदीका बीचमा लागू गरिएका सफल पुनर्वास आयोजनाहरू नवोन्मेषका जनक बनेका छन् ।

कारण उक्तक्षेत्रमा बसोबास गराइएका नेपाली भाषाका वक्ताहरू नेपालका प्रत्येक उपभाषिक समुदाय र जनजाति भाषाका वक्तामध्येबाट समाहित गराइएका र नेपालबाहिर भारत वर्मा लगायत अनेक देशावरबाट फिर्ता गराइएका प्रवासी नेपाली परिवार समेतको सम्मिश्रण रहेकोले तिनका संसर्गबाट नवसिर्जित भाषिक भेद पूर्वोक्त कुनै भेदसँग सामंजस्य राखोइन भन्ने ठनाइ प्रबल छ । हरेक दृष्टिकोणबाट अवलोकन गरी मनन गर्दा उक्त भाषिक प्रवाह नितान्त नौलो र आत्मनिर्भर हुन सक्छ ।

परपच्छिमा भेदबाट पूर्व लागेपछि पर्दछ मझपच्छिमा भेद । यस प्रस्तोताका अध्ययन अनुभवमा खशानी भेद र जुम्ली भेद अन्तर्गत पर्ने बढी जसो उपभाषिक भेदहरू मझपच्छिमा भेदतिर पर्दछन् । किनभने बझाङेली भेददेखि पर्वते भेदका बीचको व्यापक क्षेत्र जुम्ली भाषिका र खशानी भेदपूर्व कृष्णागण्डकी र नारायणी नदीका प्रवाहद्वारा वेष्टित चुरे तथा महाभारत पर्वत शृङ्खलाबीच पच्छिमा भेदतिर भन्दा मझपच्छिमा भेदतिर बढी नजीकिन खोजेको छ । अतः यस प्रकारका भेद उपभेदको राम्ररी ख्याल गरी जुम्ली खशानी, पर्वते माझाली इत्यादि भेद निश्चय गर्नु समयोपयोगी हुनका साथै भाषा समृद्धिमा अद्‌भुत बल मिल्न सक्छ । वस्तुतः उक्त प्रत्येक भाषिक प्रवाहको अस्तित्व पृथक् देखा परेकै आधारमा पूर्वोक्त परवर्ती मान्यता बुढिँदै गएको अनुभव गरिएको छ । अतएव दैलेख पूर्वको भाषिक प्रवाह, ध्वनिगत भिन्नता, शब्द निपात एवं शैलीको मौलिक प्रकृति एक बाटो भएर कास्की पर्वत क्षेत्रसँग साँध लगाउन पुगेको छ भने तराई-माझखण्ड-राप्ती नारायणी नदीका बीचको भागमा बोल व्यवहार गरिने शैली र ध्वन्यात्मक प्रकृति आफ्नै मनमा विकसित हुँदै बढेका छन् ।

यसपछि पच्छिमा भेदको चहारीमा कृष्णागण्डकीदेखि पूर्वतर्फ लागिन्छ । गण्डकी र मादीका बीचको पश्चिमेली भेद उत्तिकै सशक्त अनुभव गरिन्छ भने मादी र तादी, तादी र त्रिशूलीका बीचमा बोलिने शैली र ध्वनि उच्चारण अरू भेदभन्दा नितान्त भिन्न रहेको अनुभव गरिएको छ । त्यस्तै तराईमा नारायणी र कोशी नदीका बीचको भेद र कोशी मेचीका बीचको भेद एक अर्कासँग मेल राख्दैनन् भने मध्य पहाडमा पनि काठमाडौं उपत्यका र त्रिशूली औ सुनकोशीका बीचको भेद भिन्न छ । त्यसरी नै कोशी र अरुणको बीचको भेद र अरुण पूर्वको शैलीमा पनि प्रशस्त भेद छ ।

यसरी नेपाल अधिराज्यका विभिन्न खण्ड उपखण्डमा बोल व्यवहार गरिने विभिन्न भाषिक एवं उपभाषिक भेदमाथि दृष्टिपात गरेपछि यतिका भाषिक भेदको मौलिक प्रकृति र ध्वनितात्त्विक प्रवाहका अन्तर अवान्तरको विश्लेषण नगरीकन

निश्चय नै अपेक्षित विषयमा आशानुकूल उपलब्धि फलित हुन गाह्रारो छ। त्यस कारण उक्त विभिन्न भाषिक भेद तथा ध्वन्यात्मक प्रवाहको ईहाविहीन इयत्तामाथि मनन विश्लेषण गरी शब्द शब्दार्थ र अर्थान्तर केलाई भाषिक कोश निर्माण गर्न र त्यसका आधारमा आधिकारिक निकायबाट सर्वमान्य निर्देशिका तयार पार्न सर्वप्रथम ध्वनितत्त्व अध्ययन अनुशीलन हुनुपर्ने औचित्य देखिन आएको छ।

## २. शैलीगत भिन्नताको झलक

(क) **बैतडेली भाषिका:** 'घरमाइँ सम्पत्ति होइबरिलै देवीरमण चेलाचेली नाइँथ्या। सन्तान होइझान् भणिबरें अनेक उपाय अऱ्यो, चौंपातो चिण्यो, बाटो गाड्यो, पोऽरका वरिष हरिवंश पुराण लाइहाल्यो तैंबरिलै सुभद्राखि कोख सफल नाइँ हुन् सकी।'

यस शैलीका उपभाषिक भेदमा मार्मालो र स्वराडी पर्दछन्। भाषिक समूहको पूर्णरूप तयार भएपछि यस भेदको टडकारो रूप देखन र अध्ययन मनन गर्न सकिन्छ। यस शैलीका वक्ताहरू विशेषत: कंचनपुर जिल्ला बाहेक बाँकी भाग बझांगेली र डोटेली शैलीहरू निकट सम्बन्ध राख्दछन्।

(ख) **डोटेली भाषिका:** 'घरमुइँ सम्पत्ति होइवर देवीरमण चेलाचेली आछिन। चेलाचेली होइझालान् भनिवर अनेक उपाय अरिहाल्या, चौतारो चिन्या, बाटो काट्या, पोरैंका साल हरिवंश पुरान लाइहाल्या जरमपत्ति तवयातब्वैं सुभद्राको कोख सफल नाइहुन् सकि वः'

यो शैली पूरै डोटीको जनजीवनमा प्रयोग हुन्छ। यस भेदका निकट बझांगेली भेद र अछामी भेद पाइन्छन् तर बझांगेली भेदमा जुम्ली निपातको बहुलता र हुम्ला-बारथपाली शैलीको प्रबलता रहेको र अछामी भेदचाहिं भाषिक भेदमा बलियो रहेकोले अछामको बूढीगंगा पश्चिम भागमा मात्र डोटेली भेदको आंशिक प्रभाव पाउन सकिन्छ। तसर्थ डोटेली भाषिकाअन्तर्गत उपभाषिक भेद अध्ययन गर्न डोटीको बोगटान र शेरा जोरायलतर्फ नियाल्नुपर्छ।

(ग) **हुम्ला-बारथपाली भेद:** 'घरौंडो भौति खम्पत्ति भापन देवीरमणकि चेलाचेली नाइंथिन्। खन्तान हुन्ना भनि खुच्या मैथ गुअऱ्या चौयाग चिन्या, बाटो काट्या, पोरैंका बवख हरिवंछ पुरानलाई वत्त बह्या तप्पन छुभछाको कोख फुटिन।

यो शैली केन्द्रीय शैलीका आत्यन्तिको भेदमा आश्रित रहेकोले केन्द्रीय भेदको अध्ययन अनुशीलनसँगै उपभेदमा मननीय हुन आउँछ। तथापि यस उपभेदको अध्ययन औचित्य रासकोटी उपभेदसँग लिंदा पनि खास अनर्थचाहिं हुँदैन। यस

पछि केन्द्रीय शैलीको जीवन्तता सर्वमान्य रहेकोले त्यसतर्फ अध्ययन गर्न परवर्ती प्रयत्न नै पर्याप्त हुने कुरा मनन गरी जुम्लीभेदको चौधबीसदरामा बोलिने शैलीको सानो उदाहरण प्रस्तुत गर्नु उपयुक्त हुने ठान्दछु–

(घ) चौधबीसे भेद : 'दैव, घरौंडो उचकाचकी छम्पत्ति भैपन औ देवीह्मना टोक्याटोकी नाइहुन्ना छन्तान होइङान्ना भनी खुच्या औ मैथन गाड्या, चौथाग अड्या परिख हरिवंछ पुरान अन्या तप्पन छुभछाकी फूल फुलिन ।'

रासकोटी भेदमा 'यहाँ' को सट्टा 'न्याँ' बोलिन्छ भने जुम्ली भेदमा 'हिँथि' बोलिन्छ । जुम्ली भेदमा 'खमधि आयाका छिया खराद्धेतक बट्टिङान्ना भनि खुच्यौं औ बाइग्या' भनिने अस्पष्ट शैलीको अनुवाद यस्तो हुन्छ– सम्धी आएका थिए श्राद्धसम्म बस्लान् भनी सोचेका थियौं, गइहाले ।

बझाङ्गे भेददेखि जुम्ली भेद डोल्पा दुनैसम्म र अछामी भेददेखि सिम्ताली रोल्पाली भेदसम्म पनि 'बाइ' प्रत्यय र 'द' 'दे' 'देत' निपात लाग्दछ । त्यसै हिसाबले शैलीको भेद अध्ययन मनन गर्न सकिन्छ ।

परवर्ती आचार्यहरूले सल्यानी भेदलाई खशानी भेदमा स्थापित गर्नुभएको छ । यो स्थापना भाषिक भूगोल र वक्ताभेद आदि कारणले मनासिब लाग्दछ । यस भेदको मुख्य विशेषता हो शब्दको प्रथम वर्णमा आउने 'ड' ध्वनि 'र' ध्वनिमा प्रयोग हुनु । त्यस्तै क्रिया मध्यगत 'ए' ध्वनि 'इ' मा प्रयोग हुनु र क्रिया मध्यगत 'उ' ध्वनिको पूरै लोप हुनु । निम्न उदाहरण मननीय हुन आउँछ– सपुरै जोगे बुरा घोरामा आन्छु भन्थ्यो छकाल बितिसक्यो आइन, देत आव क्या अन्या हो ।

विस्तारका भयले सबै भाषिक उपभाषिक भेदको नमूना दिन सम्भव नहुने र परवर्ती विद्वान्हरूका सत्प्रयासले अछामी भेद, सिम्ताली भेद, माझाली भेदको इतिवृत्त केलाइएको हुनाले यसअगाडि पर्वते भेदको एक नमूना मनन गर्नु आवश्यक छ ।

(ङ) पर्वते भाषिका : 'घरैंथि सम्पत्ति भैकन पनि देवीरमण अपुतं रहे । सन्तान भैजालान् भन्ने संझेर अनेक उपाय अरे, बरपीपल लगाए, चौतारी बनाए, बाटो खनाए, सिंढी चिनाए, पोहोर मात्र हरिवंश पुराण लगाए तैपनि सुभद्राको कोख उज्यालो हुन सकेन ।'

(च) भोजपुरे भाषिका : घरमा त्यतिको ओैलाधौला भइकन पनि देवीरमण निसन्तान थिए । सन्तान होलान् भनी ठानेर वरपीपल रोपे, चौतारो चिने, फलैंचा बनाए, लाखबत्ती बाले, पोहोर साल हरिवंश पुरान सुने त्यति हुँदा पनि सुभद्राको काख-पोल्टो रित्तो रह्यो ।'

शैलीगत भिन्नताका केही प्रवाहको मनन गरेपछि यी नमूनाले अध्येतालाई ध्वनितत्त्वको समग्र अध्ययन अनुशीलन गर्न उत्प्रेरित गर्दछन् । त्यस प्रयोजनको लागि यहाँनेर यिनै भाषिक भेदमा आश्रित केही निपातको उल्लेख गर्नु राम्रो हुनेछ। त्यसो नगरीकन स्तरीय शैली स्थानीय शैली र केन्द्रीय शैलीका बीचको अन्तर कति टाढा छ त्यसको अनुमान लगाउन सकिँदैन। साथै नाम लिइएका भाषिक भूगोलका सीमाबद्धताभित्र बोलव्यवहारमा कायम रहेका शैलीमा भाषाविद्‌हरूद्वारा परिवर्ती नामकरण गरिएको छ, स्तरीय शैली र केन्द्रीय शैली त्यस प्रयोजनको स्पष्टता नहुन सक्छ। कतिपय समृद्ध भाषिक समूहबाट पूर्व मध्यपश्चिम र पूर्वभेकका एक एक शैली लिनुको तात्पर्य ध्वनिगत भिन्नता केलाउन सजिलाको लागि हो । त्यसबाहेक स्तरीय शैलीको अभिमानमा प्रमाणित हुन छट्‌पटिएका शैलीको प्रकृति छुट्ट्याउनाका लागि समेत सजिलो बाटो पाइने अपेक्षा रहन्छ ।

ध्वनितत्त्वको अध्ययन गरी निर्णायक मानक तयार नपरेसम्म समान्तर विवादको रूपमा रहिरहन सक्छ किनभने मानकको अभावमा कुनै पनि भाषिका वा उपभाषिकाको पहुँच विस्तारको रेखाङ्कन स्पष्ट हुनसक्छ । यस्ता विवादले गर्दा शब्द निपात र शैली निरूपणको रूप आशानुकूल स्पष्ट हुन सक्तैन। नेपाली भाषाका निपातका जनक उल्लिखित सबै जसो भाषिकाहरू पर्दछन् भन्दा कदाचित् द्विविधा रहँदैन त्यसो हुँदा ध्वनिप्रवाह, वाक्यगठन औ शैलीमा प्राञ्जलता आ-आफ्नै हिसाबबाट समृद्ध छन् । यी सब गतिविधिमाथि दृष्टिपात गरेपछि सर्वप्रथम यकीन हुन उपर्युक्त शैलीप्रवाहमा पर्दछ– ती भाषिकाहरूको सोझो सम्बन्ध केन्द्रीय शैलीसँग छ कि स्तरीय शैलीसँग त्यति स्पष्ट हुँदैन ।

## ३. शैलीभेद र निपातहरू:

वस्तुतः अपेक्षित निकटताचाहिं केन्द्रीय शैली र स्तरीय शैलीका मध्यबिन्दुमा हुनु शोभनीय हुनसक्छ। त्यसउसले पूर्व पुष्पिकामा स्थानीय शैलीको उल्लेख गरिएको हो। स्तरीय शैलीका मानक केन्द्रीय शैलीमा भिज्न सक्ने र केन्द्रीय शैलीका उत्पादन स्तरीय शैलीमा पथी हुने माध्यमका रूपमा स्थानीय शैलीकै महत्त्व रहन्छ। यसको दृष्टान्तका लागि मननीय केही निपातहरू–

त ता; ल लौ; प पो; जन झैं; द दे; वतु वरु ।

यी निपातको प्रयोग एकै शैलीमा सर्वथा सम्भव छैन । अपवादको रूपमा त र ता ल र लौ कसै कतै सरीबरी प्रयोग भएको पनि पाउन सकिन्छ। त्यसको कारण हुनसक्छ अद्यावधि भाषाको प्रयोगमा पूर्वचर्चाअनुसार एकरूपता आउन नसकी द्विविधा रहेकोले विद्यमान परिस्थितिमा दुइ प्रयोग देखिएको। 'त' वहुल शैलीमा 'ता'र 'ता' बहुल शैलीमा 'त' को प्रयोग 'दुइ' र 'दुई' जस्तै द्विविधामा पाइ-

एको छ । 'ल' र 'लौ' को बीचमा कतैकतै 'लु' वा 'लू' को प्रयोग पनि पाउन सकिन्छ तैपनि तेस्रो प्रयोग त्यति व्यापक छैन ।

पूर्वेली भाषिकामा 'त ता', 'ल लौ' निपात लोकप्रिय भए जस्तै पच्छिमा, मझपच्छिमा र परपच्छिमा भेदमा 'द' 'दे' जस्ता निपातहरू बढी लोकप्रिय छन् । जुन भेदमा त्यस्ता निपातको प्रयोग बढी छ त्यस भाषिकामा 'बरु' संयोजिकाको सट्टा 'बतु' प्रयोग हुन्छ भने 'प' 'पो' 'जन' 'फैं' जस्ता प्रयोग पनि समान्तर स्थितिमा पाइन्छन् । मझपच्छिमा भेदमा 'त' निपात 'प' भएको छ र क्रमिकरूपले 'द' मा परिणत हुँदै पूर्व बढ्दछ । 'पो' को प्रयोग अनुकरणमा जीवन्त छ भने 'फैं' को प्रयोग केन्द्रीय शैलीमा 'जन' भएको छ । त्यसउसले यहाँनेर स्पष्ट गर्नु कर्तव्य भएको छ । 'त' को सट्टा 'प' र 'लौ' को सट्टा 'द' अथवा 'दे' अनि 'बतु' प्रयोग हुने शैलीमा 'गर्' धातुको ध्वनि 'अर' मा प्रयोग गरिन्छ । ध्वन्यन्तर अध्ययन गर्ने क्रममा त्यसरी 'ग' ध्वनिको प्रयोग 'अ' ध्वनिमा जीवन्त पाउन सकिन्छ ।

अल्पप्राणीभूत प्रयोग स्वराधृत हुनु केन्द्रीय शैलीको विशेषता हो । स्वरमध्यगत ध्वनि लोप र परिवर्तित प्रयोगका बारेमा पहिले चर्चा भएकै छ । साथै स्थानीय शैलीमा बहुधा प्रयोग हुने अल्पप्राणीभूत ध्वनिको सट्टा महाप्राणीभूत भएको छ । त्यसैले यो समस्या केवल 'ग' ध्वनि र 'अ' ध्वनिको नभएर यसप्रकारका भेदभित्र अरू अनेक विभेदहरू अध्ययन गरिन्छन् । 'ब' ध्वनिको प्रयोग 'भ' ध्वनिमा 'प' ध्वनिको प्रयोग 'फ' ध्वनिमा 'स' ध्वनिको प्रयोग 'ह' ध्वनिमा 'य' ध्वनिको प्रयोग 'न' ध्वनिमा 'म' ध्वनिको प्रयोग 'न' ध्वनिमा 'र' ध्वनिको प्रयोग 'ड' ध्वनिमा 'अँ' ध्वनिको प्रयोग 'औ' ध्वनिमा 'स' ध्वनिको प्रयोग 'त' ध्वनिमा र 'उ' ध्वनिमा परिवर्तन गरी प्रयोग गरिन्छन् ।

यो ध्वनि प्रवाहको गति मनन गर्न सजिलाका लागि यसरी अध्ययन गर्न सकिन्छ– जस्तो 'बाबू'को प्रयोग 'भाउ' र 'बाबू हौ' को प्रयोग 'भाउ ऽ अ' ज्यादै स्पष्ट उदाहरण हुन् । त्यसरी नै 'बहुत' को 'भौत' अनि 'बाहिर' को 'भाइर' तथा 'बाहन'को 'भान' आदि र 'पारंगत'को 'फारगत' हुँदै 'हाम्रोमा' को अथवा 'हामीहरूकोमा' को 'हाम्मोना' प्रयोग गरिन्छ ।

ध्वनिगत भिन्नताको आधारबाट शब्द रचना औ वाक्य गठन हुने हुँदा यी भिन्नताहरूको समस्यामूलक अवलोकन गरी समाधानको ठोस र भरपर्दो उपाय पत्ता लगाउनु लाभदायक हुनाका साथै समयानुकूल हुने सत्यता नकार्न सकिदैन । अतएव समस्याको नाभिकीय बिन्दुमाथि विहंगावलोकन गरेर समाधानको उपाय पत्ता लगाउनु परम कर्तव्य भएको छ ।

□

# सन्दर्भकृति–सूची

आचार्य, जयराज, ट्रेडिशनल ग्रामर : इङ्गलिश आयन्ड नेपाली: अ स्टडी, काठमाडौं : जयराज आचार्य, १९८० ई. ।

आ. दी., नरेन्द्रमणि, 'हाम्रा युग्मक र ध्वन्यात्मक शब्दहरू', नेपाली ।

आ. दी., पार्थमणि, नेपाली संस्कृत व्याकरण, ललितपुर : साझा प्रकाशन, २०२६ ।

आ. दी., राममणि, पुराना सम्झना, काठमाडौं ।

आ. दी., विश्वमणि, गोरखा व्याकरणबोध, काठमाडौं : स्वयम् १९१३ ई. ।

आप्टे, वामन शिवराम, संस्कृत हिन्दी कोश, नई दिल्ली : मोतीलाल बनारसीदास, १९७३ ई, ।

कर्माचार्य, माधवलाल, सरल नेपाली व्याकरण, काठमाडौं : रत्न पुस्तक भण्डार, २०२७ ।

गुरु, कामताप्रसाद, हिन्दी व्याकरण, ११ औं संस्करण, काशी : नागरी प्रचारिणी सभा, सं. २०३२ ।

ग्लिसन, एच. ए. एन इन्ट्रोडक्शन टु डिस्क्रिप्टिभ लिंग्विस्टिक्स, न्यू दिल्ली : अक्सफोर्ड आयन्ड आइ. बी. एच. पब्लिशिङ कम्पनी, १९७९ ई. ।

घोष जगदीश चन्द्र तथा अनिलचन्द्र घोष, आधुनिक बाङला व्याकरण औं रचना, ५४ औं संस्करण, कलकत्ता ।

चापागाईं, नरेन्द्र, शब्द, वाक्य र अभिव्यक्ति, विराटनगर : कापले पुस्तक पसल, २०३२ ।

—, भाषातत्त्व, विराटनगर : कापले पुस्तक पसल ।

—, नेपाली नवीन व्याकरण तथा रचना, विराटनगर : श्याम पुस्तक भण्डार,

चालिसे, चक्रपाणि, नेपाली बगली कोश, काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति १९९९ ।

जाल्मन, दिमशित्स, हिन्दी व्याकरण, (अनु.) योगेन्द्रनाथ पाल, मास्को : रादुगा प्रकाशन, १९८३ ई. ।

ढुङ्गाना, रामचन्द्र, सरल नेपाली व्याकरण, काठमाडौं : २०२९ ।

**ढुङ्ग्याल, तुलसीप्रसाद,** नेपाली रचनाशिल्प, **काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।**

**तारापोरवाला, आइ. जे. एस.,** एलिमेन्टस् अफ दि साइन्स अफ ल्यांगुएज, **कलकत्ता : कलकत्ता विश्वविद्यालय, १९६२ ई. ।**

**तिवारी, गोपालनिधि,** नेपाली भाषाको बनोट, **काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३० ।**

**तिवारी, भोलानाथ,** भाषाविज्ञान कोश, **काशी : ज्ञानमण्डल लिमिटेड, २०२० ।**

—, हिन्दी भाषाका संक्षिप्त इतिहास, **दिल्ली: ज्ञानभारती, १९८१ ई. ।**

**तिवारी, भोलानाथ तथा महेन्द्र चतुर्वेदी,** पारिभाषिक शब्दावली : कुछ समस्याएँ, **नई दिल्ली, १९७८ ई. ।**

**नेस्फिल्ड, जे. सी.** इङ्गलिश ग्रामर, **सिरिज ४, लण्डन : म्याकमिलन आयण्ड कं. १९६९ ।**

**पण्डितज्यू, गुरु हेमराज,** चन्द्रिका : गोरखा भाषा व्याकरण, **काठमाडौं : ढोकाटोल, १९६९ ।**

**पराजुली, कृष्णप्रसाद,** राम्रो रचना मीठो नेपाली, **काठमाडौं : सहयोगी प्रकाशन, २०३६ ।**

—, प्रयोगात्मक भाषातत्त्व, **काठमाडौं रत्न पुस्तक भण्डार, २०३५ ।**

**पाणिनि,** अष्टाध्यायी ।

**पाण्डे, गोपाल,** ह्रस्व दीर्घ आदिको सवाई, **काठमाडौं : गोपाल पाण्डे, २०३३ सं.९ ।**

—, रचनाकेशर, **काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति, २००९ ।**

**पिसेल, आर,** प्राकृत भाषाओंका व्याकरण, **(अनु.)** हेमचन्द्र जोशी, **पटना : विहार राष्ट्रभाषा परिषद् ।**

**पोखरेल, नरपति शर्मा, 'नेपाली भाषा',** नेपाली पूर्णाङ्क ६०,

**पोखरेल, बालकृष्ण,** पाँच सय वर्ष, **ललितपुर : जगदम्बा प्रकाशन, २०२० ।**

—, पच्चीस वर्षका भाषिक चर्चा, **काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।**

—, राष्ट्रभाषा, **ललितपुर : साझा प्रकाशन, चौथो संस्करण, २०४० ।**

**पोखरेल, माधवप्रसाद, 'नेपाली धातु र तिनबाट बन्ने शब्दको स्वरूप'** पाठ्यक्रम विकास १३–१४, पृ. ७–१५, २०४० ।

**प्रधान, पारसमणि,** नेपाली व्याकरण, **कलकत्ता : म्याकमिलन एण्ड कं. ।**

—, (सं.) नेपाली भाषा, **करफोक : नेपाली भाषा प्रचारक संघ, २०१० ।**

—, नेपाली व्याकरणको छोटो इतिहास, **दार्जीलिङ : नेपाली अकादमी ।**

—, भाषा प्रवेश : नेपाली व्याकरण, **दार्जीलिङ ।**

**प्रधान**, हृदयचन्द्र सिंह, भूस्वर्ग, **काठमाडौं : नेपाल भ्यारिटी स्टोर्स, २०१३ ।**

**प्रसाद**, वासुदेव नन्दन, आधुनिक हिन्दी व्याकरण और रचना, **पटना : भारती भवन, सं. १५, १९८२ ई. ।**

**बन्धु**, चूडामणि, भाषाविज्ञान, **काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।**

**बराल**, ईश्वर, सयपत्री, **ललितपुर : साझा प्रकाशन २०३० ।**

**ब्लुमफिल्ड**, लियोनार्द ल्याङ्ग्वेज, **दिल्ली : मोतीलाल बनारसीदास, १९६४ ई. ।**

**भट्ट**, कौंड, वैयाकरण–भूषणसार, **बनारस ।**

**भट्टराय**, चूडानाथ (सं.) नेपाली भाषा अधिगोष्ठी, **काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३३ ।**

**भट्टराई**, रोहिणीप्रसाद, बृहत् नेपाली व्याकरण, **काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान २०३३ ।**

**भट्टराई**, हर्षनाथ, नेपाली भाषा र साहित्य, **काठमाडौं : शर्मा पुस्तक भण्डार २०२० ।**

——, अनिवार्य नेपाली रचना, **काठमाडौं : रत्न पुस्तक भण्डार, २०२३ ।**

——, नेपाली व्याकरण बोध, **काठमाडौं : हरेक पुस्तक भण्डार, २०२३ ।**

**म्याकडोनाल्ड**, आर्थर एन्थोनी, वैदिक ग्रामर, **नई दिल्ली : मोतीलाल बनारसीदास ।**

**मिश्र**, ज्ञानकान्त तथा विजयकाली भट्टाचार्य, आधुनिक बांगला व्याकरण तथा निबन्ध, **कलकत्ता : सुधीरकुमार मण्डल, पाँचौं संस्करण १९८२ ई. ।**

**यात्री**, पूर्णप्रकाश नेपाल, राजा गगनीराजको यात्रा, **काठमाडौं : नेपाल रिसर्च एसोसिएट्स, २०३९ ।**

**येस्पर्सन**, अटो, ग्रोथ आयन्ड स्ट्रक्चर अफ दि इङ्गलिश ल्यांगुएज,

**राणा**, धन शनशेर, ऐन्द्रीय व्याकरण कौमुदी, **काठमाडौं : सन् १६३३ ।**

**राणा**, पुष्कर शमशेर, सजिलो नेपाली व्याकरण, **काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति ।**

**रिसाल**, शिवगोल र विष्णुगोपाल रिसाल, नेपाली भाषा र व्याकरण, **ललितपुर : साझा प्रकाशन २०२७ ई. ।**

**रेग्मी चूडामणि उपाध्याय**, नेपाली भाषाको उत्पत्ति, **ललितपुर : जगदम्बा प्रकाशन २०२५ ।**

**रेग्मी**, जगदीश चन्द्र, नेपाली अध्ययन, **साझा प्रकाशन ।**

**लेगेट**, ग्लेन, एसेन्सियल अफ ग्रामर आयन्ड कम्पोजिसन, **दिल्ली : प्रेन्टिस हल अफ इन्डिया, सन् १९७८ ।**

**वरदराज**, लघुसिदान्त कौमुदी, **गोरखपुर : गीता प्रेस ।**

——, मध्यसिद्धान्तकौमुदी, बनारस : चौखम्बा संस्कृत सीरिज ।

**वररुचि**, प्राकृत व्याकरण, बनारस : चौखम्बा संस्कृत सीरिज ।

**वाजपेयी, किशोरीदास**, हिन्दी शब्दानुशासन, काशी : नागरी प्रचारिणी सभा, सं. २०३३ ।

**व्यास, भोलाशङ्कर**, संस्कृतका भाषाशास्त्रीय अध्ययन, काशी : भारतीय ज्ञानपीठ, १९६१ ।

**शर्मा, ऋषभदेव**, व्याकरणको दन्त्यकथा, ललितपुर : साझा प्रकाशन, २०२७ ।

**शर्मा, के. पी. र एस. आर.** माध्यमिक संस्कृत व्याकरणदीपिका।

**शर्मा, तारानाथ**, महेन्द्र माला, भाग ९ र १० जनक शिक्षा सामग्री केन्द्र ।

**शर्मा, दीप्ति**, व्याकरणिक कोटियोंका विश्लेषणात्मक अध्ययन ।

**शर्मा, बालचन्द्र**, नेपाली शब्दकोश, काठमाडौं : रोयल नेपाल एकेडमी ।

**शर्मा, मोहनराज**, शब्दरचना र वर्णविन्यास, भद्रपुर : भानु पुस्तक भण्डार २०३१।

**शर्मा, शिवराज**, जोर कि विजोर ? दार्जीलिङ, नेपाली साहित्य संचयिका २०४० ।

**शर्मा, सोमनाथ**, मध्यचन्द्रिका काठमाडौं : पुस्तक भण्डार, २०३५ ।

——, लघुचन्द्रिका काठमाडौं : स्वयं १९९१ ।

**श्रीवास्तव, रवीन्द्रनाथ तथा भोलानाथ तिवारी**, हिन्दी भाषा संरचना और प्रयोग, दिल्ली : नेशनल पब्लिशिङ हाउस, १९८० ई. ।

**सापकोटा, महानन्द**, चानचुन, विराटनगर : विद्या सापकोटा, २०२२ ।

——, ध्वनिको धन्दा, काठमाडौं : जगदम्बा प्रकाशन, २०२० ।

——, जनजिब्रो विराटनगर : विद्या सापकोटा, २०२१ ।

——, नेपाली निर्वचनको रूपरेखा, विराटनगर, २०२७ ।

**सिंह, आशा**, नेपाली और हिन्दी तुलनात्मक अध्ययन ।

**सिंह, जयपृथ्वीबहादुर**, प्राकृत व्याकरण, काठमाडौं : १९६९ ।

**हर्नवे, ए. एस.**, गाइड टु प्याटर्नज आयन्ड युजिज इन इङ्गलिश, लन्डन : इ. एल. बी. एस. १९८३ ई. ।

**ज्ञवाली, सूर्यविक्रम र अन्य**, नेपाली संक्षिप्त शब्दकोश काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३९ ।

# नेपाली भाषा अधिगोष्ठी

## २०४१

# उद्घाटन समारोह

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा पण्डितराज सोमनाथको शतवार्षिकीका अवसरमा आयोजित नेपाली व्याकरण अधिगोष्ठीको उद्घाटन समारोह २०४१ साल फागुन २८ गते बिहान ११ बजेदेखि १२:३० सम्ममा सम्पन्न भयो । सर्वप्रथम नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति श्री माधवप्रसाद घिमिरेले सभापतिको आसन ग्रहण गर्नुभयो । यस्तै नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका भूतपूर्व कुलपति तथा इतिहासकार श्री सूर्यविक्रम ज्ञवालीले विशिष्ट अतिथिको आसन ग्रहण गर्नुभयो । त्यसपछि समारोहका सभापति तथा विशिष्ट अतिथिबाट श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकारका तसबीरमा माल्यार्पण भयो । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका सदस्य सचिव श्री विजय मल्लले स्वागत भाषण दिएपछि विशिष्ट अतिथि श्री ज्ञवालीले 'नेपाली व्याकरण अधिगोष्ठी २०४१' को उद्घाटन गर्नुभयो र उद्घाटन भाषण दिनुभयो । त्यसपछि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका सदस्य डा. चूडामणि बन्धुबाट 'पण्डितराज' सोमनाथ र नेपाली व्याकरण परम्परा' शीर्षक पृष्ठभूमिपत्रको प्रस्तुतीकरण भयो । सभापतिको आसनबाट उपकुलपति श्री घिमिरेले आफ्नो मन्तव्य प्रस्तुत गरेपछि समारोहका उद्घोषक श्री केशवमान प्रधानले सभा विसर्जन भएको कुरा निवेदन गर्दै जलपानमा सम्मिलित हुन गोष्ठीका सबै सहभागी र आमन्त्रित पाहुनाहरूलाई अनुरोध गर्नुभयो ।

## १. नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका सदस्यसचिव श्री विजय मल्लबाट स्वागत भाषण :

आदरणीय सभापतिज्यू,
आदरणीय प्रमुख अतिथिज्यू तथा विद्वान् तथा विदुषीहरू,

सर्वप्रथम म नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका तर्फबाट यहाँहरूको स्वागत अभिवादन गर्दछु । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका भूतपूर्व सदस्य पण्डितराज सोमनाथ शर्माको शतवार्षिकीका उपलक्ष्यमा यो व्याकरण अधिगोष्ठी हुन लागेको

हो । आजसम्म प्रकाशित व्याकरण ग्रन्थहरूमा चन्द्रिका, मध्यचन्द्रिका र बृहत् नेपाली व्याकरण ग्रन्थहरूको योगदान आ-आपना समयमा अत्यन्त उल्लेखनीय रहेको छ । यस अधिगोष्ठीमा प्रस्तुत हुने गोष्ठीपत्रहरूले नेपाली व्याकरणका समस्याहरूको समाधानका लागि उल्लेखनीय योगदान गर्नेछन् भन्ने कुरामा म विश्वस्त छु । यस गोष्ठीमा नेपाली व्याकरणका विभिन्न पक्षहरूमा जम्मा ४१ ओटा गोष्ठीपत्रहरू प्रस्तुत हुँदैछन् । नेपाली व्याकरणका विद्वान्हरू र विशेष गरी त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरूको यस गोष्ठीलाई सहभागिता प्राप्त भएको छ । काठमाडौंदेखि बाहिरका विद्वान्हरू पनि यसमा भाग लिन आउनुभएको छ । उहाँहरूको काठमाडौंको बसाइ सुखद होस् भन्ने म चाहन्छु । नेपाली भाषाका अनुसन्धानका क्षेत्रमा संलग्न विदेशी विद्वान्हरूलाई पनि सहभागीका रूपमा स्वागत गर्न पाउँदा मलाई हर्ष लागेको छ । अन्तमा यस व्याकरण अधिगोष्ठीलाई सफल पारिदिनुहुन र यसका निष्कर्षहरूबाट राष्ट्रलाई लाभान्वित गरिदिनु हुन यहाँहरू सबै विद्वान्हरूमा मेरो सविनय अनुरोध छ । फेरि एक चोटि यहाँहरू सबैको स्वागत अभिवादन गर्दै यो छोटो वक्तव्य यहीं टुंग्याउँछु । जय देश, जय नरेश !

## २. नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका भूतपूर्व कुलपति तथा समारोहका विशिष्ट अतिथि श्री सूर्यविक्रम ज्ञवालीको भाषण :

सभापति महोदय,
राजकीय प्रज्ञाप्रतिष्ठानका विद्वान् सदस्यगण तथा यस सभामा
उपस्थित महानुभावहरू !

आज पण्डितराज सोमनाथका स्मृतिमा आयोजित यो व्याकरण गोष्ठीमा सबभन्दा पहिले उहाँलाई सम्झनुपर्छ भन्ने मेरो मनमा लागेको हुनाले सबभन्दा पहिले उहाँलाई नै सम्झेको छु । उहाँ नेपाली साहित्य तथा व्याकरणका अद्वितीय विद्वान् मात्र हुनुहुन्नथ्यो । आपनो देश भन्दा बाहिर पनि ख्याति प्राप्त गर्ने थोरै नेपाली विद्वान्मध्ये एक हुनुहुन्थ्यो । काशीमा, उहाँको पण्डित समाजमा उहाँलाई ठूलो आदर प्राप्त भएको कुरो मैले स्वयं देखेको छु । त्यस्ता विद्वान्को शतवार्षिकीका (जन्मेको सय वर्ष पुगेको) अवसरमा उहाँको स्मरणमा यो व्याकरण गोष्ठी हुनु अत्यन्त उचित छ । त्यसपछि मलाई प्राज्ञपरिषद्का विद्वान्हरूले सम्झेर जो डाक्नुभो, आज त्यसका निम्ति अनेक धन्यवाद निवेदन गर्छु । यद्यपि म स्वयं आफूलाई त्यस स्थानका योग्य ठान्दिनं । किन भन्नुहुन्छ भने मैले नेपाली

भाषा पढ्ने सौभाग्य कहिल्यै पाइनँ। आफ्ना घरमा मलाई हुर्काउने मेरी बज्यै हुनुहुन्थ्यो— मेरी आमाको बाल्यावस्थामै देहान्त भो— मेरी बज्यैले जो नेपाली सिकाइदिनुभो त्यै जान्दछु। त्यस कारणले मेरा उमेरका वा मभन्दा कान्छा धेरैले नेपाली पढ्ने अवसर पाएका छैनन्। तर मातृभाषाका प्रेमले गर्दा उही घरमा बज्यैहरूले वा आमाले सिकाएका भरमा नेपालीको हामी सेवा गर्दछौं। त्यसैले मलाई अलि अप्ठेरो जस्तो लाग्यो। यत्रा यत्रा व्याकरणविद्वान्हरू भएका ठाउँमा मैले केही भनूँ उहाँहरूले केही मन पराउनुभएन भने कसो होला? भन्ने डर लाग्यो। तर विचार गरें विद्वान्हरू त बडा उदार हुन्छन्, मैले भूल गरे पनि उहाँहरूले क्षमा गर्नु होला र मेरो गन्थन सुन्न उहाँहरूलाई मन लाग्यो होला भनेर मैले कस्सर कसें। र, तपाईहरूका सम्मुख आज जानी नजानी केही कुरा भन्न उपस्थित छु। केही अनुचित कुरा पऱ्यो भने क्षमा गर्नुहोला भन्ने मलाई पूर्ण विश्वास छ। किनभने तपाई महानुभावहरूमा क्षमा बाहेक अरूथोक केही छैन। यसको मलाई पूर्ण विश्वास छ।

त, कुरो के भन्नुहुन्छ भने आजभन्दा साठी वर्षअघि अरु सत्तरी वर्षअघि माने १९१५–१६ (ई.) मा मैले सर्वप्रथम नेपाली लेख लेखें, नेपाली पत्रमा। त, १९१५ भनेको अहिले १९८५ भो, सत्तरी वर्ष जति भो। त्यस वेला जुन पत्रमा मैले लेख लेख्थें त्यो पत्र सुन्दरी मासिक पत्र, माधवी मासिक पत्र दुइटा निस्केर बन्द भइसकेपछि तेसो हुन आएको थियो। उपन्यासतरंगिणी–सरंगिणी के के निस्के तिनलाई म गन्दिनँ। तर वास्तविक साहित्यिक पत्रिका त्यो 'चन्द्र' थियो। त्यसमा मैले (१ वर्ष १२ अङ्क त्यसका निस्के) तीनओटा लेख लेखेको छु। किन लेखिस् त? के कारणले लेखिस्? भन्नुहोला! मातृभाषाको प्रेमले। उनताक म अलि तन्नेरी थिएँ, रिसाहा पनि थिएँ। कसैले मलाई यो भएन भन्यो भने तँ जान्दछस्, म जान्दिनँ? मातृभाषा मैले जानेको छैन र तैंले सिकाउनुपर्छ?' भन्दिन्थें सोझै, अचेल अलि डराउँछु त्यसो भन्न। हामी त सोझै मातृभाषाका प्रेमी। अंग्रेजहरूसित मैले कहिलेकाहीं सोधेको छु– ग्रामरको, केही अंग्रेजीको कुरा, यो कसो त भनेर। उनीहरूले के जवाफ दिए–हामी यस्तै लेख्छौं। मेरो पनि त्यस्तै कुरा छ। मेरो मातृभाषा मैले लेखेपछि को मसित झगडा गर्ने? मेरी आमा जसरी खुशी हुन्छिन् म खुशी पार्छु। गरीब छोरोले सस्ता कपडा लगाइदेला आमालाई धनी छोरोले रेशमी लुगा लगाइदेला। तर आमा त छोराले दिएको लुगा लाउँछिन्। अचेल अलि डर लाग्छ तपाईहरूका समक्ष त्यसो भन्न।

त, म त्यसो भन्थें। तीनोटा लेख लेखें नेपालीमा। अँ एउटा तपाईंसित भन्ने मौका पाएँ। एउटा ऐतिहासिक कुरा पनि सुनाउँछु। जङ्गबहादुरको समयदेखि

अहिलेसम्म नेपालमा तीन जना पंजाबी खत्रीले ठूलो नेपाली सामाजिक कार्य गरेका छन्। तिनको संक्षेपमा एउटा परिचय पनि भन्छु। पहिला जङ्गबहादुरका समयमा नेपालमा ठूलो स्थान प्राप्त गर्ने एक जना शनकसिंह भन्ने मान्छे थिए। उनको बहिनीसित जङ्गबहादुरको विवाह भएको थियो भनेर पद्मजङ्गले लेखेका छन्। उनैको बहिनीका छोरा जगत्जङ्ग, जङ्गबहादुरका जेठा छोरा जगतजङ्ग। अब यी सब सिद्धिए यिनको कुरै छैन, तर पनि एउटा संझनाको कुरा उस बेलाको।

बत्तीस पुतलीमा रामचन्द्रको एउटा ठूलो मन्दिर छ। अब त जीर्ण प्रायः छ त्यो मन्दिर तिनैले बनाएका हुन्। ती को हुन् भन्दा पंजाबी खत्री टण्डन। ती हुन् पहिला खत्री जसले नेपालीहरूका निम्ति अनेक काम गरे। उनी पछि अर्को एकजना हाम्रो समाजको सामाजिक जीवनसित टाँसिएका छन्। त्यो नाम हो रामकृष्ण वर्मा। स्वनामधन्य मोतीराम भट्ट उनका मित्र थिए। उनैका भारत जीवन प्रेसबाट उनले अनेक ग्रन्थहरू छपाए। नेपालीको त्यत्रो उन्नति गरे। भारतबाट निस्कने, सबभन्दा पहिलो पत्रिका 'भारत जीवन' को नेपाली अनुवाद निकाले। उनी लेख्थे वर्मा तर वास्तवमा उनी पनि पंजाबी खत्री थिए। यी दुई जना भए। तेस्रो हाम्रा समयमा 'चन्द्र' मासिक पत्रिकामा थियो— माधवप्रसाद खन्ना। खन्ना भनेको पंजाबीको थर। त्यो मान्छेलाई मैले देखेको छु। त्यो प्रेम नेपालीमा मासिक पत्रिका निकाल्ने। त्यसको मातृभाषा हिन्दी, केही थिएन। तर उसले निकाल्यो, बाह्र महीना चलायो। मलाई भन्थ्यो 'हमने प्रेसमें बाह्र महिनेका देदिया है खर्चा, बन्द नही होगा।' किनभनेदेखि नेपालीमा निस्कन्छन्, बन्द हुन्छन्, सुन्दरी निस्क्यो बन्द भो माधवी निस्क्यो, बन्द भो, अब मैले ठीक गरिदिएको छु बाह्र महीनाको भन्यो। त्यसले भन्यो हामीलाई, उत्साह दियो 'लौ लेख लेख तिमीहरू, नौजवानहरू' भन्यो। लौ भनेर हामी पनि तम्सियौं, नजाने पनि। त, ती मैले लेखेका लेख मैले एक चोटि झिकाएँ बाबु साहेबलाई भनेर, दार्जीलिङमा फाइल छ फाइल हेरेर पठाइदिनोस् भनेर। आयो र मैले तिनलाई पढें। पढ्दाखेरि के देखें भन्नुहुन्छ भने त्यस बेला अलि मैले नेपाली शब्दहरू कम जानेको रहेछु। संस्कृतका डिक्शनरी हेरीकन लेखेको रहेछु। त्यसमा देखिएको त्यत्ति हो, नत्र मेरी बज्यैले (बज्यै पनि आमा, आमा पनि बज्यै हुन्, उनले) सिकाएको नेपाली मैले जानेको हो। अझ पनि तपाईंहरू विश्वास गर्नुहोस्। कुनै नेपाली कुरामा गोलमाल हुनलाग्यो, मतभेद हुनलाग्यो भने बज्यैलाई सम्झन्छु। यस्ता स्थितिमा बज्यै के बोल्थिन् भनेर। बज्यैले बोलेको संझे पछिलाई मेरा मनमा निश्चय हुन्छ। त, त्यसो भयो र त्यस सन्दर्भमा तीनोटा लेख मैले लेखें। उहाँपछि बराबर म लेख्तैछु— तपाईंहरूका कृपाले। अहिलेसम्म

पनि म लेख्तैछु । आपनै भाषामा लेख्छु म । अब यही कुरो मैले भन्न आँटेको । अचेल कसो भइरहेछ भने, नेपाली भाषा संस्कृतबाट निस्केको हो । ठीक, मानेकै छ त्यो । त, संस्कृतबाट निस्केको हो भन्ने बित्तिकै प्रत्येक कुरामा संस्कृत जस्तै हुनुपर्छ भन्ने त केही कुरा छैन— स्वतन्त्र अस्तित्व छ हाम्रो भाषाको । स्वतन्त्र अस्तित्व हाम्रा व्याख्याकारहरूले नसम्झिदिए ठूलो अन्याय हुन्छ भन्ठान्छौं हामीहरू । अब हेर्नोस् त्यसको एउटा उदाहरण — राजगुरु हेमराजले बनाए व्याकरण सबभन्दा पहिले । अब म लम्बेसम्बे कुरा गर्दिनँ मलाई सब थाहा छ । बनारसमा म थिएँ राजगुरुले यहाँ गोरखालीमा ( म त्यस बेला गोर्खाली अफिसमै थिएँ ) ल्याएर तीन भाग हो कि कति भाग व्याकरण छपाए । हामीलाई बाँड्न पठाए बनारसमा चन्द्रिका व्याकरण ल्याएर दियो एउटाले । त यी सब कुरा छोडिदिउँ । राजगुरुले बनाए । के बनाए ? नेपाली भाषालाई व्याकरणबन्द गरे, नियम बनाए । तर संस्कृतको उनीमाथि ठूलो प्रभाव पर्‍यो । क्रियापद कस्तो हुन्छ भन्दा ‘जा’ क्रियापद भने । त्योभन्दा अघि हामीहरू के गथ्यौं भने ‘जानु’लाई धातु भन्थ्यौं । नेपाली धातुमा संस्कृतको ‘गम्’ को जोडको के हो भन्दा ‘जानु’ भन्थ्यौं । उनले भने होइन, जस्तो संस्कृतमा ‘गम्’ भो उस्तै नेपालीमा ‘जा’ हो । ‘जा’ भएपछि त्यसमा अरू जोडिएर रूपहरू बन्छन् । अहिले हाम्रो एकेडेमीबाट निस्केको बृहत् शब्दकोशमा पनि अलि अलि केही त्यस्तै ढाँचा देखें । ‘जा’ लेखेर विराम जस्तो हाइफन हुन्छ त्यो दिएर ‘नु’ लेखेको देखें । के गरेको हो त्यो भन्दा ‘जा’ पनि हो र ‘जानु’ पनि हो भनेर देखाएको हो कि के हो मैले बुझ्न सकेको छैन । राजगुरुले ‘नु’ उडाइदिए ‘जा’ राखे । नेपालीलाई संस्कृतसित जति सक्यो उति नजीक पुर्‍याउनुपर्छ भन्ने उनको सिद्धान्त बुझियो । त, कसो भो भने हामी सक्नु भन्छौं नि ‘काम गर्न म सक्तिनँ’ भनेर । तालव्य ‘श’ लेखे त्यसलाई, किनभने संस्कृतमा तालव्य ‘श’ छ । त्यसको चिनारी नेपालीमा राख्नुपर्‍यो । हामी त नेपालीमा ‘सक्छ’, ‘सक्दैन’, के के भन्छौं । संस्कृतको त रूप केही पनि छैन तर संस्कृतसित साइनो जोरिराख्नलाई तालव्य ‘श’ लेखी ‘शक्नु’ भने । त, यसबाट के बुझियो भनेदेखि संस्कृतका उनी भक्त थिए, हामीलाई बलजपती भक्त बनाउन आँटे । तर थोरै मात्रले अनेक आपत्ति गरे ।

उहाँपछिका व्याकरणकारहरूले, देखें अब,(यही हाम्रा बृहत् कोशमा)‘सक्नु’ पनि माने ‘शक्नु’ पनि माने । यो पनि एउटा बडो आपत्तिजनक कुरो छ । संस्कृतै गर्ने हो भनेदेखि त्यतै जानुपर्‍यो । कि अलि खुला गर्ने हो भने खुला गर्नुपर्‍यो । यी दुवैलाई मिलाउन खोज्दा पनि कहिलेकाहीं एउटा विचित्रको स्थित आइपर्छ । त हामीले के भन्ने ? उस बेला पनि त्यसै भन्थ्यौं, यो भएन । राजगुरुले संस्कृत धेरै

जान्नुभो । हामी सरल गर्नुपर्छ भन्थ्यौं, तर अरण्यरोदन थियो । हुँदा हुँदा नेपालमा शिक्षा विभागमा एउटा बडा विद्वान् राणाजी हुनुभो जनरल मृगेन्द्र शमशेर एम.ए. । मान्छे पनि बडालायक र उहाँको के इच्छा भो एकचोटि भने केही वर्षपछि सबै नेपालीले, नेपालका नेपाली, नेपालबाहिरका नेपाली सबै नेपालीले एक नाससित नेपाली लेख्नुपर्छ । मलाई अंग्रेजी शब्द भन्न मन लाग्दैन तैपनि स्पेलिङलाई हिन्दीमा भन्दछन् हिज्जे । त त्यही हिज्जे, व्याकरण भन्नु त्यही हिज्जे । अरू व्याकरणसित केही मतलब छैन । त्यो त शिष्ट समाजमा, हाम्रा घरमा शुद्ध बोल्थ्यौं हामी । आयो हिज्जेको कुरा त मृगेन्द्र शमशेरलाई के इच्छा भयो भने नेपालीको हिज्जे सबै नेपालीले एकनासले लेखुन् त्यसो भए बडो राम्रो । एक पटक म नेपाल आएको थिएँ । मृगेन्द्र शमशेर बडा सज्जन मान्छे थिए-हामी जस्ता मान्छेलाई पनि उनी एक किसिमले राम्रो गर्थे । बैठकमा हामीलाई डाके । गएँ । सब बडा बडा पण्डितहरू बसेका मेरा बनारसमा चिनेको पण्डित थिए तीर्थ प्रसाद ढुंगानाजी अहिले स्वर्ग हुनुभो । मैले पढेको पनि छु संस्कृत उहाँसित, उहाँ पनि हुनुहुन्थ्यो । यिनै गुरुज्यूका व्याकरणका कुरा चले । मैलेचाहिं केही केही विरोधमा पनि कुरा गरें । म तिनताक अन्तिम ईकार र ऊकार दीर्घ लेख्नुपर्छ भनेर त्यही लेख्थें । तर जम्मै अन्तिम इकार र उकार किन दीर्घ लेख्नु भनेर त्यहाँ छलफल भयो । उकारचाहिं दीर्घ लेखेको मलाई पनि मन परेको थिएन । उकार म ह्रस्वै लेखुँला भनें वहाँपछि उकारकै कुरा हुँदाखेरि, (मैले कहीं हिन्दी व्याकरणको किताबबाट पढेको थिएँ– 'गोरू' शब्द त 'गोरूप'बाट भएको हो) त्यहाँ मैले भनें– गोरूको रू चाहिं रूपबाट आएको भन्छन् । कसरी मिल्यो त यो कुरा ? त्यहाँ तीर्थप्रसादजी हुनुहुन्थ्यो, उहाँले मेहरी रूप– मेहरारू, गोरूप–गोरू यस्तै दुई तीन वटा कुरा भन्नुभो, तर सूर्यविक्रमले ठीकै भन्यो भनेर भन्नुभएन । मेरा कुरा को सुन्छ, सिद्धियो कुरा । म पनि गोरु ह्रस्व लेख्न लागें । समिति अड्डाले एउटा दुई पैसाको 'नेपाली कसरी शुद्ध लेख्ने ?' छापेको थियो, त्यसमा गोरु ह्रस्व छ। 'साधारण पुलिंगी र नपुसकलिंगी नाम ह्रस्व हुन्छन् । उकारान्त भनेको छ गोरु । अब व्युत्पत्ति गर्ने हो भने त मैले दिएको व्युत्पत्ति ठीकै छ– गोरूप गोरू । भएन, त्यो सिद्धियो । उहाँपछि म आएँ । म आफ्नो लेख्ने ढाँचा जो थियो आफ्नै ढाँचामा लेख्थें । यिनीहरूका ढाँचा मैले मानिनँ । नमान्दाखेरि मलाई हेला गरे । दार्जीलिङका बाबु पारसमणि मेरा साथी हुन्– उनले एकचोटि भने विदेशीलाई गाह्रो भो नेपाली भाषा भनेर । मैले भनें– होस् न त, हामीलाई के मतलव विदेशीलाई गाह्रो भएर । हामी त नेपाली पो हौं ।

यो गन्थन भन्नाको तात्पर्य के भन्नुहुन्छ भने नेपाली भाषालाई संस्कृतसँग

लगेर जोड्ने जो चेष्टा हुन्छ त्यो चेष्टा छोड्नुपर्‍यो भन्ने मेरो सुझाव, पण्डितहरूले पनि छोडेका छन् । कर परेर । त्यो उदाहरण म दिन्छु– डिक्शनरीमा हेर्नोस् । उही शब्द तालव्य प्रयोग गरेर लेखेको छ । उही शब्द दन्त्य पनि दिएको छ किन भने देखि जनता त त्यस्तै बोल्छ । खालि तालव्यकै रूप दिएर मात्र त भएन । त्यो मानेपछि साना साना कुरालाई मात्र के दोष ? भन्छु म । अब स्पेलिङ कसरी निर्णय गर्ने ? संस्कृतलाई हेरेर निर्णय गर्ने कि दुइ सय वर्षदेखि लेखिन लागेको नेपालीलाई हेरेर निर्णय गर्ने । तर के छ, संस्कृतलाई हेरेर उपरै उपर निर्णय गर्ने, यो हुँदैन । नेपाली लेख्न थालेको दुइ सय वर्ष जरूर भयो । पृथ्वीनारायण शाहका समयमा लेखिन थालेको हो । आजसम्म लेखिंदै छ । शुद्धै लेख्थे, जे लेख्थे । त्यही हेरेर यो निर्णय गर्नुपर्ला । हाम्रा अड्डा अदालतका कागज हेर्नोस् ह्रस्व लेख्तै लेख्तैनन् । दीर्घ लेख्छन्– उनी भात खाई, लुगा लाई हात पुछी मुख धोई हिंडे, सब दीर्घ । बडो प्राकृत छ मेरो भनाइ किनभने वाक्यमा एउटा स्वाभाविक (अंग्रेजीमा भन्छन् Pause) थामिने ठाउँ हुन्छ । कमा, सेमिकोलन नलाए पनि हामी त्यहाँ थामिन्छौं जस्तो अंग्रेजी बोल्दाखेरि देख्छौं । नेपालीमा जो नेचुरल पअज (Natural Pause) हो त्यो यसले दिएको छ ईकारले । यसो भनी यसो भो, यसो भनी यसो गरे, पअज त्यहाँ । यस्तो राम्रो थियो त्यो दीर्घ लेख्ने परिपाटी । त्यो हामीले छोडिदियौं र अरू अरू नयाँ नयाँ नियम झिक्यौं, उही संस्कृतको आदर्श लिएर । इकारान्त अव्यय शब्द सब ह्रस्व हुन्छन्, ह्रस्व इकारान्त हुन्छन् । संस्कृतमा हुन्छन् हामीलाई किन चाहियो भन्ने हामी भयौं एक थरी । त, यस्तै यस्तै गरेर हामी आफ्ना भाषाका रेबल (Rebel) भएर । भविष्यमा सफल हुनुका निम्ति अहिल्यै तयार हुनुपर्छ । राजगुरु जस्ताले गरेका कुरालाई पनि अहिले तपाईहरू नै त्यो भएन यो गर्नुपर्छ उ गर्नुपर्छ भन्नुहुन्छ । पच्चीस वर्षपछि हुने नेपालले तपाईले गरेका कुरा पनि भएन नभन्ला भन्ने केही निश्चित छ ? त्यसो भएकाले तपाई त्यति पहिल्यैका मतमा नजानोस्, नयाँ मत लिनोस्, प्रजाले जसो गर्छ– साधारण दुनियाँले जसो गर्छ उसै गर्न थाल्नोस् भन्ने मेरो भनाइ छ । यसो भनेर तपाईहरू नठान्नुहोला म संस्कृतद्रोही छु भनेर । बडो भक्त छु संस्कृतको । कस्तो भक्त छु भन्नुहुन्छ भने यहाँ तपाईहरूले– कोही कोही व्याकरणकारले– तीन प्रकारको 'स' नेपालीमा चाहिंदैन, मूर्धन्य 'ष' नेपालीमा चाहिंदैन, तालव्य 'श' चाहिंदैन, दन्त्य 'स' भए पुग्छ भन्नुहुन्छ । म घोर विरोधी छु त्यसको । तीनै प्रकारको 'स' चाहिन्छन्, किन नचाहिने ? ञ, ण, यी सब चाहिन्छन् । गुरुजीले एउटा नयाँ अक्षर चलाए, मराठी । 'जानकी' एउटा मसी हुन्छ । त्यो नेपालीमा हुनुपर्छ भन्छन् गुरुजी, त्यो आफ्नो व्याकरणमा लेखेका छन् । अहिलेसम्म कसैले पनि

त्यो लेखेको मलाई थाहा छैन । अनहोनी कुरो लेखेर त हुँदैन । हामीले पनि व्याकरण बनाउँदाखेरि बडो सरल बनाइदिनुपर्छ । कस्तो सरल ? एउटै उदाहरण दिन्छु:–

ईकारान्त नेपाली शब्द सब दीर्घ हुन्छन्, र
उकारान्त नेपाली शब्द सब ह्रस्व हुन्छन् ।

एकताक म बडो जिद्दी थिएँ । मेरो स्पेलिङ नभईकन हुँदैन भन्थे । अब छोडिदिएँ । किन ? मलाई एउटा नयाँ ज्ञान भो । के ज्ञान भो भन्नुहुन्छ भने यो 'स्पेलिङ' भनेको त अंग्रेजीमा जसलाई कन्भेन्शन भन्छन् नि, एउटा मानेको कुरो । यसभित्र केही तत्त्व पनि छैन । हामीले मान्यौं, जसरी इच्छा भो उसरी लेखियो । यो त 'कन्भेन्शन' को कुरो रहेछ । मैले भनें– जसो मन लाग्छ, गर । मलाई केही छैन । मेरो स्पेलिङ केही छैन भनें । र अब मेरो लेख कोही माग्न आयो भने म आफूले जस्तो लेख्छु त्यो दिन्छु उहाँपछि तिमीलाई शुद्ध गर्न मन लाग्छ भने गर जति मन लाग्छ गर केही डर छैन भन्छु । किनभने यो त 'कन्भेन्शन' को कुरो हो । अहिले जे भनिन्छ त्यही गर । पछि नमान्लान् अरूथोक नै गर्लान्, त्यहीअनुसार गर्लान् । केही छैन यसमा भन्ने अब मैले बुझें । त, यो मेरो अनुभव ।

अझ मेरो बिन्ती तपाईहरूसित यही छ– अचेल हाम्रो नेपाली भाषामाथि जो (के भनूँ त्यसलाई) बलजफ्ती भइरहेछ त्यसलाई देख्दाखेरि त नेपाली भाषा गोष्ठी पो हुनु आवश्यक ठान्छु म । जसलाई जे मन लाग्यो लेखिदिन्छन् नेपाली भनेर । कथा लेख्छन् । अब हेर्नोस् एउटा कथाको कुरा आयो । बडा बडा कथाकार, अचेल बेहिसाब कथाकार छन्, राम्रो । कथामा नेपाली भाषै भएन भने के कथा पढ्ने भन्छु म । मलाई त्यस्तो कथा पढ्ने बित्तिकै झर्को लागेर आउँछ–पर्याँकी दिन्छु । भाषा पो चाहिन्छ त पहिले । वहाँपछि पो कथाको सुन्दरता इत्यादि चाहिन्छ । हेर्नोस्, हिन्दीमा तपाईहरू धेरैले पढ्नुभएको छ प्रेमचन्द । के छ प्रेमचन्दको ? भाषाको कस्तो चमत्कार छ ? सरल हिन्दीमा धुमधाम चमत्कारपूर्ण भाषामा लेखिदिन्छन्, जसले पनि ती कथा पढ्छन् । मन पराउँछन् खोई हाम्रो ? भाषा बिग्रिरहेछ, अब भाषामा हिन्दी कुन हो ? उर्दू के हो ? शब्द बेहिसाब, खिचडी । हुन त मलाई यो पनि ज्ञान छ, यो भाषामाथि अंकुश लगाउनु बडो कठिन कुरो छ । तर भाषामाथि अंकुश लगाउने एउटा नियम छ एउटा उपाय छ । त्यो के हो भने प्रेमचन्दले जस्तो कुनै लेखकले लेखिदेओस् त सब भोलि त्यसै गर्न थाल्छन् । एउटा साँच्चिकै लेखक जन्मेर उसले लेखिदेओस् त भाषै बदलिन्छ भोलि । दुनियाँमा त्यस्तो भएको हामीले देखेका छौं । बङ्गला भाषामा पनि पहिले हाम्रै जस्ता पण्डितहरू थिए । हरेक शब्दलाई बडा ठूलो पारेर, जान्छु भन्नुपर्‍यो

भने 'जाइतेछि' भन्थे, छोटो 'जाच्छि'लाई अशुद्ध भन्थे। रवीन्द्र बाबूले 'जाच्छि' बाहेक अर्थोक लेख्तै लेखेनन्। गालि गरे पण्डितहरूले, व्याकरण नष्ट गऱ्यो भनेर। तर बङ्गला भाषै बदलियो, सब उनले लेखे जस्तै लेख्न थाले। त्यो हामीलाई चाहिएको छ, त्यो हामीहरूले सृष्टि गर्नुपरेको छ। त्यस कारणले म भन्छु यो नेपाली भाषा गोष्ठी पनि भएको भए राम्रो हुने थियो। त, अब म धेरै बोल्दिनँ, थाकें पनि तर मेरो बिन्ती तपाईहरूसित के छ भने व्याकरणको कुरा गर्नोस्, जति मन लाग्छ गर्नोस्, तर त्यसलाई संस्कृत सम्झेर नगर्नोस्। संस्कृत बिर्सिदिनोस्। नेपालीलाई कसरी सुविस्ता हुन्छ त्यो सम्झेर गर्नोस्। संस्कृतसित हाम्रो सम्बन्ध छँदैछ नि आमाका रूपमा। नेपालीको, हिन्दीको, बङ्गलाको आमा, मानी आएका छौं। त्यो सम्बन्ध हामी मेट्न चाहँदैनौं, त्यो सम्बन्धमा हामीलाई गौरव छ। तर भाषाका कुरामा आएर त हामीले संस्कृतलाई बाधा पुऱ्याउन दिन हुँदैन। यो मेरो निवेदन तपाईहरूसित छ। अब म धेरै तपाईहरूसित फचफच गर्दिनँ। जो भन्नु थियो मैले भनिसकें। तपाईहरूले ध्यानपूर्वक सुनिदिनुभो मेरा कुरा– म बडो अनुगृहीत भएँ त्यसले र मलाई आशा छ मेरा कुरामा तपाई विद्वान्‌हरूले विशेष ज्ञानको मात्रा नपाए पनि यो बूढाले भनेका कुरामा केही त तत्त्व छ कि भनेर विचार गरिदिनुभयो भने नेपाली भाषाको विकासमा बडो सहायक हुनेछ। यस्तो मलाई लाग्छ। जुन दृष्टिकोण मैले पेश गरें, त्यो विचार गर्न लायक छ जस्तो मलाई लाग्छ। यति भनी तपाईहरूलाई धन्यवाद निवेदन गरेर म आफ्नो आसन ग्रहण गर्दछु।[१]

यसपछि गोष्ठीका संयोजक डा. चूडामणि बन्धुबाट 'पण्डितराज सोमनाथ र र नेपाली व्याकरण परम्परा' शीर्षक पृष्ठभूमि पत्रको प्रस्तुति भयो। यस गोष्ठीको आयोजना नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका भूतपूर्व सदस्य तथा वैयाकरण पण्डितराज सोमनाथ सिग्द्यालको शतवार्षिकीका अवसरमा गरिएको हुनाले पण्डितराजका व्यक्तित्व र कृतित्वको संक्षिप्त परिचयका साथ नेपाली व्याकरण लेखन परम्परामा उनको योगदान स्पष्ट गर्ने उद्देश्यले यो पृष्ठभूमिपत्र प्रारम्भमा प्रस्तुत भएको कुरा प्रस्तोताबाट अवगत भयो।

---

[१] स्वर्गीय श्री ज्ञवालीले दिएको मौखिक भाषण टेपबाट उतारी सामान्य सम्पादनका साथ प्रस्तुत गरिएको छ –सम्पादक।

## ३. नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका उपकुलपति तथा उद्घाटन समारोहका सभापति श्री माधवप्रसाद घिमिरेबाट भाषण :

विशिष्ट अतिथि श्री ज्ञवालीज्यू,
नेपाली भाषाका विद्वान् तथा विदेशीहरू,

समय पनि धेरै गइसक्यो ! भन्नुपर्ने कुरा धेरै भए जस्तो मलाई लाग्दैन । विक्रमको बीसौं शताब्दीको साठीको दशकपछि जब गुरु हेमराज र पण्डितराजले व्याकरण दिनुभयो त्यसपछि नै हाम्रो भाषाले व्यवस्थित रूप पाएको जस्तो मलाई लाग्छ । त्यो एउटा महत्त्वपूर्ण समय थियो । नेपाली भाषालाई एउटा नयाँ आधार दिने र एउटा नयाँ दिशा दिने काम पण्डितराज सोमनाथबाट भयो । उहाँका योगदानहरू विभिन्न क्षेत्रमा छन् र यो गोष्ठीचाहिँ उहाँको देनलाई वैयाकरणका रूपमा स्मरण गरेर मनाइएको छ । उहाँको जन्मको शतवार्षिकी देशभर मनाइदैछ । लेखक भएकाले नेपाली भाषाका विषयमा भएका भेलाहरूमा सम्मिलित हुन मलाई रमाइलो लाग्छ । केही वर्षअगाडि नेपालीका शिक्षकहरूको सम्मेलन पद्मकन्या क्याम्पसमा भएको थियो । आज पनि तपाईं विद्वान्हरूको सहयोगले गर्दा यो अधिगोष्ठी प्रज्ञा-प्रतिष्ठानले आयोजित गर्न सकेको छ । तपाईंहरू यहाँ सम्मिलित भएर नेपाली भाषाको लागि चिन्तन मनन गर्दै हुनुहुन्छ । दुइटा तार मिलेपछि झनझनाए जस्तै तपाईंहरू यहाँ छलफल र विचार विमर्श गर्नुहुनेछ र आफ्ना मनमा लागेको कुराहरू भन्नुहुनेछ । शैक्षिक व्याकरणका हाम्रा आजका अपेक्षाहरूलाई ध्यानमा राखेर थालिएको यो अधिगोष्ठी अवश्य पनि उपलब्धिपूर्ण हुने छ भन्ने कुरामा म विश्वस्त छु ।

अघि ज्ञवालीजीले पुरानो कुराको चर्चा गर्नुभयो– यहाँ म पनि एउटा पुरानो प्रसंगको स्मरण गर्न चाहन्छु । समितिमा बाबुसाहेब बालकृष्णजी हुनुहुन्थ्यो र अर्का बाबुसाहेब पुष्कर शमशेरजी । त्यहाँ सधैं जसो चर्चा हुन्थ्यो ह्रस्व दीर्घ र श, ष, सको । त्यो चर्चा कहिल्यै सकिएन, जस्तो आजभोलि गद्यकविता कि पद्य कविता भन्ने चर्चा कहिल्यै सकिन्न । पुरानो दरबार हाईस्कूलमा पनि गोपाल पाण्डेजीको चर्चा हुन्थ्यो । आज नेपालभित्रका शिक्षक संस्थाहरूमा र नेपाल बाहिर पनि यी चर्चाहरू चलिरहेका छन् । चर्चाको पछाडि एउटा खुशीको कुरा के छ भने अहिलेका जो चर्चा गर्ने विद्वान्हरू हुन् तिनीहरू भाषाशास्त्री हुन्– भाषाको अनुशीलन गर्नेहरू आज भाषाका विभिन्न पक्षमा देशभित्र प्रज्ञा-प्रतिष्ठान तथा त्रिभुवन विश्वविद्यालयमा जो चिन्तन भइरहेछ त्यो नेपाली भाषाको समृद्धिको

शुभ लक्षण हो। नेपाली भाषाले यतिका विद्वान्हरू पाउनु ज्यादै खुशीको कुरो हो। देशमा ज्ञानको महायज्ञ भइरहेछ। सौभाग्यले हामीले आज त्यो गर्न पायौं, हामी निमित्त मात्र भयौं। अवश्य नै चर्चा परिचर्चाका क्रममा केही सिद्धान्तहरू स्थापित हुनेछन् र तिनले भाषालाई लाभ हुनेछ। यो ठूलो प्रसन्नताको विषय हो। यस अवसरमा म विद्वान्हरूप्रति धन्यवाद ज्ञापन गर्दछु।

यस गोष्ठीको उद्देश्य हो शैक्षिक व्याकरणका समस्याहरूमा विचार गर्ने र समाधानका उपायहरू निकाल्ने। जीवन्त भाषाका समस्यामा हुनु स्वाभाविक हो। भाषाको प्रयोग विविध क्षेत्रमा भइरहेछ। प्राविधिक शब्दहरूको निर्माणले गर्दा कति प्रकारका 'स'को प्रयोग गर्ने, उपसर्गहरूको प्रयोग गर्ने कि नगर्ने? प्रत्यय लगाउने कि नलगाउने! समस्त शब्द चलाउने कि नचलाउने? यस्ता प्रश्नहरूमा विचार गर्दा समस्याहरू देखिन्छन्। कुनै पनि भाषाका शब्दको लामो इतिहास हुन्छ, संस्कृति हुन्छ, चिन्तन हुन्छ, संस्कारहरू हुन्छन्। 'स' कै कुरा गरौं– 'शृङ्गार' बाट आएको 'सिंगार'मा पातलै 'स'को व्यवहार छ। व्याकरण वास्तवमा भाषाका नियमहरूको उद्घाटन हो। 'छोरीबेटी' शब्दमा 'छोरी' र 'बेटी'को अर्थ उही हो तर दुवै मिलेर 'छोरीबेटी' भएपछि बेग्लै अर्थ हुन्छ। यस्ता यस्ता संस्कार भाषामा हुन्छन्। समाजलाई आवश्यक पर्ने खालका शब्दहरूको सम्वर्धन गर्नुपर्ने हुन्छ। गीत लेख्ता समस्त शब्द ठीक नहोलान् तर शास्त्रीय चिन्तनमा समस्त र पारिभाषिक शब्द चाहिन्छन्। आज राष्ट्र प्रत्येक क्षेत्रमा जसरी बढ्दैछ, त्यो हेर्दा कठिन शब्दको पनि प्रयोग गर्नुपर्ने हुन्छ। 'तामस प्रवृत्तिको मान्छे' भन्नुपर्दा के भन्ने? 'कालो लहरको मान्छे' भन्ने? आवश्यकता हेरीकन र प्रयोक्ताको आफ्नो शैलीका आधारमा प्रयोग गरिन्छ। लक्ष्मीप्रसाद देवकोटाले हामी संस्कृत पढेका मान्छेले नबुझ्ने शब्द आफ्नो महाकाव्यमा घुसाइदिनुभयो। हेमचन्द्र पोखरेल अहिले त्यसको अर्थ लेख्तै हुनुहुन्छ– "उदयति दिशि यस्यां भानुमान् सैव प्राचि:" जुन दिशामा सूर्य उदायो पूर्व त्यही हो। यस्तै भाषाशास्त्रीले पूरा नियम बनाएपछि नमानीकन सुखै छैन। तर यसको मतलब नियम बनाएर व्याकरण लाद्नु पनि होइन। प्राचीन वैयाकरणहरूको भनाइ छ– "व्याकरण त लोकको अनुसार हुन्छ" हामी नियमबाट उदाहरणमा जाने होइन, हुन त त्यो पनि बेला होला। आज कम्प्युटरको युग आइसक्यो, तर हामी 'भोलि शब्द ह्रस्व कि दीर्घ' भनी अलमलिंदै छौं। उन्नति नै रोकिने भयो, एउटा नियम किन नबनाइहाल्ने? कहिले पनि ह्रस्व–दीर्घका समस्याको समाधान नभएर कति पर्खने? समाधान गर्ने, चल्ने! संस्कृतमा व्याकरणका क्षेत्रमा गहन चिन्तन भएको छ, त्यति नेपालीमा भएको छैन। भाषाको दार्शनिक चिन्तनका क्रममा 'गो' शब्द व्यक्तिवादी कि जातिवादी?

अब दार्शनिक कुराहरू आए । नेपाली व्याकरणका क्षेत्रमा पनि धेरै चिन्तन गर्नु छ । नेपाली भाषामा काम गर्ने, अध्ययन गर्ने प्रशस्त क्षेत्र छ । व्याकरण सानो भए पनि त्यसको समाजमा प्रभाव ठूलो हुन्छ । उदाहरणका निम्ति "नेपाली कसरी शुद्ध लेख्ने ?" लाई लिन सकिन्छ । त्यो समितिको व्याकरण, अहिले हाम्रो हातै त्यसमा बसिराख्या छ । विद्रोह पनि त्यसैको निम्ति, त्यो स्थापित भएकाले नै त विद्रोह भयो । स्थापित नभएको भए हाम्रो भाषा कस्तो हुन्थ्यो होला ? हाम्रा विद्वान्हरूले संस्कृतको तर्फबाट ज्ञानको कोसेली ल्याउँछन् भने पनि स्वागत छ, अंग्रेजीका तर्फबाट ल्याउँछन् भने पनि स्वागत छ । हाम्रो भाषालाई समृद्धिशाली बनाउने हो भनेदेखि ल्याउनुपर्छ ज्ञानहरू, कूपमण्डक मात्रै भएर त हुँदैन । यो ह्रस्व लेख्नु पर्नेमा दीर्घ लेख्यो भनेर नाटीकुटी गरेर सानुमा मात्रै सीमित भएर त हुँदैन, शतद्वार खुलेका छन्, त्यहाँबाट हामीले ज्ञान लिनुपर्छ ।' हाम्रा संस्कारका कुरामा नियम माथिबाट लाद्नै पर्दैन, "स्कूल कहिलेदेखि खुल्यो ?" मा किन 'देखि' लगाएको ? अचेल 'बाट' पनि चलेको छ तर जहाँ सापेक्षता छ, केही सीमा निर्धारण गर्नुपर्छ, मर्यादा र अभिवृद्धि हुन्छ, त्यस्तो ठाउँमा 'देखि' लाग्दो रहेछ जस्तो मलाई लाग्यो । 'हिजोदेखि स्कूल खुल्यो' 'विराटनगरदेखि काठमाडौंसम्म बाटो बनेको छ ।' 'हिजोबाट स्कूल खुल्यो' भनेको सुन्दा कानमा बिझाउँथ्यो, तर जनतामा भिजेको कुरा भएकाले अब यस्ता कुरा सुन्दा सुन्दा बानी परिसक्यो। कालवाचीमा 'देखि' लाग्छ भनेर मैले मात्र हठ गरेर भएन । तर ज्ञवालीज्यूले भनेझैं संस्कृतको संस्कारका र अंग्रेजीको संस्कारका कुरा ल्याएर नेपाली भाषालाई विगार्नु भएन । नेपाली प्रकृतिलाई बुझ्नुपर्‍यो । नेपालीको रूप सबैतिर एउटै भएमा त्यो भाषाका लागि महत्त्वपूर्ण हुन्छ । यो भएन, ऊ भएन भनेर नाटीकुटी मात्र गरेर भएन, केही कुरालाई स्वीकार पनि गर्नुपर्‍यो । अरू कुरामा चिन्तन गरौंन– नेपाली भाषाको आकर ग्रन्थबारे सोचौं त । भर्तृहरि भाषाको कुरा गर्दा 'शब्द ब्रह्म' मा पुगेका छन् । नेपाली भाषाका विभिन्न पक्षमा उच्चस्तरीय चिन्तन गर्न सकिन्छ । हामीले यस समयमा विद्वान्हरू र यसबारे रुचि लिने जो मान्छे पाएका छौं त्यसले गर्दा यस क्षेत्रमा चिन्तनहरू बढ्दै जाऊन् । यस गोष्ठीको उद्देश्य अनुरूप शैक्षिक व्याकरणका विषयमा चिन्तन गर्ने जुन कार्यबारे पनि संकेत संयोजकबाट भयो त्यसबारे पनि विचार होस् किनभने त्यतातिर हाम्रो ध्यान गयो भने तलैदेखि सप्रिएर आउनेछन् । त्यस्तै विदेशीहरूले पढ्ने व्याकरण पनि लेख्नु पर्ला । 'म घर जान्छु' र 'मेरो घर त्यहाँ छ' मा रहेका 'र' को उच्चारणगत भिन्नताका लागि चिह्न लगाउने हो कि ? प्रशस्त ज्ञान बढ्दै जाओस्, सम्मेलनबाट, तपाईहरूले मन्थन गरेका ज्ञान सागरबाट हामीहरूले पनि धेरै नभए थोरै भए पनि

रत्नहरू पाओ। यही आशा छ। राष्ट्रभित्र बसेका हामी सबै एक भएर बाँच्नुपर्छ। राष्ट्रिय एकताको दिशामा र हामीहरूले विश्वबाट ज्ञानलाई दोहन गर्ने दिशामा हाम्रो भाषा अगाडि बढ्नुपर्छ। हाम्रा विविध जातिले उच्चारण गर्न सजिलो हुने दिशामा हाम्रो भाषा जानुपर्छ र विज्ञान र प्रविधिका क्षेत्रमा पनि हामी जानुपर्छ। उठाइएका समस्यालाई होइन उठेका वास्तविक प्राज्ञिक समस्यालाई लिएर समाधानको बाटो लिइयोस्। गोष्ठीका यी तीन दिनहरूमा हुने तपाईंको उन्मुक्त चर्चा परिचर्चाबाट प्रज्ञा-प्रतिष्ठान र राष्ट्र लाभान्वित होस् भन्ने कामना गर्दै विदा हुन्छु। धन्यवाद ![१]

□

---

[१] टेप गरिएको मौखिक भाषणको सामान्य सम्पादित रूप —सम्पादक।

# पहिलो सभाको प्रतिवेदन

## प्रतिवेदक – डा. रामावतार यादव

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित नेपाली व्याकरण अधिगोष्ठी २०४१ को पहिलो सभा २०४१ फागुन २८ गते दिउँसो सम्पन्न भयो। यस सभाको अध्यक्षता नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका आजीवन सदस्य तथा पण्डितराज सोमनाथ शतवार्षिक समारोह समितिका अध्यक्ष प्रा. चूडानाथ भट्टरायले गर्नुभयो। यस सभामा, वाक्य, क्रिया, काल र कारकका विषयमा ७ वटा कार्यपत्रहरू प्रस्तुत भए। प्रस्तोता विद्वान्हरूको नामावली यस प्रकार छ : श्री जगन्नाथ त्रिपाठी, श्री सागरनाथ उप्रेती, श्री हरिभक्त न्यौपाने, श्री माधवप्रसाद पोखरेल, डा. वासुदेव त्रिपाठी, श्री हेमांगराज अधिकारी र श्री पोषराज निरौला।

१) सर्वप्रथम, जगन्नाथ त्रिपाठीले आफ्नो 'नेपाली वाक्य गठन' शीर्षक पत्रमा व्याकरण शिक्षणमा आई परेका समस्याहरूलाई हृदयंगम गरी वाक्यलाई आफ्नो भाषा वैज्ञानिक अध्ययनको आधार मानी नेपाली भाषामा वाक्यको स्वरूप, परिभाषा, विभाजन, वाच्य प्रक्रिया आदि बारे प्रकाश पार्नुभयो। सरल संयुक्त र मिश्र वाक्यहरूमा भ्रम पर्न जाने स्थितिलाई औंल्याउँदै त्रिपाठीले आठ प्रकारका 'मिलित' वाक्यहरूको विश्लेषण सोदाहरण गर्नुभयो। त्रिपाठीको विश्लेषणचाहिं रूपको दृष्टिले गरिएको छ; अर्थको दृष्टिले वाक्यको विश्लेषण गर्ने उद्देश्य उहाँको नभएको देखिन्छ।

२) सागरनाथ उप्रेतीले आफ्नो 'वाक्य गठन' शीर्षक पत्रमा स्कूल स्तरको पाठ्यक्रममा निर्धारित विभिन्न पुस्तकहरूमा प्रयुक्त नेपाली वाक्यहरूको गठन बारे विश्लेषण गर्नुभयो। प्रारम्भमा अर्थको दृष्टिले हेरे पनि पछि रूपलाई आधार मानेको जस्तो देखिन्छ। अनेपाली भाषाभाषीहरूबाट प्रयोग गरिने वाक्यहरू (वा 'त्रुटिपूर्ण' वाक्यहरू) को विस्तृत चर्चा छ, सो कार्यपत्रमा। तर यी दोषहरू मानक व्याकरणको अभावमा नभई वक्ताको मातृभाषाको प्रभाव, द्वितीय-तृतीय

भाषाको रूपमा नेपाली पढाइने पाठ्यपुस्तकहरूको अभाव आदि कारणले भएको हुन सक्छ ।

३) हरिभक्त नेउपानेले 'वाच्य प्रक्रिया र वाच्य परिवर्तन' शीर्षक आपनो पत्रमा वाच्य परिवर्तन प्रक्रियाको सैद्धान्तिक र व्यावहारिक पक्षलाई सविस्तार औंल्याउनुभयो र विभिन्न कालमा, सरल, संयुक्त र मिलित क्रियामा, विधि वाक्य, अकरण वाक्य र प्रेरणार्थक वाक्यहरूमा वाच्य परिवर्तकको प्रक्रियाबारे स्पष्ट गर्नुभयो । वाच्य परिवर्तनसम्बन्धी कोही समस्याहरूको चर्चा पनि उहाँले गर्नुभयो । कुनै कुनै वाक्यमा कर्म-भाव-वाच्य (Passivization) अस्वाभाविक हुन जान्छ— यसको कारण क्रियाको स्वरूप हो वा अन्य केही प्रमुख कारणहरू हुन् सोको चर्चा भए बेश हुन्थ्यो ।

४) माधवप्रसाद पोखरेलले आपनो 'नेपाली सरल र संयुक्त क्रिया' शीर्षक पत्र निकै नै मिहिनेत र ईमानदारीसाथ सविश्लेषण प्रस्तुत गर्नुभयो । यसका लागि उहाँ हाम्रा धन्यवादका पात्र हुनुहुन्छ । सरल क्रिया अन्तर्गत पोखरेलले क्रियाको स्वरूप, धातु प्रत्यय, सन्धि नियम, कृदन्त आदि बारे विस्तृत चर्चा गरी संयुक्त क्रियाको संदर्भ र स्वरूपको राम्रो रूप तालिका विश्लेषण (Morphological analysis) प्रस्तुत गर्नुभएको छ । पोखरेलले निम्नलिखित कुराहरूमा ध्यान दिनुभएको भए अझ बेश हुने थियो ।

क) सरल र संयुक्त क्रियाको प्रयोगको प्रसंग र प्रयोजन (e. g. हाल्नु Vs. हालिदिनु) ।

ख) कुन कुन क्रियाहरू संयुक्त हुन सक्छन् र यी के हुन् ?

ग) संयुक्त क्रियाको V1 र V2 को Reversibility (e. g. दी हाल्नु Vs. हालिदिनु) ।

घ) Nominal Adjectival + Verb (e. g. पूजा गर्नु) ।
Vs.
Verb + Verb (e. g. हाँसिदिनु) ।

ङ) के नेपाली संयुक्त क्रियाले हिन्दीमा सरह (aspect) लाई जनाउँछ ?

५) वासुदेव त्रिपाठीले आपनो 'नेपाली क्रियाका काल, पक्ष र भाव' शीर्षक पत्रमा संस्कृत व्याकरण, अंग्रेजी व्याकरण र आधुनिक भाषाशास्त्रीय सिद्धान्तहरूमा प्रतिपादित पद्धतिहरूलाई अँगालेर आपनो जिज्ञासा प्रकट गर्नुभयो । त्रिपाठीले नेपाली भाषाको कालव्यवस्था, क्रियाका पक्ष, भाव र अर्थलाई विस्तृत रूपमा विवेचन गरी अन्तमा नेपाली भाषामा काल र पक्षको व्यतिक्रमबारे पनि उल्लेख गर्नुभयो ।

(६) हेमाङ्गराज अधिकारीले 'नेपालीका काल, पक्ष र भाव' शीर्षक पत्रमा यी तीनै एक अर्कासँग सम्बद्ध कुरा हुन् भन्ने विचार राख्दै बृहत् काल र व्याकरणिक कालको भेद छुट्ट्याउनुभयो र जम्मा दुई कालको (भूत र अभूत) निरूपण गर्नुभयो। नेपालीमा साधारणतया पक्षलाई छुट्टै देखाउने रूपहरू नभए पनि अधिकारीले पूर्ण अपूर्ण Habitual आदि पक्षमा भेद देखाउनुभयो। भाव बारे चर्चा गर्दै उहाँले आज्ञार्थक, इच्छार्थक संभावनात्मक आदि विभिन्न भावको व्याख्या पनि गर्नुभयो। उहाँको कार्यक्रम सामग्रीले पूर्ण थियो।

(७) पोषराज निरौलाले 'नेपालीको तिर्यक् कारक' शीर्षक आपनो पत्रमा तिर्यक्को स्वरूप र अन्य कारकको भेद छुट्ट्याउँदै तिर्यक्को स्वरूप र प्रयोगको विस्तृत विश्लेषण प्रस्तुत गर्नुभयो। उहाँले तिर्यक् सरल कारकको वैकल्पिक प्रयोगहरूलाई हटाइनुपर्छ भन्ने सल्लाह दिनुभयो र, अन्तमा, यसबारे ६ वटा सूत्रहरू पनि प्रस्तुत गर्नुभयो।

कार्यक्रमहरूको प्रस्तुतीकरणपछि सोधिएका प्रश्नहरूको उत्तर सम्बद्ध पत्रका प्रस्तोता विद्वान्हरूले दिनुभयो। प्रश्नोत्तरको संक्षिप्त विवरण यस प्रकार छ :

१) रमा शर्मा : पोषराज निरौलालाई:–

सरलबाट तिर्यक् हुनु विकृत हुनु होइन; परिवर्तन भएको हो भनु राम्रो होला कि ?

२) नरेन्द्र चापागाईं : पोषराज निरौलालाई:–

"योमा" भन्न सकिँदैन कि !

३) महेश्वर न्यौपाने : सागर उप्रेतीलाई:–

वाक्यामा योग्यता, आकांक्षा आदिको परिपालन भएको छ र ?

उत्तर:– परम्परागत व्याकरणका अनुसार यी कुरा मान्नुपर्ने हुन्छ।

४) मदनमणि दीक्षित : वासुदेव त्रिपाठी र माधव पोखरेललाई:–

विवरणात्मक उदाहरण भाषाबाट दिनु साह्रै उपयोगी होला।

उत्तर:– सुझाउमा दुवै वक्ताले सहमति जनाउनुभयो। उदाहरणहरू पत्रमा भएको र संक्षिप्त रूपमा प्रस्तुत गर्दा देखाउन नसकेको कुरा बताउनुभयो।

५) तीर्थराम झा:

क) जगन्नाथ त्रिपाठीलाई:–

नेपाली व्याकरणको सरलीकरण गर्नु नै हाम्रो उद्देश्य हो। आठ प्रकारका वाक्य देखाउनुभएको त्यति व्यावहारिक देखिँदैन। भाषासम्बन्धी गहन विषयलाई स्नातकोत्तरमा अध्यापन गर्न सकिएला कि ?

उत्तर– सुझाउ स्वागतयोग्य छ ।

ख) सागर उप्रेतीलाईः–

'म घर जाऊँ'को वाच्य परिवर्तन हुँदा 'म घ घर गइयूँ' होइन 'मैले घर गइयोस्' हुनुपर्ने जस्तो लाग्छ ।

उत्तर– हरिभक्त न्यौपानेबाट मेरो पत्रमा वाक्य सम्बन्धी कुरा परेकोले यो संभवतः मलाई सोधिएको हो । शब्द परिवर्तन स्वाभाविक देखिदैंन भन्ने मेरो तर्क हो । सुझाउको स्वागत छ । 'घर गइयोस्' भन्दा अझ राम्रो होला कि ?

ग) माधव पोखरेललाईः–

हुन्छ, खान्छ, जान्छ आदिमा न लाई आगम मानिदिए सजिलै होला कि ?

उत्तर– हुने, खाने जस्ता शब्दका कृदन्त नै, खिइएर न भएकाले आगम नभनेको हो ।

घ) वासुदेव त्रिपाठीलाईः–

'छ' लाई अलग्गै धातु मान्न सकिन्छ कि सकिन्न ? यसका भूत र भविष्यत् रूप कहाँ खोज्ने ?

उत्तर– उत्तर क्रिया झिकेर शेष रहेको रूप धातु हो । 'छ' का कतिपय प्रयोग हराएका हुन्छन् । यस्ता उदाहरण अरू भाषामा पनि पाइन्छन् ।

६) दशरथ खरेल : पोषराज निरौलालाईः–

छोरो र छोरामा कुन ठीक ?

उत्तर– मूलरूप छोरो हो; संबोधन आदर र बहुवचन आदिमा छोरा ।

७) मुकुन्दशरण उपाध्याय : वासुदेव त्रिपाठीलाईः–

'छ' धातु संस्कृतको अस्‌बाट आएको हो ।

८) बल्लभमणि दाहाल :

क) निरौलालाईः–

सरल र तिर्यक्‌को प्रयोगमा परिवर्तन आइरहेछ । अन्य भाषाको प्रभावले पनि । शैक्षिक व्याकरण र वर्णनात्मक र सैद्धान्तिक व्याकरणमा फरक हुन्छ ।

ख) त्रिपाठीलाईः–

८ प्रकारको विभाजनले पनि पुग्दैन । यस कारण सरल, संयुक्त र मिश्र नै पर्याप्त छ ।

मुख्य र सहायक क्रियामा फरक छ जस्तै 'राम खान्छ'को 'छ' र 'राम छ' को 'छ' एउटै होइन ।

'न' लाई सार्थक रूपका दृष्टिले हेर्न सकिन्छ नभएका ठाउँमा रिक्त रूप मान्न सकिन्छ ।

९) रामावतार यादव : त्रिपाठीलाई:-

के नेपालीमा पक्ष छ ? भनिन्छ कि भारतीय आर्यभाषाहरूमा संयुक्त क्रियाले नै पक्ष जनाउँदैछ । वास्तवमा पक्ष छँदै छैन भने व्याकरणलाई किन जटिल बनाउने ?

उत्तर– कृदन्त र सहायकले पक्ष जनाउँछन् । तो/दो, एको आदिले पक्ष जनाएका छन् । अन्य नाउँमा पक्षको चर्चा व्याकरणकारहरूले गरेकै छन्, पक्ष नामको प्रयोग नगरे पनि ।

अन्तमा यस सभाका सभापति श्री चूडानाथ भट्टराईले सभापतिको आसनबाट भन्नुभयो :–

आदरणीय उपकुलपतिज्यू,
सहभागी विद्वान्हरू, आमन्त्रित विद्वान्हरू,

आज पण्डितराज सोमनाथको शतवार्षिकी उपलक्ष्यमा व्याकरण अधिगोष्ठीका रूपमा एउटा ज्ञानयज्ञ प्रारम्भ भयो, त्यो ज्यादै नै ठूलो कुरा भयो । आज नेपाली व्याकरणका विविध पक्षमा ४० जना प्रवक्ताले कार्यपत्र प्रस्तुत गर्दै हुनुहुन्छ, यो साह्रै ठूलो उपलब्धिको कुरा हो । अब हामी व्याकरणलाई दर्शनका रूपमा चिन्तन गर्ने अवस्थामा पुगिसकेका छौं । कारण के भने चिट्ठीपत्र र फैसला लेख्ने भाषालाई अहिले गहिरिएर हेर्नुपर्ने आवश्यकता भइसकेको छ । अब शक्तिवाद र व्युत्पत्तिवाद जस्ता व्याकरणका ग्रन्थहरूमा लक्षणा, योग्यता र आसक्तिका विषयमा शास्त्रार्थ छन् । यहाँ पनि योग्यता र आसक्तिका कुरा उठे। हुन त पाणिनि जस्तो वैयाकरणलाई 'न भूतो न भविष्यति' भनिएको छ । तर आज हामी पाणिनिको व्याकरणलाई आधार मानेर मात्र बस्ने स्थितिमा पनि छैनौं, भाषाको स्वतन्त्र रूपलाई पनि कायम गर्दैछौं । आजको यस अधिगोष्ठीमा व्याकरण अधिगोष्ठी गरेर नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले नेपाली व्याकरणबारे

विचार गर्दैछ । तर एउटा कुरा, यहाँ विचार गर्नुपर्ने कुरा के छ भने नेपाली भाषाको स्वरूप स्वदेशका लेखकहरूबाट निर्धारित भइसकेको छ र नेपाली भाषाका आपना परम्परागत नियमहरू छन् र आपना निजी विशेषताहरू पनि छन् । यी सबै कुरामा विचार होस् भनी अमूल्य सुझाव दिनुभएकोमा वक्ताहरूलाई र श्रोताहरूलाई यति धैर्य गरेर सुन्नुभएकोमा हार्दिक धन्यवाद टक्र्याउँछु । सम्पूर्ण कार्यपत्र पढ्नका निम्ति समय कम भयो । यसले गर्दा पर्न गएको असुविधाका निम्ति क्षमा गर्नुहुनेछ भन्ने विश्वास लिदै यो सभा विसर्जन गर्न आज्ञा माग्छु, धन्यवाद ।

□

# दोस्रो सभाको प्रतिवेदन

## प्रतिवेदक : डा. रामेश्वरप्रसाद अधिकारी

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित नेपाली व्याकरण अधिगोष्ठी २०४१ को दोस्रो बैठक फागुन ३० गते बिहान डा. युगेश्वरप्रसाद वर्माको सभापतित्वमा सम्पन्न भयो । यस सभामा अकरण र आदरार्थी प्रयोगबारे जम्मा ८ पत्रहरू प्रस्तुत भए जसमा श्री चूणामणि रेग्मी, श्री नरहरि आचार्य र श्री भरतराज पन्तले अकरणबारे र श्री केदार न्यौपाने, श्री तीर्थराम झा, श्री हेमचन्द्र पोखरेल, श्रीमती रमा शर्मा तथा श्री शिवगोपाल रिसालले आदरार्थी प्रयोगबारे आ-आफ्ना पत्रहरू प्रस्तुत गर्नुभयो ।

१. श्री चूडामणि रेग्मीले 'नेपालीमा अकरण' शीर्षक आफ्नो पत्रमा नेपालीमा अकरण सम्बन्धी कैयौं प्रश्नहरू अझै सुल्झिएका छैनन् भन्ने कुराको चर्चा गर्दै अकरण विषयमा कुराकानी गर्दा सरल क्रियामा भन्दा संयुक्त क्रियामा पर्न आउने समस्यातर्फ ध्यानाकर्षण गर्नुभयो । करण र अकरणको चर्चा क्रिया–इतर शब्द वाक्यको अर्थको दृष्टिकोणले पनि प्रस्तुत गर्दै उहाँले आफ्नो पत्रलाई क्रियाको अकरणमा मात्र सीमित राख्नुभएको छ । नेपाली भाषामा करणको र अकरणको रूप छुट्टै स्वीकार्नुपर्ने कुरातर्फ पनि उहाँले संकेत गर्नुभएको छ ।

२. श्री आचार्यज्यूले 'नेपाली भाषामा अकरणनिर्धारण समस्या र समाधान' शीर्षक आफ्नो पत्रमा अकरणका समस्याहरूको उल्लेख गर्दै तिनका समाधानबारे छलफल प्रस्तुत गर्नुभयो । अकरण मुख्य रूपमा क्रियासँग सम्बन्धित भए पनि यसको प्रयोग विशेषण, क्रिया विशेषण, नाम आदिमा नहुने होइन भन्दै अकरणको क्षेत्र र स्वरूप पहिल्याउनका लागि सर्वप्रथम अकरण संकेत रूपिमको निर्धारण गरी पदका कोटि र उपकोटिका तहमा यसको प्रयोग के कस्तो स्थितिमा के कसरी भएको छ त्यसको निरूपण गर्नुपर्ने देखिन्छ भन्ने उहाँको राय देखियो । आफ्नो पत्रमा अकरणका रूपिमहरूको व्याख्यासहित तिनका अर्थ, स्वरूप आदिको विवेचन पनि उहाँले प्रस्तुत गर्नुभयो ।

३. 'नेपालीमा अकरण प्रक्रिया' शीर्षक आपनो पत्रमा श्री पन्तले अकरणलाई रूपगत, अर्थगत र भावगत गरी तीन मुख्य भागमा विभाजित गर्नुभयो। प्रत्येक भागलाई फेरि विभिन्न प्रकारमा बाँड्नुभई तिनको विश्लेषणात्मक अध्ययन पनि प्रस्तुत गर्नुभयो।

४. श्री केदार न्यौपानेले 'नेपालीमा आदरार्थीको प्रयोग' शीर्षक आपनो पत्रमा नेपाली भाषामा आदरार्थी प्रयोगको महत्त्वपूर्ण स्थानको चर्चा गर्दै नेपाली व्याकरणमा हालसम्म यस विषयको राम्रो र विस्तृत विवेचन नभएको कुरा गर्नुभयो। उहाँले आदरार्थी प्रयोगलाई सात तहमा विभाजित गर्दै यस सम्बन्धमा देखापर्ने केही समस्याहरूको उल्लेख गर्नुभएको छ र तिनको समाधान चाँडै गरिनुपर्छ भन्ने सुझाउ पनि दिनुभएको छ।

५. श्री तीर्थराम झाले 'नेपाली भाषामा आदरार्थीको प्रयोग' शीर्षक आपनो पत्रमा आदरार्थीको प्रयोगलाई मुख्य रूपमा वचनसँग सम्बद्ध गर्दै 'वचन'को प्रयोगका सम्बन्धमा विभिन्न वैयाकरणहरूका राय प्रस्तुत गर्दै विस्तृत छलफल गर्नुभयो। उहाँले यस सन्दर्भमा देखापर्ने समस्याहरूतर्फ औंल्याउनुभएको छ।

६. हेमचन्द्र पोखरेलले 'नेपालीमा आदरार्थी शब्द' शीर्षक आपना पत्रमा आदरार्थीको प्रयोग विभिन्न भाषाहरूमा पाइने कुराको चर्चा गर्दै नेपालीमा यसको व्यापकता र प्रयोगको जटिलतातर्फ औंल्याउनुभयो। सामान्यार्थी र आदरार्थी शब्दहरूको सूची प्रस्तुत गर्दै उहाँले नेपालीमा आदरार्थी प्रयोग व्याकरणको तहमा मात्रै सीमित नभएर शब्दको तहमा पनि पाइने कुरा देखाउनुभयो।

७. श्रीमती रमा शर्मलि 'नेपालीमा आदरार्थी प्रयोग' शीर्षक आपनो पत्रमा विभिन्न व्याकरणमा आदरार्थी प्रयोगलाई कुन प्रकारले प्रस्तुत गरिएको छ भन्ने कुराको चर्चा गर्दै नेपाली भाषामा यसको प्रयोगलाई सामाजिक सम्बन्धको स्वरूपले कसरी प्रभाव पारेको छ भन्ने कुराको विवेचना गर्नुभयो। आपना पत्रमा उहाँले वर्तमानमा यसको प्रयोगमा कसरी विविधता देखापरेको छ भन्ने कुराको उदाहरण दिँदै भाषामा देखापरेका असमानता र असंगतिलाई हटाई एकरूपता ल्याउने प्रयास हुनुपर्छ भन्ने सुझाउ दिनुभयो।

८. श्री शिवगोपाल रिसालले 'नेपालीमा आदरार्थी प्रयोग' शीर्षक आपनो पत्रमा नेपाली भाषामा आदरार्थी प्रयोगको व्यापकता र त्यसको प्रयोग तथा त्यसबाट वाक्यका कुन प्रकारका पदमा कुन प्रकारको प्रभाव पर्दछ भन्ने विषयमा छलफल गर्नुभयो।

पत्रहरूको प्रस्तुतीकरणपछि निम्नलिखित सहभागीहरूले छलफलमा भाग लिनुभयो :

१) श्री कृष्ण गौतम : रमा शर्मालाई:—

क) समाजमा आफूभन्दा साना वा तलका व्यक्तिको लागि पनि कहिलेकहीं हुने बहुवचनको प्रयोगलाई 'आदरार्थी' नभनेर 'स्नेहार्थी' भन्नु उपयुक्त होला ।

उत्तर– आफूभन्दा सानालाई पनि आदरबोधक शब्दको प्रयोग हुन्छ भन्ने मात्र मेरो आशय हो ।

ख) श्रीमान् श्रीमती जस्ता प्रयोगलाई उडाउने भन्ने श्रीमती रमा शर्माको भनाइ बुझिएन । प्रयोगमा आइसकेकोले यिनलाई कायम रहन दिनुपर्छ ।

उत्तर– कायम रहनुपर्छ भन्ने नै मेरो आशय हो, हटाइनुपर्छ भनेको होइन ।

ग) ठूलठूला पदमा पुगेका स्त्रीहरूको कुरा गर्दा प्रयोग गरिने भारतका प्रधानमन्त्री स्व. श्रीमती इन्दिरा गान्धी जस्ता षष्ठीको रूपको विषयमा पनि विचार गरिनुपर्छ ।

घ) 'हजुर' र 'तपाईं' को प्रयोगमा सामाजिक सम्बन्धको साथै केही हदसम्म व्यक्तिगत सम्बन्धले पनि असर गर्छ ।

उत्तर– 'तपाईं' र 'हजूर' को प्रयोगमा सामाजिक सम्बन्ध नै आधार हुन्छ भन्ने लागेको छ ।

२) श्री हरिप्रसाद शर्मा :

क) श्री चूडामणि रेग्मीको पत्रमा 'जान्छ', 'जाँदैन' जस्ता रूपलाई करण - अकरणका दुई अलग रूपमा मान्ने कुरा मिलेन ।

उत्तर– नेपालीमा 'छ' र 'हो' बाहेक अरू सम्पूर्ण क्रियापदहरू कृदन्तबाट बनेका हुन् भन्ने मेरो मान्यता भएकोले यिनलाई अलग अलग रूप मान्नुपर्ने देख्दछु ।

ख) वैयाकरणहरू अर्थको ख्याल गर्दैनन् शब्द मात्र सिद्ध गर्छन् भन्ने श्री भरतराज पन्तज्यूको कुरामा मेरो असहमति छ, वैयाकरणहरू अर्थको पनि ख्याल राख्दछन् ।

उत्तर– वैयाकरणहरू शब्दशुद्धि र शब्दनिर्माणमा मात्र चर्चा गर्छन् भन्ने कुरा अर्कै सन्दर्भमा आएको हो । अकरण 'रूपगत', 'अर्थगत' र 'भावगत' र यिनका विभिन्न भेदहरू गरी २८ भेदमा विभक्त हुन सक्छन् भन्ने कुरा पत्रमा चर्चा भएको छ र यसैले मेरो विचार स्पष्ट गर्दछ ।

ग) नाम, विशेषण आदिको निषेधवाचक रूप – जस्तो, अदृष्ट, कमजोर आदि– अकरणभित्र पर्छ भन्ने श्री नरहरि आचार्यज्यूको मतसँग मेरो सहमति छैन ।

उत्तर– यस्ता रूपहरू 'हुन्छ' – 'हुँदैन' जस्तो अकरण होइनन्, तर 'कमजोर' ले 'जोर' लाई निषेध गरेकोले 'जोर' को अकरण चाहिँ हो ।

घ) श्री तीर्थराज झाको पत्रमा संस्कृतमा आदरार्थी छैन भनेको के हो ?

उत्तर– त्यसो भनेको होइन । नेपालीको तुलनामा संस्कृतमा आदरार्थीको रूप थोरै छन् भन्ने मात्र हो ।

**३) श्री माधवप्रसाद पोखरेल :**

क) अकरण के हो भन्नुभन्दा पहिले सतही संरचना (Surface structure) लाई हेर्ने हो वा भित्री संरचना (Deep structure) लाई पनि हेर्ने हो निश्चय गर्नुपर्छ यस्तै हामीले शब्दलाई हेर्ने हो कि अर्थलाई हेर्ने हो यो पनि विचार गरिनुपर्छ ।

उदाहरणको रूपमा, यी वाक्यलाई के भन्ने ? करण कि अकरण ?

१. फेरि बोलि हेर् त !
२. नगई छोड्दिनँ !
३. यो आँप खयाल मीठो छैन !
४. तैले भनेर हुन्छ ?

उत्तर– अकरणलाई रूप र संरचनाको आधारमा मात्र नहेरेर अर्थको आधारमा पनि हेर्नुपर्छ । (नरहरि)

ख) संस्कृतमा आदरार्थीको प्रयोग छैन भन्ने श्री तीर्थराम झाज्यूको भनाइप्रति म असहमति जनाउँछु ।

उत्तर– संस्कृतमा नेपालीमा जस्तो विभिन्न प्रकारका आदरार्थीको प्रयोग पाइँदैन भन्ने मात्र आशय हो– रूप छँदैछैन भन्ने होइन । (तीर्थराम)

ग) आदरार्थीको प्रयोग समाजमा रहेका विभिन्न प्रकारका असमानताले गर्दा ल्याएको हुन्छ र यसको प्रयोगको निर्धारण दुई व्यक्तिको बीचको सम्बन्धले गर्दछ । आदरार्थीका निर्धारक तत्त्वहरू यी हुन सक्छन्— लिंग, आवेग, संस्कृति, चलन, भाषिक दक्षता, उमेर, पद, भावना, आर्थिक स्थिति, साइनु, जात, घनिष्ठता, अवसर, आदि ।

**४) श्री रामावतार यादव :**

अकरण प्रक्रिया आफूमा महत्त्वपूर्ण भए तापनि यसको उपादेयता अन्य प्रक्रियाहरू, जस्तो प्रेरणार्थक क्रिया, संयुक्त क्रिया, अर्थ संरक्षण परिकल्पना (Meaning preservation hypothesis)को परीक्षण (Tests) का रूपमा पनि उत्तिकै छ । अर्थात्, के संयुक्त क्रियाको अकरण यस भाषामा हुन्छ ? र हुन्छ भने अर्थमा परिवर्तन नभएरै हुन्छ ?

दोस्रो कुरो, अकरणको क्षेत्र (Scope) लाई पनि विचार गर्नु आवश्यक छ । जस्तो—

क) उ पढेर 'सुतेन'।

ख) उ पढ्दा पढ्दा 'सुतेन'।

माथिका वाक्यमा 'सुतेन' शब्दहरू अकरण भए पनि वास्तविक अकरण-चाहिं अन्तै छ। त्यस्तै–

क) म स्कूलमा 'पढ्दिनँ', खेल्दछु। (पहिलो क्रियामा अकरण)

ख) म स्कूलमा 'पढ्दिनँ', तर अब पढुँला। (वर्तमान कालमा अकरण)

ग) मैले किताब 'पढेको' होइन, पढदैछु। (भूतकालमा अकरण)

अर्थात् अकरणको क्षेत्रलाई राम्ररी विश्लेषण गरेपछि मात्र अकरणबारेको अध्ययन सार्थक हुन्छ। अकरणका यस्ता पक्षबारे पत्रहरूमा चर्चा नभएकोले त्यसको चर्चा उठाएको हुँ।

उत्तर– 'उ पढेर सुतेन' जस्ता वाक्यमा निषेध 'पढ्नु' को भएको तर 'न' चाहिं 'सुतेको' मा लागेको छ। यस्ता विषयको चर्चा पत्रमा भइसकेको छ। (नरहरि)

आदरार्थीमा जाऔं अब। आदरार्थी बहुवचनको कुरा आयो। नेपाली भाषा जटिल किसिमको आदरार्थी व्यवस्था भएको भाषा होइन, जापानी निकै जटिल आदरार्थी रूप भएको भाषा हो। बंगला र मैथिली त्यसपछि आउँछन्। बहुवचन र आदरार्थीलाई छुट्टै राख्नु राम्रो। पोखरेलज्यूले भने झैं आदरार्थीका सामाजिक कारण छन्। यी विषयमा पनि चर्चा भए राम्रो हुने थियो कि ?

५) डा. वल्लभमणि दाहाल :

कार्यक्रमहरूमाथि टिप्पणी गर्दै डा. रामावतार यादवले भनेका कुरामा समर्थन जनाउनुभयो।

डा. दाहालले अकरणको क्षेत्र के हो भन्ने कुराको निर्धारण हुनुपर्ने आवश्यकता छ, यसका अर्थगत र संरचनात्मक दुवै पक्षमा ध्यान जानुपर्छ भन्नुभयो।

आदरार्थीको प्रयोगलाई व्यक्तिहरूको अभिवृत्ति (attitude), वर्ग, नाता, खानदान, अधिकार, परिवेश आदिले असर पारेको हुन्छ। श्रीमती रमा शर्माज्यूको पत्रमा उठाइएका केही प्रश्नहरूको उत्तरमा डा. दहालले भन्नुभयो– आदरार्थीलाई 'बहुवचन' भन्ने चलन क्रियाको 'आउँछन्' जस्ता पुछारको 'न्' देखेर आएको हो, यसलाई 'बहुवचन' हटाएर 'आदरार्थी' मात्र भने हुन्छ, किनभने, यस्ता कैयौं उदाहरण दिन सकिन्छन् जसमा 'वचन' नै निष्क्रिय भएको पाइन्छ :–

सरकारबाट हुकुम भयो।

दाजु आउनुभयो । दाजुहरू आउनुभयो । आदि ।

'हजुर' जस्ता शब्दहरू कहीं 'नाम', कहीं 'सर्वनाम' भनिएका छन् भन्ने श्रीमती शर्माज्यूको भनाइतर्फ संकेत गर्दै डा. दाहालले शब्द आफैं कुनै कोटि भित्र पर्दैन र त्यसको कोटि निर्धारण त्यसले वाक्यमा गर्ने कार्यव्यापारको आधारमा गरिन्छ भन्नुभयो ।

ऐतिहासिक पुरुषलाई आदर दिने सम्बन्धमा विभिन्न प्रकारका प्रयोगहरू पाइन्छन् भन्ने श्रीमती शर्माज्यूको भनाइमा डा. दाहालले हामीले ऐतिहासिक पुरुषलाई 'तिमी' भन्ने गरेका छौं र अन्य प्रकारको प्रयोग गर्नुपरेमा कस्तो प्रयोग गर्ने भन्ने कुरा सन्दर्भले निश्चय गर्छ भन्नुभयो ।

'जी', 'ज्यू' को प्रयोग शैलीगत भेद मात्र हो । यसले भाषालाई धनी तुल्याउँछ भन्ने विचार डा. दाहालले व्यक्त गर्नुभयो । आदरार्थी प्रयोगका सम्बन्धमा कुरा गर्दै यस्ता कुराहरू समाजका मूल्य र मान्यतामा निर्भर रहने र सामाजिक परिवर्तन हुँदा प्रयोगमा फरक पर्ने कुरा डा. दाहालले बताउनु भयो । उदाहरणका रूपमा उहाँले भन्नुभयो २००७ सालपछि 'तपाईं' को चलन बढेर गएको थियो भने आजकल 'हजुर' को चलन बढ्दैछ ।

६) श्री हरिभक्त नेउपाने :

अचेल नवधनाढ्यहरू भात छोडेर भुजा खान थालेका छन् । सामाजिक मूल्य र मान्यतामा परिवर्तन आएपछि भाषामा पनि परिवर्तन आउँछ ।

क) श्री नरहरि आचार्यले आपना पत्रमा उल्लेख गरेको 'काम गर्ने मान्छेलाई खाएको पच्छ' को अकरण 'काम नगर्ने मान्छेलाई खाएको पच्छ' जस्ता वाक्यको आकांक्षा र योग्यता के हो ?

उत्तर– यस्ता वाक्यको आशय दोहोरिनुपर्छ । यसमा व्यंग्यात्मक अर्थ छ ।

ख) श्री चूडामणि रेग्मीले भन्नु भएको छ : 'शब्द जन्मेको छ, धातु जन्मेको छैन' यो कसरी ?

उत्तर– यो कुरा पत्रबाट स्पष्ट हुनेछ ।

ग) श्रीमती रमा शर्माको पत्रमा आदरार्थीमा 'बाट' को प्रयोगको उल्लेख छ । यो 'बाट' ले करण जनाउँछ जस्तो लाग्छ । यस्तै 'गुरु' शब्दको दुरुपयोग भएको छ ।

उत्तर– 'बाट' ले कर्ता जनाउँछ । 'गुरु' शब्दको प्रयोग बढाई यस शब्दप्रति श्रद्धा जगाउनु आवश्यक छ ।

घ) अर्को प्रश्न श्री हेमचन्द्र पोखरेलसँग छ :

आदर गर्नुपर्ने व्यक्तिलाई पनि आपसी सम्बन्ध ज्यादै घनिष्ट भएमा 'तँ'

को पनि प्रयोग हुन्छ । 'तँ' लाई आदरार्थी मान्ने कि नमान्ने ?

उत्तर– कविता, गीत, आदिमा 'राजा' लाई पनि तिमी आदिको प्रयोग हुन्छ । उदाहरण—

कलम समाऊ हे राजा ! कविता हामी बनौंला

कतिपय स्थितिमा प्रयोग हुने आदरार्थीलाई 'स्नेहार्थी' भन्नु नै ठीक होला ।

७) श्री मदनमणि दीक्षितले नरहरि आचार्यको पत्रतिर संकेत गर्दै अकरणको कुरा गर्दा 'न' बाहेक अर्को एउटा पक्षतर्फ पनि विचार पुऱ्याउनुपर्ला भन्नुभयो । उदाहरणको रूपमा— 'हरि रावण जस्तो छ' भन्दा यहाँ 'रावण' शब्दले 'रामत्व' को निषेध गरेको छ ।

उत्तर– समर्थन पर्छ ।

आदर जनाउन एउटा 'श्री' नै पर्याप्त छ भन्ने श्रीमती रमा शर्माको भनाइमा आफ्नो चित्त बुझेको छ भन्ने कुरा पनि श्री दीक्षितले गर्नुभयो ।

आदर गर्नु राम्रो हो तर अति गर्नु दुरुपयोग हो भन्दै उदाहरणको रूपमा रेडियो नेपाल, गोरखापत्र, आदिले अनावश्यक ठाउँमा अति उच्च आदरवाची शब्दहरूको प्रयोग गरेर आदरार्थीको दुरुपयोग गरेको छ भन्ने विचार श्री मदनमणि दीक्षितले व्यक्त गर्नुभयो ।

अन्तमा सभापतिको आसनबाट प्राध्यापक डा. युगेश्वर प्रसाद वर्माले प्रस्तुत भएका सबै कार्यपत्रहरूको सारसंक्षेप दिंदै तिनका कतिपय विशेषताको उल्लेख गर्नुभयो । चर्चा परिचर्चाका, क्रममा आएका महाशय र महोदय तथा माननीय र सम्माननीय सामान्यतः समानार्थी हुन् तापनि यी शब्दहरूलाई हामीले रूढ अर्थमा प्रयोग गर्न लागेका छौं भन्दै आदरार्थी प्रयोग संसारका विभिन्न भाषामा छन् भन्नुभयो । र आदरार्थी प्रयोग सकारात्मक रूपमा नै व्यक्त भएको हुनुपर्छ भन्ने कुरा स्पष्ट गर्नुभयो । असत्य नबोल्नु भनेको सत्य बोल्नु होइन, न अन्धकारको अभाव नै प्रकाश हो । निश्चय नै आदरार्थी प्रयोगमा समाजको वर्गीकरण अभिव्यक्त भइरहेको हुन्छ, सामाजिक संरचनाको स्वरूप प्रकट भइरहेको हुन्छ । यहाँ निकै महत्त्वपूर्ण विषयमा छलफल भएको छ । यस छलफलमा रुचि लिएर सहभागी हुने प्रश्नकर्ता महोदयहरूलाई र पत्रका प्रस्तोताहरूलाई धन्यवाद दिन चाहन्छु । किनभने उहाँहरूले प्रस्तुत गरेका छलफलबाट हामी सबैलाई हाम्रा भाषाका यस्ता समस्याबारे विचार गर्ने स्थिति उत्पन्न भएको छ । धन्यवाद !

□

# तेस्रो सभाको प्रतिवेदन

## प्रतिवेदक – मोहनराज शर्मा

'नेपाली व्याकरण अधिगोष्ठी २०४१' को तेस्रो सभा डा. बल्लभमणि दाहालको सभापतित्वमा फागुन ३० गते दिउँसो सम्पन्न भयो। यस सभाको विषय 'शब्द र शब्दनिर्माण' थियो। यस विषयमा पाँच जना विद्वान्‌हरूबाट तयार गरिएका पाँचवटा बेग्लाबेग्लै गोष्ठीपत्रहरू प्रस्तुत गरिए। प्रस्तुतकर्ता विद्वान्‌हरूको नामावली यस प्रकार छ : श्री कृष्ण गौतम, डा. कृष्णचन्द्र मिश्र, डा. कुमारबहादुर जोशी, प्रा. चूडानाथ भट्टराय र श्री हरिप्रसाद शर्मा।

पाँच जना प्रस्तुतकर्ताहरूले आ-आफ्नो पत्रको संक्षेपमा विषयप्रतिपादन गरेपछि छलफलको क्रम चल्यो। यस क्रममा सहभागीहरूले प्रश्न वा टिप्पणी गरेका थिए भने सम्बन्धित प्रस्तुतकर्ताले तिनको उत्तर दिएका थिए।

सहभागीहरूका प्रश्न वा टिप्पणीहरू:–

१) श्री हरिभक्त नेउपाने :

क) श्रीकृष्ण गौतमलाई : 'ए' प्रत्यय लागेका 'टपरे, ढिँडे' जस्ता शब्दले हियाउने अर्थ दिएर विकृति ल्याउँछन् भने अन्त्यमा 'ए' हुने 'ग्योपाने' 'काफ्ले' जस्ता शब्दको के हुने ? के तिवारीबाट तिवारे, सिग्देलबाट सिग्देले अथवा धराने जैं काठमाडें बनाउनु उपयुक्त होला ?

ख) कृष्णचन्द्र मिश्रलाई : संस्कृत धातुबाट लगभग ८५ करोड व्युत्पन्न शब्दहरूको निर्माण गर्न सकिन्छ भन्ने कुराको आधार के हो ?

ग) चूडानाथ भट्टरायलाई : भातसात जस्तै अपाङ्गसपाङ्ग बनेको हो भन्ने मानेर जनजिब्राको प्रभाव स्वीकार गरे कसो होला ?

घ) कुमारबहादुर जोशीलाई : सम्पादक्यौली, पुछ्र्यौली जस्ता शब्दहरू प्रचलित नभए पनि के पुख्यौंली, मटचौली, ठटचौली, रत्यौली जस्ता शब्दहरू प्रचलित छैनन् र ?

२) **वासुदेव त्रिपाठी :**

क) श्रीकृष्ण गौतमलाई : समासान्त र मत्वर्थीय शब्दमा 'ए' प्रत्यय बढी लाग्छ । समासान्तमा भन्दा मत्वर्थीयमा हीनताको भाव कम रहन्छ ।

ख) चूडानाथ भट्टरायलाई : गुरुले उठाएका महत्त्वपूर्ण कुराहरूलाई लेखिदिनुभए हुन्थ्यो ।

हरिप्रसाद शर्मालाई : यहाँ जस्तो संस्कृत व्याकरणका विद्वान्ले नेपाली व्याकरणबारे लेखिदिनुपर्‍यो, धेरै भन्दा धेरै लेखिदिनुपर्‍यो ।

ग) टिप्पणी : कृष्णप्रसाद मिश्रका पत्रको सन्दर्भमा : भारतीय संविधानमा उल्लेख भए जस्तै नेपालको संविधानमा पनि राष्ट्रभाषाको काम कर्तव्यको संविधानहरूमा उल्लेख होस् ।

३) मदनमणि दीक्षित : हरिप्रसाद शर्मालाई : नेपालीको व्युत्पन्न शब्द निर्माण संस्कृतका आधारमा गर्दा संस्कृत कति बाँकी रहन्छ, नेपाली कति बाँकी रहन्छ र अरू भाषाको सहयोग नलिने उहाँको प्रस्ताव पनि स्पष्ट भएन मलाई ।

४) सत्यमोहन जोशी : चूडानाथ भट्टरायलाई : सैनिक क्षेत्रका शब्दहरूको रूपान्तरण गर्दा 'जर्नेल'लाई 'रथी' के आधारमा भनियो ? नेपालमा रथबाट युद्ध भएको कतै उल्लेख छैन । नेपाल जस्तो पहाडी मुलुकमा रथ चल्दैन । संस्कृत शब्दको गलत प्रयोग त भएन यहाँ ?

५) लिखित प्रश्नहरू :

क) हरिप्रसाद शर्मालाई : संस्कृतको आग्रहपूर्ण व्युत्पत्ति मानेर संसारका भाषालाई संस्कृत मूलमा कोच्नु अवैज्ञानिक देखिदैन र ?

ख) चूडानाथ भट्टरायज्यूलाई : हिन्दीमा प्रचलित संस्कृत शब्द नेपालीमा आउँदा खेद प्रकट गर्ने हो भने नेपालीको शब्द भण्डार के गरी बढ्ला ?

ग) कुमारबहादुर जोशीलाई : नेपालीको शब्द भण्डार बढाउने क्रममा शब्दको श्रुतिमाधुर्य र लाघवमा ध्यान दिने कुरा गरियो तर अर्थबोधका कुराको उल्लेख किन गरिएन ?

प्रस्तुतकर्ताहरूले दिएका उत्तर :

१) मैले संस्कृतको व्यापकता र उत्पादनशीलताको कुरा गरेको हुँ । संस्कृत धातुबाट लगभग ८५ करोड शब्दको निर्माण गर्न सकिन्छ भन्ने कुराको उल्लेख श्री रघुवीरले हिन्दीको पर्यायवाची शब्दकोशमा गरेका छन् ।

(कृष्णचन्द्र मिश्र)

२. सम्पादकयौली आदि शब्दहरू श्रुतिमाधुर्य र लाघवको अभाव भएर चल्न नसकेका हुन् । फर्रा शब्द चलाउने अतिवादिताका कारणले पनि यस्ता शब्दहरू प्रचलित हुन नसकेका हुन् । (कुमारबहादुर जोशी)

३) शब्दकोशमा संस्कृत पर्याय पनि राख्नुपर्छ किनभने सिमेण्टमा भन्दा वज्रलेप-मा उत्पादनशीलता छ । (कृष्णचन्द्र मिश्र)

४) शब्द संप्रेष्य हुनुपर्छ भन्नाको तात्पर्य नै अर्थ र अर्थबोधका कुरा गर्नु हो । (कुमारबहादुर जोशी)

५) अशिक्षित र अशिष्टहरूबाटै शब्दको बढी निर्माण हुन्छ । तसर्थ व्याकरण नजान्नेबाट निर्मित शब्द नलिने प्रश्न नै उठ्दैन । (कुमारबहादुर जोशी)

६) दामुपालको शिलालेख (सं. १०३८)को प्रारम्भिक प्रक्रिया पूरा भई त्यसको प्रामाणिकता सिद्ध भइसकेको जानकारी नभएकाले उल्लेख नगरिएको हो । नेपाली भाषा अझै पुरानो प्रमाणित हुन्छ भने पनि स्वागत छ । (कुमारबहादुर जोशी)

७) 'भातसात' झैं 'अपाङ्ग' र 'सपाङ्ग' बनेका होइनन् । अङ्ग भएकालाई सपाङ्ग भनिएको हुँदा यो प्रयोग ठीक होइन । (चूडानाथ भट्टराय)

८) अन्य भाषाबाट शब्द लिनुपर्छ, तर आँखा चिम्लेर होइन । अन्य भाषाबाट लिइएका शब्द आफ्ना भाषाको अनुकूल र प्रकृति मिल्ने हुनुपर्छ । 'पञ्चवर्षीय' जस्ता शब्द नलिएर प्रचलनमा रहेका 'मासिक, भाषिक' जस्ता शब्दसँग रूप मिल्ने पाञ्चवार्षिक' शब्द लिनुपर्छ । (चूडानाथ भट्टराय)

९) आजको नेपाली प्रयोगमा अंग्रेजीको अन्धानुकरण पाइन्छ । विदेशी शैली पसेको छ । (हरिप्रसाद शर्मा)

१०) शिष्टले प्रयोग गर्ने शब्द उचित हो भन्न खोजिएको हो, संस्कृत शब्दलाई शिष्ट भन्न खोजिएको होइन । (हरिप्रसाद शर्मा)

११) 'रथी' शब्दको प्रयोग नेपाल जस्तो पहाडी मुलुकमा मिल्दैन भन्ने कुरा होइन । नेपाल पहाड मात्र होइन । जनक राजाले रथ चढेको थिए । पाटनमा मत्स्येन्द्रनाथको रथ छ । महाभारत कालमा 'रथी', 'अतिरथी' जस्ता शब्दहरूको प्रयोग भएको देखिन्छ र यस शब्दको प्रयोग उचित छ । (चूडानाथ भट्टराय)

छलफलको क्रम सकिएपछि सभापतिको आसनबाट डा. दाहालले प्रस्तुत गरिएका सबै गोष्ठीपत्रहरू राम्रा छन् भन्दै र पत्रवाचक प्रश्नकर्ताहरू र श्रोता-हरूलाई धन्यवाद दिंदै विषयकेन्द्री भएर गहिराइका साथ लेख लेख्ने आग्रह गर्नु-भयो ।

नेपालीमा 'अन्तर्राष्ट्रिय, महावाणी' अशुद्ध नभएर शुद्ध हुन् भन्ने कुरो उहाँले स्पष्ट पार्नुभयो । यस सम्नन्धमा संस्कृत नियमअनुसार उपर्युक्त शब्दहरू अशुद्ध भए पनि बढी प्रचलित भएकाले नेपालीमा शुद्ध हुन् भन्ने उहाँको तर्क थियो। प्राविधिक शब्दबारे आफ्नो मन्तव्य दिंदै हामीकहाँ यस्ता शब्दको निर्माण गर्ने आधिकारिक संस्था छैन भन्ने तथ्य उहाँले प्रकट गर्नुभयो । पारिभाषिक शब्दका रूपमा सकेसम्म आफ्नै शब्द लिनुपर्छ र आफ्ना नभएका खण्डमा मात्र अन्य भाषाबाट शब्द लिनुपर्छ भन्ने उहाँको विचार थियो ।

शब्द बनाउँदैमा चल्दैन भन्ने कुरामाथि प्रकाश पार्दै उहाँले कुन प्रकृतिमा कुन प्रत्यय लगाउने भन्ने कुरामा वक्ताको प्रयोग पनि हेर्नुपर्छ भन्ने धारणा व्यक्त गर्नुभयो । सम्पादक्यौली जस्ता झर्रा शब्दहरू आज नचले पनि भोलि चल्न पनि सक्छन् भन्ने उहाँको राय थियो ।

संस्कृत भाषिक दर्शन बिलाउने वा त्यसको शृङ्खला टुट्ने कारण उपनिवेशवाद हो भन्ने धारण व्यक्त गर्दै उहाँले आज भाषाका क्षेत्रमा वैज्ञानिक परम्परा आएको छ भन्नुभयो र भाषिक दर्शनको संस्कृत परम्परा बीचमा नटुटेको भए पनि वर्तमान वैज्ञानिक परम्पराका कारण अझै रहिरहने थिएन भन्ने विचार पोख्नुभयो ।

अन्त्यमा अत्यधिक जोड दिएर उहाँले भन्नुभयो, अरू देशमा जस्तै हामीलाई भाषाको योजना गर्ने आधिकारिक र निर्णायक तह वा इकाई चाहिएको छ ।

यसपछि सभा विसर्जन भयो र तेस्रो सभा टुङ्गियो ।

□

# चौथो सभाको प्रतिवेदन

## प्रतिवेदक – अभि सुवेदी

'नेपाली व्याकरण अधिगोष्ठी २०४१' को चौथो सभा फागुन ३० गते नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सदस्य प्रा. ढुण्डिराज भण्डारीका सभापतित्वमा सम्पन्न भयो यस सभाको विषय 'शब्द भण्डार' थियो र यस विषयमा ६ जना विद्वान्हरूले आआफ्ना पत्र प्रस्तुत गर्नुपर्ने थियो । उहाँहरूको नामावली यस प्रकार छ : डा. वल्लभमणि दाहाल, डा. युगेश्वरप्रसाद वर्मा, श्री आनन्ददेव भट्ट, श्री व्रतराज आचार्य, श्री भिक्टर प्रधान र श्री भूपहरि पौडेल । श्री व्रतराज आचार्य काठमाडौं बाहिर रहेकाले आफ्ना पत्रको प्रस्तुतीकरणका निम्ति उपस्थित हुन सक्नुभएन ।

१) पहिलोपत्र डा. वल्लभमणि दाहालले प्रस्तुत गर्नुभएको थियो । 'नेपाली नाम' शीर्षक पत्रमा डा. दाहालले नेपाली नामको विभिन्न आधार राखेर व्याख्या गर्नुभयो । संख्येय असंख्येय अथवा गन्न सकिने र नसकिने आधार राखेर नेपाली नामको भेद गर्न सकिन्छ । असंख्या र संख्याका आधारमा कुनै नाम प्रष्टसँग छुट्टिन्छन् भने कुनै नाम दुवै आधारमा प्रयोग हुन्छन् । संख्या र असंख्याको आधारमा पनि नामहरूको विभाजन गर्न सकिन्छ । संख्या र असंख्या दुवै कार्य अंश, परिमाण, प्रकार किसिमको आधारमा पनि विभाजन गर्न सकिन्छ । नेपाली नामहरूको समुच्चय र समष्टि पनि हुन्छ । तिनलाई पनि संख्या असंख्याको आधारमा व्याख्या गर्न सकिन्छ भन्ने उहाँको निष्कर्ष थियो ।

२) दोस्रो कार्यपत्र डा. युगेश्वर वर्माले प्रस्तुत गर्नुभएको थियो । 'नेपाली भाषाको शब्द सामर्थ्य' शीर्षक उक्त कार्यपत्रमा डा. वर्माले भन्नुभयो–अर्को भाषाबाट शब्दहरू बढी लिइयो भने त्यसले भाषामा अर्न्तनिहित अपर्याप्तताको संकेत गर्दछ । अंग्रेजी भाषामा ल्याटिन तत्वको बाहुल्य रहिञ्जेलसम्म

अंग्रेजी भाषाको अपर्याप्तता स्पष्ट भएको थिएन, त्यसैले छोपेको थियो भन्ने प्रमाणद्वारा उहाँले आफ्नो तर्कको पुष्टि गर्नुभयो । नेपाली भाषाको सम्बन्धमा डा. वर्माले भन्नुभयो नेपाली भाषा जातीय र भाषिक विभेदहरूलाई पार गरेर एक व्यापक रूपमा प्रयोग हुने राष्ट्रभाषा भएको छ । तर आजको आमसंचार र यातायात, शिक्षाको माध्यमले ल्याएका नयाँ चुनौतिहरूको सामना गर्ने सामर्थ्य नेपाली भाषामा आइसकेको छैन । नेपाली संस्कृति मूलतः ग्रामसंस्कृति हो । नेपाली भाषा त्यसको लागि पर्याप्त भई आएकोमा अब नागर–संस्कृति र आधुनिक युगका चुनौतिको सामना गर्न यस भाषाले विस्तारित हुने आवश्यकता परेको छ । शब्द भण्डार वृद्धि गर्नको लागि आफ्नो वंशवृक्षको नाताले नजीक छिमेकी भाषाहरूबाट पनि नेपालीले शब्दहरू ग्रहण गर्नुपर्दछ । यस क्रममा नेपाली भाषामा बढी जटिलता देखापर्न सक्छन् । त्यसलाई स्वाभाविक मान्नुपर्दछ । नेपाली एक जीवन्त भाषा हुनाले अन्य भाषाको प्रभाव पर्दा यो थिचिदैन र आफ्नो मौलिकता यसले गुमाउँदैन भन्ने उहाँको विचार थियो ।

३) तेस्रो कार्यपत्र श्री आनन्ददेव भट्टले प्रस्तुत गर्नुभएको थियो । त्यस कार्यपत्रमा उहाँले भन्नुभयो–नेपाली भाषा आर्यमूलको भाषा भए तापनि यसलाई अनार्यमूलका वा भोट वर्मेली समूहका भाषाहरूले पनि ठूलो प्रभाव पारेका छन् । नेपाली भाषाको विकासका मूलतः २ अवस्था छन् । तिनमध्ये सन् १९५१ र १९७१ लाई महत्त्वपूर्ण मोड मान्नुपर्छ । पहिलो मोडदेखि नेपाली भाषामा अभिव्यक्ति खुला भयो भने दोस्रो मोडमा नयाँ शिक्षा योजनाको पद्धति लागू गरियो । नेपाली भाषामा साठीका दशकमा आत्म चेतनाको प्रवृत्ति देखापऱ्यो भने असीको दशकका आरम्भिक वर्षहरूमा नेपाली शिक्षाको माध्यमको रूपमा आउनुपर्ने चुनौति आएको छ । नेपालीको शब्द भण्डारबारे चर्चा गर्दै उहाँले अनेकौं नेपाली साहित्यकारहरूले व्यक्त गरेका धारणाहरू प्रस्तुत गर्नुभयो । नेपाली भाषाको विकासले अरू भाषाको विकासमा कुनै पनि प्रतिकूल प्रभाव पर्दैन ।

कार्यपत्रमा श्री भट्टले नेपाली व्याकरणको इतिहासको संक्षिप्त चर्चा गर्दै भन्नुभयो कतिपय नेपाली व्याकरणहरू व्याकरणकारका निजी विचारद्वारा तयार गरिएका छन् । व्याकरणकारहरू आफ्नै विचारका जालोमा अल्झिएका देखिन्छन् । नेपाली व्याकरणकार विद्वान्‌हरू कि त अंग्रेजी–मुखी छन् कि त संस्कृत–मुखी छन् । यी दुवैथरि विद्वान्‌हरू मिलेर काम गरेदेखि नेपाली भाषाको लागि ठूलो मद्दत पुग्नेछ भन्ने उहाँको भनाइ थियो ।

४) चौथो कार्यपत्र, 'नेपाली शब्द भण्डार' श्री भिक्टर प्रधानले प्रस्तुत गर्नुभएको थियो । उहाँको विचारमा हिजो आज नेपालीमा शब्द दुई किसिमले निर्माण भइरहेछन्– (१) नेपाली भाषाका आफ्नै स्वाभाविक शब्द भण्डारबाट ग्रहण गरेर र (२) शब्द निर्माण गरेर । नेपाली शब्द निर्माणको समस्या कृत्रिम समस्या हो । एकातिर हिजो आज परम्परादेखि प्रयोग भइरहेका साधारण बोलीचालीका शब्दहरू लोप भएर गइरहेका छन्, तिनीहरूले कोशहरूमा स्थान पाएका छैनन् भने अर्कोतिर शब्द निर्माणका कृत्रिम समस्याहरू खडा भइरहेका छन् । उदाहरणको लागि 'ओथारा' भन्ने नेपाली शब्द हुँदाहुँदै नयाँ यन्त्र आइपुगेपछि इन्क्युवेशन/इन्क्युवेटर भन्ने शब्दको मोहले गर्दा त्यही शब्द प्रयोग हुन थालेको छ । आवश्यक परेको ठाउँमा अर्को भाषाबाट शब्द ग्रहण गर्न सकिन्छ, तर त्यसलाई नेपालीको स्वाभाविकपनमा ढालेर र बढी लचिलो बनाएर लिनुपर्छ । 'माइकिङ' को ठाउँमा ढ्वाङ्फुकाई गर्नु र श्याम पाटीको सट्टा कालो पाटी गर्नु बढी स्वाभाविक हुन्छ । यसै प्रकार नेपाली व्युत्पत्तिमूलक शब्दहरूको प्रयोगमा जोड दिइनुपर्छ भन्ने उहाँको निष्कर्ष थियो ।

५) अन्तिम वक्ता भूपहरि पौड्यालले शब्दको दार्शनिक महत्त्व र भाषामा शब्दको महत्त्वबारे आफ्नो कार्यपत्रमा व्याख्या प्रस्तुत गर्नुभयो । नेपालीको शब्द भण्डार बढाउनुपर्छ । घर परिवारबाट र देशका कुना घुमेर शब्द ग्रहण गर्न सकिन्छ । त्यस्तै साहित्य स्रोतबाट पनि शब्द लिन सकिन्छ । नेपाली भाषा ९५ प्रतिशत संस्कृत मूलका शब्द छन् भन्ने उहाँको विचार थियो । नेपालीको पूर्वरूपको एक उदाहरण प्रस्तुत गर्दै उहाँले भन्नुभयो–अहिले हामी त्यस मूलरूपलाई चिन्न पनि नसक्ने अवस्थामा पुग्न लागिसकेका छौं । साँचो नेपालीको स्रोत खोज्न हामीले पश्चिम नेपालतिरै फर्किनुपर्छ भन्ने उहाँको धारण थियो ।

कार्यपत्रहरूमा सहभागीका प्रश्न र टिप्पणी :

उपर्युक्त कार्यपत्रहरूमाथि अनेकौं प्रश्न र टिप्पणीहरू गरिए ।

१) श्री हरिप्रसाद शर्माले भूपहरि पौड्यालको कार्यपत्रमाथि टिप्पणी गर्दै भन्नुभयो : पुरानो नेपाली बुझ्न संस्कृतसँग साँठगाँठ गर्नुपर्छ । संस्कृत भाषालाई बोलीचालीमा ल्याउनुपर्छ । मातृभाषा संस्कृत र राष्ट्रभाषा नेपाली हुनुपर्छ । भाषा र नैतिकताको साम्य देखाउँदै उहाँले भन्नुभयो–संस्कृत बोल्ने कट्टर हुँदैन । नोकर र मालिकको भावना उसमा हुँदैन । आफ्नो परिवारका सदस्य संस्कृत बोल्ने भएको कुरा जनाउँदै श्री शर्माले एक संस्कृत

वक्ता भएको नाताले जातीय भावना नराखी आफूले मानव सेवा गरेका घटनाहरू सुनाउनुभयो ।

२) श्री पौड्यालको विचार स्पष्ट बुझ्ने उद्देश्यले श्री जीवेन्द्रदेव गिरिले कस्ता शब्दलाई संस्कृत भनिन्छ र ९५ प्रतिशत नेपाली शब्द संस्कृत मूलका हुन् भन्ने उहाँको आधार के हो भनी प्रश्न गर्नुभयो ।

३) डा. वर्माको कार्यपत्रलाई संकेत गर्दै श्री केदार न्यौपानेले भन्नुभयो– नेपाली भाषा प्रयोग गर्ने डेढ करोड नेपालीभन्दा हामीले प्रवासका नेपालीहरूलाई बिर्सनुहुदैन ।

४) यही प्रसङ्ग लिएर डा. वासुदेव त्रिपाठीले प्रवास र नेपालको भाषिक प्रयोगमा बढ्दै गएको भिन्नतातिर औंल्याउँदै भन्नुभयो : बंगाल, र आसाममा नेपालीहरू आफ्नै पाराले पारिभाषिक शब्दावली तयार गर्दैछन् । हामी यहाँ भने आफ्नै ढंगले तयार गर्दैछौं । यस कुरालाई समयमै ध्यान नदिए भोलि यता र उताले एक अर्कामा नबुझ्ने स्थिति आउनेछ । उदाहरणको लागि दार्जीलिङ्गको हिमालचूली र यहाँको गोरखापत्रले यही फरक हुन लागेको भाषिक तथ्यलाई इङ्गित गर्दछन् भनी उहाँले औंल्याउनुभयो ।

५) श्री तीर्थराम क्वाले कार्यपत्रहरूमाथि टिप्पणी गर्दै भन्नुभयो-ती कार्यपत्रमा शब्द-भण्डारको मोटामोटी रूप-रेखा मात्र पाइयो । प्राविधिक र पारिभाषिक शब्दहरूबारे कसैबाट पनि स्पष्टीकरण भएन । त्यस्तै अनुकरणात्मक शब्दको उत्पत्ति र जातीय स्रोतबारे पनि केही नयाँ कुराहरू आएनन् ।

६) श्री मुकुन्दशरण उपाध्यायले श्री भिक्टर प्रधानका कार्यपत्रमा उल्लेखित 'कालो पाटी' बारे टिप्पणी गर्दै भन्नुभयो– कालो पाटीभन्दा श्यामपाटी बढी स्वाभाविक र बढी मात्रामा बनेको देखिन्छ । आफ्नो अनुसन्धानको आधारमा 'कालो पत्रको' सट्टा 'कलपत्र' बढी स्वाभाविक देखिएको तथ्यलाई उहाँले 'कलमुखा' भन्ने नेपाली शब्दको आधारमा प्रमाणित गरेको कुरा सुनाउनुभयो ।

७) श्री पूर्ण प्रकाश नेपाल यात्रीले भिक्टर प्रधानले चर्चा गर्नुभएको शब्द विषाक्तको प्रयोग १५७१ मा नै भएको पाइएको छ भनी सभालाई सुनाउनुभयो ।

८) श्री मदनमणि दीक्षितले भनुभयो– "दुर्घनाबाट बाँच्न पेटीबाट हिंडनुस्" भन्ने एउटा सूचना पाटी बागबजारमा टाँगिएको छ । त्यसको अर्थ दुर्घटना त हुने रहेछ तर पेटीबाट हिंड्दा बाँच्नुहुन्छ भन्ने ठानी आफूलाई त्यो बाटै हिंड्न मन नलागेको कुरा सुनाउँदै आजको नेपालीका यस्ता अनेकौं अमिल्दा प्रयोग

भएका उदाहरणहरू पनि उहाँले प्रस्तुत गर्नुभयो । जस्तो कि "अरूको मुख ताक्नु" अनेपाली प्रयोग हो । नेपालीमा ताक्नु भनेको निसाना गर्नु हो । नेपालीमा 'ठोस' भनेको गह्रुकिलो होइन– दाउरा ठोस्नु हो ।

सहभागीका प्रश्नहरूको प्रस्तोताहरूबाट उत्तर :

यसरी उठाइएका प्रश्नहरूको पत्रवाचकहरूले अनेकौं ढंगले उत्तर दिनुभयो ।

१) डा. वर्माले संस्कृतलाई जीवित भाषा मान्न सकिदैन भन्ने कुरा स्पष्ट पार्नुभयो ।

२) डा. त्रिपाठीले उठाउनुभएको भाषिक एकरूपताबारे उहाँले भन्नुभयो दुई विभिन्न क्षेत्र वा देशमा बोलिने त्यही भाषामा अन्तर आउनु स्वाभाविक हो । त्यसबारे चिन्तित हुनुपर्ने केही कारण छैन । यस कुराको पुष्टि गर्न उहाँले अमेरिका र ब्रिटेनमा अंग्रेजीको भाषिक विभेद भएको कुरा सुनाउनुहुँदै The bill was tabled भन्ने उदाहरणमा Table का दुइ अर्थ, 'प्रस्तुत गर्नु' (ब्रिटेन) र 'थन्क्याउनु' (अमेरिका) भएको कुरा स्पष्ट गर्नुभयो ।

३) श्री आनन्ददेव भट्टले भन्नुभयो– कार्यपत्रमा समस्या र समाधान राखिएका छन् तर समय नपुगेकोले प्रस्तुत गर्न नसकिएको हो । उहाँको विचारमा अहिलेको वातारणमा सबै क्षेत्रमा काम गर्नेको एउटै कराहीमा पग्लिने उत्कण्ठा देखिन्छ, त्यो ज्यादै उत्साह वर्द्धक कुरा हो।

४) हरिप्रसाद गुरुको संस्कृत सम्बन्धी धारणा असम्भव छ भन्ने उहाँको भनाइ थियो ।

५) भिक्टर प्रधानले आफ्नो पत्रमाथि उठाइएका चर्चाहरूको प्रसङ्गमा भन्नुभयो– रौंका पर्यायवाची शब्दबारे वहाँले आफ्नो कार्यपत्रमा उल्लेख नगरेर शब्द कोशमा रौंको "Triple entry" हुनुपर्छ भन्नुभएको थियो । कालो पाटी र श्यामपाटीको समस्या ठूलो होइन 'पाटी' मात्रै भने पनि हुन्छ– भित्ते-पाटी भने पनि हुन्छ भन्ने उहाँको विचार थियो ।

६) श्री भूपहरि पौडेलले नेपालीमा ९५ प्रतिशत संस्कृत शब्द छन् भन्ने भनाइ योगी नरहरिनाथको किताबबाट थाहा भएको कुरा सुनाउँदै त्यसमा अरू ४ अङ्क थपेर ९९ प्रतिशत बनाउनुभयो ।

सभापतिको आसनबाट बोल्दै श्री ढुण्डिराज भण्डारीले सबै कार्यपत्रको सार प्रस्तुत गरी सबै पत्रलेखकहरूलाई धन्यवाद दिनुभयो । कार्यपत्रहरूमाथि आफ्नो विचार दिंदै उहाँले भन्नुभयो– कार्यपत्रहरूमा भाषा र बोली Language & dialect लाई एउटै रूपमा राखिएको देखियो । उहाँको विचारमा भाषा सम्प्रेषणीय हुनैपर्छ । वर्ण र सन्धिको जटिलता नलिईकन पनि विचार सम्प्रेषण गर्न

Digitized by Hindu Heritage Foundation of America, HHFA(USA)

[illegible] भन्ने उक्तिको सम्प्रेषणीयतालाई ध्यान दिन आग्रह गर्नुभयो । शब्द-कोशका आफ्ना सीमा हुन्छन् । कोशमा शब्दहरू छुट्नु स्वाभाविक हो । नेपालीमा शब्द भण्डारको दयनीय स्थिति छैन । शब्दको प्रभाव ठूलो हुन्छ, सबै दण्डहरूमा शब्द-दण्ड सबभन्दा कठोर हुन्छ, शब्दको शक्ति अनन्त हुन्छ जसलाई बाँध्न अभिधा, लक्षणा, व्यंजनाहरूको प्रयोग गरिन्छ भन्दै वहाँले आग्रह गर्नुभयो– हामीले शब्दको ठाडो अर्थमा जान हुँदैन आशयपट्टि पनि जानुपर्छ । २००७ सालअघि संस्कृत मात्र पढाइ हुन्थ्यो अंग्रेजीको पनि पढाइ हुन्थ्यो भन्ने कुरा उहाँले स्पष्ट पार्नुभयो ।

□

# पाचौं सभाको प्रतिवेदन

## प्रतिवेदक– आनन्ददेव भट्ट

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित 'नेपाली व्याकरण अधिगोष्ठी' २०४१ को कार्यक्रम तत्कालीन सोभियत राष्ट्रपति श्री चेर्नेन्कोको निधनका कारणबाट नेपाल अधिराज्यभरि फागुन २९ गतेका दिन बिदा भएकोले स्थगित गरिएको हुँदा अर्का दिन यो अधिगोष्ठी २०४१ चैत्र १ गते सम्पन्न भयो ।

'नेपाली लिंगव्यवस्था' बारेको यस गोष्ठीको सभापतित्व श्री सत्यमोहन जोशीले गर्नुभएको थियो र गोष्ठीमा निम्नलिखित ६ जना विद्वान् महानुभावहरूले आ-आफ्नो पत्रको सारांश मौलिक रूपमा प्रस्तुत गर्नुभयो : श्री अच्युतरमण अधिकारी, श्री गणेश विषम, श्री घटराज भट्टराई, श्री दैवज्ञराज न्यौपाने, श्री नरेन्द्र चापागाई र श्री फणीन्द्र कापले ।

१) श्री अच्युतरमण अधिकारीले 'नेपाली भाषामा प्रयोग भएका शब्दका आधारभूत अर्थलाई हेरी जम्मा ४ किसिमका लिङ्गको व्यवस्था हुनु वाञ्छनीय मानिएको छ' भन्नुभयो । उहाँका पत्रका मूल उपशीर्षक निम्न प्रकार थिए: नेपाली भाषामा लिङ्गको संख्या; अंग्रेजी र नेपालीको लिङ्गव्यवस्था; हिन्दी र नेपालीको लिङ्ग व्यवस्था; नेपालीको लिङ्ग सम्बन्धी निजी प्रयोग; नेपाली भाषामा लिङ्ग सम्बन्धी प्रयोगको आधार इत्यादि ।

२) श्री गणेश विषमले लेख्य नेपाली भाषा र लिङ्ग निर्माण प्रक्रिया; नेपाली भाषाले ग्रहण गरेको लिङ्गीय प्रवृत्ति; इत्यादि कुराको चर्चा गर्दै नेपालीमा पनि ४ थरी लिङ्गको विधान हुनुपर्छ भन्ने निष्कर्ष झिक्नुभयो ।

३) श्री घटराज भट्टराईले नेपाली व्याकरणको वर्गीकरण; नेपाली व्याकरणमा लिङ्गव्यवस्थाको व्यापक स्वरूप; लिङ्गव्यवस्थाको सुधारमा थप प्रयासहरू; देखापरेका समस्याहरू र सम्भावित समाधानहरू बारे छलफल गर्दै भाषा-

को ऐतिहासिक विकासको अनुभव र लोकसम्मति दुवैलाई आधार बनाई आफ्ना केही सुझावहरू प्रस्तुत गर्नुभयो ।

४) श्री दैवज्ञराज न्यौपानेले पुलिङ्ग स्त्रीलिङ्ग र नपुसकलिंगको मात्र विधान मान्नुपर्दछ भन्ने राय व्यक्त गर्दै परम्परागत व्याकरणका नियम र आधारहरूले मात्र पर्याप्त नहुने हुँदा लिङ्गका सारभूत समस्याहरूमाथि छानविन भई' नियम बनाउनुपर्छ भन्ने सुझाव राख्नुभयो ।

५) श्री नरेन्द्र चापागाईंले लिङ्गविधानसित संबन्धित अनेक उपशीर्षकमा व्यापक चर्चा गर्दै निम्न विचार प्रकट गर्नुभयो : नेपाली भाषाका लिङ्ग विधानमा व्याकरणात्मक लिङ्गविधान अवशेषका रूपमा रहेको, प्राकृतिक लिङ्ग विधानको प्रबलता रहेको, र वैभाषिक प्रभावले गर्दा एकलिङ्गीय प्रभाव रहेको जस्ता तथ्यहरू सिद्ध हुन आउँछन् । नेपाली भाषाका सबै भाषिका तथा उपभाषिकाहरूको सम्यक् अध्ययन गरी त्यसबाट प्राप्त तथ्यहरूका बहुप्रतिशतका आधारमा लिङ्ग विधानमा एकरूपता र स्तरीयताको निर्धारण गरिनु आवश्यक देखिन्छ ।

६) श्री फणीन्द्र काफ्लेले नेपाली लिङ्ग विधानमा ४ प्रकारको व्यवस्था गर्नु राम्रो हुनेछ भन्ने विचार व्यक्त गर्दै नेपाली लिङ्ग प्रवृत्तिको सिंहावलोकन गर्नुभयो र नेपाली लिङ्गमा देखापरेका गलत प्रवृत्ति आदिको चर्चा गर्नुभयो ।

उहाँहरूको पत्रवाचनपछि केही समय प्रश्नोत्तरको निम्ति छुट्टचाइयो उसमा निम्न व्यक्तिहरूले प्रश्नका रूपमा र टिप्पणीका रूपमा विचारहरू व्यक्त गर्नुभयो :–

१) श्री धर्मराज थापा
२) श्री चूडानाथ भट्टराय
३) श्री हरिभक्त नेउपाने
४) श्री वल्लभमणि दाहाल
५) श्री मोहनराज शर्मा
६) श्री मुकुन्दशरण उपाध्याय
७) श्री भरतराज पन्त
८) श्री ढुण्डिराज भण्डारी
९) श्री नरहरि आचार्य
१०) श्रीमती रमा शर्मा

उहाँहरूले भनेका कुरालाई सारसंक्षेपमा निम्न प्रकारले प्रस्तुत गर्न सकिन्छः–

१) श्री धर्मराज थापा : जन-जिब्रो र लोक-प्रयोगलाई व्याकरणले मान्यता दिनुपर्दछ ।

२) श्री चूडानाथ भट्टराय : नरेन्द्र चापागाईंलाई : संस्कृत व्याकरणले छुट्टचाएको तीन लिङ्गको व्यवस्थालाई नै नेपालीका निम्ति स्वीकार गर्नु राम्रो हुनेछ ।

३) **श्री हरिभक्त नेउपाने :** 'उभय लिङ्ग' को व्यवस्था नेपाली व्याकरणका निम्ति धेरै नै व्यावहारिक देखिन्छ । यसलाई सामान्य लिंग भने पनि होला ।

४) **डा. वल्लभमणि दाहाल :** विभिन्न भाषामा लिङ्गसम्बन्धी अनेक भेदहरू मानिएको पाइने हुँदा हामीले संस्कृतमा जे जति लिङ्गको व्यवस्था छ त्यति ओटा, मात्रै लिङ्ग नेपालमा पनि हुनुपर्छ भन्ठान्नु दोषपूर्ण हुन आउँछ । व्याकरणमा लिङ्गव्यवस्थागर्दा पुरुष–नारीको लिङ्ग भिन्नतालाई मात्रै हेर्तु पर्याप्त हुँदैन । नेपालीका भाषिकाहरूमा व्याकरणात्मक लिङ्गव्यवस्था पाइन्छ । तसर्थ प्रत्येक भाषाको व्याकरणले आफ्नो भाषाको विशिष्ट स्वरूपलाई चिन्नुपर्छ र सोहीअनुसार लिङ्गको विधान गर्नुपर्छ । नेपालीमा परेको प्रभावका कारणले आजको हाम्रो नेपाली व्याकरणको लिङ्गविधानलाई हेर्दा त्यसमा स्तरीयताको आवश्यकता देखिन्छ ।

५) **श्री मोहनराज शर्मा :** हामीले व्याकरणको लिङ्गविधान कायम गर्दा भाषाको स्वरूपलाई आधार मान्नुपर्छ र यसरी गर्दा 'छोरा' को स्त्रीलिङ्ग बुहारी गर्नुपर्दैन ।

६) **श्री मुकुन्दशरण उपाध्याय :** वास्तवमा नेपालीमा पुरुष र स्त्रीलिङ्ग बाहेक अरू कुनै लिङ्ग नै छैन तसर्थ यो दुई लिङ्गको विधान मान्नु नै पर्याप्त छ ।

७) **श्री भरतराज पन्त :** यहाँ कुरा सुन्दा व्याकरणसम्मत र लोकप्रयोग यी दुई थरीका लिङ्गव्यवस्थाको संघर्ष भए जस्तो लाग्यो ।

८) **श्री ढुण्डिराज भण्डारी :** हिन्दीमा लिङ्ग छुट्याउन गाह्रो छ भन्ने चर्चा चल्यो । हो, मूँछ स्त्रीलिङ्ग छ, स्तन पुलिङ्ग छ । तर हिन्दीमा स्पष्ट नियम छ र यसले गर्दा त्यति गाह्रो छैन ।

९) **श्री नरहरि आचार्य :** नेपाली व्याकरणले हालसम्म लिङ्गव्यवस्थाको जुन विधान गरेको छ त्यो भत्कन लाग्यो भन्ने पीर लिएर त्यसलाई जस्ताको तस्तै राख्न खोज्नु ठीक देखिन्न । हामीले जोगाएर यो जोगिन्न । अहिले नेपालीमा पुलिङ्ग र स्त्रीलिङ्ग दुई लिङ्गको विधान छ र यो पर्याप्त पनि छ ।

१०) **श्रीमती रमा शर्मा :** मैले हिजो बोल्दा 'भनेको छु, गरेको छु' भने जस्तो लाग्दैन, भनेको भए क्षमाप्रार्थी छु (गणेश विषमलाई) । घटराज भट्टराईज्यूले 'कवि' र 'कलाकार'को स्त्रीलिङ्गमा 'महिला कवि' र 'महिला कलाकार' भन्ने प्रस्ताव गरेको मलाई पनि उचित लाग्यो । यस्तै सभापतिको स्त्रीलिङ्गमा प्रयोग गर्न कुनै उपयुक्त शब्द चाहिएला, 'महिला सभापति' शब्द त्यति उपयुक्त लागेन । निर्जीवलिङ्ग भने राम्रो होला नपुंसकलिङ्ग भन्नुभन्दा ।

उत्तर दिने क्रममा निम्नलिखित सहभागीहरूले बोल्नुभयो :

१) अच्युतरमण अधिकारी : 'सभापति' मा 'पति' ले मालिक जनाउँछ। त्यस किसिमको काम गर्ने हिम्मत लिने स्त्रीजातिका लागि 'सभापति' को प्रयोग गर्नु आपत्तिजनक देखिन्न ।

२) गणेश विषम : रमा शर्माज्यूले क्रिया स्त्रीलिंगी प्रयोग गर्नुभयो हिजोको यसै सभामा, भन्ने कुरो मैंले गरेको थिएँ । बोलचालमा यस्ता प्रयोग अरूबाट पनि मैंले सुनेको छु । म नाम दिन चाहन्न, मेरो नेपाली पढाउने गुरुले साथीहरूले भन्यो भन्नुभएको छ । यसमा क्रिया बहुवचन भएन । बोलचालमा यस्ता कुरो हुन्छन् भन्ने उदाहरण मात्र देखाउने मेरो आशय थियो, यसमा क्षमा माग्नुपर्ने कुरै छैन।

३) घटराज भट्टराई : 'श्री तुलसी शर्मा' ले पुरुष व्यक्तिको बोध हुन्छ । सभापतिको स्त्रीलिङ्गी पनि 'सभापति' नै उचित छ, 'सभानेत्री' शब्द पनि व्यवहारमा छ ।

४) देवज्ञराज न्यौपाने : पद, दर्जा, मानपदवी इत्यादिमा स्त्रीलिंगी प्रत्यय लागेको देखिएको छैन । तर 'बेलायतकी महारानी' पनि भनिन्छ । चार लिंगको व्यवस्था गर्नुपर्दैन, तीन भए पुग्छ भन्ने मेरो आग्रह हो । म 'रक्सी' लाई पुंलिंग नै भन्छु, तर विकलांग– रमा शर्माज्यूले गुनासो गरेको र विषमज्यूले स्पष्टीकरण दिए जस्तै । कथ्यमा भर्खर डा. दाहालले पनि खुस्काउनुभयो, मैंले खुस्काएको भाइ आचार्यले संकेत गर्नुभयो ।

[यस गोष्ठीको उद्घाटन र समापन समारोहका भाषणहरू सबै टेपबद्ध कथ्यबाट आलेखन गरी सामान्य सम्पादनको साथ प्रस्तुत भएका छन् । अतः तिनको लिंगादि भाषिक शुद्धिबारे सम्पादक उत्तरदायी छ]

५) नरेन्द्र चापागाईं : दुई लिंगको मेरो प्रस्तावमा नरहरि आचार्यले पनि सहयोग गर्नुभएको छ । सर्वनाममा एक लिंग, क्रियामा दुई लिंग र विशेषण र आदरार्थीमा बहुलिंग– यी कुरा कार्यपत्रमा परेका छन् ।

६) फणीन्द्र कापले : छोराको छोरी स्त्रीलिंग रूप हो, तर छोरीको ज्वाइँ होइन । दुवै बेग्लाबेग्लै रूप हुन् । 'सभापति', 'मन्त्री' जस्ता शब्द रूढ अर्थमा प्रयुक्त हुन्छन् । यस कारण यिनको दुवै लिंगमा समान रूपले प्रयोग गर्न सकिन्छ ।

अन्तमा, सभापतिको आसनबाट बोल्दै श्री सत्यमोहन जोशीज्यूले भन्नुभयो :

सर्वप्रथम पत्रका प्रस्तोता विद्वान्हरू र सहभागी साथीहरूलाई हार्दिक धन्यवाद दिन्छु । यस गोष्ठीले नेपाली व्याकरणका विभिन्न पक्षलाई छलफलमा ल्याउन ज्यादै ठूलो प्रयास गरेको छ र त्यसको उपलब्धि सह्राहनीय छ । नेपाली भाषाको इतिहास केही सय वर्षको मात्र होइन, यो कति पुरानो छ भन्ने जान्न अझ बढी गहिरो अनुसन्धान हुनु आवश्यक छ । यस्तै लोक जीवनमा प्रयोग भइरहेको भाषिक रूपको पनि अध्ययन आवश्यक छ । मेरा विचारमा नेपालीमा अहिले कायम गरिराखिएको लिंगविधान उपयुक्त देखिन्छ, र त्यसैले यसलाई फेर्नुपर्ने कुनै आवश्यकता छैन । नेपाली भाषा अधिगोष्ठी, जुन स्वयं नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाटै भएको थियो, मा पनि नेपाली व्याकरणसम्बन्धी चर्चा आएका हुन् तर सो हेरी स्वयं नेपाली व्याकरणबारे नै यत्रो गोष्ठी हुनु बढी उपलब्धिपूर्ण देखिन्छ । यो सभा यहीं समाप्त हुन्छ । धन्यवाद !

□

# छैटौं सभाको प्रतिवेदन

## प्रतिवेदक – माधवप्रसाद पोखरेल

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले पण्डितराज सोमनाथ शर्माको शतवार्षिकीका अवसरमा आयोजित गरेको 'नेपाली व्याकरण अधिगोष्ठी २०४१' को छैटौं सभा प्राध्यापक डा. वासुदेव त्रिपाठीका सभापतित्वमा चैत्र १ गतेका दिन सम्पन्न भयो । लेखन र उच्चारण विषयको यस सभामा आठ कार्यपत्रहरू प्रस्तुत भए । पत्रको प्रस्तोता र तिनका शीर्षक यस प्रकार छन् :

१. श्री रोहिणीप्रसाद भट्टराई : नेपाली वर्णविन्यास
२. श्रीमती डा. सुभद्रा सुब्बा : नेपालीको स्तरीकरण
३. श्री मोहनराज शर्मा : अंग्रेजी शब्दको नेपाली वर्णविन्यास
४. श्री मुकुन्दशरण उपाध्याय : नेपाली भाषाका ध्वनिगत प्रकृतिहरू
५. श्री विष्णुगोपाल रिसाल : नेपालीको लेखन प्रणाली
६. श्री गोविन्दप्रसाद घिमिरे : नेपाली वर्णविन्यास
७. श्री पूर्णप्रकाश नेपाल 'यात्री' : नेपाली ध्वनितत्त्व
८. श्री खेम कोइराला 'बन्धु' : नेपाली लेखन प्रक्रिया

आजको छैठौं सभाका कार्यपत्रहरू वर्णविन्यास ध्वनितत्त्व नेपाली लिपि तथा भाषाको स्तरीकरणसँग सम्बन्धित थिए । सीमित समयमा माथि लेखिएका कार्यपत्रहरू प्रस्तुत गरिसक्नु प्रायः कठिनँ भएको हुँदा र सीमित समयमा धेरँ कार्यपत्रहरू प्रस्तुत गर्नुपर्ने आवश्यकताले प्रस्तोताहरूले हतार हतार कार्यपत्र प्रस्तुत गर्नुपर्ने भयो र कार्यपत्रमा विस्तृत टीकाटिप्पणी हुनमा केही बाधा भएको अनुभव गरियो । कार्यपत्रको छलफलमा पर्याप्त समय नभए पनि यो सभाभरि सहभागीहरू तन्मयताका साथ रुचि लिएर प्रश्न गर्न, टीकाटिप्पणी गर्न, सुझाउ दिन र ध्यान दिएर सुन्न तत्पर भएका पाइएकाले नेपाली व्याकरण अधिगोष्ठीको औचित्य र प्रभावकारिता प्रमाणित भएको अनुभव गरियो ।

प्रस्तुतीकरण गर्ने सहभागीहरूमा जुन उत्साह थियो, प्रश्न, टीकाटिप्पणी र सुझाउ गर्ने डा. रामावतार यादव, डा. वल्लभमणि दाहाल, श्री आनन्ददेव भट्ट, श्री हरिभक्त न्यौपाने, श्री घनश्याम कँडेल, श्री मदनमणि दीक्षित, श्रीमती रमा शर्मा र श्री ठाकुरप्रसाद पराजुलीहरूमा त्यही उत्साह र सक्रियता देखापऱ्यो ।

कार्यपत्रहरू प्रस्तुत भइसकेपछि सहभागीहरूको तर्फबाट डा. रामावतार यादवले ध्वनितत्त्वमा रुचि राख्तै श्री मुकुन्दराज उपाध्यायको कार्यपत्रमा टिप्पणी गरी के भन्नुभयो भने– आधुनिक नेपालीको ध्वनितत्त्वको अध्ययन हुनु अझै बाँकी छ । उहाँले नेपालीमा श्री उपाध्यायले भने झैं 'स' कसरी दन्त्य होइन भन्नुभयो । अतिरिक्त सूचना दिंदै डा. यादवले श्री उपाध्यायको /उ/ ध्वनि /अ/ ध्वनिमा बदलिने सिद्धान्त भाषा विज्ञानको ध्वनिपरिवर्तनको नियम विरुद्ध छ भनी स्पष्ट गरिदिनुभयो । अंग्रेजी लेन्टर्न् (Lantern) बाट ने० लालटिन शब्द बन्दा विलष्टध्वनि सरल ध्वनिमा बदलेको भन्ने श्री उपाध्यायको कुरोमा उठेको, यो त नेपाली भाषाको प्रकृतिअनुसार ढालिएको उच्चारण हुनुपर्ने भन्ने डा. यादवको प्रश्नलाई उपाध्यायले यो शब्द (लालटिन) सादृश्यबाट बनेको हो भन्ने जवाफ दिनुभयो ।

अर्का सहभागी डा. वल्लभमणि दाहालले अलमलिएका केही कार्यपत्रहरूलाई के सुझाउ दिनुभयो भने वर्णविन्यासको सुधार र वर्णमालाको सुधारलाई एउटै ठान्नुहुँदैन । नेपालीमा उच्चारणअनुसार ह्रस्व–दीर्घ लेख्ने चलन नभएको कुरो औंल्याउँदै उहाँले भन्नुभयो 'अलिकति' र 'अलीकति' वर्णविन्यासको समस्या नभएर परावर्णविज्ञानमा मात्र आउन सक्ने समस्या हो । श्री मुकुन्दशरण उपाध्यायलाई उहाँले के सूचना दिनुभयो भने नेपाली 'स' तालव्यको नजीक होइन, वर्त्स्य हो । भाषा सुधार गर्ने आधार र औचित्य स्पष्ट पार्दै उहाँले भन्नुभयो– "हामीले गरेको सुधारमा भाषाको प्रतिनिधित्व, सौन्दर्य, प्रयत्नलाघव, मनोविज्ञान, टंकन, मितव्ययिता, सरलता, राष्ट्रिय अन्तर्राष्ट्रिय सम्बन्ध परम्परा, संस्कृति र वैज्ञानिकता जस्ता आधारहरूद्वारा निर्धारित हुनुपर्छ । अन्यथा त्यो ग्राह्य हुँदैन । सम्पूर्ण भाषाको परिप्रेक्षमा मात्र सुधारका कुरा गर्नुपर्छ । संस्कृत 'शृङ्ग' बाट 'सीङ' शब्द बनेको ठाउँमा 'सी' दीर्घ नै लेख्नुपर्ने केही आवश्यकता छैन, ह्रस्व लेखे पनि हुन्छ । यो त अनुकरणअनुसारको वर्गीकरण हो । भाषाको विषयमा निर्णय गर्दा नेपाली भाषाको प्रकृति विरुद्ध निर्णय गर्नुहुँदैन । समय वा कालको सापेक्षतामा भाषामा परिवर्तन भइरहेको हुन्छ— अहिले 'बहिनी' को उच्चारण 'बैनी' भइसकेको छ । आजभन्दा ७० वर्ष अगाडि लेखिएको चन्द्रिका व्याकरणको कालभन्दा आज भाषामा निकै परिवर्तन भइसकेको छ । भाषिक अध्ययनमा यस कुराको

ख्याल राख्नुपर्छ ।" आगन्तुक शब्दको वर्णविन्यास नेपाली नियमअनुसार राख्ने त्रि. वि., पा.वि.के. अन्तर्गत नेपाली पढाउने शिक्षकहरूका समय समयमा भएका गोष्ठीको निष्कर्षको सूचना उहाँले दिनुभयो र श्री ५ को सरकार, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान र त्रिभुवन विश्वविद्यालयको संयुक्त प्रयासमा नेपाली भाषा र व्याकरणमा सबल नेतृत्व दिन सक्ने एउटा निकाय बनाउनुपर्छ भन्ने सुझाउ दिनुभयो ।

अर्का सहभागी विद्वान् श्री आनन्ददेव भट्टले नेपाली भाषाको सुधारमा आइरहेका बाधा र अड्चन पन्साएर एउटा सर्वमान्य व्याकरण बनाउन भाषाको क्षेत्रमा एउटा सशक्त नेतृत्व दिने आधिकारिक संस्थाको अहिले हामीलाई खाँचो भएको कुरो औंल्याउँदै उहाँले के भन्नुभयो भने अहिले नेपाली भाषाको विकासका क्रममा आइपरेका समस्यामध्ये भाषाका मौलिक वा गौण समस्या के हुन्, पहिले वर्गीकरण गर्नुपर्छ । नेपालमा आज भाषिक दृष्टिकोणले भित्री निर्णय गर्नुपरेको छ । आज संसारमा अंग्रेजी त्यसै लोकप्रिय भएको होइन उनीहरूको प्रयासले हो भन्ने तथ्यको सूचना दिँदै हाम्रो देशमा पनि नेपाली भाषालाई राष्ट्रभाषाको रूपमा विकास गर्न सरकारले गम्भीर रूपमा प्रयास गर्नुपर्छ भन्ने विचार उहाँले व्यक्त गर्नुभयो । नेपाली भाषाको विकासबारे बौद्धिक संकुचितताको आधारमा निर्णय गर्नु राम्रो होइन । नेपाली भाषाको विकास गर्न देशका विभिन्न क्षेत्रमा भएका प्रतिभाशाली विद्वान्हरूलाई पनि भाषाको विकासमा सहभागी बनाइनुपर्छ ।

श्री ठाकुरप्रसाद पराजुलीले पाँच–पाँच वर्षमा संशोधन गर्ने गरी दश–पन्ध्र जना लेखक जुटाएर व्याकरण लेख्नुपर्ने सुझाउ दिनुभयो यस विषयमा आयोजकहरूको ध्यान पुगोस् भन्ने विचार व्यक्त गर्नुभयो ।

श्री हरिभक्त नेउपानेले श्री मोहनराज शर्मालाई 'पास' शब्द कहाँबाट आएको भनेर सोध्नुभएको प्रश्नको उत्तरमा श्री शर्माले 'ऊ पास भयो' मा 'पास' अंग्रेजी शब्द हो, 'यो कलम मेरा पासमा छ' मा पास नेपाली शब्द हो भन्नुभयो । त्यस्तै श्री नेउपानेले हलन्त लेखाइको अजन्त लेखाइ किन ? भन्ने प्रश्न पनि राख्नुभयो र यस्ता गोष्ठीहरूमा देश र विदेशका विभिन्न क्षेत्रका भाषासेवीहरू पनि निम्त्याइनुपर्छ भन्ने राय व्यक्त गर्नुभयो । डा. सुभद्रा सुब्बाले नै नेपाली भाषाको मानक केही सोच्नुभएको छ कि भन्ने प्रश्न पनि श्री नेउपानेले राख्नुभयो ।

श्रीमती रमा शर्माले साहित्यसेवीले पनि भाषा शुद्ध लेख्नुपर्छ भन्ने राय व्यक्त गर्दै 'चौतारीमा राजा भेटियो कि भेटिए ?' कुन शुद्ध हुन्छ भन्ने प्रश्न पनि राख्नुभयो ।

श्री मदनमणि दीक्षितले अंग्रेजी बाहेक अन्य यूरोपीय (फ्रान्सेली रूसी आदि भाषाका) शब्दको वर्णविन्यास नेपाली भाषामा कसरी लेख्ने भनी श्री मोहनराज शर्मालाई सोधेको प्रश्नको उत्तरमा श्री शर्माले भन्नुभयो–

"हामीले यूरोपीय भाषाका शब्द अंग्रेजी स्रोतबाट पाएका हुँदा तिनीहरूको वर्णविन्यास अंग्रेजीको शब्द नेपाली व्यवहार गरे झैं गर्नुपर्छ। एक भाषाबाट अर्को भाषामा शब्द आउँदा ध्वनि लिपिमा अन्तर आउने हुनाले कुन शब्द कुन स्रोतबाट आएको हो, त्यस स्रोतलाई आफ्नो भाषामा कसरी व्यवहार गर्ने गरिएको छ, त्यस्तै अनुसार व्यवहार गर्नुपर्छ।"

श्री घनश्याम कँडेलले श्री विष्णु गोपाल रिसालले देखाउनुभएको /ड़/ को समस्या आज नेपालीमा छैन आज नेपालीमा तत्समबाहेक अरू शब्दको वर्णविन्यास समस्यामूलक छैन भन्ने विचार व्यक्त गर्नुभयो। श्री गोविन्द प्रसाद घिमिरेलाई उहाँले 'प्रजातन्त्रीकरण' र 'सुपरिवेक्षण' शब्द शुद्ध हुन् भन्ने सूचना दिनुभयो। त्यस्तै उहाँले श्री रोहिणीप्रसाद भट्टराईलाई 'पार्वत्य प्राकृत'को ठोस प्रमाण के छ भनी सोध्नुभयो र डा. सुभद्रा सुब्बालाई नेपाली भाषाको विकासमा डा. सुब्बाले उल्लेख गरे झैं निराशाजनक स्थिति आज छैन भने धारणा व्यक्त गर्नुभयो। केही गलत शब्दको प्रचलन भए सुधार गर्दै जानु राम्रो होला भन्ने मेरो सुझाउ हो, तर अति प्रचलित शब्दका ठाउँमा नयाँ शब्दको प्रयोग गर्ने होइन भनी श्री गोविन्द प्रसाद घिमिरेले स्पष्ट गर्नुभयो।

श्री रोहिणीप्रसाद भट्टराईले नेपाली भाषाको व्याकरणमा एकरूपता ल्याउनुपर्छ भन्ने विचार व्यक्त गर्नुभयो। टि. यु. जर्नलमा प्रार्वत्य प्राकृतबारे मेरो र चौधरीको लेख छ।

मैले नेपाली तत्त्वको अध्ययनका लागि सामग्री पनि जुटाइ दिएको हुँ भन्दै श्री मुकुन्दशरण उपाध्यायले ती सामग्रीबारे आफ्नो दृष्टिकोण स्पष्ट पार्नुभयो।

सहभागीहरूले निकै चाख र उत्सुकता राखेको डा. सुभद्रा सुब्बाको पत्रबारे स्पष्टीकरण दिंदै श्रीमती सुब्बाले आफ्नो पत्रले नेपाली भाषामा मानक स्थापना गर्ने मात्र सुझाउ प्रस्तुत गरेको हो भन्दै के थप्नुभयो भने नेपाली भाषामा 'द्विभाषावाद'का समस्याहरू छन्, 'जनभाषा' र 'क्षेत्रीय भाषा'मा फरक छ; स्तरीकरण चाहिं कहिल्यै बोलचालको जनभाषामा हुन सक्तैन र सबै जनभाषालाई स्तरीकरण गर्नु संभव छैन, लेख्य भाषामा मात्र स्तरीकरण गर्न सकिन्छ। उहाँले भन्नुभयो– "अहिलेसम्म स्तरीकरणको महत्त्वपूर्ण कार्य त्रि. वि. वि. ले मात्र गरेको छ, तर वास्तवमा भाषामा स्तरीकरणात्मक कार्य गर्ने संस्थाको रूपमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले महत्त्वपूर्ण भूमिका खेल्न सक्नुपर्छ। अंग्रेजी र नेपाली भाषाको माझमा आज नेपालमा होड छैन, यी दुवै भाषा एक अर्काका परिपूरक हुन्। तर नेपाली भाषाको विकासमा अहिलेसम्म होसियारीपूर्ण योजना बनाइएको छैन। सामाजिक परिस्थिति बदलिरहेको हुनाले राणा शासनमा लेखिएको व्याकरणले

वर्तमान नेपाली भाषाका प्रवृत्तिहरू पूरै बोक्नसक्तैन ।

श्री हरिभक्त नेउपानेका प्रश्नतिर संकेत गर्दै श्री पूर्णप्रकाश नेपाल 'यात्री'ले के भन्नुभयो भने मानक रूपलाई स्तरीय शैली र भाषिकालाई अस्तरीय शैली भनी तिनको उच्चारण विभेदतिर पत्रमा चर्चा गरिएको छ ।

सभापतिको आसनबाट बोल्दै डा. वासुदेव त्रिपाठीले भन्नुभयो– (क) नेपाली वर्णविन्यासमा धेरै विसंगति छन् । (ख) कहिलेकाहीं हामी विर्णविन्यासलाई नै भाषा संझिदिन्छौं । (ग) नेपाली भाषामा स्तरीकरणका समस्या छन् । (घ) नेपाली वर्णविन्यासका समस्याहरू समाधान गर्न नसकिने छैनन्, तर मानक वर्णविन्यासको अभावमा केही समस्याहरू चाहिं उठेका छन् । नेपाली भाषामा आएका नयाँ प्रवृत्तिले र केही विद्वान्‌हरूका पूर्वाग्रहले पनि त्यस्ता केही समस्याहरू उठेका हुन् । (ङ) संस्कृतको वर्णविन्यासलाई यथावत् राख्ने र आगन्तुक शब्दलाई तद्भव शब्द अनुसार वर्णविन्यास गर्ने त्रिभुवन विश्वविद्यालयले नियम बनाएको छ । (च) अहिले भइरहेका समस्या सुल्झाउने वेला छ, नयाँ समस्या उठाउनु ठीक छैन । (छ) कथ्य भाषाले पूरै प्रतिनिधित्व गर्न सक्तैन, वर्णविन्यास त एक लेख्य संस्कार हो । (ज) 'चन्द्रिका' व्याकरण प्राज्ञिक धरातल र आफ्नै मौलिकताले लोकप्रिय भएको हो, त्यसलाई राजगुरुको डन्डा संझनु हुँदैन । (झ) नेपाली व्याकरणको स्तरीकरणका लागि नेपालभित्र र बाहिरका प्रतिनिधि संस्थाहरूलाई समेत समावेश गरेर एउटा 'अन्तर संस्थागत निकाय' बनाएर त्यसको नेतृत्व वा निर्देशनमा नेपाली व्याकरणका मानकीकरण हुनुपर्छ । (ञ) शिक्षक पत्रकार वा लेखकले पनि आत्मालोचन गर्नुपर्छ र आफ्नो दायित्व पूरा गर्नुपर्छ । (ट) वास्तवमा वर्णविन्यासको समस्या सुल्झिसक्नुपर्ने हो, तर यसका लागि देशभित्रै प्रयत्न गर्नुपर्छ किनकि सुधार घरैबाट थालिन्छ । (ठ) संचार र शिक्षाका क्षेत्रमा सुधार गरेमा पनि धेरै समस्या सुल्झिनेछन् (ड) पत्रकारहरूलाई तीन दिने वा सात दिने तालिम दिएमा अशुद्ध वर्णविन्यासका समस्या सुल्झाउन सजिलो पर्छ र (ढ) कथ्य नेपालीमा पनि स्तरीकरण गर्ने आवश्यकता छ ।

सभा विसर्जन गर्दै अन्त्यमा डा. त्रिपाठीले, हालसालै भारतको केही विश्वविद्यालयहरूमा स्नातकोत्तर तह खुलेको हुँदा नेपाल र भारतका पारिभाषिक शब्दको रूप बेग्लाबेग्लै भएकाले पारिभाषिक शब्दमा एकरूपताको प्रश्नलाई समेत सुल्झाउनुपर्ने बारे सुझाव दिनुभयो र सहभागीहरूलाई धन्यवाद दिंदै सभा विर्सजन गर्नुभयो ।

□

# समापन समारोह

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित नेपाली व्याकरण अधिगोष्ठी २०४१ को समापन समारोह चैत्र १ गते साँझ उपकुलपति श्री माधवप्रसाद घिमिरेको सभापतित्वमा सम्पन्न भयो। समापन समारोहका प्रारम्भमा निम्नलिखित विद्वान् सहभागीहरूबाट प्रतिवेदनहरूको प्रस्तुति भयो :

डा. रामावतार यादव – पहिलो सभाको प्रतिवेदन
डा. रामेश्वर अधिकारी – दोस्रो सभाको प्रतिवेदन
श्री मोहनराज शर्मा – तेस्रो सभाको प्रतिवेदन
श्री अभि सुवेदी – चौथो सभाको प्रतिवेदन
श्री आनन्ददेव भट्ट – पाँचौं सभाको प्रतिवेदन
श्री माधवप्रसाद पोखरेल – छैटौं सभाको प्रतिवेदन

प्रतिवेदन प्रस्तुत गरेपछि सहभागीहरूले ताली बजाई स्वीकृति जनाउनुभयो। यसपछि नेपाली व्याकरण अधिगोष्ठी २०४१ बारे श्री मदनमणि दीक्षित, श्री जनकलाल शर्मा र श्री जे. पी. क्रसले आ-आफना मन्तव्य दिनुभयो।

## मदनमणि दीक्षितबाट मन्तव्य

सभापति महोदय,
तथा विद्वान् सहभागी साथीहरू !

आज चार दिनदेखि यहाँहरूको प्रत्येकको हृदयमा पाणिनिको वास भएको मैले देखें। ती पाणिनिलाई म श्रद्धापूर्ण श्रद्धाञ्जली अर्पित गर्दछु, नमस्कार गर्दछु। मैले पढेकोमा दुइ सम्राट् प्राचीनकालमा भए– राजनैतिक र सामाजिक। ईसापूर्व उन्नाइसौं शताब्दी १८५४ तिर हम्बुरावी थिए– इरानमा सुसा भन्ने यस संसारको दोस्रो शहर भनिन्छ। तिनले ३५०० शब्दको विधान अभिलेखमा कुदे। ल्युवर आर्ट ग्यालरीमा अहिले पनि छ त्यो। त्यसले गर्दा विधिकर्ताको सम्मान तिनले पाएर आजसम्म विना विधान समाज चल्न सक्तैन भन्ने कुराको प्ररम्परा बसाले। त्यस्तै दोस्रो सम्राट् म पाणिनिलाई ठान्दछु जसले शब्दको निम्ति विधिकर्ताको सम्मान पाए। हम्बुरावीको इरानभन्दा बाहिर उनको शासन थिएन, पाणिनिको

समयमा उत्तर भारत बाहिर उनको शब्दको प्रसार थिएन, तर आज जसरी विधान पद्धतिले यस संसारलाई व्याप्त गरेको छ, पाणिनिका व्याकरणका सार्वभौम सिद्धान्तका मूल आधारहरूले सम्भवतः संसारका कुनै भाषालाई अङ्गाल्न सक्तछ भन्ने प्रमाण सहभागी मित्रहरूले चार दिनका बीचमा पाणिनिलाई प्रशंसा गरिएका यूरोपका र अन्य देशका विद्वान्हरूका टिप्पणीलाई समेत उद्धृत गरेर प्रस्तुत गरिसक्नुभएको छ। आज चार दिनदेखि नेपाली व्याकरणबारे चर्चा गरिरहेका छौं र उपस्थित विद्वान्का प्रत्येक ५।६ वाक्यपछि पाणिनि स्वयं उपस्थित भए वा पाणिनिका सिद्धान्त। नेपाली भाषाको आफ्नो वैशिष्ट्य छ मैले पाणिनिलाई अस्तिसम्म जति देखेको थिएँ आज झन् देखेको छु यो गोष्ठीमा। पाणिनिबारे विचार गर्दा हामीले आफ्नो भाषाको प्रगतिलाई रोक्ने चेष्टा त गरेनौं भन्ने शङ्का गर्न सकिन्न। म पाणिनिको काल निर्धारण गर्ने विद्वान् होइन, तर गौतम बुद्ध भन्दा अघि महर्षि यज्ञवल्क्य पछिको कुनै समयमा उनलाई राख्न सकिन्छ। आजभन्दा २६–२७ सय वर्ष अघिका सिद्धान्तलाई लिएर हामी हाम्रो व्याकरणबारे विचार गर्छौं भने हामी गतिरोधमा पुगेको त छैनौं ! हाम्रो भाषामा गतिशीलता छैन भन्ने प्रश्न उठ्न सक्तछ। तर पाणिनिले व्याकरणको सार्वभौम सिद्धान्त प्रतिपादन गर्दा भाषाको गतिशीलतालाई इन्कार गरेका थिएनन्। भाषाको गतिशील तत्त्वलाई उनले आफ्नो दृष्टिबाट कहिल्यै पनि तिरोहित गरेनन्। त्यही उदाहरण हामी लिन सक्छौं। उनका अगाडि पनि तत्सम, तद्भव तथा आगन्तुक शब्दका समस्याहरू थिए। अन्य भाषाका शब्द थिए। आज पनि कति शब्दको शल्यक्रिया गर्ने आवश्यकता हामी देख्दैनौं, भएकोलाई स्वीकार गर्छौं। वैदिक समाजबारेका मेरा धारणाहरूसँग यहाँहरूको सहमति नहुन सक्छ। 'विश्वामित्र' को सन्धिविच्छेद गर्दा अनर्थ हुन थाल्यो। अतः पाणिनिले आफ्नो अष्टाध्यायीमा एउटा विशेष सूत्र निर्माण गरेर आफ्ना सिद्धान्तको विपरीत मान्यतालाई स्वीकार गर्नुपर्‍यो। कारण के ? भाषाको गतिशीलताको प्रमाण म त्यहाँ पाउँछु। वशिष्ठ र विश्वामित्रका बीचका झगडा र विश्वामित्रका आफ्ना स्थापनाले गर्दा विश्वामित्र निकै नै असामान्य थिए र वशिष्ठ उनका शिष्यहरूले उनलाई 'विश्वको अमित्र' भन्ने संज्ञा दिएका थिए भन्ने कुरा स्पष्ट हुन्छ। सम्भवतः 'विश्वामित्र' को नाम 'विश्वमित्र' नै थियो र सामाजिक परिस्थितिले विश्वामित्र हुन पुगेका थिए। पाणिनिको समयमा आइपुग्दासम्म ५–७ सय वर्ष बितिसकेको थियो र गायत्री मन्त्रद्रष्टा भइसकेका थिए विश्वामित्र र भारतीय वैदिक साहित्यका सम्पूर्ण मण्डलका निर्माता भइसकेका थिए। तिनलाई पाणिनिले 'विश्वको अमित्र ठहऱ्याउने साहस गर्ने स्थिति थिएन। यसबाट स्थितिजन्य समस्यालाई बेहोर्न उनले

नियमलाई पनि भङ्ग गरेर वैकल्पिक नियम तयार पार्नुपऱ्यो । भाषाको गतिमान स्वरूपको उनले त्यसरी प्रतिपादन गरे ।

आमाले बोल्ने भाषालाई 'मातृभाषा' को उदाहरणका रूपमा लिन सकिन्छ भन्ने कुरा यहाँ सुनियो । तर कुनै शब्दको व्युत्पत्ति गर्नुपर्दा कुनै 'माता' लाई बोलाएर सोध्न सकिन्न । जनतलाई माताका रूपमा मानेर जनताले बोल्ने भाषालाई हामीले आधार बनायौं भने समस्याको समाधान हुन सक्छ । शब्दको प्रयोग र अर्थ निर्धारणमा जनताबाट निर्णायक सहायता प्राप्त हुन सक्छ । जुन व्याकरणले यस सिद्धान्तलाई स्वीकार गर्छ त्यो भाषा गतिमान हुन्छ, समृद्धिशाली हुँदै जान्छ । किनभने जनता सबभन्दा प्रामाणिक आधार हो । कुनै पनि भाषाले त्यस भाषाका वक्ताको बौद्धिक विकासको तह पनि स्पष्ट गर्छ । यो कुरा एउटा व्यक्तिका सन्दर्भमा बुझ्न गाह्रो पर्छ, तर समष्टिलाई हेऱ्यौं भने त्यो समाजको विकासमा नै मानव मस्तिष्कको विकास हामी पाउँदछौं । प्राचीन भाषा कृषि समाजका भाषा थिए । आज हामी त्योभन्दा फरक अवस्थाबाट गुज्रिरहेका छौं, अतः हाम्रा भाषाका आवश्यकताहरू नयाँ नयाँ भएका छन् । अघि प्रजातन्त्र र समाजवाद थिएनन्, तर आज यी कुरालाई भाषाले व्याख्या गर्नुपरिरहेछ । भाषाको यस परिवर्तित सन्दर्भलाई पाणिनिप्रभावित हाम्रो व्याकरणले पनि कुनै बाधा गर्दैन भन्ने कुरा पनि यस गोष्ठीका छलफलबाट स्पष्ट भएको छ । व्याकरणलाई यहाँ शब्दको शल्यक्रिया पनि भनियो । तर मचाहिं यसलाई भाषाको विज्ञान र प्रविधि भन्न अरू बढी मन पराउँछु ।

मैले २८ वर्षको पत्रकार जीवनमा ३०-३५ लाख शब्द लेखिसकें हुँला । यस गोष्ठीमा बस्दा मैले कति अज्ञान फैलाएछु भन्ने जानकारी मलाई भयो । मैले लेखेका प्रत्येक दोस्रा शब्द अशुद्ध थिए होलान् । प्रत्येक वाक्य नै अशुद्ध थिए कि ? तर मैले लेखेका शब्दबाट विचारको संप्रेषण अवश्य भयो । तसर्थ म प्रभावकारिता ल्याउने चेष्टा गर्दछु, शुद्ध पनि ल्याउनै पर्छ । मेरो निम्ति यो गोष्ठी यस कारण विशेष सहायक भएको छ । नेपाली भाषाको इतिहासमा यो गोष्ठीको विशेष महत्त्व भएको छ । यहाँ निकै महत्त्वपूर्ण पत्रहरू प्रस्तुत भए । उदाहरणका रूपमा डा. त्रिपाठी र श्री पोखरेलका पत्रबाट हामीले के थाहा पायौं भने नेपाली व्याकरण क्षेत्रमा मात्र होइन, चिन्तनका क्षेत्रमा पनि आज नयाँ युगमा प्रवेश गरिरहेछ । व्याकरण जस्तो सुख्खा र कठोर विषयलाई त्यस्तो दार्शनिक धरातलमा उकाल्न सकिँदो रहेछ, भाषाको त्यस्तो प्राविधिक विश्लेषण गर्न सकिँदो रहेछ भन्ने कुरा आज मैले थाहा पाएँ । यो ज्ञान पाएकोमा मलाई प्रसन्नता छ र यो प्रसन्नता यहाँका कैयन् सहभागीहरूबाट पनि मैले सुनें । त्यस कारण यस गोष्ठी-

लाई नेपाली भाषाको विकासमा एउटा ऐतिहासिक चरण भन्ने नाम दिने पक्षमा म छु। यहाँ हिजो एउटा ज्यादै महत्त्वपूर्ण सुझाउ प्रस्तुत भयो। यस गोष्ठीका सहभागीका नाताले म त्यो दोहोऱ्याउन चाहन्छु पहिलो कुरा– भाषा योजना सम्वन्धी एउटा आधिकारिक संस्था गठन हुनुपऱ्यो र दोस्रो कुरा– भाषानीतिका सम्बन्धमा सम्विधानभित्र निर्देशक सिद्धान्तअन्तर्गत, जसरी भारतीय सम्विधानमा व्यवस्था छ भन्ने कुरा आएको थियो, त्यस्तै हुनुपऱ्यो। यी कुराहरू प्रस्तावका रूपमा श्री ५ महाराजाधिराज सरकारमा जाहेर भएको भए त्यसले ज्यादै प्रभावकारी वजन प्राप्त गर्ने थियो भन्ने मेरो धारणा छ। यी दुइ कुरालाई कार्यान्वित गर्न हामीले सक्यौं भने यस गोष्ठीले तत्काल परिणाम पनि उत्पन्न गर्नेछ र प्रत्यक्ष रूपले लाभप्रद हुनेछ भन्ने मेरो धारणा छ। साथीहरू हो ! यहाँहरूले ध्यानपूर्वक सुनिदिनुभयो। म प्रत्येक साथीको चेहरा हेरिरहेको छु, रुचिकर भयो वा भएन, मलाई थाहा छैन। ध्यानपूर्वक सुनिदिनुभएकोमा धन्यवाद !

### जनकलाल शर्माको मन्तव्य :

आदरणीय सभापतिज्यू,
उपस्थित विद्वान् र विदुषीहरू !

आज जुन सभामा म उपस्थित भएको छु यसबाट मलाई धेरै हर्ष लागेको छ। कारण नेपाली भाषाबारे यस्तो चर्चा परिचर्चा पहिले एक पल्ट भएको थियो, तर यस किसिमले खुलेर कहिल्यै भएको थिएन। यहाँ धेरै कुराहरू आए प्राविधिक शब्दको स्तरीकरण र अरू कुराहरू पनि। डा. सुब्बाले भने झैं नेपाली भाषामा विसंगति छ। म आजै बिहान एउटा पुस्तक पसलमा गएको थिएँ। त्यहाँ एउटा पुस्तक देखें लण्डनबाट निस्केको। त्यसमा काठमाडौंको ठको खुट्टा काटेको छ, सगरमाथाको रको पनि खुट्टा काटेको छ। हामीले खुट्टा नकाट्ने गरेको ठाउँमा पनि त्यसमा काटेको छ। मलाई लाग्यो यो उच्चारणको आधारमा गरिएको होला र हामी यस्तै बोल्दा हौं। अब पहिलो दिन सूर्यविक्रम ज्ञवालीले भने झैं हामी त यसरी लेख्छौं भनेर पाखुरा सुर्कने हो कि उच्चारणकै आधारमा गर्ने हो। ध्वनिकै आधारमा जाने हो भने टर्नर युगमा जानुपर्छ, जताततै खुट्टा काट्नुपर्छ। देख्ता राम्रो हुँदैन त्यो। तर लेख्ने एक थोक र पढ्ने अर्को थोक गर्नु पनि भएन। हामी एक किसिमको लेखाइ शुद्ध मान्दछौं। तर खुट्टा काट्नु पनि अशुद्ध होइन र खुट्टा नकाट्नु पनि अशुद्ध होइन तर गर्ने के ? एउटा मानक तयार गर्नुपऱ्यो। मानक तयार गर्ने दुइटा प्रक्रिया छन्– एउटा कोश बनाउने र अर्को व्याकरण लेख्ने। व्याकरण नभई कोश हुँदैन। कोश नभई व्याकरण हुँदैन। यी दुवैको

अन्योन्याश्रित सम्बन्ध छ। व्याकरण र कोशसँगै बन्नुपर्छ। तर पचास कोश टेबुलमा राखेर एकाउन्नौं कोश जन्माउने होइन। ५,००० पुस्तक अगाडि राखेर तिनबाट झिकेर शब्दकोश बनाउनुपर्छ। तिब्बतमा सातौं शताब्दीभन्दा अघि लिपि, व्याकरण र कोश केही थिएन, त्यसपछि एकै साथ सबै काम उनीहरूले गरे। उनीहरूले व्याकरण र कोशसँगै बनाए। त्यसमा नेपालका विद्वान्हरूको पनि योगदान थियो। उनीहरूले एउटा तिब्बतीको, एउटा संस्कृतको र एउटा रुजु गर्ने गरी ३ विद्वान्हरूको समावेश गरी व्याकरण र कोश बनाए। उनीहरूले हलायुध कोश, निघण्टु र अमरकोश अनि चान्द्र व्याकरण र सारस्वत व्याकरण कुनै छाडेको छैनन्। पाणिनिलाई कम लिएका छन्। त्यस कारण यहाँ पाणिनि नै नभई हाम्रो व्याकरण बन्दैन भन्ने कुरा पनि होइन। पाणिनि नभए पनि स्तरीय व्याकरण बन्दोरहेछ। अष्टाध्यायी नघोके पनि हाम्रो व्याकरण बन्न सक्छ विभिन्न विषयका प्रकाशित पुस्तकमा प्रयुक्त शब्दलाई संकलन गरी कोश बनायौं भने त्यो प्रामणिक कोश बन्न सक्छ। भाषा प्रकाशिनी समितिले पनि यो कुरा शुरू नगरेको होइन। उखान टुक्काको कोशमा विभिन्न ग्रन्थबाट उदाहरण दिएर राखेको पनि पाइन्छ। त्यस किसिमको कोश बनाएमा बढी उपयोगी होला जस्तो लाग्छ। त्यसैको आधारमा व्याकरण बनायौं भने त्यो प्रामाणिक पनि होला। वैयाकरणहरू छोटकरीमा भन्ने पक्षमा हुन्छन् र व्यवहारमा पनि यस्तो भएमा उपयोगी हुन्छ। त्यस कारणले व्याकरण र कोशसँगै बन्नुपर्छ। यहाँ लिपिसुधारको कुरा पनि आए। भारतमा 'अ'लाई नै मात्रा लगाएर राख्ने चलन पनि चलाए, तर चलेन। आयोजकहरूलाई धन्यवाद दिँदै आफ्नो वक्तव्य टुंग्याउँछु।

## कर्नेल जे. पी. क्रसको मन्तव्य :

यति धेरै नेपाली विद्वान्हरूका बीचमा एउटा बेलायती हाँसले टाउको उठाउन पाएकोमा साह्रै खुशीको कुरा छ। मचाहिने खास गरी टर्नर गुरुको चेला नै हुँ। अहिले म नेपाल तथा एशियाली अनुसन्धान केन्द्रमा टर्नरको समयको नेपाली र आधुनिक नेपालीको तुलना गर्ने काममा लागेको छु। गोष्ठीका यी तीन दिन मेरा लागि ज्यादै उपयोगी भए, यस्तो गोष्ठी त तीन हप्ता अझ तीन महिना भए कति राम्रो हुने थियो। टर्नरको शब्दकोशमा भएका ३६,००० शब्दहरूको वृहत् नेपाली शब्दकोशका शब्दसँग तुलना गरें। अहिलेसम्म १३,००० शब्दका अर्थमा अन्तर पनि भेट्टाएको छु। यस गोष्ठीमा भाग लिँदा मलाई धेरै फाइदा भयो। यसका लागि तपाईंहरूलाई धन्यवाद र मेरो दश औंली नमस्कार।

जय देश, जय नरेश।

## नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सदस्य तथा गोष्ठीका संयोजक डा. चूडामणि बन्धुबाट धन्यवाद ज्ञापन :

आदरणीय उपकुलपतिज्यू
तथा गोष्ठीका सहभागी साथीहरू !

आज हामी पण्डितराज सोमनाथ शर्माको शतवार्षिकीको उपलक्ष्यमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित नेपाली व्याकरण अधिगोष्ठीको समापन समारोहमा उपस्थित छौं। यी तीन दिनहरूमा हामीले उद्घाटन र समापन समारोह तथा ६ सभाहरू गरी जम्मा ८ बैठकहरूमा ४२ कार्यपत्रहरूमा नेपाली व्याकरणका विविध पक्षमा गंभीर छलफल गर्‍यौं। नेपालको विभिन्न जिल्लाहरूबाट र नेपालमा बसेका विदेशी विद्वान्हरूको समेत सहभागिता भएको यस गोष्ठीमा नेपाली भाषाका विद्वान्हरूबाट उत्साहजनक रूपमा सहयोग प्राप्त भएकाले नै यी कार्यपत्रहरू प्रस्तुत हुन सकेका हुन्। नेपाली भाषा प्रयोगका विभिन्न क्षेत्र शिक्षण लेखन पत्रकारिता प्रशासनहरूमा संलग्न विद्वान्हरूको यसमा सहभागिता रह्यो। एउटै शीर्षक वा विषयमा एकभन्दा बढी पत्रहरू प्रस्तुत हुँदा विषयवस्तुलाई विभिन्न कोणबाट हेर्न संभव भएको छ। निश्चय नै धेरै कुराहरू दोहोरिएका पनि छन् तर प्रकाशनको समयमा सम्पादन गर्दा यस्ता कुरालाई हटाउन सकिन्छ र प्रस्तुत भएका कार्यपत्रहरूको आवश्यक सम्पादन गर्न सहभागीहरूले यस संयोजकलाई स्वीकृति दिनुहुनेछ भन्ने आशा गर्दछु (सहभागीहरूबाट स्वीकृतिको ताली)।

नेपाली भाषाको शैक्षिक व्याकरणलाई समयानुसार परिमार्जन गरी अद्यावधिक बनाएर शिक्षा क्षेत्रलाई लाभान्वित गर्न सकियोस् भन्ने उद्देश्यले यस गोष्ठीको आयोजना गरिएको थियो। यसै कारण यसका सहभागीहरूमा पनि शिक्षा क्षेत्रकै विद्वान्हरूको संख्या बढी छ। नेपाली भाषालाई शुद्ध र प्रभावकारी रूपमा प्रयोग गर्न सिकाउने क्रममा हामीलाई आवश्यक पर्ने नियमहरूको अभिलेख नै प्रस्तुत सन्दर्भमा 'शैक्षिक व्याकरण'को तात्पर्य हो। यसका निम्ति शैक्षिक क्षेत्रबाट जे जस्तो सहयोग प्राप्त भयो, त्यसका निम्ति त्रिभुवन विश्वविद्यालय प्रति कृतज्ञता प्रकट गर्न चाहन्छु। काठमाडौं उपत्यका र बाहिरका क्याम्पसहरूबाट नेपाली भाषा तथा व्याकरणका विद्वान्हरूको यसमा सहभागिता रहेको छ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका भूतपूर्व कुलपति श्री सूर्यविक्रम ज्ञवालीले [यो सङ्कलन प्रकाशित हुने बेलामा उहाँ यस संसारमा हुनुहुन्न] यस गोष्ठीको विशेष आतिथ्य स्वीकार गरी यसको उद्घाटन गर्नुका साथै आपना प्रेरणापूर्ण उद्बोधनबाट गोष्ठीका सहभागीहरूलाई अपूर्व प्रेरणा दिनुभएकोमा गोष्ठीका समस्त सहभागीका तर्फबाट हार्दिक कृतज्ञता निवेदन गर्न चाहन्छु।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सम्माननीय कुलपतिज्यूको प्रेरणापूर्ण निर्देशन तथा आदरणीय उपकुलपतिज्यू तथा सहकर्मी प्राज्ञ सदस्यज्यूहरूको सद्भावनापूर्ण सहयोगले गर्दा नै यो गोष्ठी सम्पन्न हुन सकेको हो। यसका लागि म हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

यस गोष्ठीलाई सफलतापूर्वक सम्पन्न गर्न प्रज्ञा-प्रतिष्ठान सचिवालयका समस्त कर्मचारीहरूको र कलाकारहरूको सहयोगलाई पनि मैले बिर्सेको छैन। सहभागीहरूका सम्मानमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका कलाकारहरूद्वारा मनोरञ्जन कार्यक्रमको आयोजना गरिएको थियो। यस्तै गोष्ठीपत्रहरूको टङ्कन, सहभागीहरूलाई जलपानको व्यवस्था, ध्वनि व्यवस्था, गोष्ठीको सञ्चालन र आसन व्यवस्था, पुस्तक प्रदर्शन आदि विभिन्न कार्यमा संलग्न रही प्रत्यक्ष र अप्रत्यक्ष रूपले सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

यस गोष्ठीका विभिन्न सभाको सभापतित्व ग्रहण गरी सभाको सञ्चालन गरेर महत्त्वपूर्ण अभिभारा ग्रहण गरी सहयोग गर्नु हुने प्रा. चूडानाथ भट्टराय, डा. युगेश्वर वर्मा, डा. वल्लभमणि दाहाल, सदस्य प्रा. ढुण्डिराज भण्डारी, श्री सत्यमोहन जोशी तथा प्रा. वासुदेव त्रिपाठीप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु। यस्तै कार्यपत्रका प्रस्तोताहरू र विभिन्न सभाका प्रतिवेदकहरूका साथै सबै सहभागीहरूप्रति पनि कृतज्ञता ज्ञापन गर्न म आफ्नो कर्तव्य ठान्दछु।

जय देश, जय नरेश !

अधिगोष्ठीको समापन गर्दै सभापतिका आसनबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका उपकुलपति श्री माधवप्रसाद घिमिरेले सबै सहभागीहरू र कार्यपत्रका प्रस्तोतालाई धन्यवाद दिनुभयो। कुनै पनि जीवन्त भाषामा आफ्नै आन्तरिक विषय हुन्छन् र यिनै नियमहरूको अन्वेषण र आलेखन गर्ने काम वैयाकरणहरूबाट हुन्छ, नेपाली व्याकरणको क्षेत्रमा मानक निर्धारणका क्रममा स्थापित भएका मान्यताहरूलाई चलाउँदा जनसमाजमा भ्रमको स्थितिको सिर्जना हुन्छ भन्दै उहाँले यस विषयमा विचार गरेर पाइला चाल्नुपर्ने कुरा पनि स्पष्ट गर्नुभयो। अन्तमा नेपाली व्याकरण अधिगोष्ठीलाई सफल पार्न सहयोग गर्ने सबैलाई पुनः धन्यबाद दिँदै उहाँले समापन समारोह विसर्जित भएको जानकारी दिनुभयो।

## पण्डितराज सोमनाथ शर्माको शतवार्षिकीका उपलक्ष्यमा आयोजित नेपाली व्याकरण अधिगोष्ठी २०४१ को कार्यक्रम

### फागुन २८ गते सोमवार

**उद्घाटन समारोह (समय १०.३०–१३.००)**

सभापति : श्री माधवप्रसाद घिमिरे
उपकुलपति, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

स्वागत : श्री बिजय मल्ल
सदस्य-सचिव, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

उद्घाटन र भाषण : प्रमुख अतिथि सूर्यविक्रम ज्ञवाली
भूतपूर्व कुलपति, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

सोमनाथ र नेपाली व्याकरण : चूणामणि बन्धु, संयोजक
(पृष्ठभूमि पत्रको प्रस्तुति) सदस्य, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

**पहिलो सभा (समय १३३०–१५३०) वाक्य, क्रिया, काल र कारक**

नेपाली वाक्य गठन : श्री जगन्नाथ त्रिपाठी
वाक्य गठन : श्री सागरनाथ उप्रेती
नेपाली वाच्य : श्री हरिभक्त न्यौपाने
नेपाली सरल र संयुक्त क्रिया : श्री माधवप्रसाद पोखरेल
नेपाली क्रियाका काल, पक्ष र भाव : केही जिज्ञासाहरू
: डा. वासुदेव त्रिपाठी
नेपालीका काल, पक्ष र भाव : श्री हेमाङ्गराज अधिकारी
नेपालीको तिर्यक् कारक : श्री पोषराज निरौला

**दोस्रो सभा (समय १५३०–१७३०) अकरण र आदरार्थी प्रयोग**

नेपाली अकरण : श्री चूडामणि रेग्मी
नेपालीमा अकरण प्रक्रिया : श्री चेतोनाथ गौतम
नेपालीमा अकरण निर्धारण : श्री नरहरि आचार्य
नेपालीमा अकरण प्रक्रिया : श्री भरतराज पन्त
नेपालीमा आदरार्थी : श्री केदार न्यौपाने
नेपालीमा आदरार्थी प्रयोग : श्री तीर्थराम झा
नेपालीमा आदरार्थी प्रयोग : श्री शिवगोपाल रिसाल
नेपालीमा आदरार्थी शब्द : श्री हेमचन्द्र पोखरेल
नेपालीमा आदरार्थी प्रयोग : श्रीमती रमा शर्मा

## फागुन ३० गते बुधवार

**तेस्रो सभा** (समय : १३३०–१५३०) शब्द र शब्द–निर्माण

नेपाली शब्दनिर्माणमा 'ए' प्रत्ययको भूमिका : श्री कृष्ण गौतम
नेपाली शब्द र शब्दनिर्माण : डा. कृष्णचन्द्र मिश्र
नेपाली शब्द र शब्दनिर्माण : श्री कुमारबहादुर जोशी
नेपाली शब्द र शब्दनिर्माण : श्री प्रा. चूडानाथ भट्टराय
नेपाली शब्द र शब्दनिर्माण : श्री हरिप्रसाद शर्मा

**चौथो सभा** (समय : १५३०–१७३०) शब्द–भण्डार

नेपाली भाषाको शब्द–सामर्थ्य : डा. युगेश्वरप्रसाद वर्मा
नेपाली शब्द-भण्डार : श्री आनन्ददेव भट्ट
नेपाली भाषाको शब्द-भण्डार : श्री व्रतराज आचार्य
नेपाली शब्द-भण्डार : श्री भिक्टर प्रधान
नेपाली शब्द-भण्डार : श्री भूपहरि पौडेल
नेपाली नाम : डा. वल्लभमणि दाहाल

## चैत १ गते बिहिवार

**पाँचौं सभा** (समयः १०००–१३००) लिङ्ग-व्यवस्था

नेपालीमा लिङ्ग-व्यवस्था : श्री अच्युतरमण अधिकारी
नेपालीमा लिङ्ग-व्यवस्था : श्री गणेश 'विषम'
नेपालीमा लिङ्ग-व्यवस्था : श्री घटराज भट्टराई
नेपाली भाषाको लिङ्ग-व्यवस्था : श्री देवज्ञराज न्यौपाने
नेपालीमा लिङ्ग-विधान : श्री नरेन्द्र चापागाईं
नेपालीमा लिङ्ग-व्यवस्था : श्री फणीन्द्र काफ्ले

**छैटौं सभा** (समय : १३३०–१६००) लेखन र उच्चारण

नेपाली लेखनप्रक्रिया : श्री खेम कोइराला बन्धु
नेपाली वर्णविन्यास : श्री गोविन्दप्रसाद घिमिरे
नेपाली वर्णविन्यास : श्री रोहिणीप्रसाद भट्टराई
नेपाली लेखन प्रणाली : श्री विष्णुगोपाल रिसाल
वर्णविन्यास र नेपालीको स्तरीकरण : श्रीमती डा. सुभद्रा सुब्बा
नेपाली ध्वनितत्त्व : श्री पूर्णप्रकाश नेपाल 'यात्री'
नेपाली भाषाका ध्वनिगत प्रकृतिहरू : श्री मुकुन्दशरण उपाध्याय

अंग्रेजी शब्दको नेपाली वर्णविन्यास : श्री मोहनराज शर्मा

समापन समारोह (समय : १६००–१७३०)

सभापति : श्री माधवप्रसाद घिमिरे
उपकुलपति ने. रा. प्र. प्र.

गोष्ठीको प्रतिवेदन : प्रतिवेदकहरूबाट

गोष्ठीबारे मन्तव्य : सहभागीहरूबाट–
श्री मदनमणि दीक्षितबाट
श्री जनकलाल शर्माबाट
श्री जे. पी. कसबाट

धन्यवाद ज्ञापन : संयोजकबाट

सभापतिको मन्तव्य तथा सभा विसर्जन ।

## गोष्ठीका सहभागीहरूको नामावली

- अच्युतरमण अधिकारी, उपप्राध्यपक
  पद्मकन्या क्याम्पस, काठमाडौं ।
- अभि सुवेदी सहप्राध्यापक
  केन्द्रीय अंग्रेजी शिक्षण विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।
- अरुणकुमार झा, उपप्राध्यापक
  त्रिचन्द्र क्याम्पस, काठमाडौं ।
- अविनाश श्रेष्ठ, लेखक
  असम, गुवाहाटी, हाल-काठमाडौं
- आनन्ददेव भट्ट, उपनिर्देशक
  पाठ्यक्रम विकास केन्द्र, त्रि. वि. वि. कीर्तिपुर ।
- उषा अधिकारी, उपप्राध्यापक
  ईञ्जिनीयरिंग अध्ययन संस्थान, पुलचोक क्याम्पस, पाटन ।
- कुमारबहादुर जोशी, उपप्राध्यपक
  केन्द्रीय नेपाली शिक्षण विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।
- कृष्णचन्द्र मिश्र, प्राध्यापक तथा प्रमुख
  केन्द्रीय हिन्दी शिक्षण; विभाग त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

- कृष्णप्रसाद गौतम, सहप्राध्यापक
  त्रिचन्द्र क्याम्पस, काठमाडौं ।
- केदार न्यौपाने, उपप्राध्यापक
  चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगंज क्याम्पस, काठमाडौं।
- केशव सुवेदी, उपप्राध्यापक
  केन्द्रीय नेपाली शिक्षण विभाग त्रि. वि. वि., कीर्तिपुर ।
- खेम कोइराला बन्धु, सहप्राध्यापक
  ताहाचल क्याम्पस, काठमाडौं ।
- गणेश विषम, उपप्राध्यापक
  चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगंज ।
- गोविन्दप्रसाद घिमिरे, उपप्राध्यापक
  कानून क्याम्पस, प्रदर्शनी मार्ग, काठमाडौं ।
- घटराज भट्टराई, सहप्राध्यापक
  रत्नराज्य क्याम्पस, काठमाडौं ।
- घनश्याम कंडेल, सहप्राध्यापक
  केन्द्रीय नेपाली शिक्षण विभाग त्रि. वि. वि., कीर्तिपुर ।
- चूडानाथ भट्टराय, आजीवन सदस्य
  नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान कमलादी, काठमाडौं ।
- चूडामणि बन्धु, प्राध्यापक तथा सदस्य
  नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं ।
- चूडामणि रेग्मी, उपप्राध्यापक
  मेची क्याम्पस, भद्रपुर ।
- चेतोनाथ गौतम, सहप्राध्यापक
  पद्मकन्या क्याम्पस, काठमाडौं
- जगन्नाथ त्रिपाठी, सहप्राध्यापक
  पद्मकन्या क्याम्पस, काठमाडौं ।
- जनकलाल शर्मा, लेखक
  महाराजगंज, काठमाडौं ।
- जीतेन्द्रदेव गिरी, उपप्राध्यापक
  त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

– जे. बी. रूस, अनुसन्धाता
नेपाल तथा एशियाली अनुसन्धान केन्द्र त्रि. वि. वि., कीर्तिपुर ।

– टीका कार्की
अमेरिकन पीसकोर नेपाल, काठमाडौं ।

– ठाकुरप्रसाद पराजुली, सहप्राध्यापक
केन्द्रीय नेपाली शिक्षण विभाग, त्रि. वि. वि., कीर्तिपुर ।

– ढुण्डिराज भण्डारी, सदस्य
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं ।

– तीर्थराम झा, सहप्राध्यापक
त्रिचन्द्र क्यापस, काठमाडौं ।

– दयाराम श्रेष्ठ, सहप्राध्यापक
केन्द्रीय नेपाली शिक्षण विभाग, त्रि. वि. वि., कीर्तिपुर ।

– दुर्गाप्रसाद भण्डारी, प्राध्यापक
केन्द्रीय अंग्रेजी, शिक्षण विभाग त्रि. वि. वि., कीर्तिपुर ।

– दैवज्ञराज न्यौपाने, सहप्राध्यक
पाटन क्याम्पस, पाटन ।

– धर्मराज थापा, लेखक
पोखरा, वाटुलेचौर ।

– नरहरि आचार्य, उपप्राध्यापक
केन्द्रीय नेपाली शिक्षण विभाग, त्रि. वि. वि., कीर्तिपुर ।

– नरेन्द्र चापागाई, सहप्राध्यापक
केन्द्रीय शिक्षण विभाग, त्रि. वि. वि., कीर्तिपुर ।

– पारसमणि आचार्य, उपप्राध्यापक
त्रि. वि. वि., कीर्तिपुर ।

– पूर्णप्रकाश नेपाल यात्री, उपप्राध्यापक
पृथ्वीनाराण क्याम्पस, पोखरा, गण्डकी अञ्चल ।

– पोषराज निरौला, उपप्राध्यापक
म. ब. क्या. धरान ।

– फणीन्द्र कापले, सहप्राध्यापक
रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं ।

- बलराम श्रमजीवी, सम्पादक
  साझा प्रकाशन, काठमाडौं ।
- भरतराज पन्त, सहप्राध्यापक
  सरस्वती क्याम्पस, काठमाडौं ।
- भिक्टर प्रधान, उपप्राध्यापक
  केन्द्रीय नेपाली शिक्षण समिति, त्रि. वि. वि., कीर्तिपुर ।
- भूपहरि पौडेल, सम्पादक
  जनक शिक्षा सामग्री केन्द्र, सानो ठिमी, भक्तपुर ।
- भैरव रिसाल, पत्रकार
  रा. स. स. काठमाडौं ।
- मदनमणि दीक्षित, लेखक तथा पत्रकार
  समीक्षा कार्यालय, कालिकास्थान, काठमाडौं ।
- माधवप्रसाद पोखरेल, उपप्राध्यापक
  विजयपुर धरान ।
- माधवलाल कर्माचार्य, लेखक
  मछिन्द्र बहाल, असन काठमाडौं ।
- मुकुन्दशरण उपाध्याय, उपप्राध्यापक
  पृथ्वीनारायण क्याम्पस, पोखरा ।
- मोहनराज शर्मा, सहप्राध्यापक
  केन्द्रीय नेपाली शिक्षण विभाग, त्रि. वि. वि., कीर्तिपुर ।
- युगेश्वरप्रसाद वर्मा, प्राध्यापक
  केन्द्रीय अंग्रेजी शिक्षण विभाग, त्रि. वि. वि., कीर्तिपुर ।
- योगेन्द्रप्रसाद यादव, सहप्राध्यापक
  केन्द्रीय अंग्रेजी शिक्षण विभाग, त्रि. वि. वि., कीर्तिपुर ।
- रमा शर्मा, सहप्राध्यापक
  रत्नराज्य क्याम्पस, काठमाडौं ।
- रामावतार यादव, सरकारी प्राध्यापक
  केन्द्रीय अंग्रेजी शिक्षण विभाग, त्रि. वि. वि., कीर्तिपुर ।
- रामेश्वर अधिकारी, सहप्राध्यापफ तथा प्रमुख
  विश्वभाषा क्याम्पस, काठमाडौं ।

- रूथ लैला स्मीथ, नेपाली कोशकार
  क्यालिफोर्निया विश्वविद्यालय, बर्कले ।
- रोहिणीप्रसाद भट्टराई, वैयाकरण
  बानेश्वर, काठमाडौं ।
- लालम्नाथ सुवेदी, उपप्राध्यापक
  ईञ्जिनीयरिङ क्याम्पस, काठमाडौं ।
- वल्लभमणि दाहाल, प्राध्यापक
  केन्द्रीय नेपाली शिक्षण विभाग, त्रि. वि. वि., कीर्तिपुर ।
- वासुदेव त्रिपाठी, प्राध्यापक तथा अध्यक्ष
  केन्द्रीय नेपाली शिक्षण विभाग, त्रि. वि. वि., कीर्तिपुर ।
- वासु रिमाल यात्री, पत्रकार
  रा. स. स. काठमाडौं ।
- विजय चालिसे, पत्रकार र लेखक
  गोरखापत्र संस्थान, काठमाडौं ।
- विष्णुगोपाल रिसाल, सहसचिव तथा लेखक
  प्रशासन व्यवस्था विभाग, हरिहर भवन, काठमाडौं ।
- व्रतराज आचार्य, उपप्राध्यापक
  जयपृथ्वी क्याम्पस, बझाङ ।
- शरद् चन्द्र शर्मा सहप्राध्यापक
  सरस्वती क्याम्पस, काठमाडौं ।
- शिवगोपाल रिसाल, प्राध्यापक
  पद्मकन्या क्याम्पस, काठमाडौं ।
- शिवप्रसाद सत्याल, 'पीठ', सरकारी प्राध्यापक
  वाल्मीकि विद्यापीठ, काठमाडौं ।
- श्रीधर लोहनी, प्राध्यापक
  केन्द्रीय अंग्रेजी शिक्षण विभाग, त्रि. वि. वि., कीर्तिपुर ।
- श्रीहरि रूपाखेती, रत्नराज्य क्याम्पस
  प्रदर्शनी मार्ग, काठमाडौं ।
- सत्यमोहन जोशी, लेखक
  बकु बहाल, ललितपुर ।

- सागरनाथ उप्रेती, नेपाली भाषा विज्ञ
  पाठ्यक्रम पाठ्यपुस्तक, निरीक्षण तथा विकास केन्द्र, हरिहर भवन।
- सुभद्रा सुब्बा, सहप्राध्यापक
  नेपाल तथा एशियाली अनुसन्धान केन्द्र, त्रि. वि. वि., काठमाडौं।
- सुयोशी तोबा, भाषाशास्त्री
  एशिया र अफ्रिकाका भाषा र संस्कृतिहरूको अनुसन्धान केन्द्र, जापान।
- हरिभक्त नेउपाने, सहप्राध्यापक
  त्रिचन्द्र क्याम्पस, काठमाडौं।
- हरिप्रसाद शर्मा, प्राध्यापक
  महेन्द्र संस्कृत विश्वविद्यालय, वाङ।
- हरिहर भट्टराई, उपप्राध्यापक
  नेपाल तथा एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर।
- हर्षनाथ भट्टराई कोशकार
  नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं।
- हेमचन्द्र पोखरेल, सहप्राध्यापक
  धनकुटा क्याम्पस, धनकुटा।
- हेमाङ्गराज अधिकारी, सहप्राध्यापक
  शिक्षाशास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर।

□

# व्याकरण अधिगोष्ठीबारे सामयिक पत्रपत्रिकाहरूको टिप्पणी

## ऐतिहासिक व्याकरणगोष्ठी सम्पन्न

नेपालको सर्वतोमुखी वेगवान् विकासको आवश्यकताले गर्दा अत्यधिक संख्यामा नयाँ शब्द चाहिन थालेका छन् र समाजमा प्रवेश पनि गरिरहेछन् । यो शब्दलाई संस्कृतले मात्र पूरा गर्न वा नियन्त्रण गर्न सक्दैनन् । भाषा पनि मुलुक र जनताका मस्तिष्कसँग विकास गर्दै जान्छ, उता जनजिब्रोले भाषाको घमण्ड फोर्छ । यस्तो स्थितिले भाषामा ल्याउन सक्ने अराजकतामाथि नियन्त्रण गर्न सर्वाङ्गीण भाषानीतिको निर्माण गरी निर्देशक सिद्धान्तका रूपमा मुलुकको सम्विधानभित्र समाहित गरिनुपर्छ ।

नेपालमा भाषिक योजना गर्ने आधिकारिक तह आवश्यक छ । त्यसले नेपाली भाषाको विकासमान प्रकृतिलाई स्वीकृत सिद्धान्तका आधारमा सबै शिक्षा प्रशासन र सार्वजनिक उपयोगको क्षेत्रमा मार्गदर्शन र नियन्त्रण गर्नुपर्छ ।

फागुन २८–चैत्र १ बीच ने. रा. प्र. प्र. को आयोजनामा काठमाडौंमा सम्पन्न पहिलो व्याकरण अधिगोष्ठीमा उपर्युक्त विचारहरू गोष्ठी सम्मतिका रूपमा प्रकट भए ।

अधिगोष्ठीमा भाग लिन मुलुकका ११५ भन्दा बढी विद्वान्हरूलाई पत्र पठाइएकोमा प्राप्त ४२ वटा लिखित "कार्यपत्र" हरूको वाचन र छलफल भयो । ५ शीर्षक अन्तर्गत छलफल चलाइएको थिए ।

समीक्षा (चैत्र २, २०४१) बाट

## भाषाको क्षेत्रमा सचेत भई पाइला चाल्न आग्रह

(कार्यालय प्रतिनिधि)

काठमाडौं, चैत्र ३ गते । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको आयोजनामा भएको "नेपाली व्याकरण अधिगोष्ठी २०४१" को तीन दिने कार्यक्रमको अन्त्यमा

बिहिवार सभापतिको आसनबाट उपकुलपति माधवप्रसाद घिमिरेले विद्वान् लेखक, साहित्यकार र शिक्षकले भाषाको क्षेत्रमा सचेत भएर पाइला चाल्नुपर्छ भन्दै जनताले बोल्ने भाषामा नियम पनि स्वतः आएको हुन्छ र तिनै नियमअनुकूल व्याकरणकारहरूले नियम बनाउनुपर्छ भन्नुभयो ।

सहभागीका तर्फबाट पत्रकार मदनमणि दीक्षितले नेपाली भाषाको विकासमा यो गोष्ठी ऐतिहासिक कदम सिद्ध हुने विचार व्यक्त गर्नुभयो भने जनकलाल शर्माले नेपाली व्याकरण र कोशमा मानक निर्धारण हुनुपर्छ भन्दै शब्दकोश निर्माण गर्दा नेपाली वाङमयका समस्त पुस्तकहरूबाट शब्दसङ्कलन हुनुपर्छ भन्नुभयो । एशियाली अध्ययन संस्थानअन्तर्गत टर्नर युगको नेपाली र आधुनिक नेपाली भाषाको तुलनात्मक अध्ययन गरिरहनुभएका विदेशी विद्वान् कर्णेल जे. बी. ऋसले मीठो नेपाली भाषामा बोल्दै आफू नेपाली भाषाको प्रेमी भएको जनाउनुभयो ।

संयोजक तथा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सदस्य डा. चूडामणि बन्धुले सहभागी सदस्य तथा संघ संस्थालाई धन्यवाद ज्ञापन गर्नुअघि रामेश्वर अधिकारी, डा. रामावतार यादव, मोहनराज शर्मा, अभि सुवेदी, आनन्ददेव भट्ट तथा माधवप्रसाद पोखरेलले गोष्ठीको प्रतिवेदन पेश गर्नुभएको थियो ।

झण्डै बाह्र घण्टासम्म लगातार चलेको अन्तिम दिनको अधिगोष्ठीमा नेपालीमा लिङ्गव्यवस्था तथा लेखन र उच्चारण दुइ शीर्षकमा चौध जना सहभागीले कार्यपत्र प्रस्तुत गर्नुभयो ।

पहिलो बैठकको सभापतित्व गर्दै सत्यमोहन जोशीले भाषाको काल निर्धारण गर्दा लेख्य भाषाभन्दा पनि लोकभाषा र संस्कृतिको अध्ययन हुनुपर्छ भन्नुभयो ।

त्यसै गरी दोस्रो बैठकको सभापतिको आसनबाट डा. वासुदेव त्रिपाठीले नेपाली भाषाको व्याकरण निर्माण गर्न र भाषालाई स्तरीकरण गर्न अन्तरसंस्थागत उच्च निकाय गठन हुनुपर्छ भन्नुभयो ।

नेपाली भाषा, साहित्य र व्याकरण क्षेत्रका प्रतिष्ठित विद्वान् अन्वेषक लगायत शिक्षक पत्रकार गरी सय जना जति सहभागी रहेको उक्त तीन दिने “नेपाली व्याकरण अधिगोष्ठी” मा वाक्य, वाच्य, क्रिया, काल र कारक, अकरण, आदरार्थी प्रयोग, शब्द र शब्दनिर्माण, शब्दभण्डार, लिङ्गव्यवस्था तथा लेखन र उच्चारण शीर्षकमा चालीस जनाले आ-आपनो कार्यपत्र वाचन गर्नुभएको थियो ।

— गोरखापत्र (४ चैत, २०४१) बाट

## एउटा महत्त्वपूर्ण थालनीको रूपमा – नेपाली व्याकरण अधिगोष्ठी

··· गोष्ठीमा अधिकांश विद्वान्‌हरूको मतअनुसार सम्वन्धित विद्वान्‌हरूको एउटा राष्ट्रस्तरीय भाषा तथा व्याकरण समिति गठन हुनुपर्छ र राष्ट्रभाषाको मानक तयार गर्ने, त्यसअनुसार प्रयोग गराउने, आवश्यकताअनुसार ज्ञान, विज्ञान र प्रविधिका शब्द निर्माण ग्रहण गर्नेतर्फ त्यसलाई अधिकार दिइनुपर्छ । त्यसरी नै शहरी क्षेत्रमा राखिने सूचनापाटी, श्री ५ का महावाणी र अन्य सूक्ति, नारा आदि, श्री ५ को सरकारबाट प्रकाशित–प्रसारित हुने विज्ञप्ति, आदेश, सूचना आदि सम्पूर्ण सामग्री शुद्ध हुनुपर्ने तर्फ ध्यान दिइनुपर्छ र त्यसको लागि आवश्यक उपाय गरिनुपर्छ । आशा गरौं श्री ५ को सरकार र अन्य सम्बन्धित निकायहरूले यसतर्फ अलिकति मात्रै भए पनि उत्साह देखाउनेछन् ।

यो सस्तो चर्चामा गोष्ठीका सबै महत्त्वपूर्ण पक्ष उल्लेख गर्नु सम्भव छैन । जे होस्, अधिराज्यभरका अधिकांश भाषा, व्याकरण, [साहित्यका विद्वान् र पत्रकारहरूसमेतको सहभागितामा आयोजित अधिगोष्ठीको आफ्नै ऐतिहासिक महत्त्व रहनेछ र नेपाली राष्ट्रभाषाको एउटा मानक तयार गर्न र व्याकरणको व्यावहारिक पक्षलाई ध्यानमा राखी उल्लेख्य काम गर्न यस गोष्ठीले निश्चय नै ठूलो हुट्हुटी दिनेछ । यस दृष्टिमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले धेरै समय पश्चात् एउटा महत्त्वपूर्ण काम गरेको मान्नुपर्छ र यो अधिगोष्ठी यस दिशाको कोसेढुङ्गा सिद्ध हुने कुरामा विश्वास गर्नुपर्छ ।

– विजय चालिसे (गोरखापत्र, २०४१ चैत्र ६ गते)

## व्याकरण अधिगोष्ठी २०४१: प्रसवलहर चलेपछि सन्तान जन्मिने नै छ

···तर गोष्ठीको सङ्गठन पक्ष होइन कि विचार पक्ष प्रथम महत्त्वको थियो । त्यो पक्ष फलदायी रह्यो । गोष्ठीका प्रत्येक सहभागीले नयाँ प्रकाश पाएको हुनुपर्छ । त्यो प्रकाशले तिनका जिब्रा र कलममाथि थप प्रभाव पार्नु अनिवार्य छ । त्यसरी त्यो प्रभावबाट देश र जनता प्रभावित हुन थाल्नेछन् । हो, गोष्ठीमा कुनै लिखित निर्णय भएन न त कुनै नयाँ व्याकरणको ठेली नै त्यहाँ जन्मियो । तथापि प्रत्येक सहभागीको मस्तिष्कमा नयाँ निष्कर्षको उदय भएको हुनुपर्छ तो निष्कर्षहरूमा एकरूपता स्थापित भएको हुनुपर्छ र त्यसरी नयाँ व्याकरणको सृष्टि निम्ति सहमति र सम्मतिको आधारको निर्माण भएको देख्छु म । कुनै समयमा यो सम्मतिले पुस्तकको रूप पाउनु अब गाह्रो हुने छैन । भविष्यको निम्ति त्यो आवश्यक पनि छ । प्रसवलहर चलेपछि माताले सन्तान जन्माउने नै छिन् ।

यसै उद्देश्य निम्ति गोष्ठीमा दुइवटा अत्यन्त महत्त्वपूर्ण विचार प्रस्तुत भए । ती विचारको पक्षमा सर्वसम्मतिको उदय भएको मलाई लाग्यो ।

भाषालाई व्यवस्थित वैज्ञानिक रूप दिन सरकारले नै अग्रसरता देखाउनुपर्‍यो । त्यसका निम्ति भाषिक योजना तयार पार्ने आधिकारिक संस्थाको आवश्यकता उत्पन्न भैसकेकोबारे गोष्ठीका सहभागीहरूले अनुभव गरे । त्यस्तो संस्था गठन गर्नाले प्रशासनिक, व्यापारिक, पत्रकारिता, साहित्यिक, कानूनी र प्रारम्भिक तहदेखिका शैक्षिक आवश्यकतालाई एकरूपता, ग्राह्यता र वैज्ञानिकताका आधारमा पूरा गर्न थाल्नेछन् । त्यसरी आजको भाषागत अन्यौल अन्त्य हुन शुरू हुनेछ ।

तर त्यस्तो संस्थाले कुन नीतिको आधारमा काम गर्ने भन्ने प्रश्नलाई जवाफ दिन खोज्ने अर्को विचार सामुन्ने आयो । योग्य, उपयुक्त ज्ञान भएका भाषाशास्त्रीहरू, साहित्यिकहरू र समाजका ती क्षेत्रका केही वरिष्ठहरूका सम्मतिवाट भाषा नीतिको निर्माण गर्ने र त्यो नीतिलाई संविधानको निर्देशक सिद्धान्तको अङ्गभूत गराउने आवश्यकतालाई गोष्ठीमा अनुभव गरियो । त्यसो गर्नाले भाषामा एकरूपता, र वैज्ञानिकताको वृद्धि निम्ति संस्थागत आधारमा हुने प्रयासलाई मार्गनिर्देशन भैरहनेछ भन्ने विचार प्रकट भयो ।

माथिका दुवै विचारलाई गोष्ठीले प्रस्तावको रूपमा मस्यौदा गरेर स्वीकृति निम्ति श्री ५ महाराजाधिराजमा टक्र्याओस् भनी मैले सुझाव प्रस्तुत गरें ।

– मदनमणि दीक्षित (समीक्षा, ९ चैत्र २०४१)

□

3724

८५९.८४५५
ब२२ग

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान